उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको
प्रतिवेदन

आर्थिक सुधारको मार्गचित्र

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, हरिहर भवन
चैत २९, २०८१

२०८१ चैत २९ गते

माननीय उपप्रधान एवं अर्थमन्त्रीज्यू,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः <u>प्रतिवेदन प्रस्तुत गरेको।</u>

नेपाल सरकारको मिति २०८१ असोज २१ को निर्णयानुसार गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले तयार गरेको प्रतिवेदन प्रस्तुत गरेका छौं। यस अघि २०८१ मङ्सिर २४ गते आयोगले तत्काल गर्नु पर्ने सुधारहरू समेटेर अन्तरिम प्रतिवेदन प्रस्तुत गरेको थियो।

आयोगले आफ्नो काम २०८१ कात्तिक ७ गतेदेखि प्रारम्भ गरेको थियो। सुरुमा पाँच सदस्यीय आयोग रहेकोमा नेपाल सरकारको २०८१ मङ्सिर ६ को निर्णयबमोजिम नेपालको निजी क्षेत्रका प्रतिनिधिमुलक सर्वोच्च संस्थाहरूका अध्यक्षहरू आयोगको सदस्यका रूपमा थप हुनु भएको थियो।

आर्थिक अवसरहरूको सिर्जना र उपलब्ध आर्थिक अवसरहरूमा उद्यमीहरूको पहुँच विस्तार गरी मुलुकभित्र रोजगारी विस्तार गर्न, उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्न यस प्रतिवेदनमा प्रस्ताव गरिएका सुधारका सुझावहरू सहायक हुने छन् भन्ने विश्वास लिएका छौं।

नेपाल सरकारले हामीलाई विश्वास गरी आर्थिक सुधारका सुझाव तर्जुमा गर्ने महत्वपूर्ण जिम्मेवारी सुम्पेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

महेश आचार्य सचिव	राजेश अग्रवाल सदस्य	कमलेश कुमार अग्रवाल सदस्य
चन्द्र प्रसाद ढकाल सदस्य	डा. कल्पना खनाल सदस्य	डा. विश्वास गौचन सदस्य
प्रा. डा. रामप्रसाद ज्ञवाली सदस्य	डा. प्रकाश कुमार श्रेष्ठ सदस्य	रामेश्वरप्रसाद खनाल अध्यक्ष

प्राक्कथन

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यले संरचनात्मक सुधार, व्यावसायिक वातावरणमा सुधार, सार्वजनिक वित्त प्रणालीमा सुधार, वित्तीय क्षेत्र सुधार र सार्वजनिक प्रशासनमा सुधार जस्ता पाँच वटा विषयलाई समेटेर आर्थिक सुधार गर्ने प्रस्ताव गरेको थियो। यसका लागि नयाँ चरणको आर्थिक सुधार कार्यक्रम प्रस्ताव गर्न एक उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने घोषणा अनुरूप नेपाल सरकारको २०८१ असोज २१ को निर्णयानुसार उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन भएको थियो। सुरुमा आयोग ५-सदस्यीय थियो। आयोगले काम प्रारम्भ गरेको एक महिना व्यतीत भए पछि निजी क्षेत्रका प्रतिनिधिमुलक तीन सर्वोच्च संस्थाका अध्यक्षहरू आयोगको सदस्यमा थप हुनु भएको थियो।

सम्वत् २०५० को दशकमा आर्थिक सुधारको कार्यक्रम सुरु गर्दा विद्यमान रहेको मुलुकको शासकीय व्यवस्थामा परिवर्तन आएको छ। प्रविधिमा आएको अकल्पनीय परिवर्तन र त्यसले आर्थिक गतिविधि सञ्चालनमा पारेको प्रभावका कारण कतिपय वस्तु तथा सेवाको उत्पादन र उपभोगमा परिवर्तन आएको छ। आर्थिक गतिविधिहरूमा नसोचिएको तरिकाबाट प्रतिस्पर्धा सिर्जना भएको छ र कतिपय उद्योगहरू विस्थापित हुन पुगेका छन्। कतिपय आर्थिक गतिविधिहरू सीमाविहीन बन्न पुगेका छन्। नयाँ अवसरहरू सिर्जना भएका छन्। विगतमा अस्वीकार्य मानिएका अर्थतन्त्र सञ्चालनका कतिपय मान्यताहरू स्वीकार्य बन्न पुगेका छन्। सरकारमाथिको अपेक्षा र सरकारको भूमिकामा परिवर्तन आएको छ। निजी क्षेत्रको क्षमता बढ्दै गएको छ। वित्तीय कारोबार र भुक्तानीका विधिहरूमा परिवर्तन आएका छन्। आम मानिसको चाहनामा परिवर्तन आएको छ। यी परिवर्तनका साथसाथै अर्थतन्त्रमा बेला बेलामा आर्थिक तथा गैर-आर्थिक कारणले संकट उत्पन्न हुने गरेको छ। परिवर्तित यस्ता परिस्थितिका अतिरिक्त पछिल्ला वर्षहरूमा अर्थतन्त्रको गति सुस्त हुँदै गएको, समष्टिगत माग कमजोर रहेको र लगानी वृद्धि हुन नसकिरहेको कारण निजी क्षेत्रले समेत सरकारलाई आर्थिक सुधारका प्रस्तावहरू तर्जुमा र कार्यान्वयन गर्न सरकारलाई आग्रह गरिरहेको थियो।

यस पृष्ठभूमिमा आयोगलाई अर्थतन्त्रका सबै पक्षहरूको अध्ययन र विद्यमान नीति तथा आर्थिक कानूनहरूको समीक्षा गरी निजी क्षेत्रको लगानी प्रोत्साहन गर्दै दिगो उत्पादन तथा वितरण प्रणाली विकास गर्न सुझाव प्रस्तुत गर्ने कार्यविवरण तोकिएको थियो।

आयोगले मिति २०८१ कार्तिक ७ गते देखि काम प्रारम्भ गऱ्यो। अर्थतन्त्रका समस्या र सुधारका क्षेत्रहरूका बारेमा आयोगले विज्ञ, आर्थिक तथा व्यावसायिक संस्थाहरू, सरोकारवाला र सर्वसाधारणबाट सार्वजनिक सूचना प्रकाशन गरी सुझाव माग गरेको थियो। आयोगले पूर्व अर्थमन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षज्यूहरू, नेपाल राष्ट्र बैंकका पूर्व गभर्नरज्यूहरू पूर्व अर्थ सचिवज्यूहरू, विश्वविद्यालयका प्राध्यापकज्यूहरू तथा आर्थिक क्षेत्रमा कार्यानुभव हासिल गर्नु भएका विशिष्ट व्यक्तिहरूसँग सुझावका लागि लिखित रूपमा अनुरोध गरेको थियो। नेपाल सरकारका मन्त्रालयहरूसँग पनि आयोगले लिखित पत्र पठाई सुझाव माग गरेको थियो।

आयोगले विभिन्न वस्तुगत संघ संगठनहरूसँग क्षेत्रगत समस्या, सम्भावना र सुधारका क्षेत्रहरूका बारेमा अन्तरक्रिया गर्यो। सातै प्रदेशका सदरमुकामहरू र हिमाल, पहाड, तराईका छानिएका ११ जिल्लाहरू गरी १८ स्थानमा प्रदेश सरकारका अधिकारीहरू, स्थानीय सरकारका प्रतिनिधिहरू, स्थानीय उद्योगी-व्यवसायीहरू, प्राध्यापक तथा प्रबुद्ध व्यक्तिहरूसँग अन्तरक्रिया गरी सुझाव संकलन गरेको छ।

आयोगलाई आफ्नो कार्यसम्पादनका सिलसिलामा नीतिगत मार्गदर्शन प्रदान गर्नु भएकोमा माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल प्रति आयोग कृतज्ञता व्यक्त गर्दछ। आयोगको प्रस्तुत प्रतिवेदन र मिति २०८१ पुष २५ गते प्रस्तुत गरिएको अन्तरिम प्रतिवेदन तयारीका क्रममा आयोगलाई अर्थ मन्त्रालयका सचिवद्वय र वरिष्ठ अधिकृतहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन्। सचिवद्वय र वरिष्ठ अधिकृतहरूलाई आयोग धन्यवाद दिन चाहन्छ।

आयोगको सचिवालयको लागि स्थान र कर्मचारी उपलब्ध गराएकोमा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका प्रमुख तथा वरिष्ठ प्रशिक्षकहरूलाई आयोग धन्यवाद दिन चाहन्छ। आयोगको सचिवालयको रूपमा अर्थ मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखाले कार्य गरेको छ। उक्त महाशाखाका कर्मचारीहरुले आयोगलाई अध्ययनका सिलसिलामा आवश्यक तथ्याङ्क, प्रतिवेदन संकलनदेखि आयोगले सुझाव संकलनका लागि विभिन्न स्थानमा सञ्चालन गरेको अन्तरक्रिया/ छलफल कार्यक्रम सफलताका साथ सम्पन्न गर्न महत्वपूर्ण योगदान गरेका छन्। आयोगको काममा सघाउ पुर्याउने अर्थ मन्त्रालय आर्थिक नीति विश्लेषण महाशाखाका सहसचिव महेश आचार्य, सहसचिव शोभा कान्त पौडेल, उपसचिव सुशिल कुमार शर्मा, टीकाराम भुसाल, हिक्मत बहादुर भण्डारी र कृष्णप्रसाद शर्मा लगायत महाशाखाका अन्य कर्मचारीहरूलाई आयोगले विशेष धन्यवाद दिन चाहन्छ। सचिवालयमा रही कार्य गर्नुहुने उपसचिव भिमार्जुन ज्ञवाली, खरिदार नीता शर्मा र कार्यालय सहयोगी श्यामा कुमारी चौधरी धन्यवादका पात्र हुनुहुन्छ।

आयोगलाई लिखित रूपमा सुझाव उपलब्ध गराउनुहुने पूर्व अर्थ सचिवज्यूहरु, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षज्यूहरु, नेपाल राष्ट्रबैंकका पूर्व गभर्नरज्यूहरु, विश्विविद्यालयका प्राध्यापकज्यूहरु तथा आर्थिक क्षेत्रमा कार्यानुभव हासिल गर्नु भएका विशिष्ट व्यक्तिहरू सबै प्रति आयोग कृतज्ञता प्रकट गर्दछ। साथै, आयोगले नेपाल सरकारका मन्त्रालय तथा निकाय, विभिन्न संवैधानिक आयोग, प्रदेश सरकारका निकायहरुबाट समेत लिखित रुपमा सुझाब प्राप्त गरेको छ। आयोगले सार्वजनिक सूचना जारी गरी समेत सुझाब माग गरेकोमा विभिन्न संघ, संस्था तथा आम नागरिकबाट आयोगले महत्वपूर्ण सुझाव प्राप्त गरेको छ । आयोगलाई विभिन्न माध्यबाट सुझाब पठाउनुहुने आम नागरिक लगायत सबै सरोकारवाला प्रति हार्दिक धन्यबाद व्यक्त गर्दछु।

आयोगले निजी क्षेत्रका नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल च्याम्बर अफ कमर्सका पदाधिकारीहरु, विषयगत संघका पदाधिकारीहरु, बैंकिङ्, बीमा, सूचना प्रविधि , सहकारी अभियन्ता, ट्रेड युनियनकर्मी, औषधी उत्पादक, सिमेन्ट उत्पादक, निर्माण व्यवसायी, हस्तकला उत्पादक, नेपाली डायस्पोरा सम्बद्ध व्यक्तिहरुसँग अर्थतन्त्रमा समग्र सुधारका लागि अन्तरक्रिया गरी सुझाब ग्रहण गरेको छ।

आयोगले मुलुकका विभिन्न स्थानमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा क्रममा स्थानीय व्यवसायी, उद्यमी, नेपाल सरकारका कर्मचारी, स्थानीय तहका पदाधिकारी, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवाल व्यक्तिहरुको सक्रिय सहभागिता रहेको थियो। आयोगको आमन्त्रण स्वीकार गरी कार्यक्रममा सहभागि हुनुहुने सम्पूर्ण महानुभावहरु धन्यबादका पात्र हुनुहुन्छ। त्यसैगरी आयोगले सातै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूहरु, मन्त्रिज्यूहरु, प्रदेश सरकारका सचिवहरुसँग अन्तरक्रिया गरेको छ। अत्यन्त व्यस्त समयका वावजूद आयोगको कार्यक्रममा उच्च महत्वका साथ सहभागी भई मुलुकको अर्थतन्त्र सुधारका लागि आफ्नो अमूल्य सुझाब प्रदान गर्नु भएकोमा माननीय मुख्यमन्त्रिज्यूहरु प्रति विशेष आभार प्रकट गर्दछ।

काठमाडौं उपत्यका बाहिर अन्तरक्रिया कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्न सहजीकरण र समन्वय गर्नुहुने आन्तरिक राजस्व कार्यालय विराटनगर, भद्रपुर, दमक, धरान, हेटौडा, भरतपुर, धनगढी, नेपालगञ्ज, सुर्खेत, जुम्ला तथा मेची , बिराटनगर, सुनसरी भन्सार कार्यालय, करदाता सेवा कार्यालय इलाम, धादिङ र डोटी , कोष तथा लेखा नियन्त्रक कार्यालय इलाम र धादिङका कार्यालय प्रमुख तथा कर्मचारीहरु धन्यबादका पात्र हुनुहुन्छ। त्यसैगरी अन्तरक्रिया कार्यक्रम सञ्चालनका क्रममा जिल्ला प्रशासन कार्यालय धादिङ्, जिल्ला प्रशासन कार्यालय मुस्ताङ, कृषि तथा वन विश्वविद्यालय रामपुरबाट प्राप्त सहयोगका लागि धन्यवाद दिन चाहन्छौं।

प्रदेशस्तरीय कार्यक्रम सफलताका साथ सम्पन्न गर्न सहयोग र समन्वय गर्नुहुने प्रदेश प्रमुख सचिव लगायत मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारीहरु धन्यबादका पात्र हुनुहुन्छ। साथै, व्यावसायिक कृषिको अवलोकन र कृषि क्षेत्र सम्बद्ध व्यक्तिहरुसँगको अन्तरक्रिया सफलताका साथ सम्पन्न गर्न फार्म स्टे तथा होमस्टे व्यवसायी ध्रुब अधिकारी र रश्मी पण्डितले गर्नु भएको सहयोग प्रति आयोग आभार प्रकट गर्दछ।

आयोगको प्रतिवदेन तयारीका सिलसिलामा जनसंख्या व्यवस्थापन र दिगो शहरी विकास मार्फत सम्वृद्ध समाज निर्माण विषयमा नेपाल सरकारका पूर्व सह सचिव ओमधरानन्द राजोपाध्याय र दिगो विकास, प्राकृतिक स्रोतको उपयोग र वातावरणीय सन्तुलन विषयमा डा. मेनका कार्कीले र ऊर्जा सुरक्षाको विषयमा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले अध्ययन गरी आयोगको प्रतिवेदन तयारी कार्यमा पुऱ्याउनु भएको सहयोगका लागि धन्यबाद दिन चाहन्छौं। नीति अनुसन्धान प्रतिष्ठानले विगतमा गरेका अध्ययन प्रतिवेदनहरू र विभिन्न विषयमा विज्ञ सेवा उपलब्ध गराएर गरेको सहयोग प्रति आयोग कृतज्ञ छ। अनुसन्धान विकासको कार्यपत्र तयार गरी सहयोग गरेकोमा इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलेपमेन्ट स्टडिजका धर्मेन्द्र लेखक धन्यवादका पात्र हुनुहुन्छ।

आयोगले अध्ययनमा समेट्नु पर्ने विषयवस्तु र प्राथमिकताका सुधारका विषयमा सुझाब दिनुहुने अर्थशास्त्रीहरू डा. स्वर्णिम वाग्ले र डा. समिर खतिवडा, आयोगका सबै सदस्यहरुबीच प्रस्तुति र छलफल गरेर आर्थिक सुधारका लागि महत्वपूर्ण सुझाव दिनुहुने अर्थशास्त्री डा. विजय पौडेल तथा सङ्घीयता कार्यन्वयनका विषयमा महत्वपूर्ण सुझाव दिनुहुने डा. खिमलाल देवकोटा प्रति आयोग विशेष आभारी छ।

विदेशमा कार्यरत विभिन्न क्षेत्रमा दक्षता हासिल गर्नु भएका नेपाली समुदायले आयोगलाई आर्थिक सुधारका क्षेत्रहरू पहिचान गर्न उहाँहरूकै सक्रियतामा आयोगसँग तीन पटक अनलाइन अन्तरक्रिया गरिएको छ। साथै सुधारका लागि उहाँहरूले लिखित प्रतिवेदन समेत आयोगमा प्राप्त भएको छ। यस कार्यमा समन्वय गर्ने अमेरिकामा रहेका नेपाली प्राज्ञ (NACA) संस्थाका डा. ज्ञान न्यौपाने, उदय वाग्ले र डा. आरती मलेकुलाई आयोग धन्यवाद दिन चाहन्छ। त्यसैगरी आयोगको सचिवालयमा आयोजना गरिएको अन्तरक्रियामा महत्वपूर्ण सुझावहरू प्रस्तुत हुने नेपाली डायस्पोराका प्रतिनिधिलाई धन्यबादका पात्र हुनुहुन्छ। रिमोट वर्क तथा डिजिटल घुमन्ते सम्बन्धी नीतिले कसरी सूचना-प्रविधिको अन्तर्राष्ट्रिय बजारबाट लाभ लिन सकिन्छ भनेर अवधारणा पत्र तयार गरी आयोगलाई उपलब्ध गराउने शिशिर बस्याल, अमेरिकाको विस्कन्सिन राज्यमा रहेका नेपाली डायस्पोरालाई अनलाइन बैठक गरी आयोग समक्ष सुझाव उपलब्ध गराउन समन्वय गर्ने दिनारबाबु श्रेष्ठ र सहभागी नेपाली समुदायका बुद्धिजीवीहरू प्रति आयोग आभारी छ।

आयोगले नेपाल सरकार समक्ष पेश गरेको अन्तरिम प्रतिवेदनका सुझावहरूको कार्यान्वयन प्रारम्भ भइसकेको छ। साथै, प्रस्तुत प्रतिवेदन नेपाल सरकारले उच्च प्राथमिकताका साथ कार्यन्वयन गर्नेछ भन्ने आयोगको विश्वास रहेको छ। मुलुकको समग्र अर्थतन्त्र सुधारका लागि सुझाब दिने जस्तो गहन र महत्वपूर्ण जिम्मेवारी प्रदान गरेकोमा नेपाल सरकारलाई आयोग हार्दिक धन्यवाद दिन चाहन्छ।

छ महिना भित्रमा अर्थतन्त्रका सबै पक्षको वृहत् अध्ययन विश्लेषण गरी स्वीकार्य र कार्यान्वयनयोग्य सुधारका सुझाव तर्जुमा गर्नु सजिलो काम होइन। कतिपय तथ्यहरू र त्यसको विश्लेषणमा प्रयोग गरिएका दृष्टिकोणमा त्रुटि हुने सम्भावना रहन्छ। आयोगले सकेसम्म तथ्यहरूमा त्रुटि नहोस् र दृष्टिकोण निर्माणमा कुनै पूर्वाग्रह नहोस् भन्नेमा सचेत रहेको छ। तथापि केही कमजोरी रहन गएको भए त्यसको जिम्मेवारी आयोगले लिन्छ।

अन्त्यमा, आयोगको कार्यसम्पादनमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउँने सबैमा आयोग हार्दिक आभार प्रकट गर्दछ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग
हरिहरभवन
२०८१ चैत २७ गते

विषय सूची

प्राक्कथन I
कार्यकारी सारांश VIII
परिचय १
अर्थतन्त्रको वर्तमान अवस्थाको विश्लेषण ७
वर्तमान समस्याका चरित्र १०
अर्थतन्त्र शिथिल हुनुको प्रमुख कारण समग्र मागमा कमी १३
विगतका आर्थिक सुधारका प्रयास र उपलब्धि ३४
आर्थिक सुधारको प्रारम्भिक चरण ३४
आर्थिक सुधारको सन्दर्भ, सुधार प्रस्ताव तर्जुमा गर्दा लिइएका मान्यताहरू ४२
सुधारका प्रस्ताव तर्जुमा गर्दा लिइएका मान्यताहरू ४९
अन्तरिम प्रतिवेदनमा प्रस्तुत गरिएका सुझावहरू ५०
आर्थिक नीतिहरू ६६
समग्र आर्थिक विकास नीति ६७
मौद्रिक नीति ६९
व्याजदर ७०
मुद्रास्फीति ७१
विनिमय दर ७२
सार्वजनिक वित्त ९५
सरकारी खर्च ९५
राजस्व १०१
सरकारी ऋण १०५
सार्वजनिक संस्थान ११०
सामाजिक सुरक्षा ११५
वित्तीय सङ्गीयता १२०
वित्तीय क्षेत्र १२६
बैंकिङ्ग १२६
बीमा १३१
पुँजी बजार १३३
सहकारी १३६
वैकल्पिक वित्त १३९
व्यावसायिक तथा लगानीको वातावरण १४१
वस्तु तथा सेवाको बजार मूल्य १४१
व्यवसाय दर्ता सरल बनाउने १४३
विदेशमा लगानी खुला गर्ने १४७
अध्यादेशले गरेको संशोधन पछि पनि रहेका केही अस्पष्टता १४९
छिमेकी मुलुकहरूको अभ्यास १५०
छिमेकी मुलुकहरूको अभ्यासको सारसंक्षेप १५२
अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार १५४
जिडीआर जारी गर्ने प्रक्रिया, फाइदा र जोखिम १५७
नेपाललाई रिमोट वर्क गन्तव्यको रूपमा विकास गर्न नीतिगत प्रबन्ध १५९

बजारको स्रोत विनियोजन कुशलता वृद्धि....१६६
कृषि....१७१
वन....१८१
जमिन तथा खानीको उपयोग....१९२
जमिन....१९२
खानी....१९९
निर्माणजन्य सामग्रीको दिगो र वातावरणमैत्री उत्खनन....२०४
जलविद्युत विकास....२१७
पर्यटन....२२९
सूचना तथा सञ्चार प्रविधि....२३६
भौतिक पूर्वाधार विकास....२४२
शहरी विकास....२५४
ऊर्जा सुरक्षा....२६६
शिक्षा तथा दक्षता विकास र स्वास्थ्य क्षेत्र....२७५
शिक्षा तथा दक्षता विकास....२७५
स्वास्थ्य क्षेत्र....२८९
बसाइँ सराइ तथा युवा पलायन....२९६
अनुसन्धान तथा विकास....३०५
वैदेशिक व्यापार....३११
आर्थिक चरहरूको लक्ष्य र प्रक्षेपण....३२४
आर्थिक वृद्धि दर....३२४
मूल्य....३२४
कर्जा....३२५
मुद्राप्रदाय....३२६
आयात....३२६
निर्यात....३२७
चालु खाता र शोधनान्तर स्थिति....३२७
गरिबी र बेरोजगारी....३२८
सन्दर्भ सूची....३३०
अनुसूची....३३६

चित्र र तालिका सुची

चित्र-२.१: निजी क्षेत्रमा गएको कर्जा	८
चित्र-२.२: मालपोत कार्यालयबाट सङ्कलित राजस्वको प्रवृत्ति	८
चित्र २.३: समग्र मागमा भएको परिवर्तन	१५
चित्र २.४: समग्र मागको १० वर्षको संरचना (२०७०-२०७९)	१५
चित्र २.५: अन्तिम उपभोगमा योगदान (२०७०-२०७९)	१६
चित्र २.६: विगत दश वर्षमा कुल पूँजी निर्माणमा योगदान (२०७०-७९)	१७
तालिका १७.१: आवधिक योजनामा विद्युतः लक्ष र यथार्थ	२१७
चित्र १७.२: आ व २०६९/७० देखि २०८०/८१ सम्मको ऊर्जा आयात, निकासी र प्रसारण-घाटा	२१८
चित्र २०.१: :नेपालमा कूल घरेलु पूँजी निर्माणमा सार्वजनिक र निजी क्षेत्रको अंश	२४३
चित्र २०.२: सार्वजनिक खर्च र जीडीपीको अनुपात	२४४
चित्र २०.३: पछिल्लो पाँच दशकको सार्वजनिक ऋणको प्रवृत्ति	२४५
तालिका २१.१: नेपालमा शहरी तथा ग्रामीण जनसंख्या	२५४
तालिका २१.२: वस्तिहरूको नयाँ पुनर्वर्गीकरण अनुसार शहरी तथा ग्रामीण जनसंख्या	२५५
तालिका २१.३: भौगोलिक क्षेत्रको आधारमा शहरी तथा ग्रामीण जनसंख्या २५५	२५५
तालिका २१.४: स्थानीय तहको आधारमा शहरी तथा ग्रामीण जनसंख्या २५६	२५६
तालिका २२.१: विद्युतको क्षेत्रगत मागको अवस्था	२६९
तालिका २२.२: शून्य उत्सर्जनः नेपालको दीर्घकालीन रणनीतिको सार तथा लक्ष्य	२७१
चित्र २३.१: न्यूनतम साक्षरता दर भएका दश जिल्लाहरू	२७५
चित्र २३.२: अधिकतम साक्षरता दर भएका दश जिल्लाहरू	२७६
चित्र २३.३: विभिन्न तहहरूको अध्ययन सम्पन्न गरेका ५ वर्ष माथिको जनसंख्या	२७७
चित्र २३.४: पाँच वर्ष माथिको जनसंख्यामा विभिन्न अध्ययन तह सम्पन्न गर्नेहरुको प्रतिशत	२७७
तालिका २३.१: नेपालमा संचालित विद्यालयहरू	२७८
चित्र २३.५: सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्या	२७८
चित्र २३.६: प्राविधिक तथा व्यवसायिक तालिम लिने विद्यार्थीको संख्या	२७९
तालिका २३.२: नेपालमा संचालित विश्व विद्यालयहरूमा विद्यार्थी संख्या	२८०
चित्र २३.७: विभिन्न विश्वविद्यालयमा पढ्ने विद्यार्थीको संख्या (प्रतिशत)	२८१
चित्र २३.८ त्रि.वि.मा विद्यार्थीको विषयगत वितरण, २०२३ (प्रतिशतमा)	२८२
तालिका २३.३: नेपालका विश्वविद्यालयहरूमा प्राविधिक तथा साधारण विद्यार्थीहरू (२०२३)	२८३
चित्र २३.९: वैदेशिक अध्ययन अनुमति पत्र लिनेहरुको संख्या	२८४
चित्र २३.१०: आधारभूत स्वास्थ्य परिसूचकहरू	२८९

चित्र २३.११: नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका स्वास्थ्य चिकित्सकहरू	२९०
चित्र २३.१२: NNC, NHPC र NAMC मा दर्ता भएका स्वास्थ्य कर्मीहरू	२९०
चित्र २३.१३: सरकारी तहबाट संचालित स्वास्थ्य संस्थाहरू, २०२४	२९१
चित्र २३.१४: सरकारी स्वास्थ्य संस्थामा प्राविधिक मानव संसाधन कुल १०२,६८६ जना)	२९२
चित्र नं २६.१: निर्यात व्यापार र जि.डी.पी. को अनुपात (प्रतिशतमा)	३११
चित्र नं २६.२: चित्र नं. २६.२ भारत निर्यात हुने प्रमुख दश वस्तुहरुको योगदान, २०२४ (प्रतिशत)	३१२
चित्र नं २६.३: चीनमा निर्यात हुने प्रमुख दश वस्तुहरुको योगदान, २०२४ (प्रतिशत)	३१३
चित्र नं २६.४: अन्य देशहरुमा निर्यात हुने प्रमुख दश वस्तुहरुको योगदान, २०२४ (प्रतिशत)	३१४
चित्र नं २६.५: भारतवाट आयात हुने प्रमुख दश वस्तुहरु, २०२४ (प्रतिशत)	३१५
चित्र नं २६.६: चीनवाट आयात हुने प्रमुख दश वस्तुहरु, २०२४ (प्रतिशत)	३१६
चित्र नं २६.७: अन्य मुलुकवाट आयात हुने प्रमुख दश वस्तुहरु, २०२४ (प्रतिशत)	३१७
चित्र नं २६.८: नेपालको भारत संगको व्यापारको अंश , २०२४ (प्रतिशत)	३१८
चित्र नं २६.९: नेपालको व्यापार घाटा र जि.डी.पी.को अनुपात (प्रतिशत)	३१९

कार्यकारी सारांश

१. कोभिड-१९ को महामारीले समष्टिगत आर्थिक गतिविधिमा क्षति पुर्याउनु अघिका तीन वर्षमा मुलुकको वार्षिक आर्थिक वृद्धि दर सरदर ७.५ प्रतिशत पुगेको थियो । दिगो उच्च वृद्धिका आधारहरू कमजोर रहेको हुनाले लामो समय निरन्तर त्यस्तै वृद्धि दर कायम हुनसक्ला भन्नेमा शंका रहे पनि संविधान निर्माण पछि स्थिर स्थानीय सरकारहरू निर्माण भएको, छवटा प्रदेशमा बहुमतको सरकार बनेको, करीब दुई-तिहाई बहुमत सहितको संघीय सरकार बनेकोले राजनीतिक स्थिरतामा जाने अपेक्षा रहेको र २०७२ को भूकम्प पछिको पुनर्निर्माणले गर्दा आर्थिक वृद्धि दर उच्च रहन गयो ।

२. महामारीकै बीच अर्थतन्त्रको पुनरुत्थान चाँडो भयो। तर त्यसको लगत्तै महामारीको समयमा राहत दिन प्रयोग गरिएका कतिपय मौद्रिक उपकरणहरूको सन्तुलन मिलाउन विलम्ब गर्नु, वित्त नीति पर्याप्त मात्रामा सक्रिय नगराइनू, आयात नियन्त्रणको नीति लिनु जस्ता कारणले गर्दा अर्थतन्त्र एक पछि अर्को समस्यामा पर्दै गयो र पछिल्लो दुई आर्थिक वर्षको अवधिमा अर्थतन्त्रमा शिथिलता देखिएको छ।

३. अर्थतन्त्रमा आएको शिथिलताको सन्दर्भमा नेपालको निजी क्षेत्रले एक वर्ष अघिदेखि परिवर्तनकारी आर्थिक सुधारका कार्यक्रम ल्याउन नेपाल सरकारलाई आग्रह गरिरहेको थियो। अर्थतन्त्रमा तत्काल गतिशीलता ल्याउन मात्र होइन, विद्यमान संरचनात्मक समस्याहरूलाई समेत सम्वोधन गर्ने गरी समग्र पक्षको विश्लेषण गरेर दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने ध्येयका साथ बृहद आर्थिक सुधारको कार्यक्रम तर्जुमा गरी लागु गर्न पर्छ भन्ने निजी क्षेत्रको माग थियो।

४. नेपालमा आर्थिक सुधारको लामो इतिहास छ। कतिपय सुधारले अर्थतन्त्र व्यवस्थापनको दृष्टिकोणमा पुरै परिवर्तन आयो। खास गरी विक्रम सम्बत् २०४० को दशकको अन्तिम वर्षहरूमा गरिएका आर्थिक सुधारहरूले अन्तरराष्ट्रिय व्यापार खुला हुनुका साथै हवाई सेवा, आमसञ्चार, जलविद्युत विकास, बीमा, बैंकिंग जस्ता क्षेत्रमा उल्लेखनीय सुधारहरू भए।

५. २०५१ साल पछि सार्वजनिक वित्त व्यवस्थापन, राजस्व नीति र प्रशासन, पुँजी बजार, वित्तीय क्षेत्र, श्रम सम्बन्ध, न्याय सम्पादन आदि क्षेत्रमा सुधार व्यापक सुधार गरिएको र कतिपय सुधार जारी रहेको पाइन्छ। कतिपय सार्वजनिक निकायहरूले सुधारका आवधिक रणनीतिक योजना बनाएर कार्यान्वयन गरेका छन् र त्यसले परिणाम ल्याएको देखिन्छ। तर समष्टिगत रूपमा आम नागरिक र आर्थिक क्षेत्रमा आवश्यकता र अपेक्षा अनुरूप निजी क्षेत्रले परिवर्तनको अनुभूति गर्ने गरी सुधार हुन नसकेको यथार्थ हो।

६. अर्थतन्त्रमा समग्र माग पक्ष कमजोर भएकाले आर्थिक वृद्धि दरमा कमी आएको देखिन्छ। उपभोगको वृद्धि दर घट्नु र लगानीमा ह्रास आउनाले समग्र माग कमजोर बन्न पुग्यो। कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारी वित्तीय प्रणालीमा लाखौं मानिसको बचत फस्नु, सरकारले गर्नु पर्ने कतिपय भुक्तानी समयमा नगर्नू र व्यापारिक उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र संकटग्रस्त बन्न गएकाले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ।

७. समग्र माग पक्ष कमजोर भए पनि अर्थतन्त्रका तत्कालका समस्या समाधान गर्न माग-पक्षीय नीतिहरू मात्र पर्याप्त छैनन्। आपूर्ति पक्षबाट पनि संरचनात्मक सुधार गरेर लगानीयोग्य वातावरण बनाउनु पर्ने, उत्पादनको लागत घटाएर प्रतिस्पर्धी बन्नु पर्ने अवस्था छ.

८. सुधारका प्रस्तावहरू तर्जुमा गर्दा निम्न मान्यता लिइएको छः (क) **तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने, (ख) आर्थिक अवसरहरू सिर्जना गर्ने, (ग) विश्वासमा आधारित प्रणाली निर्माण गर्ने, (घ) उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने, (ङ) सीमारहित अर्थतन्त्र निर्माण गर्ने, र (च) समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर बढाउने** ।

९. तत्कालका समस्या समाधान गर्न अन्तरिम प्रतिवेदनमा निम्न सुझाव प्रस्तुत गरिएको थियोः

(क) निर्माण व्यवसायीहरूलाई नेपाल सरकारका निकायहरूले भुक्तानी दिन बाँकी सबै रकम भुक्तानी गर्ने र बहुवर्षीय ठेक्का लगेर सिर्जित दायित्व पुरा गरेर बजेट उपलब्ध हुन सक्ने भए मात्र नयाँ आयोजनाहरू आगामी वर्षको बजेटमा प्रस्ताव गर्ने।

(ख) सरकारी प्रतिबद्धताका सबै खालका अनुदान बक्यौता भुक्तानी गर्ने।

(ग) वास्तविक समस्याग्रस्त ऋणीहरूलाई कर्जा पुनर्तालिकीकरण, कर्जा पुनर्संरचनाको अतिरिक्त व्यवसाय संचालन गर्न सक्ने अवस्था यकिन गरी लक्षित रूपमा थप कर्जा प्रवाह गर्ने।

(घ) बैंक तथा वित्तीय संस्थाहरूको गैरबैंकिंग सम्पत्ति व्यवस्थापन गर्न "सम्पत्ति व्यवस्थापन कम्पनी" स्थापना गर्न आवश्यक कानुन जारी गर्ने र सार्वजनिक निजी साझेदारीमा त्यस्तो कम्पनी खडा गर्ने।

(ङ) व्यापारिक उधारो असुली ऐन जारी गर्ने र व्यावसायिक आर्थिक कारोबारमा विक्रेताले क्रेताको साख मुल्यांकन (क्रेडिट स्कोर) हेर्नु पर्ने व्यवस्था लागू गर्ने।

(च) समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति विक्री गरेर वा ऋण असुली गरेर समय लाग्ने निक्षेप फिर्ता गर्न समय लाग्ने भएकोले नेपाल सरकारले पछि सहकारीको सम्पत्तिबाट असुल गर्ने गरी तत्काल ५ देखि १० अर्ब रुपैयाँ निकासा दिएर ५ लाखभन्दा साना बचतकर्ताको निक्षेप फिर्तामा गर्ने व्यवस्था मिलाउने।

(छ) सहकारी ऐनमा संशोधन गरी बचत तथा ऋण सहकारी संस्थाहरूमा भविष्यमा समस्या आउन नदिन संस्थागत र आर्थिक सुशासन कायम गर्ने प्रबन्धहरू थप गर्ने।

(ज) चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न दश करोड भन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्ने।

(झ) जाजरकोट भूकम्प र असोज २०८१ को बाढीबाट क्षति भएका स्थानहरूमा पुनर्निर्माणको काममा तीव्रता दिने।

(ञ) सरकारले जग्गा प्राप्तिको कारबाही चलाएका वा प्रक्रिया टुंगो लागेका जग्गाको मुआवजा वितरणमा तीव्रता दिने।

(ट) स्थलमार्गबाट आउने पर्यटकलाई सहजीकरण गर्न भारतीय पर्यटकलाई भन्सार ऐन बमोजिम तोकिएको सीमाभित्र परिवर्त्य मुद्रा ल्याउन नरोक्ने। वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाहको प्रयोजनका लागि ल्याउने सामान घोषणा गर्ने, धरौटी लिने र विवाह सकेर फर्कंदा धरौटी फिर्ता दिने कार्यविधि सरलीकरण गर्ने। नेपाल सरकार र प्रदेश सरकारहरूले तोकेका सवारीसाधन कर प्रवेश नाकामा एकै पटक असुली गर्ने र तिरेको करको विवरण र अवधि खुलेको स्टिकर सवारी साधनमा बाहिरै बाट देखिने गरी टाँस्न लगाउने। यस्तो स्टिकर भएको सवारीसाधनलाई राजमार्गमा जहाँ पायो त्यहीं नरोक्ने। निर्बाध गन्तव्यमा पुग्न दिने। यदि कुनै शंका लागेमा प्रहरीले सूचना प्रणाली प्रयोग गरी अनुगमन गर्ने र सोधपुछ गर्न आवश्यक देखिए गन्तव्यमा पुगे पछि मात्र गर्ने।

आर्थिक नीति

१०. समग्र आर्थिक विकास नीतिको सोच "आर्थिक अवसरहरू सिर्जना गर्ने, सिर्जना गर्न प्रोत्साहन गर्ने, र सबै क्षेत्र र वर्गले समान रूपमा अवसरहरूका लागि प्रतिस्पर्धा गर्न सक्ने अर्थतन्त्र निर्माण गर्ने" हुनु पर्छ। समन्यायिक र समावेशी ढंगले आर्थिक विकास गर्ने र संविधानले अवलम्बन गरेका आर्थिक नीतिहरूको कार्यन्वयनमा जोड दिनु आवश्यक छ.

११. मौद्रिक नीतिको दृष्टिकोण निम्न बमोजिम हुन उपयुक्त सुझाव रहेको छः

(क) मौद्रिक व्यवस्थापनको लागि ब्याज दर कोरिडरलाई प्रभावकारी कार्यान्वयन गर्दै अन्तर बैंक ब्याज दर नीतिगत दरको नजिक राख्ने ।ब्याज दर कोरिडरको ब्याण्डलाई क्रमशः कम गर्दै लग्नु पर्ने।

(ख) तरलता व्यवस्थापनलाई थप सक्रिय पार्दै ब्याज दरको उतारचढाव कम गर्ने।

(ग) मौद्रिक नीतिको उद्देश्यसँग तादम्य हुने गरी विदेशी विनिमय व्यवस्थापन र नियामकीय व्यवस्थाहरू गर्ने।

(घ) मौद्रिक नीतिका अन्तिम लक्ष्यको रूपमा रहेको मुद्रास्फीतिलाई एकल अंकको लक्ष्य तोक्नु भन्दा ४ देखि ६ प्रतिशत सम्मको अन्तरालमा तोक्नु उपयुक्त हुने। त्यस्तै, बाह्य स्थिरताको सूचकको रूपमा रहेको विदेशी विनिमय संचितिले वस्तु तथा सेवाको आयात धान्न सक्ने महिना पनि ५ देखि ७ महिनाको रेन्जमा राख्नु उपयुक्त हुने ।

(ङ) मौद्रिक नीतिको प्रभाव प्रसारित हुन समय लाग्ने हुँदा अर्थतन्त्रको आगामी अवस्थालाई सूक्ष्म ढंगले विश्लेषण गर्दै क्रमिक रूपले समयमा नै नीतिगत दरमा परिवर्तन ल्याउनु पर्ने।

१२. ब्याज दर नीतिको दृष्टिकोण निम्नानुसार राख्न उपयुक्त हुनेः

(क) उत्पादनमुलक र निर्यातलाई प्रर्वद्धन गर्न त्यस क्षेत्रमा जाने कर्जा र स्थिर आय भएका व्यक्तिहरूले लिने पहिलो घरकर्जा निश्चित अवधिसम्म स्थिर ब्याजदरमा उपलब्ध हुने व्यवस्था गर्ने।

(ख) बैकिङ प्रणालीको संचालन लागत कम गर्दै सक्षमता अभिवृद्धि गर्ने र वित्तीय स्थायीत्व ध्यान दिदै कर्जा र निक्षेपको ब्याजदर अन्तर कम गर्दै लैजाने।

(ग) निक्षेपको वास्तविक ब्याजदर धनात्मक र कर्जाको ब्याजदर एकल उच्च अंक वा न्यून दोहोरो अंकमा राख्ने गरी ब्याजदर नीति अबलम्बन गर्ने।

(घ) ऋणपत्र बजारहरूको विकास गरेर अर्थतन्त्रमा ब्याजदर उतारचढावलाई केही हदसम्म सम्बोधन गर्न सकिने हुनाले ऋणपत्र बजारको विकास गर्नुपर्ने।

(ङ) विभिन्न खालका वैकल्पिक वित्तको व्यवस्था गरी अनौपचारिक वित्तको पहुँचलाई कम गर्दै कम ब्याजदरमा सहजै विभिन्न स्तरका ऋणीहरूको लागि वित्तीय स्रोत उपलब्ध हुने व्यवस्था गर्ने ।

१३. मुद्रास्फीतिलाई वाञ्छित सीमामा राख्नका लागि देहाय बमोजिम सुझाव प्रस्तुत गरिएको छः

(क) मूल्य स्थिरतालाई मुख्य लक्ष्य राखेर मौद्रिक नीतिको तर्जुमा गर्दै मौद्रिक व्यवस्थापन गर्नु पर्ने।

(ख) अर्थतन्त्रमा मूल्य बढेको अवस्थामा सरकारको वित्त नीति पनि संकुचनकारी हुनु पर्ने। यसको लागि सरकार खर्च कटौतीसँगै अप्रत्यक्ष करका दरहरूमा कमी ल्याउनु पर्ने।

(ग) उत्पादन र व्यवसायिक कार्यको लागि लागत घटाउने उपायहरू गर्नु पर्ने। उदाहरणको लागि कम मूल्यमा बिजुली र जग्गाको उपलब्धता गराउनु पर्ने।

(घ) कालोबजारी नियन्त्रण गर्दै बजारमा सहज ढंगले वस्तु तथा सेवाको आपूर्ति हुने व्यवस्था गर्ने।

१४. विनिमय दर नीतिका सम्बन्धमा देहाय बमोजिम सुझाव रहेका छन्:

(क) लामो समयसम्म एकै तहमा भारतीय रुपैयाँसँग स्थिर विनिमय दर रहेको, भारतसँग बढ्दो व्यापार घाटा रहेको, अबको सुधारमा क्रमशः पुँजीगत खाता खोल्दै जान थालिएको स्थितिमा स्थिर विनिमय दरको विकल्पमा छलफल, अनुसन्धान र तयारी गर्नु पर्ने।

(ख) आवश्यक भौतिक पूर्वाधारको निर्माण, जनशक्तिको विकास, उत्पादन लागत कम गर्दै अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी नेपाली उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउने जसले गर्दा विनिमय दर अधिमूल्यन हुने स्थितिलाई रोक्न सक्छ।

(ग) मौद्रिक र वित्त व्यवस्थापन कुशलतापूर्वक गरी समष्टिगत आर्थिक स्थिरता कायम गर्ने । यसका साथै आयात प्रतिस्थापन र निर्यात अभिवृद्धि गर्न सकिएमा नेपाली मुद्रा बजारमा बलियो हुने हुन्छ।

(घ) वास्तविक विनिमय अधिमूल्यन हुन नदिने रणनीति लिनु पर्ने । यसको लागि मुद्रास्फीति कम दरमा राखे, उत्पादकत्व बढाउने र प्रचलित (nominal) विनिमय दरको तहलाई आवश्यकता अनुसार परिवर्तन गर्ने।

संस्थागत, नीतिगत र कानुनी वातावरणमा सुधार

संस्थागत क्षमता तथा विश्वसनीयता

१५. प्रत्येक मन्त्रालय, विभाग र केन्द्रीय स्तरका निकायहरूलाई आफूले गर्ने काम व्यवसाय-मैत्री, लगानी प्रवर्धन गर्न सहयोगी र नागरिकलाई सेवा प्राप्त गर्न सहज हुने सूचकहरू निर्धारण गरी आवधिक सुधार रणनीति बनाई कार्यान्वयन गर्न अनिवार्य गर्ने।

१६. संघिय मन्त्रालयहरूमा पदस्थापन हुने सचिवलाई दुई वर्ष पुरा नगरी सरुवा नगर्ने। सचिवलाई निजको कार्यकाल भरीमा एक पटक भन्दा बढी सरुवा नगर्ने।

१७. मन्त्रालयगत दक्षता विकास गर्न एक मन्त्रालयमा न्यूनतम पाँच वर्ष नपुगी कुनै पनि कर्मचारीलाई अन्तर-मन्त्रालय सरुवा नगर्ने। एक कार्यालयबाट सोही मन्त्रालयको अर्को कार्यालयमा दुई वर्ष नपुगी सरुवा नगर्ने हालको कानुनी प्रावधानको पूर्ण पालना नगर्ने।

१८. सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरूमा आयोजना अवधि भरका लागि आयोजना टोलि खटाउने। आयोजना सम्पन्न नभएसम्म आयोजना प्रमुख र सम्बन्धित प्राविधिक कर्मचारीको सरुवा नगर्ने।

१९. प्रदेश सरकारका मन्त्रालयहरूमा पदस्थापन भएका सचिवलाई दुई वर्ष पुरा नगरी सरुवा नगर्ने। संघीय सरकारको सचिव पदमा बढुवा हुन प्रदेश सरकारका मन्त्रालयमा दुई वर्षको एक कार्यकाल पुरा गरेको हुनु पर्ने व्यवस्था गर्ने।

२०. सम्बन्धित क्षेत्रको योग्यता, अनुभव, क्षमता र आचरणको आधारमा सरकारी संघ-संस्थाका प्रमुख तथा पदाधिकारीहरू नियुक्ति गरिनु पर्ने ।

२१. तीनै तहका सरकारका सबै अधिकृतहरूलाई सम्पत्ति शुद्धीकरण निवारणमा सरकारी निकायहरू चनाखो हुनु पर्ने विषय, नागरिकलाई जानकारी गराउनु पर्ने विषय आदिमा जानकारीमुलक पाठ्य सामग्री वितरण गर्नुका साथै प्रशिक्षण दिने।

२२. राजस्व प्रशासनको दक्षता तथा कार्यकुशलताका लागि निम्न सुधार गर्नेः

(क) राजस्व प्रशासनमा प्रवेश गर्ने सहायक र अधिकृत तहका कर्मचारीको न्यूनतम शैक्षिक योग्यता तोक्दा निर्धारित तहसम्मको "लेखा, वाणिज्य शास्त्र, व्यापार शास्त्र, कर नीति, अर्थशास्त्र" मात्र तोक्ने।

(ख) अधिकृत तहको कर्मचारी सेवा प्रवेश गरे पछि छ महिनाको आधारभूत तालिम दिएर मात्र कार्यस्थलमा पठाउने। त्यस्तो तालिममा आयकर, मू अ कर, अन्तःशुल्क, र भन्सार ऐनको व्याख्या, कर प्रशासनका प्राविधिक विषय समावेश गर्ने।

(ग) तालीम सकिए पछि आन्तरिक राजस्व वा भन्सार कुन विभागमा जान चाहने हो छनौट गर्न दिने र सकेसम्म छानेको विभाग अन्तर्गत काम गर्ने गरी खटाउने।

(घ) पहिलो पटक जुन विभागमा खटाइएको हो, त्यो विभागबाट पाँच वर्ष नपुगी अर्को विभाग वा मन्त्रालयमा नखटाउने।

(ङ) सहसचिवसम्मको पद राजस्व समूहमा समूहीकृत गर्ने।

राजनीतिक वित्त

२३. राजनीतिक वित्त तथा चुनावी खर्चमा पारदर्शिता र उत्तरदायित्व प्रवर्धन गर्न निम्न सुझाव प्रस्तुत गरिएको छः

(१) राजनीतिक वित्त सम्बन्धी नयाँ ऐन ल्याएर वा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३७ र ३८ र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७२ मा संशोधन गरेर निश्चित मानदण्डका आधारमा राष्ट्रिय मान्यता-प्राप्त राजनीतिक दललाई संघिय सरकारी कोषबाट वार्षिक अनुदान दिने।

(२) राजनीतिक दलले निश्चित शर्त र सीमाको अधीनमा रहेर बैंकिंग प्रणाली प्रयोग गरी चन्दा लिन पाउने, निर्वाचनका बेला उम्मेदवारले कुनै चन्दा लिन नपाउने व्यवस्था गर्नु आवश्यक छ।

(३) निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले व्यक्तिगत सम्पत्ति प्रयोग गरेर वा व्यक्तिगत चन्दा उठाएर निर्बाध खर्च गर्न पाउने व्यवस्थाले निर्वाचित भैसकेपछि लगानी गरेको रकम जुनसुकै तवरले उठाउन प्रयत्न गर्ने प्रवृत्ति विकास हुन्छ। त्यसैले यस्तो आर्थिक स्रोतको उपयोगको नियमन आवश्यक छ।

(४) संघीय सरकारले निर्वाचन आयोग मार्फत गरिदिने उम्मेदवारको प्रचारका अतिरिक्त कुनै दलसँग आबद्ध उम्मेदवारलाई दलले आफ्नो कोषबाट निर्वाचन आयोगले समय समयमा तोकेको सीमामा नबढ्ने गरी प्रचार खर्च बापत दिन पाउने।

(५) सबै राजनीतिक दलहरूले आफ्नो आम्दानी र खर्चको विवरण त्रैमासिक रूपमा निर्वाचन आयोगमा पठाउनु पर्ने र निर्वाचन आयोगको वेब साइट राख्ने।

(६) सबै राजनीतिक दलहरूको स्रेस्ताको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने कानुनी व्यवस्था गर्ने। (संविधानको धारा २४१(५) ले यस्तो अधिकार दिएको छ)

कानुनी सुधार

२४. नागरिक र व्यवसायलाई आर्थिक स्वतन्त्रता कुण्ठित गर्ने, व्यवसायको लागत अनावश्यक रूपमा बढाउने, गलत प्रयोग हुन सक्ने, अनावश्यक नियन्त्रणमुखी र वर्तमान सन्दर्भमा असान्दर्भिक देखिएका निम्न ऐनहरू खारेज गर्नेः

(क) आय टिकट दस्तुर ऐन, २०१९

(ख) कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२

(ग) निजी बन जंगल राष्ट्रियकरण ऐन २०१३

(घ) प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३

(ङ) क्षतिपूर्ति ऐन, २०१९

(च) बिर्ता उन्मूलन ऐन, २०१६

(छ) बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५

(ज) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

(झ) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१

(ञ) नेपाल एजेन्सी ऐन, २०१४

(ट) प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३

(ठ) निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३

(ड) सामाजिक व्यवहार सुधार ऐन, २०३३

(ढ) नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४

(ण) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५

२५. औषधी ऐन, २०३५ लाई परिमार्जन गरी औषधी, औषधिजन्य सप्लिमेन्ट, कस्मेटिक्स, मेडिकल डिभाइस, र प्रत्यारोपणका लागि बनाइएका मानव-कोषमा आधारित सामग्रीको उत्पादन, आयात, बजारीकरण र बिक्री-वितरणलाई नियमन गर्ने गरी नयाँ "**औषधि तथा स्वास्थ्य सामग्री नियमन गर्ने ऐन**" जारी गर्ने।

२६. अचल सम्पत्ति अधिग्रहण ऐन २०१३ र जग्गा प्राप्ति ऐन २०३४ लाई गाभेर बौद्धिक सम्पत्ति, अदृश्य सम्पत्ति, कुनै निकायको शेयर वा स्वामित्व अधिग्रहण गर्न सकिने गरी नयाँ "**निजी सम्पत्ति अधिग्रहण ऐन**" जारी गर्ने।

२७. पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन २०२२ र प्रतिलिपि अधिकार ऐन, २०५९ गाभेर वर्तमान समयको बौद्धिक सम्पत्ति रक्षाका सबै चुनौतीहरूलाई सम्बोधन गर्ने र असल व्यावसायिक वातावरण निर्माण गर्ने नयाँ "**बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने ऐन**" जारी गर्ने।

२८. नेपाली व्यवसायीको बौद्धिक सम्पत्ति अन्तरराष्ट्रिय स्तरमा संरक्षण दिलाउन म्याड्रिड प्रणाली र त्यस अन्तर्गतको सम्झौता अनुमोदन गर्ने र पेटेन्टको अन्तरराष्ट्रिय संरक्षणका लागि पेटेन्ट कोअपरेसन सन्धिमा सहभागी हुने।

२९. खारेज गर्न सिफारिस गरिएको निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को सट्टा निकासी पैठारी व्यवसायमा संलग्न व्यक्ति वा निकायले एक्जिम संकेत नम्बर लिनु पर्ने, राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितका निमित्त परिमाणात्मक नियन्त्रण गरिएका वस्तुको अनुमतिपत्र लिनुपर्ने, राष्ट्रिय सुरक्षा वा राष्ट्रिय अर्थतन्त्रको आवश्यकता बमोजिम निकासी वा पैठारीमा बन्देज लगाउन सकिने, अन्ट्रपोर्ट व्यापार नियमन गर्ने, निकासी प्रवर्धनका प्रबन्धहरू सहित को प्रवर्धनात्मक तथा नियमनकारी प्रबन्ध सहितको नयाँ **"निकासी पैठारी नियमन ऐन"** जारी गर्ने।

३०. वातावरण-मैत्री हिसाबले नदी सतह र खानीबाट बालुवा, ढुङ्गा, गिट्टी जस्ता निर्माण सामग्री उत्खनन र बिक्री वितरण व्यवस्थित र नियमन गर्न ऐन "**निर्माण सामग्रीको व्यवस्थापन तथा नियमन ऐन**" जारी गर्ने।

३१. व्यापारिक पूर्वाधारमा सुधार ल्याई बजार कुशलता अभिवृद्धि गर्न **पब्लिक वेयरहाउसिंग ऐन** जारी गर्ने।

३२. कर्जा सूचना प्रतिवेदन ऐन (क्रेडिट इन्फर्मेसन रिपोर्टिंग एक्ट) जारी गर्ने

३३. सुरक्षित कारोबार ऐन २०६३ मा बैंक तथा वित्तीय संस्थाहरूलाई सुरक्षित कारोबारको सुरक्षणमा कर्जा प्रवाह गर्न प्रोत्साहन गर्ने गरी संशोधन गर्ने।

३४. वित्तीय समस्यामा परेका उपभोक्ता, लघु, साना तथा मझौला उद्योगहरू र अन्य संगठित संस्थाहरूलाई समेट्ने गरी आधुनिक प्रावधानहरू सहितको नयाँ **दामासाही सम्बन्धी ऐन** जारी गर्ने।

३५. वैकल्पिक लगानी संस्थाहरूलाई संगठित संस्थाको रूपमा दर्ता हुने विकल्पका रूपमा **सीमित दायित्व साझेदारी ऐन** जारी गर्ने।

सार्वजनिक वित्त

सार्वजनिक खर्च

३६. **चालु खर्च भित्र सामाजिक सुरक्षा खर्च तीव्रदर बढिरहेको सन्दर्भमा यसमा हुने खर्च थप बढ्न नदिने उपाय गर्नु जरुरी छ** । प्रदेश सरकार र स्थानीय तहहरूले समेत विभिन्न खालका सामाजिक सुरक्षा खर्च गरिरहेको सन्दर्भमा कतिपय सामाजिक सुरक्षाको व्यवस्था हटाउन वा घटाउन उपयुक्त हुने देखिन्छ । ज्येष्ठ नागरिक भता पाउने उमेर पुनः ७० वर्ष कायम गर्ने। छात्रवृति लगायत सामाजिक सुरक्षालाई राज्य सुविधा परिचय पत्रको आधारमा लक्षित बनाउँदै जाने । योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा फराकिलो पार्ने । सामाजिक सुरक्षा प्रदानमा राष्ट्रिय परिचय पत्रको प्रयोग बढाई दोहोरो सुविधा प्रदान नियन्त्रण गर्ने।

३७. सार्वजनिक खर्च पुनरावोलकन आयोग २०७५ ले सुझाव गरे अनुरूप अनावश्यक चालू खर्च कम गर्न संघीय परिवेशमा प्रशासनिक पुनर्संरचना गर्ने । कार्य अधिकार प्रदेश र स्थानीय तहमा गएको अवस्थामा संघीय कार्यालयहरू घटाउने र कर्मचारी संख्या कम गर्ने ।प्रतिवेदनमा उल्लेख्य भए बमोजिम कतिपय थप संस्थाहरू प्रदेश तहमा हस्तान्तरण गर्न सकिने (विभिन्न खालका विकास समितिहरू)।

३८. **साँवा व्याज भुक्तानीको दायित्व बढिरहेको सन्दर्भमा उच्च प्रतिफल** दिने आ**योजना लक्षित ढंगले मात्र ऋण परिचालन गर्ने** । संघीय सरकारले ब्याज तिरेर ऋण लिने तर प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण गरेको अनुदान रकम खर्च नभइ शुन्य ब्याजमा बैंकहरूमा रहने प्रवृतिमा सुधार ल्याउनु पर्ने । यसलाई सुधार गर्न प्रदेश सरकार र स्थानीय तहले खर्च गरेपछि संघीय सरकारबाट भुक्तानी दिने व्यवस्था गर्ने । यसको लागि प्रदेश र स्थानीय तहको खर्च पनि एकल खाता प्रणालीमा ल्याउने।

३९. **प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने सानादेखि मझौला विकास निर्माणका कामहरू संघीय सरकारले बजेटमा समावेश नगर्ने** । उच्च प्रतिफल दिने सही आयोजनाहरू छनोट गरी समयमा नै सम्पन्न गर्ने । तीन तहबीच आयोजना बैंक सूचना प्रणालीको विकास गरी एकीकृत गर्नु पर्ने जसले गर्दा आयोजनाहरू दोहोरिने र छुट्ने सम्भावना नहुने हुन्छ।

४०. **पहाडी क्षेत्र**बाट **बसाइसराइ भइरहेको सन्दर्भमा अनावश्यक** रुपमा **ठूला सडकहरू निर्माण नगर्ने** । थुप्रै सडक आयोजनाहरू संचालनमा रहेको सन्दर्भमा संचालनमा रहेकै सडक आयोजनाहरूमध्ये पनि प्राथमिकीकरण गरेर समयमा नै सम्पन्न गर्नु पर्ने । निर्माण भइसकेको सडक र सिचाइ पूर्वाधारमा आधारित भएर उत्पादन बढाउने कार्यक्रम ल्याउनु पर्ने।

४१. **आयोजना कार्यान्वयन प्रभावकारी ढंगले गर्न पर्याप्त पूर्व तयारी गर्ने,** पर्याप्त बजेट विनियोजन गर्ने र आयोजना व्यवस्थापनमा संकलन कर्मचारीहरूको सरुवा आयोजना अवधि भर नगर्ने र समयमा आयोजना सम्पन्न गर्न सकेमा कर्मचारीहरूलाई वार्षिक तलबको निश्चित प्रतिशत रकम पाउने गरी पुरस्कृत (सम्पन्नता भता) गर्ने व्यवस्था गर्ने।

४२. **संचालनमा रहेका राष्ट्रिय गौरबका र बहुवर्षिय आयोजनाहरूको कार्यान्वयन र** यसको दायित्व र निर्माण व्यवसायीको भुक्तानी फरफाराक गरी केही वर्ष वित्तीय स्रोत उपलब्ध भएमा मात्र नयाँ आयोजनाहरू छनोट गर्ने नीति अबलम्बन गर्नु पर्ने।

४३. **लामो समयसम्म पनि सम्पन्न हुन नसकेका कार्यान्वयनमा रहेका राष्ट्रिय गौरबका आयोजनाहरूको प्राथमिकीकरण गरी यस्ता आयोजनाहरू ५ वर्ष भित्र सम्पन्न गर्ने** ।लुम्बिनी विकास कोष र पशुपति विकास कोष जस्ता सालबसाली प्रकृति आयोजनाहरूलाई राष्ट्रिय गौरवको आयोजनाको सूचीबाट हटाउने। मध्यम अवधि (१ देखि ३ वर्ष) भित्र सकिने प्रतिफल दिने आयोजनाहरूलाई प्राथमिकतामा राख्ने। ८० प्रतिशत भन्दा बढी काम सम्पन्न भएका आयोजनाहरू अझै उपयुक्त रहेमा सम्पन्न गर्न पहिलो प्राथमिकता दिने।

४४. **भौतिक पूर्वाधार निर्माणसंग सम्बन्धित आयोजनाहरूको प्रगति मासिक रूपमा अनुगमन गरी कार्य सम्पादनको आधारमा अनिवार्य बील जारी गरी १५ दिन भित्र भुक्तानी दिने व्यवस्था गर्ने** । यो व्यवस्थाले अहिले भइरहेको पुँजीगत खर्चको अधिकांश हिस्सा अन्तिम त्रयमास, त्यसमा पनि अन्तिम महिनामा खर्च हुने गरेको प्रवृतिमा परिवर्तन ल्याउन सहयोग पुग्ने।

४५. कार्यान्वयनमा रहेका **तर उचित प्रतिफल नदिने र उपयोगिता नभएका आयोजनाहरूको कार्यान्वयन बन्द गर्ने।**

४६. **उत्पादन र बजारीकरणलाई सहयोग गरी कुल गार्हस्थ्य उत्पादन बढाउन सहयोग पुग्ने गरी मात्र नयाँ आयोजनाहरू छनोट गर्ने र निर्माण भइसके भौतिक पूर्वाधारहरूलाई उत्पादन बढाउन उपयोग गर्ने गरी रणनीति बनाउनु पर्ने।**

४७. **आयोजना तयारीको लागि पर्याप्त समय दिइ तयार भएका आयोजनाहरू मात्र बजेटमा समावेश गरी कार्यान्वयनमा जाने व्यवस्था गर्ने।** पूर्वाधार निर्माणसंग सम्बन्धित मन्त्रालयहरूले आयोजना तयारीको लागि आयोजना विकास इकाइको व्यवस्था गर्नु पर्ने।

४८. **राजस्व परिचालन, वैदेशिक सहायता प्राप्तीको सम्भाव्यता र कार्यान्वयन गर्न सकिने क्षमताको आधारमा यथार्थपरक बजेटको आकार तय गर्नुपर्ने ।** बजेट महत्वकांक्षी एवम् विस्तारकारी आउने तर स्रोत अभाव र कार्यान्वयन क्षमताको अभावले यथार्थ सरकारको वित्त नीति संकुचित रहने गरेको छ, जसले अर्थतन्त्रमा माग बढाउन सकेको छैन।

४९. **धेरै जसो भौतिक पूर्वाधार निर्माणका आयोजनाहरू ठेक्का लागि सके पछि निर्माण व्यवसायीहरूले समयमा काम सम्पन्न नगर्दा पनि लागत बढी लाग्ने गरेको छ ।** निर्माण व्यवसायीहरूको एकातर्फ क्षमता अभिवृद्धि गर्नुपर्ने र अर्कोतर्फ उनीहरूको क्षमता अनुसारको जिम्मेवारी दिने व्यवस्था गर्नु पर्ने। न्यूनतम बोलकबोल

गर्नेलाई ठेक्का दिने प्रवृतिले निर्माणको गुणस्तर कायम हुन र समयमा निर्माण सम्पन्न हुन नसकेको स्थिति छ।

५०. सिँचाई र जलविद्युत निकाल्ने गरी संचालित सरकारका आयोजनाहरू जस्तै भेरी बबई ड्राइभर्सन र सुनसरी मरिन ड्राइभर्सनमा जलविद्युत उत्पादनमा निजी क्षेत्रको लगानी आकर्षण गर्न लाग्नु पर्ने।

राजस्व

५१. कर प्रणाली सामान्य कर दाताले सजिलो गरी बुझ्ने र कर नियमहरू पालना गर्न सहज हुने बनाउने । यसको लागि कर विवरण बुझाउन सिकाउने पुस्तिकाहरू तयार पार्नु पर्ने।

५२. आय कर ऐनको दफा १०१ (३) अनुसार कर परिक्षण गर्न सक्ने अवधि हालको ४ वर्षलाई कम गरी ३ वर्ष गर्ने।

५३. ठूला व्यवसायिक तथा बहुतले भवन निर्माणलाइ प्रोत्साहन गर्न एकीकृत सम्पति करमा केही छुट दिने व्यवस्था हुनु उपयुक्त हुने।

५४. विषयगत कानूनले तोकेका कर सुविधाहरू आर्थिक ऐनले स्वतः अबलम्बन गर्ने व्यवस्था गर्ने।

५५. नियोजित कर छली बाहेकको सामान्य त्रुटी र भुलमा लाग्दै आएको आयकर ऐनको दफा १२०(क) अनुसारको जरिवाना रकम ५० प्रतिशतले कम गर्नु पर्ने।

५६. नियमित एवम् पारिवारिक कारण वा मृत्यु पश्चातको सेयर दाखिला खारेज तथा नामसारीको हकमा आयकर ऐनको दफा ५७ आकर्षित नहुने व्यवस्था गर्ने । दफा ५७ लाई असल अन्तरराष्ट्रिय अभ्यास बमोजिम हुने गरी परिमार्जन गर्ने।

५७. यथार्थ आम्दानी नै नभएको अवस्थामा आयकर लगाउनु असल अभ्यास होइन, त्यसैले आयकर ऐनको दफा ९५क को व्यवस्था पुरै हटाउने।

५८. मूल्य अभिवृद्धि कर ऐनमा कर छली विरुद्धको सामान्य नियमहरू (जेनेरल एन्टी-अभोइडेन्स रुल्स) सम्बन्धी प्रावधान थप गर्ने।

५९. अन्तःशुल्क लाग्ने वस्तुहरूको संख्या क्रमशः घटाउँदै जनस्वास्थ्य र पर्यावरणमा दुष्प्रभाव पर्ने वस्तुहरूमा मात्र सीमित गर्ने।

६०. बदनियतपूर्वक र गलतढंगले कर निर्धारण गर्न नहुने, यस्तो गरेको पाइएमा कारवाही हुने व्यवस्था हुनुपर्ने।

६१. राजस्व न्याधिकरणको संरचना सुधार गरी स्तर बढाउनु पर्ने र कर अनुसन्धानको लागि अन्य निकायहरू पनि रहेको सन्दर्भमा राजस्व अनुसन्धान विभाग खारेज गर्ने । यसको लागि अन्य निकायहरूको क्षमता अभिवृद्धि गर्नु पर्ने।

६२. भारतसँगको खुला सीमानाले गर्दा दुई देश बीच सजिलो गरी नै चोरी पैठारी हुने गरेको छ । तसर्थ दुई देश बीचको मूल्यमा धेरै फरक नपर्ने गरी भारत तथा अन्य मुलुकबाट हुने आयातमा लगाइने भंसार दर

निर्धारण गर्नु पर्ने । भारतको भंसार शुल्कमा हुने परिवर्तनलाई मध्यनजर राखेर नेपालको भंसार शुल्क समयानुकल परिवर्तन गर्नु पर्ने।

६३. करका दरहरू अहिले नै उच्च रहेको सन्दर्भमा गैर कर राजस्व बढाउने रणनीति लिनु पर्ने । रोयाल्टी, शुल्क, विनिवेश र लाभांशबाट बढी भन्दा बढी सरकारको आय बढाउनु पर्ने ।

६४. विद्युतीय भुक्तानीमा लागेको मूल्य अभिवृद्धि कर रु ५ हजारसम्मको भुक्तानीको हकमा हटाउने।

६५. कर कानून तथा नियमहरू भूतप्रभावी ढंगले नलगाउने।

६६. स्थानीय तहमा तिर्ने करहरू पनि प्यान नम्बरसंग आवद्धता गर्ने।

६७. निर्यातमा हुने आयमा १० प्रतिशतमात्र आयकर लगाउने।

६८. कर मुद्धा तथा विवादहरू समयमा नै सल्टाउने।

६९. राजस्वमा चाप परिरहेको स्थितिमा सरकारको स्वामित्वमा रहेका संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी निजी क्षेत्रलाइ शेयर बिक्री गर्ने । यसले पुँजी बजारको विकासमा पनि सहयोग पुराउने र निजी क्षेत्र पनि संस्थानहरूको व्यवस्थापनमा संलग्न हुँदा यी संस्थाहरूको व्यवस्थापकिय क्षमता पनि सुधार हुने हुन्छ । यस्ता संस्थानहरूको शेयर विदेशी लगानी कर्ताहरूलाई पनि बिक्री गर्दा प्रविधि र व्यवस्थापकीय क्षमता हस्तान्तरणका साथै बजार विस्तार पनि हुने हुन्छ ।

सरकारी ऋण

७०. चालु खर्चको लागि ऋण परिचालन नगर्ने । राजस्व र खर्चको अन्तराल पुरा गर्न मात्र छोटा अवधिका ट्रेजरी विल्स जारी गरेर पुरा गर्ने।

७१. कोभिडपछि राजस्व परिचालनमा आएको शिथिलताको परिप्रेक्ष्यमा सरकारले विगतमा ठेक्का लगाएको निर्माणको भुक्तानी र सरकारले प्रतिवद्धता जाहेर गरेका विभिन्न खालका अनुदानको तिर्न बाँकि रकम फछ्यौर्ट गर्ने उद्देश्यले विशेष परिस्थितिजन्य अवस्थाको रुपमा आन्तरिक ऋण परिचालन गरेर भए पनि भुक्तानी गर्ने । यसरी जारी भएको आन्तरिक ऋणको भुक्तानी समाप्त नहुन्जेल सरकारले दिने अनुदान कार्यक्रम र नयाँ ठेक्काका कार्य स्थगित गर्ने।

७२. विकास ऋणपत्रलाइ विकास आयोजनासंग पूर्ण रुपमा आवद्ध गर्ने । जुन विकास आयोजनाको लागि ऋणपत्र जारी गर्न लागिएको हो सो आयोजनाको सम्पन्न हुन लाग्ने अवधिको आधारमा सो अवधि बराबरको विकास ऋणपत्र जारी गर्ने । बैकिङ प्रणालीमा अधिक तरलता भएको अवस्थामा दीर्घकालिन प्रकृतिका आयोजनाहरू छनोट गरी विकास ऋणपत्र जारी गर्ने । तिनु पर्ने ब्याजदर भन्दा बढी प्रतिफल दिने आयोजनाहरूमात्र ऋणमा बनाउने गरी छनोट गर्नु पर्ने।

७३. प्रतिफल दिने आयोजनाहरू छनोट गरी सहुलियतपूर्ण वैदेशिक ऋण परिचालनको रणनीति लिने ।

७४. पछिल्लो समय जलवायु वित्तको आपूर्ति बढ्दै गएको सन्दर्भमा यसबाट बढी भन्दा बढी फाइदा लिन यससम्बन्धमा नियमित अध्ययन र अनुगमन गर्न अर्थ मन्त्रालय (वा राष्ट्रिय योजना आयोग) मा यस

क्षेत्रको विज्ञ सहितको विशेष डेस्क स्थापना गर्नु पर्ने र जलवायु वित्तको लागि उपयुक्त आयोजनाहरू छनोट गर्नुपर्ने ।

७५. सार्वजनिक निजी साझेदारी एवम् वैदेशिक लगानीमा उच्च प्रतिफल दिने तर बढी बजेट लाग्ने आयोजनाहरू कार्यान्वयन गरिनुपर्ने ।

७६. क्रेडिट रेटिङ जति राम्रो भयो अन्तराष्ट्रिय वित्त बजारबाट ऋण परिचालन गर्दा ब्याजदर सस्तो पर्दछ । तसर्थ, नीतिगत स्थिरता, बजेट र योजना कार्यान्वयनमा सुधार गर्नु पर्ने ।

७७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक ऋणको सीमा तोक्दा कुल आन्तरिक ऋणलाई भन्दा त्यो वर्ष हुने भुक्तानीलाइ घटाएर प्राप्त हुने खुद आन्तरिक ऋणको सीमा तोक्नु उपयुक्त हुने ।

सार्वजनिक संस्थान

७८. व्यवसाय संचालन गर्न नसकेका ५ वटा सार्वजनिक संस्थानहरू (जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ्ग कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रकशन कम्पनी नेपाल, र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रा।लि) संचालनमा आउन नसक्ने हो भने खारेज गरी तिनिहरूको नाममा रहेको अचल सम्पत्ति सरकारको नाम ल्याइ व्यवस्थापन गर्ने । यी संस्थाहरूको अचल सम्पत्तिहरू अन्य उत्पादनशील प्रयोगमा ल्याउनु पर्ने ।

७९. सार्वजनिक संस्थानहरू सबैको लेखा परीक्षण समयमा सम्पन्न गरी सार्वजनिक गर्नु पर्ने ।

८०. हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको डिडिए गरेर गाभ्ने अनि सरकारको केही हिस्सामात्र राखेर निजी क्षेत्रलाई शेयर बिक्री गर्ने ।

८१. नेपाल वायुसेवा निगमको पुनर्संरचना गरी वाह्य रणनीतिक साझेदार भित्र्याएर व्यवसायिक ढंगले व्यवस्थापन गर्ने । यस्ता संस्थाहरूलाई व्यवसायिक बनाउन केही समयको लागि विदेशी व्यवस्थापनलाई दिनु पनि उपयुक्त हुने देखिन्छ ।

८२. दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानको रुपमा परिणत गर्ने । घाटामा रहने गरेका सार्वजनिक संस्थानहरू वर्तमान समयमा आवश्यक नभए खारेज गर्ने ।

८३. राजनैतिक हस्तक्षेप नगरी व्यवसायिक ढंगले सार्वजनिक संस्थानहरू संचालन गर्न विद्यमान कम्पनी ऐनमा सरकारको एकल स्वामित्वमा पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिंग कम्पनी रहन सक्ने व्यवस्था गरी पूर्ण सरकारी स्वामित्वको होल्डिंग कम्पनी अन्तर्गत सबै संस्थानलाई ल्याउने र मन्त्रालयहरू अन्तर्गत संस्थानलाई नराख्ने।

८४. निश्चित प्रतिफल र कार्य सम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्तिहरू नियुक्ति गर्ने र व्यवसायिक ढंगले संचालन गर्न सक्ने गरी स्वायतता प्रदान गर्ने ।

८५. सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेडमा कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई शेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्न सक्ने व्यवस्था गर्ने ।

८६. सार्वजनिक संस्थानहरूमा कर्माचारीको तलंब वा अन्य खर्च भुक्तानी गर्नका लागि ऋण दिन बन्द गर्ने।

८७. सार्वजनिक खर्च पुनरावोलकन आयोग २०७५ ले सार्वजनिक संस्थानको सुधारको लागि दिएका केही सुझावहरू (संस्थानहरू गाभ्ने) कार्यान्वयन भएको सन्दर्भमा सान्दर्भिकता र उपयुक्तता हेरी आधारमा अन्य सुझावहरू कार्यान्वयन लैजानु पर्ने ।

सामाजिक सुरक्षा

८८. सबै प्रकारका सामाजिक सुरक्षालाइ राष्ट्रिय परिचयपत्र संग आवद्ध गरी सामाजिक सुरक्षा उपलब्धताको एकिकृत तथ्याङ्क तयार पार्ने । प्रदेश सरकार र स्थानीय तहले प्रदान गरेका सामाजिक सुरक्षाको पनि तथ्याङ्क एकिकृत रूपमा राख्ने । दोहोरो पर्ने गरी सामाजिक सुरक्षा उपलब्ध नगराउने ।श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सबै खालको सामाजिक सुरक्षाको एकिकृत तथ्याङ्क संकलन र व्यवस्थापनको जिम्मेवारी दिने ।

८९. सामाजिक सुरक्षा ऐन २०७५ संशोधन गरी ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ६८ वर्षबाट बढाएर ७० वर्ष बनाउने । उक्त ऐनमा व्यवस्था भएका भत्ताहरू बाहेक अन्य भत्ता बजेटमा घोषणा नगर्ने ।

९०. सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा रहेको भत्ता नपाउने अवस्थामा "नेपालको निजी क्षेत्रका प्रतिष्ठानबाट अवकाश प्राप्त वा विदेशमा काम गरी फर्केका नेपाली नागरिकले विदेशमा काम गरेको निकायबाट नियमित मासिक निवृत्तिभरण पाइरहेको व्यक्ति" थप गर्ने ।

९१. आगामी ५ वर्ष सामाजिक सुरक्षा भत्ता वृद्धि नगर्ने तत्पश्चात् मूल्यवृद्धिको आधारमा प्रत्येक दुई वर्षमा मात्र भत्ता वृद्धि गर्ने।

९२. सबै तलब तथा ज्याला भुक्तानीमा १.५ प्रतिशत सामाजिक सुरक्षा कर लगाई सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने र अनौपचारिक क्षेत्रका कामदारहरूलाइ योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने।

९३. ५ वर्षमुनि बालबालिकाहरूलाइ बाल भता हाल २५ जिल्लामा मात्र प्रदान गरिएकोमा गरिब घरपरिवारहरूमा उपलब्ध हुने गरी सबै जिल्लामा विस्तार गर्ने । गरिब घरपरिवार पहिचानको लागि गरिब परिचय पत्रलाई आधार बनाउने ।

९४. योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था वृद्धि गर्न सामाजिक सुरक्षा कोषमा आवद्ध हुन उद्योग व्यवसाय र संघ संस्थाहरूलाइ उत्प्रेरित गर्ने

९५. स्वास्थ्य बीमाको हालसम्मको सिर्जित दायित्व भुक्तानी गर्ने र स्वास्थ्य बीमाको बढ्दो भार सम्बोधन गर्न स्वास्थ्यमा हानी गर्ने सुर्ती, चुरोट, मदिरामा स्वास्थ्य कर लगाएर बीमा कोषमा जम्मा गर्ने । स्वास्थ्य बीमाको प्रिमियम रकम केही (रु ३,५०० रु ५,०००) बढाउने र संकलित रकम उच्च प्रतिफल दिने गरी व्यवस्थापन गर्ने ।

९६. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत व्यक्तिहरूलाइ नेपाल सरकारबाट संचालित अन्य विकास तथा भौतिक पूर्वाधार निर्माण आयोजनामा पनि संलग्न गराउन सकिने व्यवस्था गर्ने । साथै, सूचिकृत व्यक्तिहरूको व्यक्तिगत विवरणहरू विश्लेषण गरी आवश्यक सीपमुलक तालिम प्रदान गरी निजी क्षेत्रका उद्यम व्यवसायमा उपलब्ध रोजगारीसंग आवद्ध गर्ने व्यवस्था गरिनु पर्ने ।

९७. मेडिकल शिक्षामा सरकारी कलेजहरूमा विद्यार्थी संख्याको ७५ प्रतिशतलाइ पूर्ण छात्रवृति गर्ने गरिएको विद्यमान व्यवस्थालाइ परिमार्जन गरी २५ प्रतिशतलाइ पूर्ण छात्रवृति र अर्को २५ प्रतिशतलाई आंशिक छात्रवृतिको व्यवस्था गर्ने

९८. **कर्मचारी संचय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट परिचालित वितीय साधनलाइ उच्च प्रतिफल दिने** आयोजना लक्षित गरी लगानी गर्ने व्यवस्था गर्ने ।

९९. सबै तहका सरकारी **कर्मचारी अनिवार्य** अवकाश **हुने उमेर ५८ बाट बढाएर ६० वर्ष बनाउने ।**

१००. सामाजिक सुरक्षामा हुने कुल खर्च आगामी ५ वर्ष कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत र संघीय सरकारको कुल बजेटको १५ प्रतिशत भन्दा कम रहने गरी व्यवस्थापन गर्ने ।

१०१. संघसंस्थाहरूको सामाजिक उतरदायित्व रकम र बजेटमा नियमित रुपमा विपद् व्यवस्थापन कोषमा रकम जम्मा गरी प्राकृतिक विपदमा परेका व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा दिगो व्यवस्था गर्ने ।

वित्तीय संघियता

१०२. **तीन तहको कार्य विभाजन थप स्पष्टता र कानूनी** आधार **प्रदान गरी कार्य क्षेत्र न**दोहो**रिने गरी सरकारी सेवा र निर्माणको काम गर्ने व्यवस्था गर्ने ।** तीन तहको सरकारले आ**फ्नो कार्य क्षेत्रका कामहरू मात्र गर्नु पर्ने ।**

१०३. **तीन तहमा नै** आयोजना **बैंक व्यवस्था गरी** सोसंग सम्बन्धि **सूचना प्रणालीलाई** एकीकृत **गर्ने ।** आर्थिक सामाजिक प्रतिफल दिने आयोजनाहरू छनोट गरेर मात्र बजेट विनियोजन गर्नु पर्ने ।

१०४. साझा सूचीका कार्य क्षेत्रका विषयहरूमा तीन तहबीच कार्य बाँडफाँटको लागि संघीय कानून यथाशीघ्र बनाउनु पर्ने ।

१०५. **संघीय निजामती** ऐन**को यथाशीघ्र तर्जुमा गरी प्रदेश र स्थानीय त**हमा चार्टर्ड एकाउन्टेन्ट, इन्जिनियर, अर्थशास्त्री जस्ता आ**वश्यक प्राविधिक जनशक्ति** आ**पूर्तिको व्यवस्था गर्ने ।** प्राविधिक जनशक्ति भएमात्र प्रदेश र स्थानीय तहले सही ढंगले आयोजना छनोट गर्ने सक्ने, मध्यमकालिन खर्च संरचना र आयोजना बैंकको व्यवस्थापन गर्न सक्ने हुन्छ ।

१०६. **संघीयता बमोजिम स्रोत र निर्णयको अधिकार समेत तल्लो तहको सरकारमा गएको अवस्था**मा **संघीय सरकारले तल्लो तहका सरकारले गर्न सक्ने कार्यहरू सबै हस्तान्तरण गर्ने । सो बमोजिम संघीय तहमा कर्मचारीहरू** कटौति **गरी चालु खर्च कम गर्ने ।**

१०७. **संघीय सरकारले** आन्तरिक **ऋण उठाएर भए पनि वित्त हस्तान्तरण गरेको तर प्रदेश र स्थानीय तहमा खर्च नभएर बैंक**मा **शुन्य प्रतिफलमा रकम जम्मा हुने प्रवृति रहेको छ । यस कारण संघले प्रदेश र स्थानीय तहलाई दिने र बाँडफाँट गर्ने स्रोत विनियोजन गर्ने र खर्च भएको** आधारमा भुक्तानी **गर्ने व्यवस्था गर्ने ।**एकल खाता प्रणाली, कोलेनिका र प्रदेश लेखा नियन्त्रकबीच अन्तरसम्बन्ध कायम गर्ने ।

१०८. तीनै तहको लागि मुख्य वित्तीय स्रोत एउटै रहेको सन्दर्भमा संघीय सरकारले वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान प्रदेश र स्थानीय तहलाई पठाई सकेपछि नेपालको संविधान धारा ६०(५)

अनुरुप प्रदेशले स्थानीय तहहरूमा वित्तीय समानीकरण प्रदान गर्ने व्यवस्था बाहेक अन्य अनुदान नपठाउने व्यवस्था गर्न उपयुक्त हुने। **यसको लागि अन्तर सरकारी वित्त हस्तान्तरण** ऐ**नमा संशोधन गर्नु पर्ने** ।यो व्यवस्थाले स्थानीय तहलाई लेखा र आयोजना व्यवस्थापन भार कम हुने ।वित्तीय समानीकरणलाई नै सुधार गरेर यसको मात्रा बढाएर सशर्त र समपुरक अनुदान दिने व्यवस्था हटाउन उपयुक्त हुने ।

१०९. **संघीय सरकारले बजेटमा वित्तीय हस्तान्तरणको लागि विनियोजन गरिसकेपछि सो अनुरुप प्रदेश र स्थानीय तहले खर्च गरेको खण्डमा** अनिवार्य **भुक्तानी दिनु पर्ने । बरू, बजेट तर्जुमाको बेलामा नै स्रोत परिचालन अनुरुप मात्र वित्तीय हस्तान्तरणको लागि रकम विनियोजन गर्नु उपयुक्त हुने ।**

११०. **तीन तहको सरकारी संरचना भए पनि तीन तहको समन्वय र एकिकृत सूचना प्रणालीको व्यवस्था गरी उद्यम दर्ता र कर तिर्न**को लागि **एकद्वार** प्रणालीको **व्यवस्था गर्नु पर्ने** ।तीन तहको आफ्नो क्षेत्र अनुसार रकम उपलब्ध हुने गरी कर संकलन एक द्वार प्रणालीबाट गरेर पछि कर बाँडफाँट गर्दा व्यवसायीहरूलाई धेरै ठाउँमा कर तिर्नु पर्ने झन्झट हुने थिएन । देशमा आर्थिक कृयाकलाप र व्यवसाय समग्रमा बढेमा राजस्व संकलन बढी प्रदेश र स्थानीय तहमा आउने राजस्व बाँडफाँडको हिस्सा बढ्ने र संघले दिने वित्तीय समानीकरण अनुदान पनि बढ्ने हुँदा स्थानीय तहले जबरजस्त ढंगले व्यवसायहरूलाई नकारात्मक असर पर्ने गरी करहरू नलगाउने ।

१११. **प्रधानमन्त्रीको अध्यक्षताको अन्तर प्रदेश परिषद् र अर्थमन्त्रीको संयोजकत्वमा रहेको अन्तरसरकारी वित्त परिषदका बैंठकहरू नियमित बसी उत्पादन र बजारीकरण**संग **सहयोगी नीति अबलम्बन गर्दै लगानी प्रवर्द्धन गर्न समन्वयत्मक भूमि**का **खेल्ने । निजी लगानी हतोत्साही हुने गरी कुनै पनि नीतिहरू तीनै तहको सरकारले अबलम्बन नगर्ने ।**

११२. स्थानीय तह र प्रदेश सरकारले साना तथा मझौला उद्योग व्यवसायहरू प्रवर्द्धन गर्ने खास गरी कृषि व्यवसायको बजारीकरणलाई सहयोग पुराउने नीति तथा कार्यक्रम ल्याउने, रोजगारी सिर्जना तथा उत्पादनमा आधारित अनुदान, र स्थानीय उत्पादनको उपभोग बढाउने उपाय गर्नु पर्ने ।

११३. संघीय सरकारले ठूला व्यवसायहरू प्रवर्द्धन हुने गरी लगानीको वातावरण बनाउने, उत्पादन बढाउने गरी मात्र सडक यातायात लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने र निर्माण भएका पूर्वाधारमा आधारित भएर उत्पादन बढाउने कार्यक्रमहरू ल्याउनु पर्ने।

११४. नेपालको संबिधानले घर बहाल कर स्थानीय तहको कार्य क्षेत्रमा राखेको छ । तर, व्यक्तिहरूले बहालकर स्थानीय तह र संस्थाहरूले त्यस्तो कर संघीय सरकारलाई तिर्नु परिरहेको स्थिति छ । कतिपय अवस्थामा यो विषयमा स्थानीय तह र संघीय सरकारबीच विवाद आउने गरेको र करदाताहरू यसबाट प्रभावित भएको सन्दर्भमा यो विषयमा स्पष्टता पार्नु पर्ने र एक ठाँउमा मात्र कर बुझाउने व्यवस्था हुनु पर्ने।

११५. स्थानीय तह प्रत्यक्ष रूपमा जनतासँग जोडिने भएकोले र स्थानीय तहबाट प्रदान गरिने सेवालाई संघीयताको मर्म अनुरूप थप प्रभावकारी, पारदर्शी र सुशासनमा आधारित बनाउँदै लैजानु पर्ने भएको हुँदा स्थानीय

तहले उठाउने राजस्व, योजना छनौट, खरीद प्रक्रिया तथा खर्च, प्रदत्त अधिकारको प्रयोग तथा दुरुपयोग लगायतको मूल्यांकन गर्ने प्रणालीलाई सशक्त बनाउन आवश्यक।

११६. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट संघीय सरकारलाई ५० प्रतिशत र बाँकी प्रदेश र स्थानीय तहलाई २५, २५ प्रतिशत रहेकोमा प्रदेश र स्थानीय तहको आय वृद्धि गर्न र यस्ता प्राकृतिक साधनको प्रभावकारी व्यवस्थापन गर्न प्राकृतिक स्रोतको रोयल्टीको ३० प्रतिशत संघीय सरकारले राखी बाँकी ३५ प्रतिशतको दरले प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्न उपयुक्त हुने ।

११७. वित्तीय समानीकरण अनुदान बढाउँदै जाने र सशर्त अनुदान घटाउँदै जाने रणनीति अनुरूप संबैधानिक दायित्व निर्वाह गर्न सशर्त अनुदान नपठाउने, यसको लागि विद्यालय शिक्षक र स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीको नयाँ दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्ने ।

११८. प्रदेशहरूले आफ्नो प्रदेशको विशिष्टकृत आर्थिक क्षेत्र वा उत्पादनको वस्तु तथा सेवा पहिचान गरी त्यसको उत्पादनमा केन्द्रिकृत हुनु पर्ने। आफ्नो प्रदेशमा व्यवसायिक वातावरण बनाउन प्रतिष्पर्धात्मक ढंगले लाग्नु पर्ने। यसको लागि प्रदेशलाई कानूनी आधार प्रदान गर्नु पर्ने।

बैंकिंग

११९. ब्याज अनुदान दिने गरी प्रवाह गरिने सहुलियत कर्जा प्रवाह गर्ने काम संघीय सरकारले नगरी स्थानीय तहले गर्न उपयुक्त हुने ।

१२०. बैकिङ प्रणालीका प्रशस्त तरलता रहेको र निजी क्षेत्रले कर्जा माग नबढाइ रहेको अवस्थामा सरकारले उच्च प्रतिफल दिने आयोजना तोकी पूर्वाधार वण्ड जारी गरेर लगानी गर्नुपर्ने । साथै, नेपाल विद्युत प्राधिकरणले जलविद्युत आयोजनाको लागि ऊर्जा बण्ड जारी गरेर लगानी गर्नु पर्ने ।

१२१. कर्जा सूचना केन्द्रको क्षमता विकास र आवश्यक कानुनी प्रवन्ध सहित व्यक्तिगत क्रेडिट स्कोरिङ निकाल्ने काम शुरु गर्ने । सबै खालका बैंक तथा वित्तीय संस्था र सहकारीहरूको पनि कर्जा सूचना एकिकृत ढंगले राख्ने र कर्जा प्रवाह गर्दा प्रभावकारी ढंगले प्रयोग गर्ने ।

१२२. उत्त्पादनमुलक उद्योग, साना तथा लघुउद्यम व्यवसाय र निर्यातकर्ताहरूलाई ३ देखि ५ वर्ष अवधिको स्थिर ब्याजदरमा कर्जा उपलब्ध हुने व्यवस्था गर्ने ।सो अनुरुपको नियामकीय व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने।

१२३. अर्थतन्त्रमा आफ्नै विशेषता भएका विभिन्न आर्थिक क्षेत्रहरू हुने गर्दछन् । तिनीहरूको उत्पादन चक्र, नगद प्रवाहको चक्र, र जोखिमको स्थिति फरक फरक हुने गर्दछ । कर्जा लगानी गर्दा अधिकेन्द्रित जोखिम नआउने गरी बैंकहरूले अर्थतन्त्रका फरक फरक क्षेत्रमा कर्जा लगानीको लागि विशिष्टता हासिल गर्ने।

१२४. बैकिङ क्षेत्र, निजी उद्यम व्यवसायी र सरकारको सहकार्यमा युवाहरूमा उद्यमशीलता विकासको कार्य गर्ने । यसले गर्दा नयाँ उद्यमीहरू सिर्जना हुने भै कर्जा माग बढ्ने । विद्यालय पाठ्यक्रममा उद्यमशीलता एवम् वित्तीय शिक्षा समावेश गर्ने ।

१२५. निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्ने गरेको निक्षेप र कर्जा बीमाको आकार बढ्दै गएको सन्दर्भमा उक्त संस्थाको सम्भावित जोखिम बहन गर्ने क्षमता अभिवृद्धि गर्नु पर्ने । बीमाको सिद्धान्त अनुरूप बीमा गर्ने, प्रिमियमको रकम पुनः बैंकको निक्षेपमा नै राख्दा बैंकमा समस्या आएमा बैंकका निक्षेपकर्ताको दायित्व भुक्तानी गर्न संस्थाले नसक्ने हुँदा कोषले लगानी विविधिकरण गर्ने, र पुनर्वीमा गर्ने व्यवस्था गर्ने।

१२६. पछिल्लो समय कर्जा असूली कमजोर भै निष्कृय कर्जा र गैर बैकिङ सम्पति बढि रहेको अवस्थामा सम्पति व्यवस्थापन कम्पनी स्थापनाको लागि कानूनी आधार बनाइदिने । यसको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा वा बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन २०५८ मा राख्न सकिने।

१२७. राष्ट्रिय परिचय पत्रलाई आधार मानेर eKYC को व्यवस्था गर्ने ।

१२८. अन्तर्राष्ट्रिय स्तरका नियमाकीय व्यवस्था र बैकिङ्ग प्रणाली संस्थागत सुशासन कायम गरी वित्तीय स्थायित्व कायम गर्ने । चालू पुँजी कर्जा मार्गदर्शनलाई विभिन्न आर्थिक क्षेत्रको प्रकृति अनुसार उपयुक्त हुने गरि परिमार्जन गर्ने ।

बिमा

१२९. बिमा कम्पनीहरूले लामो अवधिको वित्तीय साधन परिचालन गरेका तर लगानीको उपयुक्त वित्तीय उपकरण नपाएको स्थितिमा बीमा कम्पनी लक्षित गरी उच्च प्रतिफल दिने पूर्वाधार आयोजनाहरूले लागि पूर्वाधार वण्ड जारी गर्ने व्यवस्था गर्ने ।

१३०. बीमाको प्रिमियम शुल्क प्रतिष्पर्धात्मक रुपमा बजारमा निर्धारण हुने व्यवस्था गरी बीमाको दायरा बढाउने। बीमाको पहुँच बढाउन बीमा सम्बन्धि साक्षरता तथा ज्ञान बढाउन सबै सरोकारवाला लाग्नु पर्ने । बजार र ग्राहकको अवस्था अनुरुपका बीमा सेवाहरू (products) प्रदान गर्नुपर्ने ।

१३१. शहरी क्षेत्रमा घर निर्माणको नक्शा स्वीकृति गर्दा अनिवार्य रुपमा घरको बीमा गर्ने व्यवस्था गर्ने । बीमा प्रिमियम तिरेको रकम कर योग्य सम्पत्तिको मूल्य निर्धारण गर्दा घटाउने व्यवस्था गर्ने ।

१३२. जोखिम न्यूनीकरणको लागि पुनर्विमाको निश्चित हिस्सा विदेशी पुनर्विमा कम्पनीसंग गराउने व्यवस्था गर्ने।

१३३. बिमा प्राधिकरणले बीमा कम्पनीहरूसंगको सहलगानीमा बीमा एकेडेमी स्थापना गर्ने ।

१३४. बीमा प्राधिकरणको स्वात्तता, दक्षता, क्षमता र सुशासन बढाउन सरकारले सहयोग पुराउने ।

१३५. कृषि तथा पशु बीमा अनुदान संघीय तहबाट नभै स्थानीय तहबाट दिने व्यवस्था गर्नु उपयुक्त हुने ।

पुँजीबजार

१३६. पुँजीबजार सम्बन्धि जनचेतना जगाई पुँजीबजारबाट वित्तीय साधन परिचालन गरेर लगानी प्रर्वद्धन गर्नुपर्ने।

१३७. सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार हुने व्यवस्था तुरुन्त शुरु गर्नु पर्ने ।

१३८. दोस्रो बजारमा गैर आवासिय नेपालीलाइ कारोवार गर्न अनुमति दिने । यसको लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ दफा ९ र १० परिमार्जन गरी गैर आवासिय नेपालीको हकमा पुँजी लगानी कोष खडा नगरिकन व्यक्तिगत रुपमा नै गैर आवासिय नेपाली नागरिकता परिचय पत्रको

आधारमा कारोबार गर्न दिने व्यवस्था गर्ने । लगानीकर्ताले दोस्रो बजारमा सेयर खरीद गर्न भित्र्याएको रकमको एक वर्षमा दुई पटक पचास प्रतिशतसम्म रकममात्र फिर्ता लान सक्ने व्यवस्था गर्ने ।

१३९. धितोपत्र ऐन २०६३ मा संशोधन गरी धितोपत्र बोर्डको संरचना परिवर्तन गर्नु पर्ने । नेपाल चार्टर एकाउन्टेण्ट्स संस्था, नेपाल उद्योग वार्णिज्य संघको प्रतिनिधि र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सह सचिव राख्ने व्यवस्था हटाउनु पर्ने । हाल एक जना मात्र विज्ञ राख्ने व्यवस्था रहेकोमा परिवर्तन गरी दुई जना राख्ने व्यवस्था गर्ने ।

१४०. धितोपत्र कारोवारको लागि धितोपत्र व्यवसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने व्यवस्था गर्ने ।

१४१. पुँजीबजारको विस्तारसंगै नियमन र सुपरीवेक्षणलाइ प्रभावकारी बनाउन धितोपत्र बोर्डमा पर्याप्त जनशक्तिको व्यवस्था सहित कार्यक्षमता अभिवृद्धिको लागि स्वायत्ता प्रदान गर्ने ।

१४२. जलविद्युत कम्पनीहरूलाई उत्पादनमा शुरु गरे पछिमात्र प्राथमिक निष्काशन गर्न सक्ने व्यवस्था गर्ने।

१४३. सरकारी वित्तमा चाप परेको स्थिति र पुँजीबजार प्रति बढ्दो जनचासोसंगै इच्छुक लगानीकर्ताहरू रहेको सन्दर्भ सरकारी संस्थानहरूलाइ पब्लिक लिमिटेडमा परिवर्तन गरी निजी क्षेत्रलाइ शेयर बिक्री गर्नु पर्ने ।यस्ता सरकारी संस्थानहरूमा सरकारले ऋण लगानी गर्नुको सट्टा ऋणपत्र जारी गरेर लगानीको लागि वित्तीय साधन परिचालन गर्ने व्यवस्था गर्ने ।

१४४. ठूलो स्तरको सेयर कारोवारमा लाग्ने कारोवार शुल्क कम गर्ने ।

१४५. नेपाल स्टक एक्सचेन्जको पुनसंरचना गरी यसको पुँजीवृद्धिको संगै निजी क्षेत्रलाइ शेयर सहभागिता गराउनु पर्दछ। सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको पनि पुनःसंरचना गरी नेपाल स्टक एक्सचेन्जका अतिरिक्त अन्य संस्थाहरूलाइ पनि सेयर सहभागिता गराई पर्याप्त जनशक्ति सहित धितोपत्रको सुरक्षित डिपोजटरी सेवा दिने व्यवस्था गर्ने ।

१४६. वस्तु विनिमय बजार संचालनमा यथाशीघ्र ल्याउने । यसको लागि पब्लिक वेयरहाउजिङ ऐन ल्याउनु पर्ने।

१४७. निजी क्षेत्रका उत्पादनमुलक कम्पनीहरूलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न सहज पुराउन शेयर तथा वण्ड जारी गर्ने लागत घटाउनु पर्ने र प्रक्रिया सरलीकृत गर्नु पर्ने।

१४८. प्रिमियम र बुक विल्डिङ प्रक्रियाबाट शेयर निष्काशनको लागि पारदर्शी विधि बनाउने र यस सम्बन्धमा जनचेतना बढाउनु पर्ने ।

सहकारी

१४९. तत्कालको लागि तीनै तहका सरकारले नयाँ सहकारी संस्था र संचालनमा रहेका सहकारीहरूको शाखा खोल्न बन्द गर्ने।

१५०. सहकारी संस्थाका सम्बन्धमा सहकारी विभागले राष्ट्रिय तथ्याङ्क कार्यालयसंग सहकार्य गरेर सहकारीको विस्तृत तथ्याङ्क संकलन गर्ने।

१५१. एक भन्दा बढी शाखा खोली संचालनमा रहेका सहकारीहरूलाइ हिसाब राफसाफ गरी शाखा बन्द गर्न लगाउने।

१५२. स्थानीय स्तरमा कार्य क्षेत्र भएका सहकारीलाई समेत कर्जा लिन र बचत राख्न निश्चित सीमा (रु. २५ लाख) तोक्ने।

१५३. स्थानीय स्तरका सहकारीको नियमन र सुपरीवेक्षण गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने ।

१५४. समस्याग्रस्त सहकारीहरूको हिसाब राफसाफ गर्न समस्याग्रस्त सहकारी समस्या समाधान समितिलाई पर्याप्त जनशक्तिको व्यवस्था गर्ने । सानो स्तरको रु. ५ लाखसम्मको रकम फिर्ता गर्न उक्त समितिलाई सरकारले पछि फिर्ता आउने गरी रकम उपलब्ध गराउने।

१५५. सहकारीलाइ समस्याग्रस्त बनाउने संचालकहरूको पासपोर्ट रोक्का गरी विदेश जान प्रतिबन्धन लगाउने र तिनीहरूको सम्पति रोक्का राख्ने। त्यस्तै, सहकारीबाट कर्जा लिइ कर्जा अपचलन गर्ने व्यक्तिहरूको पनि पासपोर्ट एवम् सम्पति रोक्का गर्ने।

१५६. बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोर्लक क्षेत्र भन्दा बढी हुन नदिने गरी कानुनी व्यवस्था गने।

१५७. सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित सिंस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन् पाउने व्यवस्था गर्ने।

१५८. बचत तथा ऋण सहकारी संस्थाहरूमा एकल कर्जा सीमा (Single Obligor Limit) को कानुनी व्यवस्था गर्ने। तत्कालको लार्ग एकै व्यक्तिलाई एउटा वा एक भन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी सिंस्थाको कुल शेयर पुँजीको दश प्रतिशत भन्दा बढी हुन नदिने व्यवस्था गर्ने।

१५९. बचत तथा ऋण सहकारी संस्थाले आफ्नो प्रयोगका लागि बाहेक बिक्री गर्ने प्रयोजनका लागि जग्गा खरीद गर्न निषेध गर्ने कानुनी व्यवस्था गर्ने।

१६०. बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यको आवास विकासको लागि घर-आवास नभएका एक सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल सम्म (१००० वर्ग मिटरसम्म) मात्र जग्गा खरीद गर्न ऋण दिन सक्ने।

१६१. बचत तथा सहकारी संस्थाहरूले एकै उद्देश्य वा क्षेत्रमा कुल ऋण लगानीको २५ प्रतिशत भन्दा बढी गर्न नपाउने र कर्जा निक्षेप अनुपात अधिकतम ९० प्रतिशतसम्म मात्र हुन सक्ने गरी नियामकीय व्यवस्था गर्ने ।

वैकल्पिक वित्त

१६२. विदेशी लगानीमा आएका प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटलहरूलाइ द्विपक्षीय कर सम्झौता अनुरुप कर लाग्ने व्यवस्था गर्ने। यस्ता फर्महरूले जलवायु कोषहरूको रकम सहज रुप ल्याउन National Designated Authority ले सिफारिश दिने व्यवस्था गर्ने।

१६३. कर्मचारी संचय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले पनि केही हिस्सा प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी ती संस्थाहरूको लगानी सम्बन्धी कानूनी प्रावधानमा व्यवस्था गर्ने । बैंकहरूको लागि पनि यस्ता फर्महरूमा केही हिस्सा लगानी गर्न सक्ने गरी नियामकीय रुपमा सहज हुने व्यवस्था गर्ने ।

१६४. प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटलहरूमा विदेशी लगानी थप आउने गरी नियामकीय सहजता गर्ने । यसको लागि विशिष्टकृत लगानी कोष सम्बन्धी नियमावली संशोधन गर्नु पर्ने ।यस्ता संस्थाहरूलाई

सीमित दायित्वको साझेदारी फर्मका रूपमा दर्ता हुन सक्ने विकल्प दिन तुल्याउन सिमित दायित्व साझेदारी ऐन (एलएलपी) जारी गर्ने।

१६५. प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटलहरूलाई लगानीको समयावधि सकिसके पछि लगानीमा रहेको शेयर सहज ढंगले बिक्री गरी लगानी फिर्ता लैजान सक्ने व्यवस्था गर्ने । यसको लागि धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्च र कम्पनी रजिष्ट्रार कार्यलयबीच समन्वयत्मक भूमिका हुनु पर्ने ।

१६६. प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटलहरूको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले हालको एक वर्षबाट दुई वर्ष बनाउनु पर्ने ।

१६७. प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटलहरूको लागि विद्यमान कोष व्यवस्थापक शुल्क, दर्ता तथा निष्काशन शुल्क ५० प्रतिशतले घटाउने ।

१६८. विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनमा विदेशबाट विशिष्टकृत लगानी कोषमा गरिने लगानीलाई पनि विदेशी लगानीको रुपमा लिन सकिने व्यवस्था गर्ने ।

१६९. बैंक तथा वित्तीय संस्था ऐन परिमार्जन गरेर Peer to Peer Lending गर्ने संस्थाहरूलाइ अनुमति दिने व्यवस्था गर्ने । त्यस्तै, धितोपत्र ऐनमा Equity Crowdfunding को अनुमति दिन सक्ने व्यवस्था गर्ने ।कानूनी प्रावधान पश्चात यस सम्बन्धमा इजाजत नीति र नियामकीय व्यवस्था गर्ने।

१७०. डेरिभेटिभ बजारको विकासको लागि धितोपत्र बोर्डले आवश्यक पूर्वाधारहरू बनाउने ।

१७१. एन्जेल फाइनान्सिङ सम्बन्धी कानुनी र नियामकीय व्यवस्था गर्ने र सम्भावित एन्जेल लगानीकर्ताहरू दर्ता गर्ने व्यवस्था गर्ने। यस्ता लगानीकर्ताहरूले स्टार्ट अपमा लगानी गर्ने र जोखिम बहन गर्ने हुँदा यस्तो लगानीबाट प्राप्त आम्दानीमा १० प्रतिशत मात्र आयकर लाग्ने व्यवस्था गर्ने।

व्यवसायिक तथा लगानीको वातावरण

१७२. मूल्य नीतिमा निम्न सुधार प्रस्ताव गरिएको छः

(क) कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ खारेज गर्ने। यस ऐनमा रहेका अस्वस्थ बजार प्रतिस्पर्धा र उपभोक्ता हित संरक्षण सम्बन्धी प्रावधान हरू क्रमशः प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन र उपभोक्ता संरक्षण ऐनमा समावेश गर्ने ।

(ख) एकाधिकार हुन नदिई बजारमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी जुनसुकै व्यवसायले बिक्री गर्ने सेवा मुनाफाको अधिकतम प्रतिशत नतोक्ने ।

(ग) निकुञ्ज, संरक्षित क्षेत्र, पर्वतारोहण जस्ता पर्यावरण संरक्षणको दृष्टिकोणले प्रवेश संख्या नियन्त्रण गर्नु पर्ने क्षेत्रमा लाग्ने प्रवेश शुल्क बाहेक सबै व्यावसायिक सेवा वा वस्तुको मूल्यमा राष्ट्रियता वा अन्य पहिचानका आधारमा मूल्य विभेद निषेध गर्ने ।

(घ) वस्तु वा सेवाको उपभोक्ता मूल्यमा सबैले समान रूपमा पाउन सक्ने मूल्य वा परिमाणात्मक रियायत दिन पाउने तर बिक्री कारोबारसँग गाँसिएको चिट्ठा/उपहार दिन निषेध गर्ने (बहुसंख्यक उपभोक्तालाई उच्च मूल्य लगाएर केही सीमितलाई नगद वा चिट्ठा स्वरूपमा वस्तु उपहार दिनु गलत बजार विधि भएकाले) ।

(ङ) व्यावसायिक एकाधिकार प्राप्त निकायले बिक्री गर्ने सेवा वा वस्तु, सार्वजनिक हितसँग गाँसिएका सेवा वा वस्तुहरू 'विद्युत्, खानेपानी, औषधी, अत्यावश्यक वस्तु वा सेवा भनिएका सूचीकृत वस्तु वा सेवामा उपभोक्ता संरक्षण ऐन को दफा २१ मा उल्लेख भए बमोजिम मूल्य निर्धारणको मापदण्ड तोक्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्ने ।

(च) अत्यावश्यक वस्तु वा सेवाको मूल्य अस्वाभाविक रूपमा बढी राखिएको सूचना प्राप्त भएमा वा त्यस्तो शंका लागेमा मूल्य तय गर्दा लिएका आधार, लागत निर्धारण गर्न प्रयोग गरिएको विधि, खासगरी बहु-वस्तु उत्पादन वा बिक्री गर्ने व्यवसायले शिरोभार लागत बाँडफाँट गर्न लिएको आधार, प्रतिफल दरको औचित्य आदि विषय परीक्षण गर्ने अधिकार औषधी बाहेकका वस्तुमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई, औषधीको हकमा औषधी व्यवस्था विभागलाई, यातायात सेवाको हकमा यातायात व्यवस्था विभागलाई , हवाई सेवाको हकमा नागरिक उड्डयन प्राधिकरणलाई र अन्य वस्तु वा सेवाको हकमा सम्बन्धित नियामकीय निकायलाई दिने।

(छ) अत्यावश्यक वस्तु उत्पादन गर्ने उद्योगका लागत लेखा र मूल्य निर्धारणका सिद्धान्तहरू उपभोक्ता संरक्षण ऐन संशोधन गरी उल्लेख गर्ने र सम्बन्धित उद्योगहरूलाई पालना गर्न लगाउने।

१७३. सबै किसिमका व्यवसाय, प्राइभेट फर्म, साझेदारी, र कम्पनी एकै निकायमा दर्ता गर्ने एकल दर्ता निकाय कायम गर्ने। यसका लागि हालको कम्पनी रजिष्ट्रारलाई उपयुक्त अन्य कुनै नाम दिएर तोक्न सकिन्छ।

१७४. दर्ता सम्बन्धी सबै प्रक्रिया र आवश्यक कागजात बुझाउने काम अनलाइन गर्न सकिने गराउने।

१७५. व्यवसाय दर्ता प्रमाण पत्र र आयकर स्थायी लेखा नम्बर एकै साथै उपलब्ध हुने व्यवस्था गर्ने।

१७६. सबै प्रकृतिको व्यवसाय दर्ता गर्दा फर्मको स्वामित्व रहेका व्यक्तिको राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य रूपमा प्रयोग गर्ने। कम्पनीहरूको हकमा प्रवर्तकहरूको नम्बर प्रयोग गर्ने र कुनै खास परिचयपत्र नम्बरको स्वामित्वमा कति वटा व्यवसाय दर्ता छ भनेर प्रतिवेदन हुन सक्ने गरी प्रणाली विकास गर्ने।

१७७. व्यवसाय दर्ता गर्दा जुन नगरपालिकामा प्रधान कार्यालय भनेर दर्ता गरिएको हुन्छ, त्यो नगरपालिकालाई दर्ता भएको व्यवसायको विवरणमा अनलाइन उपलब्ध हुने गरी कम्प्युटर प्रणालीमा पहुँच दिने

१७८. सबै किसिमका व्यवसाय दर्ता निःशुल्क गर्ने।

१७९. आन्तरिक राजस्व कार्यालयको सूचना प्रणाली बाट कम्पनी रजिष्ट्रार कार्यालयको व्यवसाय दर्ता प्रणालीमा कर चुक्ताको विवरण स्वचालित रूपमा जाने गरी प्रणालीबीचको सम्बन्ध स्थापित गर्ने।

१८०. नवीकरण गर्नु पर्ने व्यवस्था हटाउने। आयकर दाखिला गरिरहेको छ भने व्यवसाय चलिरहेको छ भन्ने जानकारी स्वतः हुने व्यवस्था गर्ने।

१८१. यदि कुनै दर्ता भएको व्यवसायले आय विवरण पेस गर्नु पर्ने म्यादभित्र पेस गरेको छैन भने कम्पनी रजिष्ट्रारको अनलाइन प्रणालीबाट सम्बन्धित नगरपालिकालाई एलर्ट जाने व्यवस्था गर्ने।

१८२. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ खारेज गर्ने।

१८३. राजस्व अनुसन्धान विभाग खारेज गर्ने।

१८४. राजस्व अनुसन्धान विभागले गरि आएको विदेशी मुद्रा अपचलन सम्बन्धी अनुसन्धान स्वाभाविक रूपमा सम्पत्ति शुद्धीकरणको कसुर भित्र पर्ने भएकोले सम्पत्ति शुद्धीकरण विभागले यस विषयको अनुसन्धान गर्ने

१८५. गैरकर चुहावट नियन्त्रण गर्ने जिम्मा जुन सरकारी निकायले गैरकर संकल गर्ने हो सोही निकायलाई चुहावट नियन्त्रण गर्ने जिम्मेवारी दिने।

१८६. हाल राजस्व अनुसन्धान विभागले दायर गरेका वा तहकिकात गरिरहेका आन्तरिक राजस्व सम्बन्धी मुद्दा आन्तरिक राजस्व विभागलाई, भन्सार सम्बन्धी मुद्दा भन्सार विभागलाई र विदेशी मुद्रा अपचलन सम्बन्धी मुद्दा सम्पत्ति शुद्धीकरण विभागलाई हस्तान्तरण गर्ने।

१८७. भन्सार बाट छुटेको मालवाहक साधन गन्तव्यसम्म पुगे नपुगेको अनुगमन गर्ने अनलाइन प्रणाली आन्तरिक राजस्व विभागले सञ्चालन गर्ने र यस्तो मालवाहक सवारी साधन र कुनै व्यवसायले एक आन्तरिक राजस्व कार्यालयको क्षेत्राधिकार बाहिर अर्को आन्तरिक राजस्व कार्यालयको क्षेत्राधिकारभित्र व्यवसायीले कारोबार स्थान सार्दा स्टक ट्रान्सफरको मालवाहक सवारी साधनको अनुगमन आन्तरिक राजस्व विभागले गर्ने।

१८८. निगरानी गर्नु पर्ने ठानिएका मालवाहक सवारी साधन गन्तव्यमा पुगे पछि मात्र जाँचपडताल गर्ने, राजमार्गका ठाउँ ठाउँमा मालवाहक सवारीसाधन रोकेर जाँच गर्न बन्द गर्ने।

१८९. निर्यात गर्ने वस्तु ढुवानी गरेका मालवाहक सवारीसाधनलाई भन्सार विन्दुमा नपुगी रोक्ने र खानतलासी नगर्ने।

१९०. नेपाली नागरिक वा संगठित संस्थाले विदेशमा लगानी गर्न खुला गर्ने सम्बन्धमा निम्नानुसार सुधारका सुझाव प्रस्तुत गरिएको छ।

(क) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ असान्दर्भिक भएकोले खारेज गर्ने र विदेशमा लगानी गर्न पाइने क्षेत्रहरू, लगानीको सीमा, स्वीकृतिको विधि, नियमन गर्ने विधि आदि स्पष्ट पारिएको "विदेशमा गरिने लगानी नियमन गर्ने ऐन" जारी गर्ने।

(ख) आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ ले विदेशमा लगानी खुला गर्न गरेका प्रबन्धहरूका अतिरिक्त नेपालमा संचालन गरेको व्यवसायको वृद्धिमा सहयोग पुग्ने, अन्तर्राष्ट्रिय सञ्जालको लाभ प्राप्त हुन सक्ने, निर्यात विस्तारको आधार तयार हुन सक्ने, उद्योगको क्षमता विस्तारका लागि आवश्यक नविन प्रविधिमा पहुँच विस्तार गर्न सकिने, अत्यावश्यक कच्चा पदार्थ वा यन्त्र उपकरणको नियमित भरपर्दो स्रोत निर्माण गर्न सकिने, नेपाली दक्ष जनशक्तिको उपयोग गर्न सकिने व्यावसायिक गतिविधिमा विदेशी लगानी खुला गर्न निम्नानुसार गर्ने:

(१) वस्तु वा सेवा निर्यात गरेका फर्म वा कम्पनीले एक आर्थिक वर्षमा पछिल्लो तीन वर्षमा आर्जन गरेको सरदार वार्षिक निर्यात आम्दानीको २५ प्रतिशतसम्म विदेशमा विक्री शाखा खोल्न वा अर्धप्रशोधित सामग्री निर्यात गरी गन्तव्य मुलुकमा अन्तिम प्रशोधन गरी बिक्री गर्ने कारखाना खोल्न विदेशमा लगानी गर्न दिने।

(२) नेपालमा संचालनमा रहेका होटेल, रेस्टुरेन्ट र पर्यटन सेवा सम्बन्धी काम गर्ने कम्पनीलाई लगानी प्रस्तावको मुल्यांकन गरी कम्पनीको चुक्ता पुँजीको पचास प्रतिशतसम्म विदेशमा लगानी गर्न दिने।

(ग) निर्माण व्यवसायीहरूले विदेशको निर्माण ठेक्कामा भाग लिन आवश्यक बिड बन्डको रकम भुक्तानी गर्न र ठेक्का पाएको खण्डमा ठेक्का बापतको जमानत (पर्फर्मेन्स बोन्ड) र काम शुरू गर्नका लागि आवश्यक पर्ने बैंक जमानत दिने।

(घ) करमुक्त मुलुकहरू र लगानीको प्रतिफल, सम्पत्ति बिक्रीको रकम वा लगानी फिर्ता सहज तरिकाले गर्न नदिने मुलुकमा विदेशी लगानी गर्न स्वीकृति नदिने।

(ङ) नेपाली नागरिक, फर्म वा कम्पनीले विदेशी लगानी गर्न स्वीकृति पाएका मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता र द्विपक्षीय लगानी सम्झौता गर्ने।

(च) लगानी बोर्डलाई विदेशमा लगानी गर्न स्वीकृति दिने सचिवालयको रूपमा विकास गर्ने र स्वीकृति पाएका फर्म तथा कम्पनीहरूले गरेको लगानीको अनुगमन गर्ने जिम्मेवारी सुम्पने।

(छ) विदेशमा लगानी गर्न र लगानी गर्न पाउने रकम तथा लगानी विधिको स्वीकृति दिन नेपाल राष्ट्र बैंकका गभर्नरको संयोजकत्वमा सम्बन्धित निकायका प्रतिनिधि रहेको समिति गठन गर्ने।

(ज) हालसम्म विभिन्न स्रोत प्रयोग गरी विदेशमा कम्पनी वा फर्म स्थापना गरेका वा विदेशी कम्पनीको शेयर पुँजीमा लगानी गरेका नेपाली नागरिकहरूलाई स्वयम् घोषणा गर्न लगाई त्यस्तो लगानीलाई लगानी बोर्डमा सूचीकृत गर्ने व्यवस्था गर्ने।

(झ) नेपाली नागरिकले नेपालमै बसी कुनै विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा अन्य कुनै सेवा उपलब्ध गराए बापत कुनै विदेशी मुद्रा भुक्तानी नहुने गरी स्वेट शेयर लिन पाउने कानुनी व्यवस्था गर्ने।

(ञ) विदेशमा लगानी गर्न स्वीकृति पाएको फर्म वा कम्पनीले विदेशमा गरेको लगानीबाट गरेको कारोबार, वित्तीय अवस्था र लगानीसँग सम्बन्धित अन्य विवरण प्रत्येक छ महिनामा निर्धारित ढाँचामा लगानी बोर्डमा दिनु पर्ने व्यवस्था गर्ने।

(ट) विदेशमा लगानी गर्न स्वीकृति पाएको नेपाली नागरिक, फर्म वा कम्पनीले प्रत्येक वर्ष त्यस्तो लगानीमा आर्जन गरेको प्रतिफलको ५० प्रतिशत अनिवार्य रूपमा नेपाल फिर्ता गर्नु पर्ने व्यवस्था गर्ने। विदेशमा लगानी गर्दा पाएको परामर्श फी, रोयल्टी, प्राविधिक शुल्क शत प्रतिशत नेपाल फिर्ता गर्नु पर्ने व्यवस्था गर्ने।

(ठ) कुनै नेपाली नागरिक, फर्म वा कम्पनीले एक्लै वा एक भन्दा बढी नेपाली नागरिक फर्म वा कम्पनीले कुनै विदेशी कम्पनीको चुक्ता पुँजीमा ५० प्रतिशतभन्दा बढी हक कायम गरेको भए त्यस्तो कम्पनीलाई नेपालको कम्पनी ऐनका प्रावधान लागू हुने कुरा कम्पनी ऐनमा प्रबन्ध गर्ने।

(ड) विदेशमा लगानी गर्न स्वीकृति पाएको नेपाली नागरिक, फर्म वा कम्पनीले लगानीको दुरुपयोग गरेको पाइएमा सम्पत्ति शुद्धीकरण गरेको मानी कारबाही हुने कानुनी प्रबन्ध गर्ने।

१९१. पब्लिक कम्पनीको रूपमा संस्थापना भई नेपालको धितोपत्र बजारमा सुचिकृत कम्पनीलाई अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार गर्न निम्न अनुसार सुधार गर्नेः

(क) कम्पनी ऐनमा संशोधन गरी नेपालको धितोपत्र बजारमा सुचिकृत भएका कम्पनीहरूले तोकिएको प्रक्रिया पुरा गरी विदेशी धितोपत्र बजारमा सुचिकृत हुने गरी ग्लोबल डिपोजिटरी रिसिट जारी गर्न सक्ने व्यवस्था गर्ने

(ख) नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डले ग्लोबल डिपोजिटरी रिसिट जारी गर्ने कार्यविधी तर्जुमा गरी लागू गर्ने

१९२. **निम्न विशेषता भएको रिमोट वर्क नीति जारी गर्नेः**

(क) श्रम ऐनमा रोजगारीको प्रकारको कानुनी वर्गीकरणमा रिमोट वर्कर थप गर्ने,

(ख) रिमोट वर्करको रूपमा श्रम कार्यालयमा अनलाइन दर्ता हुन सक्ने व्यवस्था गर्ने (भारतमा लागू गरिएको इ-श्रम पोर्टल जस्तै) ।

(ग) नेपाली नागरिक र गैरआवासीय नेपालीले नेपालमा बसेर विदेशी कम्पनीको रिमोट वर्करको रूपमा काम गर्ने पाउने कानुनी व्यवस्था गर्ने ।

(घ) विदेशी कम्पनीको नियमित रोजगारीमा रही रिमोट वर्क गरेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले परिवर्त्य मुद्रामा वाणिज्य बैंकमा खाता खोल्न र त्यस्तो खातामा विदेशबाट रकम प्राप्त गर्न सक्ने।

(ङ) रिमोट वर्करले नेपालको सामाजिक सुरक्षा कोषमा योगदान गरी सहभागी हुन सक्ने व्यवस्था गर्ने।

(च) वैदेशिक रोजगारदाताले रिमोट वर्करको निवृत्तिभरण वा अवकास-सुरक्षाका लागि गर्ने मासिक योगदान नेपालको सामाजिक सुरक्षा कोषमा जम्मा गर्न सक्ने।

(छ) रिमोट वर्करका रूपमा विदेशको कम्पनीको नियमित रोजगारीमा रहेर प्राप्त गरेको तलव सुविधामा एकमुस्ट वार्षिक ५ प्रतिशत आयकर लगाउने।

(ज) विदेशी राहदानीबाहक गैरआवासीय नेपालीले रिमोट वर्करका रूपमा दर्ता हुन सक्ने

(झ) विदेशी राहदानीबाहक गैरआवासीय नेपालीले रिमोट वर्करको रूपमा काम गर्दा आर्जन गरेको विदेशी मुद्रा मध्ये बचत भएको रकम विदेश ट्रान्सफर गर्न चाहेमा लैजान सक्ने जसको लागि पूर्व स्वीकृति नचाहिने।

(ञ) रिमोट वर्कमा नियमित कामदार राख्न चाहने विदेशी कम्पनीहरूले कामदारसँग गर्ने करारको ढाँचा तोक्ने।

(ट) रिमोट वर्कमा नियमित कामदार राख्न चाहने कम्पनीहरूले कामदारलाई दिनु पर्ने गैर आर्थिक सुविधाहरू, जस्तै, विदा, विवाद समाधान, आदि सम्बन्धी प्रावधानहरू तोक्ने।

१९३. निम्न विशेषता भएको डिजिटल घुमन्ते सम्बन्धी नीति जारी गर्नेः

(क) मासिक १,५०० अमेरिकी डलर भन्दा बढी आम्दानी भएको वा २० हजार अमेरिकी डलर भन्दा बढी बैंक मौज्दातको प्रमाण र नेपालका अस्पतालमा गराएको उपचारको भुक्तानी हुन सक्ने एक लाख अमेरिकी डलर बराबरको स्वास्थ्य बीमा गराएको प्रमाणको आधारमा एक पटकमा पाँच वर्ष म्याद भएको बहु-प्रवेश डिजिटल घुमन्ते प्रवेशाज्ञा जारी गर्ने व्यवस्था गर्ने। यस्तो प्रवेशाज्ञा-वाहकको पति वा पत्नीलाई पनि प्रवेशाज्ञा प्रदान गर्ने।

(ख) डिजिटल घुमन्ते भिसाको म्याद ५ वर्षको भए पनि एक पटकमा अधिकतम एक वर्षको मात्र आवासीय स्वीकृत दिने।

(ग) डिजिटल घुमन्ते प्रवेशाज्ञा बाहकलाई नेपालको वाणिज्य बैंकमा परिवर्त्य मुद्राको खाता खोल्न दिने। त्यस्तो खातामा बचत रहेको रकम ५० हजार डलर भन्दा बढी भएमा बढी भए जतिको रकम जुनसुकै बेला पनि विदेशको बैंकमा ट्रान्सफर गर्न दिने। ५ वर्षको भिसा अवधि सकिए पछि भिसा नवीकरण नगराएमा बैंकमा मौज्दात बाँकी रहेको पुरै रकम लैजान दिने।

(घ) डिजिटल घुमन्तेले नेपालमा बसी काम गरेर आर्जन गरेको वैदेशिक आयमा यदि १८३ दिन वा सो भन्दा बढी नेपालमा निरन्तर बसेको हो भने एकमुस्ट ५ प्रतिशत आयकर लगाउने।

(ङ) डिजिटल घुमन्ते भिसाबाहकलाई सवारीसाधन आफ्नै नाममा खरीद गरेर दर्ता गर्न दिने र स्थायी आवास भएको मुलुकले जारी गरेको सवारी चालक प्रमाणपत्रलाई मान्यता दिने।

१९४. काठमाडौं, भरतपुर, पोखरा र लुम्बिनी क्षेत्रमा रिमोट वर्क तथा डिजिटल घुमन्तेलाई अनुकुल हुने गरी इन्टरनेट सञ्जाल विकास, सुविधासम्पन्न को-वर्किंग कार्यस्थल र अन्य भौतिक पूर्वाधार विकासमा लगानी गर्ने र निजी क्षेत्रलाई लगानीका लागि उत्प्रेरित गर्ने।

१९५. बजारको स्रोत विनियोजन कुशलतामा वृद्धि गरी उपलब्ध पुँजीको उत्पादकत्व बढाउन मूलतः तीन विषयमा सुधार आवश्यक छ। पहिलो हो प्रभावकारी बजार अनुसन्धान तथा सूचना प्रणालीको निर्माण। दोस्रो, एकै क्षेत्रमा लगानी केन्द्रित हुन नदिन उत्पादनशील लगानीका क्षेत्रहरू विविधीकरण। र, तेस्रो, उत्पादनशील लगानीमा कर्जा प्रवाह बढाउन बजारलाई मार्गदर्शन र व्याजदरमा सहुलियत। यी विषयहरूमा आधारित भएर सुधारका प्रस्तावहरू तल प्रस्तुत गरिएको छ।

(क) उत्पादनशील उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि सम्बन्धी बजार सूचना संग्रह गर्ने, विश्लेषण गर्ने, अनुसन्धान गर्ने र नियमित सूचना सम्प्रेषण गर्ने संस्थागत संयन्त्र तथा क्षमता राष्ट्रिय योजना आयोगले विकास गर्ने।

(ख) बजार अनुसन्धान र विश्लेषणका लागि विश्वविद्यालयहरूका अनुसन्धान निकायहरूको क्षमता वृद्धि गर्ने र त्यसका लागि सरकारी वित्तीय अनुदान प्रदान गर्ने।

(ग) माग र आपूर्तिको तथ्यांक विश्लेषण गरी आपूर्ति क्षमता अत्याधिक भएका उद्योगहरूमा लगानी निरुत्साहित गर्न राष्ट्रिय योजना आयोगले समय समयमा रेड फ्ल्यागिंग (Red Flagging) गर्ने। यस सम्बन्धी सूचना प्रवाह प्रभावकारी बनाउने। बैंक तथा वित्तीय संस्थाहरूलाई रेड फ्ल्यागिंग भएका क्षेत्रहरूमा ऋण लगानी गर्न निरुत्साहित गर्ने।

(घ) कम्तीमा ६० प्रतिशत कर्जा उत्पादनशील क्षेत्रमा प्रवाह हुने नीति लिने र सूचना प्रविधि, वैकल्पिक नवीकरण ऊर्जा विकास, बनस्रोतमा आधारित उद्योगका क्षेत्रमा बैंकिंग क्षेत्रबाट कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने।

(ङ) उत्पादनशील कर्जामा लगाउने व्याजदर उपभोग कर्जामा लगाइने व्याजदर कम्तीमा एक प्रतिशत विन्दुले कम गर्नु पर्ने नीति लिने।

(च) उत्पादनशील उद्योग र ठूला व्यावसायिक पूर्वाधार आयोजनालाई दीर्घकालीन ऋण उपकरण जारी गर्न सहज हुने कानुनी प्रबन्ध गर्ने र यस्ता ऋणपत्रको प्रत्याभूति (अन्डरराइटिंग) गर्ने संस्थाहरूको विकास गर्ने।

(छ) सूचना प्रविधिमा आधारित सेवा, सूचना प्रविधिका लागि आवश्यक यन्त्र-उपकरण उत्पादन, कृषि, बनस्रोत र खानीमा आधारित उद्योग, जलविद्युत, वैकल्पिक नवीकरणीय ऊर्जा, पर्यटन उद्योगमा लगानीका नयाँ अवसर सिर्जना गर्न आवश्यक आधारभूत व्यापारिक पूर्वाधार निर्माणमा सार्वजनिक लगानी र निर्माण क्षमता बढाउने।

कृषि

१९६. नेपालमा जग्गाको उपलब्धता र कृषि सम्भावनाको उच्च उपयोग गर्न भूमिलाई हिमाली क्षेत्र, चुरे क्षेत्र र तराई क्षेत्रका लागि पृथक **भुउपयोग योजना कार्यन्वयन** तयार गर्नुपर्ने।

१९७. कोल्ड स्टोरेज सुविधा, ग्रेडिङ र संकलन केन्द्र, कृषि सडक, कृषि बजार पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने। ग्रामीण सडक सञ्जाल र यातायात पूर्वाधारमा सुधार गरी बजारमा कृषि उत्पादनको ढुवानीलाई सहज बनाउने एवं उत्पादन र ढुवानी कुशलतापूर्वक गर्न ग्रामीण सङ्कलन केन्द्रहरू स्थापना गर्ने।

१९८. सरकारले न्यूनतम समर्थन मूल्य तोकेका वस्तुहरू खरीद गर्नुपर्ने अवस्था आएको खण्डमा खरीद गरिएको उत्पादनहरूको भण्डारण, बिक्री/वितरण सहज बनाउँन खाद्य तथा व्यापार कम्पनी लिमिटेडको स्वामित्वमा प्रत्येक प्रदेश केन्द्रमा र उत्पादन सघनताका आधारमा अन्य स्थानमा गोदाम घर र बिक्री कक्ष निर्माण गर्ने।

१९९. स्थानीयस्तरमा पालिकाले स्थानीय खाद्यान्न बैंक सञ्चालन गर्ने र किसानको कृषि उपज भण्डारण गर्न दिने व्यवस्था मिलाउने।

२००. निर्माणाधिन रानी जमरा कुलरिया, बवई जस्ता आयोजना यथाशक्य छिटो सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्ने, सिँचाइको उच्च संभावना भएको स्थानमा सतह सिचाई प्रणाली विस्तार गर्ने, पानी सञ्चयका लागि पोखरी र ताल निर्माण गर्ने, अन्तर जलाशय स्थानान्तरण योजना अघि बढाउँने।

२०१. तराईको जमिनको संरक्षण चुरे क्षेत्रको संरक्षण र सिचाईको संभावना उपयोग गर्न चुरे क्षेत्र संरक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाउँने। थोपा सिँचाई, स्प्रिङ्कल-सिँचाई प्रवर्द्धनका लागि किसानलाई अनुदान प्रदान गर्ने। सिँचाई प्रणालीको नियमित मर्मत सम्भार र विपद्जन्य घटनाका कारण क्षतिग्रस्त सिचाई प्रणालीको मर्मतका लागि छुट्टै कोष खडा गर्ने।

२०२. प्रमुख प्रमुख कृषि बालीहरू, धान, मकै, गहुँ, चिया र अलैंचीको लागतका आधारमा प्रत्येक वर्ष सो बाली लगाउने सामान्य समयको कम्तीमा पन्ध्र दिन पहिले राष्ट्रिय समर्थन मूल्य तोक्ने। यसका लागि एउटा चक्रबर्ति कोष खडा गर्ने उक्त कोषमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्रत्येक वर्ष रकम जम्मा गर्दै जाने व्यवस्था गर्ने। त्यसैगरी कृषकलाई मूल्य स्थिर गर्न र किसानहरूलाई आफ्नो कृषि उपजको मूल्य सुनिश्चितता प्रदान गर्न अनुबन्ध (करार) खेती र बाली लगाउनु पूर्व बजारको माग अनुरूप अनुबन्धहरूको प्रवर्द्धन गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने।

२०३. किसानहरूको मोलतोल गर्ने क्षमतालाई बलियो बनाउन प्रमुख बजार केन्द्रहरूमा किसान सहकारी र स्थानीय तहको सहकार्यमा बिक्री केन्द्र स्थापना गर्ने। बजार सम्बन्धी सूचना र जानकारीमा पहुँच पुर्याउन मोबाइल एप्स, एसएमएस र अन्य माध्यमबाट किसानहरूलाई मूल्य, माग र आपूर्तिको तथ्याङ्क उपलब्ध गराउने सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने। अनुबन्ध खेती (करार खेती) प्रवर्द्धन गर्ने।

२०४. कृषि बजार नियमन ऐन जारी गर्ने। मध्यस्थकर्ताहरूको नियमन गर्न दर्ता गर्नु पर्ने कानुनी व्यवस्था गर्ने।

२०५. निर्वाहमुखी र साना किसान तथा सिमान्तकृत समुदायका किसानहरूलाई वित्तीय साधनमा पहुँच अभिवृद्धि गर्न बैक तथा वित्तीय संस्थाले कृषकका सहकारीलाई थोक कर्जा उपलब्ध गराउने र सहकारी मार्फत किसानलाई कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने।

२०६. किसानलाई क्रेडिट कार्ड जारी गर्ने र त्यसबाट कर्जा लिन सक्ने व्यवस्था मिलाउने। साथै, किसानलाई आफ्नो उत्पादन गोदाम घर र भण्डारण गृहमा राखे पछि सम्बन्धित सञ्चालकबाट जारी हुने निस्सा (गोदाम रसिद)को आधारमा वित्तीय क्षेत्रबाट कर्जा प्रवाह हुने व्यवस्था मिलाउने। कृषि विकास बैंकलाई कृषि क्षेत्रमा लगानी गर्ने विशिष्टिकृत संस्थाको रूपमा विकास गर्ने।

२०७. धेरै विषय घोषणा गरेर कार्यन्वयनमा फितलो देखिनु भन्दा सार्वजनिक स्रोतले धान्ने गरी कार्यक्रम घोषणा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। हाल सम्म कृषि लघु-बिमामा सरकारले व्यहोर्ने गरी घोषणा गरिएको कार्यक्रमको लागि निकासा हुन बाँकी रकम यथाशक्य छिटो निकासा दिने।

२०८. सरकारबाट किसानहरूलाई प्रदान हुने अनुदानलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राज्य सुविधा परिचय पत्रको प्रयोग गर्ने ।यसरी प्रदान गरिएको राज्य सुविधा परिचय पत्रलाई राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी दोहोरो नपर्ने व्यवस्था गर्ने। उक्त राज्य सुविधा परिचय पत्रका आधारमा मल, बीउ, कर्जा तथा अन्य सुविधा प्रदान गर्ने। निर्गत (input) मा आधारित अनुदानलाई उत्पादन र कार्यसम्पादनमा आधारमा दिने व्यवस्था गर्ने। अनुदान एकद्वार प्रणाली मार्फत स्थानीय तहबाट मात्र प्रदान गर्ने।

२०९. कृषकहरूलाई ब्याजदरमा सहुलियत प्रदान गर्न संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकमा कृषक कल्याणकारी कोष स्थापना गर्ने। यसमा सदस्य किसानबाट सदस्यता शुल्क र वार्षिक शुल्क जम्मा गर्ने र केही वर्षसम्म तीनै तहले वार्षिक बजेटबाट रकम निकासा गर्ने।

२१०. बाझो कृषि जमिन उपयोग गर्न भूमि ऐनमा व्यवस्था भए बमोजिम भूमि बैंकको अवधारणा कार्यान्वयनमा ल्याउन आवश्यक कानूनी प्रबन्ध गर्ने। साथै, जग्गा बाँझो राख्ने प्रवृत्ति न्यून गर्न बाँझो जग्गामा अतिरिक्त कर लगाउने।

२११. निर्यातजन्य उत्पादनको गुणस्तर नियन्त्रणका लागि आवश्यक मापदण्ड विकास गर्ने। निर्यातजन्य कृषि उपजको उत्पादनमा संलग्न कृषकहरूको क्षमता अभिवृद्धि गर्ने। सेनेटरी र फाइटोसेनेटरी मापदण्ड र बजार पहुँच सम्बन्धी जानकारी प्रदान गर्न कृषकलाई गुणस्तर नियन्त्रण र फसल पछि ह्यान्डलिङ अभ्यास बारे तालिम प्रदान गर्ने व्यवस्था मिलाउने।

२१२. निर्यातजन्य बालीको सघनताका आधारमा प्रयोगशाला र प्रशोधन केन्द्र स्थापना गर्ने। कृषि क्षेत्रमा वैदेशिक लगानी खुला गर्ने।

२१३. कृषि उपजको अन्तर्राष्ट्रिय बजारमा पहुँच स्थापित गर्न आवश्यक जैविक प्रमाण पत्र जारी गर्ने संस्थागत प्रबन्ध गर्ने।

२१४. अन्तर्राष्ट्रिय मानदण्ड अनुरूपको नेपाल प्रत्यायन केन्द्र स्थापना गरी प्रयोगशालालाई प्रत्यायन गर्ने व्यवस्था मिलाउने।

२१५. चिया, अलैंची, अदुवा, सुन्तला, अकबरे खुर्सानी जस्ता उच्च निर्यात संभावनयुक्त कृषि उपजहरूको भौगोलिक पहिचान (Geographical Indication) कायम गर्ने ।

२१६. प्रमुख भन्सार विन्दुहरूमा प्रयोगशालाहरूको स्तरोन्नति गर्ने । भन्सार विन्दु र अन्तर्राष्ट्रिय तथा प्रमुख आन्तरिक विमानस्थलमा स्यानिटरी र फाइटोस्थानिटरी मापदण्ड पालना हुने गरी शीत भण्डार स्थापना तथा ढुवानीका लागि डेडिकेटेड कोरिडर विकास गर्ने।

२१७. आयात हुने कृषि उपजको भन्सार महसुल वृद्धि गर्ने। कृषि वस्तुको आयात अनुमतिपत्र जारी गर्ने व्यवस्थामा गैर भन्सार उपाय (non-tariff measures) खासगरी कृषि र वनस्पति तथा पशुको आयात अनुज्ञापत्र जारी गर्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशुसेवा विभाग र प्लान्ट क्वारेन्टिन कार्यालय मार्फत कडाइ गर्ने। आयात हुने कृषि उपजको गुणस्तरको मापदण्ड जारी गर्ने। कृषि उपजको आयात प्रयोगशाला रहेका ठूला भन्सार विन्दुबाट मात्र गर्न पाउने व्यवस्था गर्ने।

२१८. कृषि अनुसन्धान परिषदको पुनर्संरचना गरी सरकारको कृषि अनुसन्धान विभागको रूपमा स्थापना गर्ने। पशु विज्ञान अनुसन्धान, बागवानी अनुसन्धान, मत्स्य अनुसन्धान केन्द्र स्थापना गर्ने। कृषि अनुसन्धानमा बजेट वृद्धि गर्नु पर्ने।

२१९. मुस्ताङ लगायतका उच्च हिमाली क्षेत्रमा २५०० मिटरभन्दा माथि जैविक मल प्रयोग गरि उत्पादन हुने उच्च पौष्टिक गुण भएका कृषिजन्य उत्पादनलाई हिमायलन सुरपरफुडको ब्राण्डिङ् गरी निर्यात प्रवर्द्धन गर्ने।

२२०. कृषि तथा कृषिजन्य उद्योगमा निजी क्षेत्रको लगानी उल्लेख अभिवृद्धि गर्न सरकारले उच्च प्राथमिकताका आधारमा आवश्यक पूर्वाधार निर्माण गर्ने र निजी क्षेत्र मैत्री लगानी नीति अवलम्बन गर्ने।

वन

२२१. धुवाँ रहित चुल्होको उपयोग व्यापक रूपमा बढाउन प्रत्येक वर्ष पेट्रोलियम पदार्थमा संकलित करको निश्चित प्रतिशत रकम धुवाँ रहित चुल्हो जडान गर्न वार्षिक बजेटमा विनियोजन गर्ने व्यवस्था गर्ने।

२२२. सामुदायिक वन क्षेत्रमा वन कुखुरा, कालिज, जरायो, बनेल जस्ता मासुजन्य पशुपन्छी पालनमा सरल व्यवस्था गर्ने।

२२३. तीन तहकै सरकारले काठ र काठजन्य सामग्रीको प्रयोग गर्नु परेमा अनिवार्य रूपमा स्वदेशी काठ र काठजन्य सामग्रीको प्रयोग गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने। साथै, सार्वजनिक निकायले भवन निर्माण गर्दा ढोका, झ्यालमा अनिवार्य रूपमा काठ प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने।

२२४. कत्था उद्योग, रोजिन टर्पेन्टाइन उद्योगमा वातावरणीय प्रभाव मूल्याङ्कन सरल बनाउने। प्लाइउड भेनिष्ता, लोक्ता उद्योग, वेत बाँसका सामग्री जस्ता वनजन्य उत्पादनमा आधारित उद्योगहरूमा कर छुट र यस्ता सामग्रीको आयातमा कर अभिवृद्धि गर्ने।

२२५. प्रत्येक गाँउपालिकामा एक चरन क्षेत्र स्थापना र विकास गर्ने उक्त क्षेत्रलाई हरित र खुला क्षेत्रको रूपमा तोक्ने।

२२६. राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रसँग सिमाना जोडिएका पालिकामा वन्यजन्तुबाट पीडित नागरिकलाई राहत दिन द्रुत राहत कोष र उद्धार केन्द्र स्थापना गर्ने।

२२७. काठको गुणस्तरमा अभिवृद्धि गरी खेर गएको काठको सदुपयोग गर्न प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा निजी लगानीमा काठ सिजनिङ उद्योग स्थापना गर्ने।

२२८. सामुदायिक वनको काष्ठ तथा गैर काष्ठ उत्पादनको बिक्रीबाट प्राप्त आयबाट प्राप्त रकमबाट वनको विकास संरक्षण र व्यवस्थापन कार्यकम खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनिकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च भई बाँकी हुने रकम मध्ये दश प्रतिशत उपभोक्ता समूहको खातामा राखि अन्य रकम तिनै तहको सरकारमा बाँडफाँट हुने व्यवस्था गर्ने।

२२९. जडीबुटी र आयुर्वेद औषधिको कच्चा पदार्थको रोयल्टी महँगो हुँदा चोरी निकासी बढेकोले रोयल्टीको दर घटाउने।

२३०. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको लागि समेत रकम वन विकास कोषमा बुझाउनु पर्ने व्यवस्था हटाउने।

२३१. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा परियोजनाले प्रयोग गर्ने वन क्षेत्र र कटान गरिने रूखहरूको विवरण स्पष्ट रूपमा उल्लेख गरी स्वीकृति लिइसकेपछि पनि पुनः वन क्षेत्रको जग्गा र रूखहरूको नाप जाँच गरी मन्त्रालय, वन विभाग, डिभिजन वन, सव-डिभिजन वन, सामुदायिक वन लगायत विभिन्न निकायहरूमा स्वीकृत गराउनु पर्ने कारण प्रक्रिया अनावश्यक रूपमा जटिल र लामो हुने भएकोले एक पटक EIA स्वीकृत भइसकेपछि परियोजनालाई आवश्यक वन क्षेत्र प्रयोग गर्न सिधा अनुमति प्रदान गर्ने व्यवस्था गर्ने।

२३२. वन नियमावली, २०७९" को नियम ९० बमोजिम प्राप्त गरिएको जग्गाको सट्टा भरपाई गर्न नियम ९१ र ९२ अनुसार जग्गा प्रदान गर्नुपर्ने तथा नियम ९३ अनुसार आवश्यक रकम जम्मा गर्नुपर्ने व्यवस्थाका कारण परियोजनाले पहिलो चरणमा क्षतिपूर्तिको लागि आवश्यक जग्गा आफ्नै नाममा खरीद गर्नुपर्ने र त्यसपछि मात्र उक्त जग्गा सरकारलाई हस्तान्तरण गर्न सकिने व्यवस्थाले परियोजना निर्माणमा ढिलाइ हुने अवस्था रहेको। साथै परियोजनाले आवश्यक जग्गा उपलब्ध गराउन सकेन भने, वैकल्पिक रूपमा प्रमुख जिल्ला अधिकारी, नापी कार्यालय प्रमुख, मालपोत कार्यालय प्रमुख लगायतका विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित समिति गठन गर्नुपर्ने प्रावधानले प्रक्रिया जटिल र लामो हुने हुँदा परियोजनाको अनुमोदन प्रक्रियामा थप ढिलाइ हुने भएकोले यस सम्बन्धमा क्षतिपूर्ति उपलब्ध गराउने वैकल्पिक व्यवस्था गर्ने।

२३३. वन नियमावली, २०७९ को नियम ९३ बमोजिम, परियोजनाले क्षतिपूर्ति स्वरूप रकम तिर्दा वन क्षेत्र प्रयोगका लागि आवश्यक जग्गाको मूल्य र कटान गरिने रूखहरूको मूल्य दुबै रकम रूपमा सरकारलाई जम्मा गर्नुपर्ने व्यवस्थाका कारण यसले परियोजनाहरूमा अत्याधिक आर्थिक भार पर्ने र कार्यान्वयन प्रक्रियामा ढिलाइ हुने समस्यालाई व्यावहारिक बनाउन वृक्षारोपणको अनुपात १:२ तथा हेरचाह अवधि २ वर्ष कायम गर्नु उपयुक्त हुने।

२३४. वातावारण प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेपछि र जग्गा भोगाधिकार दिँदा एकपटक रूखहरूको नापजाँच गरि सकिएको भए पनि कटान अघि पुनः नापजाँच गरी स्वीकृति लिनुपर्ने प्रावधान रहेकोले अनुमोदन प्रक्रिया अनावश्यक रूपमा जटिल र ढिलो हुने गरेको छ। कतिषय अवस्थामा स्वीकृति प्रक्रियामा नै २-३ वर्ष लाग्ने र सोही अवधिमा साना रूखहरू ठूलो भई नापजाँच विवरण नमिल्ने समस्याले थप प्रशासनिक झन्झट र ढिलाइ उत्पन्न हुने हुँदा यो समस्या हटाउन, एक पटक स्वीकृत भएका रूखहरूको विवरणलाई अन्तिम रूपमा मान्यता दिई, पुनः नापजाँच गर्नु नपर्ने व्यवस्था गर्ने।

२३५. छातीको उचाईभन्दा तल एउटै ट्रंकबाट विभाजित भएका रूखहरूलाई तिनको हाँगाको संख्या अनुसार छुट्टाछुट्टै रूखको रूपमा गणना गर्ने प्रावधान रहेकोले रूख कटानको संख्या अनावश्यक रूपमा बढाउने हुँदा यसलाई व्यवहारिक बनाउन रूख गणनाको स्पष्ट मापदण्ड निर्धारण गरी मूल रूखलाई नै आधार मानेर गणना गर्ने प्रणाली लागू गर्नु उपयुक्त हुने ।

२३६. कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरूपमा केही परिवर्तन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधानको सट्टा संरचना स्थानान्तरण र वन क्षेत्र थप गर्नुपर्ने अवस्थामा मात्र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्राबधान राख्नु उपयुक्त हुने।

२३७. जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि तर्जुमा गरिएको राष्ट्रिय जलबायु अनुकूल योजना बनाउने तीनै तहका सरकारले समन्वयात्मक ढंगले कार्यान्वयन गर्ने।

२३८. सम्मानित सर्वोच्च अदालतबाट बागमती र यसका सहायक नदी किनाराको मापदण्ड २० मिटर बढाउने सर्वोच्च अदालत फैसला बमोजिम हालसम्म कुनै संरचना नबनेका खालि क्षेत्रलाई वातावरणीय र शहरी सौन्दर्यको दृष्टिकोणका आधारमा ऐनको दफा ३० बमोजिमको खुला र हरियाली क्षेत्र कायम गर्ने।

२३९. राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने, दैनिक १० टन भन्दा बढि प्राङ्गारिक मल उत्पादन गर्ने उद्योगको स्थापना गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने विषयलाई सरल बनाउन उपयुक्त हुने।

२४०. वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ बमोजिम सबै खालका आयोजनामा तयार हुने वातावरणीय अध्ययन प्रतिवेदन एउटै ढाँचा र प्रक्रियाको रहेकोले आयोजनाको प्रकृति अनुरूप प्रकृया फरक-फरक हुनु उपयुक्त हुने।

२४१. वातावरण संरक्षण ऐन, २०७६, दफा ५ बमोजिम परियोजनाको क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको तथा दफा ७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने प्रावधानले परियोजनाको स्वीकृतिमा अनावश्यक ढिलाइ हुने गरेकोले यस प्रणालीलाई हटाई एकल प्रक्रिया लागू गर्नु आवश्यक छ। जसमा क्षेत्र निर्धारण, कार्यसूची प्रतिवेदन, र वातावरणीय अध्ययन प्रतिवेदन एकै पटक मूल्यांकन गरी एकल स्वीकृति प्रणाली (Single Approval System) बाट स्वीकृति दिने व्यवस्था गर्नु उपयुक्त हुने। साथै, एकीकृत वातावरणीय मूल्यांकन प्रक्रिया (Integrated Environmental Assessment Process) लागू गरी सम्बन्धित निकायहरूले एउटै चरणमा निर्णय गर्ने व्यवस्था मिलाउने।

२४२. वातावरण संरक्षण नियमावली, २०७७ का नियम ४, ५, ६, ७, ८, र ९ मा प्रावधानहरूका कारण अनुमोदन प्रक्रिया लामो रहेको छ। सार्वजनिक सुनुवाइ सम्पन्न गरिसकेपछि पनि FGD (Focus Group Discussion), KII (Key Informant Interview) गर्नुपर्ने, सम्बन्धित निकाय, स्थानीय तह र वडा कार्यालयमा सात दिनको सूचना टाँसी राय सुझाव संकलन गर्नुपर्ने जस्ता दोहोरिएका प्रक्रियाहरूले स्वीकृति प्रक्रियालाई अनावश्यक रूपमा लम्ब्याउने हुँदा दोहोरिएका चरणहरूलाई हटाई संक्षिप्त र प्रभावकारी प्रक्रिया अपनाउनु उपयुक्त हुने।

२४३. निजी र सामुदायिक बनबाट संकलित बन पैदावार घरायसी वा व्यावसायिक प्रयोजनका लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसार पसार गर्दा जुन स्थानीय तहबाट संकलन भएको हो सो स्थानीय तहको स्वीकृति भए पुग्ने गरी प्रक्रिया सरलीकरण गर्ने (बन ऐनको दफा ३६ मा संशोधन गरेर)

२४४. समुदाय तथा सम्बन्धित स्थानीय तहको सहभागितामा विद्युत प्रसारण लाइन मुनिको जग्गा कृषि बनको रूपमा उपयोग गर्ने कार्यक्रम संचालन गर्ने।

२४५. सुगन्धित तेल, लामो रेशाका कपडा, जडीबुटी तथा सुगन्धित वनस्पति, लोक्ताबाट बनेको हाते कागज तथा रोजिन एण्ड टर्पेन्टाइनको कच्चा पदार्थको स्रोत तथा निर्यात समेतका विषयहरू समावेश गरी नियमावली जारी गर्नुपर्ने।

२४६. जडीबुटी संकलन तथा प्राथमिक भण्डारणका लागि जडीबुटी उत्पादन हुने क्षेत्रमा भण्डारण गृह निर्माण गर्ने र सात वटै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा जडीबुटी तथा सुगन्धित तेल प्रशोधन केन्द्र स्थापना गर्ने।

जमिन तथा खानी

२४७. व्यवसायिक कृषि, उत्पादनमुलक उद्योग र पर्यटन उद्योगको लागि सहुलियत रूपमा लामो समयको लागि लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने ।

२४८. जग्गाको मूल्य वार्षिक एकल अंक भन्दा बढी बढ्न नदिने गरी भूमि व्यवस्थापन गरी आवश्यकता परेको अवस्थामा जग्गा उपलब्ध गराउने व्यवस्था गरिनु पर्ने ।

२४९. वातावरण सन्तुलन कायम गर्दै नदी तथा खोला क्षेत्र, वोटविरुवा नभएका पहाडहरू छनोट गरी निर्माण सामाग्री उत्पादनको लागि क्षेत्र तोक्ने र आन्तरिक आवश्यकता पुरा गरेर निर्माण सामाग्री निर्यात गर्ने व्यवस्था गर्ने ।

२५०. पुनः दोहोरिन नदिने गरी दिगो रूपमा समाधान हुने गरी सुकुमबासी र अव्यवस्थित वस्तिहरूको समस्या समाधान गर्नु पर्ने । भूमि सम्बन्धी ऐनको आठौं संशोधन अनुरूप अव्यवस्थित वस्तिहरूलाई एक पटक केही रकम लिएर जग्गा व्यवस्थापन गर्दा नियमित ढंगले सम्पत्ति कर लगायत करहरू संकलन हुन सक्ने हुन्छ। उनीहरूले उक्त जग्गा धितो राखेर कर्जा लिएर व्यवसाय गर्न सहयोग पुग्ने हुन्छ ।

२५१. रेलवे, जलविद्युत, लगायतका भौतिक पूर्वाधार निर्माणको लागि रोक्का राखेको जग्गाको मुआब्जा दिई अन्य क्षेत्रमा जग्गा खरीद गर्न सहजता प्रदान गर्ने ।

२५२. खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढि रहेको तर खेती गर्न चाहने व्यक्तिहरूले सजिलै जग्गा पाउन नसकिरहेको स्थितिमा स्थानीय तहमा (नसकिएमा सुरुमा जिल्ला तहमा) भूमि बैंक स्थापना गरी संचालनमा ल्याउनु पर्ने । यसले किसानलाई आवश्यक सहयोग पुराउनुको अतिरिक्त सरकारी र सार्वजनिक जग्गाहरूको संरक्षण र यस्ता जग्गाहरूको उत्पादनमुलक उपयोग ल्याउने कामको जिम्मा दिन सकिने। सार्वजनिक निजी साझेदारीमा भूमि बैंक स्थापना गर्न सकिने । उक्त बैकलाई हैसियत विर्ग्रेको, बाँझो, नदी उकास, ऐलानी र पर्ती जग्गाहरूको उत्पादन क्षमता हेरी कृषि उत्पादनमा प्रयोग गर्न सक्ने अधिकार प्रदान गर्ने । प्रयोगमा नरहेका सरकारी तथा सार्वजनिक जग्गा र बाँझो रहेका व्यक्ति विशेषको स्वामित्वका रहेका जग्गाहरू समेत उपयोग गरी भूमिको उत्पादन र उत्पादकत्व बढाउन भूमि बैंकलाई प्रयोग गर्न सकिने।

२५३. भूमि बैंकको व्यवस्था नहुन्जेल कुनै जग्गाधनीले आफ्नो निजी जग्गा लीजमा दिन चाहेमा स्थानीय तहमा अभिलेख राखी, लिने दिनेको अधिकारको सुरक्षाको प्रत्याभूति हुने गरी कानुन बमोजिम जग्गा लिज/करारमा दिने व्यवस्था गर्ने।

२५४. भूमिसँग सम्बन्धित नीतिहरू एकीकृत गरी एकीकृत भूमि व्यवस्थापन ऐन तर्जुमा गर्नुपर्ने ।

२५५. भू-उपयोगका क्षेत्रअनुसार छुट्टाछुट्टै हदबन्दी कायम गर्नुपर्ने। जनसंख्या वृद्धिदर ऋणात्मक भएका पहाडी जिल्लाहरूमा कृषि प्रयोजनको लागि जग्गाको विद्यमान हदबन्दी सीमा हटाउने ।

२५६. कृषि अनुदान दिँदा कृषि क्षेत्रमा वर्गीकरण भएको जग्गाधनी प्रमाण पूर्जा र कृषक परिचय पत्रको आधारमा मात्र दिने ।

२५७. मालपोत ऐनमा भएको व्यवस्था अनुरूप घरजग्गा व्यवसायको लाइसेन्स लिएर मात्र घरजग्गा कारोबार गर्नु पर्ने व्यवस्था कार्यान्वयन गर्ने ।

२५८. भू-उपयोग नीति २०७२ र राष्ट्रिय भूमि नीति २०७५ ले उल्लेख्य गरेका रणनीति र कार्यनीतिहरूको कार्यान्वयन गरिनु पर्ने ।

२५९. राष्ट्रिय भूमि नीति २०७५ ले अवलम्बन गरेको वन क्षेत्रको संरक्षण गदै सरकारी र गुठी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय संचालनका लागि लिजमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याउने ।

२६०. एक भन्दा बढी आवास इकाई रहेको भवन (एकतले वा बहुतले) का आवास इकाई धनीहरुको स्वामित्व तथा अधिकारलाई कानुनद्वारा सुरक्षित गर्ने ।

२६१. भू-उपयोग ऐन २०७६ र नियामावली २०७९ को कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरी तीन तहका सरकारबीच समन्वय गरी कार्यान्वयन क्षमता बढाउनु पर्ने ।

२६२. स्पष्ट र प्रभावकारी खानी नीति बनाउनु पर्ने ।

२६३. संघीय संरचना बमोजिम खानी सम्बन्धमा नयाँ ऐनको तर्जुमा गरिनु पर्ने । साथै, नयाँ नियमावली ल्याउनु पर्ने ।

२६४. खानीको अन्वेषण र उत्खनन कार्यलाई गति दिन खानी तथा भूगर्भ विभागको क्षमता र दक्षता अभिवृद्धि गर्ने ।

२६५. खानी सम्बन्धमा नेपालका विश्वविद्यालयहरूमा उच्चस्तरीय जनशक्ति उत्पादन गर्न अध्ययन अध्यापनको व्यवस्था हुनुपर्ने ।

२६६. खानी क्षेत्रमा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गरी लगानी बढाउने र प्रविधि हस्तान्तरण गर्ने। खानी क्षेत्रमा विदेशी र घरेलु लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार पार्नु पर्ने। यसका लागि प्रोत्साहन उपायको रूपमा कर छुट, र अन्य सुविधाहरू प्रदान गर्नु पर्ने।

२६७. खानी उत्खननका क्रममा वातावरणीय प्रभावलाई न्यूनतम राख्नुपर्ने। यसका लागि उचित वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र वातावरणीय व्यवस्थापन योजना (EMP) लागू गर्नुपर्ने।

२६८. खानी उत्खननका परियोजनाहरूबाट प्रभावित समुदायसँग समन्वय र संवादका साथै यिनीहरूको सहभागिता बढाउनु पर्ने। जसले गर्दा सामाजिक असन्तुष्टी र विवादहरूलाई कम गर्न मद्दत पुग्ने।

२६९. वातावरण र पर्यावरणीय सन्तुलन कायम गर्दै वन क्षेत्रबाट निर्माण सामाग्रीहरूको उत्खनन गरी आन्तरिक प्रयोग र निर्यात गर्न सकिने व्यवस्था गरिनु पर्ने । चुनढुंगा निकाल्ने अनुमति लिएका सिमेन्ट उद्योगहरूले चुनढुंगा उत्खनन गर्ने क्रममा निस्कने डोलोमाइट तथा अन्य ढुंगा गिट्टी बनाई निर्यात गर्न खुला गर्ने।

२७०. विस्तृत वातावरणीय प्रभाव अध्ययन गरी महाभारत रेन्जमा रहेका जङ्गल र वोटविरूवा नभएका पहाडहरू कटान गरी निर्माण सामाग्री उत्पादन गर्नु पर्ने ।

२७१. खानी तथा खनिज पदार्थ नियमावली २०७६ मा संशोधन गरी खानीजन्य पदार्थको खोजतलास र उत्खनन कार्यको लागि रोयाल्टी लिने व्यवस्था भइसकेपछि रोयल्टीको १० प्रतिशत स्थानीय विकास शुल्क लिने व्यवस्था हटाउने। रोयल्टी शुल्कलाई पुनरावलोकन गरी कुल बिक्री कारोबारको केही प्रतिशत तोक्न उपयुक्त हने।

२७२. प्रत्येक वर्ष दस्तुर तिरेर नवीकरण गराउनु पर्ने व्यवस्थालाई दुई वर्षमा मात्र नवीकरण गराउनु पर्ने व्यवस्था गर्ने।

२७३. खानी उद्योगहरूलाई वन क्षेत्र उपयोग गरे बापत जग्गा सट्टा भर्ना गर्न नसक्दा जग्गा खरीदको लागि तिर्नु पर्ने मूल्यमा सहुलियत प्रदान गर्ने।

२७४. खानी उत्खनन गर्नको लागि सरकारको केही लगानी रहने गरी पब्लिक लिमिटेड कम्पनी स्थापना गरी व्यवसायिक ढंगले खानीको उत्खनन गर्नु पर्ने ।

२७५. वातावरणलाई संरक्षण गर्दै मार्बल र ग्रेनाइट उत्खनन गर्नु पर्ने ।

२७६. गुणस्तर कायम गर्दै भारततर्फ सिमेन्ट निर्यातको लागि कूटनीतिक पहल गर्नु पर्ने । भारतीय लगानीकर्ताहरूसंग संयुक्त लगानीमा सिमेन्ट उद्योगहरू खोल्न प्राथमिकता दिनु पर्ने ।

निर्माणजन्य सामग्रीको दिगो र वातावरणमैत्री उत्खनन

२७७. वातावरण विनाश, कालोबजारी, भ्रष्टाचार, अनियमितता, अवैध उत्खनन तथा क्रसर उद्योग सञ्चालन जस्ता समस्या विद्यमान रहेको तर हाल मापदण्डबाट सञ्चालित यो क्षेत्रका लागि छुट्टै कानुन बन्नुपर्ने।

२७८. ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन निर्माण उद्योगको आन्तरिक खपतका लागि मात्र नभई महाभारत क्षेत्रका ढुंगा खानीहरूको व्यावसायिक विकास गरी त्यसको उत्पादन निर्यात गर्ने ।

२७९. निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र आदि भित्र थुप्रिएर रहेका निर्माणजन्य सामाग्रीको प्रयोगकोलागि नीतिगत व्यवस्था गर्ने।

२८०. वातावरण प्रभाव मुल्यांकन अध्ययनलाई त्यसको भावना र मर्मबमोजिम गर्ने परिपाटी बसाउन वातावरण संरक्षण ऐन एवम् नियमावलीका व्यवस्थालाई अनुभव र अभ्यासका आधारमा समीक्षा गरी परिमार्जन गर्ने।

२८१. निर्माणजन्यसामग्रीको उत्खनन र प्रयोगका वातावरणीय, इन्जिनियरिङ, आर्थिक र सामाजिक मापदण्ड निम्नअनुसार हुनसक्ने :

(क) वातावरण निरीक्षकको भूमिकालाई स्पष्ट गरी कानुनमा नै समावेश गर्नुपर्ने र अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई यसमा जोड्न जरुरी।

(ख) उत्खनन गरिएको सामाग्री र ढुवानी गरिएको सामाग्रीको हरेक ईकाई (थुपारेको सामाग्री वा ट्रक/ट्रयाक्टर) को प्रविधिको प्रयोगबाट स्वचालित अनुगमन हुने व्यवस्था मिलाउने ।

(ग) माथि उल्लेख गरे बमोजिमको कानुनी प्रबन्ध गर्दा स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानमा पर्ने प्रभावको समीक्षा गरी एकरूपता ल्याउन जरुरी ।

२८२. निर्माण सामाग्री उत्खननको कारणले नदी संरचनाहरूमा पुग्न गएको क्षतिबापतको क्षतिपूर्ति रकम समेत संकलित राजस्वबाट पूर्ति गर्नु पर्ने ।राजस्वको निश्चित अंश नदी संरक्षण तथा व्यवस्थापनको लागि खर्च गर्नु पर्ने नीतिगत व्यवस्था लाइ कार्यान्वयन गर्नुपर्ने ।

२८३. विभिन्न सार्वजनिक आयोजनाले निर्माण सामग्री उत्पत्तिको स्रोत खोजी गर्ने र कानुन बमोजिम उत्खनन भएका सामग्री मात्र प्रयोग गर्ने कार्यनीति लिने हो भने चोरी निकासी, अवैध उत्खनन जस्ता यो क्षेत्रका मुख्य समस्या र चुनौती हट्न सक्ने। त्यसका लागि भुक्तानीको अधिकार पाएका आयोजनाका प्रमुख तथा लेखा प्रमुखलाई जिम्मेवार बनाउन जरुरी।

२८४. निर्माणजन्यसामग्रीको उत्खनन र प्रयोगका सन्दर्भमा सबैभन्दा महत्वपूर्ण ईकोनोमि अफ स्केलको विषय हुने भएकाले नयाँ बन्ने कानुनमा अन्य मुलुकले गरे जस्तो निर्माण सामाग्री उद्योगलाई बृहत कम्पनीको रुपमा सन्चालन गरी निर्माणजन्यसामग्रीको उत्खनन गर्ने गरी दायरा फराकिलो पार्नु पर्ने।

२८५. उत्खनन गर्ने कार्य र जग्गा प्राप्ति वा वृहत् पूर्वाधार जस्तै विमानस्थल, आधुनिक शहर वा सडकको निर्माण गर्ने कार्य सँग प्रत्यक्ष जोड्नु पर्ने।

२८६. अध्ययनको आधारमा प्रदेश सरकारले (नदी, खोला, खहरे आदिबाट) नदीजन्य सामग्री संकलनका लागि ठाउँठाउँमा बाँध बाँधेर नदीको धार नबद्लिने गरी नदीजन्य निर्माण सामग्री संकलन गर्ने भौतिक संरचना बनाउने र हरेक वर्ष संकलन भएको परिमाणका लागि मात्र ठेक्का लगाएर बेचबिखन गर्ने प्रबन्ध गर्ने।

२८७. स्थानीय तहको प्रशासकीय भवन, विद्यालय आदि बनाउने क्रममा स्थानीय बालुवा, ढुंगा आदिको प्रयोगमा सहजीकरण गर्न जरुरी। साथै सम्बन्धित नदी क्षेत्र वा खानी क्षेत्रको संरक्षणको लागि (तटवन्ध निर्माण आदि) प्रयोग हुने स्थानीय नदीजन्य वा खानी जन्य निर्माण सामाग्रीको शुल्क मिनाहा गर्ने व्यवस्था हुनुपर्ने।

२८८. खानीजन्य निर्माण सामाग्रीबाट आउने राजस्वलाई दिगो बनाउन चोरी निकासी, भ्रष्टाचार, अनियमितता र कुन आर्थिक वर्षमा कति परिमाण निकाल्न मिल्छ भनेर तोक्नका लागि भूगर्भशास्त्री, खानी विज्ञ, वातावरणशास्त्री, भौतिक पूर्वाधार विज्ञ, वन तथा जैविक विविधता तथा जलस्रोत विज्ञ, समाजशास्त्री, अर्थशास्त्रीलाई राखी खानी क्षेत्रको बृहत् वातावरणीय प्रभाव मूल्यांकन गराएर निश्चित परिमाण तोकेर खानी क्षेत्रबाट निर्माण सामग्री उत्खनन तथा निष्कासनको प्रबन्ध गरिनु उपयुक्त हुने।

२८९. निर्माण सामग्रीको उपलब्धता, उत्खननको अवस्था, उत्खननबाट परेका प्रतिकूल एवम् अनुकूल प्रभाव आदिको वातावरणीय, सामाजिक एवम् आर्थिक दृष्टिबाट स्वतन्त्र एवम् निष्पक्ष अध्ययन अनुसन्धान गर्नका लागि विश्वविद्यालय, अनुसन्धान संस्था, समूह, व्यक्तिलाई प्रोत्साहित गर्दै सहकार्य गर्ने प्रबन्ध मिलाउनुपर्ने। त्यसका लागि सार्वजनिक कोष खडा गरी स्रोत परिचालन गर्ने ।

२९०. नदि प्रणालीबाट दिगो उत्खननको परिमाण तय गर्न गेग्रानको उत्खननको प्रभाव बेग्लाबेग्लै भागमा र समग्रमा) को पूर्वानुमान गरेर मात्र गर्न जरुरी। यसका लागि जलाधारको गेग्रान थप गर्ने क्षमता, नदीको

बहावको चरित्र, गेग्रानको स्थानान्तरण हुने चरित्र, नदीको पर्यावरणीय अवस्थितिको विस्तृत अध्ययन आदि हुन जरुरी । नदि प्रणालीबाट दिगो उत्खनन योग्य गेग्रानको मात्रा निर्धारण गर्नका लागि समग्र नदि प्रणालीको दीर्घकालीन अनुगमन र नदीको भौतिक स्वरूपको नमुना अध्ययन (morphological modelling) परीक्षण गर्नु पर्ने ।

२९१. नदीजन्य निर्माण सामग्री संकलन र उत्खननका लागि नेपालका नदीहरूको थेग्रान बगाउने क्षमताको दीर्घकालीन परिदृश्य तयार गर्न नेपालका नदीको थेग्रान विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिको नेतृत्वमा नदी, जलस्रोत, भू तथा जलाधार विज्ञ, भूगर्भशास्त्री, वन, वातावरण विज्ञ, अर्थशास्त्री, योजनाविद् आदिको विज्ञ टोली बनाएर विस्तृत अध्ययन गराउनु पर्ने। त्यस क्रममा जल तथा ऊर्जा आयोग, वन तथा वातावरण मन्त्रालय वा विभाग, भौतिक योजना तथा सहरी विकास मन्त्रालय आदिसँग समन्वय गर्नुपर्ने।

जलविद्युत विकास

२९२. मौजुदा जलविद्युत विकास नीतिलाई परिमार्जन गरी समयसापेक्ष बनाउन जरुरी ।मौजुदा जलविद्युत विकास नीतिलाई समयसापेक्ष बनाउन पहिले एकीकृत जल नीति बनाई सो नीति अन्तर्गत जलविद्युत विकास, सिँचाइ र खानेपानी आपूर्ति र सरसफाइ लगायतका सेक्टरल (क्षेत्रगत) रणनीति तयार गर्नु पर्ने। एकीकृत जल नीतिको अभावमा क्षेत्रगत नीतिका बीच अन्तर्द्वन्द्व सिर्जना हुन गई नीति कार्यान्वयन गर्न कठिन हुने देखिन्छ।

२९३. विद्युत् विकासको क्षेत्रमा धेरै संस्थागत संरचना हुँदा एक अर्काको कार्यक्षेत्रमा हस्तक्षेप हुन सक्ने देखिएकाले यी सबै संस्थाहरूको औचित्य पुष्टि हुन जरुरी । नीति नीर्माण गर्ने कार्यान्वयन गर्ने तथा नियामक संस्थाहरूबिच जिम्मेवारीमा प्रष्टता कायम गर्ने ।

२९४. जलविद्युत विकासमा अत्यावश्यक वस्तुहरूको आयातमा निर्भरता कम गर्न स्वदेशी उत्पादन क्षमताको वृद्धिलाई प्रोत्साहन गर्नुपर्ने । जलविद्युत विकासलाई आवश्यक पर्ने सामग्री जस्तै इलेक्ट्रो-मेकानिकल उपकरण, कन्डक्टर, ग्राउण्ड-वायर, पेनस्टक पाइपलाइ चाहिने समान टर्बाइन आदि उत्पादन गर्ने उद्योगको विकासलाई टेवा दिनुपर्ने ।

२९५. प्रसारण लाइनहरूको सुरक्षालाई जोखिममा नपारी, मुनिका (right-of-way) खाली जमिनलाई घाँसे मैदानमा परिणत गर्ने, कम प्रभाव पार्ने बालीहरू लगाउने आदि जस्ता काममा प्रयोग गरेर आर्थिक मूल्य सिर्जना गर्ने व्यवस्था गर्ने।

२९६. आन्तरिक बिद्युत खपत प्रबर्धन हुने गरी प्रसारण लाइनको पूर्वाधार तयार गर्ने र अन्तरदेशीय प्रसारण लाइन निर्माणको हकमा यथार्थपरक बिद्युत ब्यापारको प्रक्षेपण तथा एकल बजारसंग जोडिएको जोखिम मुल्यांकनको आधारमा मात्र चरणबद्ध रुपले लगानी बढाउने ।

२९७. विद्युतको घरेलु माग सिर्जना गर्न विद्युतीय चुलोको प्रवर्धन गर्ने ।साथै अन्य घरायसी उपकरणको प्रयोगलाई टेवा दिन नयाँ घर निर्माण गर्दा उच्च एम्पीयरको विद्युत मीटर र तार-संजाल (wiring) जडान गर्न र पुराना घरहरूमा कम एम्पीयरबाट उच्च एम्पीयरमा सार्न उपभोक्ताहरूलाई प्रोत्साहन गर्ने।

२९८. विद्युत् आयोजनाको अनुमति पत्र प्रदान गर्ने प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउनुपर्ने।

२९९. देशको आन्तरिक माग पुरा गर्न र विदेश निर्यात समेत गर्ने वातावरणको निर्माण गर्न जलविद्युत विकासमा स्वतन्त्र ऊर्जा उत्पादकको भूमिका महत्त्वपूर्ण हुने हुनाले विदेशी लगानी तथा विदेशी प्रत्यक्ष लगानीबाट स्वतन्त्र ऊर्जा उत्पादकहरूले जलविद्युत विकास गर्ने वातावरण सिर्जना गर्नुपर्ने ।

३००. नेपालको जलविद्युत प्रणाली हाल गैर-जलाशययुक्त जलविद्युत आयोजनाहरूमा आधारित भएकाले निजी लगानीमा विकास गरिने जलाशययुक्त विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने कार्यलाई प्राथमिकता दिई बढी भएको विद्युत् मात्र निर्यातका लागि स्वीकृति दिने नीतिगत व्यवस्था गर्नुपर्ने ।

३०१. जलविद्युतमा विदेशी लगानीलाई स्वीकृति दिँदा अपनाउनुपर्ने वहुचरणलाई हटाई एउटै निकायबाटै सम्पूर्ण अनुमति प्रदान गर्ने व्यवस्था गर्ने।

३०२. स्वदेशी पुँजी बजार र वैदेशिक स्रोतबाट जलविद्युत क्षेत्रमा लगानीको लागि अभिप्रेरित गर्न वित्तीय टेवा, न्युनतम राजस्व प्रत्याभुती (Viability Gap Funding, Minimum Revenue Guarantee) जस्ता प्रावधान प्रयोग गर्ने, साथै विनिमय दर जोखिम, जलवायु परिवर्तन र यसका असरबाट हुने जोखिम आदिको हेजिंग (hedging) प्रणाली विकास गर्ने, जलवायु-उत्थानशील पूर्वाधार योजना र सूचना प्रविधि आदिले सम्बोधन गर्ने।

३०३. विदेशी लगानीकर्ता संलग्न कम्पनी खोल्न तथा कर बाहेकको नाफा फिर्ता लग्न सहज वातावरण बनाउन थप सहजीकरण गर्नुपर्ने। त्यसका अतिरिक्त देशभित्र मुनाफा लगानी गर्न प्रोत्साहन गर्ने।

३०४. लगानीकर्ता चयन गर्दा निःशुल्क ऊर्जालाई प्राथमिकता दिँदै सित्तैमा पुँजीगत हिस्सा (शेयर) लगायत मुलुकलाई बढी फाइदा हुने अन्य आर्थिक लाभ विषयलाई समेत आधार मानेर लगानीकर्ता छनौट गर्नुपर्ने।

३०५. सीमावर्ती नदीहरूको विकासको लागि अन्तर्देशीय सन्धि सम्बन्धी नीति तर्जुमा गर्ने ।

३०६. जलविद्युत मार्फत सम्वृद्धि हासिले गर्ने परम्परागत सोच तथा नीतिलाई बदलिँदो भू-राजनैतिक अवस्था, प्रविधि, बजार, लगानी, कर्जा, लागत, जलबायु परिवर्तन र प्राकृतिक विपद जस्ता अनेकन संबेदनशिल र महत्वपुर्ण बिषयले निम्त्याउन सक्ने जोखिम बारे समग्र विश्लेषण गर्दै बस्तुगत हिसाबले नेपालको जलबिद्युत विकासको रणनिती पुनर्मूल्यांकन गर्ने।

३०७. धेरै समयदेखि अध्ययनहरूमा सीमित सीमा नदीहरूमा निर्माणको लागि छनौट भएका विभिन्न बहुउद्देश्यीय जलविद्युत परियोजनाका साथै अन्य जलाशययुक्त आयोजनाहरूको निर्माण पूर्व वातावरणीय प्रभावको सही मूल्याङ्कन र तल्लो तटीय लाभको वैज्ञानिक आधारमा मूल्याङ्कन गरी सोही अनुसार नेपालले पानीमाथिको आफ्नो अधिकार सुनिश्चित गर्नुपर्ने ।

३०८. प्रसारण तथा वितरण प्रणालीमा हुने विद्युत् चुहावटलाई रोक्दै प्रति युनिट विद्युत् महसुलको लागत घटाउन पुरस्कार र दण्डको व्यवस्था गर्दै जनचेतना फैलाउनुपर्ने र चुहावट न्यूनीकरणको लागि विद्युत् प्रसारण लाइन सम्बद्ध उपकरणको मर्मत सम्भार, स्तर वृद्धि र आधुनिकीकरण गर्दै जाने।

३०९. विद्युत् महसुलमा एकै दिनको पनि पिक आवर र अफ पिक आवरमा फरक महसुल दर लागू गर्ने तथा हिउँद र वर्षा याममा फरक महसुल दर कायम गर्ने नीतिगत व्यवस्था गर्ने ।

३१०. बिजुलीको भोल्टेज स्थिर नहुनाले उपकरणहरू प्रयोग गर्न गाह्रो हुने भएकाले भोल्टेज स्थिर गर्ने विषयलाई उच्च प्राथमिकता दिनुपर्ने ।

३११. विभिन्न कारणले बिजुली कटान गर्नुपर्ने भएमा प्राधिकरण अथवा सम्बन्धित निकायले समयमा नै ग्राहकलाई जानकारी दिनु पर्ने।

३१२. अफ पिक आवरमा खेर जाने ठुलो मात्राको विद्युत खपत गर्न सक्ने उद्योगलाई सो अवधिमा खपत गरेको बिद्युत् महसुलमा विशेष सहुलियत दिने तथा त्यस्ता उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गर्नुपर्ने ।

३१३. भोल्टेज कम भएको समयमा उत्पादनसमेत कम हुने, हिउँदमा बिजुली अनिश्चित रूपमा काटिने हुँदा मेशिनरी र उत्पादनमा असर पर्ने भएको हुँदा त्यसैको क्षतिपूर्ति स्वरूप धेरै विद्युत् उत्पादन हुने वर्षायाममा उद्योगीहरूलाई सहुलियत दरमा विद्युत् प्रदान गर्नुपर्ने ।

३१४. वातावरणीय प्रभाव मूल्याङ्कनको विधि र प्रक्रिया अन्य कानुनसँग (वन,जलवायु, जैविक विविधता, भू-उपयोग आदिसंग सम्बन्धित) मेल खाने गरी परिमार्जन गर्नुपर्ने।

३१५. जलवायु परिवर्तनको कारणबाट उत्पन्न जोखिम व्यवस्थापन, साथै जलवायु परिवर्तन अनुकूलन संरचना (Climate Adaptive infrastructure) को निर्माण गर्ने विषयलाई परियोजनाको अभिन्न अङ्गको रूपमा लिई आयोजनाको प्लानिङ र डिजाइन फेजमा नै समावेश गर्नुपर्ने।

३१६. अनुमति अवधि (Concession Period) पछि योजनाको स्वामित्व पूर्ण रूपमा नेपाल सरकारमा आउने हुँदा जग्गा उपलब्ध गराउने प्रक्रियालाई सहज बनाई निजी विद्युत् उत्पादनका लागि सहजीकरण गर्ने । जलविद्युत आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गामा हदबन्दी नलाग्ने गरी भूमि सम्बन्धी ऐनमा व्यवस्था गर्नुपर्ने।

३१७. कृषि, पर्यटन, मत्स्यपालन, सिँचाइसँग परिपूरक हुने बहुउद्देश्यीय आयोजनालाई प्राथमिकता दिनुपर्ने ।

३१८. जलविद्युत योजना सञ्चालन गर्दा आकस्मिक दुर्घटना या प्राकृतिक प्रकोपसँग जुध्न वा त्यस्ता घटना वा प्रकोपको प्रभाव न्यूनीकरण गर्न आवश्यक योजना पनि बनाउनु पर्ने व्यवस्था गर्नुपर्ने ।

३१९. निजी तथा सरकारले निर्माण गर्ने प्रत्येक विद्युत आयोजना र केन्द्रमा अनिवार्य जलाधार संरक्षण र व्यवस्थापन (Watershed Conservation) कार्यक्रमहरू लागु गर्नुपर्ने देखिन्छ। यस्ता व्यवस्थापनले पानीको स्रोतलाई दिगो र पर्यावरणलाई सन्तुलित बनाइराख्न मद्दत पुग्नेछ।

३२०. आयोजनाको लागत न्यूनीकरण गर्न प्लानिङ, डिजाइन, कन्स्ट्रक्सन तथा सञ्चालन र मर्मत सम्भार सबै चरणमा भ्यालु इन्जिनियरिङलाई अपनाई अधिकतम लाभ र न्यूनतम आयोजना चक्र खर्च हुने व्यवस्था गर्ने।

३२१. निर्माणको अन्तिम चरणमा रहेका परियोजनाहरूको निर्माण सम्पन्न गर्ने विषयलाई प्राथमिकता दिन बजेट विनियोजन गर्ने।

३२२. विद्युत् प्रणालीको सञ्चालनमा सहजता ल्याउन पम्प स्टोरेज जलविद्युत प्रविधि अवलम्बन गरी केही आयोजनालाई नमुना आयोजना (Pilot Project) को रूपमा विकास गर्नुपर्ने ।

३२३. बुढीगण्डकी परियोजनाको लाभ लागतको पुनर्मूल्यांकन गर्दै यसले सिर्जना गर्ने ६३ वर्ग किलोमिटर डुबान क्षेत्र र यससँग सम्बन्धित आर्थिक र सामाजिक लागतलाई ध्यानमा राखेर परियोजनाको निर्माण मोडालिटी र स्केललाई परिमार्जन गर्नुपर्ने।

३२४. अब बन्ने ठुला आयोजनाहरूमा विद्युत् प्राधिकरण, निजी क्षेत्र, प्रदेश सरकार र स्थानीय तहको संलग्नतामा समय भित्रै कम लागतमा परियोजना निर्माण सम्पन्न गरी प्रति युनिट विद्युत् महसुल घटाउनुपर्ने।

३२५. ऊर्जासम्बन्धी संघ, प्रदेश र स्थानीय तहका अधिकार कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गर्नुपर्ने ।

३२६. सडक, प्रसारण लाइन, पुल लगायतका पूर्वाधारमा सरकारले लगानी गरी स्थानीय बासिन्दाको स्वामित्व हुने गरी हाल स्थानीय बासिन्दाका हेर्दा झिना-मसिना देखिने तर लागत बढाउने किसिमका अवरोधहरू कम गर्न स्थानीय तहलाई जिम्मेवार बनाएर लागत घटाउनुपर्ने ।

३२७. हालको अवस्थामा द्रुत गतिमा जलविद्युत परियोजनाहरू निर्माण सम्पन्न भैरहेकाले समयमै प्रसारण लाइन निर्माण र प्राथमिकतासहित आन्तरिक खपत योजना बनाउनु पर्ने देखिन्छ। यसका लागि विद्युत् वितरण कार्य प्रादेशिक स्तरबाट गराउने गरी नेपाल विद्युत् प्राधिकरण अन्तर्गत रहेका आठ वटा क्षेत्रीय निर्देशनालयहरूलाई विद्युत् वितरण कम्पनीको रूपमा रूपान्तरण गर्न आवश्यक कानुनी एवम् संगठनात्मक व्यवस्था गर्नुपर्ने ।

३२८. जलविद्युत क्षेत्रबाट स्थानीय सरकारलाई जाने रोयल्टी रकमको पाँच प्रतिशत रकम जम्मा गरी जलविद्युत सम्बन्धी अनुसन्धान र नवप्रवर्तन, जलविद्युतमा आधारित कृषि र उद्योग विकास एवं ग्रामीण विद्युतीकरणका लागि एक ग्रामीण विद्युतीकरण कोष खडा गर्नुपर्ने ।

३२९. अनुसन्धान संस्थाहरू विश्वविद्यालयहरूसँगको सहकार्यमा हाल सञ्चालनमा रहेका र भविष्यमा सञ्चालन हुने जलविद्युत आयोजनाका सूचना विवरणहरू एकीकृत रूपमा सुरक्षित गरी राख्ने पद्धतिको विकास गर्नुपर्ने ।

३३०. जलविद्युतको दिगो विकासलाई प्रवर्द्धन गर्न सरकारी निकायहरू, निजी क्षेत्रका संस्थाहरू, अनुसन्धान संस्थाहरू र स्थानीय समुदायबीच ज्ञान आदानप्रदान र सहकार्यका लागि प्लेटफर्महरू सिर्जना गर्ने र निरन्तर सिकाइलाई प्रवर्द्धन गर्नुपर्ने ।

सूचना तथा संचार प्रविधि

३३१. सूचना तथा प्रविधि क्षेत्रको ठूलो संभावनालई मध्यनजर गर्दै सो क्षेत्रको वृहत विकासको लागि समग्र इकोसिस्टम तथा संरचना तयार गर्ने र डिजिटल रूपान्तरणको लागि जे पनि गर्ने एनिथिंग फर डिजिटल) (ट्रान्सफर्मेसन रणनीति अवलम्बन गर्ने।

३३२. यस क्षेत्रमा नवीनतम उदीयमान प्रविधिहरू जस्तै कृत्रिम बौद्धिकता (एआइ), रोबोटिक्स, इन्टरनेट अफ थिंग्स (आइओटि) जस्ता विषयहरूलाई समेत सम्बोधन गर्ने गरी नयाँ राष्ट्रिय सूचना प्रविधि नीति जारी गर्ने।

३३३. सबै नागरिकलाई सूचना प्रविधि उपयोग गर्न सक्षम बनाउन डिजिटल साक्षरता कार्यक्रम अभियानका रूपमा अघि बढाउने।

३३४. सूचना प्रविधि सम्बद्ध सेवाहरूको गुणस्तर सुनिश्चित गर्न साइबर सुरक्षा प्रबल बनाउने।

३३५. आईसीटी सञ्चालन र यसको अधिकतम प्रयोगको लागि निरन्तर बिजुली आवश्यक हुने सन्दर्भमा सरकारी डाटा केन्द्र तथा सूचना प्रविधि पूर्वाधारहरूमा नियमित विद्युत् आपूर्तिको व्यवस्था मिलाउने।

३३६. सूचना प्रविधि पूर्वाधारको न्युनतम आधार तय गरी सोको मानकीकरण र प्रमाणीकरणको नीति तर्जुमा तथा कार्यन्वयनमा ल्याउने।

३३७. सूचना प्रविधि प्रणालीहरूको निर्माण गर्दा नागरिकको आवश्यकता अनुसारका महत्वपूर्ण र संवेदनशील सेवाहरूको पहिचान गरी त्यस्तो सेवाहरू छिटो, छरितो, सुलभ, गुणस्तरीय तथा प्रभावकारी हुने व्यवस्था मिलाउने।

३३८. एक निकायमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीको सेवा अर्को निकायको समान खालका सूचना प्रविधि प्रणालीले समेत उपयोग गर्न सक्ने बनाउने।

३३९. सूचना प्रविधि प्रणालीहरूमा रहेको सूचना तथा तथ्याङ्कहरू सम्बन्धित सरकारी निकायको स्वामित्व तथा नियन्त्रणमा रहने व्यवस्था गर्ने।

३४०. सूचना प्रविधि प्रणालीहरूको जोखिम विश्लेषण र जोखिम व्यवस्थापन क्षमताको आधारमा उचित सुरक्षा नियन्त्रणका उपायहरू अवलम्बन गर्ने।

३४१. विभिन्न निकायहरूमा प्रयोग हुने एकै प्रकृतिका सेवा प्रवाह र आन्तरिक कार्यालय सञ्चालनका लागि एकीकृत सफ्टवेयर प्रणाली लागू गर्ने ।उदाहरणका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ वटै स्थानीय तहका लागि एकीकृत कार्यालय संचालन र सेवा प्रवाहका प्रणाली लागू गर्नु उपर्युक्त हुने।

३४२. डिजिटल डिभाइड कम गरी सूचना प्रविधि क्षेत्रको विकास गर्न र यस क्षेत्रलाई समृद्धिको आधार बनाउन इन्टरनेटमा ज्यादाभन्दा ज्यादा नेपालीको पहुँच पुऱ्याउन फिक्स्ड वा तारमा आधारित इन्टरनेट सर्वसुलभ बनाउन शुल्क घटाउने र पूर्वाधार विस्तार गर्न नेपाल दुरसञ्चार प्राधिकारणमा रहेको ग्रामीण दूरसञ्चार कोष परिचालन गर्ने। ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड कनेक्टिभिटि विस्तार गर्ने।

३४३. विद्यालय तहदेखि नै सूचना प्रविधि सम्बन्धी विषय पठनपाठन गराउने। प्रतिस्पर्धात्मक विधिद्वारा कुनै एक विश्वविद्यालयलाई सूचना प्रविधि क्षेत्रको उत्कृष्टता केन्द्र (सेन्टर अफ एक्सेलेन्स) को रूपमा विकास गर्ने।

३४४. सबै नेपालीलाई सूचना प्रविधि सेवाको सहज रूपमा प्रयोग गर्न सक्षम बनाउन नेपाली वा अन्य राष्ट्रिय भाषामा इन्टरनेट सामग्री वा सार्वजनिक सेवा उपलब्ध गराउने व्यवस्था गर्ने।

३४५. सूचना प्रविधि कम्पनीहरूलाई लक्षित गरी प्रमुख शहरहरुमा सरकारी लगानीमा वर्किङ सेन्टर स्थापना गर्ने।

३४६. सूचना प्रविधि कम्पनीको नियमन र आवश्यक सहजीकरणका लागि सूचना प्रविधि विभागको क्षमता बढाउने।

३४७. सूचना प्रविधि कम्पनीमा काम गर्ने व्यक्तिहरू लक्षित गरी स्थानीय तहले रातको समयमा सार्वजनिक यातायात सञ्चालन गर्ने र यस्ता कम्पनीमा काम गर्ने महिलाहरूलाई लक्षित गरी गर्ल्स होस्टल/हाउजिङ् विकास गर्ने।

३४८. नेपालका सार्वजनिक निकाय तथा संगठित संस्थाले खरीद गर्ने सफ्टवेयर अनिवार्य रुपमा नेपाली सूचना प्रविधि कम्पनीबाट निर्मित खरीद गर्नुपर्ने व्यवस्था गर्ने।

३४९. आगामी पाँच वर्षको लागि कुल पुँजीगत बजेटको कम्तिमा १० प्रतिशत रकम सूचना प्रविधि क्षेत्रको भौतिक पूर्वाधार वर्क स्टेसन, सूचना प्रविधि पार्क बनाउन विनियोजन गर्ने।

३५०. सबै प्रदेशमा सूचना प्रविधि विकासको लागि आवश्यक समग्र इकोसिस्टम विकास गर्न निजी क्षेत्रसँगको सहकार्यमा सूचना प्रविधि तथा नवप्रवर्तन केन्द्र स्थापना गर्ने। बालाजु औद्योगिक क्षेत्रलाई बागमति सूचना प्रविधि तथा नवप्रवर्तन केन्द्रको रुपमा रुपान्तरण गर्ने।

३५१. डिजिटल नेपाल फ्रेमवर्क, २०७६ ले डिजिटल प्रविधिलाई आठ वटा क्षेत्रको विकासको साधनको रूपमा प्रस्तुत गरेको परिप्रेक्ष्यमा त्यसलाई परिमार्जन गरी अन्य महत्वपूर्ण क्षेत्र समेटेर विस्तार गर्ने र सूचना प्रविधि क्षेत्रलाई आर्थिक वृद्धि रोजगारी सिर्जना गर्ने महत्वपूर्ण आर्थिक क्षेत्रको रूपमा परिभाषित गर्ने गरी डिजिटल नेपाल फ्रेमवर्क २.० तर्जुमा गर्ने।

भौतिक पूर्वाधार विकास

३५२. समग्र पूर्वाधार क्षेत्रको विकासको लागि प्रणालीगत विधि (systems approach) पालना गरी एकीकृत दीर्घकालीन पूर्वाधार गुरुयोजना बनाएर अघि बढ्नु आवश्यक। यस्तै पूर्वाधार योजनाहरू समय अनुसार परिमार्जन गर्दै जान आवश्यक।

३५३. योजना (विनियोजन) अनुसार विकास खर्च (पुँजीगत खर्च) गर्ने वातावरणको सिर्जना गर्न तथा खर्चको गुणस्तर पनि कायम गर्न खरीद प्रक्रियालाई सुधार गरी चुस्त बनाउन खरीद व्यवस्थापनलाई छुट्टै सेवाका रूपमा विकास गर्नुपर्ने। सबै तहका सरकारी कार्यालयले गर्ने खरीद प्रक्रियामा एकरूपता कायम गर्न प्रत्येक कार्यालयमा खरीद व्यवस्थापन एकाइको प्रावधान राखी प्रमाणित खरीद विशेषज्ञ (Certified Procurement Expert) बाट मात्र खरीद कार्य सञ्चालन गर्ने व्यवस्था गर्न जरुरी।

३५४. सार्वजनिक खरीद अनुगमन कार्यालयको संस्थागत सुदृढीकरण गर्दै सार्वजनिक खरीद प्रक्रियालाई थप सरल, पारदर्शी र लागतप्रभावी बनाउन जरुरी।

३५५. वस्तु तथा सेवाको प्रकृति अनुरुप अलग अलग मापदण्ड तर्जुमा गरी लागू गर्न जरुरी।

३५६. सार्वजनिक निर्माण र परामर्श सेवा खरीदको "स्टान्डर्ड बिडिङ्ग डकुमेन्ट" अन्तरराष्ट्रिय संस्था फिडिक (FIDIC) को मापदण्ड अनुसारका सम्झौताका सर्तहरू नेपाली भाषामा अनुवाद गरी खरीदमा संलग्न कर्मचारीको (खरीद विशेषज्ञ) काममा सहजीकरण गर्न जरुरी।

३५७. विद्युतीय खरीद प्रणालीलाई सुदृढ गरी निर्माण व्यवसायी र परामर्शदाताको विवरण एकीकृत रूपमा प्राप्त गर्ने व्यवस्था मिलाउन जरुरी। ठेक्का व्यवस्थापनमा संलग्न निर्माण कम्पनीको तेस्रो पक्षबाट रेटिङ्ग गराई मूल्यांकनको आधारको रूपमा लिन सकिने व्यवस्था मिलाउन जरुरी।

३५८. निर्माण व्यवसायीहरूले बोलपत्र हालिसकेपछि बोलपत्रदाताको कार्यक्षमता, मानव-संसाधन, कार्यसम्पादनको स्तर लगायतको जानकारी सहजै प्राप्त हुने व्यवस्थाको सुनिश्चितताका लागि पूर्वाधार निर्माणको क्षेत्रमा राष्ट्रको क्षमता कति छ र कस्तो अवस्थामा छ, हाम्रा निर्माण व्यवसायी कति छन्, उनीहरूको कार्यक्षमता र कार्यसम्पादन कस्तो अवस्थामा छ, कस्को कुन क्षेत्रमा विशिष्ट अनुभव छ लगायतका विषयलाई समावेश गरी राष्ट्रिय सूची तयार गरी त्यसैलाई कार्यान्वयनमा ल्याउनु पर्ने ।

३५९. निर्माण व्यवसायीहरूलाई परिचालन (मोबिलाइजेसन) पेश्की दिनुपर्ने वा उनीहरूले त्यस्तो पेश्की लिएर मात्रै काम गर्ने विद्यमान परिपाटीलाई निरूत्साहित गर्दै निर्माण व्यवसायीहरूले वित्त बजार मार्फत ऋण लिएर काम गर्नुपर्ने प्रणाली स्थापित गर्न सुरक्षित कारोबार ऐन, २०६३ को कार्यान्वयन प्रभावकारी बनाई व्यवस्थित वित्त बजारको विकास गर्न जरुरी ।

३६०. निर्माण व्यवसायीहरूलाई प्रोत्साहित गर्दै कार्यसम्पादनलाई प्रभावकारी बनाउन हाल प्रचलनमा रहेको जोखिम बिमामा केही परिमार्जन गरी किफायती (Affordable) बनाउन आवश्यक।

३६१. राष्ट्रिय गौरवका तथा ठूला बहुवर्षीय आयोजनाको छनौट, ठेक्कापट्टा तथा परिचालनमा हुने गरेको राजनीतिक हस्तक्षेपको अन्त्य गर्दै वित्तीय स्रोतको सुनिश्चित गर्न, कार्यसम्पादनमा वृद्धि गर्न र तोकिएकै समयमा आयोजना सम्पन्न गर्ने वातावरणको सिर्जना गर्न राष्ट्रिय योजना आयोगले ल्याएको परियोजना बैंकलाई सुदृढ बनाउँदै राष्ट्रिय गौरवका तथा ठूला बहुवर्षीय आयोजनाको छनौट, ठेक्कापट्टा तथा परिचालनमा त्यसैलाई कार्यान्वयनमा ल्याउन जरुरी। उक्त प्रयोजनका लागि, सम्भाव्यता अध्ययन (Feasibility Study) भएका परियोजनालाई मात्रै आयोजना बैंकमा सूचीकृत गर्ने र त्यसैबाट योजना छनौट गर्ने व्यवस्था अनिवार्य गर्नु पर्ने।

३६२. छोटो अवधिका आधारभूत तथा दूरगामी आर्थिक र सामाजिक विकासका लक्ष प्राप्तिका आवश्यकताहरूको पहिचान गर्दै केही विशिष्ट पूर्वाधार क्षेत्रहरूको प्राथमिकता पहिचान गर्न जरुरी। यी प्राथमिकता प्राप्त क्षेत्रहरूमा क्षेत्रगत योजनाहरू (Sectoral Business Plan) बनाई सरकार परिवर्तन भएसँगै परियोजना पनि परिवर्तन हुने परिपाटीको अन्त्य गर्दै त्यस्तो क्षेत्रगत परियोजनामा वित्तीय आवश्यकताहरूको आँकलन गरी बजेटको समेत सुनिश्चित हुने प्रणालीको विकास गर्न आवश्यक।

३६३. विभिन्न पूर्वाधार क्षेत्रमा कर छुट दिँदा आर्थिक र सामाजिक क्षेत्रमा पुग्न सक्ने प्रभावकारिताको विश्लेषण गरेर मात्र दिने व्यवस्था हुनु पर्ने।

३६४. विभिन्न परियोजनासँग सम्बन्धित दक्ष जनशक्तिको अभाव, उपलब्ध जनशक्तिमा पनि सीप, क्षमता तथा ज्ञानको अभाव लगायतका कारण परियोजनाहरू समयमै सम्पन्न नहुने, कामको गुणस्तर कायम नहुने लगायतका समस्यालाई सम्बोधन गर्न सक्षम र विषयगत जनशक्ति उत्पादन गर्न सरकारको लगानी बढाउनु पर्ने र भइरहेका जनशक्तिको क्षमता अभिवृद्धि गर्न तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नु पर्ने।

३६५. आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

३६६. अनुगमन र मूल्यांकनको लागि परिमाणात्मक सूचकहरू विकास गरी, अनुगमन तथा मुल्यांकन प्रतिवेदनका सिफारिसहरू लागू गर्न र पुँजीगत खर्च क्षमता बढाउन दण्ड र पुरस्कारको व्यवस्था गर्ने।

३६७. आयोजना सञ्चालनमा देखा परेका व्यवस्थापन, गुणस्तर तथा कार्यसम्पादन लगायतका पक्षमा सुधार गर्दै लगातार दुई आर्थिक वर्षसम्म लक्ष्यको ५० प्रतिशत भन्दा कम प्रगति हासिल भएका आयोजनालाई सम्बद्ध मन्त्रालयले रुग्ण आयोजनाका रूपमा घोषणा गरी सो आयोजनामा देखिएका खास समस्या सम्बोधन गर्ने गरी आयोजना मूल्यांकन प्रणालीको विकास गर्नु आवश्यक। त्यस्ता आयोजना कर्मचारीको कारणबाट समस्याग्रस्त देखिएको भएमा सम्बन्धित कर्मचारीलाई नै जिम्मेवार बनाई विभागीय कारबाही गर्ने व्यवस्था गर्नका साथै रुग्ण भनी पहिचान भएका आयोजना राष्ट्रिय महत्वका हिसाबले कार्यान्वयन गर्नै पर्ने देखिएमा छुट्टै आयोजना टोली पठाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउन आवश्यक।

३६८. विभिन्न पूर्वाधारलाई एक-अर्कोसँग आबद्ध गर्न सकेमा आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुग्न सक्छ। सडक, पुल, मूल बाटाहरु, राजमार्ग र जलमार्गहरुको समष्टीगत विकास, विस्तार, प्रवर्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने हिसाबले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको संरचना भएको भएता पनि यस मन्त्रालयको उद्येश्य अनुसार प्रतिफल प्राप्त हुन नसकेकोले यस मन्त्रालयको संरचनामा बृहत सुधार गरी multi-model/ systems approach बाट पूर्वाधार क्षेत्रलाई अघि बढाउन पूर्वाधार विकास प्राधिकरणको अवधारणा लागू गर्नु पर्ने।

३६९. विकास आयोजना कार्यान्वयन सम्बन्धी एकीकृत ऐन तर्जुमा गर्न जरुरी। आयोजना कार्यान्वयनमा सरोकारवाला र समुदायको संग्लग्नता अभिवृद्धि गर्न जरुरी ।राष्ट्रीय प्राथमिकता प्राप्त योजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउन जरुरी।

३७०. तोकिएको समय वा अगावै आयोजना सम्पन्न गर्ने परियोजनासंग सम्बन्धित कर्मचारीको कार्यसम्पादनको बढुवामा गणना गर्ने गरी अभिलेख राख्ने । साथै परियोजनासंग सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहनको रुपमा कूल परियोजना खर्चको निश्चित प्रतिशत बोनस दिने प्रावधान लागू गर्न जरूरी।

३७१. प्रत्येक परियोजनाले कुनै क्रियाकलापमा विलम्ब हुन् गएमा पुरै परियोजना सम्पन्न हुन लाग्ने समय बढ्छ भने त्यस्तो क्रियाकलापमा कुनै हालतमा ढीला हुन नदिन क्रिटिकल पाथ विश्लेषण (Critical Path Analysis) तयार गर्न अनिवार्य गर्ने कानुनी प्रावधान राख्न जरुरी ।

३७२. क्षमता अभिवृद्धिको अभावका कारण स्रोत परिचालन हुन नसक्ने र स्रोत परिचालनको अभावमा पुँजीगत खर्च वृद्धि हुन नसक्ने भएको हुँदा केन्द्र तथा प्रदेश सरकार र स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नुका साथै विकास निर्माणका कार्यमा सहजीकरण गर्न र स्रोत परिचालनलाई सशक्त बनाउन केन्द्रदेखि प्रदेशसम्म अन्तर-मन्त्रालय समन्वय बढाउने, खर्च शीर्षकान्तरलाई सहजीकरण गर्ने।

३७३. संघ, प्रदेश तथा स्थानीय तहमा संचालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्न बनेको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० पूर्ण रुपमा पालना गर्ने। साथै निर्माणमा प्रयोग हुने सामाग्री, निर्माण गरिने गरिने परियोजना र संलग्न जनशक्तिको गुणस्तर सुनिश्चित गर्नु आवश्यक।

३७४. आन्तरिक ऋणको पुनसंरचना गरी, साथै कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, र बीमा प्रिमियमबाट संकलित रकमलाई उपयोग गरी मध्य र दीर्घकालीन वित्तीय उपकरणको जारी गर्ने रणनीति लिन जरुरी। परियोजना विशेष ऋणपत्र लगानी जुटाउने एउटा उपकरण हुनसक्छ यसका लागि हाल मुलुकमा रहेको नेपाल इन्फ्रास्टक्चर बैंक लिमिटेड (NIFRA) लाई पुनसंरचना गर्न सकिने।

३७५. नेपाल सरकार मार्फत सरकारी संस्थानमा परिचालन हुने ऋण एस्क्रो एकाउन्ट मार्फत सोझै भुक्तानी गर्ने व्यवस्था मिलाउन जरुरी।

३७६. नेपालमा मात्र नभएर विश्वभर नै दिगो पूर्वाधार विकासको आवश्यकता बढ्दै गएको आजको अवस्थामा ज्ञान, सीप, पैसा र प्रविधि लगानी गर्न सरकार र निजी क्षेत्रले संयुक्त प्रयास गर्न आवश्यक छ र दात्री निकायको सहयोग परिचालन गर्न र प्रत्यक्ष विदेशी लगानी भित्राउन पनि उत्तिकै आवश्यक छ। गुणस्तरीय लगानीका लागि सरकारले सृजनात्मक खालका परियोजनाका थप पहल गर्नु पर्छ। यस्ता खालका लगानीका लागि बाह्य लगानी भित्र्याउन सरकारका तर्फबाट सहुलियत, हेजिङ, ग्रीन बण्ड, special-purpose vehicles, जस्ता औजारमार्फत् मात्र वैदेशिक लगानीलाई आकर्षण गर्न जरुरी।

३७७. सार्वजनिक-निजी साझेदारीका लागि स्वामित्व-संचालन-हस्तान्तरणका विविध मोडेलहरू र मिश्रित वित्त (blended finance) सहित लगानी-लाभ साझेदारीको लागि संयन्त्रहरू स्थापना गर्नु पर्ने।

३७८. यस्तै जलवायु वित्तका विभिन्न् उपकरणहरु जस्तै कार्बन कर, हरित वित्त आदि प्रयोग गर्न जरुरी जलवायु वित्तमा पहुँचका लागि विश्वव्यापी प्रतिस्पर्धी क्षमता वृद्धि गर्न आवश्यक। त्यसका लागि परियोजनाको छनोटदेखि कार्यान्वयन र मूल्यांकनसम्मका उत्कृष्ट अभ्यास अवलम्बन गर्नु पर्ने।

३७९. शहरी विकासको प्रमुख आधार भौतिक पूर्वाधार निर्माण हो। अहिले नेपालमा कुनै पनि शहरमा पर्याप्त मात्रामा पूर्वाधार निर्माण हुन सकेको छैन। अब उचित मापदण्ड बनाएर सरकारीमात्र नभएर निजीक्षेत्रले पनि पूर्वाधारमा लगानी गर्न जरुरी छ । पूर्वाधार निर्माण मात्र नभई बनेका पूर्वाधारको उचित संरक्षण र समय समयमा मर्मतमा पनि ध्यान दिनु पर्ने ।

३८०. आफ्नो मुलुकमा खपत हुने र निर्यात समेत गर्न सकिने खालका औद्योगिक क्षेत्रको विस्तार गर्न राज्यले पूर्वाधार विकासमा लगानी गर्न आवश्यक। राज्यले औद्योगिक क्षेत्रभित्र रहने उद्योगबाट प्राप्त हुने जग्गा भाडाबाट हुने आम्दानीको भन्दापनि त्यस क्षेत्रबाट मिल्ने रोजगारी र त्यसले राजश्वमा पुऱ्याउने योगदानका आधारमा मूल्यांकन गर्नुपर्ने र त्यही अनुसार भाडा र अन्य सुविधा निर्धारण हुनुपर्ने।

३८१. हाल मुलुकमा कालोपत्रे सडक बनाउने परिपाटी रहेकोमा, अब नयाँ सडक बनाउनपर्दा सम्भव भएसम्म कंक्रीट सडक बनाउने। यसो गर्नाले सडकको आयु बढ्नुको साथै अन्तरिक सिमेन्ट उद्योगलाई समेत टेवा पुग्न जान्छ।

३८२. निजी लगानी परिचालन गर्न पूर्वाधारमा सरकारको लगानी आवश्यक छ ठूलो प्रतिफलको लक्ष्य निर्धारण गरेर प्रविधिको क्षेत्रमा लगानी बढाउने हो भने भौतिक पूर्वाधारसँगै इन्टरनेट र गुणस्तरीय विद्युत आपूर्ति अनिवार्य हुन्छ। विद्युत पूर्वाधारमा भएको व्यापक लगानीले नेपालमा यस क्षेत्रले सस्तो मूल्यमा ऊर्जा उपयोग गर्न पाउने सम्भावना छ। डेटा सेन्टर लगायतका क्षेत्रमा आवश्यक पूर्वाधार सरकारले तयार पार्ने हो भने यस क्षेत्रमा लगानी विस्तार हुन सक्ने देखिन्छ। त्यसका लागि भौतिक पूर्वाधारमात्र होइन, कानुनी अड्चन र लगानीकर्ता प्रतिको पूर्वाग्रही सोचलाई सुल्ट्याउनुपर्ने अवस्था छ। नेपालको मौसम, डेटा सेन्टरलाई आवश्यक विशाल सर्भर राख्नका लागि प्राकृतिक रूपमा "एअर कन्डिसन" हुन सक्ने अवस्था छ।

३८३. पूर्वाधार क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्न सरकारले नीतिगत पहल गर्न र वित्तीय प्रोत्साहन जस्तै न्यून कर, सहुलियतपूर्ण ऋण, अनुदान, र आयोजनालाई वित्तीय रूपमा सम्भाव्य गराउन र जोखिम कम आवश्यक विधिहरू (Viability Gaps Funding, Minimum Revenue Guarantee, Hedging Mechanism) आदि सुनिश्चित गर्न आवश्यक छ। यी संयन्त्रहरूले जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेका पूर्वाधार परियोजनाहरूमा निजी क्षेत्रको जोखिम न्यूनीकरण गरी निजी लगानीकर्ताहरूलाई आकर्षित गर्न सक्छन् ।

३८४. नेपालको अर्थतन्त्रलाई विविधीकरण गर्न र रेमिट्यान्समा आधारित आम्दानीमा हुने अत्यधिक निर्भरता घटाउन प्रमुख क्षेत्रहरूमा हरित रोजगारी सिर्जना गर्नु आवश्यक छ। जलवायु-उत्थानशील पूर्वाधार, जलविद्युत विकास, र विद्युतीय सवारी साधन र सफा खाना पकाउने वैकल्पिक ऊर्जास्रोत, जस्ता स्वच्छ ऊर्जा transition का उपायहरुमा ठूलो मात्रामा लगानी बढाउन महत्वपूर्ण छ। डिजिटल पूर्वाधारको विस्तार र पर्यटनको सम्भाव्यताको सदुपयोग गर्नाले दिगो विकास लक्ष्यहरू अनुरूप पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। यी क्षेत्रहरूले घर फर्केका आप्रवासी कामदारहरूलाई घरेलु अर्थतन्त्रमा समाहित गर्दै देश भित्रै बस्ने वातावरण सिर्जना गर्न सक्छन् ।

३८५. जलवायु-उत्थानशील पूर्वाधार योजना र सूचना प्रविधिको प्रयोग बढाएर पूर्व-विपद् जोखिम व्यवस्थापन (जस्तै बाढी-सूचना प्रणाली) लागू गर्नाले आर्थिक उतारचढावलाई कम गर्न सक्छ।

३८६. हाल मुलुकमा निर्माण भैसकेका तर पूर्ण रुपमा प्रयोगमा नआएका विमानस्थलहरुको वैकल्पिक प्रयोग बारे योजना तयार गरी प्रयोगमा ल्याउनु पर्ने। तथा नयाँ विमानस्थल परियोजना बनाउन आवश्यक भए

वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र लगानीको प्रतिफल (ROI) को लेखाजोखा गर्दा लाभकारी देखिए मात्र गर्ने ।

३८७. हाल निर्माणको चरणमा रहेका सडक परियोजनाहरुको निर्माण सम्पन्न नभएसम्म नयाँ सडक परियोजना सुरु नगर्ने। भौगोलिक क्षेत्र अनुसार सडकको चौडाई, भारवहन क्षमता र निर्माण विधिको मापदण्ड बनाउने ।

३८८. हाल पशुपति क्षेत्र विकास आयोजना, लुम्बिनी क्षेत्र विकास आयोजना जस्ता साल-बसाली कार्यक्रमहरु पनि राष्ट्रिय गौरवका आयोजना भित्र राखिनु तर्कसंगत नदेखिएकाले राष्ट्रिय गौरवका आयोजना केलाई भन्ने तर्कसंगत मापदण्ड बनाउन आवश्यक ।

३८९. हाल मुलुकमा निर्माण भैसकेका र संचालनमा रहेका विभिन्न क्षेत्रगत पूर्वाधारहरुको मर्मत सम्भार गर्ने संयन्त्र कमजोर रहेकाले यस क्षेत्रमा संरचनात्मक सुधार गरेर अघि बढ्नु ।

शहरी विकास

३९०. जग्गा विकास, अझ खासगरी जग्गा एकीकरण कार्यक्रमहरूलाई ठूला शहरी क्षेत्रमा शहरी विकास वा आवास विकास गर्ने आयोजनाको रूपमा लिए पनि जनसंख्या वृद्धि दर न्यून भएका वा जनसंख्या घटेका र मूलतः ग्रामीण परिवेशका शहरी क्षेत्रहरूमा कृषि चकलाबन्दी गर्ने आयोजनाको रूपमा प्रवर्द्धन गर्ने नीति लिने ।

३९१. भूमि प्रशासन र व्यवस्थापनका कार्यहरु (जग्गा कित्ताकाट र रजिष्ट्रेशन आदि) हालको भूमि व्यवस्था सम्बन्धी मन्त्रालयले नै यथावत् गर्ने गरी भू-उपयोग र वस्ती तहको सबै प्रकारको विकास योजनाको कार्य भने नेपाल सरकार कार्य विभाजन नियमावलीमै संशोधन गरेर शहरी विकास मन्त्रालयलाई तोक्ने।

३९२. सघन वस्ति, न्यूनतम आधारभूत पूर्वाधार तथा सेवाको उपलब्धताबाट बसाइसराइमा नियन्त्रण गर्न न्यूनतम प्लट साइज तोकी त्यसभन्दा सानो हुने गरी कुनै पनि जग्गा खण्डीकरण गर्न पूर्णतया रोक लगाउने, पैतृक सम्पत्तिकै अंशबण्डा गर्दा पनि जग्गा खण्डीकरण नहुने गरी तल्लाहरुमा अंशभाग वितरण गर्नुपर्ने कानून लागू गर्ने ।

३९३. घरजग्गाको अनियन्त्रित मूल्य र कारोबारलाई नियन्त्रण गर्न दर्तावाला एजेन्सी मार्फत् मात्र घरजग्गाको व्यावसायिक कारोबार गर्ने व्यवस्था लागू गर्ने ।

३९४. मूलतः मध्यम आय वर्गका लागि आवास सुविधा उपलब्धिमा सहजीकरण गर्न सहकारी आवास सम्बन्धी राष्ट्रिय नीति तथा निर्देशिका लागू गर्ने ।

३९५. घरबार विहीन र सुकुमबासीको पहिचान, व्यवस्थापन र आवासको सुनिश्चितातामा सरकारको सहजकारी भूमिका निश्चित गर्न राष्ट्रिय आवास नीति, २०६८ परिमार्जन गर्ने ।

३९६. घरबार विहीन र सुकुमबासीको पहिचान, व्यवस्थापन र आवासको सुनिश्चितातामा सरकारको सहजकारी

भूमिका निश्चित गर्न आवासको अधिकारसम्बन्धी नियमावली लागू गर्ने ।

३९७. वैदेशिक लगानीकर्तालाई सहज वातावरण तयार गर्न दुई लाख अमेरिकी डलरभन्दा बढी लगानी गर्ने वा नेपालको बैंकमा निक्षेप राख्ने लगानीकर्ताहरुको लागि निश्चित शर्तको अधीनमा आवास प्रयोजनका लागि घर वा फ्ल्याट खरीद गर्न पाउने व्यवस्था गर्ने ।

३९८. विपद् प्रभावित परिवारहरूलाई पुनर्निर्माणको क्रममा राहत स्वरूप तत्काल उपलब्ध गराउने आवास सुविधाको न्यूनतम राष्ट्रिय मापदण्ड तोक्ने ।

३९९. सहज र सरल मूल्यमा भाडाको आवास उपलब्ध गराउन राष्ट्रिय आवास कम्पनीको पहलमा शहरी क्षेत्रमा भाडाको आवास कार्यक्रम सञ्चालन गर्ने ।

४००. नयाँ राष्ट्रिय भवन नीति तर्जुमा गरी तदनुरूप भवन ऐनमा संशोधन समेत गर्ने ।

४०१. स्थानीय वास्तुकला, प्रविधि र निर्माण सामग्री तथा अत्याधुनिक प्रविधि र सामग्रीको विषय समेत संवोधन हुने गरी भवन ऐनको क्षेत्राधिकार विस्तार तथा संशोधन गर्ने ।

४०२. भवन डिजाइन तथा निर्माण गर्ने व्यवसायीहरूको न्यूनतम योग्यता र अनुभव तोकेर व्यवसाय दर्ता गराउने तथा व्यक्तिगत भवन निर्माणमा संलग्न असंगठित कटकन्दार वा साना निर्माण व्यवसायीहरूको नियमन गर्ने ।

४०३. नगर विकास ऐन, २०४५ ले दिएको अधिकार प्रयोग नगर विकास नियमावली बनाई तत्काल लागू गर्ने तथा जग्गा एकीकरण तथा भवन एकीकरण (house pooling) सम्बन्धी कार्यविधिलाई यसबाटै कानुनी मान्यता र आधिकारिकता प्रदान गर्ने । यस क्रममा निश्चित आकारसम्मको साना शहरहरु निजी क्षेत्रले पनि तोकिएको निकायको स्वीकृतिमा जग्गा तथा भवन एकीकरण विधि प्रयोग गरेर कार्यान्वयन गर्न सक्ने व्यवस्था गर्ने । विकल्पको रूपमा नगर विकास नियमावलीको सट्टा हाल मस्यौदाको क्रममा रहेको शहरी विकास विधेयकमा यी व्यवस्था समावेश गरी लागू गर्ने ।

४०४. पहाडी क्षेत्रमा यत्रतत्र छरिएर रहेका घरहरूलाई एकत्रित गरी घना वस्ति विकास गर्न साविक वस्तिका घरघडेरीसँग नयाँ स्थानान्तरित हुने वस्तिको घरघडेरी सट्टापट्टा गर्न सकिने प्रावधान भू-उपयोग ऐनमा राख्नुपर्ने ।

४०५. शहरी पूर्वाधार तथा साना शहर विकासमा निजी क्षेत्रसँग सहलगानी वा सहकार्य गर्न विशिष्टीकृत उद्देश्यमूलक साधन (Special Purpose Vehicle) को प्रयोग तथा सार्वजनिक निजी सहकार्यको लागि सरल नीति तथा नियमन लागू गरेर ससाना वस्ति वा शहरी बजार केन्द्रहरूको विकास निजी क्षेत्रलाई पनि गर्न दिने ।

४०६. नयाँ शहरी नीति कार्यान्वयन गर्नको लागि शहरी विकास ऐन लागू गर्ने ।

४०७. शहरी योजनामा एकरूपता कायम गर्न एकीकृत योजना विधि र आयोजना बैंकको अनिवार्यता लागू गर्ने र आयोजना बैंकमा नपरेका आयोजनाहरूमा कुनै पनि बजेट विनियोजन नगर्ने ।

४०८. शहरी योजना मापदण्डमा निम्न विषयहरू समेत अनिवार्य हुने गरी परिमार्जन गर्नेः

(क) शहरी खुल्ला क्षेत्रको बहु—आयामिक प्रयोग गर्नुपर्ने विषय

(ख) कुन किसिमको शहरी योजनामा कुन अवयवहरू अनिवार्य समावेश गर्ने भन्ने सूची

(ग) ग्रामीण शहरी अन्तरसम्बन्धको विकास

(घ) पूर्वाधार विकासमा Value Engineering अनुरूप विविध विकल्पहरूको प्रतिफल र लाभको अनिवार्य विश्लेषण

(ङ) शहरी जीवन्तता कायम गर्नमा अनौपचारिक क्षेत्रको योगदानका विविध सम्भावित पक्षहरूलाई सम्बोधन गर्ने विषय

(च) मर्यादित जीविकोपार्जनका लागि रोजगारीमूलक अवसरहरूको उपलब्धता सुनिश्चित हुने गरी शहरी योजना तथा कार्यक्रमहरूमा शहरी गरिबको विविध आयाम र तिनको आवश्यकतालाई सम्वोधन

(छ) विहंगम दृष्टिकोणले क्षेत्रीय अवधारणा समेतको आधारमा योजना तर्जुमा

४०९. संघीयतालाई वास्तविक रूपमा लागू गर्न नीतिगत कार्यमा सीमित रहनु पर्ने र सिद्धान्ततः योजना कार्यान्वयनको दायित्व बोक्न नपर्ने संघीय विभागहरूको आवश्यकताबारे पुनर्विचार गर्ने ।

४१०. राष्ट्रिय आवास नीति, २०६८ को अनुसूचीमा समसामयिक परिमार्जन गरी जग्गा एकीकरण आयोजना क्षेत्रसम्म भौतिक पूर्वाधारहरूको प्रणालीलाई जोड्ने कार्यमा तीनै तहको सरकारले पनि लागतको निश्चित अंश लगानी गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने ।

४११. नगर विकास कोषको संगठन सुधार गरी शहरी विकास तथा आवास बैङ्कको रूपमा स्तरोन्नति गर्ने ।

ऊर्जा सुरक्षा

४१२. राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशक सम्बन्धी अवधारणापत्र, २०७२ ले निर्दिष्ट गरे बमोजिम नेपालको जलविद्युत विकास लगायत मिश्रित ऊर्जा प्रणालीको अवधारणालाई केन्द्रबिन्दुमा राखी ऊर्जा विकास मार्गचित्र २०८१ ले तय गरे बमोजिमको "राष्ट्रिय ऊर्जा सुरक्षा नीति" एक वर्ष भित्रमा तर्जुमा गरी लागू गर्ने ।

४१३. ऊर्जा सुरक्षालाई केन्द्रबिन्दुमा राखी आवश्यक परेको बेलामा जुनसुकै स्रोतबाट भए पनि जनताका ऊर्जा आवश्यकता पूर्ति गर्न तयार रहने अवस्था निर्माण गर्ने । साथै, प्राकृतिक वा मानवसिर्जित कारणबाट ऊर्जा संकट आइपरेमा तत्काल ऊर्जा आपूर्तिको लागि वैकल्पिक स्रोत वा भण्डारको व्यवस्था गर्ने ।

४१४. नेपालको ऊर्जा क्षेत्रका चुनौतीलाई समाधान गर्न माग अनुसारको ऊर्जाको उपलब्धता तथा उचित ऊर्जा सम्मिश्रणको अवधारणा बमोजिम जलविद्युत बाहेक अन्य नवीकरणीय ऊर्जाका स्रोतहरू जस्तै सौर्य, वायु, हरित हाइड्रोजन, जस्ता अन्य प्रविधिहरूलाई पनि ऊर्जा उत्पादनको विकल्पको रूपमा विकास गर्ने, लगानी बढाउने र आवश्यक नीतिगत व्यवस्था मिलाउने ।

४१५. भविष्यमा वनजङ्गलबाट प्राप्त हुने परम्परागत ऊर्जाको प्रयोगलाई घटाउँदै लैजाने रणनीति अवलम्बन गरे तापनि तत्कालका लागि परम्परागत जैविक ऊर्जाको स्रोतलाई कार्बन उत्सर्जन न्यून हुने किसिमले प्रशोधन गरी ब्रिकेट, पेलेट वा चारकोलको रूपमा प्रयोग गर्न प्रोत्साहन गर्ने ।

४१६. पेट्रोलियम पदार्थको आपूर्ति संरचनामा विविधता ल्याउनु पर्ने । ऊर्जा सुरक्षाको दृष्टिले लामो समयसम्म एउटै स्थान वा बजार वा नाकाबाट पेट्रोलियम पदार्थ आयात गर्नुको सट्टा फरक-फरक देश, बजार वा नाका वा अन्य वैकल्पिक उपायहरू अवलम्बन गर्ने र एउटै देशबाट आयात गर्दा पनि फरक-फरक बाटोहरूबाट ल्याउन सकिने वैकल्पिक मार्गहरू समेत पहिचान गर्नुपर्ने ।

४१७. पेट्रोलियममा आधारित सवारी साधनको वृद्धि तथा पेट्रोलियम पदार्थको खपत निरन्तर वृद्धि भइरहेको परिप्रेक्ष्यमा कम्तीमा तीन महिनाको लागि पुग्ने पेट्रोलियम पदार्थको भण्डारण क्षमता हुनु पर्ने । यसका लागि थप पेट्रोलियम भण्डारण स्थल निर्माण गर्नु पर्ने। पेट्रोलियम पदार्थ आफैमा प्रज्वलनशील हुने भएकोले भण्डार स्थलको सुरक्षाको पक्षमा ध्यान दिनु आवश्यक।

४१८. विद्युतीय ऊर्जाको प्रयोगको वृद्धि तथा यसको सुरक्षाका सम्बन्धमा नेपालले सकेसम्म बढी जलस्रोत तथा अन्य नवीकरणीय ऊर्जाका स्रोतको उपयोग मार्फत विद्युत उत्पादन गरी परम्परागत जैविक ऊर्जा र आयातित खनिज ऊर्जालाई विस्थापित गर्ने नीतिलाई प्राथमिकता दिनुपर्ने ।

४१९. **खुद शून्य उत्सर्जन रणनीतिमा क्षेत्रगत प्राथमिकताः**

(क) घरायसी क्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरणको लागि एलपी ग्यासको अनुदान खारेज गर्ने र विद्युतीय चुलो र वायोग्याँसको प्रयोग बढाउने ।

(ख) यातायात क्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरण गर्न निजी र सार्वजनिक दुवै सवारी साधनलाई विद्युतीय सवारी साधनले चरणवद्ध रूपमा प्रतिस्थापन गर्ने।

(ग) धातुजन्य, सिमेन्ट, इँटा भट्टा जस्ता ठूला उद्योगको लागि आवश्यक पर्ने तापीय ऊर्जाको लागि विद्युतबाट चल्ने प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्ने (न्यून कर, सहुलियतपूर्ण ऋण, भाष्य निर्माण आदिले) ।

(घ) परम्परागत इँटा भट्टालाई आधुनिक ब्रिक क्लिनले प्रतिस्थापन गर्ने ।

(ङ) सिमेन्ट उद्योगमा उत्सर्जन हुने कार्बन (Carbon Capture, Utilization and Storage-CCUS) नियन्त्रण गर्न उद्योगहरूलाई प्रोत्साहन गर्ने ।

(च) कृषि क्षेत्रमा सिँचाइका लागि पानी तान्ने पम्प र फार्म मेसिनरीको लागि विद्युतीय ऊर्जा प्रयोग बढाउने ।

(छ) सौर्य फोटोभोल्टेक पम्पिङ्ग (PVPS) को प्रवर्द्धन गर्ने ।

४२०. विद्युतीय ऊर्जा सुरक्षाको लागि विद्युत उत्पादनको विविधीकरण गर्ने । जलविद्युतमा पनि नदी प्रवाहमा आधारित, अर्धजलाशययुक्त, डे पिकिङ्ग र जलाशययुक्त जलविद्युत आयोजनाहरू निर्माण गर्नुका साथै सौर्य, वायु लगायतका अन्य नवीकरणीय ऊर्जाका स्रोतबाट ऊर्जा उत्पादन गरी विद्युतको नियमित आपूर्तिको सिनिश्चतता गर्न जरूरी। साथै, गुणस्तरीय विद्युत सेवाका लागि प्रसारण र वितरण प्रणालीमा व्यापक सुधार गर्ने ।

४२१. तत्कालका लागि भारत तथा बंगलादेश विद्युत निर्यात गर्ने दृष्टिकोण लिए पनि दीर्घकालीन नीतिको दृष्टिकोण उत्पादित ऊर्जाको आन्तरिक खपत वृद्धि गर्ने र राष्ट्रिय ऊर्जा सुरक्षा हासिल गर्ने।

४२२. ऊर्जा सम्मिश्रणको अवधारणा अनुसार दिउँसो घाम लागेको बेलामा सौर्य विद्युत उत्पादन गर्ने र जलाशययुक्त वा डे-पिकिङ्ग परियोजनामा पानी जम्मा गरी अत्याधिक विद्युत खपत हुने साँझको समयमा मात्रै विद्युत उत्पादन गर्दा बढी प्रभावकारी हुनुका साथै यसले ऊर्जा सुरक्षामा पनि योगदान पुऱ्याउने भएका कारण जलाशययुक्त परियोजना र सौर्य ऊर्जाको विकासको लागि उचित नीतिगत व्यवस्था गर्नुका साथै सौर्य र वायु ऊर्जा उत्पादनलाई विकल्पको रूपमा अवलम्बन गर्नुपर्ने ।

४२३. दुर्गम क्षेत्रमा विद्युतको अभाव तथा ऊर्जा सङ्कट लामो समयसम्म रहने अवस्था सिर्जना भएको हुँदा ती क्षेत्रहरूमा ऊर्जा सुरक्षाका लागि विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणालीको विकास गरी लागू गर्ने ।

४२४. हरित हाइड्रोजन विकाससम्बन्धी कानुनी व्यवस्था गर्ने।

शिक्षा

४२५. नेपालमा शैक्षिक स्थितिको असमान वितरण भएको देखिन्छ । ।साक्षरताको खाडल ३१.५४ प्रतिशत देखिन्छ ।साक्षरता कम भएका स्थानमा शिक्षाको स्तर पनि कम भएको अनुमान लगाउन सकिन्छ।साक्षरता दर न्यूनतम हुने जिल्लाहरू जस्तै रौतहट, महोत्तरी, सर्लाही , हुम्ला , बारा, सिराहा, धनुषा, डोल्पा, सप्तरी , सिन्धुपलान्चोक आदि क्षेत्रमा विशेष कार्यक्रम संचालन गरी साक्षरता र शैक्षिक स्तर उकास्नु पर्ने।

४२६. प्रवेशिका वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको जनसंख्या मात्र २२.१२ प्रतिशत देखिन्छ। प्रवेशिका मात्र पास गर्नेको संख्या ७.२६ प्रतिशत छ । शैक्षिक योग्यता न्यून रहेका श्रम शक्तिको उत्पादकत्व पनि न्यून रहन गएको हुन्छ । अतः प्रवेशिका पास गर्नेको संख्यामा उल्लेख्य वृद्धि गर्नु पर्ने।

४२७. नेपालमा सामुदायिक विद्यालयहरू मध्य ६० प्रतिशत विद्यालयमा विद्यार्थीको संख्या १०० भन्दा कम छ । एक हजार भन्दा माथि विद्यार्थी हुने सामुदायिक विद्यालयहरूको संख्या मात्र २.५७ प्रतिशत मात्र छ । सामुदायिक विद्यालयहरूमा विद्यार्थी घट्नाको प्रमुख कारण शिक्षाको गुणस्तर कमजोर हुनु हो । अतः सामुदायिक विद्यालयहरूमा अंग्रेजी र नेपाली माध्यमबाट निजी विद्यालय सरह पठन पाठन गराउन आवश्यक छ । यसो भएमा सामुदायिक विद्यालयमा विद्यार्थीहरूको संख्या बढ्न सक्छ ।

४२८. न्यून विद्यार्थी भएका उच्च माध्यमिक तहका विद्यालयहरूलाई गाभी गुणस्तरीय शिक्षाको प्रबन्ध मिलाउन सकिन्छ । यसरी गाभिएका विद्यालयहरू वासस्थानबाट लामो दूरीमा पर्ने हुन सक्छ । त्यसैले त्यहाँ छात्रावासको स्थापना गरी गाउँपालिकाहरुले विद्यालयहरूमा छात्रावासको खर्च व्यहोर्ने व्यवस्था मिलाउन सकिन्छ । यसो भएमा विद्यालय स्थापना भएको क्षेत्र सानो बजारको रूपमा विकसित हुन सक्दछ ,जसले गाउँमा उत्पादित वस्तुहरूले पनि बजार पाउने गर्दछ ।

४२९. सामुदायिक विद्यालयमा गणित, विज्ञान, अंग्रेजी जस्ता विषयहरूको गुणस्तरीय शिक्षा हुन सकेको छैन । गणित, विज्ञान तथा अंग्रेजी, विषयको शिक्षक हुनका लागि सोही विषयमै वि एड गरेको हुनुपर्ने प्रावधान हटाउन पर्दछ । अंग्रेजीका लागि मानविकी संकायबाट, विज्ञानका लागि विज्ञान संकायवाट र गणितका लागि मानविकी वा विज्ञान संकायबाट पास गरेको भए पुग्ने प्रावधान राख्नु पर्दछ । नेपालको वि एड तिरको शिक्षा शैक्षिक विधि मा बढी केन्द्रित हुने र विषय वस्तुको ज्ञान अति कम हुने गरेकोले शिक्षाको गुणस्तर खस्केको हो । यसो भएमा शिक्षक आपूर्ति पनि सहज हुने छ। स्थायी भए पछि न्यूनतम तीन महिने शैक्षिक-विधि (पेडागोजी) को तालिम दिने व्यवस्था मिलाउन पर्दछ । अथवा, विश्वविद्यालयहरूले यस्तो तालिमको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउन पनि सकिन्छ ।

४३०. रोजगारीमा केन्द्रित विद्यालय शिक्षा बनाउने । माध्यमिक तहमा कुनै एक व्यावसायिक विषय राखेमा प्रवेशिका तह पास गरे पनि औपचारिक क्षेत्रमा रोजगारी नपाएमा आफैले कुनै व्यवसाय गरी जीविकोपार्जन गर्ने दक्षता विद्यार्थीहरूमा हुने थियो ।अतः माध्यमिक तहको पाठ्यक्रममा अनिवार्य रूपमा एउटा व्यावसायिक विषय राख्नु पर्दछ ।

४३१. नेपालमा केन्द्रीय विश्वविद्यालयहरूको संख्या १७ वटा पुगी सकेको तर ८० प्रतिशत विद्यार्थी त्रिविवि मैं केन्द्रित हुने गरेको छ । त्रिविवि बाहेकका विश्वविद्यालयहरूले खासै जनशक्ति उत्पादन गर्न नसकेको हुँदा न्यून विद्यार्थी हुने विश्वविद्यालयहरूलाई उत्पादन दक्षता बढाउन र प्रति एकाइ लागत घटाउन लगाउनु आवश्यक।

४३२. प्रत्येक विश्वविद्यालयलाई कुनै एक विधामा विशिष्टता विकास गर्न उत्प्रेरित गर्ने ।

४३३. सोह्रौं योजनाले प्राविधिक जनशक्तिको उत्पादन ७० प्रतिशत बनाउने लक्ष राखेको सन्दर्भमा विश्वविद्यालयहरूलाई प्राविधिक विषयको जनशक्ति उत्पादन गर्न उत्प्रेरित गर्ने ।

४३४. राष्ट्रिय योजना आयोगले राष्ट्रिय रूपमै आवश्यक जनशक्तिको प्रक्षेपण गर्नु पर्दछ । यो श्रम बजारको जनशक्तिको मागको प्रक्षेपण हो। सोही अनुसार विश्वविद्यालयहरूलाई जनशक्ति उत्पादन गरी आपूर्ति गर्न निर्देशित गर्नु पर्दछ । राष्ट्रिय आवश्यकता र बजारको माग अनुकूलको पाठ्यक्रम तैयार गर्न विश्वविद्यालयहरूलाई निर्देशित गर्नु पर्दछ ।यसो भएमा शैक्षिक बेरोजगार कम भएर जाने छ ।

४३५. देश भित्रको उच्च शिक्षा अन्तरराष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाएर उच्च शिक्षाको लागि विदेश जाने प्रवृत्तिमा कमी ल्याउने।

४३६. विशिष्टीकृत सेवाहरू जस्तै डाक्टर, पाइलट, इन्जिनियर आदिमा कोटा प्रणालीले गर्दा उत्पादन ऋणात्मक बनेको हुँदा कोटा प्रणाली खारेज गर्ने । शिक्षा जनताको मौलिक हक भएको हुँदा दक्षताको आधारमा

वा प्रतिस्पर्धाको आधारमा उच्च अंक पाउने विद्यार्थीलाई दिने छात्रवृत्ति कायमै राख्ने । सकेसम्म सरकारी तह वाट संचालित उच्च शिक्षा न्यून शुल्क बनाउने ।

४३७. प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिको उत्पादनमा विस्तार गर्ने ।

स्वास्थ्य

४३८. प्रति हजार जनसंख्यालाइ उपलब्ध डाक्टरहरूको संख्या नेपालमा न्यून छ । अतः नेपालको स्वास्थ्य नीति चिकित्सकहरूको उत्पादन बढाउने तर्फ केन्द्रित हुनु पर्दछ ।

४३९. बागमती वाहेक अन्य प्रदेशहरूमा सुविधा सम्पन्न अस्पतालको अभाव देखिन्छ ।गम्भीर प्रवृत्तिको रोग लागेमा काठमाडौं आउन नपाउँदै बिरामीहरूको मृत्यु हुने गर्दछ । अतः अन्य छ प्रदेशहरूमा एक एक वटा सुविधा सम्पन्न अस्पतालको निर्माण गर्नु उपयुक्त देखिन्छ।

४४०. नेपाल सरकारले प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने नीति लिएको छ । ५, १० र १५ शय्याका अस्पताल निर्माण र संचालन हालको संरचनामा केही पुनर्संरचना आवश्यक देखिन्छ। उदाहरणको लागि तिलोत्तमा नगरपालिकामा १५ शय्याको अस्पताल संचालनमा छ तर मानिसहरू करिब १०—१५ मिनेटको यात्राबाट सुविधा सम्पन्न बुटवलका अस्पतालहरूमा उपचारको लागि जाने गरेको देखिन्छ । पहिले देखि नै सुविधा सम्पन्न अस्पताल निर्माण भैसकेका पालिकाहरुमा र पालिकाको निकट दूरीमा सुविधा सम्पन्न अस्पताल भएमा यस्ता ठाउँहरूमा आधारभूत अस्पताल निर्माण आवश्यक देखिँदैन ।

४४१. नेपालमा प्राकृतिक तथा आयुर्वेद चिकित्सा प्रणालीको विकास आधुनिक स्वास्थ्य प्रणालीको हाराहारीमा हुन आवश्यक छ । एकातिर यसले परम्परागत उपचार पद्धतिको संरक्षण गर्दछ भने केही रोगहरूमा आयुर्वेद चिकित्सा प्रणाली बढी प्रभावकारी पनि देखिन्छ ।

४४२. छात्रवृत्तिमा सरकारी कलेजमा वा निजी कलेजमा पढ्ने विद्यार्थीलाई अनिवार्य ५ वर्ष देशमै सेवा गर्न पर्ने प्रावधान ल्याउन जरुरी छ ।

४४३. स्वास्थ्य शिक्षामा लगानी र प्रतिफलबीच तादात्म्य छैन । लगानी र प्रतिफल मिलाउनका लागि या शिक्षण शुल्क कम गर्नु पर्दछ या तलव मानमा वृद्धि गर्नु पर्दछ या दुवै बाटो अपनाउन सकिन्छ ।

४४४. स्वास्थ्य प्राविधिक जनशक्तिको बढुवा गर्दा वा स्थायी नियुक्ति दिँदा दुर्गम क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिई छनौट गरिनुपर्छ। यसो गरेमा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुर्याउन निकै सजिलो हुन्छ।

४४५. स्वास्थ्य क्षेत्रको उपकरण खरीद अधिकतर विवादमा आउने गरेको पाइन्छ । अतः खरीदका लागि सो सँगका विशेषज्ञहरू भएको एक छुट्टै निकाय खडागरी खरीद गरेमा उपयुक्त हुने थियो ।

४४६. दोहरिएको र छरिएको स्वास्थ्य बीमा सेवा एक द्वार प्रणाली वाट लागू गर्न राम्रो हुने छ। । स्वास्थ्य बिमा लाइ करसँग आबद्ध गर्नु जरुरी छ । न्यूनतम आयको सीमा तोकी सो भन्दा न्यून आय भएका लाई बिमाको प्रिमियम तिर्न नपर्ने तर सामाजिक सुरक्षा कर तिर्न पर्ने र सिमा भन्दा माथि भएकोले

प्रिमियम तथा कर दुवै तिर्न पर्ने गरेमा करको दायरा पनि बढ्ने र एक द्वार प्रणाली पनि लागू हुने थियो।

४४७. चिकित्सा विज्ञान सम्बन्धी छात्रवृत्ति योग्यता (मेरिट) मा आधारित गर्ने र कोटा सिस्टम खारेज गर्ने । योग्यतामा छात्रवृत्तिले गुणस्तरीय चिकित्सकहरूको उत्पादन बढ्नेछ । दिमागको भरमा चिकित्सक बन्ने प्रचलन बढ्ने छ ।

४४८. स्थानीयबाट प्रदेश तथा प्रदेशबाट संघीय अस्पतालमा अनिवार्य रिफरल प्रणाली अवलम्बन गर्ने। हाल भएको कार्यविधिमा सामयिक परिमार्जनसहित प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने ।

बसाई सराइ तथा युवा पलायन

४४९. प्रत्येक नगरपालिकामा रहेका आर्थिक सम्भावनाहरूको उपयोग गरी व्यवसाय, आय-आर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने लक्षित कार्यक्रमहरू संचालन गर्ने।

४५०. नेपालको विश्वविद्यालयका पाठ्यक्रम समयानुकूल संशोधन र अद्यावधिक हुन नसक्दा युवाहरू आफ्नो रुचि र चाहनाको विषय पढ्न विदेशिने गरेका छन्। यसरी जाने विद्यार्थी मध्ये अधिकांश पढाई सँगै काममा लाग्ने र कालान्तरमा पढाई छोड्ने प्रवृत्ति बढेको छ। यो वर्गका व्यक्तिहरू खासगरी विकसित मुलुक अमेरिका, जापान अष्ट्रेलिया जस्ता मुलुकमा गएको पाइन्छ। यस्ता व्यक्तिहरू गन्तव्य मुलुकमा प्रत्येक वर्ष कलेज र विश्वविद्यालयमा नामाङ्कन गराई प्रवेशाज्ञा (Visa) नवीकरण गराउने र कामदार कै रूपमा रहने गरेको अवस्था छ। नेपाली विश्वविद्यालयको पाठ्यक्रमलाई बदलिँदो परिवेश अनुरूप बनाउने, शैक्षिक क्यालेण्डर तर्जुमा गरी त्यसको पालना गर्ने र विश्वविद्यालयमा अनावश्यक राजनीतिक गतिविधि बन्द गर्ने हो भने यस वर्गका अधिकांश व्यक्ति विदेश पलायन हुनबाट रोकिने देखिन्छ।

४५१. **आफ्नो मुलुक चिनौं कार्यक्रम संचालन गर्ने** । अहिले विद्यालय तह उत्तीर्ण गरेका देखि विश्वविद्यालयका हरेक तहका विद्यार्थीको विदेश जाने चाहना रहेको देखिन्छ। यसमा कमी ल्याउन र विद्यार्थीहरूमा देशभक्ति र राष्ट्रप्रेमको भावना जागृत गर्न आफ्नो मुलुक चिनौं कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। तीव्र सहरीकरण र विश्वव्यापीकरणका कारण अधिकांश युवाले समग्र नेपालको बोध गर्न नै नसकेको अवस्था रहेको छ। यसलाई अन्त्य गर्न विभिन्न तहका विद्यार्थीलाई एउटा निश्चित अवधि ग्रामीण क्षेत्रमा आफ्नो विधा र सामाजिक क्षेत्रमा अनिवार्य रूपमा काम गर्नु पर्ने व्यवस्था गर्ने। यसलाई शैक्षिक सत्रको एउटा पाटोको रूपमा व्यवस्थित गर्न सकिएमा सम्बन्धित व्यक्ति र मुलुक दुवैलाई लाभको अवस्था सिर्जना हुनेछ।

४५२. **राष्ट्रिय स्वयंसेवक कार्यक्रम संचालन गर्ने** । संघ प्रदेश र स्थानीय तहले लागत साझेदारी गर्ने गरी विभिन्न विधामा विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण विद्यार्थीलाई पालिकामा विज्ञान, गणित र अंग्रेजी शिक्षक, सामाजिक परिचालक र कृषि स्नातकलाई कृषि प्रसार अधिकृतको रूपमा दुई वर्षको लागि खटाउने। यसरी खटिने व्यक्तिलाई प्रति महिना ३० हजारका दरले निर्वाह र प्रोत्साहन भत्ता दिने।

४५३. **ज्यालादरमा पुनरावलोकन गर्नु पर्ने**: केही विकसित अर्थतन्त्रमा कोभिड पश्चात् मुद्रास्फीतिको दरको तुलनामा वास्तविक ज्यालादरमा पुनरावलोकन गरिएपनि अधिकांश अर्थतन्त्रहरूमा ज्यालादरको वृद्धिदर मुद्रास्फीतिको तुलनामा न्यून रहेको छ। नेपालमा समेत यस सम्बन्धमा पुनरावलोकन गरिएको छैन। ज्यालादरलाई वार्षिक हुने मुद्रास्फितिको आधारमा पुनरावलकोन नगर्ने हो भने विकसित मुलुक तर्फ कामको खोजीमा बसाइ सराइ गर्ने प्रवृत्ति आउने दिनमा थप तीव्र हुने अनुमान देखिन्छ। स्वास्थ्य क्षेत्र लगायतका क्षेत्रमा इन्टर्न गर्ने व्यक्तिलाई न्यूनतम मासिक तलव बराबरको रकम दिएमा यस्तो समूहबाट विदेशिने प्रवृत्ति कम हुँदै जाने देखिन्छ।

४५४. **अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने:** नेपाल सरकारले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने नीतिगत व्यवस्था नेपाल सरकारले गरिसकेको तथापि यसको कार्यान्वयन निकै नै जटिल छ। यस अन्तर्गत श्रमिकको नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत रकम कोषमा जम्मा हुन्छ । यसका लगि श्रमिकले न्यूनतम आधारभूत पारिश्रमिक बाट ११ प्रतिशत र सरकार (स्थानीय पालिका) बाट ९.३७ प्रतिशत थप गरी २०.३७ प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्ने हुन्छ। यसै पनि श्रमिकको न्यूनतम ज्यालादर नै न्यून रहेको अवस्थामा वर्तमान आवश्यकता कटौती गरी भविष्यका लागि रकम जम्मा गर्छन् भन्ने मान्यताको व्यवहारिक रूपान्तरण कठिन भएकोले सामाजिक सुरक्षाका लागि जम्मा गर्नुपर्ने रकमको प्रतिशत घटाएर जाने विकल्पमा जानु उपयुक्त देखिन्छ। त्यस्तै स्वरोजगार क्षेत्रको हकमा भने नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिक रु। ९ हजार ३८५ को ३१ प्रतिशत नै जम्मा गर्नुपर्ने प्रावधान रहेको छ। यो दर पनि उच्च भएकोले यसमा पनि पुनरावलोकन गर्नु पर्ने देखिन्छ। २०८० साउनबाट प्रारम्भ भएको यस योजना अन्तर्गत सामाजिक सुरक्षा कोषको गत आर्थिक वर्ष अनौपचारिक क्षेत्रका २९५ र स्वरोजगारीमा रहेका मध्ये १४४ गरी कुल ४३९ व्यक्तिले मात्र यस योजनामा आबद्ध भएका छन्।

४५५. **सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नु पर्ने:** मुलुकको सार्वजनिक सेवालाई सरल सहज र प्रविधि मैत्री बनाउँदै लैजानु अत्यन्त आवश्यक भएको छ। सार्वजनिक सवारी चालक अनुमति पत्र आवेदन दिएको लामो समयसम्म जारी नहुने, सवारी साधनको वार्षिक कर तिर्न कार्यालय नै धाउनु पर्ने, सरकारी अस्पताल र सार्वजनिक स्वास्थ्य सेवामा स्वास्थ्य सेवा प्राप्त गर्न कठिन हुने, सरकारी शैक्षिक संस्थामा पढाइ नै नहुने जस्ता सामान्य प्रयास गर्दा सुधार गर्न सकिने सार्वजनिक सेवा प्रवाहमा समेत सुधार हन सकेको छैन। यूवा वर्गलाई व्यवसाय दर्ताका लागि विभिन्न निकाय धाउनु पर्ने, संघ प्रदेश र स्थानीय तहका निकायहरूमा अलग अलग विषयमा दर्ता हुनु पर्ने प्रावधानका कारण युवाहरू मुलुकमा व्यवसाय सुरु गर्न नै हिचकिचाइरहेको अवस्था छ। सामान्य खालका सुधारबाट हल हुने विषयहरूबाट सार्वजनिक सेवा प्रवाहमा सहजता आउने र युवाहरूलाई आफ्नो देशमै बसौं केही गरौं भन्ने सकारात्मक भावना सिर्जना हुने देखिन्छ।

४५६. **प्राविधिक धारको तालिम र प्राविधिक शिक्षा विस्तार गर्नु पर्ने:** स्वरोजगार र उद्यमशीलता प्रवर्द्धनमा सघाउ पुर्याउने सिपमूलक शैक्षिक कार्यक्रम विस्तार गर्नु आवश्यक छ। उदाहरणका लागि प्लम्बिङ,

इलेक्ट्रिसियन, सुन चाँदीका गरगहना बनाउने मजदुर जस्ता तुलनात्मक रूपमा उच्च ज्याला पाउने कार्यमा अधिकांश व्यक्तिहरू विदेशी कामदार रहेका छन्। यस्ता विषयमा सिपयुक्त तालिम बढाउनु पर्ने देखिन्छ। प्रत्येक वर्ष मुलुकका सार्वजनिक शैक्षिक संस्थाबाट उत्तीर्ण हुने विद्यार्थी मध्ये कम्तीमा ५० प्रतिशत प्राविधिक धारको हुने नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ।

४५७. **वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) सम्बन्धी व्यवस्थामा समसामयिक सुधार गर्नु पर्ने:** अध्ययनका लागि विदेश जानु अघि नेपाली विद्यार्थीहरूले लिनुपर्ने विद्यमान व्यवस्थामा केही प्रावधान थप गर्नु पर्ने देखिन्छ। उच्च माध्यमिक तहको अध्ययन गर्न वैदेशिक अध्ययन अनुमतिपत्र नदिने। नेपालमा अध्ययनका क्रममा छात्रवृत्ति प्राप्त विद्यार्थीले नेपालमा कम्तीमा एक वर्ष काम नगरी बाहिर जान नपाउने व्यवस्था गर्ने। छात्रवृत्तिमा चिकित्सशास्त्र अध्ययन गरेकाले जति वर्ष छात्रवृत्तिमा अध्ययन गरेको हो त्यसको दोब्बर वर्ष र शुल्कमा चिकित्सशास्त्र अध्ययन गर्नेले कम्तीमा तीन वर्ष सेवा नगरी बाहिर जान नपाउने व्यवस्था गर्ने।

अनुसन्धान तथा विकास

४५८. अनुसन्धान तथा विकास प्रवर्द्धनका लागि प्रत्येक वर्ष कम्तीमा राष्ट्रिय बजेटको १ प्रतिशत विनियोजन गर्नुपर्ने।

४५९. अनुसन्धान समन्वय, नीति निर्माण, स्रोत परिचालन, राष्ट्रिय विकास लक्ष्यसँग मिलान, बहु-क्षेत्रीय सहकार्यको प्रवर्द्धन र अनुसन्धान लगानीको प्रभावकारिता उच्च बनाउन सुनिश्चित गर्नका लागि राष्ट्रिय योजना आयोगको नेतृत्वमा, नास्ट, नार्क, राष्ट्रिय स्वास्थ्य अनुसन्धान केन्द्र, राष्ट्रिय तथ्यांक कार्यालय, विश्वविद्यालयहरू, नीति अनुसन्धान प्रतिष्ठान, निजी क्षेत्र, विद्वत-समुह (थिंक ट्याङ्क) हरू सदस्य रहने गरी राष्ट्रिय अनुसन्धान तथा विकास परिषद् स्थापना गर्नुपर्ने ।

४६०. परिषदले आगामी तीन वर्षको अनुसन्धान परियोजनाहरूको राष्ट्रिय विकास लक्ष्यसँग समायोजन तथा पुनरावलोकन गरी स्वीकृत गर्ने र सोही अनुरूप बजेट विनियोजन गर्ने प्रबन्ध सहितको कानुनी तथा नीतिगत व्यवस्था निर्माण गर्ने ।

४६१. विद्यमान नास्ट, नार्क, राष्ट्रिय स्वास्थ्य अनुसन्धान केन्द्र जस्ता केन्द्रीय अनुसन्धानमुलक संस्थाहरूको कामको पुनरावलोकन राष्ट्रिय विकास लक्ष्यलाई सहयोग पुर्याउन सक्ने गरी सुधार गर्नुपर्ने।

४६२. राष्ट्रिय तथ्यांक कार्यालयले आधिकारिक तथ्यांक सङ्कलन, प्रमुख आवधिक सर्वेक्षण तथा जनगणना सञ्चालन, र प्रमाण-आधारित नीति निर्माण तथा अनुसन्धानका लागि भरपर्दो राष्ट्रिय तथ्यांक उत्पादन गर्ने भएकोले राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांक सङ्कलन तथा व्यवस्थापन क्षमताको सुदृढीकरण गरी तथ्यांकको शुद्धता, समयानुकूलता, र समग्रतामा सुधार ल्याउनुपर्ने । ।राष्ट्रिय तथ्याङ्क कार्यालयलाई राष्ट्रिय योजना आयोग मातहत ल्याउनु पर्ने ।

४६३. स्वतन्त्र राष्ट्रिय नीति अनुसन्धान संस्थाहरू तथा थिंक ट्याङ्कहरूको पहिचान गरी अनुसन्धान तथा विकास पारिस्थितिकीय प्रणालीमा उनीहरूको भूमिका सशक्त बनाउन विशेषज्ञताको आधारमा सरकारी सल्लाहकार

निकायको रूपमा संलग्न गर्नुपर्ने, पहिचान भएका संस्थाहरूलाई दीर्घकालीन कोष संरचना, कर छुट, प्रतिस्पर्धात्मक अनुदान तथा संस्थागत क्षमता विकास कार्यक्रमहरू मार्फत सहयोग प्रदान गर्ने ।

४६४. पहिचान गरिएका गैरसरकारी स्वतन्त्र राष्ट्रिय नीति अनुसन्धान संस्था तथा विद्वत-समुहहरूको (थिंक ट्याङ्क) नियामकीय भूमिकामा समाज कल्याण परिषदको सट्टा राष्ट्रिय अनुसन्धान तथा विकास परिषदलाई तोक्न कानुनी व्यवस्था मिलाउने।

४६५. अनुसन्धान अनुदानको प्रभावकारिता मूल्यांकन गर्न हालसम्म प्रदान गरिएका अनुसन्धान तथा विकास अनुदानहरूको पुनरावलोकन गरी तिनको प्रभावकारिता सुनिश्चित गर्ने ।

४६६. अनुसन्धान तथा विकासमा लगानी गर्ने निजी क्षेत्रलाई कर छुट/कटौती नीति पुनरावलोकन गरी अनुसन्धान तथा विकासको पारिस्थितिकीय प्रणालीमा सहकार्यको लागी प्रोत्साहन गर्ने।

४६७. नेपालको भौगोलिक विशेषतालाई प्राथमिकतामा राखी उचाइ-आधारित (कृषि, नवीकरणीय ऊर्जा, विकट वासस्थान, स्वास्थ्य, वातावरण, खगोल तथा भूगर्भ) अनुसन्धान प्रवर्द्धन केन्द्र स्थापना गर्ने ।

४६८. अन्तर्राष्ट्रीय अनुसन्धान सहकार्यलाई प्रवर्द्धन गर्न वैदेशिक अनुसन्धान लगानीलाई आकर्षित गर्ने। जलवायु परिवर्तन, दिगो कृषि तथा नवीकरणीय ऊर्जा जस्ता विश्वव्यापी चुनौतीहरूसँग मेल खाने अनुसन्धान कार्यक्रमलाई प्रवर्द्धन गर्न अनुकूल नीति निर्माण गर्नुपर्ने ।

४६९. **विश्वविद्यालयहरूलाई विशिष्ट अनुसन्धान केन्द्रको रूपमा विकास गर्नुपर्ने** । जस अन्तर्गत प्रत्येक विश्वविद्यालयलाई कुनै एक विशेष क्षेत्रमा "उत्कृष्टता केन्द्र" (सेन्टर अफ एक्सेलेन्स) बनाउनुपर्ने। अनुसन्धान तथा विकास विश्वविद्यालयको अभिन्न अंग बनाइनुपर्ने।

४७०. प्राकृतिक स्रोतहरूको दिगो उपयोग तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न वातावरणमैत्री खानी उत्खनन, जलस्रोतको सिंचाई, खानेपानी व्यवस्थापन तथा नवीकरणीय जल-ऊर्जा सम्भावनाको अध्ययन, वन सम्पदाको वातावारणमैत्री विकास तथा उपभोग, साथै यी स्रोतहरूमा आधारित स्थानीय उद्योगहरूको अनुसन्धान तथा विकासमा सहकार्य गर्दै दिगो समाधानहरू प्रदान गर्ने गरी कुनै एउटा **विश्वविद्यालय अन्तर्गत** "*प्राकृतिक स्रोत उपभोग तथा दिगो स्रोत व्यवस्थापन अनुसन्धान केन्द्र*" स्थापना गर्ने।

४७१. नवप्रवर्तन तथा प्रविधि विकासलाई प्राथमिकतामा राखी आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, र डिजिटल पूर्वाधार र साईवर सुरक्षालाई प्रवर्द्धन गर्न नेपाल सरकार, इन्जिनियरिंग अध्ययन संस्थान, काठमाडौं विश्वविद्यालय र निजी क्षेत्रका सूचना प्रविधि कम्पनीहरूको संलग्नता र सहकार्यमा ***"राष्ट्रिय डिजिटल नवप्रवर्तन केन्द्र"*** स्थापना गर्ने ।

४७२. व्यवहारिक अनुसन्धानमा विश्वविद्यालयहरूको संलग्नता बढाउन अनुसन्धान अनुदान, फेलोशिप, आर्थिक सहायता जस्ता वित्तीय सहयोगको पुनरावलोकन गरी विश्वविद्यालयहरूको व्यवहारिक अनुसन्धान क्षमतामा सुधार गर्ने।

४७३. उद्योग-शिक्षा क्षेत्रको सहकार्यलाई सुदृढ पार्न अनुसन्धान केन्द्रहरू स्थापना गरी विद्यार्थीहरू र अनुसन्धानकर्ताहरूलाई उद्योग व्यवसायहरूमा कार्यस्थल अनुसन्धान कार्य गर्न प्रोत्साहित गर्नुपर्ने ।

४७४. अन्तर्राष्ट्रिय विश्वविद्यालय र स्वदेशी अनुसन्धान केन्द्रहरू सहकार्यलाई मजबुत पार्ने नीतिगत व्यवस्था गर्ने ।

४७५. शिक्षा, सरकार र उद्योग बीचको सहकार्यलाई सुधार गर्न औद्योगिक-एकेडेमिक अनुसन्धान सहकार्यलाई प्रवर्द्धन गर्ने जसका लागी व्यवहारिक अनुसन्धान परियोजनाहरूमा विश्वविद्यालय, अनुसन्धान संस्था र उद्योग बीचको सहकार्यलाई प्रवर्द्धन गर्नुपर्ने ।

४७६. अनुसन्धानमुखी जनशक्ति तयार पार्न अनुसन्धान तथा विकास सम्बन्धी सीप विकासमा लगानी गर्ने ।

४७७. जलवायु अनुकूल कृषि अनुसन्धानलाई प्रवर्द्धन गर्नुपर्ने जसका लागी जलवायु-प्रतिरोधी बाली, एकीकृत शत्रु-जीव व्यवस्थापन र दिगो कृषि प्रविधिहरूमा अनुसन्धानहरूलाई प्राथमिकता दिनु पर्ने ।

४७८. बजार पहुँच तथा मूल्य वृद्धिलाई प्रवर्द्धन गर्न निजी क्षेत्रको सहकार्यमा अनुसन्धान तथा विकासमा आधारित कृषि प्रशोधन केन्द्रहरू स्थापना गर्ने ।

परिच्छेद १

परिचय

आयोगको कार्य विवरण

१ नेपाल सरकारले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने निर्णयमा आयोगलाई निम्नानुसार कार्य विवरण तोकेको थियो।

(१) नेपालको संविधानका निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन, मौलिक हकको प्रचलन, सङ्घीयता कार्यान्वयनका सन्दर्भमा प्रचलित क्षेत्रगत नीति, कानून र संरचना समेतको अध्ययन गरी मुलुकले अवलम्बन गर्नुपर्ने आर्थिक नीति सम्बन्धी सुझाव पेश गर्ने,

(२) नेपालको अर्थतन्त्र र प्रमुख उत्पादन क्षेत्रको उत्पादकत्व अभिवृद्धिका लागि चाल्नुपर्ने उपाय सिफारिस गर्ने,

(३) निजीक्षेत्रको लगानीलाई प्रोत्साहन गरी आत्मनिर्भर र दिगो उत्पादन तथा वितरण प्रणालीको विकासका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुझाव प्रस्तुत गर्ने

(४) कृषि क्षेत्रको विकासलाई उद्योग, पर्यटन जस्ता क्षेत्रहरूसँग जोड्ने गरी अग्र र पृष्ठ सम्बन्ध स्थापित गर्न चाल्नु पर्ने कदम वारे सरकारलाई सुझाव पेश गर्ने,

(५) मुलुकको तुलनात्मक लाभका क्षेत्र तथा वस्तुहरू पहिचान गरी सो को उपयोगको रणनीति सिफारिस गर्ने,

(६) अन्तरराष्ट्रिय व्यापारमा मुलुकको हित प्रवर्द्धनका लागि चाल्नुपर्ने कदम सम्बन्धमा सरकारलाई सुझाव पेश गर्ने,

(७) सार्वजनिक वित्तको प्रभावकारी उपयोगका सम्बन्धमा सरकारलाई सुझाव पेश गर्ने,

(८) शिक्षा स्वास्थ्य जस्ता सामाजिक पूर्वाधार तथा सडक सिँचाइ जलविद्युत जस्ता भौतिक पूर्वाधारको महत्तम उपयोगका लागि लगानी र सञ्चालनको ठोस ढाँचा सिफारिस गर्ने,

(९) जनसङ्ख्या व्यवस्थापन तथा दिगो शहरी विकास मार्फत समृद्ध समाज निर्माणका लागि आवश्यक नीति तथा लगानी ढाँचा सिफारिस गर्ने,

(१०) आर्थिक सामाजिक परिसूचकहरू मा दिगो उपलब्धि हासिल गर्न चाल्नु पर्ने कदमहरू बारे सुझाव पेश गर्ने,

(११) सबैका लागि सामाजिक सुरक्षाको अवधारणा कार्यान्वयनका लागि आवश्यक रणनीति सिफारिस गर्ने,

(१२) सबल र सक्षम वित्तीय क्षेत्रको विकासका लागि अवलम्बन गर्नु पर्ने नीति सुझाव गर्ने,

(१३) पूँजी बजारलाई पारदर्शी, विश्वसनीय र दिगो बनाई अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन लिइनुपर्ने उपाय सिफारिस गर्ने,

(१४) मुलुकको सन्तुलित विकासका लागि क्षेत्रगत रूपमा अवलम्बन गर्नुपर्ने विकास ढाँचा सिफारिस गर्ने,

(१५) दिगो विकास, गरिबी निवारण, बेरोजगारीको अन्त्य लगायतका विषयमा सरकारलाई ठोस सुझाव पेश गर्ने,

(१६) वित्तीय सङ्घीयताको मर्म अनुरूप अन्तर सरकारी वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सुझाव पेश गर्ने,

(१७) सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासमा थप परिचालन गर्न लिइनुपर्ने उपायहरू सम्बन्धमा सिफारिस गर्ने,

(१८) आगामी दशकभित्र मुलुकलाई उच्च मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्नका लागि चाल्नु पर्ने कदम बारे सरकारलाई सुझाव पेश गर्ने। यसका लागि प्रमुख संवाहक क्षेत्र पहिचान गर्ने ।

आयोगको अध्ययन विधि (Methodology)

२ आर्थिक सुधारको विषयले सबैलाई प्रभावित गर्ने भएकाले आयोगले पहिलो चरणमा निजी क्षेत्रका व्यवसायी, विज्ञ, र सर्वसाधारणबाट लिखित सुझाव पठाउन आग्रह गर्यो।

३ **विभिन्न समूहसँग क्षेत्रगत समस्या र सुधारका सम्भावनाहरूका बारेमा गहन अन्तरक्रियाः** आयोगले काठमाडौंमा अर्थतन्त्रसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने निर्यातकर्ता, साना तथा घरेलु उद्यमी व्यवसायी, विभिन्न उद्योग तथा वस्तुगत संगठन, बैङ्कर, सहकारी अभियन्ता, ट्रेड युनियन, नेपालमा रहेका गैर आवासीय नेपाली प्रतिनिधिहरूसँग समूह केन्द्रित छलफल आयोजना गरी सुझाव संकलन गरियो।

४ सातै प्रदेशका आर्थिक तथा रणनीतिक दृष्टिले महत्वपूर्ण २१ स्थानहरू छनोट गरी स्थलगत भ्रमण गरेर प्रत्येक स्थानमा निजी क्षेत्रका प्रमुख संस्थाका नेतृत्व तथा प्रतिनिधि, सरकारी कार्यालयका पदाधिकारी, नागरिक अगुवा, पत्रकार, अध्येता, विश्वविद्यालयका प्राध्यापक, महिला उद्यमी, निर्माण व्यवसायी, व्यावसायिक किसान, साना किसान, पर्यटन एवम् होटेल व्यवसायी, वित्तीय क्षेत्रका प्रतिनिधिहरू, सहकारी क्षेत्रका प्रतिनिधि, पत्रकार, रैथाने वस्तु उत्पादक, घरेलु तथा साना उद्योगका प्रतिनिधि, हस्तकला व्यवसायी, विद्यार्थी आदिसँग अन्तरक्रिया गरिएको छ।

५ सबै प्रदेशका माननीय मुख्यमन्त्री, प्रदेश मन्त्रालयका सचिवहरु, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र सदस्यहरु, प्रदेश मन्त्रालयका कर्मचारीहरुसँग अन्तरक्रिया छलफल तथा सुझाव संकलन गरियो।

६ केही मन्त्रालय, विभाग र सार्वजनिक संस्थाका सम्बद्ध अधिकारीहरूसँग विषय केन्द्रित छलफल गरियो।

७ संयुक्त राज्य अमेरिकामा रहेका नेपाली प्राज्ञहरूको संस्थाका प्रतिनिधिहरू, नेपाली डायस्पोराका प्रतिनिधिहरूसँग पटक-पटक अनलाइन छलफल कार्यक्रम आयोजना गरी राय लिने काम भयो।

८ अध्ययनको क्रममा विभिन्न कानून तथा क्षेत्रगत नीति तथा योजनाहरूको अध्ययन विश्लेषण गर्ने भयो। आर्थिक विषयमा प्रकाशित सोधपत्र, लेख रचना तथा नेपाल सरकारका निकायहरूको वार्षिक प्रतिवेदनहरूको अध्ययन विश्लेषण गरियो।

९ यसै गरी विगतमा सार्वजनिक खर्च पुनरावलोकन, राजस्व प्रणाली सुधार र आर्थिक सामाजिक क्षेत्रमा सुधारका लागि नेपाल सरकारले समय समयमा गठन गरेका आयोग तथा कार्यदलहरूले दिएका प्रतिवेदन अध्ययन विश्लेषण गरियो।

१० आयोगका सदस्यहरू तथा अध्यक्षले आर्थिक केन्द्रका प्रमुख स्थानहरूमा रहेका उद्योग, व्यवसाय तथा प्रमुख बजारहरूको स्थलगत भ्रमण गरी आवश्यक सूचना संकलन गर्ने काम भयो।

११ आयोगले सुझाव संकलन, अध्ययन र विश्लेषण गर्दा निम्न विधिहरू प्रयोग गरेको थियोः

(क) प्रत्यक्ष सुझाव संकलन (In-person Feedback Gathering)

(ख) लिखित सुझाव संकलन

(ग) आवाज रेकर्ड

(घ) अवलोकन तथा अन्तरराष्ट्रिय / क्षेत्रीय आर्थिक प्रतिवेदनहरूको अध्ययन

(ङ) आर्थिक सूचकहरूको विश्लेषण

(च) आयोगको प्रतिवेदनमा विभिन्न विषयको विश्लेषणको लागि आवश्यक तथ्याङ्कका लागि नेपाल सरकारका निकायहरू विशेषगरी अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल राष्ट्र बैंकबाट प्रकाशित तथ्याङ्क उपयोग गरिएको ।

१२ केही खास प्राविधिक विषयहरूमा आयोगले विषय-विज्ञहरूलाई कार्यपत्र तयार गर्न नियुक्त गरेको थियो र आयोगको प्रतिवेदन तयारी गर्दा ती कार्यपत्रहरू प्रयोग गरिएको छ।

अध्ययनका सीमा

१३ आयोगको अध्ययनका क्रममा सूचना संकलन, अध्ययन र विश्लेषणका केही सीमाहरू रहेका छन्।

(क) स्थलगत भ्रमण र अन्तरक्रियामा प्रदेश मन्त्रिपरिषदका सम्पूर्ण मन्त्रीहरूको उपस्थिति अपेक्षित थियो। तर विभिन्न कारणले गर्दा केही प्रदेशमा मुख्यमन्त्री बाहेक अन्य मन्त्रीहरु उपस्थित हुन नसकेको अवस्था रह्यो। स्थानीय तहका प्रमुख तथा उप-प्रमुखको र स्थानीय सरकारको प्रतिनिधित्व सन्तोषजनक रहन सकेन। यसबाट स्थानीय आवश्यकता तथा अवस्थाका सम्बन्धमा राजनैतिक र प्रशासनिक दृष्टिकोण अपेक्षित रूपमा प्राप्त हुन सकेन।

(ख) केही स्थानमा निजी क्षेत्रसँग सम्बन्धित संस्थाका प्रतिनिधिको उपस्थिति न्यून हुँदा उद्योग, निर्माण, तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण सुझावहरू पनि अपेक्षित रूपमा प्राप्त भएनन्।

(ग) सहभागीहरू हालको आर्थिक परिवेशलाई स्वतन्त्र विश्लेषण गर्ने भन्दा पनि मनोगत र आफ्नो नितान्त व्यक्तिगत र व्यवसायिक चासोका विषयमा अधिक केन्द्रित भएको पाइयो। सरोकारवालाबाट प्राप्त सुझावहरू नीतिगत सुधारका सन्दर्भमा अपेक्षा गरिएको भए तापनि नागरिकले देखेका तथा भोगेका व्यक्तिगत र सामाजिक समस्याहरू प्राथमिकतामा परे।

(घ) भ्रमण गरिएका प्राय स्थानहरूमा कृषि र पर्यटन क्षेत्रका सुझावहरू प्रमुख रहे भने अन्य क्षेत्रका सुझावहरू न्यून प्राप्त भए।

(ङ) आयोगको कार्यादेशभन्दा बाहिरका विषयहरूसँग सम्बन्धित सुझावहरू समेत प्राप्त भएकोले ती सुझावहरूलाई प्राथमिकता क्रम निर्धारण गर्दै प्रतिवेदनमा समावेश गर्नुपर्ने देखियो।

(च) समय अभावका कारण नेपाल सरकारका सबै निकायहरूसँग र कतिपय प्रबुद्ध व्यक्तिहरूसँग अन्तरक्रिया गर्न सकिएन।

प्रतिवेदनको संरचना

१४ आयोगको प्रतिवेदन दुई भागमा विभाजित छ। दोस्रो भागमा विभिन्न संघ संस्था तथा व्यक्तिहरूबाट प्राप्त लिखित सुझाव र अन्तरक्रियाको क्रममा अभिलेख गरिएका टिपोटहरूको सँगालो छ। पहिलो भागमा विश्लेषण तथा सुझावहरू १३ वटा परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ। प्रत्येक परिच्छेदका मूल विषयवस्तु तल प्रकाश पारिएको छ।

परिच्छेद १: आयोगको कार्य विवरण, आयोगले अपनाएको अध्ययन विधि र सीमा यस परिच्छेदमा उल्लेख गरिएको छ।

परिच्छेद २: अर्थतन्त्रको वर्तमान अवस्था र आर्थिक शिथिलताका प्रमुख कारणहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ।

परिच्छेद ३: विगतका आर्थिक सुधारका प्रयास र उपलब्धिहरूको सिंहावलोकन यस परिच्छेदमा गरिएको छ।

परिच्छेद ४: यस परिच्छेदमा वर्तमान आर्थिक सुधारको सन्दर्भ र आयोगले सुधार प्रस्ताव तर्जुमा गर्दा लिएका मूल मान्यताहरूको चर्चा गरिएको छ।

परिच्छेद ५: आयोगले नेपाल सरकारलाई २०८१ पुस २४ गते तत्काल गर्नु पर्ने विषयहरू उल्लेख गरी दिएको अन्तरिम प्रतिवेदनका सुझाव हरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

परिच्छेद ६: यस परिच्छेदमा आगामी दिनहरूमा समष्टिगत आर्थिक नीतिहरूमा लिनु पर्ने दृष्टिकोणको विश्लेषण सहित सुझावहरू प्रस्तुत गरिएका छन्।

परिच्छेद ७: गतिशील अर्थतन्त्रका लागि सार्वजनिक संस्थाहरू प्रभावकारी हुनु पर्छ। सार्वजनिक संस्थाहरूको क्षमता कमजोर भयो वा भरोसायोग्य भएनन् भने सरकारको संस्थागत क्षमता तथा विश्वसनीयता वृद्धि गर्न र व्यावसायिक तथा लगानी अनुकूल वातावरण निर्माण गर्न कानूनहरूमा गर्नु पर्ने सुधार यस परिच्छेदमा चर्चा गरिएको छ।

परिच्छेद ८: सार्वजनिक वित्तका सबै पक्षहरूको वर्तमान स्थितिको विश्लेषण गरि सरकारी खर्च, राजस्व, सरकारी ऋण र सार्वजनिक संस्थानका विषयमा सुझावहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ। सार्वजनिक खर्च व्यवस्थापनका वृहत्तर पक्षमा यस अघि सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको प्रतिवेदन र राजस्व नीति तथा प्रशासन सुधारका लागि एक वर्ष अघि

परिच्छेद ९: सामाजिक सुरक्षा कार्यक्रमहरूको विश्लेषण र सुधारका लागि सुझाव यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

परिच्छेद १०: वित्तीय सङ्घीयताको अवस्थाको संक्षिप्त विश्लेषण र सुझावको चर्चा यो परिच्छेदमा गरिएको छ।

परिच्छेद ११: वित्तीय क्षेत्रको परिच्छेदले बैंक तथा वित्तीय संस्थाहरू, बीमा, पुँजी बजार, वित्तीय कारोबार गर्ने सहकारी र वैकल्पिक वित्तका स्रोतका रूपमा भूमिका विस्तार गर्दै लागेका एन्जेल फण्ड, भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फण्ड पियर-टु-पियर लेन्डिंग गर्ने संस्थाहरूको वर्तमान अवस्था र सुधारका क्षेत्रहरूको पहिचान गरेको छ।

परिच्छेद १२: आर्थिक गतिविधि विस्तार गर्न र व्यवसायहरूलाई प्रतिस्पर्धी बनाउन व्यावसायिक तथा लगानीको वातावरण अनुकुल हुनु आवश्यक हुन्छ। त्यसै कारण यस परिच्छेदमा असल व्यावसायिक वातावरण निर्माण गर्नका लागि आवश्यक तत्वहरू मूल्य निर्धारण स्वतन्त्रता, व्यवसाय दर्ता सरलीकरण, अनुसन्धान र नियन्त्रणका लागि बहुल निकायको उपस्थितिले व्यावसायिक वातावरण बिथोल्ने मात्र नभई प्रभावकारी नहुने, वैदेशिक लगानी प्रवर्द्धनको लागि लगानी भित्र्याउन सरलीकरण गर्ने, नेपाली व्यवसायलाई विदेशमा व्यवसाय विस्तार गर्न सहज बनाउने, नेपाली व्यवसायलाई इक्विटी पुँजीका लागि अन्तरराष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार गर्ने, रिमोट वर्कर र डिजिटल घुमन्ते सम्बन्धी नीतिगत व्यवस्था गर्ने र बजारको स्रोत विनियोजन कुशलता वृद्धि गर्ने जस्ता विषयहरू समेटिएका छन्।

परिच्छेद १३ देखि १९ सम्म: यी आठ परिच्छेदहरूमा नेपालको आर्थिक वृद्धि, निर्यात क्षमता विस्तार र लाभदायक रोजगारी सिर्जनाका लागि महत्वपूर्ण आर्थिक क्षेत्रहरूको स्थिति विश्लेषण र सुधारका विषयहरूको पहिचान गरिएको छ। यी परिच्छेदहरूले कृषि, बन, जमिन तथा खानी, निर्माणजन्य सामग्री उत्पादन तथा उपयोग, जलविद्युत, पर्यटन र सूचना प्रविधि क्षेत्र समेटेका छन्।

परिच्छेद २०: भौतिक पूर्वाधार विकास आर्थिक वृद्धिका क्षेत्रहरूमा रहेको सम्भावना हासिल गर्न आवश्यक हुन्छ। र अर्थतन्त्रको लागत कम गर्न र नयाँ आर्थिक अवसरहरू सिर्जना गर्न भौतिक पूर्वाधारको भूमिका रहन्छ। त्यसैले यस परिच्छेदमा भौतिक पूर्वाधार विकासको वर्तमान स्थितिको समीक्षा गर्दै सुझावहरू प्रस्तुत गरिएको छ।

परिच्छेद २१: शहरी विकासका विषयहरू यस परिच्छेदमा चर्चा गरिएको छ।

परिच्छेद २२: कुशल अर्थतन्त्रका लागि ऊर्जा सुरक्षा आवश्यक भएकोले यस विषयलाई यो परिच्छेदमा समेटिएको छ।

परिच्छेद २३: दक्ष र उत्पादनशील मानवस्रोतको उपलब्धता सुनिश्चित गर्न सकिएन भने आर्थिक वृद्धि दिगो र समन्यायिक हुन सक्दैन। यस परिच्छेदमा मानवस्रोत विकासका महत्वपूर्ण तत्वहरू शिक्षा र स्वास्थ्यको चर्चा गरिएको छ।

परिच्छेद २४: नेपालको समाज र अर्थतन्त्रको चरित्रमा आइरहेको परिवर्तनमा बसाईं सराइ तथा युवा पलायन जस्ता विषयहरूले प्रभाव परेका छन्। त्यसैले आर्थिक सुधारका प्रस्तावहरू तर्जुमा गर्दा यी विषयहरूमा ध्यान पुऱ्याउँनु आवश्यक छ। यो परिच्छेदमा यिनै विषयहरूको चर्चा गरिएको छ।

परिच्छेद २५: कुशल र प्रतिस्पर्धी अर्थतन्त्र निर्माणका लागि अनुसन्धान तथा विकासको महत्वपूर्ण भूमिका हुने भएकाले यस परिच्छेदमा सोही विषयको स्थिति विश्लेषण गरेर सुझावहरू प्रस्तुत गरिएको छ।

परिच्छेद २६: यो अन्तिम अध्यायमा आर्थिक वृद्धि दर, मुल्य-स्थिति, कर्जा, मुद्रा प्रदाय, आयात, निर्यात, चालु खाता र शोधनान्तर स्थिति, गरीबी र बेरोजगारी जस्ता प्रमुख आर्थिक परिसूचकहरूलाई सन्तुलित राख्न अवलम्बन गर्नु पर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ।

अनुसूचीहरू: प्रतिवेदनको अन्त्यमा चारवटा अनुसूचीहरू संलग्न छन्। यी अनुसूचीहरूमा नेपाल उद्योग उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल च्याम्बर अफ कमर्सले आयोगलाई लिखित रूपमा उपलब्ध गराएका सुझावहरू छन्। आयोगलाई विभिन्न व्यक्ति तथा संस्थाले लिखित र मौखिक रूपमा दिएका सुझाव, केन्द्रीय स्तर र स्थलगत अन्तरक्रियाहरूमा प्राप्त सुझावहरूको वर्गीकृत सारसंक्षेप पनि अनुसूचीमा संलग्न राखिएको छ।

परिच्छेद २

अर्थतन्त्रको वर्तमान अवस्थाको विश्लेषण

विषय प्रवेश

१ **कोभिड-१९ महामारी अघिका तीन वर्ष आर्थिक वृद्धिदर उच्च थियो**। कोभिड-१९ को महामारीले समष्टिगत आर्थिक गतिविधिमा क्षति पुऱ्याउँनु अघिका तीन वर्षमा मुलुकको वार्षिक आर्थिक वृद्धिदर सरदर ७.५ प्रतिशत पुगेको थियो । दिगो उच्च वृद्धिका आधारहरू कमजोर रहेको हुनाले लामो समय निरन्तर त्यस्तै वृद्धिदर कायम हुनसक्ला भन्नेमा शंका रहे पनि संविधान निर्माण पछि स्थिर स्थानीय सरकारहरू निर्माण भएको, छवटा प्रदेशमा बहुमतको सरकार बनेको, करीब दुई-तिहाई बहुमत सहितको सङ्घीय सरकार बनेकोले राजनीतिक स्थिरतामा मुलुक गयो भनेर व्यावसायिक जगतमा आशाको सञ्चार भएको थियो । मूलतः भूकम्पले पुऱ्याएको क्षतिका कारण खस्किएको आर्थिक गतिविधि विस्तार हुन थाले पछि भूकम्पको लगत्तै पछिल्लो वर्षमा आर्थिक वृद्धि दर उच्च हुन गयो। त्यसपछिका दुई वर्षमा पर्यटन, सिमेन्ट र स्टिल, जलविद्युत आयोजना र कृषिमा लगानी विस्तार भएको र पुनर्निर्माणका गतिविधिका कारण आर्थिक वृद्धि उच्च हुन गयो। एक दशक भन्दा बढी अवधिको विद्युत आपूर्ति संकटबाट मुक्त भएर लोडसेडिङ् हुन छाडेकाले पनि एक किसिमको उत्साह थियो।

२ **महामारीकै बीच अर्थतन्त्रको पुनरुत्थान चाँडो भयो।** कोभिड-१९ को महामारीसँग जुझ्न २०७६ चैत ११ गतेदेखि पटक-पटक अवधि थप गरी लगातार चार महिना मुलुक लकडाउनमा गयो, उक्त समयमा प्रायः आर्थिक गतिविधि ठप्प भए। अत्यावश्यक काम बाहेकका सरकारी कार्यालयहरू बन्द रहे, अन्तरराष्ट्रिय विमानस्थल र भन्सार विन्दुहरूबाट सामान ओसारपसार बन्दप्राय रह्यो। त्यसपछि नियन्त्रित ढङ्गले आर्थिक गतिविधि विस्तारै सुचारु हुन थाल्यो। कोभिड-१९ विरुद्धको खोप दिने कामलाई अभियानका रूपमा सञ्चालन गरिएकाले महामारीको दुष्प्रभाव एक वर्ष बढी लम्बिन पाएन। परिणामस्वरूप आर्थिक वर्ष २०७६/७७ मा २.४२ प्रतिशतले ऋणात्मक गएको आर्थिक वृद्धि लगत्तै पछिल्लो वर्षमा ४।८४ प्रतिशतको वृद्धि भयो। यो पुनरुत्थान (रिकभरी) अन्य मुलुकको तुलनामा चाँडो हो। यो तीव्र पुनरुत्थान हुने क्रममा निजी क्षेत्रमा कर्जा विस्तार, आयात वृद्धि, जग्गाको अत्याधिक वित्तीयकरण हुन गयो।

३ **संरचनात्मक अवरोधहरूले गर्दा आर्थिक पुनरुत्थान दिगो हुन सकेन।** कोभिड-१९ पछिका दुई वर्षमा मुलुकले करीब ८ प्रतिशत गार्हस्थ्य उत्पादन गुमाएको छ। अहिले अर्थतन्त्र पछिल्लो तीस वर्षको सरदर आर्थिक वृद्धिको दर उछिन्न पनि संघर्षरत छ। यसले हाम्रा अर्थतन्त्रमा गम्भीर संरचनात्मक समस्याहरू छन् भन्ने दर्शाउँछ। दिगो उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना संरचनात्मक सुधार नगर्ने हो भने चुनौतिपूर्ण बन्दै गएको छ।

४ **सहजकारी मौद्रिक नीतिले केही दुष्परिणाम ल्यायो**। महामारीको कालखण्डमा साना तथा मझौला उद्योगहरू आपूर्ति श्रृंखला अवरोध र मजदूरहरू विस्थापित भएको कारण संकटमा परे, लामो समय आवागमन रोकिएकाले पर्यटन उद्योगको व्यवसाय ठप्प भयो। ठुला उद्योगहरू कच्चा पदार्थको स्रोत साँघुरिदै गएको, उपभोक्ता बजार संकुचित भएको र निर्माण क्षेत्र ठप्प भएका कारण समस्यामा परे। यी समस्यालाई वित्त र मौद्रिक नीतिबीच संयोजन मिलाएर सम्बोधन गर्न उपयुक्त हुन्थ्यो, तर वित्तीय सन्तुलन कायम गर्ने विषयले

प्राथमिकता पाउँदा, सार्वजनिक वित्त पक्षबाट गर्नु पर्ने काममा केही कमी रह्यो भने मौद्रिक नीति बढी नै सहजकारी भएर आयो। जसले गर्दा निजी क्षेत्रमा कर्जा प्रवाह एकै वर्षमा उच्च दरले बढ्यो। २०७८ भदौ एकै महिनामा सर्वाधिक वृद्धि भई रु. २०४ अर्ब पुग्यो। लगत्तै पछिका दुई आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा वर्षभरीमा गएको कर्जा क्रमशः रु. २१४ अर्ब र रु. २९९ अर्ब थियो।



५ **उत्पादनशील आर्थिक गतिविधि बढ्न सक्ने आधार कमजोर रहेको हुनाले वृद्धि भएको कर्जा स्वाभाविक रूपमा सम्पत्तिको बजार र सट्टाबजारमा प्रयोग भयो।** जग्गा खरिदबिक्रीको कारोबारबाट प्राप्त सबै किसिमका राजस्वको आकार आर्थिक वर्ष २०७६/७७ सम्मको तुलनामा २०७७/७८ मा अत्याधिक बढेको देखिन्छ, जुन क्रम त्यसपछिको आर्थिक वर्षमा पनि जारी रह्यो। जब मौद्रिक नीतिले बजारलाई सच्याउने प्रयत्न गर्यो, तब जग्गा खरीद-बिक्रीको कारोबार संख्या, बजार-मूल्य र राजस्व संकलन घटेको देखिन्छ।



६ **सुलभ कर्जाले धितोपत्रको दोस्रो बजारमा कारोबार, मूल्य र बजार पुँजीकरणमा उच्च वृद्धि भयो भने कर्जा संकुचन हुँदै गए पछि बजारमा गिरावट आयो।** २०७८ भदौ ८ गते नेप्से धितोपत्रको दोस्रो बजारको प्रमुख सूचकांक अहिलेसम्मको सर्वाधिक ३,२२७ पुग्यो। त्यसपछि ओह्रालो लाग्न लागेको सूचक १,८०७ सम्म झरे पछि बढ्न थाले पनि पुरानो उचाईमा पुग्ने कुनै लक्षण छैन। आर्थिक वर्ष २०७७/७८ र २०७८/७९

मा धितोपत्र बजारको कुल कारोबार रकम कुल गार्हस्थ्य उत्पादनको तुलनामा क्रमशः ३३ प्रतिशत र २५ प्रतिशत पुग्यो, जबकी कर्जामा कडाई गरिएपछि कारोबार संकुचन भएर जीडीपीको ९ प्रतिशतमा झरेको छ। नेप्से सूचकांक उच्च भएको बेला बजार पुँजीकरण जीडीपीको १०० प्रतिशत नाघेकोमा आर्थिक वर्ष २०८०/८१ मा आइपुग्दा ६० प्रतिशतमा झरेको छ।

७ **सस्तो र सुलभ कर्जाले गर्दा आयात उच्च दरले बढ्यो।** आर्थिक वर्ष २०७८/७९ मा आयात-जीडीपी अनुपात ३८.६ प्रतिशत पुग्यो जुन विगत ५० वर्षको इतिहासमा सर्वाधिक उच्च हो। कोभिड-१९ महामारी कालखण्डमा स्थगन गरिएको माग लकडाउन खुकुलो भएपछि अत्याधिक बढेको, लकडाउनको समयमा वैदेशिक मुद्राको सञ्चिति बढ्दै गएको र महामारी लम्बिन सक्ने अनुमानमा व्यवसायहरूले आफ्नो व्यापारिक तथा कच्चापदार्थको सञ्चय बढाउन खोज्दा पनि आयात बढ्न गयो।

८ **आयात नियन्त्रण, मौद्रिक नीतिमा गरिएको कडाई र सार्वजनिक पुँजी निर्माण कमजोर हुनाले दुई वर्षदेखि अर्थतन्त्र सुस्त छ।** महामारीको प्रभाव कमजोर बन्दै गएपछिको अवधिमा कर्जाको अत्याधिक प्रयोग अनुत्पादक क्षेत्रमा हुनु, यससँगै, आयात र उपभोग बढेकाले गर्दा २०७६ भदौमा रहेको १५.६ महिनालाई पुग्ने वैदेशिक मुद्राको सञ्चिति घट्दै गएर आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा १०.२ महिनामा झऱ्यो र भुक्तानी सन्तुलन ऋणात्मक हुने संकेत देखिन थाल्यो। त्यसपछिको आर्थिक वर्षमा प्रत्येक महिना शोधनान्तर घाटा बढ्दै गयो। चालू खाता घाटा आर्थिक वर्ष २०७८/७९ मा जीडीपीको १२ प्रतिशत भन्दा माथि गयो। २०७८ पुसमा सञ्चित विदेशी मुद्राले ६।६ महिनाको मात्र आयात धान्न सकिने र शोधनान्तर घाटा रु. २५३ अर्ब नाघेकाले सरकारले दर्जनौं विलासी वस्तुको आयातमा पूर्ण प्रतिबन्ध लगायो भने नेपाल राष्ट्र बैंकले ४७ एचएस कोड अन्तर्गतका २,७०० भन्दा बढी वस्तुको आयात गर्दा शत प्रतिशतसम्म मार्जिन राख्नु पर्ने व्यवस्था कार्यान्वयनमा ल्यायो। आयात नियन्त्रणका नयाँ व्यवस्थाको कार्यान्वयनका साथै कर्जा नियन्त्रण गर्ने लक्ष्यका साथ मौद्रिक नीतिमा कडाई गरियो।

९ आयात नियन्त्रण र मौद्रिक नीतिमा गरिएको कडाईले २०७९ भदौदेखि बाह्य क्षेत्रमा सुधार देखिन थाल्यो र २०७९ कत्तिकदेखि शोधनान्तर बचत हुन थाल्यो। करीब एक वर्षपछि आयात खुला गरियो। निजी क्षेत्रमा जाने कर्जाको वृद्धिदर २०७८ भदौ देखिनै घट्न थाल्यो। सरदर वार्षिक कर्जा वृद्धिदर २० प्रतिशत भन्दा बढी रहेकोमा २०७९ भदौदेखि अहिलेसम्म पनि सरदर वृद्धिदर ५ प्रतिशतको हाराहारीमा रहेको छ।

१० कोभिड-१९ को दुष्प्रभावबाट द्रुतगतिमा मुक्त अर्थतन्त्रले लगत्तै बाह्य क्षेत्रमा देखिन लागेको समस्यासँग जुझ्न चालेका कदमको प्रभाव, सुपथ तथा सुलभ कर्जाको ठुलो हिस्सा सम्पत्ति बजारको लगानीमा फस्नु र सार्वजनिक पुँजी निर्माण खर्च कमजोर रहनुले गर्दा २०७९ भदौदेखि अर्थतन्त्र सुस्त देखिएको छ। यस अवधिमा दुई त्रैमासिकमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ऋणात्मक रह्यो भने वार्षिक वृद्धिदर आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा क्रमशः १.९५ प्रतिशत र ३.८७ प्रतिशत रह्यो।

११ **वित्तीय सहकारी संस्थाहरूको वित्तीय अपचलनले हजारौं परिवारको क्रयशक्ति खुम्चियो।** ठुलो कारोबार गरिरहेका वित्तीय सहकारी संस्थाहरूले जथाभावी गरेको लगानीबाट रकम निकाल्न नसकेका कारण बचतकर्ताहरूको माग बमोजिम रकम फिर्ता गर्न सकेनन्। अताल्लिएका बचतकर्ताहरूले सहकारी संस्थामा धर्ना दिन थाले पछि कतिपय सहकारीका सञ्चालक भागे। समस्याग्रस्त भनी घोषणा गरिएका २२ वटा सहकारी बचत तथा ऋण सहकारी संस्थाहरूको मात्र कुल निक्षेप दावी रु.४२ अर्ब ८० करोड देखिएको

छ[1]। सार्वजनिक रूपमा प्रश्न उठेका अरू १८ वटा संस्थाको रु.२८ अर्ब ४८ करोड निक्षेप फिर्ता गर्न बाँकी छ। यसरी ४० वटा सहकारी संस्थामा निक्षेपकर्ताको रु. ७१ अर्ब बढी रकम फसेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले दिएको प्रतिवेदनमा ६२,००० निक्षेपकर्ताले रु. ४० अर्ब निक्षेप फिर्ता दाबी प्रस्तुत गरेकोमा तीन वटा सहकारीको मात्र हालसम्म १,२१२ निक्षेपकर्ताको रु.८० करोड भुक्तानी भएको भनिएको छ। यसरी सहकारी वित्तीय प्रणालीमा हजारौं परिवारको जीवनभरको बचत फसेको देखिन्छ। त्यस्ता सहकारीबाट कर्जा लिएर व्यापार व्यवसाय गर्ने व्यक्तिहरू पनि प्रभावित हुन पुगेका छन्।

१२ **विगत ५० वर्षको इतिहासमा सरकारको राजस्व अघिल्लो वर्षको तुलनामा घट्यो**। आर्थिक वर्ष २०७६/७७ को पछिल्लो चार महिना मुलुकका अधिकांश स्थान कडा लकडाउनमा गयो जुन बेला अन्तर्राष्ट्रिय सिमाना पुरै बन्द थियो। आयात १८ प्रतिशतले घट्यो, तर पनि सरकारको राजस्व अघिल्लो वर्षको तुलनामा बढेको थियो। त्यसपछिका दुई आर्थिक वर्ष राजस्व वृद्धि दर सन्तोषजनक थियो। तर आर्थिक वर्ष २०७९/८० मा राजस्व अघिल्लो वर्षको तुलनामा ९.३ प्रतिशतले घट्यो। आर्थिक वर्ष २०८०/८१ मा राजस्व लगत्तै अघिल्लो वर्षको तुलनामा बढे पनि आर्थिक वर्ष २०७८/७९ को तुलनामा कमै छ। पछिल्लो आठ वर्षमा सार्वजनिक वित्तीय घाटा त्यस अघिका दश वर्षको औसत जीडीपीको ३.२ प्रतिशतको तुलनामा ६ प्रतिशत पुगेको छ। कुल सार्वजनिक ऋणभार आर्थिक वर्ष २०७२/७३ मा जीडीपीको तुलनामा २३.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा ४२.७ प्रतिशत पुगेको छ।

१३ **कोभिड-१९ प्रभाव कम भएर विश्व बजार खुला हुँदै गएपछि उच्च संख्यामा नेपाली युवाहरू रोजगारी र अध्ययनको लागि विदेश गए ।** आर्थिक वर्ष २०७८/७९ देखि आर्थिक वर्ष २०७९/८० सम्मको तीन वर्षमा नयाँ र पूनः श्रम स्वीकृति लिई साढे २१ लाख नेपालीहरू वैदेशिक रोजगारीको लागि गएका छन्। सो अवधिमा अध्ययनको लागि उल्लेख्य संख्यामा युवाहरू वाहिर गएकोले वैदेशिक अध्ययनको लागि भएको विदेशी मुद्राको खर्च औसतमा ८१।४ प्रतिशतले बढ्यो।

वर्तमान समस्याका चरित्र

१४ **कतिपय सूचक सकारात्मक देखिए पनि अर्थतन्त्रको धरातल कमजोर रहेको छ**। आर्थिक वृद्धि दर सुस्त छ, तर क्रमशः बढ्दै छ। पछिल्लो १२ महिनामा मुद्रा स्फीति दर ५.५ प्रतिशत भन्दा कमै छ। २०८० भदौ पछि प्रत्येक महिना चालु खाता बचतमा छ। २०७९ कात्तिकदेखि शोधनान्तर बचत छ। वैदेशिक मुद्रा सञ्चितिको पछिल्लो अवस्थाले १४ महिनाभन्दा बढीको वस्तु तथा सेवाको आयात थेग्न सक्छ। पर्यटक आगमन पछिल्लो २३ महिनामा निरन्तर बढेको छ। आन्तरिक पर्यटन र पर्यटकीय क्षेत्रमा हुने व्यापार बढेको छ। उर्जा उत्पादन र निर्यात बढेको छ। सूचना-प्रविधिमा आधारित सेवाको निर्यात क्रमशः बढेको छ। यति हुँदाहुँदै पनि विगत तीन वर्षदेखि औद्योगिक उत्पादन निरन्तर घटेको छ। निर्माण क्षेत्र संकुचित छ। साना तथा मझौला व्यवसाय सञ्चालन गरेका कतिपय व्यवसायी पलायन भएका छन्। आम रूपमा मुलुकभर उद्योगी-व्यवसायीहरूले कठिन परिस्थिति सामना गरिरहेको बताउँछन्।

[1] सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति, २०८१ को प्रतिवेदन.

१५ **आम मानिस निराश छन्**। २०४६ सालको परिवर्तन पछि मुलुकमा पटकपटक कठिन अवस्था आयो। द्वन्द्वकालमा लाखौं मानिस विस्थापित भए। एक दशकसम्म एक ठाउँबाट अर्को ठाउँ यात्रा गर्न कठिन थियो। राजनीतिक संक्रमण र अनिश्चयको स्थिति लामो समय रह्यो। त्यसपछि दैनिक १८ घण्टाभन्दा बढीको लोडसेडिङ भोग्नु पर्यो। २०७२ को त्रासदीपूर्ण भूकम्पले लाखौं परिवारको आम्दानी र सम्पत्तिमा क्षति पुर्‍यायो। एक वर्षभन्दा बढी अवधिको नाकाबन्दीमा मानिसहरूले अत्यावश्यक सामग्रीको अभाव झेले। पेट्रोल पम्पमा लाइन लाग्नु एक समयको दिनचर्या नै बन्यो। कोभिड-१९ को महामारीका बेला मानिसहरू महिनौं घरभित्र बिताउन बाध्य भए। अस्थायी रोजगारी भएका लाखौं मानिसहरू शहरमा बस्न नसक्ने भएर गाउँ फर्के। मानिसहरू ती सबै समयमा यति निराश थिएनन् जति अहिले देखिन्छन्। यो निराशाले उपभोग र लगानी प्रभावित भएको छ। आर्थिक गतिविधि मात्र प्रभावित भएको होइन, आम निराशा राजनीतिक दल, नेतृत्व र सार्वजनिक संस्थाहरू प्रति आक्रोशको रूपमा प्रकट भएको देखिन्छ। अपेक्षा बढी राखिएको सङ्घीय शासकीय स्वरूप अवलम्बन गरेपछि पनि राजनैतिक स्थिरता र आर्थिक गतिविधि बढ्न नसक्दा पनि निराशा बढेको हुनसक्छ।

१६ **उद्योग व्यवसाय सञ्चालन गरेर पाइला पाइलामा झमेला भोग्नु भन्दा विदेश जान ठीक भन्ने भावना बढेको छ।** कुनै नयाँ उद्योग वा व्यवसाय खोल्ने सोच बनाएदेखि व्यवसाय, दर्ता, सञ्चालन र बन्द गर्ने विन्दुसम्म प्रत्येक चरणमा अवरोध रहेको धारणा सर्वत्र देखिन्छ। नयाँ उद्यम प्रारम्भ गर्ने युवाहरूले व्यवसाय कहाँ दर्ता गर्ने भन्ने स्पष्ट नभएको बताउँछन्। सङ्घीय सरकारका निकायमा दर्ता भए पछि नगरपालिकाले पनि दर्ता गर्न लगाउँछन्। **"एक मुलुक एक दर्ता"** किन गराउन सकिन्न? धेरै व्यवसायीहरू प्रश्न गर्छन्। एउटा नीति अन्तर्गत व्यवसाय प्रारम्भ गऱ्यो, नीति परिवर्तन हुन्छ। व्यवसाय धराशायी हुन पुग्छ। नीतिगत अस्थिरता हदै भयो भन्ने भावना व्याप्त छ। "बजार नियमन, राजस्व चुहावट नियन्त्रण जस्ता कामका लागि एक भन्दा बढी निकाय फरक फरक समयमा पुग्छन्। तथ्यको विश्लेषण र छानबिन अघि धरपकड र तालाबन्दी गर्छन्। "**पहिला थुन्ने र त्यसपछि मात्र सुन्ने**" सरकारी निकायहरूको मानसिकता छ। एक पटक स्वीकृति पाइसकेको विषय अकारण बीचमा आएर रोकिन्छ।" यस्तो भनाई मुलुकभरी सबै व्यवसायीबाट सुनिन्छ। सरकारी निकायहरूले सहयोगी भावनाले काम गर्दैनन्। उद्योग गर्नु, व्यवसाय चलाउनु अपराध हो जस्तो गरिन्छ, त्यसैले मुलुकभित्र व्यवसाय गर्नु भन्दा विदेश जान ठीक भन्ने भावना बढ्दै गएको देखिन्छ। भावना मात्र बढेको होइन, कतिपय स्थानका साना व्यवसायी व्यवसाय बन्द गरेर विदेश पलायन समेत भएका छन्।

१७ **सीमा क्षेत्रमा अवैध कारोबार बढेको छ**। भुक्तानी सन्तुलनको समस्यासँग जुझ्न आयातमा बन्देज लगाइएका वस्तुहरूको अवैध कारोबार बढेको भन्सार राजस्वको तथ्याङ्कले प्रमाणित गर्छ। भन्सारका दरहरू समायोजन गर्दा ध्यान पुऱ्याउँन नसकिएका कारण सीमाक्षेत्रबाट कतिपय वस्तुहरूको अवैध आयात बढेको छ। निगरानी गर्ने निकायहरूको संख्या र उपस्थिति बढाईएको छ, तर कतिपय अवस्थामा यस्तो उपस्थिति नियन्त्रणका लागि भन्दा पनि सहयोगी भूमिकामा देखिन पुगेको छ। अत्याधिक भौतिक उपस्थितिका कारण हुने मानवीय सम्पर्क सम्बन्धले नियन्त्रण कमजोर र उल्टो अवैध कारोबारलाई प्रश्रय मिलेको छ। सूचना, सूचना-प्रविधि र जोखिममा आधारित निगरानी प्रणाली कमजोर बनाउँदै लगिएकाले असल कारोबार गर्ने व्यवसायीलाई हतोत्साही बनाइएको छ भने गलत काम गर्नेले साथ पाएका छन्।

१८ **बजारमा अत्यधिक तरलता छ, तर व्यक्तिको हातमा तरलता संकुचित छ**। विगत १८ महिनामा नेपाल राष्ट्र बैंकले स्थायी निक्षेप सुविधा अन्तर्गत र बोलकबोल विधिबाट अर्बौं रुपैयाँ तरलता बैंकिङ प्रणालीबाट खिचेको छ। बैंकिङ् प्रणालीमा रु। ७०० अर्ब भन्दा बढी लगानीका लागि उपलब्ध तरलता रहेको छ भनिन्छ। मूलतः सहकारी प्रणालीमा हजारौं परिवारले बचत गुमाएका कारण र साना तथा मझ्यौला व्यवसायीहरूले दिएको व्यापारिक उधारो असूली हुन नसकेकाले व्यक्तिको हातमा तरलता संकुचित छ।व्यक्तिको हातमा तरलता संकुचित भएकाले माग पक्ष कमजोर हुन गएको छ। माग पक्ष कमजोर भएको र लगानीकर्ताले थप कर्जा लिने सामर्थ्य गुमाएकाले व्याजदर सस्तो हुँदा पनि कर्जाको माग कमजोर बनेको छ।

१९ **खेतियोग्य ज़मीन बाँझो छोड़ने प्रवृत्ति बढ़ेको छ र व्यावसायिक खेती गर्नेको संख्या कम छ**। राष्ट्रिय कृषि गणना २०७८ अनुसार दश वर्ष अघिको तुलनामा अस्थायी चौरचरन र बाँझो जग्गा क्रमशः ४५ प्रतिशत र ९५ प्रतिशत ले बढेको छ। करिब ६९ प्रतिशत कृषक परिवारले सबै उत्पादन आफ्नै घरायशी उपभोगमा लगाउँछन् भने जम्मा एक प्रतिशत परिवारले सबै बिक्रीका लागि उत्पादन गरेका छन्। कुल ६६ लाख ६७ हजार घर परिवारमध्ये ४१ लाख ३१ हजार (६२ प्रतिशत) कृषक परिवार छन्। दश वर्ष अघि ७१ प्रतिशत परिवार कृषि कार्यमा संलग्न थिए। यसले मानिसहरू कृषि पेशाबाट पलायन भइरहेको देखाउँछ ।

२० **सार्वजनिक संस्थामाथिको भरोसा कमजोर बनेको छ**। आम रूपमा सार्वजनिक संस्थामाथिको भरोसा कमजोर बनेको छ।सरकारी निकायहरूले दुख मात्र दिन्छन्, सहयोगी भावना छैन भन्ने धारणा सर्वत्र छ। कतिपय नियमनकारी निकायहरूले गरेका निर्णय वा स्वीकृति खास वर्गलाई लाभ पुग्ने गरी भएको देखिन गएकाले नियमनकारी निकायहरू स्वार्थ-समूहको कब्जामा गए वा जान लागे भन्ने धारणा बन्दै गएको छ। नियम कानूनहरू झण्झटिला, अस्पष्ट र कतिपय अवस्थामा परस्पर बाझिएकोले सार्वजनिक संस्थाहरूबाट समयमा निर्णय हुने गर्दैन।बजार र प्रविधिमा आएको परिवर्तन अनुरूप सार्वजनिक संस्थाहरूको क्षमता बढ्न र सोचमा परिवर्तन आउन सकेको छैन ।

२१ **मुलुकको प्रणाली तथा संस्थागत क्षमतामा वैदेशिक लगानीकर्ताको विश्वास कमजोर बन्दै गएको छ**। बहुराष्ट्रीय कम्पनीले लगानी गरेका व्यवसायको नियमनमा दुराग्रह, कारोबार विस्तारमा अवरोध, करका प्रावधानहरूको निकाय तथा अधिकारीहरूले गरेका अन्तरविरोधी व्याख्या, आवश्यक निर्णय समयमा नदिनु, उच्च राजनीतिक नेतृत्वले दिएको आश्वासनको विपरित काम हुनु जस्ता कारणले मुलुकको प्रणाली तथा संस्थागत क्षमतामा वैदेशिक लगानीकर्ताको विश्वास गुमेको देखिन्छ। सरकारी निकायहरूले त्रुटि गरेको थाहा पाइसकेपछि पनि सच्याउन नचाहनु र उल्टै अदालती प्रक्रियामा धकेलेका र सन्धी वा सम्झौता पालना गर्नु पर्ने स्थापित मान्यताका विपरित गरिएका हालैका केही काम कारबाहीले वैदेशिक लगानीकर्तालाई थप झस्काएको छ।

२२ **कतिपय क्षेत्रमा लगानी अधिकेन्द्रित भएको छ**। कुनै क्षेत्रमा लगानीको प्रतिफल राम्रो देखिए पछि व्यवसायीहरूले आवश्यकता भन्दा उत्साहित भएर तथा सार्वजनिक संस्था र राजनीतिक वृत्तबाट आवश्यकता भन्दा बढी आशाका कुरा गरिएका कारण कतिपय उद्योगहरूमा बजारको आकार भन्दा निकै ठुलो परिमाणमा उत्पादन क्षमता निर्माण हुन गएको छ। बैंक तथा वित्तीय संस्थाहरूले लगानी स्वीकृत गर्नु अघि पर्याप्त र विश्वसनीय मूल्याङ्कन गर्न नसकेका कारणले पनि अर्थतन्त्रको विनियोजन कुशलतामा कमजोरी देखिएको छ। सरकारको मात्र होइन बजारको स्रोत विनियोजन कुशलतामा पनि सुधार आवश्यक भएको छ।

२३ **सूचना-प्रविधिमा आधारित सेवाको कारोबारमा युवा आकर्षण बढेको छ**। सूचना-प्रविधिमा आधारित सेवा तथा वस्तु उत्पादन र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी व्यावसायिक पहुँच विस्तार गर्ने युवा जनशक्ति बढ्दो छ। कतिपय विदेशमा सीप सिकेका वैदेशिक सञ्जाल निर्माण गर्न सफल भएका युवा मुलुकमै फर्केर इन्टरनेटमा आधारित निर्यात वा "रिमोट-वर्क" गरिरहेका छन्। रु। ५०० अमेरिकी डलरसम्मको प्रिपेड कार्ड सबैले पाउन सक्ने सामान्य देखिने नीतिगत प्रबन्धले मात्र पनि धेरै युवाहरूलाई इन्टरनेटमा आधारित सेवा निर्यात गर्न लाग्ने आधारभूत खर्च भुक्तानी गर्न सजिलो भएको रहेछ। इन्टरनेटमा आधारित सेवा उत्पादन र निर्यात गर्न वैदेशिक मुद्राको सहज उपलब्धता र अरू प्रकृयागत तथा नीतिगत सुधार गरियो भने यो क्षेत्रले अर्थतन्त्र र रोजगारी सिर्जनामा गर्न सक्ने योगदान ठुलो हुन सक्ने देखिन्छ।

२४ **मुलुकको वित्तीय साखमा सुधार छ, तर वित्तीय गतिविधिको नियमन प्रभावकारितामा कमजोरी छन्**। हालै अन्तर्राष्ट्रिय साख मूल्यांङ्कन संस्था फिच रेटिंग्सले नेपालको सार्वभौम साखको मूल्यांङ्कन गर्दै स्थिर परिदृश्य सहितको BB- स्कोर दिएको छ। यसले केही जोखिमयुक्त तर लगानीको वातावरण रहेको संकेत गर्छ। अर्थतन्त्रमा संरचनात्मक जोखिम भएपनि न्यून र ज्यादै सहुलियतयुक्त कर्जाको भार रहेको, वाह्य क्षेत्रमा तरलता सुदृढ रहेको र जलविद्युत क्षेत्रको सम्भावनाले आर्थिक वृद्धिको सम्भावना सबल भएको हुँदा जोखिम न्यूनीकरण हुन् सक्ने आधार छन् भन्ने फिचले जनाएको छ। यो मूल्याङ्कन आर्थिक गतिविधि विस्तार गर्न आवश्यक परेका बखत अन्तरराष्ट्रिय वित्तीय बजारबाट वैकल्पिक वित्त परिचालन गर्न सहयोगी हुन्छ। अर्कोतिर, सम्पत्ति शुद्धिकरणका गतिविधि नियन्त्रण गर्न कानुनी प्रबन्धहरूमा आवश्यक सुधार गरिएको भए पनि त्यसको कार्यान्वयन, जोखिम न्यूनीकरण र बाह्य पक्षसँग सूचना लिने दिने काममा विलम्ब हुने जस्ता विषयमा सुधार हुन नसकेकोले यस विषयमा थप काम गर्नु पर्ने भनेर मूल्यांङ्कन भएको छ।

२५ **अर्थतन्त्रमा भूराजनीतिक तथा अन्तरराष्ट्रिय आर्थिक सम्बन्धको दृष्टिकोणमा आएको परिवर्तनको प्रभाव**: आर्थिक महाशक्तिराष्ट्र बन्न प्रयत्नरत दुई छिमेकीले घेरिएको नेपालको अर्थतन्त्रको कार्यकुशलता यी दुई मुलुकसँगको सम्बन्ध र यी दुई मुलुकबीचको परस्पर सम्बन्धमा निर्भर रहेको देखिन्छ। विगतमा कतिपय विकास कार्यक्रम प्रभावित भएका छन्। निर्मित भौतिक संरचनाको व्यावसायिक उपयोगमा अवरोध आएको छ। प्राकृतिक स्रोतको आर्थिक उपयोग र त्यसमा आधारित उत्पादनको बजारीकरणमा शर्तहरू राखिएका छन्। आर्थिक सम्बन्धहरू आर्थिक लाभ-हानिको दृष्टिकोणले भन्दा सुरक्षा संवेदनशीलताको दृष्टिकोणबाट निर्देशित हुने गरेका छन्। अर्थतन्त्र सञ्चालनमा यी विषयहरू विगतमा मात्र देखिएका होइनन्, यी वर्तमानमा छन् र भविष्यमा प्रकट हुनेछन्। पछिल्लो कालखण्डमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध अत्याधिक रूपमा राष्ट्रिय आर्थिक स्वार्थबाट निर्देशित हुन थालेको देखिएको छ। पछिल्लो पुस्ताका प्रविधिमाथि नियन्त्रण कायम गर्ने, गार्हस्थ्य औद्योगिक क्षमता बचाउने र रोजगारी गुम्न नदिने रणनीतिका कारण परम्परागत सामरिक स्वार्थहरू गौण बन्दै जान लागेको देखिएको छ। अन्तरराष्ट्रिय सहायता पनि यीनै स्वार्थबाट निर्देशित हुँदै छन्। यसको प्रभाव नेपालले प्राप्त गर्ने वैदेशिक अनुदान सहायतामा परिसकेको छ। वैदेशिक लगानी र नेपालको अन्तर्राष्ट्रिय व्यापारमा पनि यसको प्रभाव पर्दै जाने देखिन्छ।

अर्थतन्त्र शिथिल हुनुको प्रमुख कारण समग्र मागमा कमी

२६ **बिगत लामो समय देखि विप्रेषण आप्रवाह, कर्जा वृद्धि र जग्गा मौद्रिकीकरणको आडमा चलायमान रहेको अर्थतन्त्र गत दुई वर्षदेखि सुस्ताएको छ |** बिगतमा लामो समय अर्थतन्त्र चलायमान भए पनि आर्थिक वृद्धि

र रोजगारी सिर्जना सन्तोषजनक हुन सकेन | गत दुई वर्ष देखि दिर्घकालिन औसत ४.५ प्रतिशत को तुलनामा आर्थिक वृद्धि दर पनि उल्लेख्य घटेर औसत २.९ प्रतिशतमा सिमित भएको छ | आर्थिक वृद्धिदरको पछिल्लो प्रवृत्ति र प्रकृति समीक्षा गर्दा दिर्घकालिन औसत वृद्धिदर पनि प्राप्त गर्न कठिन देखिएको छ | तर ४.५ प्रतिशतको औसत आर्थिक वृद्धि दरले नेपाल जस्तो निम्न-मध्यम आय भएको मुलुक आर्थिक बिकासको हिसाबले रुपान्तरण हुन सम्भब छैन | अर्थतन्त्रको आमुल संरचनात्मक परिवर्तन बिना उच्च आर्थिक वृद्धि दर त के दिर्घकालिन औसत वृद्धि दर हासिल गर्न पनि चुनौतिपूर्ण बनेको छ |

२७ **अर्थतन्त्र सुस्ताउनको प्रमुख कारण समग्र मागको वृद्धिमा उच्च दरले कमी आउनु हो** | बिगत दश वर्षको अवधिमा (२०७१ देखि २०८० सम्म) औसत वृद्धि दर १२.१ प्रतिशतबाट घटेर क्रमशः २०७९/८० मा १।९ प्रतिशत र २०८०/८१ मा ५.५ प्रतिशत सहित गत दुई वर्षको अवधिमा औसत समग्र माग वृद्धि दर केवल ३.७ प्रतिशतमा सिमित भएको छ |

२८ **चालु-मूल्यमा आर्थिक वृद्धिको दर घटेको छ।** बिगत १० वर्षको औसत **'नोमिनल' आर्थिक** वृद्धि दर ११।१ प्रतिशत रहेकोमा गत दुई वर्षको औसत केवल ७।१ प्रतिशत छ | बिगतमा 'नोमिनल' आर्थिक वृद्धि दर भन्दा धेरै हुने गरेको समग्र मागको औसत वृद्धि दर बिगत दुई वर्षको अवधिमा भने औसत 'नोमिनल' आर्थिक वृद्धि दर भन्दा करिब ५० प्रतिशतले कम रहेको छ | यसले पनि समग्र मागमा उच्च गिरावट आएको दर्शाउँछ | कोभिड-१९ वर्ष २०७६/७७ मा समग्र माग ०.३ प्रतिशत ले ऋणात्मक हुँदा आर्थिक वृद्धि दर २.८ प्रतिशतले ऋणात्मक, र नोमिनल आर्थिक वृद्धि दर केवल ०.७७ प्रतिशत रहेको थियो |

२९ **समग्र मागको महत्वपूर्ण हिस्सा ओगट्ने उपभोगको वृद्धि दर घटेको छ।** बिगत १० वर्षको अवधिमा उपभोगको औसत ११।३ प्रतिशतको वार्षिक वृद्धि दरबाट घटेर गत दुई वर्षको अवधिमा क्रमशः ६.५ प्रतिशत र ६.४ प्रतिशतमा सीमित भएको छ | कोभिड-१९ को वर्ष २०१६/१७ मा समेत कुल उपभोगमा कुनै कमी नआएर १२.२ प्रतिशतले वृद्धि भएको अवस्थामा गत दुई वर्षमा भने ४० प्रतिशत भन्दा धेरैले वृद्धि दर घटेको छ |

३० **समग्र मागमा उच्च दरले कमी आउनुको प्रमुख कारण लगानीमा आएको उच्च ह्रास हो** | बिगत १० वर्षको अवधिमा कुल लगानीको औसत वार्षिक वृद्धि दर १५।९ प्रतिशत रहेकोमा आ.व. २०७९/८० मा ९.६ प्रतिशतले ऋणात्मक भएको छ भने गत आ.व. २०८०/८१ मा केवल २.८ प्रतिशत ले वृद्धि भएको छ | गत दुई वर्षको वार्षिक औसत वृद्धि दर ३.४ प्रतिशत ले ऋणात्मक रहेको छ |



तथ्याङ्क स्रोतः नेपाल राष्ट्र बैंक वार्षिक प्रतिवेदन २०८०/८१

३१ बिगत १० वर्षको अवधिमा **समग्र मागमा** उपभोगको औसत हिस्सा ७२.२ प्रतिशत छ भने लगानीको हिस्सा २७.८ प्रतिशत छ । एकातिर गत दुई वर्षको अवधिमा उपभोगको वृद्धि दरमा ५७ प्रतिशत भन्दा धेरैले गिरावट आउनु र अर्को तिर पुँजी निर्माण वृद्धि दर ऋणात्मक हुनुले अर्थतन्त्रमा समग्र मागमा कमी आई अर्थतन्त्र सुस्ताएको देखिन्छ|



तथ्याङ्क स्रोतः नेपाल राष्ट्र बैंक वार्षिक प्रतिवेदन २०८०/८१

३२ कुल उपभोगमा सरकारी उपभोगको वृद्धिदर कमजोर छ। बिगत १० वर्षको अवधिमा कुल उपभोगमा सरकारको हिस्सा ५।७ प्रतिशत प्रतिशत छ भने बाँकी ९४.३ प्रतिशत हिस्सा घरपरिवार तथा निजी क्षेत्रको छ । गत दुई वर्षको अवधिमा सरकारी उपभोग क्रमशः २०७९/८० मा १३.५ प्रतिशत ले वृद्धि र २०८०/८१ मा ३.७ प्रतिशत ले ऋणात्मक भएको छ र औसतमा ४.९प्रतिशत प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी घरपरिवार तथा निजी क्षेत्रको हकमा उपभोग क्रमशः ६.१प्रतिशत र ७.१ प्रतिशत प्रतिशतले वृद्धि भई औसतमा ६.६ प्रतिशत ले वृद्धि भएको छ। कोभिड-१९ को वर्ष २०१६/१७ मा कुल उपभोग

१२.२ प्रतिशत ले वृद्धि भएको थियो भने सरकारी उपभोग १५.२ प्रतिशत र घरपरिवार तथा निजी क्षेत्रको उपभोग १२ प्रतिशत ले वृद्धि भएको थियो | यसरी कोभिड-१९ को प्रकोपमा पनि ऋणात्मक नभएको सरकारी उपभोग गत वर्ष २०८०/८१ मा पहिलो पटक ऋणात्मक भएको छ |

चित्र २.५: अन्तिम उपभोगमा योगदान (२०७०-२०७९)



तथ्याङ्क स्रोतः नेपाल राष्ट्र बैंक वार्षिक प्रतिवेदन २०८०/८१

३३ पुँजी निर्माण वृद्धि दर ऋणात्मक हुन पुगेको छ। बिगत १० वर्षको अवधिमा कुल पुँजी निर्माणमा सरकारको १६.७ प्रतिशत, सरकारी संस्थानको ७.१ प्रतिशत, निजी क्षेत्रको ६१.१ प्रतिशत र बाँकी १५.१ प्रतिशत हिस्सा पुँजी मौज्दातमा भएको परिवर्तनको योगदान छ | गत दुई वर्षको अवधिमा सरकारी (१७.४ प्रतिशत) र सरकारी संस्थान (२१ प्रतिशत) मार्फत पुँजी निर्माणमा उच्च योगदान भए पनि निजी क्षेत्र (-८.१ प्रतिशत) र पुँजी मौज्दातमा भएको गम्भीर ह्रासले (-१० प्रतिशत) कुल पुँजी निर्माण वृद्धि दर ऋणात्मक भएको छ | २०७९/८० मा निजी क्षेत्रको लगानी वृद्धि दर २० प्रतिशतले ऋणात्मक थियो भने २०८०/८१ मा ३.७ प्रतिशतले सुधार भए पनि दुई वर्ष अगाडिको अवस्थामा पुग्न सकेको छैन | कोभिड-१९ को वर्षमा भने तीनै क्षेत्रको पुँजी निर्माण उल्लेख्य घटेर २६ प्रतिशत ले ऋणात्मक भएको थियो |



तथ्याङ्क स्रोतः नेपाल राष्ट्र बैंक वार्षिक प्रतिबेदन २०८०/८१

समग्र मागमा कमी आउनुको कारण

३४ समग्र मागमा कमी आउनुका प्रमुख कारणहरुमा कर्जा वृद्धि र जग्गा कारोबारमा उल्लेख्य ह्रास आउनु हो। गत दुई वर्ष निजी क्षेत्रमा प्रवाह भएको कर्जा वृद्धि दर ४.६ प्रतिशत र ६.१ प्रतिशत गरी औसतमा केवल ५.३ प्रतिशत पुगेको छ | आर्थिक उदारीकरण पछि द्रुत गतिले बिस्तार भएको बेकिङ् क्षेत्रको औसत वार्षिक कर्जा वृद्धि दर बिगत तीन दशकमा २० प्रतिशत थियो | बेकिङ् क्षेत्रमा प्रशस्त तरलता र व्याजदर न्यून भए पनि कर्जाको माग छैन | यसको प्रमुख कारण जग्गा लगानीमा अत्याधिक गिरावट आउनु हो | बढ्दो खराब कर्जाको कारण साथै बिगतमा जस्तो धितो कै आधारमा कर्जा दिने शैलीमा व्यापक परिवर्तन आएको छ र कर्जाको मुल्यांकन गर्दा ऋणीको नगद प्रवाह र आय तथा प्रतिफल आर्जन गर्ने क्षमतालाई नै प्रमुख आधार मान्ने प्रवृति बढेको छ | उच्च आयातको कारण बाह्य क्षेत्र दबाबमा पर्दा नेपाल राष्ट्र बैंकले २०७९ देखि आयात नियन्त्रण गर्न लिएको विविध नीतिको (कर्जा, म्याक्रो तथा माइक्रो प्रुडेन्सिएल) कारण पनि कर्जा प्रवाहमा सुस्तता छाएको हो | बिगत तीन दशक निरन्तर औसत २० प्रतिशतको दरले वृद्धि हुने कर्जा गत दुई वर्ष औसतमा ५.३ प्रतिशत मा घट्दा स्वाभाविक रुपले समग्र मागमा प्रत्यक्ष असर परेको छ भने संरचनात्मक सुधार बिना अल्प तथा मध्य-कालिन अवधिमा यो प्रवृतिमा सुधार हुने अवस्था देखिदैन |

३५ आ.व. २०७९/८० मा मालपोत सम्बन् राजश्व अघिल्लो वर्षको दाँजोमा ३९ प्रतिशत ले घटेको छ | पुँजीगत लाभकर पांच वर्ष भन्दा बढी अवधि स्वामित्व भएको जग्गामा सत प्रतिशतले (२.५ प्रतिशत बाट ५ प्रतिशत) र पाँच वर्ष भन्दा कम अवधि स्वामित्व भएको जग्गामा पचास प्रतिशतले (५ प्रतिशत बाट ७.५ प्रतिशत) वृद्धि भए पनि कुल पुँजीगत लाभ कर २१.४ प्रतिशत ले घटेको छ | यो अवस्थाले बिगत दुई वर्षमा जग्गाको कारोबार अत्याधिक रुपले घटेको पुष्टि गर्छ | बिगत दुई वर्षमा जग्गाको कारोबार तीब्र गतिले घटे सँगै जग्गाको मूल्य पनि घट्ने क्रममा छ | यस अघि २०६७ देखि २०६८ साल तिर कर्जा नियन्त्र गर्दा केही समय जग्गाको कारोबार घटेको थियो | तर पुनः विविध शिर्षक मार्फत जग्गा कारोबार मै कर्जा प्रवाह हुन लागे पछि दुई वर्ष अगाडि सम्म जग्गा कारोबार र मूल्य निरन्तर बढिरह्यो|

अब अवस्था परिवर्तन भएको छ र बिगतमा जस्तो जग्गामा लगानी गरेर उच्च आर्थिक प्रतिफल पाउने चरण समाप्त भएको छ । बेकिङ् क्षेत्रमा लगानी योग्य स्रोत हुँदा हुदै पनि कर्जा वृद्धि हुन नसक्नुको प्रमुख कारण जग्गामा लगानी र जग्गा कारोबारमा आकर्षण नहुनु हो । लामो समय सम्म स्थापित भएको बेकिङ् क्षेत्र र जग्गा मौद्रिकरणको अन्तर-सम्बन्ध अहिले तोडिएको छ । त्यसैले बिगत दुई वर्षदेखि जग्गा कारोबारमा आएको कमी र सम्पत्तिको मूल्यमा आएको उल्लेख्य ह्रास "वेल्थ इफेक्ट" ले समग्र मागमा संकुचन आएको छ ।

३६ सहकारी वित्तीय प्रणालीमा बचत रकम फसेकाले लाखौं मानिसको क्रयशक्ति गुमेको छ। लगभग सबै ठुला बचत तथा ऋण सहकारीहरु समस्यामा परेका छन् भने लघु बित्त क्षेत्र पनि सुस्ताएको छ । यी दुई क्षेत्रको संयुक्त आकार कुल बेकिङ् अनुपातमा करिब १७ प्रतिशत छ । हजारौं संख्यामा रहेका बचत तथा ऋण सहकारीको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको अभावमा सहकारीको आधारभूत मान्यता बिपरित अनेकौं शाखा बिस्तार मार्फत कृत्रिम ढङ्गबाट सदस्य बनाएर देशका विभिन्न ठाउँमा सञ्चालन भएका छन् र लाखौं संख्यामा रहेका आम-सदस्यको बचत परिचालन गरी व्यक्तिगत प्रयोजन र अधिकांश स्रोत जग्गामा लगानी भएको छ । वित्तीय स्रोतको ब्यापक अपचलन हुनु, जग्गाको कारोबारमा मन्दी छाउनु, जग्गाको मूल्य उच्च गतिले घट्दै जानु, खराब कर्जा उच्च गतिले वृद्धि हुनु, प्रभावकारी अनुगमन नहुनु, र बैंक तथा वित्तीय संस्थालाई जस्तो नेपाल राष्ट्र बैंकबाट उपलब्ध हुने नगद सुबिधा प्राप्त नहुनु जस्ता कारणले अहिले सहकारी क्षेत्र पूर्ण रुपले थलिएको छ । वित्तीय क्षेत्रमा आउने समस्याको पहिलो प्रभाब यस्ता नियमन बाहिर रहेका संस्था तथा क्षेत्रमा फैलदै क्रमशः औपचारिक क्षेत्रमा पनि फैलन्छ । पछिल्लो चरणमा सहकारी र राजनैतिक क्षेत्र बीचको विद्यमान अन्तरसम्बन्ध पनि बाहिरिएको छ । यस्ता घटनाबाट अत्याधिक चुनाब खर्च धान्न र नेताहरुको खर्चिलो जिबन शैली थेग्न सहकारी प्रयोग भएको देखिन्छ । उच्च व्याजको प्रलोभन र सही जानकारीको अभाबमा लाखौं सर्बसाधारणको अर्बौं रुपैया सहकारीमा फसेको छ । आफ्नै बचतमा समेत पहुँच नभएको कारण लाखौ बचतकर्ता गम्भीर आर्थिक संकटमा परेर उपभोग तथा लगानी कटौती हुँदा समग्र मागमा उच्च गिरावट आएको छ ।

३७ ग्रामीण भेग र निम्न-आय वर्गमा वित्त सेवाको पहुँच वृद्धि गर्ने र लघु उद्यम प्रोत्साहन गर्ने लक्ष्य अनुरुप बंगलादेशको जस्तो लघुबित्त कार्यक्रम नेपालमा बिभिन्न चरणमा सुरु भएको हो । त्यसै क्रममा यो अवधारणालाई संस्थागत, व्यवस्थित, बिस्तार र नियमन गर्न नेपाल राष्ट्र बैंक अन्तर्गत 'घ' वर्गका लघु बित्त संस्था स्थापना भएका हुन् । करिब बचत तथा सहकारी संस्थाकै हाराहारीमा कर्जा प्रवाह भएको यो क्षेत्रमा पनि पछिल्लो चरणमा समस्या देखिन थालेको छ । एउटै व्यक्तिले धेरै संस्थाबाट ऋण लिने, एउटा संस्थाबाट नयाँ ऋण लिएर अर्को संस्थाबाट लिएको पुरानो ऋण तिर्ने र उद्यम भन्दा उपभोगको लागि ऋण लिने प्रबृत्ति बढेको छ । एकै क्षेत्रमा धेरै लघु वित्तीय सस्थाहरु सञ्चालन भएको र हरेक संस्थालाई बर्षेनी व्यवसाय तथा बजार बिस्तार गर्नै पर्ने व्यवस्थापकीय चाप भएकोले सदस्यहरुको वास्तविक माग भन्दा पनि आपूर्ति तथा वितरण केन्द्रित रणनीति अवलम्बन गरिएकोले समस्या देखिएको छ । साथै एकातिर अधिकांश विप्रेषण प्राप्त गर्ने परिवारले आम्दानी भन्दा धेरै उपभोग गर्न प्रेरित हुने र

विप्रेषण प्राप्त नगर्ने परिवारले चाँही विप्रेषण प्राप्त गर्ने छिमेकीको उपभोग शैली अनुसरण (पिएर इफेक्ट) गर्न कै लागि सहजै पाइने लघु ऋण लिने प्रवृति बढेकोले लघु बित्त प्रणालीको प्रमुख उद्देश्यबाट बिमुख भएको पाइएको छ । लाखौंको संख्यामा सदस्य हुने भएको र प्राय ग्रामिण भेगमा छरिएको कारणले अनुगमन तथा सुपरिवेक्षण सहज छैन । त्यसैले यो क्षेत्र पनि पछिल्लो चरणमा समस्यामा परेको र कर्जा प्रवाहको वृद्धि दर घटेकोले निम्न तथा मध्यम वर्ग र ग्रामिण भेगबाट हुने मागमा कमी आएको छ ।

३८ कोभिड -१९ को प्रकोप पछि वैदेशिक रोजगारी तथा अध्ययनको लागि विदेशिने क्रम ह्वातै बढेको छ । बिगत तीन वर्ष करिब २४.७ लाख नेपाली युवाले वैदेशिक रोजगारी र अध्ययनको लागि देश छोडे । जनसंख्याको अनुपातमा यो ८.३ प्रतिशत हो । जनसंख्याको अनुपातमा युक्रेन, लेबनान जस्ता केही अपबाद मुलुक बाहेक नेपाल सम्भवत विश्वमा सबै भन्दा धेरै जनसंख्या विदेशिने राष्ट्र भएको छ । प्रति दिन औसतमा २२ सय भन्दा धेरै नेपाली युवाले देश छोडेका छन् । करिब एक दर्जन गाउँ पालिकाको जनसंख्या २५ सय भन्दा कम भएको अवस्थामा प्रति दिन एउटा पालिका रित्तिएको गम्भीर अवस्था छ। ती मध्ये ३ सय जना अध्ययनको लागि विदेशिने बिद्यार्थी छन् । राष्ट्रिय जनगणनाको ०.९२ प्रतिशत को वार्षिक जनसंख्या वृद्धिलाई आधार मान्ने हो भने नेपाल 'डि-पपुलेशन' अर्थात् जनसंख्या घट्ने क्रममा छ। अति कम बिकशित राष्ट्र छँदै 'डि-पपुलेशन' को शिकार हुनु गम्भीर अवस्था हो । यो गतिमा युबा पलायन हुँदा निश्चित रुपमा समग्र माग र आर्थिक वृद्धिमा प्रत्यक्ष नकारात्मक असर पारेको छ ।

३९ युक्रेन रसिया युद्ध अगाडिका पांच वर्ष नियन्त्रणमा रहेको औसत ४.६ प्रतिशतको मुद्रास्फीति दर पछिल्लो तीन वर्ष बढेर औसत ६.५ प्रतिशत पुगेको छ । भारत संगको स्थिर विनिमय र आयातमुखी अर्थतन्त्र भएकोले ब्यापार हुने प्रमुख देशको मुद्रास्फृतिले पनि प्रत्यक्ष प्रभाब पार्छ । त्यसको अतिरिक्त आन्तरिक कारणले पनि मुद्रास्फीतीमा प्रत्यक्ष प्रभाब पार्छ । आपूर्ति श्रृंखलामा धेरै बिचौलिया, हरेक बिचौलियाको उच्च नाफा, हरेक तहमा हुने उधारो जोखिम व्यवस्थापन गर्न मूल्य समायोजन गर्नु पर्ने बाध्यता र उच्च 'लजिस्टिक' लागत जस्ता विविध संरचनात्मक तथा अन्य कारणले मुद्रास्फृति र मूल्य स्तर उच्च रहेको छ । अर्थतन्त्रको मूल्यस्तर (प्राइस लेभल) पनि सम्भवत दक्षिण एशियामा माल्दिभ्स पछि सबैभन्दा बढी नेपालमा छ । एकातिर उच्च मूल्य स्तर अर्को तिर निम्न आयको विरोधाभास अवस्थाको कारण अर्थतन्त्र चलायमान नहुँदा उपभोग पनि स्वत प्रभावित हुने गर्छ ।

४० गत दुई वर्ष सेयर कारोबार तीब्र दरले घटेर क्रमशः आ.व. २०७९/८० मा ४६७ अर्ब रुपैया (जीडीपीको ८.७ प्रतिशत) र आ.व. २०८०/८१ मा ७३५ अर्ब रुपैया (जीडीपीको १२.९ प्रतिशत) पुगेको छ । अघिल्लो दुई आ.व. २०७७/७८ र २०७८/७९ मा कारोबार रकम क्रमशः १,४५४ अरब रुपैया (जीडीपीको ३३.४ प्रतिशत) र १,२०२ (जीडीपीको २४.२ प्रतिशत) अर्ब पुगेको थियो । साथै भदौ २०७८ मा नेप्से करिब बत्तीस सय पुग्दा नयाँ रेकर्ड कायम भएर सेयर बजारको पुँजीकरण जीडीपीको १०३ प्रतिशत भन्दा माथि पुगेको थियो भने बैसाख २०८० मा अठार सय भन्दा तल झर्दा बजार पुँजीकरण जीडीपीको अनुपातमा ५० प्रतिशत प्रतिशत भन्दा तल पुगेको थियो । गत वर्षको अन्त्य सम्म केही सुधार भएर पुँजीकरण ६२ प्रतिशत पुगेको छ । यो अवधिमा सेयर बजारमा करिब २० प्रतिशतले

सम्पत्ति क्षयिकरण भएको छ । कोभिड-१९ प्रकोप पछि लाखौं संख्यामा साना लगानीकर्ता पुँजी बजार प्रवेश गरेका छन् र अहिले सो संख्या ६० लाख भन्दा धेरै पुगेको छ । यसरी सेयर कारोबार रकम र सेयर बजार पुँजीकरणमा आएको उच्च गिरावटको कारण स्रोत परिचालन र वित्तीय सम्पत्तिमा आएको उल्लेख्य ह्रासले समग्र मागमा नकारात्मक प्रत्यक्ष असर पारेको छ ।

४१ २०७६ मा नेपाल निम्न आय स्तरको राष्ट्रबाट निम्न-मध्यम आय स्तरको राष्ट्रमा स्तरोन्नति भएको थियो। १५औं योजना अवधि (२०७७-२०८१) औसत वार्षिक आर्थिक वृद्धि दर केवल २.८ प्रतिशत रहन गई वृद्धि दरको हिसाबले सबै भन्दा असफल अवधि प्रमाणित भयो । साढे चार प्रतिशतको दिर्घकालिन आर्थिक वृद्धि दरलाई आधार मान्दा पनि नेपालले बिगत पाँच वर्षमा ८.६ प्रतिशत को आर्थिक उत्पादन अर्थात करिब दुई वर्षको आर्थिक उत्पादन गुमाएको छ । त्यसैले न्यून आर्थिक उत्पादनको कारण आय वृद्धिमा आएको संकुचनको कारण माग बढ्न सकेको छैन ।

४२ बिगत १० वर्षमा सरकारी खर्चको औसत वृद्धि दर १५.१ प्रतिशत थियो भने गत दुई वर्षमा औसत ३.८ प्रतिशतले मात्र वृद्धि भएको छ । नयाँ संबिधान पछिको छ वर्षको औसत सार्बजनिक खर्च जीडीपीको २८.२ प्रतिशत बाट घटेर गत दुई वर्षमा औसत २५.६ प्रतिशत पुगेको छ । सरकारी खर्चको वृद्धि दरमा आएको गिरावटले समग्र मागमा प्रत्यक्ष असर पारेको छ ।

४३ यो अवधिमा विप्रेषण भने उल्लेख्य बढेको छ । बिगत १० वर्षको ११.१ प्रतिशत प्रतिशत वृद्धि दरको तुलनामा यो अवधिमा २०७९/८० मा २३.२ प्रतिशत र २०८०/८१ मा १६.५ प्रतिशत गरी औसतमा १९.८ प्रतिशत ले वृद्धि भएको छ । विप्रेषण उल्लेख्य बढे पनि कर्जा वृद्धि दर, जग्गा मौद्रिकरण, सरकारी खर्चको वृद्धि दर, आय, र सम्पत्तिको मूल्यमा आएको उच्च गिरावट लगायत देशको समग्र आर्थिक स्थितिको कारण समग्र माग बढ्न सकेको छैन र अर्थतन्त्र सुस्ताएको छ ।

कोभिड -१९ प्रकोपको तत्काल असर

४४ कोभिड-१९ प्रकोपको संक्रमण न्यूनीकरण गर्न सरकारले दुई पटक चार चार महिना गरी जम्मा आठ महिना हिडडुलमा देशब्यापी प्रतिबन्ध अर्थात बन्दाबन्दी (लकडाउन) लगायो । पहिलो बन्दाबन्दी चैत्र २०७६ देखि लागु भएको थियो भने दोस्रो बैसाख २०७८ देखि लागु भएको थियो । बन्दाबन्दी लगायत अन्य विविध प्रतिबन्धले अर्थतन्त्र प्रत्यक्षरुपले प्रभावित भएको थियो । पहिलो बन्दाबन्दीको अवधि आ.व. २०७६/७७ को अन्तिम चार महिना थियो र सो वर्ष आर्थिक वृद्धि दर २.३७ प्रतिशत ले ऋणात्मक रह्यो भने दोस्रो प्रतिबन्धको अवधि आ.व. २०७७/७८ को अन्तिम साढे दुई महिना र आ.व. २०७८/७९ को पहिलो साढे एक महिना थियो । यी दुई वर्ष आर्थिक वृद्धि दर क्रमशः ४.८४ प्रतिशत र ५.६३ प्रतिशत रहन गयो । तीन वर्षको औसत आर्थिक वृद्धि दर केवल २.७ प्रतिशत मात्र रहन गयो।

४५ प्रकोप अगाडिको तीन वर्षको औसत ४.३ प्रतिशतको मुद्रास्फीति दर कोभिड-१९ लगत्तै बढेर पहिलो १३ महिना (बैसाख २०७७ सम्म) औसत ६.३ प्रतिशत रहन गयो । त्यसपछि असोज २०७८ सम्मको

१७ महिनाको अवधिमा मुद्रास्फीति ३.८ प्रतिशत मा सिमित रहन गयो | सो अवधि पछि पुनः मुद्रास्फीति बढ्ने क्रम जारी रह्यो |

४६ कोभिड-१९ प्रकोपले कर्जा वृद्धि दर, आयात, राजश्व, सरकारी खर्च र विदेशी मुद्रा सञ्चितिमा प्रत्यक्ष असर पार्यो | बन्दाबन्दी लागु भएको मितिबाट एक महिना पछि पहिलो पाँच महिनाको अवधिमा कर्जा अघिल्लो सोही अवधिको तुलनामा ७३ प्रतिशत ले संकुचन आएको थियो भने बन्दाबन्दी लागु भएको मितिबाट पहिलो नौ महिनामा आयात अघिल्लो सोही अवधिको तुलनामा २४ प्रतिशतले घटेको थियो | त्यस्तै गरेर बन्दाबन्दी लागु भएको मितिबाट पहिलो १२ महिना सरकारी राजश्व र खर्च अघिल्लो सोही अवधिको दाँजोमा क्रमशः २५ प्रतिशत र ६ प्रतिशत ले घटेको थियो |

४७ आशंका गरिए जस्तो विप्रेषण भने प्रभावित भएन | पहिलो दुई महिना उच्च दरले घटे पनि तेस्रो महिनाबाट विप्रेषण आप्रवाह नियमित भएको थियो | त्यसैले कोभिड-१९ वर्ष २०७६/७७ मा कुल विप्रेषण आप्रवाह केवल ०.५ प्रतिशत ले मात्र ऋणात्मक रह्यो र अन्तिम महिना असार २०७७ मा पहिलो पटक सय अर्ब रुपैया नाघेको थियो | एकातिर आयातमा उच्च गिरावट आएको र अर्को तिर विप्रेषण आप्रवाह नियमित भएकोले प्रकोप बन्दाबन्दी पछिको पहिलो १० महिना विदेशी मुद्रा सञ्चिति बढेर माघ २०७८ मा त्यतिन्जेल सम्मको सबै भन्दा उच्च १२.८ अर्ब डलर पुगेको थियो र शोधानान्तर स्थिति मजबूत भएको थियो |

४८ यसरी कोभिड-१९ संकटको प्रत्यक्ष असर क्षेत्रगत हिसाबले दुई महिनादेखि १३ महिना सम्म रहेको देखिन्छ | विप्रेषण दुई महिना, कर्जा छ महिना, आयात नौं महिना, सरकारी राजश्व र खर्च १२ महिना, र मुद्रास्फीति १३ महिना प्रत्यक्ष प्रभावित भएको थियो |

४९ प्रकोपको सामना गर्न राष्ट्र बैंकले मौद्रिक नीति, कर्जा नीति तथा अन्य नीति मार्फत विविध सुबिधा प्रदान गरेको थियो | हरेक देशले आ-आफ्ना क्षमता र अवस्था अनुरुप बित्त नीति र मौद्रिक नीति मार्फत विविध नीतिगत सुबिधा प्रदान गरेका थिए | नेपाल अपबाद थिएन | आधुनिक युगमा विश्वले कहिले नभोगेको माहामारीको असर व्यवस्थापन गर्न ती नीतिगत सुबिधाहरु अपरिहार्य थिए | अन्य मुलुकको तुलनामा बित्त नीति मार्फत प्रदान गरिएका सुबिधाहरु प्रयाप्त थिएन | त्यसैले मौद्रिक नीति मार्फत लागु गरिएका विविध सुबिधाहरु बित्त नीतिले प्रदान गरेका उपायहरु भन्दा गैर-अनुपातिक रुपमा अधिक हुनु स्वाभाविक थियो |

कोभिड-१९ प्रकोप पश्चात पहिलो दुई वर्षको आर्थिक अवस्था

५० प्रकोप पछि सबैभन्दा पहिला बैंकको कर्जा सातौं महिना देखि लयमा फर्केको थियो | आर्थिक वर्षलाई आधार मान्दा पहिलो वर्ष २०७७/७८ मा २६।३ प्रतिशत र दोस्रो वर्ष २०७८/७९ मा १३.३ प्रतिशत ले कर्जा वृद्धि हुँदै दुई वर्षको औसत वृद्धि दर १९.८ प्रतिशत पुगेको थियो जुन दिर्घकालिन औसत कर्जा वृद्धि दर बराबर हो | भाद्र २०७८ मा हाल सम्म कै उच्च करिब २०५ अर्ब रुपैया बराबरको कर्जा प्रवाह भएको थियो |

५१ कर्जा सँगसँगै आयात पनि दशौं महिनादेखि लयमा फर्केको थियो | कोभिड-१९ प्रकोपको वर्ष २०७६/७७ मा आयात १५.६ प्रतिशत ले घटेको थियो जुन अहिले सम्म कै उच्च ह्रास हो | तर लगत्तै पहिलो वर्ष २०७७/७८ मा २८.७ प्रतिशत र दोस्रो वर्ष २०७८/७९ मा २४.७ प्रतिशत ले आयात वृद्धि भएको थियो | मङ्सिर २०७८ मा हाल सम्म कै उच्च रु. १८८ अर्ब रुपैया बराबरको आयात भएको थियो | बैंकको कर्जा र आयातको दिर्घकालिन प्रवृत्ति विश्लेषण गर्दा यी दुई वर्ष वृद्धि भएको कर्जा र आयात दिर्घकालिन औसत वृद्धि दर अनुरुप नै थिए र प्रकोपको कारण घटेको कर्जा र आयात छोटो अवधि मै परिपूर्ति हुँदै पूर्ण रुपले सामान्यीकरण भएको थियो |

५२ उच्च आयात तर विप्रेषण आप्रवाहमा सामान्य वृद्धिले वैदेशिक मुद्रा सञ्चिति पनि द्रुत गतिले घटेको थियो| बन्दाबन्दी पछिको पहिलो दश महिनामा ३.३ अर्ब डलरले बढेको वैदेशिक मुद्रा सञ्चिति तत्पश्चात १४ महिनामा सोही रकमले घटेर कोभिड-१९ प्रकोप अगाडिको अवस्थामा पुगेको थियो | तर सो अवधिमा आयात प्रति महिना औसत रु. ११५ अर्बबाट बढेर रु. १६० अर्ब पुगेको थियो र विदेशी मुद्रा सञ्चिति ७ महिना भन्दा कम अवधिको बस्तु तथा सेवा आयात धान्ने अवस्थामा पुगेको थियो | यसै क्रममा आ.व. २०७८/७९ मा अहिले सम्म कै उच्च ब्यापार घाटा (जिडिपिको ३५.६ प्रतिशत), चालु खाता घाटा (१२.५ प्रतिशत) र शोधानान्तर घाटाको (५.१ प्रतिशत) कारण बाह्य क्षेत्रमा देखिएको समस्याले गर्दा नेपाललाई श्रीलङ्कासँग तुलना गर्दै गम्भीर आर्थिक संकट आउने व्यापक चर्चा चलेको थियो |

५३ लकडाउन पछिको दुई वर्षको अवधि सेयर कारोबार उच्च दरले बढेर नेप्से सुचाङ्क र सेयर बजार पुँजीकरणले नयाँ किर्तिमान बनाएको थियो | कोभिड -१९ प्रकोपको कारण तीन महिना भन्दा धेरै अवधि बन्द रहेको धितोपत्र बजार असार २०७७ देखि सुचारु भए पछि १५ महिना निरन्तर बढ्दै भदौ २०७८ मा नेप्से करिब बत्तीस सय पुग्दा नयाँ रेकर्ड कायम भएको थियो र सेयर बजारको पुँजीकरण जीडीपीको करिब ४० प्रतिशतबाट बढेर १०३ प्रतिशत भन्दा माथि पुगेको थियो | जीडीपीको अनुपातमा सेयर बजारको पुँजीकरण सय प्रतिशत पुगेको यो पहिलो पटक थियो | त्यस पछि पनि बजार पुँजीकरण चैत २०७८ सम्म करिब ७ महिना जीडीपीको ९० प्रतिशत को हाराहारीमा रह्यो | सो २२ महिनाको अवधिमा सेयर बजारमा उच्च कारोबार र पुँजीकरण पनि उच्च रहँदा अर्थतन्त्र धेरै चलायमान भएको थियो | आ.व. २०७७/७८ मा सेयरको कारोबार अघिल्लो वर्षको तुलनामा करिब दश गुणाले बढेर रु.१,४५४ अर्ब रुपैया (जीडीपीको ३३.४ प्रतिशत) र २०७८/७९ मा रु.१,२०२ (जीडीपीको २४.२ प्रतिशत) अर्ब पुगेको थियो |

५४ प्रकोपको असर न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकले लागु गरेको बिस्तारकारी मौद्रिक नीति तथा खुकुलो कर्जा नीति लगायत अन्य सहज नीतिको कारण उच्च कर्जा वृद्धि मार्फत अर्थतन्त्र चलायमान भएको अवस्थामा बिगतमा भन्दा उच्च दरले जग्गाको कारोबार वृद्धि भएको थियो | जग्गा कारोबारबाट प्राप्त भएको राजश्वलाई आधार मान्ने हो भने आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमशः २५ अर्ब र २८ अर्ब रुपैया राजश्व परिचालन भएकोमा आ.व. २०७७/७८ मा ७९ प्रतिशत ले वृद्धि भई ५० अर्ब र

आ.व. २०७८/७९ मा १६ प्रतिशत ले वृद्धि भई ५८ अर्ब रुपैया संकलन भएको थियो । उच्च मौद्रिकरण सँगै जग्गाको भाउ पनि दुई वर्षमा थप आकासिएको थियो ।

५५ कोभिड-१९ प्रकोप सम्मको १० वर्षको अवधिमा औसत १७ प्रतिशत ले वृद्धि भएको राजश्व प्रकोप पछिको पहिलो दुई वर्षमा क्रमशः १६ प्रतिशत र १४ प्रतिशत सहित औसतमा १५ प्रतिशत ले वृद्धि भएको थियो । यो अवधिमा विगतको तुलनामा केही कम भए पनि अर्थतन्त्र चलायमान भएकोले राजश्व वृद्धि दर सम्मानजनक रह्यो । तर अर्थतन्त्रमा थपिदै गएको संरचनात्मक चुनौतीको कारण बिगतको जस्तै उच्च राजश्व वृद्धिलाई निरन्तरता दिन सम्भब थिएन ।

५६ कोभिड-१९ प्रकोप सम्मको १० वर्षको अवधिमा औसत १६ प्रतिशत ले वृद्धि भएको सरकारी खर्च प्रकोप पछिको पहिलो दुई वर्षमा क्रमशः ९.७ प्रतिशत र ९.४ प्रतिशत सहित औसतमा ९.६ प्रतिशत ले वृद्धि भएको थियो । यो अवधिमा बिगतको तुलनामा केही कम भए पनि २०७२ सालको भुकम्प र नयाँ संविधान लगत्तै उच्च दरले वृद्धि भएको सरकारी खर्चलाई प्रकोप पछिको दुई वर्षको अवधिमा पनि करिब दश प्रतिशतको वृद्धि दर कायम राख्नु सन्तोषप्रद थियो ।

५७ कोभिड-१९ प्रकोप सम्मको १० वर्षको अवधिमा औसत १५ प्रतिशत ले वृद्धि भएको विप्रेषण आप्रवाह प्रकोप पछिको पहिलो दुई वर्षमा क्रमशः ९.८ प्रतिशत र ४.८ प्रतिशत सहित औसतमा ७.३ प्रतिशत ले वृद्धि भएको थियो । वास्तबमा नयाँ संबिधान जारी भएको वर्ष देखि नै बिगतको उच्च वृद्धि दरको तुलनामा विप्रेषण आप्रवाहको वृद्धि दर घट्न थालेको थियो र कोभिड-१९ प्रकोप अगाडि सम्म लगातार तीन वर्ष बाह्य क्षेत्र चापमा परेको थियो । यो दुई वर्षको अवधिमा पनि उच्च आयात तथा विप्रेषण आप्रवाहमा सामान्य वृद्धिको कारण आ.व. २०७८/७९ मा बाह्य क्षेत्र गम्भीर चापमा परेको थियो ।

५८ यसरी लकडाउन पछिको पहिलो दुई वर्ष आर्थिक कारोबार सामान्यीकरण मात्र होइन लकडाउनको अवधिमा घटेको पनि परिपूर्ति हुदै अर्थतन्त्र पूर्णरुपले चलायमान भएको थियो । तर आर्थिक वृद्धि भने सोहि अनुपातले लयमा फर्कन सकेन र रोजगारीको लागि विदेशिने प्रवृति तीब्र रुपले बढेको छ ।

बिशिष्ट संरचनात्मक परिस्थिति

५९ नेपालको भौगोलिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र आर्थिक परिस्थिति बिशिष्ट किसिमको छ । यही बिशिष्ट परिस्थितिको समिश्रणले समग्र अर्थतन्त्र निर्देशित गरेको छ । यी मध्ये केही परिस्थितिहरु अपरिवर्तनीय छन् जसलाई राष्ट्र हित हुने गरी आत्मसाथ गरेर अगाडि बढ्नुको विकल्प छैन । अन्य बिषय तथा क्षेत्रमा ब्यापक संरचनात्मक सुधार मार्फत रुपान्तरण गर्न आवश्यक छ । संरचनात्मक सुधार मार्फत उपलब्ध सिमित स्रोत तथा साधनलाई दिगो तथा उच्च आर्थिक प्रतिफल हासिल हुने गरी परिचालन गर्नु पर्छ । यी सुधारका उपायहरु देशको विशिष्ट परिस्थितिमा आधारित हुनु पर्छ ।

६० भूपरिवेष्टित मुलुक हुनु र भारत र चीन मात्र दुई छिमेकी हुनु नै नेपालको अनन्त भौगोलिक सत्य हो । सिमाना र छिमेकी परिवर्तन गर्न सकिदैन । चीनको चार दशकको द्रुत आर्थिक वृद्धि र भारतको तीन दशकको आर्थिक उदारीकरण र सम्मानजनक आर्थिक वृद्धिबाट नेपालले कुनै लाभ पाउन र उठाउन सकेन र भविष्यमा पाउन सक्ने आधार पनि अत्यन्तै न्यून छ । विभिन्न घटना क्रमले नेपालले चीन र

भारत बीच पुलको (ल्याण्ड लिंक) भूमिका निर्वाह गर्न सक्ने भाष्यलाई अस्वाभाविक पुष्टि गरेको छ । चीन र भारतको आर्थिक उदयले अवसर र सम्भावना भन्दा गम्भीर भू-राजनैतिक चुनौती थपिदै जाने परिस्थिति सिर्जना भएको छ ।

६१ भारतसंगको खुल्ला सिमाना, दुई तिहाई ब्यापार, स्थिर विनिमय दर र ऐतिहासिक, सास्कृतिक, धार्मिक, राजनैतिक, सामाजिक तथा आर्थिक सम्बन्ध बिशिष्ट अवस्था हो । त्यसैले विश्वको सबै भन्दा धेरै जनसंख्या, पाँचौं ठुलो अर्थतन्त्र र शक्तिशाली छिमेकी भएकोले भारतले अवलम्बन गर्ने अधिकांश नीतिले नेपालको नीति तथा अर्थतन्त्रमा प्रत्यक्ष प्रभाब पारेको छ ।

६२ शासकीय प्रणालीमा परिवर्तन भएसँगै राजनैतिक अस्थिरता र छिटो-छिटो सरकार परिवर्तन हुनु सामान्य जस्तै भएको छ । भबिष्यमा पनि यो अवस्थामा कुनै सुधार आउने देखिदैन । यस्तो अवस्थामा नीतिगत स्थायित्व र सुशासनसँग जोडिएका सार्वजनिक संस्थाहरूको स्वतन्त्रता, निष्पक्षता, पारदर्शिता, जवाफदेहिता, र सबलीकरण अपरिहार्य छ ।

६३ अत्याधिक निर्वाचन खर्च र राजनैतिक दलका नेताहरुको खर्चिलो जिबन शैली लगायत विविध कारणले भ्रष्टाचार मौलाउदै गएको र सार्वजनिक सुशासन बिग्रदै गएको गम्भिर अवस्था छ । हरेक क्षेत्रमा राजनैतिक अतिक्रमण, राजनैतिक नियुक्ति तथा साँठगाँठ र भ्रष्टाचारको कारण एकातिर स्रोत बिनियोजन प्रक्रियामा अनुचित प्रभाब परेको छ भने अर्को तिर स्रोत बिनियोजन बमोजिम आर्थिक विकास हुन सकेको छैन । यो समस्याको मुख्य जड नै सम्बोधन नगरी राजनैतिक भ्रष्टाचार तथा सु-शासनका समस्या समाधान हुन सक्दैन ।

६४ संबिधानले हरेक नेपालीलाई समान हक र अधिकार दिए पनि नेपालको सामाजिक संरचना पितृसत्तात्मक वर्ण व्यवस्थामा आधारित भएकोले विभेदपूर्ण छ । महिला र शुद्र अन्तर्गत वर्गीकृत सबै जातका समुदायहरु सदियौंदेखि सिमान्तकृत छन् र राज्यका महत्वपूर्ण अवसरबाट बञ्चित छन् । अधिकांश दलितहरु अहिले पनि आर्थिक तथा सामाजिक हिसाबले गरिबीको रेखा मुनि छन् र अन्य समुदायको तुलनामा कम शिक्षित छन् । अन्य जातको जनसंख्याको अनुपात घट्दै गर्दा, २०७८ जनगणना अनुसार दलितको जनसंख्याको अनुपात अघिल्लो जनगणनाको तुलनामा बढेको छ र करिब १८ प्रतिशत पुगेको छ । त्यसैले २० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देशमा सिमान्तकृत वर्ग र महिला मैत्री नीति अवलम्बन नगरे सम्म समाज र अर्थतन्त्र रुपान्तरण हुन सक्दैन । सिमान्तकृत वर्ग र महिला उत्थानको लागि राज्यले यथेष्ट लगानी गर्नु पर्छ ।

६५ उच्च कर्जा वृद्धि र उच्च सार्बजनिक खर्चले पुँजी निर्माणमा उल्लेख्य योगदान दिए पनि आर्थिक वृद्धि, रोजगारी सिर्जना, उत्पादकत्व क्षमता अभिवृद्धि, र उत्पादन बढ्न सकेको छैन । उच्च लगानीको कारण कोभिड-१९ प्रकोप अगाडिको तीन वर्ष औसत ७.७५ प्रतिशत को उच्च आर्थिक वृद्धि दर हासिल भएको थियो । तर तीन वर्षमा भएको उच्च लगानीले अधिकांश क्षेत्रमा माग भन्दा अधिक उत्पादन क्षमता निर्माण भएकोले समस्या देखिएको छ । अन्य वर्षहरुको हकमा भने लगानी भए बमोजिम आर्थिक वृद्धि दर र रोजगारी सिर्जना हुन सकेको छैन । अधिकांश सार्बजनिक लगानी समयमा सम्पन्न नहुने आयोजना,

गैर-प्राथमिकता क्षेत्र, टुक्रे योजना, र न्यून प्रतिफल दिने क्षेत्रमा बिनियोजन भएको छ भने निजी लगानी चाँही न्यून मूल्य अभिवृद्धि हुने तथा अनुत्पादक क्षेत्रमा बिनियोजन भएको छ | यसले अर्थतन्त्रको कमजोर स्रोत विनियोजन कुशलतालाई चित्रण गर्दछ |

६६ निरन्तर उच्च मुद्रास्फीति, उच्च लजिस्टिकल लागत, न्यून उत्पादकत्व तथा सिमित उत्पादन क्षमता, उच्च उत्पादन लागत, धेरै बिचौलिया र लामो आपूर्ति श्रृंखला, उधारो कारोबार, अश्वाभाबिक नाफा र उच्च जग्गा मूल्य जस्ता विविध संरचनात्मक कारणले मुलुक उच्च मूल्य स्तरले (प्राइस लेभल) ग्रस्त भएको छ | साधारणतयाः अर्थतन्त्रको मूल्य स्तर पनि आय स्तर र बिकास स्तर सापेक्षिक हुन्छ | तर सबै भन्दा कम आय स्तर भए पनि दक्षिण एशियामा सम्भबतः माल्दिभ्स पछि सबै भन्दा धेरै मूल्य स्तर भएको मुलुक नेपाल हो | नेपालमा न्यूनतम ज्याला पनि प्रति व्यक्ति आय भन्दा धेरै छ | त्यसैले नेपालको उत्पादन लागत उच्च र प्रतिस्पर्धात्मक क्षमता कमजोर भएकोले आधारभूत वस्तुमा पनि मुलुक परनिर्भर भएको छ |

६७ सङ्घीयता लागु भए पछिको गत ८ वर्षमा सार्बजनिक खर्चको आकार अघिल्लो १० वर्षको औसत २०.३ प्रतिशत बाट बढेर जीडीपीको २७.६ प्रतिशत पुगेको छ भने राजश्व परिचालन औसत १५ प्रतिशत बाट बढेर २१ प्रतिशत पुगेको छ | बित्त घाटा औसत ३.२ प्रतिशत बाट बढेर ६ प्रतिशत पुगेको छ भने सार्बजनिक ऋण गत ८ वर्षमा २३.९ प्रतिशत बाट बढेर ४२.७ प्रतिशत पुगेको छ | हाम्रा समकक्षिको औसत कुल सार्बजनिक खर्च केवल जीडीपीको १८ प्रतिशत को दाँजोमा हाम्रो सार्बजनिक खर्चको आकार निक्कै ठुलो छ र नयाँ संविधान लागु भए लगत्तै बाह्य क्षेत्रमा चाप पर्नुको प्रमुख कारण मध्ये अस्वाभाविक ठुलो सार्बजनिक खर्च पनि एक हो | नेपालको साधारण खर्चको आकार नै समकक्षिको कुल सरकारी खर्च बराबर छ | अनेकन शिर्षक मार्फत सामाजिक सुरक्षाको नाममा जिडिपिको ४ प्रतिशत भन्दा धेरै अनुदान बाँडिएको छ जुन न लक्षित छ न बित्तिय व्यवस्थापनको हिसाबले दिगो छ | देशको विकास र आय स्तरको अनुपातमा यो स्तरको राजश्व र खर्च दिगो हुन सम्भब छैन |

६८ नेपालले भारतसँग स्थायी विनिमय दर कायम गरेको हुनाले अर्थशास्त्रको सिद्धान्त असम्भव त्रितत्व (इम्पसिबल ट्रिनिटी) बमोजिम कुनै पनि अर्थतन्त्रले एकै पटक तीन वटा सिद्धान्त - स्थायी विनिमय दर, खुला पुँजी खाता र स्वतन्त्र मौद्रिक नीति - एक साथ अवलम्बन गर्न सक्दैन | तर पुँजी खाता खुला नगरेको हकमा भारतसंग स्थायी विनिमय दर कायम गरे पनि सैद्धान्तिक हिसाबले नेपालले स्वतन्त्र मौद्रिक नीति अर्थात व्याज दर निर्धारण गर्न सक्छ | यद्दपी खुला सिमाना र अनौपचारिक पुँजी स्थानान्तरणले केही हदसम्म प्रभाब पारे पनि मुलत आन्तरिक कारणले मौद्रिक नीतिको प्रभावकारिता धेरै प्रभावित भएको छ | नेपालको सन्दर्भमा बजारको असफलताले (मार्केट फेलर) र मौद्रिक नीति प्रसारण माध्यमहरु प्रभावकारी नहुँदा असामान्य अवस्था बाहेक मौद्रिक नीति प्रायः प्रभावकारी भएको देखिदैन | सामान्य अवस्थामा कुनै एक बैंकको व्याज सम्बन्धी आन्तरिक नीति तथा निर्णयले बजारमा व्याज बढी प्रभावित भएको देखिन्छ | साथै मौद्रिक नीतिको मुद्रास्फिति नियन्त्रण अर्थात मूल्य स्थायित्व कायम गर्ने प्रमुख लक्ष्य पनि स्थायी विनिमय दर र बजारको असफलताको कारणले प्रभावकारी भएको देखिदैन |

वास्तबमा मौद्रिक नीति मार्फत अर्थतन्त्रमा व्याज दर निर्देशित गरेर मूल्य स्थायित्व कायम गरिने अर्थशास्त्रको सिद्धान्त नेपालको सन्दर्भमा त्यति सान्दर्भिक भएको देखिदैन ।

६९ नेपाली अर्थतन्त्रको अत्याधिक वित्तियकरण भएको छ। सामान्यतया अर्थतन्त्रको आय स्तर बढेर बिकसित हुँदै जाँदा अर्थतन्त्र पनि सोही अनुपातमा बित्तियकरण हुदै जान्छ । तर हाम्रो सन्दर्भमा न्यून आयस्तरमै अर्थतन्त्र अधिक बित्तियकरण भएको छ । अर्थतन्त्रको विविध सूचक समीक्षा गर्दा बेकिङ् क्षेत्रको आकार असमान रूपमा अधिक देखिन्छ । मुद्रा प्रदाय तथा बेकिङ् क्षेत्रको निक्षेप र कर्जा मुलुकको बिकासको स्तरको अनुपातमा अत्याधिक छ र यी तीनै सूचक जीडीपीको आकार भन्दा ठुलो छ । जीडीपीको तुलनामा बेकिङ् क्षेत्रको आकारलाई आधार मान्ने हो भने समकक्षि अर्थतन्त्रको तुलनामा नेपालको बेकिङ् क्षेत्र धेरै ठुलो छ र बिकसित धनी राष्ट्रको हाराहारीमा पुगेको छ । साथै अर्थतन्त्रको बित्तियकरणमा सहकारी र लघु बित्त क्षेत्रको आकार र भूमिका पनि निक्कै ठुलो छ । बिगत तीन दशकमा सबै भन्दा धेरै बिस्तार भएको क्षेत्र नै वित्तीय क्षेत्र हो । तर वित्तीय क्षेत्र बिस्तार भएको अनुपातमा अर्थतन्त्रको आकार र आर्थिक वृद्धि चाँही हुन सकेन । यो अवस्थाले स्रोत विनियोजनमा वित्तीय क्षेत्रको भूमिका सहयोगि हुन नसकेको पुष्टि हुन्छ । नेपालको सन्दर्भमा वित्तीय क्षेत्रको विस्तारले जग्गाको मूल्य बढाउन र आयात बढाउन प्रत्यक्ष भूमिका रहेको स्थापित भएको छ ।

७० बित्तियकरणसंग जोडिएको अर्को महत्वपूर्ण पक्ष भनेको धितोपत्र बजार हो । सम्पत्ति निर्माण र वितरणमा धितोपत्र बजारको महत्वपुर्ण भूमिका हुन्छ । २०७८ भदौमा जीडीपीको दाँजोमा १०३ प्रतिशत पुगेको बजार पुँजीकरण गत आर्थिक वर्षको अन्त्यमा ६२ प्रतिशत पुगेको छ । सुचिकृत कम्पनिको संख्या र क्षेत्रगत बजार पुँजीकरणको आधारमा धितोपत्र बजार साँघुरो छ । वित्तीय क्षेत्र र जलविद्युत क्षेत्रको हिस्सा क्रमशः ५८.६ प्रतिशत र १५ प्रतिशत छ भने जीडीपीमा यी दुई क्षेत्रको योगदान क्रमशः केवल ६.८ प्रतिशत र १.८ प्रतिशत भन्दा कम छ । तर धितोपत्र बजार वास्तविक अर्थतन्त्रको ऐना बन्न सकेको छैन। सेयर मूल्यले सम्बन्धित कम्पनीको अन्तर्निहित मूल्य प्रतिबिम्ब गर्न सकेको छैन । ३ करोड जनसंख्या भएको देशमा ६० लाख भन्दा धेरै धितोपत्र बजारसँग जोडिए पनि अधिकांश लगानीकर्तामा सेयर सम्बन्धी ज्ञान नभएकोले अर्काको लहड र गलत सूचनाको आधारमा लगानी गर्दा सम्पत्ति गुमाउने जोखिम बढेको छ ।

७१ बिगत तीन दशकमा निरन्तर रुपले अधिक वित्तीयकरणले जग्गाको मूल्य विश्वकै सबै भन्दा महँगोमध्येको भएको छ । साधारणतया कुनै पनि अर्थतन्त्रमा जग्गाको मूल्य मुलुकको आय स्तर र जग्गा परिचालन मार्फत हुने आर्थिक प्रतिफलको आधारमा तय हुन्छ । तर हाम्रो सन्दर्भमा जग्गाको मूल्य भबिष्यमा जग्गाको कारोबारबाट हुने मूल्य वृद्धिको आधारमा निर्धारण हुने प्रवृति स्थापित भएकोले जग्गाको मुल्य अत्याधिक पुगेको छ। उत्पादन र भौतिक निर्माणको लागि जग्गाको भूमिका अभिन्न भएकोले उच्च मूल्यको कारण जग्गामा आधारित कुनै पनि उद्यम प्रतिस्पर्धी र दिगो हुन सक्दैन । जग्गाको उच्च कारोबारले अर्थतन्त्र चलायमान त भयो तर उत्पादनशील र गतिशील हुन सकेन । अहिले अर्थतन्त्रमा सर्बत्र समस्या देखिनुमा प्रमुख कारण मध्ये जग्गाको अत्याधिक वित्तीयकरण र उच्च मूल्य एक हो ।

७२ नेपालको अन्तराष्ट्रिय व्यापारको अवस्था गम्भीर छ । उच्च आयात र न्यून निर्यातले व्यापार घाटाको अवस्था गम्भीर बनेको छ र यस्तो अत्याधिक आयातमुखी अर्थतन्त्र दिगो हुदैन । दुई वर्ष अगाडि व्यापार घाटा हाल सम्म कै सबै भन्दा धेरै जीडीपीको ३४.६ प्रतिशत, चालु खाता घाटा १२.१ प्रतिशत र शोधानान्तर घाटा ५.१ प्रतिशत पुगेर सर्बत्र आर्थिक अस्थिरता तथा संकटको प्रक्षेपण गरिएको थियो । बिगत १० वर्षको औसत निर्यात जीडीपीको २.९ प्रतिशत मात्र छ भने आयात ३२.९ प्रतिशत प्रतिशत सहित व्यापार घाटा ३० प्रतिशत छ । निर्यात गर्न नसक्ने मुलुकले दिगो आर्थिक वृद्धि गर्न सक्दैन र नेपाल जस्तो सानो अर्थतन्त्र निर्यात मार्फत विश्व अर्थ जोडिनुको अर्को विकल्प छैन । तुलनात्मक लाभको आधारमा निर्यात मार्फत विश्व अर्थतन्त्रसँग जोडिने नयाँ सम्भावनाका क्षेत्रहरु पहिचान गर्दै दिगो आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने उपायहरु अवलम्बन गर्नु पर्छ ।

७३ गत आ.व.को आयातको संरचना समीक्षा गर्दा पुँजीगत बस्तु, मध्यवर्ती बस्तु र अन्तिम उपभोग्य बस्तुको अनुपात क्रमशः ९.७ प्रतिशत, ४८.८ प्रतिशत र ४१.५ प्रतिशत रहेको छ भने चार वर्ष अगाडि २०७७/७८ मा सो अनुपात क्रमशः १२.१ प्रतिशत, ५३.४ प्रतिशत र ३४.५ प्रतिशत रहेको थियो । यसरी आयातमा पुँजीगत बस्तु र मध्यवर्ती बस्तुको अनुपात घट्दै जानु र अन्तिम उपभोग्य बस्तुको अनुपात चाँही बढ्दै जानुले आयातबाट मूल्य अभिवृद्धि मार्फत अर्थतन्त्रको वृद्धि दरमा हुने योगदान पनि खस्कदै गएको पुष्टि हुन्छ । यसको अलावा मध्यवर्ती बस्तुको आयातबाट अर्थतन्त्रमा हुने मूल्य अभिवृद्धि पनि न्यून रहेको छ । आयातको संरचनामा व्यापक सुधार सहित मूल्य अभिवृद्धि श्रृंखलामा आन्तरिक अर्थतन्त्रको योगदान उल्लेख्य वृद्धि गर्नु अपरिहार्य छ ।

७४ स्वदेश मै उत्पादन गर्न सकिने र परम्परागत रुपमा नेपाल मै उत्पादन गरिने कृषि जस्तो आधारभूत आवश्यकताको बस्तुमा समेत मुलुक अत्याधिक परनिर्भर भएको गम्भीर अवस्था छ । कोभिड-१९ प्रकोप पछिको चार वर्षमा मुलुकले वर्षेनी औसत करिब २४० अरब रुपैया बराबरको कृषिमा ब्यापार घाटा बेहोर्दै आएको छ । आ.व. २०६४/६५ सम्मको सात वर्ष मध्ये ६ वर्ष भारतसँग कृषि ब्यापारमा नाफा गरेको नेपालले त्यस पछिका वर्षमा भारतसँग कृषि तथा गैर कृषि दुवै बस्तुको ब्यापारमा उच्च ब्यापार घाटा बेहोर्दै आएको छ । कुल कृषिजन्य बस्तु आयातमा २० प्रतिशत भन्दा धेरै प्रशोधित कृषिजन्य वस्तु बिना गुणस्तरीय जाँच निर्बाधरुपले आयात हुन्छ भने नेपालबाट निर्यात हुने हरेक बस्तुको भारत लगायत सबै गन्तब्य मुलुकमा गुणस्तर परिक्षण हुन्छ ।

७५ नेपालको अर्थतन्त्र लामो समय देखि पूर्णरुपले विप्रेषण आप्रवाहमा आश्रित छ । विप्रेषण आप्रवाहले कुल विदेशी मुद्रा आर्जनमा औसतमा ६१ प्रतिशत योगदान दिएको छ । २०७४ देखि सुस्ताएको विप्रेषण आप्रवाह गत दुई वर्ष देखि पुनः वृद्धि भएको छ र बाह्य क्षेत्रको स्थायित्वमा महत्वपुर्ण भूमिका निभाएको छ । विप्रेषणले व्यक्तिगत तथा पारिवारिक रुपमा गरिबी घटाउन योगदान दिएको छ, यद्दपी समग्र मुलुकको आर्थिक वृद्धि र बिकासमा सोचे जस्तो योगदान दिन सकेको छैन । विप्रेषणले समग्र माग सिर्जना गर्न, बाह्य स्थायित्व सुनिश्चित गर्न, र अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपुर्ण भूमिका निभाए पनि अर्थतन्त्रका विविध एजेन्टहरुले सो अवसरलाई आर्थिक वृद्धि र रोजगारी सिर्जनामा रुपान्तर गर्न नसक्दा

अर्थतन्त्र परनिर्भर, अनुत्पादक र गतिहिन बनेको छ । अर्थतन्त्रको मूल्यस्तर बढेर मुलुकको उत्पादनले प्रतिस्पर्धी क्षमता गुमाएको छ । यसरी विप्रेषण आप्रवाहबाट प्राप्त स्रोत अर्थतन्त्रको उत्पादकत्व क्षमता, उत्पादन र मूल्य अभिवृद्धि गर्न परिचालन नहुँदा "डच डिजिज" अर्थात मुलुकको अर्थतन्त्र कुनै एक क्षेत्रमा अत्याधिक निर्भर हुने र अन्य क्षेत्रले प्रतिस्प्रधात्मक क्षमता गुमाउदै जाने अवस्था सिर्जना भएको छ । बिगत दुई दशकमा विप्रेषण आयले आन्तरिक बसाइँसराइ संगै उत्पादन र उपभोगको प्रकृति र प्रवृतिमा ब्यापक परिवर्तन ल्याएको छ ।

७६ नेपाल गरिब छँदै उच्च ऋणको पासोमा झेलिएको छ । अन्य समकक्षिको दाँजोमा नेपालको ऋणको संरचना अलि फरक र बिशेष किसिमको छ । अधिकांश समकक्षि मुलुकमा निजी तथा व्यक्तिगत ऋणको तुलनामा सार्बजनिक ऋणको अनुपात अधिक हुन्छ र सार्बजनिक ऋणमा आन्तरिक ऋणको दाँजोमा बाह्य ऋणको अनुपात अत्याधिक हुन्छ । हाम्रो सन्दर्भमा जिडिपिको करिब ४२.७ प्रतिशत रहेको सार्बजनिक ऋणको दाँजोमा निजी क्षेत्रमा प्रवाह भएको ९१.२ प्रतिशत ऋण अधिक हो । सार्बजनिक ऋणमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः २०.७ प्रतिशत र २२ प्रतिशत छ । निजी क्षेत्रमा प्रवाह भएको ऋणमा व्यक्तिगत ऋणको हिस्सा करिब ३७ प्रतिशत छ जुन अत्याधिक हो । नेपालको निजी क्षेत्रमा प्रवाह भएको ऋणको मात्रा धनी तथा बिकसित मुलुक सरह छ । यो अवस्थाले निजी क्षेत्रले मनग्ये ऋण परिचालन गरे पनि मुलुकले आर्थिक विकास गर्न नसकेको र ऋण उपभोग तथा अनुत्पादक क्षेत्रमा परिचालन भएको गम्भीर अवस्था चित्रण गरेको छ ।

७७ प्रत्यक्ष वैदेशिक लगानीको अवस्था दयनीय छ । छयालीस साल पछि बिगत साढे तीन दशकमा औसतमा जीडीपीको केवल ०.२२ प्रतिशत मात्र परिचालन भएको छ जुन विश्व औसतको दाँजोमा दश गुणा कम हो । बिगत १० वर्षमा केही बढेर औसत ०.४ प्रतिशत पुगेको छ । प्रविधि भित्रन नसक्नु, बजार बिस्तार नहुनु, निर्यात गर्न नसक्नु, र आर्थिक वृद्धि तथा रोजगारी वृद्धि हुन नसक्नुमा वैदेशिक लगानी अत्यन्तै कम भित्रनु पनि एक प्रमुख कारण हो । नेपाल जस्तो विकासशिल मुलुकलाई वित्तीय स्रोत मात्र नभएर प्रविधि हस्तान्तरण, बजार बिस्तार, निर्यात, व्यवस्थापन तथा प्राविधिक क्षमता अभिवृद्धि जस्ता विविध कारणले प्रत्यक्ष वैदेशिक लगानी अपरिहार्य छ । पहिलो चोटी गरिएको सार्वभौम रेटिङ् मार्फत हालै प्राप्त भएको बीबी- रेटिंगले वैदेशिक लगानी भित्राउन केही सहज हुनेछ ।

७८ सार्बजनिक पुँजीगत खर्चको लागि वैदेशिक सहयोग माथिको निर्भरता उच्च रहेको छ । नयाँ संविधान पछिको ८ वर्षको समीक्षा गर्दा, औसतमा पुँजीगत खर्चको ६६ प्रतिशत र समग्र खर्चको १२ प्रतिशत वैदेशिक सहयोगबाट व्यवस्थापन भएको छ । साथै बिगत आठ वर्ष कुल वैदेशिक सहयोगमा अनुदान र ऋणको हिस्सा क्रमशः २० प्रतिशत र ८० प्रतिशत रहेको छ जुन अनुपात सङ्घीय संविधान अगाडि सम्म क्रमशः ६० प्रतिशत र ४० प्रतिशत रहेको थियो । त्यसैले पछिल्लो चरण वैदेशिक सहयोगमा ऋणको अनुपात उच्च हिसाबले बढेको छ । बिगत तीन दशकमा वैदेशिक अनुदान औसतमा जीडीपीको १.७ प्रतिशत रहेको छ । तर तीब्र रुपले बदलिँदै गएको भू-राजनीतिक अवस्था तथा सन् २०२६ मा नेपाल अति कम विकसित राष्ट्रबाट स्तरोन्नति भए सँगै वैदेशिक सहयोग परिचालनमा थप चुनौती थपिने छ ।

७९ विविध आर्थिक चुनौती बीच बिगत केही वर्ष देखि भएको अत्याधिक आप्रवासनले नेपालको कुल जनसंख्या घट्दै जाने बिशेष अवस्था ('डि-पपुलेशन') सिर्जना भएको छ | विदेशिने र जनसंख्या वृद्धि दरलाई आधार मान्दा गत तीन वर्षमा नेपालको कुल जनसंख्या औसतमा वर्षेनी ०.९२ प्रतिशत ले घटेको छ | डि-पपुलेशन बिकसित तथा धनी राष्ट्रमा स्वाभाविक भए पनि हाम्रो जस्तो गरिब मुलुकको लागि बिशेष अवस्था हो | डि-पपुलेशन सामना गरेको कुनै पनि मुलुकले बिगतको उच्च आर्थिक वृद्धि दर कायम राख्न सकेको उदाहरण छैन | दिगो आर्थिक वृद्धिको लागि सम्मानजनक जनसंख्या वृद्धि दर आवश्यक मानिन्छ |

८० गत तीन वर्षदेखि औसतमा दैनिक तीन सय विद्यार्थीले विदेश अध्ययनको लागि अनुमति पत्र लिएका छन्| यसरी बर्षेनी १२ कक्षा पास गर्ने कुल विद्यार्थी संख्याको ५५ प्रतिशतले सो अनुमति पत्र लिएका छन् | गत दुई वर्षदेखि ईन्धन आयात पछि सबै भन्दा धेरै विदेशी मुद्रा बाहिरिने कारण विदेश अध्ययन भएको छ | गत वर्ष औपचारिक माध्यमबाट १२५ अर्ब रुपैया बराबरको विदेशी मुद्रा बाहिरिएको छ जुन गत वर्षको कुल आयातको ७.९ प्रतिशत हो | यसको अलावा अनौपचारिक माध्यमबाट बाहिरिने विदेशी मुद्राको परिमाण पनि उल्लेख्य भएको आँकलन गर्न सकिन्छ | अध्ययनको लागि यो परिमाणमा युवा विदेशिने तथा विदेशी मुद्रा बाहिरिने प्रवृति अत्यन्तै गम्भीर तथा बिशिष्ट अवस्था हो | परिणाम स्वरुप देशका अधिकांश शैक्षिक संस्थाहरु विद्यार्थीको अभाबमा गम्भीर आर्थिक अवस्थामा पुगेका छन् |

८१ लामो समय देखि नेपालको अर्थतन्त्रमा उपभोगको लागि आयात गर्ने, रोजगारीको लागि विदेश जाने, र प्रतिफलको लागि जग्गामा लगानी गर्ने प्रवृति स्थापित भएको छ | यो प्रवृतिमा आमुल परिवर्तन नआएसम्म अर्थतन्त्र रुपान्तरण हुन सक्दैन | त्यसैले अर्थतन्त्र नै पुनर्संरचना गरेर चलायमान मात्र होइन दिगो रुपले उत्पादनशील र गतिशील बनाउन सोही अनुरुप स्रोत बिनियोजन गर्ने रणनीति अवलम्बन गर्नु पर्छ |

८२ अर्थतन्त्र न्यून आन्तरिक बचत, अधिक मूल्य स्तर र न्यून उत्पादकत्वको दुश्चक्रमा फसेको छ | एशियाका प्राय मुलुकका नागरिकले कमाइ अनुसार खर्च गर्छन् र उच्च आन्तरिक बचत गर्छन्, तर नेपालमा भने ऋण लिएर भए पनि आम्दानी भन्दा धेरै खर्च गर्ने प्रवृति हाबी छ | आय स्तर न्यून भए पनि उच्च मूल्य स्तरले न्यून आय सापेक्षिक श्रम लागतबाट प्राप्त हुने प्रतिस्पर्धात्मक क्षमतामा आँच पुगेको छ | वैदेशिक लगानी तथा नयाँ प्रबिधिको अभाबले अर्थतन्त्रको उत्पादकत्व क्षमता अत्यन्तै कमजोर छ | अर्थतन्त्रलाई उत्पादनशील र गतिशील बनाउन यी तीन वटै अवस्थामा उल्लेख्य सुधार हुन अपरिहार्य छ |

संरचनात्मक चुनौती

८३ आर्थिक वृद्धि दर र रोजगारी सिर्जना न्यून हुनुमा स्रोत विनियोजन कार्यकुशलता (एलोकेटिभ एफिसिएन्सि अफ इकोनोमी) को हिसाबले देश चुक्नु हो | देश भित्रै सम्मानजनक आर्थिक स्रोत परिचालन भए पनि लामो समय सम्म न्यून आर्थिक प्रतिफल दिने र न्यून उत्पादन तथा मूल्य अभिवृद्धि हुने क्षेत्रमा स्रोत बिनियोजन भएकोले समानुपातिक आर्थिक वृद्धि र रोजगारी सिर्जना हुन सकेको छैन | अधिकांश स्रोत उपभोग, आयात, जग्गाको वित्तीयकरणमा बिनियोजन भएको छ भने लगानीको लागि परिचालन भएको स्रोत चाँही न्यून मूल्य अभिवृद्धि तथा प्रतिफल दिने क्षेत्रमा बिनियोजन भएको छ | निजी क्षेत्रबाट हुने लगानी आयातमुखी ब्यापारमा केन्द्रित छ भने सरकारबाट हुने लगानी गैर-प्राथमिक र कम आर्थिक

प्रतिफल आउने क्षेत्र, कहिलै सम्पन्न नहुने वा ढिलो सम्पन्न हुने योजना, र वित्तीय हिसाबले असफल हुने क्षेत्रमा लगानी भएको छ | विप्रेषण, कर्जा, निजी क्षेत्रको लगानी, सरकारी खर्च, र वैदेशिक सहयोग हाम्रा प्रमुख वित्तीय स्रोत हुन् जुन अर्थतन्त्रका विभिन्न पात्र - व्यक्ति, परिवार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, सहकारी, राज्य, गैर-सरकारी संस्था र विदेशी संघ संस्थाले विविध प्रयोजनका लागि बिनियोजन गरेका हुन्छन् | स्रोत विनियोजन कार्यकुशलताको हिसाबले अर्थतन्त्रका यी सबै पात्रहरु आ-आफ्ना तहमा चुकेकोले संरचनात्मक सुधार मार्फत स्रोत बिनियोजन कार्यकुशलता अभिवृद्धि गर्न अबाञ्छनीय छ |

८४ लामो समय अर्थतन्त्र चलायमान भए पनि उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुन सकेन र सम्मानजनक आर्थिक वृद्धि र रोजगारी सिर्जना हुन सकेन | बिगत तीन दशकमा औसत वार्षिक आर्थिक वृद्धि दर केवल ४.५ प्रतिशत मात्र रहन गयो र रोजगारी सिर्जना हुन सकेन | तर प्रकोप पछिको पाँच वर्षमा औसत आर्थिक वृद्धि दर घटेर केवल २.८ प्रतिशत मा सिमित भएको छ भने बिगत तीन वर्षमा रोजगारी र अध्ययनको लागि विदेशिनेको संख्या उल्लेख्य बढेको छ | यो अवधिमा मुलुकले करिब दुई वर्षको आर्थिक उत्पादन गुमाएको छ | साढे चार प्रतिशतको दिर्घकालिन औसत आर्थिक वृद्धि दर हासिल गर्न पनि चुनौतिपूर्ण बन्दै गएको छ | तर ४.५ प्रतिशत को आर्थिक वृद्धि दरले नेपाल जस्तो निम्न मध्यम आय स्तरको मुलुक आर्थिक रुपले रुपान्तरण हुन सक्दैन र मध्यम आय स्तरको राष्ट्रमा स्तरोन्नत हुन कम्तीमा पनि ६ देखि ७ प्रतिशतको दिगो आर्थिक वृद्धि दर हासिल गर्नु पर्छ |

८५ प्रकोप अगाडिका तीन वर्ष उच्च आर्थिक वृद्धि दर हासिल भएको अवधि थियो | एक दशक लामो बिद्युत आपूर्तिको समस्या सम्बोधन, भुकम्प पछिको पुनर्निर्माण, नयाँ संविधान, पर्यटन आगमनमा वृद्धि जस्ता कारणले निजी क्षेत्रमा नयाँ उत्साह जागेकोले जलविद्युत, सिमेन्ट, फलाम र स्टिल उत्पादन, पर्यटन र कृषि जस्ता क्षेत्रमा अत्याधिक लगानी भएको थियो | साथै सरकारले पनि भुकम्प पछिको पुनर्निर्माण र अन्य पूर्वाधारमा उच्च खर्च गरेको थियो | यो चौधौं योजनाको अवधि थियो र नेपालको ईतिहासमा औसत ७.७५ प्रतिशत सहित आर्थिक वृद्धि दरको हिसाबले यो अवधि सबै भन्दा धेरै सफल रह्यो | पहिलो आर्थिक वर्ष २०७३/७४ अघिल्लो वर्ष भुकम्प र भारतीय नाकाबन्धीको कारणले घटेको आर्थिक वृद्धि दरको न्यून जगमा उच्च आर्थिक वृद्धि दर हासिल भए पनि त्यस पछिका दुई वर्ष उच्च लगानीको कारण उच्च आर्थिक वृद्धि दर हासिल भएको थियो | यो अवधिमा औसतमा कुल पुँजी निर्माण जीडीपीको ३९.४ प्रतिशत थियो जुन हाल सम्म कै सबै भन्दा धेरै हो | तर उच्च लगानी अनुरुप तत्कालै आय बढ्ने र अर्थतन्त्रमा माग सिर्जना हुने अवस्था थिएन | वास्तबमा लगातार तीन वर्षको उच्च लगानीले अर्थतन्त्र गर्माएर आ.व. २०७६/७७ मा लकडाउन अगाडिको पहिलो नौ महिना अर्थतन्त्र सुस्ताइसकेको थियो |

८६ सो अवधिमा उच्च लगानी, सरकारी खर्च र आर्थिक वृद्धिले बाह्य क्षेत्रमा चाप परेको थियो | आयात जीडीपीको औसत ३५प्रतिशत र निर्यात केवल २.४ प्रतिशत सहित ३२.६ प्रतिशत को उच्च ब्यापार घाटा रहेको थियो | साथै विप्रेषणको वृद्धि दर पनि घटेर चालु खाता घाटाको स्थिति गम्भीर बन्दै गएको थियो | कोभिड-१९ को प्रकोप नभएको भए विदेशी मुद्रा गणनाको आधारमा लगातार तीन वर्ष शोधानान्तर

घाटा हुने थियो र असीको दशकको पहिलो आधा अवधि जस्तै शोधानान्तर संकटको अवस्था दोहोरिन सक्थ्यो ।

८७ गत दुई वर्ष शोधनान्तर स्थितिमा देखिएको उल्लेख्य सुधार आन्तरिक उत्पादन वृद्धि मार्फत आयात घटेर भएको होइन, अर्थतन्त्रमा समग्र मागको वृद्धि दर घटेर र विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिले हो। अर्थतन्त्रको पुनर्संरचना बिना नै कर्जा वृद्धि र जग्गा कारोबार साम्यानिकरण भएर विगतमा जस्तै चलायमान हुने हो भने बाह्य क्षेत्रमा फेरी चाप पर्नेछ र अर्थतन्त्र संकट उन्मुख हुनेछ ।

८८ सामान्य अवस्थामा कुनै एउटा वर्ष आर्थिक वृद्धि दर बिशेष कारणले घट्दा आधार वर्षको असरले अर्को वर्ष उच्च आर्थिक वृद्धि दर हासिल हुँदा दिर्घकालीन औसत आर्थिक वृद्धि दर कायम हुन्थ्यो । तर प्रकोप पछी यो अवस्था देखिदैन । बिगत तीन दशकमा आयातमा परनिर्भर अर्थतन्त्रको रुपमा रुपान्तर हुँदा मुलुकले विविध संरचनात्मक चुनौतीहरु सामना गरिरहेको छ । उच्च आयातको कारण दुई वर्ष अगाडि बाह्य क्षेत्रमा देखिएको गम्भीर समस्या यही प्रवृति र संरचनाको प्रतिफल हो र यस्तो अर्थतन्त्र दिगो हुन सक्दैन । बिना निर्यात उच्च आर्थिक वृद्धि दर दिगो हुन सक्दैन । यी सबै परिदृश्यले हाम्रो चुनौतीहरु संरचनात्मक चुनौती हुन् भन्ने कुरा स्पष्ट रुपमा पुष्टि गरेको छ ।

अर्थतन्त्रमा देखिएको गम्भीर संरचनात्मक जोखिम

८९ न्यून आर्थिक वृद्धिको कारण नेपाल स्थायी रुपले निम्न माध्यम आय स्तरको पासो अर्थात "लोअर-मिडल-इन्कम ट्रयाप" मा फस्ने जोखिम बढेको छ । कोभिड-१९ प्रकोप अगाडि सम्मको दिर्घकालिन औसत आर्थिक वृद्धि दर ४.५प्रतिशत रहेकोमा बिगत पाँच वर्षमा औसत वृद्धि दर २.८ प्रतिशतमा घटेको छ । विविध संरचनात्मक चुनौतिका कारण दिर्घकालीन औसत आर्थिक वृद्धि दरमा फर्कन पनि कठिन भएको छ । नेपालको बिकासको स्तरको आधारमा ४.५ प्रतिशत को आर्थिक वृद्धि दरले पनि सम्बृद्ध हुन नसक्ने अवस्थामा तीन प्रतिशत भन्दा कमको वृद्धि दरले समग्र आर्थिक स्थिति समस्या तिर उन्मुख भइरहेको छ। आउँदो दुई दशकसम्म कम्तीमा पनि ६ देखि ७ प्रतिशतको औसत आर्थिक वृद्धि दर बिना नेपाल स्थायी रुपले निम्न मध्यम आय स्तरको पासोमा फस्ने जोखिम छ । सो आर्थिक वृद्धि दर हासिल गर्न र दिगो बनाउन दोस्रो चरणको संरचनात्मक सुधार मार्फत अर्थतन्त्रको संरचनामा आमुल परिवर्तन गर्नुको बिकल्प छैन ।

९० युबा पलायनको प्रकृति र प्रवृति बाध्यताबाट रहरमा परिणत हुँदै गर्दा मुलुक क्रमिक रुपले बृद्धाश्रममा परिणत हुने गम्भीर जोखिम सिर्जना भएको छ । रोजगारीको लागि दैनिक करिब २२ सय युवा विदेशिएका छन् भने तीन सय बिद्यार्थी शिक्षाको लागि विदेशिएका छन् । नेपालका करिब एक दर्जन गाउँ पालिकाको जनसंख्या पच्चीस सय भन्दा थोरै भएको अवस्थामा यसरी रोज एउटा गाउँपालिका रित्तिदैं गएको छ । गत तीन वर्षमा मात्र २४.७ लाख भन्दा धेरै युवाले देश छोडेका छन् । करिब तीन करोड जनसंख्या भएको मुलुकमा गत तीन वर्षमा कुल जनसंख्याको ८.३ प्रतिशत युवाले देश छोड्नु असामान्य अवस्था हो । बृहत संकट र युद्ध जस्ता बिशेष अवस्थामा बाहेक यो गतिमा युबा पलायन हुनु सामान्य अवस्था होइन । पैसा र रोजगारीको लागि ज्यान दाउमा राखेर रसिया-युक्रेन जस्तो अन्य देश बीचको युद्धमा

समेत होमिन पछि नहट्ने प्रवृतिले नैराश्यताको कारुणिक अवस्था चित्रण गरेको छ | यसरी अत्याधिक आप्रवासनले गरिब छँदै नेपाल जनसंख्या घट्ने (डिपपुलेशन) विशिष्ट किसिमको गम्भीर चपेटामा परेको छ |

९१ देश धनी नहुदै जनसांख्यिक लाभ गुमाउने अवस्था सिर्जना भएको छ | २०७८ को जनगणना अनुसार नेपालको मध्यम उमेर अर्थात "मेडियन एज" २६ वर्ष छ जुन छिमेकी राष्ट्र बंगलादेश (२७.९ वर्ष) र भारतको (२८.४ वर्ष) को दाँजोमा कम हो | नेपाल जनसांख्यिक हिसाबले युवा राष्ट्र हो | सैद्धान्तिक हिसाबले जनसांख्यिक लाभको अवधि सम्भवतः अर्को ५० वर्ष भए पनि युवा पलायन र डि-पपुलेशन जस्ता गम्भीर प्रवृतिलाई आधार मान्ने हो भने सो अवधि संकुचित हुनेछ | अघिल्ला हरेक जनगणनामा दुई वर्षले बढ्दै गएको मध्यम उमेर गत दश वर्षमा भने करिब चार वर्षले बढेको छ | बृद्धको संख्या पनि बढेर करिब ७ प्रतिशत पुगेको छ जसले नेपाल बुढ्यौली समाज तिर उन्मुख भएको जनाउँछ | स्वदेशमै उद्यम र रोजगारीको अवसर सिर्जना गरेर उच्च तथा दिगो आर्थिक वृद्धि हासिल नगर्ने र युवा पलायन नरोक्ने हो भने मुलुक जनसांख्यिक लाभको अवस्थाबाट जनसांख्यिक संकट तिर मोडिने जोखिम बढ्ने छ |

९२ बिगत दुई वर्षदेखि न्यून कर्जा वृद्धि दरले वित्तीय क्षेत्र दवाबमा परेको छ र यो अवस्था तत्कालै सुध्रने अवस्था छैन | अधिक तरलता र व्याजदर कम हुँदा पनि कर्जाको माग छैन | तीन दशक लगातार औसत २० प्रतिशत ले वृद्धि भएको निजी क्षेत्रको बेकिङ् कर्जा बिगत दुई वर्ष केवल औसत ५.३ प्रतिशत ले मात्र वृद्धि भएको छ | बिगतमा उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्न भन्दा आयात र जग्गा कारोबार बढाउन बेकिङ् क्षेत्र मार्फत वित्तीय स्रोत परिचालन भएको थियो | त्यसैले खराब कर्जाको अवस्था गम्भीर बन्दै गएको छ | खराब कर्जाको कारण पुँजी पर्याप्तता पनि खस्कदै गएको छ | ऐतिहासिक रुपले नै बेकिङ् क्षेत्रको नाफा कम भएको र भबिष्यमा पनि बिगतमा जस्तो उच्च प्रतिफल दिन नसक्ने अवस्थाको कारण हकप्रद सेयर मार्फत पुँजी वृद्धि गर्न सकिने अवस्था पनि अत्यन्तै न्यून छ| मुद्रा प्रदाय लगायत बैंकिङ् क्षेत्रको निक्षेप र कुल कर्जा अर्थतन्त्रको आकार भन्दा ठुलो भैसकेको र खराब कर्जा बढ्दै जाँदा वित्तीय अस्थिरता सँगै समग्र आर्थिक अस्थिरताको स्थिति आउन सक्ने जोखिम बढेको छ | सहकारीको अवस्था अत्यन्तै गम्भीर बनेर बचतकर्ताले आफ्नै बचत पनि फिर्ता पाएका छैनन्| देशको आय स्तर र समकक्षिको अनुपातमा नेपाली समाज र निजी क्षेत्र उच्च कर्जाको गम्भीर अवस्थामा फसेको छ |

९३ अर्थतन्त्रले प्रतिस्पर्धी क्षमता गुमाएको र मुलुक बर्षेनी थप परनिर्भर हुदै गएकोले बाह्य क्षेत्रमा आउने अस्थिरताको कारण समग्र अर्थतन्त्र नै आर्थिक संकट (म्याक्रो इकोनोमिक इन्स्टाबिलिटी) तर्फ उन्मुख हुने जोखिम बढेको छ | आधारभूत कृषिजन्य उत्पादनमा पनि अत्याधिक परनिर्भर भएको गम्भीर अवस्था छ | कोभिड-१९ प्रकोप अगाडिको तीन वर्ष देखि नै विप्रेषण आप्रवाहले व्यापार घाटा थेग्न नसकेर बाह्य क्षेत्रमा दबाब परेको थियो | तर प्रकोपको कारण आयात उल्लेख्य घटेको र विप्रेषण आप्रवाह अनुमान गरे बमोजिम नघटेकोले बाह्य क्षेत्रको समस्या दुई वर्ष पछि धकेलिएको थियो | प्रकोप पछि अर्थतन्त्र

लयमा फर्कने क्रममा अत्याधिक चालु खाता, ब्यापार र शोधानान्तर घाटाले बाह्य क्षेत्र दबाबमा परेर अर्थतन्त्र संकट उन्मुख भएको रुपमा चित्रण भएको थियो | तर गत दुई वर्षदेखि भने एकातिर आयात उल्लेख्य घटेको र अर्को तिर विप्रेषण आप्रवाह उल्लेख्य बढेकोले शोधानान्तर स्थितिमा उल्लेख्य सुधार आएर बाह्य क्षेत्र मजबुत भएको छ| आन्तरिक उत्पादकत्व र उत्पादन बढेर आयात घटेको चाँही होइन| कर्जा प्रवाह र जग्गा कारोबारमा आएको उच्च सुस्तताको कारण समग्र मागमा आएको संकुचनले आयात घटेको हो | त्यसैले बाह्य क्षेत्रको अहिलेको मजबुत अवस्था क्षणिक हो | कर्जा प्रवाह र जग्गा कारोबार लयमा फर्केर अर्थतन्त्र चलायमान हुने बित्तिकै बाह्य क्षेत्रमा दबाब परेर समस्त अर्थतन्त्र आर्थिक अस्थिरता तिर उन्मुख हुने जोखिम यथावत रहेको छ |

९४ अर्थतन्त्रमा आएको शिथिलताको सन्दर्भमा नेपालको निजी क्षेत्रले एक वर्ष अघिदेखि परिवर्तनकारी आर्थिक सुधारका कार्यक्रम ल्याउन नेपाल सरकारलाई आग्रह गरिरहेको थियो। अर्थतन्त्रमा तत्काल गतिशीलता ल्याउन मात्र होइन, विद्यमान संरचनात्मक समस्याहरूलाई समेत सम्वोधन गर्ने गरी समग्र पक्षको विश्लेषण गरेर दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने ध्येयका साथ बृहत् आर्थिक सुधारको कार्यक्रम तर्जुमा गरी लागू गर्न पर्छ भन्ने निजी क्षेत्रको माग थियो।

परिच्छेद ३

विगतका आर्थिक सुधारका प्रयास र उपलब्धि

आर्थिक सुधारको प्रारम्भिक चरण

१ **औद्योगिक र पुँजी बजारको प्रारम्भिक विकास विक्रम सम्वत् १९९० को दशकमा भयो**। नेपालमा आर्थिक सुधारको प्रारम्भिक काम सम्वत् १९९३ सालतिर भएको पाइन्छ। त्यो साल कम्पनी ऐन र बैंक सम्बन्धी ऐनहरू जारी भए। १९९४ सालमा पहिलो वाणिज्य बैंकको रूपमा नेपाल बैंक लिमिटेड खुल्यो। लगत्तै निजी क्षेत्रको सहभागितामा चिनी, सुति कपडा, जुट मिल, साबुन, तेल र प्लाईवुड कारखानाहरू खुले। सार्वजनिक शेयर निष्कासन गर्न खुला गरियो। दोस्रो विश्वयुद्धको समयमा मनग्य उत्पादन र व्यापार गर्न सफल भएको विराटनगर जुट मिलले १९९६ सालतिर ११० प्रतिशत लाभांश वितरण गरेकोले मानिसहरू कम्पनीको शेयर लगानीमा आकर्षित भए। "नयाँ कम्पनीमा शेयर खुल्ने अरे भन्ने सुइँको पाउनासाथ नेपालीहरू तिरताल परेको जुवाको खालमा च्याँखे थाप्न तँछाड-मछाड गरेझैं १९९८/९९ सालतिर हारालुछ गर्दथे"[२]।

२ **राणाकालीन आर्थिक सुधारको दायरा फराकिलो थियो**। कानुनी सुधारका अतिरिक्त राणाकालको पछिल्लो समयमा आर्थिक गतिविधि विस्तार गर्न भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति विकासमा तत्कालीन सरकारको ध्यान गएको देखिन्छ। प्राविधिक जनशक्ति विकास गर्न सरकारी खर्चमा विदेश अध्ययन गर्न पठाउन थालियो। केही युवा अध्ययनार्थ जापान पठाइए। अन्न र निवास पछि कपडा र नुन जीवनका आधारभूत आवश्यकता गनिएका हुँदा सरकारले कपडा र नुन उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरियो। परिणामस्वरूप निजी अग्रसरतामा कपडा बुन्ने उद्योगहरू खुले।

३ **सार्वजनिक वित्तलाई पारदर्शी बनाउने काम प्रजातन्त्र प्राप्ति पछि मात्र भयो**। २००८ साल माघमा तत्कालिन अर्थ मन्त्री सुवर्ण शमशेरले प्रस्तुत गरेको बजेटमा उल्लेख गरेका छन्, "अरू देशहरूमा झैं नवीन प्रणालीमा स्याहासेस्ता गर्ने र बजेट एस्टिमेट तयार गर्ने प्रथा हाम्रो मुलुकमा थिएन। कच्चा नछोड्नु; जम्मा नजोड्नु भन्ने निर्देश सबैलाई विदितै छ।"३

४ **२००८ सालदेखि मुलुकले मिश्रित अर्थतन्त्रको अवधारणा अवलम्बन गर्यो**। २००८ सालको बजेटले आर्थिक नीतिको स्वरूप परिभाषित गर्दै "हाम्रो कार्यक्रम कुनै वादको आर्थिक विचारबाट प्रभावित नभई विल्कुल थोरै समयमा ज्यादामा ज्यादा फायदा दिने वास्तविक नीतिको आधारमा रचिनेछ। गम्भीरतापूर्वक विचार गरेर सरकारले मिश्रित आर्थिक प्रणाली अपनाउने नीति लिएको छ। कुनै व्यक्ति वा वर्गबाट अर्काको शोषण रोक्ने साराका निमित्त समान अवसर प्रदान गर्ने र धनको न्यायसंगत वितरण गर्ने सरकारको निर्धारित नीति छ तापनि निजी उद्योग र व्यापारका निम्ति समेत प्रशस्त गुन्जाइस रहनेछ" भन्ने उल्लेख

[2] सर्दार भीम बहादुर पांडे, त्यस बखतको नेपाल–राणाकालीन आखिरी तीन दशक, पेज १०३

[3] नेपाल गजेटमा २००८ साल माघ ८ गते प्रकाशित २००८ सालको बजेट-वक्तव्य

गरेको छ। २००८ सालमा प्रारम्भ गरिएको मिश्रित अर्थ प्रणालीको अवधारणाले २०४२ सालमा गरिएको सामान्य उदारीकरण बाहेक चालीस वर्षसम्म निरन्तरता पायो। आर्थिक वर्ष २०४१/४२ मा बिग्रन गएको शोधनान्तर स्थितिका कारण सरकारले विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोग लियो। जसको सहयोगमा प्रारम्भ गरिएको "संरचनात्मक समायोजन कार्यक्रम" अन्तर्गत अन्तर्राष्ट्रिय व्यापारलाई केही उदार बनाइयो भने वित्तीय क्षेत्रमा वाणिज्य बैंक ऐन, २०३१ मा संशोधन गरेर निजी क्षेत्र र विदेशी बैंकको संयुक्त स्वामित्वमा वाणिज्य बैंक खोल्न पाइने व्यवस्था गरियो। यसै गरी वित्त कम्पनी ऐन, २०४२ जारी गरेर उपभोक्ता तथा हायर-पर्चेज कर्जा प्रदान गर्ने वित्तीय संस्थाहरू निजी स्वामित्वमा खुल्न सक्ने गराइयो। यी दुवै ऐनहरू अहिले अस्तित्वमा छैनन्, बैंक तथा वित्तीय संस्था ऐन, २०६३ जारी भए पछि यी ऐन खारेज भए। बैंकिंङ प्रणालीमा संस्थागत सुधारका साथै पहिलो पटक आंशिक रूपमा व्याजदर बजारलाई छोडियो। व्याजदर नेपाल राष्ट्र बैंकले तोके पनि निर्धारित व्याजदरमा १५० आधार-विन्दु सम्म थप गरेर वाणिज्य बैंकहरूले निक्षेप संकलन गर्न सक्ने व्यवस्था गरिएको थियो।

५ **२००८ साल पछिको चालीस वर्षमा सम्पत्ति र आयको समतामूलक वितरण, क्षेत्रीय विकास, आधारभूत पूर्वाधार तथा संस्थागत विकास र मानवस्रोत विकासका लागि उल्लेख्य सुधारका काम भए**। २००८ सालको बजेटमा उल्लेख गरिएको नेपालको आफ्नै मुद्रा प्रचलनमा ल्याउने र केन्द्रीय बैंक खोल्ने काम २०१३ साल सम्ममा सम्पन्न भयो। २०१५ सालको आमनिर्वाचनबाट बनेको सरकारको पालामा ग्रामीण विकासका लक्षित कार्यक्रमहरू प्रारम्भ गरिए, विद्यालय शिक्षा विस्तारमा उल्लेख्य काम भयो। पहिलो विश्वविद्यालय २०१६ सालमा खडा गरियो। औद्योगिक विकासका लागि आयोजनाको अध्ययन र वित्तीय प्रबन्ध गर्न २०१६ सालमै नेपाल औद्योगिक विकास निगम लिमिटेड स्थापना गरियो। बालाजु औद्योगिक क्षेत्र २०१६ सालमा सुरु गरियो। २०१६ सालमा बिर्ता उन्मूलन गरियो।

६ सरकारको राजस्वको प्रमुख स्रोत भूमिकर रहेकोले भूस्वामित्वको अभिलेखीकरणमा २००८ साल अघिदेखि नै विभिन्न सुधार गरिएका थिए। जग्गा प्रशासनका लागि १९५३ सालमा माल अड्डा स्थापना गरिएको थियो। आम्दानीको सम्भावना अनुसार करका दरहरू तोक्न १९६० सालमा जग्गाको वर्गीकरण अबल दोयम। सीम र चाहार गरी चार वर्गमा बाँड्न सुरु गरियो। त्यसको चार वर्ष पछि सर्पट नापी गरी वर्ग अनुसारको तिरो लगाउन सुरु भयो। १९७९ सालको बैसाख १ गतेदेखि माल अड्डामा घरजग्गाको रजिष्ट्रेसन पारित गर्ने काम प्रारम्भ भयो। त्यसको लगत्तै १९८० सालदेखि कित्ता नापी गरी नक्साको आधारमा जग्गाको लगत राख्ने काम प्रारम्भ भयो जसलाई पछि १९९६ सालमा खडा गरिएको नापी गोश्वाराले सस्थागत रूपमा कार्यान्वयन गर्न सुरु गर्यो। जग्गा प्रशासनमा सुधारको मूल उद्देश्य त्यसबेला सरकारको राजस्वको स्रोत सबल गराउन लक्षित थियो।

७ जग्गा प्रशासनको अर्को महत्वपूर्ण पक्ष असमान भूस्वामित्वका कारण सिर्जित आर्थिक असमानता कम गर्न आवश्यक सुधार २००८ साल अघि त्यति ध्यान पुर्याएको पाइँदैन। २००८ सालको राजनीतिक परिवर्तन लगत्तै असमान भूस्वामित्व व्यवस्थापन गर्न प्रयत्न सुरु गरेको देखिन्छ। २००८ सालमा भूमी जाँच कमिशन गठन भयो र भुमीदारी अधिकार प्राप्तिको कानून मस्यौदा गरियो। बिर्ता उन्मूलनका लागि

२००८ सालमै विर्ता खारेजी बन्दोबस्त अड्डा खडा गरियो। २०१४ सालमा मोहीको हक संरक्षण गर्न भूमिसुधार ऐन, २०१४ जारी भयो। तर भूमिसुधार सम्बन्धी प्रभावकारी सुधार भने भूमि सम्बन्धी ऐन, २०२१ जारी भए पछि मात्र भएको पाइन्छ।

२०४८ सालपछिको आर्थिक सुधार

८ २०४६ सालको राजनीतिक परिवर्तन पछि बनेको अन्तरिम सरकारले मूलभूत रूपमा आर्थिक गतिविधि सञ्चालनमा सरकारको नेतृत्व रहने भए पनि "नयाँ उदार र स्वतन्त्र वातावरण अनुकूल हाम्रो सम्पूर्ण आर्थिक गतिविधि खास गरी उद्योग व्यापार क्षेत्रको क्रियाकलापहरूमा स्पष्टता र खुलापन हुनुपर्छ" भन्ने दृष्टिकोण लियो। सरकारको प्राथमिक कार्यभार नयाँ संविधान तर्जुमा र आमनिर्वाचन भए पनि सार्वजनिक वित्त र राजस्व नीतिमा सुधार गर्न त्यस अवधिमा काम भएको थियो। राष्ट्रिय बचत परिचालन गरी उत्पादनशील गतिविधिमा परिचालन गर्न नागरिक लगानी कोषको प्रारम्भ त्यही समयमा भयो।

९ **राजनीतिक परिवर्तन पछि बनेको पहिलो सरकारले वृहत् आर्थिक सुधार गर्यो**। नयाँ संविधान निर्माण पछि बनेको सरकारले द्रुत गतिमा सबै क्षेत्रमा दूरगामी प्रभाव पर्ने खालका सुधारहरू कार्यान्वयन गर्यो। सार्वजनिक प्रशासनमा सुधार गर्न प्रशासन सुधार आयोग गठन गरेर त्यसका सुझावका आधारमा प्रशासनिक संयन्त्र र कार्यविधिमा सुधार गरिए। २०४८ साल देखि २०५१ सालको अवधिमा आर्थिक क्षेत्रमा धेरै सुधारहरू कार्यान्वयन गरिए। यी सुधारको अन्तर्य मुलुकले त्यसबेला सम्म अवलम्बन गरी आएको मिश्रित अर्थव्यवस्थाको विसर्जन र उदार, बजारमुखी अर्थव्यवस्थाको प्रारम्भ थियो। अन्तर्राष्ट्रिय व्यापार लाई खुला गरियो। अनुमति प्रणालीमा आधारित आयातको व्यवस्था हट्यो। निजी क्षेत्रलाई लगानीका लागि खुला नरहेका क्षेत्रहरू, हवाईसेवा, आमसञ्चार, जलविद्युत विकास, बीमा, बैंकिङ, आदिमा निजी क्षेत्रको प्रवेश सहज बनाइयो। व्याजदर र विदेशी विनिमय दर खुला बजारलाई छोडियो। सार्वजनिक लगानी मानव सम्पत्ति निर्माण गर्न, ग्रामीण विकास, पूर्वाधार विकासमा लगाउने र बजारले गर्न सक्ने काम बजारलाई छोड्ने नीति अनुरूप सरकारी स्वामित्वका संस्थान निजीकरण गर्न सुरु गरियो र मूल्य अनुदान घटाउँदै लगियो। वैदेशिक लगानीलाई सीमित क्षेत्रमा बाहेक धेरै उद्योग व्यवसायका लागि खुला गरियो। सार्वजनिक खर्चको विनियोजनमा गरिएको परिवर्तनका कारण स्वास्थ्य, शिक्षा, ग्रामीण विकास, सामाजिक सुरक्षा जस्ता काममा सरकारी खर्च वृद्धि गर्ने सामर्थ्य निर्माण भयो।

१० त्यस अवधिमा गरिएका सुधारले गर्दा बैंक तथा वित्तीय क्षेत्र, उत्पादनशील उद्योग, पर्यटन, आम-सञ्चार व्यवसाय, मनोरञ्जन उद्योगमा बढोत्तरी भयो, जसले गर्दा २०४८ साल पछिका पाँच वर्ष आर्थिक वृद्धि दर उच्च रहन गयो। निर्यात बढ्यो र व्यापार घाटा घट्यो। जलविद्युत विकासका लागि गरिएको सुधारका कारण अहिले निजी क्षेत्रले उत्पादन गर्ने ऊर्जाको परिमाणले कुल राष्ट्रिय उत्पादनको ठूलो हिस्सा ओगट्छ।

११ **आर्थिक सुधारको क्रम निरन्तर चलिरहेको छ**। विगत ३० वर्षको अवधिमा २०४८ सालको जस्तो समग्र प्रणालीगत सुधार नभए पनि क्षेत्रगत रूपमा आर्थिक सुधारका कामहरू प्रत्येक सरकारको पालामा भएका

छन्। राजनीतिक अस्थिरता, द्वन्द्व, लामो राजनीतिक संक्रमणबीच पनि विभिन्न क्षेत्रमा परिणाममुखी आर्थिक सुधारहरू गरिएका छन्।

१२ **सार्वजनिक वित्त व्यवस्थापनमा उल्लेख्य सुधारका काम यस बीच भएका छन्।** कतिपय सुधार जारी छन्। एउटा सामान्य नियमावलीले चलेको सार्वजनिक वित्त व्यवस्थापनका लागि अहिले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन कार्वान्वयनमा छ। २०५४ सालसम्म पनि संचित कोषको यथार्थ हिसाब तयार हुन नसक्ने, सरकारको एकीकृत आर्थिक विवरण समयमा तयार नहुने मात्र होइन, यथार्थपरक हो होइन छुट्याउन नसकिने अवस्थामा क्रमिक रूपमा सुधार गर्दै अहिले प्रत्येक दिनको राजस्व आम्दानी र खर्चको विवरण सार्वजनिक गर्न महालेखा नियन्त्रक कार्यालय सक्षम भएको छ। एकल कोष खाताको पूर्ण प्रयोगबाट नेपाल सरकारको नगद नियन्त्रण भरपर्दो भएको छ। आन्तरिक लेखा परीक्षणको क्षमता विस्तार र प्रभावकारितामा उल्लेखनीय प्रगति भएको छ। सरकारको राजस्व संकलन र खर्चको भुक्तानीका लागि विद्युतीय भुक्तानीको प्रयोग बढेको छ र आर्थिक वर्ष सकिएको महिनौंसम्म भुक्तानी बाँकी चेकका कारण नेपाल राष्ट्र बैंकले देखाउने हिसाब र महालेखा नियन्त्रक कार्यालयले देखाउने हिसाबमा फरक पर्ने समस्या पुरै हल भएको छ। महालेखा नियन्त्रक कार्यालयले गैर-बजेटरी इकाई र तल्लो तहका सरकारहरूको वितीय विवरण एकीकृत गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ मा आधारित भई समष्टिगत वित्तीय विवरण प्रकाशन गर्ने सामर्थ्य विकास गरेको छ। सार्वजनिक वित्त व्यवस्थापनमा सुधारका लागि नेपाल सरकारले आवधिक सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ।

१३ **सार्वजनिक सम्पत्तिको अभिलेख दुरुस्त राख्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (प्याम्स) सञ्चालनमा आउन थालेको छ।** महालेखा नियन्त्रक कार्यालयले प्रकाशन गरेको पछिल्लो तथ्याङ्क बमोजिम आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा सङ्घीय सरकार, गैर-बजेटरी निकायहरू र तल्लो तहका सरकारहरूको गरी १७० अर्ब ८४ करोड ९ लाखको जिन्सी तथा सम्पत्ति रहेको देखिएको छ[४]।

१४ **सार्वजनिक ऋण व्यवस्थापनका लागि संस्थागत, कानुनी र प्रक्रियागत सुधार गरिएका छन्।** नेपाल राष्ट्र बैंकले नेपाल सरकारको तर्फबाट आन्तरिक ऋणका उपकरणहरू बजारमा जारी गर्ने र आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी अन्य कामहरू गर्दै आएको थियो। ऋणको लेखाङ्कन र प्रतिवेदन महालेखा लेखा कार्यालयबाट हुने गर्थ्यो। ऋण व्यवस्थापन विशिष्ट प्रकृतिको काम भएकोले २०७९ सालमा सार्वजनिक ऋण व्यवस्थापनका लागि अर्थ मन्त्रालय अन्तर्गत विशिष्टीकृत निकायका रूपमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना गरियो। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ जारी भए पछि यो कार्यालयले नेपाल राष्ट्र बैंकले गरिआएको ऋणपत्र जारी गर्ने काम २०८० चैतदेखि प्रारम्भ गरेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले त्रिवर्षीय मध्यमकालीन ऋण व्यवस्थापन रणनीति तर्जुमा गरी कार्यान्वयन गरेको छ, जसको मूल ध्येय न्यूनतम सम्भाव्य लागत र विवेकसम्मत जोखिम बहन गर्न आवश्यक पर्ने सुधारहरू पहिचान र कार्यान्वयन गर्नु रहेको छ।

[4] आर्थिक वर्ष २०८०/८१ को एकीकृत आर्थिक विवरण, महालेखा नियन्त्रक कार्यालय, २०८१

१५ **सार्वजनिक खरीदमा २०६३ साल पछि मात्र उल्लेख्य सुधार भयो।** सार्वजनिक खरीद ऐन, २०६३ जारी भए पछि सार्वजनिक खरीदमा सुधारका लागि कानुनी प्रबन्ध मात्र होइन, कार्यविधि र खरीदको प्रकृति अनुसारका मानक बोलपत्र दस्तावेजहरू तयार भएका छन्। सार्वजनिक खरीदको अनुगमन गर्न, खरीद कार्यमा सुशासन कायम गर्न र खरीद सम्बन्धी कार्यमा परामर्श उपलब्ध गराउन सार्वजनिक खरीद अनुगमन कार्यालयको स्थापना भएको छ। यो कार्यालयले सबै सार्वजनिक निकायले प्रयोग गर्नु पर्ने गरी राष्ट्रिय विद्युतीय सरकारी खरीद प्रणाली (इ-जीपी) सञ्चालनमा ल्याएको छ। यो प्रणाली सञ्चालनमा आएपछि बोलपत्र पेस गर्ने बेलामा देखिने गरेको विकृति पुरै अन्त्य भएको छ। पछिल्लो कालखण्डमा भएको यो महत्वपूर्ण सुधार हो।

१६ **२०५४ साल पछि राजस्व नीति र प्रशासनमा ठूला सुधारहरू भए।** २०५२ सालमा बिक्री कर, होटेल कर, ठेक्का कर र मनोरंजन कर ऐनहरू खारेज गरेर वस्तु वा सेवाको व्यापारिक कारोबारको प्रत्येक चरणमा हुने मुल्य अभिवृद्धिको अंशमा मात्र कर लाग्ने गरी मूल्य अभिवृद्धि कर ऐन २०५२ जारी भयो। अप्रत्यक्ष कर नीतिमा यो ठूलो सुधार थियो। २०१९ सालको भन्सार ऐनमा छिटपुट सुधार सहित चलेको भन्सार प्रशासनलाई आधुनिकीकरण गर्न २०६४ सालमा नयाँ भन्सार ऐन जारी गरियो। भन्सार मूल्याङ्कनमा विवाद कम गर्न यो नयाँ ऐनले भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (ग्याट) का सिद्धान्त अवलम्बन गर्यो। अप्रत्यक्ष करको महत्वपूर्ण हिस्सा ओगटने अन्तःशुल्क प्रशासन गर्ने २०१५ सालको ऐनमा व्यापक परिवर्तन गरेर नयाँ अन्तशुल्क ऐन, २०५८ जारी गरियो।

१७ **अप्रत्यक्ष कर ऐनहरूमा व्यापक परिवर्तनका साथै कम्प्युटर प्रविधि र विद्युतीय भुक्तानीको प्रयोग बढाएर करदाताको कर परिपालना लागत घटाएको मात्र होइन कर कुशलता पनि वृद्धि भएको छ।** मूल्य अभिवृद्धि कर विवरण अनलाइन दाखिला गर्न र विद्युतीय-भुक्तानी गर्न सक्ने बनाइएको छ। मूल्य अभिवृद्धि कर परिपालना वृद्धि गर्न अन्तःशुल्क इजाजतपत्र स्वयम् नवीकरण गर्न पाउने विद्युतीय प्रणाली सञ्चालनमा आएको छ। भन्सार प्रशासनलाई सुधार गर्न चरणबद्ध रूपमा भन्सार सुधार तथा आधुनिकिकरण योजना सञ्चालनमा छ। २०६० सालदेखि प्रारम्भ गरिएको भन्सार सुधारको पाँचौं चरणको सुधार अहिले कार्यान्वयनमा छ। नेपाल भन्सार स्वचालन प्रणाली (नेकास) सबै भन्सार कार्यालयहरूमा विस्तार हुने क्रममा छ।

१८ **आयकर ऐनमा २०५८ सालमा ठूलो परिवर्तन गरियो।** यो परिवर्तनले कर अधिकृतमा रहेको असीमित अधिकार भन्दा करदाताको स्वयम् परिपालनाबाट बढी कर असुली हुन सक्छ भन्ने मान्यता लियो। स्वयम् कर निर्धारण प्रणाली र कमाउँदा कै बखत कर भुक्तानी यसको अर्को विशेषता हो। यसै गरी यो ऐनले विश्वव्यापी आम्दानीमा कर लाग्ने स्पष्ट गर्यो। विभिन्न ऐनले आयकर छुट वा आयकर सम्बन्धमा गरेको अन्यथा व्यवस्थालाई एकमुस्ट खारेज गरेर आयकर सम्बन्धी विषय आयकर ऐनले मात्र सञ्चालन गर्ने दृष्टिको यो ऐनको छ। यस क्रममा कर्मचारी सञ्चय कोष ऐन, नेपाल पेट्रोलियम ऐन, निवृत कोष ऐन लगायत १४ वटा विभिन्न ऐनमा रहेका आयकर सम्बन्धी प्रावधानहरू यो ऐनले खारेज गरेको छ। विभिन्न छुटहरूको प्रावधानले कर प्रशासन जटिल हुने मात्र होइन करदातालाई पनि स्वैच्छिक कर परिपालना

गर्न असहज हुने भएकाले छुटहरूलाई यो ऐनले कम गरेको छ। कर परीक्षणका विकृति अन्त्य गर्ने दृष्टिकोणले विद्युतीय-कर निर्धारण (इ-एसेसमेन्ट) लागू हुँदै छ।

१९ **बैंक तथा वित्तीय क्षेत्रको विकास र नियमनमा २०५८ साल पछि व्यापक सुधारहरू भएको छ।** पूर्ण सरकारी स्वामित्वका राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक वित्तीय समस्यामा परेका थिए। नेपाल औद्योगिक विकास निगम टाट पल्टिने अवस्थामा पुगेको थियो। नेपाल बैंक लिमिटेडको हालत पनि कमजोर थियो। २०५९ सालमा राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको वित्तीय व्यवस्थापन सुधार्न विदेशी कम्पनी/व्यक्तिलाई व्यवस्थापन करारमा दिएर मात्र सम्भव हुने देखेर नेपाल राष्ट्र बैंकले यी दुई बैंकको जिम्मा लिएर व्यवस्थापन करारमा दियो। वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत बैंकको नियमन व्यवस्थालाई प्रभावकारी बनाउँन कृषि विकास बैंक ऐन २०२४, वाणिज्य बैंक ऐन, २०३१। वित्त कम्पनी ऐन, २०४२, नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ र विकास बैंक ऐन, २०५२ खारेज गरेर सबै बैंक तथा वित्तीय संस्थाको सुशासनका लागि बैंक तथा वित्तीय संस्था ऐन, २०६३ जारी भयो। त्यस अघि २०५८ सालमा नेपाल राष्ट्र बैंक ऐन, २०१२ र मुद्रा ऐन, २०४० लाई खारेज गरेर नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी भएको थियो। यी कानुनी सुधार पछि बैंक तथा वित्तीय संस्थाहरूको नियमन मात्र नभएर भुक्तानी, क्लियारिङ् र सेटलमेन्टमा व्यापक सुधार आएको छ।

२० **पुँजी बजार विकासको प्रारम्भिक काम २०४८ सालको सुधारका बेला भएका थिए भने पुँजीबजारको नियम र कार्यकुशलता वृद्धि गर्न कानुनी तथा संस्थागत सुधारका काम २०६२/६३ पछि भयो।** धितोपत्र बोर्ड २०५० सालमा खडा भए पनि नियमनका कानून पर्याप्त थिएन। धितोपत्र सम्बन्धी ऐन २०६३ मा जारि भयो। त्यस पछि धितोपत्र बजारमा सुधारका लागि काम भए। २०६७ सालदेखि धितोपत्रको अभौतिकिकरण गर्ने कम प्रारम्भ भयो र त्यस सम्बन्धी नविन संस्थाहरू खडा गरिए। धितोपत्र बजारको कारोबार विद्युतीय माध्यमबाट हुन थाल्यो। धितोपत्र बोर्डले प्राइभेट इक्विटी, भेन्चर क्यापिटल, हेज फण्ड जस्ता विशिष्टीकृत लगानी कोष, सामूहिक कोष जस्ता निकायहरू प्रवर्द्धन र सञ्चालन गर्न नियमन सहितको सहजकारी नीतिहरू कार्यान्वयनमा ल्याएको छ। धितोपत्र बोर्ड अहिले बढीमा रु. २५ करोड चुक्ता पुँजी भएका साना तथा मझौला संगठित संस्थालाई धितोपत्र बजार प्रयोग गरेर पुँजी जुटाउन सहज तुल्याउने विधि संस्थागत गर्ने तयारीमा रहेको छ।

२१ **लेखा परीक्षणमा सुधारका लागि विगत दुई दशकदेखि महालेखा परीक्षक कार्यालयले रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।** क्रमिक रूपमा सुधार गर्ने क्रममा २०७८ साल कात्तिक देखि महालेखा परीक्षकले विद्युतीय मध्यमबाट सबै सरकारी कार्यालयहरूले आफ्नो वित्तीय विवरण लेखा परीक्षणको लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मा अपलोड गर्नु पर्ने व्यवस्था गरेको छ। यो सुधारले लेखा परीक्षणको प्रभावकारिता बढेको र लागत घटेको मात्र होइन लेखा परीक्षणको क्रममा मानवीय सम्पर्कका कारणले हुन सक्ने गलत गतिविधि पनि नियन्त्रण हुन गएको छ। महालेखा परीक्षकको कार्यालयले अहिले पाँचौं रणनीतिक योजना २०८२-२०८६ लाई अन्तिम रूप दिने तयारीमा छ।

२२ **श्रम सम्बन्ध र श्रमिकको सामाजिक सुरक्षामा उल्लेख्य सुधार भएको छ।** श्रमिक, रोजगारदाता र सरकारको त्रिपक्षीय सहमतिका आधारमा श्रमिकको सुरक्षा हुने र रोजगारदातालाई पनि सहयोग पुर्याउने दृष्टिकोण लिएर श्रम ऐन, २०७४ जारी गरिए पछि औद्योगिक सम्बन्धमा उल्लेखनीय सुधार आएको छ। श्रमिकहरूको आर्थिक सुरक्षाका लागि २०७४ सालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भयो। सामाजिक सुरक्षा करको रकम व्यवस्थापन गर्न २०६७ सालमा स्थापना गरिएको सामाजिक सुरक्षा कोषलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन बमोजिम औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई लक्षित गरी सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न तोकिएको छ। यो कोषमा हालसम्म औपचारिक क्षेत्रका २०,२४४ रोजगारदाता र ५६८,१८८ योगदानकर्ता आवद्ध भएका छन्। वैदेशिक रोजगारीमा गएका १,५१०,०६३ जना, अनौपचारिक क्षेत्रका ४४६ जना, स्वरोजगारमा रहेका ३०७ जना आबद्ध भएका छन्। यसरी योगदानकर्ताको संख्या २० लाख ७९ हजार ४ पुगेको छ। कोषले अहिलेसम्म रु. ७५ अर्ब ७५ करोड रकम संकलन गरेको छ भने २०२,९०६ जनालाई औषधी उपचार, दुर्घटना तथा अशक्तता, आश्रित परिवारलाई सहयोग, र निवृत्तिभरण वापत १३ अर्ब ३७ करोड भुक्तानी गरेको छ। श्रमिकहरूको सामाजिक सुरक्षा संस्थागत गरिएको यो सुधार पछिल्लो समयको उल्लेखनीय सुधार हो।

२३ **न्याय सम्पादनमा रणनीतिक सुधारको काम २०६१ सालदेखि सुरु भयो।** असल व्यावसायिक वातावरणका लागि कुशल न्यायिक प्रक्रिया महत्वपूर्ण हुन्छ। व्यावसायिक विवादहरूको शीघ्र निरुपण हुन सकेन भने व्यवसायको लागत बढ्छ। न्याय सम्पादनमा उच्च नैतिकता, न्यायपालिकाको स्वतन्त्रता, पारदर्शिता, विश्वसनीयता जस्ता विषय वैदेशिक लगानीकर्ताले आफ्नो लगानी गर्ने मुलुक र स्थानको चयन गर्न हेरिने विषय हुन्। यी विषय लगायत न्यायपालिकाप्रति आम नागरिकको भरोसा वृद्धि गर्न सर्वोच्च अदालतले "एउटा यस्तो न्याय प्रणाली जुन स्वतन्त्र, मितव्ययी, शीघ्र, पहुँचयोग्य र जनविश्वास प्राप्त गर्न सक्ने किसिमको होस् जसले कानूनको शासन र मानव अधिकारलाई जीवन्तता प्रदान गरी जनतामा न्यायको प्रत्याभुती गरोस्"[5] भन्ने दूरदृष्टि लिई २०६१ सालमा न्यायपालिकाको पहिलो रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन सुरु गर्यो। नतिजा परिसूचकमा आधारित यो योजनाले बक्यौता रिट निवेदनहरू ७५ प्रतिशतले घटाउने, बक्यौता मुद्दाहरूको संख्या ५० प्रतिशतले न्यून गर्ने जस्ता परिमाणात्मक नतिजा हासिल गर्न सुधारका क्षेत्र पहिचान गरी सुधार गर्यो। न्यायिक प्रणाली सुधारका लागि अहिले पाँचौं रणनीतिक योजना कार्यान्वयनमा छ, जसको दूरदृष्टि "सबैका लागि न्याय"[6] रहेको छ।

२४ **शासकीय कुशलता, औद्योगिक विकास र निर्यात प्रवर्द्धन जस्ता कतिपय महत्वपूर्ण विषयमा पर्याप्त र नतिजामुखी सुधार हुन सकेका छैनन्।** माथि चर्चा गरिएका क्षेत्रगत सुधारहरू आफैमा उल्लेख्य हुन्, तर आम नागरिकले परिवर्तनको महसुस गर्ने खालका सुधारहरू अझै पनि हुन सकेका छैनन्। विद्युतीय-सुशासन लागु गरी शासकीय कुशलता वृद्धि गर्न नेपाल सरकारले विद्युतीय सुशासन आयोग (गठन तथा

[5] न्यायपालिकाको पहिलो पन्चवर्षीय रणनीतिक योजना २०६१-६६, सर्वोच्च अदालत.

[6] न्यायपालिकाको पाँचौं पन्चवर्षीय रणनीतिक योजना

सञ्चालन) आदेश २०७९ बमोजिम विद्युतीय सुशासन आयोग गठन गरेको छ। तर आयोगले खासै काम गरेको देखिँदैन। कतिपय सरकारी निकायहरूमा एउटै विवरण पटक पटक भर्नु पर्ने वा एउटै कागजात पटकपटक दिनु पर्ने विषयलाई नागरिकले झमेलाका रूपमा लिन्छन्। कुनै एउटा सरकारी निकायमा लाइन लागेर बायोमेट्रिक विवरण रेकर्ड गराए पछि पनि प्रत्येक निकायमा र सार्वजनिक सेवाका लागि प्रत्येक पटक रेकर्ड गराउनु पर्छ। विद्युतीय माध्यमबाट विवरण पेस गरे पछि पुन भौतिक रूपमा उपस्थित भएर विवरण दिनु पर्छ। यी सामान्य देखिने तर सरकार प्रति नागरिकको धारणा सकारात्मक बनाउन सक्ने सुधार हुन्, जो पुरा हुन सकेका छैनन्। सरकारी निकायहरूमा हुने ढिला-सुस्ती र भ्रष्टाचारबाट मानिसहरू निराश छन्। सार्वजनिक निर्माणका कामहरू समयमा सम्पन्न हुँदैनन्। यसमा सुधार हुन सकेको छैन। राजनीतिक दल र दलका नेताहरू भ्रष्टाचारको दलदलमा फसे भन्ने आम धारणा छ। शासकीय कुशलता बढाउने र सरकार प्रति आम नागरिकको भरोसा जगाउने यस्ता सुधारहरू गर्न बाँकी नै छ। औद्योगिक विकास, निर्यात प्रवर्द्धन, वैदेशिक लगानी प्रवर्द्धन, जलविद्युत तथा नवीकरणीय ऊर्जाको आन्तरिक बजार विस्तार, सूचना-प्रविधि उद्योगको विकास जस्ता कतिपय विषयमा पर्याप्त सुधार हुन सकेको छैन। खासगरी वन र खानी जस्ता प्राकृतिक स्रोतको उपयोगका लागि गर्नु पर्ने सुधारमा पर्याप्त ध्यान पुगेको देखिँदैन।

परिच्छेद ४

आर्थिक सुधारको सन्दर्भ, सुधार प्रस्ताव तर्जुमा गर्दा लिइएका मान्यताहरू

आर्थिक सुधारको सन्दर्भ

१. **आथिक सुधार निरन्तर आवश्यक पर्छ** । अर्थतन्त्रको चरित्रमा सामाजिक सोच, जनसाङ्ख्यिक परिवर्तन, प्रविधिको विकास, प्राकृतिक प्रकोप, विश्व अर्थतन्त्रमा आएको परिवर्तन आदिले प्रभाव परिरहेको हुन्छ। यिनले सिर्जना गरेका अवसर उपयोग गर्न र जोखिमहरू कम गर्न आर्थिक सुधार निरन्तर आवश्यक छ। कतिपय सुधारले समय बित्दै गएपछि दुष्परिणामहरू ल्याउन पनि सक्छन्। त्यसलाई सम्बोधन गर्न नयाँ तर ठीक विपरीत सुधार आवश्यक पर्न सक्छ। कतिपय अवस्थामा समयमै सम्बोधन नगरिएका कारण बल्झिदैं गएका समस्या र आम नागरिकका अपेक्षाका सन्दर्भमा समष्टिगत रूपमा सुधारका क्षेत्र र विषयहरू पहिचान गर्नु पर्ने हुन्छ। अहिले मुलुक त्यही मोडमा छ र वृहत्तर सुधारको आवश्यकता देखिएको छ।

२. **अहिलेका कमजोर मागको समस्या समाधान गर्न माग-पक्षीय नीतिहरू मात्र पर्याप्त छैनन्**। अर्थतन्त्रको समग्र मागमा समस्या आउँदा सामान्यतया माग सिर्जना गर्ने नीतिहरु अर्थात **"डिमाण्ड साइड पलिसिज"** मार्फत सम्बोधन गरिन्छ | यसको लागि मौद्रिक नीति र बित्त नीति मार्फत अर्थतन्त्रमा दबिएको माग उकास्ने उपायहरु अवलम्बन गरिन्छ | मौद्रिक नीति मार्फत व्याज दर कम गर्ने र मुद्रा प्रदाय विस्तार गरी माग बढाउने गरिन्छ भने वित्त नीति मार्फत राजश्व नीति र सरकारी खर्च, बिशेष गरेर पुँजीगत खर्च वृद्धि गरी समग्र माग बढाउने गरिन्छ | अहिले अर्थतन्त्रमा देखिएको समस्या समग्र मागमा आएको सुस्ततासंग जोडिए पनि माग कम हुनुको कारण संरचनात्मक भएकोले डिमाण्ड साइड उपायहरु मात्र प्रयाप्त हुदैन | जस्तो केही समय देखि बजारमा प्रयाप्त तरलता सँगै व्याजदर पनि घटेर एक अंकमा झर्दा पनि कर्जा बढेको छैन | त्यस्तै गरेर नयाँ संविधान पछि चुलिएको सरकारी खर्चको कारण पहिलो तीन वर्ष आर्थिक वृद्धि दरमा सकारात्मक योगदान दिए पनि बाह्य क्षेत्रमा परेको दवाबको कारण उच्च सरकारी खर्च दिगो बनाउन भने सम्भब भएन | गत दुई वर्ष आयातमा उच्च गिरावट आउँदा राजश्व संकलन घटेको छ | नयाँ संबिधानपछि बढेको सार्बजनिक खर्च र गत दुई वर्ष देखि राजश्व संकलनमा देखिएको नयाँ चुनौतिको कारण नयाँ संबिधान पछिका आठ वर्षमा वित्त घाटा बढेर जिडिपिको औसत ६ प्रतिशत पुगेको छ | त्यसैले परम्परागत रुपमा माग उकास्ने नीतिहरु तथा बिधि भन्दा अर्थतन्त्रको संरचना नै परिवर्तन गर्ने रणनीति अपरिहार्य छ |

३. **अहिलेको चुनौती सम्बोधन गर्न आपूर्ति प्रवर्द्धन गर्ने नीतिहरु अर्थात "सप्लाई साइड पलिसिज" हो** | यी सुधार प्रायः मध्य र दिर्घकालिन प्रकृतिका हुन्छन र यस अन्तर्गत अर्थतन्त्रसँग जोडिएका हरेक क्षेत्र र पात्रको सुधार आवश्यक छ | आपूर्ति प्रबर्धन गर्ने नीति अन्तर्गत अर्थतन्त्रको उत्पादकत्व र उत्पादन बढाउने, उदारीकरण गर्ने, नियमन वा विनियमन गर्ने, स्वदेशी तथा विदेशी लगानी सहजीकरण गर्ने, शिक्षा र स्वस्थमा लगानी अभिवृद्धि गर्ने, उत्पादनशील पूर्वाधारमा लगानी बढाउने, रोजगारी निर्माण गर्ने,

नीतिगत स्थिरता सुनिश्चित गर्ने, लगानी तथा व्यापार प्रबर्धन गर्न द्विपक्षीय क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्झौता गर्ने, निर्यात मार्फत विश्व अर्थतन्त्र तथा मूल्य अभिवृद्धि श्रृंखलामा जोडिने जस्ता विविध उपायहरु अवलम्बन गरिन्छ । यी सुधारका कार्यक्रम मार्फत अर्थतन्त्रलाई चलायमान मात्र होइन उत्पादनशील र गतिशील पनि बनाउनु पर्छ । बिगतमा उच्च कर्जा वृद्धि, उच्च जग्गा कारोबार र उच्च सरकारी खर्चले अर्थतन्त्र चलायमान भए पनि उत्पादनशील र गतिशील हुन सकेन र स्रोत परिचालन भए अनुरुप आर्थिक वृद्धि र रोजगारी सिर्जना हुन सकेन । अर्थतन्त्रको स्रोत विनियोजन कार्यकुशलतामा गम्भीर समस्या देखियो र स्रोत गैर-प्राथमिकताका क्षेत्रमा लामो समय सम्म परिचालन भयो । क्रमिक रुपले देशले एकातिर प्रतिस्पर्धात्मक क्षमता गुमाउने र अर्को तिर अर्थतन्त्रमा मूल्य स्तर बढ्दै जाँदा आधारभूत आवश्यकताका उत्पादनमा समेत देश अत्याधिक परनिर्भर हुदै अहिलेको गम्भीर स्थितिमा पुगेको छ । दोस्रो चरणको बृहत संरचनात्मक सुधार मार्फत प्राथमिकताको आधारमा स्रोत बिनियोजन गर्दै निजी क्षेत्र तथा विदेशी लगानी र अन्य सृजनात्मक लगानीका माध्यम मार्फत उच्च तथा दिगो आर्थिक वृद्धि दर हासिल गरी रोजगारी सिर्जना गर्ने रणनीति अवलम्बन गर्नु पर्छ ।

४. **अहिलेको चुनौतीपूर्ण अवस्थालाई अवसरको रुपमा लिई संरचनात्मक सुधार तत्काल सुरु गर्नु पर्छ** । न्यून उत्पादकत्व, उच्च मूल्य स्तर, न्यून बचत, परनिर्भर आर्थिक संरचना, आयात केन्द्रित व्यापार, न्यून आर्थिक वृद्धि दर, न्यून रोजगारीको अवसर, विप्रेषण आप्रवाह प्रति अत्याधिक निर्भरता, अधिक वित्तीयकरण, अनुत्पादक आर्थिक कारोबार आदि हाम्रा संरचनात्मक चुनौतीहरु हुन् । धनी हुन नपाउदै बुढौली समाज तिर उन्मुख, अत्याधिक आप्रवासनले गरिब छँदै जनसंख्या घट्ने क्रम, विकासशिल अवस्था मै अर्थतन्त्रको अति-वित्तियकरण, निम्न मध्यम-आयको पासोमा फस्ने (लोयर मिडल इन्कम ट्रयाप) अवस्था, अधिक जग्गा मौद्रिकरण, बढ्दो सार्वजनिक तथा निजी ऋण, उच्च व्यापार घाटा लगायत विविध संरचनात्मक कारणले समग्र अर्थतन्त्र अस्थिरता तिर उन्मुख हुने चुनौती बढेको छ ।

५. संरचनात्मक सुधारको **उद्देश्य** अर्थतन्त्रको उत्पादकत्व क्षमता अभिवृद्धि गर्ने, उत्पादन बढाउने, सम्मानजनक दिगो आर्थिक वृद्धि दर हासिल गर्ने, रोजगारी सिर्जना गर्ने, मुद्रास्फीति नियन्त्रण गरी मूल्य स्तर घटाउदै लाने, वित्त तथा वित्तीय स्थायित्व कायम गर्ने, उत्पादनसंग जोड्ने पूर्वाधार निर्माण गर्ने, व्यापार सन्तुलन मार्फत बाह्य क्षेत्रको स्थायित्व सुनिश्चित गर्ने, श्रम निर्यातबाट सेवा निर्यात उन्मुख हुदै विश्व मूल्य अभिवृद्धि श्रृंखलामा सहभागी हुने, स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धि गर्ने, र अर्थतन्त्रलाई आन्तरिक तथा बाह्य झट्काबाट सुरक्षित तथा उत्थानशील बनाउने हो ।

६. दुई वर्ष अगाडी बाह्य क्षेत्रमा देखिएको समस्या अहिले अर्थतन्त्रको समग्र उपभोग, लगानी, वित्तिय क्षेत्र, र सार्बजनिक बित्त व्यवस्थापनमा संक्रमण भएको छ । अहिले पनि बाह्य क्षेत्र दवाबमा परेको भए अर्थतन्त्र वास्तब मै संकट उन्मुख हुने थियो । उपभोगमा आएको कमि, निजी क्षेत्रको लगानीमा आएको कमि, बेकिङ् क्षेत्रमा बढ्दै गएको खराब कर्जा, र सार्वजनिक वित्त व्यवस्थापनमा राजश्व र खर्च बीचको बढ्दो असुन्तलन हाम्रा प्रमुख समस्या हुन् । यस्तो अवस्थामा **उपभोक्ता र निजी क्षेत्रको** मनोबल बढ्ने उपायहरु अवलम्बन गर्दै लगानीका नयाँ स्रोत र क्षेत्रहरु पहिचान गरी लगानीका प्रक्रिया सरल बनाएर

अर्थतन्त्रलाई चलायमान र उत्पादनशील बनाउनु पर्छ । नियमन गर्नु पर्ने सहकारी जस्ता क्षेत्र विनियम हुनु तर विनियम गर्नु पर्ने लगानी जस्ता क्षेत्रमा अधिक नियमन गर्ने प्रणालीले बिना नियमन सञ्चालन भएका क्षेत्र समस्याग्रस्त भएका छ भने लगानी अभिवृद्धि गर्नु पर्ने क्षेत्रमा लगानीको वातावरण खस्कदै गएको छ । तर बिगतमा जस्तै अर्थतन्त्रलाई चलायमान बनाउन कै निम्ति अनुत्पादक क्षेत्रमा लगानी बनाउने हो भने अहिले बाह्य क्षेत्रमा हासिल भएको स्थायित्व पुनः खल्बलिएर अर्थतन्त्र थप जोखिम उन्मुख हुनेछ ।

७. अहिले हासिल भएको बाह्य क्षेत्रको मजबुत स्थायित्वको आडमा वि**त्तिय क्षेत्र र सार्बजनिक बित्त व्यवस्थापनको** बृहत सुधार गर्न अलमल गर्नु हुदैन । बेकिङ् क्षेत्र र जग्गा मौद्रिकरणको करिब तीन दशक लामो पारस्परिक सम्बन्ध अहिले गहिरो संकटमा परेको छ । त्यसैले सुस्त जग्गा मौद्रिकरणसंगै बेकिङ् क्षेत्र गम्भीर दबाबमा परेको छ । बैंकिग क्षेत्रमा बढ्दै गएको खराब कर्जालाई यथाशिघ्र सम्बोधन गर्न आवश्यक प्रणाली तथा संरचना तत्कालै स्थापित गर्नु पर्छ र उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने क्षेत्रमा स्रोत विनियोजनमा गर्न बेकिङ् क्षेत्रले प्रभावकारी भूमिका निर्वाह गर्नु पर्छ ।

८. उत्पादन र मूल्य अभिवृद्धि भन्दा आयात, व्यापार, वित्तीयकरण र जग्गा मौद्रिकरण मै अभ्यस्त **निजी क्षेत्र** एक्लैले अहिलेको असहज स्थितिमा अर्थतन्त्रलाई निकास दिन सम्भब छैन । लामो समय अत्यन्तै अनुत्पादक आर्थिक मोडेल आत्मसाथ गरेको निजी क्षेत्र सिर्जनात्मक तथा नवप्रवर्तन सोच र क्षमताको अभावमा अहिलेको स्थितिबाट आफ्नै पहलमा उम्कन सक्ने सम्भावना पनि न्यून छ । विगतमा उच्च विप्रेषण आप्रवाह र सरकारी खर्च लगायत अन्य कारणले सम्मानजनक माग सिर्जना भए पनि र बेकिङ् क्षेत्रको कर्जाको माध्यमबाट यथोचित पुँजी परिचालन भए पनि आर्थिक वृद्धि र रोजगारी सिर्जना हुन सकेन ।

९. परम्परागत रुपमा पहिचान भएका **पर्यटन र जलविद्युत क्षेत्रको** बिकासले मात्र नेपालको बृहत तथा दिगो बिकास हुन सक्दैन । पर्यटन व्यक्ति स्वयंको यात्रा तथा सुरक्षासंग जोडिएको बिषय भएकोले यो संबेदनशील क्षेत्र हो र सामान्य देखि बिशेष घटना तथा व्यक्तिगत देखि अन्य अवस्थाले सहजै असर पार्छ । त्यस्तै गरेर विविध जोखिमका कारण जलविद्युतको विकासले मात्र नेपालको सम्वृद्धि सम्भब छैन। त्यसैले नेपालको सम्वृद्धिमा परम्परागत रुपमा स्थापित पर्यटन र जलविद्युतको भूमिकालाई परिमार्जन गर्दै माथि उल्लेख गरिएका अन्य क्षेत्र पनि समेटेर विकासको नयाँ सम्भावना र योजनाहरु पहिचान गर्दै सिमित स्रोत तथा साधनलाई उच्च प्रतिफल दिने क्षेत्रमा बिनियोजन तथा लगानी गर्नु पर्छ ।

१०. अहिलेको चुनौतिपूर्ण आर्थिक अवस्थाबाट निकास दिदै नेपालको अर्थतन्त्रलाई उत्पादनशील र गतिशील बनाई उच्च तथा दिगो आर्थिक वृद्धि दर सहित रोजगारी शृजना गर्न **कृषिमा आयात प्रतिस्थापन तथा प्रशोधन, प्राकृतिक स्रोतको उच्चतम निर्यात, उद्योगमा मूल्य अभिवृद्धि, र सेवा निर्यात गर्ने क्षेत्रगत बिशेष रणनीति अवलम्बन गर्ने** र यो रणनीति कार्यन्वयन गर्न सोही अनुरुप नीतिगत सुधार र लगानी अभिवृद्धि तथा प्रबर्धन गर्नु पर्छ ।

११. बिशिष्ट किसिमको भूगोल, भूपरिवेष्ठितता, ठुला तथा शक्तिशाली छिमेकी लगाएत उच्च उत्पादन लागतको कारण औद्योगिकीकरण मार्फत नेपाल सम्बृद्ध हुन सक्ने सम्भावना अत्यन्तै न्यून भएको अवस्थामा नेपाल जस्तो भुपरिबेष्टित मुलुकको लागि सीमा रहित **"बोर्डरलेस"** अर्थतन्त्र र तौल रहित **"वेटलेस"** ब्यापारको अवधारणा तथा रणनिती अत्यन्तै सान्दर्भिक हुने भएकोले सो अवधारणा अनुरुप सेवा क्षेत्र मार्फत विश्व अर्थतन्त्र तथा मूल्य अभिवृद्धि संजालमा जोडिन लगानी अभिवृद्धि गर्ने रणनीति अवलम्बन गर्नु पर्छ ।

१२. विश्व श्रम बजारलाई बिज्ञान, प्रबिधि, इञ्जिनिअरिङ्ग र हिसाब अर्थात **"स्टेम"** सम्बन्धि जनशक्ति चाहिरहेको बेला हाम्रो शिक्षा प्रणालीले चाँही जम्मा १७ प्रतिशत मात्र उत्पादन गरिरहेको छ भने शिक्षा शास्त्र र व्यवस्थापन शास्त्र मार्फत क्रमशः २७ प्रतिशत र ४५ प्रतिशत जनशक्ति उत्पादन भएको छ । अधिक राजनीतिकरण, अधिकांश अयोग्य शिक्षक, र गैर-जवाफदेही प्रणालीले सार्बजनिक शिक्षा क्षेत्रको स्थिति नाजुक छ । २०७९/८० को कक्षा आठको परिक्षामा बिज्ञान, अंग्रेजी र हिसाबमा ३८ प्रतिशत, ५२ प्रतिशत र ३२ प्रतिशत ले मात्र आधारभूत स्तर (मिनिमम स्ट्यान्डर्ड) हासिल गरेका थिए भने २०८०/८१ को एसइइको परिक्षामा ५२ प्रतिशतले ग्रेड प्राप्त गर्न सकेनन् र ४० प्रतिशत ले हिसाबमा उतिर्ण हुन सकेनन् । साथै आइल्ट्सको नतिजाको आधारमा अंग्रेजीमा नेपाल दक्षिण एशियामा अफघानिस्तान पछि सबै बन्दा कमजोर रहेको छ । डिजिटल रुपान्तरण मार्फत विश्व मूल्य अभिवृद्धि श्रृंखलामा नेपाललाई जोड्ने हो र मुलुकलाई श्रम निर्यात गर्ने मुलुकबाट सेवा निर्यात गर्ने अर्थतन्त्रको रुपमा स्थापित गर्ने हो भने शिक्षा क्षेत्रको बृहत सुधार मार्फत एक दशक भित्र यो परिणाम उल्टाउन जरूरी छ ।

१३. **शासकीय स्वरूपमा आएको परिवर्तनलाई प्रभावकारी बनाउन आर्थिक सुधार आवश्यक भएको छ।** नेपालमा सङ्घीयताको सिद्धान्त बमोजिम वर्तमान संविधान जारी भएको छ। संविधानले विगतमा मुलुकले अवलम्बन गरेको एकात्मक शासन व्यवस्थालाई विस्थापन गरी तीन तहका सरकारलाई आर्थिक अधिकार समेत प्रदान गर्ने शासकीय प्रबन्ध गरेको छ। विगतमा केन्द्रबाट समग्र आर्थिक नीति तर्जुमा हुने अभ्यास रहेकोमा आर्थिक नीतिमा समेत विकेन्द्रित प्रणाली अभ्यास हुन थालेको छ। साथै, संविधानले समाजवाद उन्मुख अर्थतन्त्र स्थापना गर्ने सोच राखेको हुँदा उक्त सोचको व्यवहारिक रूपान्तरणका लागि आर्थिक सुधारको मार्गचित्र आवश्यक देखिएको छ।

१४. **नेपालको आर्थिक आकांक्षा र दीर्घकालिन विकास लक्ष्य पुरा गर्न सुधार आवश्यक भएको छ।** सङ्घीय प्रणाली अनुरुप निर्वाचित सरकारले जारी गरेको १५ औ आवधिक योजनाले विक्रम सम्वत् २१०० भित्र हासिल गर्ने गरी **समृद्ध नेपालः सुखी नेपाली**को दीर्घकालिन सोंच अन्तर्गत विभिन्न आर्थिक तथा सामाजिक लक्ष्य तय गरेको छ। उक्त सोंच र लक्ष्य विगतमा अवलम्वन गरिएको आर्थिक नीतिले हासिल गर्न नसकिने भएकोले यसमा समग्रमा सुधार आवश्यक देखिएको छ। साथै, नेपालको सामु २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने, सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने र मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य रहेको छ। अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपश्चात नेपालले प्राप्त गरेका कतिपय सहुलियत र सुविधा अन्त्य भएपश्चात त्यसबाट सिर्जना हुने प्रतिकूलता न्यून

गर्न औद्योगिक, व्यापार, वित नीतिमा सुधार आवश्यक रहेको छ। दिगो विकास लक्ष्य प्राप्तिका लागि आर्थिक सामाजिक क्षेत्रमा सुधार आवश्यक छ। मध्यम आय भएको मुलुकमा पुग्न लगानी प्रवर्द्धन लगायत आर्थिक विकासका विभिन्न कार्यक्रममा विशेष ध्यान दिनु पर्ने देखिन्छ।

१५. **विश्व अर्थ प्रणालीमा आउँदै गरेको परिवर्तनको दुष्प्रभाव कम गर्न सुधार जरूरी देखिएको छ** नेपालले आर्थिक उदार र बजारोन्मुख अर्थव्यवस्था अवलम्वन गर्ने सन्दर्भमा अपनाएको आर्थिक नीति तत्कालिन समयमा सर्वस्विकार्य विश्व आर्थिक प्रणाली (Global Economic Order) र त्यस अन्तर्गत विकसित पद्धति अनुकूल विकास गरिएको थियो। करिब तीन दशक लामो यस अवधिमा विश्व आर्थिक मानचित्रमा व्यापक परिवर्तन आएको छ। उदीयमान अर्थतन्त्रको विकास र परिमाण (size)ले आर्थिक रूपमा बहुध्रुबीयताको विकास हुँदै गएको छ। विश्व व्यापार संगठनको स्थापना, सूचना प्रविधिको तीव्र विकास र पुँजीको स्थानान्तरणले वैश्विकरण मार्फत सिर्जना गरेको अवसरले नेपालका छिमेकी राष्ट्र चीन र भारत आर्थिक शक्तिको रुपमा स्थापित भएका छन्। नेपालको विद्यमान आर्थिक तथा वित्तीय नीतिलाई यसै अनुरुप पुनर्परिभाषित गर्नु आवश्यक भएको छ। दोहा चरण (Doha Development Agenda) मा अपेक्षित प्रगति हासिल हुन नसके पश्चात विश्व व्यापार संगठनको स्थापनाको सिद्धान्तमा आधारित व्यापार प्रणालीमा आएको सुस्ततामा २००८ को आर्थिक संकट, कोभिड महामारी पश्चात अर्थतन्त्रहरुमा परेको प्रभाव र पछिल्ला वर्षहरूमा प्रमुख अर्थतन्त्रहरुमा संरक्षणवादी राजनैतिक नेतृत्वको पुनरागमनले थप संकट ल्याएको छ। बढ्दो भूराजनीतिक द्वन्द्वले विश्व अर्थतन्त्रमा अनिश्चितता बढाएको छ । यसले नेपाल जस्ता निर्यात आधार साँघुरो र कमजोर भएका मुलुकको अन्तरराष्ट्रिय व्यापारमा प्रतिकूलता बढेको छ। उल्लिखित चुनौती सम्बोधनका लागि आर्थिक सुधार आवश्यक रहेको छ।

१६. **भूराजनीतिक अवस्थितिको लाभ लिने दृष्टिकोणले सुधार निर्देशित हुनु जरूरी छ।** भारतसंगको करिब १९ सय किलोमिटरको **खुला सिमानाको** कारण ऐतिहासिक रुपमा भारतले मात्र एकतर्फी रुपमा आर्थिक लाभ लिइरहेको अवस्थामा बन्द गर्न नसकिने खुला सिमानालाई अवसरको रुपमा रूपान्तरण गर्न नेपालले पनि निजी क्षेत्रसँगको सहकार्यमा आर्थिक लाभ लिने रणनीति अवलम्बन गर्नु पर्छ | साथै भारतसंगको ब्यापार तथा पारबहन परनिर्भरता विविधीकरण गर्न र चीनसंगको आर्थिक कारोबार सहजीकरण गर्न भौतिक कनेक्टिभिटि बढाउने रणनीति अन्तर्गत उत्तरी सिमाना जोड्ने पूर्वाधारहरु निर्माण तथा स्तरोन्नति गर्नु पर्छ |

१७. **जलवायु परिवर्तनले आर्थिक गतिविधिमा पार्न सक्ने दुष्प्रभावबाट बचाउन सुधारको आवश्यकता रहेको छ** । विश्वव्यापी रूपमा भइरहेको जलवायु परिवर्तनले नकारात्मक आर्थिक प्रभावहरू पारिरहेको छ । नेपाल पनि जलवायु परिवर्तन बढी नकारात्मक असर पार्ने मुलुकमा पर्ने गर्दछ । बाढी पहिरोले वर्षेनी जनधनको सँगै भौतिक पूर्वाधारको क्षति गर्ने गरेको छ । भौतिक पूर्वाधारको क्षतिले अर्थतन्त्रको उत्पादनशील क्षमतामा ह्रास ल्याएको छ ।

१८. **जलबायु परिवर्तनमा नेपालको नगण्य भूमिका भए पनि असरको हिसाबले नेपाल दश धेरै जोखिम भएको मुलुकमध्ये एक हो** | हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान केवल ०.१ प्रतिशत र कार्बन

उत्सर्जनमा ०.०४ प्रतिशत छ भने विश्वको औसत प्रति व्यक्ति कार्बन उत्सर्जनको तुलनामा आठ गुणा कम उत्सर्जन गर्छ | त्यसैले नेपालले पनि सामानुपातिक जिम्मेवारी बहन गर्ने नीति अवलम्बन गर्नु पर्छ| कृषि उत्पादन जलवायु मैत्री बनाउने, जलविद्युत मार्फत सफा उर्जा उत्पादन गर्ने, वनजंगलको क्षेत्रफल थप बिस्तार गर्ने, महङ्गा विद्युतीय सवारी साधनको उपयोग बढाउने जस्ता विविध उपाय मार्फत सन् २०४५ सम्म शुन्य लक्ष्य प्राप्त गरेर पनि सोही अनुपातमा मुलुकले आर्थिक लाभ तथा प्रतिफल लिन सकेन भने सो सम्बन्धी राज्यले अवलम्बन गर्ने प्रयास सान्दर्भिक हुदैन | विश्वमा सबै भन्दा धेरै हरितगृह ग्यास उत्सर्जन गर्ने तीन राष्ट्र मध्ये चीनले शुन्य लक्ष्य सन् २०६० मा सारेको, अमेरिका पेरिस सम्झौताबाट बाहिरिएको र भारतले सन् २०७० मा सारेको अवस्थामा नेपाल जस्तो नगन्य हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुकले अस्वाभाविक र गैर-अनुपातिक जिम्मेवारी लिनु उचित हुदैन | शुन्य लक्ष्य हासिल गर्न ठूलो लगानी आवश्यक पर्छ | नेपालको सन्दर्भमा हरितगृह ग्यास उत्सर्जनमा न्यूनीकरण सम्बन्धी रणनीति भन्दा अनूकुलन सम्बन्धि रणनिती तथा योजना उपयुक्त र सादर्भिक हुन्छ | विविध संरचना मार्फत क्षमता अभिवृद्धि गरी कार्बन ब्यापार तथा जलवायु वित्तबाट उच्चतम लाभ लिने रणनीति अवलम्बन गर्नु पर्छ |

१९. **अर्थतन्त्रमा आएको संरचनात्मक परिवर्तनले सुधारको आवश्यकता दर्शाएको छ** । नेपालको कुल गार्हस्थ्य उत्पादनमा परम्परागत उत्पादन क्षेत्रको रूपमा रहेको कृषि क्षेत्रको योगदानमा तीव्र गिरावट आएको छ। सन् १९९० को दशकमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब ५० प्रतिशत रहेकोमा सन् २०२४ यो कुल गार्हस्थ्य उत्पादनको एक चौथाइमा पुगेको छ। तथापि कृषि क्षेत्रको घट्दो योगदानको प्रतिस्थापन आर्थिक विकासको सामान्य सिद्धान्त अनुरूप उद्योग क्षेत्रबाट हुन सकेको छैन ।सेवा क्षेत्रले कृषि क्षेत्रको घट्दो योगदानको प्रतिस्थापन भएको छ। नेपालको आर्थिक वृद्धि सेवा क्षेत्रमा आधारित हुन थालेको छ। गत आर्थिक वर्ष सेवा क्षेत्रको योगदान ६२.९० पुगेको छ भने उद्योग क्षेत्रको योगदान १३ प्रतिशतमा सीमित भएको छ। यी क्षेत्रहरूको योगदान सन् १९९० मा क्रमशः ३० प्रतिशत र २२ प्रतिशतको हाराहारीमा रहेको थियो। यसले नेपाल असामयिक अनौद्यौकीकरण (Premature deindustrialization) खालको चरित्रबाट गुज्रिरहेको देखिन्छ। यस सन्दर्भमा नेपालको आर्थिक वित्तीय तथा औद्योगिक तथा वाणिज्य नीतिहरू सोही अनुरूप तय गर्नुपर्ने देखिएको छ।

२०. **नेपालको अर्थतन्त्रमा परम्परागत क्षेत्रहरूलाई नविन आर्थिक क्षेत्रहरूले विस्थापन गरेको छ**। विगतमा कृषि क्षेत्रको योगदान उच्च रहेकोमा हाल सेवा क्षेत्रको उच्च योगदान रहेको छ। अर्को तर्फ उद्योग क्षेत्र र सेवा क्षेत्रमा समेत नविन क्षेत्रको उन्नयन हुन थालेको छ। उदाहरणका लागि सूचना प्रविधि सम्बद्ध क्षेत्र सेवा क्षेत्रको महत्वपूर्ण क्षेत्रको रूपमा विकास हुन थालेको छ। पर्यटन, जलविद्युत जस्ता क्षेत्र मुलुकको अर्थतन्त्रका महत्वपूर्ण आधारको रूपमा विकास भइरहेको छ। नेपालको भौगोलिक अवस्थिति, प्रतिस्पर्धी औद्योगिक उत्पादनको विकासमा नेपालको सीमितता र सेवा क्षेत्रको प्रतिस्पर्धी

क्षमता समेतका आधारमा नविन आर्थिक क्षेत्रलाई मुलुकको प्रमुख संवाहक क्षेत्रको रुपमा विकास गर्न तदनुरूप नीतिगत, संस्थागत र कानुनी प्रबन्ध आवश्यक देखिएको छ।

२१. **जनसांख्यिक लाभांश गुम्नु अघि उच्च आर्थिक वृद्धि हासिल गर्न आवश्यक भएको छ**। कुनै पनि अर्थतन्त्रमा जनसंख्या महत्वपूर्ण तत्वको रूपमा रहेको हुन्छ। जनसंख्या वृद्धिदर, प्रजनन् दर, विभिन्न उमेर समूहको बनौट, बसाईँ सराइ जस्ता पक्षले अर्थतन्त्रको संरचना, आर्थिक नीति तर्जुमामा महत्वपूर्ण प्रभाव पार्दछ। नेपालको जनसंख्या वृद्धिदर ०.९३ मा सीमित हुन पुगेबाट आगामी दिनमा काम गर्ने उमेर समूहको जनसंख्या न्यून हुदै जाने देखाएको छ। साथै, विगत केहि वर्षदेखि नेपालको जनसंख्या केही शहरहरुमा केन्द्रित हुने क्रम बढेको छ। यसले कृषि क्षेत्रमा श्रमिकको न्यूनता हुने, शहरी क्षेत्रमा स्वास्थ्य, शिक्षा र सार्वजनिक सेवा वितरणमा चाप पर्ने, शहरी पूर्वाधार अपर्याप्त हुने जस्ता समस्या देखिएको छ। यसले विगतमा जनसंख्याको वितरणका आधारमा तय भएको आर्थिक विकासको मोडल नै परिवर्तन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ। अर्कोतर्फ भूगोललाई प्राथमिकतामा राखि विकास परियोजना छनौट गर्ने प्रणालीमा व्यापक परिवर्तन गरी जनसंख्याको वितरणका आधारमा विकास कार्यक्रम छनौट गर्ने प्रणाली अवलम्वन गर्न ढिला भइसकेको छ। सामाजिक क्षेत्र सम्बद्ध पूर्वाधारहरुको पुनर्वितरण(Relocation) गर्नु पर्ने देखिएको छ। मुलुकमा विद्यमान जनसांख्यिक लाभ (demographic dividend) को उच्चतम उपयोग गरी यथासक्य छिटो मध्यमआयस्तरको राष्ट्रमा पुग्ने र भविष्यमा आर्थिक विकासका लागि सन्तुलित जनसांख्यिक वितरण कायम गर्ने गरी उपयुक्त आर्थिक सामाजिक नीति आवश्यक देखिएको छ।

२२. सन् १९९० को दशकमा संसारभरि नै छरितो र सानो आकारको सरकारको सोच रह्यो। यो सोचबाट नेपालमा समेत सार्वजनिक संस्थानको निजीकरण, सरकारको कर्मचारी संख्यामा कटौती र कतिपय सार्वजनिक सेवा वितरणको कार्यमा निजी क्षेत्रको सहभागिताको लागि मार्ग प्रशस्त गरिएको थियो। सन् २००८ को विश्वव्यापी वित्तीय संकट, आर्थिक मन्दी, २०१९ को कोरोना महामारी, जलवायू संकटका कारण सिर्जित विपद् र अन्य विपद्जन्य घटनाको सन्दर्भमा कतिपय क्षेत्रमा सार्वजनिक क्षेत्रको उपस्थिति अनिवार्य देखिएको छ। संस्थान निजीकरणको सन्दर्भमा समेत विगतमा अवलम्बन गरिएको विधिमा परिवर्तन अनिवार्य भएको छ। नेपालको संविधानले लिएको समाजवाद-उन्मुख अर्थतन्त्र निर्माणको लागि परम्परागत भन्दा भिन्न चरित्रको आर्थिक मोडेल तय गर्नु आवश्यक देखिन्छ। यस सन्दर्भमा सरकारी निकायलाई थप कार्यमूलक बनाउने गरी सार्वजनिक सेवा र कर्मचारीतन्त्रलाई आर्थिक विकासमा महत्वपूर्ण सहयोगीको संस्थाको रूपमा स्थापित गर्दै लान नीतिगत र संस्थागत प्रबन्ध आवश्यक देखिएको छ।

२३. हाल करिब २२ लाख नेपाली नागरिकहरू विभिन्न भूमिकामा विश्वका विभिन्न मुलुकहरूमा पुगेका छन्। अन्य मुलुकको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका उत्पादक जनशक्तिलाई कुनै न कुनै रूपमा उपयोग नगर्दासम्म नेपालको आर्थिक विकास सम्भव देखिदैंन। हाल मुलुकको कुल गार्हस्थ्य उत्पादनसँगको तुलनामा झन्डै २५ प्रतिशत रकम बराबर रेमिट्यान्स प्राप्त भएको छ। यो नेपालको

वैदेशिक मुद्रा सञ्चिति र वित्तीय क्षेत्रमा लगानीयोग्य रकमको मुख्य स्रोतको रुपमा रहेको छ। करिब एक दशक लामो द्वन्द्वकालीन समयमा वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सबाट मुलुकको अर्थतन्त्र जर्जर हुनबाट रोकिएको सन्दर्भले समेत यसको महत्व स्थापित गरेको छ। मुलुकको आर्थिक सामाजिक पूर्वाधार विकासमा रेमिट्यान्सको प्रभावकारी उपयोग गर्नु आवश्यक छ। साथै, नेपाली डायस्पोराको सीप, ज्ञान र पूँजीलाई उपयोग गर्न आवश्यक नीति, संस्था र कानुनी प्रबन्ध आवश्यक भएको छ।

सुधारका प्रस्ताव तर्जुमा गर्दा लिइएका मान्यताहरू

२४. **तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने।** आर्थिक सुधारको तात्कालिक लक्ष विद्यमान शिथिलता अन्त्य गरी सरकारप्रतिको आम नागरिकको भरोसा वृद्धि गर्न आवश्यक छ। त्यसैले सुधारका प्रस्ताव तर्जुमा गर्दा यस विषयलाई ध्यान पुर्याइएको छ।

२५. **आर्थिक अवसरहरू सिर्जना गर्ने, गर्न सहज तुल्याउने तथा उत्प्रेरित गर्ने, र अवसरहरूमाथि समान पहुँच सुनिश्चित गर्ने।** प्रत्येक नागरिकले आफ्नो क्षमता विकास गर्ने, आर्थिक अवसर सिर्जना गर्ने, उपलब्ध आर्थिक अवसर अवसरहरूको उपयोग गर्न पाउने वातावरण नभएसम्म दिगो, फराकिलो, समतामुलक र उच्च आर्थिक वृद्धि हासिल गर्न सकिँदैन, मुलकभित्रै गुणस्तरयुक्त रोजगारी सिर्जना गर्न सकिँदैन। त्यसैले अवसर-अर्थतन्त्र निर्माण गर्ने मूल ध्येय हुनुपर्छ भन्ने मान्यतामा सुधार प्रस्तावहरूको विश्लेषण गरिएको छ।

२६. **विश्वासमा आधारित प्रणाली निर्माण गर्ने।** नियन्त्रणमा आधारित प्रणालीले सार्वजनिक निकायहरूमा दोहनकारी प्रवृत्ति बढ्छ, मुनाफामा अंश खोज्ने (रेन्ट-सिकिंग) प्रवृति बढ्छ। नागरिक र निजी क्षेत्र उत्तरदायी हुन सक्दैनन्, मुलुक र अर्थतन्त्रको हित हेर्दैनन्, सरकारी प्रणालीले सबै कुराको जिम्मा लिनु पर्छ र लिन सक्षम छ भन्ने मान्यताले नवप्रवर्तनलाई कुण्ठित गर्छ। व्यवसायीले जोखिम लिएर दीर्घकालीन लगानी गर्ने हिम्मत गर्दैनन्। प्रकारान्तरले अर्थतन्त्र धिमा गति चल्छ। त्यसकारण विश्वासमा आधारित प्रणाली निर्माण गर्ने मान्यतामा सुधारका कार्यक्रम सञ्चालन गरिनु पर्छ।

२७. **उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने।** आर्थिक वृद्धिका निमित्त मुलुकमा उपलब्ध प्राकृतिक स्रोतको उपयोग आवश्यक छ। पर्यावरणीय सन्तुलन र अन्तर-पुस्ता न्याय कायम गर्दै उपलब्ध प्राकृतिक स्रोतको उपयोग गर्नु पर्छ भन्ने मान्यतामा आर्थिक सुधारका प्रस्ताव तर्जुमा गरिएको छ।

२८. **सीमारहित अर्थतन्त्र निर्माण गर्ने।** भूपरिवेष्टित, सानो र विशिष्ट भू-अर्थ राजनीतिक वातावरणमा रहेकोले नेपालले यी संरचनागत बन्धनहरू लाई चिरेर अन्तरराष्ट्रिय बजारसँगको आर्थिक आबद्धता बढाउने र आर्थिक लाभ लिने प्रयत्न गर्नु पर्छ।

२९. **समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर उच्च बनाउने।** समष्टिगत आर्थिक स्थायित्व हुन सकेन भने लगानी तथा व्यावसायिक वातावरण कमजोर बन्छ, जोखिम बढ्छ। त्यसकारण सुधारका प्रस्ताव तर्जुमा गर्दा उच्च आर्थिक वृद्धिका लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु पर्छ।

परिच्छेद ५

अन्तरिम प्रतिवेदनमा प्रस्तुत गरिएका सुझावहरू

विषय-प्रवेश

१ आयोगले विभिन्न व्यावसायिक संघ-संस्थाहरू, विषय-विज्ञहरू र प्रदेश तथा स्थानीय सरकारका उच्चपदस्थ अधिकारीहरूसँग प्रारम्भिक चरणमा गरेको सघन छलफलबाट कतिपय क्षेत्रमा तत्काल सुधार गर्नु पर्ने विषय प्रखर रूपमा उठेको थियो। समष्टिगत अर्थतन्त्रको अध्ययन विश्लेषण गर्दा देखिएका विषयहरू यस प्रतिवेदनको पहिलो अध्यायमा सविस्तार चर्चा गरिएको छ। मुलत समग्र मागमा कमी आएका कारण अर्थतन्त्रको गति शिथिल रहेको निष्कर्ष विश्लेषणबाट निकालिएको छ। यो शिथिलतालाई लम्बिन नदिन तत्काल सरकारले गर्न सक्ने कामहरू पहिचान गरी आयोगले २०८१ पुस २४ गते अन्तरिम प्रतिवेदन दिएको थियो।

२ अर्थतन्त्रका तत्कालका समस्याहरूको समाधानका निमित्त मूलतः सार्वजनिक वित्त अग्रसर हुनु आवश्यक छ भन्ने अन्तरिम प्रतिवेदन दिंदा आयोगको निष्कर्ष थियो। यसका लागि चालू वर्षको बजेटको परिधिभित्र रहेर व्यवस्थापन गर्न सक्ने सम्भावना रहेन भने पूरक बजेट ल्याएर भए पनि सुझावहरू कार्यान्वयन गर्न अग्रसर हुनु पर्ने आयोगको सिफारिश थियो।

३ अन्तरिम प्रतिवेदनमा तत्काल गर्नु पर्ने भनी दिइएका सुझावहरू तलका अनुच्छेदहरूमा उल्लेख गरिएका छन्।

(क) सार्वजनिक निर्माणको भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम भुक्तानी गर्नेः

४ विगत १८ महिना देखि निर्माण व्यवसायीहरूले नेपाल सरकारका निकायहरू ठेक्कामा लगाएका सार्वजनिक निर्माणको काम सम्पन्न गरेर पेश गरेका बिल भुक्तानी भएन भन्ने आवाज उठाइरहेका छन्। भुक्तानी बाँकी भएका कारण निर्माणाधीन आयोजनाहरूको काममा ढिलाई भएको छ। वक्यौता रकम मध्ये केही गत आर्थिक वर्षमा र धेरै रकम चालू आर्थिक वर्षमा अर्थ मन्त्रालयले भुक्तानी गर्न निकासा दिएको छ।

५ समयमा भुक्तानी नहुँदा निर्माण व्यवसायीहरूले निर्माण सामाग्री खरीदको भुक्तानी गर्न सकेका छैनन् । त्यस्तै, निर्माण व्यवसायीहरूले बैंक कर्जा भुक्तानी गर्न नसक्दा बैंक कर्जा असूली प्रभावित भएको छ भने निर्माण व्यवसायीहरू कालोसुचीमा परेका छन्। भुक्तानी रोकिदा अर्थतन्त्रमा भुक्तानी श्रृखंला नै प्रभावित भएको छ। निर्माण व्यवासायीहरूको यथार्थमा कति भुक्तानी गर्न बाँकी छ भन्ने आधिकारिक तथ्याङ्क पनि उपलब्ध छैन। पुँजीगत बजेटको आकार भन्दा धेरै बहुवर्षीय स्रोत सुनिश्चितता गरिएको स्थिति छ। त्यस्तै, कतिपय काम सम्पन्न भएर पनि भुक्तानी नपाइने तर मूल्य अभिवृद्धि कर तिर्नु पर्ने भएर निर्माण व्यवसायीहरूले बीलबीजक जारी गरेका छैनन्। सरकारी कार्यालय वा निकायले ठेक्का लगाई सकेपछि काम सम्पन्न गरेको आधारमा भुक्तानी हुनु जरुरी छ। निर्माण व्यवसायीहरूको भुक्तानी रोकिदा पनि अर्थतन्त्र शिथिल हुन पुगेको छ।

६ बहुवर्षीय आयोजना स्वीकृत गर्ने पद्धति, स्रोत सुनिश्चितता दिने विधि र समष्टिगत रूपमा सार्वजनिक निर्माणका परियोजना छनौट र कार्यान्वयन गर्ने विषयमा सुधार नगरी वर्तमान समस्याको दीर्घकालीन समाधान निस्कँदैन। यस्ता सुधारका विषयको विश्लेषण र सुझाव दोस्रो खण्डमा प्रस्तुत गरिएको छ। तत्कालका लागि सार्वजनिक निर्माणको कामको बिलिङ भएर भुक्तानी बाँकी र काम सम्पन्न गरेपनि बिलिङ नै नगरेका सम्पूर्ण कामको बिलिङ गर्न लगाएर भुक्तानी गर्न पुग्ने रकम अर्थ मन्त्रालयले थप निकासा दिएर आगामी माघ मसान्तसम्म टुंगो लगाउन देहायका सुझाव प्रस्तुत गरिएको छः

(ख) ठेक्का बमोजिम काम सम्पन्न गरेका निर्माण व्यवसायीको भुक्तानी २०८१ माघ मसान्त भित्र गर्ने ।

(ग) ठेक्का बमोजिम निर्माण सम्पन्न गरी बिल पेश गर्न बाँकी निर्माण व्यवसायीहरूलाई एक हप्ताको समय दिएर बिल पेश गर्न लगाई २०८१ माघ मसान्त भित्र भुक्तानी गर्ने ।

(घ) विवाद रहेका निर्माण कार्य र सो को भुक्तानीको सम्बन्ध अर्थ मन्त्रालयको सहसचिवको नेतृत्वमा अन्तर मन्त्रालय समिति बनाई छानबिन गरी भुक्तानी गर्ने।

(ङ) कानून विपरीत ठेक्का लगाई दायित्व सिर्जना भएको हकमा त्यस्तो ठेक्का लगाउने र सो गर्न लगाउने व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने।

(च) चालू आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न कामहरूको भुक्तानीलाई प्राथमिकता दिने ।

(छ) आर्थिक वर्षको अन्तमा गएर गर्ने भुक्तानी गर्ने प्रवृत्ति कम गर्न काम सम्पन्न भएर बिल-बीजक जारी गरेको १५ दिन भित्र भुक्तानी गर्ने ।

(ज) बहुवर्षीय ठेक्का लागेर सिर्जित दायित्व पुरा गरेर बजेट उपलब्ध हुन सक्ने भएमात्र नयाँ योजनाहरू आउने वर्षको बजेटमा राख्ने।

(ख) सरकारले घोषणा गरेका नीति अन्तर्गत सिर्जित दायित्व चुक्ता गर्नेः

७ सरकारले विभिन्न क्षेत्रको प्रवर्द्धन गर्न विगत केही वर्षदेखि विभिन्न खालका अनुदानहरू प्रदान गर्दै आएको छ जस्तै व्याज अनुदान, निर्यात अनुदान र कृषि तथा पशुधन बीमाको प्रिमियममा अनुदान। पछिल्लो समय सबै खालका अनुदानको भुक्तानी रोकिएको छ। सहुलियत कर्जाको भुक्तानी रोकिँदा व्याज अनुदान पाउने गरी नयाँ सहुलियत कर्जा बैंकहरूले प्रवाह गर्न रोकेका छन्। विगतमा व्याज अनुदान पाउने गरी प्रवाह भएको कर्जाको पनि बैंकहरूले अनुदान दिन छोडेका छन्। जसले गर्दा अनुदान पाउने गरी व्यवसायिक योजना बनाएर कर्जा लिएर काम शुरु गरेका ऋणीहरूको व्यवसाय प्रभावित भएको छ। त्यस्तै, निर्यात गरेर पनि व्यवसायीहरूले निर्यात अनुदान पाउन सकेका छैनन्। कृषि व्यवसायमा रहेको जोखिम कम गर्न कृषि तथा पशुधन बीमाको प्रिमियममा दिएको अनुदान रोक्दा बीमा कम्पनीहरूले यस्तो बीमा गर्न छोडेका छन्। सरकारले दिन्छु भनेका अनुदानहरू समयमा नदिंदा सरकारको विश्वसनीयता कमजोर भएको छ। यस्ता अनुदान समयमा प्राप्त नहुँदा बैंक र बीमा कम्पनीहरूको वासलातमा नकारात्मक प्रभाव परेको छ। यससँगै अनुदानको अपेक्षामा सञ्चालनमा रहेका आर्थिक गतिविधिहरू प्रभावित भएका छन्। यस्ता अनुदान भुक्तानी प्रवाह रोकिनाले पछिल्लो समय अर्थतन्त्रमा शिथिलता आएको देखिन्छ। स्वास्थ्य

बीमाको रकम पनि ठूलो मात्रामा तिर्न बाँकी रहेको छ । यसको लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ ।

(क) हालसम्मको तिर्न बाँकी सबै खालको अनुदान रकम २०८१ माघ मसान्त भित्र भुक्तानी गर्ने ।

(ख) चालू आर्थिक वर्षमा नयाँ आयोजना तथा नयाँ ठेक्का नलगाई तिर्न बाँकी अनुदान भुक्तानी गरी राफसाफ गर्ने ।

(ग) राजस्व परिचालनको वृद्धिदर कम रही सरकारी वित्तमा परेको दबाबको स्थिति रहेकोले आगामी केही वर्ष यस्ता अनुदान कार्यक्रम स्थगन गर्ने। सीमान्तकृत किसानहरूको लागि मात्र व्याज र बीमा अनुदान सञ्चालन गर्ने ।

(घ) यस्ता अनुदान उपयोग गर्ने लाभग्राहीहरूको अनुगमन गरी दुरुपयोग गर्नेहरूबाट दिएको सुविधा व्याजसहित असुली गर्ने ।

(ङ) यस्ता अनुदानले उत्पादन र रोजगारीमा पारेको प्रभावको आधारमा नयाँ ढङ्गबाट केही वर्ष पछि स्रोतको उपलब्धताको आधारमा मात्र शुरू गर्ने। सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान कार्यक्रममा पुनरावलोकन गर्ने।

(च) स्वास्थ्य बीमाको प्रिमियम बढाउने (रु ५ हजार बनाउने) र २० प्रतिशत को-पे (Co-pay) को व्यवस्था गर्ने। हालसम्म तिर्न बाँकी स्वास्थ्य बीमाको रकम छानबिन गरी २०८१ फागुन भित्र भुक्तानी गर्ने।

(ग) आर्थिक शिथिलताले प्रभावित क्षेत्रका लक्षित ऋणीलाई पुनर्तालिकीकरणः

८ कोभिड-१९ को बेला धेरै व्यवसायहरू लामो समय बन्द रहेका र पुनरुत्थानको लागि सहजकारी मौद्रिक तथा नियामकीय नीति अवलम्बन गर्दा कर्जा प्रवाह उल्लेख्य बढेको थियो। अर्थतन्त्र पुनरुत्थान हुने क्रममा बाह्य क्षेत्रमा परेको चापले विदेशी विनिमय सञ्चिति घट्यो। बैंकिङ् प्रणालीमा तरलता घट्यो। व्याजदर बढेका कारण ऋणको भार बढ्न गयो। कर्जाको दुरुपयोग रोक्ने उद्देश्यले जारी गरिएको चालु पुँजी कर्जा मार्गदर्शनले जथाभावी कर्जा लिन दिन रोक लाग्यो। यसले गर्दा कतिपय ऋणीलाई आफ्नो ऋण व्यवस्थापन गर्न गाह्रो भयो। कोभिडपछि उल्लेखनीय संख्यामा युवाहरू वैदेशिक रोजगारी र अध्ययनमा गएकाले आन्तरिक मागमा कमी आएको आदि कारणले ऋणीहरूले ऋण भुक्तानी गर्न नसकेको अवस्था छ। अर्कोतिर मूल्य उचालिएको र जग्गाको कारोबार बढिरहेको बेला लगानी गरेको जग्गा बजारमा थप कर्जा प्रवाह नहुने भए पछि उच्च मूल्यमै क्रेता पाउन गाह्रो भएको छ। छिट्टै लाभ कमाउने आशाले जग्गा खरीद गरेकाहरू मूल्य घटाएर बिक्री गर्न तयार भएको देखिँदैन। धेरै तरलता जग्गामा फसेकाले बैंकहरूको निष्कृय कर्जा अनुपात, कर्जा नोक्सानी व्यवस्था र गैर बैंकिङ् सम्पत्ति बढिरहेको छ भने ऋणीहरू कालोसूचीमा परिरहेका छन्। कोभिड पछिको अर्थतन्त्रको अवस्थालाई मध्यनजर राखेर नेपाल राष्ट्र बैंकले पटक पटक पुनर्तालिकरण र पुनर्संरचनाको व्यवस्था गर्दै आएको छ। तर, अर्थतन्त्र अवस्था पूर्ण रूपमा सुधार नभएको, कतिपय अवस्थामा सरकारले समयमा भुक्तानी

नगर्दा पनि खासगरी निर्माण व्यवसायीहरूले कर्जा भुक्तानी गर्न नसकेको अवस्था छ। तर व्यवसायीहरूलाई थप राहत दिने दृष्टिकोण निर्माण गर्दा जग्गामा उच्च मूल्यमा गरिएको लगानी टिकाउन सहयोग पुग्न कदापि दिनु हुँदैन। मूल्य नघटी जग्गाको बजारमा सुधार आउँदैन। नीतिगत दृष्टिकोण निर्माण गर्दा जग्गाको बजारमुल्य घट्न दबाब दिन आवश्यक छ र जग्गामा हुने सट्टाबजारीलाई नियन्त्रण गरिनुपर्छ। यसको लागि लिइनुपर्ने नीतिगत दृष्टिकोण यसै परिच्छेदको दोस्रो खण्डमा प्रस्तुत गरिएको छ।

९ तसर्थ सरकारी ठेक्काको कामको भुक्तानी समयमा नपाएका कारणले वा व्यापारिक दुश्चक्रका कारणले साँच्चिकै व्यावसायिक संकटमा परेका ऋणीहरूलाई मात्र लक्षित गरी राहत दिन र वित्तीय क्षेत्रको खराब सम्पत्ति व्यवस्थापन गर्न निम्न बमोजिम प्रस्ताव गरिएको छः

(क) कोभिड अगाडि राम्रो अवस्थामा रहेको व्यवसाय अहिले समस्यामा रहेको तर पछि सुधार हुने अवस्था रहेमा, केश हेरिकन एक वर्षसम्म कर्जा पुनरतालिकीकरण गर्न अवसर दिने ।

(ख) सुधार हुन नसक्ने व्यवसायलाई बन्द गरी नयाँ व्यवसाय गर्न सम्भव भएमा एकपटकको लागि कर्जाको पुनरसंरचना गर्ने सुविधा प्रदान गर्ने ।

(ग) धितोले खामेसम्म थप कर्जा प्रवाह गरेर व्यवसाय सञ्चालन हुन सक्ने अवस्था रहेमा एकपटकको लागि सो को व्यवस्था गर्ने ।

(घ) घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैंकिङ् सम्पत्ति बढ्दै गएको सन्दर्भमा त्यस्तो सम्पत्ति लिलाम चाँडो गर्न लगाउने। बैंकहरूले स्वयम् गैरबैंकिङ सम्पत्ति निसर्ग गर्न विलम्ब हुन सक्ने भएकाले त्यस्तो सम्पत्ति व्यवस्थापन गर्न "सम्पत्ति व्यवस्थापन कम्पनी" स्थापना गर्न आवश्यक कानून जारी गर्ने र सार्वजनिक निजी साझेदारीमा यस्तो कम्पनी खडा गर्ने ।

(घ) व्यापारिक उधारो नियमनको प्रबन्ध गर्ने

१० कोभिड-१९ को महामारी विश्वका धेरै मुलुकहरूमा व्यापारिक उधारो बक्यौताको समस्या चर्किएर गएको देखिन्छ। खासगरी साना तथा मझौला व्यवसायहरूले उधारोमा गरेको बिक्री कारोबारको रकम समयमै नउठ्दा वित्तीय संकटमा परेर व्यवसाय नै धराशायी हुन गए। युरोपियन युनियनले सेप्टेम्बर २०२३ मा व्यापारिक उधारोको समस्याबाट साना तथा मझौला व्यवसाय बचाउन सबै सदस्य राष्ट्रमा लागू हुने गरी नयाँ नियम जारी गर्यो। नयाँ नियममा व्यापारिक उधारो ३० दिन भन्दा बढीको लागि दिन पाइँदैन। क्रेता र बिक्रेताबीचको सहमतिमा उधारोको अवधि तय हुनु पर्छ भन्ने मान्यतालाई युरोपियन युनियनले त्याग्नुका पछाडिको तर्क हो, खरिदबिक्रीको कारोबारमा बिक्रेता, खासगरी साना तथा मझौला व्यवसायी, कसरी बिक्री बढाउँ भन्ने मनोवैज्ञानिक दबाबमा हुन्छन् र क्रेता, सामान्यतया ठूला व्यवसायीले, त्यो कमजोरीको फाइदा उठाएर लामो समयको उधारो लिइ छाड्छन्। युरोपियन युनियनले उधारो क्रेताले आफू वित्तीय संस्थाबाट कर्जा लिन योग्य हुने उधारो तिर्न बाँकी रकम तेस्रो पक्षलाई कुनै किसिमले हस्तान्तरण गर्न मनाही गरेको छ। उधारो म्याद भित्र नतिरेमा म्याद नाघेको दिनदेखि दैनिक रूपमा

गणना हुने गरी केन्द्रीय बैंकको सन्दर्भ व्याजदरमा ८ प्रतिशत थप गरी व्याज तिर्नुपर्ने र प्रत्येक उधारो बिल-बीजक बापत कारोबार रकमको आधारमा ५० युरो देखि १५० युरो सम्म हर्जाना तिर्नु पर्ने नियम बनाएको छ।

११ भारतमा भारत सरकारले साना मझौला तथा लघु व्यवसायको हित रक्षा गर्ने भनेर व्यापारिक उधारोको म्याद तीस दिन नाघ्न नहुने र म्यादभित्र क्रेताले भुक्तानी नगरेमा आयकर प्रयोजनका लागि उधारो खरीदको खर्च कट्टा गर्न नपाउने गराएको छ। उधारो भुक्तानी जुन वर्षमा गएर क्रेताले गर्छ त्यही वर्षमा मात्र त्यस्तो खरीद खर्च आम्दानीबाट घटाउन पाइन्छ। भारतीय रिजर्भ बैंकले व्यापारिक उधारो डिस्काउन्ट गर्ने प्रक्रियामा साना मझौला तथा लघु व्यवसायलाई सहज हुने नयाँ व्यवस्था गरेको छ।

१२ व्यापारिक उधारो असुलीको समस्याले नेपालमा पनि धेरै साना तथा मझौला व्यवसाय मात्र होइन ठूला व्यवसाय पनि समस्या परेका छन्। कतिपय साना तथा मझौला व्यवसायको उठीबास नै भएको छ र यसले पनि आर्थिक गतिविधिमा शिथिलता थपेको छ।

१३ व्यापारिक उधारोले अर्थतन्त्रको कार्यकुशलतामा कतिपय अवस्थामा नकारात्मक असर पार्दछ। असीमित उधारो लामो समय उपयोग गर्न पाइने भए पछि क्रेताले आवश्यकता भन्दा बढी समान खरीद गर्छ। जसले गर्दा अनावश्यक रूपमा मौज्दात (इन्भेन्ट्री) रहन जान्छ। अर्कोतिर, अर्कोतिर चालू सम्पत्तिको ठूलो हिस्सा उधारोबाट पूर्ति गर्ने फर्म वा कम्पनीले औपचारिक वित्तीय प्रणालीबाट कर्जा लिनसक्ने सामर्थ्य बनाइरहन्छ। अत्याधिक कर्जाको भारले क्रेता समस्यामा पर्यो भने त्यसले वित्तीय क्षेत्रमा पनि नराम्रो असर पर्दछ।

१४ यसकारण व्यापारिक उधारो नियमन गर्ने र उधारो समयमा असुली हुने वातावरण निर्माण गर्न आवश्यक छ। यसका निमित्त निम्न विशेषता सहितको व्यापारिक उधारो असुली ऐन जारी गर्न प्रस्ताव गरिएको छ (मस्यौदा उधारो असूली विधेयक यसै परिच्छेदको परिशिष्टमा प्रस्तुत छ):

(क) व्यापारिक उधारोको अधिकतम म्याद ३० दिन भन्दा बढी गर्न नपाइने

(ख) म्याद अघि भुक्तान गरेमा नगद छुटको प्रावधान क्रेता र बिक्रेताको सहमतिमा वा बिक्रेताको स्थापित नीति बमोजिम हुने

(ग) म्यादभित्र असुली हुन नसकेमा बिक्रेताले स्थानीय तह वा प्रादेशिक तह वा केन्द्रीय तहको समितिमा उजुरी दिन सक्ने। क्रेता र बिक्रेता दुवै एकै पालिकाभित्र भएमा पालिकास्तरीय समितिमा, क्रेता र बिक्रेता फरक फरक पालिका तर एकै प्रदेशमा भएमा प्रदेशस्तरीय समितिमा र क्रेता र बिक्रेता फरक फरक प्रदेशका पालिकामा भएमा केन्द्रीय स्तरको समितिमा उजुरी दिनु पर्ने व्यवस्था गर्ने

(घ) समितिले क्रेतालाई उधारो तिर्न वा दुई पक्षबीच स्वीकार्य समाधान निकाल्ने छ। यदि समितिको आदेश बमोजिम क्रेताले उधारो भुक्तानी गरेन भने आयकरमा खरीद खर्च कट्टा गर्न नदिन, मूल्य अभिवृद्धि करमा खरीद खर्चको क्रेडिट रोक्न र कर्जा सूचना केन्द्रमा अभिलेख जनाउन समितिले लेख्ने व्यवस्था गर्ने। (यस प्रयोजनका लागि आयकर ऐन र मूल्य अभिवृद्धि ऐनमा संशोधन आवश्यक पर्दछ)।

(ङ) आगामी दुई वर्ष भित्रमा सबै बिक्रेता उधारो क्रेताको साख मुल्यांकन (Credit Score) हेर्नु पर्ने व्यवस्था लागू गर्ने।

(ङ) समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता गर्ने र सहकारी प्रणालीमा भविष्यमा वित्तीय संकट रोक्न आवश्यक सुधार

१५ समस्याग्रस्त सहकारीका बारेमा र समष्टिगत रूपमा सहकारी प्रणालीलाई सुधार गर्न नेपाल सरकारले हालै सहकारी ऐनलाई अध्यादेशद्वारा संशोधन गरेको छ। संशोधनले केही आधारभूत समस्याको हाल गर्छ। तर यसले सहकारीमा बचत फसेका कारणले अर्थतन्त्रमा आएको शिथिलता कम गर्न तत्काल चाल्नु पर्ने कदमबारे मौन बसेको छ। सहकारीमा निक्षेप फसेका कारण धेरै परिवारको क्रयशक्तिमा ह्रास आएको छ र समग्रमा माग पक्ष प्रभावित छ। यसले बैंकिङ प्रणालीमा खराब सम्पत्ति निर्माण हुनमा योगदान गरेको छ।

१६ सहकारीमा भविष्यमा अहिलेको जस्तै समस्या उत्पन्न हुन् नदिन गर्नु पर्ने अत्यावश्यक सुधारका विषयमा पनि अध्यादेश पर्याप्त देखिँदैन। खासगरी सहकारीको आधारभूत सिद्धान्त भनेको "सदस्य सहभागिता" हो। लामो दूरीमा वा ठूलो भौगोलिक क्षेत्रमा सदस्यता विस्तार गर्दा सदस्य र सहकारीको निकटतम सम्बन्ध हुन सक्दैन। सदस्य र सहकारीका बीच दूरी बढी भयो भने **"सहकारीमाथि सदस्यको नियन्त्रण"** कमजोर बन्दछ। सहकारीहरू समस्याग्रस्त बन्नु यो प्रमुख कारण बन्न पुगेको छ। सदस्य र सहकारी बीचको निकटतम सम्बन्ध भएका ग्रामीण र सहरी क्षेत्रका सहकारी अहिले पनि राम्रोसँग नै चलेका छन्।

१७ अध्यादेशले सम्बोधन नगरेको अर्को महत्वपूर्ण विषय बचत तथा ऋण सहकारीको ऋण सम्मिश्रण (लोन पोर्टफोलियो) हो। समस्याग्रस्त बनेका सबै सहकारीले प्रत्यक्ष र परोक्ष रूपमा जग्गामा अत्यधिक लगानी गरेका छन्। एकल कर्जा सीमा कायम गरिएको छैन। एकै व्यक्तिलाई कुल ऋणको ठुलो हिस्सा दिइएको छ। सहकारीका सदस्य कम्पनी बनेका छन् र ऋण पाएका छन्। यी गलत अभ्यासलाई निरन्तरता दिनु भनेको अर्को संकट निम्त्याउनु हो।

१८ समस्याका यी पृष्ठभूमिमा सहकारी समस्या सम्बन्धमा निम्न सुझाव प्रस्तुत छन्:

(क) समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति विक्री गरेर वा ऋण असुली गरेर समय लाग्ने बचत फिर्ता गर्न समय लाग्ने भएकोले तत्काल नेपाल सरकारले पछि सहकारीको सम्पत्तिबाट असुल गर्ने गरी ५ देखि १० अर्ब रुपैया निकासा दिएर ५ लाखभन्दा साना बचतकर्ताको निक्षेप फिर्तामा गर्ने व्यवस्था मिलाउने ।

(ख) बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्र भन्दा बढी हुन नदिने गरी कानुनी व्यवस्था गर्ने।

(ग) सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन् पाउने व्यवस्था गर्ने।

(घ) बचत तथा ऋण सहकारी संस्थाहरूमा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमा (Single Obligor Limit) को कानुनी व्यवस्था गर्ने। तत्कालको लागि एकै व्यक्तिलाई एउटा वा एक भन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल शेयर पुँजीको दश प्रतिशत भन्दा बढी हुन नदिने व्यवस्था गर्ने।

(ङ) बचत तथा ऋण सहकारी संस्थाले आफ्नो प्रयोगका लागि बाहेक बिक्री गर्ने प्रयोजनका लागि जग्गा खरीद गर्न निषेध गर्ने कानुनी व्यवस्था गर्ने।

(च) बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यको आवास विकासको लागी घर-आवास नभएका एक सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल सम्म (१००० वर्ग मिटरसम्म) मात्र जग्गा खरीद गर्न ऋण दिन सक्ने।

(छ) बचत तथा सहकारी संस्थाहरूले एकै उद्देश्य वा क्षेत्रमा कुल ऋण लगानीको २५ प्रतिशत भन्दा बढी गर्न नपाउने र कर्जा-निक्षेप अनुपात अधिकतम ९० प्रतिशत हुन सक्ने गरी कानुनी व्यवस्था गर्ने।

(च) सरकारी पुँजीगत खर्चमा तीव्रता दिने

१९ सरकारी पुँजीगत क्षमता कमजोर रहनाले आर्थिक शिथिलता बढेको छ। निर्माण व्यवसाय र निर्माणजन्य सामग्री उत्पादन गर्ने उद्योगको उत्पादनमा ह्रास आउनुको एउटा कारण कमजोर सार्वजनिक पुँजीगत खर्च क्षमता हो। त्यसकारणः

(क) चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न दश करोड भन्दा बढी रकम विनिजोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रुपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्ने।

(छ) पुनर्निर्माणको लागि आवश्यक परे थप विनियोजन गरी काममा तीव्रता दिने

२० पुनार्निर्माणको काममा तीव्रताले निर्माण सामग्री उत्पादन गर्ने उद्योगको उत्पादनको माग बढ्छ र यसले समग्र बजारलाई सकारात्मक प्रभाव पार्दछ। जाजरकोट क्षेत्रमा गत आर्थिक वर्षमा भूकम्पले क्षतिग्रस्त भौतिक संरचनाहरू र निजी आवाशीय घरहरूको निर्माण र गत असोजमा आएको बाढीले क्षतिग्रस्त स्थानीय तहका पूर्वाधारहरूको पुनर्निर्माणको काममा तीव्रता दिने।

(ज) जग्गा प्राप्तिको प्रक्रिया टुंगिएर मुआब्जा वितरण बाँकी रकम भुक्तानी गर्ने

२१ माथि नै भनिएको छ आवास प्रयोजनका जग्गामा अत्यधिक लगानी गएको छ र जग्गाको मूल्य उच्च छ। बजारमा मूल्य सुधार हुनै पर्छ। साथै, यो बजारले सामान्य गति नसमातेसम्म बैंकिङ प्रणालीमा बढ्दै गरेको खराब सम्पत्तिमा सुधार आउने सम्भावना कमै रहन्छ। त्यसकारण जग्गाको बजारमा अतिरिक्त तरलता प्रवाह गर्ने प्रभावकारी मध्यमको खोजी गर्नु आवश्यक छ। यसका लागि सरकारले अधिग्रहण गर्न आवश्यक ठहऱ्याएको वा अधिग्रहणको प्रक्रिया टुंगो लगेर भुक्तानी मात्र दिन बाँकी रहेको वा

अधिग्रहण प्रक्रिया अल्झिएर बसेका विषयहरू चांडो टुंगो लगाई मुआब्जा वितरणमा तीव्रता दिन सकिएमा यसले मुआब्जा पाउने परिवारहरूले त्यस्तो आम्दानी प्रयोग गरेर जग्गा खरीद गर्न खोज्ने छन्। जसले गर्दा जग्गा बजारमा तरलता बढ्न सक्छ र आर्थिक शिथिलता कम गर्न मद्दत पुग्छ। त्यसकारण निम्न सुझाव प्रस्तुत गरिएको छः

(क) जग्गा प्राप्तीको प्रक्रिया चाँडो सकेर मूआव्जा वितरणलाई तीव्रता दिने।

(झ) स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने पर्यटकको यात्रा सहज बनाउने

२२ सन् २०२४ को ११ महिनामा नेपालमा १० लाख ५७ हजार पर्यटक आएका छन्, जसमध्ये १ लाख ११ हजार विभिन्न स्थलमार्ग हुँदै प्रवेश गरेका हुन्। स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकहरू मध्ये धेरैजसो आफ्नै सवारीसाधन लिएर प्रवेश गर्छन्। भारतीय मोबाइल वालेट वा अन्य डिजिटल भुक्तानी नेपालमा स्वीकार्य हुन थालेको छ। तथापि कारोबार सहजताका लागि भारतीय नागरिकहरूले भारतीय मुद्रा लिएर नेपाल आउँछन्।

२३ कतिपय सीमा क्षेत्रमा भारतीयका भारतीय परिवार आफ्नो वैवाहिक कार्यक्रम गर्न नेपालका पर्यटकीय क्षेत्रमा आउन रुचाउँछन्। वैवाहिक कार्यक्रममा आउँदा आफ्नो परम्परा अनुरूपको गहना र कपडा ल्याउनु स्वाभाविक हो।

२४ सीमा क्षेत्रका भारतीयहरू मात्र नभएर भारतका विभिन्न प्रदेशबाट आफ्नै सवारीसाधन लिएर नेपालका पर्यटकीय गन्तव्यहरूमा आउने गर्छन्। आफ्नै सवारीसाधन लिएर आउने पर्यटकका कारण राजमार्ग क्षेत्रका होटेल तथा पर्यटन व्यवसायीले आफ्नो व्यापार विस्तार भएको बताउँछन्। वैवाहिक कार्यक्रमका लागि वा मनोविनोदका लागि आफ्नो सवारीसाधन लिएर आउने भारतीय पर्यटकहरू ठाउँ ठाउँमा झमेला हुने हुँदा यस्ता पर्यटक बढ्न नसकेकाले आफ्नो व्यवसाय प्रभावित भएको वा सोचे अनुरूपको वृद्धि हुन नसकेको भन्ने सम्बन्धित व्यवसायी तथा स्थानीय उद्योग वाणिज्य संघहरूको धारणा रहेको छ।

२५ विदेशी पर्यटक नेपाल प्रवेश गर्दा विदेशी मुद्रा, सुन चाँदीका गहना, लत्ताकपडा र आफ्नै सवारी साधनका सम्बन्धमा प्रचलित कानुनी व्यवस्था निम्नानुसार रहेको छः

(ख) भन्सार ऐनको दफा ९(३) बमोजिम जारी गरिएको कार्यविधिले विदेशी मुद्राको सम्बन्धमा अमेरिकी डलर ५००० भन्दा बढी नगद ल्याएमा भन्सार कार्यालयमा घोषणा गर्नु पर्ने व्यवस्था गरेको छ। अमेरिकी डलर ५००० बराबरको परिवर्त्य मुद्रा ल्याउन आपत्ति रहेको देखिँदैन।

(ग) सोही कार्यविधिले कुनै विदेशी यात्रुले सुनको गहना ५० ग्रामसम्म र चाँदीका गहना १०० ग्रामसम्म ल्याउन सक्छन्। त्यो भन्दा बढी ल्याएमा भन्सार कार्यालयमा डिपोजिट राखेर पछि नेपाल बाहिर फर्किंदा भन्सार कार्यालयले फिर्ता दिनु पर्ने व्यवस्था गरेको छ। यदि विदेशी यात्रुले उपरोक्त परिमाण भन्दा बढीको गहना आफैसँग लैजान चाहेमा गहनाको मुल्यको २० प्रतिशत रकम धरौटी राखी लैजान सक्छन र पछि फर्कंदा लगेको परिमाण जस्ताको तस्तै रहे पुरै धरौटी फिर्ता दिनु पर्ने व्यवस्था छ।

(घ) प्रदेश सरकारहरूले विदेशमा दर्ता भएका सवारीसाधन आफ्नो प्रदेशमा प्रवेश गर्दा साना तथा मझौला सवारी साधनमा दैनिक शुल्क लगाउने गरेका छन्। उदाहरणका लागि लुम्बिनी प्रदेशले साना तथा मझौला सवारीसाधनलाई दैनिक रु. ५०० सम्म र गण्डकी प्रदेशले दैनिक रु. २,००० सम्म बाटो इजाजत दस्तुर लगाउँछन्। सङ्घीय ऐन बमोजिम साना मझौला सवारीको अस्थायी पैठारीमा दैनिक रु. ६०० भन्सार लाग्छ।

२६ स्थलमार्गबाट आउने भारतीय पर्यटकका सम्बन्धमा निम्न समस्या रहेको नेपाली पर्यटन व्यवसायीहरूले बताउँछन्, जुन स्थलगत अवलोकनबाट पनि पुष्टि हुन्छ।

(क) भारतीय पर्यटकहरूले भन्सार ऐन बमोजिम तोकिएको सीमासम्म परिवर्त्य मुद्रा ल्याउन दिइँदैन। खान तलासी गरिन्छ र जफत गरिन्छ। नगद जफत भएका भारतीय पर्यटकले नेपालको बारेमा नकारात्मक धारणा निर्माण गर्छन् जसले पर्यटन प्रभावित हुन्छ।

(ख) वैवाहिक प्रयोजनका लागि गहना ल्याएका समूहको गहना जफत गरिन्छ। मूल्यको २० प्रतिशत धरौटी राखेर वैवाहिक प्रयोजनका लागि लैजान दिइँदैन।

(ग) भारतीय नम्बर प्लेटको सवारीसाधनलाई राजमार्ग यात्राको क्रममा ठाउँ ठाउँमा रोकेर सोधपुछ गरिन्छ।

२७ यसमा सुधारका लागि निम्न सुझाव प्रस्तुत गरिएको छ।

(क) भारतीय पर्यटकलाई भन्सार ऐन बमोजिम तोकिएको सीमाभित्र परिवर्त्य मुद्रा ल्याउन नरोक्ने।

(ख) वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाहको प्रयोजनका लागि ल्याउने सामान घोषणा गर्ने, धरौटी लिने र विवाह सकेर फर्कंदा धरौटी फिर्ता दिने कार्यविधि सरलीकरण गर्ने।

(ग) नेपाल सरकार र प्रदेश सरकारहरूले तोकेका सवारीसाधन कर प्रवेश नाकामा एकै पटक असुली गर्ने र तिरेको करको विवरण र अवधि खुलेको स्टिकर साधनमा बाहिरैबाट देखिने गरी टाँस्न लगाउने। यस्तो स्टिकर भएको सवारीसाधनलाई राजमार्गमा जहाँ पायो त्यहीं नरोक्ने। निर्बाध गन्तव्यमा पुग्न दिने। यदि कुनै शंका लागेमा प्रहरीले सूचना प्रणाली प्रयोग गरी अनुगमन गर्ने र सोधपुछ गर्न आवश्यक देखिए गन्तव्यमा पुगे पछि मात्र गर्ने।

२८ अन्तरिम प्रतिवेदनमा दिइएका सुझावहरूको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र सं	सुझाव
१.	निर्माण व्यवसायीहरूको भुक्तानी दिन बाँकी रकम सम्बन्धमा (क) ठेक्का बमोजिम काम सम्पन्न गरेका निर्माण व्यवसायीको भुक्तानी २०८१ माघ मसान्त भित्र गर्ने । (ख) ठेक्का बमोजिम निर्माण सम्पन्न गरी बिल पेश गर्न बाँकी निर्माण व्यवसायीहरूलाई एक हप्ताको समय दिएर बिल पेश गर्न लगाई २०८१ माघ मसान्त भित्र भुक्तानी गर्ने । (ग) विवाद रहेका निर्माण कार्य र सो को भुक्तानीको सम्बन्ध अर्थ मन्त्रालयको सहसचिवको नेतृत्वमा अन्तर मन्त्रालय समिति बनाई छानबिन गरी भुक्तानी गर्ने । (घ) कानून विपरीत ठेक्का लगाई दायित्व सिर्जना भएको हक त्यस्तो ठेक्का लगाउने र सो गर्न लगाउने व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने।

	(ङ) चालू आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न कामहरूको भुक्तानीलाई प्राथमिकता दिने । (च) आर्थिक वर्षको अन्तमा गएर गर्ने भुक्तानी गर्ने प्रवृत्ति कम गर्न काम सम्पन्न भएर बिल-बीजक जारी गरेको १५ दिन भित्र भुक्तानी गर्ने । (छ) बहुवर्षिय ठेक्का लागेर सिर्जित दायित्व पुरा गरेर बजेट उपलब्ध हुन सक्ने भएमात्र नयाँ आयोजनाहरू आउने वर्षको बजेटमा राख्ने।
२	सरकारी प्रतिवद्धताका अन्य वक्यौता रकम भुक्तानी सम्बन्धमा (क) हालसम्मको तिर्न बाँकी सबै खालको अनुदान रकम २०८१ माघ मसान्त भित्र भुक्तानी गर्ने । (ख) चालू आर्थिक वर्षमा नयाँ आयोजना तथा नयाँ ठेक्का नलगाई तिर्न बाँकी अनुदान भुक्तानी गरी राफसाफ गर्ने । (ग) राजस्व परिचालनको वृद्धिदर कम रही सरकारी वित्तमा परेको दबाबको स्थिति रहेकोले आगामी केही वर्ष यस्ता अनुदान कार्यक्रम स्थगन गर्ने ।सीमान्तकृत किसानहरूको लागि मात्र व्याज र बीमा अनुदान सञ्चालन गर्ने । (घ) यस्ता अनुदान उपयोग गर्ने लाभग्राहीहरूको अनुगमन गरी दुरुपयोग गर्नेहरूबाट दिएको सुविधा व्याजसहित असुली गर्ने । (ङ) यस्ता अनुदानले उत्पादन र रोजगारीमा पारेको प्रभावको आधारमा नयाँ ढङ्गबाट केही वर्ष पछि स्रोतको उपलब्धताको आधारमा मात्र शुरू गर्ने । सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान कार्यक्रममा पुनरावलोकन गर्ने। (च) स्वास्थ्य बीमाको प्रिमियम बढाउने (रु. ५ हजार बनाउने) र २० प्रतिशत को पे (Co-pay) को व्यवस्था गर्ने। हालसम्म तिर्न बाँकी स्वास्थ्य बीमाको रकम छानबिन गरी २०८१ फागुन भित्र भुक्तानी गर्ने।
३	वास्तविक समस्याग्रस्त ऋणीहरूका सम्बन्धमा (क) कोभिड अगाडि राम्रो अवस्थामा रहेको व्यवसाय अहिले समस्यामा रहेको तर पछि सुधार हुने अवस्था रहेमा, केश हेरिकन एक वर्षसम्म कर्जा पुनरतालिकीकरण गर्न अवसर दिने । (ख) सुधार हुन नसक्ने व्यवसायलाई बन्द गरी नयाँ व्यवसाय गर्न सम्भव भएमा एकपटकको लागि कर्जाको पुनरसंरचना गर्ने सुविधा प्रदान गर्ने । (ग) धितोले खामेसम्म थप कर्जा प्रवाह गरेर व्यवसाय सञ्चालन हुन सक्ने अवस्था रहेमा एकपटकको लागि सो को व्यवस्था गर्ने । (घ) घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैंकिङ् सम्पत्ति बढ्दै गएको सन्दर्भमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानून जारी गर्ने र सार्वजनिक निजी साझेदारीमा यस्तो कम्पनी खडा गर्ने ।
४	व्यापारिक उधारो नियमन सम्बन्धमा (क) व्यापारिक उधारोको अधिकतम म्याद ३० दिन भन्दा बढी गर्न नपाइने। (ख) म्याद अघि भुक्तान गरेमा नगद छुटको प्रावधान क्रेता र बिक्रेताको सहमतिमा वा बिक्रेताको स्थापित नीति बमोजिम हुने। (ग) म्यादभित्र असुली हुन नसकेमा बिक्रेताले स्थानीय तह वा प्रादेशिक तह वा केन्द्रीय तहको समितिमा उजुरी दिन सक्ने। क्रेता र बिक्रेता दुवै एकै पालिकाभित्र भएमा पालिकास्तरीय समितिमा, क्रेता र बिक्रेता फरक फरक पालिका तर एकै प्रदेशमा भएमा प्रदेशस्तरीय समितिमा र क्रेता र बिक्रेता फरक फरक प्रदेशका पालिकामा भएमा केन्द्रीय स्तरको समितिमा उजुरी दिनु पर्ने व्यवस्था गर्ने। (घ) समितिले क्रेतालाई उधारो तिर्न वा दुई पक्षबीच स्वीकार्य समाधान निकाल्ने छ। यदि समितिको आदेश बमोजिम क्रेताले उधारो भुक्तानी गरेन भने आयकरमा खरीद खर्च कट्टा गर्न नदिन, मूल्य अभिवृद्धि करमा खरीद खर्चको क्रेडिट रोक्न र कर्जा सूचना केन्द्रमा अभिलेख जनाउन समितिले लेख्ने व्यवस्था गर्ने। (यस प्रयोजनका लागि आयकर ऐन र मूल्य अभिवृद्धि ऐनमा संशोधन आवश्यक पर्दछ)।

	(ङ) आगामी दुई वर्षभित्रमा सबै बिक्रेताले उधारो क्रेताको साख मूल्याङ्कन (Credit Score) हेर्नु पर्ने व्यवस्था लागू गर्ने।
५	समस्याग्रस्त सहकारी सम्बन्धमा (क) समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति विक्री गरेर वा ऋण असुली गरेर समय लाग्ने निक्षेप फिर्ता गर्न समय लाग्ने भएकोले नेपाल सरकारले पछि सहकारीको सम्पत्तिबाट असुल गर्ने गरी तत्काल ५ देखि १० अर्ब रुपैयाँ निकासा दिएर ५ लाखभन्दा साना बचतकर्ताको निक्षेप फिर्तामा गर्ने व्यवस्था मिलाउने । (ख) बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्र भन्दा बढी हुन नदिने गरी कानुनी व्यवस्था गर्ने। (ग) सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन् पाउने व्यवस्था गर्ने। (घ) बचत तथा ऋण सहकारी संस्थाहरूमा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमा (Single Obligor Limit) को कानुनी व्यवस्था गर्ने। तत्कालको लागि एकै व्यक्तिलाई एउटा वा एक भन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल शेयर पुँजीको दश प्रतिशत भन्दा बढी हुन नदिने व्यवस्था गर्ने। (ङ) बचत तथा ऋण सहकारी संस्थाले आफ्नो प्रयोगका लागि बाहेक बिक्री गर्ने प्रयोजनका लागि जग्गा खरीद गर्न निषेध गर्ने कानुनी व्यवस्था गर्ने। (च) बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यको आवास विकासको लागी घर-आवास नभएका एक सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल सम्म (१००० वर्ग मिटरसम्म) मात्र जग्गा खरीद गर्न ऋण दिन सक्ने (छ) बचत तथा सहकारी संस्थाहरूले एकै उद्देश्य वा क्षेत्रमा कुल ऋण लगानीको २५ प्रतिशत भन्दा बढी गर्न नपाउने र कर्जा-निक्षेप अनुपात अधिकतम ९० प्रतिशत हुन सक्ने गरी कानुनी व्यवस्था गर्ने।
६	चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न दश करोड भन्दा बढी रकम विनिजोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्ने।
७	जाजरकोट भूकम्प र असोज २०८१ को बाढीबाट क्षति भएका स्थानहरूमा पुनर्निर्माणको काममा तीव्रता दिने।
८	सरकारले जग्गा प्राप्तिको कारबाही चलाएका वा प्रक्रिया टुंगो लागेका जग्गाको मुआवजा वितरणमा तीव्रता दिने।
९	स्थलमार्गबाट आउने पर्यटकलाई सहजीकरण गर्नेः (क) भारतीय पर्यटकलाई भन्सार ऐन बमोजिम तोकिएको सीमाभित्र परिवर्त्य मुद्रा ल्याउन नरोक्ने। (ख) वैवाहिक पर्यटनलाई प्रोत्साहन गर्न विवाहको प्रयोजनका लागि ल्याउने सामान घोषणा गर्ने, धरौटी लिने र विवाह सकेर फर्कंदा धरौटी फिर्ता दिने कार्यविधि सरलीकरण गर्ने। (ग) नेपाल सरकार र प्रदेश सरकारहरूले तोकेका सवारीसाधन कर प्रवेश नाकामा एकै पटक असुली गर्ने र तिरेको करको विवरण र अवधि खुलेको स्टिकर साधनमा बाहिरैबाट देखिने गरी टाँस्न लगाउने। यस्तो स्टिकर भएको सवारीसाधनलाई राजमार्गमा जहाँ पायो त्यहिँ नरोक्ने। निर्वाध गन्तव्यमा पुग्न दिने। यदि कुनै शंका लागेमा प्रहरीले सूचना प्रणाली प्रयोग गरी अनुगमन गर्ने र सोधपुछ गर्न आवश्यक देखिए गन्तव्यमा पुगे पछि मात्र गर्ने।

परिच्छेद ४ को परिशिष्ट

प्रस्तावित उधारो असुली ऐनको मस्यौदा

व्यापारिक उधारो असुली ऐन २०८१

प्रस्तावना: नियमित व्यावसायिक गतिविधिको क्रममा हुने उधारो कारोबारमा अनुशासन कायम गरी अर्थतन्त्रमा उधारो कारोबारले हुने लाभ संरक्षण गर्न र यसबाट हुने हानी न्यूनीकरण गर्न, साना तथा मझौला उद्योगीहरूको आर्थिक सुरक्षा गर्न वाञ्छनीय भएकोले संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) "व्यापारिक उधारो असुली ऐन, २०८१" छ।

(२) यो ऐन जारी भएको मितिदेखि लागू हुनेछ

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "उधारो" भन्नाले कुनै वस्तु वा सेवा बिक्रेतालाई मूल्य तोकी हस्तान्तरण गर्दा बिक्री मूल्यको रकम तत्काल प्राप्त नभई भविष्यमा प्राप्त हुने बिक्री मूल्य सम्झनु पर्छ।

ख) "बिक्रेता" भन्नाले कुनै वस्तु वा सेवा बिक्री गर्ने उद्योग, कम्पनी, फर्म वा व्यक्ति सम्झनुपर्छ।

ग) "क्रेता" भन्नाले कुनै वस्तु वा खरीद गर्ने उद्योग, कम्पनी, फर्म वा व्यक्तिलाई सम्झनु पर्छ।

घ) "वस्तु" भन्नाले उपभोग वा औद्योगिक प्रशोधन गर्नका लागि बिक्री गर्न राखिएको सामग्री बुझ्नु पर्छ। यो शब्दले खरीद-बिक्री हुन् सक्ने चल वा अचल सम्पत्ति समेत लाई जनाउने छ।

ङ) "सेवा" भन्नाले व्यक्तिगत श्रम, ज्ञान, सीप, र प्रविधिको प्रयोग गरी क्रेताको आवश्यकता वा सन्तुष्टि पुरा गर्ने काम सम्झनु पर्छ।

च) "समिति" भन्नाले यस ऐनको दफा १०(क) वा दफा १०(ख) वा दफा १०(ग) बमोजिम बनेको "व्यापारिक उधारो असुली समिति" सम्झनु पर्छ।

परिच्छेद २

वस्तु वा सेवा खरीद बिक्री सम्बन्धी व्यवस्था

३. **वस्तु वा सेवा बिक्री सम्बन्धी करार भएको मानिने**: (१) कुनै बिक्रेताले मूल्य तोकी कुनै वस्तु वा सेवा क्रेतालाई तत्काल हस्तान्तरण गर्न वा भविष्यमा हस्तान्तरण गर्न मन्जुर भएको बिक्रेता र क्रेता बीच भएको बिल बीजकलाई वस्तु बिक्री सम्बन्धी करार भएको मानिन्छ।

(२) यदि वस्तु वा सेवामा प्रचलित कानून बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने रहेछ भने उपदफा (१) बमोजिम जारी गरिएको बिल बीजक मूल्य अभिवृद्धि कर ऐनले तोके बमोजिम हुनु पर्छ र बिक्रेता तथा क्रेताको आयकरको स्थायी लेखा नम्बर खुलेको हुनु पर्छ।

४. **<u>वस्तु तथा सेवाको मूल्य निर्धारणः</u>** (१) वस्तु वा सेवाको मूल्य बिक्रेता र क्रेता बीच सहमतिको आधारमा तय हुन सक्नेछ।

(२) बिल बीजकमा प्रति इकाई मूल्य र कुल मूल्य स्पष्ट खुलेको हुनु पर्छ।

(३) बिल बीजकमा कुल मूल्य अंक र अक्षरमा उल्लेख गरिएको हुनुपर्छ।

(४) यदि प्रति इकाई मूल्य र बिक्री परिमाणको योगफल गणना गर्दा बिल बीजकमा उल्लेख गरिएको कुल मूल्य फरक पर्यो वा कुल मूल्य अंक र अक्षरमा फरक पर्यो भने अक्षरमा लेखिएको कुल मूल्यलाई मान्यता दिइने छ।

५. **<u>क्रेताले वस्तु वा सेवाको यकिन गर्नुपर्ने</u>**ः (१) बिक्री भएको वस्तु वा सेवा क्रेता समक्ष पुर्याइएकोमा क्रेताले त्यस्तो वस्तु वा सेवा करार बमोजिम भए वा नभएको जाँच गरी यकिन गर्न पाउने छ। क्रेताले वस्तु वा सेवाको यकिन सात दिन भित्र गरी सक्नुपर्ने छ।

(२) यदि वस्तु वा सेवा बिल बीजक बमोजिम भएको नपाएमा क्रेताले बिक्रेतालाई जानकारी गराई वस्तु वा सेवा प्राप्त भएको सात दिनभित्र फिर्ता गर्नु पर्ने छ।

(३) निम्न अवस्था भएमा क्रेताले वस्तु वा सेवा बुझिलिएको मानिनेछः

(क) क्रेता वा निजको प्रतिनिधिले वस्तु वा सेवा बुझिलिएमा।

(ख) वस्तु वा बुझेको जनाई भरपाई गरिदिएमा

(ग) उपदफा (२) मा तोकिएको म्यादभित्र वस्तु वा सेवा यकिन गरी फिर्ता नगरेको वा सेवा उपभोग गरेकोमा

(घ) वस्तु वा सेवामा क्रेताको स्वामित्व वा नियन्त्रण रहेको पुष्टि गर्ने कुनै काम क्रेताबाट भएमा

६. **<u>वस्तु वा सेवाको मूल्य चुक्ता गर्नुपर्ने</u>**ः (१) बिल बीजकमा वा बिक्रेता र क्रेताबीच भएको करारमा अन्यथा व्यवस्था गरिएको अवस्थामा बाहेक क्रेताले आफुले खरीद गरेको वस्तु वा सेवाको मूल्य बिक्रेतालाई वस्तु वा सेवा खरीद गर्दाका बखत वा हस्तान्तरण गर्दाका बखत नै चुक्ता गर्नुपर्ने छ।

(२) वस्तु वा सेवाको मूल्य भुक्तानी बेकिङ् प्रणाली वा विद्युतीय माध्यमबाट गर्नुपर्ने छ।

(३) क्रेताले वस्तु वा सेवाको मूल्य अग्रिम भुक्तानी गर्न सक्ने छ। यदि वस्तु वा सेवा बिक्री गरी बिल बीजक बनाउने बेला अग्रिम भुक्तानीको रकम नपुग भएमा नपुगेको रकम जति क्रेताले वस्तु वा सेवा बुझिलिने

बेलामा भुक्तानी गर्नु पर्ने छ। यदि अग्रिम भुक्तानीको रकम बिल बीजकमा उल्लेख भएको रकम भन्दा बढी भएमा बढी भएको रकम वस्तु वा सेवा बुझाउने बेलमा बिक्रेताले क्रेतालाई फिर्ता गर्नुपर्ने छ।

(४) बिक्रेता र क्रेताबीच सहमति भई बिक्रेताले क्रेतालाई बिक्री भएको वस्तु वा सेवाको बिल बीजकमा उल्लेख भएको रकम पछि भुक्तानी गर्ने गरी उधारो दिन सक्ने छ।

(५) उपदफा (४) बमोजिम बिक्रेताले उधारो दिँदा वस्तु वा सेवा क्रेताले बुझेको मितिका दिन देखि गणना हुने गरी अधिकतम ३० दिनको म्याद दिन सक्नेछ।

(६) बिक्रेताले बिल बीजकमा उधारोको म्याद पुग्ने मिति र म्याद भन्दा अगाडि भुक्तानी गरेमा नगद छुट (डिस्काउन्ट) दिन चाहेको हो भने सो को प्रतिशत उल्लेख गर्नु पर्ने छ।

परिच्छेद ३

वस्तु वा सेवाको उधारो कारोबारको भुक्तानी

७. **उधारो कारोबारको भुक्तानी**: (१) क्रेताले बिल बीजकमा उल्लेख भएको म्यादभित्र उधारो रकम भुक्तानी गर्नु पर्ने छ। यदि बिल बीजकमा उल्लेख भएको म्यादभन्दा अगाडी भुक्तानी गरेमा बिल बीजकमा नगद छुटको प्रावधान भए त्यस्तो छुट क्रम कटाएर क्रेताले भुक्तानी गर्नुपर्ने छ।

(२) उधारो भुक्तानी गर्दा दफा ६(२) मा उल्लेख भएको विधि अनुसार गर्नु पर्ने छ।

८. **बक्यौता उधारोमा व्याज लिन पाउने**: (१) बिल बीजकमा उल्लेख भएको म्यादभित्र क्रेताले उधारो भुक्तानी नगरेमा बिक्रेताले त्यसरी म्याद नाघेको दिनको भोलिपल्ट देखि बक्यौता रकममा व्याज लिन पाउने छ।

(२) उपदफा (१) बमोजिम बिक्रेतामा व्याज लगाउँदा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको तत्काल प्रचलित बैंक दरमा चार प्रतिशत थप गरी वार्षिक व्याज दर प्रयोग गर्न पाउने छ।

९. **बिक्रेताले समितिमा उजुरी गर्न सक्ने उजुरी गर्न सक्ने**: (१) वक्यौता उधारो क्रेताले बिक्रेतालाई उधारोको म्याद नाघेको मितिले तीस दिन भित्र व्याज सहित भुक्तानी नगरेमा बिक्रेताले समितिमा उधारो बिक्री कारोबारको प्रमाण संलग्न राखी उजुरी गर्न सक्ने छ।

(२) यदि क्रेता र बिक्रेताको मुख्य कारोबार रहेको स्थान एकै नगरपालिका वा गाउँपालिकाभित्र छ भने बिक्रेताले सम्बन्धित पालिकाको समितिमा उजुरी गर्न सक्ने छ।

(३) यदि क्रेता र बिक्रेताको मुख्य कारोबार रहेको स्थान एकै प्रदेशभित्रको फरक फरक नगरपालिका वा गाउँपालिकामा छ भने बिक्रेताले सम्बन्धित प्रदेशको समितिमा उजुरी गर्न सक्ने छ।

(४) यदि क्रेता र बिक्रेताको मुख्य कारोबार रहेको स्थान फरक फरक प्रदेशका नगरपालिका वा गाउँपालिकामा छ भने बिक्रेताले उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालयमा रहेको केन्द्रीय समितिमा उजुरी गर्न सक्ने छ।

१०. **<u>व्यापारिक उधारो असुली समिति सम्बन्धी व्यवस्था</u>**: (१) केन्द्रीय तहमा वाणिज्य, आपूर्ति तथा उपभोका संरक्षण विभागमा सचिवालय रहने गरी देहाय बमोजिमको व्यापारिक उधारो असुली केन्द्रीय समिति रहने छः

(क) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक -------अध्यक्ष
(ख) आन्तरिक राजस्व विभागका उपमहानिर्देशक ----------सदस्य
(ग) नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि----------सदस्य

(२) प्रदेश तहमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा सचिवालय रहने गरी देहाय बमोजिमको व्यापारिक उधारो असुली प्रादेशिक समिति रहने छः

(क) आर्थिक मामिला तथा योजना मन्त्रालयका सहसचिव----------अध्यक्ष
(ख) प्रदेश सदरमुकाममा रहेको आन्तरिक राजस्व कार्यालय प्रमुख ---------सदस्य
(ग) प्रदेश-स्तरीय उद्योग वाणिज्य महासंघका प्रतिनिधि----------सदस्य

(३) पालिका तहमा सम्बन्धित पालिकामा सचिवालय रहने गरी देहाय बमोजिमको व्यापारिक उधारो असुली पलिकास्तरीय समिति रहने छः

(क) सम्बन्धित पालिकाका उप-प्रमुख ----------अध्यक्ष
(ख) पालिकाका कार्यकारी प्रमुख ----------सदस्य
(ग) स्थानीय उद्योग वाणिज्य संगठनका प्रतिनिधि----------सदस्य

११. **<u>व्यापारिक उधारो असुली समितिको काम कर्तव्य र अधिकार</u>**: (१) समितिले उजुरी प्राप्त भएको तीन दिनभित्र सम्बन्धित क्रेतालाई उधारो र सो मा लागेको व्याज सहितको रकम भुक्तानी गर्न आदेश गर्नेछ।

(२) समितिले आदेश दिएको सात दिन भित्र पनि क्रेताले विक्रेतालाई रकम भुक्तानी नगरेमा समितिले क्रेतालाई बोलाई सोधपुछ गर्न सक्नेछ।

(३) समितिले सोधपुछको लागि बोलाउँदा क्रेता अनुपस्थित भएमा स्थानीय प्रहरी लगाएर उपस्थित गराउने छ।

(४) उपदफा (३) बमोजिम सोधपुछ गरे पछि पनि क्रेताले उधारो भुक्तानी गर्न आलटाल गरेमा समितिले क्रेताको कारोबार रहेको स्थान कार्यक्षेत्र भएको आन्तरिक राजस्व कार्यालयलाई क्रेताले उधारो खरीद गरेको

रकम आयकर प्रयोजनका लागि खर्च कट्टी गर्न नदिने र मूल्य अभिवृद्धि कर प्रयोजनका लागि सो रकमको क्रेडिट मिलान गर्न नदिने कारबाही गर्न लेख्ने छ।

(५) समितिले आदेश गरे बमोजिम उधारो भुक्तानी नगर्ने क्रेताको विवरण कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउने छ।

१२. **समितिको आदेश मान्नुपर्ने**: (१) नेपाल प्रहरी, स्थानीय प्रशासन, आन्तरिक राजस्व कार्यालयहरू र कर्जा सूचना केन्द्रले समितिले दिएको आदेशको पालना गर्नु पर्ने छ।

१३. **उधारो लिने व्यक्ति वा निकायले साख मूल्याङ्कन गराउनु पर्ने**: (१) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उधारो कारोबार गर्ने वा बैंक तथा वित्तीय संस्थाबाट कर्जा माग गर्ने प्रत्येक व्यक्ति वा निकायलाई कानूनद्वारा अनुमति प्राप्त साख मूल्याङ्कन गर्ने संस्थाबाट साख मूल्याङ्कन गराउन अनिवार्य गर्न सक्ने छ।

१४. **उधारो बिक्री गर्दा क्रेताको साख मूल्याङ्कन हेर्नुपर्ने**: (१) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी साख मूल्याङ्कन अनिवार्य गराएको मिति पछि विक्रेताले उधारो बिक्री गर्नु अघि क्रेताको साख मूल्याङ्कन अनिवार्य रूपमा हेर्नु पर्ने।

परिच्छेद ६

आर्थिक नीतिहरू

विषय प्रवेश

१ नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्तहरूमा आर्थिक नीतिको उद्देश्य यस प्रकार उल्लेख गरेको छः "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धीहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।"

२ संविधानले हासिल गर्न चाहेको उपरोक्त आर्थिक उद्देश्यका लागि अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति, कृषि र भूमिसुधार सम्बन्धी नीति, विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति र पर्यटन सम्बन्धी नीतिहरू संविधानमै उल्लेख छ।

३ संविधानले कतिपय आर्थिक विषयलाई नागरिकको मौलिक हक मानेको छ। प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्न, पेशा रोजगार गर्न र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको हक छ। प्रत्येक नागरिकलाई कानुनी रूपले सिर्जना, आर्जन वा प्राप्त गरेको सम्पत्तिको भोग गर्ने हक छ। प्रत्येक नागरिकलाई रोजगारी तथा रोजगारीको छनौट गर्न र श्रमिकलाई उचित श्रम अभ्यास पाउने हक छ। आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक छ। ज्येष्ठ नागरिकलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक, आवासको हक, खाद्य सम्प्रभताको हक छ। आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने र आधारभूत शिक्षामा पहुँचको हक छ।

४ समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य हासिल गर्न उपयुक्त आर्थिक नीति अवलम्बन गरिएन कि भन्ने प्रश्न अहिले उठेको देखिन्छ। कतिपय आर्थिक नीतिले संवैधानिक परिकल्पनाको विपरित परिणाम ल्याएको कि जस्तो उपलब्ध तथ्यहरूले संकेत गर्छन्। कतिपयले आर्थिक नीतिमा नै स्पष्टता भएन भनेर टिप्पणी गर्छन्।

५ समग्र आर्थिक विकास सम्बन्धी नीति ठिक भएर मात्र पुग्दैन। समष्टिगत आर्थिक स्थायित्व हुन सकेन भने अर्थतन्त्र कुशल हुन सक्दैन। अनिश्चय र अस्थिरताको वातावरणमा व्यवसाय सञ्चालन गर्न गाह्रो हुन्छ र दिगो तथा समावेशी विकास हुन सक्दैन। त्यसैले यस परिच्छेदमा समग्र आर्थिक विकाससम्बन्धी नीतिका अतिरिक्त मौद्रिक नीति, व्याजदर, मुद्रास्फीति र विनिमय दरका बारेमा चर्चा गारिएको छ।

स्थिति विश्लेषण

६ संविधानले परिकल्पना गरे बमोजिम सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताको विषयमा कमजोरीहरू प्रकट भएका छन्। सार्वजनिक क्षेत्रको कार्यसम्पादन कमजोर छ। सार्वजनिक प्रशासन सहजकारी र सहयोगी हुन नसक्दा निजी क्षेत्रले आफ्नो क्षमता पूर्ण रुपमा उपयोग गर्न सकेको छैन। सहकारी क्षेत्र सहकारी भावना विमुख र सुशासन विहिन हुँदा समस्याग्रस्त देखिएको छ। कमजोर नियमनले गर्दा निजी र सहकारी क्षेत्रमा विकृतिहरू फस्टाएका छन्।

७ २०५१ सालदेखि ग्रामीण क्षेत्रको विकासका लागि स्रोत विनियोजन क्रमशः बढ्दै गयो। सङ्घीयता कार्यान्वयन पछि ग्रामिण क्षेत्रमा जाने आर्थिक स्रोत अझै बढेको छ। तर यही ३० वर्षको अवधिमा आन्तरिक बसाईँसराइको दर उच्च रहेको छ। २०२८ सालमा ६ प्रतिशत मानिसले मुलथलो छोडेर आन्तरिक बसाईँसराइ गरेका थिए भने २०७८ मा आइपुग्दा ३० प्रतिशतले मुलथलो छोडेका छन्। पहाडबाट मुलथलो छोडेर बसाईँ सर्नेको संख्या अत्याधिक छ। स्थायी आन्तरिक बसाईँ सर्नेको गन्तव्य तराई र काठमाडौँ उपत्यका रहेको देखिन्छ। काठमाडौँ उपत्यकामा मात्र मुलथलो छोडेका ६०।३ प्रतिशत मानिसहरू आएका छन्। अवसरहरूको खोजीमा मानिसहरूले स्थायी रूपमा बसाई सारेका छन्। जब परिवारको सक्रिय व्यक्तिले कामको अवसरको खोजीमा वा परिवारका सदस्यको अध्ययन वा तालिमका लागि बसाईँ सर्ने निर्णय गर्छ, परिवारका आश्रित सदस्य पनि बसाईँ सर्छन।

८ २०५१ साल पछि सामाजिक सुरक्षामा सरकारको लगानी बढ्दै गएको छ। सामाजिक सुरक्षा खर्च बढेको तुलनामा न सरकारहरू लोकप्रिय भएका छन्, न त युवा पुस्तामा वृद्ध अवस्थामा सामाजिक सुरक्षा भत्ता पाइन्छ भनेर मुलुकमै बस्न र काम गर्न लालायित छन्। युवामा मात्र होइन, उमेर पुगेका मानिसहरूमा पनि आर्थिक अवसरको खोजीमा विदेश जान चाहने प्रवृत्ति बढेको छ। एक हदसम्म सुशासनको कमीका कारण मानिसहरू विरक्त भएर मुलुक छोड्न खोजेको देखिन्छ, तर यसको प्रमुख कारण भनेको आर्थिक अवसरको खोजी नै हो। जब सम्म आर्थिक अवसरहरू सिर्जना गरिँदैन, आर्थिक अवसर सिर्जना गर्ने हरूलाई प्रोत्साहन गरिँदैन, बाहिर जान चाहने प्रवृत्तिलाई रोक्न सकिन्न।

९ यसका लागि आर्थिक अवसरहरू सिर्जना गर्ने, सिर्जना गर्न प्रोत्साहन गर्ने, र सबै क्षेत्र र वर्गले समान रूपमा अवसरहरूका लागि प्रतिस्पर्धा गर्न सक्ने अर्थतन्त्र निर्माण गर्ने आर्थिक नीति आवश्यक छ।

१० माथि उल्लिखित अवधारणामा प्रयोग गरिएको "आर्थिक अवसर सिर्जना गर्ने" वाक्यांशको अर्थ सरकारले सञ्चालन गर्ने विकास कार्यक्रमहरू मुलुकभित्र आर्थिक अवसर सिर्जना गर्न लक्षित हुनु पर्छ भन्ने हो। कुनै पनि विकास कार्यक्रम परिकल्पना र कार्यान्वयन गर्दा आर्थिक अवसर सिर्जना गर्ने दृष्टिकोण लिइयो भने उपलब्ध सीमित वित्तीय स्रोतको उच्चतम उपयोग हुन सक्छ।

११ आर्थिक अवसर सिर्जना गर्न प्रोत्साहन गर्ने वाक्यांशको अर्थ प्रत्येक व्यक्तिमा आस्रित हुने भन्दा आफै केही गर्ने चाहना हुन्छ र त्यो चाहना पुरा गर्न कानून तथा प्रणाली सहयोगी हुन सक्नु पर्छ भन्ने हो। यसको अर्थ क्षेत्रगत नीति तथा कानूनले सिर्जना, नवप्रवर्तन, उद्यमलाई अवरोध पुर्याउन हुँदैन। सरकारका काम कारवाहीले सिर्जना, नवप्रवर्तन र उद्यमलाई अफ्ट्यारोमा पार्न हुँदैन। प्रत्येक व्यक्तिले क्षमता राख्छ र त्यो क्षमता प्रयोग गर्ने अवसर खोज्छ भन्ने मान्यतामा नीतिहरू र सरकारी निकायका कार्यविधि बन्नु पर्छ।

१२ सबै क्षेत्र र वर्गले समान रूपमा आर्थिक अवसरका लागि प्रतिस्पर्धा गर्न पाउने वातावरण भए मात्र संविधानले परिकल्पना गरे बमोजिमको "असमानताको अन्त्य गर्ने" उद्देश्य हासिल हुन सक्छ। आर्थिक अवसरमा सबैको समान पहुँच प्रदान गर्न भौतिक पूर्वाधार सबै भौगोलिक क्षेत्रमा पुग्नु पर्ने मात्र होइन, ती भौगोलिक क्षेत्रहरूमा रहेका प्राकृतिक स्रोत र र अन्य आर्थिक सम्भावना प्रयोग गर्ने सहयोगी वातावरण निर्माण गरिनु पर्छ। उपयुक्त सीप, प्रविधि र वित्तमाथिको पहुँच कमजोर भएका वर्गले समान रूपमा आर्थिक अवसरमा पहुँच प्राप्त गर्न सक्दैनन्। त्यसैले सीप, प्रविधि र वित्तमाथिको पहुँच विस्तार गर्न सरकारका नीति तथा कार्यक्रम लक्षित हुनु पर्छ।

सुझाव

१३ समग्र आर्थिक विकास नीतिको सोच "आर्थिक अवसर सिर्जना गर्ने, सिर्जना गर्न प्रोत्साहन गर्ने र सबै क्षेत्र र वर्गले समान रूपमा अवसरका लागि प्रतिस्पर्धा गर्न सक्ने अर्थतन्त्र निर्माण गर्ने" हुनु पर्छ। समन्यायिक र समावेशी ढङ्गले आर्थिक विकास गर्ने र संविधानले अवलम्बन गरेका आर्थिक नीतिहरूको कार्यन्वयनमा जोड दिनु आवश्यक छ।

मौद्रिक नीति

स्थिति विश्लेषण

१४ **अर्थतन्त्रमा समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै आर्थिक वृद्धिमा सहयोग पुर्याउन कर्जा, व्याज दर र तरलताको व्यवस्थापन गर्ने महत्वपूर्ण आर्थिक नीतिको रूपमा मौद्रिक नीति रहेको हुन्छ** । केन्द्रीय बैंकले तर्जुमा गरेर बैकिङ् प्रणालीमार्फत प्रसारित हुने यो नीतिले अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दछ । बेकिङ् क्षेत्र विस्तारित हुँदै गएको र नागरिकहरू कर्जा र निक्षेपसँगै बेकिङ् प्रणालीमा जोडिदैं गएकाले मौद्रिक नीति प्रति जनचासो पनि बढ्दै गएको छ ।

१५ **मौद्रिक नीतिको ढाँचामा समयानुसार केही परिवर्तन गर्दै लगिएको छ ।** हाल मूल्य स्थिरता र बाह्य स्थिरतालाई प्रमुख उद्देश्यको रूपमा लिएर अन्तर-बैंक व्याज दरलाई सञ्चालन लक्ष्यको रूपमा लिइ व्याज दर कोरिडरमार्फत मौद्रिक व्यवस्थापन भइरहेको छ । नेपालमा भारतीय मुद्रासँगको स्थिर विनिमय दरले अंकुशको रूपमा काम गरेको छ । अहिलेसम्म पुँजी खाता पूर्ण परिवर्त्य नगरिएको सन्दर्भमा स्थिर विनिमय दर कायम राख्दै मौद्रिक नीतिले अर्थतन्त्रमा तरलता र व्याज दरको व्यवस्थापन गर्दै आएको छ । भारतीय मुद्रासँग एउटै तहमा स्थिर विनिमय दर कायम राखिएको तीन दशक भन्दा बढी भएको छ । स्थिर विनिमय दरका कारण शोधनान्तर स्थितिमा आउने परिवर्तनले सिधै बेकिङ् प्रणालीको तरलता र व्याज दरमा प्रभाव पार्ने गरेको छ ।यसले गर्दा बेकिङ् प्रणालीमा तरलता र व्याज दर केही समयको अन्तरालमा उतारचढाव हुने गरेको छ । व्याज दरमा आउने उतारचढावले गर्दा उद्योग व्यवसायीहरूलाई मार परेको स्थिति छ । पछिल्लो समय व्याज दर कोरिडरमार्फत मौद्रिक व्यवस्थापन गरिए पनि व्याज दर उतारचढावलाई धेरै रोक्न सकिएको छैन । तापनि स्थायी तरलता सुविधाको अतिरिक्त आर्थिक वर्ष २०८०/८१ देखि स्थायी बचत सुविधाको व्यवस्था पनि गरिए बाट व्याज दरमा उतारचढाव कम हुने अपेक्षा गरिएको छ ।

सुझावहरू

१६ समष्टिगत आर्थिक स्थिरता कायम राख्दै आर्थिक वृद्धिमा भूमिका खेल्ने सन्दर्भमा मौद्रिक नीतिमा थप सुधारको लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ ।

(च) मौद्रिक व्यवस्थापनको लागि व्याज दर कोरिडरलाई प्रभावकारी कार्यान्वयन गर्दै अन्तर बैंक व्याज दर नीतिगत दरको नजिक राख्ने ।व्याज दर कोरिडरको ब्याण्डलाई क्रमशः कम गर्दै लग्नु पर्ने ।

(छ) तरलता व्यवस्थापनलाई थप सक्रिय पार्दै व्याज दरको उतारचढाव कम गर्ने ।

(ज) मौद्रिक नीतिको उद्देश्यसँग तादम्य हुने गरी विदेशी विनिमय व्यवस्थापन र नियामकीय व्यवस्था गर्ने ।

(झ) मौद्रिक नीतिका अन्तिम लक्ष्यको रूपमा रहेको मुद्रास्फीतिलाई एकल अंकको लक्ष्य तोक्नु भन्दा ४ देखि ६ प्रतिशत सम्मको अन्तरालमा तोक्नु उपयुक्त हुने । त्यस्तै, बाह्य स्थिरताको सूचकको

रूपमा रहेको विदेशी विनिमय सञ्चितिले वस्तु तथा सेवाको आयात धान्न सक्ने महिना पनि ५ देखि ७ महिनाको रेन्जमा राख्नु उपयुक्त हुने ।

(ञ) मौद्रिक नीतिको प्रभाव प्रसारित हुन समय लाग्ने हुँदा अर्थतन्त्रको आगामी अवस्थालाई सूक्ष्म ढङ्गले विश्लेषण गर्दै क्रमिक रूपले समयमा नै नीतिगत दरमा परिवर्तन ल्याउनु पर्ने ।

व्याजदर

स्थिति विश्लेषण

१७ **निक्षेपकर्ताहरूको लागि प्रतिफल र ऋणीहरूको लागि लागतको रूपमा व्याज दर रहेको हुन्छ ।** विना व्याज दर लगानीको लागि वित्तीय साधन उपलब्ध हुँदैन । अर्थतन्त्रमा व्याज दरको स्थिति हेरेर बचतकर्ताले बचत गर्दछ भने लगानीकर्ताले लगानीको लागि ऋण लिने निर्णय गर्दछ । ज्यादै कम व्याज दर (मुद्रास्फीति समायोजित वास्तविक व्याज दर शून्य वा ऋणात्मक) भएमा बचतकर्ता बचत गर्न प्रोत्साहित हुँदैन भने उच्च व्याज दरमा ऋणीले कर्जा लिन चाहँदैनन् र सक्दैनन् । तसर्थ, अर्थतन्त्रमा व्याज दर उपयुक्त स्तरमा हुनु पर्ने हुन्छ जसले गर्दा बचत पनि परिचालन होस र सो बचत कर्जाको रूपमा लगानी भइ अर्थतन्त्रमा पुँजी निर्माण पनि होस । अर्थतन्त्रमा पुँजी निर्माण भएमा मात्र आर्थिक वृद्धि हुन सक्दछ ।

१८ **बैंकिङ् क्षेत्र र बचत तथा ऋण सहकारीहरूको तीव्र विस्तार भए पनि अझै पनि अनौपचारिक क्षेत्रबाट कर्जा लिने प्रवृत्ति रहेको छ** । त्यस्तो क्षेत्रमा व्याज दर ज्यादै उच्च रहेको पाइन्छ । तसर्थ, औपचारिक क्षेत्रबाट विभिन्न वैकल्पिक वित्तको व्यवस्था गरी वित्तीय पहुँच बढाउनु पर्ने आवश्यकता रहेको छ ।

१९ **छोटो समयमा आउने व्याज दर उतारचढावले लगानीको निर्णय गर्न गाह्रो हुन्छ ।** कर्जाको लागतको रूपमा रहेको व्याज दर बढ्दा उत्पादनको लागत पनि बढ्ने हुन्छ । व्याज दर बढ्दा व्याज भुक्तानीको दायित्व बढ्न गइ उद्योग व्यवसाय नकारात्मक ढङ्गले प्रभावित हुन्छ । त्यसैले प्रतिफल आउन समय लाग्ने उत्पादनमुलक क्षेत्रहरू र निश्चित आय भएका मानिसले लिने पहिलो घर खरिद गर्न लिने ऋणको व्याज दर बढ्दा व्याज भार उच्च भई प्रभावित हुने अवस्था रहन्छ ।

२० **स्थिर विनिमय दर प्रणाली भएको अवस्थामा बाह्य क्षेत्र लगायत अर्थतन्त्रमा आउने असन्तुलन सम्बोधन गर्न व्याज दरमा परिवर्तन आउनु जरुरी हुन्छ** । बजारको आवश्यकता अनुसार व्याज दरमा परिवर्तन नआउने हो भने अर्थतन्त्रको असन्तुलन सच्चिन नपाउँदा वित्तीय एवम् आर्थिक संकट आउने गर्दछ । तसर्थ, व्याज दर निर्धारणमा बजारको भूमिका रहनु पर्ने हुन्छ । तर, व्याज दर परिवर्तन आउँदै गर्दा एक्कासि बढी दरले बढ्ने वा घट्ने हुनु हुँदैन जसले गर्दा आर्थिक गतिविधिहरू नकारात्मक रूपमा प्रभावित हुन जान्छन् ।

सुझावहरू

२१ **व्याजदर नीतिका सम्बन्धमा देहाय बमोजिम सुझावहरू प्रस्तुत गरिएको छ।**

(१) उत्पादनमूलक र निर्यातलाई प्रर्वद्धन गर्न त्यस क्षेत्रमा जाने कर्जा र स्थिर आय भएका व्यक्तिहरूले लिने पहिलो घरकर्जा निश्चित अवधिसम्म स्थिर व्याजदरमा उपलब्ध हुने व्यवस्था गर्ने ।

(२) बैंकिङ् प्रणालीको सञ्चालन लागत कम गर्दै सक्षमता अभिवृद्धि गर्ने र वित्तीय स्थायीत्व ध्यान दिदै कर्जा र निक्षेपको व्याजदर अन्तर कम गर्दै लैजाने ।

(३) निक्षेपको वास्तविक व्याजदर धनात्मक र कर्जाको व्याजदर एकल उच्च अंक वा न्यून दोहोरो अंकमा राख्ने गरी व्याजदर नीति अबलम्बन गर्ने ।

(४) ऋणपत्र बजारहरूको विकास गरेर अर्थतन्त्रमा व्याजदर उतारचढावलाई केही हदसम्म सम्बोधन गर्न सकिने हुनाले ऋणपत्र बजारको विकास गर्नुपर्ने ।

(५) विभिन्न खालका वैकल्पिक वित्तको व्यवस्था गरी अनौपचारिक वित्तको पहुँचलाई कम गर्दै कम व्याजदरमा सहजै विभिन्न स्तरका ऋणीहरूको लागि वित्तीय स्रोत उपलब्ध हुने व्यवस्था गर्ने ।

मुद्रास्फीति

स्थिति विश्लेषण

२२ **बजारमा माग र आपूर्तिले वस्तु तथा सेवाको मूल्य निर्धारण हुन्छ** । अर्थतन्त्रमा मूल्य वृद्धि उच्च हुनु हुँदैन यसले निश्चित आय भएका र कम आएका भएका मानिसहरूको जीवनयापन कठिन बनाउँछ। समष्टिगत आर्थिक स्थायित्वमा खलल पुऱ्याउँछ । त्यसैले अर्थतन्त्रमा न्यून तहमा मूल्य वृद्धि रहने गरी मूल्य स्थिरता कायम हुनु पर्ने मान्यता रहेको हुन्छ । मूल्य स्थिरता कायम राख्न मौद्रिक नीतिलाई बढी जिम्मेवारी दिइन्छ । मौद्रिक नीतिले व्याज दर बढाई कर्जा प्रवाहमा कमी ल्याई समष्टिगत मागमा संकुचन ल्याएर मूल्य बढेको अवस्थामा मूल्य घटाउन खोज्दछ । माग बढेर मूल्य वृद्धि भएको अवस्थामा मौद्रिक नीति बढी प्रभावकारी हुन्छ । तर, अर्थतन्त्रमा मूल्यवृद्धि आपूर्तिमा व्यवधान आएर वा उत्पादन लागत बढेर पनि हुने गर्दछ । यस्तो अवस्थामा मौद्रिक नीति प्रभावकारी हुन नसक्ने हुँदा उत्पादन बढाउँदै आपूर्ति व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

२३ **बजार अर्थतन्त्र अवलम्बन गरेको अवस्थामा मूल्य निर्धारणमा सरकारको हस्तक्षेपलाई उपयुक्त मानिँदैन** । तर, मौद्रिक नीतिको कुशल व्यवस्थापन, कालोबजारी नियन्त्रण गर्दै र आपूर्ति व्यवस्थापन गरी सरकारले मूल्य वृद्धिलाई नियन्त्रण गर्नुपर्ने भने हुन्छ । कम लागतमा उत्पादन गर्ने अवस्था सिर्जना गरेर पनि मूल्य वृद्धि नियन्त्रण गर्न सकिन्छ ।

२४ स्थिर विनिमय दर र खुला सिमानाका कारण नेपालको मूल्य-स्थितिमा भारतीय मूल्य-स्थितिले बढी प्रभाव पार्ने गरेको छ । कतिपय अवस्थामा दुई देशको सीमा क्षेत्रमा मूल्य वृद्धि फरक पर्दा अवैध आयात निर्यात हुने पनि गर्दछ । मूल्य स्थिरता कायम राख्ने सन्दर्भमा देहायका सुझावहरू रहेका छन्।

सुझावहरू

२५ मुद्रास्फीतिलाई वान्छित सीमामा राख्नका लागि देहाय बमोजिम सुझाव प्रस्तुत गरिएको छ।

(क) मूल्य स्थिरतालाई मुख्य लक्ष्य राखेर मौद्रिक नीतिको तर्जुमा गर्दै मौद्रिक व्यवस्थापन गर्नु पर्ने ।

(ख) अर्थतन्त्रमा मूल्य बढेको अवस्थामा सरकारको वित्त नीति पनि संकुचनकारी हुनु पर्ने । यसको लागि सरकार खर्च कटौतीसँगै अप्रत्यक्ष करका दरहरूमा कमी ल्याउनु पर्ने ।

(ग) उत्पादन र व्यवसायिक कार्यको लागि लागत घटाउने उपायहरू गर्नु पर्ने । उदाहरणको लागि कम मूल्यमा बिजुली र जग्गाको उपलब्धता गराउनु पर्ने ।

(घ) कालोबजारी नियन्त्रण गर्दै बजारमा सहज ढङ्गले वस्तु तथा सेवाको आपूर्ति हुने व्यवस्था गर्ने ।

विनिमय दर

स्थिति विश्लेषण

२६ **विदेशी देशहरूसँग आर्थिक कारोबार गर्दा स्वदेशी मुद्रा नचल्ने हुँदा विदेशी मुद्राको खाँचो पर्ने हुन्छ।** स्वदेशी मुद्रा र विदेशी मुद्रा बीचको सटही दर नै विनिमय दर हो। विनिमय दर पनि वस्तु तथा सेवाको मूल्य झैं मुद्राको मूल्यको रूपमा रहेको हुन्छ। मुद्रा बजारमा मुद्राको माग र आपूर्तिले एउटा मुद्राको अर्को मुद्रासँगको सटही दर निर्धारण गरिरहेको हुन्छ । विश्वमा विभिन्न खालका विनिमय दर प्रणाली रहेका छन् - पूर्णमा रूपमा बजारले निर्धारितदेखि स्थिर विनिमय दरसम्म रहेको हुन्छ ।

२७ **नेपालले २०१७ सालदेखि भारतीय रुपैयाँसँग एक प्रकारले स्थिर खालको विनिमय दर अवलम्बन गरिरहेको छ** । विभिन्न समयमा भारतीय रुपैयाँसँगको रहेको पेग तहलाई अधिमूल्यन र अवमूल्यन गरे पनि २०४९ सालदेखि चालू खाता परावर्त्यसँगै भारतीय रुपैयाँसँग एक सय भारतीय रुपैयाँ बराबर १६० नेपाली रुपैयाँको विनिमय दरलाई यथावत् कायम गरिएको छ। २०१७ सालमा शुरुमा भारतीय रुपैयाँसँग स्थिर विनिमय दर तय गर्दा पनि यही तहमा विनिमय दर तोकिएको थियो ।

२८ **खुला सिमाना, ठूलो व्यापारिक साझेदार र आर्थिक सामाजिक सामीप्यताले गर्दा भारतीय रुपैयाँसँग स्थिर विनिमय दरको आवश्यकता सैद्धान्तिक र व्यवहारिक दुवै पक्षबाट देखिन्छ** । तापनि, लामो समयसम्म एउटै तहमा विनिमय दर बसिरहँदा अर्थतन्त्रमा आएको परिवर्तनलाई आत्मसाथ गर्दैन । पछिल्लो समय भारतको आर्थिक वृद्धि दर उच्च रहेको र उत्पादकत्व बढी रहेको अवस्था छ । भारतसँग नेपालको व्यापार घाटा बढ्दै गएको र उच्च रहेको छ । नेपाली उत्पादनले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकिरहेको अवस्था छ । भारतसँग उच्च व्यापार घाटा भए पनि विप्रेषण आप्रवाह बलियो रहेकोले परिवर्त्य विदेशी मुद्रा बेचेर भारतीय मुद्रा खरिद गरेर आपूर्ति गरिएको छ।

२९ **स्थिर विनिमय दर प्रणालीबाट नेपालको अर्थतन्त्रमा फाइदा बेफाइदा दुबै रहेको छ** । स्थिर विनिमय दरले गर्दा भारतसँग आर्थिक कारोबार गर्न स्थिरता प्राप्त भएको छ । भारतीय मूल्य वृद्धि प्रसारित हुन गई समग्रमा नेपालमा मूल्य स्थिरता कायम राख्न सहयोग पुगेको छ । तापनि, भारतीय रुपैयाँ सँगको स्थिर विनिमय दरका कारण अन्य मुद्रासँग नेपाली मुद्राको विनिमय दर अनावश्यक रूपमा

परिवर्तित हुन गरेको छ । खासगरी भारतीय रुपैयाँ बजारमा अमेरिकी डलरसँग परिवर्तन हुँदा नेपाली रुपैयाँ पनि अमेरिकी डलरसँग त्यही दरमा परिवर्तन हुन पुग्छ । अमेरिकी डलरसँग विनिमय दरमा आउने परिवर्तन नेपालको कारणले भन्दा भारतीय मुद्राको कारण हुँदा भारतबाट तेस्रो मुलुकबाट हुने आयात मूल्य प्रभावित हुने र डलरमा भुक्तानी गर्नु पर्ने वैदेशिक ऋणको भारमा परिवर्तन आउने गरेको छ।खासमा डलरको मूल्य धेरै जसो समय बढ्ने गरेको छ । स्थिर विनिमय दर प्रणालीका कारण मौद्रिक नीतिको प्रभावकारितामा कमी रहेको स्थिति छ । यसैका कारण नेपाली अर्थतन्त्रमा व्याज दरमा बढी उतारचढाव आउने गरेको छ । व्याज दरमा आउने उच्च उतारचढाव, खास गरी व्याज दरको वृद्धिले दीर्घकालीन प्रकृतिको व्यवसायिक लगानी नकारात्मक ढङ्गले प्रभावित हुने गरेको छ ।

३० **आन्तरिक उत्पादन बढाउन र निर्यात प्रवर्द्धन गर्न विनिमय दर नीतिले पनि महत्वपूर्ण भूमिका खेल्दछ।** वास्तविक विनिमय दर अधिमूल्यन हुँदा निर्यात बढ्न सक्दैन र आयात बढी हुने गर्दछ । लामोसमयसम्म एउटै तहमा स्थिर विनिमय दर कायम गर्दा वास्तविक विनिमय दर अधिमूल्यन हुन जाने हुन्छ । विश्व बैंकले गरेका अध्ययनले नेपालको वास्तविक विनियम दर अधिमूल्यन भएको देखाएको छ[7] ।

सुझावहरू

३१ विनिमय दर नीतिका सम्बन्धमा देहाय बमोजिम सुझाव रहेका छन्।

(१) लामो समयसम्म एकै तहमा भारतीय रुपैयाँसँग स्थिर विनिमय दर रहेको, भारतसँग बढ्दो व्यापार घाटा रहेको, अबको सुधारमा क्रमशः पुँजीगत खाता खोल्दै जान थालिएको स्थितिमा स्थिर विनिमय दरको विकल्पमा छलफल, अनुसन्धान र तयारी गर्नु पर्ने ।

(२) आवश्यक भौतिक पूर्वाधारको निर्माण, जनशक्तिको विकास, उत्पादन लागत कम गर्दै अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी नेपाली उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउने ।

(३) मौद्रिक र वित्त व्यवस्थापन कुशलतापूर्वक गरी समष्टिगत आर्थिक स्थिरता कायम गर्ने । यसका साथै आयात प्रतिस्थापन र निर्यात अभिवृद्धि गर्न सकिएमा नेपाली मुद्रा बजारमा बलियो हुन्छ ।

(४) वास्तविक विनिमय अधिमूल्यन हुन नदिने रणनीति लिनु पर्ने । यसको लागि मुद्रास्फीति कम दरमा राख्ने, उत्पादकत्व बढाउने र प्रचलित (nominal) विनिमय दरको तहलाई आवश्यकता अनुसार परिवर्तन गर्ने ।

[7] https://thedocs.worldbank.org/en/doc/f7cacc93bf594ebe0f649fe785809676-0310012023/nepal-development-update-october-2023

परिच्छेद ७

संस्थागत, नीतिगत र कानुनी वातावरण

पृष्ठभूमि

१ जतिसुकै राम्रा आर्थिक नीतिहरू भए पनि सुशासन विना ती नीतिहरूले परिणाम दिन सक्दैनन्। सुशासन बिना न त उपलब्ध प्राकृतिक स्रोतको लाभ लिन सकिन्छ, न त नागरिकलाई आर्थिक गतिविधिमा सक्रिय हुन हौसला मिल्दछ। सार्वजनिक संस्थाहरूको क्षमता र विश्वसनीयता जुन मुलुकमा राम्रो हुन्छ, त्यो मुलुकको आर्थिक विकास तीव्र भएको उदाहरणहरू प्रशस्त छन्। सार्वजनिक संस्थाहरूमा काम गर्ने व्यक्तिहरूमा विषयवस्तुको ज्ञान, दक्षता, सेवाभाव, पारदर्शी कार्यविधिमा आधारित काम कारबाही, सांगठनिक सुधारमा निरन्तर ध्यान जस्ता विषयले संस्थागत क्षमता र विश्वसनीयता बढ्छ। नेपालमा लगानी गर्न विदेशी लगानीकर्ता उत्साहित नहुनुमा संस्थागत विश्वसनीयता कमजोर भएर हो। कतिपय केही गरौं भन्ने भावना, प्राविधिक क्षमता र उत्साह भएका युवा उद्यमीहरूले नेपालमा बसेर भन्दा बाहिर गएर चाँडो प्रगति गर्न सकिन्छ भन्ने धारणा व्यक्त गर्नुको पछाडि पनि यही कारण रहेको छ।

२ सार्वजनिक संस्थाहरूलाई उच्चस्तरको नेतृत्व दिने काम लोकतान्त्रिक प्रणालीमा राजनीतिक दलहरूले हो। आवधिक निर्वाचनमा जुन दलले सरकार सञ्चालनको जनमत (म्यान्डेट) लिएर आएर आउँछ, त्यही दलले खटाएको राजनीतिज्ञले मन्त्रालयहरूको वागडोर सम्हाल्छन्। यदि दल सञ्चालन र निर्वाचन खर्चिलो छ, दल र राजनीतिज्ञमा वित्तीय अनुशासन छैन भने स्वाभाविक रूपमा सार्वजनिक संस्थाहरूको दोहन हुन थाल्छ। नीति तर्जुमा र कार्यान्वयनमा आर्थिक लाभ सिर्जना गरिन्छ। माथि बिग्रन थाले पछि यसको श्रृंखला तलसम्म पुग्छ। अहिले भरोसायोग्य लगानी तथा व्यावसायिक वातावरण नहुनुमा राजनीतिक दलहरूको अपारदर्शी चन्दा संकलन र निर्वाचनका बेला बेलगाम खर्च प्रमुख कारण रहेका छन्।

३ त्यसै गरी कानुनी वातावरण ठीक भएन भने व्यवसायिक वातावरण बन्दैन। व्यवसायको लागत बढ्छ, व्यवसायीहरू जोखिम मोलेर नयाँ उद्यममा लगानी गर्नाको साटो चाँडो नाफा हुने व्यापारतिर आकर्षित हुन्छन्। नियन्त्रणमुखी कानूनहरूले नवप्रवर्तनलाई कुण्ठित गर्छ। नियन्त्रणमुखी कानूनले आर्थिक अवसर सिर्जनामा अवरोध उत्पन्न गर्छ। विश्वासमा आधारित प्रणालीले अनुशासन प्रवर्द्धन गर्छ। गतिशील अर्थतन्त्रका लागि यो आवश्यक छ।

४ यस परिच्छेदमा संस्थागत क्षमता तथा विश्वसनीयता, राजनीतिक वित्त तथा र चुनावी खर्च र कानुनी वातावरणमा रहेका मुख्य समस्याहरूको संक्षिप्त विश्लेषण र सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ। विश्लेषणले सबै विषयलाई समेटेको छैन। लगानी तथा व्यावसायिक वातावरणमा सुधार ल्याउनका लागि आवश्यक विषयहरूको मात्र विश्लेषण गरिएको छ।

संस्थागत क्षमता तथा विश्वसनीयता

स्थिति विश्लेषण

५ कतिपय सार्वजनिक संस्थाहरूमा अझै पनि व्यवसाय र निजी क्षेत्र प्रति असहयोगी धारणा मात्र होइन, आम नागरिक प्रतिको सेवाभाव कमजोर रहेको छ। कानून वा नीतिको अपव्याख्या गरिदिने, समयमा निर्णय नदिने, अवाञ्छित लाभको आशा गर्ने जस्ता प्रवृत्ति रहेको छ। सरकारले विभिन्न समयमा प्रशासन सुधार सुझाव आयोगहरूले दिएको सुझाव कार्यान्वयन गरेर प्रक्रियागत सरलीकरण गर्ने कामहरू गरेको छ। तर मानवीय स्वभाव र आचरणमा सुधार आउन सकेको छैन। यो समस्या नेपाल सरकारको प्रणाली भित्र पनि बहस हुने गरेको र सुधारका कार्ययोजना वा रणनीति बनाइने गरेको छ। सुधारका कार्ययोजनाले प्रक्रियागत सरलीकरण निश्चित रूपमा भएको छ। कतिपय सरकारी सेवा दिन र लाग्ने शुल्क वा कर विद्युतीय मध्यमबाट भुक्तानी लिन थालिएको छ। जसले गर्दा नागरिक र व्यवसायले प्राप्त गर्ने सेवा सरल भएको छ। तर सुधारका कार्ययोजनाले कर्मचारीको स्वभाव र आचरणमा खासै परिवर्तन ल्याउन सकेका छैनन्।

६ **"सही मान्छे सही ठाउँमा"** भन्ने मान्यता अनुरूप नियुक्तिहरू नहुँदा संस्थाहरूको कार्य सम्पादन कमजोर रहने गरेको छ । राजनैतिक अस्थिरताको प्रभावले सरकारी संस्थागत नेतृत्वमा पनि अस्थिरता ल्याउने गरेको छ । यसले पनि संस्थागत क्षमता कमजोर बनाएको छ। सचिव लगायत अन्य कर्मचारीहरूको छिटो-छिटो सरुवा गर्ने प्रवृतिले मन्त्रालयगत विज्ञता र संस्थागत स्मरण कमजोर भएको छ। पाँच वर्षको कार्यकालमा एक जना सचिव सात पटकसम्म अन्तर-मन्त्रालय भएका दृष्टान्त अपवाद नभएर नियमितता भएको छ। जसले गर्दा मन्त्रालयहरूको नेतृत्व कमजोर भएको छ र स्थापित प्रणालीले सही ढङ्गले काम गर्न सकेको छैन।

७ कर्मचारीको सरुवा योग्यता र क्षमता अनुसार जिम्मेवारी दिने प्रवृत्तिको कमीले गर्दा सरकारी निकायहरूको कार्यसम्पादन कमजोर रहन गएको छ। सचिवको मात्र नभएर सबै तहका कर्मचारीको अन्तर-मन्त्रालय सरुवा भैरहेने हुँदा मन्त्रालयगत विज्ञता कमजोर भएको छ। विदेशी सरकार र बहुपक्षीय संस्थाहरूसँग आर्थिक तथा व्यापारिक विषयमा वार्ता गर्नु पर्ने, निजी क्षेत्रका आर्थिक गतिविधिलाई सहजीकरण गर्नु पर्ने, तल्लो तहका सरकारलाई सहयोग गर्नु पर्ने उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जस्ता मन्त्रालयहरूमा मन्त्रालयगत विज्ञता कमजोर भएको छ। मन्त्रालयहरू मात्र नभएर छिटो-छिटो सरुवाले संवैधानिक निकायहरूले पनि विज्ञता विकास गर्न सकेका छैनन्।

८ राजस्व प्रशासन विशिष्टीकृत र प्राविधिक ज्ञान आवश्यक पर्ने र प्राविधिक ज्ञान निरन्तर अद्यावधिक भएको हुनुपर्ने सेवा हो। आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क प्रशासन गर्ने सबै तहका कर्मचारीलाई वित्तीय लेखा, लागत लेखा, लेखामानहरू, कर सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी तथा

मार्गदर्शनहरू, दोहोरो कर उन्मुक्ति सम्झौताका सिद्धान्त, व्यावसायिक प्रशासन, वस्तु वर्गीकरण र मूल्याङ्कन सम्बन्धी ज्ञान आवश्यक पर्छ। यस्तो ज्ञानको लागि आधारभूत शैक्षिक योग्यता नै पुगेको छैन भने काम गर्दाको अनुभवले मात्र वा सहकर्मीसँग सिकेर यस्ता ज्ञान र आवश्यक सीप विकास हुन सक्दैन।

९ अहिले राजस्व सेवामा प्रवेश गर्ने सहायक र अधिकृत तहका कर्मचारीलाई जुनसुकै प्राज्ञिक विधामा तोकिएको तह उत्तीर्ण गरेको छ भने पनि प्रवेश खुला छ। यसले गर्दा राजस्व प्रशासनको प्राविधिक विश्लेषण गर्ने क्षमता कमजोर भएर कतिपय कर प्रशासनका गम्भीर विषयमा गलत निर्णय हुन् गएको वा करदाताले प्रस्तुत गरेको विवरण सही ढङ्गले परीक्षण गर्न नसकेको देखिन्छ।

१० प्रदेश सरकारका मन्त्रालयहरूमा पदस्थापन भएका सचिवले एक वर्ष पूरा गर्न पाएको उदाहरण भेट्न मुस्किल देखिन्छ। नगरपालिकाका प्रमुख कार्यकारीको हालत त्यस्तै छ। तल्लो तहका सरकारमा कर्मचारीतन्त्रको उच्च नेतृत्व अस्थिर भएकोले उनीहरूको कार्यसम्पादन कमजोर भएको छ। जसको दोष सङ्घीयता माथि थोपर्ने गरेको पाइन्छ।

११ सम्पत्ति शुद्धीकरण निवारणमा नेपालले पर्याप्त काम हुन नसकेको भनेर अन्तरराष्ट्रिय फ़ाइनन्सिएल एक्सन टास्क फोर्स (एफएटिएफ) ले नेपाललाई खैरो सुचीमा राखेको छ। नेपालले एफएटिएफले गरेका ४० वटा सिफारिश मध्ये पाँच वटा पूर्ण पालना गरेको २३ वटा अधिकांश पालना गरेको र ११ वटा सिफारिस आंशिक मात्र पालना गरेको छ र एउटा सिफारिस कत्ति पनि पालना नगरेको भन्ने एफएटिएफको पछिल्लो मूल्याङ्कन रहेको छ। कत्ति पनि पालना गर्न नसकेको सिफारिसमा गैर-मुनाफामुलक संस्थाहरूले आतंकवादी क्रियाकलापसँग सम्बन्धित वित्तीय स्रोत प्रयोग नगरेको सुनिश्चित गर्ने विधि हो। यस्ता संस्थाबाट आउन सक्ने जोखिम निवारण गर्न नेपालले प्रयत्न नगरेको, समाज कल्याण परिषदमा दर्ता नभई चलेका यस्ता संस्थाहरूलाई नियमन गरिएका वित्तीय संस्थाहरू मार्फत वित्तीय कारोबार गरेको सुनिश्चित गर्ने विधिमा पनि एफएटिएफको प्रश्न रहेको छ। आंशिक पालना भएको छ भनिएका धेरै सिफारिसहरू सार्वजनिक निकायको संस्थागत कमजोरीका कारण पूर्ण पालना हुन नसकेको देखिन्छ।

१२ अन्तरमन्त्रालय वा अन्तर-निकाय सरुवा नहुने वा भए पनि समान दक्षता भएका कर्मचारीहरूलाई निश्चित अवधि पुगेर सरुवा गर्ने कतिपय सार्वजनिक निकायहरूमध्ये सुधारका रणनीतिक योजना बनाएर सुधार गरेका निकायहरूले आफ्नो कार्यशैली र नागरिकलाई प्रदान गर्ने सेवामा प्रभावकारिता बढाएका छन्। उदाहरणका लागि अर्थ मन्त्रालय अन्तर्गतका प्रत्येक निकायले आफ्ना कार्यक्षेत्रभित्रका कामका लागि आवधिक रूपमा समस्या र अवरोधहरूको पहिचान, सरोकारवाला तथा सेवाग्राहीसँग छलफल सम्वाद र विज्ञहरूसँग अन्तरक्रिया गरी सुधारका रणनीतिहरू तयार गरी कार्यान्वयन गर्ने गरेका छन्। प्रस्तावित सार्वजनिक वित्त सुधार रणनीति २०८२-२०८७, भन्सार सुधार तथा आधुनिकीकरण योजना २०७९-२०८३ लाई उदाहरणका रूपमा लिन सकिन्छ।

१३ महालेखा परीक्षकको कार्यालयले पाँचौं रणनीतिक योजना तर्जुमा गर्दै छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने सुधारहरू समेटेर स्वास्थ्य क्षेत्र रणनीतिक योजना तर्जुमा गर्थ्यो। प्राविधिक तथा व्यावसायिक शिक्षाका दश-वर्षीय रणनीतिक योजना कार्यान्वयनमा छ। उद्योग वाणिज्य तथा आपूर्ति नेपाल व्यापार एकीकृत रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ, जसको मुख्य उद्देश्य नेपालको प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय बजार विस्तार गर्नका लागि आवश्यक सुधार गर्नु हो।

१४ प्रत्येक निकायले अनिवार्य रूपमा आफ्नो काम, काम गर्ने शैली तथा कार्यविधि, कामसँग सम्बन्धित नीतिगत तथा कानुनी प्रबन्धहरूले सेवाग्राहीलाई कसरी राम्रो सेवा दिन सकिन्छ, कसरी आर्थिक अवसरहरू सिर्जना गर्न योगदान गर्न सकिन्छ, उद्योग व्यापार तथा आर्थिक गतिविधिहरूलाई थप सहज बनाउन के सुधार आवश्यक छ त्यो पहिचान गरेर आवधिक रूपमा सुधार योजना वा रणनीति तर्जुमा र कार्यान्वयन गर्न अनिवार्य छैन।

सुधारका लागि सुझावहरू

१५ प्रत्येक मन्त्रालय, विभाग र केन्द्रीय स्तरका निकायहरूलाई आफूले गर्ने काम व्यवसाय-मैत्री, लगानी प्रवर्द्धन गर्न सहयोगी र नागरिकलाई सेवा प्राप्त गर्न सहज हुने सूचकहरू निर्धारण गरी आवधिक सुधार रणनीति बनाई कार्यान्वयन गर्न अनिवार्य गर्ने।

१६ संघिय मन्त्रालयहरूमा पदस्थापन हुने सचिवलाई दुई वर्ष पुरा नगरी सरुवा नगर्ने। सचिवलाई निजको कार्यकाल भरीमा एक पटक भन्दा बढी सरुवा नगर्ने।

१७ मन्त्रालयगत दक्षता विकास गर्न एक मन्त्रालयमा न्यूनतम पाँच वर्ष नपुगी कुनै पनि कर्मचारीलाई अन्तर-मन्त्रालय सरुवा नगर्ने। एक कार्यालयबाट सोही मन्त्रालयको अर्को कार्यालयमा दुई वर्ष नपुगी सरुवा नगर्ने हालको कानुनी प्रावधानको पूर्ण पालना नगर्ने।

१८ सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरूमा आयोजना अवधि भरका लागि आयोजना टोलि खटाउने। आयोजना सम्पन्न नभएसम्म आयोजना प्रमुख र सम्बन्धित प्राविधिक कर्मचारीको सरुवा नगर्ने।

१९ प्रदेश सरकारका मन्त्रालयहरूमा पदस्थापन भएका सचिवलाई दुई वर्ष पुरा नगरी सरुवा नगर्ने। सङ्घीय सरकारको सचिव पदमा बढुवा हुन प्रदेश सरकारका मन्त्रालयमा दुई वर्षको एक कार्यकाल पुरा गरेको हुनु पर्ने व्यवस्था गर्ने।

२० सम्बन्धित क्षेत्रको योग्यता, अनुभव, क्षमता र आचरणको आधारमा सरकारी संघ-संस्थाका प्रमुख तथा पदाधिकारीहरू नियुक्ति गरिनु पर्ने ।

२१ तीनै तहका सरकारका सबै अधिकृतहरूलाई सम्पत्ति शुद्धीकरण निवारणमा सरकारी निकायहरू चनाखो हुनु पर्ने विषय, नागरिकलाई जानकारी गराउनु पर्ने विषय आदिमा जानकारीमुलक पाठ्य सामग्री वितरण गर्नुका साथै प्रशिक्षण दिने।

२२ राजस्व प्रशासनको दक्षता तथा कार्यकुशलताका लागि निम्न सुधार गर्नेः

(च) राजस्व प्रशासनमा प्रवेश गर्ने सहायक र अधिकृत तहका कर्मचारीको न्यूनतम शैक्षिक योग्यता तोक्दा निर्धारित तहसम्मको "लेखा, वाणिज्य शास्त्र, व्यापार शास्त्र, कर नीति, अर्थशास्त्र" मात्र तोक्ने।

(छ) अधिकृत तहको कर्मचारी सेवा प्रवेश गरे पछि छ महिनाको आधारभूत तालिम दिएर मात्र कार्यस्थलमा पठाउने। त्यस्तो तालिममा आयकर, मू अ कर, अन्तःशुल्क, र भन्सार ऐनको व्याख्या, कर प्रशासनका प्राविधिक विषय समावेश गर्ने।

(ज) तालीम सकिए पछि आन्तरिक राजस्व वा भन्सार कुन विभागमा जान चाहने हो छनौट गर्न दिने र सकेसम्म छानेको विभाग अन्तर्गत काम गर्ने गरी खटाउने।

(झ) पहिलो पटक जुन विभागमा खटाइएको हो, त्यो विभागबाट पाँच वर्ष नपुगी अर्को विभाग वा मन्त्रालयमा नखटाउने।

(ञ) सहसचिवसम्मको पद राजस्व समूहमा समूहीकृत गर्ने।

राजनीतिक वित्त तथा निर्वाचन खर्चमा सुधार

स्थिति विश्लेषण

१ राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले दलको कोषमा सदस्यता शुल्क सदस्यता नवीकरण शुल्क, सदस्यबाट विधान बमोजिम प्राप्त हुने रकम सरकारी निकाय, पब्लिक कम्पनी, शैक्षिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विदेशी सरकार, संस्था वा व्यक्ति, नाम नखुलेको व्यक्ति वा संस्था र आयोगले तोकेको अन्य संस्था बाहेक अन्य निकाय व्यक्तिबाट प्राप्त हुने आर्थिक सहयोग, दलले कार्यक्रम आयोजना गरेर वा प्रकाशन बेचेर आर्जन गरेको आय, व्याज आम्दानी जम्मा हुन सक्छ।

२ दलले प्राप्त गर्न सक्ने आर्थिक सहयोगको कुनै सीमा तोकिएको छैन तर २५,००० रुपैयाँ भन्दा बढीको सहयोग बैंकिङ चेक वा विद्युतीय ट्रान्सफरबाट लिनु पर्छ।

३ निर्वाचन खर्चका लागि उम्मेदवारले खर्च गर्न पाउने सीमा निर्वाचन आयोगले तोक्छ।

४ वर्तमान व्यवस्थाका निम्न गम्भीर कमजोरी र परिणाम देखिन्छन्:

- दलको खर्चका निमित्त राजनीतिक नेतृत्व ठूला व्यावसायिक घराना वा सार्वजनिक खरीदको ठेक्का लिने व्यक्ति वा निकाय वा शक्तिशाली सार्वजनिक निकायको नियुक्ति पाउने व्यक्तिसँग झुक्नु पर्ने अवस्था छ। जसले गर्दा नेतृत्वले कतिपय सार्वजनिक नीतिमा अवाञ्छित सम्झौता गर्नु परेको छ वा भ्रष्टाचारलाई ढाकछोप गर्नु परेको छ। यसले गर्दा राजनीतिक नेतृत्वबाट नागरिकहरू निराश छन्।
- राजनीतिक दल र निर्वाचन खर्चमा ठूलो धनराशि योगदान गरेका अदृश्य शक्तिहरूको उदय भएको र तिनले महत्वपूर्ण सार्वजनिक संस्था कब्जा गरिरहेको भन्ने आम धारणा विकास भएको छ। जसले गर्दा सार्वजनिक संस्थाहरू प्रति नागरिक भरोसा कमजोर भएको छ।
- निर्वाचन महँगो भएकोले आफै लगानी गर्न नसक्ने वा व्यावसायिक घरानाबाट ठूलो रकम चन्दा उठाउन नसक्ने व्यक्तिहरू निर्वाचनमा प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुगेका छन्। यसले गर्दा लोकतन्त्र "पैसावालहरूको" हुन पुगेको छ।
- ठूलो धनराशि खर्च गरेर निर्वाचित जनप्रतिनिधिलाई कसरी लगानी उठाउने भन्ने चिन्ताले भ्रष्टाचारको बाटो समात्न बाध्य हुने अवस्था छ।

५ विश्वमा धेरै मुलुकहरूले राजनीतिक दलहरूले चन्दा उठाउन पाउने रकमको सीमा र विधि तोकेका छन्। कतिपय मुलुकहरूमा राजनीतिक दलको आधारभूत सञ्चालन खर्च र निर्वाचन खर्चका लागि राज्यकोषबाट निश्चित शुत्रमा रहेर वार्षिक अनुदान दिने व्यवस्था छ। राजनीतिक दलहरूले अपारदर्शी र अवाञ्छित सम्झौता गरेर उठाइने चन्दाले अर्थतन्त्रमा सिर्जना गर्ने लागतको कारणले आम नागरिकमा पर्ने आर्थिक भार भन्दा राज्य कोषबाट दिने अनुदानको आर्थिक भार कम हुन्छ र यसले सदाचार प्रवर्द्धन गर्न मद्दत गर्छ।

६ नेपालमा २०५२ साल पछि राजनीतिक दल भित्रका गुट व्यवस्थापन गर्न, सरकार निर्माण गर्ने क्रममा मत जुटाउन राजनीतिक दलहरूको खर्च बढ्न थाल्यो। यसैगरी चुनावमा प्रचारका लागि हुने खर्च पनि बढ्न थाल्यो। जसले बढी खर्च गर्न सक्छ, उसले जित्ने वातावरण विकसित हुँदै गयो। परिणामस्वरूप निर्वाचनमा बढी खर्च गर्ने प्रतिस्पर्धा हुन थाल्यो। पैसा लिएर मत जुटाइदिने दलालहरू उत्पन्न हुन थाले। मतदाताको मत खरीद-बिक्रीको विषय बन्न पुग्यो।

७ यसमा सुधार ल्याउन राजनीतिक दलहरूलाई दल सञ्चालन गर्न आवश्यक रकम बरु राज्यकोषबाट दिनु उपयुक्त हुन्छ भनेर आर्थिक वर्ष २०६०/६१ को बजेट वक्तव्यमा राजनीतिक दलले पछिल्लो निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रति मत रु. २० का दरले सरकारले सम्बन्धित दललाई अनुदान दिने प्रस्ताव गरिएको थियो। बजेटमा नयाँ व्यवस्था र आवश्यक रकम विनियोजन त भयो तर त्यो व्यवस्था लागू हुनु अघि सरकार परिवर्तन मात्र होइन, शासन प्रणालीमा नै परिवर्तन आयो।

८ यस सन्दर्भमा एकातिर चुनाव खर्च कम गर्ने उपायहरूको खोजी गरिनु आवश्यक छ भने अर्कोतिर राजनीतिक दल सञ्चालन खर्चका लागि पारदर्शी र गलत तत्वसँग साठगाँठ गर्नु नपर्ने आर्थिक स्रोतको प्रबन्ध गर्न आवश्यक छ।

९ सरल भाषामा व्याख्या गर्दा चुनावमा मुख्य तीन काम हुन्छन्। निर्वाचन स्वच्छ होस् भनेर आचार संहिता कार्यान्वयन र मतदानको प्रबन्ध निर्वाचन आयोगले मिलाउँछ। उम्मेदवारले मतदातालाई आफू र आफ्नो चुनावी एजेन्डाको जानकारी गराउँछ। मतदाताले प्राप्त जानकारीका आधारमा उपयुक्त उम्मेदवारको चयन गर्छ र मतदान गर्छ। आचार संहिता पालना र निर्वाचन गराउने खर्च स्वाभाविक रूपमा राज्यले व्यहोर्छ। मतदातालाई उम्मेदवारको बारेमा जानकारी दिने र उम्मेदवारको चुनावी एजेन्डा बताउने काम निर्वाचन आयोगले वा सरकारका निकायले गर्दैनन्। यही जानकारी दिलाउने र मतदातालाई प्रभावित कामका लागि उम्मेदवारको खर्च बढ्दै गएको हो। यदि सबै उम्मेदवारको बारेमा आवश्यक जानकारी समान तरिकाले मतदाता सामु पुग्छ र मतदाताले आफ्नो विवेक प्रयोग गर्न आवश्यक सूचना पाउँछ भने उम्मेदवारले किन खर्च गर्न पर्यो? उम्मेदवारको बारेमा र निजको चुनावी एजेन्डाको बारेमा निश्चित ढाँचामा पुस्तिका प्रकाशन गरी प्रत्येक मतदाताको जानकारीमा पुर्याइदिने काम निर्वाचन आयोग ले सरकारी खर्चमा गरिदिन सक्छ। यसका अतिरिक्त निर्वाचन आयोगले सरकारी खर्चमै अरू तीन वटा कामहरू गरिदिन सक्छः

- निर्वाचन क्षेत्रभित्रका निश्चित स्थानहरूमा सबै उम्मेदवारहरूले आफ्ना भनाई राख्न बराबर समय दिई आमसभाको आयोजना गरिदिने,
- निर्वाचनको प्रकृति अनुसार स्थानीय रेडियो, टेलिभजनमा प्रत्येक उम्मेदवारलाई आफ्नो भनाई राख्न समय उपलब्ध गराइदिने,
- निर्वाचन आयोगले सञ्चालन गर्ने सामाजिक सञ्जालहरूमा प्रत्येक उम्मेदवारको भनाइ राख्न बराबर स्थान दिने

१० चुनावी प्रचारमा प्रयोग हुने विधिहरू मध्ये एक घरदैलो कार्यक्रम हो। सामान्यता उम्मेदवारले घरदैलो कार्यक्रम गर्न ठूलो खर्च गर्न पर्दैन। यातायात खर्च र आफू घरबाहिर रहँदा खान बस्नका लागि

लाग्ने खर्च सामान्य नै हुन्छन्, जसलाई उम्मेदवारको राजनीतिक दलले दिने चुनावी खर्चबाट पुरा गर्न सकिन्छ। यी खर्च बाहेक निर्वाचनमा उम्मेदवारले अरू कुनै खर्च गर्छ भने त्यो गलत मानिनु पर्छ र चुनावी प्रक्रियाबाट वञ्चित गर्ने लगायतको दण्डको प्रावधान रहनु पर्छ। खास गरी पैसा दिएर मत खरीद गर्ने प्रवृत्ति पूर्णतः बन्द गरिनु पर्दछ ।यसका लागि जनचेतनाको आवश्यक्ता रहेको छ।

११ यसो गरे पछि चुनावी प्रचारका लागि उम्मेदवारले व्यक्तिगत रूपमा चन्दा उठाउन पुरै निषेध गर्न पर्छ। व्यक्तिगत चन्दा उठाउने वा आफ्नो सम्पत्ति चुनावमा लगानी गर्ने कारणले नै राजनीतिज्ञहरू भ्रष्टाचारजन्य काम गर्न बाध्य पारेको हो। अर्थ मन्त्रालयलाई दबाब दिएर आयोजनामा बजेट पार्ने वा निर्वाचन क्षेत्र विकास कार्यक्रमको नामबाट बजेट लैजाने र विकास कार्यक्रमलाई आय आर्जनको माध्यम बनाउने काम महँगो चुनावी प्रचारले नै हो। महँगो चुनावी प्रचारले लोकतन्त्रलाई मात्र विकृत बनाएको होइन, सार्वजनिक वित्तको कार्यकुशलतालाई पनि कमजोर बनाएको छ।

१२ राजनीतिक दल सञ्चालन गर्न आवश्यक वित्तका लागि परम्परागत स्रोतहरू'सदस्यता शुल्क वा कार्यकर्ताले तिर्ने लेभी वा शुभेच्छुकहरूले दिने स्वैच्छिक चन्दा'बाट प्राप्त रकम पर्याप्त हुन नसके पछि या त सरकारी खरीद ठेक्काबाट अवाञ्छित लाभ सिर्जना गर्न पर्यो वा सार्वजनिक लाभका पदहरूमा नियुक्ति दिँदा पैसाको लेनदेन गर्नुपर्यो वा व्यापारीसँग अवाञ्छित साठगाँठ गर्नु पर्यो। यी तीनै काम भ्रष्टाचार हुन् वा भ्रष्टाचारका कारण हुन्। राजनीतिक वित्तको यो विधिले सार्वजनिक संस्थाहरू कमजोर बनाएको मात्र होइन, राजनीतिक नेतृत्व पनि अदृश्य शक्तिहरूको इशारामा चल्नु पर्ने अवस्था उत्पन्न भएको छ। राजनीतिक नेतृत्व कमजोर बन्नु लोकतन्त्र र मुलुकको लागि राम्रो होइन।

१३ यसका अतिरिक्त राजनीतिक दलहरूको वित्तीय पारदर्शिता र उत्तरदायित्वको परीक्षणका लागि प्रक्रियागत र संस्थागत प्रबन्ध गरिनु पर्छ। दलहरूलाई आफ्नो वित्तीय विवरण आवधिक रूपमा सार्वजनिक गर्न लगाउने र दलहरूको स्रेस्ताको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने कानुनी प्रबन्ध गर्न उपयुक्त हुन्छ। संविधानको धारा २४१(५) बमोजिम कानूनमा प्रबन्ध गरेर महालेखा परीक्षकलाई यो दायित्व सुम्पिन सकिन्छ।

सुधारका लागि सुझाव

१४ राजनीतिक वित्त तथा चुनावी खर्चमा पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्न निम्न सुझाव प्रस्तुत गरिएको छः

१. राजनीतिक वित्त सम्बन्धी नयाँ ऐन ल्याएर वा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३७ र ३८ र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७२ मा संशोधन गरेर निश्चित मानदण्डका आधारमा राष्ट्रिय मान्यता-प्राप्त राजनीतिक दललाई संघिय सरकारी कोषबाट वार्षिक अनुदान दिने।

२. राजनीतिक दलले निश्चित शर्त र सीमाको अधीनमा रहेर बेकिङ् प्रणाली प्रयोग गरी चन्दा लिन पाउने, निर्वाचनका बेला उम्मेदवारले कुनै चन्दा लिन नपाउने व्यवस्था गर्नु आवश्यक छ।

३. निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले व्यक्तिगत सम्पत्ति प्रयोग गरेर वा व्यक्तिगत चन्दा उठाएर निर्बाध खर्च गर्न पाउने व्यवस्थाले निर्वाचित भैसकेपछि लगानी गरेको रकम जुनसुकै तवरले उठाउन प्रयत्न गर्ने प्रवृत्ति विकास हुन्छ। त्यसैले यस्तो आर्थिक स्रोतको उपयोगको नियमन आवश्यक छ।

४. सङ्घीय सरकारले निर्वाचन आयोग मार्फत गरिदिने उम्मेदवारको प्रचारका अतिरिक्त कुनै दलसँग आबद्ध उम्मेदवारलाई दलले आफ्नो कोषबाट निर्वाचन आयोगले समय समयमा तोकेको सीमामा नबढ्ने गरी प्रचार खर्च बापत दिन पाउने।

५. सबै राजनीतिक दलहरूले आफ्नो आम्दानी र खर्चको विवरण त्रैमासिक रूपमा निर्वाचन आयोगमा पठाउनु पर्ने र निर्वाचन आयोगको वेब साइट राख्ने।

६. सबै राजनीतिक दलहरूको स्रेस्ताको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने कानुनी व्यवस्था गर्ने। (संविधानको धारा २४१(५) ले यस्तो अधिकार दिएको छ)

कानुनी सुधार

स्थिति विश्लेषण

१. गतिशील अर्थतन्त्रका लागि असल व्यावसायिक वातावरण आवश्यक हुन्छ। असल व्यावसायिक वातावरण मापन गर्ने विभिन्न सूचकको विभिन्न बेला प्रयोग हुने गरेको छ। यस्ता सूचकले मूलतः व्यवसाय प्रारम्भ गर्न कति सजिलो छ, व्यवसायले मुनाफा आर्जन गर्न सक्ने र आर्जन गरेको सम्पत्ति माथि हकको सुरक्षा गरिन्छ कि गरिँदैन, सिर्जना गरिएका बौद्धिक सम्पत्तिको रक्षा हुन्छ कि हुँदैन, व्यावसायिक करारको पालना गराउने प्रबन्ध छ कि छैन, नियमकीय प्रावधानहरूको परिपालना गर्न कत्तिको सहज छ, आर्थिक स्वतन्त्रता र स्वच्छ प्रतिस्पर्धाको अवस्था कस्तो छ, व्यावसायिक विवादहरूको समाधान कति चाँडो हुन्छ, व्यवसायबाट बहिर्गमन गर्न कति सजिलो छ जस्ता विषय समेटेका हुन्छन्। यी मध्ये कतिपय विषयको प्रबन्ध कानूनमा गरिएको हुन्छ। यसको अर्थ कानून व्यवसाय-मैत्री भएन, अनावश्यक रूपमा नियन्त्रण गर्न खोजियो वा एकै विषयमा दुई वा सो भन्दा बढी कानूनहरू लागू गर्न खोजियो भने असल व्यावसायिक वातावरण बन्दैन।

२. विकासशील राष्ट्रहरूमा निजी क्षेत्रले सरकारको राजस्वमा ८० प्रतिशत तथा मुलुकको उत्पादनमा ७० प्रतिशत योगदान गर्छ, अर्थतन्त्रमा ७५ प्रतिशत लगानी र ९० प्रतिशत रोजगारी सिर्जना गर्छ[८]। विश्व बैंकले प्रत्येक मुलुकको व्यावसायिक वातावरणको मुल्यांकन गरी व्यवसायको निमित्त कुनै मुलुक कत्तिको तयार छ हेर्नका लागि दश वटा विषय र प्रत्येक विषय अन्तर्गत तीन वटा स्तम्भहरू क्रमशः नियामकीय संरचना, सार्वजनिक सेवा र कार्यगत कार्यकुशलताको परीक्षण गर्दछ। दश वटा विषय हुन्: व्यवसायको प्रवेश, व्यवसायको स्थान, अत्यावश्यक सेवा, श्रम, वित्तीय सेवा, अन्तर्राष्ट्रिय व्यापार, कर, विवाद समाधान, बजार प्रतिस्पर्धा र व्यवसायको विघटन। सबै विषय र स्तम्भमा गरी करिब १,२०० सूचकको मापन हुन्छ। असल कानुनी संरचनाले धेरै सूचकहरूलाई प्रभावित गर्छ।

३. सन् २०२४ को ५० वटा मुलुकहरूको मूल्यांकनमा नेपालले नियामकीय संरचनामा ५९.३४, सार्वजनिक सेवामा ४९.२९ र कार्यगत कार्यकुशलतामा ७२.२१ प्राप्त गरेको छ। कार्यगत कार्यकुशलतामा नेपालको अवस्था राम्रो देखिन्छ तर कतिपय सार्वजनिक संस्थाहरूको कामकारबाही र कानुनी प्रबन्धहरूले व्यावसायिक निकायहरूको कार्यकुशलतामा अवरोध उत्पन्न भएको देखिन्छ। नियामकीय संरचनाले मूलतः व्यवसाय स्थापना, सञ्चालन, विस्तार र बहिर्गमन जस्ता विषयमा समग्र कानुनी तथा प्रशासकीय कार्यविधिहरू कत्तिको सहज वातावरण निर्माण गरेका छन् विषयहरू समेट्छ, जसमा नेपालको स्थिति कमजोर रहेको छ। यसले प्रवर्धनात्मक, सहजकारी र विश्वासमा आधारित नियामकीय वातावरण निर्माण गर्न कानुनी सुधारको आवश्यकता रहेको विषय औँल्याउँछ। अत्याधिक नियन्त्रण र दण्डको सोचबाट निर्मित नियामकीय प्रबन्धले व्यावसायिक वातावरण कमजोर बन्दछ।

[8] World Bank, ***Business Ready Report 2024***

४. आर्थिक गतिविधिलाई शंकाको दृष्टिकोणले हेर्ने, नवप्रवर्तनलाई निरुत्साहित गर्ने र व्यवसाय तथा नागरिकलाई अनावश्यक भार पार्ने वा लागत बढाउने कानुनी तथा प्रशासकीय कार्यविधिहरूमा सुधार नगरी गरिने आर्थिक सुधारले परिणाम दिन सक्दैनन्। कतिपय विद्यमान कानूनहरू उच्च आर्थिक वृद्धिको मार्गमा अवरोध छन्। कतिपय कानूनहरू वर्तमान अवस्थामा असान्दर्भिक भैसकेका छन् र तिनको प्रयोग व्यक्ति वा व्यवसायलाई दुख दिने काममा प्रयोग हुन सक्ने सम्भावना छ। कतिपय कानूनले सरकारलाई नियम बनाउने असीमित अधिकार दिएको छ। असल व्यावसायिक वातावरण निर्माण गर्न र सरकारी सेवा सहज तरिकाले प्राप्त गर्न झमेला सिर्जना गर्ने र वर्तमान परिप्रेक्ष्यमा असान्दर्भिक देखिएका केही कानूनहरूको औचित्यको विश्लेषण तलका अनुच्छेदहरू मा प्रस्तुत गरिएको छ। केही कानून खारेज गर्नु पर्ने देखिन्छ भने कतिपय कानूनहरू परिमार्जन गर्नु पर्ने वा नयाँ तर्जुमा गर्नु पर्ने देखिन्छ।

५. **आय टिकट दस्तुर ऐन, २०१९**: यो ऐन ससानो सेवा शुल्क जस्ता राजस्व संकलन गर्ने कार्यालयहरूमा संकलित नगदको दुरुपयोग नहोस् र नगद संकलन एकै निकायबाट गरेर नगद नियन्त्रण गर्न सकियोस् भन्ने आशयले जारी भएको देखिन्छ। सरकारले राजस्व संकलन गर्न बेकिङ् प्रणालीको प्रयोग नगरेको र अहिलेको जस्तो विद्युतीय प्रणालीबाट सिधै बैंकमा रहेको राजस्व खातामा रकम जम्मा हुन नसक्ने समयमा यो ऐनको उपादेयता थियो, तर अहिले यो उपयोगी देखिँदैन। ऐनको दफा ४ ले लेनदेनको तमसुक, टिप्पन, बहाल कबुलियत, गैह्र संस्थागत कृषिजन्य वस्तु बाहेक विक्रीनामाको कागजात, शेयर डिबेन्चर स्टकको खरीद बिक्रीसम्बन्धी कागजात, विनिमयपत्र र प्रतिज्ञापत्र, बीमा लेखसम्बन्धी गैह्र कागजात र घर, पसल, हाल, होटेल र कोठा बहाल बुझेको भरपाईमा आय टिकट दस्तुर लाग्ने व्यवस्था गरेको छ। तर यो प्रावधानका अतिरिक्त विभिन्न नियमहरूले अन्य सरकारी सेवा लिन टिकट टाँस्नु पर्ने प्रावधान छ। उदाहरणको लागि सवारीचालक अनुमतिपत्र लिन दरखास्त दिँदा तोकिए बमोजिमको दस्तुरका अतिरिक्त रु. ५ को टिकट दरखास्तमा टाँस्न अनिवार्य छ। कतिपय कार्यालयहरूले नागरिकबाट कुनै लिखित गुनासो लिन पनि लिखतमा हुलाक टिकट टाँस्नु पर्ने व्यवस्था गरेका छन्। आय टिकट लगाउनु पर्ने व्यवस्थाले कतिपय अवस्थामा नागरिकले सेवा लिन लाग्ने शुल्क वा कर भुक्तानी गरिसके पछि हुलाक टिकट खोज्दै हिँड्नु परेको र त्यस क्रममा सास्ती खेप्नु पर्यो भनेर सरकारलाई सराप्दै हिँडेको देखिएको छ। यसले नागरिकलाई झमेला मात्र सिर्जना गरेको छ। यसैले आय टिकट सम्बन्धी व्यवस्थामा पुनरावलोकन आवश्यक देखिएको छ।

६. **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२**: २४ दफा भएको यो ऐनका विशेषता मूलतः अवाञ्छित मुनाफाखोरी, माल वस्तुको विचलन, जमाखोरी तथा कृतिम अभाव सिर्जना गर्ने, मिसावट गर्ने वा नक्कली समान बेच्ने जस्ता विषयलाई नियन्त्रण गर्ने रहेको देखिन्छ। ऐनले निश्चित वस्तुमा मूल्य निर्धारणको सिद्धान्त तोकेको छ। पछिल्लो समयमा उपभोक्ता हित संरक्षण गर्न र असल बजार अभ्यास प्रवर्द्धन गर्न दुईवटा आधुनिक कानून बनेका छन्। उपभोक्ता संरक्षण ऐन, २०७५ ले वस्तु वा सेवाको अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुने प्रबन्ध

गरेको छ, जुन कालोबजार ऐनका प्रावधान मुनाफाखोरी, वस्तुको विचलन, जमाखोरी, मिसावट आदिका प्रावधान भन्दा राम्रा छन्। प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ ले असल बजार अभ्यास प्रवर्द्धन गर्ने प्रबन्धहरू गरेको छ। उपभोक्ता हित संरक्षण गर्न, मुनाफाखोरी नियन्त्रण गर्न माथि उल्लेख गरिएका ऐनका अतिरिक्त अन्य ऐनहरूमा पनि प्रबन्ध गरिएको छ। उदाहरणका लागि औषधीमा मिसावटलाई कारबाही गर्ने, मूल्य निर्धारण गर्न सक्ने व्यवस्था औषधी ऐन, २०३५ मा छ। हवाई यातायात, सार्वजनिक यातायात खानेपानी, विद्युत, दूरसंचार सेवाका मूल्य नियमन र सेवाको गुणस्तर सम्बन्धी प्रावधान सम्बन्धित ऐनहरूमा छन्। मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १०७ खाद्य पदार्थमा मिसावट गर्न नहुने, दफा १०८ झुक्यानमा पारी खाद्य पदार्थ बिक्री गर्न नहुने, दफा १०९ झुक्यानमा पारी कुनै वस्तु बिक्री गर्न नहुने, दफा ११० बिक्री गर्ने उपभोग्य वस्तु बिक्री नगरी जम्माखोरी गर्न नहुने प्रावधान छन्। यस सन्दर्भमा एकै विषयका लागि विभिन्न ऐनको प्रयोग गरेर थरी थरीका सरकारी निकाय र अधिकारीले व्यवसायीलाई दुख दिने सम्भावना मात्र होइन बेला बेलामा त्यस्तो घटना भएकोले कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ पुरै असान्दर्भिक भएको छ।

७. **निजी वन जंगल राष्ट्रियकरण ऐन २०१३**: बन ऐन २०७६ को दफा ३६ ले निजी बनको धनीले निजी बनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा बन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्ने व्यवस्था गरेको छ। निजी बन प्रवर्द्धन गर्ने सरकारी नीति अनुरूप बिरुवा अनुदानमा वितरण गर्ने कार्यक्रम पनि संचालित छ। तर २०१३ सालमा जारी गरिएको ऐनले "उपत्यका र पहाडमा २५ रोपनी भन्दा बढी र तराईमा पाँच विगाहा भन्दा बढी जग्गामा आफ्नै मेहनतबाट रुख लगाई पालेको भए त्यस्ता रुखहरू भएको क्षेत्रलाई बन जंगल मानिने र राष्ट्रियकरण हुने" प्रावधान निजी बन जंगल राष्ट्रियकरण ऐन, २०१३ ले गरेको छ। जुन बेला यो ऐन जारी गरियो त्यो बेला यसको सान्दर्भिकता भए पनि अहिले यो ऐनको प्रयोग गरेर निजी बन राष्ट्रियकरण हुन सक्ने सम्भावना रहेको छ। विद्यमान नीति र बन ऐनको प्रावधानका सन्दर्भमा यो ऐन पुरै असान्दर्भिक भएको छ।

८. **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३**: यो ऐनले अर्थ, एकाउन्ट र अडिट सम्बन्धी समेत नेपाल सरकारको सबै काम सुचारु रूपले सम्पादन गर्न र विभिन्न अड्डाखानाहरूले अपनाएको सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त नेपाल सरकारले नियम बनाउन सक्ने अधिकार दिएको छ। यो असीमित अधिकार सहितको नियम बनाउन खुला गरिएको ऐन हो। यस्तो स्वेच्छाचारी ऐनले व्यावसायिक वातावरण जहिले पनि खलबल्याउन सक्छ। यो ऐन पुरै असान्दर्भिक छ।

९. **क्षतिपूर्ति ऐन, २०१९**: सार्वजनिक हितको निमित्त कुनै निजी सम्पत्ति प्राप्त गर्दा क्षतिपूर्ति दिने व्यवस्था गर्न यो ऐन जारी भएको थियो। यो ऐनको सम्बन्ध क्षतिपूर्ति दिनुपर्ने ठहर भएको बिर्ता जग्गासँग पनि सम्बन्धित देखिन्छ। निजी सम्पत्ति सार्वजनिक हित वा शान्ति वा व्यवस्था कायम गर्ने उद्देश्यले अधिग्रहण गर्ने र त्यस बापतको क्षतिपूर्ति दिने सम्बन्धमा अरू दुई वटा ऐनहरू पनि छन्, अचल

सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४। एकै प्रयोजनका तीन वटा विद्यमान रहेकाले क्षतिपूर्ति ऐन, २०१९ पुरै असान्दर्भिक देखिन्छ। अचल सम्पत्ति ऐन र जग्गा प्राप्ति ऐन गाभेर वर्तमान सन्दर्भ र आवश्यकता बमोजिमको नयाँ कानून जारी गर्नु उपयुक्त हुन्छ। यहाँ उल्लेख गरिएका तीन वटा ऐनले जग्गा, भवन जस्ता अचल सम्पत्ति प्राप्ति गर्दा क्षतिपुर्ती दिने विषय समेटेका छन्। कतिपय अवस्थामा राष्ट्रिय स्वार्थ, राष्ट्रिय सुरक्षा, र सार्वजनिक हितको दृष्टिकोणले कम्पनीको नियन्त्रणात्मक स्वामित्व हुने गरी शेयर वा वौद्धिक सम्पत्ति प्राप्ति गर्नु पर्ने अवस्था पनि आउन सक्छ। अहिले कुनै पनि कानूनले शेयर वा अदृश्य सम्पत्ति प्राप्ति गर्दा अपनाइने प्रक्रिया वा क्षतिपूर्ति दिने विधिको व्यवस्था गरेका छैनन्। यसैले नयाँ तर्जुमा गरिने ऐनले भौतिक, अभौतिक, दृश्य, अदृश्य, बौद्धिक सम्पत्ति जस्ता सबै सम्पत्ति प्राप्ति गर्ने र क्षतिपूर्ति दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

१०. **बिर्ता उन्मूलन ऐन, २०१६**: यस ऐनको दफा ३ ले ऐन प्रारम्भ भएको मिति देखि नै बिर्ता प्रथा समाप्त गरेको र बिर्ता जग्गा उन्मूलन गरी बिर्ता जग्गा रैकरमा परिणत गरी भूस्वामित्व नेपाल सरकारमा सरेको छ। यसकारणले यो ऐनको प्रयोजन पनि समाप्त भएको छ। तर यस विषयमा अदालतमा विचाराधिन रहेको मुद्दा हालसम्म पनि किनारा लागेको रहेनछ भने त्यस विषयलाई सम्बोधन गर्न आवश्यक प्रावधान भूमि सम्बन्धी ऐन, २०२१ मा थप गरी यो ऐन पुरै खारेज गर्न सकिन्छ।

११. **बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५**: यो ऐनको प्रयोजन समाप्त भएको छ। यस विषयमा उठेका जुनसुकै मुद्दा पनि प्रमुख जिल्ला अधिकारीले ठाडो कारबाही गरी निर्णय गर्न सक्ने अदालतलाई भए सरहको सबै अधिकार रहेको र कुनै कुरामा अदालतमा सवाल जवाफ हुन् नसक्ने भएकोले कुनै मुद्दाहरू पनि बाँकी नरहेको हुनुपर्छ। यो ऐनले कुनै व्यक्तिसँग लिन खान पाउने गरी कुनै लिखतपत्रहरू भइराखेको भए त्यस्तो लिखतपत्र पनि आर्थिक वर्ष २०११/१२ देखि पुरै खारेज भएकोले क्षतिपूर्ति सम्बन्धी कुनै दावा रहन सक्ने भएन। त्यसकारणले यो ऐन पनि पुरै खारेज गर्न सकिन्छ।

१२. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२**: यो ऐनले कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत वा झुट्टा लेखा, विवरण वा कागजात प्रस्तुत गर्ने, निकासी पैठारीमा भन्सार छल्ने वा छल्ने प्रयत्न गर्ने, राजस्व बुझाउने कार्यालयमा बाधा अवरोध गर्ने वा कर्मचारीसँग मिलेमतो गरी राजस्व दायित्व कम गर्ने, सम्पत्तिको मूल्य घटबढ गर्ने जस्ता आदि काम गरेमा राजस्व चुहावट गरेको मान्दछ। ऐनले त्यसको अनुसन्धान तथा तहकिकात गर्न राजस्व अनुसन्धान विभागलाई तोकेको छ। ऐनले "बिगो" भनेर आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, घरबहाल, भन्सार र सङ्घीय, प्रादेशिक, वा स्थानीय कानून बमोजिम लाग्ने अन्य कर, गैरकर, व्याज र सो सम्बन्धी विलम्ब शुल्क र जरिबाना भनेर परिभाषित गरेको छ। यस ऐनले कर छली भनेर परिभाषित गरेका विषयहरू सबै कर राजस्व र गैरकर राजस्वका सम्बन्धित ऐनहरूमा पनि प्रबन्ध गरिएको छ। ती ऐनहरूले

सम्बन्धित कर छलीको विषयमा अनुसन्धान, तहकिकात र कारबाही गर्ने अधिकार सम्बन्धित ऐन प्रयोग गर्ने निकायलाई दिएको छ।

१३. उदाहरण का लागि आयकर ऐनको दफा ८२ ले आन्तरिक राजस्व विभागलाई शंकास्पद करदाताको व्यवसायीको परिसर खानतलासी गर्न, कागजात कब्जामा लिन, सम्पत्ति कब्जामा लिन अधिकार दिएको छ। दफा १०४ र १०५ ले सम्पत्तिमाथि दाबी कायम गर्न र लिलाम गरेर लाग्ने कर तथा जरिबाना असुल गर्ने अधिकार दिएको छ। दफा १०६ बमोजिम विभागले कुनै करदाता भाग्ने सम्भावना छ भने नेपाल बाहिर जान रोक लगाउन सक्छ। करदाताले कर नतिरेमा दफा १११ बमोजिम जिल्लामा मुद्दा चलाउने अधिकार विभागलाई छ।कर नतिर्ने, नतिर्नेको मतियार र कर प्रशासनमा वाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्न खोज्नेलाई कैद सजाय हुने व्यवस्था आयकर ऐनमा छ। दफा १३५ ले विभागलाई कर छलीको छानबिन गर्न व्यक्ति झिकाउने, बयान गराउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार दिएको छ

१४. मूल्य अभिवृद्धि कर ऐन र अन्तःशुल्क ऐनले विभागलाई आयकर ऐनले दिएको भन्दा बढी अधिकार दिएको छ। भन्सार ऐनले भन्सार अधिकृतलाई मुद्दाको तहकिकात गर्ने र दोषीलाई एक वर्षसम्म कैद सजाय दिन सक्ने व्यवस्था गरेको छ। यसरी कर सम्बन्धी ऐनहरूमा राजस्व चुहावट नियन्त्रण गर्ने पर्याप्त कानुनी प्रबन्धहरू रहेको र सम्बन्धित कर प्रशासन गर्ने निकायलाई पर्याप्त अधिकार रहेको हुँदा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले अनुसन्धान र कारबाहीको दोहोरो प्रबन्ध गरेको छ। यसले गर्दा कर छलीका विषयमा छानबिनका लागि दोहोरोपना भएको मात्र होइन, व्यवसायीहरूलाई आतंकित गर्ने काम पनि भएको छ। कतिपय अवस्थामा एउटा विशेषज्ञ निकायले हेर्नु पर्ने विषयमा राजस्व अनुसन्धान प्रवेश गरी गलत अनुसन्धान र मुद्दा दायर गर्ने काम भएको छ। व्यापारिक प्रयोजनका मालवस्तुहरूको आन्तरिक ओसारपसार गर्दा आन्तरिक राजस्व विभागले तोकेको "मौज्दात स्थानान्तरण खाता" सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट प्रमाणित गराई निर्धारित चलान लिएर हिँडेका सवारीसाधनलाई पनि राजमार्गमा जथाभाबी रोकेर व्यवसायीहरूलाई अनावश्यक दुख दिने र व्यवसायको लागत बढाउने काम भएको छ। यस कारण राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ खारेज गर्न उपयुक्त हुन्छ। यसले असल व्यावसायिक वातावरण निर्माण गर्न सहयोग पुग्छ।

१५. **विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१**: नेपाल सरकारले हालै आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न जारी गरेको अध्यादेशले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन गरी नेपालबाट विदेशमा सिधा लगानी वा पोर्टफोलियो लगानी गर्न खुला गरेकाले यो ऐन असान्दर्भिक बन्न गएको छ। यो ऐनलाई खारेज गरी विदेशमा गरिने लगानी नियमन गर्ने नयाँ ऐन तर्जुमा गर्न उपयुक्त हुन्छ।

१६. **नेपाल एजेन्सी ऐन, २०१४**: स्वदेशी वा विदेशी फर्मले नेपालमा आफ्नो चिज वस्तुहरू विक्री गर्न एजेन्ट, दृष्टिब्यूटर, स्टाकिष्ट, नोमिनी वा रेप्रिजेंटेटिभ नियुक्त गरेको अवस्थामा त्यस्तो एजेन्टलाई

नियमन गर्न यो ऐन जारी गरिएको थियो। पछिल्लो समयमा जारी भएको मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १० मा एजेन्सी करार सम्बन्धी व्यवस्था रहेको छ। जसमा रहेका दफा ५९१ देखि ६०१ सम्मका ११ वटा दफाले एजेन्सी करार सम्बन्धी आवश्यक प्रबन्ध गरेको छ। नेपाल एजेन्सी ऐनले एजेन्सी लिएर काम गर्न अलग्गै एजेन्टको रूपमा दर्ता हुनु पर्ने र खरीद बिक्रीको फाँटवारी तोकिएको अधिकारी समक्ष पेच गर्नु पर्ने व्यवस्था गरेको छ, जुन मुलुकी देवानी संहितामा छैन। एजेन्सी एउटा व्यवसाय भएको र व्यवसाय कम्पनी वा साझेदारी वा प्राइभेट फर्मको रूपमा दर्ता हुन सक्ने भएकोले यस्ता इकाई दर्ता गर्दा व्यवसायको उद्देश्य उल्लेख गर्न अनिवार्य भएको सन्दर्भमा दर्ता गर्ने प्रयोजनका लागि मात्र नेपाल एजेन्सी ऐन आवश्यक देखिँदैन। यो ऐन खारेज गर्दा उपयुक्त हुन्छ।

१७. **प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३**: यो ऐन कुनै क्षेत्रहरूमा बहुमुखी विकास योजनाहरू शीघ्रतापूर्वक कार्यान्वयन गर्न ल्याइएको देखिन्छ। ऐनले विकास योजना कार्यान्वित विकास क्षेत्र तोक्न सक्ने र त्यसका लागि जग्गा प्राप्त गर्ने अधिकार दिएको छ। ऐनको दफा ४ र ५ मा रहेका प्रावधानहरू व्यवस्थित शहरी विकासका लागि जग्गा एकीकरण गर्न सक्ने र विकसित जग्गा सम्बन्धित जग्गाधनीलाई प्राथमिकता दिई बिक्री गर्न सकिने कुरा स्पष्ट गर्छन्। सङ्घीय शासन प्रणालीमा गए पछि कतिपय नगरपालिकाहरूले बस्ती विकास तथा जग्गा एकीकरण ऐन जारी गरेका छन्। व्यवस्थित वस्ति तथा शहरी विकासका लागि वर्तमान सन्दर्भमा यो ऐन आवश्यक छैन। यो ऐन खारेज गरी निजी क्षेत्रले पनि जग्गा वा अव्यवस्थित बसोबास एकीकरण गर्न पाउने, सुविधासम्पन्न व्यवस्थित आधुनिक शहरी विकासका लागि नयाँ शहरी विकास ऐन जारी गर्नु उपयुक्त हुन्छ।

१८. **निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३**: यो ऐन निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने ध्येयले जारी गरिएको थियो। मुलुकको आर्थिक वृद्धिमा अन्तर्राष्ट्रिय व्यापारको ठूलो भूमिका हुन्छ। मुलुकको आर्थिक हितका लागि अन्तर्राष्ट्रिय व्यापारको नियमन गर्ने हो, निर्यात प्रवर्द्धन गर्ने दृष्टिकोण लिने हो, आयातलाई मुलुकको उत्पादन वृद्धिका लागि सहयोगी हुने गरी परिचालन गर्ने हो र समष्टिमा अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण गरेर व्यापारको लागत घटाउने हो। यो ऐनले यी उद्देश्यहरू पुरा गर्दैन। त्यसैले यो ऐन खारेज गरेर नयाँ **निकासी पैठारी नियमन ऐन** जारी गर्न आवश्यक छ। यस्तो ऐनले निकासी पैठारी व्यवसायमा संलग्न व्यक्ति वा निकायले एक्जिम संकेत नम्बर लिनु पर्ने, राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितका निमित्त परिमाणात्मक नियन्त्रण गरिएका वस्तुको अनुमतिपत्र लिनुपर्ने, राष्ट्रिय सुरक्षा वा राष्ट्रिय अर्थतन्त्रको आवश्यकता बमोजिम निकासी वा पैठारीमा बन्देज लगाउन, अन्ट्रपोर्ट व्यापार सम्बधी व्यवस्था गर्न, निकासी प्रवर्द्धनका प्रबन्ध लगायतका प्रबन्धहरू गर्नु पर्छ।

१९. **सामाजिक व्यवहार सुधार ऐन २०३३**: मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १७४ ले विवाहमा लेनदेन गर्न नहुने व्यवस्था गरेको। यो व्यवस्थाले सामाजिक व्यवहार सुधार ऐन को दफा ३, ४, ५ र ६ मा रहेको दाइजो लिने दिने कामलाई कारबाही गर्ने विषय समेट्छ। यो ऐनले जन्ती वा वरीयतामा ५१ जना भन्दा बढी लैजान नपाइने, बाजावालाको संख्या ११ जना भन्दा बढी हुन्

नहुने, विवाह भोजमा ५१ जना भन्दा बढी बोलाउन नपाइने, छैठी, न्वारान, पास्नी, चूडाकर्म, व्रतबन्ध, बूढो-पास्नीको भोजमा नियन्त्रण, पितृ कार्यको भोजमा नियन्त्रण, भड्किलो रूपमा घर सजाउन नहुने र यस्तो कार्यमा गरेको खर्चको लागत प्रमुख जिल्ला अधिकारीलाई देखाउन पर्ने प्रबन्ध गरेको छ। यी प्रबन्धहरू व्यवहारमा पालना भएको छैन। तर विगतमा कतिपय अवस्थामा यिनै प्रावधान लगाएर निश्चित व्यक्तिलाई केरकार पार्ने वा कारबाही गर्ने, बैबाहिक समारोहमा सुरक्षाकर्मी पठाएर दुख दिने गरिएको पाइन्छ। मानिसहरूले गर्ने उपभोगले आर्थिक गतिविधि विस्तार हुन्छ र रोजगारी सिर्जना हुन्छ। यसकारण आजको सन्दर्भमा यो ऐन पुरै असान्दर्भिक भएको खारेज गर्न उपयुक्त हुन्छ।

२०. **नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४:** मुलुकभित्र नेपाली मुद्राको प्रचलन बढाउन जारी गरिएको यो ऐन तत्कालको समयमा सान्दर्भिक भए पनि अहिले असान्दर्भिक भएको छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ ले नेपालमा कानुनी ग्राह्य हुने नोट तथा सिक्का निष्कासन गर्ने एकाधिकार नेपाल राष्ट्र बैंकलाई दिएकाले यो ऐन खारेज गर्न उपयुक्त छ।

२१. **वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५:** संस्था दर्ता ऐन, २०३४ बमोजिम खडा भएका गैर-मुनाफामुखी गैर-सरकारी संस्थाहरूलाई लघु बचत परिचालन गर्न र लघु कर्जा उपलब्ध गराउन दिने प्रयोजनले यो ऐन जारी गरिएको थियो। आम नागरिकबाट बचत परिचालन गर्ने संस्थाहरूलाई बैंक तथा वित्तीय संस्था ऐनको परिधिभित्र ल्याएर नियमन गर्न नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ४९(४) बमोजिमको वित्तीय संस्थामा रूपान्तरण गरिएकोले अहिले यो ऐनको आवश्यकता देखिँदैन। बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ३१ ले यस ऐन बमोजिम स्वीकृत पाएको बैंक तथा वित्तीय संस्था बाहेक अन्य कसैले पनि बेकिङ् तथा वित्तीय कारोबार गर्न पाउने छैन भनेकाले पनि वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ पुरै असान्दर्भिक बन्न पुगेको छ।

२२. **औषधी ऐन, २०३५:** विद्यमान ऐनले औषधी वा औषधीका साधक पदार्थहरूको उत्पादन बिक्री-वितरण, निकासी पैठारी, संचय र सेवनका विषयलाई समेट्छ। स्वास्थ्यका निमित्त औषधी मात्र नभएर अर्ध-औषधी स्वरूपका पोषणयुक्त सामग्री प्रयोग आम रूपमा बढ्दो छ। न्युट्रास्युटिकल्सको नाम बाट उत्पादन र बिक्री वितरण गरिने यस्ता सामग्रीको सम्बन्धमा कुनै कानून र नियमनको संस्थागत प्रबन्ध नभएकोले नेपालका औषधी उद्योगहरूले क्षमता भएर पनि यस्ता वस्तु उत्पादन गर्न अनुमति पाएका छैनन् भने कुनै नियमन बिना आयातित वस्तुले बजार लिइरहेका छन्। त्यसै गरी कतिपय प्रसाधन सामग्रीमा प्रयोग गरिने रसायनले यिनलाई औषधी कै स्वरूप दिन्छन्। तर यस्ता वस्तुको उत्पादन, आयात र बिक्री-वितरणको नियमन छैन। पछिल्लो दशकमा विश्वव्यापी रूपमा घरमै प्रयोग गर्न मिल्ने थरीथरीका स्वास्थ्य-उपकरणहरू बजारमा आउन थालेका छन्, जसले रगतमा चिनीको मात्रा वा रक्तचाप वा इलेक्ट्रोकार्डियोग्राम, शरीरको तापक्रम, रगतमा अक्सिजनको मात्रा आदि मापन गर्छन्। यस्ता स्वास्थ्य-उपकरणको उत्पादन, आयात र बिक्री वितरणको नियमन छैन जसले गर्दा गुणस्तरहीन समान प्रयोग गरेर नागरिक ठगिएका पनि छन्। धेरै मुलुकले औषधि का

अतिरिक्त उल्लेख गरिएका अरू स्वास्थ्य सामग्रीको उत्पादन, आयात र बिक्री वितरणको नियमन गर्छन्। संयुक्त राज्य अमेरिकामा यस्ता सबै सामग्रीको नियमन फुड एण्ड ड्रग एड्मिनिस्ट्रेरसनले गर्दछ। कतिपय मुलुकले यसका लागि एउटै ऐन बनाएका छन्। जापानले सन् २०२० मा पुराना सबै कानून खारेज गरेर फर्मासिउटिकल्स एण्ड मेडिकल डिभाइस एक्ट जारी गर्यो जसले औषधी, औषधिजन्य सप्लिमेन्ट, कस्मेटिक्स, मेडिकल डिभाइस, र प्रत्यारोपणका लागि बनाइएका मानव-कोषमा आधारित सामग्रीको उत्पादन, आयात, बजारीकरण र बिक्री-वितरणलाई नियमन गर्दछ। यस कारण विद्यमान औषधी ऐन पुरै परिमार्जन गर्नु पर्ने भएको छ।

२३. **अचल सम्पत्ति अधिग्रहण ऐन २०१३ र जग्गा प्राप्ति ऐन २०३४**: अचल सम्पत्ति अधिग्रहण ऐनले नेपाल सरकार, प्रदेश सरकारहरू र स्थानीय तहलाई सार्वजनिक कामका लागि कुनै अचल सम्पत्ति आवश्यक पर्यो भने निश्चित आधारमा क्षतिपूर्ति दिएर अधिग्रहण गर्ने अधिकार नेपाल सरकारलाई दिएको छ। प्रदेश सरकार र स्थानीय तहले अधिग्रहण गर्न पाउँदैनन्। तल्लो तहका सरकारहरूले सार्वजनिक हितका लागि अचल सम्पत्ति अधिग्रहण गर्नु पर्यो भने नेपाल सरकारलाई अनुरोध गर्नु पर्छ। यो ऐनले निर्मित घर वा भौतिक संरचना अधिग्रहणलाई समेट्छ भने जग्गा अधिग्रहण गर्नु पर्दा जग्गा प्राप्ति ऐन प्रयोग हुने गरेको छ। यस्तै प्रकृतिको तर धेरै कम प्रयोग भएको क्षतिपूर्ति ऐनका बारेमा माथि नै चर्चा गरिएको छ। विद्यमान कानूनहरूमा अदृश्य सम्पत्ति वा बौद्धिक सम्पत्ति अधिग्रहण गर्नु पर्ने अवस्था आउने परिकल्पना गरेको देखिँदैन। कतिपय अवस्था राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितका लागी संचालित कुनै कम्पनी वा व्यवसायको शेयर वा स्वामित्व अधिग्रहण गर्नु पर्ने हुन सक्छ। तसर्थ अचल सम्पत्ति अधिग्रहण ऐन र जग्गा प्राप्ति ऐनलाई गाभेर सार्वजनिक हित तथा राष्ट्रिय सुरक्षाका लागि बौद्धिक सम्पत्ति, अदृश्य सम्पत्ति, कुनै निकायको शेयर वा स्वामित्व अधिग्रहण गर्न सकिने गरी नयाँ ऐन तर्जुमा गर्नु आवश्यक देखिन्छ।

२४. **बौद्धिक सम्पत्ति अधिकार संरक्षण सम्बन्धी कानूनहरू**: कुनै व्यक्ति वा निकायले आफ्नो क्षमताले सिर्जना गरेको वा खरीद गरेको सबै किसिमको अदृश्य तर मूल्यवान् सम्पत्ति माथिको हक संरक्षित हुन सकेन भने असल व्यावसायिक वातावरण भएको मानिँदैन। बौद्धिक सम्पत्तिमा पेटेन्ट, व्यवसाय वा वस्तुको नाम वा पहिचान, व्यावसायिक गोपनीयता, व्यापारिक आवरण, कम्प्युटर सफ्टवेयर, आविष्कार, औद्योगिक डिजाइन, लेखन वा सिर्जना, परम्परागत ज्ञान, आदि पर्दछ।

२५. **बौद्धिक सम्पत्ति अधिकार संरक्षणका लागि नेपालमा दुई वटा ऐन रहेका छन्**। औद्योगिक बौद्धिक सम्पत्ति संरक्षणका लागी पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ र बौद्धिक रचना संरक्षणका लागि प्रतिलिपि अधिकार ऐन, २०५९। खासगरी औद्योगिक बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी कानून कमजोर भएको कारणले यस्तो सम्पत्तिमा आधारित उद्योगहरू नेपालमा फस्टाउन नसकेको देखिन्छ। नवीनतम प्रविधि प्रयोग गरेर उत्पादन गर्ने मुलुकको पंक्तिमा नेपाल १३२ मध्ये १११औं स्थानमा रहेको छ। बजारमा नक्कली वस्तु प्रशस्त रहेको गुनासो सुन्ने गरिन्छ। कतिपय अवस्थामा बौद्धिक सम्पत्तिको दुरुपयोग भएका व्यवसायी वा निकायले न्याय पाउन सकेका छैनन्। अतिकम विकसित

राष्ट्र भएको कारणले विश्व व्यापार संगठनको बौद्धिक सम्पत्ति सम्बन्धी सम्झौता बमोजिम नेपाललाई केही सहुलियत प्राप्त भएकोमा स्तरोन्नति पछि यस्ता सहुलियत हट्दै जानेछन्। यस परिप्रेक्ष्यमा बौद्धिक सम्पत्तिको संरक्षण प्रभावकारी गराउन विद्यमान दुई ऐनहरू गाभेर नयाँ "बौद्धिक सम्पत्ति अधिकार संरक्षण ऐन" तर्जुमा गर्न आवश्यक भएको छ। यस्तो ऐनमा बौद्धिक सम्पत्ति माथि सर्जकको हक सुनिश्चित गर्नका अतिरिक्त बौद्धिक सम्पत्तिको डिजिटल भण्डार निर्माण गर्ने, पेटेन्ट हक पाउने अवस्थाहरूलाई विवादरहित बनाउने, पेटेन्ट वा ट्रेडमार्क अस्वीकार गर्न सकिने व्यवस्थालाई निरपेक्ष र सापेक्षिक अवस्थामा वर्गीकरण गर्ने, बौद्धिक सम्पत्ति अतिक्रमण गर्ने बाट क्षतिपूर्ति भराउने मात्र होइन त्यस्तो दुरुपयोग गर्ने व्यक्ति वा व्यवसायलाई निषेध गर्ने र बौद्धिक सम्पत्ति दर्ताका लागि निवेदन प्राप्त भए पछि चाँडो टुंग्याउनु पर्ने प्रावधानहरू रहनु आवश्यक छ।

२६. **नेपालको कुनै व्यक्ति वा निकायको स्वामित्वको बौद्धिक सम्पत्ति संरक्षणका लागि नयाँ ऐन जारी गर्नु का अतिरिक्त अन्तर्राष्टिय स्तरमा संरक्षण दिलाउनु आवश्यक छ।** यसका लागि **म्याड्रिड प्रणाली र त्यस अन्तर्गतको सम्झौता**[९] अनुमोदन गर्नु आवश्यक छ। यसै गरी नेपाली व्यवसायीको पेटेन्टको अन्तर्राष्ट्रिय संरक्षणका लागि पेटेन्ट कोअपरेसन सन्धिमा सहभागी हुनु आवश्यक छ। यो सन्धिमा हाल १५८ देशहरू सहभागी छन्। यो सन्धिमा प्रवेश गरे पछि नेपाली व्यवसायीले एक ठाउँमा पेटेन्ट दर्ता गरे पछि १५८ देशमा पेटेन्ट अधिकारको संरक्षण पाउँछन्।

२७. **नेपालका कतिपय नदीहरूमा वर्षाको भेलसँगै ढुङ्गा तथा बालुवाको थुप्रो लाग्छ।** यसले समथर क्षेत्रमा नदीको सतह बढ्न गई खेती तथा वस्तिमा बाढीको जोखिम बढ्छ। तर विगतमा कतिपय अवस्थामा कमजोर नियमन र कानूनको अभावमा जथाभावी उत्खनन हुन गई नदीको धार परिवर्तन हुने वा नदीको तट कटान भएर अर्को खाले जोखिम उत्पन्न भइ स्थानीय समुदाय प्रभावित भएका थिए। यसलाई व्यवस्थित रूपमा उत्खनन गरी निर्माण सामग्रीको स्रोतको रूपमा प्रयोग गर्न **निर्माण सामग्रीको व्यवस्थापन तथा नियमन ऐन जारी गर्न उपयुक्त हुन्छ।**

२८. **सार्वजनिक गोदाम ऐन (पब्लिक वेयरहाउसिंग एक्ट) को आवश्यकताका बारेमा छलफल चलेको धेरै भयो।** विभिन्न किसिमका व्यापारिक समान, कृषि उपज, आदि गोदाममा राखेर गोदामले दिएको भरपाईलाई धितोकरण गरी ऋण लिन दिन सहज गराउन यस्तो ऐनको आवश्यकता पहिचान गरिएको हो। खासगरी किसानले खेतीको फसल भित्र्याईसके पछि आफ्नो आर्थिक आवश्यकता पूरा गर्न तत्काल कम मूल्यमा बजारमा बेच्नुको सट्टा सार्वजनिक गोदाममा भण्डारण गरेर प्राप्त भर्पाई बैंकमा सुरक्षणका रूपमा प्रस्तुत गरी कर्जा लिन सक्छन् र केही समयमा बजार भाउ बढे पछि त्यस्तो समान बजारमा बेची ऋण तिरेर पनि मूल्य लाभ प्राप्त गर्न सक्छन्। नेपाल सरकारले स्वीकृत गरेको व्यापारिक पूर्वाधार (ट्रेड लजिस्टिक्स) नीति २०७९ ले गोदाम, शीत भण्डार लगायतका व्यापारिक पूर्वाधार निर्माण र सञ्चालनमा निजी क्षेत्रको सहभागिता बढाउने र यसका लागि आवश्यक कानून

[9] Madrid Agreement Concerning the International Registration of Marks

निर्माण गर्ने उल्लेख गरिएको छ। व्यापारिक पूर्वाधारमा सुधार गर्न र कृषि उपजको बजारीकरणमा किसानहरूलाई नयाँ अवसर सिर्जना गर्न **सार्वजनिक गोदाम ऐन** जारी गर्न उपयुक्त हुन्छ।

२९. साख (क्रेडिट) सूचना प्रतिवेदनको वर्तमान प्रबन्धमा कर्जा सूचना केन्द्रको नियमन गर्ने सम्बन्धी कुनै कानुनी व्यवस्था छैन। विद्यमान निक्षेप तथा कर्जा सुरक्षण कोष ऐनले कोषको स्थापना गरेको छ। कोषमा सदस्य भएको वित्तीय संस्थाको निक्षेप तथा ऋणको सुरक्षणको काम कोषले गर्छ। यसका लागि कोषले निक्षेप सुरक्षण कोष र कर्जा सुरक्षण कोषको व्यवस्था गर्नु पर्ने कानुनी व्यवस्था छ। तर कोषमा रहेको व्यक्तिको सूचनाको गोपनियता, सुचनाको सुरक्षा, सूचनाको वैधता (एक्युरेसी), साख प्रतिवेदन आदि सम्बन्धमा कुनै प्रबन्ध छैन। साना व्यवसायी वा व्यक्तिले साख मूल्यांकन (क्रेडिट स्कोर) का आधारमा भौतिक सम्पत्ति धितो नराखी बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्राप्त गर्नका लागि विद्यमान ऐनमा कुनै प्रावधान छैन। यसै कारणले पनि नेपालको बेकिङ् प्रणालीले धितोमा आधारित कर्जामा जोड दिन्छन। व्यक्तिको विश्वसनीयता र ऋण तिर्ने क्षमता कर्जा निर्णयका लागि गौण बनेको छ। साख मुल्यांकन प्रणालीले उद्यमीहरूको कर्जा पहुँच विस्तार गर्न सक्छ र बैंक तथा वित्तीय संस्थाहरूको कर्जाको गुणस्तर पनि बढ्न सक्छ, किनभने साख मुल्यांकन कमजोर हुन नदिन ऋणीले आफ्नो ऋण दायित्व प्रति सचेत हुन्छ। त्यसैले नयाँ **कर्जा सूचना प्रतिवेदन ऐन (क्रेडिट इन्फर्मेसन रिपोर्टिंग एक्ट)** जारी गर्न आवश्यक देखिन्छ। यस्तो ऐनले कर्जा सूचना केन्द्रहरूलाई नियमन गर्ने, सुचनाको सुरक्षा तथा गोपनियता सम्बन्धी प्रावधान पनि समेट्नु जरुरि छ।

३०. घर घडेरी जस्ता भौतिक सम्पत्तिको धितोमा कर्जा दिने प्रणालीले ल्याएका विकृति सबै सामु छर्लंग छ। यस्ता सम्पत्तिको मूल्य अनावश्यक ढङ्गले बढेको छ, सम्पत्तिको बजारमा सट्टाबजारी मौलाएको छ। यसको विकल्पमा सुरक्षित बिक्री कारोबार, मालसामानको पट्टा, कुनै सम्पत्तिमा भएको अधिकार, खाताबही, अधिकारप्राप्त आदिको सुरक्षणमा ऋण दिन सहज हुने गरी सुरक्षित कारोबार ऐन २०६३ जारी भएको थियो। यो ऐनमा हालै संशोधन गरी प्रतिज्ञापत्र, विनिमयपत्र, बौद्धिक सम्पत्ति, खानी उत्खनन अनुमति जस्ता विषयलाई पनि सुरक्षित कारोबारको रूपमा थप गरेको छ। तर बैंक तथा वित्तीय संस्थाहरूलाई सुरक्षण राखिएको सुरक्षित कारोबारमाथिको अधिकार सम्बन्धी व्यवस्था प्रभावकारी बनाउन, बैंक तथा वित्तीय संस्थाहरूलाई सुरक्षित कारोबारको सुरक्षणमा ऋण प्रवाह गर्न प्रोत्साहन आवश्यक प्रावधान राख्न यस अघिको संशोधनमा छुटेको देखिन्छ। प्रोत्साहन गर्न संशोधन आवश्यक देखिएको छ।

३१. **दामासाही सम्बन्धी ऐनले वित्तीय समस्यामा परेका उपभोक्ता, लघु, साना तथा मझौला उद्योगहरू र अन्य संगठित संस्थाहरूको दायित्व पुनर्संरचना तथा विघटनलाई सम्बोधन गरेको छैन**। तसर्थ विद्यमान दामासाही सम्बन्धी ऐन, २०६३ को सट्टामा अन्तरराष्ट्रिय असल अभ्यासका प्रावधानहरू समेटी वित्तीय संकटमा परेका व्यक्ति तथा व्यवसायलाई छिटो बहिर्गमन गर्न सहज गराउन नयाँ दामासाही ऐन आवश्यक देखिएको छ।

३२. **वैकल्पिक लगानी संस्थाहरू सीमित दायित्व सहितको साझेदारीका रूपमा दर्ता गर्न विकल्प दिने।** नयाँ उद्यम विकास गर्न एन्जेल क्यापिटल, भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फण्ड जस्ता संगठित संस्थाको महत्वपूर्ण भूमिका देखिएको छ। यस्ता वैकल्पिक लगानी संस्थाहरूको शत प्रतिशत लगानी उत्पादनशील उद्यममा र नेपालको प्राथमिकताको क्षेत्रमा गएको देखिन्छ। यस्ता वैकल्पिक लगानी संस्थाहरूमा पुँजी लगाउने धनाढ्य वर्ग (हाई नेटवर्थ इन्डीभिजुअलस्) ले सीमित दायित्वको सुरक्षा गोपनीयता चाहन्छन्। प्राइभेट कम्पनी ढाँचामा दायित्व सीमित त हुन्छ, तर उनीहरूले चाहे जस्तो स्वामित्वको गोपनीयता हुँदैन। त्यसैले यस्ता फन्डहरूलाई सहज गराउनु धेरै मुलुकहरूले पछिल्लो दुई दशकका बीचमा सीमित दायित्वको साझेदारी स्थापना गर्न पाइने कानुनी प्रबन्ध गरेका छन्। नेपालमा ठूला जलविद्युत परियोजनाहरूका लागि पर्याप्त इक्विटी जुट्न सक्ने सम्भावना नभएको सन्दर्भमा र नवीन प्रकृतिका उद्यममा जोखिम लिएर शुरुवाती इक्विटी प्रदान गर्ने संस्थाहरूको आवश्यकता छ। त्यसैले सीमित दायित्वको साझेदारी सम्बन्धी ऐन जारी गर्नु उपयुक्त हुन्छ।

सुझावहरू

३३. माथि विश्लेषण खण्डमा प्रस्तुत गरिए अनुसार निम्न ऐनहरू खारेज गर्ने :

(क) आय टिकट दस्तुर ऐन, २०१९
(ख) कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२
(ग) निजी बन जंगल राष्ट्रियकरण ऐन २०१३
(घ) प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३
(ङ) क्षतिपूर्ति ऐन, २०१९
(च) बिर्ता उन्मूलन ऐन, २०१६
(छ) बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५
(ज) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
(झ) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१
(ञ) नेपाल एजेन्सी ऐन, २०१४
(ट) प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३
(ठ) निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
(ड) सामाजिक व्यवहार सुधार ऐन, २०३३
(ढ) नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४
(ण) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५

३४. औषधी ऐन, २०३५ लाई परिमार्जन गरी औषधी, औषधिजन्य सप्लिमेन्ट, कस्मेटिक्स, मेडिकल डिभाइस, र प्रत्यारोपणका लागि बनाइएका मानव-कोषमा आधारित सामग्रीको उत्पादन, आयात,

बजारीकरण र बिक्री-वितरणलाई नियमन गर्ने गरी नयाँ "औषधि तथा स्वास्थ्य सामग्री नियमन गर्ने ऐन" जारी गर्ने।

३५. अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४ लाई गाभेर बौद्धिक सम्पत्ति, अदृश्य सम्पत्ति, कुनै निकायको शेयर वा स्वामित्व अधिग्रहण गर्न सकिने गरी नयाँ "निजी सम्पत्ति अधिग्रहण ऐन" जारी गर्ने।

३६. पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन २०२२ प्रतिलिपि अधिकार ऐन, २०५९ गाभेर वर्तमान समयको बौद्धिक सम्पत्ति रक्षाका सबै चुनौतीहरूलाई सम्बोधन गर्ने र असल व्यावसायिक वातावरण निर्माण गर्ने नयाँ "बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने ऐन" जारी गर्ने

३७. नेपाली व्यवसायीको बौद्धिक सम्पत्ति अन्तर्राष्टिय स्तरमा संरक्षण दिलाउन म्याड्रिड प्रणाली र त्यस अन्तर्गतको सम्झौता अनुमोदन गर्ने र पेटेन्टको अन्तर्राष्ट्रिय संरक्षणका लागि पेटेन्ट कोअपरेसन सन्धिमा सहभागी हुने।

३८. खारेज गर्न सिफारिस गरिएको निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को सट्टा निकासी पैठारी व्यवसायमा संलग्न व्यक्ति वा निकायले एक्जिम संकेत नम्बर लिनु पर्ने, राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितका निमित्त परिमाणात्मक नियन्त्रण गरिएका वस्तुको अनुमतिपत्र लिनुपर्ने, राष्ट्रिय सुरक्षा वा राष्ट्रिय अर्थतन्त्रको आवश्यकता बमोजिम निकासी वा पैठारीमा बन्देज लगाउन सकिने, अन्ट्रपोर्ट व्यापार नियमन गर्ने, निकासी प्रवर्द्धनका प्रबन्धहरू सहित को प्रवर्धनात्मक तथा नियमनकारी प्रबन्ध सहितको नयाँ "निकासी पैठारी नियमन ऐन" जारी गर्ने।

३९. वातावरण-मैत्री हिसाबले नदी सतह र खानीबाट बालुवा, ढुङ्गा, गिट्टी जस्ता निर्माण सामग्री उत्खनन र बिक्री वितरण व्यवस्थित र नियमन गर्न ऐन "निर्माण सामग्रीको व्यवस्थापन तथा नियमन ऐन" जारी गर्ने।

४०. व्यापारिक पूर्वाधारमा सुधार ल्याई बजार कुशलता अभिवृद्धि गर्न पब्लिक वेयरहाउसिंग ऐन जारी गर्ने।

४१. कर्जा सूचना प्रतिवेदन ऐन (क्रेडिट इन्फर्मेसन रिपोर्टिंग एक्ट) जारी गर्ने

४२. सुरक्षित कारोबार ऐन २०६३ मा बैंक तथा वित्तीय संस्थाहरूलाई सुरक्षित कारोबारको सुरक्षणमा कर्जा प्रवाह गर्न प्रोत्साहन गर्ने गरी संशोधन गर्ने।

४३. वित्तीय समस्यामा परेका उपभोक्ता, लघु, साना तथा मझौला उद्योगहरू र अन्य संगठित संस्थाहरूलाई समेट्ने गरी आधुनिक प्रावधानहरू सहितको नयाँ दामासाही सम्बन्धी ऐन जारी गर्ने।

४४. वैकल्पिक लगानी संस्थाहरूलाई संगठित संस्थाको रूपमा दर्ता हुने विकल्पका रूपमा सीमित दायित्व साझेदारी ऐन जारी गर्ने।

परिच्छेद ८

सार्वजनिक वित्त

१ **सार्वजनिक वित्त भित्र सरकारको खर्च, राजस्व परिचालन र ऋण परिचालन पर्दछ ।** सार्वजनिक वित्त सम्बन्धी नीतिले अर्थतन्त्रमा उत्पादन, उपभोग, बचत र लगानीलाई प्रभाव पार्दछ । वित्त नीतिले अर्थतन्त्रमा स्रोत साधनको वितरण र बाँडफाँटमा भूमिका खेल्दै आर्थिक वृद्धि र रोजगारी बढाउन, आर्थिक समानता कायम गर्न सहयोग पुराउँछ । अर्थतन्त्रमा स्थायित्व कायम गर्न समेत वित्त नीतिले भूमिका खेल्दछ । अर्थतन्त्र शिथिल भएको अवस्थामा विस्तारकारी वित्त नीति र अर्थतन्त्रमा तीव्र विस्तार भएको अवस्थामा संकुचनकारी वित्त नीतिको आवश्यकता पर्दछ । आर्थिक गतिविधिलाई सुधार गर्न सार्वजनिक वित्त नीतिका तीन वटा भागको अवस्था र यसमा गर्नु पर्ने सुधारका बारे तल विश्लेषण गरिएको छ ।

सरकारी खर्च

स्थिति विश्लेषण

२ **भूकम्प पश्चातको पुनर्निर्माण र सङ्घीयता कार्यान्वयनसँगै तीव्रदरले बढेको सरकारी खर्चको वृद्धिदर पछिल्ला वर्षहरूमा केही सुस्त भएको छ ।** सरकारले चालु प्रकृतिको साधारण खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थापन (शेयर तथा ऋण लगानी, ऋणको साँवा भुक्तानी) गरी तीन प्रकारको खर्च गर्दछ। वित्त सङ्घीयता लागु भएपछि सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू चालु खर्चमा राख्ने गरिएको छ । आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सङ्घीय सरकारको कुल खर्चको वृद्धिदर औसतमा १३ प्रतिशत रह्यो (ने.रा.बैंक, २०८१)। २०७२ को भूकम्प पछिको तीन वर्षको सरकारको कुल खर्च २७ प्रतिशतले बढेको थियो । त्यसपछिका ६ वर्षमा सरकारको कुल खर्चको वृद्धि दर ६.० प्रतिशत मात्र रह्यो । त्यसमा पनि आर्थिक वर्ष २०७६/७७ मा सरकारको कुल खर्च अघिल्लो आर्थिक वर्ष भन्दा घटेको थियो। आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म ४ वर्षको अवधिमा तीनै तहको सरकारको कुल खर्च औसत ८।७ प्रतिशतले मात्र बढेको थियो।

३ **कुल गार्हस्थ्य उत्पादनको तुलनामा पनि सरकारको कुल खर्च उच्च रुपले बढेर केही कमी आएको छ ।** आर्थिक वर्ष २०७२/७३ मा कुल सरकारी खर्च कुल गार्हस्थ्य उत्पादनको २३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा ४ प्रतिशत बिन्दु भन्दा बढीले बढेर कुल गार्हस्थ्य उत्पादनको २७.२ प्रतिशत र आर्थिक वर्ष २०७४/७५ मा थप ४ प्रतिशत बिन्दु भन्दा बढीले बढेर कुल सरकारी खर्च अहिलेसम्मकै उच्चतम कुल गार्हस्थ्य उत्पादनको ३१.५ प्रतिशत पुग्यो । कुल गार्हस्थ्य उत्पादनको तुलनामा सरकारी खर्चको अनुपात तत्पश्चात कम हुँदै गई आर्थिक वर्ष २०७५।७६ मा २८.८ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा २६.८ प्रतिशत रह्यो (ने.रा.बैंक, २०८१)।

४ **पछिल्ला वर्षहरूमा चालु खर्चको वृद्धिदरमा केही कमी आएको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सङ्घीय सरकारको कुल चालु खर्चको वृद्धिदर औसतमा १४.८ प्रतिशत रह्यो, तर पछिल्लो ६ वर्ष, सङ्घीय सरकारको चालु खर्च (वित्तीय हस्तान्तरण सहित) मात्र ७.४ प्रतिशतले बढ्यो । वित्तीय हस्तान्तरण बाहेकको सङ्घीय सरकारको चालु खर्च आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म औसतमा १०.९ प्रतिशतले बढेको थियो (आर्थिक सर्वेक्षण २०८०। सो अवधिमा तीनै तहको कुल चालु खर्च औसतमा ८.६ प्रतिशतले बढेको थियो।

५ **चालु खर्चमा** व्याज **खर्च र सामाजिक सुरक्षामा भएको खर्च पछिल्ला वर्षहरूमा बढ्दै गएको छ ।** सङ्घीय सरकारको कुल चालु खर्चबाट सशर्त अनुदान बाहेकको वित्तीय हस्तान्तरण घटाउँदा सङ्घीय सरकारको वास्तविक चालु खर्च निस्कन्छ । सशर्त अनुदान सङ्घीय सरकारकै काम गर्न प्रदेश सरकार तथा स्थानीय तहलाई दिइएको हुन्छ । यस्तो चालु खर्चमध्ये आर्थिक वर्ष २०७३/७४ देखि २०७९/८० सम्म औसतमा १६ प्रतिशत पारिश्रमिक सुविधामा खर्च भएको छ । व्याज खर्च २०७३/७४ मा चालु खर्चको २.७ प्रतिशत रहेकोमा २०७९।८० मा ८.३ प्रतिशत पुगेको छ । त्यस्तै, सामाजिक सुरक्षामा २०७३/७४ मा चालु खर्चको ७.३ प्रतिशत खर्च भएकोमा २०७९/८० मा १७.८ प्रतिशत पुगेको छ ।

६ **पुँजीगत खर्च पछिल्ला वर्षहरूमा शिथिल रहेको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सङ्घीय सरकारको पुँजीगत खर्चको औसत वृद्धि दर १०.४ प्रतिशत रहे पनि पछिल्लो ६ आर्थिक वर्षमा पुँजीगत खर्चको औसत वृद्धिदर २.८ प्रतिशतले ऋणात्मक रहेको छ भने चार वर्ष ऋणात्मक वृद्धि दर रहेको छ । भूकम्प पछिको तीन आर्थिक वर्ष सङ्घीय सरकारको पुँजीगत खर्च औसतमा ४६.१ प्रतिशतले बढेको थियो ।आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म ४ वर्षको अवधिमा तीनै तहको सरकारको कुल पुँजीगत खर्च औसतमा ९.९ प्रतिशतले मात्र बढेको थियो। पुँजीगत बजेटको विनियोजन कुशल ढङ्गले हुन नसक्दा धेरै आयोजनाहरू कार्यान्वयमा रहेका तर समयमा सम्पन्न हुन नसकेको स्थिति छ ।

७ **पुँजीगत खर्च भन्दा साँवा भुक्तानी खर्च बढी दरले बढेको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सङ्घीय सरकारको वित्तीय खर्चको औसत वृद्धि दर १२.५ प्रतिशत रह्यो । वित्तीय व्यवस्थापन खर्च भित्र नेपाल सरकारले सार्वजनिक संस्थानमा गर्ने ऋण तथा शेयर लगानीका अतिरिक्त आन्तरिक र बाह्य ऋणको साँबा भुक्तानी पर्दछ । सो अवधिमा ऋण तथा शेयर लगानी औसतमा ९.१ प्रतिशतले र ऋणको साँवा भुक्तानी २०।० प्रतिशतले बढ्यो, त्यसमा पनि आर्थिक वर्ष २०७८/७९ मा २७.४ प्रतिशतले, २०७९/८० मा ९५ प्रतिशतले र २०८०/८१ मा ४९.२ प्रतिशतले ऋणको साँवा भुक्तानी बढयो। पछिल्लो दुई आर्थिक वर्ष ऋणको साँवा भुक्तानीको अंश वित्तीय व्यवस्थापन खर्चमा बढेको छ । आर्थिक वर्ष २०७९/८० मा वित्तीय व्यवस्थापन खर्चमा साँवा भुक्तानीको अंश करीब ७७ प्रतिशत थियो। आर्थिक वर्ष २०८०/८१ मा साँवा भुक्तानीमा रु. १८७ अर्व खर्च भएको छ (कुल खर्चको १२.२ प्रतिशत) भने रु. ६०.५ अर्व

सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानीमा खर्च भएको छ । यसरी शेयर तथा ऋण लगानीले पुँजी निर्माणमा सहयोग पुराएको छ तापनि औसतमा सरकारी संस्थानहरूले सरकारलाई दिने प्रतिफल भन्ने ज्याँदै कमजोर रहेको छ ।

८ **बहुवर्षिय स्रोत सहमतिको व्यवस्थाले उल्लेख्य मात्रामा दायित्व सिर्जना गरेको छ ।** एक वर्ष भन्दा बढी समय लाग्ने आयोजनाहरूको लागि बहुवर्षिय सहमति लिएर बहुवर्षीय ठेक्का लगाउने गरिन्छ। तर, वार्षिक रुपमा गरिने बजेट विनियोजनमा विगतमा दिएको बहुवर्षीय ठेक्काको दायित्वलाई पर्याप्त ध्यान दिन नसक्दा ठेक्का लागि सकेर काम भै सकेका आयोजनाको भुक्तानी गर्न अफ्ठयारो पर्ने गरेको छ।यस आर्थिक वर्षको सङ्घीय सरकारको पुँजीगत बजेटको दोब्बर भन्दा बढी दायित्व बहुवर्षीय ठेक्कामा सहमति प्रदान गरिसकिएको अनुमान छ । यसको यथार्थ तथ्याङ्क मन्त्रालयहरू व्यवस्थित ढङ्गले राखेको समेत पाइदैन ।

९ **राष्ट्रिय गौरवका आयोजनाको टीठ लाग्दो प्रगति रहेको छ।** नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ देखि मुलुकको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुराउने रणनीतिक महत्वका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा कार्यान्वयनमा ल्याएको छ ।हाल कायम भएका सत्ताईस (२७) वटा राष्ट्रिय गौरवका आयोजनाहरूलाई विषय/क्षेत्रका आधारमा वगीकरण गर्दा सबैभन्दा बढी राजमार्ग र सिँचाइसँग सम्बन्धित ६/६ वटा, जलविद्युतसँग सम्बन्धित ४ वटा, विमानस्थल ३ वटा, खेलकूद पूर्वाधारसँग सम्बन्धित ३ वटा र धार्मिक तथा सास्कृतिक सम्पदाका २ वटा आयोजनाहरु रहेका छन् । रेल वे, खानेपानी र वन संरक्षणमा १/१ वटा गरी ३ वटा आयोजना रहेका छन ।आर्थिक वर्ष २०८०/८१ मा तीन वटा खेलकुदसंग सम्बन्धित क्रिक्रेट रंगशाला निर्माणलाई राष्ट्रिय गौरबको आयोजनाको रुपमा सूचिकृत गरिएको छ। हालसम्म २ वटा विमानस्थल, एउटा खानेपानी र एउटा जलविद्युत आयोजना गरी ४ वटा राष्ट्रिय गौरबको आयोजनाहरूको निर्माण सम्पन्न भएको छ । राष्ट्रिय गौरवका आयोजनाहरूलाई स्रोत अभाव हुन नदिने र कार्यान्वयनमा सघन अनुगमन गर्ने भनिए पनि कार्यान्वयन पक्ष संतोषजनक छैन। कतिपय यस्ता आयोजनाहरू जस्तै बबइ सिँचाइ आयोजना आर्थिक वर्ष २०४५/४६ देखि शुरु गरिएको थियो।कतिपय आयोजनाहरू जस्तै बुढीगण्डकी जलविद्युत आयोजना, निजगढ विमानस्थल, पश्चिम सेती जलविद्युत आयोजना शुरु नै हुन सकेको छैन । पशुपति क्षेत्र विकास कोष जस्तो निरन्तर प्रकृतिको आयोजना पनि गौरबको आयोजनाको रुपमा राखिएको छ।सम्पन्न भएको मेलम्ची खानेपानी ३० वर्षमा र माथिल्लो तामाकोशी जलविद्युत आयोजना १० वर्ष, गौतम बुद्ध विमानस्थल ६ वर्षमा निर्माण सम्पन्न भएको थियो। आयोजना सम्पन्न गर्न लामो समय लाग्दा शुरुको अनुमान भन्दा वास्तविक लागत उच्च हुने गरेको जसले गर्दा आयोजनाको प्रतिफल ज्याँदै न्यून हुने गरेको छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

१० **अर्थतन्त्र शिथिल रहेको अवस्थामा वास्तवमा सरकारी खर्च बढ्नु पर्ने हुन्छ ।** तर, आर्थिक वर्ष २०७५/७६ पछि सङ्घीय सरकार एवम् तीनै तहको सरकारको कुल खर्च र चालु खर्चको वृद्धि दर एकल अंकमा रहेको छ । पछिल्ला आर्थिक वर्षहरूमा सङ्घीय सरकारको पुँजीगत खर्च एकदम कमजोर र ऋणात्मक रहेको छ । तीनै तहको सरकारको पुँजीगत खर्च २०७८/७९ मा १.४ प्रतिशतले घटेको थियो भने २०७९/८० मा पुँजीगत खर्चको वृद्धि दर ७।६ प्रतिशतमात्र रहेको थियो। यसरी समग्रमा पुँजीगत खर्च सहित सरकारी खर्चको वृद्धिदर कम रहदा अर्थतन्त्रमा सरकारी क्षेत्रबाट हुने माग सिर्जना कमजोर रहेको छ। साथै, कमजोर पुँजीगत खर्चले अर्थतन्त्रको उत्पादनशील क्षमता पनि थप बढ्न सकेको छैन ।कतिपय विकाश आयोजनामा प्रतिफल नदिने खालको समेत रहेका छन् ।

११ **चालु खर्च भित्र** व्याज **खर्च र सामाजिक सुरक्षामा भएको खर्च बढ्दै गएको छ, यसलाई नियन्त्रणमा राख्नु पर्दछ ।** यसले गर्दा सरकारले अन्य क्षेत्रमा खर्च बढाउन सकेको छैन। सरकारी कर्मचारीहरूलाई काम गर्न उत्प्रेरणा पुग्ने तलबभत्ता दिन सकिएको छैन। स्वास्थ्य क्षेत्रमा दशकौ हुँदा पनि दरबन्दी थपिएको छैन । वित्तीय खर्चमा साँवा भुक्तानीको खर्च पछिल्ला वर्षहरूमा बढ्दै गएको छ। राजस्व परिचालन बढ्न नसकेको तर साँवा भुक्तानीको भार बढ्दै जाँदा पुँजीगत खर्च बढाउने सामार्थ्य घटेको छ ।

१२ **चालु खर्च**लाई **नियन्त्रणमा राख्दै पुँजीगत खर्च बढाउँदै गएमा मात्र अर्थतन्त्रको उत्पादनशील क्षमता बढ्ने हुन्छ ।** यथेष्ठ र गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण भए मात्र निजी क्षेत्रको लगानी प्रवर्द्धन हुन्छ। आयोजनाहरूको कार्यान्वयन र सम्पन्नता समयमा हुन नसक्दा एकातर्फ बजेटमा अनुमान गरेको पुँजीगत खर्च नहुने गरेको छ भने अर्कोतर्फ आयोजनाको लागत बढ्दा यसबाट पाउने प्रतिफल ज्यादै कम वा ऋणात्मक भइरहेको स्थिति छ । आयोजनाको पूर्व तयारी पर्याप्त गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पर्ने खाँचो छ। आयोजना छनोट उपयुक्त हुन नसक्दा निर्माण सम्पन्न भएर पनि कुनै प्रतिफल दिन र प्रयोग हुन नसकेका भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाहरू रहेका छन् । उदाहरणको लागि नेपाल मा सबै मौसममा सञ्चालन हुन सक्ने गरी कालोपत्रे भएका विमानस्थल ४१ वटा निर्माण भए पनि ३३ वटामात्र सञ्चालनमा रहेका छन् (आर्थिक सर्वेक्षण २०८१)। अन्य कतिपय भौतिक पूर्वाधारहरू (सभा भवन, कोल्ड स्टोर, अस्पताल भवन) निर्माण सम्पन्न भए पनि प्रतिफल दिन सकेका छैनन् ।

१३ **राष्ट्रिय गौरबको आयोजनाहरू अर्थतन्त्रमा उच्च योगदान दिने हुनु पर्दछ ।** यस्ता आयोजनाहरू समयमा नै सम्पन्न गरी अर्थतन्त्रले प्रतिफल प्राप्त गर्नुपर्दछ। सबै तयारी सम्पन्न भई कार्यान्वयनमा जाने भए पछिमात्र आयोजनाहरूलाई राष्ट्रिय गौरबको आयोजनाको रुपमा घोषणा गरिनु पर्दछ। गौरबको आयोजना भएपछि यसको कार्यान्वयन तीव्र रुपमा गर्न सक्ने व्यवस्था गरिनु पर्दछ। कतिपय सिँचाइ आयोजनाहरू सम्पन्न हुन साह्रै लामो समय लागि रहेको हुँदा त्यस्तो आयोजना सम्पन्न हुँदा शहरीकरण

बढेर सिँचाइ गर्न अपेक्षित कृषि जमिन नै उपलब्ध हुन नसक्ने अवस्था आउने देखिन्छ। राष्ट्रिय गौरबका आयोजनाहरू ५ देखि १० वर्षभित्र सकिने र सक्ने गरि व्यवस्थापन गरिनु पर्दछ ।

१४ **के कति आयोजनाहरू कार्यान्वयनमा छन र बहुवर्षीय दायित्वको अवस्था के छ भन्ने सन्दर्भ यथार्थ सूचनाहरू सार्वजनिक हुनु आवश्यक छ।** कार्यान्वयनमा रहेका आयोजनाहरू टुंगोमा नपुग्दै प्रत्येक वर्ष नयाँ नयाँ आयोजनाहरू थप्दै जाने प्रवृति रहेको छ । राजनैतिक अस्थिरताले गर्दा सरकार परिवर्तन भइरहने र नयाँ सरकारले आफ्नो चाहना अनुसारको नयाँ आयोजनाहरू थप्ने प्रवृति रहेको छ। लामो समयसम्म आयोजना सम्पन्न हुन नसक्दा लागत बढ्ने तर अर्थतन्त्रले प्रतिफल र जनताले सेवा पाउन नसकेको स्थिति रहेको छ । यसले गर्दा पनि नेपालको आर्थिक वृद्धिदर कमजोर हुन पुगेको छ ।

सुझावहरू

१५ सार्वजनिक खर्च व्यवस्थापनका लागि निम्न सुझाव प्रस्तुत गरिएको छः

(१)**चालु खर्च भित्र सामाजिक सुरक्षा खर्च तीब्रदरमा बढिरहेको सन्दर्भमा यसमा हुने खर्च थप बढ्न नदिने उपाय गर्नु जरुरी छ ।** प्रदेश सरकार र स्थानीय तहहरूले समेत विभिन्न खालका सामाजिक सुरक्षा खर्च गरिरहेको सन्दर्भमा कतिपय सामाजिक सुरक्षाको व्यवस्था हटाउन वा घटाउन उपयुक्त हुने देखिन्छ। ज्येष्ठ नागरिक भता पाउने उमेर पुनः ७० वर्ष कायम गर्ने। छात्रवृति लगायत सामाजिक सुरक्षालाई राज्य सुविधा परिचय पत्रको आधारमा लक्षित बनाउँदै जाने । योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा फराकिलो पार्ने। सामाजिक सुरक्षा प्रदानमा राष्ट्रिय परिचय पत्रको प्रयोग बढाई दोहोरो सुविधा नियन्त्रण गर्ने ।

(२) सार्वजनिक खर्च पुनरावोलकन आयोग २०७५ ले सुझाव गरे अनुरुप अनावश्यक चालु खर्च कम गर्न सङ्घीय परिवेशमा प्रशासनिक पुनर्संरचना गर्ने। कार्य अधिकार प्रदेश र स्थानीय तहमा गएको परिप्रेक्ष्यमा सङ्घीय कार्यालयहरू घटाउने र कर्मचारी संख्या कम गर्ने । प्रतिवेदनमा उल्लेख्य भए बमोजिम कतिपय थप संस्थाहरू प्रदेश तहमा हस्तान्तरण गर्न सकिने (विभिन्न खालका विकास समिति समेत)।

(३) **साँवा व्याज भुक्तानीको दायित्व बढिरहेको सन्दर्भमा उच्च प्रतिफल** दिने आ**योजना**मा **लक्षित ढङ्गले मात्र ऋण परिचालन गर्ने।** सङ्घीय सरकारले व्याज तिरेर ऋण लिने तर प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण गरेको अनुदान रकम खर्च नभइ शुन्य व्याजमा बैकहरूमा रहने प्रवृतिमा सुधार ल्याउनु पर्ने। यसलाई सुधार गर्न प्रदेश सरकार र स्थानीय तहले खर्च गरेपछि सङ्घीय सरकारबाट भुक्तानी दिने व्यवस्था गर्ने। यसको लागि प्रदेश र स्थानीय तहको खर्च पनि एकल खाता प्रणालीमा ल्याउने ।

(४) **प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने सानादेखि मझौला विकास निर्माणका कामहरू सङ्घीय सरकारले बजेटमा समावेश नगर्ने।** उच्च प्रतिफल दिने सही आयोजनाहरू छनोट गरी

समयमा नै सम्पन्न गर्ने । आयोजनाहरू दोहोरिने र छुट्ने सम्भनावना अन्त्य गर्न तीन तहबीच आयोजना बैंक सूचना प्रणालीको विकास गरी एकिकृत गर्नु पर्ने ।

(५) **पहाडि क्षेत्र**बाट **बसाईँसराइ भइरहेको सन्दर्भमा अनावश्यक** रुपमा **ठूला सडकहरू निर्माण नगर्ने।** थुप्रै सडक आयोजनाहरू सञ्चालनमा रहेको सन्दर्भमा सञ्चालनमा रहेकै सडक आयोजनाहरूमध्ये पनि प्राथमिकीकरण गरेर समयमा नै सम्पन्न गर्नु पर्ने। निर्माण भइसकेको सडक र सिँचाइ पूर्वाधारमा आधारित भएर उत्पादन बढाउने कार्यक्रम ल्याउनु पर्ने।

(६) आ**योजना कार्यान्वयन प्रभावकारी ढङ्गले गर्न पर्याप्त पूर्व तयारी गर्ने, पर्याप्त बजेट विनियोजन गर्ने र** आ**योजना व्यवस्थापनमा संलग्न कर्मचारीहरूको सरुवा** आ**योजना अवधि भर नगर्ने।** समयमा आयोजना सम्पन्न गर्न सकेमा कर्मचारीहरूलाई वार्षिक तलबको निश्चित प्रतिशत रकम पाउने गरी पुरस्कृत (सम्पन्नता भता)गर्ने व्यवस्था गर्ने ।

(७) **सञ्चालनमा रहेका राष्ट्रिय गौरबका र बहुवर्षिय आयोजनाहरूको कार्यान्वयन र यसको दायित्व र निर्माण व्यवसायीको भुक्तानी फरफाराक गरी** वित्तीय स्रोत उपलब्ध भएमा मात्र नयाँ आयोजनाहरू छनोट गर्ने नीति केही वर्ष अबलम्बन गर्नु पर्ने ।

(८) लामो समयसम्म पनि सम्पन्न हुन नसकेका कार्यान्वयनमा रहेका राष्ट्रिय गौरबका आयोजनाहरूको प्राथमिकीकरण गरी यस्ता आयोजना ५ वर्ष भित्र सम्पन्न गर्ने ।लुम्बिनी विकास कोष र पशुपति विकास कोष जस्ता सालबसाली प्रकृति आयोजनाहरूलाई राष्ट्रिय गौरवको आयोजनाको सूचीबाट हटाउने । मध्यम अवधि (१ देखि ३ वर्ष) भित्र सकिने प्रतिफल दिने आयोजनाहरूलाई प्राथमिकतामा राख्ने। ८० प्रतिशत भन्दा बढी काम सम्पन्न भएका आयोजनाहरू अझै उपयुक्त रहेमा सम्पन्न गर्न पहिलो प्राथमिकता दिने ।

(९) भौतिक पूर्वाधार निर्माणसंग सम्बन्धित आयोजनाहरूको प्रगति मासिक रुपमा अनुगमन गरी कार्य सम्पादनको आधारमा अनिवार्य बील जारी गरी १५ दिन भित्र भुक्तानी दिने व्यवस्था गर्ने । यो व्यवस्थाले अहिले भइरहेको पुँजीगत खर्चको अधिकांश हिस्सा अन्तिम त्रयमास, त्यसमा पनि अन्तिम महिनामा खर्च हुने गरेको प्रवृतिमा परिवर्तन ल्याउन सहयोग पुग्ने ।

(१०) कार्यान्वयनमा रहेका तर उचित प्रतिफल नदिने र उपयोगिता नभएका आयोजनाको कार्यान्वयन बन्द गर्ने।

(११) **उत्पादन र बजारीकरणलाई सहयोग गरी कुल गार्हस्थ्य उत्पादन बढाउन सहयोग पुग्ने गरी मात्र नयाँ** आ**योजनाहरू छनोट गर्ने र** निर्माण भइसके भौतिक पूर्वाधारहरूलाई उत्पादन बढाउन उपयोग गर्ने गरी रणनीति बनाउनु पर्ने ।

(१२) आयोजना तयारीको लागि पर्याप्त समय दिइ तयार भएका आयोजनाहरू मात्र बजेटमा समावेश गरी कार्यान्वयनमा जाने व्यवस्था गर्ने । पूर्वाधार निर्माणसंग सम्बन्धित मन्त्रालयहरूले आयोजना तयारीको लागि आयोजना विकास इकाइको व्यवस्था गर्नु पर्ने ।

(१३) राजस्व परिचालन, वैदेशिक सहायता प्राप्तीको सम्भाव्यता र कार्यान्वयन गर्न सकिने क्षमताको आधारमा यथार्थपरक बजेटको आकार तय गर्नुपर्ने। बजेट महत्वकांक्षी एवम् विस्तारकारी आउने तर स्रोत अभाव र कार्यान्वयन क्षमताको अभावले यथार्थ सरकारको वित्त नीति संकुचित रहने गरेको छ, जसले अर्थतन्त्रमा माग बढाउन सकेको छैन ।

(१४) धेरै जसो भौतिक पूर्वाधार निर्माणका आयोजनाहरू ठेक्का लागि सके पछि निर्माण व्यवसायीहरूले समयमा काम सम्पन्न नगर्दा पनि लागत बढी लाग्ने गरेको छ। निर्माण व्यवसायीहरूको एकातर्फ क्षमता अभिवृद्धि गर्नुपर्ने र अर्कोतर्फ उनीहरूको क्षमता अनुसारको जिम्मेवारी दिने व्यवस्था गर्नु पर्ने । न्यूनतम बोलकबोल गर्नेलाई ठेक्का दिने प्रवृतिले निर्माणको गुणस्तर कायम हुन र समयमा निर्माण सम्पन्न हुन नसकेको स्थिति छ ।

(१५) सिँचाइ र जलविद्युत निकाल्ने गरी सञ्चालित सरकारका आयोजनाहरू जस्तै भेरी बबई ड्राइभर्सन र सुनसरी मरिन ड्राइभर्सनमा जलविद्युत उत्पादनमा निजी क्षेत्रको लगानी आकर्षण गर्न सकिने।

राजस्व

स्थिति विश्लेषण

१६ **राजस्व परिचालनको वृद्धिदर पछिल्ला वर्षहरूमा कमजोर रहेको छ** । आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा सङ्घीय सरकारले परिचालन गरेको कुल राजस्व औसतमा ११.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७९/८० मा ९.३ प्रतिशतले घटेको थियो । कुल गार्हस्थ्य उत्पादनको तुलना कुल राजस्व परिचालन आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा अधिकतम २२.४ प्रतिशत पुगेकोमा उक्त अनुपात घटेर आर्थिक वर्ष २०८०/८१ मा १९ प्रतिशत रहेको छ। सङ्घीय सरकारले आफूले संकलन गरेको राजस्वको करीब १२ प्रतिशत जति प्रदेश सरकार र स्थानीय तहलाई बाँडफाँड गर्ने गरेको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा नेपालमा राजस्व परिचालन दक्षिण एशिया कै उच्च हो[10] ।

१७ **सङ्घीय सरकारको राजस्व बचत पछिल्ला वर्षहरूमा ऋणात्मक रहेको छ।** सङ्घीय सरकारको राजस्व बचत आर्थिक वर्ष २०७५/७६ पछि ऋणात्मक रहेको छ। वैदेशिक अनुदान, नगद मौज्दात र बेरुजु उठ्तीसमेत जोडदा पनि आर्थिक वर्ष २०७६/७७ र २०७९/८० राजस्व बचत ऋणात्मक रहेको छ। सङ्घीय सरकारको चालु खर्चमा वित्तीय समानीकरण, समपुरक र विशेष अनुदान घटाउँदा मात्र राजस्व बचत धनात्मक हुन जान्छ । यसको मतलब सङ्घीय सरकारले ऋण लिएर प्रदेश सरकार र स्थानीय तहलाइ अनुदान हस्तान्तरण गरेको स्थिति छ ।

[10] अति कम विकसित राष्ट्रहरूको कर र कुल गार्हस्थ्य उत्पादनको अनुपातमा औसतमा सन् २०१९ मा १०.४ प्रतिशत रहेको थियो (Tax revenue (% of GDP) - Least developed countries: UN classification | Data)। यस्तो अनुपात दक्षिण एशियाली देशमा औसतमा ११.७ प्रतिशत रहेको छ (Tax revenue (% of GDP) - South Asia | Data)।

१८ **कुल राजस्वमा कर राजस्वको योगदान बढी छ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा कुल राजस्व परिचालनमा गैर कर राजस्वको हिस्सा औसतमा ९.६ प्रतिशत र कर राजस्वको हिस्सा ९०.४ प्रतिशत रहेको छ । सो अवधिमा कर राजस्वमा प्रत्यक्ष करको हिस्सा औसत २८.३ प्रतिशत र बाँकी अप्रत्यक्ष करको हिस्सा रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल कर राजस्वमा प्रत्यक्ष करको हिस्सा अधिकतम ३१.४ प्रतिशतसम्म पुगेको थियो ।

१९ **नेपाल सरकारले धेरै प्रकारका करहरू लगाइरहेको छ।** परम्परागत रुपमा लगाइने आयकर, भन्सार महसुल, अन्तशुल्क र मूल्य अभिवृद्धि कर बाहेक पनि नेपाल सरकारले हाल स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, पूर्वाधार विकास कर, हरित कर, सडक निर्माण दस्तुर, सडक निर्माण तथा सुधार दस्तुर, चलचित्र विकास शुल्क, प्रदुषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दूरसंचार सेवा दस्तुर, विद्युतीय सेवा कर, विलासिता शुल्क, वैदेशिक पर्यटन शुल्क, वैदेशिक रोजगार शुल्क जस्ता करहरू लगाइएको छ ।

२० **संधीयता लागु भए पछि केही करहरू प्रदेश सरकार र स्थानीय तहले पनि उठाउँछन्।** प्रदेश र स्थानीय तहहरूले उठाएको कर जोड्दा कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २० प्रतिशत भन्दा बढी रहेको छ (आर्थिक वर्ष २०७९/८० मा २२.५ प्रतिशत[11])। तीनै तहले कर लगाएको र भिन्न ठाँउमा तिर्नु परेकोले उद्योग व्यवसायलाई मर्का परेको गुनासो उद्योग व्यवसायीहरूले गर्दछन्। कतिपय अवस्थामा ढिला कर निर्धारण हुने तर व्याज शुरुबाट लगाउँदा व्यवसायीहरूलाई मर्का परिरहेको स्थिति पनि छ। बहालकर सम्बन्धमा स्थानीय तह र सङ्घीय सरकारबीच विवाद रहेको छ।

२१ **अनौपचारिक क्षेत्रको ठूलो हिस्सा रहेको छ।** कुल गार्हस्थ्य उत्पादनको ४० प्रतिशत जति अनौपचारिक क्षेत्र रहेको छ जुन करको दायरामा आएको छैन। अनौपचारिक क्षेत्रलाई औपचारिक बनाउन सकिएमा कर संकलन बढ्न सक्ने देखिन्छ ।

२२ **विभिन्न ढङ्गले कर चुहावट भैरहेको देखिन्छ।** भन्सारमा न्यून बिजकीकरणबाट भएका आयातित सामानहरू खुद्रा पसलसम्म पुग्दा बील जारी गर्न नमान्ने गरेको पाइन्छ। ग्राहक सबैले मू.अ.कर बील लिने गरेको पनि पाइदैन ।त्यस्तै, खुला सीमानाका कारण भन्सार नतिरी पनि आयात हुने गरेको छ। भन्सार एवम् राजस्वसँग सम्बन्धित सरकारी कार्यालयहरूमा कर्मचारी र करदाता बीचको मिलोमतोमार्फत पनि कर चुहावटको सम्भावना हुन्छ। विद्युतीय कारोवारहरू बढी रहेकोले यसलाई निरुत्साहित नगरी करको दायरा भित्र ल्याउनु पर्ने स्थिति छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

२३ **सरकारी खर्चको आवश्यकता अनुरुप राजस्व स्रोत विस्तार गर्नु पर्ने हुन्छ ।** सङ्घीयता कार्यान्वयन, बढ्दो सामाजिक सुरक्षा र ऋण भुक्तानी खर्च, लोककल्याणकारी राज्यको अवधारणा कार्यान्वयन र बढ्दो आर्थिक विकासको आंकाक्षाले गर्दा उच्च सरकारी खर्चको आवश्यकता रहेको छ । तर, सो

[11] उच्चस्तरीय कर सुधार समिति २०८० को प्रतिवेदन पेज २२।

अनुरुप राजस्व परिचालन बढ्न सकेको छैन । अहिलेसम्म परिचालित राजस्व र कुल गार्हस्थ्य उत्पादनको अनुपात दक्षिण एशियामा नै उच्च छ । यस अवस्थामा थप आर्थिक वृद्धि नभै राजस्व परिचालन बढाउन गाह्रो छ ।

२४ **बढी करको भारले पनि आर्थिक गतिविधिहरूलाई निरुत्साही गर्दछ र राजस्व परिचालन कम हुन जान्छ।** नेपालमा अन्य देशको तुलनामा व्यक्तिगत र संस्थागत आयकर उच्च नै रहेको छ। पुँजीगत लाभकर भने कम छ। तर, व्यक्तिगत आयकरको छुटको सीमा नेपालको प्रतिव्यक्ति आयको तुलनामा बढी छ । शहरी क्षेत्रको न्यूनतम जीवन निर्वाह खर्चको हिसावले भने छुटको सीमा उपयुक्त नै देखिन्छ । सबै तलब तथा ज्याला बुझ्ने व्यक्तिहरूलाई १ प्रतिशतको सामाजिक सुरक्षा कर लाग्ने व्यवस्था छ तर उक्त कर आयकर कै रुपमा सरकारले संकलन र खर्च गरिरहेको छ ।

२५ **धेरै निकायमा धेरै थरीका कर तिर्नु पर्दा व्यवसाय गर्न उत्प्रेरणा प्राप्त नभएको बरु निरुत्साही हुने गरेको उद्योगी व्यवसायीहरूको गुनासो रहने गरेको छ।** सङ्घीय सरकारले लगाउने करका अतिरिक्त प्रदेश सरकार र स्थानीय तहहरूले पनि व्यवसायमा कर उठाइरहेको गुनासाहरू आउने गरेको छ। कतिपय अवस्था कुन सरकारले कुन कर लगाएको छ भन्ने पनि व्यवसायीहरूलाई थाहा नहुने गरेको छ ।

२६ **विषयगत कानूनहरूले गरेका कर सम्बन्धी व्यवस्थालाई स्थायीत्व दिदा उपयुक्त हुने** हुन्छ। विषयगत कानूनहरूले दिएका छुट सुविधाहरू र अन्य व्यवस्था सालबसाली आउने आर्थिक ऐनले सम्बोधन नगर्ने तथा पटक पटक संशोधन गर्दा कर सम्बन्धमा अन्योलता सिर्जना भएको छ। अति आवश्यक परेको स्थिति बाहेक कम्तीमा करका दरहरूमा स्थिर राख्दा लगानीको लागि निश्चितता कायम गर्दछ।

२७ **कर चुहावटलाई प्रभावकारी ढङ्गले नियन्त्रण गरिनु पर्दछ।** कर चुहावट नियन्त्रण गर्न सक्ने हो करका दरहरू नबढाईकन पनि राजस्व परिचालन बढाउन सकिन्छ। भन्सारको मूल्याङ्कनलाई यथार्थपरक बनाउने, सीमालाई प्रभावकारी नियन्त्रणमा राख्ने, बील लिने र दिने प्रवृतिलाई बढावा दिने काम गर्नु आवश्यक देखिन्छ ।

सुझावहरू

२८ राजस्व नीति र प्रशासन सम्बन्धमा निम्न **सुझावहरू** गरिएको छः

(क) कर प्रणाली सामान्य करदाताले सजिलो गरी बुझ्ने र कर नियमहरू पालना गर्न सहज हुने बनाउने । यसको लागि कर विवरण बुझाउन सिकाउने पुस्तिकाहरू तयार पार्नु पर्ने ।

(ख) आय कर ऐनको दफा १०१ (३) अनुसार कर परिक्षण गर्न सक्ने अवधि हालको ४ वर्षलाई कम गरी ३ वर्ष गर्ने ।

(ग) ठूला व्यवसायिक तथा बहुतले भवन निर्माणलाइ प्रोत्साहन गर्न एकिकृत सम्पति करमा केही छुट दिने व्यवस्था हुनु उपयुक्त हुने ।

(घ) विषयगत कानूनले तोकेका कर सुविधाहरू आर्थिक ऐनले स्वतः अबलम्बन गर्ने व्यवस्था गर्ने ।

(ङ) नियोजित कर छली बाहेकको सामान्य त्रुटी र भुलमा लाग्दै आएको आयकर ऐनको दफा १२०(क) अनुसारको जरिवाना रकम ५० प्रतिशतले कम गर्नु पर्ने ।

(च) नियमित एवम् पारिवारिक कारण वा मृत्यु पश्चातको सेयर दाखिला खारेज तथा नामसारीको हकमा आयकर ऐनको दफा ५७ आकर्षित नहुने व्यवस्था गर्ने । दफा ५७ लाई असल अन्तरराष्ट्रिय अभ्यास बमोजिम हुने गरी परिमार्जन गर्ने।

(छ) यथार्थ आम्दानी नै नभएको अवस्थामा आयकर लगाउनु असल अभ्यास होइन, त्यसैले आयकर ऐनको दफा ९५क को व्यवस्था पुरै हटाउने।

(ज) मूल्य अभिवृद्धि कर ऐनमा कर छली विरुद्धको सामान्य नियमहरू (जेनेरल एन्टी-अभोइडेन्स रुल्स) सम्बन्धी प्रावधान थप गर्ने।

(झ) अन्तशुल्क लाग्ने वस्तुहरूको संख्या क्रमशः घटाउँदै जनस्वास्थ्य र पर्यावरणमा दुष्प्रभाव पर्ने वस्तुहरूमा मात्र सीमित गर्ने।

(ञ) भन्सारमा मुल्यांकनका लागि प्रयोग गरिने सन्दर्भ मूल्यको परम्परा हटाई बिजक बमोजिमको मूल्य स्वीकार गर्न अनिवार्य गर्ने। पोस्ट-क्लियेरेन्स परीक्षण प्रभावकारी बनाउने र गलत बिलबिजक पेश गर्ने व्यवसायीलाई कारबाही गर्ने।

(ट) बदनियतपूर्वक र गलतढङ्गले कर निर्धारण गर्न नहुने, यस्तो गरेको पाइएमा कारवाही हुने व्यवस्था हुनुपर्ने ।

(ठ) राजस्व न्याधिकरणको संरचना सुधार गरी स्तर बढाउनु पर्ने र कर अनुसन्धानको लागि अन्य निकायहरू पनि रहेको सन्दर्भमा राजस्व अनुसन्धान विभाग खारेज गर्ने ।

(ड) भारतसंगको खुला सीमानाले गर्दा दुई देश बीच सजिलो गरी नै चोरी पैठारी हुने गरेको छ । तसर्थ दुई देश बीचको मूल्यमा धेरै फरक नपर्ने गरी भारत तथा अन्य मुलुकबाट हुने आयातमा लगाइने भन्सार दर निर्धारण गर्नु पर्ने । भारतको भन्सार शुल्कमा हुने परिवर्तनलाई मध्यनजर राखेर नेपालको भन्सार शुल्क समयानुकल बनाइ हाल्नु पर्ने ।

(ढ) करका दरहरू अहिले नै उच्च रहेको सन्दर्भमा गैर कर राजस्व बढाउने रणनीति लिनु पर्ने । रोयाल्टी, शुल्क, विनिवेश र लाभांशबाट बढी भन्दा बढी सरकारको आय बढाउनु पर्ने ।

(ण) विद्युतीय भुक्तानीमा लागेको कर रु. ५ हजारसम्मको भुक्तानीको हकमा हटाउने ।

(त) कर कानून तथा नियमहरू भूतप्रभावी ढङ्गले नलगाउने ।

(थ) स्थानीय तहमा तिर्ने करहरू पनि प्यान नम्बरसंग आवद्धता गर्ने ।

(द) निर्यातमा हुने आयमा १० प्रतिशतमात्र आयकर लगाउने ।

(ध) कर मुद्धा तथा विवादहरू समयमा नै सल्टाउने ।

(न) राजस्वमा चाप परिरहेको स्थितिमा सरकारको स्वामित्वमा रहेका संस्थानलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी निजी क्षेत्रलाइ शेयर बिक्री गर्ने। यसले पुँजी बजारको विकासमा पनि सहयोग पुराउने र निजी क्षेत्र पनि संस्थानको व्यवस्थापनमा संलग्न हुँदा यी संस्थाको

व्यवस्थापकिय क्षमता पनि सुधार हुने हुन्छ। यस्ता संस्थानको शेयर विदेशी लगानीकर्तालाई पनि बिक्री गर्दा प्रविधि र व्यवस्थापकीय क्षमता हस्तान्तरणका साथै बजार विस्तार पनि हुने हुन्छ ।

सरकारी ऋण

स्थिति विश्लेषण

२९ **पछिल्ला वर्षहरूमा सार्वजनिक ऋण तीव्रदरमा बढेको छ ।** सरकारले बजेट घाटा पुरा गर्न आन्तरिक र बाह्य ऋण लिनु पर्ने हुन्छ, जुन पछिल्लो समय उच्चदरले बढेको छ। २०८१ असारसम्म नेपाल सरकारको आन्तरिक र बाह्य गरि सार्वजनिक ऋणको आकार रु. २४ अर्ब ३३ अर्ब जति रहेको छ। पछिल्लो वर्षहरूमा सार्वजनिक ऋणको आकारको वृद्धिदर केही उच्च रहेको छ । आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको अवधिमा नेपाल सरकारको ऋण औसतमा १९ प्रतिशतले बढ्यो । उक्त अवधिमा आन्तरिक ऋणको वृद्धि दर अझ उच्च अर्थात २२.९ प्रतिशत रह्यो । वाह्य ऋणको वृद्धिदर १६.२ प्रतिशत रह्यो (ने.रा. बैंक, २०८१)। आर्थिक वर्ष २०७६।७७ मा सार्वजनिक ऋण ३६.७ प्रतिशतसम्म एकै वर्ष बढेको थियो । कुल गार्हस्थ्य उत्पादनको तुलनामा आर्थिक वर्ष २०७३/७४ मा सार्वजनिक ऋणको अनुपात २२.७ प्रतिशत जति रहेकोमा आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा ४३.० प्रतिशतसम्म पुग्यो। आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक ऋणको वृद्धिदर ५.८ प्रतिशतमात्र रहेकोले कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात सीमान्त रुपले कमी आई ४२.७ प्रतिशत कायम हुन गएको छ । आकारमा भने आर्थिक वर्ष २०७२/७३ मा रु. ६ खर्ब २३ अर्ब रहेको सार्वजनिक ऋण २०८०/८१ मा आइपुग्दा चार गुणाले बढेको छ। सार्वजनिक ऋणको आकारमा वृद्धि भए अनुरुप कुल गार्हस्थ्य उत्पादन बढ्न नसकेको स्थिति छ ।

३० **विभिन्न कारणले पछिल्लो समय सार्वजनिक ऋणको मात्रा बढेको छ भने विगतमा पनि उल्लेख्य रुपमा बढेको थियो ।** २०७२ को भूकम्पपछिको पुननिर्माण, सङ्घीयता कार्यान्वयन, कोभिड १९ को समयमा स्वास्थ्य खर्च बढेको तर राजस्व परिचालन शिथिल भएकोले गर्दा सार्वजनिक ऋणको आकार बढ्दै गएको छ । विगतमा पनि समयसमयमा सार्वजनिक ऋण उच्च दरले बढेको थियो । आर्थिक वर्ष २०३८/३९ देखि २०४१/४२ सम्म सार्वजनिक ऋण औसतमा ४०.८ प्रतिशतले, आर्थिक वर्ष २०४३/४४ देखि २०४७/४८ सम्म औसतमा ३६.१ प्रतिशतले (आर्थिक वर्ष २०४७/४८ मा एकै वर्ष ५६.१ प्रतिशतले) बढेको थियो । आर्थिक वर्ष २०४८/४९ देखि २०७१/७२ सम्म सामान्य ८.५ प्रतिशतले मात्र बढेको थियो। कुल गार्हस्थ्य उत्पादनको तुलनामा सार्वजनिक ऋण आर्थिक वर्ष २०४७/४८ मा सबैभन्दा बढी ६६.८ प्रतिशत पुगेको थियो। उक्त अनुपात २०५९/६० सम्म नै ६० प्रतिशत भन्दा माथि रह्यो । तत्पश्चात घट्दै आर्थिक वर्ष २०७१/७२ मा आइपुग्दा २२.३ प्रतिशतमा झरेको थियो ।

३१ **सार्वजनिक ऋणको संरचनामा परिवर्तन भएर पुरानै अवस्था पुग्न खोजेको छ ।** सार्वजनिक ऋणको संरचना हेर्दा आर्थिक वर्ष २०३३/३४ तिर कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको अंश ६०

प्रतिशत भन्दा बढी थियो । तत्पश्चात आन्तरिक ऋणको अंश घट्दै गएको र वाह्य ऋणको अंश बढ्दै गयो। आर्थिक वर्ष २०५४/५५ मा आइपुग्दा कुल सार्वजनिक ऋणमध्ये ८०.८ प्रतिशत वाह्य ऋण पुगेको थियो। तत्पश्चात वाह्य ऋणको अंश क्रमशः घट्दै गएर आर्थिक २०७८/७९ पछि ५१ प्रतिशतको आसपास रहेको छ। यसरी पछिल्ला वर्षहरूमा पुनः आन्तरिक ऋणको अंश बढ्दै गएको छ ।

३२ **सार्वजनिक ऋणको आकार बढेसँगै साँवा व्याज भुक्तानीको दायित्व बढ्दै गएको छ** । आन्तरिक र वाह्य ऋणको साँवा व्याज भुक्तानीको दायित्व आर्थिक वर्ष २०७८/७९ सम्म औसतमा कुल गार्हस्थ्य उत्पादनको साढे २ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९।८० मा ४.२ प्रतिशत र २०८०/८१ मा ५.४ प्रतिशत पुग्यो। आर्थिक वर्ष २०६२/६३ तिर कुल राजस्वको २८ प्रतिशत जति सार्वजनिक ऋणको साँवा व्याज भुक्तानी खर्च भएको थियो । तत्पश्चात राजस्व परिचालनमा सुधार भएको र सार्वजनिक ऋणको अनुपात घट्दै गएकोले आर्थिक वर्ष २०७५।७६ मा आइपुग्दा सार्वजनिक ऋणको साँवा व्याज भुक्तानीमा कुल राजस्वको ९ प्रतिशत जति मात्र खर्च भएको थियो। तर, तत्पश्चात भने पुनः यस्तो हिस्सा बढ्दै गइ आर्थिक वर्ष २०७९/८० मा राजस्वको २२ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा राजस्वको २८ प्रतिशत सार्वजनिक ऋणको साँवा व्याज भुक्तानीमा खर्च भएको छ । वास्तवमा पछिल्ला वर्षहरूमा सार्वजनिक ऋणको मात्रा बढे अनुरुप कुल गार्हस्थ्य उत्पादन र राजस्व परिचालन बढ्न नसक्दा साँवा व्याज भुक्तानीको अनुपात बढ्दै गएको हो । सार्वजनिक ऋणको सही सदुपयोग नगर्ने हो र प्रतिफल प्राप्त नहुने हो भने देश ऋणको जालोमा पर्ने सम्भावना बढ्दै जाने हुन्छ । साँवा व्याज भुक्तानीको दायित्व बढ्दै जाँदा शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता सरकारले गर्नु पर्ने अत्यावश्यक कार्यको लागि बजेटको अभाव हुने स्थिति आउन सक्छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

३३ **नेपालमा सार्वजनिक ऋणको मात्रा निरन्तर बढे अनुरुप सही रुपमा परिचालन गर्न सकिएमा अर्थतन्त्रमा तीव्र विस्तार हुने देखिन्छ।** सापेक्षिक रूपमा हेर्दा सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात सबै भन्दा कम आर्थिक वर्ष २०७३/७४ मा २२.७ प्रतिशतमा झरेकोमा तत्पश्चात निरन्तर बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्मको ४ वर्ष सार्वजनिक ऋण तीव्र दरमा विस्तार भएको छ । नेपाल जस्तो अल्प विकसित देश जहाँ राजस्व परिचालन पर्याप्त हुँदैन, पुँजीगत र विकास खर्चको लागि सार्वजनिक ऋण परिचालन गर्नुलाई सामान्य रुपमा लिइन्छ। उच्च प्रतिफल दिने आयोजनामा ऋण लिएर लगानी गर्दा अर्थतन्त्र विस्तार हुने देखिन्छ। विश्वमा प्रायः सबै देशहरूले आर्थिक विकासको क्रममा सार्वजनिक ऋण परिचालन गर्ने गरेका छन् ।

३४ आ**कारमा बढे पनि तुलनात्मक रुपमा सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात चालिस र पचासको दशक भन्दा कम** नै **रहेको छ।** पछिल्ला वर्षमा नेपालमा सार्वजनिक ऋण त्यसमा पनि आन्तरिक ऋणको वृद्धिदर उच्च रहे पनि सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात

विगतमा भन्दा कम रहेको छ । तापनि आन्तरिक र वाह्य ऋणको साँवा व्याज भुक्तानीको दायित्व बढ्दै गएर आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको ४.२ प्रतिशत र २०८०/८१ मा ५.४ प्रतिशत पुगेको छ। यसले सार्वजनिक ऋणको उत्पादनशील प्रयोग हुन नसकेको र सार्वजनिक ऋण बढे अनुरुप कुल गार्हस्थ्य उत्पादन बढ्न नसकेको देखाउँछ। सार्वजनिक ऋणको उत्पादनशील प्रयोग गर्नु जरुरी छ ।

३५ **आन्तरिक ऋणको भुक्तानी दायित्व पछिल्ला वर्षहरूमा उच्च दरले बढ्दै गएको छ** । पछिल्ला वर्षमा वाह्य ऋणको साँवा व्याज खर्च विगतमा जस्तै कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशत भन्दा कम नै रहेको छ तर आन्तरिक ऋणको सावाँ व्याज भुक्तानी भने पछिल्ला वर्षहरूमा तीव्र दरमा बढेको छ । वास्तवमा सार्वजनिक ऋणमा आन्तरिक ऋणको अंश बढ्दै गएको र आर्थिक वर्ष २०७९/८० मा अर्थतन्त्रमा तरलता अभावले गर्दा व्याजदर बढेका कारण आन्तरिक ऋणको भुक्तानी दायित्व बढ्दै गएको छ।आन्तरिक ऋण परिचालन आयोजना र परियोजना लक्षित नभएकोले कतिपय अवस्थामा चालु प्रकृतिको खर्चमा पनि आन्तरिक ऋण प्रयोग भएको स्थिति छ ।

३६ **आन्तरिक ऋणको व्यवस्थापनमा सुधार गर्नु आवश्यक छ** । बजारको अवस्था हेरिकन आन्तरिक ऋण उठाउने प्रणाली नहुँदा बजारमा व्याजदर उच्च भए पनि बजेटमा उल्लेख भएको आन्तरिक ऋण उठाउने गरिएको छ भने बजारमा व्याजदर कम हुँदा पनि बजेटमा उल्लेख्य गरे भन्दा बढी आन्तरिक ऋण उठाउन सक्ने अवस्था छैन । बजारको अवस्था अनुरुप आन्तरिक ऋण परिचालन गर्ने रणनीति अबलम्बन गर्न नसक्दा पनि आन्तरिक ऋणको भार बढेको छ ।

३७ **परियोजनाको अवधिसँग तालमेल मिलाई विभिन्न भुक्तानी अवधि भएका विकास ऋणपत्र निष्काशन हुनु उपयुक्त हुन्छ।** अहिले विभिन्न अवधिका विकास ऋणपत्र निष्काशन गर्ने गरिएको छ तर त्यस्तो भुक्तानी अवधि निर्धारणको खासै आधार देखिदैन। यसले गर्दा त्यस्ता ऋणपत्रको भुक्तानी कुनै वर्ष एकै चोटी बढी गर्नु पर्ने अवस्था पनि रहेको छ। कहिलेकाही बजारमा व्याजदर बढेको बेलामा पनि आन्तरिक ऋण उठाउन पर्दा व्याजको भार पनि बढ्दै गएको छ। वास्तवमा आन्तरिक ऋण व्यवस्थापन रणनीतिक ढङ्गले गर्नु पर्ने आवश्यकता रहेको छ । यसको लागि आन्तरिक ऋणलाई आयोजनासँग जोडनु पर्ने देखिन्छ ।

३८ **कुल सार्वजनिक ऋणमा आन्तरिक र वाह्य ऋणको अंश सन्तुलित हुनु पर्ने हुन्छ**। तुलनात्मक रुपमा नेपालले अहिलेसम्म सहुलियतपूर्ण वैदेशिक ऋण प्राप्त गर्दै आएको छ । धेरै जसो वैदेशिक ऋण कम व्याजदरमा लामो भुक्तानी अवधि भएका छन्। वैदेशिक ऋणमा सञ्चालित आयोजनाको कार्यान्वयन पक्ष कमजोर रहेका कारण कतिपय अवस्थामा स्वीकृत वैदेशिक ऋण पनि प्राप्त गर्न ढिला हुने गरेको छ । वैदेशिक ऋण भुक्तानीमा विनिमय दर अवमूल्यनको जोखिम रहे पनि हालसम्म वैदेशिक ऋणको साँवा व्याज भुक्तानी दायित्व आन्तरिक ऋणको भन्दा कम रहेको छ । तर वैदेशिक ऋण भुक्तानीको लागि विदेशी मुद्राको आवश्कयता पर्दछ जव कि आन्तरिक ऋण भुक्तानी स्वदेशी मुद्रामा गर्दा पनि हुन्छ । त्यसका कारण कुल सार्वजनिक ऋणमा आन्तरिक र वाह्य ऋणको

अंश सन्तुलित खालको हुनु पर्दछ। जसले गर्दा साँवाव्याज भुक्तानीको भार र सम्भावित विदेशी विनिमय जोखिमका साथै विदेशी मुद्राको उपलब्धतामा सन्तुलन कायम गर्न सकियोस्। नेपालको सन्दर्भमा विदेशी मुद्राको प्रमुख स्रोतको रुपमा विप्रेषण रहेकोले सहुलियत विदेशी ऋण प्राप्त गर्न सकिएमा कुल सार्वजनिक ऋणमा यसको अंश अलि बढी लिँदा पनि ऋण भुक्तानीको लागि विदेशी मुद्राको समस्या नहुने र साँवा व्याज भुक्तानीको भार पनि कम हुने देखिन्छ। तर, २०२६ मा नेपाल विकाशशील राष्ट्रमा जान लागेको हुँदा सहुलियत पूर्ण वाह्य ऋणको उपलब्धता कम हुने देखिन्छ। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय पुँजी बजारमा बण्ड जारी गरेर ऋण परिचालन गर्नु पर्ने स्थिति आउने देखिन्छ जसमा सहुलियत ऋण भन्दा बढी व्याजदर पर्न सक्छ ।

३९ **नेपालले गराएको पहिलो सार्वभौम क्रेडिट रेटिङले नेपालको अवस्था संतोषजनक रहने देखाएको छ।** नेपालले सन् २०२४ मा पहिलो चोटी Fitch Rating बाट गराएको सार्वभौम साख रेटिङमा BB- स्कोर प्राप्त गर्न सफल भएको छ। यो जोखिमयुक्त लगानीकै वर्गमा परे पनि आर्थिक स्थिति सबल रहेको, बाह्य ऋणको भुक्तानी गर्न सक्ने र आर्थिक परिदृश्य स्थिर रहेको देखाएको छ। राजनैतिक स्थिरता कायम राख्दै, बजेट कार्यान्वयन प्रभावकारिता बढाउने, नीतिगत स्थिरता र निजी लगानीको लागि व्यवसायिक वातावरण सिर्जना गर्दै जाने हो नेपालको सार्वभौभ रेटिङ थप सुधार हुने प्रशस्त सम्भावना रहेको छ। जति रेटिङमा सुधार हुन्छ नेपालले अन्तर्राष्ट्रिय पुँजी बजारमा सस्तो व्याजदरमा ऋण परिचालन गर्न सक्ने संभावना बढ्दै जान्छ।

४० **नेपालमा बाह्य ऋणको सीमा ऐनमा नै तोकिएको छ।** सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ ले अघिल्लो आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनको एक तिहाई नबढ्ने गरी बाह्य ऋण लिन सक्ने सीमा तोकेको छ । अहिले नेपालको बाह्य ऋण कुल गार्हस्थ्य उत्पादनको २२ प्रतिशत जति रहेकोले थप बाह्य ऋण परिचालन गर्न सकिने कानुनी आधार रहेको छ। सीमामा रहे पनि एक त यो बाह्य ऋण प्राप्त गर्न सक्नु पर्छ भने बाह्य ऋणमा अन्तर्निहित विनिमय दर अबमूल्यनको जोखिम र भुक्तानीको लागि विदेशी मुद्रा उपलब्धतालाई ख्याल गर्नु पर्ने हुन्छ । आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धनलाई सहयोग पुराउने र उच्च प्रतिफल दिने आयोजना र परियोजनाको लागि विदेशी ऋण परिचालन गर्नु उपयुक्त हुन्छ।

४१ **वैदेशिक ऋणको लागि सीमा तोके पनि आन्तरिक ऋणको सवालमा सीमा तोक्ने जिम्मेवारी कानूनले प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिएको छ।** उक्त आयोगले सामान्यतया तीनै तहका सरकारले परिचालन गर्ने कुल आन्तरिक ऋण उक्त आर्थिक वर्षको अनुमानित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी सिफारिश गर्ने गरेको छ । वास्तवमा अर्थतन्त्रमा प्रभाव र ऋणको भुक्तानी दवावको विश्लेषणको लागि कुल आन्तरिक ऋण भन्दा सो वर्ष परिचालन गर्ने खुद आन्तरिक ऋणको सीमा तोक्नु उपयुक्त हुन्छ।

४२ **सार्वजनिक ऋणको अधिकतम सीमा कति भन्ने कुरामा एक मत छैन।** विभिन्न अध्ययनहरूले विकासशील देशहरूमा सार्वजनिक ऋणको सीमा कुल गार्हस्थ्य उत्पादनको ४० प्रतिशतदेखि ६०

प्रतिशतसम्म परिचालन गर्न सकिने देखाएका छन् । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको नेपालको सार्वजनिक ऋणको दिगोपनाको अनुसन्धानमा नेपालको सार्वजनिक ऋण तिर्न नसक्ने जोखिमको स्थितिमा नरहेको जनाएको छ[12] । विकासशील देशहरूलाई खास गरी बाह्य ऋण परिचालन गर्दा अलि ख्याल गर्नु पर्ने हुन्छ किनभने भुक्तानीको लागि विदेशी मुद्राको आवश्यकता पर्दछ । नेपालको पचास र साठीको दशकको अनुभव, सीमा भित्र नै विदेशी ऋण रहेको अवस्था, अर्थतन्त्र शिथिल भएको स्थितिमा सरकारले खर्च बढाउनु पर्ने आवश्यकताको सन्दर्भमा नेपालले थप सार्वजनिक ऋण परिचालन गर्न सक्ने र गर्नु पर्ने देखिन्छ । तर, उठाएको सार्वजनिक ऋण पुँजी निर्माण र उत्पादनलाई सहयोग पुग्ने गरी प्रयोग हुनु जरुरी छ ताकि ऋणको पासोमा पर्ने स्थिति नआओस् ।

४३ सुझावहरू

(१) चालु खर्चको लागि ऋण परिचालन नगर्ने । राजस्व र खर्चको अन्तराल पुरा गर्न मात्र छोटा अवधिका ट्रेजरी विल्स जारी गरेर पुरा गर्ने ।

(२) कोभिडपछि राजस्व परिचालनमा आएको शिथिलताको परिप्रेक्ष्यमा सरकारले विगतमा ठेक्का लगाएको निर्माणको भुक्तानी र सरकारले प्रतिवद्धता जाहेर गरेका विभिन्न खालका अनुदानको तिर्न बाँकि रकम फछर्यौट गर्ने उद्देश्यले विशेष परिस्थितिजन्य अवस्थाको रुपमा आन्तरिक ऋण परिचालन गरेर भए भुक्तानी गर्ने। यसरी जारी भएको आन्तरिक ऋणको भुक्तानी समाप्त नहुञ्जेल सरकारले दिने अनुदान कार्यक्रम र नयाँ ठेक्काका कार्य स्थगित गर्ने ।

(३) विकास ऋणपत्रलाई विकास आयोजनासंग पूर्ण रुपमा आवद्ध गर्ने। जुन विकास आयोजनाको लागि ऋणपत्र जारी गर्न लागिएको हो सो आयोजनाको सम्पन्न हुन लाग्ने अवधिको आधारमा सो अवधि बराबरको विकास ऋणपत्र जारी गर्ने। बैकिङ् प्रणालीमा अधिक तरलता भएको अवस्थामा दीर्घकालिन प्रकृतिका आयोजनाहरू छनोट गरी विकास ऋणपत्र जारी गर्ने। तिनु पर्ने व्याजदर भन्दा बढी प्रतिफल दिने आयोजनाहरूमात्र ऋणमा बनाउने गरी छनोट गर्नु पर्ने ।

(४) प्रतिफल दिने आयोजनाहरू छनोट गरी सहुलियतपूर्ण वैदेशिक ऋण परिचालनको रणनीति लिने।

(५) पछिल्लो समय जलवायु वित्तको आपूर्ति बढ्दै गएको सन्दर्भमा यसबाट अधिकतम फाइदा लिन यससम्बन्धमा नियमित अध्ययन र अनुगमन गर्न अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोगमा यस क्षेत्रको विज्ञ सहितको विशेष डेस्क स्थापना गर्नु पर्ने र जलवायु वित्तको लागि उपयुक्त आयोजना छनोट गर्नुपर्ने।

(६) सार्वजनिक निजी साझेदारी एवम् वैदेशिक लगानीमा उच्च प्रतिफल दिने तर बढी बजेट लाग्ने आयोजनाहरू कार्यान्वयन गरिनुपर्ने।

---

[12] World Bank.
Nepal - Joint World Bank-IMF Debt Sustainability Analysis (English). Washington, D.C. : World Bank Group. http://documents.worldbank.org/curated/en/099092524124025314

(७) क्रेडिट रेटिङ जति राम्रो भयो अन्तराष्ट्रिय वित्त बजारबाट ऋण परिचालन गर्दा व्याजदर सस्तो पर्दछ । तसर्थ, नीतिगत स्थिरता, बजेट र योजना कार्यान्वयनमा सुधार गर्नु पर्ने ।

(८) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक ऋणको सीमा तोक्दा कुल आन्तरिक ऋणलाई भन्दा त्यो वर्ष हुने भुक्तानीलाइ घटाएर प्राप्त हुने खुद आन्तरिक ऋणको सीमा तोक्नु उपयुक्त हुने ।

सार्वजनिक संस्थान

स्थिति विश्लेषण

४४ **बिशिष्टिकृत आर्थिक उद्देश्य हासिल गर्न सरकारले सार्वजनिक संस्थानहरू स्थापना गर्दछ** । खासगरी बजारमा एकाधिकार सिर्जना हुने क्षेत्र र बजारले सहज आपूर्ति नगर्ने सामाजिक सेवा प्रवाह गर्दै अर्थतन्त्रमा उत्पादन र रोजगारी सिर्जना गर्ने उद्देश्यले सार्वजनिक संस्थानहरू स्थापना गर्ने गरिन्छ । नेपालमा पनि वि.स. १९९० को दशकदेखि सार्वजनिक संस्थानहरू स्थापना शुरु भएको पाइन्छ । विगतमा बजारको राम्रो विकास नभै सकेको र निजी क्षेत्रको क्षमता पनि नभएको अवस्थामा सरकारले विभिन्न खालका सार्वजनिक संस्थानहरू स्थापना गरेर सामाजिक सेवाका अतिरिक्त वस्तु उत्पादन र व्यापार गर्न समेत लगाएको देखिन्छ । निजीकरण शुरु गर्नु भन्दा अगाडि नेपालमा सार्वजनिक संस्थानहरूको संख्या ६२ पुगेको थियो। २०४७ सालको राजनैतिक परिवर्तन पछि अबलम्बन गरिएको आर्थिक उदारीकरणको नीति अनुरुप करीब डेढ दर्जन सार्वजनिक संस्थानहरू निजीकरण गरिए भने एक दर्जन संस्थानहरू खारेज गरिए । पछि केही नयाँ संस्थाहरू खोलिए भने केही गाभिए। अहिले सार्वजनिक संस्थानहरूको संख्या ४४ रहेको छ जसमा नेपाल सरकारको ५० प्रतिशत भन्दा अधिक लगानी नेपाल सरकारको रहेको छ ।

४५ **विभिन्न खालका सार्वजनिक संस्थानहरू सञ्चालनमा रहेका छन्** । हाल औद्योगिक क्षेत्रमा १०, व्यापारिक क्षेत्रमा ४, सेवा क्षेत्रमा ११, सामाजिक क्षेत्रमा ५, जनउपयोगी क्षेत्रमा ५ र वित्तीय क्षेत्रमा ९ सार्वजनिक संस्थानहरू सञ्चालनमा रहेका छन् । पाँचवटा संस्थान (जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ्ग कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल, र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रा।लि) कानूनी रुपमा अस्तित्वमा रहे पनि कुनै व्यवसायिक कारोवार गरेका छैनन् भने नेपाल मेटल कम्पनी स्थापना भए पनि सञ्चालनमा आएको छैन। धौबादी फलाम कम्पनी र नेपाल पूर्वाधार निर्माण कम्पनी पछिल्लो समय स्थापना भएका सार्वजनिक संस्थानहरू हुन ।

४६ **सार्वजनिक संस्थानहरु विभिन्न ऐनका आधारमा स्थापना भएका र विभिन्न मन्त्रालय सम्बद्ध छन्** । हाल रहेका संस्थानहरू मध्ये ३३ वटा कम्पनी ऐन, सात वटा विशेष ऐन, दुई वटा सञ्चार ऐन, एक वटा सहकारी ऐन, एक वटा संस्थान ऐन अन्तर्गत स्थापना भएका छन् । सम्पर्क मन्त्रालय अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध १४ वटा, अर्थ मन्त्रालय सम्बद्ध नौ वटा, भौतिक

पूर्वाधार तथा यातायात मन्त्रालय सम्बद्ध पाँच वटा, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बद्ध तीन वटा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध तीन वटा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध तीन वटा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध दुई वटा, वन तथा वातावरण मन्त्रालय सम्बद्ध दुई वटा, शहरी विकास मन्त्रालय, खानेपानी र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बद्ध एक एक वटा संस्थानहरू रहेका छन् । यसले गर्दा संस्थान सरकारले गरेको लगानीको प्रतिफलका लागि काम गर्ने व्यावसायिक निकाय नभएर सम्बन्धित मन्त्रालयको कार्यक्रम सञ्चालन गर्ने निकायका रुपमा रहन गएका छन्। संस्थानको व्यावसायिकता गौण बनेको छ। जसले गर्दा सरकारले गरेको लगानीको समुचित आर्थिक प्रतिफल प्राप्त हुन सकेको छैन। निजी क्षेत्रका व्यवसायसँग मूल्य श्रृंखलमा गाँसिएका जति पनि सार्वजनिक संस्थान छन्, तिनीहरू घाटामा रहने तर मुल्य श्रृंखलामा रहेका निजी व्यवसायहरूको मुनाफा सुनिश्चित हुने गरेको अवस्था छ।

४७ **केही सार्वजनिक संस्थानले मात्र नाफा गर्न सकेका छन् ।** आर्थिक वर्ष २०७९/८० मा २६ वटा संस्थानले नाफा आर्जन गरेका छन् भने १५ वटा घाटामा र तीनवटा संस्थानको कारोवार शुन्य रहेको छ । विद्युत उत्पादन कम्पनी लिमिटेड र राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले पनि व्यवसायिक कारोवार शुरु गरिसकेका छैनन्। जनकपुर चुरोट कारखाना पूर्ण रुप बन्द छ भने नेपाल ओरियन्ड म्याग्नेसाइट प्रा।लि, र बुटवल धागो कारखानाले व्यावसायिक कारोवार नगरे पनि प्रशासनिक खर्च भइरहेको छ। सातवटा सार्वजनिक संस्थान मात्र नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भएका छन् ।

४८ **सार्वजनिक संस्थानमा सरकारको उल्लेख्य लगानी रहेको छ।** आर्थिक वर्ष २०७९/८० सम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको करीब रु. ३८० अर्ब शेयर लगानी र रु. २८१ अर्ब ऋण लगानी गरी कुल रु। ६६१ अर्ब लगानी रहेको छ । उक्त आर्थिक वर्ष २४ वटा संस्थानहरूले नियमित रूपमा लेखापरीक्षण गराएका छैनन् । उक्त आर्थिक वर्ष सार्वजनिक संस्थानबाट व्याज, लाभांश र विभिन्न कर गरी रु। १६५ अर्ब नेपाल सरकारले प्राप्त गरेको थियो। घाटामा गएका सार्वजनिक संस्थानको सञ्चित नोक्सानी करीब रु. ५१ अर्ब, कोषमा व्यवस्था नभएको दायित्व करीब रु. ५३ अर्ब रहेको छ । त्यस्तै, सम्भावित दायित्व रु. १८ खर्ब रहेको छ । यी संस्थानमा ३२ हजार जति कर्मचारी रहेका छन् । सार्वजनिक संस्थानबाट प्राप्त लाभांश कुल शेयर लगानीको ४ प्रतिशत भन्दा कम रहदै आएको छ ।पाँच वटा सार्वजनिक संस्थान (नेपाल वायुसेवा निगम, नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट कारखाना, र नेपाल टेलिभिजन) लगातार घाटामा सञ्चालन भइरहेका छन् । नेपाल टेलिभिजन हालै रेडियो नेपालसँग गाभिएर सार्वजनिक सेवा प्रसारण संस्थाको रुपमा परिणत भएको छ ।

४९ **सिमित दायित्वको संगठित निकायको रूपमा स्थापित भए पनि सरकारले संस्थानको असीमित दायित्व व्यहोर्दै आएको छ।** सञ्चालनमा रहेका संस्थान मध्ये २० वटा संस्थानमा नेपाल सरकारको पूर्ण स्वामित्व र २४ वटामा ५० प्रतिशत भन्दा बढी स्वामित्व रहेको छ। सरकारको पूर्ण स्वामित्व भएका संस्थानहरूमा मात्र होइन आंशिक स्वामित्व भएका सीमित दायित्वको प्रावधान अन्तर्गत स्थापित

भएका संस्थानहरूको असीमित दायित्व सरकारले व्यहोर्दै आइरहेको छ। कर्मचारीको तलब भुक्तानी गर्न नसकेका, उत्पादनका लागि खरीद गरेको कच्चा पदार्थ तथा अन्य सामग्रीको भुक्तानी गर्न नसकेका संस्थानलाई त्यस्तो रकम भुक्तानी गर्न सरकारले ऋण दिने गरेको छ।

५० **विगतमा गरिएको सार्वजनिक संस्थानहरूको निजीकरणको सफलता मिश्रित रहेको छ ।** वि. स. २०४९ पश्चात आर्थिक उदारीकरणको नीति अबलम्बनसँगै सरकारको वित्तीय एवम् प्रशासनिक भार कम गर्न सार्वजनिक संस्थानहको निजीकरण गर्ने कार्य भयो। निजीकरण गरिएका १८ वटा सार्वजनिक संस्थानमध्ये १० वटा संस्थान नाफामा सञ्चालनमा छन् भने २ वटा घाटामा र ६ वटा बन्द भइसकेका छन्। शेयर बिक्री प्रक्रियाबाट निजीकरण गरिएका ११ वटा संस्थान मध्ये ३ वटा बन्द रहेका छन् भने ८ वटा नाफामा सञ्चालन भइरहेका छन् । व्यवसाय वा सम्पति बिक्री प्रक्रियाबाट निजीकरण गरिएका तीनवटै संस्थान हाल बन्द छन् । सम्पति बिक्री वा भाडामा दिइएका ३ वटा सार्वजनिक संस्थान मध्ये २ वटा नाफामा छन्। व्यवस्थापन करारमा दिएको एउटा संस्थान घाटामा रहेको छ । विगतमा एन आइ डि सी डेभलपमेन्ट बैंकलाई राष्ट्रिय वाणिज्य बैंकमा र राष्ट्रिय बीउ बिजन कम्पनी लि. लाई कृषि सामाग्री कम्पनी लि। मा गाभिएको थियो । नेशनल ट्रेडिङ लि. र नेपाल खाद्य संस्थानलाई एकिकृत गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. बनाइएको छ।निजीकरण ऐन बमोजिम खारेज भएका १२ वटा सार्वजनिक संस्थानमध्ये एउटा संस्थान (कृषि चुन उद्योग) को मात्र कम्पनी रजिष्टार कार्यालयमा दर्ता खारेजी भएको छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

५१ **दुर्गम क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्न, बजारमा हस्तक्षेप गरी एकाधिकार सिर्जना हुन नदिइ मूल्य स्थिरता कायम राख्न, विपद्को वेला सहयोग गर्न सार्वजनिक संस्थानहरूको अहम् भूमिका हुन्छ।** तापनि निजी क्षेत्रको क्षमता विकास भइरहेको सन्दर्भमा निजी क्षेत्रले गर्न सक्ने कार्यहरू निजी क्षेत्रलाई दिन सकिन्छ र दिन उपयुक्त हुन्छ । अर्थतन्त्रमा आवश्यक तर निजी क्षेत्रले गर्न नसक्ने वा नगर्ने कार्यमा सरकारको भूमिका निर्वाह गर्न सार्वजनिक संस्थान अझै पनि आवश्यकता रहन्छ। सार्वजनिक संस्थान व्यवसायिक ढङ्गले सञ्चालन हुने हो भने अर्थतन्त्रमा रोजगारी सिर्जनासँगै सरकारलाई लाभांश उपलब्ध हुन सक्छ ।

५२ **सार्वजनिक संस्थानहरूलाई व्यावसायिक रूपमा सञ्चालन गर्न कतिपय मुलुकले गरेको लगानी कम्पनी वा होल्डिंग कम्पनीको सफल अभ्यास नेपालमा लागु गर्न उपयुक्त हुन्छ।** सार्वजनिक संस्थानलाई विभिन्न मन्त्रालयको कार्यक्रम सञ्चालन गर्ने निकायको रूपमा नभई सरकारको लगानीको समुचित प्रतिफल उठ्ने गरी व्यावसायिक व्यवस्थापन सहित सञ्चालन गर्ने संस्थागत संयन्त्रको रूपमा लगानी कम्पनी वा होल्डिङ् कम्पनीको अवधारणा आएको हो। सिंगापुरको तेमासेक होल्डिंङ्, फिनल्याण्डको सोलिडियम, ग्रिसको एचक्याप, भुटानको ड्रुक होल्डिङ् कजाखस्तानको सम्रुक कजिना, पेरुको फोनाफे

सफल उदाहरण हुन्। सिंगापुर, मलेसिया र चीनका सार्वजनिक संस्थानको व्यवस्थापनमा होल्डिंङ् कम्पनीको प्रयोगले सकारात्मक परिणाम निस्केको अध्ययनले देखाएको छ[१३]।

५३ **सार्वजनिक संस्थान भए पनि सरकारको स्वामीत्व बढी राखेर सकेसम्म निजी क्षेत्रलाई सेयर हस्तान्तरण गर्न सकिन्छ।** यसबाट सार्वजनिक संस्थानको व्यवस्थापकिय क्षमतामा सुधार हुने हुन्छ । अझै पनि डेढ दर्जन सार्वजनिक संस्थानहरू घाटामा रहेको स्थिति रहेको छ। सार्वजनिक संस्थानको घाटाको दायित्व प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरकारमा नै आउने हुन्छ ।

५४ **व्यवसायिक कारोवार नगर्ने वा गर्न नसकेका सार्वजनिक संस्थानको प्रशासनिक खर्च भार व्यहोर्दा सरकारलाई आर्थिक दायित्व थपिदै गएको छ।** सार्वजनिक संस्थानको व्यवस्थापन गर्न आजसम्मको अनुभवको आधार व्यवसायिक रुपले र नाफामुलक ढङ्गले व्यवस्थापनका रणनीति अबलम्बन गर्नु जरुरी छ । विगतमा गरिएको निजीकरणको सफलता तथा विफलताका आधारमा उपयुक्त प्रक्रिया अपनाएर निजी क्षेत्रले व्यवस्थापन गर्न सक्ने संस्थानबाट सरकार बाहिरिदा उपयुक्त हुन्छ। सरकारले आफै व्यापार व्यवसाय भन्दा पनि नियमन र सुपरीवेक्षण गर्ने काममा बढी केन्द्रित हुँदा आर्थिक प्रतिफल राम्रो हुन सक्छ ।

५५ **कतिपय सार्वजनिक संस्थानको सान्दर्भिकता कम भएको छ** । विगतमा निजी क्षेत्रको खासै उपस्थिति नरहेको हुँदा नेपाल सरकारले आफैले सिमेन्ट उत्पादन गर्ने गरी हेटौडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योग स्थापना गरेको थियो। यी उद्योगहरूको बजारमा माग राम्रै रहे पनि उपकरणहरू पुराना भएका र व्यवस्थापन कमजोर रहेकोले घाटामा चलिरहेका छन् । बजारमा थुप्रै सिमेन्ट उद्योगहरू निजी क्षेत्रले सञ्चालनमा ल्याइसकेको परिप्रेक्ष्य सरकारले सिमेन्ट उद्योग चलाएर बसिरहनु औचित्यपूर्ण देखिदैन ।निजी क्षेत्रको उपस्थितिले सिमेन्टको बजार उच्च प्रतिस्पर्धाको स्थितिमा रहेको छ ।

५६ **कतिपय संस्थान जस्तै नेपाल वायुसेवा निगम जसको बजार राम्रो छ तर व्यवस्थापन राम्रो छैन।** पर्यटकहरूको आगमन र नेपालीहरूको विदेश यात्रा जति बढ्छ यस संस्थाको बजार बढ्ने हुन्छ। तर, लामेसमयदेखि यसको साहै कमजोर व्यवस्थापनले गर्दा उक्त संस्थान घाटामा गइरहेको छ। अन्तर्राष्ट्रिय तहमा राष्ट्रिय ध्वजाबाहकको रुपमा उपस्थिति देखाउन पनि यो संस्थाको रणनीतिक महत्व छ । यस्ता संस्थाको व्यवसायिक रुपमा व्यवस्थापन हुने र गर्ने वातावरण सिर्जना गर्नु जरुरी छ ।

५७ **सार्वजनिक संस्थानहरू पुँजी बजारको विकासबाट फाइदा दिन सक्छन्** । अहिलेसम्म सात वटा सार्वजनिक संस्थान पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएका छन् । अन्य सार्वजनिक संस्थानको सेयर पनि सर्वसाधारणलाई बिक्री गर्न उपयुक्त देखिन्छ। यसले गर्दा राजस्वमा दवाव परेको बेला सरकारलाई वित्तीय स्रोत उपलब्ध हुन सक्छ। सार्वजनिक संस्थानको सेयर सर्वसाधारणलाई बेच्दा पुँजीबजारको विकासलाई पनि सहयोग पुग्दछ ।

[13] Kim, Hyungon and Chung, Kee Hoon, Can state-owned holding companies improve SOE performance in Asia? Evidence from Singapore, Malaysia and China, Journal of Asian Public Policy, March 2018.

५८ **खराब सार्वजनिक संस्थान सुधार गर्न केही समयको लागि विदेशी व्यवस्थापन विकल्प हुन सक्छ ।** विगतमा ज्यादै उच्च निष्कृय कर्जा र व्यवस्थापकीय कमजोरीमा रहेका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैक लि।मा वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत यी बैंकहरूलाई केही वर्ष विदेशी विज्ञहरूबाट व्यवस्थापन गरे पछि उल्लेख्य सुधार भै अन्य निजी क्षेत्रका बैकहरूसँग प्रतिष्पर्धा गर्न सक्ने भएको अनुभव अन्य कमजोर सार्वजनिक संस्थानको व्यवस्थापनमा उपयोग गर्नु पर्ने देखिन्छ ।

५९ **सुझावहरू**

(१) व्यवसाय सञ्चालन गर्न नसकेका ५ वटा सार्वजनिक संस्थानहरू (जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ्ग कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रकशन कम्पनी नेपाल, र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रा।लि) सञ्चालनमा आउन नसक्ने हो भने खारेज गरी यिनीहरूको नाममा रहेको अचल सम्पति सरकारको नाम ल्याई व्यवस्थापन गर्ने। यी संस्थाहरूको अचल सम्पतिहरू अन्य उत्पादनशील प्रयोगमा ल्याउनु पर्दछ।

(२) सार्वजनिक संस्थान सबैको लेखा परीक्षण समयमा सम्पन्न गरी सार्वजनिक गर्नु पर्ने ।

(३) हेटौडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको डिडिए गरेर गाभ्ने अनि सरकारको केही हिस्सामात्र राखेर निजी क्षेत्रलाई शेयर बिक्री गर्ने।

(४) नेपाल वायुसेवा निगमको पुनर्संरचना गरी वाह्य रणनीतिक साझेदार भित्र्याएर व्यवसायिक ढङ्गले व्यवस्थापन गर्ने। यस्ता संस्थालाई व्यवसायिक बनाउन केही समयको लागि विदेशी व्यवस्थापनलाई दिनु उपयुक्त हुने।

(५) दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानको रुपमा परिणत गर्ने। घाटामा रहने गरेका सार्वजनिक संस्थानहरू वर्तमान समयमा आवश्यक नभए खारेज गर्ने ।

(६) राजनैतिक हस्तक्षेप नगरी व्यवसायिक ढङ्गले सार्वजनिक संस्थानहरू सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा सरकारको एकल स्वामित्वमा पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिंग कम्पनी रहन सक्ने व्यवस्था गरी पूर्ण सरकारी स्वामित्वको होल्डिंग कम्पनी अन्तर्गत सबै संस्थानलाई ल्याउने र मन्त्रालयहरू अन्तर्गत संस्थानलाई नराख्ने।

(७) निश्चित प्रतिफल र कार्य सम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्तिहरू नियुक्ति गर्ने र व्यवसायिक ढङ्गले सञ्चालन गर्न सक्ने गरी स्वायतता प्रदान गर्ने ।

(८) सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेडमा कम्पनीमा रुपान्तरण गरी सर्वसाधारणलाई शेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्न सक्ने व्यवस्था गर्ने ।

(९) सार्वजनिक संस्थानमा कर्माचारीको तलंब/अन्य खर्च भुक्तानी गर्नका लागि ऋण दिन बन्द गर्ने।

(१०) सार्वजनिक खर्च पुनरावोलकन आयोग २०७५ ले सार्वजनिक संस्थानको सुधारको लागि दिएका केही सुझावहरू (संस्थानहरू गाभ्ने) कार्यान्वयन भएको सन्दर्भमा सान्दर्भिकता र उपयुक्तता हेरी आधारमा अन्य सुझावहरू कार्यान्वयन लैजानु उपयुक्त हुने।

परिच्छेद ९

सामाजिक सुरक्षा

स्थिति विश्लेषण

१ नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा लिएको छ । नेपालको संविधानको धारा ३४ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षा, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई प्रत्याभूत गरेको छ। धारा ४३ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। सामाजिक सुरक्षा र गरिबी निवारणका विषय संघको एकल अधिकार (अनुसूची ५) तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार (अनुसूची ९) को सूचीमा समेटिएका छन् ।

२ नेपाल सरकारले नागरिकहरूलाई जीवन चक्रमा आधारित सामाजिक सुरक्षा उपलब्ध गराउने लक्ष्य लिएको छ। राष्ट्रिय योजना आयोगले तयार पारेको एकिकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाले नेपालमा विभिन्न किसिमका ८७ वटा सामाजिक सुरक्षाहरूको व्यवस्था रहेको जनाएको छ। पछिल्लो समय प्रदेश सरकार र स्थानीय तहले पनि विभिन्न खालका सामाजिक सुरक्षाका कार्यक्रमहरू ल्याउने गरेका छन्। नेपालमा योगदान आधारित पेन्सन लगायतका अन्य सामाजिक सुरक्षाको व्यवस्था भर्खरमात्र शुरू भएको छ।

३ सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र सामाजिक सुरक्षा ऐन २०७५ रहेका छन्। सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम (क) ज्येष्ठ नागरिक, (ख) आर्थिक रुपले विपन्न, (ग) अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, (घ) असहाय एकल महिला, (ङ) अपाङता भएका, (च) बालबालिका, (छ) आफ्नो हेरचाह आफै गर्न नसक्ने र (ज) लोपोन्मुख जाति गरी ८ प्रकारका व्यक्ति जाति तथा वर्गले सामाजिक सुरक्षा भता पाउने अधिकारको व्यवस्था गरेको छ। ऐनमा भएका प्रावधानहरूको प्रभावकारी कायार्न्वयन गर्न सामाजिक सुरक्षा नियमावली, २०७६, सामाजिक सुरक्षा भता वितरण कार्यविधि, २०७७ रहेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ कार्यान्वयनको लागि योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ रहेको छ र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सामाजिक सुरक्षा कोष स्थापना गरिएको छ ।संगठित क्षेत्रमा कार्यरत व्यक्तिहरूको लागि अवकाश एवम् पेन्सन कोष सञ्चालनको लागि कर्मचारी सञ्चय कोष (कर्मचारी सञ्चय कोष ऐन, २०१९) र नागरिक लगानी कोष (नागरिक लगानी कोष ऐन २०४७) रहेका छन् ।

४ बेरोजगारहरूलाई न्यूनतम रोजगारी प्रदान गर्ने गरी २०७५ साल फागुनदेखि शुरू भएको प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन कमजोर रहेको छ। यस कार्यक्रममा सुचिकृत हुने व्यक्तिहरूको संख्या बढ्दै गए पनि रोजगार प्राप्त गर्ने व्यक्तिको संख्या घट्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा ३ लाख ६९ हजार जना सूचिकृत भएकोमा १ लाख ६ हजारले न्यूनतम रोजगारी प्राप्त गरेका

थिए। सूचिकृत बेरोजगारको संख्या तत्पश्चात बढ्दै गएको छ भने न्यूनतम रोजगारी पाउने व्यक्तिको संख्या आर्थिक वर्ष २०७७/७८ मा १ लाख ७९ हजार पुगेर घट्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा सूचिकृत हुने व्यक्तिहरूको संख्या ८ लाख ८५ हजार पुगेको थियो । सो वर्ष ६५ हजार जतिले न्यूनतम रोजगारी प्राप्त गरेका थिए। आ.व. २०७८/०७९ मा कूल रु. १२ अर्ब ३ करोड विनियोजन भएकोमा रु. ८ अर्ब ३ करोड खर्च भएको थियो। आ.व. २०७९/०८० मा कूल रु. ७ अर्ब १५ करोड बजेट विनियोजन भएकोमा रु.६ अर्ब ४७ करोड (९०.५ प्रतिशत) खर्च भएको थियो।

५ सामाजिक सुरक्षा खर्च वर्षेनी बढ्दै गएको छ। आर्थिक वर्ष २०६९/७० मा सामाजिक सुरक्षामा रु. ३१ अर्ब (कुल गार्हस्थ्य उत्पादनको १.६० प्रतिशत र कुल सरकारी खर्चको ८.७ प्रतिशत) रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रु. २१९ अर्ब (कुल गार्हस्थ्य उत्पादनको ४.१ प्रतिशत र कुल सरकारी खर्चको १५.४ प्रतिशत) पुगेको छ। कुल सामाजिक सुरक्षा खर्चमध्ये सामाजिक सुरक्षा भतामा आर्थिक वर्ष २०६९/७९ मा करिब ३४ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०७९/८० मा ५३ प्रतिशत पुगेको छ। निवृतिवरण र कर्मचारी अवकाशसँग जोडिएको सुरक्षा खर्च आर्थिक वर्ष २०७९/८० मा कुल सामाजिक सुरक्षामा भएको खर्चको ४४ प्रतिशत (करीब रू. ९७ अर्ब) खर्च भएको छ। सामाजिक सुरक्षामा आर्थिक वर्ष २०७६/७७ मा चालु खर्चको २३.७ प्रतिशत रहेकोमा २०७९/८० मा २६.५ प्रतिशत पुगेको छ ।

६ लाभग्राहीको संख्या पनि बढ्दै गएको छ । विगत एक दशकको तथ्याङ्क हेर्दा ज्येष्ठ नागरिक भता (६८ वर्ष) र अपाङ्गता भता पाउने व्यक्तिको संख्या निरन्तर बढी रहेको छ। तर, ज्येष्ठ नागरिक दलित (६० वर्ष), ज्येष्ठ नागरिक एकल महिला (६० वर्ष), ज्येष्ठ नागरिक क्षेत्र तोकिएको (६० वर्ष), विधवा महिला, बालबालिका र लोपोन्मुख जातिका लाभग्राही संख्या घटेको छ ।

७ स्वास्थ्य बीमाको दायरा पनि बढ्दै गएको छ। २०८० फागुनसम्म करीब २४ लाख परिवारका ७७ लाख व्यक्ति स्वास्थ्य बीमामा आवद्ध भएका छन्। स्वास्थ्य बीमाको दुरूपयोग समेत भएको छ। सरकारले स्वास्थ्य बीमाबाट सिर्जित दायित्व समयमा भुक्तानी गर्न सकिरहेको छैन। आर्थिक वर्ष २०७९/८० को स्वास्थ्य बीमाको शोधभर्ना रकम करीब रु. १३ अर्ब १३ करोड रहेको थियो। उक्त आ.व.मा रू. ११ अर्ब जति खर्च भएको थियो । तर, आ.व. २०८०/८१ र २०८१/८२ मा रू. ७ अर्ब ५० करोडमात्र विनियोजन भएको छ ।

८ योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था गर्न पछिल्लो समय स्थापित सामाजिक सुरक्षा कोषको दायरा पनि फराकिलो हुँदै गएको छ । २०८१ मंसिरसम्म १९८६५ रोजगारदाता र १८ लाख ४९ हजार योगदानकर्ता सामाजिक कोषमा सूचिकृत भएका छन् भने ७० अर्ब संकलन भएको छ। कर्मचारी सञ्चय कोषले २०८१ असारसम्म रू. ५१८ अर्ब र नागरिक लगानी कोषले रू. २३१ अर्ब सञ्चित कोष संकलन गरेका छन्।

९ सामाजिक सुरक्षा खर्च र लाभग्राही संख्या बढे पनि करीब एक तिहाइ जनसंख्यामात्र सामाजिक सुरक्षा भित्र रहेका छन्। खासगरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षा उपलब्ध हुन सकेको छैन ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

१० सामाजिक सुरक्षा खर्च तीव्र दरमा बढि रहेको छ र अझै बढ्ने देखिन्छ। यसले सरकारको चालु खर्च बढाएको छ। चालु खर्च बढ्दा पुँजीगत र विकास खर्चको लागि राजस्व बचत कम हुँदै गएको छ। यस्तो अवस्थामा सर्वसाधारण नागरिकले सम्मानजनक जीवन यापन गर्न एकातर्फ पर्याप्त र सहज सामाजिक सुरक्षाको व्यवस्था गर्नु पर्ने खाँचो छ भने सामाजिक सुरक्षालाई स्रोत परिचालन अनुरूप दिगो बनाउनु पनि आवश्यक भएको छ। तसर्थ, सामाजिक सुरक्षाको दायरा फराकिलो पार्ने, योगदान आधारित सामाजिक सुरक्षा बढाउँदै सरकारी खर्चमा परेको दवाव कम गर्ने र अनावश्यक तथा दोहोरिएको सामाजिक सुरक्षाको व्यवस्था हटाउँदै जानु पर्दछ ।

११ लक्षित सामाजिक सुरक्षा खर्चले अर्थतन्त्रमा माग बढाउन सहयोग पुराउँछ। असहाय, कमजोर आर्थिक अवस्था भएका नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्दा गरिबी निवारणमा सहयोग पुग्ने र सामाजिक सुरक्षा बापत पाउने आर्थिक सहयोग खर्च गर्दा अर्थतन्त्रमा माग समेत सिर्जना हुने देखिन्छ। समाजका सबै वर्ग र तप्काका मानिसहरूले सम्मानपूर्वक जीवनयापनको लागि सामाजिक सुरक्षा सहयोगी हुने हुँदा विपन्न र असहाय वर्गलाई अनिवार्य रूपमा समेट्दै जानुको साथै सामाजिक सुरक्षा मार्फत अर्थतन्त्रमा मानब पुँजी निर्माण र रोजगारी सिर्जनामा गररी बनाउँनु आवश्यक छ। तर, अर्थतन्त्र र सरकारको वितीय स्रोतले धान्न सक्ने गरी सामाजिक सुरक्षाको व्यवस्थालाई पुनर्संरचना गरिनु पर्दछ। अन्यथा, सरकारी वित स्थिति खराब हुन गएमा सरकारले सामान्य सामाजिक सुरक्षा पनि दिन नसक्ने स्थिति आउँने तर्फ सचेत रहनुपर्छ।

१२ योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा बढाउँदै जानु आवश्यक छ । सरकारको बजेटमा दबाब परेको अवस्थामा योगदानमा आधारित सामाजिक सुरक्षा बढाउनु उपयुक्त हुन्छ । यस्तो व्यवस्थाले सामाजिक सुरक्षाको उपलब्धतासँगै अर्थतन्त्रमा बचत परिचालन भै पुँजी निर्माणमा पनि सहयोग पुग्दछ जुन आर्थिक वृद्धि बढाउन आवश्यक हुन्छ । कर्मचारी संचय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका कार्य क्षेत्रका दोहोरापनलाइ हटाउँदै यी संस्थाहरूले परिचालित गरेको रकम उच्च प्रतिफल दिने आयोजना तथा परियोजनाहरूमा लगानी गरिएमा एकातर्फ अर्थतन्त्रमा पुँजी निर्माण हुने र अर्कोतर्फ योगदानकर्ताले उच्च प्रतिफल पाउने भई योगदानमा आधारित सामाजिक सुरक्षामा आकर्षण बढ्दै देखिन्छ।

१३ नेपालको सामाजिक सुरक्षा बढी ज्येष्ठ नागरिक उन्मुख छ भने बालबालिका र युवाहरूले पर्याप्त सामाजिक सुरक्षा पाएका छैनन्। मानवीय पुँजी निर्माणको हिसाबले बालबालिका र युवा उन्मुख सामाजिक सुरक्षाको व्यवस्था हुनु आवश्यक छ। जन्मदर कम भइ रहेको अवस्थामा बालबालिकालाइ प्राथमिकता दिनु जरूरी भएको छ । तसर्थ बाल भता र रोजगार कार्यक्रममा बजेट बढाउनु पर्ने आवश्यकता रहेको छ ।

१४ सामाजिक सुरक्षालाई जलवायु प्रभावसँग जोड्नु आवश्यक भएको छ। नेपालमा जलवायु परिवर्तनले सिर्जित विपद्जन्य घटना बढ्दै गएको छ। यसले बर्षेनी ठूलो जनधनको क्षति गर्ने गरेको छ र धेरै मानिसहरूको जनजीवनमा प्रभाव पार्ने गरेको छ। सामाजिक सुरक्षालाई जलवायु परिवर्तनबाट प्रभावित मानिसहरूमा केन्द्रित गर्नु जरुरी देखिएको छ ।

सुझावहरू

(१) सबै प्रकारका सामाजिक सुरक्षालाइ राष्ट्रिय परिचयपत्र संग आवद्ध गरी सामाजिक सुरक्षा उपलब्धताको एकिकृत तथ्याङ्क तयार पार्ने । प्रदेश सरकार र स्थानीय तहले प्रदान गरेका सामाजिक सुरक्षाको पनि तथ्याङ्क एकिकृत रूपमा राख्ने। दोहोरो पर्ने गरी सामाजिक सुरक्षा उपलब्ध नगराउने ।श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सबै खालको सामाजिक सुरक्षाको एकिकृत तथ्याङ्क संकलन र व्यवस्थापनको जिम्मेवारी दिने ।

(२) सामाजिक सुरक्षा ऐन २०७५ संशोधन गरी जेष्ठ नागरिक भता पाउने उमेर ६८ वर्षबाट बढाएर ७० वर्ष बनाउने । दलित र एकल महिला ज्येष्ठ नागरिकले ६० वर्ष उमेर पूरा गरेपछि भता पाउने व्यवस्था परिवर्तन गरी ६५ वर्ष बनाउने । उक्त ऐनमा व्यवस्था भएका भताहरूबाहेक अन्य भता बजेटमा घोषणा नगर्ने ।

(३) सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा रहेको भत्ता नपाउने अवस्थामा "नेपालको निजी क्षेत्रका प्रतिष्ठानबाट अवकास प्राप्त वा विदेशमा काम गरी फर्केका नेपाली नागरिकले विदेशमा काम गरेको निकायबाट नियमित मासिक निवृतिभरण पाइरहेको व्यक्ति" थप गर्ने ।

(४) लाभग्राहीको स्वीकृतिमा सामाजिक सुरक्षा भताको ५० प्रतिशत रकम सरकारी ऋणपत्र वा जलविद्युत कम्पनीको शेयर दिने व्यवस्था गर्ने । यसले अर्थतन्त्रमा पुँजी निर्माणमा सहयोग पुग्ने। भविष्यमा लाभग्राहीहरूलाई फाइदा हुने ।

(५) आगामी ५ वर्ष सामाजिक सुरक्षा भता वृद्धि नगर्ने तत्पश्चात मूल्यवृद्धिको आधारमा प्रत्येक दुई वर्षमा मात्र भता वृद्धि गर्ने ।

(६) सबै तलब तथा ज्याला भुक्तानीमा १.५ प्रतिशत सामाजिक सुरक्षा कर लगाई सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने र अनौपचारिक क्षेत्रका कामदारहरूलाइ योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने।

(७) ५ वर्षमुनि बालबालिकाहरूलाइ बाल भता हाल २५ जिल्लामा मात्र प्रदान गरिएकोमा गरिब घरपरिवारहरूमा उपलब्ध हुने गरी सबै जिल्लामा विस्तार गर्ने। गरिब घरपरिवार पहिचानको लागि गरिब परिचय पत्रलाई आधार बनाउने ।

(८) योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था वृद्धि गर्न सामाजिक सुरक्षा कोषमा आवद्ध हुन उद्योग व्यवसाय र संघ संस्थाहरूलाइ उत्प्रेरित गर्ने

(९) स्वास्थ्य बीमाको हालसम्मको सिर्जित दायित्व भुक्तानी गर्ने र स्वास्थ्य बीमाको बढ्दो भार सम्बोधन गर्न स्वास्थ्यमा हानी गर्ने सुर्ती, चुरोट, मदिरामा स्वास्थ्य कर लगाएर बीमा कोषमा जम्मा गर्ने । स्वास्थ्य बीमाको प्रिमियम रकम केही (रु.३५ सयबाट रु. ५ हजार) बढाउने र संकलित रकम उच्च प्रतिफल दिने गरी व्यवस्थापन गर्ने ।

(१०) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत व्यक्तिहरूलाइ नेपाल सरकारबाट संचालित अन्य विकास तथा भौतिक पूर्वाधार निर्माण आयोजनामा पनि संलग्न गराउन सकिने व्यवस्था गर्ने ।

साथै, सूचिकृत व्यक्तिहरूको व्यक्तिगत विवरणहरू विश्लेषण गरी आवश्यक सीपमुलक तालिम प्रदान गर्नुको अतिरिक्त निजी क्षेत्रका उद्यम व्यवसायमा उपलब्ध रोजगारीसंग आवद्ध गर्ने व्यवस्था गरिनु पर्ने ।

(११) मेडिकल शिक्षामा सरकारी कलेजहरूमा विद्यार्थी संख्याको ७५ प्रतिशतलाइ पूर्ण छात्रवृति गर्ने गरिएको विद्यमान व्यवस्थालाइ परिमार्जन गरी १० प्रतिशतलाई पूर्ण छात्रवृति र अर्को १० प्रतिशतलाई आंशिक छात्रवृतिको व्यवस्था गर्ने

(१२) कर्मचारी संचय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट परिचालित वितीय साधनलाइ उच्च प्रतिफल दिने आयोजना लक्षित गरी लगानी गर्ने व्यवस्था गर्ने ।

(१३) सबै तहका सरकारी कर्मचारी अनिवार्य अवकाश हुने उमेर ५८ बाट बढाएर ६० वर्ष बनाउने।

(१४) सामाजिक सुरक्षामा हुने कुल खर्च आगामी ५ वर्ष कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत र सङ्घीय सरकारको कुल बजेटको १५ प्रतिशत भन्दा कम रहने गरी व्यवस्थापन गर्ने ।

(१५) संघसंस्थाको सामाजिक उतरदायित्व रकम र बजेटमा नियमित रुपमा विपद् व्यवस्थापन कोषमा रकम जम्मा गरी प्राकृतिक विपदमा परेका व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा दिगो व्यवस्था गर्ने ।

परिच्छेद १०

वित्तीय सङ्घीयता

स्थिति विश्लेषण

१. वित्तीय सङ्घीयताको कार्यान्वयनले सबै भौगोलिक क्षेत्रमा आर्थिक गतिविधि विस्तार गर्ने सकिने अवसर सिर्जना भएको छ। अहिले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारी संरचना रहेको छ। संविधानले तीन तहको कार्यक्षेत्र पनि तोकेको छ। नेपालको संविधान र अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ अनुसार चार प्रकारका अनुदान, राजस्व बाँडफाँट र रोयल्टी बाँडफाँट गर्ने व्यवस्था गरेको छ। चार प्रकारका अनुदानमा वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान रहेका छन्। वित्तीय समानीकरण, सशर्त अनुदान र राजस्व बाँडफाँड राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सिफारिशका आधारमा प्रदान गर्ने व्यवस्था रहेको छ। नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेश सरकारले त्यस्तै प्रकारका अनुदान स्थानीय तहमा प्रदान गर्ने व्यवस्था रहेको छ। यसले गर्दा तीन तहबीचको वित्तीय प्रवाह जटिल प्रकृतिको रहेको छ। साथै, तीनै तहका सरकारले मध्यमकालिन खर्च संरचना र बजेट तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ। वित्तीय सङ्घीयताको व्यवस्थाले गर्दा विकेन्द्रिकृत ढङ्गले देशको आर्थिक विकास र सम्बृद्धि हासिल गर्ने अवसर सिर्जना भएको छ ।

२. तीन तहका सरकारहरूबीच कार्य विभाजनको सम्बन्धमा कतिपय विषयमा स्पष्टता हुन बाँकी छ।नेपालको संविधानको अनुसूची-९ का तीन तहका साझा सूची र अनुसूची-७ मा रहेका संघ र प्रदेशका साझा सूचीमा रहेका विषयहरूमा सङ्घीय ऐनहरू निर्माण भै तीन तहका सरकारबीच कार्य बाँडफाँट स्पष्ट नहुँदा कतिपय कार्यहरू अन्योलमा परेको स्थिति पनि छ। कतिपय विषयमा कार्य क्षेत्र दोहोरिएको स्थिति छ। समानान्तर संस्थागत संरचना स्थापना भएका पनि छन् जसले चालु प्रकृतिको खर्च बढाएको छ। प्राविधिक जनशक्तिको न्यूनताका कारण प्रदेश र स्थानीय तहको कार्य सम्पादन स्तर कमजोर बन्न पुगेको छ।

३. सङ्घीयताको कार्यान्वयनको शुरुवाती चरणमा देखा परेको उत्साह कोभिड १९ पछि शिथिल भएको स्थिति छ । सङ्घीय संरचनामा २०७४ मा भएको पहिलो निर्वाचन पश्चात नयाँ संरचनाका स्थानीय तहहरू र प्रदेश सरकारले काम शुरु गर्दा जनता उत्साहित भएको अवस्था थियो। पालिकाका केन्द्र र प्रदेश राजधानीमा आर्थिक गतिविधि बढेका थिए। कोभिड १९ को संक्रमण रोक्न र उपचारको लागि स्थानीय र प्रदेश सरकारले राम्रै भूमिका खेलेका थिए। तर, कोभिड १९ को प्रभावपछि ७६१ वटा वित्त नीतिहरू तर्जुमा र कार्यान्वयन हुँदा पनि अर्थतन्त्र शिथिल भएको र पुनरुत्थान हुन बाँकी रहेको अवस्था छ ।

४. वित सङ्घीयतामा कमी कमजोरी देखा परेका छन्। सङ्घीय सरकारले प्रदेश सरकार र स्थानीय तहलाई नियमित ढङ्गले अनुदान र राजस्व बाँडफाँट गर्दै आएको छ। तर, प्रदेश सरकार र स्थानीय तहहरूले

समग्रमा सबै रकम खर्च गर्न सकेका छैनन। यसले गर्दा पछिल्ला वर्षमा सङ्घीय सरकार वित्तीय घाटामा रहेर आन्तरिक ऋण परिचालन गरे पनि समग्रमा तीनै तहको सरकारको सञ्चितिलाई हेर्दा बचतमा रहने गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा यस्तो बचत करीब रु. १९९ अर्ब, २०७८/७९ मा रु. २२४ अर्ब, २०७९/८० मा रु. ६५ अर्ब र २०८०/८१ मा रु. ९९ अर्ब रहेको थियो। यसले अर्थतन्त्रमा माग संकुचनमा ल्याउन भूमिका खेलेको छ। अर्कोतर्फ पछिल्लो समय सङ्घीय सरकारले लक्ष्य गरे बमोजिक राजस्व परिचालन गर्न नसकेको हुँदा बजेटमा उल्लेख भए अनुरुप वित्तीय हस्तान्तरण हुन नसक्दा कतिपय प्रदेश र स्थानीय तहहरूले बजेटमा व्यवस्था गरी खर्च गरिसकेका तर विनियोजित स्रोत उपलब्ध नहुँदा खर्च भुक्तानी गर्न नसकेको स्थिति पनि छ।

५. सङ्घीय सरकारको वित्तीय स्रोतमा कमी आएको कारण प्रदेश र स्थानीय तहहरूलाई जाने अनुदानमा कमी आउन थालेको छ ।सङ्घीय सरकराले प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने चार प्रकार अनुदान मध्ये आर्थिक वर्ष २०७७/७८ मा सबै भन्दा बढी करीब रु. ४१६ अर्व (कुल सङ्घीय खर्चको ३४.८ प्रतिशत) प्रदान गरेको थियो। तत्पश्चात भने अनुदानको मात्रा कम हुँदै गएको छ। वित्तीय समानीकरण अनुदान भने आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी करीब रु. १५२ अर्व (कुल सङ्घीय खर्चको ११।६ प्रतिशत) प्रवाह भएको थियो । तत्पश्चात भने यस्तो अनुदान पनि घटेको छ। रोयल्टी सहित आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी करीब रु.१२८ अर्व राजस्व बाँडफाँटको रकम प्रदेश सरकार र स्थानीय तहमा गएको थियो । कुल राजस्वको करीब १२ प्रतिशत रकम राजस्व बाँडफाँटको रुपमा प्रदेश सरकार र स्थानीय तहमा गएको छ। सबै गरेर रु. ५ खर्व भन्दा बढी रकम अनुदान र राजस्व बाँडफाँटको रुपमा सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको छ। सङ्घीय सरकारको कुल खर्चमा पुँजीगत खर्चको अंश घट्दै गए पनि विगत ५ वर्षमा तीन तहको औसत पुँजीगत खर्च कुल खर्चको एक तिहाइ जति रहेको छ ।

६. वित्तीय सङ्घीयता लागू भए पनि समग्रमा सरकारी माग सिर्जना र उद्यमशीलता विकास गर्दै आर्थिक गतिविधि बढाउन सहयोग पुगेको छैन । २०७४ सालमा पहिलो पटक निर्वाचन भएपछि सङ्घीयता कार्यान्वयनको शुरुवाती समयमा स्थानीय तहका केन्द्र र प्रदेश राजधानीमा चहलपहल बढेको थियो।तर, पछिल्लो समय तीन तहको सरकारबीच समन्वयको अभाव, कतिपय काममा दोहोरोपना, कतिपय कामको सम्बन्धमा क्षेत्राधिकार स्पष्ट हुन नसक्दा पुँजीगत खर्च बढ्न सकेको छैन। स्थानीय तहले विभिन्न खालका कर लगाएकाले उद्यम व्यवसाय झन् समस्या परेका छ र व्यवसायी निरुत्साही भएका छन्। घर बहाल कर उठाउने सम्बन्धमा सङ्घीय सरकार र स्थानीय तहबीच विवाद रहेको छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

७. वित्त सङ्घीयताले समग्रतामा उद्यमशीलता प्रर्वद्धन र आर्थिक गतिविधि बढाउन सहयोग गर्नुपर्दछ । तीन तहको सरकारी संरचना भएपछि धेरै ठाँउमा उद्यम व्यवसाय दर्ता गर्नु पर्ने र धेरै ठाँउमा धेरै

प्रकारका करहरू तिर्नु पर्ने व्यवस्थाले गर्दा उद्यम व्यवसाय गर्न निरुत्साहन भइरहेको अवस्था छ। सूचना प्रविधिको प्रयोग र तीन तहको समन्वयमा एक ठाँउमा (वडा कार्यालयबाट) दर्ता गरेपछि सम्बन्धित अन्य कार्यालयमा त्यसको अभिलेख स्वतः जाने र करदाता नम्बर उपलब्ध हुने व्यवस्था गर्नु आवश्यक छ । त्यस्तै, उद्यम व्यवसायीले विभिन्न खालका कर तिर्ने एकल बिन्दु सेवा सञ्चालन गर्नु आवश्यक छ। यसले कर कानून परिपालन लागत र कर संकलन लागत कम गराउन सहयोग पुऱ्याउँछ ।

८. वित्त सङ्घीयतामा सरकारी वित्त व्यवस्थापन सही ढङ्गले हुनु पर्दछ। वित्त सङ्घीयतासँगै सङ्घीय सरकार वित्त घाटामा रहने तर प्रदेश सरकार र स्थानीय तह समग्रमा बचतमा रहदा अर्थतन्त्रमा माग सिर्जना हुन सकेको छैन। सङ्घीय सरकारले वित्त घाटा पुरा गर्न व्याज तिरेर ऋण लिएको छ भने सङ्घीय सरकारबाट तल्लो तहको सरकारमा हस्तान्तरित रकम ती सरकारले शुन्य व्याजमा बैकिङ् प्रणालीमा राखिरहेको स्थितिले सरकारको वित्त स्थिति थप दवावमा परेको छ ।सङ्घीयतामा वित्त व्यवस्थापनमा सुधार गर्नु पर्ने आवश्यकता रहेको छ ।

९. सङ्घीयतामा पनि आर्थिक गतिविधि प्रोत्साहन हुने गरी गहकिलो काम हुन सकेको छैन । तीन तहको सरकारी संरचनाले गर्दा उद्यम व्यवसाय गर्न सहज वातावरण सिर्जना हुने, स्थानीय स्तरमा उत्पादित वस्तुको बजार विस्तार हुने, विकासको सन्दर्भमा भौगोलिक सन्तुलन कायम हुने अपेक्षा रहेकोमा केही अपबाद बाहेक व्यवहारमा सो हुन नसक्दा अर्थतन्त्रमा आर्थिक वृद्धि दर बढ्न सकेको छैन। उत्पादन र बजार विस्तार हुने गरी भौतिक पूर्वाधार निर्माण हुन नसकेको, जथाभावी रुपमा सडकहरू बढी निर्माण हुँदा बाढी पहिरोको प्रकोप बढेको, करका भारहरू र प्रशासनिक झण्झट बढेका कारण सङ्घीयताले लगानी बढाउने गरी व्यवसायिक वातावरण बनाउन नसकेको गुनासा रहेको पाइन्छ। यस किसिमको परिस्थितिमा सुधार हुनु जरुरी छ ।

१०. तीन तहका सरकारबीच समन्वय र सूचना आदान प्रदान प्रभावकारी बन्न नसक्दा भौतिक पूर्वाधार निर्माणका कतिपय काम दोहोरो तेहोरो पर्ने गरेको छ। कतिपय कामहरूले प्राथमिकता वा ध्यान नपाएको स्थिति छ । प्रायः जसो सडक र भवन निर्माणमा ध्यान दिइएकोले उद्यमशीलताको विकास, बजार प्रर्वद्धन, सीप विकास र रोजगारी प्रवर्द्धनमा पर्याप्त ध्यान पुग्न सकेको छैन ।

११. प्रदेश र स्थानीय तहको क्षमता विकास गर्नु पर्ने आवश्यकता रहेको छ। सङ्घीयतामा सङ्घीय सरकारले झैं प्रदेश र स्थानीय तहले पनि बजेट तर्जुमा गरेर कार्यान्वयन गर्नु पर्ने, आवधिक योजना बनाउनु पर्ने, मध्यमकालीन खर्च संरचना र आयोजना बैंक बनाउनु पर्ने कानुनी प्रावधान रहेको छ। तर, सो कार्य गर्नको लागि सक्षम जनशक्ति नरहेको स्थिति छ । यसले विनियोजन कुशलता सहित बजेट निर्माण हुन नसकेको, सही आयोजना छनोट गरी कार्यान्वयन हुन नसकेको जस्ता कारणले पुँजीगत खर्च नहुने र आर्थिक वृद्धि दर शिथिल रहेको अवस्था छ ।

सुझावहरू

(१) तीन तहको कार्य विभाजन थप स्पष्टता र कानूनी आधार प्रदान गरी कार्य क्षेत्र नदोहोरिने गरी सरकारी सेवा र निर्माणको काम गर्ने व्यवस्था गर्ने । तीन तहको सरकारले आफ्नो कार्य क्षेत्रका कामहरू मात्र गर्नु पर्ने ।

(२) तीन तहमा नै आयोजना बैंक व्यवस्था गरी सोसंग सम्बन्धि सूचना प्रणालीलाई एकीकृत गर्ने। आर्थिक सामाजिक प्रतिफल दिने आयोजनाहरू छनोट गरेर मात्र बजेट विनियोजन गर्नु पर्ने।

(३) साझा सूचीका कार्य क्षेत्रका विषयहरूमा तीन तहबीच कार्य बाँडफाँटको लागि सङ्घीय कानून यथाशीर्घ बनाउनु पर्ने ।

(४) सङ्घीय निजामती ऐनको यथाशीघ्र तर्जुमा गरी प्रदेश र स्थानीय तहमा चार्टर्ड एकाउन्टेन्ट, इन्जिनियर, अर्थशास्त्री जस्ता आवश्यक प्राविधिक जनशक्ति आपूर्तिको व्यवस्था गर्ने । प्राविधिक जनशक्ति भएमात्र प्रदेश र स्थानीय तहले सही ढङ्गले आयोजना छनोट गर्ने सक्ने, मध्यमकालिन खर्च संरचना र आयोजना बैंकको व्यवस्थापन गर्न सक्ने हुन्छ ।

(५) सङ्घीयता बमोजिम स्रोत र निर्णयको अधिकार समेत तल्लो तहको सरकारमा गएको अवस्थामा सङ्घीय सरकारले तल्लो तहका सरकारले गर्न सक्ने कार्यहरू सबै हस्तान्तरण गर्ने । सो बमोजिम सङ्घीय तहमा कर्मचारीहरू कटौति गरी चालु खर्च कम गर्ने ।

(६) सङ्घीय सरकारले आन्तरिक ऋण उठाएर भए पनि वित्त हस्तान्तरण गरेको तर प्रदेश र स्थानीय तहमा खर्च नभएर बैंकमा शुन्य प्रतिफलमा रकम जम्मा हुने प्रवृति रहेको छ । यस कारण संघले प्रदेश र स्थानीय तहलाई दिने र बाँडफाँट गर्ने स्रोत विनियोजन गर्ने र खर्च भएको आधारमा भुक्तानी गर्ने व्यवस्था गर्ने ।एकल खाता प्रणाली, कोलेनिका र प्रदेश लेखा नियन्त्रकबीच अन्तरसम्बन्ध कायम गर्ने ।

(७) तीनै तहको लागि मुख्य वित्तीय स्रोत एउटै रहेको सन्दर्भमा सङ्घीय सरकारले वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान प्रदेश र स्थानीय तहलाई पठाई सकेपछि नेपालको संविधान धारा ६०(५) अनुरुप प्रदेशले स्थानीय तहहरूमा वित्तीय समानीकरण प्रदान गर्ने व्यवस्था बाहेक अन्य अनुदान नपठाउने व्यवस्था गर्न उपयुक्त हुने। यसको लागि अन्तर सरकारी वित्त हस्तान्तरण ऐनमा संशोधन गर्नु पर्ने ।यो व्यवस्थाले स्थानीय तहलाई लेखा र आयोजना व्यवस्थापन भार कम हुने ।वित्तीय समानीकरणलाई नै सुधार गरेर यसको मात्रा बढाएर सशर्त र समपुरक अनुदान दिने व्यवस्था हटाउन उपयुक्त हुने ।

(८) सङ्घीय सरकारले बजेटमा वित्तीय हस्तान्तरणको लागि विनियोजन गरिसकेपछि सो अनुरुप प्रदेश र स्थानीय तहले खर्च गरेको खण्डमा सो भुक्तानी दिनु पर्ने । बरू, बजेट तर्जुमाको बेलामा नै स्रोत परिचालन अनुरुप मात्र वित्तीय हस्तान्तरणको लागि रकम विनियोजन गर्नु उपयुक्त हुने ।

(९) तीन तहको सरकारी संरचना भए पनि तीन तहको समन्वय र एकिकृत सूचना प्रणालीको व्यवस्था गरी उद्यम दर्ता र कर तिर्नको लागि एकद्वार प्रणालीको व्यवस्था गर्नु पर्ने ।तीन तहको आफ्नो क्षेत्र अनुसार रकम उपलब्ध हुने गरी कर संकलन एक द्धार प्रणालीबाट गरेर पछि कर बाँडफाँड गर्दा व्यवसायीहरूलाई धेरै ठाँउमा कर तिर्नु पर्ने झन्झट हुने थिएन। देशमा आर्थिक कृयाकलाप र व्यवसाय समग्रमा बढेमा राजस्व संकलन बढी प्रदेश र स्थानीय तहमा आउने राजस्व बाँडफाँडको हिस्सा बढ्ने र संघले दिने वित्तीय समानीकरण अनुदानमा बढी रकम प्रवाह हुने हुँदा स्थानीय तहले जवरजस्त ढङ्गले व्यवसायहरूलाई नकारात्मक असर पर्ने गरी करहरू नलगाउने।

(१०) प्रधानमन्त्रीको अध्यक्षताको अन्तर प्रदेश परिषद् र अर्थमन्त्रीको संयोजकत्वमा रहेको अन्तरसरकारी वित्त परिषदका बैठकहरू नियमित बसी उत्पादन र बजारीकरणसंग सहयोगी नीति अबलम्बन गर्दै लगानी प्रवर्द्धन गर्न समन्वयत्मक भूमिका खेल्ने । निजी लगानी हतोत्साही हुने गरी कुनै पनि नीतिहरू तीनै तहको सरकारले अबलम्बन नगर्ने ।

(११) स्थानीय तह र प्रदेश सरकारले साना तथा मझौला उद्योग व्यवसायहरू[१४] प्रर्वद्धन गर्ने खास गरी कृषि व्यवसायको बजारीकरणलाई सहयोग पुराउने नीति तथा कार्यक्रम ल्याउने, रोजगारी सिर्जना तथा उत्पादनमा आधारित अनुदान, र स्थानीय उत्पादनको उपभोग बढाउने उपाय गर्नु पर्ने ।

(१२) सङ्घीय सरकारले ठूला व्यवसायहरू[१५] प्रर्वद्धन हुने गरी लगानीको वातावरण बनाउने, उत्पादन बढाउने गरी मात्र सडक यातायात लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने र निर्माण भएका पूर्वाधारमा आधारित भएर उत्पादन बढाउने कार्यक्रमहरू ल्याउनु पर्ने ।

(१३) नेपालको संबिधानले घर बहाल कर स्थानीय तहको कार्य क्षेत्रमा राखेको छ । तर, व्यक्तिहरूले बहालकर स्थानीय तह र संस्थाहरूले त्यस्तो कर सङ्घीय सरकारलाई तिर्नु परिरहेको स्थिति छ। कतिपय अवस्थामा यो विषयमा स्थानीय तह र सङ्घीय सरकारबीच बिबाद आउने गरेको र करदाताहरू यसबाट प्रभावित भएको सन्दर्भमा यो विषयमा स्पष्टता पार्नु पर्ने र एक ठाँउमा मात्र कर बुझाउने व्यवस्था हुनु पर्ने।

(१४) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयाल्टी बाँडफाँट सङ्घीय सरकारलाई ५० प्रतिशत र बाँकि प्रदेश र स्थानीय तहलाई २५, २५ प्रतिशत रहेकोमा प्रदेश र स्थानीय तहको आय वृद्धि गर्न र यस्ता प्राकृतिक साधनको प्रभावकारी व्यवस्थापन गर्न प्राकृतिक स्रोतको रोयाल्टीको ३० प्रतिशत सङ्घीय सरकारले राखी बाँकी ३५ प्रतिशतको दरले प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था गर्ने ।

[14] औद्योगिक व्यवसाय ऐन २०७६ अनुरूप

[15] औद्योगिक व्यवसाय ऐन २०७६ अनुरूप

(१५) वित्तीय समानीकरण अनुदान बढाउँदै जाने र सशर्त अनुदान घटाउँदै जाने रणनीति अनुरुप संबैधानिक दायित्व निर्वाह गर्न सशर्त अनुदान नपठाउने, यसको लागि विद्यालय शिक्षक र स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीको दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्ने ।

(१६) प्रदेशहरूले आफ्नो प्रदेशको विशिष्टकृत आर्थिक क्षेत्र वा उत्पादनको वस्तु तथा सेवा पहिचान गरी त्यसको उत्पादनमा केन्द्रिकृत हुनु पर्ने । आफ्नो प्रदेशमा व्यवसायिक वातावरण बनाउन प्रतिष्पर्धात्मक ढङ्गले लाग्नु पर्ने । यसको लागि प्रदेशलाई कानूनी आधार प्रदान गर्नु पर्ने ।

परिच्छेद ११

वित्तीय क्षेत्र

पृष्ठभूमि

१ वित्तीय क्षेत्रमा बेकिङ्, बीमा, पुँजी बजार, सहकारी वित्तीय संस्था र वैकल्पिक लगानी संस्था पर्छन्। गतिशील अर्थतन्त्रको लागि वित्तीय क्षेत्र दरिलो हुनुपर्छ। उत्पादनशील क्षेत्र लगानीका लागि वित्तीय क्षेत्रमा भर पर्छन्। यस परिच्छेदमा वित्तीय क्षेत्रका पाँचै अङ्गको वर्तमान स्थितिको विश्लेषण गरी सुधारका सुझाव प्रस्तुत गरिएको छ।

बैकिङ्ग

स्थिति विश्लेषण

२ आर्थिक उदारीकरण पछि तीव्र विस्तार भएको क्षेत्रमा बैकिङ् क्षेत्र पनि पर्दछ तर कर्जा प्रवाह भए बमोजिम कुल गार्हस्थ्य उत्पादन बढ्न सकेको छैन। वास्तविक क्षेत्र भन्दा बैकिङ् क्षेत्रको तीव्र विस्तार हुँदै जाँदा वित्तीय स्थायीत्वमा दवाव पार्ने महसुस गरी २०६८ सालदेखि बैकिङ् संस्थाहरूबीच मर्जर प्रक्रिया शुरू गरेर बैकिङ् क्षेत्रको सुदृढीकरण गर्दै लगिएको छ। अहिले वाणिज्य बैंक, विकास बैंक, वित कम्पनीको संख्या क्रमशः२०, १७ र १७ रहेका छन् । यी संस्थाहरूले परिचालन गरेको निक्षेप २०८१ असारसम्म कुल गार्हस्थ्य उत्पादनको ११३ प्रतिशत, प्रवाह गरेको आन्तरिक कर्जा कुल गार्हस्थ्य उत्पादनको ११५ प्रतिशत, निजी क्षेत्रमा गएको कर्जा ९१ प्रतिशत रहेको छ । सन् १९९० पछिको तेतिस वर्षमा निजी क्षेत्रमा गएको कर्जाको औसत वृद्धिदर २० प्रतिशत रहेको छ भने सो अवधिमा प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन औसतमा १२.७ प्रतिशतले वृद्धि भएको छ ।

३ कोभिड १९ पछि अर्थतन्त्रमा शिथिलता आएसँगै बैकिङ् क्षेत्र पनि प्रभावित भएको छ। कोभिडबाट पुनरूत्थान हुने क्रम २०७७/७८ सालमा बैकिङ् क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा तीव्र दर बढे पनि पछिल्लो दुई वर्ष कर्जा प्रवाहमा शिथिलता आएको छ। कर्जा असूली प्रभावित हुन जाँदा निष्कृय कर्जाको अनुपात बढेको छ। २०७६ असारमा बैक तथा वित्तीय संस्थाको औसत निष्कृय कर्जाको अनुपात कुल कर्जामा १.५ प्रतिशत रहेकोमा यो बढेर २०८१ असार ४.० प्रतिशत पुगेको छ भने २०८१ पुष करीब ५ प्रतिशत पुगेको छ।कतिपय वाणिज्य बैंकको निष्कृय कर्जा ७ प्रतिशतसम्म पुगेको छ। विकास बैंक र वित्त कम्पनीको निष्कृय कर्जा त्यो भन्दा बढी पुगेको छ। बैकिङ् क्षेत्रको गैर बैकिङ् सम्पति पनि उल्लेख्य रूपमा बढेको छ। २०७६ असारमा गैर बैकिङ् सम्पति रु. ५ अर्व २५ करोड रहेकोमा २०८१ असारमा रु. ३५ अर्व ५१ करोड पुगेको छ। पछिल्लो समय कर्जा प्रवाह र असुली कम रहेको छ भने बैकिङ् क्षेत्रको नाफामा उल्लेख गिरावट आएको छ। यसले बैकिङ् क्षेत्रको स्थायीत्व कायम राख्न चुनौतिपूर्ण भएको छ। अधिक तरलता, व्याजदरमा गिरावट आउँदा समेत कर्जाको माग बढ्न सकेको छैन। सहुलियत कर्जाको व्याज अनुदान, निर्यात

अनुदान, कृषि बीमा, स्वास्थ्य बीमा र निर्माण व्यवसायीको भुक्तानी हुन नसक्दा पनि बैकिङ् क्षेत्रको कर्जा असुली प्रवाहित भएको छ।

४ बैकिङ् प्रणालीले परिचालन गरेको बचतलाई सुरक्षित ढङ्ग उत्पादनशील उपयोग गर्न सकिएमा मात्र अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व बढ्ने हुन्छ । कर्जा प्रवाह उच्च दरले बढे पनि विभिन्न कारणले उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह हुन नसकेको स्थिति छ । खासगरी घरजग्गाको मूल्य र आयात बढाउन कर्जा प्रवाहले भूमिका खेलेको पाइन्छ । प्रतिष्पर्धात्मक क्षमताको अभावमा उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाहको माग पनि कम रहने गरेको छ ।

५ बैकिङ् क्षेत्रमा केही समयको अन्तरालमा तरलता र व्याजदरमा उतार चढाव आउने गरेको छ। कतिपय समय अधिक तरलताको स्थिति हुने व्याजदर कम हुन गई घरजग्गा र आयात कर्जा प्रवाह उच्च हुन जाने गरेको छ। अर्कोतर्फ कतिपय अवस्थामा तरलतामा कमी आई व्याजदर वृद्धि हुने गरेको छ । व्याजदरमा छोटो समयमा आउने उतारचढावले गर्दा उत्पादनमुलक लगानी र निश्चित आय हुने बर्गले ऋण लिदा कर्जाको व्याजको भार अचानक बढ्ने गरेको छ । पछिल्लो समय आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा बैकिङ् क्षेत्रमा व्याजदर बढ्यो। २०७८ असारमा बाणिज्य बैंकहरूको औसत कर्जाको व्याजदर बढ्न थालेको ८.४३ प्रतिशत रहेको सो बढेर २०७९ को माघ, फागुनमा १३.०३ प्रतिशत (४.६० प्रतिशत बिन्दुले बढेको) पुग्यो। यसरी व्याजको भार बढेको कारणले ऋणीहरूले ऋण चुक्ता गर्न सकेनन्। विगतमा पनि समयसमयमा व्याजदर बढ्ने गरेको पाइन्छ। व्याजदर स्थिर हुन नसक्दा पनि दीर्घकालिन प्रकृतिको कृषि, उद्योगमा उत्पादनशील लगानी हुन सकेको छैन। नेपालले तीन दशक भन्दा लामो समयदेखि स्थिर विनिमय दर अबलम्बन गरिरहेकोले बाह्य क्षेत्र (शोधनान्तर स्थितिमा) आउने परिवर्तनले बैकिङ् क्षेत्रको तरलतामा असर पार्दै व्याजदरमा असर पार्ने गरेको छ।स्थिर विनिमयदरको अवस्थामा बाह्य क्षेत्रमा खासगरी शोधनान्तर स्थितिमा आउने उतारचढावलाई सन्तुलनमा ल्याउन व्याजदर बढी उतारचढावमा जानु परेको स्थिति छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

६ वित्तीय साधनको उत्पादनशील लगानी बढाउनु पर्ने आवश्यकता रहेको छ। वित्तीय उदारीकरण र वित्तीय सुधारसँगै बैकिङ् क्षेत्र तीव्र विस्तार भए पनि उत्पादनमूलक लगानी बढ्न नसक्दा आर्थिक वृद्धिदर खासै बढ्न सकेन । प्रवाहित कर्जा घरजग्गा र आयातमा केन्द्रित हुन पुग्यो।बैकिङ् क्षेत्र विस्तार भइरहेको समयमा नेपालले एक दशकलामो आन्तरिक द्वन्द्व व्यहोऱ्यो भने आन्तरिक द्वन्द्वको समाप्तीसँगै एक दशक लामो उर्जा संकट र मजदुर आन्दोलन भोग्नु पर्दा बैकिङ् क्षेत्रको वित्तीय साधन उत्पादनमूलक क्षेत्रमा प्रवाह हुन सकेन। उदारीकरणसँगै भारत र चीनको उत्पादन निर्वाद आप्रवाहसँग नेपाली उत्पादनले प्रतिष्पर्धा गर्न सकेन। बैकिङ् क्षेत्रले परिचालन गरेको वित्तीय साधन अधिकरुपमा घरजग्गातर्फ प्रवाहित भएकोले घरजग्गाका मूल्यहरू उच्च मात्राले बढ्न पुग्दा उत्पादन लागत थप महङ्गो भई नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता थप कमजोर भएको छ ।

७ कर्जा असूलीमा सुधार गर्नु आवश्यक रहेको छ। पछिल्लो समय घरजग्गा बजार शिथिल हुन पुग्दा घरजग्गामा गरेको लगानी उठ्न नसक्दा बैकिङ् क्षेत्रको कर्जा असुली प्रभावित भएको छ। दुई तिहाइ भन्दा बढी कर्जा लगानी घरजग्गाको धितोमा हुने गरेकोले घरजग्गाको मूल्य र यसको बजारमा आउने उतारचढावले धितोको मूल्य परिवर्तन भई कर्जा प्रवाहमा पनि उतारचढाव आउने गरेको छ।

८ सहकारीमा आएको समस्या कुनै न कुनै रुपमा बैकिङ् क्षेत्रसँग पनि जोडिएको छ । केही सहकारीमा आएको समस्याले गर्दा बचतकर्ताले बचत फिर्ता नपाएका र साना व्यवसायीहरूले ऋण पाउन नसक्दा आर्थिक गतिविधि प्रभावित भइ बैकको कर्जा असुली समेत प्रभावित भएको देखिन्छ। सहकारीबाट ठूलो मात्रा ऋण लिएका व्यक्तिहरूले बैंकबाट पनि ऋण लिएको देखिन्छ। कतिपय बैंकबाट ऋण लिएर सहकारीमा बचत गरेको पनि पाइन्छ । सहकारीको समस्यासँगै त्यस्ता ऋणीले बैंकको ऋण तिर्न पनि सकिरहेका छैन। सहकारीको नियमन र सुपरीवेक्षण गर्न सहकारी नियमन प्राधिकरण गठन गरिएको छ। तर, समस्याग्रस्त सहकारीको संख्या बढ्दै गएको अवस्थामा बचतकर्ताको निक्षेप फिर्ता र सहकारी संस्थाको प्रभावकारी नियमन र सुपरीवेक्षण चुनौतिपूर्ण रहेको छ ।

९ **बैकिङ् क्षेत्रको व्याजदर कम्तीमा उत्पादनशील क्षेत्रको लागि स्थिर बनाउनु आवश्यक छ ।** नेपालको विनिमय दर भारतीय मुद्रासंग स्थिर रहेको छ । यसले गर्दा वाह्य क्षेत्रमा आउने उतारचढावले आन्तरिक रुपमा बैकिङ् क्षेत्रको तरलतामा प्रभाव पार्दै व्याजदरमा उतारचढाव ल्याएको छ । कोभिडको समय न्यून व्याजमा अत्याधिक कर्जा प्रवाह भएको तर तत्पश्चात बाह्य क्षेत्रमा दवाव परे पछि बैकिङ् प्रणालीमा तरलता कमी आई व्याजदर उच्च दरले बढ्न गए । यसले गर्दा ऋणीहरू मारमा पर्न पुगे। कोभिडपछि अर्थतन्त्र तङ्रिग्रन बाँकि रहेको समयमा व्याजदर बढ्दा ऋणीहरूलाई ऋण भुक्तानी गर्न गाह्रो भएको देखिन्छ। पछिल्लो समय तरलतामा सुधार भइ कर्जाको व्याजदर एकल अंकमा आए पनि कुनै पनि वेला पुनः व्याजदर बढ्न सक्ने डरले पनि व्यवसायीहरूले कर्जाको माग गर्न नसकेको पाइन्छ। नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैकहरूले स्थिर व्याजदरमा कर्जा प्रवाह गर्न सक्ने प्रावधान रहेको छ तर नेपाल राष्ट्र बैकको अर्को निर्देशनले आधार दर भन्दा कममा कर्जा प्रवाह गर्न बन्देज लगाएको छ। बाझिएको नियामकीय व्यवस्था, स्थिर व्याजदरमा कर्जा प्रवाह गर्दा जोखिम महसुस गर्ने बैकिङ् क्षेत्र, स्थिर व्याजदरका बारे पर्याप्त जानकारी राख्न नसक्ने निजी क्षेत्रका कारण स्थिर व्याजदरमा कर्जा प्रवाह खासै भएको छैन कम्तीमा केही संवेदनशील र प्राथमिकता प्राप्त उत्पादनशील क्षेत्रको लागि एकल अंकको स्थिर व्याजदरमा कर्जा उपलब्ध हुन सकेमा उत्पादनतर्फ कर्जा प्रवाह बढ्ने अपेक्षा गर्न सकिन्छ ।

१० **घरजग्गा धितो विना परियोजना धितोमा कर्जा लगानी गर्ने प्रवृतिको कमी रहेको छ ।** यसले गर्दा कर्जाको लागि समेत घरजग्गामा लगानी गर्नुपर्ने बाध्यता रहेको छ । धितोको अभावले गर्दा पनि धेरै जना खास गरी स्टार्ट अपको बैंकको कर्जामा पहुँच पुग्न सकेको छैन। अर्कोतर्फ व्यक्तिगत विश्वास घटिरेहको अवस्थामा विना धितो लगानी गर्न पनि जोखिमयुक्त छ। व्यक्तिगत क्रेटिड स्कोरिङको व्यवस्था हुने हो भने स्कोरिङको आधारमा बैंकहरूलाई कर्जा प्रवाह गर्न सहज हुने

देखिन्छ। किनभने, व्यक्तिहरूको वित्तीय कारोवारको प्रवृति र विश्वसनीयताको आधारमा क्रेडिट स्कोरिङ बन्दछ ।

११ **कर्जा सूचनाको सहज उपलब्धताले गर्दा एउटै व्यक्ति वा संस्थाले विभिन्न संस्थाहरूबाट अधिक कर्जा लिने अवस्था आउँदैन** । अहिले कर्जा सूचना केन्द्रले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको कर्जा सूचना एकिकृत ढङ्गले राखेको छ। त्यस्तै, लघुवित्त वित्तीय संस्थाहरूको कर्जा सूचना पनि संकलन गरिए पनि छुट्टै राखिएको स्थिति छ । सहकारीको हकमा कर्जा सूचनाको व्यवस्था नै छैन।तर, भर्खर जारी भएको अध्यादेशले सहकारी क्षेत्रको कर्जा सूचनाको काम पनि अहिले विद्यमान कर्जा सूचना केन्द्रले नै गर्ने व्यवस्था गरेको छ ।

१२ **बैकिङ् स्थायीत्वको लागि निक्षेप बीमालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ** । बैकिङ् क्षेत्रमा स्थायित्व कायम गर्न रु. ५ लाखसम्मको निक्षेप बीमा गर्ने गरी नेपाल सरकार (९० प्रतिशत) र नेपाल राष्ट्र बैंक (१० प्रतिशत) को रु १० अर्वको लगानीमा निक्षेप तथा कर्जा सुरक्षण कोष सञ्चालनमा रहेको छ। २०८१ असारसम्म यस संस्थाले रु. १४ खर्व ३० अर्वको निक्षेप र रु २ खर्व ५८ अर्वको कर्जा सुरक्षण गरेको छ (ने.रा.बैंक, २०८१, वार्षिक प्रतिवेदन)। उक्त संस्थाले संकलन गरेको बीमा प्रिमियमबाट संकलित अधिकांश रकम बैंकमै निक्षेपमा राखेको स्थिति छ । पुनर्बीमा गरेको पनि देखिदैन ।यसले बैकिङ् क्षेत्रमा समस्यामा पर्दा निकास दिन नसक्ने देखिन्छ ।

सुझावहरू

(१) व्याज अनुदान दिने गरी प्रवाह गरिने सहुलियत कर्जा प्रवाह गर्ने काम सङ्घीय सरकारले नगरी स्थानीय तहले गर्न उपयुक्त हुने ।

(२) बैकिङ् प्रणालीका प्रशस्त तरलता रहेको र निजी क्षेत्रले कर्जा माग नबढाइ रहेको अवस्थामा सरकारले उच्च प्रतिफल दिने आयोजना तोकी पूर्वाधार वण्ड जारी गरेर लगानी गर्नुपर्ने । साथै, नेपाल विद्युत प्राधिकरणले जलविद्युत आयोजनाको लागि उर्जा बण्ड जारी गरेर लगानी गर्नु पर्ने।

(३) कर्जा सूचना केन्द्रको क्षमता विकास र आवश्यक कानुनी प्रवन्ध सहित व्यक्तिगत क्रेडिट स्कोरिङ निकाल्ने काम शुरु गर्ने । सबै खालका बैंक तथा वित्तीय संस्था र सहकारीहरूको पनि कर्जा सूचना एकिकृत ढङ्गले राख्ने र कर्जा प्रवाह गर्दा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।

(४) उत्त्पादनमुलक उद्योग, साना तथा लघुउद्यम व्यवसाय र निर्यातकर्ताहरूलाई ३ देखि ५ वर्ष अवधिको स्थिर व्याजदरमा कर्जा उपलब्ध हुने व्यवस्था गर्ने ।सो अनुरुपको नियामकीय व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने।

(५) अर्थतन्त्रमा आफ्नै विशेषता भएका विभिन्न आर्थिक क्षेत्रहरू हुने गर्दछन् । तिनीहरूको उत्पादन चक्र, नगद प्रवाहको चक्र, र जोखिमको स्थिति फरक फरक हुने गर्दछ । कर्जा लगानी गर्दा अधिकेन्द्रित जोखिम नआउने गरी अर्थतन्त्रका फरक फरक क्षेत्रमा कर्जा लगानीको लागि बैंकहरुलाई विशिष्टिकृत वित्तीय संस्थाको रुपमा विकास गर्ने।

(६) बैकिङ् क्षेत्र, निजी उद्यम व्यवसायी र सरकारको सहकार्यमा युवाहरूमा उद्यमशीलता विकासको कार्य गर्ने। यसले गर्दा नयाँ उद्यमीहरू सिर्जना हुने भै कर्जा माग बढ्ने । विद्यालय पाठ्यक्रममा उद्यमशीलता एवम् वित्तीय शिक्षा समावेश गर्ने ।

(७) निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्ने गरेको निक्षेप र कर्जा बीमाको आकार बढ्दै गएको सन्दर्भमा उक्त संस्थाको सम्भावित जोखिम बहन गर्ने क्षमता अभिवृद्धि गर्नु पर्ने। बीमाको सिद्धान्त अनुरूप बीमा गर्ने, कोषले लगानी विविधिकरण गर्ने, र पुनर्बीमा गर्ने व्यवस्था गर्ने ।

(८) पछिल्लो समय कर्जा असूली कमजोर भै निष्कृय कर्जा र गैर बैकिङ् सम्पति बढि रहेको अवस्थामा सम्पति व्यवस्थापन कम्पनी स्थापना गर्ने। यस सम्बन्धी प्राबधान बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा वा बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ मा राख्न सकिने ।

(९) राष्ट्रिय परिचय पत्रमा आधारित eKYC को व्यवस्था गर्ने ।

(१०) अन्तर्राष्ट्रिय स्तरका नियमाकीय व्यवस्था र बैकिङ्ग प्रणाली संस्थागत सुशासन कायम गरी वित्तीय स्थायीत्व कायम गर्ने। चालु पुँजी कर्जा मार्गदर्शनलाई विभिन्न आर्थिक क्षेत्रको प्रकृति अनुसार उपयुक्त हुने गरि परिमार्जन गर्ने ।

बीमा

स्थिति विश्लेषण

१ **जोखिम व्यवस्थापन गर्दै वित्तीय साधन परिचालन गर्न बीमाको आवश्यकता पर्दछ ।** आर्थिक क्रियाकलापमा सिर्जित जोखिमको विविधिकरण र न्यूनीकरण गर्दै आर्थिक गतिविधि गर्न सहज पार्ने काम बीमाले गर्दछ । यसका अतिरिक्त बीमा गर्दा दीर्घकालिन प्रकृतिको वित्तीय साधन परिचालन हुन जान्छ। जसलाई अर्थतन्त्रमा लगानी गरी पुँजी निर्माण गर्न सकिन्छ। पछिल्लो समयमा नेपालमा पनि बीमा क्षेत्रको विस्तार भएको छ।२०८१ असार मसान्तमा १४ जीवन, १४ निर्जीवन, २ पुनर्बीमा, र ७ लघुबीमा कम्पनी गरी ३७ बीमा कम्पनी सञ्चालनमा रहेका छन्। २०८१ असारमा बीमा कम्पनीहरूको कुल सम्पति रु. ९ खर्व ३९ अर्व पुगेको छ। २०८० असारसम्म वैदेशिक रोजगारी बीमा सहित करीब ४४ प्रतिशत जनसंख्या जीवन बीमाको दायरामा आएका छन्। २०८०/८१ मा करीब रु। १४३ अर्व जीवन बीमा र रु. ४० अर्व निर्जीवन बीमा प्रिमियम संकलन भएको थियो ।

२ **वित्तीय सेवा मध्ये तुलनात्मक रुपमा बीमाको पहुँच सर्वसाधारण कम रहेको छ ।** एकातर्फ बीमा सम्बन्धी आधारभूत ज्ञानको कमी र अर्कोतर्फ बीमा शुल्क उच्च रहेको र बीमाको भुक्तानी झण्झटिलो रहेकोले बीमातर्फ आकर्षण बढ्न सकेको छैन। छरिएर रहेको वस्ती, भौगोलिक जटिलता लगायतका आदिका कारण भौतिक रुपमा बीमाको सहज पहुँच पनि कम रहेको छ। जलवायु परिवर्तनसँगै कृषि क्षेत्रमा जोखिम बढे पनि बीमा कम्पनीले धेरै जसो कृषि उपजको बीमा नगर्ने र किसानहरूको बीमासम्म पहुँच कम रहेको अवस्था छ। बीमाको पहुँच बढ्ने हो भने आर्थिक क्रियाकलापको एकातर्फ जोखिम व्यवस्थापन हुन्छ भने अर्कोतर्फ दीर्घकालीन प्रकृतिको बचत परिचालन भई पुँजी निर्माण गर्न सजिलो हुन्छ।

३ **जोखिम व्यवस्थापन गर्न गरिने बीमा, विपद्को समयमा सहजै दाबी भुक्तानी प्राप्त गर्न नसकिएको गुनासो रहेको छ।** कृषि क्षेत्रमा गरिने बीमामा अझ बढी समस्था रहेको छ। एकातर्फ कृषि क्षेत्रमा पर्याप्त पहुँच पुगेको छैन, भने बीमाको दावी भुक्तानी प्राप्त गर्न पनि सहज छैन। नेपालको अर्थतन्त्रको अवस्था र बजार अनुरुपका बीमाका सेवा (products) उपलब्ध हुन सकेको छैन ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

४ **बीमा कम्पनीले बीमा प्रिमियम मार्फत दीर्घकालिन प्रकृतिको बचत परिचालन गर्ने हुँदा यस्तो बचत दीर्घकालिन प्रवृतिको लगानीमा प्रयोग गर्न सकिने हुन्छ।** यसले अर्थतन्त्रमा पुँजी निर्माण भइ आर्थिक वृद्धि बढाउन सहयोग पुऱ्याउँछ। अहिले दीर्घकालीन प्रवृतिका वित्तीय उपकरण उपलब्ध हुन नसक्दा बीमा कम्पनीले परिचालन गरेको बीमा प्रिमियम बैंकको निक्षेपमा राख्ने गरेका छन्।

५ **स्वदेशी पुनर्बीमा कम्पनीसँग मात्र पुनर्बीमा गर्दा जोखिम विविधिकरण नहुन सक्छ।** पुनर्बीमाको केही प्रतिशत हिस्सा विदेशी कम्पनीसँग गर्दा जोखिम विविधिकरण हुन जान्छ । बीमा सम्बन्धी अद्यावधिक ज्ञान र प्रविधि हस्तान्तरणको लागि पनि विदेशी बीमा कम्पनीसँगको सम्बन्ध उपयोगी हुन्छ ।

६ **बीमा क्षेत्रको लागि आवश्यक जनशक्ति उत्पादन गर्न सक्ने हो यो क्षेत्रमा रोजगारीको अवसर रहेको र थप बढ्ने देखिन्छ।** सार्वजनिक निजी साझेदारीमा बीमा एकेडमी स्थापना गर्न आवश्यक रहेको देखिन्छ। बीमाको पहुँच बढाउने र ग्राहक संरक्षण गर्दै बीमा कम्पनीले परिचालन गरेको वित्तीय साधनको अर्थतन्त्रमा पुँजी निर्माण गर्न सहयोग पुग्ने गरी बीमा सम्बन्धी नियामकीय नीति तर्जुमा गर्नु पर्दछ। यसको लागि बीमा प्राधिकरणको स्वायत्तताका साथै क्षमता र दक्षता बढाउनु पर्ने आवश्यकता रहेको छ ।

सुझावहरू

(१) बीमा कम्पनीले लामो अवधिको वित्तीय साधन परिचालन गरेको तर लगानीको उपयुक्त वित्तीय उपकरण नपाएको स्थितिमा बीमा कम्पनी लक्षित गरी उच्च प्रतिफल दिने पूर्वाधार आयोजनाको लागि पूर्वाधार वण्ड जारी गर्ने व्यवस्था गर्ने ।

(२) बीमाको प्रिमियम शुल्क प्रतिस्पर्धात्मक रुपमा बजारमा निर्धारण हुने व्यवस्था गरी बीमाको दायरा बढाउने। बीमाको पहुँच बढाउन बीमा सम्बन्धी साक्षरता तथा ज्ञान बढाउन सबै सरोकारवाला लाग्नु पर्ने । बजार र ग्राहकको अवस्था अनुरुपका बीमा सेवा (products) प्रदान गर्नुपर्ने ।

(३) शहरी क्षेत्रमा घर निर्माणको नक्सा स्वीकृति गर्दा अनिवार्य रुपमा घरको बीमा गर्ने व्यवस्था गर्ने। बीमा प्रिमियम तिरेको रकम कर योग्य सम्पतिको मूल्य निर्धारण गर्दा घटाउन पाउँने व्यवस्था गर्ने ।

(४) जोखिम न्यूनीकरणको लागि पुनर्विमाको निश्चित हिस्सा विदेशी पुनर्विमा कम्पनीसँग गराउने व्यवस्था गर्ने।

(५) बीमा प्राधिकरणले बीमा कम्पनीसँगको सहलगानीमा बीमा एकेडेमी स्थापना गर्ने ।

(६) बीमा प्राधिकरणको स्वायत्तता, दक्षता र क्षमता बढाउन सरकारले सहयोग पुऱ्याउँने ।

(७) कृषि तथा पशु बीमा अनुदान सङ्घीय तहबाट नभै स्थानीय तहबाट दिने व्यवस्था गर्नु उपयुक्त हुने।

पुँजी बजार

स्थिति विश्लेषण

१ **लगानीको लागि बैंकको विकल्पको रूपमा बजारबाट पुँजी परिचालन गर्ने सशक्त माध्यमको रूपमा पुँजीबजार रहेको हुन्छ** । नेपालमा पछिल्लो समय पुँजी बजारको विस्तार भएको छ भने जनसहभागिता पनि बढेको छ। पुँजीबजारको आकार पनि बढ्दै गएको छ । २०८१ असारमा २७० वटा कम्पनीहरू नेपाल स्टक एक्सचेन्ज सुचिकृत भै पुँजी परिचालन गरेका छन् । सूचीकृत कम्पनीहरूको ८ अर्व ३२ करोड सेयर सुचीकृत भएको छ जसको चुक्ता मूल्य रु. ८ खर्व २५ अर्व रहेको छ । बजार पुँजीकरण भने सो समयमा रु. ३५ खर्व ५४ अर्व पुगेको छ जुन कुल गार्हस्थ्य उत्पादनको करिब ६२ प्रतिशत रहेको छ। पुँजीबजारको विकासले कम्पनीले वित्तीय साधन प्राप्त गर्ने वैकल्पिक स्रोतको अतिरिक्त लगानीकर्ताले लगानी गर्न वैकल्पिक वित्तीय उपकरणहरू प्राप्त गरेका छन् । पुँजीबजारमा कारोवार गर्ने गरी धितोपत्र व्यवसायी, म्यूचियल फण्ड र अन्य पुँजीबजारको सेवा दिने संस्था सञ्चालन आई रोजगारी समेत प्रदान गरेका छन् ।

२ **पुँजीबजार पुँजी परिचालन गर्ने माध्यम भए पनि नेपालमा थप विकास हुन बाँकी रहेको छ ।** पुँजीबजारमा सूचीकृत कम्पनीको संख्या कमै रहेको छ। २०८१ असारमा सूचीकृत कम्पनीमा पनि करीब ४९ प्रतिशत कम्पनी बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् भने बजार पुँजीकरणमा त्यस्ता कम्पनीको हिस्सा ५९ प्रतिशत जति रहेको छ । पछिल्लो समय जलविद्युत कम्पनीहरूको संख्या बढेर ९१ वटा (३४ प्रतिशत) पुगेको छ। तर, अर्थतन्त्रका अन्य उत्पादनमूलक कम्पनी पुँजी बजार प्रवेश गरेका छैनन्। पुँजीबजारमा उत्पन्न हुने जोखिम व्यवस्थापन गर्न चाहिने डेरिभेटिभ बजारको शुरुवात हुन सकेको छैन। वस्तु विनिमय बजार पनि शुरु हुन सकेको छैन ।

३ **पुँजी बजारमा धेरै जसो सेयर जारी हुने गरेको छ भने बण्ड कमै जारी हुने गरेको छ।** बैंक तथा वित्तीय संस्था बाहेक अन्य सूचिकृत कम्पनीले ऋणपत्र जारी गरेको पाइदैन। पुँजीबजारमा ऋणपत्र जारी गरेर पनि स्थिर व्याजदरमा लामो अवधिको पुँजी परिचालन गर्न सकिने भए पनि नेपालमा ऋणपत्र बजार खासै विकास भएको छैन। तरल र सुरक्षित ठानिने सरकारी ऋणपत्रको खरिद बिक्री समेत दोस्रो बजारमा हुन सकिरहेको छैन ।

४ **वास्तविक क्षेत्रका कम्पनीहरूलाई पुँजी बजारमा प्रवेश गराउने प्रयास विवादित भएका छन्।** सञ्चालनमा रहेका उत्पादनमुलक कम्पनीलाई पुँजी बजारमा प्रवेश गराउने उद्देश्यले शुरु गरिएको प्रिमियममा र बुक बिल्डिङ्को माध्यमबाट शेयर निष्काशन गर्न दिन शुरुवात गरिएको प्रक्रिया शुरुमै विवादमा परेको छ। केही टाठाबाठाले पुँजी बजारको माध्यमबाट सेयर बजार प्रति उत्सुक लगानीकर्ताको लगानीबाट फाइदा उठाउन सक्ने जोखिम बढेर गएको छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

५ **पुँजीबजारमा उत्पादमूलक कम्पनीको प्रवेश गराउनु आवश्यक छ।** ठूला कम्पनीले पुँजी बजारबाट सेयर तथा डिवेन्चरको माध्यमबाट वित्तीय साधन परिचालन गर्दा जोखिम विविधिकरण हुने र लामो अवधिको सस्तो लागतमा वित्तीय साधन उपलब्ध हुने हुन्छ । यसले गर्दा व्याजदर उतारचढाव आइरहने बैकको ऋण माथिको निर्भरता कम हुन्छ । पुँजीबजारमा लामो अवधिको वित्तीय उपकरणको उपलब्तधताले सम्झौतित बचत परिचालन गर्ने बीमा कम्पनी र पेन्सन फण्डलाई लगानी गर्ने वितीय उपकरण पनि उपलब्ध हुन्छ ।

६ **सरकारी ऋणपत्रको दोस्रो बजारको कारोवार प्रवर्द्धनले यस्तो ऋणपत्रलाई तरलता प्रदान गर्ने हुन्छ।** अहिले सरकारी ऋणपत्र खासगरी बैंकले खरिद गर्ने गरेका छन्। यस्ता ऋणपत्र बीमा कम्पनी तथा पेन्सन फण्ड परिचालन गर्ने संस्था लक्षित गरी पनि निष्काशन गर्न सकिन्छ। योजना र परियोजना लक्षित ऋणपत्र पनि निष्काशन गर्न सकिन्छ। यसले गर्दा दीर्घकालीन बचत परिचालन गर्ने संस्थाको लागि वित्तीय उपकरण उपलब्ध हुन्छ भने अर्थतन्त्रमा पुँजी निर्माण भै अर्थतन्त्रको उत्पादकत्व बढ्न पुग्दछ ।ऋणपत्र बजारको विकासको लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई स्थानीय मुद्रामा बण्ड जारी गर्न दिनु उपयुक्त देखिन्छ ।

७ **पुँजी बजारमा वाह्य पुँजी प्रवाह हुने उपाय खोजी गर्नु पर्ने देखिन्छ** । पुँजी बजारमा प्राथमिक र दोस्रो बजारमा गैर आवासीय नेपालीलाई सहज पहुँज दिदा वित्तीय साधन नेपाल भित्रिने हुन्छ। यस्तो लगानीसँगै गैर आवासीय नेपालीहरूको ज्ञान र नेटवर्क भित्रिदा आर्थिक गतिविधि फस्टाउने हुन्छ। बाह्य पुँजी दोस्रो बजारमा प्रवाह हुँदा एकै चोटी ठूलो स्तरमा अल्पकालीन रुपमा पुँजीको आगमन र बहिर्गमन भई वित्तीय स्थायीत्वमा पार्न सक्ने नकारात्मक प्रभाव नियन्त्रण गर्न सक्ने व्यवस्था कायम गर्नु पर्दछ ।

८ **पुँजी बजार जटिल र जोखिमयुक्त रहने हुँदा लगानीकर्ताको चेतना अभिवृद्धि र हित संरक्षणको व्यवस्था हुनु पर्दछ ।** पुँजी बजारको बढ्दो स्वरूप र भूमिकालाइ मध्यनजर राख्दा लगानीकर्ताको हित संरक्षण र बजारको व्यवस्थित सञ्चालनको लागि प्रभावकारी र सक्षम नियामक र नियामकीय व्यवस्था हुनु पर्छ । लगानीकर्तालाई समयमै समयमा सही सूचना प्रवाहको व्यवस्था हुनु पर्दछ । पुँजीबजारको कारोवार डिजिटलाइज भएको सन्दर्भमा डाटाको प्रभावकारी सुरक्षा हुनु पर्दछ ।

सुझावहरू

(१) पुँजीबजार सम्बन्धी जनचेतना जगाई पुँजीबजारबाट वित्तीय साधन परिचालन गरेर लगानी प्रर्वद्धन गर्नुपर्ने।

(२) सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार हुने व्यवस्था तुरुन्त शुरु गर्नु पर्ने ।

(३) दोस्रो बजारमा गैर आवासीय नेपालीलाई कारोवार गर्न अनुमति दिने। यसको लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ दफा ९ र १० परिमार्जन गरी गैर आवासीय नेपालीको हकमा पुँजी लगानी कोष खडा नगरिकन व्यक्तिगत रुपमा नै गैर आवासीय नेपाली

नागरिकता परिचय पत्रको आधारमा कारोबार गर्न दिने व्यवस्था गर्ने । लगानीकर्ताले दोस्रो बजारमा सेयर खरीद गर्न भित्र्याएको रकमको एक वर्षमा दुई पटक पचास प्रतिशतसम्म रकममात्र फिर्ता लान सक्ने व्यवस्था गर्ने ।

(४) धितोपत्र ऐन, २०६३ मा संशोधन गरी धितोपत्र बोर्डको संरचना परिवर्तन गर्नु पर्ने। नेपाल चार्टर एकाउन्टेण्ट्स संस्था, नेपाल उद्योग वार्णिज्य संघ र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधित्व हटाउनु पर्ने। हाल एक जना मात्र विज्ञ राख्ने व्यवस्था रहेकोमा दुई जना राख्ने व्यवस्था गर्ने।

(५) धितोपत्र कारोवारको लागि धितोपत्र व्यवसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने व्यवस्था गर्ने।

(६) पुँजीबजारको विस्तारसंगै नियमन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन धितोपत्र बोर्डमा पर्याप्त जनशक्तिको व्यवस्था सहित कार्यक्षमता अभिवृद्धिको लागि स्वायत्तता प्रदान गर्ने ।

(७) जलविद्युत कम्पनीले उत्पादन शुरु गरे पछिमात्र प्राथमिक निष्काशन गर्न पाउँने व्यवस्था गर्ने ।

(८) सरकारी वित्तमा चाप परेको स्थिति र पुँजीबजार प्रति बढ्दो जनचासोसँगै इच्छुक लगानीकर्ताहरू रहेको सन्दर्भमा सरकारी संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा परिवर्तन गरी निजी क्षेत्रलाई शेयर बिक्री गर्नु पर्ने ।यस्तो सरकारी संस्थानमा सरकारले ऋण लगानी गर्नुको सट्टा ऋणपत्र जारी गरेर लगानीको लागि वित्तीय साधन परिचालन गर्ने व्यवस्था गर्ने।

(९) ठूलो स्तरको सेयर कारोवारमा लाग्ने कारोवार शुल्क कम गर्ने ।

(१०) नेपाल स्टक एक्सचेन्जको पुनर्संरचना गरी यसको पुँजीवृद्धि गर्नुका साथै निजी क्षेत्रलाई शेयर सहभागिता गराउनु पर्दछ। सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको पनि पुनर्संरचना गरी नेपाल स्टक एक्सचेन्जका अतिरिक्त अन्य संस्थालाई पनि सेयर सहभागिता गराई पर्याप्त जनशक्ति सहित धितोपत्रको सुरक्षित डिपोजटरी सेवा दिने व्यवस्था गर्ने ।

(११) वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याउने। यसको लागि पब्लिक वेयरहाउजिङ ऐन जारी गर्ने ।

(१२) निजी क्षेत्रका उत्पादनमूलक कम्पनीलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न सहज बनाउँन शेयर तथा बण्ड जारी गर्ने लागत घटाउनु पर्ने र प्रक्रिया सरलीकृत गर्नु पर्ने।

(१३) प्रिमियम र बुक विल्डिङ प्रक्रियाबाट शेयर निष्काशनको लागि पारदर्शी विधि बनाउने र यस सम्बन्धमा जनचेतना बढाउनु पर्ने ।

सहकारी

स्थिति विश्लेषण

१ **नेपालको संविधानले अर्थतन्त्रको तीन खम्बामध्ये एक खम्बाको रुपमा सहकारी क्षेत्रलाई लिएको छ।** २०१३ सालदेखि शुरु भएको सहकारी क्षेत्र पछिल्लो समय तीव्र विस्तार हुन पुग्यो ।यस अवधिमा करीब ३० हजार भन्दा सहकारी स्थापना भएका र ती मध्ये करीब आधा जसो बचत तथा ऋण सहकारी रहेका छन् । बहुउद्देश्यीय सहकारीले बचत तथा ऋण समेत परिचालन गरेका छन्। नेपालको संविधानले सहकारी तीन तहको सरकारकै कार्य क्षेत्रमा राखेको छ। यसले गर्दा कतिपय सहकारी स्थानीय तह, कतिपय प्रदेश र केही सङ्घीय तहको क्षेत्राधिकारमा रहेका छन्। तीन तहमा सहकारी विभक्त भए पछि एकिकृत ढङ्गले सहकारीको तथ्याङ्क उपलब्ध हुन सकेको छैन ।

२ **सहकारी आधारभूत सिद्धान्त विपरीत सञ्चालन र विस्तार हुन पुगे।** नयाँ सहकारी ऐन, २०७४ अनुरूप स्वीकृति लिएर सहकारीहरूले देशव्यापी कार्य सञ्चालन गर्न पाउने प्रावधान अनुरूप कतिपय बचत तथा ऋण सहकारीले देशका ठूला शहरहरूमा शाखा खोलेर उल्लेख्य मात्रामा बचत तथा ऋणको कार्य गरेको पाइएको छ।पछिल्लो समय खास गरी बचत तथा ऋण कार्य गर्ने सहकारीहरूमा समस्या देखिएको छ।उनीहरूले बचत कर्तालाइ बचत फिर्ता गर्न सकिरहेका छैनन्। कमजोर नियमन र सुपरीवेक्षण प्रणालीको दुरूपयोग गरेर धेरै जसो सहकारी सहकारी मूल्य मान्यता र सिद्धान्त विपरीत बचत परिचालन गर्ने र कर्जा लगानी गर्ने गरेका छन् । यसले करीब दुई दर्जन सहकारी आधिकारिक रुपमा समस्याग्रस्त घोषित भएका छन् जसको व्यवस्थापन र कारोवार रापसाफ गर्नको लागि समस्याग्रस्त सहकारी समाधान समिति क्रियाशील रहेको छ।समस्याग्रस्त सहकारी कारोवारको अभिलेख व्यवस्थित रुपमा नरहँदा हिसाव फछर्यौट गर्न समय लागि रहेको छ ।

३ **ठूलो सञ्जाल भएका बचत तथा ऋण सहकारीमा पछिल्लो समय समस्या देखिएका छन्** । बचत कर्ताले आफ्नो बचत फिर्ता नपाउँदा खर्च गर्न सकिरहेको छैन भने साना ऋणीले व्यवसायको लागि कर्जा पाउन सकेका छैनन्।सहकारी क्षेत्रको यो समस्याले अर्थतन्त्रमा शिथिलता ल्याउन सहयोग पुराएको छ।सहकारी क्षेत्रमा देखिएको समस्या हल गर्नको लागि विगतमा विभिन्न आयोग र समिति बनेर सुझावहरू प्रदान गरिएका छन्।सहकारीको रकम अपचलन गर्ने व्यक्ति कानूनी कारवाहीको दायरामा पनि आएका छन्। सहकारी समस्या समाधान र प्रभावकारी नियामकीय र सुपरीवेक्षकीय कार्य प्रभावकारी बनाउँन कानूनी आधार प्रदान गर्ने गरी सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१ पुष १४ मा जारी भएको छ। यसले सहकारी क्षेत्रको नियमन र सुपरीवेक्षणको लागि राष्ट्रिय सहकारी विकास वोर्ड खारेज गरेर सहकारी नियमन प्राधिकरण गठन गरेको छ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

४ **बचत तथा ऋण सहकारीका रामा पक्ष रहेकाले यसको सुन्दरतालाई बचाउनु आवश्यक छ।** समुदायमा सानो स्तरको बचत संकलन एवं कर्जा प्रवाहमार्फत साना व्यवसाय सञ्चालन गर्न सहयोग पुऱ्याउने बचत तथा ऋण सहकारीलाई पुनसंरचित गरी बचाउनु पर्ने आवश्यकता रहेको छ। यस्ता सहकारीले समन्यायिक ढङ्गले वित्तीय पहुँच पुऱ्याउन सहयोग पुऱ्याएका छन्। तसर्थ, बचत तथा ऋण सहकारीलाई निश्चित सीमासम्म मात्र बचत तथा ऋणको कारोवार गर्न सक्ने व्यवस्था हुनु उपयुक्त हुन्छ।

५ **निश्चित सीमा भन्दा बढी कारोबार गर्ने सहकारीलाई अनिवार्य रूपमा नियमन र सुपरीवेक्षणको दायरामा राख्नु पर्ने हुन्छ** । जुन सुकै आकारको भए पनि बचत तथा ऋण सहकारी शाखा खोल्न दिनु हुदैन। एउटा संस्थाको एउटा स्थानीय तहमा मात्र कार्य क्षेत्र रहने व्यवस्था गरिनु पर्दछ।

सुझावहरू

(१) तत्कालको लागि तीनै तहका सरकारले नयाँ सहकारी संस्था र सञ्चालनमा रहेका सहकारीको शाखा खोल्न बन्द गर्ने ।

(२) सहकारी विभागले राष्ट्रिय तथ्याङ्क कार्यालयसँग सहकार्य गरेर सहकारीको विस्तृत तथ्याङ्क संकलन गर्ने।

(३) एक भन्दा बढी शाखा रहेको सहकारीहरूलाई हिसाब राफसाफ गरी शाखा बन्द गर्न लगाउने।

(४) स्थानीय स्तरमा कार्य क्षेत्र भएका सहकारीलाई समेत कर्जा लिन र बचत राख्न निश्चित सीमा (रु। २५ लाख) तोक्ने ।

(५) स्थानीय स्तरका सहकारीको नियमन र सुपरीवेक्षण गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने।

(६) समस्याग्रस्त सहकारीहरूको हिसाब राफसाफ गर्न समस्याग्रस्त सहकारी समस्या समाधान समितिलाई पर्याप्त जनशक्तिको व्यवस्था गर्ने । सानो स्तरको **रु.** ५ लाखसम्मको रकम फिर्ता गर्न उक्त समितिलाई सरकारले पछि फिर्ता आउने गरी रकम उपलब्ध गराउने ।

(७) सहकारीलाई समस्याग्रस्त बनाउने सञ्चालकको राहदानी रोक्का गरी विदेश जान प्रतिबन्ध लगाउने र सम्पति रोक्का राख्ने। त्यस्तै, सहकारीबाट कर्जा लिई कर्जा अपचलन गर्ने व्यक्तिहरूको पनि राहदानी एवम् सम्पति रोक्का गर्ने ।

(८) बचत तथा ऋण सहकारी संस्थाहको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्र भन्दा बढी हुन नदिने कानुनी व्यवस्था गने।

(९) सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था गर्ने ।

(१०) बचत तथा ऋण सहकारी संस्थाहरूमा एकल कर्जा सीमा (Single Obligor Limit) को कानुनी व्यवस्था गर्ने। तत्कालको लागि एकै व्यक्तिलाई एउटा वा एक भन्दा बढी तमसुकबाट हुने

कुल ऋण लगानी सिंस्थाको कुल शेयर पुँजीको दश प्रतिशत भन्दा बढी हुन नदिने व्यवस्था गर्ने।

(११) बचत तथा ऋण सहकारी संस्थाले आफ्नो प्रयोगका लागि बाहेक बिक्री गर्ने प्रयोजनका लागि जग्गा खरीद गर्न निषेध गर्ने कानुनी व्यवस्था गर्ने ।

(१२) बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यको आवास विकासको लागि घर-आवास नभएका एक सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल सम्म (१००० वर्ग मिटरसम्म) मात्र जग्गा खरीद गर्न ऋण दिन पाउँने व्यवस्था गर्ने।

(१३) बचत तथा सहकारी संस्थाले एकै उद्देश्य वा क्षेत्रमा कुल ऋण लगानीको २५ प्रतिशत भन्दा बढी लगानी गर्न नपाउने र कर्जा निक्षेप अनुपात अधिकतम ९० प्रतिशतसम्म मात्र हुन सक्ने नियामकीय व्यवस्था गर्ने ।

वैकल्पिक वित्त

१ **परम्परागत बैंकिङ् र पुँजीबजारले मात्र कतिपय अवस्थामा वित्तको आवश्यकता पुरा हुँदैन र गर्न सक्दैन।** खासगरी साना तथा मझौला उद्योग व्यवसाय, स्टार्ट अपको लागि पर्याप्त र सजिलै कर्जा उपलब्ध हुन सकेको छैन । सबै खालका उद्यम व्यवसायीको लागि कर्जा तथा वित्त उपलब्ध हुनको लागि बैकल्पिक वित्तको व्यवस्था हुनु आवश्यक छ । सहज रुपमा वित्तीय आवश्यकता पुरा हुन नसक्दा नै मिटरव्याजीहरूको पासोमा ऋणीहरू परेको घटनाहरू बाहिर आएका छन् ।

२ **पछिल्लो समय प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटल विस्तार हुने क्रममा रहेका छन् ।** जसले फर्म तथा कम्पनीमा इक्विटी लगानीमात्र होइन व्यवस्थापकीय र प्राविधिक क्षमता पनि प्रदान गर्दछन् । खासगरी शुरुवाती चरण रहेका स्टार्ट अप फर्म तथा सञ्चालनको अवस्थामा समस्यामा परेका फर्मको लागि चाहिने पुँजी र व्यवस्थापकीय क्षमता प्रदान गर्न प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलले भूमिका खेल्दछन् । यसले अर्थतन्त्रमा पुँजी परिचालन मात्र होइन जोखिम व्यवस्थापन, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास मार्फत उत्पादन, रोजगारी र आर्थिक वृद्धि बढाउन सहयोग पुऱ्याउँछ। सन् २०२३ सम्म प्राइभेट इक्विटी र भेन्चचर्स क्यापिटल फर्महरूले १०१ मिलियन अमेरिकन डलर लगानी गरेका छन् (NEPA, २०२४)। यसमा नवीकरणीय उर्जा, सूचना प्रविधि, कृषि र यातायातमा जस्ता फर्महरूले लगानी गरेका छन् । सन् २०२३ मा ८ वटा यस्ता कम्पनीहरूले २२ वटा लगानी गरेका छन् । प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलको लगानी थप बढ्ने सम्भावना रहेको छ।

३ **विश्वका अन्य देशमा पुँजीबजारमा विभिन्न किसिमका डेरिभेटिभ उपकरणका साथै पूर्ण अनलाइन प्लेटफर्म मार्फत Crowdfunding का उपकरण जस्तै Peer to Peer Lending, Crowdfunding equity को व्यवस्था रहेको पाइन्छ।** नेपालमा यस्ता उपकरणका बजारको विकास हुन सकेको छैन। विद्यमान वित्त प्रणालीबाट वित्तीय स्रोत प्राप्त गर्न नसक्ने व्यक्तिहरूको लागि नयाँ वित्तीय उपकरण वैकल्पिक स्रोतको रुपमा विकास हुन सक्दछ। त्यस्तै डेरिभेटिभ बजारको विकासले जोखिम व्यवस्थापन गर्न सहज हुने र नयाँ वित्तीय कारोवारको अवसर सिर्जना हुने देखिन्छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

४ **परम्परागत वित्तीय प्रणालीले मात्र विभिन्न खालको लगानीको लागि चाहिने वित्तीय साधनको आवश्यकता पुरा गर्न सक्दैन** । त्यसैले विश्व बजारमा विभिन्न नयाँ वैकल्पिक वित्तको विकास र विस्तार भएको छ। नेपालमा पनि विभिन्न वित्त आवश्यकतालाई पुरा गर्न बैकल्पिक वित्तको विकास र विस्तार गर्न सकिएमा अर्थतन्त्रमा लगानी बढ्न सक्ने हुन्छ भने बचतकर्तालाई बैंकल्पिक वित्तीय उपकरण उपलब्ध हुन सक्दछ। यसले गर्दा बचत परिचालन र पुँजी निर्माणमा सहयोग पुगी आर्थिक वृद्धि दर बढ्ने हुन्छ। यस्ता वैकल्पिक वित्तलाई आकर्षित गर्न सहज कानूनी र संस्थागत व्यवस्था गरिदिनु पर्दछ। साथै, यस्ता बैकल्पिक वित्तका जोखिम व्यवस्थापनको लागि नियमन र सुपरिवेक्षण पनि आवश्यक पर्दछ।

५ **वैकल्पिक वित्तको व्यवस्थाले औपचारिक वित्तीय पहुँच विस्तार हुने र स्टार्ट अप व्यवसायहरूले वित्तीय स्रोत परिचालन गर्न सक्ने हुन्छ ।** नयाँ वैकल्पिक वित्तको रुपमा रहेका Peer to Peer Lending, Equity Crowdfounding र Angel Financing को लागि आवश्यक कानूनी र नियामकीय व्यवस्था गर्न आवश्यक रहेको छ ।

सुझावहरू

(१) विदेशी लगानीमा आएका प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटललाई द्विपक्षीय कर सम्झौता अनुरुप कर लाग्ने व्यवस्था गर्ने। यस्ता फर्महरूलाई जलवायु कोषको रकम सहज रुप ल्याउन National Designated Authority ले सिफारिश दिने व्यवस्था गर्ने ।

(२) कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले पनि केही हिस्सा प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी ती संस्थाहरुको लगानी सम्बन्धी कानूनमा व्यवस्था गर्ने। बैंकलाई समेत यस्ता फर्ममा केही हिस्सा लगानी गर्न सक्ने गरी नियामकीय रुपमा सहज हुने व्यवस्था गर्ने ।

(३) प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा विदेशी लगानी थप आउने गरी नियामकीय सहजता गर्ने। यसको लागि विशिष्टकृत लगानी कोष सम्बन्धी नियमावली संशोधन गर्नु पर्ने ।यस्ता संस्थालाई सीमित दायित्वको साझेदारी फर्मका रूपमा दर्ता हुन सक्ने विकल्प दिन सिमित दायित्व साझेदारी ऐन (एलएलपी) जारी गर्ने ।

(४) प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटललाई लगानीको समयावधि सकिसके पछि लगानीमा रहेको शेयर सहज ढङ्गले बिक्री गरी लगानी फिर्ता लैजान सक्ने व्यवस्था गर्ने। यसको लागि धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्च र कम्पनी रजिष्ट्रार कार्यलयबीच समन्वयात्मक भूमिका हुनु पर्ने।

(५) प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले हालको एक वर्षबाट दुई वर्ष बनाउने।

(६) प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलको लागि विद्यमान कोष व्यवस्थापक शुल्क, दर्ता तथा निष्काशन शुल्क ५० प्रतिशतले घटाउने ।

(७) विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनमा विदेशबाट विशिष्टकृत लगानी कोषमा गरिने लगानीलाई पनि विदेशी लगानीको रुपमा लिन सकिने व्यवस्था गर्ने ।

(८) बैंक तथा वित्तीय संस्था ऐन परिमार्जन गरेर Peer to Peer Lending गर्ने संस्थाहरूलाइ अनुमति दिने व्यवस्था गर्ने । त्यस्तै, धितोपत्र ऐनमा Equity Crowdfunding को अनुमति दिन सक्ने व्यवस्था गर्ने। कानूनी प्रावधान पश्चात यस सम्बन्धमा इजाजत नीति र नियामकीय व्यवस्था गर्ने ।

(९) डेरिभेटिभ बजारको विकासको लागि धितोपत्र बोर्डले आवश्यक पूर्वाधारहरू बनाउने ।

(१०) एन्जेल फाइनान्सिङ सम्बन्धी कानूनी र नियामकीय व्यवस्था गर्ने र सम्भावित एन्जेल लगानीकर्ताहरू दर्ता गर्ने व्यवस्था गर्ने। यस्ता लगानीकर्ताहरूले स्टार्ट अपमा लगानी गर्ने र जोखिम बहन गर्ने हुँदा यस्तो लगानीबाट प्राप्त आम्दानीमा १० प्रतिशत मात्र आयकर लाग्ने व्यवस्था गर्ने।

परिच्छेद १२

व्यावसायिक तथा लगानीको वातावरण

पृष्ठभूमि

१ व्यवसायमा सहज प्रवेश र अवरोधरहित छिटो बहिर्गमन दुई महत्वपूर्ण चरण हुन्। अर्थतन्त्र र बजारमा विभिन्न कारणले परिवर्तन आउँछ। मानिसहरूको आय स्तरमा परिवर्तन आउँदा एक थरीका वस्तु वा सेवाको माग घटेर अर्को थरीको वस्तु वा सेवाको माग बढ्छ। प्रविधिमा आएको परिवर्तनले कतिपय वस्तु वा सेवा नयाँ वस्तु वा सेवाले विस्थापित हुन्छन्। कतिपय स्वीकार्य वस्तुहरू कानुनी परिवर्तनले वा पर्यावरण संरक्षणका कारणले अस्वीकार्य बन्न पुग्छन्। नयाँ अवसर सिर्जना हुँदा व्यवसायीहरू मध्ये जो छिटो प्रवेश गर्न सक्छन्, उनीहरूले शुरुवाती लाभ पाउँछन्, जुन लाभ पछि बजार परिपक्व हुँदै गए पछि कम हुँदै जान्छ। यस कारण व्यवसाय प्रारम्भ गर्न सहज हुने मुलुकमा वैदेशिक लगानी बढी प्रवाह हुने गरेको देखिन्छ।

२ मूल्य नियन्त्रणले बजारमा विकृति ल्याउने धेरै दृष्टान्तहरू विश्वभरि देखिएको छ। बजार कुशलताका लागि व्यवसायीहरूलाई मूल्य स्वतन्त्रता आवश्यक हो। त्यसको साथसाथै बजारमा कतिपय अवस्था उत्पन्न हुने विकृति नियन्त्रण गर्न उपयुक्त नियमनको विधि हुनु आवश्यक हुन्छ।

३ अत्याधिक नियन्त्रणले व्यवसायीहरू गलत बाटो समात्छन्। यदि प्रणाली विश्वासमा आधारित छ भने व्यवसायीहरू पनि परिपालना गर्छन्। विश्वासमा आधारित प्रणालीले व्यवसायको लागत घटाउँछ।

४ सानो र भूपरिवेष्टित मुलुक भएकोले नेपाल ले आर्थिक वृद्धिका लागि अन्तर्राष्ट्रिय बजारको उपयोग गर्न जोखिम कम गर्दै नवीनतम उपायहरूको खोजी गर्न आवश्यक छ। वैदेशिक लगानी प्रवर्द्धनका लागि प्रक्रियागत, नीतिगत र कानुनी सुधार पछिल्लो एक वर्षमा गरिएको छ। तर समस्या अझै पनि संस्थागत क्षमतामा रहेको छ। कतिपय प्रक्रियागत सरलीकरण गर्न बाँकी छ भने केही संरचनागत विषयमा पनि विचार गर्नु पर्ने देखिन्छ।

५ यही पृष्ठभूमिका सन्दर्भमा यस परिच्छेदमा व्यावसायिक तथा लगानीका वातावरणमा सुधार गर्नु पर्ने केही विषयको उठान गरिएको छ।

वस्तु तथा सेवाको बजार मूल्य

स्थिति विश्लेषण

६ खुला बजारको स्रोत विनियोजन कार्यकुशलतामा मूल्यको महत्वपूर्ण भूमिका हुन्छ। मूल्य नियन्त्रित वा न्यून भएको क्षेत्रमा लगानी प्रवाह कम हुन्छ, परिणामस्वरूप त्यस्तो क्षेत्रले उत्पादन गर्ने वस्तु वा सेवाको या त आपूर्ति कम हुन्छ या गुणस्तर कम हुन्छ वा विकृत बजार अभ्यास विकास हुन्छ।

७ बजार कुशलताका लागि मूल्य स्वतन्त्रता महत्वपूर्ण हुन्छ, यसको साथसाथै अत्यावश्यक वस्तु वा सेवा, प्राकृतिक वा अन्य कारणले प्रतिस्पर्धी बजार हुन नसक्ने परिस्थिति र राज्यको लोककल्याणकारी भूमिकाका सन्दर्भमा निश्चित वस्तु वा सेवामा निश्चित र पारदर्शी विधिद्वारा नियमन आवश्यक पर्दछ।

८ सबै किसिमका वस्तु वा सेवामा २० प्रतिशत भन्दा बढी मुनाफा राखी मूल्य तय गरेको अवस्थामा नाफाखोरी ठहर गरी कैद र जरिबाना गर्नु, पसल वा गोदाममा छापा मारेर व्यवसाय अवरुद्ध गर्ने कार्यले असल व्यवसायिक वातावरण बन्न सक्दैन।

९ खुला बजारमा कतिपय वस्तु वा सेवाको बिक्रीमा स्वदेशी र विदेशी नागरिकलाई फरक मूल्य राखे गरिएको छ। यस्तो मूल्य निर्धारणले कतिपय अवस्थामा नेपाली नागरिकले वस्तु वा सेवामा प्राथमिकता नपाउने अवस्था आएको देखिन्छ। कतिपय गन्तव्यमा विदेशी नागरिकलाई चर्को हवाइभाडा भएका कारण पर्यटकले ती गन्तव्य जान नचाहने हुनाले त्यस्तो गन्तव्यमा पर्यटक आगमन कम भै सम्भावना अनुरूपको पर्यटन उद्योगको विकास हुन सकेको छैन। यसबाट खासगरी सुदूरपश्चिम र कर्णाली प्रदेश प्रभावित देखिन्छ र त्यस क्षेत्रका पर्यटन व्यवसायीको गुनासो रहेको छ। स्वदेशी-विदेशी नागरिकबीच मूल्य विभेद अन्त्य गरियो भने वैदेशिक लगानीकर्तालाई पनि सकारात्मक सन्देश दिन सक्छ।

सुझाव

१० मूल्य नीतिमा निम्न सुधार प्रस्ताव गरिएको छः

(ज) कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ खारेज गर्ने। यस ऐनमा रहेका अस्वस्थ बजार प्रतिस्पर्धा र उपभोक्ता हित संरक्षण सम्बन्धी प्रावधान हरू क्रमशः प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन र उपभोक्ता संरक्षण ऐनमा समावेश गर्ने

(झ) जुनसुकै व्यवसायले बिक्री गर्ने सेवा मुनाफाको अधिकतम प्रतिशत नतोक्ने

(ञ) निकुञ्ज, संरक्षित क्षेत्र, पर्वतारोहण जस्ता पर्यावरण संरक्षणको दृष्टिकोणले प्रवेश संख्या नियन्त्रण गर्नु पर्ने क्षेत्रमा लाग्ने प्रवेश शुल्क बाहेक सबै व्यावसायिक सेवा वा वस्तुको मूल्यमा राष्ट्रियता वा अन्य पहिचानका आधारमा मूल्य विभेद निषेध गर्ने

(ट) वस्तु वा सेवाको उपभोक्ता मूल्यमा सबैले समान रूपमा पाउन सक्ने मूल्य वा परिमाणात्मक रियायत दिन पाउने तर बिक्री कारोबारसँग गाँसिएको चिट्ठा/उपहार दिन निषेध गर्ने (बहुसंख्यक उपभोक्तालाई उच्च मूल्य लगाएर केही सीमितलाई नगद वा चिट्ठा स्वरूपमा वस्तु उपहार दिनु गलत बजार विधि भएकाले)

(ठ) व्यावसायिक एकाधिकार प्राप्त निकायले बिक्री गर्ने सेवा वा वस्तु, सार्वजनिक हितसँग गाँसिएका सेवा वा वस्तुहरू 'विद्युत, खानेपानी, औषधी, अत्यावश्यक वस्तु वा सेवा भनिएका सूचीकृत वस्तु वा सेवामा उपभोक्ता संरक्षण ऐन को दफा २१ मा उल्लेख भए बमोजिम मूल्य निर्धारणको मापदण्ड तोक्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागु गर्ने

(ङ) अत्यावश्यक वस्तु वा सेवाको मूल्य अस्वाभाविक रूपमा बढी राखिएको सूचना प्राप्त भएमा वा त्यस्तो शंका लागेमा मूल्य तय गर्दा लिएका आधार, लागत निर्धारण गर्न प्रयोग गरिएको विधि, खासगरी बहु-वस्तु उत्पादन वा बिक्री गर्ने व्यवसायले शिरोभार लागत बाँडफाँट गर्न लिएको आधार, प्रतिफल दरको औचित्य आदि विषय परीक्षण गर्ने अधिकार औषधी बाहेकका वस्तुमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई, औषधीको हकमा औषधी व्यवस्था विभागलाई, यातायात सेवाको हकमा यातायात व्यवस्था विभागलाई , हवाई सेवाको हकमा नागरिक उड्डयन प्राधिकरणलाई र अन्य वस्तु वा सेवाको हकमा सम्बन्धित नियामकीय निकायलाई दिने।

(ढ) अत्यावश्यक वस्तु उत्पादन गर्ने उद्योगका लागत लेखा र मूल्य निर्धारणका सिद्धान्तहरू उपभोक्ता संरक्षण ऐन संशोधन गरी उल्लेख गर्ने र सम्बन्धित उद्योगहरूलाई पालना गर्न लगाउने।

व्यवसाय दर्ता सरल बनाउने

स्थिति विश्लेषण

१ विद्यमान व्यवस्थामा व्यवसाय सीमित दायित्वका वा असीमित दायित्वका हुन सक्छन्। सीमित दायित्वमा संयुक्त पुँजी कम्पनी र सहकारी संस्थाहरू पर्छन्। असीमित दायित्वमा प्राइभेट फर्म र साझेदारी। सीमित दायित्वका संयुक्त पुँजी कम्पनी मुनाफामुखी वा गैरमुनाफामुखी हुन सक्छन्। गैरमुनाफामुखी कामका कम्पनीका अतिरिक्त गैरसरकारी संस्था वा गुठी हुन सक्छन्। हाल व्यवसायको प्रकृति अनुसार विभिन्न ठाउँमा दर्ता गर्नु पर्ने कानुनी व्यवस्था छः

(क) कम्पनी ऐन अनुसार स्थापना हुने कम्पनीहरू कम्पनी रजिष्ट्रार कार्यालयमा सामान प्रकृतिका काम गर्ने, समान दायित्व र मुनाफा सम्बन्धमा समान नीति भएका संस्थाहरू

(ख) प्राइभेट फर्म रजिस्ट्रेसन ऐन र साझेदारी ऐन अन्तर्गत स्थापना हुने व्यवसाय दर्ता गर्नका लागि फर्मले गर्ने व्यवसायको प्रकृतिको आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमा वा उद्योग विभागमा वा घरेलु तथा साना उद्योग विभागमा वा सोही विषयसँग सम्बन्धित प्रदेश सरकारका विभागमा

(ग) गैरमुनाफामुखी कम्पनीले जस्तै गैरसरकारी संस्थाहरू सङ्घीय कानून अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन सक्छन् भने २०७८ साल पछि सबै जसो नगरपालिकाले आफ्नै संस्था दर्ता ऐन बनाएर पालिकास्तरीय संघ संस्था दर्ता गर्ने

२ हालको व्यवसाय दर्ता प्रणालीका निम्न समस्या देखिन्छन्:

(क) नयाँ व्यवसाय प्रारम्भ गर्न खोज्ने युवाहरू कहाँ गएर दर्ता गर्ने हो भनेर अलमलमा पर्छन्।

(ख) कानून बमोजिम सङ्घीय सरकारको सम्बन्धित विभागमा दर्ता भएको व्यवसायलाई नगरपालिकाले फेरी हामीकहाँ दर्ता हुनु पर्छ भनेर दुख दिने गरेका छन्। (व्यवसायीहरू "एक मुलुक एक

दर्ता" हुनु पर्यो, ठाउँ ठाउँमा दर्ता गर्न लगाएर व्यवसायीलाई दुख दिने काम भयो भनेर गुनासो गर्छन्।)

(ग) एकै व्यक्ति वा व्यक्तिहरूको समूहले समान व्यवसायका लागि अलग अलग विभाग वा स्थानमा फर्म दर्ता गराएर मूल्य अभिवृद्धि करको दायरा भन्दा बाहिर रहन वा आयकर प्रयोजनका लागि वार्षिक कारोबारको थ्रेसहोल्ड भन्दा काममा रहन अहिलेको दर्ता प्रणाली सजिलो छ, जसले सरकारको राजस्व पनि प्रभावित भएको छ।

(घ) आर्थिक नीति तर्जुमा वा अन्य विश्लेषणका लागि मुलुकभरि कति व्यवसाय छन् भनेर थाहा पाउन तत्काल (रियल टाइममा) सकिँदैन। सर्वेक्षण नै गर्नु पर्छ।

(ङ) फर्म वा कम्पनी दर्ता गर्न अहिले पुँजी घोषणा गर्नु पर्ने कानुनी व्यवस्था छ। पुँजीका आधारमा दर्ता शुल्क बुझाउनु अनिवार्य छ। अर्थात्, पुँजीविहिन तर उद्यम र उत्साह भएको नागरिकले व्यवसाय गर्न सक्दैन वा हुँदैन भन्ने मान्यता कानूनहरूले लिएको देखिन्छ। उदाहरणका लागि, प्राइभेट फर्म दर्ता गर्न दश लाखसम्म रुपैयाँसम्मको पुँजी भए एक हजार रुपैयाँ दर्ता शुल्क लाग्छ। दश करोडभन्दा माथि भए पचहत्तर हजार रुपैयाँ शुल्क लाग्छ। साझेदारी र कम्पनीलाई पनि यस्तै प्रकृतिले पुँजी घोषणा गर्न र गरे बमोजिम दर्ता शुल्क तिर्नु पर्छ। यस अर्थमा एक रुपैयाँ पुँजी घोषणा गर्न कानूनले रोकेको देखिँदैन। तर एक हजार रुपैयाँ व्यवसाय प्रारम्भ गर्नका लागि मात्र राजस्व बुझाउनु पर्छ। यसको अर्थ हो एक हजार रुपैयाँ नभई नेपालमा कसैले व्यवसाय दर्ता गर्न पाउँदैन। व्यवसाय प्रारम्भ गरे पछि मानिसले कर तिर्नु पर्ने आर्थिक गतिविधि गर्छ। जति बढी व्यवसाय दर्ता भयो, त्यति बढी राजस्वको आधार विस्तार हुन्छ। यसको लागि शुरूमै शुल्क लिने प्रणाली व्यवसाय-मैत्री होइन। यस्तै कारणले प्राविधिक ज्ञान र जाँगर भएको युवालाई व्यवसाय प्रारम्भ गर्ने सोच बनाउँदा शुरुमै सरकार प्रति नकारात्मक धारणा बन्न गएको छ।

सुझावहरू

(१) सबै किसिमका व्यवसाय, प्राइभेट फर्म, साझेदारी, र कम्पनी एकै निकायमा दर्ता गर्ने एकल दर्ता निकाय कायम गर्ने। यसका लागि हालको कम्पनी रजिष्ट्रारलाई उपयुक्त अन्य कुनै नाम दिएर तोक्न सकिन्छ।

(२) दर्ता सम्बन्धी सबै प्रक्रिया र आवश्यक कागजात बुझाउने काम अनलाइन गर्न सकिने गराउने।

(३) व्यवसाय दर्ता प्रमाण पत्र र आयकर स्थायी लेखा नम्बर साथै उपलब्ध गराउने।

(४) सबै प्रकृतिको व्यवसाय दर्ता गर्दा फर्मको स्वामित्व रहेका व्यक्तिको राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य रूपमा प्रयोग गर्ने। कम्पनीहरूको हकमा प्रवर्कहरूको नम्बर प्रयोग गर्ने र कुनै खास परिचयपत्र नम्बरको स्वामित्वमा कति वटा व्यवसाय दर्ता छ भनेर प्रतिवेदन हुन सक्ने गरी प्रणाली विकास गर्ने।

(५) व्यवसाय दर्ता गर्दा जुन नगरपालिकामा प्रधान कार्यालय भनेर दर्ता गरिएको हुन्छ, त्यो नगरपालिकालाई दर्ता भएको व्यवसायको अनलाइन उपलब्ध हुने गरी कम्प्युटर प्रणालीमा पहुँच दिने

(६) सबै किसिमका व्यवसाय दर्ता निःशुल्क गर्ने।

(७) आन्तरिक राजस्व कार्यालयको सूचना प्रणाली बाट कम्पनी रजिष्ट्रार कार्यालयको व्यवसाय दर्ता प्रणालीमा कर चुक्ताको विवरण स्वचालित रूपमा जाने गरी प्रणालीवीचको सम्बन्ध स्थापित गर्ने।

(८) नवीकरण गर्नु पर्ने व्यवस्था हटाउने। आयकर दाखिला गरिरहेको छ भने व्यवसाय चलिरहेको छ भन्ने जानकारी स्वतः हुने भयो।

(९) यदि कुनै दर्ता भएको व्यवसायले आय विवरण पेश गर्नु पर्ने म्यादभित्र पेश गरेको छैन भने कम्पनी रजिष्ट्रारको अनलाइन प्रणालीबाट सम्बन्धित नगरपालिकालाई एलर्ट जाने व्यवस्था गर्ने।

राजस्व चुहावट अनुसन्धान प्रभावकारी बनाउने तर व्यावसायिक वातावरण नबिगार्ने

१. कर राजस्व संकलन गर्ने दुई प्रमुख निकायहरू आन्तरिक राजस्व विभाग र भन्सार विभागहरू दुवैलाई कर छली वा चुहावटको अनुसन्धान गर्ने, कारवाही गर्ने र मुद्दा चलाउने वा अर्धन्यायिक अधिकार प्रयोग गरेर सजाय तोक्ने अधिकार दिएको छ।

२. आयकर ऐनको दफा ८२ ले आन्तरिक राजस्व विभागलाई शंकास्पद करदाताको व्यवसायीको परिसर खानतलासी गर्न, कागजात कब्जामा लिन, सम्पत्ति कब्जामा लिन अधिकार दिएको छ। दफा १०४ र १०५ ले सम्पत्तिमाथि दावी कायम गर्न र लिलाम गरेर लाग्ने कर तथा जरिबाना असुल गर्ने अधिकार दिएको छ। दफा १०६ बमोजिम विभागले कुनै करदाता भाग्ने सम्भावना छ भने नेपाल बाहिर जान रोक लगाउन सक्छ। करदाताले कर नतिरेमा दफा १११ बमोजिम जिल्लामा मुद्दा चलाउने अधिकार विभागलाई छ।

३. कर नतिर्ने, नतिर्नेको मतियार र कर प्रशासनमा वाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्न खोज्नेलाई कैद सजाय हुने व्यवस्था आयकर ऐनमा छ। दफा १३५ ले विभागलाई कर छलीको छानबिन गर्न व्यक्ति झिकाउने, बयान गराउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार दिएको छ।

४. मूल्य अभिवृद्धि कर ऐन र अन्तशुल्क ऐनले विभागलाई आयकर ऐनले दिएको भन्दा बढी अधिकार दिएको छ। भन्सार ऐनले भन्सार अधिकृतलाई मुद्दाको तहकिकात गर्ने र दोषीलाई एक वर्षसम्म कैद सजाय दिन सक्ने व्यवस्था गरेको छ। यसका साथै राजस्व चुहावट अनुसन्धान गर्न विशिष्टीकृत निकाय रहेको छ।

५. राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले २०३४ सालमा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखाको स्थापना भएको थियो। पछि राजस्व चुहावट नियन्त्रण गर्न एक विशिष्टीकृत निकायको रूपमा अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान विभागको स्थापना २०५० सालमा भएको हो। प्रारम्भमा कर राजस्व चुहावट सम्बन्धी अनुसन्धान तहकिकात र अभियोजन गर्ने

क्षेत्राधिकार पाएको विभागले आर्थिक वर्ष २०६५/६६ देखि गैर कर राजस्व चुहावट सम्बन्धी अनुसन्धान तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार समेत प्राप्त गरेको छ। साथै, नेपाल सरकारले विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि विभागका महानिर्देशक वा निजले तोकेको यसै विभाग वा अन्तर्गतका अधिकृतहरूलाई अनुसन्धान अधिकारी तोकेको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी विनिमय (नियमित गर्ने) नियमहरू २०२० बमोजिम राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धी कसुरमा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार यस विभागलाई तोकिएको छ । राजस्व अनुसन्धान विभागले हाल मूलतः निम्न काम गर्दछः

(क) राजमार्ग गस्ती मार्फत ओसार-पसारलाई नियमन गर्ने र मालवाहक सवारी साधनको अनलाइन निगरानी गर्ने VCIS प्रणाली सञ्चालन गर्ने।

(ख) राजस्व चुहावट पत्ता लगाउन बजार अनुगमन गर्ने।

(ग) विदेशी मुद्रा अपचलनको अनुसन्धान गर्ने।

(घ) गैरकर चुहावटको अनुसन्धान गर्ने ।

६. कर छलीका केही विषय सम्पत्ति शुद्धीकरण पनि पर्ने भएकोले कतिपय अवस्थामा समान कामका लागि सम्पत्ति शुद्धीकरण विभाग पनि अग्रसर हुने र व्यवसायी धरपकड वा कागजात कब्जामा लिने गरेको देखिन्छ।सबै किसिमका कर निर्धारण र असुलीका लागि राजस्व प्रशासनका दुवै विभागले आन्तरिक नियन्त्रण प्रणाली बनाएका छन्। महालेखा परीक्षकको कार्यालयले प्रत्येक कर निर्धारणको विस्तृत परीक्षण गर्छ, कैफियत जनाउँछ र करदाताबाट थप कर असुल गर्न विभागहरूलाई निर्देशन गर्छ।

वर्तमान प्रणालीका निम्न समस्या वा कमजोरी रहेका छन्:

(क) करदाताको परिसरमा छानबिन गर्न, धरपकड गर्न, कागजात कब्जा गर्न विभिन्न निकाय जाने हुँदा व्यवसायीहरू सधैं आतंकित रहने गरेको र व्यावसायिक वातावरण खलबलिएको।

(ख) छानबिनमा बहुल निकाय हुँदा कतिपय अवस्थामा मिलोमतो गर्ने वा उल्टै छली लाई सहयोग गर्ने र सार्वजनिक संस्थाहरू दोहनकारी हुने सम्भावना रहेको र कतिपय अवस्थामा त्यस्तो स्थिति देखिएको।

(ग) राजमार्गहरूमा समान ढुवानी गरेका ट्रक तथा कन्टेनरलाई ठाउँ ठाउँमा रोकेर जाँच गरिन्छ। यस्तो जाँचले ज्यादै नगण्य मात्रमा राजस्व छली भएको फेला पर्छ। ट्रक रोकेर गरिने यस्तो जाँचका क्रममा कतिपय अवस्था गलत लेनदेनको काम पनि हुन्छ भन्ने व्यवसायीहरूको आम गुनासो छ। सामान ढुवानी क्रममा हुने जाँचपडतालले व्यवसायको लागत बढेको छ र यसको भार अन्ततः उपभोक्ताले व्यहोर्नु पर्छ। यसले अर्थतन्त्रको लागत अनावश्यक रूपमा बढाउँछ।

सुधारका लागि सुझावहरूः

(१) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ खारेज गर्ने।

(२) राजस्व अनुसन्धान विभाग खारेज गर्ने।

(३) राजस्व अनुसन्धान विभागले गरि आएको विदेशी मुद्रा अपचलन सम्बन्धी अनुसन्धान स्वाभाविक रूपमा सम्पत्ति शुद्धीकरणको कसुर भित्र पर्ने भएकोले सम्पत्ति शुद्धीकरण विभागले यस विषयको अनुसन्धान गर्ने

(४) गैरकर चुहावट नियन्त्रण गर्ने जिम्मा जुन सरकारी निकायले गैरकर संकल गर्ने हो सोही निकायलाई चुहावट नियन्त्रण गर्ने जिम्मेवारी दिने।

(५) हाल राजस्व अनुसन्धान विभागले दायर गरेका वा तहकिकात गरिरहेका आन्तरिक राजस्व सम्बन्धी मुद्दा आन्तरिक राजस्व विभागलाई, भन्सार सम्बन्धी मुद्दा भन्सार विभागलाई र विदेशी मुद्रा अपचलन सम्बन्धी मुद्दा सम्पत्ति शुद्धीकरण विभागलाई हस्तान्तरण गर्ने।

(६) भन्सार बाट छुटेको मालवाहक साधन गन्तव्यसम्म पुगे नपुगेको अनुगमन गर्ने अनलाइन प्रणाली आन्तरिक राजस्व विभागले सञ्चालन गर्ने र यस्तो मालवाहक सवारी साधन र कुनै व्यवसायले एक आन्तरिक राजस्व कार्यालयको क्षेत्राधिकार बाहिर अर्को आन्तरिक राजस्व कार्यालयको क्षेत्राधिकारभित्र व्यवसायीले कारोबार स्थान सार्दा स्टक ट्रान्सफरको मालवाहक सवारी साधनको अनुगमन आन्तरिक राजस्व विभागले गर्ने।

(७) निगरानी गर्नु पर्ने ठानिएका मालवाहक सवारी साधन गन्तव्यमा पुगे पछि मात्र जाँचपडताल गर्ने, राजमार्गका ठाउँ ठाउँमा मालवाहक सवारीसाधन रोकेर जाँच गर्न बन्द गर्ने।

(८) निर्यात गर्ने वस्तु ढुवानी गरेका मालवाहक सवारीसाधनलाई भन्सार विन्दुमा नपुगी रोक्ने र खानतलासी नगर्ने।

विदेशमा लगानी खुला गर्ने

स्थिति विश्लेषण

१ विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ ले नेपालभित्र वा बाहिर जहाँसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिक र नेपालभित्र स्थापित भएको संगठित संस्थाहरूले विदेशी सेक्युरिटी, विदेशी फर्मको साझेदारी, विदेशी बैंक एकाउन्ट, विदेशस्थित घरजग्गा, र नेपाल सरकारले सूचना प्रकाशित गरी तोकिदिएको बाहेक विदेशमा गरिने अरू जुनसुकै किसिमको नगदी वा जिन्सी लगानी लाई निषेध गरेको छ।

२ उक्त ऐनले नेपाल सरकारलाई कुनै खास किसिमको लगानीलाई प्रतिबन्ध नलाग्ने गरी छुट दिन सक्ने अधिकार दिएको छ।

३ नेपाल सरकारले २०८१ पुसमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गरी विदेशमा लगानी खुला गर्ने सम्बन्धमा केही व्यवस्था गरेको छ।

४ अध्यादेशले विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा २ को खण्ड (छ३) पछि निम्नानुसार खण्ड (छ४) थप गरेको छ।

(छ४) "विदेशमा लगानी" भन्नाले नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा गरेको देहायको लगानी सम्झनु पर्छः-

(१) विदेशको धितोपत्र बजारमा सूचीकृत नभएको विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायको शेयरमा वा शेयर खरिदमा गरेको लगानी,

(२) धितोपत्र बजारमा सूचीकृत भएको विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायको चुक्ता पुँजीको बीस प्रतिशतसम्म शेयरमा वा शेयर खरिदमा गरेको लगानी,

(३) नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा आफ्नो शाखा वा सम्पर्क कार्यालय खोल्न वा दर्ता गर्न गरेको लगानी,

(४) नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा रहेको बैङ्कको निक्षेप खातामा जम्मा गरिएको रकम, वा उपखण्ड (१) र (२) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी।"

५ यसै गरी अध्यादेशले ऐनमा निम्नानुसार दफा १०क थप गरेको छः

"१०क। विदेशमा लगानीको नियमनः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति, नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा लगानी गर्न पाउनेछः

(क) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ को उपदफा (२) बमोजिमको सूचनामा विदेशमा लगानी गर्न पाउने गरी छुट दिएको उद्योग,

(ख) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योग,

(ग) कुनै नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा गरेको आर्जनबाट प्राप्त रकम,

(घ) विदेशी लगानीकर्ताले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ७क। को उपदफा (२) बमोजिम प्राप्त विदेशी मुद्राको रकम।

(२) नेपालमा संस्थापित कम्पनीको विदेशस्थित मुख्य कम्पनीले वा त्यस्तो मुख्य कम्पनीको विदेशस्थित अन्य सहायक कम्पनीले नेपालमा संस्थापित कम्पनीको नेपालमा बसोबास गर्ने कर्मचारीको हकमा समेत लागू हुने गरी सञ्चालन वा कार्यान्वयन गरेको कर्मचारी शेयर बिक्री योजना अन्तर्गत त्यस्तो कर्मचारीले नेपालबाट बाहिर परिवर्त्य मुद्रा विप्रेषण नहुने गरी शेयर प्राप्त गर्न र त्यस्तो शेयरबाट आय आर्जन गर्न पाउनेछ

(३) विदेशमा लगानी गर्ने व्यक्ति, कम्पनी वा प्रतिष्ठानले पालना गर्नु पर्ने शर्त, त्यस्तो लगानीको क्षेत्रगत अधिकतम सीमा तथा तत्सम्बन्धी अन्य व्यवस्था नेपाल राष्ट्र बैङ्कले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी निर्धारण गरिदिए बमोजिम हुनेछ।"

६ अध्यादेशबाट गरिएको संशोधनले सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योगले विदेशमा लगानी गर्न पाउने स्पष्ट उल्लेख गरेको छ। यसको अर्थ सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योगले यस्तै प्रकृतिको फर्म वा कम्पनीमा सिधा लगानी वा यस्तै प्रकृतिको विदेशी कम्पनीको शेयरमा बीस प्रतिशतसम्म पोर्टफोलियो लगानी वा आफ्नो व्यवसायको शाखा खोल्न र सिधा वा पोर्टफोलियो लगानीबाट आर्जन गरेको रकम पुनर्लगानी गर्न पाउँछ।

७ यसैगरी कुनै नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा गरेको आर्जनबाट प्राप्त रकम सिधा वा पोर्टफोलियो लगानी गर्न वा विदेशमा रहेको बैंकको निक्षेप खातामा रकम जम्मा गर्न पाउँछ।

८ वैदेशिक रोजगारी वा अध्ययनका लागि नेपाल बाहिर गएका कतिपय नेपाली नागरिकले विदेशमा आर्जन गरेको रकम विदेशमा लगानी गरिरहेका थिए। २०८१ पुसको अध्यादेश भन्दा अगाडी त्यस्तो सबै लगानी विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ को दफा ३(१) बमोजिम अवैध ठहरिन्थ्यो।

अध्यादेशले गरेको संशोधन पछि पनि रहेका केही अस्पष्टता

९ अध्यादेशले गरेको संशोधन पछि नेपाली नागरिकले विदेशमा आर्जन गरेको रकमबाट विदेशमा लगानी गर्न बाटो खुलेको छ। तर यस अध्यादेश आउनु अघि गरेको लगानी के हुने भन्ने स्पष्ट छैन।

१० कतिपय नेपाली नागरिकले विदेशमा आर्जन गरेको रकमबाट नभएर अन्य कुनै स्रोतबाट विदेशमा लगानी गरिरहेको हुन सक्छन्। त्यस्तो लगानीका बारेमा कुनै स्पष्टता नभएका त्यस्तो लगानीबाट प्राप्त प्रतिफल वा लगानी विघटन गरेर नेपाल रकम भित्र्याउन अहिले सहज छैन।

११ सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योगलाई सिधै वा पोर्टफोलियो लगानी गर्न खुला गरिएको विषय माथि नै उल्लेख गरियो। यसै गरी नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनीले विदेश स्थित उद्योग फर्म वा कम्पनीमा प्रविधि हस्तान्तरण गरे बापत प्राप्त हुने विदेशी मुद्रा विदेशमा लगानी गर्न पाउने गरिएको छ। यो बाहेक अरू कस्तो व्यवसाय वा प्रयोजनका लागि कस्तो प्रकृतिको लगानी कुन सीमासम्म गर्न पाइन्छ भन्ने स्पष्टता छैन।

१२ सूचना-प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योग वा अन्य स्वीकृति प्राप्त व्यवसायले पूर्ण स्वामित्वमा विदेशमा स्थापना गरेको फर्म वा कम्पनीमा शेयर लगानी बाहेक ऋण लगानी गर्न बन्देज रहेको बुझिन्छ। शेयर पनि साधारण वा अग्राधिकार दुवै हो वा साधारण मात्र हो भन्ने स्पष्ट छैन।

१३ असल नियतले गरिएका नीतिगत प्रबन्धहरूको दुरुपयोग हुन सक्ने सम्भावना जहिले पनि रहन्छ। विदेशमा लगानी गर्न खुला गर्दा विदेशी मुद्राको अपचलन हुन सक्ने वा लगानीको दुरुपयोग हुन

सक्ने सम्भावना रहन्छ नै। यस्तो जोखिम कम गर्न आवश्यक प्रबन्ध माथि उल्लेख गरिएको संशोधन ले गरेको देखिँदैन।

छिमेकी मुलुकहरूको अभ्यास

बंगलादेश

१४ बंगलादेशले सन् २०२२ मा नियमावली[16] जारी गरेर निम्न प्रावधान गरेको छः लगानी गर्न चाहने बंगलादेशी कम्पनीले बंगलादेश बैंकमा लगानी प्रस्ताव पेश गर्नु पर्छ, जसको छानबिन बैंकका गभर्नरको अध्यक्षतामा गठित १५-सदस्यीय समितिले गर्दछ। समितिले इच्छुक कम्पनीलाई विगत पाँच वर्षको औसत निर्यात रकमको अधिकतम २० प्रतिशत वा खुद सम्पत्तिको अधिकतम २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न दिन्छ। विदेशमा लगानी गरेर आर्जन भएको लाभांश, ऋणको व्याज, शेयर बिक्री गरेर प्राप्त गरेको रकम, व्यवसाय विघटन गरेर प्राप्त रकम, तलव, रोयल्टी, प्राविधिक फिस, परामर्श फिस, कमिसन आदि प्राप्त भएको मितिले ३० दिनभित्र बंगलादेशमा भुक्तानी पठाउनु पर्छ। यदि लगानी गर्न स्वीकृत गरेको रकम स्वीकृत उद्देश्य विपरीत प्रयोग गरेको पाएमा सम्पत्ति शुद्धीकरण गरिएको ठहर गरी कारबाही गर्ने प्रावधान बंगलादेशले गरेको छ।

भारत

१५ भारतले स्वपुँजी, ऋण र जमानतको रूपमा मुलुक बाहिर लगानी गर्न दिन्छ। भारतीय लगानीकर्ताले विदेशमा पोर्टफोलियो लगानी (OPI) वा सिधै लगानी (ODI) गर्न पाउँछन्। सन् २०२४ को अन्त्य सम्ममा भारतबाट यस्तो बाह्य लगानी ९ अर्ब अमेरिकी डलर पुगेको अनुमान छ। भारतीय बाह्य लगानीका चार वटा प्राथमिक उद्देश्य रहेको देखिन्छः

- विकसित मुलुकमा उपलब्ध हुन सक्ने उन्नत प्रविधि र उत्पादन-इकोसिस्टमको लाभ प्रयोग गरी मुलुकमा रहेको उद्योगका लागि वस्तुको डिजाइन र विकास गर्ने (जस्तै महिन्द्रा एण्ड महिन्दाले बेलायतमा सिधै लगानी गरेको महिन्द्रा एडभान्स्ड डिजाइन युरोप)
- विदेशी मुलुकमा रहेको प्राकृतिक स्रोतमा रणनीतिक नियन्त्रण कायम गर्ने (जस्तै आयल एण्ड न्याचुरल ग्याँस लिमिटेडले १७ वटा विभिन्न मुलुकका ३८ वटा आयोजनामा गरेको लगानी)
- भारतमा रहेको व्यवसायलाई विदेशमा विस्तार गर्ने (जस्तै आइटिसी इन्डियाले विदेशमा रहेका होटेल-चेन खरीद गर्न गरेको लगानी)
- अत्याधुनिक प्रविधिमा रणनीतिक पकड कायम गर्न प्रतिस्पर्धी कम्पनीलाई आफूमा गाभ्ने (जस्तै, बायोकोन बायोलजिक्सले संयुक्त राज्य अमेरिकाको भियट्रीक्स इन्कलाई गाभ्नु)

[16] Capital Account Transaction (Equity Investment Abroad) Rules, 2022, Bangladesh Bank

१६ भारतीय कम्पनी ऐन २०१३ को दफा ३७९ ले कुनै विदेशमा संस्थापना भएको कम्पनीको चुक्ता पुँजीको ५० प्रतिशत वा सो भन्दा बढी हिस्सा कुनै एक वा एक भन्दा बढी भारतीय नागरिक वा भारतीय कम्पनी वा भारतमा संस्थापना भएको कुनै संगठित संस्थाले भारतमा पनि कारोबार गरेको छ भने त्यस्तो कम्पनी भारतमा संस्थापना भए सरहको मानिने र तदनुरूप भारतीय कम्पनी ऐनको प्रावधान लागू हुने व्यवस्था गरेको छ[17]।

पाकिस्तान

१७ स्टेट बैंक अफ पाकिस्तानले सन् २०२१ मा निर्देशन जारी गर्दै पाकिस्तानी नागरिकलाई विदेशी फर्म वा कम्पनीको इक्विटीमा लगानी गर्न खुला गरेको छ। लगानी त्यस्तो मुलुकमा मात्र गर्न दिइन्छ, जहाँबाट नाफा वा लाभांश र पुँजी फिर्ता ल्याउन खुला छ। भारतमा लगानी पर्दा स्टेट बैंक अफ पाकिस्तानको पूर्व स्वीकृति अनिवार्य छ भने अन्य मुलुकको हकमा विदेशी मुद्राको कारोबार गर्न स्वीकृत आधिकारिक डिलर प्रयोग गरी विदेशमा लगानी गर्न सकिन्छ।

१८ पूर्वस्वीकृति नलिई आधिकारिक डिलरबाट लगानी गर्न दिनु पछाडिको प्रमुख उद्देश्य पाकिस्तानका निर्यातमुखी कम्पनीहरूलाई निर्यात वृद्धि गर्न सहयोग पुर्याउने उल्लेख गरिएको छ। यस अन्तर्गत पाकिस्तानी कम्पनीले विदेशमा शाखा खोल्न वा सहायक कम्पनीको रूपमा रहने गरी कुनै विदेशी कम्पनीको शेयर खरीद गर्न वा सहायक कम्पनी स्थापना गर्न दिइन्छ।

१९ पूर्वस्वीकृति नलिई विदेशमा लगानी गर्नका लागि केही शर्तहरू छन्:

(क) कुनै कम्पनीको पछिल्लो तीन वर्षको सरदर वार्षिक निर्यात आम्दानीको १० प्रतिशत वा एक लाख अमेरिकी डलरभन्दा बढी विदेशी मुद्रा एक वर्षमा बाहिर लगानी गर्न दिन सकिँदैन। विदेशी मुद्रा कारोबार गर्न स्वीकृति प्राप्त आधिकारिक डिलरले त्यति रकमसम्म विदेशको वित्त बजारबाट उठाउन पाउने गरी स्ट्यान्डबाइ एलसी दिन पनि सक्छन्।

(ख) कुनै पनि बेला विदेशमा लगानी गर्न स्वीकृति पाएको कम्पनीको शेयर पुँजीको ८० प्रतिशत भन्दा बढी हुने गरी विदेशमा लगानी रहेको हुनुहुँदैन।

(ग) विदेशमा लगानी गर्न स्वीकृति पाएको कम्पनीले निर्यात गरे बापतको रकम भुक्तानी पाउन बाँकी लगत्तै अघिल्लो वर्षको कुल निर्यात रकमको एक प्रतिशत भन्दा बढी हुनु हुँदैन।

(घ) विदेशमा सहायक कम्पनी नखोली शाखा सञ्चालन गरेको भए त्यस्तो शाखाको कार्यसञ्चालन खर्च बापत लगानी भएको दोस्रो वर्षदेखि ३०,००० अमेरिकी डलरसम्म प्रयोग गर्न पाउँछन्।

---

[17] Indian Companies Act, 2013: **379. Application of Act to foreign companies.**— Where not less than fifty per cent. of the paid-up share capital, whether equity or preference or partly equity and partly preference, of a foreign company is held by one or more citizens of India or by one or more companies or bodies corporate incorporated in India, or by one or more citizens of India and one or more companies or bodies corporate incorporated in India, whether singly or in the aggregate, such company shall comply with the provisions of this Chapter and such other provisions of this Act as may be prescribed with regard to the business carried on by it in India as if it were a company incorporated in India.

२० विदेशमा लगानी गरेको पाकिस्तानी कम्पनीले विदेशी मुद्राको कारोबार गर्न स्वीकृति प्राप्त आधिकारिक डिलर (बैंक) को निश्चित शाखाबाट मात्र कारोबार गर्नु पर्छ। विदेशबाट लाभांश वा शेयर बिक्री गरी प्राप्त गरेको सबै रकम सोही शाखामा प्राप्त हुने गरी ल्याउनु पर्छ। त्यसरी प्राप्त गरेको रकम बैंकको शाखाले तुरुन्त पाकिस्तानी मुद्रामा कम्पनीको खातामा जम्मा गर्नुपर्छ। त्यस्तो रकम विदेशी मुद्राको खातामा जम्मा गर्न दिइँदैन।

२१ पाकिस्तानले विदेशी कम्पनीको पाकिस्तानमा रहेको सहायक कम्पनीमा काम गर्ने पाकिस्तानी नागरिकलाई मूल कम्पनीको कर्मचारी स्टक अप्सन योजनामा सहभागी भई शेयरको रकम भुक्तानी गर्नु पर्दा ५०,००० अमेरिकी डलर वा स्टक अप्सन दिने कम्पनीको ३ प्रतिशत शेयरको रकम मध्ये जुन कम हुन्छ त्यतिसम्म विदेशी मुद्रा विदेशमा गरिएको लगानी सरह भुक्तानी गर्न दिन्छ।

२२ यसै गरी **पाकिस्तानी नागरिकले विदेशी कम्पनीले दिएको स्वेट इक्विटी ग्रहण गर्न पाउँछन्,** जुन विदेशमा गरिएको लगानी सरह हुन्छ तर त्यसका लागि पाकिस्तानबाट कुनै विदेशी मुद्रा प्रवाह भएको हुँदैन। यस्तो स्वेट इक्विटी विदेशी कम्पनीको कुल शेयर पुँजीको २० प्रतिशत भन्दा बढी हुनु हुँदैन। स्वेट इक्विटी प्राप्त गर्ने पाकिस्तानी नागरिकले स्टेट बैंक अफ पाकिस्तानलाई आफ्नो बैंक मार्फत कुन विषयको विज्ञता वा प्राविधिक क्षमता बापत त्यस्तो शेयर प्राप्त गरेको हो त्यसको प्रमाण पेश गर्नुपर्छ।

छिमेकी मुलुकहरूको अभ्यासको सारसंक्षेप

२३ विभिन्न देशहरूले प्रयोग गरेको अभ्यासको समीक्षा गर्दा निम्न निष्कर्ष निकाल्न सकिन्छः

(क) मूलतः निर्यात आधार विस्तार गर्ने, विकसित मुलुकमा उपलब्ध हुन सक्ने प्रविधि र उत्पादन-इकोसिस्टममा पहुँच विस्तार गरी मुलुकभित्रका उद्योगको प्राविधिक क्षमता बढाउने, खनिज तथा अन्य औद्योगिक कच्चा पदार्थको नियमित आपूर्तिका लागि रणनीतिक सम्बन्ध स्थापित गर्ने र उद्योग-व्यवसायको बाह्य उपस्थिति बढाउने दृष्टिकोण लिएर विदेशमा लगानी खुला गरिएको।

(ख) बाह्य क्षेत्रमा अवाञ्छित समस्या उत्पन्न हुन नदिन लगानी प्रस्ताव मूल्यांकन गरी लाभ-हानी विश्लेषणका आधारमा निश्चित सीमासम्म मात्र विदेशमा लगानी गर्न स्वीकृति दिने संस्थागत संयन्त्र निर्माण गरिएको।

(ग) लगानीको प्रतिफल, लाभांश आदि स्वदेशमा ल्याउनु पर्ने व्यवस्था गरिएको र लगानीको दुरुपयोग हुन नदिन निगरानी तथा कारबाहीको प्रबन्ध गरिएको।

२४ माथि नै उल्लेख गरिएको छ कि नेपाल सरकारले हालै आर्थिक तथा व्यावसायिक वातावरण सुधार गर्न अध्यादेश मार्फत केही कानूनमा परिमार्जन गर्दा विदेशमा लगानी खुला गर्ने दृष्टिकोण लिएको छ। यो दृष्टिकोण पछाडिको मनशाय स्पष्ट गरेर भविष्यको बाटो तय गर्न आवश्यक छ। यसका

लागि अन्य मुलुकको अभ्यास समेतको आधारमा संयमित ढङ्गले लक्षित रूपमा नेपाली कम्पनीहरूलाई विदेशमा लगानी खुला गर्दै जानु उपयुक्त हुन्छ

सुझावहरू

२५ नेपाली नागरिक वा संगठित संस्थाले विदेशमा लगानी गर्न खुला गर्ने सम्बन्धमा निम्नानुसार सुधारका सुझाव प्रस्तुत गरिएको छ।

(क) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ असान्दर्भिक भएकोले खारेज गर्ने र विदेशमा लगानी गर्न पाइने क्षेत्रहरू, लगानीको सीमा, स्वीकृतिको विधि, नियमन गर्ने विधि आदि स्पष्ट पारिएको "विदेशमा गरिने लगानी नियमन गर्ने ऐन" जारी गर्ने।

(ख) आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ ले विदेशमा लगानी खुला गर्न गरेका प्रबन्धहरूका अतिरिक्त नेपालमा सञ्चालन गरेको व्यवसायको वृद्धिमा सहयोग पुग्ने, अन्तर्राष्ट्रिय सञ्जालको लाभ प्राप्त हुन सक्ने, निर्यात विस्तारको आधार तयार हुन सक्ने, उद्योगको क्षमता विस्तारका लागि आवश्यक नविन प्रविधिमा पहुँच विस्तार गर्न सकिने, अत्यावश्यक कच्चा पदार्थ वा यन्त्र उपकरणको नियमित भरपर्दो स्रोत निर्माण गर्न सकिने, नेपाली दक्ष जनशक्तिको उपयोग गर्न सकिने व्यावसायिक गतिविधिमा विदेशी लगानी खुला गर्न निम्नानुसार गर्ने:

(३) वस्तु वा सेवा निर्यात गरेका फर्म वा कम्पनीले एक आर्थिक वर्षमा पछिल्लो तीन वर्षमा आर्जन गरेको सरदार वार्षिक निर्यात आम्दानीको २५ प्रतिशतसम्म विदेशमा विक्री शाखा खोल्न वा अर्धप्रशोधित सामग्री निर्यात गरी गन्तव्य मुलुकमा अन्तिम प्रशोधन गरी बिक्री गर्ने कारखाना खोल्न विदेशमा लगानी गर्न दिने।

(४) नेपालमा सञ्चालनमा रहेका होटेल, रेस्टुरेन्ट र पर्यटन सेवा सम्बन्धी काम गर्ने कम्पनीलाई लगानी प्रस्तावको मुल्यांकन गरी कम्पनीको चुक्ता पुँजीको पचास प्रतिशतसम्म विदेशमा लगानी गर्न दिने।

(ग) निर्माण व्यवसायीहरूले विदेशको निर्माण ठेक्कामा भाग लिन आवश्यक बिड बन्डको रकम भुक्तानी गर्न र ठेक्का पाएको खण्डमा ठेक्का बापतको जमानत (पर्फर्मेन्स बोन्ड) र काम शुरू गर्नका लागि आवश्यक पर्ने बैंक जमानत दिने।

(घ) करमुक्त मुलुकहरू र लगानीको प्रतिफल, सम्पत्ति बिक्रीको रकम वा लगानी फिर्ता सहज तरिकाले गर्न नदिने मुलुकमा विदेशी लगानी गर्न स्वीकृति नदिने।

(ङ) नेपाली नागरिक, फर्म वा कम्पनीले विदेशी लगानी गर्न स्वीकृति पाएका मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता र द्विपक्षीय लगानी सम्झौता गर्ने।

(च) लगानी बोर्डलाई विदेशमा लगानी गर्न स्वीकृति दिने सचिवालयको रूपमा विकास गर्ने र स्वीकृति पाएका फर्म तथा कम्पनीहरूले गरेको लगानीको अनुगमन गर्ने जिम्मेवारी सुम्पने।

(छ) विदेशमा लगानी गर्न र लगानी गर्न पाउने रकम तथा लगानी विधिको स्वीकृति दिन नेपाल राष्ट्र बैंकका गभर्नरको संयोजकत्वमा सम्बन्धित निकायका प्रतिनिधि रहेको समिति गठन गर्ने।

(ज) हालसम्म विभिन्न स्रोत प्रयोग गरी विदेशमा कम्पनी वा फर्म स्थापना गरेका वा विदेशी कम्पनीको शेयर पुँजीमा लगानी गरेका नेपाली नागरिकहरूलाई स्वयम् घोषणा गर्न लगाई त्यस्तो लगानीलाई लगानी बोर्डमा सूचीकृत गर्ने व्यवस्था गर्ने।

(झ) नेपाली नागरिकले नेपालमै बसी कुनै विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा अन्य कुनै सेवा उपलब्ध गराए बापत कुनै विदेशी मुद्रा भुक्तानी नहुने गरी स्वेट शेयर लिन पाउने कानुनी व्यवस्था गर्ने।

(ञ) विदेशमा लगानी गर्न स्वीकृति पाएको फर्म वा कम्पनीले विदेशमा गरेको लगानीबाट गरेको कारोबार, वित्तीय अवस्था र लगानीसँग सम्बन्धित अन्य विवरण प्रत्येक छ महिनामा निर्धारित ढाँचामा लगानी बोर्डमा दिनु पर्ने व्यवस्था गर्ने।

(ट) विदेशमा लगानी गर्न स्वीकृति पाएको नेपाली नागरिक, फर्म वा कम्पनीले प्रत्येक वर्ष त्यस्तो लगानीमा आर्जन गरेको प्रतिफलको ५० प्रतिशत अनिवार्य रूपमा नेपाल फिर्ता गर्नु पर्ने व्यवस्था गर्ने। विदेशमा लगानी गर्दा पाएको परामर्श फी, रोयल्टी, प्राविधिक शुल्क शत प्रतिशत नेपाल फिर्ता गर्नु पर्ने व्यवस्था गर्ने।

(ठ) कुनै नेपाली नागरिक, फर्म वा कम्पनीले एक्लै वा एक भन्दा बढी नेपाली नागरिक फर्म वा कम्पनीले कुनै विदेशी कम्पनीको चुक्ता पुँजीमा ५० प्रतिशतभन्दा बढी हक कायम गरेको भए त्यस्तो कम्पनीलाई नेपालको कम्पनी ऐनका प्रावधान लागू हुने कुरा कम्पनी ऐनमा प्रबन्ध गर्ने।

(ड) विदेशमा लगानी गर्न स्वीकृति पाएको नेपाली नागरिक, फर्म वा कम्पनीले लगानीको दुरुपयोग गरेको पाइएमा सम्पत्ति शुद्धीकरण गरेको मानी कारबाही हुने कानुनी प्रबन्ध गर्ने।

अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार

स्थिति विश्लेषण

१. नेपालमा संस्थापना भएको कुनै पब्लिक लिमिटेड कम्पनी वा धितोपत्र जारी गर्न प्रचलित कानून बमोजिम अख्तियारी पाएको संगठित संस्थाले नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डको स्वीकृति लिई विदेशी मुलुकको पुँजी बजारमा ऋणपत्र, डिबेन्चर वा अन्य धितोपत्र जारी गरी ऋण लिन वा विदेशी मुद्रा प्राप्त गर्न सक्ने व्यवस्था विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा ११(१) ले गरेको छ।

२. २०८१ पुसमा जारी गरिएको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा १२ लाई संशोधन गरी कुनै पनि उद्योगले प्रचलित नेपाल कानून बमोजिम नेपाल

राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी सम्झौता गरी ऋण लिन सक्ने व्यवस्था गरेको छ।

३. नेपाली कम्पनीहरूले विकसित पुँजी बजारमा शेयरको प्राथमिक निष्काशन गर्न पाउंदैनन्। त्यसैगरी नेपालमा शेयरको सार्वजनिक निष्कासन गरेका कम्पनीको शेयर नेपालको धितोपत्र बजारमा बाहेक अरु मुलुकको धितोपत्र बजारमा सूचीकरण हुन सक्दैन।

४. नेपाली विदेशी नागरिकले वा कम्पनीले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ बमोजिम स्वीकृत क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी पाउँछन्। तर ऐनले नेपाली कम्पनीले विदेशको पुँजी बजारमा इक्विटी उपकरण बिक्री गर्दा त्यस्तो कारोबारलाई वैदेशिक लगानीको रूपमा परिभाषित गरेको छैन। यदि नेपाली कम्पनीले विदेशको पुँजी बजारमा इक्विटी उपकरण जारी गरे भने यथार्थमा त्यो वैदेशिक लगानी सरह हुन्छ। जारी गर्दाका बखत कम्पनीले विदेशी मुद्रा प्राप्त गर्दछ। नगद लाभांश घोषणा गरियो भने विदेशमा सूचीकृत शेयरको हिस्सा विदेशी मुद्रामा भुक्तानी गर्नु पर्ने हुन्छ। बोनस शेयर जारी गरियो भने प्रत्यक्ष विदेशी मुद्रा बाहिर पठाउनु पर्दैन, तर विदेशमा शेयर लिएकाहरूको हिस्सा समानुपातिक रूपमा बढ्छ। विदेशमा नै सूचीकृत शेयर खरिदबिक्री भयो भने विदेशी मुद्रा बाहिर जाँदैन।

५. अन्तर्राष्ट्रिय बजारमा शेयर जारी गर्दा साधारणतया डिपोजिटरी रिसिट प्रयोग गरेर गरिन्छ। शेयर जारी गर्न चाहने कम्पनीले जारी गर्न चाहेको शेयर वा परिवर्त्य ऋणपत्र मान्यता प्राप्त डिपोजिटरी बैंकमा जम्मा गर्नु पर्छ जसबापत डिपोजिटरी बैंकले ग्लोबल डिपोजिटरी रिसिट (जिडीआर) जारी गर्दछ। त्यस्तो जिडीआर विदेशमा प्राथमिक बजारमा खुला बिक्री गर्न वा प्राइभेट प्लेसमेन्ट गरी बिक्री गर्न सकिन्छ। विदेशको धितोपत्र बजार (स्टक एक्सचेन्ज) मा जिडीआर सूचीकृत गरी कारोबार हुन्छ।

अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तारको औचित्य र जोखिम

छिमेकी मुलुकहरूको अभ्यास

पाकिस्तान

६. पाकिस्तानले सन् १९९४ देखि ग्लोबल डिपोजिटरी रिसिट (जीडीआर) जारी गर्न खुला गर्यो। खुला गरेकै वर्ष पाकिस्तान टेलिकोम, पाकिस्तान सिमेन्ट लिमिटेड र हब पावर कम्पनीले जीडीआर जारी गरे। यी कम्पनीको शेयर अन्तरराष्ट्रिय धितोपत्र बजारमा त्यति कारोबार भएको देखिंदैन। तर पछि सन् २००६ मा एमसिबी, आयल एंड ग्यास डेभेलपमेन्ट कर्पोरेसन र युनियन बैंक लिमिटेडले जीडीआर जारी गरे जसको कारोबार लन्डन स्टक एक्सचेन्जमा भएको पाइन्छ[18]। सन् २०११ मा पहिलो पटक पाकिस्तानी कम्पनी फातिमा फर्टिलाइजरले अमेरिकन डिपोजिटरी रिसिट (एडीआर) जारी गरेर न्युयोर्क स्टक एक्सचेन्जको ओटिसी मार्केटमा सूचीकरण भयो। पाकिस्तानले जीडीआरमा

[18] स्टेट बैंक अफ पाकिस्तान

दोहोरो परिवर्त्य सुविधा दिएको छ। यसको अर्थ जारी गरिएको जीडीआर खरिदकर्ताले चाहेमा स्थानीय साधारण शेयरमा परिवर्तन गर्न पाउँछ। यसरी साधारण शेयरमा परिवर्तन गरे पछि पुन जीडीआरमा परिवर्तन गर्न चाह्यो भने गर्न दिइन्छ। यस्तो गर्दा लगानीकर्ताले मूल्यमा हुने उतारचढावको लाभ लिन सक्छन्। पाकिस्तानले जीडीआर जारी गर्न र दुई वटा स्टक एक्सचेन्जमा सूचीकृत गर्न दिए पछि त्यसरी सुचिकृत गरेका कम्पनीहरूको प्रतिफल, तरलता र जोखिममा सुधार आएको अध्ययनले देखाउँछ[19]।

भारत

७. भारतले सन् १९९३ देखि डिपोजिटरी रिसिटको मध्यमबाट कम्पनीहरूलाई परिवर्त्य ऋणपत्र र साधारण शेयर विदेशी पुँजी बजारमा जारी गर्न खुला गर्यो[20]। भारतले एक कदम अगाडी बढेर सन् २०२३ देखि भारतीय कम्पनीलाई विदेशको स्टक एक्सचेन्जमा सिधै सूचीकृत गर्न सक्ने व्यवस्था गरेको छ। पहिलो चरणमा यस्तो सिधै सुचिकृत भारतको गान्धीनगरमा रहेको अन्तराष्ट्रिय वित्तीय सेवा केन्द्रमा रहेको स्टक एक्स्चेन्जमा गर्न पाइने गरिएको छ।

८. अहिले भारतका ७३ वटा कम्पनीहरूले लन्डन स्टक एक्सचेन्ज र लक्जेम्बर्ग स्टक एक्सचेन्जमा जिडीआर सूचीकृत गराएका छन्। त्यसै गरी सात वटा कम्पनीले अमेरिकन डिपोजिटरी रिसिट जारी गरेर संयुक्त राज्य अमेरिकाको न्युयोर्क स्टक एक्सचेन्ज र नास्डाकमा सूचीकृत गराएका छन्।

९. भारतीय कम्पनी ऐन २०१३ को दफा ४१ ले भारतीय कम्पनीहरूले आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरेर तोकिएको प्रक्रिया पुरा गरी विदेशमा जिडीआर जारी गर्न पाउने व्यवस्था गरेको छ। उक्त दफाको अधीनमा रहेर भारत सरकारले जारी गरेको नियम[21] ले कुनै भारतीय वाणिज्य बैंकलाई जारी गरिएको शेयरको संरक्षक बैंक (कस्टोडियन बैंक) नियुक्त गरी त्यसको आधारमा विदेशमा रहेको डिपोजिटरी बैंकबाट जिडीआर जारी गराउन सक्ने व्यवस्था गरेको छ। यसका लागि रिजर्भ बैंकले तोकेको शर्त पालना गर्नु पर्छ। जिडीआर सार्वजनिक निष्कासन वा प्राइभेट प्लेसमेन्ट गर्न सकिन्छ। जिडीआर धारण व्यक्तिले कम्पनीको साधारण सभा मतदान गर्ने सम्बन्धमा जबसम्म जिडीआर साधारण शेयरमा परिवर्तन गरिदैन, तबसम्म विदेशमा रहेको डिपोजिटरी बैंकले सबै डिपोजिटरी धारकको तर्फबाट मत दिन पाउँछ। जिडीआर साधारण शेयरमा परिवर्तन गरे पछि मात्र जिडीआर धारकले मताधिकार प्रयोग गर्न पाउँछ। जिडीआर जारी गरेर प्राप्त गरेको विदेशी मुद्रा भारतीय कम्पनीले भारतमा ल्याउनु पर्छ।

१०. सन् २००४ देखि भारतीय कम्पनी ऐनको दफा ३९० ले विदेशी कम्पनीलाई भारतीय बजारमा "भारतीय डिपोजिटरी रिसिट" जारी गर्न पाउने व्यवस्था गरेको छ। भारतको बीएसइ र नेसनल स्टक

[19] Sajid, A, Hasan, M.A., Badar, S.N., Iqbal A. *Global Depositary Receipts and Firm Performance: An Empirical Analysis of Pre-Post Issuance*, Journal of Business and Management Research, 2023

[20] Issue of Foreign Currency Convertible Bonds and Ordinary Shares (Through Depository Receipt Mechanism) Scheme, 1993, Government of India

[21] Companies (Issue of Global Depository Receipts) Rules, 2014, Government of India

एक्सचेन्जले आइडीआर सुचिकृत गर्ने व्यवस्था गरेका छन्। स्ट्याण्डर्ड चार्टर्ड बैंकले भारतमा भारतीय डिपोजिटरी रिसिट जारी गरेर बीएसइमा सुचिकृत गराएको छ।

११. विदेशका धितोपत्र बजारमा डिपोजिटरी रिसिट सुचिकृत गराएका भारतीय कम्पनीहरू शेयरको कारोबार र मुल्यांकनमा सुधार आएको, कम्पनीको वित्तीय प्रतिवेदनहरूको विश्वसनीयतामा वृद्धि भएको, कम्पनीको प्रतिष्ठामा वृद्धि भएको, भविष्यमा विदेशका पुँजी बजारबाट थप वित्तीय स्रोत परिचालन गर्न सहज भएको र व्यवसाय विस्तारका लागि विदेशका कम्पनीहरू टेक-ओभर गर्न वा गाभिन सहज भएको जस्ता फाइदा भएको अध्ययनहरूले देखाउँछन्।

बंगलादेश

१२. बंगलादेशको बेक्सिमको फार्मा (BXP) ले जिडीआर जारी गरेर सन् २००६ देखि लन्डन स्टक एक्सचेन्जको अल्टरनेटिभ इन्भेस्टमेन्ट मार्केटमा सूचीकृत गराएको छ।

जिडीआर जारी गर्ने प्रक्रिया, फाइदा र जोखिम

१३. **डिपोजिटरी रिसिटहरूको कारोबार अमेरिका र युरोपका ठूला स्टक एक्सचेन्जहरूमा हुने गरेको छ।** एसियाका हंगकंग र सिंगापुरमा पनि डिपोजिटरी रिसिटको कारोबार हुन्छ। नेपालको कुनै कम्पनीले विदेशको धितोपत्र बजारको प्रयोग गरेर पुँजी वृद्धि गर्न चाह्यो भने अन्य मुलुकका कम्पनीले अपनाएको प्रक्रिया अनुसार नै गर्नु पर्छ। जस अन्तर्गत पहिला विदेशी एक्सचेन्जमार्फत कारोबार गर्न चाहेको परिमाणमा शेयर जारी गर्ने स्वीकृति नियमनकारी निकायबाट लिएर त्यस्तो शेयर आफ्नै मुलुकको कुनै मान्यताप्राप्त बैंकलाई संरक्षक (कस्टोडियन) बैंक नियुक्त गरी ती शेयर सुम्पनु पर्छ। जारी गरिएको शेयर प्रमाणपत्रको सक्कल संरक्षक बैंकमा रहन्छ। जसलाई प्रयोग गरेर संरक्षक बैंकले जुन मुलुकको स्टक एक्सचेन्जमा सुचिकृत गर्ने हो, त्यही मुलुकको दिपोजिटरी बैंकलाई डिपोजिटरी रिसिट जारी गर्ने सम्झौता गर्छ। सक्कल शेयरप्रमाणपत्रमा अंकित मूल्य नेपाली रुपैयामा हुन्छ भने डिपोजिटरी रिसिट अमेरिकी डलर वा सूचीकृत हुने सम्बन्धित स्टक एक्सचेन्जमा कारोबार हुने मुद्रामा हुन्छ। विदेशी धितोपत्र बजारमा जिडीआर बिक्री भए पछि संरक्षक बैंक मार्फत नेपालको शेयर जारी गर्ने कम्पनीले विदेशी मुद्रा प्राप्त गर्दछ।

१४. **नगद लाभांश घोषणा गरेमा सम्बन्धित स्टक एक्सचेन्जमा स्वीकार्य हुने विदेशी मुद्रामा उपलब्ध गराउन पर्छ।** विदेशमा जिडीआर सूचीकृत गराउने नेपाली कम्पनीले नेपालमा लाभांश घोषणा गरेमा जिडीआरबाहकको हकमा पर्ने लाभांश डिपोजिटरी बैंकलाई उपलब्ध गराइन्छ र सो बैंकले सम्बन्धित जिडीआरबहकलाई उपलब्ध गराउँछ।

१५. **बोनस शेयर (स्टक डिभिडेण्ड) घोषणा गर्दा विदेशी मुद्रा भुक्तानी हुँदैन।** कम्पनीले बोनस शेयर जारी गर्यो भने संरक्षक बैंकलाई जिडीआर जारी गर्न उपलब्ध गराएको शेयरको हिस्सा लाग्ने थप शेयर उपलब्ध गराउनु पर्छ, जसको सूचना संरक्षक बैंकले डिपोजिटरी बैंकलाई दिन्छ। डिपोजिटरी बैंकले त्यस अनुरूप हुने थप जिडीआर सम्बन्धित बाहकको खातामा जम्मा गर्छ।

१६. **मताधिकार नहुन सक्छ।** कम्पनीको साधारण सभामा जिडीआरबाहकले साधारणतया मताधिकार पाउँदैनन्। यसले गर्दा कम्पनीको नीति निर्माणमा स्थानीय नियन्त्रण रहन्छ। यदि जिडीआर जारी गर्दाको प्रबन्धमा मताधिकार रहने उल्लेख छ भने त्यस्तो अवस्थामा मताधिकार रहन पनि सक्छ र डिपोजिटरी बैंकले त्यस्तो अधिकार प्रयोग गर्न पाउने पनि हुन सक्छ। केही मुलुकले जिडीआरलाई स्थानीय शेयरमा रुपान्तरण नगरे सम्म जिडीआरबाहकलाई सिधै मताधिकार दिँदैनन्।

१७. **प्रत्यक्ष वैदेशिक लगानीमा जस्तो विदेशी मुद्रामा प्रभाव पर्दैन।** प्रत्यक्ष वैदेशिक लगानीमा लगानीकर्ताले यदि लगानी फिर्ता लैजान चाह्यो भने नेपालमा भएको सम्पत्ति बेचेर प्राप्त गरेको रकम कानून बमोजिम लाग्ने पुँजीगत लाभ कर तिरेर विदेशी मुद्रामा लैजान पाउँछ। जिडीआर प्रयोग गरेर भित्र्याएको वैदेशिक लगानी अप्रत्यक्ष हुन्छ र जसले जिडीआर खरिद गरेको छ उसले बिक्री गर्न चाह्यो भने विदेशकै धितोपत्र बजारमा कारोबार हुने हुँदा मुलुकको वैदेशिक मुद्रा सञ्चितिमा कुनै असर पर्दैन। कतिपय मुलुकहरूले विदेशी धितोपत्र बजारमा जिडीआर जारी गरेका कम्पनीलाई जारी जिडीआर स्थानीय शेयर र रूपान्तरण गर्न पाउने अधिकार दिएका हुन्छन्। यसो गर्दा बजारको लाभ लिनका निमित्त जिडीआरबाहकको निमित्त अवसर रहन्छ। यसरी जिडीआर स्थानीय शेयरमा रूपान्तरण गरेर स्थानीय धितोपत्र बजारमा शेयर बिक्री गरी निस्कन सक्ने सम्भावना रहन्छ। यसो भएमा विदेशी लगानी फिर्ता गर्न दिए सरह विदेशी मुद्रा उपलब्ध गराउनु पर्ने हुन्छ।

१८. **विदेशी पुँजी बजारमा पहुँच विस्तार हुन सके नेपाली कम्पनीहरूलाई ठूलो लगानी परियोजना सम्पन्न गर्न सजिलो हुन्छ।** मुलुकको सार्वभौम साख मुल्यांकन हुन् थालेकोले विदेशी पुँजी बजारमा नेपाली कम्पनीहरूलाई प्रवेश सहज हुन्छ। नेपाली उद्यमीले नवीकरणीय ऊर्जा उत्पादन, सूचना प्रविधि, निर्यातमुलक अत्याधुनिक उद्योगहरूमा लगानी बढाउँदै लागेकाले पुँजी विस्तार आवश्यक छ, जसका लागि स्वदेशी पुँजी बजार पर्याप्त छैन। साथै कतिपय नवीकरणीय ऊर्जा परियोजनाका लागि विदेशी मुद्रा आवश्यक पर्ने हुन्छ। जसका लागि विदेशी पुँजी बजारमा पहुँच विस्तार गर्नु आवश्यक देखिएको छ। विद्यमान कानूनले विदेशी पुँजी बजारको प्रयोग गर्ने गरी इक्विटी जारी गर्न खुला छैन।

१९. **विदेशी धितोपत्र बजारमा सूचीकृत हुँदा व्यापार विस्तारका लागि समेत अन्तर्राष्ट्रिय संजालसंग सम्बन्ध स्थापित हुन्छ।** खासगरी सेवा वा वस्तु निर्यात गर्ने ठूला कम्पनीहरू विदेशी पुँजी बजारमा स्थापित हुँदा आफ्नो व्यापार विस्तार गर्न पनि सहज हुन्छ। यसले मुलुकको निर्यात आधार समेत विस्तार गर्छ।

२०. **आन्तरिक पुँजी बजार पनि सबल हुन्छ।** विदेशमा सूचीकृत हुने नेपाली कम्पनीहरू स्थानीय धितोपत्र बजारमा पनि सूचीकृत हुन्छन्। जसले गर्दा स्थानीय बजारमा स्थायित्व आउँ सक्छ।

२१. **संस्थागत सुशासन प्रवर्द्धन गर्न सकिन्छ।** विकसित पुँजी बजारमा सूचीकृत हुँदा, त्यहाँ गर्नु पर्ने कर्पोरेट रेपोर्टिंगका मानदण्डको पालना गर्नु पर्छ। यसको प्रभाव संस्थागत सुशासनमा पर्दछ।

२२. **प्रत्यक्ष वैदेशिक लगानीमा जस्तो विदेशी मुद्रा सञ्चितिमा प्रभाव पर्दैन।** प्रत्यक्ष वैदेशिक लगानीमा लगानीकर्ताले लगानी झिक्न खोजेमा वैदेशिक मुद्रा बाहिर लैजान दिनु पर्छ, जसले गर्दा भुक्तानी

सन्तुलनमा दबाब पर्न सक्छ। तर जिडीआर जारी गरेर इक्विटीमा लगानी गराउँदा वैदेशिक मुद्रा बाहिर जाँदैन। नगद लाभांश घोषणा गरिएको अवस्थामा मात्र वैदेशिक मुद्रा बाहिर जान सक्छ।

२३. **जिडीआर जारी गर्न पाउने व्यवस्था कानूनमा गर्ने बित्तिकै प्रभावकारी हुने होइन**। अहिले जिडीआर जारी गर्न पाउने कानून छैन। कम्पनी ऐनमा यस सम्बन्धी कुनै प्राबधान छैन। यस्तो प्राबधान गरियो भने नेपाली कम्पनीहरूलाई बाटो खुल्ने मात्र हो। साँच्चिकै सूचीकृत गर्न लामो समय लाग्छ। कम्पनीहरू त्यस्तो साख निर्माण गर्नुपर्यो। त्यसको साथै जिडीआर जारी गर्न चाहने कम्पनीले कानून बमोजिम तोकिएको प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ। तसर्थ, भविष्यलाई दृष्टिगत गरेर कानूनमा जिडीआर सम्बन्धी व्यवथा गर्नु आवश्यक छ।

सुझावहरू

२४. पब्लिक कम्पनीको रूपमा संस्थापना भई नेपालको धितोपत्र बजारमा सुचिकृत कम्पनीलाई अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार गर्न निम्न अनुसार सुधार गर्नेः

(क) कम्पनी ऐनमा संशोधन गरी नेपालको धितोपत्र बजारमा सुचिकृत भएका कम्पनीहरूले तोकिएको प्रक्रिया पुरा गरी विदेशी धितोपत्र बजारमा सुचिकृत हुने गरी ग्लोबल डिपोजिटरी रिसिट जारी गर्न सक्ने व्यवस्था गर्ने।

(ख) नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डले ग्लोबल डिपोजिटरी रिसिट जारी गर्ने कार्यविधी तर्जुमा गरी लागु गर्ने ।

नेपाललाई रिमोट वर्क गन्तव्यको रूपमा विकास गर्न नीतिगत प्रबन्ध

रिमोट वर्क सम्बन्धी वर्तमान व्यवस्था

१. **विद्यमान श्रम ऐनले रिमोट वर्कको व्यवस्था गरेको छैन**। श्रम ऐनको दफा ११ ले आकस्मिक रोजगारीका लागि बाहेक अन्य सबै रोजगारीमा रोजगारदाताले रोजगार सम्झौता नगरी कसैलाई काम लगाउन नपाइने भनेको छ। ऐनको दफा १० ले रोजगारदाताले ६ प्रकारले रोजगारीमा लगाउन सक्ने भनेको छः (क) नियमित रोजगारी, (ख) कार्यगत रोजगारी, (ग) समयगत रोजगारी, (घ) आकस्मिक रोजगारी, र (ङ) आंशिक रोजगारी। श्रम ऐनले श्रमिकलाई काम लगाउने समय, कार्यस्थल र विदाको प्रावधानहरू तोकेको छ।

२. विद्यमान श्रम ऐनका प्रावधानहरू विश्लेषण गर्दा यसले नेपालमा आफ्नै घर वा आफ्नै कार्यस्थलमा बसेर विदेशको कुनै रोजगारदाताको काम गर्ने "रिमोट वर्कर" लाई समेटेको देखिँदैन।

रिमोट वर्कको प्रचलन र प्रकृति

३. **महामारीका कारणले नियमित रोजगारीमा रहेकाहरूलाई रोजगारदाताले रिमोट वर्क गर्न दिन थाले।** कोभिड-१९ महामारीका बेला रोजगारदाताले तोकेको कार्यस्थलमा गएर काम गर्न सम्भव नभए पछि विश्वभरि घरबाट काम गर्ने (वर्क फ्रम होम) वा रिमोट वर्कको प्रचलन बढ्यो। परामर्शको काम वा सूचना प्रविधिमा आधारित सेवाको काम कोभिड-१९ अघि पनि घरमै वा आफ्नै कार्यस्थलमा बसेर सेवा करारको रूपमा पहिले पनि हुन्थ्यो।

४. कोभिड-१९ को महामारी पछि व्यक्तिले रोजगारदाताको कार्यस्थलमा नगई घरमै वा आफ्नो कार्यस्थलमा बसेर काम गर्ने प्रचलन बढेको छ। कतिपय मुलुकका निकायले आफ्ना रिमोट वर्करलाई जहाँ सुविधा हुन्छ, त्यहाँ बसेर काम गर्न पाउने व्यवस्था गरेका छन्। सूचना प्रविधिको विकास हुँदै जाँदा कतिपय सूचना-प्रविधिमा आधारित सेवा प्रदान गर्ने कम्पनीहरू कानुनी रूपमा कुनै निश्चित ठाउँमा दर्ता भए पनि कुनै भौतिक उपस्थिति बिना पूर्णतः नियमित रिमोट वर्कर राखेर चल्ने गरेका छन्।

५. नेपालमै बसेर विदेशमा रहेको कुनै निकायको वा रोजगारदाताको रोजगारी लिने विषयमा श्रम ऐनमा कुनै प्रबन्ध छैन। यस सम्बन्धी कुनै नीतिगत व्यवस्था नभएकाले कतिपय नेपाली युवाहरूले विदेशी कम्पनीको नियमित रोजगारीका रूपमा नेपालमै बसी काम गरेका छन्, जुन काम बापतको तलव नेपाल भित्र्याउन उनीहरूलाई सहज नभएकोले धेरैले विदेशकै खातामा जम्मा गर्न लगाएर विप्रेषणका रूपमा नेपाल भित्र्याउँछन्।

६. कतिपय विदेशमा बसेर काम गरी रहेका नेपाली युवाहरूले आफूले काम गरिरहेको कम्पनीसँग रिमोट वर्क गर्ने स्वीकृत लिएर नेपालमा रहेका आफ्नो परिवारसँग बसेर काम गर्न खोज्दा सम्बन्धित कम्पनीले नेपालमा रिमोट वर्क सम्बन्धी सरकारी नीति नभएकोले मिल्दैन भन्ने जवाफ पाएको बताउँछन्।

ग्रोथजिला इन्क--कुनै भौतिक कार्यस्थल नभएको कम्पनी

ग्रोथजिला इन्क तीन जना नेपाली युवाले सन् २०१४ मा संयुक्त राज्य अमेरिकामा खोलेको कम्पनी हो, जसको कुनै भौतिक कार्यालय छैन. अहिले कम्पनीमा ४० जना भन्दा बढी कर्मचारी छन्, तर उनीहरू तीन मुलुकका १० वटा भन्दा बढी सहरमा आफ्नै घर वा कार्यस्थलमा काम गर्छन्.

७. **घरमै बसेर रोजगारी गर्ने मानिसहरू तीन किसिमका हुन्छन्**: (क) नियमित रिमोट वर्कर, (ख) डिजिटल घुमन्ते (डिजिटल नोम्याड्स), र (ग) स्वतन्त्र पेशेवर।

८. **नियमित रिमोट वर्कर कुनै खास कम्पनीका नियमित कर्मचारी हुन्,** तर तोकिएको कार्यस्थलमा गएर काम नगरी आफ्नै घर वा आफ्नो कार्यस्थलमा काम गर्छन्,

९. **डिजिटल घुमन्ते (डिजिटल नोम्याड्स) एकै ठाउँमा बसेर काम गर्दैनन्।** पर्यटकीय गन्तव्यहरूमा गएर महिनौं बस्छन् र त्यहीबाट काम गर्छन्। डिजिटल घुमन्तेले खोज्ने भनेको राम्रो इन्टरनेट सञ्जाल,

सस्तो तथा रमणीय गन्तव्य, सहज अन्तरराष्ट्रिय आवागमन र सुरक्षा हुन्छ। यिनीहरू कुनै खास कम्पनीको नियमित कर्मचारी हुँदैनन्, एकै समयमा एक भन्दा बढी कम्पनीको काम गरेका हुन सक्छन् वा आफ्नै इन्टरनेटमा आधारित व्यवसाय चलाइरहेका हुन सक्छन्। सन् १९९७ मा सुजिओ मकिमोतो र डेविड म्यानर्सले लेखेको पुस्तक "डिजिटल नोम्याड्स" प्रकाशन भए पछि यो शब्दावली प्रचलनमा आएको हो। पुस्तकमा उनीहरूले प्रविधिमा आएको परिवर्तनले मानिसहरू जहाँ बसेर पनि काम गर्न सक्ने हुँदै छन्, जसले गर्दा घुमन्ते युगमा मानिसहरू फर्कने छन् भनेर उल्लेख गरेका थिए। अहिले विश्वभर चार करोड जति डिजिटल घुमन्ते छन् भन्ने अनुमान छ। उच्च दक्ष यो वर्ग मुलत ३० देखि ३९ वर्षका हुने गर्छन्। यी अलि खर्चालु स्वभावका हुन्छन्। त्यसैले, धेरै मुलुकले यिनीहरूलाई आकर्षण गर्न विशेष भिसाको स्किम ल्याएका छन्।

१०. **स्वतन्त्र पेशेवर**: निश्चित विषयमा दक्षता हासिल गरेका पेशेवरहरूले साधारणतः एक समयमा धेरै कम्पनीका आफ्नो पेशागत दक्षताको विषयमा परामर्श वा सेवा दिइरहेका हुन्छन्।

किन आवश्यक छ रिमोट वर्क र डिजिटल घुमन्ते सम्बन्धी नीति?

११. **रिमोट वर्कका लागि उपयुक्त वातावरण निर्माण गरेर वैदेशिक मुद्रा आर्जनको स्रोत बढाउन सकिने, मुलुकबाट हुन सक्ने दक्षता पलायन (ब्रेन ड्रेन) रोक्न सकिने र दक्ष जनशक्ति भित्र्याउन सकिने भएकोले विभिन्न मुलुकले रिमोट वर्क र डिजिटल घुमन्तेलाई सहजीकरणको प्रबन्ध गरेका छन्।** असल रिमोट वर्क नीतिले बढी खर्च गर्ने पर्यटकको बसाइँ अवधि लम्ब्याउन सकिन्छ, जसले पर्यटन क्षेत्रको वृद्धिमा सहयोग पुग्छ। थप गुणस्तरयुक्त रोजगारी सिर्जना हुन्छ। डिजीटल घुमन्तेका लागि सबै मौसम उपयुक्त हुन्छ, जसका कारण सबै मौसममा पर्यटन व्यवसाय चल्छ। डिजिटल घुमन्तेबाट सीप हस्तान्तरण हुने सम्भावना रहन्छ, जसले गर्दा स्थानीय युवाहरू उद्यमी बन्न सक्छन् र स्टार्ट-अप उद्यम वृद्धि हुन सक्छ। जहाँ रिमोट वर्कर र डिजिटल घुमन्तेको सघनता बढ्छ, त्यहाँ प्रविधिसम्बन्धी वास्तु वा सेवा उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो उपस्थिति र लगानी बढाउँदै लगेको देखिन्छ। यो सबैले ज्ञानमा आधारित अर्थतन्त्र निर्माणमा सहयोग पुग्छ।

१२. **पाँच वटा कारणले नेपाल रिमोट वर्कर र डिजिटल घुमन्तेका लागिउपयुक्त गन्तव्य हुन सक्छ।** पहिलो हो नेपालको रमणीय भूगोल र अनुकूल जलवायु। दोस्रो, तुलनात्मक रूपमा नेपालमा जीवन निर्वाह लागत कम छ र दक्ष युवा जनशक्ति बढ्दै छ। तेस्रो हो नेपालको सांस्कृतिक विविधता र चौथो उपलब्ध दक्ष जनशक्ति अंग्रेजी भाषामा दखल राख्छन्, जुन अन्तर्राष्टिय सञ्चार र कारोबारको लागि आवश्यक छ। पाँचौ, नियमित र विश्वसनीय विद्युत आपूर्ति सूचना-प्रविधि सम्बन्धी कामका लागि आवश्यक हुन्छ, जसमा नेपालले आफ्नो क्षमता विस्तार गर्दै छ।

१३. **अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको एक अध्ययनले विश्वव्यापी रूपमा करिब १८ प्रतिशत कामदार त्यतो पेसामा संलग्न छन् जुन घरैबाट गर सकिन्छ र ती कामदार त्यस्तो मुलुकमा बस्छन, जहाँ घरमै बसेर**

काम गर्न सकिन्छ। उत्तर अमेरिकी मुलुकहरूमा यो ३० प्रतिशत पुगेको बताइन्छ भने युरोपियन युनियनमा ३७ प्रतिशत काम घरमै बसेर गर्न सकिने भएको अनुमान छ।

१४. **कतिपय मुलुकहरूमा राजनीतिक अस्थिरता वा युद्धको कारण कम्पनीहरूले दक्ष जनशक्तिलाई मुलुक बाहिर बसेर काम** गर्न प्रोत्साहन गरेका छन्। त्यसको लाभ डिजिटल नोम्याड्स भिसा कार्यक्रम रहेको उपयुक्त मुलुकले पाएको छ। उक्त मुलुकमा अप्रवासी कामदार बढेको देखिन्छ। रूस-युक्रेन युद्ध चर्किंदै गए पछि धेरै दक्ष रूसी कामदारहरू दुबई सरे। स्वतन्त्र रूपले रचनात्मक काम गर्न राजनीतिक, सामाजिक वा कानुनी अवरोध भएका मुलुकबाट पनि दक्ष जनशक्ति डिजिटल नोम्याड्स भिसा पाइने मुलुकहरूमा आफ्नो कार्यस्थल बनाएको पाइन्छ।

१५. **कतिपय ठूला कम्पनीहरूले तलव खर्चको भार कम गर्न डिजिटल घुमन्तेलाई कामदारको रूपमा राख्न रुचाएको पाइन्छ।** डिजिटल घुमन्तेहरूले उच्च तलव पाइने मुलुकको कम्पनीको काम जीवनस्तर लागत कम पर्ने मुलुकमा बसेर काम गर्ने हुँदा कम्पनीहरूलाई तलबवृद्धि गर्ने मागको दबाब पर्दैन। त्यसकारण, ठूला कम्पनीहरू त्यस्तो कामदार राख्न उत्प्रेरित भएको देखिन्छ। यसका अतिरिक्त विभिन्न मुलुकमा वस्तु वा सेवा बिक्री गर्ने कम्पनीलाई बिक्री-पश्चात् सेवा दिनका लागि डिजिटल घुमन्ते प्रयोग गर्दा लागत कम पर्छ र सेवा चाँडो दिन सकिने हुँदा यसको उपयोग बढिरहेको छ।

अन्य देशले के गरिरहेका छन्?

१६. रिमोट वर्कर र डिजिटल घुमन्तेलाई कम गर्ने अनुकुल वातावरण निर्माण गर्न विभिन्न मुलुकले सफल अभ्यास गरेका छन्। कतिपय अभ्यास हामीले प्रारम्भमै लागू गर्न संस्थागत तथा शासकीय क्षमता नपुग्न सक्छ। यदि संस्थागत क्षमता भएन डिजिटल घुमन्तेका लागि लिइने लचिलो नीतिका दुष्परिणाम आउन सक्छन्। यहाँ केही मुलुकले गरेका नीतिगत व्यवस्थाको संक्षिप्त झलक प्रस्तुत गरिएको छ।

१७. **इस्टोनियाको इ-रेजिडेन्सी कार्यक्रमले अभौतिक रूपमा व्यवसाय शुरू र सञ्चालन गर्ने सुविधा दिएको छ।** करीब १४ लाख जनसंख्या भएको उत्तर युरोपेली मुलुक इस्टोनियाले विश्वका जुनसुकै मुलुकका मानिसलाई पनि इस्टोनियामा विद्युतीय पहिचान नम्बर दिएर व्यवसाय प्रारम्भ गर्ने अवसर दिन्छ। यसको लागि भौतिक रुपमा इस्टोनिया गइरहन पर्दैन, त्यसैले यो विद्युतीय आवास जस्तै भयो। सन् २०१४ देखि शुरू गरिएको यो कार्यक्रममा १७० भन्दा बढी मुलुकका १२०,००० विद्युतीय-निवासी (इ-रेजिडेन्ट्स) ३३,००० कम्पनी दर्ता गरेका छन्, जसको कुल वार्षिक कारोबार (आम्दानी) १५ अर्ब युरो भन्दा बढी छ। यो विधिमा कम्पनी, त्यसका मालिक र कामदार सबै रिमोट हुन सक्छन्। e-Residency of Estonia | Apply & start an EU company online

१८. इस्टोनियाले मूलतः चार क्षेत्रमा नीतिगत सुधार गरेको छ। गैर आवासीय व्यक्तिका लागि विद्युतीय परिचयपत्र दिने व्यवस्था, कम्पनी दर्ता प्रक्रिया सरलीकरण। बेकिङ् नियम परिवर्तन गरेर अनलाइन खाता खोल्न सक्ने सुविधा र विद्युतीय-निवासी तथा विद्युतीय रूपमा दर्ता भएको कम्पनीको कर दायित्व सम्बन्धी व्यवस्थामा सरलीकरण

१९. **जर्जियाले आफ्ना नागरिकलाई मुलुकमै बसी बाहिरको काम गर्न र विदेशीलाई स्थायी प्रवेशाज्ञा दिएर रिमोट वर्क गर्न दिने नीती लागु गरेको छ।** जर्जियाको "वर्क फर्म जर्जिया" नीतिका मुख्य विशेषता भनेको सरलीकृत कर प्रणाली, बेकिङ् प्रणालीबाट बाह्य भुक्तानीको सरलीकरण र डिजिटल नोम्याड भिसाको प्रावधान हुन्। डिजिटल नोम्याड भिसाको लागि प्रति महिना आम्दानी दुई हजार अमेरिकी डलर वा २४ हजार डलरको बचत देखाउन पर्छ। रिमोट वर्कको प्रमाण चाहिन्छ र स्वास्थ्य बीमा गरेको हुनुपर्छ। वार्षिक अमेरिकी डलर १५५,००० भन्दा कम आम्दानी छ भने १ प्रतिशत मात्र आयकर तिरे पुग्छ। डिजिटल नोम्याड भिसा लिए पछि आवासीय सुविधा पाइन्छ।

२०. **माथि उल्लेख गरिएका मुलुक बाहेक कोस्टारिका, कोलम्बिया, अर्जेन्टीना, चेकस्लोभाकिया, नर्वे, पोर्चुगल, स्पेन, ग्रीस, थाईल्याण्ड, भियतनाम, इन्डोनेसियाको बाली, संयुक्त अरब अमिरातको दुबई, साइप्रस लगायत ४१ देशहरूले डिजिटल नोम्याड भिसा दिने गर्छन्।** क्यानाडाले डिजिटल नोम्याड भिसा कार्यक्रमलाई राष्ट्रिय आर्थिक वृद्धि रणनीतिको एउटा प्रमुख उपायको रूपमा समावेश गर्ने तयारी गरेको छ।

२१. विभिन्न देशको अभ्यास हेर्दा डिजिटल घुमन्तेलाई आकर्षण गर्न मूलतः चार काम गरेको देखिन्छ। पहिलो, लामो अवधिको बहुप्रवेशी "डिजिटल नोम्याड्स भिसा"। भिसा प्रयोग गरेर एक पटकमा दुई महिनादेखि २४ महिनासम्म[22] लगातार बस्न पाउने प्रबन्ध। दोस्रो, बैंकमा रकम जम्मा गर्न पाउने र जम्मा गरेको रकम विदेश लैजान पाउने व्यवस्था। तेस्रो, यस्तो सुविधाको दुरुपयोग नहोस् भनेर मासिक न्युनतम आय वा न्युनतम बैंक मौज्दातको प्रमाण खोज्ने। चौथो, स्वास्थ्य बीमा गराएको हुनु पर्ने। पाँचौं, डिजिटल घुमन्तेलाई सार्वजनिक सेवामा राष्ट्रिय व्यवहार गरिने। छैठौं, आम्दानीमा न्यून आयकर वा करमुक्त सुविधा। केही मुलुकले आवासका लागि फ्ल्याट खरीद गर्न दिने प्रावधान गरेको देखिन्छ। डिजिटल घुमन्ते र रिमोट वर्करलाई सामान्य दरको कर लगाउने हो भने उनीहरूले आफ्नो कार्यस्थल अनुकुल ठाउँमा सार्न सक्ने भएकाले आयकरको दर कम वा शून्य गरेको देखिन्छ। यसरी आयकर गुम्न गए पनि डिजिटल घुमन्तेले गर्न खर्चका कारण र उनीहरूको उपस्थितिको कारण बढ्न सक्ने सूचना-प्रविधि सेवाको कारोबारबाट सरकारको राजस्वमा बढोत्तरी हुन सक्ने भएकोले आयकरमा रियायत दिएको बुझिन्छ।

सुधारका लागि सुझावहरू

२२. रिमोट वर्क र डिजिटल घुमन्तेलाई सहजकारी नीतिगत व्यवस्था गर्नु नेपालका लागि लाभदायी हुन सक्छ भन्ने कुरा माथि नै चर्चा गरिएको छ। दक्ष जनशक्ति पलायन बढ्दै गइरहेको सन्दर्भमा मुलुकमै बसेर बाहिरको काम गर्न सहज गराउँदा हाम्रा धेरै आर्थिक-सामाजिक समस्या हल गर्न सकिन्छ। यसका लागि निम्न सुझाव प्रस्तुत छः

[22] ILO, Digital Nomads and Hybrid Work: A deep dive into the benefits, drawbacks and possible ways to improve uptake of digital nomad visa programmes, Geneva, 2024

निम्न विशेषता भएको रिमोट वर्क नीति जारी गर्नेः

(क) रोजगारीको प्रकारको कानुनी वर्गीकरणमा रिमोट वर्कर थप गर्ने,

(ख) रिमोट वर्करको रूपमा श्रम कार्यालयमा अनलाइन दर्ता हुन सक्ने व्यवस्था गर्ने (भारतमा लागू गरिएको इ-श्रम पोर्टल जस्तै),

(ग) नेपाली नागरिक र गैरआवासीय नेपालीले नेपालमा बसेर विदेशी कम्पनीको रिमोट वर्करको रूपमा काम गर्ने पाउने व्यवस्था गर्ने,

(घ) विदेशी कम्पनीको नियमित रोजगारीमा रही रिमोट वर्क गरेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले परिवर्त्य मुद्रामा वाणिज्य बैंकमा खाता खोल्न र त्यस्तो खातामा विदेशबाट रकम प्राप्त गर्न सक्ने,

(ङ) रिमोट वर्करले नेपालको सामाजिक सुरक्षा कोषमा योगदान गर्न सक्ने

(च) वैदेशिक रोजगारदाताले रिमोट वर्करको निवृत्तिभरण वा अवकास-सुरक्षाका लागि गर्ने मासिक योगदान नेपालको सामाजिक सुरक्षा कोषमा जम्मा गर्न सक्ने।

(छ) रिमोट वर्करका रूपमा विदेशको कम्पनीको नियमित रोजगारीमा रहेर प्राप्त गरेको तलव सुविधामा एकमुस्ट वार्षिक ५ प्रतिशत आयकर लगाउने।

(ज) विदेशी राहदानीबाहक गैरआवासीय नेपालीले रिमोट वर्करका रूपमा दर्ता हुन सक्ने,

(झ) विदेशी राहदानीबाहक गैरआवासीय नेपालीले रिमोट वर्करको रूपमा काम गर्दा आर्जन गरेको विदेशी मुद्रा मध्ये बचत भएको रकम विदेश ट्रान्सफर गर्न चाहेमा लैजान सक्ने जसको लागि पूर्व स्वीकृति नचाहिने,

(ञ) रिमोट वर्कमा नियमित कामदार राख्न चाहने विदेशी कम्पनीहरूले कामदारसँग गर्ने करारको ढाँचा तोक्ने,

(ट) रिमोट वर्कमा नियमित कामदार राख्न चाहने कम्पनीहरूले कामदारलाई दिनु पर्ने गैर आर्थिक सुविधाहरू, जस्तै, विदा, विवाद समाधान, आदि सम्बन्धी प्रावधानहरू तोक्ने।

निम्न विशेषता भएको डिजिटल घुमन्ते सम्बन्धी नीति जारी गर्नेः

(क) मासिक १,५०० अमेरिकी डलर भन्दा बढी आम्दानी भएको वा २० हजार अमेरिकी डलर भन्दा बढी बैंक मौज्दातको प्रमाण र नेपालका अस्पतालमा गराएको उपचारको भुक्तानी हुन सक्ने एक लाख अमेरिकी डलर बराबरको स्वास्थ्य बीमा गराएको प्रमाणको आधारमा एक पटकमा पाँच वर्ष म्याद भएको बहु-प्रवेश डिजिटल घुमन्ते प्रवेशाज्ञा जारी गर्ने व्यवस्था गर्ने। यस्तो प्रवेशाज्ञा-वाहकको पति वा पत्नीलाई पनि प्रवेशाज्ञा प्रदान गर्ने।

(ख) डिजिटल घुमन्ते भिसाको म्याद ५ वर्षको भए पनि एक पटकमा अधिकतम एक वर्षको मात्र आवासीय स्वीकृत दिने।

(ग) डिजिटल घुमन्ते प्रवेशाज्ञा बाहकलाई नेपालको वाणिज्य बैंकमा परिवर्त्य मुद्राको खाता खोल्न दिने। त्यस्तो खातामा बचत रहेको रकम ५० हजार डलर भन्दा बढी भएमा बढी भए जतिको रकम जुनसुकै बेला पनि विदेशको बैंकमा ट्रान्सफर गर्न दिने। ५ वर्षको भिसा अवधि सकिए पछि भिसा नवीकरण नगराएमा बैंकमा मौज्दात बाँकी रहेको पुरै रकम लैजान दिने।

(घ) डिजिटल घुमन्तेले नेपालमा बसी काम गरेर आर्जन गरेको वैदेशिक आयमा यदि १८३ दिन वा सो भन्दा बढी नेपालमा निरन्तर बसेको हो भने एकमुस्ट ५ प्रतिशत आयकर लगाउने।

(ङ) डिजिटल घुमन्ते भिसाबाहकलाई सवारीसाधन आफ्नै नाममा खरीद गरेर दर्ता गर्न दिने र स्थायी आवास भएको मुलुकले जारी गरेको सवारी चालक प्रमाणपत्रलाई मान्यता दिने।

काठमाडौं, भरतपुर, पोखरा र लुम्बिनी क्षेत्रमा रिमोट वर्क तथा डिजिटल घुमन्तेलाई अनुकुल हुने गरी इन्टरनेट सञ्जाल विकास, सुविधासम्पन्न को-वर्किंग कार्यस्थल र अन्य भौतिक पूर्वाधार विकासमा लगानी गर्ने र निजी क्षेत्रलाई लगानीका लागि उत्प्रेरित गर्ने।

बजारको स्रोत विनियोजन कुशलता वृद्धि

स्थिति विश्लेषण

१. कुशल बजारको प्रमुख विशेषता भनेको आर्थिक स्रोतको सर्वोत्तम विनियोजन हो। यसको तात्पर्य कुशल बजारमा स्रोतको उपयोगबाट प्राप्त हुने सीमान्त लाभ त्यसको सीमान्त लागत भन्दा बढी हुन्छ। कुशल बजारले वस्तु वा सेवा त्यत्ति मात्र उत्पादन गर्छ, जसले बजारको माग पुरा हुन्छ। बजार कुशलता स्वाभाविक रूपमा मूल्यमा प्रतिबिम्बित हुन्छ। यदि माग र आपूर्ति बराबर छ भने बजार मूल्य उपयुक्त विन्दुमा रहन्छ। माग यथास्थितिमा रहेर यदी आपूर्ति बढ्यो भने त्यसले मूल्यमा कमी आउन सक्छ, जसले गर्दा आपूर्ति वृद्धि गर्ने लगाइएको लगानीमा प्रतिफल कम हुन्छ र लगानीमा जोखिम आउँछ।

२. **बजार कुशलताका लागि सही बजार सूचना सबैलाई उपलब्ध हुनु आवश्यक हुन्छ**। यदि सही सूचना प्राप्त हुन सकेन वा सूचनाको विश्लेषण सही हुन सकेन भने बजारमा आपूर्ति कम हुँदा उपभोक्तालाई मूल्यभार बढ्न सक्छ वा पर्याप्त परिमाणमा सामग्री उपलब्ध नहुन सक्छ।

३. अर्कोतिर, यदी आपूर्ति बढी हुन गयो भने तत्कालका लागि उपभोक्तालाई मूल्यभार कम हुन्छ। यसैगरी खोजेको परिमाण पनि सहजै प्राप्त हुन सक्छ। आपूर्ति बढे अनुरूप यदि प्रभावकारी माग बढ्न सकेन भने उत्पादकहरूले कि त उत्पादन कटौती गरेर क्षमता भन्दा काममा उद्योग सञ्चालन गर्नु पर्यो अन्यथा मूल्य घटाएर माग नयाँ माग सिर्जनाको आसामा पर्खन पर्यो। यी दुवै अवस्थामा लगानीको प्रतिफलमा कमी आउँछ।

४. अर्थशास्त्रीहरू बीच "आपूर्तिले आफै माग सिर्जना गर्छ" भन्ने धारणा पनि विद्यमान रहेको पाइन्छ। यो धारणामा कतिपयले विश्वास गर्दैनन् र खासगरी अर्थतन्त्र सुस्त भएको अवस्थामा यो धारणामा आधारित भएर बनाइने नीतिले उल्टो समस्या बल्झाएको देखिएको पनि छ। यसकारण कतिपयले "मागले नै आपूर्ति सिर्जना गर्छ" भन्छन्। प्रभावकारी माग वृद्धि गर्ने नीतिहरूले निश्चित रूपमा सुस्त रहेको अर्थतन्त्रलाई गति दिन्छ।

५. **कतिपय अवस्थामा प्रभावकारी माग उच्च बिन्दुमा रहँदा रहँदै पनि अर्थतन्त्रमा थप आपूर्ति क्षमता निर्माण भएर उपलब्ध स्रोतको सही उपयोग हुन नसकेको देखिन्छ**। थप आपूर्ति क्षमता निर्माण गरेको कारण बजारमा विभिन्न विकृतिहरू आउँछन्:

   (क) उत्पदकहरूले आफ्नो लगानीमा प्रतिफल सुरक्षित गर्न परिमाणात्मक वा मूल्य गठजोड (कार्टेलिङ्ग) गर्ने।

   (ख) उत्पादक निरन्तर घाटामा गएर लगानीकर्ता डुब्न सक्ने।

   (ग) उत्पादकले बैंकबाट लिएको कर्जा तिर्न नसकेर बैंकको वित्तीय सम्पत्ति खराब बन्न पुग्ने।

   (घ) यदि उत्पादकको कम्पनी धितोपत्र बजारमा सूचीकृत रहेछ भने लगानीकर्ताले सम्पत्ति गुमाउन सक्ने।

६. **नेपालमा कतिपय क्षेत्रमा कुनै एक व्यवसायीले मनग्गे मुनाफा कमाएको हल्ला चल्यो भने वस्तुगत सूचनाको अभावमा लगानीकर्ताहरू ओइरिन्छन्**। सार्वजनिक परिवहन व्यवसायमा बजारको आकार भन्दा बढी लगानी भएका कारण बस व्यवसायीहरूले आलोपालो प्रणाली चलाएका छन्। कतिपय अवस्थामा यसले यात्रुको सेवा चयन गर्ने स्वतन्त्रता कुण्ठित गरेको छ। सडकमा चलेका बस भन्दा बस पार्कमा पालो कुरेका बसहरूको संख्या बढी देखिन्छ। यही स्थिति ढुवानी व्यवसायमा पनि छ। पर्यटकीय गन्तव्यहरूमा होटेल तथा रेस्टुराँहरूमा बजारको आकार भन्दा लगानी बढी भएको देखिन्छ।

७. खुला बजारका क्षेत्रमा मात्र होइन नियमन गरिएका क्षेत्रहरू जस्तै बैंक तथा वित्तीय संस्थाहरू, बीमा कम्पनीहरूको संख्यात्मक वृद्धि गर्दा बजारको आकारको पर्याप्त विश्लेषण नगरी अनुमति दिएको देखिन्छ। त्यसलाई सच्याउन बेलाबखत मर्जर र एक्विजिसनको नीति घोषणा गरिएको छ। कतिपय अवस्थामा यसलाई बाध्यकारी बनाइएको छ।

८. नेपाल उद्योग परिसंघले उद्योगहरूको क्षमता उपयोगको त्रैमासिक तथ्याङ्क प्रकाशन गर्ने गर्छ। पछिल्लो प्रतिवेदनले समग्र औद्योगिक क्षेत्रको क्षमता उपयोग ५८.४७ प्रतिशत रहेको देखाउँछ। जसमध्ये उत्पादनशील उद्योगहरूको क्षमता उपयोग ५२ प्रतिशत मात्र रहेको छ। उत्पादनशील उद्योगहरू पूर्ण व्यावहारिक क्षमता (प्राक्टिकल क्यापासिटी) मा चल्न नसक्नुमा गार्हस्थ्य उत्पादनलाई समुचित संरक्षण दिन नसक्नु, कमजोर व्यापारिक लजिस्टिक्सका कारण लागत बढी पर्नु, साँघुरो अन्तरिक बजारका कारण आकारको आर्थिक लाभ (इकोनोमी अफ स्केल) हासिल गर्न नसक्नु जस्ता कारणहरू बाहेक समग्र उद्योगको उत्पादन क्षमता आवश्यकता भन्दा बढी निर्माण हुनु पनि हो।

९. उत्पादनशील उद्योगहरू मध्ये सिमेन्ट उद्योगहरू अहिले अत्याधिक क्षमताका कारण वित्तीय समस्यामा परिरहेको सूचना सार्वजनिक हुन थालेको छ। नेपालमा अहिले ६५ वटा सिमेन्ट उद्योग छन्, जसमध्ये २१ वटा क्लिन्कर स्वयम् उत्पादन गर्ने सिमेन्ट उद्योग हुन्। कुल उत्पादन क्षमता प्रति वर्ष २ करोड ५० लाख टन छ। तर मुलुकको हालको माग १ करोड टन प्रति वर्ष मात्र छ। निश्चित रूपमा निर्माण क्षेत्रमा सुधार हुँदै गए पछि मागमा सुधार आउन सक्छ, तर सबै उद्योगले लगानीमा समुचित प्रतिफल पाउने गरी मागमा सुधार आउन गाह्रो छ। निर्यात बजार विस्तार हुन् सक्यो भने क्षमता उपयोग हुन सक्छ। त्यसका अवरोध सहजै र तुरुन्त कम हुन सक्ने देखिँदैन। यो स्थिति सिमेन्ट उद्योगहरू खुल्दाको बखत पनि थियो, तर न लगानीकर्ताले ध्यान पुर्याउन सके न त ऋण प्रवाह गर्ने वित्तीय संस्थाले।

१०. नेपालमा औषधी उत्पादन गर्न दर्ता भएका १३२ कम्पनीहरूमध्ये ८६ वटा सञ्चालनमा छन्। संचालित उद्योगहरूले मुलुकको औषधको मागको ७० प्रतिशत आपूर्ति गर्न सक्ने क्षमता राख्छन्, तर यथार्थमा ४० प्रतिशत मात्र आन्तरिक उत्पादनबाट पूर्ति हुन्छ भने ६० प्रतिशत माग आयातबाट पूर्ति हुन्छ। औषधि उद्योगमा अत्याधिक क्षमता निर्माण भएको त होइन, तर स्वदेशी उत्पादनलाई

प्राथमिकता दिने दृष्टिकोणमा कमजोरी रहेका कारण कम्पनीहरू क्षमता भन्दा काममा चल्न बाध्य छन्, जसले गर्दा लगानीको उचित प्रतिफल आउन सकेको छैन।

११. साधारणतया ठूलो लगानी आवश्यक पर्ने उद्योग वा व्यवसाय प्रारम्भ गर्दा लगानीकर्ता स्वयमले सम्भाव्यता अध्ययन गरेका हुन्छन्। यस्तो अध्ययनमा विद्यमान बजारको आकार, भविष्यमा हुन सक्ने बढोत्तरी, प्रविधि परिवर्तनले सम्बधित उद्योगको भविष्यमा पर्न सक्ने असर आदिको विश्लेषण गरिएको हुन्छ। यसै गरी कुनै परियोजनामा लगानी गर्नु पूर्व वित्तीय संस्थाहरूले पनि लगानीकर्ताबाट प्रस्तुत परियोजना प्रस्तावको मुल्यांकन गर्छन्। नेपालका सबैजसो वाणिज्य बैंकहरूले आफ्नै अनुसन्धान, आर्थिक तथा व्यावसायिक विषयको प्राविधिक विश्लेषण गर्ने संस्थागत क्षमता निर्माण नगरेकोले उनीहरूले गर्ने परियोजना प्रस्तावको मुल्यांकन भरपर्दो हुँदैन। यसै कारणले पनि अत्याधिक उत्पादन क्षमता भएका व्यावसायिक क्षेत्रमा लगानी प्रवाह भइराखेको छ।

१२. उद्योगमा मात्र होइन कृषिमा पनि कुनै खास प्रकृतिको खेती वा पशुपालनको उत्पादनबाट कसैले राम्रो आम्दानी गरेको देखियो भने किसानहरू त्यस्तो कृषि कार्यमा आकर्षित हुने गरेका छन्। कतिपय कृषि उत्पादनको परिमाण बजारको माग भन्दा बढी हुन गएर किसानहरूले क्षति व्यहोर्नु परेको छ।

१३. बैंक तथा वित्तीय संस्थाहरूबाट जुन क्षेत्रमा सहज कर्जा पाइन्छ, त्यसैमा लगानी प्रवाह हुन्छ। खुला बजारमा बैंकहरूले आफ्नो लगानी पोर्टफोलिओ आफैले निर्णय गर्न पाउनु पर्छ भन्नु ठिकै हो। तर तत्कालको नाफालाई दृष्टिगत गरेर गरिने कतिपय स्रोत विनियोजन सम्बन्धी निर्णयले दीर्घकालमा बैंक तथा वित्तीय संस्थाको वित्तीय स्थायित्वलाई असर गर्न सक्छ। त्यो भन्दा पनि महत्वपूर्ण, उपलब्ध वित्तीय स्रोतको सर्वोत्तम उत्पादनशील उपयोग हुँदैन। सम्पत्तिको बजारमा अत्याधिक निजी लगानी र कर्जा प्रवाह हुँदा कतिपय अवस्थामा वित्तीय प्रणालीमा समस्या उत्पन्न भएको छ। लगानीको तुलनामा आर्थिक वृद्धि र रोजगारी सिर्जना कमजोर रहेको छ।

१४. आर्थिक वृद्धि र रोजगारी सिर्जनामा सहयोग पुर्याउने उद्देश्यले नेपाल राष्ट्र बैंकले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह निर्देशित गर्न बजारलाई मार्गदर्शन दिने नीति लामो समयदेखि लिएको छ। पछिल्लो मार्गदर्शनले २०८४ असार मसान्त सम्ममा सबै वाणिज्य बैंकहरूको कुल बक्यौता कर्जाको १५ प्रतिशत कृषिमा, १० प्रतिशत ऊर्जामा र १५ प्रतिशत लघु घरेलु साना एवं मझौला उद्यममा लगानी हुनु पर्ने व्यवस्था गरेको छ। यसै गरी वाणिज्य बैंकहरूले आफ्नो कुल कर्जा सापटको ५ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था गरेको छ। नवीकरणीय घरेलु ऊर्जा, लघु उद्यम, न्यून-लागत आवास विकास, प्राविधिक सीप तालिम लिन वा वैदेशिक रोजगारीमा जान यस्तो कर्जा प्रवाह हुन्छ। मुनाफा वितरण नगर्ने अस्पताललाई जाने कर्जा पनि विपन्न वर्गमा जाने कर्जामा वर्गीकरण गर्न पाइन्छ। यस प्रकार वाणिज्य बैंकहरूबाट प्रवाह हुने कर्जाको ४५ प्रतिशतसम्म उत्पादनशील प्रयोजनका लागि लगानी हुनु पर्ने प्रबन्ध रहेको देखिन्छ।

बजारको स्रोत विनियोजन कुशलतामा देखिएका मूल समस्याहरू

१५. यथार्थ बजार सूचना र माग र आपूर्ति स्थितिको विश्वसनीय पूर्वानुमान हुन नसक्नु समस्याको रूपमा रहेको छ। साधारणतः यस्तो सूचना सरकारी प्रणालीबाट उपलब्ध हुनुपर्ने हो। बजार सूचना, अनुसन्धान तथा इन्टेलिजेन्सका लागि निजी क्षेत्रका संस्थाहरू क्षमता विकास नहुनु पनि समस्याको रूपमा रहेको छ। कतिपय मुलुकमा विश्वविद्यालयहरूका अनुसन्धान संस्थाहरूले सरकारी वित्तीय सहयोगमा यस्तो क्षमता विकास गरेका हुन्छन्। तर नेपालमा विश्वविद्यालयहरूमा क्षमता विकास गर्न सरकारी लगानी पुग्न सकेको छैन।

१६. अत्याधिक लगानी भएका क्षेत्रहरूमा लगानी निरुत्साहित गर्न समयमै एलर्ट गराउने स्थापित विधि छैन। यस्ले गर्दा लगानीकर्ता मात्र होइन, बैंक तथा वित्तीय संस्थाहरूले पनि लगानी गर्नु अघि सावधानी अपनाउन सकेका छैनन्।

१७. नवीकरणीय ऊर्जा उत्पादन, बनस्रोतमा आधारित उद्योग, खानीमा आधारित उद्योग, पर्यटन, सूचना प्रविधिमा आधारित सेवा र सूचना प्रविधिसँग सम्बन्धित उच्च मूल्य कम वजनका सामग्री उत्पादन, बढी उर्जा खपत हुने उत्पादनशील उद्योगहरू आदिमा सम्भावना छ भनेर विश्लेषण गरिए पनि लगानीका यी क्षेत्रका अनुकुल वातावरण तयार हुन सकेको छैन। जसले गर्दा लगानीका क्षेत्रमा विविधीकरण हुन सकेको छैन। परिणामस्वरूप उपलब्ध वित्तीय स्रोतको लगानी बढी मात्रामा तत्काल नाफा हुन सक्ने व्यापार वा अनुत्पादक सम्पत्ति संग्रह वा उपभोगमा गएको छ।

१८. सबै किसिमको कर्जामा समान व्याजदर वा कतिपय अवस्थामा उत्पादनशील काममा व्याजदर बढी हुँदा सुलभ कर्जाको उपयोग उपभोग वा सम्पत्ति संग्रहमा हुन गएको छ।

१९. उत्पादनशील क्षेत्रमा गरिएको लगानीबाट साधारणतः चाँडो प्रतिफल प्राप्त हुँदैन। लगानीको आयु लामो हुने, त्यसैगरी प्रतिफल प्राप्त गर्न पनि समय लाग्ने भएकोले अल्प-अवधिको वित्तीय स्रोतबाट यस्तो प्रयोजनका लागि लगानी गर्नु जोखिमयुक्त हुन्छ। प्रतिफलको लागि लामो समय पर्खनु पर्ने ठूला उत्पादनशील लगानीका लागि लामो अवधिको वित्तीय स्रोत उपलब्ध गराउन सक्ने गरी वित्त बजारको विकास हुन सकेको छैन। लामो अवधिको कर्जा दिने पुँजी भएका विकास बैंक छैनन्। त्यसै गरी दीर्घकालीन ऋण उपकरणको कारोबार हुने गरी पुँजी बजारको विकास नभएको मात्र होइन, नयाँ उद्यमले प्रारम्भमै दीर्घकालीन ऋणपत्र जारी गर्न कानुनी अवरोध छ र ऋणपत्रको प्रत्याभूति दिने संस्थागत संयन्त्रको विकास भएको छैन।

सुधारका सुझावहरू

२०. बजारको स्रोत विनियोजन कुशलतामा वृद्धि गरी उपलब्ध पुँजीको उत्पादकत्व बढाउन मूलतः तीन विषयमा सुधार आवश्यक छ। पहिलो हो प्रभावकारी बजार अनुसन्धान तथा सूचना प्रणालीको निर्माण। दोस्रो, एकै क्षेत्रमा लगानी केन्द्रित हुन नदिन उत्पादनशील लगानीका क्षेत्रहरू विविधीकरण। र,

तेस्रो, उत्पादनशील लगानीमा कर्जा प्रवाह बढाउन बजारलाई मार्गदर्शन र व्याजदरमा सहुलियत। यी विषयहरूमा आधारित भएर सुधारका प्रस्तावहरू तल प्रस्तुत गरिएको छ।

(क) उत्पादनशील उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि सम्बन्धी बजार सूचना संग्रह गर्ने, विश्लेषण गर्ने, अनुसन्धान गर्ने र नियमित सूचना सम्प्रेषण गर्ने संस्थागत संयन्त्र तथा क्षमता राष्ट्रिय योजना आयोगले विकास गर्ने।

(ख) बजार अनुसन्धान र विश्लेषणका लागि विश्वविद्यालयहरूका अनुसन्धान निकायहरूको क्षमता वृद्धि गर्ने र त्यसका लागि सरकारी वित्तीय अनुदान प्रदान गर्ने।

(ग) माग र आपूर्तिको तथ्याङ्क विश्लेषण गरी आपूर्ति क्षमता अत्याधिक भएका उद्योगहरूमा लगानी निरुत्साहित गर्न राष्ट्रिय योजना आयोगले समय समयमा रेड फ्ल्यागिंग (Red Flagging) गर्ने। यस सम्बन्धी सुचना प्रवाह प्रभावकारी बनाउने। बैंक तथा वित्तीय संस्थाहरूलाई रेड फ्ल्यागिंग भएका क्षेत्रहरूमा ऋण लगानी गर्न निरुत्साहित गर्ने।

(घ) कम्तीमा ६० प्रतिशत कर्जा उत्पादनशील क्षेत्रमा प्रवाह हुने नीति लिने र सूचना प्रविधि, वैकल्पिक नवीकरण उर्जा विकास, बनस्रोतमा आधारित उद्योगका क्षेत्रमा वित्तीय क्षेत्रबाट कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने।

(ङ) उत्पादनशील कर्जामा लगाउने व्याजदर उपभोग कर्जामा लगाइने व्याजदर कम्तीमा एक प्रतिशत विन्दुले कम गर्नु पर्ने नीति लिने।

(च) सार्वजनिक नीजी साझेदारीमा उत्पादनशील उद्योगमा दीर्घकालीन ऋण लगानी गर्ने विकास बैंक स्थापना गर्ने।

(छ) उत्पादनशील उद्योग र ठूला व्यावसायिक पूर्वाधार आयोजनालाई दीर्घकालीन ऋण उपकरण जारी गर्न सहज हुने कानुनी प्रबन्ध गर्ने र यस्ता ऋणपत्रको प्रत्याभूति (अन्डरराइटिंग) गर्ने संस्थाहरूको विकास गर्ने।

(ज) सूचना प्रविधिमा आधारित सेवा, सूचना प्रविधिका लागि आवश्यक यन्त्र-उपकरण उत्पादन, कृषि, बनस्रोत र खानीमा आधारित उद्योग, जलविद्युत, वैकल्पिक नवीकरणीय ऊर्जा, पर्यटन उद्योगमा लगानीका नयाँ अवसर सिर्जना गर्न आवश्यक आधारभूत व्यापारिक पूर्वाधार निर्माणमा सार्वजनिक लगानी र निर्माण क्षमता बढाउने।

परिच्छेद १३

कृषि

स्थिति विश्लेषण

१ मुलुकको कूल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान करिब २४ प्रतिशत छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क बमोजिम कुल जनसंख्याको ५७.३१ प्रतिशतको आय र रोजगारीको मूल स्रोत कृषि, वन र मत्स्यपालन रहेको छ[23]। नेपाल श्रमशक्ति सर्वेक्षण २०१८ ले ६०.४० प्रतिशत जनसंख्या कृषिमा संलग्न रहेको देखाएको छ। यसले कृषि यद्यपि प्रमुख मुलुकका अर्थतन्त्रको प्रमुख क्षेत्र रहेको देखाउँछ। जैविक विविधता र भौगोलिक अवस्थितिका कारण नेपाल कृषि उत्पादनका दृष्टिकोण संभावनायुक्त मुलुक हो। नेपालमा उच्च हिमाली भेगमा पाइने स्थाउदेखि उष्ण हावापानिमा पाइने आँपसम्मका फलफूलका साथै संसारभरि उत्पादन हुने करिब सबै जात र किसिमका अन्न बाली पाइन्छ। यसका अलावा नेपालमा विभिन्न जडिबुटि, अर्थोडक्स चिया, अलैंची जस्ता मसलाजन्य कृषि उत्पादनमा विशेष संभावना रहेको छ।

प्रमुख कृषि बाली तथा पशुपालन र मत्स्यपालनको वर्तमान अवस्था

२ **धान:** धान नेपालको महत्वपूर्ण खाद्यान्न बाली हो। नेपालको कूल कृषियोग्य भूमिमध्ये करिब १२ लाख १६ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ। आर्थिक वर्ष २०७९/८० मा ५४ लाख ८४ हजार मेट्रिक टन धान उत्पादन भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार र चालू आर्थिक वर्ष ५९ लाख ५५ हजार मेट्रिक टन धान उत्पादन भएको छ। धानको उत्पादकत्व ३.९८ टन प्रतिहेक्टरबाट चालु वर्ष ४.१३ पुगेको छ। पछिल्ला वर्षहरूमा धानको उत्पादकत्व बढिरहेको छ। सुधारिएको बीउ, मलको उपलब्धता र सिँचाइ सुविधा विस्तार सँगै धानको उत्पादकत्व बढ्दै गएको छ। तथापि वार्षिक आवश्यकता भन्दा करिब १० लाख मेट्रिक टन धान न्यून रहेको छ।

३ **मकै**: मकै बाली नेपालको महत्वपूर्ण अन्न बाली हो। पहाडी भू-भागमा समेत सहज रुपमा फल्ने हुँदा यसको महत्व बढेको छ। कृषि गणना २०७८ ले नेपालको कुल कृषियोग्य भूमि मध्ये ५ लाख ६० हजार हेक्टरमा मकैको खेती हुने देखाएको छ। कृषि मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा ३१ लाख ९३ हजार मेट्रिक टन र आर्थिक वर्ष २०८०/८१ मा ३० लाख ८९ हजार मेट्रिक टन उत्पादन भएको छ।

४ **गहुँ:** धान र मकैपछिको प्रमुख खाद्यान्न भए पनि यसको खेती घट्दै गएको छ। कृषि गणनाले ६ लाख ५४ हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती भएको देखाएको छ। आर्थिक वर्ष २०७९/८० मा

[23] राष्ट्रिय जनगणना २०७८ जनसांख्यिक सूचक, राष्ट्रिय तथ्यांक कार्यालय, २०८१.

२० लाख ९८ हजार मेट्रिक टन र आर्थिक वर्ष २०८०/८१ मा २१ लाख ५५ हजार मेट्रिक टन उत्पादन भएको छ।

५ **कोदो:** अघिल्लो कृषि गणनामा कुल कृषियोग्य भूमिको ६.४ मा कोदो खेती हुने गरेकोमा पछिल्लो गणनमा ४।७ प्रतिशतमा मात्र कोदो खेती हुने गरेको देखाएको छ। कृषि गणना २०७८ ले १ लाख २२ हजार हेक्टर क्षेत्रफलमा कोदो खेती हुने देखाएको छ। अत्यन्त पोषक खाद्य भएपनि नेपालमा कोदो उत्पादन निरन्तर घटिरहेको छ।

६ **आलु:** आर्थिक वर्ष २०८०/८१ मा नेपालमा १ लाख ९८ हजार ७ सय ८८ हेक्टर क्षेत्रफलमा आलु खेती गरिएको ३३ लाख २५ हजार २ सय ३१ मेट्रिक टन उत्पादन भएको छ। नेपालमा आन्तरिक उत्पादन करिब ३४ लाख मेट्रिक टन र माग ३८ लाख मेट्रिक टन रहेको छ। उक्त माग पूर्ति गर्नका लागि ४ लाख मेट्रिक टन आयात हुने देखिन्छ।i चालू आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्मको अवधिमा नेपालमा करिब साढे ५ अर्बको काँचो र फ्रोजन गरी साढे २१ करोड केजी आलु आयात भएको छ। नेपालमा भारत र बंगलादेशदेखि इण्डोनेसियासम्मबाट आलु आयात हुने गरेको भन्सार विभागको तथ्याङ्कले देखाएको छ। औद्योगिक कच्चा पदार्थ नियमित आपूर्ति गर्न सक्ने गरी आलुको व्यावसायिक खेती हुन् नसक्नु, छरिएर रहेका किसानबाट आलु संकलन गर्न गाह्रो हुनु, उपयुक्त आन्तरिक व्यापारिक पूर्वाधार नहुनु जस्ता समस्याले आलु आयात सजिलो बन्न गएको देखिन्छ ।

७ **फलफूल:** नेपालमा प्रमुख रुपमा आँप, केरा, सुन्तला, स्याउ र कागती प्रमुख फल हो। आँप १९ हजार ८०० हेक्टर, केरा ७ हजार ९०० हेक्टर, सुन्तला ६ हजार ५ सय हेक्टर, स्याउ ३ हजार १ सय हेक्टर र कागति २ हजार ८ सय हेक्टरमा खेती हुने तथ्य कृषि गणनाले देखाएको छ।

८ **अन्य बाली:** कृषि गणना २०७८ ले १,९९,८४४.८ हेक्टरमा कोषे दाल बाली, १,८०,१४१.१ हेक्टरमा तेल बाली, १,०७,७३३.८ हेक्टरमा तरकारी बाली, १,०४,७३७.८ हेक्टरमा कन्दमूल बाली, ५६,८९३.५ हेक्टरमा मसला बाली र ४४,६०९.३ हेक्टरमा नगदेबाली हुने देखाएको छ।

९ **पशुपालन र मत्स्यपालान:** अघिल्लो कृषि गणनाको तुलनामा कृषि गणना २०७८ मा पशुपालन गर्ने कृषक परिवारको संख्या ३३,५३,८५७ बाट बढेर ३४,०५,०१४ पुगेको छ। गणनाले गाईगोरुको संख्या ४६ लाख, राँगा भैसिको संख्या २९ लाख, बाख्रा/ खसी /बोका/ च्याङ्ग्राको संख्या करिब १ करोड ४२ लाख, सुँगुर/बंगुर/बदेलको संख्या करिब १४ लाख र कुखुराको संख्या करिब ४ करोड ५१ लाख देखाएको छ। गणनाले उन्नत जातको गाई भैंसि पालना बढेको देखाएको छ। यसैगरी ४२,००८ कृषक परिवारले करिब १०,३८३ हेक्टर क्षेत्रफलमा ४८७६३ पोखरीमा माछापालन गरेको देखाएको छ। अघिल्लो कृषि गणनामा १७१९१ कृषक परिवारले २५१९ हेक्टरमा २११७७ पोखरीमा माछापालन गरेको तथ्याङ्क रहेको थियो। यसरी हेर्दा दश वर्षको अवधिमा माछापालन तर्फ किसानहरुको आकर्षण बढेको देखिन्छ।

कृषि क्षेत्रमा विद्यमान समस्या

१० **कृषि जग्गाको संकुचन**: नेपालमा कृषि भूमिको क्षेत्रफल निरन्तर घटिरहेको छ। आन्तरिक बसाइँ सराइका कारण समथर र तराइ क्षेत्रमा जनसंख्या वृद्धि हुँदै गएको छ। जसका कारण खेतियोग्य जमिन मासिएको छ। वैज्ञानिक भू-उपयोग योजना नभएका कारण समेत कृषि योग्य भूमि अन्य प्रयोजनका लागि उपयोग हुने क्रम बढेको छ। कृषि गणना, २०६८ मा २५ लाख २० हजार हेक्टरमा खेती गरिएकोमा २०७८ को गणनमा २२ लाख १८ हजार हेक्टरमा मात्र खेती भएको उल्लेख भएको छ। विद्यमान कानूनले जग्गा लिजमा दिने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छैन। जमिनको अनावश्यक खण्डिकरणले कृषिको उत्पादकत्व सुधारमा प्रतिकूल असर पारेको छ।

११ **जमिनको व्यवस्थित उपयोग हुन नसक्नु:** नेपाल सरकारले नेपाल राजपत्रमा २०७९ साल जेठ २३ गते 'भू-उपयोग नियमावली, २०७९ जारी गरे पश्चात् प्रत्येक स्थानीय तहले भू-उपयोग क्षेत्र वर्गीकरण गर्नुपर्ने प्रावधान रहेको छ। तथापी राजनीतिक, सामाजिक र प्राविधिक कारणले वर्गीकरण कार्य निक्कै जटिल र पेचिलो हुन पुगेको छ। कतिपय स्थानीय तहले जग्गाको वर्गीकरण गर्न सकेका छैनन्। नियमावलीले जग्गा टुक्र्याउन निरुत्साहित गरेको छ। नियमावलीमा प्रदेश सरकारले जग्गा एकीकरण, चक्लाबन्दी, बस्ती विकास, सामूहिक खेती तथा तरकारी खेती सम्बन्धी आधार, मापदण्ड र कार्यान्वयन योजना तयार गरी कार्यान्वयनमा ल्याउन सक्ने प्रावधान रहेको छ। त्यसैगरी, स्थानीय तहले कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यावसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनको लागि सम्बन्धित जग्गाधनीको सहमतिमा साँध सिमाना जोडिएको कित्ताको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम गर्न सक्ने प्रावधान रहेको छ।तर नियमावलीको प्रावधान अनुरुपका कार्य हुन सकेका छैनन्।

१२ **जमिनको खण्डकिरण बढ्दै जानु:** नेपालमा कृषि जमिनको खण्डिकरण चुनौतिपूर्ण बन्दै गएको छ। कृषि गणना २०७८ का अनुसार नेपालमा एउटा कृषक परिवारले औसतमा जग्गाको स्वामित्व ०.५ हेक्टर रहेको देखिन्छ।यसले जग्गाको खण्डिकरण बढ्दै गएको देखाउँछ। थोरै जग्गामा खेती गर्दा खेती स्वाभाविक रूपमा निर्वाहमुखी हुन पुग्ने कारण यसले कृषि क्षेत्रको रुपान्तरणमा अवरोध सिर्जना गरेको छ। खण्डीकरणका कारण औद्योगिक कच्चापदार्थको लागि चाहिने ठुलो परिमाणमा उत्पादन मुलुकभित्र हुन नसक्ने कारण कृषिमा आधारित औद्योगकीकरणमा समेत नकारात्मक प्रभाव पारेको छ। विद्यमान भुमी सम्बन्धी ऐनको हदबन्दीको प्रावधान, सामूहिक वा सहकारी स्वामित्वमा खेती गर्ने विधिको अभाव र कतिषय स्थानमा अनियन्त्रित जग्गा प्लटिङ् र अव्यवस्थित बसोबासका कारण खण्डिकरण बढेको छ।

१३ **कृषि क्षेत्रको रूपान्तरण हुन नसक्नु:** सरकारको निरन्तर प्रयासका बावजूद कृषि क्षेत्रमा रूपान्तरण हुन सकेको छैन।कृषि क्षेत्रको ठूलो हिस्सा परम्परागत र निर्वाहमुखी रहेको छ। करिब ६८ प्रतिशतले किसानले घरायसी उपभोगको लागि कृषि कार्य गर्ने गरेको देखिएको छ। कृषि पेशा अन्यत्र केही काम नपाएका व्यक्ति र कुनै पनि सीप नभएका व्यक्तिले अपनाउने पेशाको रूपमा लिने प्रवृत्ति

कायमै छ। कृषि पेशालाई परम्परागत रूपमा ग्रहण गर्ने प्रवृत्तिले कृषि क्षेत्रको विकासमा अवरोध सिर्जना गरेको छ। परम्परागत रूपमा खेती गरिने प्रणालीका कारण शिक्षित युवा वर्ग कृषि क्षेत्रबाट विमुख हुँदै गएको देखिन्छ। उदाहरणका लागि कृषिमा संलग्न ४१ लाख ३० हजार घरपरिवार मध्ये जम्मा १३ लाख ३९ हजार घरपरिवारले कृषि कार्यमा ट्रयाक्टर उपयोग गर्ने गरेको देखिन्छ। कृषि क्षेत्रको रूपान्तरणमा पर्याप्त लगानी हुन सकेको छैन।

१४ **नगदेबाली र व्यावसायिक खेतीको प्रवर्द्धन हुन नसक्नु:** नेपालमा फलफुल, उखु, अलैंची, अदुवा, चिया, जडिबुटि, रेशम खेति जस्ता नगदेबालीको उच्च संभावना रहेको भएपनि किसाहरुलाई यस तर्फ आकर्षित गर्न सकिएको छैन। नगदेबालीहरु उच्च निर्यात संभावना भएको वस्तुको रुपमा समेत पहिचान भएको छ। यस्तो बाली सम्बन्भमा कृषकहरुमा ज्ञानको कमी, वित्तीय पहुँचको अपर्याप्तता, नगदेबाली सम्बन्धी सरकारी नीति र कार्यक्रमहरुको न्यून प्रभावकारीता जस्ता कारणले नगदेबाली खेतीमा र व्यवसायिक खेतीमा किसानहलाई आकर्षित गर्न सकिएको छैन।

१५ **कृषि प्रसार सेवा प्रभावकारी हुन नसक्नु:** कृषि सम्बन्धी अधिकारको खण्डिकरण, सरकारी नीतिको प्रभावकारी कार्यन्वयनको अभाव र दक्ष जनशक्तिको अभावमा कृषि प्रसार सेवा प्रभावकारी हुन सकेको छैन। अधिकांश किसानले पुस्तान्तरण हुँदै आएको ज्ञान र सीप उपयोग गरी परम्परागत तवरमा खेति गर्दै आएका छन् भने व्यावसायिक कृषि कार्यमा संलग्न किसानको समेत कृषि प्रसार सेवामा पहुँच पुग्न सकेको छैन। कृषि प्रसार सेवाको अभावमा निर्यातजन्य कृषि उपजको उत्पादनमा अत्यावश्यक अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिमका गुणस्तर मापदण्ड विकास र लागु गर्ने, भौगोलिक संकेत (GI) प्रदान गर्ने पद्धति लागु गर्ने, खेती वा पशुपालन हुने क्षेत्रमा विषादी-मुक्त र रोगमुक्त वा किट-मुक्त (Pest-free) उत्पादनको पर्याप्त अभ्यास हुन सकेको छैन। कृषि प्रसार सेवाको अभावमा समग्र कृषि उत्पादनमा नकारात्मक असर पर्नुका साथै निर्यातमा समेत ठूलो अवरोध सिर्जना भएको छ।

१६ **कृषि सम्बन्धी सरकारी नीति प्रभावकारी हुन नसक्नु:** सरकारले अवलम्बन गरेका कृषि सम्बन्धी नीति र कार्यक्रमहरू प्रभावकारी हुन नसक्नु कृषि क्षेत्रको विकासको अर्को अवरोध हो। सरकारबाट सञ्चालित कृषि सम्बन्धी कार्यक्रमहरुको कार्यन्वयनमा विवाद हुने गरेको छ। तीन तहकै सरकारबाट कृषकलाई दिइने अनुदान रकम वास्तविक किसानको हातमा अत्यन्त न्यून पुगेको छ। गैर-किसानले यो रकम दुरुपयोग गरेको तथ्य समेत प्रकाशमा आएका छन्। कृषि क्षेत्रका कतिपय कार्यक्रम सञ्चालनमा भ्रष्टाचार भएको समेत पुष्टि भएको छ। कार्यन्वयन भएका कार्यक्रमहरू समेत वाञ्छित उद्देश्य हासिल गर्न सफल छैनन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्याक्ट लगायतका अन्य आयोजनाहरू यसको प्रत्यक्ष उदाहरण हुन्। कार्यक्रम सफल रूपमा सञ्चालन हुन नसक्दा तल्लो तहमा यसको प्रभाव न्यून भएको छ।

१७ **कृषि अनुसन्धान प्रभावकारी नहनु:** नेपालमा कृषि अनुसन्धानबाट धान, मकै, आलु जस्ता कृषि उपजका नयाँ जातहरू उन्मोचन हुँदै आएको छ। त्यसैगरी विभिन्न बालीको उन्नत खेती प्रविधि र पोस्ट हार्भेस्ट प्रविधि पनि विकास भएका छन्। तथापि कृषि अनुसन्धान क्षेत्र प्रभावकारी हुन सकेको छैन।

अनुसन्धान प्रभावकारी नहुँदा किसानहरू परम्परागत कम फाल्ने बीउ उपयोग गर्न बाध्य छन्। धान उत्पादन गर्ने कृषक मध्ये ५६ प्रतिशतले परम्परागत सुधार नगरिएको बीउ प्रयोग गरिरहेको अवस्था छ। देशको एक मात्र कृषि सम्बन्धी अनुसन्धान गर्ने राष्ट्रिय कृषि अनुसन्धान परिषद् कमजोर बन्दै गएको छ। विभिन्न स्थानमा रहेको विभिन्न बालीका अनुसन्धान केन्द्र पर्याप्त बजेट र जनशक्तिको अभावमा जीर्ण बन्दै गएको छ। प्रत्येक वर्ष कृषि अनुसन्धान तर्फ बजेट घट्दै जानुले अनुसन्धान प्राथमिकतामा पर्न नसकेको देखिन्छ। चालू आर्थिक वर्षको सङ्घीय सरकारको कुल बजेटमध्ये कृषिका लागि ३.३७ प्रतिशत मात्र बजेट छुट्टाइएको छ भने कृषि बजेटमध्ये नार्कका लागि ५.६६ प्रतिशत छुट्टाइएको छ।

१८ **बजार पूर्वाधारको अभावः** नेपालका धेरै ग्रामीण क्षेत्रहरूमा भण्डारण सुविधा, यातायात सञ्जाल र बजार स्थलहरू सहित उचित बजार पूर्वाधारको अभाव छ। पूर्वाधारको अभावका कारण कृषि उपज नष्ट हुने, किसानले कृषि उपजको उचित मूल्य नपाउने, कृषि उपज भण्डारणमा समस्या रहने कारण क्षमता भन्दा न्यून मात्र उत्पादन गर्ने प्रवृत्ति रहेको छ। त्यसैगरी कृषि सडक र सडक सञ्चालको अभावमा बजार पहुँच कमजोर भएको छ। सडक सञ्जाल रहेको कतिपय स्थानमा समेत सडक बाह्रै महिना सञ्चालन हुन नसक्ने अवस्था छ।

१९ **सिँचाइ सुविधाको अभावः** नेपालको प्रमुख कृषि उत्पादन र अन्य संभावना भएका कृषि उपजको उत्पादनका लागि सिँचाई सुविधा महत्वपूर्ण रहेपनि सिँचाइ सुविधाको पर्याप्तता छैन। आर्थिक गणनाका अनुसार १२ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ जुन कुल कृषियोग्य भूमिको करिब ५४ प्रतिशत मात्र हो। तराई लगायत अन्य समथर स्थानमा सिँचाई विस्तारको संभावना रहेपनि सरकारले आवश्यक परियोजना अगाडि वढाउँन सकेको छैन। कार्यन्वयनमा रहेका केही ठूला आयोजना अन्य विकास आयोजनामा रहेका जस्तै समस्याहरूका कारण तोकिएको समयभित्र सम्पन्न हुन नसक्दा किसानहरूमा लाभ पुग्न सकेको छैन।

२० **कृषि सम्बन्धी अधिकार छरिनुः** नेपालको संविधानले कृषि सम्बन्धी अधिकार तीन तहमा बाँडेको छ। तीन तहको साझा अधिकारको सूचिमा कृषि रहेको छ। प्रदेशको एकल अधिकार सूचीमा कृषि तथा पशु विकास रहेको छ। कृषि सडक, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको छ। सङ्घीय सरकारले लिने नीतिलाई सघाउ पुग्ने गरी तल्ला तहका सरकारका नीतिहरू तर्जुमा हुन सकेको छैन। स्थानीय तहले संविधान प्रदत्त अधिकार प्रयोग गर्ने क्षमता विकास गर्न सकेको छैन भने प्रदेशले समेत कृषि क्षेत्रमा आफ्नो अधिकार बमोजिम प्रभावकारी रूपमा कृषि कार्यक्रम सञ्चालन गर्न सकेको देखिँदैन। कृषि व्यवस्थापनमा तीन तहबीच प्रभावकारी समन्वय हुन नसकेको कारण कृषि क्षेत्रको प्रवर्द्धनमा अवरोध भएको छ। कृषि सम्बन्धी खण्डित नीति र नियमहरू रहेको साथै विद्यमान नीतिको कार्यान्वयन गर्ने जनशक्तिको कार्यक्षमता र मनोबल समेत खस्किएको कारण समेत समस्या रहेको छ।

२१ **वित्तिय पहूँचमा कमी:** कृषिमा संलग्न घरपरिवार मध्ये १२ प्रतिशतको मात्र कृषि कर्जामा पहुँच रहेको छ। यसमध्ये झन्डै ४० प्रतिशतले सहकारी क्षेत्रबाट कर्जा लिएको देखिन्छ। कुखुरापालन लगायत व्यवसायिक पशुपालन र नगदेबाली खेतिमा कृषि कर्जाको महत्वपूर्ण भूमिका रहने भएपनि उपलब्धता साँघुरो रहेबाट समग्र कृषि क्षेत्रको उत्पादकत्व न्यून रहेको छ। साना तथा मझौला कृषि उद्यमीको वित्तिय संस्थामा पहुँच कमजोर रहेको छ। त्यसैगरी अधिकांश कृषकहरु कृषि बीमाको पहुँच भन्दा बाहिर रहेका छन्। कुल किसानहरू मध्ये करिब ४ प्रतिशतमात्र कृषि बीमामा आवद्ध भएका छन्। कृषि बीमामा आवद्ध मध्ये ८४ प्रतिशत पशुपालक, खाद्यबाली उत्पादक ८ प्रतिशत र कुखुरापालक ५ प्रतिशत रहेका छन्। केहि आर्थिक वर्षदेखि सरकारले कृषि लघुबीमाका कार्यक्रम घोषणा गर्ने तर बजेट विनियोजन गर्न नसक्ने प्रवृत्ती देखिएको छ यसमा समेत सुधार आवश्क देखिन्छ।

२२ **कृषि उपजको आयातमा अधिक उदारता:** नेपालमा कृषि उपजहरुको आयातमा अत्यन्त उदार व्यवस्था रहेको छ। आयातित कृषि उपजको गुणस्तर परीक्षण कमजोर रहँदा न्यून लागतका कमसल खाद्य बस्तुहरूको आयातले जनस्वास्थ्यमा प्रतिकूल असर सिर्जना गरेको छ भने स्वदेशमा उत्पादित वस्तुको उपयोगमा अवरोध सिर्जना गरेको छ। आयात हुने कृषि उपजलाई थप नियमित गर्नु आवश्यक देखिएको छ। यसका लागि भन्सार महसुल वृद्धि गर्नुका साथै गैर भन्सार उपकरण समेतको उपयोग गर्नु आवश्यक देखिएको छ। आयातित कृषि उपजहरूबाट आन्तरिक उत्पादनलाई संरक्षण गर्न र स्वदेशी वस्तुको उपयोग प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ।

२३ **कृषिजन्य बस्तुको निर्यातमा अवरोध:** नेपाली कृषि उपजहरुको निर्यातमा विभिन्न अवरोध रहेको छ। अन्तर्राष्ट्रिय बजारको माग अनुरुपको स्थानिटरी र फाइटोस्थानिटरी मापदण्डको पालना हुने गरी उत्पादन हुन नसक्नु। यस सम्बन्धमा कृषकहरु सचेत नहुनु, अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपकमा प्रयोगशाला नहुनु, निर्यातका लागि संकलन हुने कृषि उपज भण्डारणका लागि भन्सार विन्दू र विमानस्थलमा कोल्ड स्टोर जस्ता आवश्यक भौतिक पूर्वाधार नहुनु, कृषि क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न नसकिनु जस्ता कारण कृषि तथा दुधजन्य उपजको निर्यात अत्यन्त न्यून रहेको छ। यसले कृषिको व्यवसायीकरणमा प्रतिकूलता सिर्जना गरेको छ।

२४ **मूल्य अस्थिरता र बजारीकरणको समस्या:** सकारले धान, उखु र गहुँको न्यूनतम समर्थन मूल्य तोक्दै आएको भएपनि अन्य कृषि बालीको न्यूनतम समर्थन मूल्य तोक्ने अभ्यास नरहेको कारण कृषि उपजहरूको मूल्यमा अस्थितरता र अन्यौलता रहेको छ। जसका कारण कृषकहरु कतिपय बालीको खेती गर्न उदासीन भएको अवस्था छ। त्यसैगरि अपर्याप्त बजार जानकारी र बिचौलियाको प्रभावका कारण कृषि उपजको मूल्य स्थिर हुन सकेको छैन। किसानसँग मोलतोल गर्ने क्षमता अर्थात् बार्गेनिङ पावर सीमित भएका कारण किसानले मध्यस्थककर्ता (बिचौलिया) ले तय गरेको मूल्यमा आफ्नो कृषि उपज बिक्री गरिरहेको अवस्था छ। कतिपय कृषि उपजको सन्दर्भमा अनुबन्ध खेती आवश्यक देखिन्छ। यस सम्बन्धी कानुनी आधार र उत्प्रेरणाको अभावमा अनुबन्ध खेति प्रणाली विकास हुन

सकेको छैन। किसानहरुलाई बजार सम्बन्धी जानकारी र मूल्य जानकारी प्रदान गर्ने प्रणालीको अभाव रहेको छ।

सुझाबहरू

२५ कृषि क्षेत्रको रूपान्तरण गरी ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार निर्माण गर्न र कृषि उपजहरूमा आत्मनिर्भर भै पोषण सुरक्षा सुनिश्चित गर्न निम्न विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

(१) नेपालमा जग्गाको उपलब्धता र कृषि सम्भावनाको उच्च उपयोग गर्न भूमिलाई हिमाली क्षेत्र, चुरे क्षेत्र र तराई क्षेत्रका लागि पृथक **भू-उपयोग योजना कार्यन्वयन** तयार गर्नुपर्ने। हाल विद्यमान भूउपयोग ऐन २०७६ ले १० किसिममा वर्गीकरण गरेको छ। जमिनलाई कृषियोग्य जमिन, आवासयोग्य जमिन, औद्योगिक जमिन, अनौपचारिक जमिन र अन्य जमिन गरी जम्मा पाँच किसिमबाट मात्र भूमिको वर्गीकरण गर्नु उपयुक्त हुने। जुन उद्देश्यको लागि वर्गीकरण गरिएको हो सो बाहेक अन्य प्रयोजनमा जग्गा किनबेच गर्न नपाउने व्यवस्था गर्ने। हाल स्थानीय तहले वर्गीकरण गर्ने व्यवस्था भए पनि जग्गा वर्गीकरणमा वैज्ञानिक विधि अवलम्बन भएको छैन। त्यसको लागि सङ्घीय सरकारले नै वर्गीकरणको सिद्धान्त तय गरिदिने र त्यसको आधारमा स्थानीय तहले छ महिनाभित्र वर्गीकरण सम्पन्न गर्ने व्यवस्था मिलाउने। त्यसैगरी जग्गा खण्डिकरण रोक्न र चकलाबन्दी तथा जग्गा एकीकरणलाई प्रोत्साहनका लागि तीन तहकै सरकारले कृषि क्षेत्रमा विनियोजित बजेटको न्यूनतम तोकिएको प्रतिशत छुट्याउनु उपयुक्त हुने। भू-उपयोग ऐन २०७६ का प्रावधानहरू (भू-उपयोग क्षेत्र नक्सा तथा विवरण, भू-उपयोग योजना सहितका) कार्यान्वयन यथाशक्य छिटो गर्ने।

(२) प्रत्येक आर्थिक वर्ष पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम कृषि पूर्वाधारमा खर्च गर्नुपर्ने व्यवस्था गर्ने। उक्त रकम कोल्ड स्टोरेज सुविधा, ग्रेडिङ र संकलन केन्द्र निर्माण, कृषि सडक लगायत यातायात पूर्वाधार सहित बजार पूर्वाधारको विकासमा लगानी गर्ने व्यवस्था गर्ने। ग्रामीण सडक सञ्जाल र यातायात पूर्वाधारमा सुधार गरि बजारमा कृषि उत्पादनको ढुवानीलाई सहज बनाउने एवं उत्पादन र ढुवानी कुशलतापूर्वक गर्न ग्रामीण सङ्कलन केन्द्रहरू स्थापना गर्ने।

(३) सरकारले न्यूनतम समर्थन मूल्य तोकेका वस्तुहरू खरिद गर्नुपर्ने अवस्था आएको खण्डमा खरिद गरिएको उत्पादनहरूको भण्डारण, बिक्री/वितरण सहज बनाउँन खाद्य तथा व्यापार कम्पनी लिमिटेडको स्वामित्वमा प्रत्येक प्रदेश केन्द्रमा र उत्पादन सघनताका आधारमा अन्य स्थानमा गोदाम घर र बिक्री कक्ष निर्माण गर्ने।

(४) स्थानीयस्तरमा पालिकाले स्थानीय खाद्यान्न बैंक सञ्चालन गरी किसानसँग भाडा लिएर कृषि उपज आफ्नो उत्पादन भण्डारण गर्न दिने व्यवस्था मिलाउने।

(५) निर्माणाधिन रानी जमरा कुलरिया, बवई जस्ता आयोजना यथाशक्य छिटो सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्ने, सिँचाइको उच्च संभावना भएको स्थानमा सतह सिँचाइ प्रणाली विस्तार

गर्ने, पानी सञ्चयका लागि पोखरी र ताल निर्माण गर्ने, अन्तर जलाशय स्थानान्तरण योजना अघि बढाउँने।

(६) तराईको जमिनको संरक्षण चुरे क्षेत्रको संरक्षण र सिँचाइको संभावना उपयोग गर्न चुरे क्षेत्र संरक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाउँने। थोपा सिँचाई, स्प्रिङ्कल-सिँचाई प्रवर्द्धनका लागि किसानलाई अनुदान प्रदान गर्ने। सिँचाई प्रणालीको नियमित मर्मत सम्भार र विपद्जन्य घटनाका कारण क्षतिग्रस्त सिँचाइ प्रणालीको मर्मतका लागि छुट्टै कोष खडा गर्ने।

(७) प्रमुख प्रमुख कृषि बालीहरू, धान, मकै, गहुँ, चिया र अलैँचीको लागतका आधारमा प्रत्येक वर्ष सो बाली लगाउने सामान्य समयको कम्तीमा पन्ध्र दिन पहिले राष्ट्रिय समर्थन मूल्य तोक्ने। यसका लागि एउटा चक्रबर्ति कोष खडा गर्ने उक्त कोषमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्रत्येक वर्ष रकम जम्मा गर्दै जाने व्यवस्था गर्ने। त्यसैगरी कृषकलाई मूल्य स्थिर गर्न र किसानहरूलाई आफ्नो कृषि उपजको मूल्य सुनिश्चितता प्रदान गर्न अनुबंध खेती र बाली लगाउनु पूर्व बजारको माग अनुरूप अनुबन्धहरुको प्रवर्द्धन गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने।

(८) किसानहरूको मोलतोल गर्ने क्षमतालाई बलियो बनाउन प्रमुख बजार केन्द्रहरुमा किसान सहकारी र स्थानीय तहको सहकार्यमा बिक्री केन्द्र स्थापना गर्ने। बजार सम्बन्धी सूचना र जानकारीमा पहुँच पुर्याउन मोबाइल एप्स, एसएमएस र अन्य माध्यमबाट किसानहरूलाई मूल्य, माग र आपूर्तिको तथ्याङ्क उपलब्ध गराउने सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने। अनुबन्ध खेती (करार खेती) प्रवर्द्धन गर्ने।

(९) कृषि बजार नियमन ऐन जारी गर्ने। मध्यस्थकर्ता (बिचौलिया) हरुको नियमन गर्न दर्ता गर्नु पर्ने कानुनी व्यवस्था गर्ने।

(१०) निर्वाहमुखी र साना किसान तथा सिमान्तकृत समुदायका किसानहरुलाई वित्तीय साधनमा पहुँच अभिवृद्धि गर्न बैक तथा वित्तीय संस्थाले कृषकका सहकारीलाई थोक कर्जा उपलब्ध गराउने र सहकारी मार्फत किसानलाई कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने।

(११) किसानलाई क्रेडिट कार्ड जारी गर्ने र त्यसबाट कर्जा लिन सक्ने व्यवस्था मिलाउने। साथै, किसानलाई आफ्नो उत्पादन गोदाम घर र भण्डारण गृहमा राखे पछि सम्बन्धित सञ्चालकबाट जारी हुने निस्सा (गोदाम रसिद)को आधारमा वित्तीय क्षेत्रबाट कर्जा प्रवाह हुने व्यवस्था मिलाउने। कृषि विकास बैंकलाई कृषि क्षेत्रमा लगानी गर्ने विशिष्टिकृत संस्थाको रूपमा विकास गर्ने।

(१२) धेरै विषय घोषणा गरेर कार्यन्वयनमा फितलो देखिनु भन्दा सार्वजनिक स्रोतले धान्ने गरी कार्यक्रम घोषणा गरी प्रभावकारी रुपमा कार्यन्वयन गर्ने। हाल सम्म कृषि लघुबीमामा सरकारले व्यहोर्ने गरी घोषणा गरिएको कार्यक्रमको लागि निकासा हुन बाँकी रकम यथाशक्य छिटो निकासा दिने।

(१३) सरकारबाट प्रदान हुने अनुदानलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राज्य सुविधा परिचय पत्रको प्रयोग गर्ने ।यसरी प्रदान गरिएको राज्य सुविधा परिचय पत्रलाई राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी दोहोरो नपर्ने व्यवस्था गर्ने। उक्त राज्य सुविधा परिचय पत्रका आधारमा मल, बीउ, कर्जा तथा अन्य सुविधा प्रदान गर्ने। निर्गत (input) मा आधारित अनुदानलाई उत्पादन र कार्यसम्पादनमा आधारमा दिने व्यवस्था गर्ने। अनुदान एकद्वार प्रणाली मार्फत स्थानीय तहबाट मात्र प्रदान गर्ने।

(१४) कृषकहरूलाई सहुलियतपूर्ण व्याजदरमा लगानी गर्न संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकमा **कृषक कल्याणकारी कोष** स्थापना गर्ने। यसमा सदस्य किसानबाट सदस्यता शुल्क र वार्षिक शुल्क जम्मा गर्ने र केही वर्षसम्म तीनै तहले वार्षिक बजेटबाट रकम निकासा गर्ने।

(१५) बाझो कृषि जमिन उपयोग गर्न भूमि ऐनमा व्यवस्था भए बमोजिम भूमी बैंकको अवधारणा कार्यान्वयनमा ल्याउन आवश्यक कानूनी प्रबन्ध गर्ने। साथै, जग्गा बाँझो राख्ने प्रवृत्ति न्यून गर्न बाँझो जग्गामा अतिरिक्त कर लगाउने।

(१६) सहकारी र सामुदायिक खेती गर्नेलाई अनुदान र कर छुटको व्यवस्था गर्ने।

(१७) निर्यातजन्य उत्पादनको गुणस्तर नियन्त्रणका लागि आवश्यक मापदण्ड विकास गर्ने।निर्यातजन्य कृषि उपजको उत्पादनमा संलग्न कृषकहरुको क्षमता अभिवृद्धि गर्ने।सेनेटरी र फाइटोसेनेटरी मापदण्ड र बजार पहुँच सम्बन्धी जानकारी प्रदान गर्न कृषकलाई गुणस्तर नियन्त्रण र फसल पछि ह्यान्डलिङ अभ्यास बारे तालिम प्रदान गर्ने व्यवस्था मिलाउने।

(१८) निर्यातजन्य बालीको सघनताका आधारमा प्रयोगशाला र प्रशोधन केन्द्र स्थापना गर्ने। कृषि क्षेत्रमा वैदेशिक लगानी खुला गर्ने।

(१९) कृषि उपजको अन्तर्राष्ट्रिय बजारमा पहुँच स्थापित गर्न आवश्यक जैविक प्रमाण पत्र जारी गर्ने संस्थागत प्रवन्ध गर्ने।

(२०) प्रमुख भन्सार विन्दूहरुमा प्रयोगशालाहरुको स्तरोन्नति गर्ने तथा अन्तर्राष्ट्रिय मानदण्ड अनुरुपको नेपाल प्रत्यायन केन्द्र स्थापना गरी प्रयोगशालालाई प्रत्यायन गर्ने व्यवस्था मिलाउने।

(२१) चिया, अलैचि, अदुवा, सुन्तला, अकबरे खुर्सानी जस्ता उच्च निर्यात संभावनयुक्त कृषि उपजहरुको भौगोलिक पहिचान (Geographical Indication) कायम गर्ने ।

(२२) प्रमुख भन्सार विन्दु र अन्तर्राष्ट्रिय तथा प्रमुख आन्तरिक विमानस्थलमा स्यानिटरी र फाइटोस्थानिटरी मापदण्ड पालना हुने गरि शीत भण्डार स्थापना तथा ढुवानीका लागि डेडिकेटेड कोरिडर विकास गर्ने।

(२३) आयात हुने कृषि उपजको भन्सार महसुल वृद्धि गर्ने। कृषि वस्तुको आयात अनुमतिपत्र जारी गर्ने व्यवस्थामा गैर भन्सार उपाय (non-tariff measures) खासगरी कृषि र वनस्पति तथा पशुको आयात अनुज्ञापत्र जारी गर्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशुसेवा विभाग र प्लान्ट

क्वारेन्टिन कार्यालय मार्फत कडाइ गर्ने। आयात हुने कृषि उपजको गुणस्तरको मापदण्ड जारी गर्ने। कृषि उपजको आयात प्रयोगशाला रहेका ठूला भन्सार विन्दूबाट मात्र गर्न पाउने व्यवस्था गर्ने।

(२४) कृषि अनुसन्धान परिषद्को पुनर्संरचना गरी सरकारको कृषि अनुसन्धान विभागको रुपमा स्थापना गर्ने। पशु विज्ञान अनुसन्धान, बागवानी अनुसन्धान, मत्स्य अनुसन्धान केन्द्र स्थापना गर्ने। कृषि अनुसन्धानमा बजेट वृद्धि गर्नु पर्ने।

(२५) मुस्ताङ लगायतका उच्च हिमाली क्षेत्रमा २५०० मिटरभन्दा माथि जैविक मल प्रयोग गरि उत्पादन हुने उच्च पौष्टिक गुण भएका कृषिजन्य उत्पादनलाई **हिमायलन सुरपरफुड**को ब्राण्डिङ् गरी निर्यात प्रवर्द्धन गर्ने।

(२६) कृषि तथा कृषिजन्य उद्योगमा निजि क्षेत्रको लगानी उल्लेख अभिवृद्धि गर्न सरकारले उच्च प्राथमिकताका आधारमा आवश्यक पूर्वाधार निर्माण गर्ने र निजी क्षेत्र मैत्री लगानी नीति अवलम्बन गर्ने।

परिच्छेद १४

वन

स्थिति विश्लेषण

१ नेपालको महत्वपूर्ण प्राकृतिक स्रोतको रूपमा वन क्षेत्र रहेको छ। पछिल्ला दिनमा वन क्षेत्र बढ्दै गएको छ। २०५६ साल मा कुल वन क्षेत्रले कुल जमिनकोको ३९.११ प्रतिशत अर्थात् ५९ लाख १५ हजार ५१८ हेक्टर ओगटेकोमा यो बढेर आ व २०७९/८० को अन्त्यमा ४१.६९ प्रतिशत अर्थात् ६६ हजार ७६६ हेक्टर पुगेको छ। यसमा झाडी तथा बुट्यानले ओगटेको क्षेत्र जोड्दा ४५.३१ प्रतिशत भूभाग बन क्षेत्रले ओगटेको भन्न सकिन्छ।

२ पहाडी ग्रामीण क्षेत्रबाट बसाइँ सराइ बढेसँगै कृषियोग्य भूमिमा समेत जंगल र घाँसे क्षेत्र वृद्धि भएको अध्ययनहरूले देखाएको छ। उदाहरणका लागि कृषि क्षेत्र २०५६ सालमा २६.३१ अर्थात ३८ लाख ९१ हजार ५ सय हेक्टर रहेकोमा २०७६ सालमा २४.२१ अर्थात ३५ लाख ८१ हजार ४७ हेक्टर मात्र रहेको अनुमान गरिएको छ। वन क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहँदै आएको छ। भारतमा ब्रिटिश राजका बेला रेलवे लाइन निर्माण र विस्तारका लागि तराई क्षेत्रको जङ्गलका काठ उपयोग भएको इतिहास छ। नेपालबाट निकासी हुने वस्तुमा धेरै पछिसम्म काठ प्रमुख रहने गरेको थियो।

३ वन क्षेत्र र त्यसको उत्पादनले नेपाली अर्थतन्त्रमा गरेको योगदान, बन व्यवस्थापन, बन र अन्य आर्थिक गतिविधिबीच अन्तरसम्बन्ध र त्यसमा देखिएका मूल विषयहरूको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

(क) **उर्जा:** घरायशी प्रयोगको उर्जाको प्रमुख स्रोत वनजन्य उत्पादन रहेको छ। नेपालमा परम्परागत रूपमा दाउराको प्रयोग हुँदै आएको र २०७८ सालको जनगणनाले ५१ प्रतिशत घर परिवारले खाना पकाउन काठ-दाउरा प्रयोग गर्ने गरेको देखाउंछ। कर्णाली प्रदेशमा ८२ प्रतिशत घर परिवारको घरायशी ऊर्जाको स्रोत नै बन हो। वातावरण संरक्षण र जनस्वास्थ्यका दृष्टिकोणले एकातिर ऊर्जाको स्रोतको रूपमा रूपमा काठ दाउराको उपयोग घटाउँदै लैजानु पर्ने छ भने अर्कोतिर सुधारिएको धुवाँ रहित चुल्होको उपयोग बढाउनु पर्ने देखिन्छ।

(ख) **पशुपालन:** नेपालमा कृषि र पशुपालन सँग सँगै उन्नयन भएको छ। कृषकले कृषि बाली नालीमा आवश्यक मल, खेत बारीमा खनजोत गर्न, दुग्धपदार्थ र मासुका लागि पशुपालन गर्छन्। यसमा वन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। वन क्षेत्रले पशु आहार र चरन क्षेत्रको रूपमा टेवा दिएको छ। ऊन, दूध र मासु उत्पादनलाई प्रवर्द्धन गर्न वन क्षेत्रको वैज्ञानिक विधि अनुरूप चरन क्षेत्रको विकास गर्नु पर्ने देखिन्छ। त्यसैगरी सामुदायिक वन क्षेत्रमा वन-कुखुरो, कालिज, जरायो, बनेल जस्ता मासुजन्य पशुपंछि पालनको सम्भावना रहेको छ। ग्रामीण क्षेत्रबाट बसाइँ सराईका कारण र निकुञ्ज र मध्यवर्ती क्षेत्रका आसपासका बस्तिहरुमा वन्यजन्तु र स्थानीय

वासिन्दाहरुबीच द्वन्द्व बढ्दै गएको छ। यसको समुचित व्यवस्थापन गर्न सकिएमा पशुपंछी पालनमा नयाँ आयाम सिर्जना हुन सक्दछ। यसका लागि विद्यमान कानूनी प्राबधानहरुमा समेत सुधार आवश्यक देखिन्छ।

(ग) **पूर्वाधार विकास:** नेपालको वन क्षेत्र पूर्वाधार विकासको महत्वपूर्ण आधार हो। परम्परागत रुपमा ग्रामीण र दुर्गम क्षेत्रमा आवास, घर ,भवन, पुलपुलेसा निर्माणमा समेत काठको उपयोग हुँदै आएको छ। परिवर्तित सन्दर्भमा समेत कतिपय आयातित औद्योगिक वस्तुको प्रतिस्थापन वनस्रोतबाट गर्न सकिन्छ। उदाहरणका लागि शहरी क्षेत्रमा भवन निर्माणमा काठका झ्याल ढोका उपयोग घटिरहेको छ। नेपालका वन क्षेत्रमा काठ सडेर जाने तर झ्याल ढोकामा आयातित पिभिसि र एल्मुनियम उपयोग हुँदा एकातिर व्यापार घाटा बढेको छ भने अर्कोतिर आन्तरिक रोजगारी खुम्चिएको छ। काठका झ्याल ढोकाको उपयोग कम हुँदै जाँदा नेपाली कला कौशल र परम्परा समेत हराउँदै गएको छ। तसर्थ नेपाली काठको व्यवस्थित उपयोग गर्ने दृष्टिकोण निर्माण गर्नु आवश्यक भएको छ।

(घ) **औद्योगिक कच्चा पदार्थ:** नेपालको कतिपय उद्योगका उत्पादनका कच्चा पदार्थको रूपमा वन क्षेत्रको उत्पादन रहेका छन्। कत्था, रोजिन तथा टर्पेन्टाइन, प्लाउड, प्लाईबोर्ड जस्ता औद्योगिक उत्पादनका कच्चा पदार्थ बनबाट प्राप्त हुन्छ। यस्ता नेपाली उत्पादनहरू अन्तर्राष्ट्रिय बजारमा समेत प्रतिष्पर्धी छन्। वनस्पति रेसाबाट बन्ने कपडा तथा पोशाकका लागि आवश्यक कच्चा पदार्थ बनबाट प्राप्त हुन्छ। वेत बाँसका सामग्रीका लागि कच्चा पदार्थ बनबाट प्राप्त हुन्छ। नेपालको प्रमुख निर्यात सामग्रीको रुपमा रहेका यस्ता उद्योगहरुको प्रवर्द्धनका लागि नीतिगत, कानूनी र संस्थागत सुधारको आवश्यकता रहेको छ।

(ङ) **जडीबुटी:** महत्वपूर्ण औषधीय गुणले युक्त जडीबुटीहरू नेपालका बनमा पाइन्छ। विविध प्रकृतिका औषधि र प्रशाधन सामग्रीको कच्चा पदार्थको रूपमा यिनको माग उच्च रहेको छ। जडीबुटी संकलनमा रहेको जटिलता र उपयुक्त व्यवस्थापनको अभावमा चोरी निकासीका कारण मुलुकले ठूलो राजस्व गुमाइरहेको छ। साथै, न्यूनतम तहको प्रशोधन हुन नसक्दा मुलुकको वैदेशिक आम्दानी अपेक्षित हुन सकेको छैन। जडीबुटी खेती प्रवर्द्धन र संकलनमा सरल र सहज व्यवस्थाका साथै प्रशोधनको लागि आवश्यक पूर्वाधार विकास गर्नु जरुरी छ। आयुर्वेद औषधिको उत्पादनको उच्च संभावना रहेको भएपनि उपयुक्त नीतिगत र संस्थागत व्यवस्था अवलम्बन हुन नसक्दा आयुर्वेदिक औषधिको उच्च हिस्सा आयात हुने गरेको छ। आयुर्वेदिक कच्चा पदार्थको उत्पादनका लागि उपयुक्त नीति लिन सकिएमा त्यस्ता औषधिमा आत्मनिर्भर हुनुका साथै निर्यातको समेत प्रशस्त संभावना छ। त्यसैगरी नेपालको विशिष्ट हावापानीले सुगन्धित तेलको उत्पादनका लागि विविध बनस्पति उपलब्ध रहेको छ।

(च) **पर्यटन:** नेपालको बनले आकर्षक पर्यटकीय गन्तव्यहरू दिएको छ। उच्च हिमशृंखलाहरू, प्राकृतिक दृश्यावलोकन, सांस्कृतिक सम्पदाको भ्रमण पछि पर्यटकहरूले दुर्लभ बन्यजन्तु,

चराचुरुङ्गीसँग रमाउन संरक्षित बनक्षेत्रको भ्रमण गर्छन्। दूर्लभ वन्यजन्तुको दृश्यावलोकनका लागि जंगल सफारी महत्वपूर्ण पर्यटकीय गतिविधिको रूपमा विकास भएको छ। वन क्षेत्र निकट रिसोर्ट र होटल स्वदेशी तथा विदेशि पर्यटकको उच्च आकर्षणको केन्द्रका रूपमा स्थापित हुँदै गएका छन्। तथापी राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रलाई आय आर्जन र व्यावसायिक रूपमा उपयोग गर्न कतिपय कानूनी तथा प्रक्रियागत अवरोध छन्। उदाहरणका लागि राष्ट्रिय निकुञ्ज प्रवेशमा विदेशी पर्यटकहरुलाई उच्च शुल्क लाग्ने व्यवस्था रहेकोले पदयात्रा, सांस्कृतिक तथा धार्मिक पर्यटक निकुञ्ज भ्रमणमा जान निरुत्सान हुने अवस्था रहेको छ।

(छ) **काठ उत्पादन र बिक्री:** नेपालको बन क्षेत्रको व्यवस्थित गर्न सकिएमा वार्षिक १५ करोड क्यू-फिट काठ उत्पादन गर्न सकिने अनुमान गरिएको छ। दिगो वन व्यवस्थापनका सिद्धान्तमा आधारित भई वन क्षेत्रको व्यवस्थापन गरी उत्पादन हुने काठ आन्तरिक माग पूर्ति गर्नका साथै निर्यात समेत गर्न सकिन्छ। विद्यमान नीतिगत र कानुनी व्यवस्थाका कारण आन्तरिक माग पूर्तिका लागि समेत आयातित काठ उपयोग गर्नु परेको छ। नेपालमा काठ मात्रै नभई काठजन्य सामग्रीको आयात पनि उच्च रहेको छ। काठ र काठजन्य सामग्रीको आयात विस्थापन मात्र गर्न सकिएमा पनि रोजगारी सिर्जनाको आधार हुने देखिन्छ।

(ज) **कार्बन व्यापार**: जलवायू परिवर्तनका सन्दर्भमा कार्बन व्यापारले महत्वपूर्ण स्थान पाएको छ। आफूले न्यून प्रदूषण गर्ने मुलुकहरूले आफ्नो वन क्षेत्रको लाभको रुपमा प्रदूषण गर्ने मुलुकहरूले उत्सर्जन गर्ने कार्बनको तोकिएको मात्रा अनुरूप कार्बन खपत गरिदिए बापत उत्सर्जन गर्ने मुलुकबाट रकम प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। हाल नेपालले समेत कार्बन व्यापार बापत रकम प्राप्त गरिरहेको छ। एकातिर मुलुकले ठुलो परिमाणमा काठ तथा बन्जन्य उत्पादन आयात गर्नु परेको छ भने अर्कोतिर कार्बन व्यापारमा प्रयोग गरिएको बन क्षेत्र लाभदायी व्यावसायिक प्रयोग गर्न सकिँदैन। यसर्थ दिगो बन व्यवस्थापनबाट प्राप्त हुन सक्ने लाभसँग तुलना गरी मात्र बन क्षेत्रको उपयोग कार्बन व्यापारका निमित्त प्रयोग गर्न उपयुक्त हुन्छ।

(झ) **विद्युत प्रशारण लाइन विस्तारमा उपयोग भएको बन क्षेत्रको उत्पादनशील प्रयोग**: उच्च-भोल्टेजको विद्युत प्रशारण लाइन विस्तार गर्न मुलुकभरि निजी जग्गा खरीदका अतिरिक्त बन क्षेत्रको प्रयोग भएको छ। यस्तो जमिनको प्रयोग कृषि-बनका निमित्त गर्न सकिने वन तथा वातावरण मन्त्रालयको कार्यविधिमा उल्लेख छ[24] तर व्यवहारमा यसको प्रयोग र विस्तार हुन सकेको छैन।

(ञ) **कृषि-वन तथा निजी वन**: कुल भूभागको करिब ४ प्रतिशत झाडी तथा बुट्यानले ओगटेको र कतिपय पहाडी जिल्लामा अप्रवासनका कारण निजी जमिनमा खेती गर्न छोडेर जग्गा बाँझो रहन गएको सन्दर्भमा कृषि-बन (एग्रो-फरेष्ट्री) बढाउने सम्भावना रहेको छ। यसै गरी निर्वाहमुखी खेति गर्नु भन्दा अन्य लाभदायी पेशा अँगाल्ने प्रवृत्ति बढेर निजी जग्गा बाँझो रहन

[24] नमुना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, वन तथा वातावरण मन्त्रालय.

गएकाले त्यस्तो जग्गा कम स्याहारसुसार गर्नु पर्ने निजी वन लगाउन प्रोत्साहन गर्नुपर्ने देखिन्छ। त्यसले जग्गाको उचित उपयोग हुने मात्र नभई घर परिवारको दिर्घकालिन आय वृद्धि र वातावरण संरक्षणमा समेत सकारात्मक प्रभाव पर्दछ। राष्ट्रिय वन नीति २०७५ ले निजी जग्गामा उत्पादित वन पैदावारलाई जग्गा धनीले कटान, प्रशोधन, बिक्री वितरण, ओसारपसार र प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ[25] भनेको छ तर व्यवहारमा कटानीको स्वीकृति र ओसारपसारमा उद्यमीहरूलाई व्यावहारिक अवरोधहरू छन्। एकातिर निजी वन प्रवर्द्धन गर्ने नीति छ भने अर्को तिर निजी वन जंगल राष्ट्रियकरण ऐन, २०१३ ले उपत्यका र पहाडमा २५ रोपनीसम्म र तराइमा ५ बिगाहासम्म जग्गा जमिनमा कसैले आफ्नै मेहनतबाट रूख लगाई पालेको भए त्यस्तो रुखहरू बन जंगल नमानिने तर उल्लिखित सीमा भन्दा बढी जग्गामा रुखहरू पालेको भए बन जंगल मानेर राष्ट्रियकरण हुन सक्ने ऐनको प्रावधान छ। भूमि सम्बन्धी ऐन, २०२१ ले तोकेको जग्गाको हदबन्दीको सीमा घरबारी समेत गरी पहाडमा ७५ रोपनी भएको सन्दर्भमा यो ऐनको प्रावधानले निजी बन राष्ट्रियकरण हुन सक्ने जोखिम विद्यमान छ।

विकास आयोजना सञ्चालनमा वन क्षेत्र उपयोग

४ मुलुकको आर्थिक विकासमा वन क्षेत्र जोडिएको अर्को महत्वपूर्ण क्षेत्र विकास आयोजना सञ्चालन हो। विकास आयोजना सडक, पुल राजमार्ग जलविद्युत निर्माण प्रायः वन क्षेत्र भनि वर्गीकरण गरिएको स्थानमा नै हुने गरेको छ। नेपाल आर्थिक विकासका हिसाबले भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिनुपर्ने चरणमा रहेको छ। तर अन्य विषयका अतिरिक्त विकास आयोजनाको जग्गा प्राप्तिमा ढिलाई हुँदा विकास आयोजना तोकिएको समयभित्र सम्पन्न हुन सकेको छैन। अझ वन क्षेत्र उपयोग हुने गरी प्रस्तावित विकास आयोजनामा वन क्षेत्र प्रयोग सम्बन्धमा रहेको कठिनाइले निर्धारित समयावधि भित्र आयोजना सम्पन्न हुन सकेको छैन। निजी क्षेत्रबाट निर्माण भइरहेका जलविद्युत आयोजनामामा समेत वन क्षेत्रको जग्गा प्राप्ति र रुख कटानमा रहेको जटिलताले समग्र विकास प्रक्रियालाई अवरुद्ध गरेको छ। त्यसैगरी उद्योग व्यवसाय र विकास आयोजना सञ्चालन गर्नु अघि वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्थाका कतिपय प्रावधानले समेत विकास प्रयासमा जटिलता सिर्जना गरेको छ।

नेपालमा वन सम्बन्धमा विद्यमान व्यवस्था

५ नेपालको संविधानको अनुसूचि-५ संघको अधिकारको सूचिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा लिपिबद्ध गरिएको छ। त्यसैगरी अनुसूचि- ६ अन्तर्गत प्रदेशको एकल अधिकारको सूचिमा प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन रहेको छ। अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत वातावरण संरक्षण र जैविक विविधता रहेको छ। त्यसैगरी स्थानीय तहको

[25] राष्ट्रिय वन नीति, २०७५, वन तथा वातावरण मन्त्रालय

अधिकारको सूची अनुसूचि-८ मा वातावरण संरक्षण र जैविक विविधता, वन्यजन्तु, जलाधार रहेको छ। अनुसूचि-९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा वन, जंगल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातवारण, पर्यावरण तथा जैविक विविधता रहेको छ। यसबाट वन क्षेत्र तथा वातावरण संरक्षण तीनै तहको साझा अधिकारको रुपमा रहेको देखिन्छ। सङ्घीय तहमा वन ऐन, २०७६ र वातावरण संरक्षण ऐन २०७६ कार्यन्वयनमा रहेको छ। प्रदेशमा प्रदेश वन ऐन सबै प्रदेशहरुले जारी गरेका छन्। वन क्षेत्रको राष्ट्रिय नीति संघबाट तर्जुमा हुने भएपनि वन क्षेत्रको व्यवस्थापन प्रदेशबाट हुँदै आएको छ।

६ वन ऐनले पूर्ण वा आंशिक रूपमा रुख वा बुटयानले ढाकिएको क्षेत्रलाई वनको तोकेको छ भने निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार नदी, खोलानाला, बगर पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्रलाई वन क्षेत्रको रूपमा तोकेबाट वनको क्षेत्र व्यापक राखेको छ। यसले निजी बाहेकका अन्य सबै जमिन समेत स्वतः वन क्षेत्र हुने भएकोले सबै किसिमका विकास आयोजना सञ्चालनमा वन क्षेत्र प्राप्तिको प्रक्रिया अवलम्बन गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको देखिन्छ। साथै राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने व्यवस्था भएबाट वन क्षेत्रको प्रयोग सम्बन्धमा सङ्घीय निकायको भूमिका रहेको देखिन्छ। राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रूपमा वर्गीकरण गरिएको छ। अन्य वन बाहेक राष्ट्रिय वनको व्यवस्थापन सरकारबाट नै हुने प्रावधान रहेको छ। वन क्षेत्रभित्रको जग्गा प्राप्ति सम्बन्धी व्यवस्था प्रचलित जग्गा प्राप्ति कानून बमोजिम हुने व्यवस्था रहेको छ। नेपालको वन क्षेत्रको व्यवस्थापनका समुदायको स्वामित्वमा वन व्यवस्थापन गर्ने कार्य महत्वपूर्ण नीतिगत सुधारको रूपमा रहेको छ। वर्तमान ऐनले समेत सामुदायिक वन व्यवस्थापनलाई उच्च महत्व दिएको छ। साथै, सामुदायिक वनको काष्ठ तथा गैर काष्ठ उत्पादनको बिक्रीबाट प्राप्त आय उपभोक्ता समूहको आम्दानीको रूपमा रहने व्यवस्था रहेको छ। उक्त आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास संरक्षण र व्यवस्थापन कार्यक्रममा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनिकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने व्यवस्था समेत रहेको छ। नेपाल सरकार र प्रदेश सरकारको वार्षिक बजेटको ठूलो हिस्सा वन संरक्षण र व्यवस्थापनमा खर्च हुने गरेकोमा सङ्घीय सरकारको कोषमा शून्य बराबर र प्रदेश सरकारको कोषमा समेत नगण्य रकम प्राप्त भएबाट यस सम्बन्धमा नीतिगत र कानुनी प्रबन्धमा संशोधन हुनु पर्ने देखिन्छ। साझेदारी बनको सम्बन्धमा समेत सामुदायिक वन सरहकै प्रावधान रहेकोले सोही बमोजिम मिलान हुनुपर्ने देखिन्छ।

पूर्वाधार विकासको लागि बन क्षेत्र उपयोग सम्बन्धी व्यवस्था

७ पूर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय बमोजिम कुनै आयोजनालाई वन क्षेत्र उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ। वन ऐनको दफा ४२ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजना र राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृत दिन सक्ने व्यवस्था रहेको छ। साथै यस्तो योजना सञ्चालनको लागि बन क्षेत्र उपलब्ध गराउँदा कति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजना स्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय प्रणालीमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्ने व्यवस्था ऐनको दफा ४२ (२) मा रहेको छ।

८ प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने विकास आयोजनामा वनक्षेत्र प्रयोग गर्नु परेको अवस्थामा आवश्यक वनक्षेत्र नेपाल सरकारको स्वीकृतिमा प्रयोग गर्न सकिने र ऐनको दफा ४२(२) बमोजिमको प्रावधान पुरा गर्नुपर्ने व्यवस्था रहेको छ। आयोजना सञ्चालन गर्न वन क्षेत्रबाट प्राप्त जग्गा बराबर वन विकासका लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउन नसकेमा आयोजना सञ्चालकले वन विकासका लागि जग्गाको व्यवस्था गर्न आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्ने प्रावधान ऐनको दफा ४२ (५) रहेको छ । साथै ऐनको दफा ४२ को उपदफा (२) र (५) बमोजिमको जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भारका लागि आवश्यक पर्ने रकम आयोजना सञ्चालकले उपलब्ध गराउनु पर्ने व्यवस्था समेत दफा ४२ को उपदफा (६) मा रहेको छ।

९ वन ऐनको दफा ४५ मा वन विकास कोषको व्यवस्था रहेको छ। दफा ४२ बमोजिम आयोजना सञ्चालकले उपलब्ध गराउने रकम सोही कोषमा आम्दानी बाँधिने व्यवस्था रहेको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको लागि समेत रकम वन विकास कोषमा बुझाउनु पर्ने व्यवस्थाले आयोजना व्यवस्थापनमा थप जटिलता सिर्जना गरेको देखिन्छ।

वन क्षेत्रमा रहेको खनिज पदार्थ उत्खनन (ऐनको दफा ४३)

१० राष्ट्रिय वन क्षेत्रभित्र खनिज पदार्थ भए नभएको अन्वेषण गर्नको लागि प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयको अनुमति आवश्यक हुने व्यवस्था रहेको छ। राष्ट्रिय वन भित्र सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थको उत्खनन गर्नु परेमा वातावरणीय परीक्षण गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन गर्नको निमित्त नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्ने स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ। राष्ट्रिय प्राथमिकता प्राप्त

विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र उल्लिखित खनिज पदार्थ बाहेक वनक्षेत्रबाट अन्य खनिजजन्य वन पैदावार उत्खनन् गर्न नपाइने व्यवस्था रहेको छ।

बातावरण संरक्षण सम्बन्धमा विद्यमान अवस्था

११ नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक रहेको छ। प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने हक हुने, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितले प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने तथा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ। वातावरणीय स्वच्छताका लागि शहरी शहरोन्मुख क्षेत्रहरुमा खुला स्थानहरुको व्यवस्थापन तथा विकास गर्ने तथा सघन बस्ती भएका क्षेत्रमा वृक्षारोपरण गर्ने जस्ता कार्यहरु तीनै तहका सरकारको समन्वयात्मक प्रयासमा गर्नुपर्ने हुन्छ।

१२ हाल वातावरण संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य वातावरण संरक्षण ऐन २०७६ बमोजिम भइरहेको छ। यसमा ऐनमा मूलतः वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, भौतिक पूर्वाधार तथा अन्य विकास योजना आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा वातावरणीय पक्षको अध्ययन र उक्त कार्यको नियमन तथा वातावरण र विकासबीच समुचित सन्तुलन कायम गराउने विषय रहेको छ। विकास आयोजनाका सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन, रणनीतिक वातावरणीय विश्लेषण आकर्षित हुने देखिन्छ।

सुझाबहरु

१३ **वन क्षेत्र नेपालको आर्थिक वृद्धि र रोजगारी सिर्जनामा योगदान पुर्याउन सक्ने महत्वपूर्ण क्षेत्र हो। पर्यावरणीय सन्तुलन कायम गर्दै वन स्रोतको उच्चतम उपयोग गर्न माथिको विश्लेषणका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ।**

(१) धुवाँ रहित चुल्होको उपयोग व्यापक रूपमा बढाउन प्रत्येक वर्ष पेट्रोलियम पदार्थमा संकलित करको निश्चित प्रतिशत रकम धुवाँ रहित चुल्हो जडान गर्न वार्षिक बजेटमा विनियोजन गर्ने व्यवस्था गर्ने।

(२) सामुदायिक वन क्षेत्रमा वन कुखुरा, कालिज, जरायो, बनेल जस्ता मासुजन्य पशुपंछि पालनमा सरल व्यवस्था गर्ने ।

(३) तीन तहकै सरकारले काठ र काठजन्य सामग्रीको प्रयोग गर्नु परेमा अनिवार्य रूपमा स्वदेशी काठ र काठजन्य सामग्रीको प्रयोग गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने।

(४) सार्वजनिक निकायले भवन निर्माण गर्दा ढोका, झ्यालमा अनिवार्य रूपमा काठ प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने।

(५) कत्था उद्योग, रोजिन टर्पेन्टाइन उद्योगमा वातावरणीय प्रभाव मूल्याङ्कन सरल बनाउने। प्लाउड भेनिष्ता, लोक्ता उद्योग, वेत बाँसका समाग्री जस्ता वनजन्य उत्पादनमा आधारित उद्योगहरुमा कर छुट र यस्ता सामग्रीको आयातमा कर अभिवृद्धि गर्ने।

(६) प्रत्येक गाँउपालिकामा एक चरन क्षेत्र स्थापना र विकास गर्ने उक्त क्षेत्रलाई हरित र खुला क्षेत्रको रूपमा तोक्ने।

(७) राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र मध्यबर्ती क्षेत्रसँग सिमाना जोडिएका पालिकामा वन्यजन्तुबाट पीडित नागरिकलाई राहत दिन द्रुत राहत कोष र उद्धार केन्द्र स्थापना गर्ने।

(८) राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रमा प्रवेश गर्ने विदेशी पर्यटकलाई नेपाली पर्यटकलाई भन्दा फरक र उच्च प्रवेश शुल्क लाग्ने गरेकोले यसलाई नेपाली पर्यटक सरह लाग्ने व्यवस्था गर्ने।

(९) काठको गुणस्तरमा अभिवृद्धि गरी खेर गएको काठको सदुपयोग गर्न प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा निजी लगानीमा काठ सिजनिङ उद्योग स्थापना गर्ने।

(१०) सामुदायिक वनको काष्ठ तथा गैर काष्ठ उत्पादनको बिक्रीबाट प्राप्त आयबाट प्राप्त रकमबाट वनको विकास संरक्षण र व्यवस्थापन कार्यकम खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनिकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च भई बाँकी हुने रकम मध्ये दश प्रतिशत उपभोक्ता समूहको खातामा राखि अन्य रकम तिनै तहको सरकारमा बाँडफाँट हुने व्यवस्था गर्ने।

(११) जडिबुटि र आयुर्वेद औषधिको कच्चा पदार्थको रोयल्टी महँगो हुँदा चोरि निकासी बढेकोले रोयल्टीको दर घटाउने ।

(१२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको लागि समेत रकम वन विकास कोषमा बुझाउनु पर्ने व्यवस्था हटाउने।

(१३) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा परियोजनाले प्रयोग गर्ने वन क्षेत्र र कटान गरिने रूखहरूको विवरण स्पष्ट रूपमा उल्लेख गरी स्वीकृति लिइसकेपछि पनि पुनः वन क्षेत्रको जग्गा र रूखहरूको नाप जाँच गरी मन्त्रालय, वन विभाग, डिभिजन वन, सव-डिभिजन वन, सामुदायिक वन लगायत विभिन्न निकायहरूमा स्वीकृत गराउनु पर्ने कारण प्रक्रिया अनावश्यक रूपमा जटिल र लामो हुने भएकोले एक पटक EIA स्वीकृत भइसकेपछि परियोजनालाई आवश्यक वन क्षेत्र प्रयोग गर्न सिधा अनुमति प्रदान गर्ने व्यवस्था गर्ने।

(१४) वन नियमावली, २०७९" को नियम ९० बमोजिम प्राप्त गरिएको जग्गाको सट्टा भरपाई गर्न नियम ९१ र ९२ अनुसार जग्गा प्रदान गर्नुपर्ने तथा नियम ९३ अनुसार आवश्यक रकम जम्मा गर्नुपर्ने व्यवस्थाका कारण परियोजनाले पहिलो चरणमा क्षतिपूर्तिको लागि आवश्यक जग्गा आफ्नै नाममा खरीद गर्नुपर्ने र त्यसपछि मात्र उक्त जग्गा सरकारलाई हस्तान्तरण गर्न सकिने व्यवस्थाले परियोजना निर्माणमा ढिलाइ हुने अवस्था रहेको। साथै परियोजनाले आवश्यक जग्गा उपलब्ध गराउन सकेन भने, वैकल्पिक रूपमा प्रमुख जिल्ला अधिकारी, नापी कार्यालय प्रमुख, मालपोत कार्यालय प्रमुख लगायतका विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित समिति गठन गर्नुपर्ने प्रावधानले प्रक्रिया जटिल र लामो हुने हुँदा परियोजनाको अनुमोदन प्रक्रियामा थप ढिलाइ हुने भएकोले यस सम्बन्धमा क्षतिपूर्ति उपलब्ध गराउने वैकल्पिक व्यवस्था गर्ने।

(१५) वन नियमावली, २०७९ को नियम ९३ बमोजिम, परियोजनाले क्षतिपूर्तिस्वरूप रकम तिर्दा वन क्षेत्र प्रयोगका लागि आवश्यक जग्गाको मूल्य र कटान गरिने रूखहरूको मूल्य दुबै रकम रूपमा सरकारलाई जम्मा गर्नुपर्ने व्यवस्थाका कारण यसले परियोजनाहरूमा अत्याधिक आर्थिक भार पर्ने र कार्यान्वयन प्रक्रियामा ढिलाइ हुने समस्यालाई व्यावहारिक बनाउन वृक्षारोपणको अनुपात १:२ तथा हेरचाह अवधि २ वर्ष कायम गर्नु उपयुक्त हुने।

(१६) वातावारण प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेपछि र जग्गा भोगाधिकार दिँदा एकपटक रूखहरूको नापजाँच गरि सकिएको भए पनि कटान अघि पुनः नापजाँच गरी स्वीकृति लिनुपर्ने प्रावधान रहेकोले अनुमोदन प्रक्रिया अनावश्यक रूपमा जटिल र ढिलो हुने गरेको छ। कतिषय अवस्थामा स्वीकृति प्रक्रियामा नै २-३ वर्ष लाग्ने र सोही अवधिमा साना रूखहरू ठूलो भई नापजाँच विवरण नमिल्ने समस्याले थप प्रशासनिक झन्झट र ढिलाइ उत्पन्न हुने हुँदा यो समस्या हटाउन, एक पटक स्वीकृत भएका रूखहरूको विवरणलाई अन्तिम रूपमा मान्यता दिई, पुनः नापजाँच गर्नु नपर्ने व्यवस्था गर्ने।

(१७) छातीको उचाईभन्दा तल एउटै ट्रंकबाट विभाजित भएका रूखहरूलाई तिनको हाँगाको संख्या अनुसार छुट्टाछुट्टै रूखको रूपमा गणना गर्ने प्रावधान रहेकोले रूख कटानको संख्या अनावश्यक रूपमा बढाउने हुँदा यसलाई व्यवहारिक बनाउन रूख गणनाको स्पष्ट मापदण्ड निर्धारण गरी मूल रूखलाई नै आधार मानेर गणना गर्ने प्रणाली लागू गर्नु उपयुक्त हुने ।

(१८) कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केहि परिवर्तन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधानको सट्टा संरचना

स्थानान्तरण र वन क्षेत्र थप गर्नुपर्ने अवस्थामा मात्र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्राबधान राख्नु उपयुक्त हुने।

(१९) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि राष्ट्रिय स्तरमा सङ्घीय सरकारले राष्ट्रिय जलबायु अनुकूल योजना बनाउँने र त्यसको अधीनमा रही प्रदेशले प्रदेश अनुकूलन योजना र प्रदेश अनुकूलन योजनाको अधिनमा रही स्थानीय अनुकूलन योजना स्थानीय तहले बनाउन सक्नेछन् भन्ने व्यवस्था राख्नु उपयुक्त हुने।

(२०) सम्मानित सर्वोच्च अदालतबाट बागमती र यसका सहायक नदी किनाराको मापदण्ड २० मिटर बढाउने सर्वोच्च अदालत फैसला बमोजिम हालसम्म कुनै संरचना नबनेका खालि क्षेत्रलाई वातावरणीय र शहरी सौन्दर्यको दृष्टिकोणका आधारमा ऐनको दफा ३० बमोजिमको खुला र हरियाली क्षेत्र कायम गर्ने।

(२१) राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने, दैनिक १० टन भन्दा बढि प्राङ्गारिक मल उत्पादन गर्ने उद्योगको स्थापना गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने विषयलाई सरल बनाउन उपयुक्त हुने।

(२२) वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ बमोजिम सबै खालका आयोजनामा तयार हुने वातावरणीय अध्ययन प्रतिवेदन एउटै ढाँचा र प्रक्रियाको रहेकोले आयोजनाको प्रकृति अनुरुप प्रकृया फरक फरक हुनु उपयुक्त हुने।

(२३) वातावरण संरक्षण ऐन, २०७६, दफा ५ बमोजिम परियोजनाको क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको तथा दफा ७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने प्रावधानले परियोजनाको स्वीकृतिमा अनावश्यक ढिलाइ हुने गरेकोले यस प्रणालीलाई हटाई एकल प्रक्रिया लागू गर्नु आवश्यक छ। जसमा क्षेत्र निर्धारण, कार्यसूची प्रतिवेदन, र वातावरणीय अध्ययन प्रतिवेदन एकै पटक मूल्यांकन गरी Single Approval System बाट स्वीकृति दिने व्यवस्था गर्नु उपयुक्त हुने। साथै, एकीकृत वातावरणीय मूल्यांकन प्रक्रिया (Integrated Environmental Assessment Process) लागू गरी सम्बन्धित निकायहरूले एउटै चरणमा निर्णय गर्ने व्यवस्था मिलाउने।

(२४) वातावरण संरक्षण नियमावली, २०७७ का नियम ४, ५, ६, ७, ८, र ९ मा प्रावधानहरूका कारण अनुमोदन प्रक्रिया लामो रहेको छ। सार्वजनिक सुनुवाइ सम्पन्न गरिसकेपछि पनि FGD (Focus Group Discussion), KII (Key Informant Interview) गर्नुपर्ने, सम्बन्धित निकाय, स्थानीय तह र वडा कार्यालयमा सात दिनको सूचना टाँसी राय सुझाव संकलन गर्नुपर्ने जस्ता दोहोरिएका प्रक्रियाहरूले स्वीकृति प्रक्रियालाई अनावश्यक रूपमा लम्ब्याउने हुँदा दोहोरिएका चरणहरूलाई हटाई संक्षिप्त र प्रभावकारी प्रक्रिया अपनाउनु उपयुक्त हुने।

(२५) निजी र सामुदायिक बनबाट संकलित बन पैदावार घरायसी वा व्यावसायिक प्रयोजनका लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसार पसार गर्दा जुन स्थानीय तहबाट संकलन भएको हो सो स्थानीय तहको स्वीकृति भए पुग्ने गरी प्रक्रिया सरलीकरण गर्ने (बन ऐनको दफा ३६ मा संशोधन गरेर)

(२६) समुदाय तथा सम्बन्धित स्थानीय तहको सहभागितामा विद्युत प्रशारण लाइन मुनिको जग्गा कृषि बनको रूपमा उपयोग गर्ने कार्यक्रम सञ्चालन गर्ने।

(२७) निजी वन जंगल राष्ट्रियकरण ऐन, २०१३ हालको सन्दर्भमा असान्दर्भिक भएकोले खारेज गर्ने।

(२८) सुगन्धित तेल, लामो रेशाका कपडा, जडिबूटी तथा सुगन्धित वनस्पति, लोक्ताबाट बनेको हाते काजग तथा रोजिन एण्ड टर्पेन्टाइनको खेति तथा निर्यात समेतका विषयहरु समावेश गरी नियमावली जारी गर्नुपर्ने।

(२९) जडिबूटी संकलन तथा प्राथमिक भण्डारणका लागि जडिबूटी उत्पादन हुने क्षेत्रमा भण्डारण गृह निर्माण गर्ने।

(३०) सात वटै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा जडिबूटी तथा सुगन्धित तेल प्रशोधन केन्द्र स्थापना गर्ने।

परिच्छेद १५

जमिन तथा खानीको उपयोग

१ **देशको आर्थिक विकाशको लागि प्राकृतिक स्रोतले अहम भूमिका खेल्दछ** ।प्राकृतिक स्रोतको आर्थिक प्रयोग हुन्छ जसबाट उत्पादन र आम्दानी गर्न सकिन्छ । प्राकृतिक स्रोत प्रकृतिले दिएको निःशुल्क उपहार भए पनि यसको सही ढङ्ग प्रयोग गर्न सकिएमा मात्र आर्थिक रूपले योगदान दिन सक्छ।प्राकृतिक स्रोतको आर्थिक प्रयोगको लागि उल्लेख्य लगानी गर्नु पर्ने हुन्छ ।प्राकृतिक स्रोतको आर्थिक प्रयोग गर्दा वातावरण सन्तुलन कायम राख्दै दिगो रूप गर्नु पर्ने हुन्छ । कतिपय प्राकृतिक साधन नवीकरण गर्न सकिने हुन्छ भने कतिपय नासिने खालको हुन्छ । जलवायु परिवर्तन तीव्र रुपमा भइरहेको सन्दर्भमा प्राकृतिक स्रोतको सन्तुलित र दिगो प्रयोगको महत्व अझ बढेको छ ।

२ **नेपालमा मुख्यतया चार प्रकारको प्राकृतिक साधनको उपलब्धता रहेको पाइन्छः** जमिन, जल, वन र खनिज पदार्थ । भौगोलिक रुपले हिमाल, पहाड र तराई गरी तीन प्रकारको भूगोल रहेको नेपालमा उपलब्ध प्राकृतिक साधनलाई सही ढङ्गले प्रयोग गर्न सकिएमा आर्थिक वृद्धि बढाएर सम्वृद्धि हासिल गर्न सहयोग पुग्ने देखिन्छ । सम्भावना भए पनि अहिलेसम्म उपलब्ध प्राकृतिक साधनबाट पर्याप्त फाइदा लिन नसकिएको स्थिति रहेको छ। रणनीतिक ढङ्गले लगानी बढाएर प्राकृतिक साधनको प्रयोग बढाउनु जरुरी छ ।

जमिन

स्थिति विश्लेषण

३ **जमिन उत्पादनको प्रमुख साधन हो।** कृषि उत्पादनमात्र होइन बसोबासदेखि गैर कृषि कार्यको लागि पनि जमिन आवश्यक हुन्छ । जमिनमा पूर्ण रुपमा आधारित कृषिले नेपालको कुल गार्हस्थ्य उत्पादनमा अझै एक चौथाइ योगदान दिइरहेको स्थिति छ । उद्योग र सेवा क्षेत्रको लागि पनि जग्गाको आवश्यकता पर्दछ ।जमिन सम्पतिको रुपमा पनि रहेको हुन्छ ।जमिनको उत्पादनशील उपयोगले आर्थिक वृद्धि र सम्वृद्धि हासिल गर्न सकिन्छ ।

४ **नेपाल विभिन्न ११ प्रकारका जमिन रहेको छ ।** वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय भू क्षेत्र अनुगमन प्रणालीमार्फत तयार नेपालको भूक्षेत्रको तथ्याङ्क अनुसार सन् २०२२ मा नेपालको कुल भूभाग १४७५१६ वर्ग किमी को ४३.४ प्रतिशत (करीब ६४ हजार वर्ग कि।मी क्षेत्रफल) वन, २२.६ प्रतिशत कृषि भूमि (करीब ३३ हजार वर्ग कि।मी), १४।७ प्रतिशत घाँसे मैदान (करीब २२ हजार वर्ग कि।मी।), २.७ प्रतिशत वनवुट्यान, ३.२३ प्रतिशत मानवनिर्मित संरचना, र बाँकि १३.४ प्रतिशतमा चट्टान, हिउँ, हिमनदी, नदी बगर र जल क्षेत्र रहेको छ । वन र वनवुट्यान गरी ४६.०१ प्रतिशत जमिन समग्रमा वन क्षेत्र रहेको छ ।

५ **कृषि भूमि घट्दै गएको छ** । सन् २०१९ को तुलनामा सन् २०२२ मा वनक्षेत्र, निर्मित क्षेत्र र घाँसे मैदान क्रमशः १.६७%, २.७०% र १.४४% ले वृद्धि भएको छ भने कृषि क्षेत्र, वनवुट्यान, नदी बगर, चट्टान क्रमशः १.७५ %, ०.९२%, ०.३४% र ०.३९% ले घटेको छ ।हिउँ क्षेत्र सो अवधिमा २.३२ प्रतिशतले घटेको छ भने मानव निर्मित संरचनाले ढाकेको क्षेत्र २.७ प्रतिशतले बढेको छ । सन् २०२२ मा नेपालको तराईमा सबैभन्दा बढी (६५.४%) भू—भाग कृषिक्षेत्रको रुपमा रहेको छ। यस्तै गरी चुरे क्षेत्र, मध्य पहाड र उच्च पहाडमा सबैभन्दा बढी भू—भाग क्रमशः ७३.६७%, ६४.५४% र ५७.२०% वनक्षेत्रले ओगटेको छ भने उच्च हिमालीक्षेत्रमा सबैभन्दा बढी (४१.५९%) भू—भाग घाँसे मैदानले ओगटेको छ ।कृषि गणना २०७८ ले पनि २०६८ को तुलना कृषक परिवार ७.८ प्रतिशतले बढे पनि कृषि कार्य गरेको जग्गा १२.२ प्रतिशतले घटेर २५२५.६ हजार हेक्टर (२५ हजार बर्ग किमी) रहेको छ । उक्त जग्गाको ५४.५ प्रतिशत क्षेत्रमा सिँचाइ पुगेको छ ।करीब ६९ हजार (१.२ प्रतिशत) कृषक परिवारले अरुको जग्गामा कृषि कार्य गरिरहेका छन्। अस्थायी र स्थायी बाली लागेको क्षेत्रफल दुवै घट्दै गएको छ । अस्थायी बाँझो जग्गाको क्षेत्रफल भने ९५ प्रतिशतले वद्धि भई करीब ६० हजार हेक्टर रहेको छ ।धान, मकै, गहुँ जस्ता मुख्य खाद्यान्न बाली लगाएका क्षेत्रफल घट्दै गएको छ भने तरकारी, मसलाबाली र फलफुलको क्षेत्रफल बढेको छ। करीब ६८.८ प्रतिशत कृषक परिवारले घरायसी उपयोगको लागि मात्र कृषि उत्पादन गर्ने गरेका छन् भने ७०.४ प्रतिशत कृषक परिवारको मुख्य आम्दानीको स्रोत कृषि कार्य रहेको छ ।

६ **नेपाल जनघनत्व औसतमा कम रहे पनि बसाइँसराईले गर्दा केही ठाँउहरूको जनघनत्व उच्च दरले बढीरहेको छ** । राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालको जनघनत्व १९८ जना प्रति वर्ग कि।मी रहे पनि त्यस्तो जनघनत्व काठमाण्डौ जिल्लाको ५१६९, काठमाण्डौ महानगरपालिकाको १७४४० रहेको छ । हिमाल र पहाडबाट तराईतर्फ र गाँउबाट शहरतर्फ बसाइँसराई भइरहेको छ। काठमाण्डौ भन्दा पनि बढी जनघनत्व भएका शहरहरू विश्वमा रहेका छन् । विश्वका उच्च जनघनत्व भएका शहरहरूमा मनिला ४६०४६, ढाका ३३८६८, कलकत्ता ३०००० आदि रहेका छन् ।[26]

७ **जमिन प्रयोग र व्यवस्थापन सम्बन्धमा विभिन्न सरकारका नीतिगत र कानूनी व्यवस्थाहरू रहेका छन्**। जग्गा नाप जाँच ऐन २०१९, मालपोत ऐन २०३४, भूउपयोग नीति २०७२, राष्ट्रिय भूमि नीति २०७५, भूमि सम्बन्धी ऐन २०२१, भूउपयोग ऐन २०७६, भूमि सम्बन्धी नियमहरू २०७७, भूउपयोग कार्यक्रम निर्देशिका २०८१ रहेका छन् ।भूउपयोग नीति २०७२ ले भूमि सम्बन्धमा विद्यमान समस्याहरूलाई औल्याएको छ । उक्त नीति अनुसार कृषियोग्य भूमिको गैर कृषि प्रयोजनमा बढ्दो प्रयोग, अधिकांस कृषियोग्य भूमि बाँझै रहन थालेको, अनियन्त्रित खण्डीकरण बढदै जाँदा कृषि उत्पादन र उत्पादकत्वमा ह्रास आई खाद्य सुरक्षामा प्रतिकुल प्रभाव परेको, भूमिको वैज्ञानिक वर्गीकरण, विकास र व्यवस्थापन नभएको, आन्तरिक बसाई सराई, अव्यस्थित बसोबास र शहरीकरणका कारण

[26] List of cities proper by population density - Wikipedia

कृषियोग्य भूमि घट्दै गएको जस्ता समस्या भू-व्यवस्थापनमा रहेका छन्। उक्त नीतिलाई कार्यान्वयन गर्न बनेको भूउपयोग ऐन २०७६ ले समग्र भूमिलाई १० वटा भूउपयोग क्षेत्र (कृषि, आवासिय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज, वन; नदी, खोला, ताल, सीमासार क्षेत्र; सार्वजनिक उपयोगको क्षेत्र साँस्कृतिक तथा पूरातात्विक महत्वको क्षेत्र र नेपाल सरकारले आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र) मा वर्गीकरण गर्ने, तहगत भू-उपयोग योजना तर्जुमा गर्ने उद्देश्य राखेको छ। राष्ट्रिय भूमि नीति २०७५ ले भूमिको समुचित उपयोग र व्यवस्थापन नभएका कारण खाद्य सुरक्षा, अव्यवस्थित बसोबास वृद्धि, सरकारी सार्वजनिक जग्गाको अतिक्रमण, भूमि स्रोतको अत्याधिक र जथाभावी दोहन, वातावरणीय सन्तुलन तथा दिगो विकासमा नकारात्मक असर, परम्परागत भू-प्रशासन प्रणाली, औपचारिक र संस्थागत भूमि बजारको अभाव, जग्गाको मूल्याकंन प्रणालीको विविधता जस्ता समस्याहरू पहिचान गरेको छ । जग्गाको मूल्याकंन यथार्थपरक नहुँदा सरकारको भौतिक पूर्वाधारको लागि जग्गा अधिकरण गर्न पनि महँगो पर्ने गरेको छ ।

८ **भू-उपयोग ऐन २०७६ का धेरै व्यवस्थाहरू कार्यान्वयनमा जान सकेका छैनन् ।** भू-उपयोग वर्गीकरण सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न, भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न नेपाल सरकारले आवश्यकता अनुसार भू-उपयोग योजना, भू-उपयोग नक्साका साथै स्थानीय तहमा भूमि बैङ्कको स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। भू-उपयोग नियामावली २०७९ आए पछि जग्गाको वर्गीकरण त्यसमा पनि कृषि योग्य भूमि नछुट्याइ कित्ताकाट गर्न रोक लगाएकोले जग्गा कारोबार प्रभावित हुन पुगेको थियो । भू-उपयोग योजना बनाउने म्याद थप गरी जग्गा कारोबार खुलाउन भू-उपयोग विनियमावलीमा संशोधन गरिएको छ। त्यस्तै, सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९, र सार्वजनिक प्रकृतिको जग्गा उपयोग सम्बन्धी मापदण्ड, २०७७ रहेका छन्।

९ **कृषि पेशा मुख्य पेशाको रूपमा रहेको र जग्गा प्रमुख उत्पादनको साधनको रूपमा रहेको बेला कायम गरिएको भूमिको हदबन्दी व्यवस्था अहिले समयानुकूल र व्यवहारिक देखिँदैन**। भूमि सम्बन्धी ऐन, २०२१ ले केही क्षेत्रहरूलाई हदबन्दी छुट दिने व्यवस्था गरेको छ। सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी वा आयोजनाले खरिद गरी लिएको जग्गा, शिक्षण वा स्वास्थ्य संस्थाहरूको भोग चलनमा रहेको, कृषि तथा औद्योगिक कामको लागि तोकिएको हदसम्मको जग्गा, सम्बन्धित निकायबाट अनुमति लिएका कम्पनीले आवासीय क्षेत्र घर जग्गा व्यवसाय गर्ने प्रयोजनको लागि, सहकारी खेतीको लागि हदबन्दी भन्दा बढी जग्गा राख्न सकिने व्यवस्था रहेको छ । तापनि हदबन्दीको सम्बन्धमा व्यवसायिक क्षेत्रले समस्याहरू रहेको बताएका छन् । हदबन्दीको स्वीकृति पाउन ढिलाइ हुने, तोकिएको समयभित्र जग्गा खरिद गर्न नसकेका समयमा म्याद थप नभएको, जग्गा खरिदको उद्देश्य परिवर्तन गर्न समय लाग्ने गरेको, क्षमता अभिवृद्धिको लागि थप जग्गा प्राप्त गर्ने स्वीकृति पाउन ढिलाई हुने गरेको, जग्गाको माटोको गुणस्तर फरकले गर्दा जग्गा सट्टापट्टाको

स्वीकृति दिने काम पेचिलो हुने, हदबन्दी भन्दा बढी जग्गा दिँदा मुद्दा मामिलामा पर्ने गरेका जस्ता समस्याहरू रहेका छन् ।

१० **जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश २०७८ कार्यान्वयनमा रहेको छ।** उद्योग, कृषि, जलविद्युत, शिक्षा, स्वास्थ्य तथा घरजग्गाको व्यवसायको लागि हदबन्दी भन्दा बढी राख्न सक्ने जग्गाको क्षेत्रफल उक्त आदेशले तोकेको छ । सबै प्रकारका खानी उद्योग र ऊर्जामुलक उद्योगको लागि भने आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ। हदबन्दी छुट पाएका संस्थाले प्रत्येक वर्ष वार्षिक प्रगति प्रतिवेदन बुझाउनु पर्ने र त्यस्तो जग्गा धितो बन्धक राख्न नपाउने व्यवस्था रहेको छ ।

११ **औद्योगिक व्यवसाय ऐन २०७६ ले उद्योगको लागि हदबन्दी भन्दा जग्गा राख्न अनुमति दिन सकिने व्यवस्था रहेको छ।** त्यसरी प्राप्त जग्गा अन्य प्रयोजनको लागि प्रयोग गर्न नपाइने, हदबन्दी भन्दा बढी राखेको जग्गा बिक्री वितरण गर्न, वा हक हस्तान्तरण गर्न, वा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन नपाइने व्यवस्था रहेको छ ।

१२ **भूमि व्यवस्थापनको जिम्मेवारी तिनै तहको सरकारमा रहेको छ** । नेपालको संविधानको अनुसूची ८ मा "घरजग्गा धनी प्रमाण पूर्जा वितरण" सम्बन्धी कार्य स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको छ भने अनुसूची ६ मा भूमि व्यवस्थापन र भू-अभिलेखको विषय प्रदेश सरकार तथा अनुसूची ७ मा भूमि नीति र भूमि सम्बन्धी कानून बनाउने अधिकार संघ र प्रदेश तहको साझा अधिकारको सूचीमा रहेको छ । त्यसैगरी अनुसूची ९ मा सुकुमबासी समस्या समाधान सम्बन्धी कार्य तीनै तहको साझा अधिकारको सूचीमा रहेको छ ।

१३ उद्योगधन्धाको स्थापनका साथै भौतिक पूर्वाधारको निर्माणमा जग्गा व्यवस्थापन पेचिलो हुने गरेको छ। जग्गा प्राप्ति र जग्गा व्यवस्थापनको समस्याले गर्दा निर्माणका काममा ढिला सुस्ती हुने, लागत बढ्ने र प्रतिफल ज्यादै कमजोर रहने गरेको छ। पूर्वाधार लगायत उद्योग व्यवसायको लागि वन क्षेत्रको प्रयोग पनि जटिल प्रकारको रहेको छ ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

१४ **कृषि भूमि संरक्षण गर्दै कृषि उत्पादन वृद्धि गरी खाद्य सुरक्षा गर्नु पर्ने आवश्यकता रहेको छ ।** नेपालको भौगोलिक परिवेशमा कृषि योग्य भूमि कम रहेको र त्यो पनि शहरीकरण र भौतिक संरचना निर्माणको कारण घट्दै गएको छ ।साथै, कृषि योग्य भूमि बाँझो राख्ने क्रम समेत बढेको छ। भूगोल र माटो सुहाउँदो उच्च मूल्यका कृषि उपज उत्पादन गर्ने रणनीति अवलम्बन गरिनु पर्दछ । मल, बीउ, कृषि प्रविधिको प्रयोग गरेर कृषिमा उत्पादकत्व बढाउनु पर्ने आवश्यकता रहेको छ । कृषि योग्य भूमिको समुचित प्रयोग गरी खाद्य सुरक्षा बढाउनु पर्नेछ ।

१५ **ठूलो स्तरमा व्यवसायिक कृषि कार्य गर्न हदबन्दीको व्यवस्थाले अफ्ठयारो पारेको गुनासो रहेको छ।** एकातर्फ पहाडी क्षेत्रबाट तीव्र बसाईँसराइ भइरहेको छ। ३४ वटा जिल्लाको जनसंख्या वृद्धिदर

ऋणात्मक रहेको छ। यस्ता जिल्लाहरूमा व्यवसायिक कृषि कार्यको लागि हदबन्दीको व्यवस्था हटाउँनु उपयुक्त हुने देखिन्छ ।

१६ **जग्गाको मूल्य तीव्र दरमा बढ्दा उत्पादन लागत र आवास खर्च बढेको छ, उद्योग व्यवसाय प्रर्वद्धनको लागि जग्गामा हुने खर्च घटाउनु पर्ने हुन्छ** । जग्गाको मूल्य अत्याधिक मात्रामा बढेकोले कृषि लगायतका अन्य उत्पादनका कार्य गर्न जग्गाको लागत महँगो पर्ने गरेको, जग्गा खरीद बिक्रीबाट सहजै आम्दानी गर्न सक्ने भए पछि अन्य उत्पादनमूलक गर्न नचाहने प्रवृत्ति बढेको छ ।शहरी क्षेत्रमा जग्गाको मूल्य उच्च रूपले बढ्दा सामान्य आम्दानीले न्यूनतम आवासको व्यवस्था गर्न कठिन भएको छ । यसले गर्दा घरजग्गाको व्यवस्था गर्नको लागि पनि भ्रष्ट्राचार हुने गरेको छ । जग्गाको मूल्य वर्षमा एकल अंक भन्दा बढी बढ्न नदिने गरी जग्गाको आपूर्तिमा आवश्यकता अनुसार सरकारी क्षेत्रबाट हस्तक्षेप हुनु पर्ने देखिन्छ ।यसको लागि सरकारी संस्थानको रूपमा रहेको राष्ट्रिय आवास कम्पनी लिमिटेडलाई प्रयोग गर्न सकिन्छ । वास्तवमा व्यवसायिक कृषि, उद्योग र पर्यटनसँग सम्बन्धी सेवा होटेल, रेष्टुरेन्ट, रिसोर्ट बनाउनको लागि सस्तो लागतमा जग्गा उपलब्ध हुन सकेमा मात्र प्रतिस्पर्धी क्षमता बढ्ने हुन्छ । शहरी क्षेत्रमा पनि उद्योग व्यवसाय सञ्चालन गर्न घर तथा जग्गा बहालको दर कम हुनु आवश्यक देखिन्छ ।

१७ **निर्माण सामाग्री उत्पादन क्षेत्र तोक्न आवश्यक रहेको छ** । भू-उपयोग नीतिमा निर्माण सामाग्री (ढुँगा बालुवा गिट्टी) क्षेत्र तोक्ने भनिए पनि भू-उपयोग ऐनमा स्पष्ट तोकिएको छैन तर नेपाल सरकारले तोक्न सक्ने व्यवस्था गरेको छ । वातावरण जोगाउँदै पर्यावरणीय सन्तुलन कायम गर्दै नदी तथा खोला क्षेत्र, वोटविरुवा नभएका पहाडहरू छनोट गरी निर्माण सामाग्री उत्पादनको लागि क्षेत्र तोक्न आवश्यक छ ।यस मार्फत निर्माणको लागि चाहिने सामाग्री सस्तो उपलब्ध भएमा घरनिर्माण सस्तोमा भइ घरबहाल सस्तोमा उपलब्ध हुन सक्छ । साथै, निर्माण सामाग्री निर्यात गरेर पनि नेपालले वैदेशिक मुद्रा आर्जन गर्न सक्छ।

१८ **बाँझो जमिनको सदुपयोग गर्न भूमि बैंकले भूमिका खेल्न सक्छ** । भू-उपयोग ऐन २०७६ को दफा २१ को भूमि बैंक सम्बन्धी व्यवस्था कार्यान्वयनमा लैजानु जरुरी छ ।यस्ता भूमि बैंकले किसानहरूलाई बीउ, मल, तालिम, वित्तीय सहयोग र बीमाको व्यवस्था गर्न सक्ने व्यवस्था गर्न सकिन्छ। यसलाई सरकारी खाली जग्गाहरूको उत्पादनमुलक प्रयोग गर्ने जिम्मेवारी दिन सकिन्छ।दुई वर्ष भन्दा बढी अवधि कृषि योग्य जमिन बाँझो राख्न नपाउने र बाँझो राख्नु परे भूमि बैंकमा जग्गा राख्नु पर्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

सुझावहरू

(१) व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग र पर्यटन उद्योगको लागि सहुलियत रूपमा लामो समयको लागि लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने ।

(२) जग्गाको मूल्य वार्षिक एकल अंक भन्दा बढी बढ्न नदिने गरी भूमि व्यवस्थापन गरी आवश्यकता परेको अवस्थामा जग्गा उपलब्ध गराउने व्यवस्था गरिनु पर्ने ।

(३) वातावरण सन्तुलन कायम गर्दै नदी तथा खोला क्षेत्र, वोटविरुवा नभएका पहाडहरू छनोट गरी निर्माण सामाग्री उत्पादनको लागि क्षेत्र तोक्ने र आन्तरिक आवश्यकता पुरा गरेर निर्माण सामाग्री निर्यात गर्ने व्यवस्था गर्ने ।

(४) पुनः दोहोरिन नदिने गरी दिगो रूपमा समाधान हुने गरी सुकुमबासी र अव्यवस्थित वस्तिहरूको समस्या समाधान गर्नु पर्ने। भूमि सम्बन्धी ऐनको आठौं संशोधन अनुरूप अव्यवस्थित वस्तिहरूलाई एक पटक केही रकम लिएर व्यवस्थापन गर्ने।

(५) रेलवे, जलविद्युत, लगायतका भौतिक पूर्वाधार निर्माणको लागि रोक्का राखेको जग्गाको मुआब्जा दिइ अन्य क्षेत्रमा जग्गा खरिद गर्न सहजता प्रदान गर्ने ।

(६) खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढि रहेको तर खेती गर्न चाहने व्यक्तिहरूले सजिलै जग्गा पाउन नसकिरहेको स्थितिमा स्थानीय तहमा (नसकिएमा सुरुमा जिल्ला तहमा) भूमि बैंक स्थापना गरी सञ्चालनमा ल्याउनु पर्ने । यसले किसानलाई आवश्यक सहयोग पुराउनुको अतिरिक्त सरकारी र सार्वजनिक जग्गाहरूको संरक्षण र यस्ता जग्गाहरूको उत्पादनमुलक उपयोग ल्याउने कामको जिम्मा दिन सकिने। सार्वजनिक निजी साझेदारीमा भूमि बैंक स्थापना गर्न सकिने। उक्त बैकलाई हैसियत विग्रेंको, बाँझो, नदी उकास, ऐलानी र पर्ती जग्गाहरूको उत्पादन क्षमता हेरी कृषि उत्पादनमा प्रयोग गर्न सक्ने अधिकार प्रदान गर्ने ।

(७) भूमि बैंकको व्यवस्था नहुन्जेल कुनै जग्गाधनीले आफ्नो निजी जग्गा लीजमा दिन चाहेमा स्थानीय तहमा अभिलेख राखी, लिने दिनेको अधिकारको सुरक्षाको प्रत्याभूति हुने गरी कानून बमोजिम जग्गा लिज/करारमा दिने व्यवस्था गर्ने।

(८) भूमिसँग सम्बन्धित नीतिहरू एकीकृत गरी एकीकृत भूमि व्यवस्थापन ऐन तर्जुमा गर्नुपर्ने ।

(९) भू-उपयोगका क्षेत्रअनुसार छुट्टाछुट्टै हदबन्दी कायम गर्नुपर्ने । जनसंख्या वृद्धिदर ऋणात्मक भएका पहाडी जिल्लाहरूमा कृषि प्रयोजनको लागि जग्गाको विद्यमान हदबन्दी सीमा हटाउने ।

(१०) कृषि अनुदान दिदा कृषि क्षेत्रमा वर्गीकरण भएको जग्गाधनी प्रमाण पूर्जा र कृषक परिचय पत्रको आधारमा मात्र दिने ।

(११) मालपोत ऐनमा भएको व्यवस्था अनुरुप घरजग्गा व्यवसायको लाइसेन्स लिएर मात्र घरजग्गा कारोवार गर्नु पर्ने व्यवस्था कार्यान्वयन गर्ने ।

(१२) भू-उपयोग नीति २०७२ र राष्ट्रिय भूमि नीति २०७५ ले उल्लेख्य गरेका रणनीति र कार्यनीतिहरूको कार्यान्वयन गरिनु पर्ने ।

(१३) राष्ट्रिय भूमि नीति २०७५ ले अबलम्बन गरेको वन क्षेत्रको संरक्षण गदै सरकारी र गुठी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याउने ।

(१४) एक भन्दा बढी आवास इकाई रहेको भवन (एकतले वा बहुतले) का आवास इकाई धनीहरुको स्वामित्व तथा अधिकारलाई कानूनद्वारा सुरक्षित गर्ने ।

(१५) भू-उपयोग ऐन २०७६ र नियामावली २०७९ को कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरी तीन तहका सरकारबीच समन्वय गरी कार्यान्वयन क्षमता बढाउनु पर्ने ।

खानी

स्थिति विश्लेषण

१. **जमिनमा वा यस भित्र उपलब्ध हुने नवीकरण गर्न नसकिने महत्वपूर्ण प्राकृतिक स्रोतमा खानी तथा खनिज पदार्थ पर्दछ**। विभिन्न किसिमको उत्पादनको कच्चापदार्थको रुपमा खनिज पदार्थ प्रयोग हुन्छ। यस्तो कच्चापदार्थ उत्खनन् गरी सिधै निर्यात वा औद्योगिक उत्पादनमा प्रयोग गरी आर्थिक वृद्धि बढाउन सकिन्छ। खनिज स्रोतहरूको सही उपयोगले औद्योगिक विकासमा मद्दत पुर्याउँछ। सिमेन्ट उद्योग, धातु उद्योग, र अन्य उद्योगहरूको विकासमा खानी उत्खननले महत्वपूर्ण भूमिका खेल्न सक्छ। यस्ता उद्योगहरूको विकासले अर्थतन्त्रमा रोजगारी सिर्जना र व्यापार घाटा सुधारमा समेत सहयोग पुराउँछ।

२. **खानी तथा भूभर्ग विभागको Mineral Resources of Nepal का अनुसार नेपालमा ६४ प्रकारका खनिज पदार्थ पाइएका छन्** । त्यसमध्ये धातुजन्य खनिज पदार्थ २१ किसिमका र बाँकि गैरधातुजन्य खनिज पदार्थ रहेका छन् । गैरधातुजन्यमा ६ प्रकारका Gem पदार्थ, १० किसिमका निर्माण सामाग्री, ४ किसिमका इन्धन र जियोथरमल रहेका छन् । संख्यात्मक रुपमा उल्लेख्य भएपनि उत्खनन गर्न आर्थिक र प्राविधिक रुपमा उपयुक्त रहेको खनिज पदार्थ थोरै रहेका छन्। मुख्यतया फलाम २ स्थानमा (ललितपुरको फुलचोकी, पूर्वी नवलपरासीको धौवादी), लिड एक स्थानमा (रसुवाको गणेश हिमाल), युरेनियम एक स्थानमा (मुस्ताङको लोमाङथाङ), जिकं एक स्थान (रसुवा धादिङको गणेश हिमाल), रातो माटो ८ स्थानमा, डोलोमाइट २ स्थानमा (उदयपुरको सिन्धाली, धादिङको जोगीमारा), Feldspar एक स्थानमा (गोर्खाको आँपपीपल), म्याग्नेसाइट एक स्थानमा (दोलखाको खरिढुँगा), सिलिका स्याण्ड एक स्थानमा (मकवानपुरको खाराखोला), TALC एक स्थान (दोलखाको खरिढुंगा), Kyanite एक स्थान (जाजरकोटको दह), क्वार्ज दुई स्थानमा (ताप्लेजुङको खेजेमी, नुवाकोटको रालुका), ग्रेनाइट १८ स्थानमा ठूलो डिपोजिट रहेको, लाइमस्टोन ३७ स्थानमा, मार्वल ६ स्थानमा, Quartzite ९ स्थानमा, Syenite एक स्थानमा (गोर्खाको आँपपीपल), र कोइला १८ स्थानमा (दाङ, रोल्पा र पाल्पामा) आर्थिक र प्राविधिक रुपले उत्खननको लागि उपयुक्त देखिएका छन्।

३. **उपलब्ध खनिज साधनको प्रयोग कम रहेको छ**। अहिलेसम्म दाङ र रोल्पा जिल्लाका १७ स्थानमा कोइलाको उत्खनन भएको छ, त्यस्तै, मार्वल २ स्थान (ललितपुरको गोदावरी र काभ्रेको अनेकोट)मा उत्खनन भएको छ ।सिमेन्ट उद्योगहरूको विस्तारसंगै ८ स्थानमा लाइमस्टोनको उत्खनन भइरहेको छ। त्यस्तै, दुई स्थानमा क्वार्ज, एक स्थानमा Kyanite, एक स्थानमा TALC को उत्खनन भइरहेको छ। धौवादि फलाम खानी उत्खनन् शुरु गर्ने तयारीमा रहेको स्थिति छ। दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषणको काम भर्खर सकिएको छ ।खानी तथा उत्खनन् क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान ०।५ प्रतिशत जति मात्र रहेको छ ।

४. **नेपालको खनिजहरूको अन्वेषण, सम्भाव्यता अध्ययन र खनिजको खोजतलास तथा उत्खननको अनुमतिपत्र जारी गर्ने निकाय खानी तथा भूभर्ग विभाग रहेको छ** । आर्थिक वर्ष २०७९।८० को अन्तसम्म खनिजको खोजतलास अनुमतिपत्र ४२२ वटा र उत्खनन् को अनुमतिपत्र १५९ वटा रहेका छन् । १८ किसिमका धातु तथा अधातु खनिज उत्खननको लागि १५९ वटा अनुमतिपत्र जारी रहे पनि ९ किसिमका खनिज उत्खनन् गर्ने ६१ वटा खानीहरूमात्र सञ्चालनमा रहेका थिए। यसमध्ये सबैभन्दा बढी चुनढुँगाका ४४ वटा, क्वार्जाइट ५, कोइला ३, खरी ३, काईनाईट २, डोलोमाईट १, क्वार्ज क्रिष्टल १, मार्वल १, र टुर्मालिन १ खानीहरू सञ्चालनमा रहेका छन्।

५. **नेपालको संविधान २०७२ का अनुसार खानीको संरक्षण गर्ने स्थानीय तह, अन्वेषण र व्यवस्थापन प्रदेश सरकार र उत्खनन् सङ्घीय सरकारको जिम्मेवारी भित्र रहेको छ** । प्रदेश र संघका अतिरिक्त तीनै तहको साझा सूचीमा पनि खानी तथा खनिज पदार्थ रहेको छ । खानी अन्वेषणमा प्रदेश सरकारको क्षमता नभई सकेको अवस्था छ । यस्तो अवस्थामा खानी तथा खनिज पदार्थका सम्बन्धमा तीन तहको सरकारहरूको जिम्मेवारी र अधिकार स्पष्ट पार्ने गरी नयाँ ऐनको खाँचो रहेको छ। खानीबाट प्राप्त रोयाल्टीको ५० प्रतिशत संघ सरकारले राख्ने र २५ प्रतिशत सम्बन्धित प्रदेश र बाँकि २५ प्रतिशत सम्बन्धी स्थानीय तहलाई वितरण गर्नु पर्ने कानूनी प्रावधान रहेको छ ।

६. **खानी सम्बन्धी ऐनहरू पुराना भएका छन्** । खानीको सम्बन्धमा खानी तथा खनिज पदार्थ ऐन २०४२, र खानी तथा खनिज पदार्थ नियमावली २०५६ रहेको छ । खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा रोयल्टी तथा अन्य दस्तुर बुझाउने र रोयाल्टीको १० प्रतिशतका दरमा स्थानीय विकास शुल्क बुझाउनु पर्ने व्यवस्था रहेको छ । पेट्रोलियम ऐन २०४० र नियामावली २०४१, रेडियोधर्मी पदार्थ (उपभोग तथा नियमन) ऐन २०७७ पनि रहेका छन्। खानी तथा खनिज पदार्थ नियमावली २०५६ अनुसार खानी खोजतलास तथा उत्खनन् कार्यको लागि लिएको अनुपतिपत्र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नवीकरण दस्तुर तिरेर नवीकरण गराउनु पर्ने प्रावधान रहेको छ ।खोजतलास कार्यको प्रगति विवरण ५/५ महिनमा खानी तथा भूभर्ग विभागमा बृझाउनु पर्ने व्यवस्था रहेको छ। खनिज क्षेत्रको जग्गा नेपाल सरकारको भए भू -बहाल बुझाउनु पर्ने व्यवस्था रहेको छ ।खानी तथा खनिज पदार्थ नियमावली २०७६ ले खानीको रोयल्टीलाई उत्पादनको मात्रा अनुसार विभिन्न खनिज पदार्थको फरक फरक दर तोकेको छ ।

७. **खनिज उद्योगहरू राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा पर्छन्** । औद्योगिक व्यवसाय ऐन २०७६ ले खानी उत्खनन र प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरूलाई खनिज उद्योगको रुपमा वर्गीकरण गरेको छ । यस्ता उद्योगहरू अनुमति लिन पर्ने उद्योगहरूमा पर्छन् । उक्त ऐनले खानी तथा खानीजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादनलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा लिइएको छ ।

वन ऐन २०७६ को दफा ४३ (१) मा राष्ट्रिय वन भित्र खनिज पदार्थ भए नभएको अन्वेषण गर्न पने भएमा सम्बन्धित निकायको अनुरोधमा प्रदेश मन्त्रालयले सोको लागि अनुमति दिन सक्ने, दफा ४३ (२) मा अन्वेषणबाट राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको पत्ता लागि उत्खनन गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन गर्नको लागि नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ। तर, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृति भएको आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न बाहेक वनक्षेत्र भित्र पर्ने चट्टान, ढुँगा र माटो उत्खनन गर्न नपाइने व्यवस्था रहेको छ।

८. **वन क्षेत्र प्रयोग गर्न धेरै कठिनाई रहेका छन्** । राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा रहे पनि खानी उद्योगको लागि वन क्षेत्र प्रयोग गर्न वन ऐन अनुसार चाहिने तोकेको मापदण्ड तयार हुन बाँकि छ । साथै, वन क्षेत्र प्रयोग गर्दा वन ऐन अनुरुप प्रयोग गरेको वन क्षेत्र बराबरको सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । सो नभएमा वन विकासको लागि जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ। यसका अतिरिक्त पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्ने प्रावधान रहेको छ ।

९. **सञ्चालनमा रहेका खनिजजन्य उद्योगहरू पूर्ण क्षमतामा चल्न सकेका छैनन्** । पछिल्लो समय खास गरी सिमेन्ट उद्योगहरूको संख्या बढेर उत्पादन बढेको तर सो अनुरुप आन्तरिक खपत नबढेकोले केही सिमेन्ट उद्योगहरू बन्द भएका र केहीले कम क्षमतामा उत्पादन गरेको स्थिति छ । खानी सञ्चालनमा स्थानीय समुदाय, स्थानीय तह र असम्बन्धित संघसंस्था वा समूहहरूले बेलाबेलामा अवरोध सिर्जना गर्ने गरेका पनि छन् । खानी सञ्चालनमा निस्केको Waste व्यवस्थापन राम्रोसंग हुन सकेको छैन ।

१०. **नेपालको माटो जस्ता सामान्य कच्चापदार्थ प्रयोग गरेर टायल्स उत्पादन गर्ने उद्योगहरू पछिल्लो समय बढेका छन्** । टायल्स उत्पादन गर्ने ६ वटा उद्योगहरू स्थापना भएका छन्[27]। यी उद्योगहरूले नेपाली बजारको ६५ प्रतिशत माग पुरा गर्दछन् ।

समाधान/सुधारका विकल्पहरूको विश्लेषण

[27] टायल उद्योगमा १५ अर्ब लगानी, २ हजारलाई रोजगारी - Online Khabar

१. **खानीको खोजतलास र उत्खनन् खर्चिलो र समय लाग्ने हुन्छ** । पछिल्लो समयमा पूर्वी नवलपरासीको धौवादीमा फलाम खानी र दैलेखमा पेट्रोलियम पदार्थ भएको पाइएको छ । यसको व्यवसायिक उत्पादनको लागि पनि शुरुमा ठूलै लगानी गर्नु पर्ने हुन्छ। खानीजन्य उद्योगहरूमा सरकारले ठूलो स्तरमा लगानी गर्न सक्ने वित्तीय क्षमता नभएको अवस्थामा खानीजन्य उद्योगहरूमा सार्वजनिक निजी साझेदारी र वैदेशिक लगानी आकर्षित गर्ने उपायहरू खोज्नु पर्ने देखिन्छ ।

२. **नेपालमा धेरै प्रकारका खनिजजन्य स्रोतहरूको सम्भावना भए पनि यसको विस्तृत खोजतलास हुन सकेको छैन** । खनिज खोजतलासलाई दीर्घकालीन लगानीको रूपमा लिएर रणनीतिक ढङ्गले खोजतलासको कार्य गर्नु आवश्यक देखिन्छ ।

३. **नेपालको भूगोलमा सजिलै उपलब्ध र उत्खनन गर्न सजिलो रहेको खानीको रूपमा निर्माण सामाग्रीसँग सम्बन्धित खानीहरू रहेका छन्** । यिनीहरूको उत्खनन गर्दा वातावरणमा पर्ने नकारात्मक प्रभाव प्रति सचेत रहनु पर्ने आवश्यकता रहेको छ । खासगरी वास्तविक वन क्षेत्रलाई नोक्सान नपुर्याइकन वन क्षेत्र भित्र रहेका निर्माणजन्य सामाग्रीका खानीहरूको प्रयोगले आर्थिक गतिविधिहरू बढाउन सहयोग पुऱ्याउँने देखिन्छ।

४. **खानी अन्वेषण, उत्खनन् र संरक्षणको लागि तीन तहको सरकारको कार्य क्षेत्र स्पष्ट हुने गरी कानूनी प्रावधान आवश्यकता रहेको छ** । उपलब्ध खानीको उपयुक्त ढङ्गले प्रयोग गरी आर्थिक सम्वृद्धिको लागि तीन तहका सरकारहरु नै लाग्नु पर्ने आवश्यकता रहेको छ ।

५. **खानी सम्बन्धी कानूनहरू सुधार गर्नु पर्ने आवश्यकता रहेको छ ।** खानीजन्य उद्योगहरूले वन क्षेत्र प्रयोग गर्न प्राथमिकता पाउने व्यवस्थाको साथै नवीकरण दस्तुर र रोयल्टी शुल्कमा समसामयिक परिमार्जन गरी निजी लगानी प्रर्वद्धन गर्न खानी सम्बन्धी विद्यमान कानूनी व्यवस्थाहरूमा परिमार्जन वा नयाँ तर्जमा गर्नुपर्ने आवश्यकता रहेको छ ।

६. **ठूलो मात्रामा रहेको लाइमस्टोन खानीको प्रयोग बढाउन सिमेन्ट उद्योगलाई प्रर्वद्धन गर्नु पर्ने आवश्यकता रहेको छ ।** तर आन्तरिक मागको कमीले गर्दा सञ्चालनमा रहेका सिमेन्ट उद्योगहरू पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकिरहेका छैनन् । केही बन्द भएका र हुन लागेका स्थितिमा छन् । सिमेन्टको माग बढाउन भारततर्फ निर्यात गर्न त्यहाँबाट गुणस्तरीय चिन्ह प्राप्त गर्नु पर्ने सन्दर्भमा यसको लागि कुटनीति पहल गर्नु पर्ने देखिन्छ।

सुझावहरू

(१) स्पष्ट र प्रभावकारी खानी नीति बनाउनु पर्ने ।

(२) सङ्घीय संरचना बमोजिम खानी सम्बन्धमा नयाँ ऐनको तर्जुमा गरिनु पर्ने ।

(३) खानीको अन्वेषण र उत्खनन कार्यलाई गति दिन खानी तथा भूगर्भ विभागको क्षमता र दक्षता अभिवृद्धि गर्ने ।

(४) खानी सम्बन्धमा नेपालका विश्वविद्यालयहरूमा उच्चस्तरीय जनशक्ति उत्पादन गर्न अध्ययन अध्यापनको व्यवस्था हुनुपर्ने।

(५) खानी क्षेत्रमा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गरी लगानी बढाउने र प्रविधि हस्तान्तरण गर्ने। खानी क्षेत्रमा विदेशी र घरेलु लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार पार्नु पर्ने। यसका लागि प्रोत्साहन उपायको रूपमा कर छुट, र अन्य सुविधाहरू प्रदान गर्नु पर्ने।

(६) खानी उत्खननका क्रममा वातावरणीय प्रभावलाई न्यूनतम राख्नुपर्ने। यसका लागि उचित वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र वातावरणीय व्यवस्थापन योजना (EMP) लागू गर्नुपर्ने।

(७) खानी उत्खननका परियोजनाहरूमा प्रभावित समुदायसँग समन्वय र संवादका साथै यिनीहरूको सहभागिता बढाउनु पर्ने। जसले गर्दा सामाजिक असन्तुष्टी र विवादहरूलाई कम गर्न मद्दत पुग्ने।

(८) वातावरण र पर्यावरणीय सन्तुलन कायम गर्दै वन क्षेत्रबाट निर्माण सामाग्रीहरूको उत्खनन् गरी आन्तरिक प्रयोग र निर्यात गर्न सकिने व्यवस्था गरिनु पर्ने। चुनढुंगा निकाल्ने अनुमति लिएका सिमेन्ट उद्योगहरूले चुनढुंगा उत्खनन गर्ने क्रममा निस्कने डोलोमाइट तथा अन्य ढुंगा गिट्टी बनाई निर्यात गर्न खुला गर्ने।

(९) विस्तृत वातावरणीय प्रभाव अध्ययन गरी महाभारत रेन्जमा रहेका जङ्गल र वोटविरूवा नभएका पहाडहरू कटान गरी निर्माण सामाग्री उत्पादन गर्नु पर्ने ।

(१०) खानी तथा खनिज पदार्थ नियमावली २०७६ मा संशोधन गरी खानीजन्य पदार्थको खोजतलास र उत्खनन कार्यको लागि रोयाल्टी लिने व्यवस्था भइसकेपछि रोयल्टीको १० प्रतिशत स्थानीय विकास शुल्क लिने व्यवस्था हटाउने । रोयल्टी शुल्कलाई पुनरावोलकन गरी कुल बिक्री कारोबारको केही प्रतिशत तोक्न उपयुक्त हुने।

(११) प्रत्येक वर्ष दस्तुर तिरेर नवीकरण गराउनु पर्ने व्यवस्थालाई दुई वर्षमा मात्र नवीकरण गराउनु पर्ने व्यवस्था गर्ने ।

(१२) खानी उद्योगहरूलाई वन क्षेत्र उपयोग गरे बापत जग्गा सट्टा भर्ना गर्न नसक्दा जग्गा खरिदको लागि तिर्नु पर्ने मूल्यमा सहुलियत प्रदान गर्ने ।

(१३) खानी उत्खनन गर्नको लागि सरकारको केही लगानी रहने गरी पब्लिक लिमिटेड कम्पनी स्थापना गरी व्यवसायिक ढङ्गले खानीको उत्खनन गर्नु पर्ने ।

(१४) वातावरणलाई संरक्षण गर्दै मार्बल र ग्रेनाइट उत्खनन गर्नु पर्ने ।

(१५) गुणस्तर कायम गर्दै भारततर्फ सिमेन्ट निर्यातको लागि कूटनीतिक पहल गर्नु पर्ने । भारतीय लगानीकर्ताहरूसंग संयुक्त लगानीमा सिमेन्ट उद्योगहरू खोल्न प्राथमिकता दिनु पर्ने ।

परिच्छेद १६

निर्माणजन्य सामग्रीको दिगो र वातावरणमैत्री उत्खनन

पृष्ठभूमि

१. माटो, ढुङ्गा, गिट्टी, बालुवा प्राकृतिक स्रोत हुन् । नेपालमका ठूला हिमाल, पहाड र चुरे पहाड चट्टान, माटो र बालुवाले बनेका छन् । साथमा हिमाल अग्लिँदै जाने र भूभाग क्षयीकरण भएर खिइँदै जाने क्रम १ देखि १ दशमलव ५ मिमिका दरले निरन्तर चलिरहेको छ (Chalise & Khanal, n\d)। हावामा उड्ने कण बाहेक सबै चलायमान एवम् अस्थिर ठोस पदार्थ होँचो क्षेत्रतर्फ सर्ने प्राकृतिक नियम नै हो। त्यसलाई नेपालमा ६ हजारभन्दा बढी संख्यामा रहेका नदीनालाले सार्ने काम गर्छन् (WECS, 2011) । तिनले माथिल्लो भागबाट भूक्षय भई बहाव क्षेत्रमा आउने ठोस पदार्थसमेत बोकेर र बगाएर तल्लो भागमा लैजान्छन् । यो क्रम जबसम्म नेपालका हिमाल, पहाड र चुरे भावर मधेश प्रदेशका खोला, खहरे, नदीमा पानी बगेसम्म ढुङ्गा, गिट्टी, बालुवा माथिबाट तलतिर बगेर आउने प्रक्रिया चलि नै रहने देखिन्छ।

२. नदीले बोक्ने त्यस्तो गेग्रान कृषि र परम्परागत बस्तीका लागि प्रायजसो समस्या सिर्जना गर्ने वस्तु भए पनि आधुनिक सहरी बस्ती र सिमेन्ट-कंक्रिट प्रविधियुक्त भवनदेखि भौतिक पूर्वाधार एवम् संरचना विकासका लागि बरदान भएको छ। नदीले बोक्ने गेग्रान नेपालमा निर्माण सामग्रीका रूपमा व्यापक स्तरमा प्रयोग भइरहेको छ। नेपालका केही पहाडी खानीमा पनि यस्ता निर्माणजन्य सामाग्री प्रशस्त रूपमा उपलब्ध छन् ।

३. समुद्र तथा खानी भएका देशले समुद्र तथा खानीबाट ढुंगा, गिट्टी, बालुवालगायत निर्माण सामग्री उत्खनन गर्ने गरेको पाइन्छ। विश्वभर ने यस्ता सामग्रीको माग बढिरहेको छ। सन् २०२४ मा विश्वभर ४.१ बिलियन टन सिमेन्ट उत्पादन क्षमता रहेको र त्यति परिमाणको सिमेन्ट उत्पादन गर्ने क्रममा सिमेन्टभन्दा छ देखि सात गुणाभन्दा बढी ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नु परेको उल्लेख छ (USGS, 2024)।[२८] साथै एस्फाल्ट प्रयोग हुने निर्माण कार्यको ९० प्रतिशत र ढलान कार्यको ८० प्रतिशत भाग ढुंगा, गिट्टी, बालुवाको प्रयोग हुने मानिन्छ (Rabinsons and Brown, 2002)। अर्को एक अध्ययनले संसारभरि प्रति वर्ष ४० बिलियन टन गिट्टी बालुवा प्रयोग हुने गरेको देखाएको छ (Jain & Dohare, 2022)।

४. नेपालमा सन् १९५० को दशकदेखि सुरु भएको सिमेन्टको उत्पादनसँगै ढुंगा, गिट्टी, बालुवाको प्रयोग सुरु भएकोमा आ व २०७६/७७ मा मात्र १ लाख ३५ हजार मे। टन सिमेन्ट उत्पादन गरेको थियो भने त्यति परिमाणमा सिमेन्ट खपत गर्नका लागि नौ लाख मे। टन गिट्टी, बालुवा आवश्यक परेको अनुमान छ (Kumar, 2022) । नेपालमा पनि निर्माण सामग्री उत्खनन र

[28] https://pubs.usgs.gov/periodicals/mcs2024/mcs2024-cement.pdf

खपतको क्रम निरन्तर बढ्दो छ । त्यसैको अनुपातमा मूल्य पनि बढिरहेको छ । सन् २०२४ देखि २०३० को अवधिमा सरदर ५।५ प्रतिशत प्रतिशतका दरले आन्तरिक माग बढ्ने अनुमान छ (6Wresearch, 2024) । त्यसका लागि नदी एवम् खानीमा निर्भर हुनु पर्नेछ । खानीबाट उत्खनन गर्नु भन्दा नदी क्षेत्रबाट उत्खनन गर्न सहज हुने भएकोले नदी क्षेत्रमै उत्खनन बढी केन्द्रित भएको देखिन्छ।

५. आधुनिक कानुनी राज्य संरचनाभित्र यस्ता प्राकृतिक स्रोतलाई सार्वजनिक सम्पत्ति मानिएकाले सरकारले नीति, नियम कानून तथा राज्य संरचना बनाएर संरक्षण र व्यवस्थापन गर्ने गरिन्छ । त्यस क्रममा विभिन्न तरिकाले उत्खनन र संकलन गरी बिक्री वितरण हुँदै आएको छ।

६. स्थानीय सरकार र प्रदेश सरकारको आन्तरिक राजस्व स्रोतको ठूलो हिस्सा निर्माणजन्य सामग्रीको बिक्री वितरण रहेको देखिन्छ।

७. सङ्घीयतापछि भौतिक पूर्वाधार तथा संरचना निर्माणको क्रम बढेको छ र राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजना, उद्योग कल-कारखाना, जलविद्युत, सहरी क्षेत्र विस्तार, स्थानीय सडक जस्ता भौतिक निर्माणका काम भइरहेका छन् । यसका लागि ढुङ्गा गिट्टि बालुवा र माटो जस्ता निर्माणजन्य सामग्रीको माग निरन्तर बढिरहेको छ। त्यसैले यस्ता सामग्रीको दिगो उपयोग गरी विद्यमान माग पुरा गर्न र भावि पुस्तालाई समेत उपलब्ध हुने षरी सन्तुलन कायम गर्नु आवश्यक छ।

विद्यमान कानून तथा नीतिगत व्यवस्था

८. नेपालको संविधानको **निर्देशक सिद्धान्त अन्तर्गत** उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्ने, त्यसबाट तीव्र आर्थिक वृद्धि र दिगो आर्थिक विकास हासिल गर्ने, असमानता हटाउने र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य (संविधानको धारा ५०) रहेको छ। यसले उपलब्ध साधन स्रोतको परिचालन तात्कालिक वृद्धिलाई मात्र नभई दिगो आर्थिक विकासलाई केन्द्रमा राखेर गर्नुपर्ने स्पष्ट पारेको छ। उत्पादनशीलता बढाउने, प्रकृति र वातावरणीय सन्तुलन समेतका आधारमा नियमन, व्यवस्थापन र सदुपयोग गर्ने गरी भूमिको उपयोग गर्ने (संविधानको धारा ५१) घोषणासमेत गरेको छ। विकासका क्षेत्रमा दिगो आर्थिक विकासका रणनीति र कार्यक्रम तर्जुमा गरी लागू गर्ने नीति लिने र त्यसलाई क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकासमा परिणत गर्ने (संविधानको धारा ५१) सोच लिइएको छ। भौतिक पूर्वाधार विकासलाई सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय र दिगो बनाउने र विकास प्रक्रियामा स्थानीय सहभागिता बढाउने समेत उल्लेख छ (संविधानको धारा ५१)। उक्त नीतिगत प्रावधानले भौतिक एवम् आर्थिक विकासका मार्गहरू वातावरण अनुकूल हुनुपर्ने स्पष्ट रहेको छ।

९. संविधानले नै तीनै तहका संरचनाले गर्ने काम र राज्य शक्तिको बाँडफाँट (संविधानको धारा ५७ को उपधारा ४ र ५) गरेर आर्थिक अधिकार र राजस्वसमेत बाँडफाँट (संविधानको धारा ५९ र ६०) को खाका दिएको छ। यसै आधारमा प्राकृतिक स्रोतको उपयोग, परिचालन र

व्यवस्थापन गर्ने उद्देश्य देखिन्छ। उक्त व्यवस्थाको कार्यान्वयनको थप स्पष्टता संविधानको अनुसूची ५ देखि ९ सम्म उल्लिखित अधिकार र जिम्मेवारीले गरेको छ।

१०. विकास निर्माण, सेवा प्रवाह, अभिलेख व्यवस्थापन, वातावरण, जैविक विविधता, प्राकृतिक सम्पदा संरक्षण आदिमा स्थानीय तहलाई जिम्मेवारी दिइएको छ भने **जिल्ला समन्वय समिति**लाई समन्वयात्मक भूमिका दिइएको छ र विकास निर्माणका काममा सन्तुलनका लागि जिल्लाभित्रका कामकारबाहीको अनुगमन गर्ने जिम्मेवारी दिइएको छ (संविधानको धारा २२०)। नेपालको संविधानको अनुसूची ९ को बुँदा नं ६ र १४ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

११. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ऐनमा स्थानीय सरकारले उठाउन पाउने स्थानीय कर, सेवा शुल्क तथा दस्तुरको सूचीमा ढुङ्गा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासीको दस्तुर शुल्क समावेश छ (दफा ११(२)(घ)(६)। साथै यो ऐनले जलाधार, वन्यजन्तु, खानी तथा खनिजपदार्थ संरक्षणसम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा र योजना कार्यान्वयन तथा नियमनको जिम्मा स्थानीय तहलाई दिएको छ र त्यसका लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, खरी ढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन (दफा ११(२)(प)(७) जस्ता अधिकारसहितको जिम्मेवारी पनि तोकेको छ । सोही अधिकार एवम् जिम्मेवारीको अधीनमा रही साविकमा जिल्ला विकास समितिले गर्दै आएको ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन र बेच-बिखनको काम स्थानीय तहबाट हुने गरेको छ ।

१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ११ (४) ञ। ले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी अन्तर्गत, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँटको जिम्मेवारी तोकेको छ ।

१३. यसै ऐनको परिच्छेद ९ मा गाउँ पालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गत ६२ क. को उपदफा (१) ले गाउँ पालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने अधिकार दिएको छ। त्यसरी प्राप्त रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँ पालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तै ६४ (१, च) प्रदेश र गाउँ पालिका वा नगरपालिकाको दोहोरो अधिकारक्षेत्र भित्रका कर निर्धारण , सङ्कलन तथा बाँडफाँट अन्तर्गत, प्रदेश र गाउँ पालिका वा नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका रहेका ढुङ्गा, गिट्टी, स्लेट, बालवु, चनुढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत आदीको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र गाउँ पालिका वा नगरपालिकाले सङ्कलन गर्ने भन्ने तोकिएको छ ।६४ (३) प्रदेश र गाउँपालिका तथा नगरपालिकाले यस दफा बमोजिम सङ्कलन गरेको राजस्व जम्मा गर्न प्रदेश स्तरमा एक

कोष रहने प्रावधान छ र सो कोषमा आफूले सङ्कलन गरेको राजस्व अलग अलग स्रोतको शीर्षक खुल्ने गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। दफा ६४ (४) उपदफा ३ बमोजिमको कोषमा जम्मा भएको राजस्व रकम सन्तुलित र पारदर्शी रूपमा बाँडफाँट गर्नको लागि देहायका आधार लिनुपर्ने प्रावधान छ :- (क) राजश्व उत्पत्तिको आधार, ख) राजश्व सङ्कलन लागत, ग) प्रदेश र गाउँ पालिका तथा नगरपालिकाले जनतालाई पुऱ्याउँनुपर्ने सेवाको क्षेत्र , घ) गरिबी, स्थानीय क्षेत्रगत असन्तुलन र असमानता न्यूनीकरण, ङ) अन्य आयका आधारहरू।

१४. **वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७** ले वातावरणीय प्रभावको अध्ययन नगरी कुनै पनि प्राकृतिक स्रोत संरक्षण, उपयोग र व्यवस्थापनसम्बन्धी प्रस्ताव, आयोजना, कामकारबाही नपाइने स्पष्ट व्यवस्था गरेको छ। यो ऐनले वातावरण संरक्षण क्षेत्रभित्र खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कंक्रिट वा अन्य पदार्थ हटाउन निषेध गरेको छ । साथै सम्बन्धित प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन र मूल्यांकनका लागि सम्बन्धित निकायले गर्नुपर्ने (नियम १३) र वाप्रमू गरिएका प्रस्तावको कार्यान्वयन भएको दुई वर्षपछि त्यसबाट वातावरणमा पर्न गएको प्रभाव र प्रभाव कम गर्नका लागि अपनाएका उपाय आदिको वातावरणीय परीक्षण गरी अद्यावधिक (नियम १४) अभिलेख राख्नुपर्ने प्रावधान उक्त नियमावलीमा गरिएको छ। वातावरण निरीक्षकको योग्यता, नियुक्तिका आधार र अधिकार तोकेर प्रस्ताव कार्यान्वयनको नियमित निरीक्षण गर्ने र निरीक्षणको प्रतिवेदन वातावरण मन्त्रालयमा पेश गर्न लगाउने (नियमहरू २१, २२ र २३) व्यवस्था गरी अनियमितता समयमै नियन्त्रण गर्ने सोच पनि लिएको छ ।

१५. नियमावलीको अनुसूचीले कुन स्तरको वातावरणीय अध्ययन गर्ने भन्ने सम्बन्धमा स्पष्टता ल्याउनका लागि क्षेत्रगत रूपमा आधार तोकेको छ । आकार, प्रकार वा मात्राका आधारमा कति गहन अध्ययन गर्ने भनेर वाप्रमूका सम्बन्धमा गरेको उक्त कानुनी व्यवस्था माटो, ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य सामग्रीको उत्खननका सम्बन्धमा पनि आकर्षित हुन्छ र लागू हुन्छ । सोको विस्तृत वर्गीकरण गर्ने र थप स्पष्टता ल्याउने काम **नियमावलीले गरेको छ** ।

१६. यस अन्तर्गत **खानी क्षेत्रका** लागि साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटाको उत्खननका लागि दैनिक ५० देखि ५०० घनमिटर (घमि) सम्म उत्खनन गर्ने आयोजनाले प्रारम्भिक वातावरणीय परीक्षण (प्रावाप) गर्नुपर्ने र दैनिक ५० घमि भन्दा कम उत्खनन गर्ने भए संक्षिप्त अध्ययन गर्ने र दैनिक ५०० घमिभन्दा बढी उत्खनन गर्ने भए वाप्रमू गर्नुपर्नेमा स्पष्ट गरेको छ । त्यस्तै **नदीनाला सतह**बाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने भए प्रावाप गर्ने, सोभन्दा कम भए संक्षिप्त अध्ययन गर्ने र दैनिक ३०० घमिभन्दा बढी उत्खनन गर्ने भए वाप्रमू गर्नुपर्ने उल्लेख छ ।

१७. **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** माथि उल्लिखित कानुनी एवम् नीतिगत व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले वि।सं। २०७७ मा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डका जारी गरेको छ ।उक्त मापदण्डमा नदीजन्य [२९] तथा खानीजन्य [३०] पदार्थको उत्खनन, संकलन तथा बिक्रीवितरणको व्यवस्था सम्बन्धित स्थानीय सरकारले गर्ने गरी स्पष्ट जिम्मेवारी तोकेको छ (दफा ३(२) । यसको अर्को महत्वपूर्ण पक्ष दूरी निर्धारणसम्बन्धी व्यवस्था हो ।[३१] यो मापदण्डले ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी खानीजन्य पदार्थ उत्खनन तथा संकलनको विषय पनि समेटेको छ (दफा ५) । त्यसका लागि प्रचलित कानून बमोजिम तोकिएको निकायको स्वीकृति लिनुपर्ने, स्थानीय प्राविधिक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गर्नुपर्ने, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्ने, त्यसका आधारमा पालिकामा उद्योग दर्ता गराउनुपर्ने सर्त तोकेको छ।उद्योगका लागि कम्तीमा २० रोपनी क्षेत्रफलको जग्गा या त निजी स्वामित्वको वा लिजमा लिएको हुनुपर्नेसमेत उल्लेख छ (दफा ५(४)।

१८. **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** ढुङ्गा, गिट्टी, बालुवा, स्लेट जस्ता पदार्थमा रोयल्टी लाग्ने भए प्रचलित कानून बमोजिम हुने र निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा सञ्चालन गर्न खोजेको भए त्यसको हकमा सङ्घीय कानून आकर्षित हुने र सोही बमोजिम कानून पालन गर्नुपर्ने भनी स्पष्ट पारेको छ (दफा ६(७) । यसले वन तथा चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गरेर त्यस क्षेत्रबाट सामान्यतया उत्खनन नगरिने भनी उल्लेख गरेको छ । वन क्षेत्रमा गरिने उत्खनन भए र त्यस क्रममा मेसिनरी औजार प्रयोग गर्नुपर्ने भएमा सम्बन्धित निकायको सहमतिमा र वातावरणीय अध्ययन (प्रभाव मूल्यांकन) प्रतिवेदनका सर्त र मापदण्ड पालन गरेर मात्र गर्नुपर्ने उल्लेख छ। साथै चुरे क्षेत्रमा उत्खनन गर्ने भएमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डका आधारमा प्रचलित कानून र मापदण्ड बमोजिम गर्नुपर्ने व्यवस्था गरेको छ (दफा ६) ।

१९. उक्त मापदण्डले **जिल्ला अनुगमन समिति** गठनको स्वरुप तोकी जिम्मेवारी दिएको छ । त्यसमा जिल्ला समन्वय समिति, स्थानीय पालिका, प्रजिअ, प्रहरी, सशस्त्र, वन, इञ्जिनियर, लेखा नियन्त्रण

---

[२९] नदी वा नदी किनारबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ ।

[३०] खानीबाट उत्खनन गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ ।

[३१] नदीजन्य पदार्थ उत्खनन गर्दा निम्नलिखित दूरीसम्बन्धी मापदण्ड (दफा ४(१०)) तोकिएको छ ।

क. घनावस्ती र वन क्षेत्र	२ किलोमिटर
ख. राजमार्गबाट	५०० मिटर
ग. सडकका पक्की तथा झोलुङ्गे पुलबाट	१ किलोमिटर तल्लो तट ५०० मिटर माथिल्लो तट

कार्यालयका प्रमुख र जिस अधिकारी समेतको समिति, सम्बन्धित क्षेत्रका विज्ञ तथा पदाधिकारी आमन्त्रित हुनसक्ने उल्लेख छ (दफा ९)।

२०. उक्त मापदण्डले पालिका तहमा भइरहेको उत्खनन कार्यको नियमित अनुगमनका लागि सम्बन्धित पालिकाले कार्यदल गठन गर्न सक्ने र त्यसले स्पष्ट चेकलिष्ट प्रयोग गरेर अनुगमन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ (दफा ९(७)) र त्यस्तो चेकलिष्ट मापदण्डको अनुसूची ५ मा समावेश छ। साथै समितिले अनियमित कार्य तत्काल रोक्न लगाउने र मालवस्तु जफत गर्ने र पछि लिलामबिक्री गर्ने, प्रत्येक वर्षको भदौमासान्तपछि नदी एवम् खोलाको स्थलगत अनुगमन गरी थुप्रिएको परिमाण यकिन गर्ने र वाप्रमूमा संशोधन परिमार्जनका लागि लेखिपठाउने समेत उल्लेख छ । उत्खनन तथा बिक्रीको वार्षिक कार्ययोजना समितिको बैठकमा प्रस्तुत गर्न लगाउनसक्ने, बजार मूल्य नियन्त्रणका लागि मूल्य तोक्न सक्ने र मूल्य बढी गरी बेचबिखन भएको पाइएमा तत्काल रोक लगाउनसक्ने पनि अधिकार दिइएको छ । साथै जिल्ला अनुगमन समितिको प्रशासनिक खर्च सम्बन्धित पालिकाले उपलब्ध गराउनुपर्ने व्यवस्था समेत गरेको छ (दफा ९)। प्रदेश वा स्थानीय तहले समेत नियमित अनुगमनको व्यवस्था गर्नसक्ने प्रावधान पनि मापदण्डमा समावेश छ (दफा ९(१३) ।

२१. मापदण्डले निर्माण सामग्री व्यवस्थापन क्षेत्रमा अति नै विवादित भनेर चिनिने **क्रसर उद्योगको स्थापना र सञ्चालन**को विषयलाई समेटेको छ र त्यसलाई नियमन गर्नका लागि स्पष्ट मापदण्ड तोकेको छ (दफा ११)। यसले नदी, राजमार्ग, सडक, बस्ती, भौतिक संरचना, वन, अन्तर्राष्ट्रिय सिमाना आदि क्षेत्रमा क्रसर उद्योग सञ्चालन गर्दा के कति दूरी कायम गर्ने भनी तोकेको छ । साथै बालुवा पाँगो धुने र प्रशोधन गर्ने फिरफिरे, ढुंगा प्रशोधन गर्ने उद्योग स्थापना गरेपछि गर्नुपर्ने प्रबन्ध भनी सर्त तोकेको छ। त्यसका लागि साइड ड्रेन, हिलो थिग्रने पोखरी, फोहर पानी प्रशोधनको प्रबन्ध, वायु प्रदूषण नियन्त्रण जस्ता पक्षको पर्याप्त प्रबन्ध गरेको हुनुपर्ने सर्त छ (दफा ११) ।

२२. नियमनका लागि खानी, क्रसर तथा प्रशोधन उद्योगहरुलाई जिम्मेवार बनाउने व्यवस्था पनि गरेको छ। त्यसका लागि सम्बद्ध उद्योगले वार्षिक क्षमताको अधीनमा रही उत्खनन तथा संकलन गरिने कच्चा पदार्थको स्रोत विवरणसहितको वार्षिक योजना भदौमहिनाभित्र अनुगमन समिति र पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ (दफा ११(६) । साथै क्रसर उद्योगले कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन वा संकलन गरी उठाउन नपाउने व्यवस्था गरी हाल उत्खननकर्ता वा ठेकेदार र क्रसर उद्योगी एउटै भएको अवस्था, बुझाइ र अभ्यास पनि त्यस्तै रहेकाले ती दुई बीचको भिन्नतालाई छुट्याउन स्पष्ट व्यवस्था गरेको छ (दफा ११ (११)) ।

२३. मापदण्डले निकासीको विषयलाई पनि समेटेको छ । यसले कम्तीमा एक तह प्रशोधन गरेर निकासी गर्नसक्ने प्रबन्ध सरकारले मिलाउनसक्ने भनेको छ । साथै चट्टान काटेर वा कुदेर तयार गरिने सामग्री तथा स्टोनडस्ट जस्ता पदार्थ ओसारपसार गर्दा प्याकेजिङ गरेर मात्र गर्नुपर्ने

भनी सर्त तोकेको छ । साथै मापदण्ड कार्यान्वयनका लागि आवश्यक परेको अवस्थामा नपा/गापाले स्थानीयस्तरमा कानून बनाउन सक्ने कुरासमेत उल्लेख छ (दफा १९) ।

मुख्य समस्या/ स्थिति विश्लेषण

२४. केही स्थानीय तहकोलागि निर्माण सामग्रीको वेचविखनबाट आउने राजश्व अन्तरिक स्रोतको अभिन्न अंशको रुपमा रहेको देखिन्छ । हालको दरमा राजश्व संकलन नहुने परिस्थिति बनेमा यस्ता स्थानीय तहले राजश्वको पूर्ति गर्नुपर्ने दबाब थेग्ने कसरी भन्ने समस्या हुन्छ ।

२५. मागको वृद्धिसँगै नदीजन्य निर्माण सामग्रीको उत्खननमा प्रशस्त अवसर हुनुका साथै त्यसलाई वातावरणमैत्री र दिगो कसरी बनाउने भन्ने चुनौती पनि तड्कारो बनेको छ। बजारको यथार्थ मागलाई हेरेर उत्खननलाई दीर्घकालीन अवसरका रूपमा सदुपयोग गर्ने मार्गमा भने व्यापक समस्या रहेका छन्। अधिकांश अवस्थामा यो क्षेत्र जथाभावी रुपमा सञ्चालित छ र वास्तविक उत्खननको तुलनामा न्यून राजस्व संकलन हुने गरेको छ। सार्वजनिक राजश्वमा जम्मा हुनुपर्ने रकममा भ्रष्टाचार हुने गरेको छ। भ्रष्टाचारको आडमा गैरकानुनी गतिविधि हुने गरेका छन् ।

२६. ढुङ्गा, गिट्टी, बालुवाको नियमनका सम्बन्धमा स्पष्ट कानून नभएको र सरकारले पटके निर्णय गरेर यो क्षेत्रलाई नियमन गरिरहेको अवस्थामा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बनेको देखिन्छ । त्यसभन्दा पहिले ढुङ्गा, गिट्टी, बालुवाको नियमनसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धी निर्णय विभिन्न मितिमा नेपाल सरकारले गरेको देखिन्छ।[३२] देशका ७५३ स्थानीय सरकारमध्ये अधिकांश र सात प्रदेशको राजस्वको मुख्य एवम् उल्लेखनीय स्रोतलाई प्राथमिकतामा राखेर विकास र वातावारणलाई एकसाथ अघि बढाउने गरी कानून बनाएको देखिएन।

२७. कानुनी एवम् नीतिगत अन्योलको परिवेशमा नेपाल सरकारले **निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०** सालमा संसदमा दर्ता गराएको छ।[३३] उक्त विधेयकले माथि उल्लिखित मापदण्डका अधिकांश प्रावधानलाई समेटेर कानुनी हैसियत प्रदान गर्न खोजेको छ ।

२८. हिमाली क्षेत्रका नदीदेखि नेपालभारत सिमानाका स्थानीय पालिकाले ठेक्का लगाउने गरेको र सकेसम्म धेरै **राजस्व संकलन** गर्ने सोच र प्रवृति रहेको विगतमा प्रकाशित टेण्डर आह्वान तथा वातावरणीय अध्ययनका सूचनाबाट देखिन्छ।[३४] बोलपत्रबाट टेण्डर नलागेका पालिकाहरुले अमानतमा निर्माण सामग्री उत्खनन गर्ने गरेको समेत देखिन्छ। त्यसरी अमानतमा बन्दोबस्ती

---

[३२] उदाहरणका लागि यो मापदण्ड आउनुपूर्वको छ वर्षमा मात्र पाँच पटक (२०७०।३।२७ गते, २०७०।५।१७ गते, २०७१।४।११ गते, २०७२।१२।२० गते, २०७५।६।२८ गते) निर्णय भएको देखिन्छ । किन यस्ता निर्णय गर्नुपऱ्यो र यति छोटो अवधिमा परिवर्तन गर्नुपर्ने के आवश्यकता थियो भन्ने विषयलाई हेर्दा मात्र पनि यो अति नै महत्वपूर्ण तर अस्थीर, विवादित र नीतिगत तहमै अलमल भएको क्षेत्र हो भन्न सकिन्छ ।

[33] https://hr.parliament.gov.np/np/bills/d0rh070G

[34] जस्तैः हिमालय टाइम्स् २०८१ भदौ १८ र १९

गर्दा ठूलो मात्रामा हिनामिना र अनियमितता हुन सक्ने सम्भावना रहेको छ। (भट्टराई, खनाल र रिजाल, n।d।)।

२९. **स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन/प्रारम्भिक वातावरणीय परीक्षण, कार्ययोजना, तोकिएको मापदण्ड र परिमाणभन्दा धेरै ठूलो परिमाणमा उत्खनन् हुने** गरेको तर त्यसको अभिलेख कहीं कतै नहुने गरेको अवस्था समेत रहेको छ।[३५]

३०. एक अध्ययनको क्रममा गरिएको स्थलगत अवलोकनका क्रममा कानून तथा **मापदण्ड पालना नभएको** पाइयो। डोजर, एक्स्क्याभेटर, फिरफिरे नदीमै राखेर सामग्री निकाल्ने गरेको र कतिपय क्रसर उद्योग नदीभित्र वा नदी किनारामा र कतिपय क्रसर भने राजमार्ग र नदी बीचमा बाँकी रहेको ५० मिटरको क्षेत्रमा सञ्चालनमा रहेको देखियो वा ५०० मिटरभित्र नदी किनारा र बस्ती, राजमार्ग, विद्युतका टावर नजिकमा स्थापना गरी सञ्चालन गरेको पाइयो (भट्टराई, खनाल र रिजाल, n।d।)।

३१. क्रसर उद्योगहरूले गिट्टी बालुवालाई पानीले धुँदा वा प्रशोधन गर्दा निस्कने सिलिकन (बालुवाका ससाना कण) प्रशोधन नगरी सोझै खोला, नदी, नाला तथा नहरमा मिसाउने गरेकोले **जल प्रदूषण** हुनुको साथै सो पानी सिँचाइ गरिने खेतमा पसेर किसानका खेतबारी बालुवाको बगरमा परिणत भइरहेको छ। क्रसर उद्योगका यस्ता क्रियाकलापले स्थानीय **किसानको जीविकोपार्जनका माध्यम खोस्नु**का साथै जलचर ऐन, जलस्रोत कानून, निर्माण सामग्री उत्खनन मापदण्डविरुद्धका काम भइरहेका छन् तर कारबाही भएको नभएको अवस्था छ (भट्टराई, खनाल र रिजाल, n।d।)।

३२. पालिकाहरुले नदीजन्य निर्माण सामग्री उत्खनन ठेक्का लगाउँदा नै एकातर्फ वन क्षेत्र पनि पर्ने गरी गोलमटोल गर्ने गरेका छन् अर्कातर्फ ठेकेदारहरूले गैरकानुनी रूपमा वन क्षेत्रबाट निर्माण सामग्री निकाल्ने गरेको पनि पाइन्छ । त्यसले गर्दा **वन कार्यालय, पालिका र ठेकेदारहरुबीच विवाद** हुने गरेको छ।

३३. स्थानीय पालिकाले नै वातावरणीय अध्ययनको सुरुदेखि स्वीकृति र कार्यान्वयनसम्मका सबै चरणको काम गर्ने गरेका छन् र त्यसले गर्दा अध्ययनको गुणस्तरदेखि स्वीकृत प्रतिवेदन, उत्खनन योजना र अभ्यासमा सबैमा समस्या देखिएको छ। समग्रमा वातावरणीय अध्ययनको प्रभावकारी उपयोग हुन सकेको छैन।

३४. नदीजन्य निर्माण सामग्रीको उत्खनन तथा ढुवानीका क्षेत्रमा **उत्खनन र चोरीका लागि अनेक तरिका प्रयोग** हुने गरेका छन् । मेसिन तथा उपकरण प्रयोग गर्ने, रातको समयमा उत्खनन

---

[35] उदाहरणका लागि बर्दिबास नगरपालिकाले (विसं. २०७८ सालमा) गठन गरेको प्राविधिक समितिले रातु खोला उत्खननका लागि लगाएको ठेक्काभन्दा क्रसर व्यवसायीहरु करिब ४ गुणा बढी परिमाणमा नदीजन्य निर्माण सामग्री उत्खनन गरेर लगेको पाएको र सोबापत ४ क्रसर व्यवसायीलाई जम्मा रु. १२ करोड ८९ लाख (त्यतिबेलाको दररेट ४ रुपैयाँ ५२ पैसा प्रति घनमिटर) बराबर राजश्व नगरपालिकालाई बुझाउन पत्राचार गरेको तर व्यवसायीहरुले उक्त राजश्व बुझाएनन् । नगरपालिकाको उक्त निर्णय खारेज गर्नका लागि मुद्दा लिएर क्रसर व्यवसायीहरु उच्च अदालत गएको पाइयो (हिमालय टाइम्स, २०८० कात्तिक १५)।

गर्ने, तोकिएका परिमाणभन्दा बढी उत्खनन (दैनिक तथा समग्र दुवै) गर्ने र ढुवानीका साधनमा तोकिएको मापदण्ड र स्वीकृत परिमाणभन्दा बढी सामग्री लोड तथा ढुवानी गर्ने प्रवृति व्यापक छ। त्यसले गर्दा **राज्यले राजश्व गुमाएको** छ भने **सवारी साधन तथा सडकको भारबहन क्षमता र आयुलाई नै घटाएर** चुनौती दिने काम भइरहेको छ ।

३५. ट्रिपरका कारण **राजमार्गहरुमा अति नै धेरै दुर्घटना** बढेका छन्। ट्राफिक प्रहरीको एउटा अभिलेख अनुसार काठमाडौं उपत्यकामा विसं। २०७५ असारको एक महिनाको अवधिमा भएका १०८ दुर्घटनामध्ये ४० भन्दा बढीमा नदीजन्य निर्माण सामग्री बोक्न प्रयोग भएका ट्रिपरको संलग्नता थियो।[३६]

३६. कतिपय जिल्लामा त नेपाल प्रहरी, **जिल्ला प्रशासनका प्रमुखहरुको सरुवा** पनि खानी तथा नदीजन्य निर्माण सामग्री उत्खनन, ओसारपसार, र व्यापारसँग जोडिएर हुने गरेको अवस्था छ। (भट्टराई, खनाल र रिजाल, nldl)।

३७. उत्खनन गर्दा नदी खोला क्षेत्रमा बनेका खाल्डाखुल्डीका कारण ठूलो **मानवीय क्षति** बेहोर्नु परिरहेको छ। नदीजन्य निर्माण सामग्रीको उत्खनन व्यवस्थित नहुँदा खास गरी बालबालिकाको अकाल मृत्यु भइरहेको छ।[३७]

३८. खानी तथा नदीजन्य सामग्री उत्खनन क्षेत्रमा **भ्रष्टाचारको पनि बिगबिगी** देखिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) ले हालैका वर्षमा दायर गरेका राजश्व हिनामिना र भ्रष्टाचारसम्बन्धी मुद्दामध्ये उल्लेख्य संख्यामा नदीजन्य निर्माण सामग्री उत्खनन, खानी तथा क्रसर उद्योगसँग सम्बन्धित मुद्दा रहेको देखिन्छ।

३९. **निर्माणजन्य सामग्रीको उत्पादनमा राजनीति र अवैध कारोबारीबीच साँठगाँठ समेत रहेको छ।** अति नै महंगो निर्वाचन खर्च लाग्ने राजनीतिक परिपाटीले गर्दा राजनीतिमा ठेकेदार व्यापारीको बढ्दो प्रवेश र ठेकेदार-राजनीतिज्ञ बीचको साँठगाँठले पनि साझा प्राकृतिक स्रोत दोहनको बिकृत रुप र चरम अवस्था रहेको देखिन्छ।[३८]

४०. कानूनले नै स्थानीय सरकारलाई नदीजन्य निर्माण सामग्री उत्खननको व्यवस्थापन एवम् नियमनको जिम्मा दिएको परिप्रेक्ष्यमा क्रसर व्यवसायी, ढुंगा, गिट्टी, बालुवा ठेकेदार वा तिनका साझेदारहरु नै स्थानीय सरकारको नेतृत्व र संघ तथा प्रदेशमा निर्वाचित हुनु सामान्य बनेको छ। एउटा प्रतिवेदनका अनुसार विसं। २०७४ सालको स्थानीय निर्वाचनबाट ७० जनाभन्दा बढी ठेकेदार स्थानीय सरकारमा निर्वाचित भएका थिए।[३९] साथै विसं। २०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित दुई सय प्रतिनिधिहरुको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध स्थानीय निर्माण ठेक्कापट्टासँग छ भने सङ्घीय संसदमा दुई सय ७५ मध्ये १७ जना र प्रदेशसभाका पाँच

[36] Republica, 2018
[37] Tiwari, 2024
[38] The Himalayan Times, December 13, 2017
[39] Kumar, 2022

सय ५० मध्ये १८ जना निर्माण सामग्रीको उत्खनन तथा आपूर्ति क्षेत्रका ठेकेदार वा क्रसर उद्योगी छन्।[४०] हाल तिनीहरु नै ठूलो संख्यामा नीति निर्माण तथा निर्णय प्रक्रियामा निर्णायक रहेकाले यसले सर्वत्र निहीत स्वार्थको द्वन्द्व निम्ताएको देखिन्छ, जुन भविष्यका लागि अति नै चिन्ताको विषय हुनसक्छ ।

४१. **नियमन** मापदण्डले उत्खनन कार्यको अनुगमन गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्लास्थित स्थानीय प्रशासन र निकायका प्रमुखहरु रहेको अनुगमन समितिले गर्ने व्यवस्था गरेको छ। जिल्लास्थित सम्बद्ध कार्यालयका प्रमुखहरु रहने गरी बनाइएको उक्त समिति आफैंमा बोझिलो र अव्यावहारिक छ। त्यसैले अनुगमनको जिम्मा पाएको संयन्त्र एक त अनुगमनमा जाने नै गरेको छैन। किनभने सबैजसो उत्खनन कार्य र क्रसर उद्योग कानून, स्वीकृत कार्ययोजना, वातावरणीय प्रतिवेदन र सम्बन्धित मापदण्डविपरीत भएको सबैलाई राम्रो जानकारी छ । अनुगमन यथार्थमा औपचारिकतामा मात्र सीमित छ। किनभने यस्ता क्रसर तथा उत्खनन कार्यको अनुगमन गर्दा अनियमितता भइरहेको पाइएमा तत्काल बन्द गराउनुपर्ने हुन्छ। नगराए स्थानीय जनता, मिडिया तथा नागरिक समाजले औला ठडाउने अवस्था हुन्छ र जबाफ दिनुपर्छ । अतः उक्त सबै तथ्य बुझेर नै अवलोकन जाने गरिएको छैन (भट्टराई, खनाल र रिजाल, nldl)।

४२. कतिपय स्थानीय सरकारसँग ढुंगा, गिट्टी, बालुवा उत्खनन, प्रकृति, वातावरण र भौतिक विकासलाई सन्तुलित बनाएर लैजानका लागि आवश्यक दक्ष जनशक्ति नै उपलब्ध छैन । वातावरणीय प्रभावको अध्ययनका लागि बाह्य विज्ञ वा संस्थालाई ठेक्कामा काम लगाउने गरिए पनि अधिकांश निकायमा वातावरण विज्ञान, जलस्रोत, भूगर्भशास्त्र जस्ता विषयमा विज्ञ जनशक्ति उपलब्ध छैनन्।

४३. संघ र प्रदेशले ऐन कानून बनाउने, मापदण्ड तोक्ने, राजश्वका दर तोक्नेबाहेक मापदण्ड कार्यान्वयन, वातावरणीय अध्ययन आदिमा प्राविधिक तथा अन्य सहयोग कमजोर रहेको छ। उत्खननबाट प्राप्त हुने राजश्वको ४० प्रतिशत हिस्सा पाउने धेरैजसो प्रदेशको भूमिका केवल हरेक वर्षको बजेटमार्फत ढुंगा, गिट्टी, बालुवाको राजश्वका दर तोक्नेमै सीमित देखिन्छ।

सुधारका लागि सुझावहरू

नीतिगत व्यवस्था

४४. वातावरण विनाश, कालोबजारी, भ्रष्टाचार, अनियमितता, अवैध उत्खनन तथा क्रसर उद्योग सञ्चालन जस्ता समस्या विद्यमान रहेको तर हाल मापदण्डबाट सञ्चालित यो क्षेत्रका लागि छुट्टै कानून तर्जुमा गर्ने।

[40] Devkota, 2023

४५. नयाँ बन्ने नीतिले निर्माण सामाग्री जस्तैः- ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन अन्तरिक निर्माणका लागि मात्र नभई यसको निर्यात गरी मुलुकको कुल ग्राहस्थ्य उत्पादनमा अन्य मुलुकमा खानीजन्य उद्योगले योगदान गरे अनुरुपकै हुने गरि व्यवस्था मिलाउने ।

४६. निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्र आदि भित्र थुप्रिएर रहेका निर्माणजन्य सामाग्रीको प्रयोगकोलागि नीतिगत व्यवस्था गर्ने।

४७. वाप्रमू अध्ययनलाई त्यसको भावना र मर्मबमोजिम गर्ने परिपाटी बसाउन वातावरण संरक्षण ऐन एवम् नियमावलीका व्यवस्थालाई अनुभव र अभ्यासका आधारमा समीक्षा गरी परिमार्जन गर्ने ।

४८. निर्माणमुखी सामग्रीकोको उत्खनन र प्रयोगका वातावरणीय, इन्जिनियरिङ, आर्थिक र सामाजिक मापदण्ड निम्नअनुसार हुनसक्ने :

४९. वातावरण निरीक्षकको भूमिकालाई स्पष्ट गरी कानूनमा नै समावेश गर्न र अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई यसमा जोड्ने।

५०. उत्खनन गरिएको सामाग्री र ढुवानी गरिएको सामाग्रीको हरेक ईकाई (थुपारेको सामाग्री वा ट्रक/ट्रयाक्टर) को प्रविधिको प्रयोगबाट स्वचालित अनुगमन हुने व्यवस्था मिलाउने ।

५१. माथि उल्लेख गरे बमोजिमको कानुनी प्रबन्ध गर्दा स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानमा पर्ने प्रभावको समीक्षा गरी एकरुपता ल्याउने ।

५२. निर्माण सामाग्री उत्खननको कारणले नदी संरचनाहरुमा पुग्न गएको क्षतिबापतको क्षतिपुर्ति रकम समेत संकलित राजस्वबाट पूर्ति गर्नु पर्ने। राजस्वको निश्चित अंश नदी संरक्षण तथा ब्यवस्थापनको लागि खर्च गर्ने पर्ने नीतिगत ब्यवस्था गर्ने।

५३. विभिन्न सार्वजनिक आयोजनाले निर्माण सामग्री उत्पत्तिको स्रोत खोजी गर्ने र कानून बमोजिम उत्खनन भएका सामग्री मात्र प्रयोग गर्ने कार्यनीति लिने हो भने चोरी निकासी, अवैध उत्खनन जस्ता यो क्षेत्रका मुख्य समस्या र चुनौती हट्न सक्ने। त्यसका लागि भुक्तानीको अधिकार पाएका आयोजनाका प्रमुख तथा लेखा प्रमुखलाई जिम्मेवार बनाउन जरुरी।

उत्खनन बारे दुरदृष्टि

५४. निर्माणमुखी सामग्रीको उत्खनन र प्रयोगका सन्दर्भमा सबैभन्दा महत्वपूर्ण ईकोनोमि अफ स्केलको विषय हुने भएकाले नयाँ बन्ने कानूनमा अन्य मुलुकले गरे जस्तो निर्माण सामाग्री उद्योगलाई बृहत कम्पनीको रुपमा सन्चालन गरी निर्माणमुखी सामग्रीको उत्खनन गर्ने गरी दायरा फराकिलो बनाउँने।

५५. उत्खनन गर्ने कार्य र जग्गा प्राप्ति वा वृहत पूर्वाधार जस्तै विमानस्थल, आधुनिक शहर वा सडकको निर्माण गर्ने कार्य सँग प्रत्यक्ष जोड्नु पर्ने।

संस्थागत व्यवस्था

५७. मुलुकभित्रको समग्र निर्माणमुखी सामग्रीको उत्खननको नियमनको लागि **खानी तथा खनिज प्राधिकरण** स्थापना गर्ने। खानीबाट हुने निर्माणमुखी सामग्रीको उत्खननको नियमनको लागि यस प्राधिकरणको केन्द्रिय कार्यालयको भूमिका रहनु उपयुक्त हुने। नदीबाट हुने उत्खननको नियमनको लागि, राष्ट्रिय नदीबाट हुने उत्खननको क्रममा प्राधिकरणको केन्द्रिय कार्यालयको भूमिका रहनु उपयुक्त हुने। अन्य नदीबाट हुने उत्खननको क्रममा, सात प्रदेशमा प्राधिकरणको शाखा कार्यालयहरु स्थापना गर्न आवस्यक।

५८. अध्ययनको आधारमा प्रदेश सरकारले (नदी, खोला, खहरे आदिबाट) नदीजन्य सामग्री संकलनका लागि ठाउँठाउँमा बाँध बाँधेर नदीको धार नबद्लिने गरी नदीजन्य निर्माण सामग्री संकलन गर्ने भौतिक संरचना बनाउने र हरेक वर्ष संकलन भएको परिमाणका लागि मात्र ठेक्का लगाएर बेचबिखन गर्ने प्रबन्ध गर्ने ।

५९. स्थानीय तहको प्रशासकीय भवन, बिद्यालय आदि बनाउने क्रममा स्थानीय बालुवा, ढुंगा आदिको प्रयोगमा सहजीकरण गर्ने। साथै सम्वन्धित नदी क्षेत्र वा खानी क्षेत्रको संरक्षणको लागि (तटवन्ध निर्माण आदि) प्रयोगहुने स्थानीय नदीजन्य वा खानी जन्य निर्माण सामाग्रीको शुल्क मिनाह गर्ने ब्यवस्था गर्ने ।

अनुसन्धानमा आधारित उत्खनन

६०. खानीजन्य निर्माण सामाग्रीबाट आउने राजस्वलाई दिगो बनाउन चोरी निकासी, भ्रष्टाचार, अनियमितता र कुन आर्थिक वर्षमा कति परिमाण निकाल्न मिल्छ भनेर तोक्नका लागि भूगर्भशास्त्री, खानी विज्ञ, वातावरणशास्त्री, भौतिक पूर्वाधार विज्ञ, वन तथा जैविक विविधता तथा जलस्रोत विज्ञ, समाजशास्त्री, अर्थशास्त्री सम्मिलित कमिटिबाट खानी क्षेत्रको बृहत् वातावरणीय प्रभाव मूल्याङ्कन गरी निश्चित परिमाण तोकेर खानी क्षेत्रबाट निर्माण सामग्री उत्खनन तथा निष्कासनको प्रबन्ध मिलाउने।

६१. निर्माण सामग्रीको उपलब्धता, उत्खननको अवस्था, उत्खननबाट परेका प्रतिकूल एवम् अनुकूल प्रभाव आदिको वातावरणीय, सामाजिक एवम् आर्थिक दृष्टिबाट स्वतन्त्र एवम् निष्पक्ष अध्ययन अनुसन्धान गर्न विश्वविद्यालय, अनुसन्धान संस्था, समूह, व्यक्तिलाई प्रोत्साहित गर्दै सहकार्य गर्ने प्रबन्ध मिलाउने। त्यसका लागि सार्वजनिक कोष खडा गरी स्रोत परिचालन गर्ने ।

६२. नदी प्रणालीबाट दिगो उत्खननको परिमाण तय गर्न गेग्रानको उत्खननको प्रभाव बेग्लाबेग्लै भागमा र समग्रमा) को पुर्वानुमान गरेर मात्र गर्ने। यसकालागि जलाधारको गेग्रान थप गर्ने क्षमता, नदीको वहाबको चरित्र, गेग्रानको स्थानान्तरण हुने चरित्र, नदीको पर्यावरणीय अवस्थितिको विस्तृत अध्ययन गर्ने। नदी प्रणालीबाट दिगो उत्खनन योग्य गेग्रानको मात्रा

निर्धारण गर्नकालागि समग्र नदि प्रणालीको दिर्घकालिन अनुगमन र नदीको भौतिक स्वरुपको नमुना अध्ययन (morphological modelling) परिक्षण गर्ने।

६३. नदीजन्य निर्माण सामग्री संकलन र उत्खननका लागि नेपालका नदीहरूको थेग्रान बगाउने क्षमताको दीर्घकालीन परिदृश्य तयार गर्न नेपालका नदीको थेग्रान विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिको नेतृत्वमा नदी, जलस्रोत, भू तथा जलाधार विज्ञ, भूगर्भशास्त्री, वन, वातावरण विज्ञ, अर्थशास्त्री, योजनाविद सहितको विज्ञ टोली बनाएर विस्तृत अध्ययन गराउनु पर्ने।

परिच्छेद १७

जलविद्युत विकास

पृष्ठभूमि

१. मुलुकको दिगो आर्थिक विकासमा पूर्वाधार क्षेत्र र त्यसमा पनि जलविद्युतको महत्त्वपूर्ण भूमिका रहेको छ। विभिन्न अध्ययनहरूले नेपालमा जलविद्युत विकासको अपार सम्भावना रहेको देखाएका छन् (Water and Energy Commission Secretariat, 2013 ; World Bank, 2019; ADB, 2017; Gunatilake, Wijayatunga, & Holst, 2020)। जलविद्युतको विकासले राष्ट्रिय तथा क्षेत्रीय अर्थतन्त्रको तीव्र विकासमा टेवा पुऱ्याई मुलुकको समृद्धि र हितको प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

२. विद्युत विकास विभागको वेब साइटबाट फाल्गुन २६, २०८१ मा प्राप्त रियल टाइम डाटाको आधारमा जलविद्युत आयोजनाहरूको वर्तमान स्थिति यस प्रकार रहेको छ। सर्वे अनुमति लिएका १०३ आयोजनाको क्षमता ८१६४.८५ मेगावाट छ। निर्माण अनुमतिका लागि आवेदन दिएका ७८ आयोजनाहरूको क्षमता ११,२३७.५८ मेगावाट छ। निर्माण अनुमति लिएका २५५ आयोजनाको क्षमता १०,०६७.५३ मेगावाट छ। निर्माण सम्पन्न भएका १६७ आयोजनाको क्षमता ३,२४१.५८ मेगावाट छ। यसप्रकार २९,४६९.९८ मेगावाट क्षमताका ४३६ आयोजनाहरू निर्माणको विभिन्न चरणमा छन् भन्न सकिन्छ। निर्मित क्षमता ३,२४१.५८ मेगावाट भएकाले सबै आयोजना सम्पन्न भए पछि कुल क्षमता ३२७११.५६ मेगावाट हुने देखिन्छ।

३. नेपालमा आवधिक योजनाहरूले जलविद्युत उत्पादनलाई प्राथमिकतामा राखेको देखिन्छ (तालिका- २)। तथापि, दोस्रो र छैटौं आवधिक योजना बाहेक अन्य आवधिक योजनाले जलविद्युत उत्पादनमा लक्ष्य भेट्टाउन सकेको देखिँदैन।

तालिका १७.१: आवधिक योजनामा विद्युतः लक्ष्य र यथार्थ

आवधिक योजना	अवधि	लक्ष्य (मेगावाट)	उत्पादन (मेगावाट)
योजना पूर्व	१९९६८२०१२-	१.१	१.१
सातौं योजना अवधिसम्मको	२०१३२०४७-	५९४.२२३	४७५.६५३
आठौं	२०४९२०५४-	३४७	३००
नवौं	२०५५२०५९-	५३८	५२७.५
दशौं	२०६०२०६४-	८४२	५६०
अन्तरिम ३ वर्षीय	२०६५२०६७-	७०४	६९३.७
त्रीवर्षीय योजना	२०६८२०७०-	८७७.७	७५८
तेह्रौ	२०७१-२०७३	१४२६	८५१
चौधौ	२०७४२०७६-	२३०१	१२५०
पन्ध्रौ	२०७७२०८१-	५८२०	१६२७
सोह्रौ	२०८१२०८६-	विद्युत उत्पादन २१०० वि. स. सम्म ४०,००० मेगावाट पुर्याउने	

स्रोत (१) :दश वर्षीय जलविद्युत विकास योजना तर्जुमा कार्यदलको प्रतिवेदन (२)आवधिक योजनाहरू ।

४. पछिल्लो समय जलविद्युत उत्पादनमा निजी क्षेत्रको अत्यधिक सक्रियताको कारण उत्पादनमा वृद्धि भएको हो। यस क्षेत्रमा निजी क्षेत्रको सक्रिय सहभागिता हुँदा सबै प्रकारका उत्पादनशील स्रोतहरूको

पहिचान हुनुको साथै तिनीहरूको लाभ-लागतको वास्तविक र सामयिक पहिचान भइ उत्पादनमा तथा प्रसारण लाइनमा लाग्ने लागत समेत कटौती भएको छ । जसले गर्दा बिगतमा राष्ट्रिय प्रसारण लाइन नपुगेको क्षेत्रमा समेत विद्युत सेवा पुगेको छ। निजी क्षेत्रको विद्युत् उत्पादनमा उल्लेख्य सहभागितापश्चात् उत्पादन क्षमतामा उच्च वृद्धि भएको, विद्युतीकरणमा वृद्धि भएको र सोको कारण कुल गृहस्थ उत्पादनमा समेत उल्लेख्य योगदान पुगेको देखिन्छ (विश्व बैंक तथ्याङ्क, २०२५)। सरकारले बिद्युत खपत बढाउन विभिन्न कार्यक्रमहरू लागु गरी बिद्युत खपत वृद्धि गर्न अभिप्रेरित गरेको देखिन्छ। नेपालको प्रतिव्यक्ति बिद्युत खपत एक दशक अघि १४३ युनिट रहेकोमा आ व २०८०/८१ को अन्त्यमा ४०० युनिट पुगेको छ । ७५३ स्थानीय तह मध्ये ७३२ स्थानीय तहमा केन्द्रीय ग्रिड पुगेको छ र ९६.७ प्रतिशत जनसंख्याले केन्द्रीय ग्रिडको बिजुली प्राप्त गरेका छन् (सोह्रौ योजना)।

५. देशभर विद्युतको पहुँच बढाउने र ग्रामीण विद्युतीकरण विस्तार गर्ने उद्देश्य अनुरुप प्रसारण लाइनको कुल लम्बाइ आ.व. २०७१/७२ मा २,६२४ सर्किट-किलोमिटर रहेकोमा आ.व. २०८०/८१ सम्म करिब २४८ प्रतिशतले वृद्धि भई ६,५०७ सर्किट-किलोमिटर कि। मि। पुगेको छ (ने.वि.प्रा., २०८१)। कुल ऊर्जा सन्तुलन आर्थिक वर्ष २०६९/७० मा लगभग १,९८,०४० मेगावाट घण्टा थियो र आर्थिक वर्ष २०८०/८१ मा झण्डै १९९ प्रतिशतले बढेर ५९२०६८ मेगावाट घण्टा पुगेको देखिन्छ । यसले नेपालमा निर्यातको तुलनामा ऊर्जाको आयात बढी भएको देखाउँछ, जसले गर्दा आन्तरिक ऊर्जा सन्तुलनमा नकारात्मक असर परेको छ। प्रसारण लाइन तर्फ नोक्सानी व्यहोर्नु परेको देखिन्छ तर नोक्सानी दर भने घट्दो देखिन्छ । आर्थिक वर्ष २०६९/७० मा ५.२५ प्रतिशत रहेको नोक्सानी दर आर्थिक वर्ष २०८०/८१ सम्मा करिब १५.६२ प्रतिशतले घटेर ४.४३ प्रतिशतमा पुगेको देखिन्छ (चित्र ०२)। विद्युत उत्पादन लागत घटाउन प्रसारण लाइन नोक्सानी न्यूनीकरण गर्न जरुरी छ।



चित्र १७.२ आर्थिक वर्ष २०६९/७० देखि २०८०/०८१ सम्मको कुल ऊर्जा आयात, निकासी र प्रसारण लाइनको ऊर्जा घाटा।

स्रोत: ने.वि.प्रा., २०८१ ।

विद्यमान नीति तथा संस्थागत व्यवस्था

विद्यमान नीति

६. जलविद्युत उत्पादनलाई विशुद्ध आर्थिक क्षेत्रको रूपमा ग्रहण गर्दै जलविद्युत उत्पादनमा निजी क्षेत्रलाई आकर्षित गर्न सरकारले जलविद्युत विकास नीति २०४९ जारी गरेको थियो । जलविद्युत विकास नीति, २०४९ लाई कानुनी आधार प्रदान गर्न सरकारले विद्युत ऐन २०४९ र जलस्रोत ऐन २०४९ जारी गरेको थियो ।

७. त्यसको दश वर्षपछि जलविद्युत विकास नीति २०५८ जारी गरिएको थियो ।२०४९ को नीतिले कानुनी र संरचनात्मक विषयहरूमा बढी जोड दिएको थियो भने २०५८ को नीतिमा तीन ओटा विषयवस्तुमा विशेष जोड दिएको देखिन्छ- ऊर्जा सुरक्षा, खनिज इन्धन माथिको निर्भरताबाट देशलाई उन्मुक्ति र नेपालमा उत्पादित ऊर्जा नेपालभित्रै खपत ।

८. विद्युत विकासको क्षेत्रमा स्थापित तथा निर्मित विभिन्न संस्थागत संरचना तथा ऐन, नीति, नियमावलीको बिचमा समन्वय कायम गर्न र सहज मार्गदर्शन प्रदान गर्न सरकारले जलस्रोतको एकीकृत तथा दिगो व्यवस्थापनको अवधारणालाई कार्यन्वयन गर्न २०५९ सालमा जलस्रोत रणनीति तयार गर्यो। यो रणनीतिलाई अवलम्बन गर्न सोही आयोगकै सक्रियतामा २००५ (२०६२) सालमा राष्ट्रिय जलस्रोत योजनाको स्वरूप पनि बनेको देखिन्छ। यो नीतिगत व्यवस्थाले जलस्रोतको एकपक्षीय प्रयोगलाई मात्र नहेरी यससँग सम्बन्धित जलविद्युत, सिँचाइ, खानेपानी, उद्योग, वातावरण तथा सांस्कृतिक लगायतका सबै पक्षलाई एकीकृत रूपमा व्यवस्थापन गर्ने बाटो खुलाएको देखिन्छ । त्यसैगरी, नीतिगत व्यवस्था मार्फत जलस्रोतको उपयोग गर्ने सिलसिलामा सन् २००२ मा सरकारले २५ वर्ष (२००२-२०२७)का लागि जलस्रोत रणनीति निर्माण गरेको थियो । जलस्रोत रणनीति (२००२-२०२७/२०५९-२०८४) लाई कार्यान्वयन गर्ने सिलसिलामा राष्ट्रिय जल योजना पनि निर्माण गरेको देखिन्छ ।

९. २०७२ सालमा संविधान जारी भइसकेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०७५ सालमा ऊर्जा, जलस्रोत तथार सिँचाइ क्षेत्रको वर्तमान अवस्था र भावी मार्गचित्र नामक श्वेतपत्र जारी गरेको थियो । यद्यपी, मुलुकले सङ्घीय शासन प्रणाली अवलम्बन गरेको करिब एक दशक भइसक्दा पनि करिब तीन दशक अघि बनेको जलविद्युत विकास नीति २०५८ अहिलेसम्म परिमार्जन हुन सकेको छैन ।

१०. सोह्रौं योजनाले पूर्वाधार विकास र लगानी अभिबृद्धि कार्यक्रमलाई प्राथमिकता दिदै विक्रम सम्वत् २१०० सम्ममा विद्युत उत्पादन ४०,००० मेगावाट पुर्याउने लक्ष्य राखेको छ। उक्त लक्ष्य हासिल गर्नका निम्ति जलविद्युत क्षेत्रमा लगानी सहजीकरण गर्नका लागि एकद्वार प्रणालीको प्रयोग गर्ने, वातावरणीय अध्ययन र जग्गा प्राप्तिलाई सहजीकरण र प्रक्रियागत सरलीकरण गर्ने, विद्युतीय सामग्रीको प्रयोगमा अनुदान प्रदान गर्ने लगायतका विषयलाई प्राथमिकता दिईएको छ। साथै दुइ वर्ष भित्र पूर्ण विद्युतीकरण गरिने लक्ष्य राख्दै सो लक्ष्य प्राप्त गर्न आगामी १२ वर्षमा २८ हजार ५ सय मेगावाट उत्पादन क्षमता भएको पूर्वाधार बनाइने तथा औद्योगिक करिडोर विकास र विस्तारका लागि पनि

विद्युत सेवा नियमित बनाइने भनिएको छ। यसैगरी जलविद्युत क्षेत्रमा जलाशययुक्त र बहुउद्देश्यीय आयोजनाको निर्माण गरिने भनिएको छ ।यस्तै सोह्रौं योजनामा जलविद्युत क्षेत्रमा लगानी भित्राउने उद्देश्यले जलविद्युत विकास तथा विस्तार कार्यक्रमको अवलम्वन गरिएको छ, जसअन्तर्गत विद्युत व्यापारका लागि कार्ययोजना बनाउने र निजि क्षेत्रलाई पनि विद्युत व्यापारमा संलग्न गराउने परिकल्पना गरिएको छ ।

संस्थागत संरचना : नेपालमा जलविद्युतको विकास गर्ने सन्दर्भमा विभिन्न संस्थागत संरचनाहरूको परिकल्पना तथा विकास गरिएको छ ।

- जसमध्ये २०४२ भदौ १ गते **नेपाल विद्युत प्राधिकरण** स्थापना भयो ।
- नेपाल विद्युत ऐन २०२० मा लागु भए तापनि त्यसका करिब तीन दशकपछि मात्रै ऐन बमोजिम **विद्युत विकास विभाग** स्थापना भएको देखिन्छ ।
- जल तथा ऊर्जाका स्रोतलाई एकीकृत र द्रुत रूपमा विकास गर्ने उद्देश्यले नेपाल सरकारले विक्रम सम्वत् २०३२ सालमा जल तथा **ऊर्जा आयोग**को स्थापना गरेको थियो ।
- लामो समयसम्म ऊर्जा सङ्कट झेलिरहनु परेको अवस्थाबाट पार पाउन नेपाल सरकारले २०६८ साल असारमा मा **जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड** स्थापना गर्यो ।
- विद्युत नियमन आयोग ऐन, २०७४ र विद्युत नियमन आयोग नियमावली, २०७५ बमोजिम वैशाख २०७६ मा **विद्युत नियमन आयोगको** स्थापना भयो । विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई व्यवस्थित गर्ने आयोगको मुख्य जिम्मेवारी हो ।
- बदलिँदो अर्थ राजनीतिक परिवेशमा विद्युत उत्पादन, वितरण तथा प्रसारणको कार्यलाई नेपाल विद्युत प्राधिकरणमा मात्र सीमित नराखी विकेन्द्रित गर्ने गरी असार २०७२ मा **राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको** स्थापना भयो। यसले जलविद्युत उत्पादकहरूले उत्पादन गरेको विद्युत प्रसारण गर्न विद्युत पूर्वाधार विकास गर्ने, ट्रान्समिसन लाइन, सब स्टेसन र भार सम्प्रेषण केन्द्रहरूको निर्माण, विस्तार र आधुनिकीकरण गर्ने, ट्रान्समिसन प्रणालीको परीक्षण तथा रियल-टाइम अपरेसनको जिम्मेवारी लिने लगायतका उद्देश्यहरू रहेको छ।
- सार्वजनिक-निजी सहकार्यमा फरक लगानीकर्ता फरक परियोजनाको प्रारूपमा विद्युत उत्पादन गर्ने उद्देश्यले २०७३ मङ्सिरमा **विद्युत उत्पादन कम्पनी लिमिटेड** को स्थापना गरिएको छ।
- नेपालमा ठुला पूर्वाधार योजनाहरूका लागि लगानी मैत्री वातावरण सिर्जना गर्न तथा निजी लगानीलाई प्रोत्साहन गर्न लगानी बोर्ड ऐन २०६८ अनुसार फास्ट ट्रयाक सरकारी निकायको रूपमा २०६८ सालमा **लगानी बोर्ड नेपाल** को स्थापना भयो ।लगानी बोर्डलाई सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५ ले ६ अर्बभन्दा माथिको परियोजनाहरू स्वीकृत गर्ने अधिकार दिएको छ । जलविद्युतको हकमा पनि ६ अर्बभन्दा माथि वा २०० मेगावाटभन्दा माथिको जडित क्षमताको परियोजनाहरू स्वीकृत गर्ने गर्दछ ।
- नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकास गर्ने उद्देश्यका साथ नेपाल सरकारद्वारा २०५३ मा **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**को स्थापना गरिएको थियो ।

मुख्य समस्या/चुनौती

११. जलविद्युत उत्पादनमा निजी क्षेत्रको सहभागिता पश्चात् विद्धुत प्राधिकरणको एकाधिकारको अन्त्य भएको छ, जसका कारण उत्पादनको लागतमा तथा प्रति युनिट महसुलमा सकारात्मक असर परेको छ। तर, प्रसारण लाइनमा र वितरण प्रणालीमा प्राधिकरणको एकाधिकार कायमै रहेका कारण प्रतिस्पर्धा हुन नसक्दा चुहावट नियन्त्रण तथा नवप्रवर्तनको अभावमा लक्ष्य अनुरूप सफलता हासिल हुन सकेको देखिँदैन ।

१२. नेपालका धेरै जस्तो आयोजनाहरू जलाशय (Reservoir) को सट्टा "रन अफ रिभर" (Run of River) प्रणालीमा आधारित भएकोले वर्षा याममा बढी विद्युत् उत्पादन हुने तर सुख्खा याममा माग भन्दा धेरै कम उत्पादन हुने गर्दछ ।

१३. निजी क्षेत्रलाई विद्युत् उत्पादनमा संलग्न गराउने नीतिअनुरूप सरकारले बिना योजना जलविद्युत सर्भे तथा उत्पादनको अनुमति दिएको तथ्यहरू सार्वजनिक भएका छन् । यसो भएकोले केही योजनाहरू उत्पादन अनुमतिमा नै सीमित रहेको देखिन्छ भने कतिको उत्पादन अनुमति समेत खारेज भै सकेको छ।[४१] लगानी जुटाउन नसक्दा कतिपय परियोजना अनुमति पत्रमा उल्लेख गरिएको मितिभित्र उत्पादन सुरु नै हुन सकेको देखिन्न ।परिणामतः देशमा चरम विद्युतको अभाव सिर्जना हुने गरेको थियो।[४२] जलविद्युत विकास तथा लगानी कम्पनीको स्थापना पश्चात यो समस्याको केही हदसम्म समाधान त भयो तर विद्युत् उत्पादनको बृहत्तर योजना बिना नै अनुमति पत्र प्रदान गर्ने प्रचलन कायमै रहेकाले निजी क्षेत्रका नाममा केही बिचौलियाहरूले अनुमति पत्र लिई होल्ड गरेको कारण अनुमति अनुसार उत्पादन भएको छैन । यसले पनि विद्युत आपूर्ति प्रणालीमा अपेक्षाकृत सुधार हुन सकेको छैन ।

१४. जलविद्युत आयोजना विकासका क्रममा **लगानीकर्तालेभोग्नु परेका समस्या** मध्ये (क) रुख कटानी र सोधभर्ना , (ख) विद्यमान जग्गाको हदबन्दी सम्बन्धी व्यवस्थाले जलविद्युत आयोजनालाई आवश्यक जग्गा प्राप्तिमा (जग्गा खरीद तथा सरकारी जग्गाको प्रयोग) समस्या, (ग) स्थानीय समुदायको असहयोग, (घ) प्रसारण लाइन निर्माणमा विलम्ब, (ङ) वातावरणीय प्रभाव मूल्याङ्कनमा प्रक्रियागत जटिलता र ढिलाई आदि छन् ।

१५. निजि क्षेत्रले ठुलो आयोजना सञ्चालन गर्न ऋण प्राप्त गर्न सहज भए पनि **इक्विटी जुटाउन गाह्रो** छ।

१६. जलविद्युत उत्पादनको अनुमति अवधि ५० वर्ष भएकाले अवधि सकिए पछि **स्थानीय र सर्वसाधारण लाई जारी गरिएको शेयर** के हुन्छ भन्ने अन्यौल छ। कतिपय कम्पनीहरूको नेटवर्थ ऋणात्मक हुँदा पनि दोस्रो बजारमा उच्च मुल्यमा शेयरको कारोबार भएको पाइन्छ। यी कारणहरुले गर्दा भविष्यमा लगानीकर्ताको लगानी डुब्ने सम्भावना रहन्छ।

१७. जुन रफ्तारमा नेपालमा निजि क्षेत्रको सहभागितामा जलविद्युत आयोजनाहरू विकास भएको छ त्यही रफ्तारमा **जलविद्युत विकासलाई आवश्यक पर्ने सामग्री** जस्तै इलेक्ट्रो-मेकानिकल उपकरण, कन्डक्टर,

---

[४१] विद्युत विकास विभागको वेब साइटबाट फाल्गुन २६, २०८१ अनुसार ४४१६.९६ क्षमताका १७९ परियोजनाको उत्पादन अनुमति खारेज भै सकेको छ।

[४२] https://abhiyandaily.com/article/jholaamaa-kholaa-rokn-jrurii

https://abhiyandaily.com/article/jholaamaa-kholaa-r-loddshedding

ग्राउण्ड-वायर, पेनस्टक पाइपलाइ चाहिने समान टर्बाइन आदि निर्माण गर्ने उद्योगको विकास हुन सकेको छैन ।

१८. भू-उपयोग र जलविद्युतको विकासमा सङ्घीयताको मर्म र भावना अनुसार **तीनै तहका सरकारको बीचमा अधिकारको बाडफाँड**को विषयमा आवश्यक सहकार्य र समन्वयको अभाव रहेको छ।

१९. बदलिँदो भू-राजनैतिक परिवेश, प्रविधिमा आइरहेको तीव्र परिवर्तन माझ जलविद्युत क्षेत्रको द्रुत विकास भैरहेको अवस्थामा **जलविद्युत विकासमा गार्हस्थ्य अनुसन्धान क्षमता, दक्ष प्राविधिक जनशक्ति, कुशल व्यवस्थापकीय एवम् कानुनी ज्ञान**, आवस्यकता अनुसार पूर्ति हुन सकेको छैन।

२०. वातावरण र जलवायु परिवर्तनको कारणबाट पानीको उपलब्धतामा अनिश्चितता बढेको साथै खडेरी, जल उत्पन्न प्रकोप जस्तै बाढी, पहिरो, भू-क्षय, ग्लेशियल लेक आउटबर्स्ट फ्लड (GLOFs), आदि जोखिमहरु बढ्दै गएको छ।

२१. **घरेलु उपभोक्ताहरुले विद्युत उपभोग सम्बन्धमा विभिन्न समस्य र चुनौति भोग्नु परेको छ।** वर्षा याममा उत्पादन बढेसंगै बिजुलीको दर कम नगरिनु, विद्युतीय सवारीसाधनका लागि आवश्यकता अनुसार ठाउँ-ठाउँमा चार्जिंग स्टेसन नराखिनु, बिजुलीको भोल्टेज स्थिर नहुनाले उपकरणहरु प्रयोग गर्न गाह्रो हुनु, घरेलु उपभोक्ताका लागि बिजुलीको दर निर्यात दर भन्दा पनि धेरै हुनु, देशका दुर्गम ठाउँमा बिजुलीको पहुँच नहुनु र भएको ठाउँमा पनि सन्तोषजनक सेवा प्रवाह नगरिएको भोल्टेजमा उतार-चढाव हुनु, केहि कारणवास बिजुली कटान गर्नुपर्ने भएमा प्राधिकरण अथवा सम्बन्धित निकायले समयमा नै ग्राहकलाई समस्या सम्बन्धि अवगत गराउने व्यवस्था नहुनु आदि रहेका छन्।[४३]

२२. **औद्योगिक उपभोक्ताले समेत विभिन्न सममस्या र चुनौती सामना गर्नुपरेको छ।** यी मध्ये सरकारको तर्फबाट सहुलियत प्रदान नहुँदा बिजुली खपत महँगो हुनु, केही प्रदेशमा कम भोल्टेज प्रदान गरिएकाले ठुलो उद्योग सञ्चालनमा समस्या रहनु, टिओडी मिटरको (टाइम अफ डे मिटर) प्रयोग अनुसार बिजुली खपत मापन नहुनु रहेका छन् ।

२३. **संस्थागत चुनौतीहरूः**

- सन् २०६५ मा जलस्रोत मन्त्रालयलाई विघटन गरी सिँचाइ र ऊर्जा मन्त्रालयलाई टुक्रयाइएपछि जलस्रोत सिँचाइ र ऊर्जामा मात्र सीमित भएको देखिन्छ यसले एकीकृत जलस्रोतको अवधारणामाथि नै विरोधाभास उत्पन्न गरेको छ।

---

[४३] घरेलु उपभोक्ता र विद्युत खपत सम्बन्धी तराई, हिमाल र पहाडका २१ वटा भिन्न जिल्लामा गरिएको एक सर्भेक्षणका (Sharma et. al, 2024) अनुसारः

- अधिकतम घरमा खाना पकाउनको लागि दाउराको प्रयोग गर्ने गरेको देखिन्छ । यसले नेपालमा बिजुलीको प्रयोग र बिजुलीमाथिको पहुँच न्यून छ भन्ने सङ्केत गर्दछ ।
- सर्वेक्षणमा सहभागीहरूबाट सङ्कलन गरिएको तथ्याङ्क अनुसार उद्योगमा प्रयोग हुने उर्जाको माग जम्मा ८.८७ प्रतिशत मात्रै हिस्सा बिजुलीको रहेको देखिन्छ ।
- सङ्कलित नमुनामा २५ प्रतिशत हिस्सा ओगटेको सीमान्तकृत वर्गको बिजुली वा अन्य उर्जामा पहुँच नपुगेको देखिन्छ। यसले लक्षित वर्गलाई सहुलियतको आवश्यकता रहेको छ भन्ने जनाउँछ ।
- स्रोतको उपलव्धता भएमा सहरी क्षेत्रका ३९.७ प्रतिशत र ग्रामीणक्षेत्रमा ६.७ प्रतिशत घरले बिजुली मार्फत खाना पकाउने इच्छा व्यक्त गरेको देखिन्छ ।

- विद्युत् विकास विभाग जस्तो नियामक निकायले आफै जलविद्युत उत्पादनतिर लाग्नु उचित देखिँदैन। उदाहरणका लागि विभाग आफैले सप्तकोशी उच्च बाँध आयोजना, पञ्चेश्वर वहुउद्धेश्यीय आयोजना, बूढीगंगा जलविद्धुत परियोजनाको निर्माण अघि बढाइरहेको छ।[४४] यसबाट आफै जलविद्युत आयोजना बनाउँदै गरेको विभागको काम कसले नियमन गर्ने भन्ने प्रश्न उठ्छ।
- त्यस्तै विद्युत् ऐन २०४९ मा छुट्टै महशुल निर्धारण समितिको प्रावधान राखिएको थियो । पछिल्लो समयमा यसलाई विद्युत् नियमन आयोग बनाइएको छ तर सङ्गीयता लगायतका अरू परिवर्तित सन्दर्भमा विद्युत् व्यवस्थापनको खाका कस्तो हुने हो? ढाँचा प्रष्ट छैन। यस्ता विषयमा नीतिगत स्पष्टता जरुरी छ। साथै यो आयोगको औचित्य थप पुष्टि हुन जरुरी देखिन्छ।

वित्तीय व्यवस्थापनः

- निजि क्षेत्रले ठुलो आयोजना सञ्चालन गर्न ऋण प्राप्त गर्न सहज भए पनि इक्विटी जुटाउन गाह्रो भएकाले इक्विटी फाईनान्स गर्ने संस्थागत प्रबन्ध (जस्तै प्राइभेट इक्विटी संस्थाहरूको) विकास आवश्यक छ ।
- जलस्रोतलाई जलबिद्युतको संकुचित दृष्टिले मात्र नहेरेर समग्र प्रयोजनको उद्देश्य अनुरुप जलस्रोत विकासको खाका तथा रणनीति तयार गर्ने र सोही अनुरुप विविध बहु-उद्देशीय आयोजनाहरु पहिचान गरी पिपिपि मोडेलमा निर्माण गर्ने । निर्माणाधीन बहु-उद्देशीय भेरी बबई डाइभर्शन आयोजना अन्तर्गत ४६.८ मेगावाट र सुनकोशी मरिन आयोजना अन्तर्गत ४२.५ मेगावाट जलबिद्युत योजनालाई कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष वा बिशिष्ट सार्बजनिक संस्था मार्फत मौद्रिकीकररण गरी कम्पननी मोडेलमा सञ्चालन गर्ने। यस्तो मोडेलले लगानी जुटाउन र ठुला आयोजना समय मै सम्पन्न गर्न सहज हुने, राज्यलाई लगानीको भार कम पर्ने र योजनाले पनि लगानी अनुरुप आर्थिक प्रतिफल पाउने अवस्था सुनिश्चित हुने।
- जलबिद्युत आयोजनाको सेयरको कारोबार मूल्य विश्लेषण गर्दा बुट मोडेलले पार्ने प्रत्यक्ष असर बारे अधिकांश लगानीकर्ता अनभिज्ञ देखिएको र यो अवस्था तत्काल सम्बोधन नभए ऋण तथा बचत सहकारीको समस्या भन्दा गम्भीर हुने भएकोले धितोपत्र बजारमा सुचिकृत बुट मोडेलमा संचालित कम्पनि सम्बन्धि बिशेष व्यवस्था गर्ने ।
- लगानीकर्ताको लगानी डुब्नबाट जोगाउन जलविद्युत कम्पनीहरूको वित्तीय घोषणा (financial disclosure) र आयोजनाको लागतको अनुगमन गर्ने प्रबन्ध गरिनु आवश्यक ।

निजी क्षेत्रका समस्याहरू :

[४४] http://www.doed.gov.np/pages/budhiganga-hydropower-project

- नेपाल विद्युत् प्राधिकरण एक मात्र क्रेता भएकाले निजी क्षेत्रले उत्पादन गरेको बिजुली उसले बाहेक अरूले किन्ने अवस्था छैन। त्यस कारण निजी क्षेत्र विद्युत खरीद मूल्य (पीपीए) का लागि प्राधिकरणसँग निर्भर हुन बाध्य हुनुपरेको छ ।
- प्रसारण लाइन निर्माणको जिम्मा लिएको विद्युत् प्राधिकरणले निर्माण सम्पन्न हुने आधारमा जडान सम्झौता गर्ने तर कतिपय अवस्थामा तोकिएको समयभित्र प्रसारण लाइन तयार नहुँदा उत्पादन भएको विद्युत् खेर जाने वा उत्पादन गर्ने अवधि लम्ब्याउनुपर्ने अवस्थाका कारण लागत बढ्न गएको छ ।

सुधारका लागि सुझावहरू

२४. **एकीकृत जलविद्युत विकास नीति २०५८** नीतिलाई परिमार्जन गरी समयसापेक्ष एकिकृत जलस्रोत नीति बनाउने। सो नीतिअन्तर्गत जलविद्युत विकास, सिँचाइ र खानेपानी आपूर्ति र सरसफाइ लगायतका क्षेत्रगत रणनीति तयार गर्ने।

२५. विद्युत् विकासको क्षेत्रमा धेरै संस्थागत संरचना हुँदा एक अर्काको कार्यक्षेत्रमा हस्तक्षेप हुन सक्ने देखिएकाले यी सबै संस्थाहरूको औचित्य पुष्टि गरी नीति नीर्माण गर्ने, कार्यान्वयन गर्ने तथा नियामक संस्थाबीच जिम्मेवारी स्पष्ट बनाउँने ।

२६. जलविद्युत विकासमा अत्यावश्यक वस्तुहरूको आयातमा निर्भरता कम गर्न स्वदेशी उत्पादन क्षमता वृद्धि गर्न प्रोत्साहन गर्नुपर्ने। **जलविद्युत विकासलाई आवश्यक पर्ने सामग्री** जस्तै इलेक्ट्रो-मेकानिकल उपकरण, कन्डक्टर, ग्राउण्ड-वायर, पेनस्टक पाइपलाई चाहिने समान टर्बाइन आदि उत्पादन गर्ने उद्योगको विकासमा टेवा दिनुपर्ने।

२७. प्रसारण लाइनहरूको सुरक्षालाई जोखिममा नपारी, मुनिका **(right-of-way) खाली जमिन**लाई घाँसे मैदानमा परिणत गर्ने, कम प्रभाव पार्ने बालीहरू लगाउने आदि जस्ता काममा प्रयोग गरेर आर्थिक मूल्य सिर्जना गर्न सकिने व्यवस्था मिलाउने।

आन्तरिक बिद्युत खपत प्रवर्द्धन

२८. आन्तरिक बिद्युत खपत प्रबर्धन हुने गरी **प्रसारण लाइनको पूर्वाधार** तयार गर्ने र अन्तरदेशीय प्रसारण लाइन निर्माणको हकमा यथार्थपरक बिद्युत ब्यापारको प्रक्षेपण तथा एकल बजारसंग जोडिएको जोखिम मुल्यांकनको आधारमा मात्र चरणबद्ध रुपले लगानी बढाउने ।

२९. विद्युतको घरेलु माग सिर्जना गर्न विद्युतीय चुलोको प्रवर्द्धन गर्ने ।साथै अन्य घरायसी उपकरणको प्रयोगलाई टेवा दिन नयाँ घर निर्माण गर्दा उच्च एम्पीयरको विद्धुत मीटर र तारसा-संजाल (wiring) जडान गर्न र पुराना घरहरूमा कम एम्पीयरबाट उच्च एम्पीयरमा सार्न उपभोक्ताहरूलाई प्रोत्साहन गर्ने ।

निजी क्षेत्र सम्बन्धी

३०. विद्युत् आयोजनाको अनुमति पत्र प्रदान गर्ने प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउनुपर्ने।

३१. देशको आन्तरिक माग पुरा गर्न र विदेशमा निर्यात समेत गर्ने वातावरणको निर्माण गर्न जलविद्युत विकासमा स्वतन्त्र ऊर्जा उत्पादकको भूमिका महत्त्वपूर्ण हुने हुनाले विदेशी लगानी तथा विदेशी प्रत्यक्ष लगानीबाट स्वतन्त्र ऊर्जा उत्पादकहरूले जलविद्युत विकास गर्ने वातावरण सिर्जना गर्नुपर्ने ।

३२. नेपालको जलविद्युत प्रणाली हाल गैर-जलाशययुक्त जलविद्युत आयोजनाहरूमा आधारित भएकाले निजी लगानीमा विकास गरिने जलाशययुक्त विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने कार्यलाई प्राथमिकता दिई बढी भएको विद्युत् मात्र निर्यातका लागि स्वीकृति दिने नीतिगत व्यवस्था गर्नुपर्ने ।

वैदेशिक लगानी सम्बन्धी

३३. विदेशी लगानीलाई स्वीकृति दिँदा अपनाउनुपर्ने वहुचरणलाई हटाई एउटै निकायबाटै सम्पूर्ण अनुमति प्रदान गर्ने व्यवस्था गर्ने।

३४. स्वदेशी पुँजी बजार र वैदेशिक स्रोतलाई जलविद्युत क्षेत्रमा लगानीको लागि अभिप्रेरित गर्न viability gaps funding, minimum revenue guarantee आदि प्रावधान प्रयोग गर्ने, साथै विदेशी विनिमयमा हुने उतार चढाव, जलवायु परिवर्तन र यसका असरबाट हुने जोखिम सम्बोधन गर्न hedging mechanism, जलवायु-उत्थानशील पूर्वाधार योजना र सूचना प्रविधि अवलम्बन गर्ने।

३५. विदेशी लगानीकर्ता संलग्न कम्पनी खोल्न तथा कर बाहेकको नाफा फिर्ता लग्न सहज वातावरण बनाउन थप सहजीकरण गर्नुपर्ने। त्यसका अतिरिक्त देशभित्रै मुनाफा लगानी गर्न प्रोत्साहन गर्ने।

३६. लगानीकर्ता चयन गर्दा निःशुल्क ऊर्जालाई प्राथमिकता दिँदै सित्तैमा पुँजीगत हिस्सा (शेयर) लगायत मुलुकलाई बढी फाइदा हुने अन्य आर्थिक लाभ विषयलाई समेत आधार मानेर लगानीकर्ता चयन गर्नुपर्ने ।

बदलिँदो भू-राजनैतिक अवस्था

३७. सीमावर्ती नदीहरूको विकासको लागि अन्तर्देशीय सन्धि सम्बन्धी नीति तर्जुमा गर्ने ।

३८. जलविद्युत मार्फत सम्वृद्धि हासिले गर्ने परम्परागत सोच तथा नीतिलाई बदलिँदो भू-राजनैतिक अवस्था, प्रविधि, बजार, लगानी, कर्जा, लागत, जलबायु परिवर्तन र प्राकृतिक विपद् जस्ता संवेदनशिल र महत्वपूर्ण बिषयले निम्त्याउन सक्ने जोखिम बारे समग्र विश्लेषण गर्दै बस्तुगत हिसाबले नेपालको जलबिद्युत विकासको रणनिती पुनर्मूल्यांकन गर्ने ।

विद्युत् निर्यात र मुल्य निर्धारण सम्बन्धी

३९. धेरै समयदेखि अध्ययनहरूमा सीमित सीमा नदीहरूमा निर्माणको लागि छनौट भएका विभिन्न बहुउद्देश्यीय जलविद्युत परियोजनाका साथै अन्य जलाशययुक्त आयोजनाहरूको निर्माण पूर्व वातावरणीय प्रभावको सही मूल्याङ्कन र तल्लो तटीय लाभको वैज्ञानिक आधारमा मूल्याङ्कन गरी सोही अनुसार नेपालले पानीमाथिको आफ्नो अधिकार सुनिश्चित गर्नुपर्ने।

४०. प्रसारण तथा वितरण प्रणालीमा हुने विद्युत् चुहावटलाई रोक्दै प्रति युनिट विद्युत् महसुलको लागत घटाउन पुरस्कार र दण्डको व्यवस्था गर्दै जनचेतना फैलाउनुपर्ने र चुहावट न्यूनीकरणको लागि विद्युत् प्रसारण लाइन सम्बद्ध उपकरणको मर्मत सम्भार, स्तर वृद्धि र आधुनिकीकरण गर्दै जाने।

घरेलु उपभोक्ता सम्बन्धी

४१. विद्युत् महसुलमा एकै दिनको पनि पिक आवर र अफ पिक आवरमा फरक फरक महसुल दर लागु गर्ने तथा हिउँद र वर्षा याममा फरक महसुल दर कायम गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने।

४२. घरभाडामा बस्ने उपभोक्ताको हकमा घरधनीले प्रति युनिट बिजुलीको दर तोकिएकोभन्दा बढी लिने प्रवत्तिसमेत रहेको हुँदा यसलाई नियमन गर्नुपर्ने।

४३. बिजुलीको भोल्टेज स्थिर नहुनाले उपकरणहरू प्रयोग गर्न गाह्रो हुने भएकाले भोल्टेज स्थिर गर्ने विषयलाई उच्च प्राथमीकता दिनुपर्ने।

४४. विभिन्न कारण विद्युत आपूर्ति अवरुद्ध भएमा प्राधिकरण अथवा सम्बन्धित निकायले समयमा नै ग्राहकलाई सुसूचीत गर्नुपर्ने।

औद्योगिक उपभोक्ता सम्बन्धी

४५. अफ पिक आवरमा खेर जाने ठुलो मात्राको विद्युत खपत गर्न सक्ने उद्योगलाई सो अवधिमा खपत गरेको बिद्युत् महसुलमा विशेष सहुलियत दिने तथा त्यस्ता उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गर्नुपर्ने।

४६. भोल्टेज कम भएको समयमा उत्पादनसमेत कम हुने, हिउँदमा बिजुली अनिश्चित रूपमा काटिने हुँदा मेशिनरी र उत्पादनमा असर पर्ने भएको हुँदा त्यसैको क्षतिपूर्तिस्वरूप धेरै विद्युत उत्पादन हुने वर्षायाममा उद्योगीहरूलाई सहुलियत दरमा विद्युत प्रदान गर्नुपर्ने।

वातावरण र जलवायु परिवर्तन सम्बन्धी

४७. जलवायु परिवर्तनको कारणबाट उत्पन्न जोखिम व्यवस्थापन, साथै जलवायु परिवर्तन अनुकूलन संरचना (Climate Adaptive infrastructure) को निर्माण गर्ने विषयलाई परियोजनाको अभिन्न अङ्गको रूपमा लिदै आयोजनाको प्लानिङ र डिजाइन फेजमा नै समावेश गर्नुपर्ने।

४८. Concession Period पछि योजनाको स्वामित्व पूर्ण रूपमा नेपाल सरकारमा आउने हुँदा जग्गा उपलब्ध गराउने प्रक्रियालाई सहज बनाई निजी विद्युत् उत्पादनमा सहजीकरण गर्ने । जलविद्युत आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गामा हदबन्दी नलाग्ने गरी भुमि सम्बन्धी ऐनमा संशोधन गर्ने।

४९. कृषि, पर्यटन, मत्स्यपालन, सिचाइसँग परिपूरक हुने बहुउद्देश्यीय आयोजनालाई प्राथमिकता दिनुपर्ने ।

५०. जलविद्युत योजना सञ्चालन गर्दा आकस्मिक दुर्घटना या प्राकृतिक प्रकोपसँग जुध्न वा त्यस्ता घटना वा प्रकोपको प्रभाव न्यूनीकरण गर्न आवश्यक योजना बनाउनु पर्ने अनिवार्य व्यवस्था गर्ने ।

५१. निजी तथा सरकारले निर्माण गर्ने प्रत्येक विद्युत आयोजना र केन्द्रमा अनिवार्य जलाधार संरक्षण र व्यवस्थापन (Watershed Conservation) कार्यक्र लागु गर्नुपर्ने देखिन्छ। यस्ता व्यवस्थापनले पानीको स्रोतलाई दिगो र पर्यावरणलाई सन्तुलित बनाइराख्न मद्दत पुग्नेछ।

सार्वजनिक वित्त ,पूर्वाधार निर्माण र प्रविधि सम्बन्धी

५२. आयोजनाको लागत न्यूनीकरण गर्न प्लानिङ, डिजाइन, कन्स्ट्रक्सन तथा सञ्चालन र मर्मत सम्भार सबै फेजमा भ्यालु इन्जिनियरिङलाई अपनाई अधिकतम लाभ र न्यूनतम आयोजना चक्र खर्च हुने व्यवस्था गर्ने।

५३. निर्माणको अन्तिम चरणमा रहेका परियोजना सम्पन्न गर्ने विषयलाई प्राथमिकता दिन बजेट विनियोजन गर्ने।[४५]

५४. विद्युत् प्रणालीको सञ्चालनमा सहजता ल्याउन पम्प स्टोरेज जलविद्युत प्रविधि अवलम्बन गरी केही आयोजनालाई नमुना आयोजना (Pilot Project) को रूपमा विकास गर्ने ।

५५. बुढीगण्डकी परियोजनाको लाभ लागतको पुनर्मूल्यांकन गर्दै यसले सिर्जना गर्ने ६३ वर्ग किलोमिटर डुबान क्षेत्र र यससँग सम्बन्धित आर्थिक र सामाजिक लागतलाई ध्यानमा राखी परियोजनाको निर्माण मोडालिटी र स्केललाई परिमार्जन गर्नुपर्ने।[४६] हालसम्म जग्गा अधिग्रहणमा झण्डै रु। ४५ अर्ब खर्च भएको सन्दर्भमा अन्य अन्य परियोजनाहरूको लागि जग्गा अधिग्रहण र परियोजना निर्माण एकैसाथ गर्नुपर्ने देखिन्छ।

सङ्घीयता सम्बन्धी

५६. अब बन्ने ठुला आयोजनाहरूमा विद्युत् प्राधिकरण, निजी क्षेत्र, प्रदेश सरकार र स्थानीय तहको संलग्नतामा समय भित्रै कम लागतमा परियोजना निर्माण सम्पन्न गरी प्रति युनिट विद्युत् महसुल घटाउनुपर्ने।

५७. ऊर्जासम्बन्धी संघ, प्रदेश र स्थानीय तहका अधिकार कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था गर्नुपर्ने ।

५८. सडक, प्रसारण लाइन, पुल लगायतका पूर्वाधारमा सरकारले लगानी गरी स्थानीय बासिन्दाको स्वामित्व हुने गरी हाल स्थानीय बासिन्दाबाट भइरहेका हेर्दा झिना मसिना देखिने तर लागत बढाउने किसिमका अवरोधहरू कम गर्न स्थानीय निकायलाई जिम्मेवार बनाएर लागत घटाउनुपर्ने ।

५९. हालको अवस्थामा द्रुत गतिमा जलविद्युत परियोजनाहरू निर्माण सम्पन्न भैरहेकाले समयमै प्रसारण लाइन निर्माण र प्राथमिकतासहित आन्तरिक खपत योजना बनाउनु पर्ने देखिन्छ। यसकालागि विद्युत वितरण कार्य प्रादेशिक स्तरबाट गराउने गरी नेपाल विद्युत प्राधिकरण अन्तर्गत रहेका आठ वटा

---

[४५] उदाहरणकोलागि १४० मेगावाटको, आंशिक भण्डारण क्षमता भएको, वर्षायाममा ६-८ घण्टा पानी भण्डारण गर्ने तनहुँ जलविद्युत परियोजनाले ६३% भौतिक प्रगति हासिल गरिसकेको छ र मे २०२६ को निर्धारित समयसीमा भित्र सम्पन्न हुने बाटोमा छ। यस्तो परियोजनालाई २०८२/८३ को बजेट योजनामा प्राथमिकता दिनुपर्ने।

[४६] अनिश्चित भविष्य भएको जलाशययुक्त बुढीगण्डकी परियोजनाको अनुमानित लागत ४०० अर्ब ने.रु. छ भने यसको क्षमता १२०० मेगावाट छ ।

क्षेत्रीय निर्देशनालयहरूलाई विद्युत वितरण कम्पनीको रूपमा रूपान्तरण गर्न आवश्यक कानूनी एवम् संगठनात्मक व्यवस्था गर्नुपर्ने ।

६०. जलविद्युत क्षेत्रबाट स्थानीय सरकारलाई जाने रोयल्टी रकमको पाँच प्रतिशत रकम जम्मा गरी जलविद्युत सम्बन्धी अनुसन्धान र नवप्रवर्तन, जलविद्युतमा आधारित कृषि र उद्योग विकास एवं ग्रामीण विद्युतीकरणका लागि एक ग्रामीण विद्युतीकरण कोष खडा गर्ने ।

अनुसन्धान संस्थाहरू विश्वविद्यालयहरूसँग सहकार्य

६१. अनुसन्धान संस्थाहरू विश्वविद्यालयहरूसँगको सहकार्यमा हाल सञ्चालनमा रहेका र भविष्यमा सञ्चालन हुने जलविद्युत आयोजनाका सूचना विवरणहरू एकीकृत रूपमा सुरक्षित गरी राख्ने पद्धतिको विकास गर्नुपर्ने ।

६२. जलविद्युतको दिगो विकासलाई प्रवर्द्धन गर्न सरकारी निकायहरू, निजी क्षेत्रका संस्था, अनुसन्धान संस्था र स्थानीय समुदायबीच ज्ञान आदानप्रदान र सहकार्यका लागि प्लेटफर्म सिर्जना गर्ने र निरन्तर सिकाइलाई प्रवर्द्धन गर्ने।

६३. दिगो जलविद्युत अनुसन्धानका लागि विश्वविद्यालयहरूसँगको सहकार्यलाई प्राथमिकता दिनुपर्ने ।

६४. जलविद्युतसँग सम्बन्धित अनुसन्धान र विकास गतिविधि सञ्चालन गर्न शैक्षिक संस्थासँग सहकार्य गर्ने र प्रोत्साहित गर्ने।

६५. जलविद्युत अनुसन्धान र क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुकासाथै उत्कृष्टता केन्द्र (centers of excellence) स्थापना गर्ने।

परिच्छेद १८

पर्यटन

स्थिति विश्लेषण

१ **नेपालको भौगोलिक अवस्थिति, सांस्कृतिक तथा जैविक विविधता पर्यटन सम्भावनाको आधार हो।** अनुपम तथा अद्वितीय प्राकृतिक सम्पदा र भूगोल पर्वतारोहण तथा पदयात्राको प्रमुख स्रोतको रूपमा रहेको छ। आराध्यदेव पशुपतिनाथ, मुक्तिनाथ, जनकपूर, भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी लगायतका धार्मिक सम्पदा धार्मिक पर्यटनको महत्वपूर्ण आधारको रूपमा रहेको छ। पर्यटन क्षेत्र रोजगारी सिर्जना र वैदेशिक मुद्रा आर्जनको महत्वपूर्ण स्रोतको रूपमा रहँदै आएको छ। नेपालको अर्थतन्त्रको संरचनात्मक परिवर्तन भए सँगै पर्यटन अर्थतन्त्रको नेतृत्वदायी क्षेत्रको रूपमा स्थापित हुँदै गएको छ।

२ कुल गार्हस्थ्य उत्पादन गणना गर्ने विद्यमान व्यवस्थामा पर्यटन क्षेत्रबाट पुगेको योगदानको प्रत्यक्ष गणना गर्ने विधि नभए पनि पर्यटन क्षेत्रले कुल गार्हस्थ्य उत्पादन गणनाका १८ क्षेत्रमध्ये भोजन तथा आवास सेवामा उल्लेख्य योगदान गरेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान करिब २ प्रतिशत मात्र रहेको छ। तथापि यसले मुलुकको अर्थतन्त्रलाई ठूलो टेवा दिएको छ। उदाहरणका लागि चालू आर्थिक वर्षको पहिलो त्रैमासको कुल गार्हस्थ्य उत्पादन धनात्मक वृद्धि हुनुका पछाडि पर्यटक आगमन वृद्धि भएसँगै होटेल क्षेत्रमा भएको अभिवृद्धिलाई प्रमुख कारण दर्साइएको छ।

३ पर्यटन क्षेत्रबाट मुलुकको अर्थतन्त्रमा पुगेको योगदानको चर्चा गर्दा यसले रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन र अर्थतन्त्रमा सिर्जना गरेको अग्र र पृष्ठ सम्बन्धका आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ। पर्यटकको औसत बसाइँ र औसत खर्च नै पर्यटन क्षेत्रको विकासको मापन गर्ने महत्वपूर्ण सूचकको रूपमा लिने हो भने नेपालमा पर्यटकको खर्च सन् २०२३ मा प्रति पर्यटक प्रतिदिन ४१ डलर रहेको छ। साथै, पर्यटकको औसत बसाइँ १३.२ दिन रहेको छ। यसले पर्यटन क्षेत्रको न्यून तहमा मात्र उपयोग हुन सकेको देखाउँछ।

४ **नेपालमा बढी पर्यटकहरू भारतबाट आउंछन् भने हवाई यातायातबाट आउने पर्यटकको संख्या बढी छ।** केही मुलुक केन्द्रित रहेको देखिन्छ। Nepal Tourism Statistics, 2023 मा उल्लेख भए अनुसार सन् २०२३ मा नेपाल आएका कुल दश लाख १४ हजार ८८२ पर्यटक मध्ये भारतबाट ३१.५२, संयुक्त राज्य अमेरिका ९।८८, चीनबाट ५.९९, संयुक्त अधिराज्य बेलायतबाट ५.२०, अष्ट्रेलियाबाट ३.८२ र बंगलादेशबाट ३.५९ प्रतिशत रहेको छ। साथै, नेपाल आउने पर्यटक मध्ये अधिकांश पर्यटक हवाई मार्गबाट आउने गरेको देखिन्छ। सन् २०२३ मा नेपाल कुल पर्यटक मध्ये नौ लाख १४ हजार २७० अर्थात् ९०.०९ प्रतिशत हवाई मार्गबाट आएको देखिन्छ।

५ **नेपाल आउने पर्यटकको भ्रमणको उद्देश्यमा समेत विस्तारै परिवर्तन हुँदै आएको देखिन्छ।** सन् २०२३ मा कुल पर्यटक मध्ये ६२.५ प्रतिशतले बिदा मनाउन र मनोरञ्जनका लागि नेपाल भ्रमण गरेको देखिन्छ सन् २००० मा यस्तो प्रतिशत ५५.२ प्रतिशत थियो। त्यसैगरी सन् २००० मा २५.६ प्रतिशतले ट्रेकिङ् र पर्वतारोहणका लागि भ्रमण गरेकोमा यस्तो प्रतिशत २०२३ मा १५.२ प्रतिशतमा झरेको छ। तीर्थाटनका लागी सन् २००० मा ११.९ प्रतिशतले भ्रमण गरेकोमा यस्तो प्रतिशत २०२३ मा १३.१ पुगेको छ। यसले पर्यटकको रुचिमा समेत परिवर्तन हुँदै गरेको देखाउँछ। कतिपय पर्यटकहरू डिजिटल घुमन्तेको रूपमा नेपाल आउँछन्, तर त्यसको अभिलेख नहुने गरेकोले तथ्याङ्कमा अन्य उद्देश्यका पर्यटकका रूपमा गणना हुन्छ।

विद्यमान समस्याहरू

६ **पर्यटन क्षेत्र सम्बद्ध पूर्वाधारको अभाव:** पर्यटन प्रवर्द्धनमा पूर्वाधारको योगदान महत्वपूर्ण हुन्छ। अधिकांश पर्यटकहरू हवाई मार्गबाट आउने सन्दर्भमा मुलुकको हवाई क्षेत्रको अवस्था पर्यटन प्रवर्द्धनमा निर्णायक नै हुने देखिन्छ। यस दृष्टिकोणबाट विश्लेषण गर्दा हाल नेपालमा तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल रहेको भएपनि काठमाडौँ विमानस्थल मात्र पूर्ण रूपमा सञ्चालन रहेको छ। मुलुकका प्रमुख पर्यटकीय क्षेत्रमा सडकको अवस्था राम्रो छैन। पर्यटकले आन्तरिक हवाई उडान सुविधा लिनु पर्ने नै अवस्था छ। तथापि आन्तरिक हवाई उडानको भाडा अपेक्षित महङ्गो रहेको छ। नेपाली नागरिक र विदेशी नागरिकलाई फरक भाडा दर कायम गरिएको छ। साहसिक र मनोरञ्जनात्मक पर्यटकीय गन्तव्यमा उचित र गुणस्तरीय सडक पूर्वाधारको अभाव रहेको छ। केही स्थान बाहेक पर्यटकीय गन्तब्यमा उपयुक्त सुविधा सहितका होटलको अभाव रहेको छ। तारे होटेलको संख्या बढ्दै गए पनि प्रमुख पर्यटक स्थलमा अन्तर्राष्ट्रिय स्तरका सेवा उपलब्ध हुन सकेको छैन। पर्यटकहरूले खोजेको जस्तो गुणस्तरीय इन्टरनेट जस्ता सूचना प्रविधि सम्बद्ध सुविधाहरूको पहुँच सर्वसुलभ हुन सकेको छैन। हाल नेपालमा तारे होटल १८२ र ताराबिहिन होटल १४२६ मा गरी ५४३७० वटा बेड उपलब्ध रहेका छन्।

७ **पर्यटकीय क्रियाकलापहरुको विविधिकरण नहुनु :** नेपालमा पर्यटन क्षेत्रको व्यवस्थित र योजनाबद्ध विकासको अभावमा पर्यटकीय क्रियाकलापहरुको विविधिकरण हुन सकेको छैन। पर्यटकीय स्थल र क्रियाकलापहरुको वृत (circle of touristic places) विकास गर्न नसकिएकोले पर्यटकको औसत बसाइँ दिन लामो बनाउन सकिएको छैन। विभिन्न धार्मिक क्षेत्रहरुको परिपथ विकास हुन नसक्दा पर्यटकहरु एउटा मात्र क्षेत्रको भ्रमण गरेपछि स्वदेश फर्कने गरेका छन्। धार्मिक, मनोरञ्जनात्मक, अध्ययन जस्ता फरक पर्यटकीय गन्तब्यलाई एक अर्कासँग जोड्न नसकिएकोले पर्यटन अत्यन्त साँघुरो भएको छ।

८ **पर्यटककीय सुविधाको मूल्य तुलनात्मक रूपमा महङ्गो:** नेपालको पर्यटकीय सुविधाहरुको लागत उच्च रहेको छ। नेपालको जस्तै पर्यटकीय सुविधाहरु रहेका मुलुकको मूल्यको तुलनामा नेपाली पर्यटकीय

सुविधाको मूल्य उच्च रहेको कारण समेत पर्यटकहरुमा वैकल्पिक पर्यटकीय गन्तव्य रोज्ने प्रवृत्ति रहेको देखिन्छ। अझ साहसिक र मनोरञ्जनात्मक पर्यटकहरुले दुर्गम स्थानमा उपयोग गर्ने पर्यटकीय सुविधाहरूको मूल्य उच्च रहेका कारण त्यस्तो क्षेत्रमा पर्यटकीय गतिविधिमा बढावा गर्न सकिएको छैन।

९ **आधुनिक पर्यटकीय अवसर र सेवाको अभाव:** नेपालको पर्यटन परम्परागत वस्तु र सेवामा आधारित छ। नेपालको पर्यटकीय सम्भावनाको आधारमा नविन विषय र क्षेत्रमा आधारित पर्यटकीय सेवाको विकास हुन सकेको छैन। धार्मिक पदयात्रा र मनोरञ्जन पर्यटनमै नेपालको पर्यटन सेवा सीमित भएको छ। माइस (MICE), अध्ययन पर्यटन, सूचना प्रविधि सम्बद्ध घुमन्ते (IT Nomad) पर्यटन, स्वास्थ्य पर्यटन, खेलकुद पर्यटन जस्ता नवीन पर्यटकीय सेवाको विकास नगरी पर्यटनलाई नेपालको अर्थतन्त्रको प्रमुख संवाहक क्षेत्रको रूपमा स्थापित गर्न सकिने देखिँदैन।

१० **पर्यटनको बजारीकरण**: नेपालमा सम्भावना भन्दा न्यून पर्यटक आगमन हुनुको एउटा महत्वपूर्ण कारण नेपालको पर्यटनको बजारीकरण अत्यन्त कमजोर हुनु हो। पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू नगण्य स्थानमा रोड-सो जस्ता कार्यक्रममा सिमित रहेका छन्। नेपाल पर्यटन बोर्डको प्रमुख काम मध्ये एक भएपनि बजेट र प्रभावकारी कार्ययोजनाको अभावमा बजारीकरण शून्य प्राय छ। परम्परागत पर्यटन स्रोत मुलुक सहित उदीयमान अर्थतन्त्रमा नेपाल र नेपालका पर्यटकीय गन्तव्यको व्यापक प्रसार हुनु आवश्यक छ।

११ **पर्यटकको साँघुरो परिभाषा:** पर्यटन क्षेत्रलाई चलायमान बनाउन र प्रवर्द्धनका लागि आन्तरिक पर्यटकको महत्वपूर्ण भूमिका रहेको भएपनि पर्यटकको साँघुरो परिभाषा गरिएको कारण आन्तरिक पर्यटकलाई पर्यटक मानिएको छैन। जसका कारण आन्तरिक पर्यटकलाई विभिन्न स्थानमा होटेल लगायतका सुविधाहरूको उपलब्धतामा विभेद रहँदै आएको छ। आन्तरिक पर्यटकलाई समेत पर्यटकको दर्जामा राखि सोही अनुरूप सुविधा र सहजीकरण प्रदान गर्दा पर्यटन क्षेत्रको प्रवर्द्धनमा सघाउ पुग्ने देखिन्छ।

१२ **पर्यटन क्षेत्रको विकास निजी क्षेत्रको सहभागीता कमजोर रहनु:** निजी क्षेत्रको सक्रिय सहभागिताको अभावमा आर्थिक क्षेत्रहरूको विकास र प्रवर्द्धन दिगो हुन नसक्ने तथ्य नेपालको पर्यटन क्षेत्रको विकासमा समेत सान्दर्भिक हुन पुगेको छ। होटेल निर्माण र सञ्चालन बाहेक अन्य पर्यटन क्षेत्र सम्बद्ध पूर्वाधार निर्माण र सञ्चालनमा निजी क्षेत्रको सहभागिता न्यून रहेको छ। केही स्थानमा पर्यटकीय दृष्टिकोणबाट केही केबुलकार निर्माणमा निजी क्षेत्र सहभागी भएपनि अन्य पर्यटकीय पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता शून्यप्राय छ।

१३ **पर्यटन सम्बद्ध कार्यक्रम सञ्चालनमा समन्वयको अभाव:** पर्यटन संघ र प्रदेशको साझा अधिकारको सूचिमा रहेको छ। वन, जंगल, वातावरण, पर्यावरण, जैविक विविधता, जल उपयोग, पुरातत्व, प्राचीन स्मारक र संग्रहालय तीनै तहको साझा अधिकारको सूचिमा रहेकोले पर्यटन व्यवस्थापनमा स्थानीय तहको समेत महत्वपूर्ण भूमिका हुने देखिन्छ। तर पर्यटन व्यवस्थापनमा तीनै तहबीच कार्यजिम्मेवारी निर्धारण र समन्वयका लागि संस्थागत प्रबन्ध हुन नसकेकोले पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू आ-

आफ्ना तवरमा सञ्चालन हुँदै आएकोले प्रभावकारीता न्यून हुन पुगेको छ। **पर्यटन प्रवर्द्धनमा निजीक्षेत्रको सहभागिता साँघुरो:** पर्यटन प्रवर्द्धनमा निजी क्षेत्र होटेल, व्यवसायी ट्राभल एण्ड टुर अपरेटरको रूपमा संलग्न रहेको छ। पर्यटन पूर्वाधार निर्माण र सञ्चालन पर्यटन क्षेत्र सम्बन्धी नीति निर्माणको तहमा निजी क्षेत्रको सहभागिता प्रभावकारी हुन सकेको छैन। त्यसैगरी पर्यटन पूर्वाधार निर्माण, अन्तरनिकाय र निजी क्षेत्रसँगको समन्वय कमजोर रहेको छ। **हवाई क्षेत्रको कालोसूची :** नेपालको हवाई क्षेत्रलाई लामो समयदेखि युरोपेली युनियनले नागरिक उड्डयन (हवाई) क्षेत्रलाई उडान सुरक्षा चासो (कालोसूची)मा राख्दै आएको छ ।सन् २०१३ मा अन्तर्राष्ट्रिय नियमनकारी निकाय अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को गम्भीर सुरक्षा चासो (एसएससी) सूचीमा नेपाल परे सँगै युरोपेली युनियनको कालो सूचिमा समेत परेको हो। यस सँग सम्बन्धित धेरै विषयमा सुधार भए पश्चात् सन् २०१७ जुलाईबाट आइकाओले नेपाललाई गम्भीर सुरक्षा चासोबाट हटाएको छ। तथापि युरोपेली युनियनले नेपाली नागरिक उड्डयन क्षेत्रलाई कालोसूचिमा कायमै गरेको छ। यसले गर्दा नेपाली वायुसेवा कम्पनीले युरोपेली शहरमा उडान गर्न पाउँदैन। खासगरी नेपाली ध्वजावाहक नेपाल एयरलाइन्सले युरोपमा उडान भर्न नपाउँदा युरोपेली देशहरूबाट आउने नागरिकहरूमा प्रत्यक्ष असर परेको छ भने नेपाली आकाश असुरक्षित छ भन्ने विषयले नेपाल आउन चाहने सबै देशका पर्यटकलाई नकारात्मक असर पारेको छ। **पर्यटन क्षेत्र सम्बद्ध जनशक्तिको न्यूनता:** नेपालमा पर्यटन क्षेत्रको सम्भावनाको तुलनामा जनशक्ति विकास सम्बन्धी कार्य अघि बढ्न सकेको छैन। सीमित संख्यामा उत्पादन भएको जनशक्ति समेत सुरु तहमा नेपालमा काम गर्ने र क्षमता विकास हुना साथ लाभदायक रोजगारीका लागि विदेशिने क्रम बढेको छ। पर्यटकले खोजे जस्तो आतिथ्यता प्रदान गर्न सक्षम जनशक्तिको न्यूनता रहँदै आएको छ।

पर्यटन क्षेत्रमा गर्नु पर्ने सुधार तथा कार्यक्रमिक हस्तक्षेप

१४ पर्यटनलाई नेपालको आर्थिक वृद्धि र गुणस्तरयुक्त रोजगारीको स्रोतको रूपमा विकास गर्न निम्न सुधार तथा कार्यक्रमिक हस्तक्षेप आवश्यक देखिन्छ।

(१) नेपाललाई हवाई क्षेत्रको कालोसुचीबाट हटाउन पूर्वशर्तका रूपमा नेपाल नागरिक उड्डयन प्राधिकरणमा अन्तर्निहित नियामकीय र सेवा प्रवाह गर्ने निकाय अलग बनाउने। साथै, नेपाली हवाई कम्पनीको सञ्चालन कार्यपद्धति, आर्थिक एवम् प्राविधिक क्षमता, जनशक्ति एवं सेवा प्रवाहको गुणस्तर लगायत समग्र संरचनामा आमूल परिवर्तन गर्न संस्थागत सुदृढीकरण गर्ने।

(२) नेपालको पूर्ण रूपमा सञ्चालनमा रहेको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु क्षमता अवस्थामा तत्काल अभिवृद्धि गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने। त्यसैगरी नव-निर्मित दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनका लागि २०८१ साउनमा मन्त्रिपरिषदबाट स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन गर्ने। नेपालको नागरिक उड्डयन

क्षेत्रलाई दीर्घकालीन रूपमा सुरक्षित भरपर्दो र सहज बनाउन निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य अविलम्ब अगाडि बढाउने।

(३) प्रत्येक प्रदेशमा संघ र प्रदेशको साझेदारीमा नविनतम पर्यटकीय सेवा उपलब्ध गराउन आधुनिक र वातावरणमैत्री पर्यटकीय केन्द्र (Tourism Centre) निर्माण गर्ने। उक्त स्थानमा MICE Tourism, सम्बन्धित प्रदेशको कला कौशल र परम्परा झुल्किने गरी जातीय संग्रहालय र Disney land सहितको पर्यटकीय प्याकेज निर्माण गर्ने।

(४) नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्य मध्ये प्रत्येक प्रदेशमा सांस्कृतिक, धार्मिक, मनोरञ्जन र साहसिक पर्यटनको एक एक वटा गन्तव्यस्थलमा पहुँच मार्ग सुदृढीकरण गरी बाह्रमास आवागमन सहज बनाउने।

(५) प्रमुख पर्यटकीय गन्तव्यस्थल (काठमाडौं-चितवन, काठमाडौं- चितवन, पोखरा- लुम्बिनी, चितवन- लुम्बिनी, भैरहवा-बर्दिया) का सडकलाई कम्तीमा चार लेनमा यथाशक्य छिटो स्तरोन्नति गर्ने।

(६) एकीकृत पर्यटन तथा आतिथ्य शिक्षा तथा तालिम रणनीति विकास गर्ने, निजी क्षेत्रको सहकार्यमा पर्यटन बजार लक्षित सीप अभिवृद्धिका लागि **पर्यटन क्षेत्र सीप परिषद्** स्थापना गर्ने।

(७) नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानलाई मानित विश्वविद्यालयमा रूपान्तरण गर्ने। प्रत्येक प्रदेशले आफ्नो प्रदेशको सम्भावनायुक्त पर्यटनको एकेडेमी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

(८) आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलमा सरसफाइको न्यूनतम मापदण्ड तोकि पूर्वरूपमा कार्यान्वयन गर्ने। पर्यटन क्षेत्रमा स्वास्थ्य तथा सरसफाइ सम्बन्धी मापदण्ड तोकि पूर्ण परिपालना गर्ने व्यवस्था मिलाउने।

(९) आन्तरिक पर्यटनको विस्तारका लागि केही प्रदेश र वित्तीय क्षेत्रमा व्यवस्था भएको पर्यटन काज र Forced leave सबै संस्थागत र सरकारी निकायमा सुरु गर्ने।

(१०) ग्रेट हिमालयन ट्रेल, मुन्धुम ट्रेल लगायतका विभिन्न पदयात्रा मार्गको स्तरोन्नती र विस्तार गर्ने साथै यस्तो पदयात्रा मार्गका विभिन्न स्थलमा पर्यटकलाई बासवस्न उपयुक्त हुने गरी स्थानीय कला कौशल झल्कने पाटीको निर्माण गर्ने, खानेपानी, शौचालय र विद्युत सुविधा र सूचना प्रविधि सेवा उपलब्ध हुने व्यवस्था मिलाउने।

(११) नेपाल आउने पर्यटकहरूको प्रवेशाज्ञा जारी गर्ने सहज र सरल व्यवस्था गर्ने। पूर्ण रूपमा अनलाइन प्रणालीबाट प्रवेशाज्ञा शुल्क तिर्न सक्ने व्यवस्था गर्ने।

(१२) नेपालमा विदेशी नागरिकलाई अपार्टमेण्ट खरिद गर्न पाउने व्यवस्था गर्ने।

(१३) नेपाल आउने पर्यटकलाई सस्तो दरको हवाई भाडा कायम गराउन नेपाल वायु सेवाको संरचनात्मक सुधार गरी रणनीतिक साझेदार भित्र्याउने र नेपालबाट क्षेत्रीय उडान संख्या बढाउने।

(१४) MICE Tourism प्रवर्द्धनका लागि प्रत्येक प्रदेशको राजधानीमा संघ र प्रदेश तथा निजी क्षेत्रको सहकार्य र साझेदारीमा अन्तर्राष्ट्रियस्तरको सभाकेन्द्र निर्माण गर्ने।

(१५) उदीयमान र सम्भावित स्रोत मुलुकहरूमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गर्ने। नेपाली कूटनीतिक नियोगहरूलाई यस सम्बन्धमा परिचालन गर्ने।

(१६) काठमाडौं उपत्यकाको नेवारी संस्कृति तथा वास्तुकला जगेर्ना गर्न संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा पुरातात्विक महत्वका भौतिक संरचना, भवन, घर, चोक, गल्ली, मन्दिर, स्तूप, पाटी, धारा जस्ता सम्पदाको उचित मर्मत सम्भार गरी स्थानीय समूहको सहभागितामा आर्थिक तथा मनोरञ्जन केन्द्रको रूपमा रूपान्तरण गर्ने। विभिन्न कालखण्डका ऐतिहासिक घटनाबारे पर्यटकलाई जानकारी दिन सःशुल्क नाटक मञ्चन गर्ने व्यवस्था गर्ने।

(१७) नेपाल भारत सिमा नजिकका शहरमा भारतीय पर्यटकलाई लक्षित गरी मनोरञ्जन र उच्चस्तरीय विविध सेवा प्रदान गर्ने गरी पर्यटन सेवा स्थलहरूको विकास गर्ने।

(१८) सिमा निकटका भारतीय शहरका बासिन्दालाई पायक पर्ने गरी नेपालका चुरे तथा महाभारत क्षेत्रमा पहाडी पर्यटन स्थल (Hill Station) विकास गर्न निजी क्षेत्रलाई आवश्यक जग्गा लीजमा उपलब्ध गराउने।

(१९) मुस्ताङ क्षेत्रको विशिष्ट भौगोलिक तथा धार्मिक महत्वलाई उजागर गर्न विश्वकै हिमाली आध्यात्मिक हरित शहर (World Himalayan Spiritual Green City) को विकास गर्ने। साथै यस क्षेत्रमा पूर्ण रूपमा जैविक खेती गरी Himalayan Superfood उत्पादन केन्द्रको रुपमा स्थापित गर्ने।

(२०) मुक्तिनाथ क्षेत्रलाई शालिग्रामपाथ (कालिगण्डकी नदीको मुहानदेखि विसर्जन स्थल), मोक्षपथ (देउघाट -पोखरा- मुक्तिनाथ), बुद्ध-मुक्तपथ (लुम्बिनीदेखि मुक्तिनाथ) र उत्तर दक्षिण बिष्णुपथ (कन्याकुमारी-मुक्तिनाथ) मार्फत महत्वपूर्ण धार्मिक स्थलसँग जोड्ने व्यवस्था गरी महत्वपूर्ण धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने।

(२१) सञ्चालनमा नरहेको आन्तरिक विमानस्थललाई निजी क्षेत्रसँगको सहकार्यमा अन्तर्राष्ट्रिय उड्डयन तालिम तथा प्याराग्लाइडिङ् जस्ता साहसिक र मनोरञ्जन पर्यटन प्रवर्द्धनमा उपयोग गर्ने।

(२२) हिउँ सम्बन्धी पर्यटन (Snow Tourism), विशिष्ट पर्यटन, उच्चस्तरीय तथा विलासीता पर्यटन प्रवर्द्धनमा विदेशी लगानी भित्र्याउने तथा यस कार्यमा आवश्यक जग्गा निजी क्षेत्रलाई लीजमा उपलब्ध गराउने व्यवस्था गर्ने।

(२३) प्रमुख पर्यटकीय क्षेत्र र ग्रामीण स्थानमा Digital Nomad प्रवर्द्धन गर्न सूचना प्रविधि सम्बन्धी सेवाको सहज उपलब्धता सुनिश्चित गर्ने।

(२४) अमेरिका, अष्ट्रेलिया, क्यानाडा, जापान, युरोप, दक्षिण कोरिया जस्ता नेपाली आप्रवासीको संख्या उच्च भएका मुलुकमा सिधा हवाई सम्पर्क स्थापना गर्ने। प्रवासी नेपालीलाई पर्यटन दूतको रूपमा नियुक्त गरी एकजना नेपालीले प्रत्येक वर्ष कम्तीमा एकजना पर्यटकलाई नेपाल भ्रमण गराउने अभियान थालनी गर्ने।

(२५) युनेस्कोले काठमाडौंलाई फिल्मको सिर्जनात्मक सहर (क्रियटिभ सिटी अफ फिल्म) को रूपमा घोषणा गरेको सन्दर्भमा नेपाललाई फिल्म छायाङ्कन गर्ने प्रमुख स्थलको रूपमा विकसित गर्न सो सम्बन्धी विशिष्ट अध्ययन तथा व्यवसायिक संस्था स्थापना गर्ने ।

परिच्छेद १९

सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिमा भएको तीव्र विकास र आर्थिक सामाजिक क्षेत्रमा यसको प्रयोगको व्यापकताका कारण यो अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा स्थापित हुन पुगेको छ। सूचना प्रविधि र सूचना प्रविधिमा आधारित उद्यम तथा व्यवसायको वृद्धि तीव्र रुपमा भइरहेको छ। सूचना प्रविधि आफैमा महत्वपूर्ण क्षेत्रको रुपमा रहनुका साथै यो अर्थतन्त्रका अन्य क्षेत्रको उत्पादकत्व अभिवृद्धिको प्रमुख संवाहक बनेको छ। नेपालमा सूचना प्रविधि महत्वपूर्ण क्षेत्रको रूपमा विकास भइरहेको छ।

स्थिति विश्लेषण

१ कुल गार्हस्थ्य उत्पादन गणना गर्न प्रयोग गरिने १८ वटा औद्योगिक वर्गीकरणका मध्येको सूचना तथा सञ्चार नेपालका लागि एउटा प्रमुख आर्थिक क्षेत्र हो। यस क्षेत्रभित्र सूचना तथा संस्कृति सम्बन्धी उत्पादन, यस्तो उत्पादन प्रसारण र वितरण गर्ने माध्यम, तथ्याङ्क र प्रसारण, सूचना प्रविधि सम्बन्धी गतिविधि, तथ्याङ्क र अन्य सूचना सम्बद्ध सेवा र क्रियाकलाप, सफ्टवेयर प्रकाशन, मोसन पिक्टर र रेकर्डिङ सम्बन्धी गतिविधि, रेडियो तथा टेलिभिजन सम्बद्ध कार्यक्रम तयार र प्रसारण, सूचना प्रविधि तथा दुरसञ्चार सम्बन्धी कार्यहरु र अन्य सूचना सेवा सम्बन्धी कार्यहरु समावेश गरिएको छ। यस क्षेत्रले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करिब दुई प्रतिशत (आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.९४ रहेको) योगदान गरेको अनुमान छ। साथै यस क्षेत्रको वृद्धिदर समेत अर्थतन्त्रकै वृद्धिदरकै हाराहारीमा रहँदै आएको छ। आर्थिक वर्ष २०७८/७९ यस क्षेत्रको वृद्धिदर ४.१९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा यस्तो वृद्धिदर क्रमशः ४.१५ र ४.९१ रहेको छ। सूचना प्रविधि क्षेत्र नेपालको प्रमुख निर्यातजन्य सेवाको रुपमा समेत विकास हुँदै गएको छ। कम्पयूटर प्रोग्रामिङ् तथा इन्फर्मेसन सर्भिस सम्बन्धी क्रियाकलाप प्रमुख निर्यातजन्य सेवाको रूपमा रहेको छ।

२ नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८०/८१ को विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा टेलिकम्युनिकेशन, कम्प्यूटर र सूचना सेवाको खुद निर्यात १०७.२ मिलियन अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा यस्तो निर्यात क्रमशः १०२.६ र १०२.२ मिलियन अड रहेको छ। जुन रकम वस्तु तथा सेवा आयातको आर्थिक वर्ष २०७८/७९ मा ३.९ प्रतिशत र आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा क्रमशः ३.५६ र ३.१२ प्रतिशत हुन आउँछ। सूचना तथा सञ्चार प्रविधि क्षेत्रको निर्यात आर्थिक वर्ष २०७८/७९ मा कुल सेवा निर्यातको १०.६३ प्रतिशत तथा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ क्रमशः ६.९८ र ५.३८ प्रतिशत रहेको छ। यसबाट सूचना तथा सञ्चार प्रविधि क्षेत्र नेपालको निर्यातको संभावना बोकेको क्षेत्रको रुपमा विकास हुँदै गरेको समेत देखाउँछ।

३ नेपालले यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि थुप्रै कानुनी र नीतिगत प्रबन्ध गरेको छ। सार्जवजनिक सेवा र समग्र सुशासन प्रवर्द्धनका लागि विद्युतीय शासनमा बढावा दिएको छ। डिजिटल नेपाल फ्रेमवर्क, ई-गभर्नमेन्ट मास्टर प्लान, सूचना प्रविधि नीति, २०७२, गभर्मेन्ट इन्टरप्राइज आर्किटेक्चर (GEA) र इन्टरअपरेबिलिटि फ्रेमवर्क, विद्युतीय कारोबार ऐन, २०६३, विद्युतीय कारोबार नियमावली, २०६४, दूरसञ्चार नीति-२०६० यस सम्बन्धमा रहेका प्रमुख कानूनी तथा नीतिगत प्रावधानहरु हुन्। समान आर्थिक हैसियत भएको मुलुकको तुलनामा नेपालमा सूचना प्रविधि क्षेत्रमा उत्साहजनक प्रगति भएको छ। अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (ITU) को सन् २०२१ को आईसीटी विकास सूचाङक (IDI) मा नेपाल १७६ देशहरूमध्ये १४०औँ स्थानमा रहेको छ।

सूचना प्रविधि क्षेत्रका समस्या

४ **सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा दक्ष र पर्याप्त जनशक्तिको अभाव रहेको छ।** नेपालमा उत्पादन हुने यस क्षेत्र सम्बद्ध जनशक्ति विदेश पलायन हुने दर उच्च छ भने नेपाल बाहिर यस विषयमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरु सम्बन्धित मुलुक वा विकसित मुलुकमा नै बसोबास गर्ने प्रवृत्ति रहेका कारण यस क्षेत्रमा जनशक्ति अभाव रहेको छ।

५ **सूचना तथा प्रविधि क्षेत्रको विकासका लागि डेडिकेटेड क्षेत्र (सूचना प्रविध पार्क) र भौतिक संरचनाको अभाव रहेको छ।** देशका प्रमुख शहरमा यस्तो पूर्वाधारको व्यवस्थापन गर्नु अति आवश्यक छ। यस्ता स्थानको अभावमा सूचना प्रविधि उद्योगको रूपमा विकास हुनमा कठिनाइ परेको छ।

६ **दूरसञ्चार सेवा र विद्युत् आपूर्ति भरपर्दो छैन।** सूचना तथा प्रविधि क्षेत्रको विकासमा इन्टरनेट सेवा, दुरसञ्चार सेवा र विद्युत सेवाको महत्वपूर्ण भूमिका हुन्छ। नेपालमा यी तीनवटै सेवाको गुणस्तर संतोषजनक छैन। विद्युत आपूर्तिको नियमितता र कमजोर इन्टरनेट जडानले यस क्षेत्रको समग्र उत्पादकत्व न्यून रहेको छ। त्यसैगरी विद्युतीय इन्टरनेट ब्रोडब्याण्ड च्यानलहरु, कम्प्युटिंग पावर, ब्यान्डविथ समेतको न्यूनता रहेको छ।

७ **सुरक्षित डेटा केन्द्रको कमी छ:** सूचना प्रविधिको विकास र सूचना प्रविधि सेवाको निर्यातमा क्लाउड सेवाको महत्व उच्च रहेको छ। जसका लागि सुरक्षित डेटा केन्द्र अत्यावश्यक हुन्छ। डाटा केन्द्रको आवश्यक सर्भर, राउटर, स्विच र फायरवाल, साथै जेनरेटर, ब्याकअप उपकरणहरू, अग्नि तथा ताप पत्ता लगाउने तथा नियन्त्रण गर्ने र वातावरण अनुकूलन व्यवस्थापन गर्ने जस्ता सहयोगी प्रणालीको पर्याप्त विकास हुन सकेको छैन।

८ **साइबर सुरक्षा:** सूचना प्रविधिको विकासको आधारभूत पक्षको रूपमा साइबर सुरक्षा रहेको हुन्छ। नेपालमा साइबर सुरक्षाको अवस्था सन्तोषजनक रहेको छैन। सरकारदेखि संस्थागत संस्थाहरूको वेबसाइँट र सूचना प्रविधि प्रणालीमा हमला (ह्याकिङ्) का घटनाहरू बढ्दो छ। डेटा चोरी/दुरुपयोग, सूचना प्रविधि प्रणालीहरू माथिको अनधिकृत पहुँच, साइबर अपराध, सूचना प्रविधि प्रणालीमाथि भइरहेका साइवर आक्रमणको प्रतिरक्षा गर्ने विषयलाई थप सबलीकरण गर्नु जरुरी छ। साइबर सुरक्षा र

जलवायु/प्राकृतिक घटनाहरूबाट जोखिम न्युनिकरण गर्न, संवेदनशील प्रणालीहरूको नियमित र निरन्तर सञ्चालन सुनिश्चित गर्न भार सन्तुलन (लोड ब्यलेंसिंग), निष्क्रिय इन्टरनेट सेवा प्रदायक (रिडुन्डेन्ड आइएसपी), इन्ट्रानेट/लीज कनेक्टिभिटी जस्ता संरचना को विकास गर्नु आवश्यक छ।

९ **इन्टरप्राइज सेवा दिने निकायहरूको क्षमता अभिवृद्धि:** सूचना प्रविधि सेवालाई व्यापक र प्रभावकारी बनाउँदै लैजान इन्टरप्राइज सेवा दिने निकायहरुको क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ। यसका लागि सम्बन्धित सेवा प्रदायक निकायहरुको अनुकूलको डिजिटल प्लेटफर्म निर्माण गर्दै जानु पर्ने देखिन्छ। साथै सम्बन्धित निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्ध गर्नु आवश्यक हुन्छ। यसले सम्बन्धित निकायको सेवा प्रवाहको प्रक्रिया सरलीकरण र सेवाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ।

१० **अनुसन्धान र विकास:** नेपालको समग्र क्षेत्रमा अनुसन्धान र विकास प्रवर्द्धन हुन नसकेको हुँदा सूचना प्रविधि क्षेत्रमा समेत अनुसन्धान र विकास प्राथमिकतामा परेको छैन। सूचना प्रविधिमा नवप्रवर्तन अत्यन्त तीब्रतर गतिमा अघि बढिरहेको र नेपालको सूचना प्रविधिको इकोसिष्टम सो अनुरुप विकास र परिवर्तन हुन नसक्दा सूचना प्रविधि क्षेत्रको विकासमा नै सुस्तता आउन सक्ने तर्फ ध्यान दिनु जरुरी छ। सूचना प्रविधि सम्बद्ध नवीन विषयहरुमा दिक्षित जनशक्तिको पलालयनले समेत अनुसन्धान र विकास ओझेलमा पर्न गएको छ।

११ **सफ्टवेयर तथा हार्डवेयरको मानकीकरण र प्रमाणीकरणको अभाव:** मुलुकभित्र सूचना प्रविधि क्षेत्रको विकास र उपयोगका साथै सूचना प्रविधि सेवाको निर्यातका लागि समेत सफ्टवेयर तथा हार्डवयरको गुणस्तरले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तर सफ्टवेयर तथा हार्डवयरको मानकीकरण र प्रमाणीकरणको अभावमा यस क्षेत्रको गुणस्तर नै कमजोर रहेको छ।

१२ **लजिस्टिक्स व्यवस्थापन:** नेपालका आईटी कम्पनीहरूलाई लजिष्टिक व्यवस्थापनमा कठिनाई रहेको कारण उनीहरूको विकास र वृद्धिमा अवरोध सिर्जना भएको छ। स्थायी प्रकृतिको स्थान र कार्यस्थलको कमीले कम्पनीको विस्तारका लागि कर्मचारी नियुक्ति, कार्यालय स्थापना र फर्निचरदेखि अन्य उपकरण व्यवस्थापनमा कठिनाई रहेको छ। यसले थप लगानीमा जोखिम सिर्जना गरेको छ। सरकारी तवरमा कार्यस्थल (वर्क स्टेसन) निर्माण गर्न सकिएमा लजिस्टिक्स व्यवस्थापन सहज हुने देखिन्छ।

१३ **सूचना प्रविधि कम्पनीको सहजीकरणमा समस्या**: अहिले सूचना प्रविधि कम्पनीहरुको नियमन र व्यवस्थापन परम्परागत व्यवसाय र उद्यमको नियमन गर्ने निकायबाट नै हुँदै आएको छ। यस क्षेत्रको पृथक प्रकृतिका कारण परम्परागत निकायबाट यसको नियमन हुँदा विभिन्न समस्य उत्पन्न भएको छ। सूचना प्रविधि क्षेत्रका व्यवसायी तथा उद्यमी अधिकांश युवाहरु हुने र आफ्ना कामका बहुनिकाय धाउनु पर्दा Harras महशुस गर्ने कारण कतिपयले कम्पनी नै बन्द गरी विदेशिएका घटना समेत देखिएको छ। अत यस्ता कम्पनीको दर्ता, प्रोडक्ट दर्ता लगायतका अन्य प्रशासनिक कार्य एउटै निकायबाट हुने व्यवस्था गर्नु आवश्यक देखिन्छ।

१४ **सूचना प्रविधि कम्पनीमा काम गर्ने व्यक्तिलाई लजिष्टिक्स सुविधाको अभाव**: सूचना प्रविधि कम्पनीमा विदेशी मुलुकको Time Zone बमोजिम काम गर्नुपर्ने र त्यसले गर्दा यस्ता कम्पनीमा काम गर्ने व्यक्तिहरु रातको समयमा आवत जावत गर्नुपर्ने हुन्छ। तर नेपालमा रातको समयमा सार्वजनिक सवारीको व्यवस्था नरहेको र कतिपय महिला कर्मचारीहरु मुख्य शहरभन्दा बाहिरबाट समेत कामका लागि आउने सन्दर्भमा उनिहरुको आवासको समस्याले जनशक्ति विकासमा अवरोध सिर्जना गरेको छ।

१५ **सूचना प्रविधि क्षेत्रको विकासमा न्यून बजेट:** सरकारले बजेट वक्तव्य मार्फत यस क्षेत्रलाई अर्थतन्त्रको संवाहक क्षेत्र घोषणा गरेपनि बजेट विनियोजन भने अत्यन्त न्यून गरेको छ। उदाहरणका लागि चालु आर्थिक वर्षको बजेट वक्तव्यमा सूचना प्रविधि क्षेत्रको विकासका लागि विभिन्न कायक्रम घोषणा गरिएकोमा काठमाण्डौको खुमलटारमा प्रस्तावित ज्ञान पार्क निर्माणका लागि रु। १७ करोड मात्र विनियोजन भएको छ। त्यसैगरी काठमाडौंको डिल्लीबजारस्थित चारखालमा अत्याधुनिक सूचना प्रविधि हब बनाउँने भनिएपनि रकम भने विनियोजन भएको छैन। सरकारले बजेट व्यवस्था नगर्दा निजी क्षेत्र समेत यस्ता कार्यमा उत्साहित हुन सकेको छैन।

१६ स्वदेशी सूचना प्रविधि उद्योगको प्रवर्द्धन: नेपाल सूचना प्रविधि कम्पनीहरुले उत्पादन गरेको IT Product विकसित देशमा प्रतिस्पर्धात्मक तवरमा उपयोग भइरहेकोमा नेपालमा भने यस्ता Product को उपयोगमा उदासिनता रहेको छ। अत: स्वदेशमा उत्पादित सफ्टवेयरलाई प्राथमिकता साथ उपयोग गर्ने वातावरण निर्माण गर्नु पर्ने देखिन्छ।

सुझाब

नेपालको सूचना प्रविधि क्षेत्रको विकास र प्रवर्द्धनका लागि देहायका सुझाबहरु प्रस्तुत गरिएको छ।

(१) सूचना तथा प्रविधि क्षेत्रको ठूलो संभावनालई मध्यनजर गर्दै सो क्षेत्रको वृहद विकासको लागि समग्र इकोसिस्टम तथा संरचना तयार गर्ने र डिजिटल रूपान्तरणको लागि जे पनि गर्ने (एनिथिंग फर डिजिटल ट्रान्सफर्मेसन) रणनीति अवलम्बन गर्ने।

(२) यस क्षेत्रमा नवीनतम उदियमान प्रविधिहरू जस्तै कृत्रिम बौद्धिकता (एआइ), रोबोटिक्स, इन्टरनेट अफ थिंग्स (आइओटि) जस्ता विषयहरूलाई समेत सम्बोधन गर्ने गरी नयाँ राष्ट्रिय सूचना प्रविधि नीति जारी गर्ने।

(३) सबै नागरिकलाई सूचना प्रविधि उपयोग गर्न सक्षम बनाउँन डिजीटल साक्षरता कार्यक्रम अभियानका रूपमा अघि बढाउने।

(४) सूचना प्रविधि सम्बद्ध सेवाहरुको गुणस्तर सुनिश्चित गर्न साइबर सुरक्षा प्रबल बनाउने।

(५) आईसीटी सञ्चालन र यसको अधिकतम प्रयोगको लागि निरन्तर बिजुली आवश्यक हुने सन्दर्भमा सरकारी डाटा केन्द्र तथा सूचना प्रविधि पूर्वाधारहरुमा नियमित विद्युत आपूर्तिको व्यवस्था मिलाउने।

(६) सूचना प्रविधि पूर्वाधारको न्युनतम आधार तय गरी सोको मानकीकरण र प्रमाणीकरणको नीति तर्जुमा तथा कार्यन्वयनमा ल्याउने।

(७) सूचना प्रविधि प्रणालीहरुको निर्माण गर्दा नागरिकको आवश्यकता अनुसारका महत्वपूर्ण र संवेदनशील सेवाहरुको पहिचान गरी त्यस्ता सेवाहरु छिटो, छरितो, सुलभ, गुणस्तरीय तथा प्रभावकारी हुने व्यवस्था मिलाउने।

(८) एक निकायमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीको सेवा अर्को निकायको समान खालका सूचना प्रविधि प्रणालीले समेत उपयोग गर्न सक्ने बनाउँने।

(९) सूचना प्रविधि प्रणालीहरुमा रहेको सूचना तथा तथ्याङ्कहरु सम्बन्धित सरकारी निकायको स्वामित्व तथा नियन्त्रणमा रहने व्यवस्था गर्ने।

(१०) सूचना प्रविधि प्रणालीहरुको जोखिम विश्लेषण र जोखिम व्यवस्थापन क्षमताको आधारमा उचित सुरक्षा नियन्त्रणका उपायहरु अवलम्बन गर्ने।

(११) विभिन्न निकायहरुमा प्रयोग हुने एकै प्रकृतिका सेवा प्रबाह र आन्तरिक कार्यालय सञ्चालनका लागि एकीकृत सफ्टवेयर प्रणाली लागु गर्ने । उदाहरणका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ वटै स्थानीय तहका लागि एकीकृत कार्यालय सञ्चालन र सेवा प्रवाहका प्रणाली लागु गर्नु उपर्युक्त हुने।

(१२) डिजिटल डिभाइड कम गरी सूचना प्रविधि क्षेत्रको विकास गर्न र यस क्षेत्रलाई समृद्धिको आधार बनाउन इन्टरनेटमा ज्यादाभन्दा ज्यादा नेपालीको पहुँच पुऱ्याउन फिक्स्ड वा तारमा आधारित इन्टरनेट सर्वसुलभ बनाउँन शुल्क घटाउँने र पूर्वधार विस्तार गर्न नेपाल दुरसञ्चार प्राधिकारणमा रहेको ग्रामीण दुरसञ्चार कोष परिचालन गर्ने। ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड कनेक्टिभिटि विस्तार गर्ने।

(१३) विद्यालय तहदेखि नै सूचना प्रविधि सम्बन्धी विषय पठनपाठन गराउने। काठमाण्डौं विश्वविद्यालयलाई सूचना प्रविधि क्षेत्रको उत्कृष्टता केन्द्र (सेन्टर अफ एक्सेलेन्स) को रूपमा विकास गर्ने गरी बनेपामा रहेको सूचना प्रविधि पार्कमा सूचना प्रविधि विभाग स्थापना गर्ने।

(१४) सबै नेपालीलाई सूचना प्रविधि सेवाको सहज रूपमा प्रयोग गर्न सक्षम बनाउँन नेपाली वा अन्य राष्ट्रिय भाषामा इन्टरनेट सामग्री वा सार्वजनिक सेवा उपलब्ध गराउने व्यवस्था गर्ने।

(१५) सूचना प्रविधि कम्पनीहरुलाई लक्षित गरी प्रमुख शहरहरुमा सरकारी लगानीमा वर्किङ सेन्टर स्थापना गर्ने।

(१६) सूचना प्रविधि कम्पनीको नियमन र आवश्यक सहजीकरणका लागि छुट्टै निकाय स्थापना गर्ने।

(१७) सूचना प्रविधि कम्पनीमा काम गर्ने व्यक्तिहरु लक्षित गरी स्थानीय निकायले रातको समयमा सार्वजनिक यातायात सञ्चालन गर्ने र यस्ता कम्पनीमा काम गर्ने महिलाहरुलाई लक्षित गरी गर्ल्स होस्टल/हाउजिङ् विकास गर्ने।

(१८) नेपालका सार्वजनिक निकाय तथा संगठित संस्थाले खरिद गर्ने सफ्टवेयर अनिवार्य रुपमा नेपाली सूचना प्रविधि कम्पनीबाट निर्मित खरिद गर्नुपर्ने व्यवस्था गर्ने।

(१९) आगामी पाँच वर्षको लागि कुल पुँजीगत बजेटको कम्तिमा १० प्रतिशत रकम सूचना प्रविधि क्षेत्रको भौतिक पूर्वाधार वर्क स्टेसन, सूचना प्रविधि पार्क बनाउन विनियोजन गर्ने।

(२०) सबै प्रदेशमा सूचना प्रविधि विकासको लागि आवश्यक समग्र इकोसिस्टम विकास गर्न निजी क्षेत्रसँगको सहकार्यमा सूचना प्रविधि तथा नवप्रवर्तन केन्द्र स्थापना गर्ने। बालाजु औद्योगिक क्षेत्रलाई बागमति सूचना प्रविधि तथा नवप्रवर्तन केन्द्रको रुपमा रुपान्तरण गर्ने।

(२१) डिजिटल नेपाल फ्रेमवर्क, २०७६ ले डिजिटल प्रविधिलाई आठ वटा क्षेत्रको विकासको साधनको रुपमा प्रस्तुत गरेको परिप्रेक्षमा त्यसलाई परिमार्जन गरी अन्य महत्वपूर्ण क्षेत्र समेटेर विस्तार गर्ने र सूचना प्रविधि क्षेत्रलाई आर्थिक वृद्धि रोजगारी सिर्जना गर्ने महत्वपूर्ण आर्थिक क्षेत्रको रुपमा परिभाषित गर्ने गरी डिजिटल नेपाल फ्रेमवर्क २.० तर्जुमा गर्ने।

परिच्छेद २०

भौतिक पूर्वाधार विकास

पृष्ठभूमि

१ देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरु एक अर्काका परिपूरक हुन्, यिनलाई एकअर्कासँग जोड्न र सेवा प्रवाहलाई सहजीकरण गर्दै लग्नकालागि पनि पूर्वाधार बढाउँदै जानुपर्छ। आर्थिक विकास र आय वृद्धिको हिसाबले पूर्वाधारमा लगानी गर्नु निकै महत्वपूर्ण छ किनकी सरकारले प्रतिफल दिने खालका पूर्वाधारमा खर्च गर्रेमा आवश्यक माग सिर्जना भई अर्थतन्त्र चलायमान हुन्छ । त्यसरी सरकारले अलिकति खर्च गरिदिँदा त्यसको बहुगुणा वृद्धि (multiplier effect) को सम्भावना हुन्छ र त्यसले पुँजी सिर्जना गर्दछ ।

२ विकशित मुलुकहरुको आर्थिक विकासको इतिहास अध्ययन गर्दा पूर्वाधारमा लगानीको महत्व प्रष्ट हुन्छ ।उदाहरणको लागि ग्रेट डिप्रेसन पछि अमेरिकाले राष्ट्रपति फ्रेडेरिक रुजभेल्टले अंगिकार गरेको "न्यू डिल" कार्यक्रमले ग्रेट डीप्रेसनको कारण धरासायी भएको अर्थतन्त्रलाई माथि उकास्न सक्यो। दोस्रो विश्वयुद्धपछि जापान, लगायत १९६०-१९९० बीचको अवधिमा दक्षिण कोरिया र १९८०-२०१० बीचको अवधिमा चीनले पनि पूर्वाधारको क्षेत्रमा लगानी गरेर आर्थिक विकासमा छलाङ मार्न सकेको देखिन्छ। यी देशहरूको आर्थिक रुपान्तरणको एक महत्वपूर्ण पक्ष बहु-मोडल यातायात सञ्जाल (multi-modal transport network) मा लगानी गर्नु थियो, जसका कारण लोजिस्टिक लागतमा (logistic cost) उल्लेखनीय रूपमा कमी आई निर्यात प्रतिस्पर्धालाई बढावा दियो। हालसालै भारतले पनि लोजिस्टिक लागत कम गर्नको लागि "गति शक्ति योजना" यानेकि "नेशनल मास्टर प्लान फर मल्टी-मोडल कनेक्टिभिटी" अवलम्बन गरेको छ ।

३ नेपालको संन्दर्भमा पूर्वाधार क्षेत्रले निश्चित दिशा लिन सकेको छैन किनकी कतिपय पूर्वाधार छनोटमा नै हाम्रो कमजोरी रहेको छ। कतिपय परियोजनाहरु पूर्वतयारी बिना नै शुरु हुँदा सफलतापूर्वक सम्पन्न नहुने अवस्था छ भने कतिपय परियोजनाहरु आर्थिक मागभन्दा पनि राजनीतिक मागका आधारमा छनोट भएका छन्। पुर्वाधार नबन्नु एक ठाउँमा छ भने, बनेका संरचनाहरु अर्को पूर्वाधारसँग नजोडिएको कारणले पर्याप्त उपयोग नभएको अवस्था पनि छ । कतिपय अवस्थामा भने बनिसकेका पूर्वाधारहरु पनि उपयोगमा आएका छैनन् र यसका कारण राष्ट्रलाई वैदेशिक ऋणको भार पर्न गएको छ ।

४ कूल घरेलु पूँजी निर्माण (GDCF) आर्थिक वृद्धिको एक महत्वपूर्ण पक्ष हो। सन् २००० देखि नेपालमा GDCF बढ्ने क्रममा थियो, २०१९ मा GDCF ३३.८% सम्म पुग्दा सार्वजनिक र निजी क्षेत्रको योगदान क्रमशः ८.३% र २५.५% रहेको देखिन्छ ।तर २०१९ पछि GDCF २४.६% (सार्वजनिक ५.२%, निजी १९.४%) मा घटेको देखिन्छ (चित्र २) । यस तथ्याङ्कले तत्काल आर्थिक

गतिविधिलाई उत्प्रेरित गर्न र उच्च वृद्धि हासिल गर्न पूँजी निर्माणमा जोड दिनुपर्ने आवश्यकताको संकेत गर्दछ।[४७] यो लक्ष्य हासिल गर्नका लागि पूर्वाधारमा लगानी एक प्रमुख साधन हो।

चित्र २०.१ :नेपालमा कूल घरेलु पूँजी निर्माणमा सार्वजनिक र निजी क्षेत्रको अंश, सन् १९९०-२०२३



Source: World Bank open data set

५ भौतिक पूर्वाधारका परियोजनाहरु सञ्चालन गरेर आर्थिक तथा सामाजिक विकास हासिल गर्नु योजनाबद्ध विकासको अबधारणा हो। विभिन्न योजना नीति तर्जुमाका क्रियात्मक रुप हुन्।अहिलेसम्म १० पञ्चवर्षीय र ५ त्रि-वर्षीय योजनाहरू कार्यान्वयन भएका छन्। नेपाललाई २०२६ सम्म विकासशील राष्ट्रमा स्तरोन्नति गरी २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने लक्ष्य राखिएको छ। हाल १६औं पञ्चवर्षीय योजना (२०८१/८२ देखि २०८५/८६) कार्यान्वयनमा छ । नेपालले योजनाबद्ध विकासका प्रयासबाट विगतका सात दशकमा थुप्रै उपलब्धि हासिल गरे पनि अपेक्षित लक्ष्य प्राप्त गर्न सकिएको छैन। "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य प्राप्तिका लागि योजना तर्जुमा, खरिद प्रक्रिया, कार्यान्वयन र समग्र विकास प्रक्रियामा पुनरावलोकन आवश्यक छ ।

६ नेपाल सरकारले आव २०६८/६९ देखि आर्थिक, सामाजिक विकासमा योगदान पुऱ्याउने रणनीतिक महत्वका पूर्वाधार र संरक्षण योजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा घोषणा गरेको हो। हालसम्म २७ आयोजना (यातायात ७, सिंचाइ ६, विद्युत् ४, विमानस्थल ३, खानेपानी १, अन्य ६) सूचीकृत छन् ।अपेक्षाकृत सुधार र प्रगति प्राप्त गर्न यी ठूला योजना तर्जुमा गरिए तापनि नेपालको

[47] १६औं योजनाले (२०८१/८२-२०८५/८६) तय गरेको कूल स्थिर पुँजी निर्माण (कूल गार्हस्थ्य उत्पादनको अनुपातमा) लक्ष्य अनुसार, आ. ब. २०७९/८० को अवस्था (२५.९%) र आ. ब. २०८०/८१ को अनुमान (२४.५%) बाट योजनाको अन्तिम वर्ष आ. ब. २०८५/८६ मा २८.६% पुर्याउने रहेको छ ।

विकास प्रक्रियामा अव्यवस्थित, असङ्गठित, अवैज्ञानिक तथा पर्याप्त पूर्व तयारी विना हुने कार्यान्वयनका कारण नागरिकको अपेक्षा बमोजिमका परिणामहरू प्राप्त हुनसकेका छैनन् ।

७ नेपालको सन्दर्भमा सन् १९७४/७५मा सार्वजनिक खर्च कुल गार्हस्थ उत्पादनको ९.१ प्रतिशत रहेको थियो भने सन् २०२३/२४ सम्म आइपुग्दा सो अनुपात २६.८ पुगेको छ । चाखलाग्दो कुरा के छ भने, सन् १९७४/७५ मा कुल गार्हस्थ उत्पादनसँग पुँजीगत खर्चको अनुपात ५.८ प्रतिशत थियो भने चालू खर्चको अनुपात ३.२ प्रतिशत थियो । जबकी २०२३/२४ मा कुल गार्हस्थ उत्पादन संग पूँजीगत खर्चको अनुपात ३.८ प्रतिशत रहेको छ भने चालु खर्चको अनुपात १८.७ प्रतिशत पुगेको छ ।यस्तै सन् १९७४/७५ मा कुल गार्हस्थ उत्पादन सँग वित्तिय व्यवस्थापनको अनुपात ०.१ प्रतिशत थियो भने यस्तो अनुपात २०२३/२४ मा, पुँजीगत खर्चको अनुपातलाई समेत, उछिनेर ४.३ प्रतिशत पुगेको छ (चित्र २)।

चित्र २०.२ : नेपालमा विभिन्न प्रकारका सार्वजनिक खर्चहरूको कूल गार्हस्थ्य उत्पादनसँग तुलना



स्रोत: २०३० साल देखिका बजेट वक्तव्यहरू, आर्थिक सर्वेक्षणहरू, अर्थ मन्त्रालय

८. विश्वव्यापी रुपमा नै सरकारहरूले निजी कम्पनीहरूबाट वस्तु र सेवाहरू खरिद गर्न महत्त्वपूर्ण स्रोतखर्च गर्छन्, सार्वजनिक खरिदहरूले विश्वव्यापी कूल गार्हस्थ उत्पादनको १२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ (Bosio et al ।, २०२२)।सार्वजनिक खरिद प्रक्रियाको विशेष आर्थिक महत्व भएका कारण खरिद प्रक्रियामा हुने असक्षमताका कारण सार्वजनिक सेवा प्रवाहमा नकारात्मक प्रभाव

पर्ने (ट्रान्सप्यारेन्सी इन्टरनेसनल,२०१५), सार्वजनिक खर्चमा २० प्रतिशत सम्म लागत वृद्धि हुने (OECD, २००९) जस्ता गम्भीर परिणामहरू हुनसक्ने अनुसन्धानहरुले देखाएका छन्।[48] नेपालको सन्दर्भमा पनि सार्वजनिक खरिद प्रक्रियामा भोगिएका समस्या सम्बोधन हुने गरी धेरै सुधार गर्न आवश्यक छ।

९. नेपालको सन्दर्भमा निजी क्षेत्र जलविद्युत, हवाई यातायातमा बाहेक पूर्वाधारका अरु क्षेत्रमा पूर्ण रुपमा सहभागी भएका छैनन्। ऊर्जा, विद्युत उत्पादन र सूचना प्रविधि क्षेत्रमा निजी क्षेत्रको उत्कृष्ट सहभागिता रहेको छ। ऊर्जा क्षेत्रको विकासमा प्रवेश पाएको करिब तीन दशकको अवधिमा विद्युत उत्पादनमा सरकारलाई उछिनिसकेको अवस्था छ। सूचना प्रविधिको क्षेत्रमा पनि निजी क्षेत्रले प्रवेश पाएकोले अन्य क्षेत्रको तुलनामा यस क्षेत्रको विकासले ठूलो फड्को मारिसकेको छ। सिमित क्षेत्रमा मात्रै प्रवेश दिइएकाले नेपालको पूर्वाधार विकासमा निजी क्षेत्रको न्यून सहभागिता रहेको छ।

१०. सातौं पञ्चवर्षीय योजनाको अन्त्यबाट कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात उच्च रहेकोमा दशौं योजनाको अन्त्यमा ४४।३ प्रतिशतमा झरेको थियो। आर्थिक वर्ष २०७२/७३ मा यस्तो अनुपात २२.३ प्रतिशतमा झरेकोमा २०८०/८१ मा ४२.७ प्रतिशत पुगेको छ। पछिल्ला वर्षहरुमा बाह्य ऋणको तुलनामा आन्तरिक ऋण परिचालन उच्च रहेकोले कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आन्तरिक र बाह्य ऋण करिब समान रहेको छ। ऋणको अवस्था चिन्ताजनक नभएपनि ऋणको उपयोग उत्पादनमूलक परियोजनामा परिचालन हुन नसकेको पाईन्छ।

चित्र नं. २०.३ पछिल्लो ५ दशकको सार्वजनिक ऋणको प्रवृत्ति



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

[48] ब्राजिलमा गरिएको एक अध्ययनमा बिडिङ्ग प्रक्रियामा हुने धाँधलीले लागत बढाउने मात्र नभै समग्र सामाजिक wellbeing लाई खतरामा पार्ने देखाएको छ। खरिद प्रक्रियामा हुने असक्षमताका कारण हुन सक्ने गैर-मूल्य (non-price) परिणामहरु मध्ये अस्पताल मर्मतसम्भार सम्झौता पछि सार्वजनिक अस्पतालहरूमा उच्च मृत्यु दर र सडक मर्मतसम्भार सम्झौता पछि सडक दुर्घटना बढेको आदि रहेको यस अध्ययनले देखाएको छ (Fazio & Zaldokas, 2024) ।

विद्यमान कानून तथा नीति परिवेश

११ नेपालको संबिधान धारा ५१ मा पनि पूर्वाधार विकासको क्षेत्रलाई प्राथमिकता दिँदै आर्थिक विकासको लक्ष प्राप्तिकोलागि अगाडि बढ्नुपर्ने कुरालाई जोड दिईएको छ । संबिधानको धारा ५१ (च) विकास सम्बन्धी नीतिमा निम्नलिखित बुंदाहरु उल्लेखित छन्।

- विकासका दृष्टीले पछाडी परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, बातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने ।
- विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिबृद्धि गर्ने।
- एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने।

१२ धारा ५१ (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा निम्नलिखित बुंदाहरु उल्लेखित छन्।

(क) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने।

(ख) जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।

(ग) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पशुपंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने ।

१३ पूर्वाधार निर्माण क्षेत्रसँग आकर्षित हुने केही नीतिहरू मध्ये सार्वजनिक निजी साझेदारी नीति २०७२, विदेशी लगानी नीति २०७१, नवीकरणीय उर्जा अनुदान नीति २०६९, जलवायु परिवर्तन नीति २०६७, जलविद्युत विकास नीति २०५८, नवीकरणीय ऊर्जा अनुदान नीति २०७८, राष्ट्रिय भू-उपयोग नीति २०७२, वातावरण सम्बन्धी सवारी तथा यातायात नीति २०७१, राष्ट्रिय यातायात नीति २०५८, राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति २०८०, राष्ट्रिय वन नीति २०७५, सिंचाइ नीति २०७०, जलउत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, सूचना तथा सञ्चार प्रविधि नीति २०७२, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति २०६९, दूरसञ्चार नीति २०६०, राष्ट्रिय भूमि नीति २०७५, भू-उपयोग नीति २०७२, रास्ट्रिय जलस्रोत नीति २०७७, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय जलवायू परिवर्तन नीति २०७६, राष्ट्रिय वातावरण नीति २०७६, वैदेशिक सहायता नीति २०७६, आदि पर्दछन् ।

१४ यस्तै सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले सार्वजनिक निकायले गर्ने खरिद विधि, प्रक्रिया र संयन्त्रको व्यवस्था गरेको छ तर विद्यमान सार्वजनिक खरिद प्रक्रियासम्बन्धी व्यवस्थाको कमजोरी वा जटिलताका कारण विकास निर्माणलगायत अन्य सरकारी सेवा प्रवाहमा असर परिरहेको

छ। समस्याको सम्बोधन गर्न मौजुदा कानूनमा अन्तर्राष्ट्रिय र देश भित्रका असल अभ्यास ग्रहण गर्दै परिमार्जन गरिनु आवश्यक देखिन्छ।

१५ निर्माणमैत्री र सङ्घीयताको मर्म अनुरुप ऐन कानून नहुँदा र अन्तरनीति समन्वयमा न्यून हुँदा समेत पूर्वाधार निर्माणको क्षेत्रमा धेरै समस्या देखिएका छन्। समय सान्दर्भिक रुपमा परिमार्जन हुन नसकेका केही कानूनहरु मध्ये विद्युत ऐन २०४९, फोहरमैला व्यवस्थापन ऐन, २०६८ आदि पर्छन्।

मुख्य समस्या / स्थिति विश्लेषण

१६ नेपालमा पूर्वाधार क्षेत्रले गति लिन नसक्नाका कारण मध्ये उचित योजना बन्न नसक्नु, सही डीजाइन र निर्माण उद्योगमा गुणस्तरको अभाव, समयमा परियोजना सम्पन्न नहुने परिपाटी र परम्परागत शैलीमा काम गराइ आदि रहेका छन् ।त्यसैले अब नयाँ शैलीमा काम गर्नुपर्ने आवश्यकता छ।

१७ कुनै पनि मुलुकको समग्र पूर्वाधार भनेको एक आपसमा अन्तरक्रिया हुने खालका विभिन्न पूर्वाधार प्रणाली (सडक, सिँचाइ, खानेपानी, विमानस्थल आदि) को नेटवर्क हो। नेपालमा विभिन्न पूर्वाधार प्रणालीकालागि बनेका गुरुयोजनाहरुको एकअर्काबीच पर्याप्त समन्वय देखिदैन ।

१८ पूर्वाधार विकासका लागि सरकार, निजी क्षेत्र र वित्तीय क्षेत्रको साझेदारी महत्वपूर्ण हुन्छ ।हालको अवस्थामा साझेदारी जुटाउन गाह्रो भएकाले परियोजनाकालागि लगानी जुटाउन धेरै समय लाग्छ। वैदेशिक लगानी पनि अपेक्षाकृत रुपमा भित्राउन सकिएको छैन ।

१९ यस क्षेत्रले आवश्यक गति लिन नसक्दा देशको अर्थतन्त्रमा नकारात्मक परिरहेको छ। आधारभुत पूर्वाधार अभावकै कारण व्यापार व्यवसाय तथा उद्योग स्थापना गर्दाको लागत महंगो छ। जसले अन्ततः समग्र अर्थतन्त्रलाई महंगो बनाएको छ भने हाम्रो प्रतिस्पर्धा गर्ने क्षमतामा पनि ह्रास आएको छ ।

२० कमजोर वित्तीय अवस्था तथा प्रविधिका कारण नेपालजस्ता मुलुकलाई दिगो विकासको लक्ष्य हासिल गर्न कठिन भैरहेको छ ।द्रुत गतिमा पूर्वाधार निर्माण भइरहेको अहिलेको अवस्थामा दिगो तथा गुणस्तरीय निर्माणमा ध्यान दिनु अपरिहार्य छ ।जलवायु परिवर्तनका कारण अप्रत्यासित विपद्का घटनाहरु खेप्नुपरेको आजको अवस्थामा संवेदनशील भौगोलिक क्षेत्रमा ठूल्ठूला परियोजनाहरू बनाउँदा जलवायुको विषयलाई विशेष ध्यान दिदै र जोखिमको आकलन गर्दै त्यसलाई थेग्न सक्ने हरित पूर्वाधार निर्माण गर्नुपर्ने देखिन्छ।

२१ नेपालको सार्वजनिक खरिद ऐनको प्रस्तावनामा रहेका सिद्धान्त अनुकूल कार्यन्वयन पक्ष कमजोर देखिन्छ। खरिद ऐनको परिपालनाका सम्बन्धमा महालेखा परीक्षकको प्रतिवेदनले थुप्रै कमजोरी औंल्याएको छ। सार्वजनिक निकायमा सार्वजनिक खरिद बुझ्ने जनशक्तिको कमी, कर्मचारी तथा पदाधिकारीको स्वार्थमा स्रोतको दुरुपयोग बढ्नु, ठेक्का लिने तर काम नगर्नेलाई कारबाही गर्ने र कालोसूचीमा राख्ने कार्य अगाडि नबढाउनु, म्याद थप, स्वार्थ अनुरूप भेरियसन र मूल्य वृद्धि जस्ता

विषयमा सार्वजनिक पदाधिकारीले कानूनको मर्म अनुसार कार्य नगरी अधिकार र स्रोतको दुरुपयोग गर्नु आदि (महालेखा परीक्षकको कार्यालय, २०८१) ।

२२ सार्वजनिक खरिदमा हुने खर्चको अधिकांश हिस्सा हात पार्ने निजी क्षेत्रको व्यावसायिकता र इमानदारीता कमजोर देखिन्छ। बोलपत्रमा मिलेमतो गरी ठेक्का पार्ने, पेस्की लिने तर समयमा गुणस्तरीय काम नगर्ने, पेस्कीको दुरुपयोग गर्ने, निश्चित ब्रान्ड वा समूहसँग मात्र मिल्ने गरी स्पेसिफिकेसन तयार गर्ने, कानुनी प्रक्रियाबाट उन्मुक्ति लिन खोज्ने, न्यून मूल्यको वस्तु वा सेवा लिनु पर्दा गुणस्तरीय नहुने, बोलपत्र छल्ने उद्देश्यले खरिद कार्य टुक्र्याउने, उपभोक्ता समितिले जिम्मा लिई निर्माण व्यवसायीबाट कार्य गराउने जस्ता प्रवृत्तिले निर्माण क्षेत्रमा अनियमितता मौलाएको छ (सार्वजनिक खरिद अनुगमन कार्यालय, २०८१)।

सुधारका लागि सुझावहरू

एकीकृत दीर्घकालीन पूर्वाधार गुरुयोजना

२३ समग्र पूर्वाधार क्षेत्रको विकासको लागि सिस्टम्स अप्रोच (systems approach) पालना गरी एकीकृत दीर्घकालीन पूर्वाधार गुरुयोजना तर्जुमा गर्नुपर्ने ।

सार्वजनिक खरिद प्रक्रिया

२४ योजना (विनियोजन) अनुसार विकास खर्च (पुँजीगत खर्च) गर्ने वातावरणाको सिर्जना गर्न तथा खर्चको गुणस्तर पनि कायम गर्न खरिद प्रक्रियालाई सुधार गरी चुस्त बनाउन खरिद व्यवस्थापन (Procurement management) लाई छुट्टै सेवाका रूपमा विकास गर्नुपर्ने। सबै तहका सरकारी कार्यालयले गर्ने खरिद प्रक्रियामा एकरूपता कायम गर्न प्रत्यक कार्यालयलमा खरिद व्यवस्थापन एकाइको प्रावधान राखी, प्रमाणित खरीद विशेषज्ञ (certified procurement expert) बाट मात्र खरिद कार्य सञ्चालन गर्ने।

२५ **सार्वजनिक खरिद अनुगमन कार्यालय**को संस्थागत सुध्रिढीकरण गर्दै सार्वजनिक खरिद प्रक्रियालाई थप सरल, पारदर्शी र लागतप्रभावी बनाउने।

२६ वस्तु तथा सेवाको प्रकृति अनुरुप अलग अलग **खरिद मापदण्ड** तर्जुमा गरी लागू गर्ने।

२७ सार्वजनिक निर्माण र परामर्श सेवा खरिदको "स्टानडर्ड बिडिङ्ग डकुमेन्ट" यानेकि FIDIC को मापदण्ड अनुसारका सम्झौताका सर्तहरू नेपाली भाषामा अनुवाद गरी खरिदमा संलग्न कर्मचारीको (खरीद विशेषज्ञ) काममा सहजिकरण गर्ने।

२८ **विद्धुतीय खरिद प्रणाली**लाई सुदृढ गरी निर्माण व्यवसायी र परामर्शदाताको विवरण एकीकृत रुपमा प्राप्त गर्ने व्यवस्था मिलाउन जरुरी। ठेक्का व्यवस्थापनमा संलग्न निर्माण कम्पनीको तेस्रो पक्षवाट रेटिङ्ग गराई मूल्यांकनको आधारको रुपमा लिन सकिने व्यवस्था मिलाउने।

पुँजीगत खर्चकासाथै खर्चको गुणस्तर वृद्धि

२९ निर्माण व्यवसायीहरूले बोलपत्र (Bid) हालिसकेपछि बोलपत्रदाता (Bidder)को कार्यक्षमता, मानवसंसाधन, कार्यसम्पादनको स्तर लगायतको जानकारी सहजै प्राप्त हुने व्यवस्थाको सुनिश्चिततका लागि पूर्वाधार निर्माणको क्षेत्रमा राष्ट्रको क्षमता कति छ र कस्तो अवस्थामा छ, हाम्रा निर्माण व्यवसायी कति छन्, उनीहरूको कार्यक्षमता र कार्यसम्पादन कस्तो अवस्थामा छ, कस्को कुन क्षेत्रमा विशिष्ट अनुभव छ लगायतका विषयलाई समावेश गरी राष्ट्रिय सूची तयार गरी कार्यान्वयनमा ल्याउने।

३० **वित्त बजारमा सुधारः** निर्माण व्यवसायीहरूलाई परिचालन (Mobilization) पेश्की दिनुपर्ने वा उनीहरूले त्यस्तो पेश्की लिएरमात्रै काम गर्ने विद्यमान परिपाटीलाई निरूत्साहित गर्दै निर्माण व्यवसायीहरूले वित्त वजार मार्फत ऋण लिएर काम गर्नुपर्ने प्रणालीलाई स्थापिन गर्ने।

३१ निर्माण व्यवसायीहरूलाई प्रोत्साहित गर्दै कार्यसम्पादनलाई प्रभावकारी बनाउन हाल प्रचलनमा रहेको जोखिम बीमामा केही परिमार्जन गरी किफायती (Affordable) बनाउने।

३२ राष्ट्रिय गौरवका तथा ठुला बहुवर्षीय आयोजनाको छनौट, ठेक्कापट्टा तथा परिचालनमा हुनेगरेको राजनीतिक हस्तक्षपको अन्त्य गर्दै वित्तीय स्रोतको सुनिश्चितता गर्न, कार्यसम्पादनमा वृद्धि गर्न र तोकिएकै समयमा आयोजना सम्पन्न गर्ने वातावरणको सिर्जना गर्न परियोजना बैंकलाई सुदृढ बनाउँने। सम्भाव्यता अध्ययन (Feasibility Study) भएका परियोजनालाई मात्रै आयोजना बैंकमा सूचीकृत गर्ने र त्यसैबाट योजना छनौट गर्ने अनिवार्य व्यवस्था गर्ने।

वजेट निर्माण र विनियोजन

३३ छोटो अवधिका आधारभूत तथा दुरगामी आर्थिक र सामाजिक विकासका लक्ष प्राप्तिका आवश्यकताहरुको पहिचान गर्दै केहि विशिष्ट पूर्वाधार क्षेत्रहरुको प्राथमिकता पहिचान गर्ने। यी प्राथमिकता प्राप्त क्षेत्रहरूमा क्षेत्रगत योजनाहरू (Sectoral Business Plan) बनाई यस्ता परियोजनामा वित्तीय आवश्यकताहरुको आँकलन गरी बजेटको समेत सुनिश्चतता हुने प्रणालीको विकास गर्ने।

योजना व्यवस्थापन

३४. विभिन्न परियोजनासँग सम्बन्धित दक्ष जनशक्तिको अभाव, उपलब्ध जनशक्तिमा पनि सीप, क्षमता तथा ज्ञानको अभाव लगयतका कारण परियोजनाहरू समयमै सम्पन्न नहुने, कामको गुणस्तर कायम नहुने लगायतका समस्यालाई सम्बोधन गर्न सक्षम र विषयगत जनशक्ति उत्पादन गर्न सरकारको लगानी बढाउनु पर्ने।

३५. आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्युनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने समेतका व्यवस्था समावेश गरी मापदण्ड तयार गर्ने।

३६. अनुगमन र मूल्यांकनको लागि **परिमाणात्मक सूचकहरू** विकास गरी, **M & E** रिपोर्टहरूको सिफारिसहरू लागू गर्न र पुँजीगत खर्चलाई बढावा दिन पुरस्कार, दण्ड वा जरिवानाको व्यवस्था गर्ने।

३७. आयोजना सञ्चालनमा देखा परेका व्यवस्थापन, गुणस्तर तथा कार्यसम्पादन लगायतका पक्षमा सुरधा गर्दै लगातार दुई आर्थिक वर्षसम्म लक्ष्यको ५० प्रतिशत भन्दा कम प्रगति हासिल भएका आयोजनालाई सम्बद्ध मन्त्रालयले रूग्ण आयोजनाका रूपमा घोषणा गरी सो आयोजनामा देखिएका खास समस्या सम्बोधन गर्ने गरी आयोजना मूल्यांकन प्रणालीको विकास गर्ने। त्यस्ता आयोजना कर्मचारीको कारणबाट समस्याग्रस्त देखिएको भएमा त्यस्ता कर्मचारीलाई नै जिम्मेवार बनाई विभागीय कारबाही गर्ने व्यवस्था गर्नुकासाथै रुग्ण भनी पहिचान भएका आयोजना राष्ट्रिय महत्वका हिसावले कार्यान्वयन गर्नै पर्ने देखिएमा छुट्टै आयोजना टोली पठाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

३८. विभिन्न पुर्वाधारहरुलाई एकअर्कोसँग आवद्ध गर्न सकेमा आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुग्न सक्छ। सडक, पुल, मूल बाटाहरु, राजमार्ग र जलमार्गहरुको समष्टीगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने हिसाबले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको संरचना भएको भएता पनि यस मन्त्रालयको उद्येश्य अनुसार प्रतिफल प्राप्त हुन नसकेकोले यस मन्त्रालयको संरचनामा बृहत सुधार गरी multi-model/ systems approach बाट पूर्वाधार क्षेत्रलाई अघि बढाउन पूर्वाधार विकास प्राधिकरणको अवधारणा लागु गर्ने ।

३९. विकास आयोजना कार्यान्वयन सम्वन्धि **एकीकृत ऐन** तर्जुमा गर्न जरुरी। आयोजना कार्यान्वयनमा सरोकारवाला र समुदायको संग्लग्नता अभिवृद्धि गर्न जरुरी ।राष्ट्रिय प्राथमिकता प्राप्त योजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउने।

४०. तोकिएको समयमा वा अगावै आयोजना सम्पन्न गर्ने परियोजनासँग सम्बन्धित कर्मचारीको कार्यसम्पादनको अभिलेखिकरण गरि बढुवामा गनिने गरि रेकर्डमा राख्ने ।साथै परियोजना सँग सम्बन्धित कर्मचारीलाई प्रोत्साहनको रुपमा कूल परियोजना खर्चको ०.१ प्रतिशत बोनस दिने प्रावधान लागु गर्ने।

४१. प्रत्येक परियोजनाले कुनै क्रियाकलापमा विलम्ब हुन् गएमा पुरै परियोजना सम्पन्न हुन लाग्ने समय बढ्छ भने त्यस्तो क्रियाकलापमा कुनै हालतमा ढीला हुन नदिन क्रिटिकल पाथ विश्लेषण (Critical Path Analysis) तयार गर्न अनिवार्य गर्ने कानुनी प्रावधान राख्ने ।

सङ्घीयता र पुँजीगत खर्चका सन्दर्भ

४२. संघ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्न बनेको **आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८०** पूर्ण रुपमा पालना गर्ने।

पूर्वाधार वित्त

४३. कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, र बीमा प्रिमियमबाट संकलित रकमलाई उपयोग गरी मध्य र दीर्घकालीन वित्तीय उपकरण जारी गर्ने व्यवस्था गर्ने। परियोजना विशेष ऋणपत्र मार्फत लगानी जुटाउने व्यवस्था गर्ने। यसका लागि नेपाल इन्फ्रास्टक्चर बैंक लिमिटेड (NIFRA) को पुनर्संरचना गर्ने।[४९]

४४. नेपाल सरकार मार्फत सरकारी संस्थानमा परिचालन हुने ऋण एस्क्रो एकाउन्ट मार्फत सोझै भुक्तानी गर्ने व्यवस्था मिलाउने।

४५. नेपालमा मात्र नभएर विश्वभरि नै दिगो पूर्वाधार विकासको आवश्यकता बढ्दै गएको आजको अवस्थामा ज्ञान, सीप, पैसा र प्रविधि लगानी गर्न सरकार र निजी क्षेत्रले सामूहिक प्रयास गर्न आवश्यक छ र दात्री निकायको सहयोग परिचालन गर्न र प्रत्यक्ष विदेशी लगानी भित्राउन पनि उत्तिकै आवश्यक छ।[५०] गुणस्तरीय लगानीका लागि सरकारले सृजनात्मक खालका परियोजनाका थप पहल गर्नु पर्छ। यस्ता खालका लगानिका लागि बाह्य लगानी भित्र्याउन सरकारका तर्फबाट सहुलियत, हेजिङ, ग्रीन बण्ड, special-purpose vehicles, जस्ता औजारमार्फत् मात्र वैदेशिक लगानीलाई आकर्षण गर्ने व्यवस्था गर्ने।

४६. सार्वजनिक-निजी साझेदारी (पीपीपी), BOOT, BOT, भायाबिलिटी ग्याप फण्डिङ, र मिश्रित वित्त (blended finance) मोडेलहरू सहित लगानी-लाभ साझेदारीको लागि संयन्त्रहरू स्थापना गर्ने।[५१]

४७. जलवायु वित्तका विभिन्न् उपकरणहरु जस्तै कार्बन कर, हरित वित्त आदि प्रयोग गर्ने।[52] विश्वव्यापी प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने ।

---

[49] For example, National Bank for Financing Infrastructure and Development (NaBFID's) mission extends beyond long-term infrastructure financing to fostering a vibrant bond and derivatives market, crucial for deepening India's financial ecosystem.

[50] १५औं योजना (२०७६/०७७—२०८०/०८१) को आधारपत्रमा १७ वटा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औसत २० खर्ब २५ अर्ब (२०७६/०७७ को मुल्यमा) लाग्ने अनुमान गरिएको छ । सरकारी, निजी तथा अन्य क्षेत्रबाट हुने लगानी अनुमान गर्दा वार्षिक औसत पाँच खर्ब ८५ अर्ब नपुग हुने अनुमान उक्त योजनाले गरेको छ । यस्तै १६औं योजनाले (२०८१/८२-२०८५/८६) तय गरेको आर्थिक वृद्धि हासिल गर्न योजना अवधिमा कूल लगानी रु.९४ खर्ब ८२ अर्ब ६६ करोड (२०८०/८१ को मुल्यमा) आवश्यक पर्ने अनुमान गरिएको छ।

[51] ब्लेन्डेड फाइनान्स दिगो विकासका लक्ष्यहरु सन् २०३० भित्र प्राप्त गर्न, विकास वित्त र परोपकारी वित्तलाई बीउ पुँजीको रुपमा लिई निजी क्षेत्रको कर्मसियल पुँजी उलेख्य रुपमा परिचालन गर्न रणनीतिक रुपमा प्रयोगमा ल्याएको वित्तीय उपकरण हो।

For harnessing the potential of blended finance instruments for sustainable development, careful consideration should be given to the appropriate structure and use of blended finance instruments. Projects involving blended finance, including public private partnerships, should share risks and reward fairly, include clear accountability mechanisms and meet social and environmental standards (UN, 2015).

[52] जस्तो नयाँ सडक निर्माण गर्दा त्यसको जलवायुमा हुने क्षति न्यूनीकरणका गर्न विशिष्ट मापदण्ड बनाउनुपर्छ ,जसले स्वाभाविक रूपमा नयाँ लगानी माग गर्छ। यस्तो लगानी हामीले विश्वब्यापी रुपमा अहिले अस्तित्वमा रहेका, जलवायु वित्त परिचालन हुने कोषहरुबाट लिन सकिन्छ।

पूर्वाधार विकासलाई उत्पादनसँग जोड्ने

४८. निर्वाहमुखी कृषिमा आधारित अर्थतन्त्रलाई उद्योग र सेवा व्यवसायमा आधारित बनाउन सरकारले पूर्वाधार निर्माण र बजारीकरणको विकासमा लगानी अभिवृद्धि गर्ने। ।स्थानीय तहमा कृषि सेवा प्रणालीका लागि आवश्यक न्यूनतम पूर्वाधारको अभाव छ। प्रारम्भिक प्रयोगशाला सेवासहितको कृषि तथा पशुसेवा केन्द्र, कृषि बजार, भण्डार गृह, बिउबीजन प्रशोधन केन्द्र, कृषि सामग्री आपूर्ति केन्द्र, दुग्ध चिस्यान केन्द्र तथा स्रोत केन्द्र तयार हुन सकेका छैनन्। यी पूर्वाधारहरुमा पर्याप्त लगानी गरेर व्यावसायिक कृषि प्रणालीको इकोसिस्टमलाई मजबुत बनाउने ।

४९. शहरी विकासको प्रमुख आधार भौतिक पूर्वाधार निर्माण हो। पालमा कुनै पनि शहरमा पर्याप्त मात्रामा पूर्वाधार निर्माण हुन सकेको छैन। उचित मापदण्ड बनाएर सरकारीमात्र नभएर निजीक्षेत्रले समेत पूर्वाधारमा लगानी गर्न जरुरी छ ।बनेका पूर्वाधारको उचित संरक्षण र मर्मत सम्भारमा पनि ध्यान दिनु आवश्यक छ।

५०. आफ्नो मुलुकमा खपत हुने र निर्यात समेत गर्न सकिने वस्तु उत्पादनका लागि औद्योगिक क्षेत्रको विस्तार गर्न राज्यले पूर्वाधार विकासमा लगानी गर्नुपर्ने देखिन्छ।राज्यले औद्योगिक क्षेत्रभित्र रहने उद्योगबाट प्राप्त हुने जग्गा भाडाबाट हुने आम्दानीको भन्दापनि त्यस क्षेत्रबाट सिर्जना हुने रोजगारी र राजश्वमा पुऱ्याउने योगदानका आधारमा मूल्यांकन गर्नुपर्ने र त्यही अनुसार भाडा र अन्य सुबिधा निर्धारण हुनुपर्ने।

५१. हाल मुलुकमा कालोपत्रे सडक बनाउने परिपाटी रहेकोमा, अब नयाँ सडक निर्माण गर्दा सम्भव भएसम्म कंक्रीट सडक बनाउने। यसो गर्नाले सडकको आयु बढ्नुको साथै आन्तरिक सिमेन्ट उद्योगलाई समेत टेवा पुग्न जान्छ।

निजिक्षेत्रसँगको सहकार्य

५२. सडक पूर्वाधार, शहरी विकास, फोहरमैला व्यवस्थापन, विद्युत पूर्वाधार जस्ता थप क्षेत्रमा निजिक्षेत्रको नवप्रवर्तन र दक्षताबाट लाभान्वित हुन सक्ने सम्भावना देखिन्छ।

५३. निजी लगानी परिचालन गर्न पूर्वाधारमा सरकारको लगानी आवश्यक छ।[५३] ठूलो प्रतिफलको लक्ष्य निर्धारण गरेर प्रविधिको क्षेत्रमा लगानी बढाउने हो भने भौतिक पूर्वाधारसँगै इन्टरनेट र गुणस्तरीय विद्युत आपूर्ति अनिवार्य हुन्छ। विद्युत पूर्वाधारमा भएको व्यापक लगानीले नेपालमा यस क्षेत्रले सस्तो मूल्यमा ऊर्जा उपयोग गर्न पाउने सम्भावना छ। डेटा सेन्टर लगायतका क्षेत्रमा आवश्यक पूर्वाधार

[53] मुलुकभित्रको माग पूरा गरेर क्लिङ्करदेखि सिमेन्टका बोरासम्म निर्यात गर्नसक्ने हैसियतमा नेपाली उत्पादन पुग्नुको पछाडि पूर्वाधारमा सरकारबाट भएको नीतिगत पहल र कर सहुलियत प्रमुख कारण रह्यो। यसले सिमेन्टको मूल्य प्रतिष्पर्धात्मक मात्रै होइन त्यस्ता उद्योगमा स्वदेशी निजी क्षेत्रसहित विदेशी लगानी पनि भित्र्याएको छ। सिमेन्टका लागि आवश्यक ऊर्जादेखि सडक सञ्जालसम्ममा सरकारको लगानी हुँदा प्रतिफल कसरी हासिल हुनसक्छ भन्ने सिमेन्ट उद्योगका सफलताका कथाले बयान गर्छ। ऊर्जा क्षेत्रको स्थिति पनि सिमेन्टको जस्तै हो। जलविद्युत उत्पादन गर्दा लगानीकर्ताले १० वर्षसम्म पूर्ण रुपमा कर छुट र अर्को पाँच वर्ष पचास प्रतिशत छुट पाउने सरकारी नीतिले देशी/विदेशी लगानीकर्तालाई यस क्षेत्रमा आकर्षित गरेको हो।

सरकारले तयार पार्ने हो भने यस क्षेत्रमा लगानी विस्तार हुन सक्ने देखिन्छ। त्यसका लागि भौतिक पूर्वाधारमात्र होइन, कानुनी अड्चन र लगानीकर्ता प्रतिको पूर्वाग्रही सोचलाई सुल्ट्याउनुपर्ने अवस्था छ। नेपालको मौसम, डेटा सेन्टरलाई आवश्यक विशाल सर्भर राख्नका लागि प्राकृतिक रुपमा "एअर कन्डिसन" हुनसक्ने।

वातावरण मैत्री, दिगो पूर्वाधार विकास

५४. नेपालको अर्थतन्त्रलाई विविधीकरण गर्न र रेमिट्यान्समा आधारित आम्दानीमा हुने अत्यधिक निर्भरता घटाउन प्रमुख क्षेत्रहरूमा हरित रोजगारी सिर्जना गर्नु आवश्यक छ। जलवायु-उत्थानशील पूर्वाधार, जलविद्युत विकास, र विद्युतीय सवारी साधन र सफा खाना पकाउने वैकल्पिक उर्जास्रोत, जस्ता स्वच्छ ऊर्जा transition का उपायहरुमा ठूलो मात्रामा लगानी बढाउने।

विविध

५५. हाल मुलुकमा निर्माण भैसकेका तर पूर्ण रुपमा प्रयोगमा नआएका विमानस्थलहरुको (५२ मध्ये २८ मात्र पूर्ण प्रयोगमा रहेको अनुमान) वैकल्पिक प्रयोगबारे योजना तयार गरी प्रयोगमा ल्याउने।[५४] वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र लगानीको प्रतिफल (ROI) को लेखाजोखा गर्दा लाभकारी देखिएका नयाँ विमानस्थल परियोजना मात्र बनाउँने।

५६. हाल निर्माण प्रक्रियामा रहेका सडक परियोजनाहरुको निर्माण सम्प्पन्न नभएसम्म moratorium राखेर नयाँ सडक परियोजना सुरु नगर्ने। पहाडी क्षेत्रमा २ लेन भन्दा ठुलो बाटो नबनाउने ।

५७. हाल मुलुकमा निर्माण भैसकेका र सञ्चालनमा रहेका विभिन्न क्षेत्रगत पूर्वाधारहरुको मर्मत सम्भार गर्ने संयन्त्र कमजोर रहेकाले यस क्षेत्रमा संरचनात्मक सुधार गर्ने।

[५४] वैकल्पिक प्रयोग मध्ये मनोरञ्जनक लागि हवाई सेवा संचालन, उडान सम्वन्धि प्रशिक्षण केन्द्र, हवाईजहाज मर्मतसम्भार केन्द्र आदि हुन सक्ने ।

परिच्छेद २१

शहरी विकास

स्थिति विश्लेषण

१. पछिल्ला दुई जनगणना (२०६८ र२०७८) अनुसार **नेपालको कुल जनसंख्या** २,६२,५१,५९० बाट बढेर २,८९,२५,४८० पुगेको र त्यसमध्ये प्रशासनिक एकाईको रूपमा विभिन्न पालिकाहरुमा रहेको जनसंख्याको विवरण निम्नानुसार रहेको छ।[५५]

तालिका २१.१: नेपालमा शहरी तथा ग्रामीण जनसंख्या

क्षेत्र	प्रशासनिक एकाई	संख्या	२०६८ को जनगणना			२०७८ को जनगणना		
			जनसंख्या	प्रतिशत	जम्मा	जनसंख्या	प्रतिशत	जम्मा
शहरी	महानगरपालिका	६	२३,९९,४५७	९.१२	**६२.९३**	२५,५५,५७९	८.८४	**६६.०२**
	उपमहानगरपालिका	११	१५,५६,५१३	५.९३		१९,५३,२८९	६.७५	
	नगरपालिका	२७६	१,२५,६४,५४१	४७.८६		१,४५,८८,९९८	५०.४४	
ग्रामीण	गाउँपालिका	४६०	९७,३१,०७९	३७.०७	**३७.०७**	९८,२७,६१४	३३.९८	**३३.९८**
	जम्मा	**७५३**	**२,६२,५१,५९०**	**१००**		**२,८९,२५,४८०**	**१००**	

द्रष्टव्यः कुल जनसंख्यामा संस्थागत जनसंख्या समावेश गरिएको छैन ।

स्रोतः नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, तालिका २, राष्ट्रिय तथ्याङ्क कार्यालय।

२. **प्रशासनिक एकाईको मात्र आधारमा** वस्ति तहको विश्लेषण गर्दा अस्वाभाविक रूपमा नेपाल अत्यन्त शहरीकरण भएको मुलुकको रूपमा देखिने तर यथार्थमा भने शहरी क्षेत्रको रूपमा वर्गीकृत अधिकांश नगरपालिकाहरू अझै ग्रामीण परिवेश र मूलतः कृषिमा आधारित क्रियाकलापमा नै निर्भर रहेको पाइन्छ। यस विषमतालाई दृष्टिगत गरी राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८० पौषमा नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रकाशन गरेको छ।

३. उक्त वर्गीकरण अनुसार शुरुमा शहरी केन्द्र, शहरी क्लष्टर र ग्रामीण क्लष्टरहरुलाई शहरी केन्द्र, घना शहरी क्लष्टर, अर्धघना शहरी क्लष्टर, शहरोन्मुख क्षेत्र, ग्रामीण क्षेत्र, छरिएको ग्रामीण क्षेत्र र अधिकतर निर्जन क्षेत्र समेत विभिन्न सातवटा वर्गमा वर्गीकरण गरिएको थियो। उक्त वर्गीकरणमा थप छलफल तथा कार्यशाला आयोजना गरी पुनर्वर्गीकरण गरिएको छ। तदनुसार समग्र वस्ति क्षेत्रहरुलाई शहरी

[५५] कुल जनसंख्यामा संस्थागत जनसंख्या समावेश गरिएको छैन ।

क्षेत्र, शहरोन्मुख क्षेत्र तथा ग्रामीण क्षेत्रमा विभाजन गरिएको छ। यस वर्गीकरण अनुसार जनसंख्या वितरण तालिका २ मा प्रस्तुत छ।

तालिका २१.२: वस्तिहरूको नयाँ पुनर्वर्गीकरण अनुसार शहरी तथा ग्रामीण जनसंख्या

क्षेत्र	२०६८ को जनगणना			२०७८ को जनगणना		
	क्षेत्रफल व।कि।मि।	जनसंख्या	प्रतिशत	क्षेत्रफल व।कि।मि।	जनसंख्या	प्रतिशत
ग्रामीण	१२४,३९१.९५	१०,१०६,३१५	**३८.५०**	१२४,०७८.०६	९,६००,३९३	**३३.१९**
शहरोन्मुख	१८,५४७.२५	१०,२८७,४६४	**३९.१९**	१९,७५३.७६४	११,४९६,३७५	**३९.७५**
शहरी	४,७४१.२२	५,८५७,८११	**२२.३१**	४,२२३.६५	७,८२८,७१२	**२७.०७**
जम्मा		**२६,२५१,५९०**	**१००**		**२८,९२५,४८०**	**१००**

द्रष्टव्यः कुल जनसंख्यामा संस्थागत जनसंख्या समावेश गरिएको छैन ।

स्रोतः नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, तालिका ७, राष्ट्रिय तथ्याङ्क कार्यालय।

४. यस वर्गीकरणलाई भौगोलिक क्षेत्रका आधारमा तुलना गर्दा निम्नानुसार देखिन्छः

तालिका २१.३: भौगोलिक क्षेत्रको आधारमा शहरी तथा ग्रामीण जनसंख्या

क्षेत्र	हिमाल		पहाड		भित्री मधेश		तराई	
	जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत
ग्रामीण	१५,०९,९०५	८८	५३,७९,६८५	५५	३,७७,६६९	२७	१३,३३,१३४	९
शहरोन्मुख	०	०	१०,७९,४६४	९	६,०७,९२०	४३	९८,०८,९९१	६९
शहरी	२,०८,२४०	१२	४१,१८,९९०	३६	४,३१,८९१	३०	३०,६९,५९१	२२
जम्मा	**१७,१८,१४५**	**१००**	**१,१५,७८,१३९**	**१००**	**१४,१७,४८०**	**१००**	**१,४२,११,७१६**	**१००**

स्रोतः नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, तालिका ८, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

५. **प्रशासनिक एकाईको आधारमा** यस वर्गीकरणलाई तुलना गरेर हेर्दा महानगर तथा उपमहानगर भनिएको स्थानीय तहहरूमा समेत अझै केही वडाहरू ग्रामीण क्षेत्रको रूपमा वर्गीकरण हुनुपर्ने प्रकृतिको रहेको तथ्य निम्न तालिकाबाट स्पष्ट हुन्छ। अझ नगरपालिका तहमा हेर्ने हो भने त नगरपालिकामा पर्ने १,२४४ वटा वडाहरू अझै ग्रामीण प्रकृतिका रहेछन्।

त्यसैगरी गाउँपालिकामा पर्ने १३९ वडाहरू भने शहरी क्षेत्रमा वर्गीकृत हुनुपर्ने पनि देखिएको छ।

तालिका २१.४: स्थानीय तहको आधारमा शहरी तथा ग्रामीण जनसंख्या

स्थानीय तह	ग्रामीण		शहरोन्मुख		शहरी		जम्मा
	वडा संख्या	प्रतिशत	वडा संख्या	प्रतिशत	वडा संख्या	प्रतिशत	
गाउँपालिका	२,४१२	५८.०	६६४	३६.१	१३९	५.९	९८,२७,६१४
महानगरपालिका	८	२.३	४०	१७.०	१२६	८०.७	२५,५५,५७९
उपमहानगरपालिका	२१	७.३	१०७	३९.१	१०६	५३.६	१९,५३,२८९
नगरपालिका	१,२४४	२५.४	१,२८५	४६.३	५९१	२८.४	१,४५,८८,९९८
जम्मा वडाहरू	**३,६८५**		**२,०९६**		**९६२**		**६,७४३**

स्रोतः नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, तालिका १०, राष्ट्रिय तथ्याङ्क कार्यालय।

६. **शहरी विकासमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनले पारेको प्रभावः** मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएर गैरकृषि क्षेत्रको हिस्सा बढ्दै गएको छ। आर्थिक वर्ष २०६०/६१ मा राष्ट्रिय उत्पादनमा कृषि क्षेत्रको योगदान ३५।९ प्रतिशत रहेकोमा बीस वर्षको अवधिमा घटेर आर्थिक वर्ष २०८०/८१ मा २३.९ पुगेको छ। आगामी दिनहरूमा राष्ट्रिय अर्थतन्त्रको आकार विस्तार हुँदै जाँदा कृषिको योगदान थप घटेर जानेछ। यसको प्रभाव स्वरूप बसाइँ सर्ने र अव्यवस्थित शहरीकरण बढ्दै जाने देखिन्छ।(आर्थिक सर्वेक्षण, २०८१)

७. **व्यवस्थित शहरी विकासको सुस्त प्रयासः** शहरी योजनाहरुको सन्दर्भ हेर्दा सघन शहरी विकास कार्यक्रम २०८० फागुनसम्म १०५ नगरपालिकाहरूमा लागू भएको छ। यस कार्यक्रमबाट शहरी सडक निर्माण वा स्तरोन्नति, सडक ढल निर्माण, बसपार्क निर्माण, सार्वजनिक पार्क र खुल्ला क्षेत्र विकासका कार्यहरु हुने गरेको छ। फोहरमैला व्यवस्थापनको लागि बञ्चरे डाँडामा स्यानेटरी ल्याण्डफिल साइट निर्माण भई सञ्चालनमा आएको छ भने जनता आवास कार्यक्रमबाट २०८० फागुनसम्म ४१,१५७ आवास निर्माण भएको र सुरक्षित आवास कार्यक्रम अन्तर्गत सोही अवधिमा ८०,९२९ आवासमा फुसको छानालाई जस्तापाताले विस्थापन गरिएको छ। हाल यो कार्यक्रम प्रदेश सरकारहरूको जिम्मामा गएको छ। *(आर्थिक सर्वेक्षण, २०८१)*

८. **नेपालका एक-चौथाई आवासीय घरहरू मात्र पूर्ण उपयुक्त रहेकोः** २०७८ सालको जनगणनाको तथ्याङ्कले नेपालका ६६ लाख ६१ हजार घरपरिवार मध्ये एकतिहाइ घर कच्चा ईंटा माटोको जगमा बनेका छन्। घरको संरचना र घरायसी उपयुक्तताका आधारमा जम्मा २८.३० प्रतिशत घर मात्र पूर्ण उपयुक्त भनेर जनगणनाले वर्गीकरण गरेको छ। मध्यम कोटिका र अनुपयुक्त भनिएका घरको संख्या कुल घरधुरीको ४६.१० प्रतिशत छ। कर्णाली, सुदुरपश्चिम, मधेश र कोशी प्रदेशका आधा भन्दा बढी आवासीय घरहरू उपयुक्तताका दृष्टिकोणले कमजोर छन्। कर्णाली, सुदुरपश्चिम र कोशी उच्च भूकम्पीय जोखिम भएका प्रदेश हुन्। २०७२ सालको भूकम्प पश्चातको पुनर्निर्माणका कारणले पनि बागमती र गण्डकी प्रदेशमा आवासको लागि घरहरूको संख्या बढी देखिन्छ।

९. **२०७२ को भूकम्पले क्षति पुर्याएका निजी आवास पुनर्निमाण कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत ८३४,०२४ सुरक्षित आवास निर्माण भएका छन्। भूकम्पले क्षति पुर्याए पछि घर पुनर्निर्माण गर्ने काममा सरकारको अग्रसरता देखिन्छ तर भूकम्प गएर ठूलो बसोबास क्षति पुग्ने सम्भावना देखिएका भौगोलिक क्षेत्रहरूमा सुरक्षित आवास निर्माण गर्ने कुनै लक्षित कार्यक्रम छैन। हाल संचालित सुरक्षित आवास कार्यक्रमको जोड सुरक्षित छानोमा मात्र छ।

१०. **जाजरकोट भूकम्पल पछिको पुनर्निर्माण बाँकीः** २०८० कत्तिक १७ गते जाजरकोटलाई केन्द्र बनाएर गएको भूकम्पले जाजरकोट र पश्चिम रुकुमका २६,५५७ घरहरू पुरै क्षतिग्रस्त र ३५,४५५ घरहरू आंशिक क्षतिग्रस्त भएको अनुमान गरिएको छ। जाजरकोट र पश्चिम रुकुमका अतिरिक्त सल्यान, बझाङ, बाजुरा र डोटीमा पनि भूकम्पले क्षति पुर्याएको छ। यी जिल्लाहरूमा २०८१ मङ्सिरसम्म ७१,३७८ अस्थायी आवास निर्माण सम्पन्न गरिएको राष्ट्रिय विपद जोखिम न्यूनीकरण अवाम व्यवस्थापन प्राधिकरणको तथ्याङ्क रहेको छ (राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, २०८०)।

११. **शहरी विकाससँग सम्बन्धित दिगो विकास लक्षको प्रगति कमजोरः** शहरी विकाससंग प्रत्यक्ष सम्बन्धित "शहरहरु र समुदायको दिगोपना" को सन् २०३० सम्मको लक्ष्य ७६.१ प्रतिशत तोकिएकोमा ८९ प्रतिशतसम्म उपलब्धि हुनसक्ने अनुमान गरिएको छ । यस लक्ष्य अन्तर्गतका प्रमुख सूचकहरूमा योजनाबद्ध शहरहरुको संख्या ६०, सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवारको प्रतिशत ६०, फुसको छानामुनि बस्ने घरपरिवारको प्रतिशत ५ प्रतिशत र फुसको छानामुनि बस्ने शहरी घरपरिवारको अंश ० प्रतिशत पुर्याउने लक्ष्य तोकिएको छ। सन् २०२२ सम्ममा यी लक्ष्यहरुको सूचक क्रमशः ५४, ५४, ३.९ र २.८ रहेको देखिएको छ। तदनुसार फुसको छानामुनि बस्ने शहरी घरपरिवारको संख्या घटाउनेतर्फ अथक प्रयास जारी रहनुपर्ने देखिएको छ ।

१२. **दिगो विकास लक्षको सरसफाईको सूचकमा उपलब्धि कमः** दिगो विकास लक्ष "स्वच्छ पानी र सरसफाइ" मा आधारभूत खानेपानीमा पहुँच, उच्च—मध्यमस्तरको खानेपानी सेवामा पहुँच र आधारभूत सरसफाईको लक्ष्य अहिले नै प्राप्त भइसकेको छ तथापि प्रशोधन सहितको ढल प्रणालीमा पहुँच पुगेको जनसंख्याको लक्ष्य ५० प्रतिशत रहेकोमा सन् २०२२ सम्ममा २.२८ प्रतिशत मात्र हासिल भएकोले आगामी ६ वर्षभित्र यो लक्ष्य प्राप्तिको लागि निकै मेहनत गर्नुपर्ने अवस्था छ ।

विद्यमान कानून तथा नीतिगत व्यवस्था

१३. **आवास विकास मापदण्ड कार्यान्वयनमा तीनै तहका सरकारको कमजोरीः** राष्ट्रिय योजना आयोगको सोह्रौं आवधिक योजना अनुसार आवास तथा शहरी विकास क्षेत्रमा तीनै तहका सरकारको कार्यक्रममा निर्देशित मापदण्डको कार्यान्वयन अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको तथ्यलाई स्वीकार गरिएको छ। ग्रामीण वस्ति तथा शहरी विकासको सन्दर्भमा मानव वस्तिहरूको भौगोलिक, भौगर्भिक जल प्रणालीको साथै ऐतिहासिक पृष्ठभूमि र विपद् जोखिम अध्ययन विश्लेषणमा आधारित भई शहर तथा वस्ति र आवासहरूको पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नु नै चुनौती रहेको छ। सन्तुलित, योजनाबद्ध

एवं पर्यावरणमैत्री शहरीकरण, अन्तरक्षेत्रगत समन्वय र शहरी सुशासन, शहरी लगानी तथा प्रविधि, दिगोपना, सुरक्षा तथा विपद् उत्थानशीलतालाई यस क्षेत्रको मुख्य चुनौतीको रूपमा उल्लेख गरिएको छ।

१४. **सोह्रौं योजनाको दृष्टिकोणः** चक्रीय अर्थतन्त्रमा आधारित आधुनिक शहरी ग्रामीण क्षेत्रका वस्ती विकासका लागि आवश्यक पूर्वाधारहरु लैङ्गिक संवेदनशील, बालमैत्री, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुने गरी विकास गर्ने विषयलाई सोह्रौं योजनाले रूपान्तरणकारी रणनीतिको रुपमा अङ्गिकार गरेको छ। त्यसैगरी राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको सुदृढीकरण, दिगो, सुरक्षित र उत्थानशील शहर तथा शहरी पूर्वाधार निर्माण, लगानी व्यवस्थापन तथा प्रविधि विकास, अन्तरतह समन्वय तथा शहरी सुशासन प्रणालीको विकासलाई पनि रूपान्तरणकारी रणनीतिको रूपमा स्वीकार गरिएको छ।

१५. प्रमुख विशेषता बोकेका प्रादेशिक शहरहरु र प्रादेशिक राजधानीमा उच्चस्तरीय विशिष्टीकृत शिक्षा, स्वास्थ्य तथा अन्य आर्थिक सम्भावनाहरुको पहिचान गरी अन्तरतह समन्वयमा शहरी पूर्वाधारहरु निर्माण गर्ने, फूटपाथको विकास, सुरक्षित सडक वारपारको व्यवस्था, डेडिकेटेड लेन सिष्टम, बस रयापिड ट्रान्जिट (rapid transit), फूटपाथ तथा साइकल लेन सहितको शहरी सडक यातायात व्यवस्थापन गर्ने सोह्रौं योजनाको प्रमुख कार्यक्रम रहेको छ। यस क्षेत्रको प्रमुख कार्यक्रमहरूमा मौलिक तथा रणनीतिक शहर विकास, नमुना वस्ती विकास, एकीकृत शहरी पूर्वाधार निर्माण र यातायात प्रणाली सुधार, ग्रामीण—शहर संयोजन र अन्तरआबद्धता, भूमिहीन तथा अव्यवस्थित बसोबास व्यवस्थापन, नयाँ शहर आयोजना, सबै प्रदेश राजधानी र प्रमुख शहरमा स्वच्छ पिउने पानी व्यवस्थापन, पानीका स्रोतहरुको संरक्षण र पुनर्भरण, नदीजन्य स्रोतको सरसफाइ र संरक्षण, एकीकृत शहरी फोहर व्यवस्थापन, शहरी सुशासन, संस्थागत सुधार र क्षमता विकास पर्दछन्। त्यसैगरी काठमाडौं उपत्यका विकास प्राधिकरणको पुनर्संरचना, शहरी वातावरण सुधार, सुरक्षा र विपद् उत्थानशीलता पनि सोह्रौं योजनामा यस क्षेत्रका प्रमुख कार्यक्रम हुन्।

१६. **नयाँ राष्ट्रिय शहरी नीति, २०८१ लागू भएको छ।** नेपाल सरकारले व्यवस्थित शहरी विकासका लागि सरोकारवालाहरू सँगको समन्वय र सहकार्यमा शहरी योजना निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यम मार्फत् उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्ने उद्देश्य सहित साबिक राष्ट्रिय शहरी नीति, २०६४ लाई विस्थापित गरी नयाँ राष्ट्रिय शहरी नीति, २०८१ लागू गरेको छ। व्यवस्थित, समावेशी र समृद्ध शहर भन्ने दूरदृष्टि राखेको यस नीतिले सन् २०३० भित्र नेपालका शहरी क्षेत्रहरुको शहरी पूर्वाधार अवस्था सूचक कम्तीमा ५० प्रतिशत हुने गरी औसतमा १५ प्रतिशतले बृद्धि गर्ने लक्ष्य लिएको छ। यस प्रयोजनका लागि निम्न चार नीति निर्धारण गरिएको छः

१) समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरुपको विकास

२) उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार

३) व्यवस्थित शहरी विकासका लागि स्रोतसाधनको उच्चतम परिचालन

४) अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि

१७. उल्लिखित नीतिलाई कार्यान्वयन गर्ने प्रयोजनका लागि यसमा समावेश गरिएका रणनीति तथा कार्यनीतिका केही प्रमुख विषयवस्तुहरू निम्नानुसार छन्:

(क) शहरी आर्थिक कोरिडरको एकीकृत विकास तथा प्रमुख लोकमार्ग आसपासमा वस्ती विकास र औद्योगिक पूर्वाधार विकास

(ख) अर्धशहरी क्षेत्रका परम्परागत मौलिक वस्तिलाई शहरी ग्रामको रूपमा र पृष्ठ प्रदेशलाई आर्थिक पकेट क्षेत्रको रुपमा विकास

(ग) संस्कृति शहरको रुपमा सङ्घीय राजधानीको विकास

(घ) प्रतिस्पर्धी र जीवन्त प्रदेश राजधानी शहरहरु

(ङ) सुरक्षित स्थानमा वस्ती स्थानान्तरण

(च) सम्पदाको अभिलेख सहित विविधतायुक्त वस्ती स्वरुपको दिगो संरक्षण र शहरी पुनरुत्थान

(छ) मौलिकता र विविधतायुक्त र एकल वा बहुपहिचान सहितका नयाँ शहर तथा वस्तीहरु

(ज) जग्गा वा आवास विकासमा न्यून आय वर्गको आवश्यकतालाई संवोधन गरी सबैको लागि सुरक्षित र सुपथ आवास विकास, बहुउपयोगी जग्गा तथा आवास एकीकरण

(झ) शहरी वन, कृषि, फोहरमैला व्यवस्थापन, शहरी जल व्यवस्थापन, निर्मित क्षेत्र विस्तार निरुत्साहन र हरित क्षेत्र संरक्षण

(ञ) समावेशी शहरी पूर्वाधारमा सबैको पहुँच, सुविधा, सुरक्षित र वातावरण मैत्री यातायात तथा एकीकृत, व्यवस्थित र आवश्यकता अनुसार भूमिगत भौतिक पूर्वाधार, डिजिटल सुविधा सहितका सामाजिक पूर्वाधार, दिगो आर्जन हुने आर्थिक पूर्वाधार विकास

(ट) जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, पूर्वतयारी, भूउपयोग तथा अझ बलियो निर्माण अवधारणा

(ठ) जग्गा तथा पूर्वाधार सम्पत्ति अभिलेख र मर्मत सम्भार योजना

(ड) योजनाबद्ध वस्ती विकासमा सरकारी लगानी बृद्धि

(ढ) शहरी पूर्वाधारमा सहलगानी, सार्वजनिक निजी साझेदारी लगायत वैकल्पिक वित्तीय उपकरणहरूको प्रयोग र स्रोत परिचालन

(ण) घरजग्गाको वैज्ञानिक मूल्याङ्कन तथा अनुत्पादक सम्पत्तिमा प्रगतिशील कर

(त) शहरी विकासमा आबद्ध अनौपचारिक आर्थिक क्रियाकलापलाई सम्वोधन

(थ) तहगत शहरी योजना स्वीकृति र कार्यान्वयनको कानुनी आधार

(द) विज्ञ समूहकोरूपमा नगर विकास समिति, एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली, राष्ट्रिय शहरी मञ्चको स्थापना

समस्या तथा चुनौतीहरू

१८. **जग्गा विकास तथा व्यवस्थापनमा वैज्ञानिक दृष्टिकोणको अभाव :** भू-उपयोग यथार्थमा विशुद्ध प्राविधिक विज्ञताको विषय हो। समग्र क्षेत्रीय तथा वस्ति तहको विहंगम दृष्टिकोणमा आधारित भएर वस्ति विकास योजनाको सन्दर्भमा यस विषयलाई जोडेर हेर्नुपर्ने मा केवल भूमि प्रशासन वा जग्गा व्यवस्थापनको कार्यमा मात्र अनुभव प्राप्त निकायहरूबाट भू-उपयोग निर्धारण गर्दा व्यावहारिक हुन नसकेको अवस्था छ। यसले गर्दा स्थानीय तहहरूले भू-उपयोग योजना स्वीकृत गर्न नै नसकिरहेको

टड्कारो समस्या विद्यमान छ।

१९. **जग्गा विकास कार्यक्रमहरूमा सर्वसाधारणको विश्वासको अभावः** जग्गा एकीकरण तथा निर्देशित जग्गा विकास कार्यक्रमहरूसँग सम्बन्धित अनगिन्ती समस्याहरू छन् जसले गर्दा यी आयोजनाहरू समयमा सम्पन्न हुन सकेका छैनन्। यसले जनसाधारणमा यस्ता आयोजनाप्रति स्पष्ट रुपमा वितृष्णा देखिन थालेको छ। काठमाडौंको बाहिरी चक्रपथ आयोजना, हरिसिद्धि उपनगर योजना तथा काठमाडौं उपत्यका भित्रका महत्वाकांक्षी नयाँ नगर विकास जस्ता योजनाहरू हालसम्म पनि अवधारणामै सीमित रहेकोलाई यसै सन्दर्भसँग जोडेर बुझ्न सकिन्छ।

२०. **सघन वस्ती विकास तथा वस्ती स्थानान्तरण कार्यक्रम कमजोरः** पहाडी वस्तिहरू रित्तिँदै गरेको वर्तमान परिस्थितिमा बसाइँ सराइमा नियन्त्रण हुन सकिरहेको छैन। यसले गर्दा मध्यपहाडी राजमार्ग र उत्तर दक्षिण कोरिडरको मिलन विन्दुहरुमा प्रस्तावित नयाँ शहर योजनाहरुको जग्गा विकास कार्यक्रमप्रति उपभोक्तामा उत्साह हराउँदै गएको छ । सिद्धान्ततः जग्गा एकीकरण कार्यक्रम भनेकै विकसित घडेरीको मूल्य धेरै गुणा बृद्धि हुने आशामा जग्गाधनीहरू आफ्नो जग्गाको केही अंश योगदान गर्न प्रेरित हुने र त्यसरी योगदानमा प्राप्त घडेरीहरुको केही अंश बिक्री गरेर आयोजनाको लागत असूली हुने भएकोले अतिरिक्त बाह्य लगानी बिना सरकारले पनि व्यवस्थित वस्ती विकास गर्न पाउने भएकाले दुबै पक्षले पारिस्परिक लाभ पाउने कार्यक्रम हो। तर पहाडी वस्तीमा पर्ने गरी प्रस्तावित यी योजनाहरुमा बिक्रीयोग्य घडेरीहरु आयोजना क्षेत्र भन्दा बाहिरका बासिन्दाले किनेर वस्ति विस्तार हुने भन्दा पनि आयोजना क्षेत्रमा भएकै घरपरिवार समेत वसाई सरेर अन्यत्र जाँदा जग्गाको मूल्य बृद्धिको सम्भावना नै नरहेको अवस्थामा योजना क्षेत्रका बासिन्दामा स्वाभाविक रुपमा नैराश्यता देखा परेको छ ।

२१. **सघन वस्ती विकासको अवधारणामा समस्याः** गलत सिद्धान्तको अनुशरण गर्दा घनावस्ती विकास कार्यक्रमहरु सफल हुन सकेका छैनन्। नजिकैको कुनै उपल्लो तहको वस्तीमा पूर्वाधार र अन्य सुविधा उपलब्ध भएपछि छरिएर रहेको वस्तीका बासिन्दाहरु आफै आकर्षित भएर त्यस्तो विकसित वस्तीतर्फ आउनेछन् भन्ने सोचले प्रेरित भएर पूर्वाधार विकासमा मात्र केन्द्रित हुँदा पहाडको टुप्पामा छरिएर रहेका वस्तीमा दुःखजिलो गरेर बसिरहेका बासिन्दाको लागि त्यस्तो विकसित वस्तीको घडेरी झन महँगो भएर लक्षित वर्गको पहुँच बाहिर पुग्ने तथ्यको पूर्वाभास गर्न नसक्नुलाई योजनाकारहरुको अदूरदर्शिता नै मान्न सकिन्छ।

२२. **घर जग्गा व्यवसायमा मूल्य पारदर्शिताको अभावः** घरजग्गाको मूल्य क्रेता र बिक्रेताको सहमतिमा गोप्य कोठाभित्र निर्धारण हुनसक्ने अवस्था रहेसम्म अचल सम्पत्तिको मूल्य अकासिनु स्वाभाविकै हुन्छ। यस परिस्थितिलाई नियमनको सीमाभित्र ल्याउन नसक्दा अचल सम्पत्तिको कारोबार मूल्य यथार्थ मूल्य भन्दा कम देखाएर राजस्व छल्ने प्रवृत्ति यथावत् नै रहेको छ।

२३. **आवास सहकारीको सिद्धान्त प्रयोगमा आउन नसकेकोः** विपन्न वर्गको लागि सरकारी आवास योजनाहरू र सम्पन्न वर्गका लागि आवास व्यवसायीहरुले आवास निर्माण गरी उपलब्ध गराउने गरेको भए तापनि करिब ८० प्रतिशत मध्यम आयवर्गको आवासको आवश्यकता परिपूर्ति गर्न भने कुनै कार्यक्रम

सञ्चालन हुने गरेको छैन । यस्तो परिस्थितिमा समान उद्देश्य राख्ने व्यक्तिहरु आफै मिलेर आफ्नो आवास विकास गर्ने उपायको रुपमा सहकारी आवासको विकास गर्ने विदेशमा अत्यन्त प्रचलित र लोकप्रिय विधिलाई नेपालको राष्ट्रिय आवास नीति, २०६८ ले संवोधन गरेको भए तापनि अद्यापि कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

२४. **आवासको मौलिक हक कार्यान्वयन हुन नसकेकोः** नेपालको संविधानले नै आवासलाई मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको र त्यस प्रयोजनको लागि विधायिकाबाट आवासको अधिकारसम्बन्धी ऐन लागू भएको तीन वर्ष बितिसक्दा पनि तत्काल मस्यौदा भइसकेको नियमावली आजसम्म पनि स्वीकृत हुन नसक्दा घरबार विहीनको लागि सरकारले अझै आवास सुविधा उपलब्ध गराउन सकेको छैन ।

२५. **भाडामा बस्ने वर्ग लक्षित कार्यक्रमको अभावः** विपदबाट विस्थापितको लागि तत्काल राहत स्वरूप उपलब्ध गराउने आवास सुविधा तथा शहरी क्षेत्रमा काम विशेषले केही समयको लागि आवागमन गर्नुपर्ने कर्मचारी, विद्यार्थी वर्ग एवं एकल तथा ज्येष्ठ नागरिकहरूको लागि अस्थायी आवास सुविधा उपलब्ध गराउनको लागि कुनै कार्यक्रम सञ्चालनमा आएको छैन ।

२६. **विदेशी लगानीकर्ता लक्षित आवास कार्यक्रम नभएकोः** पटक पटक बजेट वक्तव्यमा उल्लेख गरे तापनि वैदेशिक लगानीकर्तालाई आवास खरिद गर्ने अधिकार अहिलेसम्म कानूनत प्रदान गरिएको छैन।

२७. **परम्परागत र आधुनिक वास्तुकलाको संयोजन हुन नसकेकोः** स्थानीय पहिचान बोकेको विशिष्ट वास्तुकला र आधुनिक प्रविधिहरूको संयोजन गरी सुविधायुक्त र बसोबासयोग्य भवन निर्माण गर्न राष्ट्रिय स्तरको भवन नीति आजसम्म लागू हुन सकेको छैन ।स्थानीय उपलब्धता र उपयुक्तताको आधारमा भवन निर्माण सामग्रीहरूको प्रयोग तथा अनुसन्धान गर्ने स्वतन्त्र संयन्त्रको स्थापना नहुँदा परम्परागत वास्तुकला र प्रविधि तथा नवीनतम प्रविधि र निर्माण सामग्रीहरूको प्रयोगबीच संयोजन हुन सकेको छैन ।

२८. **व्यक्तिगत भवन निर्माणमा एकरुपताको अभावः** व्यक्तिगत भवन निर्माणमा विद्यमान असंगठित निर्माण व्यवसायीहरुलाई नियमनको सीमाभित्र पार्न नसकेकोले भवनको यथार्थ मूल्य र लागतमा एकरुपता कायम हुन सकिरहेको छैन ।

२९. **शहरी विकासको बहुआयामिक पक्षमा ध्यान पुग्न नसकेकोः** शहर भन्नु नै मूलतः गैर कृषिमा आधारित अर्थव्यवस्थाबाट निर्देशित हुने वस्ति भए तापनि औद्योगीकरणको विषयलाई शहरी योजनाको प्रमुख र अनिवार्य अवयवको रूपमा लिने गरेको पाइँदैन। त्यस्तै, शहरी योजनाहरूमा पनि एकरूपता कायम हुनसकेको छैन। सीमित खुल्ला स्थान भएको र जग्गा अत्यन्त महँगो हुने शहरी क्षेत्रमा शहरी जग्गाको बहुआयामिक प्रयोग हुनुपर्ने अथवा एकै दिनको अवधिमा पनि एउटै शहरी खुल्ला क्षेत्रको विभिन्न फरक प्रयोग हुनसक्छ भन्ने मान्यतालाई आत्मसात् गर्न सकिएको छैन। उदाहरणको लागि विहान र सांझ नजिकैको गाउंवस्तीको कृषि उत्पादन खरिदबिक्री हुने खाद्यान्न बजार, दिउँसो पार्किङ्ग वा बालबालिका खेल्ने क्रीडास्थल, जाडोमा घाम ताप्ने ठाउँ, बेलुकी भजन, प्रवचन, भेटघाट, कथा वाचन, सामूहिक छलफल जस्ता सामाजिक गतिविधिको केन्द्र आदिको रूपमा शहरी खुल्ला क्षेत्रको विविध

प्रयोग गर्न सक्नुपर्छ। यस्ता प्रत्येक गतिविधिको लागि बेग्लाबेग्लै स्थान तोकेर साध्य पनि हुँदैन ।

३०. **शहरी पूर्वाधार विकास लागत-प्रभावकारी हुन नसकेकोः** पूर्वाधार विकासमा भ्यालु इन्जिनियरिंग (Value Engineering) को प्रयोग हुन सकिरहेको छैन, सुरक्षित निर्माणको नाममा निर्माण कार्यहरू अत्याधिक खर्चिलो र बोझिलो भइरहेको अवस्था छ

३१. **अनौपचारिक क्षेत्रको योगदानको मूल्याङ्कन नभएकोः** शहरी जीवन्तताको लागि अनिवार्य तत्वको रुपमा रहेको अनौपचारिक क्षेत्रको योगदानलाई शहरी योजना र विकास कार्यक्रमहरुले संवोधन गर्न सकिरहेको छैन। बाहिरबाट हेर्दा शान्त र समृद्ध देखिनु मात्र शहरको पहिचान होइन, शहरी केन्द्रको भीडभाड र कोलाहल पनि जीवन्त शहरको परिचायक हो र यसमा अनौपचारिक क्षेत्रको योगदानलाई शहरी योजनाले नकार्न मिल्दैन। संसारभरि नै कतै रात्री बजार त कतै, खासगरी पश्चिमा मुलुकमा, विदाको दिन पुनर्प्रयोगयोग्य वस्तुहरुको विनिमय वा बेचबिखन गर्ने बजारहरू लाग्ने गर्दछन् । व्यक्तिले आफूले प्रयोग गरिसकेको सामान बेच्ने र शहरी गरिब तथा निश्चित आयस्रोत नभएका विद्यार्थीहरु समेत त्यस्तो बजारमा गएर आफूलाई आवश्यक सामान खरिद गर्ने गर्दछन्। प्रकारान्तरमा यस किसिमको गतिविधिले शहरी जीवन्तता कायम गर्नमा योगदान नै गर्दछ ।

३२. **कमजोर ग्रामीण—शहरी अन्तरसम्बन्धः** ग्रामीण—शहरी अन्तरसम्बन्ध सुदृढीकरणको सन्दर्भमा उदाहरणको रुपमा हेर्ने हो भने विगतमा काठमाडौंको असन क्षेत्रको पहिचान नै नूनदेखि सुनसम्म पाइने बजारको रुपमा स्थापित रहेको थियो। असन वा वरपरकै बासिन्दाको कारणले भन्दा पनि साँझ बिहान नजिकैको काँठ क्षेत्रबाट खर्पनमा कृषि उत्पादन ल्याएर बेच्ने र त्यसपछि आवश्यक सामान किनेर घर फर्कने किसानको कारणले असन बजारमा चहलपहल हुने गरेको थियो। उनीहरूको लागि महँगो सटर किन्ने वा भाडामा लिने सोच राख्नु त सहज हुँदैन नै, त्यहींकै बासिन्दा नभएको कारणले आवश्यक पनि पर्दैन ।

३३. **शहरी योजनामा विहंगम दृष्टिकोणको अभावः** विहंगम दृष्टिविना स्थानीय आवश्यकताको मात्र आधारमा शहरी योजना तर्जुमा गर्दा सन्तुलित विकासको अवधारणालाई कार्यान्वयन गर्न सकिएको छैन । यस्तो अवस्थाको एक दृष्टान्त — कोशी प्रदेशमा आउने भारतीय पर्यटकले हिमाल हेर्न प्लेन चार्टर गरेर अर्कै प्रदेशको काठमाडौं आउनु पर्ने अवस्था रहनु तथा चारवटा मुलुकसँग कोशी प्रदेशको सान्निध्यलाई अवसरको रुपमा उपयोग गर्न नसकेको परिस्थिति छ। त्यसैगरी ग्रामीण र शहरी दुबै अर्थतन्त्रको दिगो व्यवस्थापनको लागि गाउँहरु कृषि उत्पादनका केन्द्र हुन् भने त्यहाँको उत्पादनलाई निश्चित अवधिभित्र व्यवस्थित बजारसम्मको सहज पहुँच शहरले सुनिश्चित गर्नुपर्छ भन्ने विषयलाई शहरी योजनाकारले बुझ्नु अनिवार्य हुन्छ ।

३४. **लगानी मैत्री वातावरणको अभावः** सरकार परिवर्तन हुने बित्तिकै प्राथमिकता र नीतिगत स्थायित्व प्रत्याभूत हुन नसकिरहेकोले लगानीप्रति निजी क्षेत्रमा उदासिनता व्याप्त छ । साना शहर विकासमा निजी क्षेत्रसँग सहलगानी वा सहकार्य (सरकारको कानूनी अधिकार र निजी क्षेत्रको व्यावसायिकता र लगानी पक्ष) को संयोजन गरेर सीमित स्रोतसाधन मात्र भएको स्थानमा पनि नगर निर्माणको कार्य गर्न सकिन्छ तर यसको लागि शहरी विकासको कार्यमा सरकार मात्र संलग्न हुने वर्तमान परिस्थितिमा

सुधार गरेर उदारमना हुँदै सरकारले ससाना वस्ती वा शहरी बजार केन्द्रहरुको विकास निजी क्षेत्रलाई गर्न दिनुपर्छ । हाल साना शहर विकासमा निजी क्षेत्रसँग सहलगानी वा सहकार्य हुन सकेको अवस्था छैन ।

३५. **सङ्घीयतालाई आत्मसात् गर्नमा समस्याः** शहरी शासकीय प्रणालीमा सङ्घीय निकायहरुको उदासीनताका कारण नेपालमा वास्तविक रुपमा सङ्घीयता लागू हुन सकिरहेको छैन । सडक र ढल सुधार मात्रै गर्ने आयोजनाहरुलाई पनि केही फरक प्रदेशका केही नगरपालिका छनौट गरेर सङ्घीय आयोजनाको रुपमा प्रस्तुत गर्ने गरिएको छ। नीतिगत विषयहरु तथा अन्तर्प्रदेश स्तरको बृहत् आयोजनामा मात्र सीमित हुनुपर्ने सङ्घीय निकायहरुको रुपमा विद्यमान विभागहरुको क्षेत्राधिकार र आकार साविकको तुलनामा झन विस्तार गर्दै जानु सङ्घीयताको कार्यान्वयनको लागि घातक अभ्यास हो।

सुझाव

जग्गा विकास तथा व्यवस्थापन

३६. जग्गा विकास, अझ खासगरी जग्गा एकीकरण कार्यक्रमहरूलाई ठूला शहरी क्षेत्रमा शहरी विकास वा आवास विकास गर्ने आयोजनाको रूपमा लिए पनि जनसंख्या वृद्धि दर न्यून भएका वा जनसंख्या घटेका र मूलतः ग्रामीण परिवेशका शहरी क्षेत्रहरूमा कृषि चकलाबन्दी गर्ने आयोजनाको रूपमा प्रवर्द्धन गर्ने नीति लिने ।

३७. भूमि प्रशासन र व्यवस्थापनका कार्यहरु (जग्गा कित्ताकाट र रजिष्ट्रेशन आदि) हालको भूमि व्यवस्था सम्बन्धी मन्त्रालयले नै यथावत् गर्ने गरी भू-उपयोग र वस्ती तहको सबै प्रकारको विकास योजनाको कार्य भने नेपाल सरकार कार्य विभाजन नियमावलीमै संशोधन गरेर शहरी विकास मन्त्रालयलाई तोक्ने ।

३८. सघन वस्ति, न्यूनतम आधारभूत पूर्वाधार तथा सेवाको उपलब्धताबाट बसाइँसराइमा नियन्त्रण गर्न न्यूनतम प्लट साइज तोकी त्यसभन्दा सानो हुने गरी कुनै पनि जग्गा खण्डीकरण गर्न पूर्णतया रोक लगाउने, पैतृक सम्पत्तिकै अंशबण्डा गर्दा पनि जग्गा खण्डीकरण नहुने गरी तल्लाहरुमा अंशभाग वितरण गर्नुपर्ने कानूनी व्यवस्था गर्ने ।

३९. घरजग्गाको अनियन्त्रित मूल्य र कारोबारलाई नियन्त्रण गर्न दर्तावाला एजेन्सी मार्फत् मात्र घरजग्गाको व्यावसायिक कारोबार गर्ने व्यवस्था लागू गर्ने ।

आवास

४०. मूलतः मध्यम आय वर्गका लागि आवास सुविधा उपलब्धिमा सहजीकरण गर्न सहकारी आवास सम्बन्धी राष्ट्रिय नीति तथा निर्देशिका लागू गर्ने ।

४१. घरबार विहीन र सुकुमबासीको पहिचान, व्यवस्थापन र आवासको सुनिश्चितितामा सरकारको सहजकारी भूमिका निश्चित गर्न राष्ट्रिय आवास नीति, २०६८ परिमार्जन गर्ने ।

४२. घरबार विहीन र सुकुमबासीको पहिचान, व्यवस्थापन र आवासको सुनिश्चितितामा सरकारको सहजकारी

भूमिका निश्चित गर्न आवासको अधिकारसम्बन्धी नियमावली जारी गर्ने ।

४३. वैदेशिक लगानीकर्तालाई सहज वातावरण तयार गर्न दुई लाख अमेरिकी डलरभन्दा बढी लगानी गर्ने वा नेपालको बैंकमा निक्षेप राख्ने लगानीकर्तालाई निश्चित शर्तको अधीनमा आवास प्रयोजनका लागि घर वा फ्ल्याट खरिद गर्न पाउने व्यवस्था गर्ने ।

४४. विपद् प्रभावित परिवारहरूलाई पुनर्निर्माणको क्रममा राहत स्वरूप तत्काल उपलब्ध गराउने आवास सुविधाको न्यूनतम राष्ट्रिय मापदण्ड तोक्ने ।

४५. सहज र सरल मूल्यमा भाडाको आवास उपलब्ध गराउन राष्ट्रिय आवास कम्पनीको पहलमा शहरी क्षेत्रमा भाडाको आवास कार्यक्रम सञ्चालन गर्ने ।

भवन

४६. नयाँ राष्ट्रिय भवन नीति तर्जुमा गरी तदनुरूप स्थानीय वास्तुकला, प्रविधि र निर्माण सामग्री तथा अत्याधुनिक प्रविधि र सामग्रीको विषय समेत संवोधन हुने गरी भवन ऐनको क्षेत्राधिकार विस्तार तथा संशोधन गर्ने ।

४७. भवन डिजाइन तथा निर्माण गर्ने व्यवसायीहरूको न्यूनतम योग्यता र अनुभव तोकेर व्यवसाय दर्ता गराउने तथा व्यक्तिगत भवन निर्माणमा संलग्न असंगठित कटकन्दार वा साना निर्माण व्यवसायीहरूको नियमन गर्ने।

शहरी विकास

४८. नगर विकास ऐन, २०४५ ले दिएको अधिकार प्रयोग नगर विकास नियमावली बनाई तत्काल लागू गर्ने तथा जग्गा एकीकरण तथा भवन एकीकरण (house pooling) सम्बन्धी कार्यविधिलाई यसबाटै कानुनी मान्यता र आधिकारिकता प्रदान गर्ने । यस क्रममा निश्चित आकारसम्मको साना शहरहरु निजी क्षेत्रले पनि तोकिएको निकायको स्वीकृतिमा जग्गा तथा भवन एकीकरण विधि प्रयोग गरेर कार्यान्वयन गर्नसक्ने व्यवस्था गर्ने । विकल्पको रूपमा नगर विकास नियमावलीको सट्टा हाल मस्यौदाको क्रममा रहेको शहरी विकास विधेयकमा यी व्यवस्था समावेश गरी लागू गर्ने ।

४९. पहाडी क्षेत्रमा यत्रतत्र छरिएर रहेका घरहरूलाई एकत्रित गरी घना वस्ति विकास गर्न साविक वस्तिका घरघडेरीसँग नयाँ स्थानान्तरित हुने वस्तिको घरघडेरी सट्टापट्टा गर्न सकिने प्रावधान भू-उपयोग ऐनमा राख्नुपर्ने।

५०. शहरी पूर्वाधार तथा साना शहर विकासमा निजी क्षेत्रसँग सहलगानी वा सहकार्य गर्न विशिष्टीकृत उद्देश्यमूलक साधन (Special Purpose Vehicle) को प्रयोग तथा सार्वजनिक निजी सहकार्यको लागि सरल नीति तथा नियमन लागू गरेर ससाना वस्ति वा शहरी बजार केन्द्रहरूको विकासमा निजी क्षेत्रलाई सहभागि गराउने ।

५१. नयाँ शहरी नीति कार्यान्वयन गर्नको लागि शहरी विकास ऐन लागू गर्ने ।

५२. शहरी योजनामा एकरूपता कायम गर्न एकीकृत योजना विधि र आयोजना बैंकको अनिवार्यता लागू

गर्ने र आयोजना बैंकमा नपरेका आयोजनाहरूमा कुनै पनि बजेट विनियोजन नगर्ने ।

५३. शहरी योजना मापदण्डमा निम्न विषयहरू समेत अनिवार्य हुने गरी परिमार्जन गर्नेः

(ज) शहरी खुल्ला क्षेत्रको बहु—आयामिक प्रयोग गर्नुपर्ने विषय

(झ) कुन किसिमको शहरी योजनामा कुन अवयवहरू अनिवार्यतः समावेश गर्ने भन्ने सूची

(ञ) ग्रामीण शहरी अन्तरसम्बन्ध विकास

(ट) पूर्वाधार विकासमा Value Engineering अनुरूप विविध विकल्पहरूको प्रतिफल र लाभको अनिवार्य विश्लेषण

(ठ) शहरी जीवन्तता कायम गर्नमा अनौपचारिक क्षेत्रको योगदानका विविध सम्भावित पक्षहरूको संवोधन

(ड) मर्यादित जीविकोपार्जनका लागि रोजगारीमूलक अवसरहरूको उपलब्धता सुनिश्चित हुने गरी शहरी योजना तथा कार्यक्रमहरूमा शहरी गरिबको विविध आयाम र तिनको आवश्यकतालाई संवोधन

(ढ) विहंगम दृष्टिकोणले क्षेत्रीय अवधारणा समेतको आधारमा योजना तर्जुमा

सङ्घीयताको सन्दर्भ

५४. सङ्घीयतालाई वास्तविक रूपमा लागू गर्न नीतिगत कार्यमा सीमित रहनुपर्ने र सिद्धान्ततः योजना कार्यान्वयनको दायित्व बोक्न नपर्ने सङ्घीय विभागहरूको खारेज गर्ने ।

५५. राष्ट्रिय आवास नीति, २०६८ को अनुसूचीमा सामयिक परिमार्जन गरी जग्गा एकीकरण आयोजना क्षेत्रसम्म भौतिक पूर्वाधारहरूको प्रणालीलाई जोड्ने कार्यमा तीनै तहको सरकारले पनि लागतको निश्चित अंश लगानी गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने ।

५६. नगर विकास कोषको संगठन सुधार गरी शहरी विकास तथा आवास बैङ्कको रूपमा स्तरोन्नति गर्ने ।

परिच्छेद २२

ऊर्जा सुरक्षा

पृष्ठभूमि

१ विश्वव्यापीकरण, प्रविधिको उच्चतम विकास तथा विस्तार, विद्युतीय सेवामा भइरहेको विविधीकरण लगायतले ऊर्जाको माग हरेक दिन वृद्धि हुँदै गइरहेको छ । त्यसैगरी, जलवायु परिवर्तन, ऊर्जाका परम्परागत स्रोतको सीमितता तथा परम्परागत स्रोतमा आधारित ऊर्जा उत्पादन तथा प्रयोगले वातावरण विनाशमा योगदान पुर्याइरहेको छ । परम्परागत रूपमा उत्पादन हुने ऊर्जाको प्रयोगबाट निम्तिन सक्ने जोखिमलाई मध्यनजर गर्दै नेपाल लगायत विश्वका सबै मुलुकको चासो नवीकरणीय ऊर्जा तथा ऊर्जा सुरक्षाको विषयमा केन्द्रित भएको छ । राष्ट्रिय सुरक्षाको एक अभिन्न हिस्साको रूपमा रहेको ऊर्जा सुरक्षा सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हो ।

२ अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी ले ऊर्जा सुरक्षालाई किफायती मूल्यमा ऊर्जा स्रोतहरूको निर्बाध उपलब्धताको रूपमा परिभाषित गर्दै ऊर्जा सुरक्षाका लागि अल्पकालीन र दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ। अल्पकालीन ऊर्जा सुरक्षा रणनीति आपूर्ति-माग सन्तुलनमा भएको अचानक परिवर्तनलाई तुरुन्तै सम्बोधन गर्ने ऊर्जा प्रणालीको क्षमता विकासमा केन्द्रित हुन्छ भने दीर्घकालीन ऊर्जा सुरक्षा रणनीति मुख्यतः आर्थिक विकास र वातावरणीय आवश्यकताहरू अनुरूप ऊर्जा आपूर्ति गर्न समयमै लगानी गर्नु पर्ने कुरासँग सम्बन्धित छ।

३ ऊर्जा सुरक्षालाई मूलतः तीन वटा आयामबाट विश्लेषण गर्नुपर्ने हुन्छ- ऊर्जा प्रणालीको सार्वभौमिकता, दिगोपना र उत्थानशीलता ।

(क) विना कुनै हस्तक्षेप स्वतन्त्र रूपमा कानून बनाएर आफ्नो स्रोत र साधनको परिचालन तथा उपभोग गर्न पाउनु नै ऊर्जा प्रणालीको सार्वभौमिकता हो । यस अन्तर्गत भौतिक संरचना तथा स्रोत र निर्णय क्षमतालाई जनाउँछ । संरचना तथा स्रोत अन्तर्गत भौतिक पूर्वाधार पर्दछ, जुन ऊर्जा सुरक्षाको दृष्टिकोणले महत्त्वपूर्ण हो । ऊर्जाको बजार र प्रणाली सञ्चालन गर्ने नियमहरूसहित ऊर्जा नीतिको बारेमा स्वतन्त्र रूपमा निर्णय गर्ने हैसियत पनि ऊर्जा सुरक्षाको दृष्टिकोणले महत्त्वपूर्ण छ।

(ख) ऊर्जा सुरक्षाको दोस्रो महत्त्वपूर्ण आयाम दिगोपना तथा निरन्तर ऊर्जा आपूर्ति हो । ऊर्जा सुरक्षा सुनिश्चित गर्न ऊर्जा प्रणाली दिगो हुनु जरुरी हुन्छ, जसका लागि ऊर्जा उत्पादनदेखि वितरणको चरणसम्म संरचनागत सुधार गर्न आवश्यक हुन्छ । ऊर्जा उत्पादन, भण्डारण र वितरण प्रणालीको विकास तथा विविधीकरण, ऊर्जा सम्मिश्रण, ऊर्जा आयातको विविधीकरण, मिश्रित जलविद्युत आयोजनाको निर्माण, प्रसारण लाइनको निर्माण तथा समग्र प्रणाली सञ्चालनको उचित व्यवस्थापनले मात्रै ऊर्जा प्रणालीको दिगोपना कायम हुन सक्दैन। त्यसका लागि ऊर्जाका स्रोतमा कसरी दिगोपना कायम गर्न सकिन्छ भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ ।

(ग) त्यसैगरी, ऊर्जा प्रणालीको अर्को महत्त्वपूर्ण आयाम हो- उत्थानशीलता । ऊर्जा प्रणालीमा समय-समयमा विभिन्न किसिमका व्यवधान तथा विपत्तिहरू आउन सक्छन् । त्यसरी प्रणालीमा आउन सक्ने आकस्मिक प्राकृतिक प्रकोप, मानव सिर्जित समस्या, जलवायु परिवर्तन सम्बन्धी समस्या लगायत विभिन्न किसिमका अवरोधहरू सिर्जना भए तापनि पुनरुत्थान हुन सक्ने क्षमता नै ऊर्जा प्रणालीको उत्थानशीलता हो ।

४ ऊर्जा सुरक्षा दिगो आर्थिक विकासको आधारस्तम्भ हो । प्रभावकारी ऊर्जा बजारले आर्थिक वृद्धिको ढोका खोल्छ, जसले राष्ट्र र नागरिकको सुरक्षा सुनिश्चित गर्दछ (Chang & Putra, 2012) । आर्थिक विकास, यातायात, उत्पादन, भण्डारण, वितरण, स्वास्थ्य लगायतका मानवीय जीवनसँग सम्बन्धित विभिन्न गतिविधिको सञ्चालन ऊर्जासँग गाँसिएको हुँदा ऊर्जा सुरक्षा स्वतः गैरपरम्परागत सुरक्षाको एक हिस्सा बन्न पुगेको छ ।

५ ऊर्जा सुरक्षा विश्वमा सबै मुलुकको प्राथमिक चासोको विषय बनिरहँदा नेपालको सन्दर्भमा भने ऊर्जा सुरक्षाको मुद्दाले त्यति प्राथमिकता पाएको देखिदैन। ऊर्जा सुरक्षाको विषयलाई नेपालको संविधानले पनि महत्त्व दिएको देखिन्न । नेपाल इनर्जी आउटलुक, २०२२ का अनुसार १२७ वटा देशहरूमध्ये नेपाल सबैभन्दा कम ऊर्जा सुरक्षा भएका देशहरूको सूचीमा अन्तिम बाट दोस्रोमा पर्दछ । ऊर्जा उत्पादन र उपभोगको सम्बन्ध वातावरणीय सुरक्षासँग गाँसिएको हुँदा ऊर्जा उत्पादन तथा उपभोगको विषय जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, दिगो विकास लक्ष्यको सातौं लक्ष्य लगायत विभिन्न आन्तर्राष्ट्रिय समुदायसँग नेपालले गरेका प्रतिबद्धताहरूसँग पनि जोडिन पुगेको छ ।

६ ऊर्जा उत्पादन, वितरण तथा खपतको अर्को महत्त्वपूर्ण अन्तर्राष्ट्रिय परिदृश्य हो- जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न नवीकरणीय ऊर्जामा जोड । संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन सम्बद्ध सम्मेलन COP-27 ले पहिचान गरेका पाँच वटा महत्त्वपूर्ण मुद्दाहरू- प्रकृति, खाद्यान्न, जल, उद्योग अकार्बनिकीकरण र जलवायु अनुकूलन समेतलाई मध्येनजर गर्दै नवीकरणीय ऊर्जाले अन्य ऊर्जाका स्रोतलाई क्रमशः विस्थापन गर्दै जानुपर्ने दायित्व सबै राष्ट्रका सामु छ । ग्लोबल इनर्जी पर्स्पेक्टिभ २०२२ प्रतिवेदनले सन् २०५० सम्ममा विश्वव्यापी रूपमा नवीकरणीय ऊर्जाको हिस्सा ८० देखि ९० प्रतिशत हुने अनुमान गरेको छ । न्यून उत्पादन खर्चका कारण नवीकरणीय ऊर्जाको मुख्य स्रोतको रूपमा सौर्य र तटवर्ती वायुलाई प्रक्षेपण गरिएको छ, जहाँ सौर्य ऊर्जा र तटवर्ती वायु ऊर्जाको हिस्सा क्रमशः ४३ र २६ प्रतिशत हुने अनुमान गरिएको छ (McKinsey, 2022) ।

७ नेपाल सरकारले वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ अनुसार वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तार गर्ने उद्देश्यले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरेको छ । केन्द्रका मुख्य कामहरूमा वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारको लागि उपयुक्त नीति तथा कार्यक्रमहरू तर्जुमा गरी वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन र विस्तार गर्ने, तथ्याङ्कहरू सङ्कलन एवं विश्लेषण गर्ने तथा वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तार एवं सञ्चालन गर्ने सम्बन्धमा परामर्श सेवाहरू प्रदान गर्ने लगायतका छन् ।

८ नेपालमा विद्युत् उत्पादनको लागि ऊर्जाका स्रोतहरूको सम्भाव्यतालाई दृष्टिगत गर्दा जलविद्युत पहिलो पंक्तिमा आउँछ । विद्युत विकास विभागको वेब साइटबाट फाल्गुन २६, २०८१ मा प्राप्त रियल टाइम डाटाको आधारमा जलविद्युत आयोजनाहरूको वर्तमान स्थिति यस प्रकार रहेको छ। सर्वे

अनुमति लिएका १०३ आयोजनाको क्षमता ८१६४।८५ मेगावाट छ। निर्माण अनुमतिका लागि आवेदन दिएका ७८ आयोजनाहरूको क्षमता ११,२३७.५८ मेगावाट छ। निर्माण अनुमति लिएका २५५ आयोजनाको क्षमता १०,०६७.५३ मेगावाट छ। निर्माण सम्पन्न भएका १६७ आयोजनाको क्षमता ३,२४१.५८ मेगावाट छ। यसप्रकार २९,४६९.९८ मेगावाट क्षमताका ४३६ आयोजनाहरू निर्माणको विभिन्न चरणमा छन् भन्न सकिन्छ। निर्मित क्षमता ३,२४१.५८४ भएकाले सबै आयोजना सम्पन्न भए पछि कुल क्षमता ३२७११.५६ मेगावाट हुने देखिन्छ। जलविद्युतको आर्थिक रूपमा सम्भाव्य क्षमता भने ४२,००० मेगावाट छ, त्यसैगरी, सौर्य ऊर्जाबाट ४७,६२८ मेगावाट तथा वायु ऊर्जाबाट ३,००० मेगावाट विद्युत उत्पादन गर्ने सम्भाव्यता रहेको अध्ययनहरूले देखाएका छन् (Neupane, 2021) । यसरी नवीकरणीय ऊर्जा उत्पादनतर्फ विभिन्न स्रोतहरूको आँकलन गर्दा कुल ९२,६२८ मेगावाट विद्युत उत्पादनको सम्भाव्यता देखिन्छ (तालिका-१) । प्रस्तावित जलाशययुक्त आयोजनाहरूमा तमोर (७६२ मेगावाट), दुधकोशी (६३५ मेगावाट), बुढीगण्डकी (१,२०० मेगावाट), नलसिंह गाड (४१० मेगावाट), पश्चिम सेती (७५० मेगावाट), उत्तरगङ्गा (८२८ मेगावाट) आदि रहेका छन् (DoED,२०२२)।

९ नेपालको भूबनोटले ऊर्जाको स्रोतको प्राथमिकीकरणलाई धेरै हदसम्म निर्धारण गर्दछ । नेपालका छिमेकी मुलुक खासगरी भारत तथा बङ्गलादेशले नवीकरणीय ऊर्जाको रूपमा सौर्य तथा वायु ऊर्जालाई प्राथमिकता दिनुको प्रमुख कारण पनि भूबनोट हो।[५६] नयाँ प्रविधिको विकाससँगै सौर्य तथा वायु ऊर्जा तुलनात्मक रूपमा जलविद्युतभन्दा सस्तो हुन सक्छ तर नेपालको भूबनोट, हामीसँग उपलब्ध जमिनको प्रकार तथा क्षेत्रफल, यहाँको हावापानी लगायतले सौर्य तथा वायु ऊर्जाको सम्भावनालाई केही सीमित भने बनाइदिएको छ । त्यसकारण पनि, जलविद्युत नेपालको नवीकरणीय ऊर्जा उत्पादनको मुख्य स्रोत हो ।

१० आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्ममा कुल ऊर्जा उत्पादन करिब क्षमता ३,२०० मेगावाट रहेको छ। जसमध्ये नेपाल विद्युत प्राधिकरणको कुल क्षमता ३,११५ मेगावाट छ (जलविद्युत २,९६९; सौर्य ऊर्जा ८७; बगास ६; डिजेल ५३) भने नवीकरणीय ऊर्जा (सौर्य ऊर्जा र लघु तथा साना जलविद्युत) बाट उत्पादित क्षमता ८५ मेगावाट छ (ने. वि.प्रा. २०८०)। यद्यपि, यसले तत्कालको माग पूरा गर्न भने सकिरहेको छैन । भविष्यमा ऊर्जाको माग स्वतः वृद्धि हुँदै जाने देखिन्छ । यसरी वृद्धि हुँदै जाने ऊर्जाको मागलाई पूर्ति गर्ने सन्दर्भमा नवीकरणीय ऊर्जा स्रोतको पहिचान तथा प्राथमिकीकरणको पक्षसमेत महत्त्वपूर्ण हुनेछ । महत्त्वपूर्ण यसर्थ कि वातावरणीय पक्ष, नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय सम्झौता, ऊर्जा स्रोतको निरन्तरता लगायतका दृष्टिकोणबाट ऊर्जामा अत्मनिर्भर हुन अपरिहार्य छ ।

११ मागको प्रक्षेपणले उत्पादन व्यवस्थापनलाई सहजीकरण गर्दछ । जल तथा ऊर्जा आयोगको सचिवालयले सन् २०२२ मा तयार पारेको "क्षेत्रगत विद्युत माग सम्बन्धी प्रतिवेदन" ले सन् २०५५ सम्मको ऊर्जा मागको प्रक्षेपण गरेको छ । उक्त प्रक्षेपण अनुसार २०४५ सम्ममा यथास्थिति, न्यून

[५६] Power Sector at …, 2023, Bangladesh Targets 40 per Cent …, 2023

वृद्धि र उच्च वृद्धिको अवस्थामा ऊर्जाको माग क्रमश : ९५०.९ पेटाजुल, १,६०३ पेटाजुल र २,८८१ पेटाजुल हुने अनुमान गरिएको छ ।[५७]

१२ नेपालमा ऊर्जाको प्रयोग मूलतः कृषि, यातायात, उद्योग, व्यावसायिक र घरायसी क्षेत्रमा हुन्छ । सन् २०१९ को आधारभूत (Baseline) सर्वेक्षण अनुसार घरायसी, यातायात, उद्योग, व्यावसायिक तथा कृषि क्षेत्रमा प्रयोग हुने ऊर्जामा उत्सर्जनको दर घट्दो क्रममा रहेको छ ।

१३ विद्युतको क्षेत्रगत माग हालको कुल ऊर्जा खपतको ४.२ प्रतिशतबाट सन् २०५० सम्ममा ८०.७ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ । विद्युतीय ऊर्जा मागको क्षेत्रगत प्रक्षेपणलाई हेर्दा विद्युत् उत्पादनमा उल्लेख्य वृद्धि गर्नुपर्ने स्थिति छ । उक्त प्रक्षेपणलाई तालिका ३ मा प्रस्तुत गरिएको छ।

तालिका- २२.१ : विद्युतको क्षेत्रगत मागको अवस्था

विद्युतको क्षेत्रगत माग	**आधार वर्ष**	**प्रक्षेपण**					
		यथास्थिति (सबै वृद्धि अवस्था) प्रतिशतमा			**विद्युतीकरण (मध्यम वृद्धि)** प्रतिशतमा		
	२०२१	२०३०	२०४०	२०५०	२०३०	२०४०	२०५०
कृषि	७.७	१४	१६.७	२०.७	१७.९	३६	६८.४
व्यवसायिक	८.७	२२.३	२५.५	२८.६	२०.७	४२.२	८४.२
औधोगिक	८.८	२६.७	४१.५	५०.८	२६.५	५४.९	१००
घरायसी	३	९.२	१४.८	१९.३	९.७	२८.६	९८.८
यातायात	०	०	०.१	०.१	१४.८	२३.४	३०.५
निर्माण तथा खानी	०.१	०.८	१.६	२.४	२.८	६.२	९.९
जम्मा (समग्र माग)	४.२	**१२.८–१३.८**	**२०.२–२३.७**	**२५.७–३०.२**	**१५.५**	**३९**	**८०.७**

स्रोतः जल तथा ऊर्जा आयोगको सचिवालय २०२२ ,

१४ आर्थिक वर्ष २०७८/७९ मा पेट्रोल ७३६,२७६, डीजेल १,७२३,५५७, मट्टीतेल १७,३४० र हवाई इन्धन १५७,१२८ किलोलिटर रहेको छ भने, एलपीजी ५३६,०२८ मेट्रिक टन रहेको छ। आ.व. २०७०/७१ देखिको तथ्याङ्क अनुसार इन्धन आयात हरेक वर्ष वृद्धि हुँदै गइरहेको देखिन्छ। तुलनात्मक रूपमा मट्टीतेलको आयात घटेको छ भने डिजेल, पेट्रोल र एलपीजीको आयात बढेको छ।[५८] यसरी हरेक वर्ष वृद्धि हुने इन्धन मागको प्रत्यक्ष सम्बन्ध मुलुकको अर्थतन्त्र र वातावरणसँग

[५७] एक पेटाजुल = २७७.७८ गिगावाट-आवर

[५८] नेपाल आयल निगम,२०८१ । लिङ्कः https://noc.org.np/import

गाँसिएको हुन्छ । मुलुकिभत्रै जलविद्युत उत्पादनमार्फत इन्धन आयातलाई प्रतिस्थापन गर्दै जाने हो भने बढ्दो कार्बन उत्सर्जनलाई पनि न्यूनिकरण गर्ने देखिन्छ भने भारतसँगको व्यापार सन्तुलनमा समेत ठूलो योगदान पुऱ्याउने छ ।

विद्यमान कानुनी तथा नीतिगत व्यवस्था

१५ नेपालको संविधानको धारा ५१ (छ) को (३) मा "नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने" भन्ने व्यवस्था गरिएको छ । यो व्यवस्था ऊर्जाको आपूर्ति र प्रयोगसँग सम्बन्धित छ, यसले ऊर्जा सुरक्षालाई सम्बोधन गर्दैन । यसका लागि थप स्पष्ट नीतिगत व्यवस्था तथा प्रभावकारी कार्यान्वयनको आवश्यकता पर्दछ ।

१६ राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणापत्र, २०७२, राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५, ऊर्जा जलस्रोत तथा सिँचाई क्षेत्रको वर्तमान अवस्था र भावी मार्गचित्र, २०७५, पन्ध्रौं पञ्चवर्षीय योजना आदि दस्तावेजहररूमा ऊर्जा सुरक्षाको बारेमा उल्लेख भए पनि सरकारी कार्यक्रमहरूमा यसतर्फ खास ध्यान दिएको देखिँदैन। हालै नेपाल सरकारले जारी स्वीकृत गरेको ऊर्जा विकास मार्गचित्र २०८१ ले एक वर्षभित्रमा "राष्ट्रिय ऊर्जा सुरक्षा नीति" तर्जुमा गर्ने कार्ययोजना राखेको छ।

१७ राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र, २०७२ मा जलविद्युत विकासलाई केन्द्रबिन्दुमा राखी आगामी छ महिनाभित्र "राष्ट्रिय ऊर्जा सुरक्षा नीति" तर्जुमा गरी लागू गरिनेछ भनिए पनि नीति बन्न सकेन (MoEWRI, 2072 BS)। राष्ट्रिय सुरक्षा नीति, २०७३ ले औँल्याएको सात वटा मुख्य बाह्य सुरक्षा चुनौती र खतरा अन्तर्गत बाह्य हस्तक्षेप, खुला अन्तर्राष्ट्रिय सीमाना, सीमा अतिक्रमण, बाह्य घुसपैठ र चलखेललाई मात्र होइन इन्धन र ऊर्जा सङ्कटलाई समेत पहिचान गरिएको छ।

१८ त्यसैगरी, सरकारले देशको ऊर्जा मागलाई दिगो रूपमा परिपूर्ति गर्न देशमा उपलब्ध सम्भावित ऊर्जाका स्रोतहरूको पहिचान गर्ने उद्देश्यले सन् २०१३ मा "इनर्जी सेक्टर भिजन, २०५०" तर्जुमा गरेको थियो (WECS, 2013)। यसले देशमा उपलब्ध जलविद्युत तथा नवीकरणीय ऊर्जाको अधिकतम उपयोग गरी पेट्रोलियम इन्धनको परनिर्भरतालाई घटाउने परिकल्पना गरेको छ । उक्त भिजनले दीर्घकालीन रूपमा देशका सबै क्षेत्रको लागि आवश्यक पर्ने ऊर्जा मागलाई परिपूर्ति गर्न जलविद्युतलाई ऊर्जाको प्रमुख स्रोतको रूपमा पहिचान गरेको छ।

१९ जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, दिगो विकास लक्ष्यको सातौं लक्ष्य (Sustainable Development Goal, DG-7) लगायत विभिन्न अन्तर्राष्ट्रिय समुदायमा नेपालले गरेको प्रतिवद्धता बमोजिम राष्ट्रिय स्तरमा तर्जुमा भएको कार्ययोजना दोस्रो राष्ट्रिय निर्धारित योगदान, २०२० (Nationally Determined Contribution-II, NDC-II) ले सन् २०३० सम्ममा कुल सवारी साधनको बिक्रीमा विद्युतीय सवारी साधनको हिस्सा निजी सवारी साधन (दुइपाङ्ग्रे सहित) को हकमा ९० प्रतिशत तथा सार्वजनिक सवारी साधनको हकमा ६९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ (MoFE, 2020) ।

२० पेरिस सम्झौताको धारा ४ मा उल्लेखित कार्बन उत्सर्जन न्यूनीकरण सम्बन्धी प्रतिबद्धता कार्यान्वयन गर्ने उद्देश्यले तयार गरिएको खुद शून्य उत्सर्जन सम्बन्धी नेपालको दीर्घकालीन रणनीति, २०२१ (Nepal's Long-term Strategy for Net-zero Emission, 2021) को आधारमा हामीले सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्य बनाउने भनेका छौं । यस रणनीतिले ऊर्जा उत्पादनको क्षेत्रमा निर्धारण गरेको रणनीतिक योजना र दुई फरक अवस्थाका लक्ष्यहरूलाई तालिका- ४ मा प्रस्तुत गरिएको छ ।

तालिका- २२.२: शून्य उत्सर्जनः नेपालको दीर्घकालीन रणनीति, २०२१ को रणनीतिको सार तथा लक्ष्य

रणनीतिक योजना	दुई फरक लक्ष्य	
	विद्यमान उपायमा आधारित परिदृश्य	**थप उपायमा आधारित परिदृश्य**
• जलविद्युत आयोजनाको विकास गर्ने, • विभिन्न प्रकारका नवीकरणीय ऊर्जाको विकास गरी ऊर्जा प्रणालीमा एकीकृत गर्ने, • वितरित नवीकरणीय ऊर्जाका स्रोतहरू (मिनीग्रिड, अफ ग्रिड वायु ऊर्जा, सौर्य ऊर्जा, लघु जलविद्युत तथा बायोग्यास)को स्तरोन्नति गर्ने, • विभिन्न क्षेत्रीय ऊर्जा प्रणालीलाई एकीकृत गर्ने	**सन् २०५० सम्ममा आवश्यक पर्ने ऊर्जाको परिमाण-** - जलविद्युतः ३४,००० मेगावाट - ग्रिड कनेक्टेड सौर्य ऊर्जा : २,१०० मेगावाट - अफ ग्रिड नवीकरणीय ऊर्जा प्रणालीः ११०० मेगावाट	**सन् २०५० सम्ममा आवश्यक पर्ने ऊर्जाको परिमाण-** - जलविद्युतः ५०,००० मेगावाट - ग्रिड कनेक्टेड सौर्य ऊर्जाः २,१०० मेगावाट - अफ ग्रिड नवीकरणीय ऊर्जा प्रणालीः ११०० मेगावाट

मुख्य समस्या/ स्थिति विश्लेषण

२१ नेपालको सन्दर्भमा प्रविधि, लगानी, उत्पादन तथा त्यसको व्यावसायिकरण लगायतका दृष्टिकोणबाट ऊर्जाको आपूर्ति चुनौतीको रूपमा देखा परेको छ ।

२२ विकासको सामान्य नियम (परिवर्तन र रूपान्तरण) मै सीमित रहँदा पनि बढ्दो जनसङ्ख्या र आर्थिक अवस्थामा भइरहेको सुधार साथै प्रविधिको उच्चतम उपयोगले विद्युतको माग स्वतः वृद्धि हुने देखिन्छ। भविष्यमा हुनसक्ने सम्भावित ऊर्जाको माग र उत्पादनको बिचमा सन्तुलन कायम गर्ने मुद्दा पनि एक चुनौतीको रूपमा रहेको छ। ऊर्जाको क्षेत्रमा तत्काल कम्तिमा पनि विक्रम सम्वत् २१०० सम्मका लागि प्रक्षेपण गर्न सकिएन भने ऊर्जाको माग, लगानी र उत्पादनको बिचमा सन्तुलन कायम गर्न सकिँदैन । त्यसका लागि लगानीमैत्री र उत्पादनमैत्रीका दृष्टिकोणले हाम्रा सम्भावित ऊर्जाका स्रोतको पहिचान गर्नुकासाथै सम्भावित उत्पादन तथा मागको समेत प्रक्षेपण गर्न आवश्यक छ ।

२३ विद्युत उत्पादनको क्षेत्रमा ऊर्जा सम्मिश्रण सम्बन्धमा परम्परागत सोच र शैलीले नै काम गरिरहेको छ । नेपालको कुल जडित क्षमता ३,२०० मेगावाट मध्ये ३,११५ मेगावाट राष्ट्रिय प्रसारण लाइनमा आवद्ध छ । बाँकी ८५ मेगावाट विद्युत ग्रिड बाहिर रहेको छ । उत्पादित जलविद्युतमध्ये पनि रन

अफ द रिभर, पिकिङ्ग रन अफ द रिभर तथा सिजनल स्टोरेजको उचित सम्मिश्रणको अभाव रहेको छ (NEA, 2023) । मुलुकको विद्युतीय ऊर्जाको सुरक्षाका लागि जल भण्डारण तथा सङ्कलन गर्न र चाहिएको समयमा मात्र जलविद्युत उत्पादन गर्न अर्धजलाशयुक्त र जलाशयुक्त आयोजना निर्माण र सञ्चालन गर्न जरुरी भइसकेको छ (ADB, 2017) ।

२४ हालसम्म उत्पादित विद्युतको मात्रा कुल उपभोगको १० प्रतिशत भन्दा कम छ । त्यसैले अहिलेकै गतिमा भएका हाम्रा प्रयास वा समान्य सुधारबाट मात्र परम्परागत ऊर्जालाई विद्युतीय ऊर्जाले प्रतिस्थापन गर्न निकै नै लामो समय लाग्ने देखिन्छ ।

२५ विश्व ऊर्जा उत्पादक संगठनका सदस्य राष्ट्रले पेट्रोलियम पदार्थको कुल आयात परिमाण कम्तीमा ९० दिनलाई पुग्ने गरी भण्डारण क्षमता हुनुपर्ने प्रावधान गरेका छन् । सम्वत् २०७८ को बिक्री आँकडा अनुसार नेपालको पेट्रोल, डिजेल, मट्टितेल र हवाइ इन्धनको भण्डारण क्षमता क्रमश ६ दिन, ८ दिन, ८६ दिनर २० दिनलाई पुग्ने रहेको छ (NoC, 2080 BS)। जबकी प्रशोधित तेलको भण्डारण क्षमता इजरायलको २७० दिन, गणतान्त्रिक कोरियाको २४० दिन, संयुक्त राज्य अमेरिकाको १३७ दिन रहेको छ । नेपाल आयल निगमसँग भण्डारण क्षमता बढाउनको लागि दीर्घकालीन योजना रहे तापनि सो कार्यमा हालसम्म ठोस कदम चालेको देखिंदैन (IEA, 2023)।

२६ नेपालले विगतमा भोगेका दैनिक १८ घण्टा सम्मको लोडसेडिङबाट सिर्जित उर्जा सङ्कट, पटक पटक भएका सीमा अवरोध तथा नाकाबन्दीका समयमा इन्धन आपूर्तिमा भएको अवरोध जस्ता घटना, साथै ठूलो मात्रामा खनिज इन्धन तथा विद्युत समेतको आयातको हालको स्थितिले गर्दा नेपाल उर्जा सुरक्षाका दृष्टीले निकै नै जोखिमपूर्ण अवस्थामा रहेको देखिन्छ ।

२७ नेपालको ऊर्जा सुरक्षा भूराजनीतिको दृष्टिले पनि चुनौतिपूर्ण छ र यसको आपूर्ति श्रृङ्खलाका चुनौतिमा भौतिक सुरक्षा, साइबर सुरक्षा, जलवायु जोखिमबाट सुरक्षा आदि पक्षहरू पनि सँगै जोडिएर आउँछन्। त्यसका लागि ऊर्जा सुरक्षाको क्षेत्रमा देखिनसक्ने सम्भावित **चुनौतीलाई दुई वटा परिस्थितिबाट विश्लेषण गर्नुपर्ने हुन्छ** ।

- पहिलो, **यथास्थितिमा ऊर्जा सुरक्षाका चुनौती,** र दोस्रो, **खुद शून्य उत्सर्जनमा ऊर्जा सुरक्षाका चुनौती**। यसले ऊर्जा सुरक्षाका परिस्थितिजन्य वैकल्पिक योजना निर्माणमा योगदान पुर्याउँछ। यथास्थितिलाई विश्लेषण गर्दा नेपालको सन्दर्भमा ऊर्जा आपूर्तिका स्रोतहरू मुख्य रूपले परम्परागत ऊर्जा, आयातीत खनिजजन्य ऊर्जा र नवीकरणीय विद्युतीय ऊर्जा गरी तीन वटा रहेका छन् । यी तीनवटा ऊर्जाका स्रोतबाट उपलब्ध ऊर्जा उपयोगको अवस्थालाई हेर्दा हाम्रो ऊर्जा प्रणाली अझ पनि परम्परागत ऊर्जाका स्रोतमा नै निर्भर रहेको र अझ केही समय यथास्थितिमा नै रहने देखिन्छ। नेपालमा विकासको साथै नागरिकको जीवनशैलीमा आएको परिवर्तन, बढ्दो शहरीकरण, बढ्दो निजी सवारी साधन साधनको प्रयोग, खाना पकाउन ग्याँसको प्रयोग आदिले एल। पी। ग्याँस, पेट्रोलियम पदार्थ आदिको प्रयोग अत्याधिक रूपमा बढ्दै गइरहेको छ । हामीले खरिद गर्ने एल। पी। ग्याँस, पेट्रोल, डिजेल शत प्रतिशत आयातमा निर्भर रहनुपर्ने अवस्था भएकाले ऊर्जा सुरक्षाका दृष्टिले सबैभन्दा जोखिमयुक्त र चुनौतिपूर्ण रहेको छ।

- खुद शून्य उत्सर्जनको दृष्टिकोणबाट विश्लेषण गर्दा हाल प्रयोग भइरहेको परम्परागत जैविक ऊर्जा तथा खनिजजन्य वा जिवाश्म ईन्धनको प्रयोगलाई विस्थापन गरी विद्युतको प्रयोग गर्न चाहिने नीतिगत तथा प्रविधिको व्यवस्था मुख्य चुनौतीको रूपमा रहेको छ ।

२८ उच्च पहाडी र हिमाली ग्रामीण क्षेत्रमा भौगोलिक, प्राविधिक, राजनीतिक र आर्थिक लगायतका कारण जलविद्युत तथा सौर्य ऊर्जा र वायु ऊर्जाको प्रचुर सम्भावना हुँदाहुँदै पनि ती ऊर्जा स्रोतहरूको समुचित सदुपयोग हुन सकिरहेको छैन ।

सुधारका लागि सुझावहरू

२९ ऊर्जा सुरक्षा हासिल गर्न निम्न बमोजिम सुधारका प्रस्तावहरू प्रस्तुत छन्:

(१) राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र, २०७२ ले निर्दिष्ट गरे बमोजिम नेपालको जलविद्युत विकास लगायत मिश्रित ऊर्जा प्रणालीको अवधारणालाई केन्द्रबिन्दुमा राखी ऊर्जा विकास मार्गचित्र २०८१ ले तय गरे बमोजिमको "राष्ट्रिय ऊर्जा सुरक्षा नीति" एक वर्ष भित्रमा तर्जुमा गरी लागू गर्ने ।

(२) ऊर्जा सुरक्षालाई केन्द्रबिन्दूमा राखी आवश्यक परेको बेलामा जुनसुकै स्रोतबाट भए पनि जनताका ऊर्जा आवश्यकता पूर्ति गर्न तयार रहने अवस्था निर्माण गर्ने। साथै, प्राकृतिक वा मानवसृजित कारणबाट ऊर्जा संकट आइपरेमा तत्काल ऊर्जा आपूर्तिको लागि वैकल्पिक स्रोत वा भण्डारणको व्यवस्था गर्ने ।

(३) नेपालको ऊर्जा क्षेत्रका चुनौतिलाई समाधान गर्न माग अनुसारको ऊर्जाको उपलब्धता तथा उचित उर्जा सम्मिश्रणको अवधारणा बमोजिम जलविद्युत बाहेक अन्य नवीकरणीय उर्जाका स्रोतहरु जस्तै सौर्य, वायु, हरित हाइड्रोजन जस्ता प्रविधिलाई पनि ऊर्जा उत्पादनको विकल्पको रूपमा विकास गर्ने, लगानी बढाउने र आवश्यक नीतिगत व्यवस्था मिलाउने ।

(४) भविष्यमा वनजङ्गलबाट प्राप्त हुने परम्परागत ऊर्जाको प्रयोगलाई घटाउँदै लैजाने रणनीति अवलम्बन गरे तापनि तत्कालका लागि परम्परागत जैविक ऊर्जाको स्रोतलाई कार्बन उत्सर्जन न्यून हुने किसिमले प्रशोधन गरी ब्रिकेट, पेलेट वा चारकोलको रूपमा प्रयोग गर्न प्रोत्साहन गर्ने।

(५) ऊर्जा सुरक्षाको दृष्टिले लामो समयसम्म एउटै स्थान वा बजार वा नाकाबाट पेट्रोलियम पदार्थ आयात गर्नुको सट्टा फरक-फरक देश, बजार वा नाका वा अन्य वैकल्पिक उपायहरू अवलम्बन गर्ने र एउटै देशबाट आयात गर्दा पनि फरक-फरक बाटोहरूबाट ल्याउन सकिने वैकल्पिक मार्गहरू समेत पहिचान गर्नुपर्ने।

(६) पेट्रोलियम पदार्थको खपत निरन्तर वृद्धि भइरहेको परिप्रेक्ष्यमा कम्तीमा तीन महिनाको लागि पुग्ने पेट्रोलियम पदार्थको भण्डारण क्षमता निर्माण गर्ने ।

(७) **खुद शून्य उत्सर्जन रणनीतिमा क्षेत्रगत प्राथमिकता:**

- घरायसी क्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरणको लागि एल।पी।जी।को अनुदान खारेज गर्ने र विद्युतीय चुलो र वायोग्याँसको प्रयोग बढाउने ।

- यातायात क्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरण गर्न निजी र सार्वजनिक दुवै सवारी साधनलाई विद्युतीय सवारी साधनले चरणवद्ध रूपमा प्रतिस्थापन गर्ने।
- धातुजन्य, सिमेन्ट, इँटा भट्टा जस्ता ठूला उद्योगको लागि आवश्यक पर्ने तापीय ऊर्जाको लागि विद्युतबाट चल्ने प्रविधिको प्रयोग गर्न कर, सहुलियतपूर्ण ऋण, भाष्य निर्माण आदिका माध्यमबाट प्रोत्साहन गर्ने ।
- परम्परागत इँटा भट्टालाई आधुनिक ब्रिक क्लिनले प्रतिस्थापन गर्ने ।
- सिमेन्ट उद्योगमा उत्सर्जन हुने कार्बन (Carbon Capture, Utilization and Storage-CCUS) नियन्त्रण गर्न उद्योगहरूलाई प्रोत्साहन गर्ने ।
- कृषि क्षेत्रमा सिँचाइका लागि पानी तान्ने पम्प र फार्म मेशिनरीको लागि विद्युतीय ऊर्जा प्रयोग बढाउने ।
- सौर्य फोटोभोल्टेक पम्पिङ्ग (PVPS) को प्रवर्द्धन गर्ने ।

(८) विद्युतीय ऊर्जा सुरक्षाको लागि विद्युत उत्पादनको विविधीकरण गर्ने । जलविद्युतमा पनि नदी प्रवाहमा आधारित, अर्धजलाशययुक्त, डे पिकिङ्ग र जलाशययुक्त जलविद्युत आयोजनाहरू निर्माण गर्नुकासाथै सौर्य, वायु लगायतका अन्य नवीकरणीय उर्जाका स्रोतबाट ऊर्जा उत्पादन गरी विद्युतको नियमित आपूर्तिको सिनिश्चतता गर्न जरूरी। साथै, गुणस्तरीय विद्युत सेवाका लागि प्रसारण र वितरण प्रणालीमा सुधार गर्ने।

(९) तत्कालका लागि भारत तथा बंगलादेश विद्युत निर्यात गर्ने दृष्टिकोण लिए पनि उत्पादित ऊर्जाको आन्तरिक खपत वृद्धि गर्ने र राष्ट्रिय ऊर्जा सुरक्षा हासिल गर्ने दीर्घकालीन नीति कायम गर्ने।

(१०) ऊर्जा सम्मिश्रणको अवधारणा अनुसार दिउँसो घाम लागेको बेलामा सौर्य विद्युत उत्पादन गर्ने र जलाशययुक्त वा डे-पिकिङ्ग परियोजनामा पानी जम्मा गरी अत्याधिक विद्युत खपत हुने साँझको समयमा मात्रै विद्युत उत्पादन गर्दा बढी प्रभावकारी हुनुका साथै यसले ऊर्जा सुरक्षामा पनि योगदान पुऱ्याउने कारण जलाशययुक्त परियोजना र सौर्य ऊर्जाको विकासको लागि उचित नीतिगत व्यवस्था गर्नुकासथै सौर्य र वायु ऊर्जा उत्पादनलाई विकल्पको रूपमा अवलम्बन गर्नुपर्ने ।

(११) दुर्गम क्षेत्रमा विद्युतको अभाव तथा ऊर्जा सङ्कट लामो समयसम्म रहने अवस्था सिर्जना भएको हुँदा ती क्षेत्रहरूमा ऊर्जा सुरक्षाका लागि विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणालीको विकास गरी लागू गर्ने ।

(१२) हरित हाइड्रोजन विकाससम्बन्धी कानुनी व्यवस्था गर्ने।

परिच्छेद २३

शिक्षा तथा दक्षता विकास र स्वास्थ्य क्षेत्र

पृष्ठभूमि

१ सबल अर्थतन्त्र निर्माणमा मानव पुँजीको अहम भूमिका हुन्छ। लक्षित शिक्षा तथा दक्षता विकासले अनुसन्धान तथा विकास, नवप्रवर्तन गर्न, उत्पादकत्व वृद्धि गर्न, आर्थिक गतिविधि विस्तार गर्न र अर्थतन्त्रलाई उत्थानशील बनाउन सहयोग पुग्छ। मानव पुँजीको उत्पादकत्व वृद्धि गर्न स्वास्थ्य क्षेत्रले प्रत्यक्ष योगदान गर्छ। त्यसैले यस परिच्छेदमा शिक्षा तथा दक्षता विकास र स्वास्थ्य क्षेत्रको स्थिति विश्लेषण र सुधारका सम्बन्धमा चर्चा गरिएको छ।

शिक्षा तथा दक्षता विकास

स्थिति विश्लेषण

२ **राष्ट्रिय जनगणना २०७८ का अनुसार पाँच वर्ष भन्दा माथि उमेरको साक्षरता दर ७६.३ प्रतिशत रहेको छ भने १५ देखि २४ वर्ष उमेरको साक्षरता दर ९२ प्रतिशत रहेको छ** । पाँच वर्ष भन्दा माथि उमेरको साक्षरता दर हिमालमा ७२.७ , पहाडमा ८०.८, र तराइमा ७३.११ प्रतिशत रहेको देखिन्छ ।हिमाल र तराइ क्षेत्र पहाडको तुलनामा कमजोर देखिन्छ । साक्षरता दर न्यूनतम हुने दश जिल्लाहरूमा क्रमशः रौतहट, महोत्तरी, सर्लाही, हुम्ला, बारा, सिराहा, धनुषा, डोल्पा, सप्तरी र सिन्धुपलान्चोक पर्छन्। यसलाई रेखा चित्र नं २३.१ मा देखाइएको छ ।

रेखा चित्र नं २३.१ न्यूनतम साक्षरता दर भएका दश जिल्लाहरू



तथ्याङ्क स्रोतः राष्ट्रिय जनगणना २०७८

३ **साक्षरता दर न्यूनतम हुने दश जिल्लामध्ये सातवटा तराईमा पर्छन् भने बाँकी तीन वटा हिमाली क्षेत्रमा पर्छन्।** नेपालको साक्षरता दर अधिकतम हुने दश जिल्लाहरूमा क्रमशः काठमाडौं, ललितपुर, भक्तपुर , कास्की, चितवन, पाल्पा, इलाम, झापा, सुर्खेत र नवलपरासी (पूर्व) पर्छन् । यी दशमध्ये सातवटा पहाडी जिल्लाहरू पर्छन्। यसलाई रेखा चित्र नं २३.२ मा देखाइएको छ ।

रेखा चित्र नं २३.२ अधिकतम साक्षरता दर भएका दश जिल्लाहरू



तथ्याङ्क स्रोतः राष्ट्रिय जनगणना २०७८

४ **नेपालमा साक्षरता दरमा ठूलो फरक देखिन्छ** । साक्षरता दर न्यूनतम हुने जिल्ला रौतहटको ५७.७ प्रतिशत र अधिकतम हुने जिल्ला काठमाडौंको ८९.२३ प्रतिशत छ । अतः यी दुईको फरक ३१.४८ प्रतिशत देखिन्छ। अतः नेपालको शैक्षिक विकास असमान प्रकृतिको देखिन्छ।

५ **साक्षरताले मात्र उपलब्ध मानव संसाधनको उत्पादकत्व स्तरको संकेत गर्दैन।** साक्षरताले केवल पढ्न र लेख्न जान्ने मात्रलाई प्रतिनिधित्व गर्दछ। शिक्षाको स्थलगत वितरणको आकलन गर्न यसले सहयोग गर्ने हुँदा यहाँ प्रस्तुत गरिएको हो । मानव संसाधनले गर्ने उत्पादकत्वको स्थितिलाई प्राथमिक तह र सो भन्दा उच्च तहमा अध्ययन सम्पन्न गरिसकेको मानव साधनको संख्याले जाहेर गर्ने हुँदा रेखा चित्र नं १.३ मा विभिन्न तहहरूको अध्ययन सम्पन्न गरिसकेको जनसंख्याको विवरण राष्ट्रिय जनगणना २०७८ मा आधारित भएर प्रस्तुत गरिएको छ ।

६ विभिन्न तहहरूको अध्ययन सम्पन्न गरिसकेको नेपालको जनसंख्या राष्ट्रिय जनगणना २०७८ का अनुसार २०,४०८,१२४ छ । प्राथमिक तह उत्तीर्ण संख्या ५,८५५,७३२ छ । कक्षा ८ सम्मको आधारभूत तह उत्तीर्ण संख्या ४,०७१,३३१, कक्षा १० सम्मको माध्यमिक तह उत्तीर्ण हुनेहरूको संख्या ३,१४८,१८० छ।यसरी विभिन्न तहको शिक्षा हासिल गर्नेको संख्यालाइ रेखा चित्र नं २३.३

मा देखाइएको छ । स्नातकोत्तर तह वा सो भन्दा माथि अध्ययन सम्पन्न गर्नेको संख्या ४ लाख ४१ हजार भन्दा माथि छ ।

७ पाँच वर्ष माथिको जनसंख्या २६,७२५,२९५ मध्ये तहगत शैक्षिक योग्यता हासिल गरेकोहरूको संख्या रेखा चित्र नं. २३.४ मा देखाइएको छ ।

रेखा चित्र नं २३.३ विभिन्न तहहरूको अध्ययन सम्पन्न गरेका ५वर्ष माथिको जनसंख्या



तथ्याङ्क स्रोतः राष्ट्रिय जनगणना २०७८ मा आधारित भएर आयोगले गरेको रचना

रेखा चित्र नं २३.४ पाँच वर्ष माथिको जनसंख्यामा विभिन्न अध्ययन तह सम्पन्न गर्नेहरुको प्रतिशत



तथ्याङ्क स्रोतः राष्ट्रिय जनगणना २०७८

८ पाँच वर्षभन्दा माथि उमेरको जनसंख्याको ३.३५ प्रतिशतले पूर्व प्राथमिक शिक्षा हासिल गरेको देखिन्छ भने २१.९१ प्रतिशतले प्राथमिक शिक्षा हासिल गरेको देखिन्छ । त्यस्तै आधारभूत तह पार गरेको जनसंख्यामा १५.२३ प्रतिशत र माध्यमिक तह उत्तीर्ण संख्या ११.७८ प्रतिशत देखिन्छ भने प्रवेशिका परीक्षा उत्तीर्ण संख्या ७।२६ प्रतिशत देखिन्छ । प्रवीणता प्रमाण पत्र उत्तीर्ण संख्या

९.७३ प्रतिशत देखिन्छ । त्यस्तै स्नातक उत्तीर्ण संख्या ३.४८ प्रतिशत देखिन्छ । स्नातकोत्तर तह वा सोभन्दा माथि अध्ययन गरेको जनसंख्या मात्र १.६५ प्रतिशत देखिन्छ। यो नेपालको समग्र शैक्षिक स्थितिको यथार्थ चित्र हो । पाँच वर्ष माथिको जनसंख्याको २२.१२ प्रतिशतले मात्र प्रवेशिका वा सो भन्दा माथिको शिक्षा हासिल गरेको देखिन्छ। अतः दक्ष मानव संसाधनको अझै पनि न्यूनता देखिन्छ ।

९ नेपालमा सञ्चालित कुल विद्यालयहरूको संख्या तालिका नं. २३.१ मा दर्साइएको छ। जसका अनुसार प्राथमिक तहमा हाल १७,६१७ विद्यालय छन् । आधारभूत तह (१ देखि ८) मा हाल ६ हजार ७ सय ६७ विद्यालय छन् भने माध्यमिक तहमा ६ हजार ६ सय ७२ विद्यालय छन् । उच्च माध्यमिक तहमा ४हजार ८ सय २० विद्यालयहरू छन्। यसरी समग्रमा विद्यालयहरूको संख्या ३५ हजार ८ सय ७६ रहेको देखिन्छ । यी मध्ये सामुदायिक विद्यालयहरूको संख्या २६ हजार ६ सय ६ र संस्थागत विद्यालयको संख्या ७ हजार ८ सय ८६ रहेको देखिन्छ ।

तालिका नं. २३.१ नेपालमा सञ्चालित विद्यालय

प्रकार	सामुदायिक (परम्परागत समेत)	सामुदायिक मात्र	संस्थागत	जम्मा
आधारभूत तह (१-५)	१५,८०२	१४,६५२	१,८१५	१७,६१७
आधारभूत तह (१-८)	४,९७२	४,८२१	१,७९५	६,७६७
माध्यमिक तह 1(१-१०)	३,५३३	३,४७४	३,३१९	६,६७२
उच्च-माध्यमिक तह (१-१२)	३,६८३	३,६५९	१,१३७	४,८२०
जम्मा	२७,९९०	२६,६०६	७,८८६	३५,८७६

तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१

१० नेपालमा सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्या अलि न्यून रहेको देखिन्छ। सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्यालाई रेखा चित्र नं २३.५मा देखाइएको छ ।

रेखा चित्र नं २३.५ सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्या



तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१

११ रेखा चित्र नं २३.५ का अनुसार १५,९६५ विद्यालयहरूमा विद्यार्थीको संख्या सय भन्दा कम छ । १०० देखि ५०० विद्यार्थी हुने विद्यालयहरूको संख्या ९,७०४ छ। ५०१ देखि १००० विद्यार्थी हुने विद्यालयहरूको संख्या मात्र १,६२६ छ। १,००१ सय देखि १,५०० विद्यार्थी हुने विद्यालयहरूको संख्या मात्र ४ सय ४९ छ । विद्यार्थी संख्या १,५०१ सय देखि २,००० सम्म हुने विद्यालयहरूको संख्या मात्र १३६ छ । जम्मा एक सय सामुदायिक विद्यालयहरूमा मात्र २,००१ वा सो भन्दा बढी संख्यामा विद्यार्थी छन्।

१२ यो तथ्याङ्कले प्रस्ट पार्दछ कि नेपालमा सामुदायिक विद्यालयहरूमा पढ्ने विद्यार्थीको संख्या घट्दो क्रममा छ । अधिकांश यस्ता विद्यालयहरूले अभिभावकहरूलाई आकर्षण गर्न सकेका छैनन् ।

१३ नेपालमा प्राविधिक तथा व्यवसायिक तालिम (CTEVT) लिएका विद्यार्थीहरूको संख्या रेखा चित्र नं २३.६ मा देखाइएको छ । प्रवेशिका सरहको तालिम लिने विद्यार्थी संख्या सन् २०१९ वाट क्रमशः घट्दै गएको छ। तर डिप्लोमा सरहको तालिम क्रमशः बढ्दै गएको देखिन्छ। कोभिडका कारणले २०२१ (२०२०/२१) र २०२२(२०२१/२२) को तथ्याङ्क उपलब्ध हुन सकेन ।

रेखा चित्र नं २३.६ प्राविधिक तथा व्यवसायिक तालिम लिने विद्यार्थीको संख्या



तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित भएर आयोगले गरेको रचना

१४ रेखा चित्र नं १.६ का अनुसार २०२४ मा नेपालमा डिप्लोमा लेभलको लालिम लिने विद्यार्थीको संख्या २४ हजार ८ सय ६६ रहेको देखिन्छ ।विश्वविद्यालयमा भएको उत्पादनको तुलनामा यो उत्पादनको आँकडा नगन्य नै हो।

१५ पुराना विश्वविद्यालयमा त्रिभुवन विश्व विद्यालय (सन् १९५९) र महेन्द्र संस्कृत विश्व विद्यालय (सन् १९८६) भएतापनि हाल १३ वटा राष्ट्रिय स्तरका विश्व विद्यालय, ५ वटा प्रदेश स्तरीय विश्वविद्यालय र ७ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएका छन्। शिक्षण कार्य सञ्चालन भइसकेको र

विद्यार्थी सम्बन्धी तथ्याङ्क उपलब्ध भएका राष्ट्रिय स्तरका ११ विश्व विद्यालयहरूको बारेमा तल चर्चा गरिएको छ। तालिका न. २३.२ मा विभिन्न विश्वविद्यालयहरूमा भएको विद्यार्थी संख्या दर्शाइएको छ। यी विश्वविद्यालयहरूमा आ. व. २०८०/८१मा कुल विद्यार्थी संख्या ७ लाख ३८ हजार ६८ थियो र यी मध्ये ५लाख ८७ हजार ७ सय १९ जना त्रिभुवन विश्वविद्यालय अध्ययनरत भएको देखिन्छ ।अन्य विश्वविद्यालयहरूमा विद्यार्थीको उपस्थिति नगण्य देखिन्छ । कुन विश्वविद्यालयमा के कति प्रतिशत विद्यार्थी छन् भन्ने तथ्य प्रस्ट रूपमा रेखा चित्र न. २३.७ मा देखाइएको छ ।

तालिका नं. २३.२ नेपालमा संचालित विश्व विद्यालयहरूमा विद्यार्थी संख्या

विश्वविद्यालय	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/८९	२०८९/८०	२०८०/८१
त्रि वि वि	४१५,८४२	४२५,७७७	४२२,८५३	५३७,८६९	५८७७१९	४९१२९९
नेपाल संस्कृत वि वि	२७९१	२६४१	३०४९	३३५५	४३८४	३२९५
काठमाडौं वि वि	१८४३६	१८८६०	१६८४७	१५४६९	१८०३५	
पोखरा वि वि	३०७४९	३२५८४	३२४८४	३४१५१	३७६४५	
पुर्वान्चल	४६१९०	४९२६०	४८८५८	५१३४७	४७८१०	
लुम्बिनी बौद्ध	४१३	५२६	१०११	१२६५	१७१९	
मध्य पश्चिमाञ्चल वि वि	५७२१	९७३५	८६५६	११९१५	१२६८४	
कृषि तथा बन वि वि	३८७१	३३२३	४४२७	५३९९	४९१०	
सुदुर पश्चिमाञ्चल वि वि	१०११३	९००३	१४००२	१७२३८	१९५४१	
नेपाल खुला वि वि	६८०	१६५९	९६९	२८३१	२९०३	
राजर्षी जनक वि वि	१९१	१७४	३९९	४०१	७१८	
मदन भण्डारी विज्ञान तथा प्रविधि वि वि						
जम्मा	५३४६३७	५५३५४२	५५३५५५	६८१२४०	७३८०६८	

तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१

१६ कुल विद्यार्थी संख्यामा ७९.६ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालय, ६.५ प्रतिशत पूर्वाञ्चल विश्वविद्यालय, ५.१ प्रतिशत विद्यार्थी पोखरा विश्वविद्यालय, २.६ प्रतिशत विद्यार्थी सुदूर पश्चिम विश्वविद्यालय, २.४ प्रतिशत विद्यार्थी काठमाडौं विश्वविद्यालय र १.७ प्रतिशत मध्य-पश्चिम विश्वविद्यालका रहेका छन् भने बाँकी विश्वविद्यालयमा एक प्रतिशत भन्दापनि न्यून विद्यार्थी रहेको देखिन्छ ।

रेखा चित्र नं २३.७ विभिन्न विश्वविद्यालयमा पढ्ने विद्यार्थीको संख्या (प्रतिशत)



स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित भएर आयोगले गरेको रचना

१७ यसरी हेर्दा त्रिभुवन विश्वविद्यालयको तुलनामा अन्य विश्वविद्यालयको उपस्थिति विद्यार्थी उत्पादनको हिसाबमा नगण्य देखिन्छ। राष्ट्रिय आवश्यकता भन्दापनि राजनीतिक अभिप्रायले प्रेरित भएर नयाँ विश्वविद्यालय स्थापना गरे जस्तो देखिन्छ ।

१८ देशमा उत्पादित विद्यार्थीहरूको विषयगत दक्षता कस्तो छ भन्ने कुरा बुझ्न रेखा चित्र नं १.८ मा त्रि.वि.मा अध्ययनरत विद्यार्थीको विषयगत वितरण प्रस्तुत गरिएको छ ।

रेखा चित्र नं २३.८ त्रि.वि. मा अध्ययनरत विद्यार्थीको विषयगत वितरण, २०२३ (प्रतिशतमा)



तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित भएर आयोगले गरेको रचना

१९ सन् २०८० को उदाहरण लिदा सबै भन्दा धेरै विद्यार्थी क्रमशः व्यवस्थापन संकाय (४६ प्रतिशत), शिक्षा संकाय (१९ प्रतिशत), इन्जिनियरिङ अध्ययन संस्थान (१२ प्रतिशत),सामाजिक शास्त्र संकाय (११ प्रतिशत), विज्ञान र प्रविधि अध्ययन संस्थान (८ प्रतिशत),चिकित्सा शास्त्र अध्ययन संस्थान (२ प्रतिशत), कृषि तथा पशुपालनबाट (१ प्रतिशत) उत्पादन भएको देखिन्छ। सन् २०१४ र सन् २०२३ को तुलना गर्दा त्रि।वि। को मानव संसाधन उत्पादन साधारण विषयको घट्दै र प्राविधिक विषयको बढ्दै गएको देखिन्छ । त्रि।वि। को अधिकांश मानव साधन उत्पादन प्रयास साधारण विषयमा केन्द्रित भएको देखिन्छ ।

२० नेपालका समग्र विश्व विद्यालयले प्राविधिक तथा सामान्य विषयका विद्यार्थी के कस्तो उत्पादन गरेका छन् भन्ने तथ्य तालिका नं. १.२ मा देखाइएको छ । यो तालिका अनुसार नेपालमा विश्व विद्यालयले ७३.८ प्रतिशत विद्यार्थी साधारण विषयतर्फ उत्पादन गर्छन् भने बाँकी २६.२ प्रतिशत विद्यार्थी प्राविधिक विषयतर्फ उत्पादन गर्छन्। ठूलो संख्यामा प्राविधिक जनसंख्या उत्पादन गर्ने विश्वविद्यालयमा त्रिभुवन विश्वविद्यालय पर्दछ यसले कुल (प्राविधिक तथा सामान्य) विद्यार्थीको १८.७ प्रतिशत प्राविधिक विद्यार्थी उत्पादन गर्दछ। दोस्रो ठूलो विश्वविद्यालयमा पूर्वाञ्चल विश्वविद्यालय पर्दछ यसले

३.१ प्रतिशत प्राविधिक विद्यार्थी उत्पादन गर्दछ। तेस्रो ठूलो विश्वविद्यालयमा पोखरा विश्वविद्यालय पर्दछ यसले २.२ प्रतिशत प्राविधिक विद्यार्थी उत्पादन गर्दछ। चौथोमा काठमाडौं विश्वविद्यालय पर्दछ।

तालिका नं.२३.३ नेपालका विश्वविद्यालयहरूमा प्राविधिक तथा साधारण विद्यार्थीहरू (२०२३)

Education→	Education at Level			Education at Percent		
Universities ↓	General	Technical	Total	General	Technical	Total
TU	४५१३५६	१३६३६३	५८७७१९	६१.८	१८.७	८०.४
KU	४१६७	१३८६८	१८०३५	०.६	१.९	२.५
Purbanchal	२५४८१	२२३२९	४७८१०	३.५	३.१	६.५
Pokhara	२१४४२	१६२०३	३७६४५	२.९	२.२	५.२
Mid Western	११७१४	९७०	१२६८४	१.६	०.१	१.७
Far Western*	१६०१४	१२३०	१७२४४	२.२	०.२	२.४
Open	२३७९	५२४	२९०३	०.३	०.१	०.४
Others	६८२१	०	६८२१	०.९	०.०	०.९
Total	५३९३७४	१९१४८७	७३०८६१	७३.८	२६.२	१००.०

तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित रहेर गरेको गणना

सन् २०२२ को तथ्याङ्क उपयोग गरिएकोले तालिका २३.१ भन्दा सामान्य फरक रहेको छ ।

२१ सोह्रौं योजनाले प्राविधिक विद्यार्थीको अनुपात ७० प्रतिशत र साधारण विद्यार्थीको अनुपात ३० प्रतिशत पुऱ्याउँने लक्ष राखेको छ। वर्तमान स्थिति भने यसको विपरीत देखिन्छ ।

२२ **नेपालमा गुणस्तरिय शिक्षाको अभाव तथा रोजगारीको समेत अभाव भएको कारणले उच्च शिक्षा अध्ययनका लागि विदेश जाने प्रचलन वढ्दो छ** । नेपालबाट विदेशमा अध्ययन गर्न जाँदा वैदेशिक अध्ययन अनुमति पत्र लिनु पर्ने हुन्छ र यस्तो अनुमति पत्र लिने विद्यार्थीको संख्या क्रमशः बढ्दै गएको देखिन्छ ।

रेखा चित्र नं २३.९ वैदेशिक अध्ययन अनुमति पत्र लिनेको संख्या



* फागुन मसान्त सम्म

तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित रहेर आयोगले गरेको रचना

२३ उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको आँकडा रेखा चित्र नं २३.८ मा देखाइएको छ । रेखा चित्र २३.८ का अनुसार २०७७ र २०७८ सालमा यस्तो संख्या कोभिडको कारणले धटेको थियो तर त्यसपछि यस्तो संख्या वढेर गएको देखिन्छ। उदाहरणका लागि २०८० सालमा यस्तो अनुमति लिनेको संख्या १ लाख १०,२७१ थियो । २०८१ सालको फागुन मसान्त सम्म यस्तो अनुमति लिनेको संख्या ९०,१६९ थियो। नेपाल भित्रको शैक्षिक प्रणाली रोजगारीसँग आबद्ध हुन नसकेको र नेपालको वर्तमान पद्धतिसँग युवा समुदाय आश्वस्त हुन नसकेको कारणले पनि यस्तो हुन गएको हो। स्थलगत भ्रमणबाट आएको तथ्याङ्क अनुसार कक्षा १२ पास गरेर विदेश जानेहरु मध्ये अधिकांशले कमाउँदै पढ्दै गरेको पाइन्छ। प्रमुख गन्तव्य मुलुकहरूमा जापान, क्यानाडा, अष्ट्रेलिया, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया, भारत, ग्रब्भ्, फ्रान्स, डेनमार्क पर्दछन्।

शिक्षा क्षेत्रमा देखिएका समस्याहरू

२४ शिक्षा क्षेत्रमा निम्न समस्या रहेको देखिन्छः

(१) **नेपालको शैक्षिक स्थितिको असमान वितरण रहेको देखिन्छ।** साक्षरता दर न्यूनतम हुने दश जिल्लामा क्रमशः रौतहट, महोत्तरी, सर्लाही , हुम्ला , बारा, सिराहा, धनुषा, डोल्पा, सप्तरी र सिन्धुपलान्चोक पर्दछन । रौतहटमा साक्षरता दर ५७.७५ प्रतिशत छ। नेपालको साक्षरता दर अधिकतम हुने दश जिल्लामा क्रमशः काठमाडौँ, ललितपुर, भक्तपुर , काश्की, चितवन, पाल्पा,इलाम, झापा, सुर्खेत र नवलपरासी(पूर्व) पर्छन्। काठमाडौंको साक्षरता दर ८९.२३ प्रतिशत छ। साक्षरताको खाडल ३१.५४ प्रतिशत रहेको छ।

(२) **उच्च शिक्षा हासिल गरेको जनसंख्याको प्रतिशत कम छ।** जनगणना २०७८ का अनुसार पाँच वर्षमाथिको जनसंख्यामा प्रवेशिका मात्र पास गर्नेको संख्या ७.२६ प्रतिशत छ भने प्रवेशिका वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको जनसंख्या मात्र २२.१२ प्रतिशत देखिन्छ। शैक्षिक योग्यता न्यून रहेका श्रम शक्तिको उत्पादकत्व पनि न्यून रहन्छ।

(३) **सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्दो छ।** सामुदायिक विद्यालयको संख्या संस्थागत विद्यालयको भन्दा ३.३७ गुणाले बढी छ तर सामुदायिक विद्यालयमा विद्यार्थीको चाप न्यून देखिन्छ। २६,६०६ सामुदायिक विद्यालयहरू मध्ये १५९६५ विद्यालयमा विद्यार्थीको संख्या १०० भन्दा कम छ। विद्यार्थी कम हुनुको प्रथम कारणमा सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर घट्नु रहेको छ। एक हजार भन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या मात्र ६८५ छ। सामुदायिक विद्यालय विद्यार्थीको आकर्षणको केन्द्र बन्न सकेको छैन।

(४) सामुदायिक विद्यालयमा गणित, विज्ञान, अंग्रेजी जस्ता विषयको गुणस्तर कमजोर छ। शिक्षकको स्थायी नियुक्तिको न्यूनतम आधार शिक्षा विषयमा स्नातक हासिल गरेको हुनुपर्ने रहेको छ। जस्तै माध्यमिक तहको को गणित विषयको शिक्षक हुनका लागि गणित विषयमै वि.एड. गरेको हुनुपर्ने हुन्छ। मानविकी तथा विज्ञान तर्फ स्नातकले मात्र पुग्दैन। शिक्षा संकायतर्फ शिक्षा-विधि (पेडागोजी) मा बढी केन्द्रित हुने र विषय वस्तुको ज्ञान कम हुने गरेकोले गुणस्तर कम भएको हुन सक्छ।

(५) विद्यालय शिक्षा रोजगारी केन्द्रित हुन सकेको छैन। माध्यमिक तहमा व्यावसायिक शिक्षा नभएको हुँदा प्रवेशिका तह पास गरे पनि औपचारिक क्षेत्रमा रोजगारी नपाएमा आफैले कुनै व्यवसाय गरी जीविकोपार्जन गर्ने दक्षता विद्यार्थीमा नहुँदा युवा समुदाय बेरोजगार बन्ने गरेका छन् ।

(६) विश्वविद्यालयको संख्या बढ्दै गए अनुरुप दक्षता अभवृद्धि हुन सकेको छैन। नेपालमा केन्द्रीय विश्वविद्यालयको संख्या १२ वटा पुगी सकेको तर ८० प्रतिशत विद्यार्थी त्रिविमा नै अध्ययन गरिरहेका छन्। त्रिवि बाहेकका विश्वविद्यालय राजनैतिक नियुक्तिका स्थान बनेका तर जनशक्ति उत्पादनको केन्द्र बन्न नसकेको अवस्था छ।

(७) विशिष्टिकृत विश्वविद्यालयको अभाव रहेको छ। नेपालमा राष्ट्रिय स्तरका २१ वटा र प्रादेशिक चार वटा गरी २५ वटा विश्वविद्यालय पुगी सकेको छ। तर सबै विश्वविद्यालयले एकै किसिमका जनशक्ति उत्पादन गरेको देखिन्छ। अभिष्ट अभिलक्ष प्रप्तिकालागि अभिष्ट विश्व विद्यालय स्थापना हुन सकेको छैन।

(८) साधारण धारमा विद्यार्थीको संख्या उच्च रहेको छ। विश्वविद्यालयहरुको लगभग ७४ प्रतिशत उत्पादन साधारण विषयमा केन्द्रित भएको र प्रविधिका विषयमा २६ प्रतिशत मात्रै उत्पादन रहेकोछ। सोह्रौ योजनाले प्राविधिक जनसंख्याको उत्पादन ७० प्रतिशत बनाउने लक्ष राखेको छ ।विद्यमान अवस्थामा यो लक्ष्य हासिल गर्न कठिन देखिन्छ।

(९) विश्वविद्यालयको उत्पादन श्रम बजारको माग बमोजिम छैन। राष्ट्रिय रूपमै आवश्यक जनशक्तिको प्रक्षेपण भएको देखिँदैन। मुलुकमा चाहिने डाक्टर, इन्जिनियर, प्रशासक, सूचना प्रविधि विज्ञ, आदि के कति चाहिने हो? सोको आंकलन भएको छैन। मुलुकका लागि आवश्यक जनशक्ति प्रक्षेपण गरी सोही अनुसार विश्वविद्यालयको उत्पादन केन्द्रित गराउँनु पर्ने देखिन्छ।

(१०) विश्वविद्यालयका प्राध्यापकहरूको स्तरमा ठूलो भिन्नता रहेको छ। विश्वविद्यालयमा प्राध्यापनरत प्राध्यापकहरूको दक्षता र योग्यतामा ठूलो भिन्नता देखिन्छ ।कुनै विश्वविद्यालयमा विद्यावारिधि गरेका शिक्षक उप प्राध्यापकमा (उपसचिव सरह) कार्यरत छन् भने कुनै विश्वविद्यालयमा विशिष्ट श्रेणीको प्राध्यापक पदमा विद्यावारिधि नगरेको व्यक्ति कार्यरत छन्। यसले आपूर्ति पक्षको मानव संसाधनमा ठूलो भिन्नता भएको देखिन्छ । यसले उत्पादित विद्यार्थीको गुणस्तरमा पनि ठूलो विचलन ल्याएको छ ।

(११) उच्च शिक्षाको लागि विदेश जाने प्रवृत्ति तीव्र रूपमा बढेको देखिन्छ । देश भित्रको उच्च शिक्षा अन्तरराष्ट्रिय रूपमा प्रतिस्पर्धी हुन नसकेको र रोजगारीको पनि निश्चितता नभएका कारण उच्च शिक्षाका लागि प्रति वर्ष लगभग एक लाख विद्यार्थी देश बाहिर जाने गरेको देखिन्छ ।

(१२) विशिष्टीकृत सेवामा कोटा प्रणाली प्रत्युपादक वनेको छ। विशिष्टीकृत सेवा जस्तै डाक्टर (मानिसको अपरेशन गर्दछ), पाइलट (प्लेन उडाउछ), इञ्जिनियर(पुल वनाउछ) आदिमा कोटा प्रणाली वनाउदा उत्पादन ऋणात्मक वन्ने गरेको छ जस्तै अपरेशनमा मानिस मर्ने, पुल भत्किने, हवइजहाज दुर्धटनामा पर्ने आदि। दक्ष विद्यार्थीले पढ्न नपाउँदा विदेश पलायन हुने गरेको अवस्था छ ।

(१३) बजारको आवश्यकता बमोजिम प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त जनशक्ति न्यून रहेको छ।

शिक्षा क्षेत्रमा हुनुपर्ने सुधारहरू

शिक्षा तथा दक्षता विकासका लागि निम्न सुधार प्रस्ताव गरिएको छः

(१) नेपालमा शैक्षिक स्थितिको असमान वितरण भएको देखिन्छ ।साक्षरताको खाडल ३१.५४ प्रतिशत देखिन्छ।साक्षरता कम भएका स्थानमा शिक्षाको स्तर पनि कम भएको अनुमान लगाउन सकिन्छ।साक्षरता दर न्यून रहेका जिल्लाहरूमा साक्षरता र शैक्षिक स्तर उकास्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

(२) प्रवेशिका वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको जनसंख्या मात्र २२.१२ प्रतिशत देखिन्छ। प्रवेशिका मात्र पास गर्नेको संख्या ७.२६ प्रतिशत छ । शैक्षिक योग्यता न्यून रहेका श्रम शक्तिको उत्पादकत्व पनि न्यून रहन गएको हुन्छ। अतः प्रवेशिका पास गर्नेको संख्यामा उल्लेख्य वृद्धि गर्न आवश्यक छ । यसका लागि सर्व सुलभ माध्यमिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिने।

(३) नेपालमा सामुदायिक विद्यालय मध्ये ६० प्रतिशत विद्यालयमा विद्यार्थीको संख्या १०० भन्दा कम छ । एक हजार भन्दा माथि विद्यार्थी हुने सामुदायिक विद्यालयहरूको संख्या मात्र २.५७ प्रतिशत मात्र छ। सामुदायिक विद्यालयहरूमा विद्यार्थी धट्नुको प्रमुख कारण शिक्षाको गुणस्तर घट्नु रहेको छ। अतः सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउँन अङ्ग्रेजी र नेपाली माध्यमबाट निजी विद्यालय सरह पठन पाठन गराउने व्यवस्था मिलाउने।

(४) न्यून विद्यार्थी भएका उच्च माध्यमिक तहका स्कूलहरूलाई गाभी, गुण्स्तरीय शिक्षाको प्रबन्ध मिलाउन स्थानीय तहको सहकार्यमा छात्रावासको स्थापना गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने।

(५) सामुदायिक विद्यालयमा गणित, विज्ञान, अंग्रेजी विषयका शिक्षकको अभाव हटाउन र शिक्षाको गुणस्तरमा सुधार गर्न गणित, विज्ञान तथा अंग्रेजी, विषयको शिक्षक हुन सो विषयमै वि।एड। गरेको हुनुपर्ने प्रावधान हटाउने। अन्य संकायवाट स्नातक उत्तिर्ण गरि शिक्षा सेवामा प्रवेश गर्ने व्यक्तिलाई तीन महिने शैक्षिक-विधि (पेडागोजी) को तालिम दिने व्यवस्था मिलाउने। यस्तो तालिमको कार्यक्रम विश्वविद्यालयले सञ्चालन गर्ने व्यवस्था मिलाउन पनि सकिन्छ ।

(६) माध्यमिक तहको शिक्षालाई रोजगारी केन्द्रित बनाउँन माध्यमिक तहको पाठ्यक्रममा अनिवार्य रूपमा एउटा व्यावसायिक विषय राख्ने व्यवस्था गर्ने।

(७) नेपालमा केन्द्रिय विश्वविद्यालयहरूको संख्या १३ वटा पुगी सकेको तर ८० प्रतिशत विद्यार्थी त्रि.वि. मै केन्द्रित हुने तथा त्रि।वि। बाहेकका विश्वविद्यालयहरूले जनशक्ति उत्पादनमा उल्लेख्य योगदान गर्न नसकेको हुँदा न्यून विद्यार्थी हुने विश्वविद्यालय एक आपसमा गाभ्ने व्यवस्था गरी उत्पादन दक्षता बढाउने र प्रति एकाइ लागत घटाउने ।

(८) अभिष्ट अभिलक्ष प्राप्तिका लागि अभिष्ट विश्व विद्यालय स्थापना हुन जरुरी छ । स्थापना भएका विश्वविद्यालयलाई कुनै एक विषयको विशिष्टिकृत विश्वविद्यालयको रुपमा स्थापना गरी न्यूनतम कुनै एक विषयमा विशेष दक्षता हासिल गर्ने व्यवस्था मिलाउने।

(९) सोह्रौ योजनाले प्राविधिक जनशक्तिको उत्पादन ७० प्रतिशत बनाउने लक्ष राखेको सन्दर्भमा विश्व विद्यालयहरूको साधारण विषय तर्फको विद्यार्थी संख्या घटाई बजारको माग अनुकूल प्राविधिक विषयमा विद्यार्थी संख्या बढाउँदै जाने।

(१०) राष्ट्रिय रूपमा आवश्यक श्रमशक्ति मापन र बजार तादात्म्यता (राष्ट्रिय योजना आयोगले राष्ट्रिय रूपमै आवश्यक जनशक्तिको प्रक्षेपण गर्नु पर्दछ) हुने गरी विश्वविद्यालयहरूलाई जनशक्ति उत्पादन गरी आपूर्ति गर्न निर्देशित गर्ने। राष्ट्रिय आवश्यकता र बजारको माग अनुकूलको पाठ्यक्रम तैयार गर्न विश्वविद्यालयहरूलाई निर्देशित गर्ने।

(११) विश्वविद्यालय पिच्छे छुट्टा छुट्टै सेवा आयोग हुँदा प्राध्यापनरत शिक्षकको गुणस्तरमा ठूलो भिन्नता आएकोले एक स्वतन्त्र र निष्पक्ष विश्वविद्यालय सेवा आयोगको स्थापना गरी सबै विश्व विद्यालयहरूमा समान गुणस्तरका मानव संसाधनको आपूर्ति गर्ने व्यवस्था मिलाउने।

(१२) देश भित्रको उच्च शिक्षा अन्तरराष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाई श्रम बजारको माग अनुकूलको विद्यार्थी उत्पादन गरी उच्च शिक्षाका लागि वाहिर जाने प्रवृत्तिमा कमि ल्याउँने।

(१३) विशिष्टीकृत सेवामा कोटा प्रणाली खारेज गर्ने। विशिष्टीकृत सेवा जस्तै डाक्टर (मानिसको अपरेशन गर्दछ), पाइलट (प्लेन उडाउँछ), इन्जिनियर (पुल बनाउँछ) आदिमा कोटा प्रणाली बनाउँदा उत्पादन ऋणात्मक बनेको हुँदा कोटा प्रणाली खारेज गर्ने। शिक्षा जनताको मौलिक हक भएको हुँदा दक्षताको आधारमा वा प्रतिस्पर्धाको आधारमा उच्च अंक पाउने विद्यार्थीलाई दिने छात्रवृत्ति कायमै राख्ने। सकेसम्म सरकारी तह वाट सञ्चालित उच्च शिक्षा न्यून शुल्क बनाउने ।

(१४) प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिको उत्पादनमा विस्तार गर्ने ।

स्वास्थ्य क्षेत्र

स्थिति विश्लेषण

१ नेपालका स्वास्थ्य क्षेत्रका आधारभूत परिसूचक सकारात्मक देखिन्छन्। राष्ट्रिय जनगणना २०६८ मा नेपालको सरदर आयु ६६.६ वर्ष थियो भने राष्ट्रिय जनगणना २०७८ मा आई पुग्दा ७१.३ वर्ष पुगेको देखिन्छ ।नेपालको प्रजनन दर २०६८ सालमा २.६ रहेकोमा २०७८ मा १.९ मा झरेको छ । एक वर्ष मुनिका बालबालिकाको मृत्युदर प्रति हजारमा २०६८ मा ४६ रहेकोमा एक दशक पछि २०७८ मा १७ मा झरेको छ। अतः शिशु मृत्युदरमा उल्लेख्य सुधार भएको देखिन्छ । त्यस्तै पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर प्रति हजारमा २०६८ मा ५४ रहेकोमा एक दशक पछि २०७८ मा २२.९ मा झरेको छ। अतः वाल मृत्युदरमा उल्लेख्य सुधार भएको देखिन्छ । स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत २०६८ मा ३५.३ प्रतिशत रहेकोमा २०७८ मा यो संख्या बढेर ७९.३ प्रतिशत पुगेको छ । यसले सुरक्षित प्रसूतिको दरमा सुधार भएको देखिन्छ ।

रेखाचित्र नं. २३.१० आधारभूत स्वास्थ्य परिसूचकहरू



तथ्याङ्क स्रोत आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित रहेर आयोगले गरेको रचना

२ पूर्ण रूपमा खोप लगाउने बालबालिकाको प्रतिशत २०६८ सालमा ८७ प्रतिशत रहेकोमा २०७८ मा यो संख्या बढेर ८० प्रतिशत पुगेको छ । पूर्ण रुपमा खोप लगाउने बालबालिकाको प्रतिशत बाहेक अन्य परिसूचकमा राम्रो सुधार भएको देखिन्छ ।आधारभूत स्वास्थ्य परिसूचक रेखा चित्र नं. २३.९ मा देखाइएको छ ।

३ **नेपालमा स्वास्थ्यकर्मीहरुको संख्यामा वृद्धि भएको देखिन्छ**। सन् २०२३ सम्म आइपुग्दा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका मेडिकल चिकित्सक ३०,०२७, दन्त चिकित्सक ४,८८३ ,

एमडी।एमएस गरेका विशिष्टिकृत चिकित्सक ९,५८९ र एमडीएस गर्ने चिकित्सकको संख्या एक हजार पुगेको छ। यसरी कुल चिकित्सकको संख्या ४५,४९७ पुगेको छ।

रेखाचित्र नं. २३.११ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका स्वास्थ्य चिकित्सक



तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१

४ नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका नर्स तथा अनमी, नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी, नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएका स्वास्थ्यकर्मीको संख्यालाई रेखा चित्र नं. २३.११ मा देखाइएको छ। नेपाल नर्सिङ काउन्सिलमा २०८० मा दर्ता भएका नर्स विशेषज्ञ १,५०५, नर्स ८२,४७१, अनमी ३७,४२०, मिडवाइफ ६६, विदेशी नर्स ८४९ भएको देखिन्छ।२०८१ मा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी १५४,४४१, नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका स्वास्थ्य कर्मी ६,३१७ को संख्या २०७९ को तुलनामा बढेको देखिन्छ ।

रेखा चि. नं. २३.१२ NNC, NHPC र NAMC मा दर्ता भएका स्वास्थ्यकर्मी



तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित रहेर आयोगले गरेको रचना

द्रष्टव्य:
NNC= Nepal Nurshing Councile
NHPC=Nepal Health Professional Council
NAMC= Nepal Ayurvedic Medical Council

५ नेपालमा सरकारी तहबाट संञ्चालित स्वास्थ्य संस्था (सामुदायिक सहित) संख्या रेखा चित्र न.२३.१२ मा देखाइएको छ। नेपालमा कुल अस्पतालको संख्या २१५ छ । प्राथमिक स्वास्थ्य केन्द्रको संख्या २०१ छ । प्राथमिक स्वास्थ्य चौकीहरूको संख्या ३,८२० छ । आयुर्वेदिक औषधालयको संख्या ४२६ छ। उप स्वास्थ्य चौकी ३,१९६ वटा छन् । जस अनुसार कुल स्वास्थ्य सेवा प्रदायक ७,८५८ संस्था सञ्चालित छन्। नेपालमा ७५३ स्थानीय तह छन्, प्रति स्थानीय तहको भागमा ०.२८५ अस्पताल पर्छन् । यसरी हेर्दा अस्पतालको संख्या अपुग देखिन्छ । अधिकांश गाउपालिका स्वास्थ्य चौकी वा उप स्वास्थ्य चौकीमै सीमित हुनु परेको छ ।

६ हाल नेपालमा पाँच वटा शिक्षण अस्पतालहरू सरकारी स्तरमा सञ्चालित छन्, त्रि। वि। शिक्षण अस्पताल, नेपाल चिकित्सा विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, र वी।पी। कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान । रोगसँग सम्बन्धित १८ वटा अस्पतालहरू सञ्चालित छन् , जस्तै पाटन मानसिक अस्पताल, कान्ति वाल अस्पताल, आदि

७ राष्ट्रिय स्वास्थ्य नीति (१९९१) विशिष्टिकृत सेवा प्रदान गर्नका लागि केन्द्रीय तहमा ११ वटा अस्पताल निर्माण गरिएका छन् । वीर अस्पताल, कान्ति वाल अस्पताल, शुक्रराज ट्रपिकल तथा इन्फेक्सियस अस्पताल, टेकु, नरदेवी आयुर्वेदिक केन्द्रीय अस्पताल, नरदेवी, सिभिल अस्पताल, मानभवन आदि। यी सबै अस्पताल काठमाडौँमा अवस्थित छन्।

८ राष्ट्रिय स्वास्थ्य नीति (१९९१)का अनुसार एक जिल्लामा न्यूनतम एक अस्पताल निर्माण गर्ने नीति अनुरूप हरेक जिल्लामा जिल्ला अस्पताल निर्माण गरियो । यसमा क श्रेणीका १५, ख श्रेणीका २३, ग श्रेणीका १६ र घ श्रेणीका १ वटा अस्पताल संचालित छन् ।

९ नेपाल सरकारले प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने नीति लिएको छ । हालसम्म ४६२ स्थानीय तहमा अस्पताल निर्माणको लागि डीपीआर। तैयार भएको छ । चालु आर्थिक वर्षको फागुन सम्ममा छ वटा आधारभूत अस्पतालहरूको निर्माण कार्य सम्पन्न भएको छ ।

रेखा चित्र नं. २३.१३ सरकारी तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरू, २०२४



तथ्याङ्क स्रोतःआर्थिक सर्वेक्षण २०८०/८१

१० हाल १५ शय्याका अस्पताल १३ स्थानमा सञ्चालित छन्। चन्द्रनिगाहापुर, वुर्तिवाङ, वाग्लुङ, रामपुर, वाणगङ्गा, मेहलकुना, टिकापुर, रत्ननगर, वर्दिवास, पोखरीया। कटारी, मेथिनकोट, रुम्जाटार र मनिखेलमा १५ शय्याका अस्पताल छन्।

११ हाल नेपालले ५, १०, १५ शय्याका आधारभूत अस्पतालको स्थापना गर्ने नीति लिएको छ । पाँच शय्याको आधारभूत अस्पतालमा मेडकिल अफिसर १, हेल्थ असिस्टेन्ट ३, स्टाफ नर्स ४, कविराज १, ल्याव टेक्निसियन १, फार्मेसी १, डेण्टल हाइजिनिस्ट १, रेडियोलोजिस्ट १, नासु १, अफिस सहयोगी ३ र सरसफाइ १ गरी कुल १८ जनाको दरबन्दी रहने व्यवस्था छ ।

१२ त्यस्तै १० शैयाको आधारभूत अस्पतालमा मेडकिल अफिसर २, हेल्थ असिस्टेन्ट ३, स्टाफ नर्स ५, कविराज १, ल्याव टेक्निसियन १, फार्मेसी १, डेण्टल हाइजिनिस्ट १, रेडियोलोजिस्ट १, नासु १, अफिस सहयोगी ४ र सरसफाइ २ गरी कुल २२ जनाको दरवन्दी रहने व्यवस्था छ ।

१३ त्यस्तै १५ शय्याको आधारभूत अस्पतालमा सिनियर मेडिकल जेनरालिष्ट १, मेडकिल अफिसर २, हेल्थ असिस्टेन्ट ४, स्टाफ नर्स ६, कविराज १, ल्याव टेक्निसियन १, फार्मेसी १, डेण्टल हाइजिनिस्ट १, एनेस्थेसिया एनालिक्ष्ट १, रेडियोलोजिस्ट १, अप्थाल्मीक एसिस्टेन्ट १, नासु १, अफिस सहयोगी ६ र सरसफाइ ३ गरी कुल ३० जनाको दरवन्दी रहने व्यवस्था छ ।

१४ सरकारी तहबाट सञ्चालित स्वास्थ्य संस्थामा रहेको प्राविधिक मानव संसाधन रेखा चित्र नं २३.१३ मा देखाइएको छ ।

रेखा चित्र नं.२३.१४ सरकारी स्वास्थ्य संस्थामा प्रविधिक मानव संसाधन कुल १०२,६८६ जना)



तथ्याङ्क स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१ मा आधारित रहेर आयोगले गरेको रचना

१५ सन् २०२४ सम्म सरकारी स्वास्थ्य संस्थामा डाक्टरको संख्या ६,२०१, नर्सको संख्या २७,६९८, कविराजको संख्या ६८४, वैद्यको संख्या ६९३, हेल्थ एसिस्टेन्टको संख्या १५,९८७, महिला जन

स्वास्थ्य स्वयं सेविका ५१,४२३ रहेको छ ।सरकारी स्वास्थ्य क्षेत्रले कुल १०२,६८६ स्वास्थ्य कर्मीलाई रोजगारी प्रदान गरेको छ । मेडिकल काउन्सिलमा दर्ता भएका ३०,०२७ चिकित्सकहरू मध्ये ६,२०१ सरकारी संस्थामा काम गरेको देखिन्छ। लगभग २०.६ प्रतिशत चिकित्सकहरू सरकारी संस्थामा काम गरेको देखिन्छ ।

१६ केही वर्ष यता स्वास्थ्य बीमामा आबद्ध हुनेको संख्यामा वृद्धि हुँदै गएको छ । आ. व. २०७९/८० मा बिमित परिवार २२ लाख १३ हजार, विमित जनसंख्या ७२ लाख १५ हजार ,र स्वास्थ्य बीमावाट सेवा लिनेको संख्या ३१ लाख १७ हजार भएको थियो। आ. व. २०८०/८१ को फाल्गुण सम्ममा यो संख्या वढेर विमित परिवार २३ लाख ९५ हजार, विमित जनसंख्या ७७ लाख २७ हजार र स्वास्थ्य विमा वाट सेवा लिनेको संख्या ३६ लाख २१ हजार पुगेको देखिन्छ ।

स्वास्थ्य क्षेत्रका समस्याहरू

स्वास्थ्य क्षेत्रमा निम्न समस्या देखिएका छन्: समस्याहरू

(१) जनगणना २०७८ (२०२१) अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ भने मेडिकल काउन्सिलमा दर्ता हुने चिकित्सकको संख्या ३० हजार २७ रहेको छ । अतः प्रति चिकित्सक९७१ जनसंख्या पर्न आउँछ । सरकारी संस्थामा कार्यरत मेडिकल चिकित्सकको संख्या समेत गणना गर्ने हो भने प्रति चिकित्सक ४ हजार ६ सय ८८ जनसंख्या पर्न आउछ । अतः हालको चिकित्सकले मात्र समग्र देशको स्वास्थ्यको मागलाई परिपूर्ति सक्दैनन्। सन् २०२१ मा संसार औसत लिदा प्रति हजार जनसंख्यामा १.७ चिकित्सक पर्छन्। बेलायतको तथ्याङ्क मा प्रति हजार जनसंख्यामा ३.१८ चिकित्सक पर्दछन, चीनमा हेर्दा प्रति हजार जनसंख्यामा ३.४ चिकित्सक पर्छन् तर नेपालमा मेडिकल काउन्सिलमा दर्ता हुने चिकित्सकको संख्या लिंदा यो आँकडा १.०२ छ । अतः नेपालमा आवश्यक चिकित्सकको जनसंख्या कम छ ।

(२) नेपालमा विशिष्टिकृत सेवा प्रदान गर्ने केन्द्रीय अस्पतालहरू काठमाडौंमा मात्र सीमित छन् । शिक्षण अस्पताल मध्ये पनि वी।पी। कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान वाहेक सवै काठमाडौंमा मात्र सीमित छन् । रोगसँग सम्बन्धित अधिकांश अस्पतालहरू पनि काठमाडौंमा नै केन्द्रित छन् । हाल नेपाल सङ्घीय संरचनामा गैसकेको, हरेक प्रदेशमा न्यूनतम एक सुविधा सम्पन्न अस्पतालको आवश्यक पर्दछ तर सो भएको देखिदैन । बागमती प्रदेश वाहेक अन्य प्रदेशमा यो सुविधा देखिदैन ।

(३) नेपाल सरकारले प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने नीति लिएको छ । हालसम्म ४ सय ६२ स्थानीय तहमा अस्पताल निर्माणको लागि डीपीआर तैयार भएको छ । चालू आर्थिक वर्षको फागुन सम्ममा ६ वटा आधारभूत अस्पतालहरूको निर्माण कार्य सम्पन्न भएको छ ।(आर्थिक सर्वेक्षण,२०८१)। यसको लागि ठूलो धन राशिको आवश्यकता पर्दछ।

कतिपय पालिकाहरुमा पहिले देखि नै सुविधा सम्पन्न अस्पताल निर्माण भैसकेका छन्, कतिपयका निकट स्थानमा सुविधा सम्पन्न अस्पताल छन् । यी यस्ता ठाउँहरूमा निर्माण भैरहेका आधारभूत अस्पतालहरूको औचित्य प्रमाणित गर्न कठिन छ।

(४) नेपालमा आयुर्वेदिक औषधालयहरु मात्र ४ सय २६ छन् । नेपालमा प्राकृतिक तथा आयुर्वेद चिकित्सा प्रणालीको विकास आधुनिक स्वास्थ्य प्रणालीको हाराहारीमा हुन सकेको छैन।

(५) नेपालमा मेडिकल काउन्सिलमा दर्ता हुने डाक्टर मध्ये अधिकाँश विदेश जाने गर्दछन् ।यसले देशमा उपलव्ध प्रभावकारी चिकित्सकको संख्या अझ झन घटाएको छ। अकोतर्फ मुलुकले लगानी गरी उत्पादन गरेको दक्ष जनशक्ति विदेश पलाएनहुँदा स्वास्थ्य क्षेत्रको लगानीको प्रतिफल न्यून बन्न पुगेको छ।

(६) जिल्ला स्थित अस्पतालहरूमा चिकित्सक जान नमान्ने, गए पनि तुरुन्तै फर्कने, केवल सहरमा मात्र बस्न खोज्न जस्ता प्रवृत्तिले सेवा कार्य प्रभावकारी बन्न सकेको छैन। जिल्ला स्थित अस्पतालहरूमा दक्ष चिकित्सकको अभाव देखिन्छ ।

(७) **निजी क्षेत्रमा चिकित्सा क्षेत्रको शुल्क चर्को छ**। एमविविएसको शुल्क रु. ६० लाख माथि छ। सरकारी क्षेत्रमा पनि शुल्क तिरेर पढ्ने सिटहरू महङ्गो छ। रोजगार प्राप्त हुँदा पाउने औसत मासिक तलव भत्ता न्यून रहेको हुँदा लगानी र प्रतिफलको तालमेल बन्न सकेको छैन ।

(८) स्वास्थ्य क्षेत्रको उपकरण खरिद अधिकतर विवादमा आउने गरेको पाइन्छ ।

(९) स्वास्थ्य विमा सेवा दहोरिएको देखिन्छ र छरिएको पनि छ। नेपाल सरकारको स्वास्थ्य विमा, सेवामा कार्यरत कर्मचारीको जीवन विमा, त्रि।वि।को स्वास्थ्य विमा, कर्मचारी संचयकोषको स्वास्थ्य विमा आदि। स्वास्थ्य बीमा कार्यक्रमका लागि नेपाल सरकारले अर्बौं रुपिया तिर्न पनि वाकि छ । अतः यसको मोडालिटीमा समस्या देखिन्छ ।

स्वास्थ्य सुधारका लागि सुझावहरू

स्वास्थ्य क्षेत्रमा सुधारका लागि निम्न सुझाव प्रस्तुत छन्:

(१) प्रति हजार जनसंख्यालाई उपलब्ध डाक्टरहरूको संख्या नेपालमा न्यून छ। अतः नेपालको स्वास्थ्य नीति चिकित्सकहरूको उत्पादन बढाउने तर्फ केन्द्रित गर्ने।

(२) बागमती वाहेक अन्य प्रदेशहरूमा सुविधा सम्पन्न अस्पतालको अभाव देखिन्छ ।गम्भीर प्रवृत्तिको रोग लागेमा काठमाडौं आउन नपाउँदै बिरामीहरूको मृत्यु हुने गर्दछ। अतः अन्य छ प्रदेशहरूमा एक एक वटा सुविधा सम्पन्न अस्पतालको निर्माण गर्ने।

(३) नेपाल सरकारले प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने नीति लिएको छ । ५, १० र १५ शय्याका अस्पताल निर्माण र सञ्चालन हालको संरचनामा केही पुनर्संरचना आवश्यक देखिन्छ ।उदाहरणको लागि तिलोत्तमा नगरपालिकामा १५ शय्याको अस्पताल सञ्चालनमा छ तर मानिसहरू करिब १०—१५ मिनेटको यात्राबाट सुविधा सम्पन्न बुटवलका

अस्पतालहरूमा उपचारको लागि जाने गरेको देखिन्छ । पहिले देखि नै सुविधा सम्पन्न अस्पताल निर्माण भैसकेका पालिकाहरुमा र पालिकाको निकट दरीमा सुविधा सम्पन्न अस्पताल भएमा यस्ता ठाउँहरूमा आधारभूत अस्पताल निर्माण आवश्यक नदेखिएकोले उक्त नीति पुनरावलकोन गर्ने।

(४) नेपालमा प्राकृतिक तथा आयुर्वेद चिकित्सा प्रणालीको विकास आधुनिक स्वास्थ्य प्रणालीको हाराहारीमा हुन आवश्यक छ। एकातिर यसले परम्परागत उपचार पद्धतिको संरक्षण गर्दछ भने केही रोगहरूमा आयुर्वेद चिकित्सा प्रणाली बढी प्रभावकारी पनि देखिन्छ ।

(५) मेडिकल काउन्सिलमा दर्ता हुने डाक्टरहरू मध्ये अधिकांश विदेश जाने गर्छन् ।यसले देशमा उपलब्ध प्रभावकारी चिकित्सकको संख्या अझ झन् घटाएको छ । देशमै बस्ने वातावरणका लागि, निजी क्षेत्रमा सञ्चालित स्वास्थ्य संस्थाहरूले न्यून तलव दिने गरेको सुनिएको हुँदा निरन्तर अनुगमन गरी सरकारी दर भन्दा न्यून गर्न नपाइने व्यवस्था मिलाउन जरुरी छ। छात्रवृत्तिमा सरकारी कलेजमा वा निजी कलेजमा पढ्ने विद्यार्थीलाई अनिवार्य ५ वर्ष देशमै सेवा गर्नु पर्ने कानूनी व्यवस्था गर्ने।

(६) स्वास्थ्य शिक्षामा लगानी र प्रतिफल बीच तादात्म्यता छैन। लगानी र प्रतिफल मिलाउनका लागि या शिक्षण शुल्क कम गर्नु पर्दछ या तलव मानमा वृद्धि गर्नु पर्दछ या दुवै बाटो अपनाउन सकिन्छ ।

(७) स्वास्थ्य प्राविधिक जनशक्तिको बढुवा गर्दा वा स्थायी नियुक्ति दिँदा दुर्गम क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिई छनौट गर्ने व्यवस्था गर्ने।

(८) स्वास्थ्य क्षेत्रको उपकरण खरिद अधिकतर विवादमा आउने गरेको पाइन्छ। अतः खरिदका लागि सो सँगका विशेषज्ञहरू भएको एक छुट्टै निकाय खडागरी खरिद गर्ने व्यवस्था गर्ने।

(९) दोहरिएको र छरिएको स्वास्थ्य बीमा सेवा एक द्वार प्रणाली लागू गरी व्यवस्थित गर्ने। न्यूनतम आयको सीमा तोकी सो भन्दा न्यून आय भएकालाई बीमाको प्रिमियम तिर्न नपर्ने तर सामाजिक सुरक्षा कर तिर्न पर्ने र सिमा भन्दा माथि भएकाले प्रिमियम तथा कर दुवै तिर्न पर्ने कानूनी व्यवस्था गर्ने।

(१०) चिकित्सा विज्ञान सम्बन्धी छात्रवृत्ति योग्यता (मेरिट) मा आधारित गर्ने र कोटा सिस्टम खारेज गर्ने । योग्यतामा छात्रवृत्तिले गुणस्तरीय चिकित्सकहरूको उत्पादन बढ्नेछ । दिमागको भरमा चिकित्सक बन्ने प्रचलन बढ्ने छ।

(११) स्थानीयबाट प्रदेश तथा प्रदेशबाट सङ्घीय अस्पतालमा अनिवार्य रिफरल प्रणाली अवलम्बन गर्ने। हाल भएको कार्यविधिमा सामयिक परिमार्जनसहित प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने ।

परिच्छेद २४

बसाईँ सराइ तथा युवा पलायन

स्थिति विश्लेषण

१ बसाईँ सराइ मानव सभ्यता जतिकै पुरानो छ। मानवले आफ्नो र परिवारको सुरक्षा र सहज तथा उन्नत जीवनका लागि थात थलो छोड्ने प्रचलन रहँदै आएको छ। मानव सभ्यताको आधुनिक इतिहासमा बसाईँ सराईँ कामको खोजिमा र नयाँ अवसरका लागि हुने गरेको छ। वैश्विकरणको तीव्रता सँग सँगै संसारभर आफ्नो देश बाहिर लाभदायक रोजगारीका अवसर खोज्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। विकसित र आर्थिक रुपमा सम्पन्न मुलुकमा जनशक्तिको न्यूनता र आकर्षक कमाई तथा स्रोत मुलुकमा रोजगारीका अवसरहरुको न्यूनता र न्यून ज्यालादर तथा तलबका कारण आफ्नो देश बाहिर रोजगारीका लागि जाने व्यक्तिहरुको संख्या दिन प्रतिदिन बढिरहेको छ।

२ संयुक्त राष्ट्र संघको पछिल्लो तथ्याङ्क अनुसार विश्वभर हाल करिब २८ करोड व्यक्तिहरुले अन्तर्राष्ट्रिय बसाईँ सराईँ गरेका छन् जुन विश्व जनसंख्याको ३.६ प्रतिशत हुन आउँछ। उक्त संख्यामा द्वन्द्वका कारण मुलुक छोड्ने देखि रोजगारीका लागि मुलुक छोड्ने लगायतका सबै खालका व्यक्तिहरुको संख्या रहेको छ। तथापी रोजगारीका लागि वसाईँ सराईँ गर्नेकै संख्या ठूलो रहेको छ। विश्व आप्रवासन संगठनका अनुसार सन् सन् २००० मा १५ करोड व्यक्तिहरुले अन्तराष्ट्रिय वसाईँ सराईँ गरेकोमा यस्तो संख्या २०२४ मा २८ करोड १० लाख पुगेको छ। जसमध्ये वैदेशिक रोजगारीमा जानेको संख्या १६ करोड ९० लाख रहेको छ।

३ संसारभर नै वैदेशिक रोजगारी परिवार, समाज र राष्ट्रहरुको आर्थिक सामाजिक समस्याको तात्कालिक हल बन्न पुगेको छ। यसले स्रोत मुलुकको अर्थतन्त्रलाई टेवा पुर्याएको छ भने कतिपय मुलुकमा गरिबी निवारणमा समेत उल्लेखनीय योगदान गरेको छ। सन् २०२२ मा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुले कूल ८३१ अर्ब अमेरिकी डलर बराबरको रेमिट्यान्स आफ्नो मुलुकमा पठाएको देखिन्छ। यस्तो रकम २००० मा १२४ अर्ब अमेरिकी डलर मात्र थियो। यसले वैदेशिक रोजगारीको महत्व समेत दर्शाउँछ। जसमध्ये न्यून तथा मध्यम आय भएको मुलुकमा ६४७ अर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स गएको देखिन्छ।

४ नेपालको पछिल्लो जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार मध्ये २१ लाख ६९ हजार जना व्यक्तिहरु विदेशमा रहेका छन्। जुन कुल जनसंख्याको करिब ७.४३ प्रतिशत हुन आउँछ। २०६८ को जनणगनामा यस्तो संख्या १९ लाख २१ हजार रहेकोमा यसमा करिब १३ प्रतिशतले वृद्धि मएको देखिन्छ। यसमध्ये अधिकांश व्यक्तिहरु वैदेशिक रोजगारीका लागि विदेशमा गएको विश्वास गरिएको छ। विदेशमा रहेका मध्ये १७ लाख ६३ हजार (८१।२८ प्रतिशत) पुरुष र ४ लाख ६ हजार महिला (१८.७२ प्रतिशत) रहेका छन्। २०६८ को जनगणनामा विदेशमा रहेका मध्ये १६ लाख ८४ हजार (८७.६४ प्रतिशत)पुरुष र २ लाख ३७ हजारमहिला

(१२.३६ प्रतिशत) रहेका थिए । २०६८ को तुलनामा २०७८ सालको जनगणनामा विदेशमा रहने महिलाको संख्यामा ७१.०९ प्रतिशतको उच्च वृद्धि भएको देखिन्छ। यसले नेपाली महिलाहरुको श्रम सहभागिता दरमा उल्लेखनीय वृद्धि भएको देखाउँछ। जुन सामाजिक दृष्टिकोणबाट समेत सकारात्मक विषय हो। भोगौलिक क्षेत्र अनुसार तराईबाट १० लाख ६५ हजार, पहाडबाट ९ लाख ८४ हजार र हिमालबाट १ लाख १८ हजार व्यक्ति नेपाल बाहिर गएको देखिन्छ। नेपालबाट विदेश जाने मध्ये अधिकांश व्यक्तिहरु वैदेशिक रोजगारीका लागि नै गएको देखिन्छ।

५ नेपालमा कामको खोजिमा मुलुक बाहिर जाने प्रचलन निकै पुरानो हो। कामको खोजिमा पूर्वोत्तर भारत लगायत भारतका विभिन्न स्थान र बर्मामा पशुपालन र खेतिका लागि जाने प्रचलन निकै नै पुरानो हो। प्रथम र दोस्रो विश्व युद्धमा सेनाको रुपमा वेलायती सेनामा भर्ती भई जाने व्यक्तिलाई लाहुरे भन्ने गरिएको थियो। भारतका विभिन्न स्थानमा वैदेशिक रोजगारीका लागि जाने प्रचलन विद्यमान रहेकै छ। हाल वैदेशिक रोजगारीको स्वरुप र प्रवृत्ती भने फेरिएको छ। वैदेशिक रोजगार ऐन, २०४२ जारी भएसँगै वैदेशिक रोजगारी संस्थागत तवरमा सुरु भएकोमा सन् १९९० को दशकमा राहदानीको विकेन्द्रित र सरल व्यवस्था लागू भएसँगै तेस्रो मुलुकमा कामको खोजिमा जाने नेपाली नागरिकहरुको संख्या बढ्न थालेको देखिन्छ।

६ नेपालमा आन्तरिक रोजगारीका बजार संकुचित हुँदै गएको र मुलुकमा द्वन्द्वका कारण समेत वैदेशिक रोजगारीमा जानेको संख्या दिनानुदिन बढ्दै जान थालेको सन्दर्भमा सरकारले वैदेशिक रोजगारी व्यवस्थित गर्न नीतिगत, कानूनी र अन्य सुधार गरेको देखिन्छ। सरकारले वैदेशिक रोजगार ऐन, २०४२ लाई खारेज गरी वैदेशिक रोजगार ऐन, २०६४ जारी गरेको तथा वैदेशिक रोजगार नै हेर्ने गरी २०६५ सालमा वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड स्थापना गरेको थियो। त्यसैगरी नेपाली कामदारहरुको प्रमुख गन्तव्य मुलुकमा दुतावास स्थापना गर्नेदेखि नियोगहरुमा श्रम सम्बन्धी विषय हेर्ने गरी कर्मचारी डेस्क राख्ने क्रम सुरु भयो। नीतिगत रुपमा पनि सरकारले वैदेशिक रोजगारी व्यवस्थित गर्न गरेका प्रयासहरुले नजानिदो किसिमले वैदेशिक रोजगार प्रवर्द्धन हुन पुग्यो। वार्षिक बजेटबाट नै वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई सहुलियतपूर्ण रुपमा कर्जा उपलब्ध गराउँने र सरकारी तवरमा नै वैदेशिक रोजगारीका लागि व्यक्ति पठाउन अन्य कार्यक्रम सञ्चालन गर्नेदेखि कार्यालय नै स्थापना गर्ने नीतिबाट पनि वैदेशिक रोजगारीमा जान आम यूवाहरुमा प्रोत्साहन पुगेको देखिन्छ।

७ आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीका जान नयाँ श्रम स्वीकृति लिने व्यक्तिहरुको संख्या ४ लाख ६० हजार रहेको छ वर्ष यस्तो संख्या अघिल्लो आर्थिक वर्ष ४ लाख ९८ हजार रहेको थियो। आर्थिक वर्ष २०६५/६६ देखि २०७८/७९ सम्म प्रत्येक वर्ष औसतमा ४ लाख ७० हजार नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ। आर्थिक वर्ष २०७०/७१ मा सबैभन्दा उच्च संख्या करिब ५ लाखले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएको र २०७२ मा नेपालमा संविधान जारी भएबाट मुलुकमा विद्यमान राजनैतिक अस्थिरता र त्यसले आम यूवाहरुमा

भविष्य प्रति उत्पन्न भएको निराशा वैदेशिक रोजगारी जान उत्प्रेरित गर्ने तत्वको रुपमा रहेको देखिन्छ। आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०८०/८१ सम्म झण्डै करिब ३३ लाख व्यक्तिहरुले श्रम स्विकृति नविकरण गरेको देखिन्छ। यसबाट वैदेशिक रोजगारीमा गएर आफ्नो करार अवधि व्यथित भएर नेपाल फर्किएका व्यक्तिहरु पुनः वैदेशिक रोजगारीमा जाने प्रवृत्ति रहेको देखिन्छ। यसले नेपालमा रोजगारी पाइन्छ वा स्वरोजगारी सिर्जना गर्न सकिन्छ भन्नेमा विदेशबाट केही सीप र पुँजी लिएर आएका व्यक्तिहरु समेत आश्वस्त हुन सकेको देखिदैन।

८ नेपाल सरकारले विश्वका १११ मुलुक संस्थागत रुपमा वैदेशिक रोजगारीका लागि खुला गरेको छ। व्यक्तिगत तवरमा भने थप मुलुकमा जान मिल्ने व्यवस्था रहेको छ। हाल वैदेशिक रोजगार विभागबाट स्वीकृत लिएर विश्वका १५० मुलुकमा नेपालीहरु रोजगारीमा गएका छन्। तथापि गल्फ कोअपरेसन काउन्सिलका ६ मुलुकहरु बहराइन, कुबेत, ओमान, कतार, साउदी अरेबीय र यूनाटेड अरब इमिरेट्स तथा मलेशियामा वैदेशिक रोजगारीमा गएका मध्ये झण्डै ८० प्रतिशत रहेका छन्।

९ नेपालबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या बढेसँगै रेमिट्यान्समा उच्च वढोत्तरी भएको देखिन्छ। उदाहरणका लागि आर्थिक वर्ष २०४७/४८ मा रु. २अर्ब १० करोड रहेकोमा २०८०/८१ मा रु. १४ खर्ब ४५ अर्ब ३२ करोड रहेको छ। रेमिट्यान्स नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार बनेको छ। यसले अर्थतन्त्रलाघ महत्वपूर्ण टेवा दिनुका साथै वैदेशिक मुद्राको प्रमुख स्रोतको रुपमा स्थापित भएको छ। नेपालको ३ घर परिवार मध्ये एकले विदेशबाट रेमिट्यान्स प्राप्त गर्ने अध्ययनले देखाएको छ। रेमिट्यान्सका कारण घरपरिवारको उपभोग समेत बढेको छ। घरपरिवारको स्वास्थ्य, शिक्षा जस्ता सेवामा पहुँच बढेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको अध्ययनले रेमिट्यान्सका कारण २०५२ मा ४२ प्रतिशत रहेको गरिबी २५ प्रतिशतमा झार्नमा उल्लेखनीय योगदान पुर्याएको देखाएको छ।

१० रेमिट्यान्सले वित्तीय क्षेत्रको विकासमा, पुँजी निर्माणमा समेत योगदान गरेको अध्ययनहरुले देखाएको छ। तथापी कुल रेमिट्यान्सको साह्रै सानो अंश मात्र पुँजी निर्माणमा उपयोग भएको देखिन्छ। नेपाल राष्ट्र बैंकका अनुसार रेमिट्यान्सको ७० प्रतिशत वैदेशिक रोजगारमा जाँदा लिएको ऋण चुक्ता गर्न र परिवारको दैनिक आवश्यकता पूर्तीका लागि उपयोग हुने गरेको, ३.५ प्रतिशत मात्र पुँजी निर्माण र लगानीमा गएको देखिएको छ। वैदेशिक रोजगारमा जाने व्यक्ति र परिवारमा वित्तीय साक्षरताको न्यूनता उद्यमशीलताको अभाव र संस्थागत प्रबन्धको अभावमा समेत पुँजी निर्माणमा न्यून उपयोग भएको देखिन्छ। नेपाल सरकारले रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न केही नीतिगत व्यवस्था गरेको छ। वैदेशिक रोजगार बचत पत्र, कम्पनीको IPO मा वैदेशिक रोजगारमा जानेलाई कोटा र हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट तथा डेभेलोपमेन्ट कम्पनी लिमिटेडको सहायक कम्पनीको रुपमा रेमिट हाइड्रोमा रेमिट्यान्सको रकम लगानी केही उदाहरण हुन्। यद्यपि यी प्रयासले वाञ्छित नतिजा हासिल गर्न भने सकेको देखिँदैन।

नेपालबाट वैदेशिक रोजगारीमा जानुका कारण

११ नेपालमा १९९० को दशकमा अर्थतन्त्रको आकार सानो रहेको र कृषि बाहेक अन्य क्षेत्रहरु अपेक्षित रुपमा विकास हुन नसकेको सन्दर्भमा कृषि क्षेत्रमा बचत भएको श्रम शक्ति कृषि क्षेत्रबाट विस्थापित हुने तर सो अनुरुप अन्य क्षेत्रमा समायोजन हुन नसक्दा वैदेशिक श्रम बजारमा जाने क्रम बढेको देखिन्छ।

१२ मुलुकमा २०५२ सालबाट सुरु भएको माओवादि द्वन्दका कारण समेत वैदेशिक रोजगारीमा जाने क्रमलाई बढावा मिलेको देखिन्छ। तत्कालिन समयमा द्वन्द्व वैदेशिक रोजगारीको प्रमुख push Factor रहेको देखिन्छ। द्वन्द समाप्ति पश्चात मुलुकमा विद्यमान राजनैतिक अस्थिरता र सुशासनको कमजोर अवस्थाले समेत वैदेशिक रोजगारी प्रवर्द्धन भएको देखिन्छ। २०६३ मा मुलुकमा शान्ति सम्झौता भइसकेपछि वैदेशिक रोजगारीमा जाने संख्यामा तीव्र बढोत्तरी भएबाट उक्त तथ्य पुष्टि हुन्छ। मुलुकमा शासन व्यवस्था कमजोर रहेका कारण भविष्य प्रति आश्वस्त हुन नसकेका कारण समेत वैदेशिक रोजगारी अगाल्ने व्यक्तिहरुको संख्या बढिरहेको छ।

१३ नेपालमा श्रमिकको उत्पादकत्व न्यून हुनु पनि वैदेशिक रोजगारीमा आकर्षिक हुनुको अर्को कारण हो। नेपालमा औद्योगिक तथा सेवा क्षेत्रमा समेत श्रमिकको उत्पादकत्व न्यून रहेको कारण समेत वैदेशिक रोजगारीमा जानेको संख्या बढेको देखिन्छ। समान खालको कामको लागि नेपालको तुलनामा उच्च ज्यालादर रहनुले पनि श्रमिकहरुलाई वैदेशिक रोजगारीमा आकर्षिक गरेको देखिन्छ। साना तथा मझौला उद्यम तथा व्यवसायमा उत्पादत्व न्यून रहेका कारण समेत यस्ता उद्यम र व्यवसाय बन्द हुने र वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ।

१४ राज्यले वैदेशिक रोजगारीलाई प्रश्रय दिएका कारण समेत वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। वैदेशिक रोजगारमा जानेलाई सहज रुपमा ऋण उपलब्ध गराउँने, वैदेशिक रोजगारी प्रवर्द्धनका लागि सरकारी निकाय नै खडा गर्ने कार्यले समेत यसमा मलजल गरेको देखिन्छ। उदाहरणका लागि नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगार सम्बद्ध कानूनमा परिमार्जन, सीपसहितको रोजगारीको सुनिश्चितता, निःशुल्क अभिमुखीकरण तालिम, श्रम सम्झौता पुनरावलोकनका साथै थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी, वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैंक खाता खोल्न र सोही खातामार्फत स्वदेशमा विप्रेषण ल्याउन प्रोत्साहन गर्ने, रिटनी उद्यमशीलता कार्यक्रम कार्यान्वयन गरिने जस्ता व्यवस्था समावेश छ।

१५ नेपालमा श्रमिकहरुको लागि सामाजिक सुरक्षाको व्यवस्था कमजोर भएका कारण समेत वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। सरकारबाट तोकिएको श्रमिकको न्यूनतम ज्यालाले परिवारको खर्च धान्न नै मुस्किल हुनु, सामाजिक सुरक्षाका अन्य उपायहरु शुन्य बराबर रहनु र रोजगारीबाट हुने आर्जनबाट जीवनका आधारभूत आवश्यकता समेत धान्न नसकिने भएबाट समेत लाभदायक रोजगारीका

लागि विदेशिने क्रम बढेको देखिन्छ। नेपाली श्रमिकहरुको गरिबीको दर उच्च रहेको कारण पनि वैदेशिक रोजगारीमा जान थप प्रेरित भएको देखिन्छ।

१६ समग्र भौतिक पूर्वाधारको कमजोर अवस्था, मानव संशाधन विकासको न्यून स्तर, प्राविधिक शिक्षाको कमिका कारण समेत मुलुकभित्र रोजगारीका अवसर संकुचित भएको देखिन्छ। मुलुकको अर्ततन्त्रको विस्तार अपेक्षाकृत हुन नसक्दा श्रम शक्तिले स्वेदश भित्र काम पाउँने संभावनाको न्यूनताका कारण वैदेशिक रोजगारी नै विकल्पको रुपमा विकास भएको देखिन्छ।

१७ वैदेशिक रोजगारीमा जाने संख्या बढ्नुको पछाडी प्रदर्शन प्रभावले समेत काम गरेको छ। विदेशमा जानु नै ठूलो उपलब्धी मान्ने व्यक्तिहरुको संख्या बढ्नु, स्वदेशमा काम गर्ने, नेपाल मै बस्छु भन्ने व्यक्तिहरुलाई केही गर्न नसकेको व्यक्तिको रुपमा चित्रण गर्ने भावना विकास हुनु जस्ता कारण समेत विदेश जाने संख्या बढेको देखिन्छ। नेपालमा विदेश जाने संस्कृति नै विकास भएको छ। मुलुकमा मर्यादित रोजगारी र जीवनयापन गरिरहेका व्यक्तिहरु समेत अवैध मार्गबाट विदेश जान लालायित हुनु यसकै परिणति हो।

वैदेशिक रोजगारीले मुलुकको आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव

१८ वैदेशिक रोजगारीका कारण मुलुकमा भित्रिएको विप्रेषणको अंक र तत्कालिन समयमा युवाहरुको व्यवस्थापनको विषयलाई मात्र मूल्याङ्कनका आधार बनाई वैदेशिक रोजगारी ठिकै हो भन्ने भाव विकास भए तापनि वैदेशिक रोजगारीको अर्को पाटोको पर्याप्त विश्लेषण हुन सकेको छैन। वैदेशिक रोजगारीले मुलुकको आर्थिक सामाजिक क्षेत्रमा देहायका प्रतिकूल प्रभाव परेको छ।

१९ **कृषि क्षेत्रको संकुचन:** ठूलो संख्यामा युवा जनशक्ति विदेश पलायन हुँदा नेपालको कृषि योग्य भूमि बाँझो हुन पुगेको छ। उदाहरणका लागि कृषि क्षेत्र सन् २००० मा २६.३१ अर्थात ३८ लाख ९१ हजार ५ सय हेक्टर रहेकोमा सन् २०१९ मा २४.२१ अर्थात ३५ लाख ८१ हजार ४७ हेक्टर मात्र रहेको अनुमान गरिएको छ। वैदेशिक रोजगारका कारण आन्तरिक बसाईं सराइ समेत आएको तीब्रताले समेत कृषि क्षेत्र संकुचित भएको छ।

२० **आधारभूत कृषि उपजको आयातमा वृद्धि**: नेपालको अन्तराष्ट्रिय व्यापारका पछिल्ला तथ्याङ्क केलाउने हो भने आधारभूत कृषि उपजको आयातमा समेत उच्च वृद्धि भएको देखिन्छ। मुलुकमा सहज र सरल तवरमा उत्पादन गर्न सकिने वस्तुहरुको समेत उत्पादन घटेको र आयात बढेको छ। उदाहरणका लागि आर्थिक वर्ष २०८०/८१ मा भारतबाट मात्र रु.६७ करोड बराबरको गोलभेडा, रु. ६ अर्ब ४५ करोडको आलु र रु.२ अर्ब १५ करोडको ष्याज तथा चीनबाट मात्र रु.२ अर्ब २५ करोडको लसुन आयात भएको छ। यी कृषि उपज उत्पादन गर्न नेपालको क्षमता रहेको छ। तर वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले आधारभूत कृषि उपज किनेर खाने तर खेति नगर्ने प्रवृत्ती बढेकाले यस्तो हुन गएको हो।

२१ **श्रमिक अभाव:** अनियन्त्रित वैदेशिक रोजगारका कारण नेपालमा श्रमिकको अभाव भएको छ। स्वदेशमा काम नगर्ने तर विदेशमा जस्तो सुकै काम गर्ने परिपाटी विकास हुँदै गएकोले अत्यन्त न्यून पारिश्रमिकमा समेत काम गर्न तत्पर हुने युवाहरुको संख्या बढेको छ। यसले तथ्यमा आधारित नभई लहडमा विदेश जाने व्यक्ति पिडित त भएको छ नै स्वदेशी श्रम बजारमा श्रमिकको आपूर्तिमा नकारात्मक असर परेको छ। राष्ट्रिय प्राथमिकता प्राप्त कतिपयविकास आयोजनाको निर्माण समयमा सम्पन्न नहुनुका पछाडि समेत श्रमिकको अभाव एउटा कारण रहेको छ।

२२ **डच डिजिज प्रवृत्तिको विकास:** ठूलो संख्यामा श्रम शक्ति विदेश पलायन हुँदा श्रमिकको अभावमा ज्याला दर वृद्धि भएकोले आन्तरिक उत्पादन महङ्गो भएको छ। समान खालका वस्तुको आन्तरिक उत्पादन गर्नुभन्दा आयात गर्नु लाभदायक भएको छ। जसका कारण उद्योगहरु बन्द हुने र व्यापार क्षेत्र फस्टाउँदै गएको छ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले मानिसहरुको क्रय: शक्ति बढे अनुरुप आन्तरिक उत्पादन वृद्धि हुन नसक्दा आयात बढेको छ। यसले मुलुकको अर्थतन्त्रलाई थप परनिर्भर बनाउँदै लगेको छ।

२३ **पारिवारिक विखण्डन र श्रमिकको मृत्यू:** वैदेशिक रोजगारीले ठूलो संख्यामा पारिवारिक विखण्डन मात्र निम्त्याएको छैन। वैदेशिक रोजगारीमा गएको व्यक्तिहरुको असमायिक मृत्यू, दुर्घटनाका कारण जीवनभरको अपाङ्गता, श्रमिकहरुमा अवसाद (Depression) जस्ता घटनाहरु वैदेशिक रोजगारीको चरित्र भएको छ। वैदेशिक रोजागार प्रवर्द्धन बोर्डको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार दुई सय १३ जनाको मृत्यु भएको छ। उक्त अवधिमा गम्भीर बिरामी तथा अङ्गभङ्ग भएर फर्किएका मात्रै तीन हजार चार सय ४० जना श्रमिक छन्। यसले नेपालको वैदेशिक रोजगारी अत्यन्त असुरक्षित रहेको समेत देखाउँछ।

२४ **शासन व्यवस्था:** सार्वजनिक सेवा प्रवाहमा र शासन व्यवस्थामा जवाफदेहिता र उत्तरदायित्व माग गर्ने युवा वर्ग बाहिर रहेको कारण शासन व्यवस्थामा जवाफदेहिता कमजोर भएको छ। त्यसैगरी श्रमिक वर्ग वैदेशिक रोजगारमा रहेका कारण मुलुकभित्र पर्याप्त रोजगार सिर्जना गर्नुपर्ने दायित्वबाट सरकार विमुख भएको देखिन्छ। विप्रेषणका कारण वैदेशिक मुद्रा आर्जन गर्न अन्य क्षेत्रको खोजि छाँयामा परेको छ। आर्थिक सुधार र विकासका मुद्दा पछाडि परेका छन्।

२५ **मानव बेचबिखनको जोखिम:** वैदेशिक रोजगारको आवरणमा मानव बेचविखन जस्ता गतिविधि समेत बढेको छ। कतिपय मुलुकमा श्रम स्वीकृति नलिई जान टुरिष्ट भिषा उपयोग गर्ने र वैदेशिक रोजगारमा जान निषेध गरिएको मुलुकमा समेत व्यक्तिहरुलाई झुक्यानमा पारी लैजाने, एउटा प्रकृतिको काम भनी अर्को काममा लैजाने घटनाहरु नियमित देखिएको छ। त्यतिमात्र होइन महिला कामदारलाई जान प्रतिबन्धित मुलुकमा अवैध मार्गबाट बेचबिखन समेत गरेर पुर्याइएको छ। वैदेशिक रोजगारको आवरणमा मानव बेचविखन हुनु सामान्य बनेको छ।

२६ **आर्थतन्त्रमा प्रतिकूल प्रभाव:** काम गर्ने, कमाउँने र खर्च गर्ने उमेर समूहको व्यक्ति नेपालबाट पलायन हुँदा नेपाली अर्थतन्त्रमा प्रतिकूलता सिर्जना भएका छन्। स्टार्ट अप, नविन आर्थिक सोच ओझेलमा

परेको छ। विदेशिन कै लागि उद्यमा व्यवसाय बन्द गरिएका छन्। कतिपय क्षेत्रमा दक्ष जनशक्ति समेत अभाव हुँदै गएको छ। मुलुकले ठूलो धनराशी खर्च गरेर तयार गरेको चिकित्सक, इञ्जिनियर लगायतका दक्ष प्राविधिक जनशक्ति पलायन हुँदा सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा समेत नकारात्मक असर परेको छ। कतिपय कलेज विद्यालय समेत बन्द अवस्थामा पुगेका छन्। यसले आन्तरिक रोजगारी सिर्जनामा समेत प्रतिकूल असर पारेको छ। विद्यमान आर्थिक सुस्तता कायम रहिरहनमा युवाहरुको बहिर्गमन एउटा महत्वपूर्ण कारक बनेको छ।

वैदेशिक रोजगारीको बिकल्पको पहिचान र उपयुक्त उपाय

२७ जनगणना २०७८ अनुसार नेपालको जनसंख्या वृद्धिदर ०.९ रहेको छ। उमेर समूह अनुसार विश्लेषण गर्ने हो भने १४ वर्ष उमेर समूहको विद्यमान जनसंख्या वृद्धिदर अनुसार २८.८१, १५ देखि ५९ वर्ष उमेर समूहको ६१.८५ प्रतिशत र ६० उमेर समूह माथिको ९.३४ प्रतिशत रहेको छ। हालकै दरमा जनसंख्या वृद्धिहुँदा १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या २०९८ सम्म सिमान्त दरमा दरमा वृद्धि हुने र त्यसपछि उक्त प्रतिशत घट्दै जाने देखिन्छ। नेपालबाट वैदेशिक रोजगारीका लागि जाने अधिकांश व्यक्तिहरु १८ देखि ४४ वर्ष उमेर समूहका रहेको र जसमध्ये आधा २५ देखि ३४ वर्ष उमेर समूहका रहेको देखिएकोले अहिले नै विभिन्न क्षेत्रमा श्रमिकको अभाव हुन थालिसकेको अवस्थामा मुलुकको अर्थतन्त्रको विस्तार हुँदै जाँदा यहि दरको जनसंख्या वृद्धिले श्रम शक्तिको थप अभाव हुँदै जाने देखिन्छ। त्यसैले युवा शक्तिलाई सकेसम्म मुलुक भित्रै टिकाउने उपाय खोज्नु आवश्यक छ। यसका लागि निम्न उपायहरु अवलम्बन गर्नु उपयुक्त हुने देखिन्छ।

(१) **सरकारी तवरमा वैदेशिक रोजगार प्रवर्द्धनका कार्यक्रम र गतिविधि अन्त्य गर्ने:** नेपाल सरकारले मुलुकभित्र रोजगारीको अवसर संकुचित भएको र राजनैतिक अस्थिरताको समयमा तत्कालिन आवश्यकतालाई दृष्टिगत गरी अवलम्वन गरेको वैदेशिक रोजगार प्रवर्द्धन गर्ने र सरकारी तवरमा विदेश जान अभिप्रेरित गर्ने सबै कार्यक्रमहरु अन्त्य गर्नु उपयुक्त हुन्छ। उदाहरणका लागि वैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने जस्ता कार्यक्रमहरुमा पुनरावलोकन गर्ने।

(२) **विश्वविद्यालयको पाठ्यक्रममा सुधार:** नेपालको विश्वविद्यालयका पाठ्यक्रम समयनुकुल संशोधन र अद्यावधिक हुन नसक्दा युवाहरु आफ्नो रुचि र चाहनाको विषय पढ्न विदेशिने गरेका छन्। यसरी जाने विद्यार्थी मध्ये अधिकांश पढाई सँगै काममा लाग्ने र कालान्तरमा पढाई छोड्ने प्रवृत्ति बढेको छ। यो वर्गका व्यक्तिहरु खासगरी विकसित मुलुका अमेरिका, जापान अष्ट्रेलिया जस्ता मुलुकमा गएको पाइन्छ। यस्ता व्यक्तिहरु गन्तव्य मुलुकमा प्रत्येक वर्ष कलेज र विश्वविद्यालयमा नामाङ्कन गराई प्रवेशाज्ञा (Visa) नवीकरण गराउने र कामदार कै रुपमा रहने गरेको अवस्था छ। नेपाली विश्वविद्यालयको पाठ्यक्रमलाई वदलिदो परिवेश अनुरुप बनाउँने, शैक्षिक क्यालेण्डर तर्जुमा गरी त्यसको पालना गर्ने र विश्वविद्यालयमा

अनावश्यक राजनीतिक गतिविधि वन्द गर्ने हो भने यस वर्गका अधिकांश व्यक्ति विदेश पलायन हुनबाट रोकिने देखिन्छ।

(३) **आफ्नो मुलुक चिनौ कार्यक्रम:** अहिले विद्यालय तह पार गरेकोदेखि विश्वविद्यालयका हरेक तहका विद्यार्थीको चाहना नै विदेश जाने भन्ने रहेको देखिन्छ। यसमा कमी ल्याउन र विद्यार्थीहरुमा देशभक्ति र राष्ट्रप्रेमको भावना जागृत गर्न आफ्नो मुलुक चिनौ कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। तीब्र शहरिकरण र विश्वव्यापीकरणका कारण अधिकांश युवाले समग्र नेपालको बोध गर्न नै नसकेको अवस्था रहेको । यसलाई अन्त्य गर्न विभिन्न तहका विद्यार्थीलाई एउटा निश्चित अवधि ग्रामिण क्षेत्रमा आफ्नो विधा र सामाजिक क्षेत्रमा अनिवार्य रुपमा काम गर्नु पर्ने व्यवस्था गर्ने। यसलाई शैक्षिक सत्रको एउटा पाटोको रुपमा व्यवस्थित गर्न सकिएमा सम्बन्धित व्यक्ति र मुलुक दुवैलाई लाभको अवस्था सिर्जना हुनेछ।

(४) **राष्ट्रिय स्वयंसेवक कार्यक्रम:** संघ प्रदेश र स्थानीय तहले लागत साझेदारी गर्ने गरी विभिन्न विधामा विश्विविद्यालयबाट स्नातक तह उतिर्ण विद्यार्थीलाई पालिकामा विज्ञान, गणित र अग्रेजी शिक्षक, सामाजिक परिचालक र कृषि स्नातकलाई कृषि प्रसार अधिकृतको रुपमा दुई वर्षको लागि खटाउँने। यसरी खटिने व्यक्तिलाई प्रति महिना ३० हजारका दरले निर्वाह र प्रोत्साहन भत्ता दिने।

(५) **ज्यालादरमा पुनरावलोकन**: केही विकसित अर्थतन्त्रमा कोभिड पश्चात मुद्रास्फितिको दरको तुलनामा वास्तविक ज्यालादरमा पुनरावलोकन गरिएपनि अधिकांश अर्थतन्त्रहरुमा ज्यालादरको वृद्धिदर मुद्रास्फितिको तुलनामा न्यून रहेको छ। नेपालमा समेत यस सम्बन्धमा पुनरावलकोन गरिएको छैन। ज्यालादरलाई वार्षिक हुने मुद्रास्फितिको आधारमा पुनरावलकोन नगर्ने हो भने विकसित मुलुक तर्फ कामको खोजिमा वसाइ सराइ गर्ने प्रवृत्ति आउने दिनमा थप तीब्र हुने अनुमान देखिन्छ। स्वास्थ्य क्षेत्र लगायतका क्षेत्रमा Intern गर्ने व्यक्तिलाई न्यूनतमा मासिक तलब बराबरको रकम दिएमा यस्तो समूहबाट विदेशिने प्रवृत्ति कम हुँदै जाने देखिन्छ।

(६) **अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आवद्ध गर्ने:** नेपाल सरकारले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई सामाजिम सुरक्षामा आवद्ध गर्ने नीतिगत व्यवस्था नेपाल सरकारले गरिसकेको छ। तथापी यसको कार्यन्वयन निकै नै जटिल छ। यस अन्तर्गत श्रमिकको नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत रकम कोषमा जम्मा हुन्छ। यसका लगि श्रमिकले न्यूनतम आधारभूत पारिश्रमिकबाट ११ प्रतिशत र सरकार (स्थानीय पालिका) बाट ९.३७ प्रतिशत थप गरी २०.३७ प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्ने हुन्छ। यसै पनि श्रमिकको न्यूनतम ज्यालादर नै न्यून रहेको अवस्थामा वर्तमान आवश्यकता कटौति गरी भविष्यका लागि रकम जम्मा गर्छन् भन्ने मान्यताको व्यवहारिक रुपान्तरण कठिन भएकोले सामाजिक सुरक्षाका लागि

जम्मा गर्नुपर्ने रकमको प्रतिशत घटाएर जाने विकल्पमा जानु उपयुक्त देखिन्छ। त्यस्तै स्वरोजगार क्षेत्रको हकमा भने नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिक रु। ९ हजार ३८५ को ३१ प्रतिशत नै जम्मा गर्नुपर्ने प्राबधान रहेको छ। यो दर पनि उच्च भएकोले यसमा पनि पुनरावलकोन गर्नु पर्ने देखिन्छ। २०८० साउनबाट प्रारम्भ भएको यस योजना अन्तगत समाजिक सुरक्षा कोषको गत आर्थिक वर्ष अनौपचारिक क्षेत्रका २९५ र स्वरोजगारीमा रहेका मध्ये १४४ गरी कुल ४३९ व्यक्तिले मात्र यस योजनामा आवद्ध भएका छन्।

(७) **सार्वजनिक सेवा प्रवाहमा सुधार:** मुलुकको सार्वजनिक सेवालाई सरल सहज र प्रविधि मैत्रि बनाउँदै लैजानु अत्यन्त आवश्यक भएको छ। सार्वजनिक सवारी चालक अनुमति पत्र आवेदन दिएको लामो समयसम्म जारी नहुने, सवारी साधनको वार्षिक कर तिर्न कार्यालय नै ध्याउनु पर्ने, सरकारी अस्पताल र सार्वजनिक स्वास्थ्य सेवामा स्वास्थ्य सेवा प्राप्त गर्न कठिन हुने, सरकारी शैक्षिक संस्थामा पढाइ नै नहुने जस्ता सामान्य प्रयास गर्दा सुधार गर्न सकिने सार्वजनिक सेवा प्रवाहमा समेत सुधार हन सकेको छैन। यूवा वर्गलाई व्यवसाय दर्ताका लागि विभिन्न निकाय ध्याउनु पर्ने, संघ प्रदेश र स्थानीय तहका निकायहरुमा अलग अलग विषयमा दर्ता हुनु पर्ने प्रावधानका कारण युवाहरु मुलुकमा व्यवसाय सुरु गर्न नै हिच्किचाइरहेको अवस्था छ। समान्य खालका सुधारबाट हल हुने विषयहरुबाट सार्वजनिक सेवा प्रवाहमा सहजता आउँने र युवाहरुला आफ्नो देश मै बसौं केहि गरौं भन्ने सकारात्मक भावना सिर्जना हुने देखिन्छ।

(८) **प्राविधिक धारको तालिम र शैक्षिक कार्यक्रम विस्तार:** स्वरोजगार र उद्यमशीलता प्रवर्द्धनमा सघाँउ पुर्याउँने सिपमूलक शैक्षिक कार्यक्रम विस्तार गर्नु आवश्यक छ। उदाहरणका लागि प्लम्बिङ, इलेक्ट्रिसियन, सुन चाँदिका गरगहना बनाउँने मजदुर जस्ता तुलनात्मक रुपमा उच्च ज्याला पाउने कार्यमा अधिकांश व्यक्तहरु विदेशी कामदार रहेका छन्। यस्ता विषयमा सिपयुक्त तालिम बढाउँनु पर्ने देखिन्छ। प्रत्येक वर्ष मुलुका सार्वजनिक शैक्षिक संस्थाबाट Pass Out हुने विद्यार्थी मध्ये कम्तिमा ५० प्रतिशत प्राविधिक धारको हुने नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ।

(९) **No objection Letter मा सुधार:** अध्ययनका लागि विदेश जानु अघि नेपाली विद्यार्थीहरुले No Objection Letter लिनुपर्ने विद्यमान व्यवस्थामा केहि प्राबधान थप गर्नु पर्ने देखिन्छ। उच्च माध्यमिक तहको अध्ययन गर्न No objection Letter नदिने, नेपालमा अध्ययनका क्रममा छात्रवृत्ति प्राप्त विद्यार्थीले नेपालमा कम्तिमा एक वर्ष काम नगरी बाहिर जान नपाउने व्यवस्था गर्ने। छात्रवृत्तिमा चिकित्सशास्त्र अध्ययन गरेकाले जति वर्ष छात्रवृत्तिमा अध्ययन गरेको हो त्यसको दोब्बर वर्ष र शुल्कमा चिकित्सशास्त्र अध्ययन गर्नेले कम्तिमा तीन वर्ष सेवा नगरी बाहिर जान नपाउँने व्यवस्था गर्ने।

परिच्छेद २५

अनुसन्धान तथा विकास

स्थिति विश्लेषण

१ राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०१९ ले नेपालको वैज्ञानिक विकास, नवप्रवर्तन, र सामाजिक-आर्थिक रूपान्तरणलाई संगठित ढाँचामा अघि बढाउँदै संवैधानिक लक्ष्यलाई व्यवहारमा रूपान्तरण गर्न दिशानिर्देश गरेको छ ।

२ नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको समग्र र दिगो विकाससँग जोडेको छ, वैज्ञानिक अध्ययन, अनुसन्धान, र नवप्रवर्तनमा लगानीलाई प्राथमिकता दिँदै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्न ध्यान केन्द्रित गर्दछ । राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीतिले अनुसन्धान तथा विकासमा राज्यको लगानी सुनिश्चित गर्दै उद्यमशीलता प्रवर्द्धन गर्ने र वैज्ञानिक प्रतिभाहरूलाई राष्ट्रिय प्रगतिमा योगदान पुऱ्याउने वातावरण विकास गर्ने उद्देश्य राखेको छ। यस नीतिले निम्न विषयलाई समेटेको छः

- नेपालको वैज्ञानिक अनुसन्धान र नवप्रवर्तन पारिस्थितिकीय प्रणाली (इको-सिस्टम) लाई सुदृढ गर्न अनुसन्धान तथा विकास गर्न लगानी वृद्धि।
- उत्पादन, उद्यमशीलता, र व्यावसायीकरणमा विज्ञानको एकीकरण गर्दै प्रविधि-आधारित आर्थिक वृद्धिलाई प्रोत्साहन।
- सङ्घीय, प्रादेशिक, र स्थानीय तहमा अनुसन्धान तथा नवप्रवर्तनलाई सहयोग गर्ने संस्थागत संरचना सुधार।
- दक्षता पलायन (ब्रेन ड्रेन), पूर्वाधारको अभाव, र निजी क्षेत्रको सीमित सहभागिता जस्ता चुनौतीहरू नीति सुधार र प्रोत्साहनमार्फत सम्बोधन।

३ विज्ञान तथा प्रविधिलाई देशको समग्र र दिगो विकाससँग जोड्ने परिकल्पना गरिएको भए तापनि नेपालको विद्यमान अनुसन्धान तथा विकासको पारिस्थितिकीय प्रणालीले नवीन प्रविधिको विकास गर्दै देशका विशिष्ट चुनौतीहरूको समाधान गर्न आवश्यक भूमिका निर्वाह गर्न सकिरहेको छैन । अनुसन्धान तथा विकास प्रवर्द्धनका लागी सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय संस्थाको संलग्नतामा विभिन्न प्रयास भएका छन्, तर यी प्रयासहरुले नेपालमा नवीन प्रविधिहरूको विकास गर्दै देशका विशिष्ट चुनौतीको समाधान गर्न सकेको देखिँदैन । नेपालमा अनुसन्धान तथा विकासले आर्थिक वृद्धिमा टेवा पुर्‍याउन, उत्पादकत्व तथा गुणस्तर वृद्धिमा सहयोग गर्न तथा सार्वजनिक सेवाको सुधारमा योगदान दिँदै नेपालको वैश्विक प्रतिस्पर्धात्मक क्षमतालाई मजबुत बनाउदै दिगो विकासलाई प्रवर्द्धन गर्न प्रयास गरेको पाइएता पनि उक्त उपलब्धीहरु हासिल हुन सकिरहेको छैन ।

४ नेपालमा अनुसन्धान तथा विकास प्रवर्द्धनको इतिहास अन्य देशको तुलनामा लामो छैन। नेपालको अनुसन्धान तथा विकास पारिस्थितिकीय प्रणालीमा प्राय सरकारी अनुसन्धान संस्थाहरू, विश्वविद्यालय तथा शिक्षणसंस्थाहरू, नीति अनुसन्धान संस्थाहरू, गैरसरकारी संस्था, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरू कार्यरत रहेको पाइन्छ। नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट), नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, र व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट) जस्ता केही विशिष्ट सरकारी संस्थाहरू क्रमशः वैज्ञानिक, कृषि, स्वास्थ्य तथा व्यवहारिक अनुसन्धानमा समर्पित छन्। विश्वविद्यालयहरूमा पनि विभिन्न अनुसन्धान केन्द्रहरू रहेका छन्, जसले प्राज्ञिक अध्ययनमा सहयोग पुऱ्याइरहेकाछन् ।

५ केही क्षेत्रमा सरकार तथा विश्वविद्यालयहरूले व्यवहारिक अनुसन्धानहरूमा सहकार्य गरिरहेको पाइन्छ, जसले कृषि, प्रविधि, शिक्षा तथा स्वास्थ्य जस्ता महत्वपूर्ण क्षेत्रहरूमा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक समाधानमा रूपान्तरण गर्न मद्दत पुऱ्याइरहेको छ। सार्वजनिक-निजी साझेदारी पनि नवीनतालाई प्रवर्द्धन गर्ने एक प्रमुख माध्यम बनेको छ, जस अन्तर्गत सरकारी निकाय, निजी कम्पनीहरू तथा विश्वविद्यालयको संयुक्त प्रयासले केही प्रविधिको उन्नयन गरेको छ। वातावरणीय दिगोपन तथा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सहकार्यले हिमाली क्षेत्रमा विशिष्ट चुनौतीहरूको समाधान गरिरहेको छ, भने स्वास्थ्य अनुसन्धान साझेदारीहरूले स्थानीय स्वास्थ्य नीतिहरू मजबुत बनाउँदै संक्रामक रोगहरूको रोकथाम तथा व्यवस्थापनमा सुधार गरिरहेका छन्। नीति अनुसन्धान संस्थाहरू, सरकार तथा विश्वविद्यालयहरूसँग सहकार्य गर्दै आर्थिक, सामाजिक तथा प्रशासनिक विषयहरूमा महत्वपूर्ण तथ्यहरू प्रदान गरिरहेका छन्। यी सहकार्यहरूले स्रोत साधन, विशेषज्ञता तथा सञ्जाललाई एकीकृत गरी नेपालमा अनुसन्धान तथा विकासका क्षेत्रमा स्थायी प्रगति ल्याउन मजबुत आधार सिर्जना गरेको छ । नेपालको अनुसन्धान तथा विकास पारिस्थितिकीय प्रणाली सकारात्मक रूपमा केही अघि बढिरहेको भए तापनि संसारमा भइरहेको विकास र परिवर्तनसँग तुलना गर्दा नेपाल एकदमै पछाडि छ र धेरै चुनौती विद्यमान छन्।

६ नेपालको अनुसन्धान तथा विकास पारिस्थितिकीय प्रणालीमा सरकारी संस्था, विश्वविद्यालय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाबीचको सहकार्य महत्वपूर्ण छ। यी संस्थाबीचको साझेदारी नेपालको अनुसन्धान तथा विकास पारिस्थितिकी प्रणालीको द्रुत विकास, अनुसन्धान क्षमताको विस्तार, राष्ट्रिय तथा वैश्विक चुनौतीको समाधान तथा नेपालमा दिगो विकासलाई प्रवर्द्धन गर्न महत्वपूर्ण छ।

७ नेपालको अनुसन्धान तथा विकास पारिस्थितिकीय प्रणाली केही सुधार हुँदै गए तापनि विश्वव्यापी प्रवृत्ति र विकासको तुलनामा धेरै चुनौतीहरू कायम छन्। वर्तमान प्रणालीले अनुसन्धान तथा नवप्रवर्तनलाई पूर्ण रूपमा प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्न सकेको छैन। अनुसन्धान तथा विकासको दिगो प्रवर्द्धनका लागि समग्र दृष्टिकोण अपनाउँदै सबै सरोकारवालालाई संलग्न गराउनु आवश्यक छ।

मुख्य समस्या तथा चुनौतीहरू

८ नेपालको अनुसन्धान तथा विकासको पारिस्थितिकीय प्रणालीले विभिन्न चुनौतीको सामना गरिरहेको छ, जसले यसको वृद्धि र प्रभावकारिता अवरुद्ध पारेको छ । यद्यपि अनुसन्धान तथा विकास प्रवर्द्धन गर्ने

चासो भने बढ्दै गएको छ, सीमित स्रोत-साधन, अपर्याप्त पूर्वाधार र नीतिगत अवरोधले अनुसन्धानको समग्र पक्ष प्रभावित छ ।

९ **अनुसन्धान तथा विकासका लागि वित्तीय स्रोत पर्याप्त नहुनु प्रमुख चुनौती हो।** अनुसन्धान गतिविधिहरू प्रायः बाह्य अनुदानमा निर्भर रहने गरेको छ, जुन कतिपय अवस्थामा अनिश्चित छ र दीर्घकालीन परियोजनाहरूका लागि अपर्याप्त छ । परिणाम स्वरूप धेरै संस्थाहरूले आफ्ना अनुसन्धान प्रयासहरूलाई निरन्तरता दिन कठिनाइ भोग्नु परेको छ। यसले गर्दा अनुसन्धान गतिविधिहरूको दायरा सीमित पारेको छ।

१० **अनुसन्धान पूर्वाधार प्रायः पुरानो छ र आधुनिक प्रविधि तथा उपकरणहरूको अभाव रहेको छ।** आधुनिक प्रविधि र उपकरणको अभावमा वैज्ञानिक अनुसन्धानको गुणस्तर र कार्यक्षेत्र प्रभावित भएको छ । धेरै संस्थाहरूसँग अत्याधुनिक प्रयोगशालाहरू, अनुसन्धान उपकरणहरू, र प्रविधिसम्बन्धी साधनहरू उपलब्ध छैनन्, जुन स्वास्थ्य, कृषि, तथा प्रविधि जस्ता क्षेत्रहरूमा उच्चस्तरीय अनुसन्धानका लागि अत्यावश्यक हुन्छन्।

११ **दक्ष अनुसन्धानकर्ताको अभाव र प्रतिभा पलायन गम्भीर चुनौती बनेको छ।** विज्ञान र प्रविधि जस्ता क्षेत्रमा विशेषज्ञता हासिल गरेका धेरै दक्ष अनुसन्धानकर्ताहरू राम्रो अवसर र वृत्ति-विकासको खोजीमा विकसित देशहरूमा बसाइँ सर्ने गरेका छन् । यस प्रवृत्तिले नेपालमा अनुसन्धान क्षमता कमजोर बनाएको छ। साथै उच्चस्तरीय अनुसन्धानलाई प्रवर्द्धन गर्ने सम्भावनालाई प्रभावित गरेको छ ।

१२ **अन्तर-निकाय समन्वयको अभाव छ।** नेपालमा अनुसन्धान कार्यहरू स्वतन्त्र र अलग-अलग संस्थाहरूद्वारा सञ्चालन गरिन्छन्, जसमा पर्याप्त साझेदारी, समन्वय, र परस्पर सम्बन्धको अभाव छ। केही हदसम्म सहकार्य भए पनि सरकारी निकायहरू, शैक्षिक संस्थाहरू, निजी क्षेत्र, र अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरूबीच बलियो समन्वयको अभाव रहेको छ। धेरै संस्थाहरू छुट्टाछुट्टै काम गर्छन् र परस्पर सहयोगको कमीले नेपालका मुख्य चुनौतीहरू जस्तै सार्वजनिक स्वास्थ्य, वातावरणीय स्थिरता, र प्राविधिक विकासमा नवीनतम उपाय खोज्न गाह्रो बनाएको छ।

१३ **अनुसन्धान तथा विकास प्रवर्द्धनका लागि एकीकृत नीति छैन।** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल स्वास्थ्य अनुसन्धान परिषद् जस्ता केन्द्रीय सरकारी संस्थाले केही हदसम्म अनुसन्धान तथा विकासलाई टेवा पुर्‍याईरहेको भए तापनि अनुसन्धान गतिविधिहरूलाई प्रभावकारी रूपमा मार्गदर्शन गर्ने एकीकृत नीतिगत संरचनाको अभाव रहेको छ। नीतिहरूमा सामञ्जस्य छैन र प्रायः राष्ट्रिय विकास लक्ष्यहरूसँग समायोजन भएका छैनन्। साथै कर्मचारीतन्त्रबाट हुने ढिलासुस्तीले अनुसन्धानका गतिविधिहरू प्रभावित हुने र नवप्रवर्तनको प्रगति अवरुद्ध गर्ने गरेको छ

१४ **नेपालमा अनुसन्धानको गुणस्तर र प्रासङ्गिकता प्रायः अन्तर्राष्ट्रिय मापदण्डभन्दा तल रहने गरेकोछ,** जसको मुख्य कारण सीमित वित्तीय स्रोत, अन्तर्राष्ट्रिय स्तरमा पहुँचको अभाव, र अपर्याप्त मार्गदर्शन हो। अनुसन्धानहरू सामान्य रूपमा मौलिक तर कम प्रभावशाली विषयमा केन्द्रित हुने गरेका छन्।

१५ **विद्यावारिधि शोधपत्र गुणस्तर कमजोर छ र त्यस्तो अनुसन्धानबाट व्यावहारिक समाधान कमै प्राप्त हुन्छ।** नेपालका विश्वविद्यालयहरूमा विद्यावारिधि शोधप्रत्रहरूका विभिन्न चुनौतीहरू छन्। सर्वप्रथम, धेरैजसो विद्यावारिधि शोधप्रत्रहरूको गुणस्तर कमजोर देखिन्छ, जसले अनुसन्धानमा नवीनता र प्रभावकारिता अभाव हुने स्थिति सिर्जना गरेको छ। दोस्रो, विद्यावारिधि अध्ययन प्रायः अनुसन्धान र

नवप्रवर्तनभन्दा बढी व्यक्तिगत उन्नति तथा वृति विकासमा केन्द्रित गरेर हुने गरेको छ, जसले गर्दा अनुसन्धान वास्तविक समस्या समाधान गर्न असमर्थ हुने गरेको छ । तेस्रो, अधिकांश विद्यावारिधि शोधहरू व्यवहारिक भन्दा आधारभूत प्रकृतिका हुने भएकाले व्यावहारिक उपयोगिता र नीति तर्जुमामा प्रभाव पार्न असमर्थ देखिन्छन्।

१६ **नेपालमा अनुसन्धान तथा विकासको महत्त्वबारे सार्वजनिक चेतनाको कमी अर्को चुनौती हो।** धेरै नागरिकले अनुसन्धानले उनीहरूको जीवन कसरी सुधार गर्न सक्छ भन्ने बुझ्न सक्दैनन्, जसका कारण अनुसन्धान तथा विकासका परियोजनाहरूलाई समाजबाट पर्याप्त सहयोग प्राप्त हुँदैन। साथै, निजी क्षेत्रको अनुसन्धान तथा विकासमा लगानी तुलनात्मक रूपमा कम छ, किनकि धेरै व्यवसायहरूले अनुसन्धानमा लगानी गर्दा दीर्घकालीन रूपमा लाभ उठाउन सकिन्छ भन्ने बुझ्दैनन्।

सुधारकालागि सुझावहरु

१७ उच्च आर्थिक वृद्धि गर्न, अन्तरराष्ट्रिय व्यापारमा नेपालको प्रतिस्पर्धात्मक क्षमता बढाउन, र अर्थतन्त्रलाई गतिशील बनाउन मुलुकको अनुसन्धान तथा विकास क्षमता राम्रो हुनुपर्छ। यसका लागि निम्न सुधारका सुझाव प्रस्तुत गरिएको छ।

(१) अनुसन्धान तथा विकास प्रवर्द्धनका लागि प्रत्येक वर्ष कम्तीमा राष्ट्रिय बजेटको १ प्रतिशत विनियोजन गर्ने।

(२) अनुसन्धान समन्वय, नीति निर्माण, स्रोत परिचालन, राष्ट्रिय विकास लक्ष्यसँग मिलान, बहु-क्षेत्रीय सहकार्यको प्रवर्द्धन र अनुसन्धान लगानीको प्रभावकारिता उच्च बनाउन राष्ट्रिय योजना आयोगको नेतृत्वमा, नास्ट, नार्क, राष्ट्रिय स्वास्थ्य अनुसन्धान केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, विश्वविद्यालय, नीति अनुसन्धान प्रतिष्ठान, निजी क्षेत्र, विद्वत-समुह (थिंक ट्याङ्क) सदस्य रहने गरी राष्ट्रिय अनुसन्धान तथा विकास परिषद् स्थापना गर्नुपर्ने ।

(३) परिषद्ले आगामी तीन वर्षको अनुसन्धान परियोजनाहरुको राष्ट्रिय विकास लक्ष्यसँग समायोजन तथा पुनरावलोकन गरी स्वीकृत गर्ने र सोही अनुरूप बजेट विनियोजन गर्ने गरी कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।

(४) विद्यमान नास्ट, नार्क, राष्ट्रिय स्वास्थ्य अनुसन्धान केन्द्र जस्ता केन्द्रीय अनुसन्धानमूलक संस्थाको काम राष्ट्रिय विकास लक्ष्यलाई सहयोग पुर्याउन सक्ने गरी पुनरावलोकन गर्ने।

(५) राष्ट्रिय तथ्याङ्क कार्यालयले आधिकारिक तथ्याङ्क सङ्कलन, प्रमुख आवधिक सर्वेक्षण तथा जनगणना सञ्चालन, र प्रमाण-आधारित नीति निर्माण तथा अनुसन्धानका लागि भरपर्दो राष्ट्रिय तथ्याङ्क उत्पादन गर्ने भएकोले राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन क्षमताको सुदृढीकरण गरी तथ्याङ्कको शुद्धता, समयानुकूलता, र समग्रतामा गर्ने।

(६) स्वतन्त्र राष्ट्रिय नीति अनुसन्धान संस्थाहरू तथा थिंक ट्याङ्कको पहिचान गरी अनुसन्धान तथा विकास पारिस्थितिकीय प्रणालीमा उनीहरुको भूमिका सशक्त बनाउन विशेषज्ञताको

आधारमा सरकारी सल्लाहकार निकायको रूपमा संलग्न गर्नुपर्ने, पहिचान भएका संस्थाहरूलाई दीर्घकालीन कोष संरचना, कर छुट, प्रतिस्पर्धात्मक अनुदान तथा संस्थागत क्षमता विकास कार्यक्रमहरू मार्फत सहयोग प्रदान गर्ने ।

(७) पहिचान गरिएका गैरसरकारी स्वतन्त्र राष्ट्रिय नीति अनुसन्धान संस्था तथा विद्वत-समुह (थिंक ट्याङ्क) हरूको नियामकीय भूमिकामा समाज कल्याण परिषदको सट्टा राष्ट्रिय अनुसन्धान तथा विकास परिषदलाई तोक्न कानुनी व्यवस्था मिलाउने ।

(८) अनुसन्धान अनुदानको प्रभावकारिता मूल्याङ्कन गर्न हालसम्म प्रदान गरिएका अनुसन्धान तथा विकास अनुदानहरूको पुनरावलोकन गरी तिनको प्रभावकारिता सुनिश्चित गर्ने ।

(९) अनुसन्धान तथा विकासमा लगानी गर्ने निजी क्षेत्रलाई कर छुट/कटौती नीति पुनरावलोकन गरी अनुसन्धान तथा विकासको पारिस्थितिकीय प्रणालीमा सहकार्यको लागी प्रोत्साहन गर्ने।

(१०) नेपालको भौगोलिक विशेषतालाई प्राथमिकतामा राखी उचाइ-आधारित (कृषि, नवीकरणीय ऊर्जा, विकट वासस्थान, स्वास्थ्य, वातावरण, खगोल तथा भूगर्भ) अनुसन्धान प्रवर्द्धन केन्द्र स्थापना गर्ने ।

(११) अन्तर्राष्ट्रिय अनुसन्धान सहकार्यलाई प्रवर्द्धन गर्न वैदेशिक अनुसन्धान लगानीलाई आकर्षित गर्नेः जलवायु परिवर्तन, दिगो कृषि तथा नवीकरणीय ऊर्जा जस्ता विश्वव्यापी चुनौतीहरूसँग मेल खाने अनुसन्धान कार्यक्रमलाई प्रवर्द्धन गर्न अनुकूल नीति निर्माण गर्नुपर्ने ।

(१२) **विश्वविद्यालयलाई विशिष्ट अनुसन्धान केन्द्रको रूपमा विकास गर्नुपर्ने**, जस अन्तर्गत प्रत्येक विश्वविद्यालयलाई कुनै एक विशेष क्षेत्रमा "उत्कृष्टता केन्द्र" (सेन्टर अफ एक्सेलेन्स) बनाउनुपर्ने। अनुसन्धान तथा विकास विश्वविद्यालयको अभिन्न अंग बनाइनुपर्ने।

(१३) प्राकृतिक स्रोतको दिगो उपयोग तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न वातावरणमैत्री खानी उत्खनन, जलस्रोतको सिंचाई, खानेपानी व्यवस्थापन तथा नवीकरणीय जल-ऊर्जा सम्भावनाको अध्ययन, वन सम्पदाको वातावारणमैत्री विकास तथा उपभोग, साथै यी स्रोतहरूमा आधारित स्थानीय उद्योगहरूको अनुसन्धान तथा विकासमा सहकार्य गर्दै दिगो समाधानहरू प्रदान गर्ने गरी कुनै एउटा **विश्वविद्यालय अन्तर्गत** "*प्राकृतिक स्रोत उपभोग तथा दिगो स्रोत व्यवस्थापन अनुसन्धान केन्द्र*" स्थापना गर्ने।

(१४) नवप्रवर्तन तथा प्रविधि विकासलाई प्राथमिकतामा राखी आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, र डिजिटल पूर्वाधार र साईवर सुरक्षालाई प्रवर्द्धन गर्न नेपाल सरकार, इन्जिनियरिंग अध्ययन संस्थान, काठमाडौं विश्वविद्यालय र नीजी क्षेत्रका सूचना प्रविधि कम्पनीहरूको संलग्नता र सहकार्यमा ***"राष्ट्रिय डिजिटल नवप्रवर्तन केन्द्र"*** स्थापना गर्ने ।

(१५) व्यवहारिक अनुसन्धानमा विश्वविद्यालयहरूको संलग्नता बढाउन अनुसन्धान अनुदान, फेलोशिप, आर्थिक सहायता जस्ता वित्तीय सहयोगको पुनरावलोकन गरी विश्वविद्यालयहरूको व्यवहारिक अनुसन्धान क्षमतामा सुधार गर्ने ।

(१६) उद्योग-शिक्षा क्षेत्रको सहकार्यलाई सुदृढ पार्न अनुसन्धान केन्द्रहरू स्थापना गरी विद्यार्थीहरू र अनुसन्धानकर्ताहरूलाई उद्योग व्यवसायहरूमा कार्यस्थल अनुसन्धान कार्य गर्न प्रोत्साहित गर्नुपर्ने ।

(१७) अन्तर्राष्ट्रिय विश्वविद्यालय र स्वदेशी अनुसन्धान केन्द्रहरू सहकार्यलाई मजबुत पार्ने नीतिगत व्यवस्था गर्ने ।

(१८) शिक्षा, सरकार र उद्योग बीचको सहकार्यलाई सुधार गर्न औद्योगिक-एकेडेमिक अनुसन्धान सहकार्यलाई प्रवर्द्धन गर्ने जसका लागी व्यवहारिक अनुसन्धान परियोजनामा विश्वविद्यालय, अनुसन्धान संस्था र उद्योगबीचको सहकार्यलाई प्रवर्द्धन गर्ने ।

(१९) अनुसन्धानमुखी जनशक्ती तयार पार्न अनुसन्धान तथा विकास सम्बन्धी सीप विकासमा लगानी गर्ने।

(२०) जलवायु अनुकूल कृषि अनुसन्धानलाई प्रवर्द्धन गर्नुपर्ने जसका लागी जलवायु-प्रतिरोधी बाली, एकीकृत शत्रु-जीव व्यवस्थापन र दिगो कृषि प्रविधि सम्बन्धी अनुसन्धानलाई प्राथमिकता दिनु पर्ने ।

(२१) बजार पहुँच तथा मूल्य वृद्धिलाई प्रवर्द्धन गर्न निजी क्षेत्रको सहकार्यमा अनुसन्धान तथा विकासमा आधारित कृषि प्रशोधन केन्द्रहरू स्थापना गर्ने ।

(२२) अनुसन्धान तथा विकासमा आधारित डिजिटल प्लेटफर्म तथा स्मार्ट आपूर्ति प्रणालीहरू विकास गर्ने।

(२३) हालको कृषि अनुसन्धान तथा विस्तार प्रणालीलाई सुधार गरी यसलाई अझ बढी विकेन्द्रीत, किसानमैत्री, सहभागितामुलक बनाउनुपर्ने ।

परिच्छेद २६

वैदेशिक व्यापार

पृष्ठभूमि

वैदेशिक व्यपारको आर्थिक वृद्धि तथा रोजगारीमा संवन्ध रहेको हुन्छ । खास गरी निर्यात व्यापारको आर्थिक वृद्धि तथा रोजगारीमा सिधा संवन्ध रहेको हुन्छ । अर्थतन्त्र पूर्ण रोजगारी भन्दा तल रहेको अवस्थामा उत्पादनमा निर्यात व्यापारको प्रभाव गुणत्मक हिसावले वढेको देखिन्छ । अर्थात एक एकाइले निर्यातमा वृद्धि भयो भने सो भन्दा धेरै एकाइले आन्तरिक उत्पादन वढेको हुन्छ । यसलाइ Multiplier Effect भनिन्छ । यसको विपरित आयात व्यापारको प्रभाव अर्थतन्त्रमा ऋणात्मक देखिन्छ । अन्यकुरा यथावत रहेमा आयात वढे आन्तरिक उत्पादन घटेर जान्छ । यसैले आर्थिक सम्वृद्धिको कुरा गर्दा विदेश व्यापारको कुरा गर्न जरुरी हुन्छ । नेपालको विदेश व्यापार सदैव घाटामा रह्यो , घाटाको मात्रापनि वढ्दै गयो र यसैका कारणले पनि आशातित आर्थिक वृद्धि हुन सकेन ।

निर्यात व्यापार

नेपालको निर्यात व्यापार र जि.डी.पी. को अनुपातलाइ रेखा चित्र नं. मा दर्शाइएको छ । रेखा चित्र अनुसार सन् १९७५ मा नेपालको निर्यात व्यापार र जि.डी.पी. को अनुपात ५.४ प्रतिशत थियो , यसमा सामान्य उतार चडाव आउदै सन् १९९० मा आउदा ५ प्रतिशतमा पुग्यो । सन् १९९० वाट आर्थिक उदारीकरणको नीति अवलम्वन गरेका कारणले पनि निर्यात व्यापार र जि.डी.पी. को अनुपात वढ्दै गएको सन् १९९३ मा १०.१ प्रतिशत सम्म पुग्यो।

चित्र नं. २६.१ निर्यात व्यापार र जि.डी.पी. को अनुपात (प्रतिशतमा)



श्रोतः : QEB र आर्थिक सर्वेक्षणको आँकडाको अधारमा आयोगले गरेको रचना

नोटः QEB= Quarterly Economic Bulletin

त्यसपछि यसमा केही गिरावटआइ सन् १९९५मा ८ प्रतिशत मा झन्यो र सन् १९९७ सम्म लगभग यसैमा रह्यो। यसपछि नेपालको निर्यातमा तिव्र वृद्धि हुदै सन् २००० मा नेपालकै ऐतिहासिक उच्च विन्दु १३.१ प्रतिशत पुग्यो । यसपछि यसमा गिरावट आयो । सन् १९९६ वाट नेपाल आन्तरिक द्वन्दमा फसेको र सो द्वन्द शहरी र औद्योगिक क्षेत्रमा सन् २००० सम्म नपसिसकेको हुँदा निर्यातमा तीव्र वृद्धि हुदै गयो । त्यस पछि द्वन्द शहरी र औद्योगिक क्षेत्रमा पनि प्रवेष गरे पछी यसमा गिरावट आउन थाल्यो। यही समय वाट नेपालीहरु विदेशिने क्रम पनि वढेर गयो। निर्यात लगातार घट्दै गयो र द्वन्द समाप्त भएपछि (२००६) पनि रोकिएन । निर्यातको आत्म विश्वास घटिसकेको थियो, सन् २००४ मा नेपाल विश्व व्यपार संगठनको सदस्य वनेपछि निर्यात क्षेत्रले प्रतिस्प्रधा पनि गर्न सकेन, आयात व्यापार खुकुलो वन्न थालेपछि निजी क्षेत्र व्यापारमा रमाउन थाल्यो र निर्यातमा निरन्तर गिरावट आउन थाल्यो र हाल २०२४ मा २.७ प्रतिशतमा झरेको छ । नेपालको निर्यात क्षेत्र निरासा जनक र ध्वस्त प्राय जस्तै देखिन्छ । यसलाइ उठाउन ठूलो चुनौती छ । घट्दो निर्यात व्यापारले आर्थिक वृद्धिमा शिथिलता ल्यायो।

भारतमा निर्यातहुने प्रमुख वस्तुहरु

निर्यात व्यापारको आन्तरिक स्वरुपका वारेमा तल चर्चा गरिएको छ । सन २०२४ को आकडा हेर्दा कुल निर्यात व्यापारको ६७.७१ प्रतिशत भारत संग हुने गरेको छ । कुल निर्यातको अङ्क सन् २०२४ मा १ खरव ५२ अरव ३८ करोड ८ लाख रहेको छ । भारत सङ्गको नियाँत १ खरव ३ अरव १७ करोड ७१ लाख मात्र छ ।

रेखा चित्र नं. २६.२ भारत निर्यात हुने प्रमुख दश वस्तुहरुको योगदान, २०२४ (प्रतिशत)



श्रोत : Quarterly Economic Bulletin

नेपाल वाट भारत तिर निर्यात हुने प्रथम दश वस्तुहरुमा जिङ्क सिट(कर्कट पाता), पोलिष्टर धागो, जुस, अलैचि, पार्टिकल वोर्ड, जुट, पाल्म आयल, आयल केक(पिना), कपडा, र धागो पर्दछन् । नेपालको भारत निर्यातमा यी दश वस्तुहरुको योगदान ६३.६५ प्रतिशत छ । यी वस्तुहरु मध्ये अलैचि, पार्टिकल वोर्ड, जुट, आयल केक(पिना) हरुको backward effect राम्रो देखिन्छ भने कर्कट पाताको योगदान भ्यालु याड गर्नमा देखिन्छ। यी हरेक वस्तुहरुको भारत निर्यातमा के कति योगदान छ भन्ने कुरा रेखा चित्र नं. मा देखाइएको

छ। अन्य backward effect भएका वस्तुहरुमा अदुवा, दाल, जडिबुटी पर्दछन। पाल्म आयलले backward effect सिर्जना गर्न सकेको देखिदैन। कच्चा पदार्थ वाहिरवाट आउनेहुँदा backward effect शुन्य देखिन्छ। यी वस्तुहरको निर्यातको मौद्रिक आकार सानो देखिन्छ । धेरै जसो वस्तुहरु कृषिमा आधारित देखिन्छन्।

चीनमा निर्यातहुने प्रमुख वस्तुहरु

कुल निर्यातको अङ्क सन् २०२४ मा १ खरव ५२ अरव ३८ करोड ८ लाख रहेको छ । चीनमा भएको निर्यात २ अरव ५८ करोड ८६ लाख मात्र छ । अतः चीनमा भएको निर्यात कुल निर्यातको १.६९ प्रतिशत मात्रै हुन आउछ । अतः चीन संगको अंश नगन्य देखिन्छ । नेपालले चीनमा निर्यात गर्ने प्रमुख दश वस्तुहरु रेखा चित्र नं. २६.३ मा देखाइएको छ ।

रेखा चित्र नं. २६.३ चीनमा निर्यात हुने प्रमुख दश वस्तुहरुको योगदान, २०२४ (प्रतिशत)



श्रोत : Quarterly Economic Bulletin, NRB

नेपाल वाट चीन तिर निर्यात हुने प्रथम दश वस्तुहरुमा क्रमशः उनी गलैचा, हस्तकलाका सामान, तैयारी पोशाक, चाउचाउ, अन्य हस्तकलाका सामान, पश्मिना, रुद्राक्ष, चाँदीका सामान र गहना, अगर वत्ती र छालामा तैयारी वस्तुहरु पर्दछन् । नेपालको चीन निर्यातमा यी दश वस्तुहरुको योगदान ४३.३३ प्रतिशत छ ।

अन्य देशमा निर्यातहुने प्रमुख वस्तुहरु

कुल निर्यातको अङ्क सन् २०२४ मा १ खरव ५२ अरव ३८ करोड ८ लाख रहेको छ । अन्य देशहरुमा भएकोे निर्यात ४६ अरव ६१ करोड ५१ लाख मात्र छ । अतः अन्य देशमा भएको निर्यात कुल निर्यातको ३०.५९ प्रतिशत मात्रै हुन आउछ ।

नेपाल वाट अन्य देश तिर निर्यात हुने प्रथम दश वस्तुहरुमा उनी गलैचा, तैयारी पोषक, पश्मिना, नेपाली कागज, जडबुिटी, चिया, चादीका सामान र गहना, छालामा तैयारी वस्तुहरु, दाल र हस्तकलाका सामानहरु पर्दछन् । नेपालको अन्य मुलुकहरुमा निर्यातमा यी दश वस्तुहरुको योगदान ४७.६५ प्रतिशत हुन आउछ। यी सबै वस्तुहरु परम्परागत छन् ।

रेखा चित्र नं. २६.४ अन्य देशहरुमा निर्यात हुने प्रमुख दश वस्तुहरुको योगदान, २०२४ (प्रतिशत)



श्रोत : Quarterly Economic Bulletin

नेपाल वाट अन्य देश तिर निर्यात हुने वस्तुहरुमा उनी गलैचा, तैयारी पोशाक र पश्मिना मात्रैले अन्य मूलुकमा हुने निर्यातको ४०.७५ प्रतिशत हिस्सा ओगट्छ ।यीनै तीन वस्तुहरु हुन जसले नेपालको अस्तित्वलाई वचाएको छ। माथि उल्लेखित सबै वस्तुहरुको विस्तारको संभावना देखिन्छ ।

आयात व्यापार

आर्थिक वर्ष २०२३/२४ मा नेपालको कुल आयात १५ खरव ९२ अरव ९८ करोड ५५ लाख छ । कुल आयात मध्ये भारतवाट ९ खरव ९६ अरव ६८ करोड २२ लाख भारतवाट, २ खरव ९८ अरव ७७ करोड ४६ लाख चीनवाट र बाँकी २ खरव ९७ अरव ५२ करोड ८७ लाख अन्य मुलुकवाट भएको देखिन्छ । यसरी हेर्दा नेपालको आयात व्यपार ६५.५६ प्रतिशत भारतवाट, १८.७६ प्रतिशत चीनवाट र बाँकी १८.६८ प्रतिशत अन्य मुलुकवाट भएको देखिन्छ । निर्यात व्यापारमा १.६९ प्रतिशत हिस्सा ओगटेको चीन आयात व्यपारमा १८.७६ प्रतिशत हिस्सा ओगटेको छ।

भारतवाट हुने आयात

नेपालको आयात व्यापार ६५.५६ प्रतिशत भारतवाट हुने गर्दछ ।आ.व. २०२३/२४ मा भारतवाट आयात भएका दश प्रमुख वस्तुहरु रेखा चित्र नं.२६.५मा प्रस्तुत गरिएको छ । चित्रानुसार प्रमुख दश वस्तुहरुले भारतवाट हुने आयातको ५५.८८ प्रतिशत हिस्सा ओगटेको छ । यी प्रमुख १० वस्तुहरु पेट्रोल सम्वन्धी

उत्पादन, गाडी र गाडीका पार्ट पूर्जाहरु, मेसिनरी सामानहरु, विजुलीका उपरकरणहरु, औषधि, चामल, हटरोल सीट, कोइला, एम. एस. विलेट, र धागो छन् ।

रेखा चित्र नं २६.५, भारतवाट आयात हुने प्रमुख दश वस्तुहरु, २०२४ (प्रतिशत)



श्रोत : Quarterly Economic Bulletin, NRB

पेट्रोलियम प्रोडक्ट मात्रैले कुल आयातको २९.८६ प्रतिशत हिस्सा ओगटेको छ । गाडी र गाडीका पार्ट पूर्जाहरुले ५.२१ प्रतिशत हिस्सा ओगटेको छ । वाकि आयात गरिने अन्य वस्तुहरुको हिस्सा रेखा चित्रमा स्पष्ट छ । यी दश वस्तु वाहेक भारत वाट आयातहुने र नेपालमा पनि उत्पादन हुने वस्तुहरुमा तरकाली, फलफूल, कागज, जिरा आदि पर्दछन् ।

चीनवाट आयातित वस्तुहरु

नेपालको आयात व्यापार १८.७६ प्रतिशत चीनवाट हुने गर्दछ । सन् २०२३/२४ मा चीनवाट आयात भएका दश प्रमुख वस्तुहरु रेखा चित्र नं.२६.६ मा प्रस्तुत गरिएको छ । चित्रानुसार प्रमुख दश वस्तुहरुले चीनवाट हुने आयातको ४२.६४ प्रतिशत हिस्सा ओगटेको छ । प्रमुख दश वस्तुहरुमा सञ्चार सम्वन्धी उपकरण, मेसिनरी पार्ट पूर्जा, तैयारी पोशाक, विजुलीका सामान, रसायनिक मल, जुत्ताहरु, यातायातका उपकरण, भिडियो र टेलिभिजनका सामानहरु, मेडिकल उपकरणहरु, र कच्चा सिल्क पर्दछन् ।

यी दश वस्तु वाहेक चीन वाट आयातहुने र नेपालमा पनि उत्पादन हुने वस्तुहरुमा,लसुन, प्लाइउड, गहुका उत्पादन, कागज, धातु र काठका फर्निचर, आदि पर्दछन् ।

रेखा चित्र नं २६.६ चीनवाट आयात हुने प्रमुख दश वस्तुहरु, २०२४ (प्रतिशत)



श्रोत : Quarterly Economic Bulletin, NRB

अन्य मुलुकवाट आयातित वस्तुहरु

नेपालको आयात व्यापार १८.६८ प्रतिशत चीनवाट हुने गर्दछ ।सन् २०२३/२४ मा अन्यमुलुकवाट आयात भएका दश प्रमुख वस्तुहरु रेखा चित्र नं.२६.७ मा प्रस्तुत गरिएको छ । चित्रानुसार प्रमुख दश वस्तुहरुले अन्य मुलुकवाट हुने आयातको ४८.१४ प्रतिशत हिस्सा ओगटेको छ ।

अन्य मुलुकवाट आयात हुने प्रमुख दश वस्तुहरुमा सुन, रसायनिक मल, खाने तेल, भटमासको तेल, हवैजहाजका सामानहरु, कच्चा पाल्म आयल, मेडिकलका उपकरण र सामानहरु, अन्य मेसिनरी सामानहरु, र औषधि पर्दछन् । तेश्रो मुलुकको आयातमा , सुनको हिस्सा ८.७२ प्रतिशत, रसायनिक मलको हिस्सा ८.११ प्रतिशत, खाने तेलको हिस्सा ६.१३ प्रतिशत देखिन्छ । अन्य वस्तुहरुको हिस्सा रेखा चित्रवाट स्वत प्रष्ट हुन्छ ।

अन्य मुलुकवाट आयात हुने वस्तुहरु मध्ये केही सिमित वस्तुहरुमात्रै देश भित्र उत्पादन भएको देखिन्छ ,जस्तै खाने तेल, भटमासको तेल, सानो अलैची, धागो आदि ।अधिकाँश आयातित वस्तुहरु मुलुक भित्रको उत्पादनको संरचनाले थेग्न नसकेका वा नसमेटेका वस्तुहरु देखिन्छ । आयातित वस्तुहरुको प्रकृति हेर्दा आयात गर्नुपर्ने वाध्यता जस्तै देखिन्छ ।मुलुकको ठूलो संरचनात्मन परिवर्तन नगरेसम्म यी वसतुहरुको आयातको आकार नघट्ने देखिन्छ ।

रेखा चित्र नं २६.७ अन्य मुलुकवाट आयात हुने प्रमुख दश वस्तुहरु, २०२४ (प्रतिशत)



श्रोत : Quarterly Economic Bulletin, NRB

कुल वैदेशिक व्यापारमा भारतको हिस्सा

ऐतिहासिक रुपमा नेपालको वैदेशिक व्यापारमा भारको हिस्सा कति छ भन्ने कुरा रेखा चित्र नं २६.८ मा देखाइएको छ। सन १९७५ मा कुल निर्यातमा भारतको अंश ८४ प्रतिशत थियो र आयातको अंश ८१ प्रतिशत थियो । नेपालले व्यापार विविधिकरणको नीति अपनायका कारणले पनि कुल व्यापारमा भारतको अंश क्रमशः धट्दै गयो आ.व. २०८९/९० मा आउदा निर्यात भारत संग १२ प्रतिशत मात्रै रह्यो भने आयात २६ प्रतिशतमा रह्यो । सन् १९९० मा भारतसंग व्यापार विवाद भए पश्चयात नेपालमा वहुदलीय प्रजातन्त्र आयो, आर्थिक उदारीकरणको नीति पनि अवलम्वन गऱ्यो र फेरी भारतसङ्गको आयात तथा निर्यात व्यापार वढ्दै गएको देखिन्छ । सन् २००६ मा आइपुग्दा निर्यातको अंश ६८ प्रतिशत, आयातको अश ६२ प्रतिशतमा पुग्यो। यसपछी अर्थतन्त्र लगभग यही स्थितिमा स्थिर रहन गयो र हाल निर्यातको अंश ६८ प्रतिशत र आयातको अंश ६३ प्रतिशत छ।

यथार्थ यो होकि नेपालको भारत संगको व्यापार दुई तिहाइ भन्दा वढी हुने गरेको, व्यापार विविधिकरण नीति खासै सफल हुन नसकेको, खुला सिमा र भूपेरिवेष्ठित मुलुक भएका कारणले भारत संग सफल आर्थिक कुटनीति राख्दै आफ्नो अनुकुल वैदेशिक व्यापार वनाउनु र सम्भव भएसम्म आयात प्रतिस्थापन गर्नु नेपालका लागि श्रेयकर देखिन्छ।

आयात तथा निर्यात व्यपारमा उतार चडाव आउने गरेको तर निर्यातमा आयातममा भन्दा वढी उतार चडाव आउने गरेको देखिन्छ ।

रेखा चित्र नं २६.८ नेपालको भारत संगको व्यापारको अंश, २०२४ (प्रतिशत)



श्रोत : **Quarterly Economic Bulletin, NRB**

व्यापार घाटा

नेपालको वैदेशिक व्यापार सदैव घटामा रह्यो र घाटाको आकार वढ्दै गएको देखिन्छ । नेपालको वैदेशिक व्यापार घाटाको यथार्थ परिदृष्य रेखा चित्र नं.२६.९ मा प्रस्तुत गरिएको छ। आ.व. १०७४/७५ मा नैलालको व्यापार घाटा र जि.डी.पी.को अनुपात ५.६ प्तिशत थियो र यो आकार वढ्दे सन १९९० (आ.व. १९८९/९०)मा आउँदा १२.७ प्रतिशत पुगेको देखिन्छ ।उदारीकरणको नीति अवलम्वन गरेपछि व्यापार घाटा झन उकालिदै गयो सन १९९७ मा आइपुग्दा यो आकार २५.३ प्रतिशत पुग्यो ।यो समयमा निर्यात जि.डी. पी. अनुपात ८.१ प्रतिशत थियो ।यसपछी निर्यात व्यापार फस्टाउदै सन २०००मा १३.१ प्रतिशतमा पुग्यो र यसैका कारणले व्यापारघाटा धट्यो र १५.५ प्रतिशतमा झ्न्यो ।सन् २००४ मा नेपाल विश्व व्यापार संगठनको सदस्य वन्यो। यसले व्यापार घाटाकम गर्ने आशा गरिएको थियो तर यो झन उकालिदै सन २०१९मा ३४.४ प्रतिशतमा पुग्यो । यो ऐतिहासिक रुपमा दाश्रो अधिकतम विन्दु वन्यो। यो समयमा नेपालको व्यापार घाटा १३ खरव २१ अरव ४२ करोड ६० लाख थियो। कोभिड १९ ले विदेश व्यापार सुस्तायो व्यापार घाटा २०२०मा घटेर २८.८ प्रतिशतमा आयो, फेरी उकालो लाग्दै सन २०२२मा जि.डी.पी. को ३४.६ प्रतिशत पुग्न गयो । यो ऐतिहासिक रुपमा अधिकतम विन्दु वन्यो ।यो वेला नेपालको भुक्तान सन्तुलन २ खरव १५ अरवले घाटामा थियो । नेपालले अपनाएका संकुचनकारी

नीतिले व्यापार घाटामा कमी आएर सन २०२४ (२०२३/२४)मा २५.३ प्रतिशतमा झऱ्यो र व्यापार घाटाको आकार १४ खरब ४० अरब ६० करोड ५० लाखमा आएको छ।

रेखा चित्र नं २६.९ नेपालको व्यापार घाटा र जि.डी.पी.को अनुपात (प्रतिशत)

Trade Deficit to GDP Ratio in Percent



श्रोत : Quarterly Economic Bulletin, NRB

अझैपनि व्यापार घाटा डरलाग्दो छ, यो वर्ष नेपाल सरकारको खर्च भएको वजेट जि.डी.पी.को २४.७ प्रतिशत मात्र थियो (अर्थ बुलेटिन, २०८०/८१) तर व्यपार घाटा जि.डी.पी.को २५.३ प्रतिशत छ । नेपालको एक वर्षको सिङ्गै वजेट खनाउदा पनि व्यापार घाटाको खाडल पुरिदैन ।अझैपनि व्यापार घाटा भयावह छ ।अर्को अर्थमा व्यापार घाटाकै कारणले एक वर्षमा १४ खरब ४० अरब ६० करोड ५० लाख वरावरको वैदेशिक मुद्रा नेपालवाट वाहिरिने गर्दछ ।

समस्याहरु

- सन् २००० मा नेपालको निर्यात र जि.डी.पी.को १३.१ प्रतिशत थियो र यसमा लगातार गिरावट आइ सन २०२४ मा २.७ प्रतिशतमा झरेको छ । नेपालको निर्यात क्षेत्र निरासा जनक र ध्वस्त प्राय जस्तै देखिन्छ। घट्दो निर्यात व्यापारले आर्थिक वृद्धिमा शिथिलता ल्याएको स्वतः प्रष्ट छ। यसमा नीतिगत भन्दा पनि संरचनात्मक परिवर्तन को आवश्यकता रहेको छ ।

निर्यात

- नेपालले भारत निर्यात गर्ने वस्तुहरु सिमित छन् ।भारत तिर निर्यात हुने प्रथम दश वस्तुहरुमा जिङ्क सिट(कर्कट पाता), पोलिष्टर धागो, जुस, अलैचि, पार्टिकल वोर्ड, जुट, पाल्म आयल, आयल

केक(पिना), कपडा, र धागो पर्दछन् । अतः निर्यातको आधार अति सानो छ र मौद्रिक आकार पनि अति सानो देखिन्छ । कम मुल्यका कृषीमा आधारित वस्तुहरु उत्पादन गरेको ।

- चीनमा भएको निर्यात कुल निर्यातको १.६९ प्रतिशत मात्रै हुन आउछ । अतः चीन संगको अंश नगन्य देखिन्छ । नेपालले चीनमा निर्यात गर्ने प्रमुख दश वस्तुहरु उनी गलैचा, हस्तकलाका सामान, तैयारी पोषक, चाउचाउ, अन्य हस्तकलाका सामान, पश्मिना, रुद्राक्ष, चादीका सामान र गहना, अगर वत्ती र छालामा तैयारी वस्तुहरु पर्दछन ।अधिकाँश वस्तुहरु कम मुल्यका र कुषिमा आधारित वस्तुहरु हुने गरेको ।
- नेपाल वाट अन्य देश तिर निर्यात हुने प्रथम दश वस्तुहरुमा उनी गलैचा, तैयारी पोषक, पश्मिना, नेपाली कागज, जडविुटी , चिया, चादीका सामान र गहना, छालामा तैयारी वस्तुहरु , दाल र हस्तकलाका सामानहर पर्दछन् । अतः अन्य देशमा भएको निर्यात कुल निर्यातको ३०.५९ प्रतिशत मात्रै हुन आउछ । निर्यातको प्रतिशत राम्रो रहेको तर विस्तार हुन नसकेको, लामो समय सम्म एकै प्रकृतिका वस्तुहरु रहेको ।
- आयात
- नेपालको आयात व्यापार ६५.५६ प्रतिशत भारतवाट हुने गर्दछ ।आ.व. २०२३/२४ मा भारतवाट आयात भएका दश प्रमुख वस्तुहरु वस्तुहरु पेट्रोल सम्वन्धी उत्पादन, गाडी र गाडीका पार्ट पूर्जाहरु, मेसिनरी सामानहरु, विजुलीका उपरकरणहरु, औषधि, चामल, हटरोल सीट, कोइला, एम. एस. विलेट, र धागो छन् । आयातित सामानहरु महङ्गा प्रकृतिका रहेको र प्रतिस्थापनका लागि लामो रणनीतिको आवश्यकता परेको ।
- नेपालको आयात व्यापार १८.६८ प्रतिशत चीनवाट हुने गर्दछ ।आ.व. २०२३/२४ मा चीनवाट आयात भएका दश प्रमुख वस्तुहरु सञ्चार सम्वन्धी उपकरण, मेसिनरी पार्ट पूर्जा, तैयारी पोशाक, विजुलीका सामान, रसायनिक मल, जुत्ताहरु, यातायातका उपकरण, भिडियो र टेलिभिजनका सामानहरु, मेडिकल उपकरणहरु, र कच्चा सिल्क पर्दछन् । आयातित सामानहरु महङ्गा प्रकृतिका रहेको र प्रतिस्थापनका लागि लामो रणनीतिको आवश्यकता परेको ।
- अन्य मुलुकवाट आयात हुने प्रमुख दश वस्तुहरुमा सुन, रसायनिक मल, खाने तेल, भटमासको तेल, हवैजहाजका सामानहरु, कच्चा पाल्म आयल, मेडिकलका उपकरण र सामानहरु, अन्य मेसिनरी सामानहरु, र औषधि पर्दछन्।यी आयातित सामानहरु महङ्गा प्रकृतिका रहेको र प्रतिस्थापनका लागि लामो रणनीतिको आवश्यकता परेको ।
- स्थलगत निरिक्षणवाट प्राप्त सुझाव अनुसार नपालमा काठका सामानहरु तथा फर्निचरहरु चीन तथा अन्य मुलुकवाट आउने गरेकोले पनि व्यापार घाटा वढाएको छ । नेपालमा निजी वनमा काठ दाउरा कुहेर जाने स्थिती भएको हुदा यी यस्ता वस्तुहरुवाट सामानहरु तथा फर्निचरहरु नेपाल भित्रै उत्पादन गरी नेपालका लागि उपभोगको व्यवस्था गर्ने व्यवस्था नभएकोले पनि समस्या भएको सुनिन्छ ।

- स्थलगत निरिक्षणवाट प्राप्त सुझाव अनुसार केही वस्तु हरुमा नेपालको भन्सारदर उच्च हुदा वोकेर ल्याउन मिल्ने सामानहरु अवैध वाटोवाट नेपाल भित्रिएका सुनिन्छ । यसले नेपालमा ग्रे वजारको निर्माण गरेको छ। यसले राजस्वमा प्रतिकुल असर पारेको छ भने अर्को तर्फ अभिलेख गरिएको आयात न्युन हुन जान्छ ।
- स्थलगत निरिक्षणवाट प्राप्त सुझाव अनुसार नेपालले सवै जसो औषधिहरु भारतवाट आयात गर्दछ। रणनीतिक हिसावले यो राम्रो होइन ।

व्यापार घाटा

- नेपालको एक वर्षको सिङ्गै वजेट खनाउदा पनि व्यापार घाटाको खाडल पुरिदैन । अझैपनि व्यापार घाटा भयावह छ । आ.व. २०२३/२४ को आँकडाको आधारमा व्यापार घाटाकै कारणले एक वर्षमा १४ खरव ४० अरव ६० करोड ५० लाख वरावरको वैदेशिक मुद्रा नेपालवाट वाहिरिने गर्दछ । विस्तारकारी नीतिहरुको आन्तरिक अर्थतन्त्रमा प्रभाव कम पर्ने गरेकोछ । मुलुक परर्भिर वन्दै गरेको छ ।
- नेपालको व्यापार घाटाको प्रमुख कारण संरचनात्मक समस्या हो । सहयोगी कारणहरुमा नेपालको भारत सङ्गको वास्तविक विनिमय दर appreciation हुनु पनि हो भन्ने अनुसन्धानले देखाउछ छ । वास्तविक विनिमय दरले नेपालको चालुखाता घाटालाइ प्रभाव पारेको देखिन्छ ।(Gyanwaly, 2023; Dhungana, 2023).
- वाणिज्य विज्ञ , व्यवसायी तथा कर विज्ञहरु सङ्ग परामर्ष गर्दा **SAFTA** ले व्यापार घाटा वढाएको र कर राजस्व समेत धटाएको सुनिन्छ।

समाधान तथा सुझावहरु

निर्यात प्रवर्धन

- भारतमा कम मुल्यका र कुषिमा आधारित वस्तुहरु मात्र निर्यात हुने गरेको र यसको मौद्रिक मुल्य पनि कमहुने गरेको हुँदा निर्यातका लागि नयाँ वस्तुहरु पहिचान गर्न आवश्यक छ । **एउटा वलियो सम्भावना विजुलीको निर्यात हो** । हाल भैरहेका निर्यातका वस्तुहरु जुस, अलैचि, पार्टिकल वोर्ड, जुट, आयल केक(पिना), कपडा, धागो आदिको Backward Effect राम्रो भएको हुदा यी यस्ता वस्तुहरुको निर्यातलाइ विस्तार गर्ने र प्राथमिकता कायमै गर्ने।
- चीनमा निर्यात हुने अधिकाँश वस्तुहरु कम मुल्यका र कुषिमा आधारित वस्तुहरु हुने गरेको हुँदा हालको निर्यातलाइ कायमैराखि नया वस्ुहरुको पहिचान गर्ने । यसकालागि एक अध्ययन हुनु जरुरी छ ।
- हाल तेश्रो मुलुकमा निर्यात हुने उनी गलैचा, तैयारी पोषक, पश्मिना, नेपाली कागज, जडविुटी ,चिया, चादीका सामान र गहना, छालामा तैयारी वस्तुहरु , दाल र हस्तकलाका सामानहरुलाइ उच्च प्राथमिकतामा राख्दै आइ.टी.सेवा जस्ता नयाँ प्रोडक्टको निर्यातमा जोड दिने ।

- विदेशमा वस्ने नेपालीहरुको नेटवर्कलाइ प्रयोग गरी नेपाली अर्गानिक उत्पादनको निर्यातलाइ जोड दिने । नेपालको पानी उच्च गुणस्तरको भएको हुँदा यसको निर्यातको लागि पहल गर्ने र अरवियन मुलुकहरु यसका लागि राम्रो वजार वन्न सक्दछन् ।
- नेपालमा निर्यात गर्ने वस्तुहरुको आधार न्यून रहेको हुँदा सेवा निर्यातलाइ जोड दिनु पर्दछ ।
- नेपालको निर्यात तथा जि.डी.पी.को अनुपातमा सन २००० देखि लगातार गिरावट आएको छ रहाल यो २.७ प्रतिशतमा छ । यो क्षेत्र निरासा जनक छ । अतः यसलाइ नीतिले भन्दा संरचनातमक सुधारवाट उठाउन सकिन्छ ।

आयात प्रतिस्थापन

- भारत वाट आयात हुने प्रमुख वस्तुमा पेट्रोल पर्दछ । यसले भारतिय आयातको २९.८६ प्रतिशत हिस्सा ओगटेको छ । अतः यसलाइ विजुलीले प्रतिस्थापन गर्न पर्दछ । नेपाली चुलो लाइ ग्यासमा नगरी आन्तरिक उत्पादनमा आधारित गराउनु पर्दछ ।
- भारतवाट आयातहुने कोइलालाइ आन्तरिक उर्जाले विस्थापित गर्नु पर्दछ ।
- भारतवाट आयातहुने सामानहरुमा चामल, तरकाली, फलफूल , कागज, आदि पर्दछन् । यी वस्तुहरुमा नेपाल कृषि प्रधान मुलुक भएको हुदा आत्मनिर्भर हुन आवश्यक छ । खाद्य सुरक्षाका हिसावले पनि नेपाल खाद्यान्नमा आत्म निर्भर हुन जरुरी छ । नोट गरौ नेपालले सन १९८७ सम्म चामल निर्यात गर्द थियो ।
- चीन वाट आयातहुने र नेपालमा पनि उत्पादन हुने वस्तुहरुमा,लसुन, प्लाइउड, गहुका उत्पादन, कागज, धातु र काठका फर्निचर, जुत्ता आदि पर्दछन् । यी यस्ता वस्तुहरु नेपलमै उत्पादन गर्नु पर्दछ । आयातको आवश्कता छैन । उदारणकालागि आ.व. २०२३/२४मा चीनवाट लसुन मात्रै २ सय २२ अरवको आयात भएको देखिन्छ । नेपाली भुभाग वाझै छ । अतः यी यस्ता वसतुहरुमा अयात प्रतिस्थापन जरुरी छ ।
- अन्य मुलुकवाट आयात हुने वस्तुहरु मध्ये केही सिमित वस्तुहरुमात्रै देश भित्र उत्पादन भएको देखिन्छ ,जस्तै खाने तेल, भटमासको तेल, सानो अलैची, धागो आदि । अधिकाँश आयातित वस्तुहरु मुलुक भित्रको उत्पादनको संरचनाले थेग्न नसकेका वा नसमेटेका वस्तुहरु देखिन्छन। अतः खाने तेल, भटमासको तेल, सानो अलैची, धागो आदि नेपाल भित्र उत्पादन गरी आयात प्रतिस्थापन गर्न सकिन्छ ।
- कच्चा पदार्थ र तैयारी वस्तुहरुको भन्सार दर एक स्लाव मात्र फरक पार्नु पर्दछ सो भएमा ग्रे वजार विकसित हुदैन । कुनै आवश्यक वस्तु भारतमा खरिद गर्दा तिनु पर्ने कर र नेपालमा आयात गर्दा तिर्नु पर्ने भन्सारको दरमा धेरै फरक हुनु हुदैन । सो भएमा ग्रे वजारको विकास भएर जान्छ।
- नेपाली काठको वजार नेपाल भित्र प्रर्वधन गर्नु पर्दछ । काठका फर्निचर तथा काठका सामानहरु नेपाल भित्रै उत्पादन गरी नेपालका लागि उपभोगको व्यवस्था गर्ने व्यवस्था मिलाउन जरुरी छ ।

- नेपालले हालेका वर्षहरुमा जल विद्युतमा ठूलो लगानी गरेको छ । भोलिका दिनहरुमा विजुलीका उपकरणहरुको ठूलो माग हुनेछ ।अतः यस्ता वस्तुहरुको उत्पादनमा लगानी गर्न उपयुक्त हुनेछ।

नीतिगत र रणनीतिक व्यवस्था

- नेपाल कृषि प्रधान मुलुक भएको हुदा र भुपेरिवेष्ठित मुलुक पनि भएको हुदा खाद्य सुरक्षाकालागि खाद्यान्न वस्तुमा आत्म निर्भर हुन जरुरी छ । अत : यी वस्तुहरुको आयात प्रतिस्थापन जरुरी छ।
- रणनीतिक हिसावले पनि नेपाल औषधिमा आत्म निर्भर हुन जरुरी छ । सन २०१५ मा जस्तै नाका वन्दि भएमा ठूलो समस्या हुने छ ।
- सेवा निर्यातलाइ पनि प्राथमिकतामा राख्नु पर्ने ।
- नेपाल भित्र उत्पादन हुने र नेपाली वजारमा खपत हुने खालका वस्तुहरु को आयात गर्नका लागि LC जारी गर्ने कार्यलाइ कसिलो पार्न सकिन्छ ।
- **SAFTA** ले नेपालको विदेश व्यापार तथा कर राजस्वमा पारेको प्रभाव वारे एक अध्ययन गर्न आवश्यक देखिन्छ ।

परिच्छेद २७

आर्थिक चरहरूको लक्ष्य र प्रक्षेपण

आर्थिक वृद्धि दर

१ **नेपालको आर्थिक वृद्धिदर औसतमा न्यून रह्दै आएको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्मको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रह्यो । २०७२ सालको भूकम्प पछिको पूननिर्माणका कारण आर्थिक वर्ष २०७३/७४ देखि २०७५/७६ सम्म नेपालको औसत आर्थिक वृद्धिदर ७.७ प्रतिशत रहेको थियो । २०७६/७७ मा कोभिड १९ महामारी शुरु भए पछि उक्त आर्थिक वृद्धिदर २.४ प्रतिशतले घट्यो। त्यस पछिका ४ आर्थिक वर्षको वृद्धिदर औसत ४ प्रतिशत रहेको छ । नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धिको ट्रयापमा रहेको छ । यस आर्थिक वर्षदेखि कार्यान्वयनमा गएको १६ औ योजनाले औसतमा ७.१ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ ।

२ **अर्थतन्त्रमा आर्थिक वृद्धि दर बढ्न लगानी बढेर उत्पादन बढ्नु पर्दछ ।** उक्त उत्पादन आन्तरिक उपभोग तथा निर्यातमा खपत हुनु पर्दछ । तर, नेपालको निर्यात ज्यादै कमजोर छ र आयात ज्यादै उच्च छ । यसले अर्थतन्त्रमा आन्तरिक उत्पादन कमजोर रहेको देखाउँछ । एकातर्फ आन्तरिक उत्पादनको आन्तरिक तथा वाह्य माग बढ्नु पर्दछ भने उत्पादन बढाउनको लागि लगानी बढाउन आन्तरिक रुपमा लगानी योग्य वातावरण बन्नु पर्दछ। सरकारको पूँजीगत खर्चको वृद्धि, निजी क्षेत्रको लगानी वृद्धि, उपलब्ध प्राकृतिक साधनको समुचित प्रयोग गरेमा मात्र आर्थिक वृद्धि दर बढ्न सक्छ। आर्थिक वृद्धिमा विभिन्न तत्वहरूले असर गर्ने हुँदा यसको ठयाक्कै प्रक्षेपण गर्न सजिलो छैन । तापनि, यस प्रतिवेदनमा आधारित आर्थिक सुधारका कार्य गर्दै नीतिगत स्थिरता कायम हुने हो भने उच्च एकल अंकको आर्थिक वृद्धि दर हासिल गर्न सकिन्छ। सो अनुरुप आर्थिक वृद्धि दर कायम भएमा नै, नेपाल १२ वर्ष जतिको अवधिमा विश्व बैंकको उच्च मध्यम आय भएको देशमा पुग्न सक्छ ।

मूल्य

३ **उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित नेपालको मूल्य वृद्धि आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्म औसत ५.३ प्रतिशत रहेको छ ।** उक्त अवधिमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क औसतमा ५ प्रतिशतले र गैर खाद्य तथा सेवाको मूल्य सूचकाङ्क औसतमा ५.६ प्रतिशतले बढेको छ । नेपालमा अहिलेसम्मको उच्च मूल्यवृद्धि २१ प्रतिशतसम्म रहेको छ । खुला सीमाना, स्थिर विनिमय दर र दुई तिहाइ आयात भारतबाट भइरहेकोले नेपालको मूल्य वृद्धिलाई असर पार्ने गर्दछ । केही हदसम्म नेपाल भित्रको मुद्राप्रदायले पनि केही हदसम्म नेपालको मूल्यवृद्धिलाई असर गर्दछ ।

४ **अर्थतन्त्रमा मूल्यस्तर समग्रमा समष्टिगत माग र आपूर्तिले निर्धारण गर्ने गर्दछ** ।नेपालमा माग बढे पनि उत्पादन क्षमता कमजोर रहेको सन्दर्भमा मूल्य वृद्धिको जोखिम रहने गर्दछ। तर, खुला सीमाना र चालु खाता खुला रहेकोले विश्वको कुनै पनि देशबाट आयात गर्न सकिने हुँदा आन्तरिक समष्टिगत माग वृद्धिले मात्र मूल्यवृद्धि गराउन सक्दैन । यस्तो अवस्थामा आयात बढेर शोधनान्तर घाटा बढ्ने र विदेशी विनिमय सञ्चितिमा कमी आउने स्थिति हुन्छ ।

५ **बढी आयातमुखी अर्थतन्त्र भएकोले नेपालमा भारत लगायत वाह्य देशको मुद्रास्फीति प्रसारित हुने गर्दछ** । विश्व बजारमा पेट्रोलियम पदार्थ, धातुजन्य वस्तु र खाद्यान्नको मूल्य बढ्दा नेपालमा पनि आई पुग्ने गर्दछ। त्यस्तै, अमेरिकी डलरसंग नेपाली मूद्रा अवमूल्यन हुँदा पनि डलरमा भुक्तानी भएर आउने सामानको मूल्य बढेर समग्र मूल्यवृद्धि हुन सक्छ ।

६ **नेपाली अर्थतन्त्रको लागि औसतमा ४ देखि ६ प्रतिशतको मूल्यवृद्धि उपयुक्त ठान्न सकिन्छ**। कृषि र गैरकृषि क्षेत्रमा उत्पादन गर्दै आपूर्ति व्यवस्थापनको साथै मौद्रिक र वित्त नीतिको माध्यमबाट उक्त स्तरको मूल्यवृद्धि कायम राख्न सकिन्छ र राख्नु पर्ने हुन्छ। कालोबजारी नियन्त्रण, सडक पूर्वाधारहरूको निर्माणमार्फत वस्तुको आपूर्ति सहज पार्दै मूल्यस्तरलाई वाञ्छित सीमामा राख्नु पर्ने हुन्छ ।

कर्जा

७ **अर्थतन्त्रमा लगानी र उपभोग बढाउन कर्जाले भूमिका खेल्दछ**। बैकिङ् प्रणाली बचत परिचालन र कर्जा प्रवाहबाट अर्थतन्त्र वित्तीय साधनको विनियोजन गर्दै पुँजी निर्माणमा सहयोग पुराउँछ। आर्थिक उदारीकरण पछि बैकिङ् क्षेत्रको तीव्र विस्तारसँगै कर्जाको वृद्धिदर पनि उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७३/७४ देखि २०७८/७९ सम्म निजी क्षेत्र प्रवाह भएको कर्जाको वृद्धिदर १८.६ प्रतिशत रह्यो। आर्थिक वर्ष २०७७/७८ मा निजी क्षेत्रमा प्रवाहित कर्जा कुल गार्हस्थ्य उत्पादनको ९५ प्रतिशत जति पुगेको थियो । पछिल्लो दुई आर्थिक वर्ष (२०७९/८० र २०८०/८१) मा निजी क्षेत्रमा जाने कर्जा औसतमा ५.३ प्रतिशतले बढेकोले निजी क्षेत्रमा गएको कर्जा कुल गार्हस्थ्य उत्पादनको तुलनामा केही कमी आएर ९१ प्रतिशत जति रहेको छ ।

८ **अर्थतन्त्रमा उच्च कर्जा वृद्धिलाई पनि राम्रो मानिदैन भने ज्यादै कम कर्जा वृद्धिदरले आर्थिक संकुचन ल्याउँछ।** उच्च कर्जाले अर्थतन्त्रमा ऋण ग्रस्तता बढाउने, सम्पतिको मूल्यहरू बढेर बबल सिर्जना हुने भै वित्तीय अस्थिरता आउने हुन्छ । अहिले नै निजी क्षेत्रमा प्रवाहित कर्जा मध्यम आय भएका देशमा भए सरह भइसकेको स्थितिमा उत्पादन नबढाउने गरी हुने कर्जा प्रवाहले वित्तीय जोखिम सिर्जना गर्ने हुन्छ। तसर्थ, नियामकीय व्यवस्था र उद्यमशीलता विकास गर्दै उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउँदै औसतमा <u>प्रचलित मुल्यमा मापन गरिने कुल गार्हस्थ्य उत्पादनको वृद्धि दरको हाराहारीमा कर्जा वृद्धिलाई राख्नु उपयुक्त देखिन्छ</u> ।

मुद्राप्रदाय

९ **अर्थतन्त्रमा आर्थिक कारोवार गर्न र आम्दानीलाई सञ्चय गर्न मुद्रा चाहिन्छ ।** अर्थतन्त्रमा सन्तुलित मात्रामा मुद्राको आपूर्ति हुनु पर्दछ। मुद्राको आपूर्ति बढी भएमा मुद्रास्फीति र शोधनान्तर घाटाको जोखिम हुन्छ भने आवश्यकता भन्दा कम भएमा आर्थिक संकुचन आउन सक्छ। अर्थतन्त्रमा मुद्रामापन गर्ने विभिन्न सूचक मध्ये एउटा विस्तृत मुद्राप्रदाय हो जसले चलनचल्तीमा रहेको नगद र बैंकहरूमा रहेको सबै प्रकारको स्वदेशी मुद्रामा रहेको निक्षेपलाई समेट्दछ ।

१० **नेपालको अर्थतन्त्र वित्तीय उदारीकरण र बैंकिङ् संस्थाको विस्तारसँगै तीव्र मौद्रिकीकरण भएको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्म विस्तृत मुद्राप्रदायको औसत वृद्धिदर १५.३ प्रतिशत रह्यो । उक्त अवधिमा विस्तृत मुद्राप्रदाय कुल गार्हस्थ्य उत्पादनको ८४.२ प्रतिशतबाट बढेर अधिकतम १२२.१ प्रतिशतसम्म पुग्यो । यसले के देखाउँछ भने बैंकिङ् प्रणालीको विस्तार एवम् मौद्रिकीकरण भए अनुरुप उत्पादन बढ्न सकेको छैन । यसरी वास्तविक क्षेत्रको वृद्धि भन्दा बैंकिङ् तथा मौद्रिक क्षेत्रको तीव्र विस्तार वित्तीय स्थायित्वको दृष्टिकोणबाट उपयुक्त ठान्न सकिदैन । तसर्थ, प्रभावकारी मौद्रिक व्यवस्थापन गरेर विस्तृत मुद्राप्रदायको वृद्धिदर पनि प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर भन्दा कम नै हुने गरी राख्नु पर्ने देखिन्छ ।

आयात

११ **नेपालमा आन्तरिक उत्पादन कमजोर रहेकोले आयातको मात्रा उच्च रहने गरेको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०७८/७९ सम्म आयातको औसत वृद्धिदर १७.६ प्रतिशत रह्यो । पछिल्लो दुई आर्थिक वर्ष (२०७९/८० र २०८०/८१) मा भने आयात क्रमशः १६.१ प्रतिशत र १.२ प्रतिशतले घट्यो । आर्थिक वर्ष २०७८/७९ मा आयात कुल गार्हस्थ्य उत्पादनको ३८/६ प्रतिशतसम्म भएको थियो । अति उच्च आयातले नेपाल आन्तरिक उत्पादन क्षमता कम रहेको देखाएको छ । यसले गर्दा स्वदेशमा रोजगार सिर्जना हुन सकेको छैन ।

१२ **स्थिर विनिमय दर प्रणाली भएको अवस्थामा समय समयमा उच्च आयात दरले बढ्दा शोधनान्तर स्थितिमा घाटामा जाने गरेको छ।** शोधनान्तर घाटाले गर्दा विदेशी विनिमय सञ्चिति घट्ने, बैंकिङ् प्रणालीमा तरलतामा कमी आउने र व्याजदर पनि बढ्ने गरेको छ। अर्कोतर्फ नेपालको राजस्व ठूलो हिस्सा आयातमा निर्भर रहेको छ । राजस्वको आन्तरिक स्रोत दरिलो नहुन्जेल आयात घट्दा राजस्व संकलन कम हुने गरेको छ ।

१३ **नेपालको आन्तरिक उत्पादन पनि धेरै जसो आयातित कच्चापदार्थ र मेशिनरी वस्तुमा निर्भर रहेको छ** । वास्तवमा आयातमा उपभोग्य वस्तुको आयात घटाउने र मेशिनरी वस्तुको आयात बढाउनु आवश्यक छ। आयातको संरचनामा परिवर्तन ल्याउँदै आयातको वृद्धि दर सन्तुलित तहमा राख्नु पर्ने हुन्छ । कुल गार्हस्थ्य उत्पादनमा आयातको उच्च हिस्सा रहेको सन्दर्भमा प्रचलित मूल्यको गार्हस्थ्य उत्पादनको वृद्धि दर भन्दा कम वृद्धि हुने गरी आयात व्यवस्थापन गर्नु उपयुक्त हुने देखिन्छ ।

निर्यात

१४ **नेपालको वस्तु निर्यात कमजोर रहने गरेको छ ।** आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ सम्म नेपालको वस्तु निर्यात औसतमा १२.२ प्रतिशतले बढेको छ । सो अवधिमा वस्तु निर्यात औसतमा वस्तु आयातको ८.५ प्रतिशतमात्र रहेको छ। निर्यात गरिने वस्तुहरू पनि प्राथमिक वस्तुहरूको वाहुल्यता रहेको छ ।

१५ **निर्यात बढाउन सकिएमा मात्र आन्तरिक वस्तुको वाह्य माग सिर्जना हुन्छ** । प्रतिष्पर्धात्मक क्षमताको कमी, गुणस्तरीय उत्पादन र प्रयोगशालाको कमी, छिमेकी देशहरूको गैर भन्सारजन्य अवरोधहरूले गर्दा निर्यात बढ्न र बढाउन सहज छैन। प्रतिष्पर्धात्मक क्षमता वृद्धि गरी निर्यात वृद्धि र आयात प्रतिष्थापन गर्ने रणनीति लिनु पर्ने हुन्छ। अहिलेको ज्यादै कम निर्यात आयात अनुपातलाई सुधार गरेर आगामी एक दशकमा एक चौथाईसम्म पुराउनु पर्दछ। यसका साथै, पर्यटन र सूचना प्रविधि जस्ता सेवा निर्यात बढाएर चालु खाता सकारात्मक राख्ने रणनीति लिनु पर्दछ । नेपालले शिक्षा र स्वास्थ्य पर्यटन प्रर्वद्धन गर्ने अवसर र सम्भावना पनि रहेको छन् ।

चालु खाता र शोधनान्तर स्थिति

१६ **चालु खाता लामो समयसम्म घाटामा रहनु हुँदैन।** चालु खाताले विदेशी देशहरूसँग भएको वस्तु तथा सेवाको आयात निर्यात, लगानीसंग सम्बन्धित आयव्यय, विप्रेषण आदिलाई समेट वाह्य देशहरूसँगको लेनदेनको स्थितिलाई जनाउँछ। यो घाटामा हुँदा वाह्य मुलुकसंग भएको चालु प्रकृतिको कारोवारमा आम्दानी भन्दा बढी भुक्तानीलाई जनाउँछ ।नेपालमा वस्तु व्यापारमा घाटा सदैब रहदै आएको छ। तापनि चालु खाता भने समय समय बचतमा पनि जाने गरेको छ । आर्थिक वर्ष २०७३/७४ देखि २०७९/८० सम्म लगातार ७ वर्ष चालु खाता घाटामा रह्यो । आर्थिक वर्ष २०८०/८१ मा आएर मात्र चालु खाता बचत रहन गयो । नेपाल जस्तो अल्प विकसित देशहरूमा पर्याप्त आन्तरिक बचत नहुँने तर लगानी बढी गर्नु पर्ने अवस्थाले गर्दा चालु खाता प्रायः घाटामा जाने गर्दछ । चालु खाता घाटामा रहदा त्यसको भुक्तानीको लागि वैदेशिक लगानी, वैदेशिक सरकारी तथा निजी ऋण र व्यापारिक ऋण लिनु पर्ने हुन्छ । वैदेशिक लगानी र ऋणले कुनै वर्षको चालु खाता घाटा पुरा गर्न नसके विगतको विदेशी विनिमय सञ्चिति प्रयोग गर्नु पर्ने हुन्छ। तसर्थ, सामान्य चालु खाता घाटा केही वर्ष हुनुले त्यस्तो नकारात्मक असर नगरे पनि लामो समयसम्म उच्च तह चालु खाता घाटामा रहने हो भने वाह्य ऋण बढेर यसको दायित्व भुक्तानी गर्न नसक्दा वाह्य क्षेत्रमा अस्थिरता सिर्जना हुने हुन्छ। तसर्थ, चालु खाताको स्थितिलाई नियालि रहनु पर्ने र नियन्त्रणमा राखिराख्नु पर्ने हुन्छ ।

१७ **चालु खाता र पुँजी खाताको जोड नै शोधनान्तर स्थिति हो जसमा आउने उतारचढावले विदेशी विनिमय सञ्चितिलाई असर गर्दछ।** शोधनान्तर स्थिति वाह्य देशहरूसंगको समग्र आर्थिक कारोवारको अन्तिम स्थितिलाई जनाउँछ । चालु खाता घाटामा गए पनि त्यो भन्दा बढी वाह्य ऋण र लगानी आप्रवाह भएमा शोधनान्तर स्थिति धनात्मक हुन जान्छ । शोधनान्तर स्थिति धनात्मक भएमा विदेशी विनिमय

सञ्चिति बढ्दछ भने ऋणात्मक रहदा विदेशी विनिमय सञ्चिति घट्छ ।लामो समयसम्म शोधनान्तर स्थिति घाटामा रहने हो भने विदेशी मुद्राको सञ्चिति रितिने हुन्छ । त्यसकारण नेपाल जस्तो आफ्नो मुद्रा विदेशमा नचल्ने देशहरूले विदेशी विनिमय सञ्चिति पर्याप्त राख्नु पर्ने हुन्छ । यस्तो सञ्चिति अत्यावश्क वस्तु तथा सेवाको आयात गर्न र वैदेशिक ऋणको भुक्तानी गर्न आवश्यक हुन्छ। त्यसकारण लामो समयसम्म चालु खाता र शोधनान्तर स्थिति घाटामा रहने हो भने वाह्य क्षेत्रमा अस्थिरता सिर्जना हुने, स्वदेशी मुद्रा अवमूल्यन हुने र वाह्य ऋणको भुक्तानी गर्न नसक्ने स्थिति आउछ । नेपालमा आर्थिक वर्ष २०७३/७४ देखि २०८०/८१ को अवधिमा दुई पटक शोधनान्तर स्थिति ऋणात्मक हुन पुगेको छ ।

गरिबी र बेरोजगारी

१८ **नेपालमा गरिबी घट्दै गए पनि अझै उच्च रहेको छ।** नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को अनुसार नेपालमा नयाँ गरिबीको मापदण्डको आधारमा २०.३ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनी रहेका छन् । शहरी क्षेत्रमा १८.३ प्रतिशत जनसंख्या र ग्रामीण क्षेत्रमा २४.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका छन्। सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३६.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका छन् । आन्तरिक रुपमा पर्याप्त रोजगारी सिर्जना नभएको, उपलब्ध रोजगारीलाई अबलम्बन गर्ने नगरिएकोले गरिबीको दर अझै उच्च रहेको छ । २०५२ साल तिर करीब ४२ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनी रहेकोमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आप्रवाह, सामाजिक सुरक्षाको विस्तार आदि कारणले गरिबी घट्न सहयोग पुराए पनि २०७२ सालको भूकम्प र कोभिड १९ महामारीका कारण गरिबीको दर अझै उच्च नै रहेको छ ।

१९ **गरिबी थप घटाउन गरिब घरपरिवार लक्षित रोजगारी र सामाजिक सुरक्षाको व्यवस्था गरिनु पर्दछ।** गरिब घरपरिवार पहिचान गर्न शुरु गरिएको सर्वेक्षण लामो समय लिइरहेको छ । केही काम सकिएर राज्य सुविधा परिचय पत्र तयार भइसकेको स्थिति पनि छ।सही ढङ्गले गरिब घर परिवार छनोट गर्ने र तीनतहको सरकारहरूबाट रणनीतिक ढङ्गले गरिबी घटाउने अभियान थाल्ने हो भने एक दशकमा निरपेक्ष रेखामुनी रहेका गरिबीको संख्या १० प्रतिशत ल्याउन सकिन्छ ।

२० **नेपालमा वेरोजगारीको स्थिति उच्च रहेको छ भने श्रम बजारमा विरोधाभासपूर्ण स्थिति रहेको छ।** पछिल्लो समय नेपाल जीवनस्तर सर्वेक्षण चौथोले नेपालमा वेरोजगारीको दर करीब १२ प्रतिशत देखाएको छ। यसमा पनि युवा बढी वेरोजगार रहेको पाइएको छ। एकातर्फ मानिसहरू कृषि पेशाबाट पलायन भइरहेका छन् भने अपेक्षा गरे अनुरुप गैर कृषि क्षेत्र, खासगरी सेवा क्षेत्रमा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन। नेपालको श्रम बजारमा अहिले वेरोजगारी र श्रम अभाव जस्ता विरोधाभास पूर्ण स्थिति रहेको छ । कृषि, निर्माण र उत्पादनमूलक उद्योगमा श्रमिक अभाव रहेको छ र छिमेकी देशबाट आएर काम गरिरहेका छन्। अर्कोतर्फ अधिकांश नेपाली युवाहरू सरकारी एवम् सेवा क्षेत्रमा रोजगारी खोजिरहेको स्थिति छ। श्रम बजार भएको यो विसंगति हटाउने हो भने केही युवाहरूले

रोजगारी पाउने स्थिति हुने थियो। यसका अतिरिक्त श्रम प्रधान क्षेत्रलाई प्रोत्साहन र सहुलियत दिएर रोजगारी सिर्जना गर्न उत्प्रेरित गर्नु पर्ने खाँचो छ। खासगरी, सीप र क्षमता हासिल नहुने कोरा खालका शिक्षा लिएका शिक्षित युवा बढी वेरोजगार रहेको स्थिति छ। युवा रोजगारी भई अर्थतन्त्रमा पर्याप्त योगदान दिन नसक्दा नै नेपालले जनसांख्यिक लाभ लिन सकिरहेको छैन। युवाहरू बढी भन्दा बढी वैदेशिक रोजगारी र अध्ययनमा जान उत्सुक भएको पाइन्छ र पछिल्लो समय उल्लेख्य संख्यामा युवाहरू वैदेशिक रोजगारी र अध्ययनको लागि विदेश गएका छन्। सामान्यतया ५ प्रतिशतसम्मको वेरोजगारीको दरलाई सामान्य मानिन्छ। नेपालले पनि एक दशकमा वेरोजगारीको दरलाई सो नजिक ल्याउने गरी काम गर्नु पर्ने आवश्यकता छ ।

सन्दर्भ सूची

परिच्छेद ३

सर्दार भीम बहादुर पांडे, त्यस बखतको नेपाल'राणाकालीन आखिरी तीन दशक

नेपाल गजेटमा २००८ साल माघ ८ गते प्रकाशित २००८ सालको बजेट-वक्तव्य

आर्थिक वर्ष २०८०/८१ को एकीकृत आर्थिक विवरण, महालेखा नियन्त्रक कार्यालय, २०८१

न्यायपालिकाको पहिलो पन्चवर्षीय रणनीतिक योजना २०६१-६६, सर्वोच्च अदालत।

न्यायपालिकाको पाँचौं पन्चवर्षीय रणनीतिक योजना

परिच्छेद ६

https://thedocs।worldbank।org/en/doc/f7cacc93bf594ebe0f649fe785809676-0310012023/nepal-development-update-october-2023

परिच्छेद ७

World Bank, ***Business Ready Report 2024***

परिच्छेद ८

उच्चस्तरीय कर सुधार समिति २०८० को प्रतिवेदन

World Bank।

Nepal - Joint World Bank-IMF Debt Sustainability Analysis (English)। Washington, D।C। : World Bank Group। http://documents।worldbank।org/curated/en/099092524124025314

Kim, Hyungon and Chung, Kee Hoon, Can state-owned holding companies improve SOE performance in Asia? Evidence from Singapore, Malaysia and China, Journal of Asian Public Policy, March 2018

नेपाल राष्ट्र बैंक (२०८१) **Current Macroeconomic and Financial Situation Tables Based on Annual Data 2023।24।**

अर्थ मन्त्रालय (२०८१), आर्थिक सर्वेक्षण २०८०/८१, नेपाल सरकार

अर्थमन्त्रालय, *सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८१*, नेपाल सरकार, काठमाण्डौ

सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ को प्रतिवेदन

परिच्छेद ९

राष्ट्रिय योजना आयोग (२०८०), एकिकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना २०८०।

अर्थ मन्त्रालय (२०८१), आर्थिक सर्वेक्षण २०८०।८१,

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (२०८०)। प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन २०७९।८०।

परिच्छेद १०

अर्थ मन्त्रालय (२०८०, २०८१), *आर्थिक सर्वेक्षण*, नेपाल सरकार, काठमाण्डौं

सङ्घीय संसद, राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनगुमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९

परिच्छेद ११

NPEA (2024), Market Snapshot Vol। 11, Nepal Private Equity Association, Retrieved from https://www।linkedin।com/posts/nepal-private-equity-association_npea-market-snapshot-volume-ii-july-2024-activity-7221080779538255875-jikM?utm_source=share&utm_medium=member_desktop

परिच्छेद १२

Capital Account Transaction (Equity Investment Abroad) Rules, 2022, Bangladesh Bank Indian Companies Act, 2013

Sajid, A, Hasan, M।A।, Badar, S।N।, Iqbal A। *Global Depositary Receipts and Firm Performance: An Empirical Analysis of Pre-Post Issuance*, Journal of Business and Management Research, 2023

Issue of Foreign Currency Convertible Bonds and Ordinary Shares (Through Depository Receipt Mechanism) Scheme, 1993, Government of India

Companies (Issue of Global Depository Receipts) Rules, 2014, Government of India

ILO, Digital Nomads and Hybrid Work: A deep dive into the benefits, drawbacks and possible ways to improve uptake of digital nomad visa programmes, Geneva, 2024

परिच्छेद १३

नेपालको संविधान

कृषि गणना २०६८ र २०७८

कृषि विकास मन्त्रालयको वार्षिक प्रतिवेदन

कृषि विकास रणनीति २०१५-२०३०

विभिन्न पत्रिकामा प्रकाशित कृषि सम्बन्धि लेख/समाचार

परिच्छेद १५

MOFE (2024)। National Land Cover Monitoring System of Nepal (2020-2022)। Ministry of Forest and Environment, Government of Nepal, Kathmandu, Retrieved from https://frtc।gov।np/uploads/files/NLCMS_Report_Final।pdf

उच्चस्तरीय भुमिसुधार आयोग २०६५ को प्रतिवेदन

राष्ट्रिय तथ्याङ्क कार्यालय, *कृषि गणना २०७८*

परिच्छेद १६

Chalise, S।R। & Khanal, N।R। (*nd*)। Rainfall and Related Natural Disasters in Nepal। *Landslide Hazards in the Hindu Kush Himalayas, 63-70*। https://lib।icimod।org/record/21557/files/c_attachment_96_779।pdf

Devkota, Sabina। (2023)। No respite from illegal mineral mining for Nepalis। The Third Pole (2023 December 28)। https://www।eco-business।com/news/no-respite-from-illegal-mineral-mining-for-nepalis

Jain, A। & Dohare D। (2022)। Sand Mining in India and its Evaluation using Swot Analysis- A Review। Curr World Environ 2022;17(3)। DOI:http://dx।doi।org/10।12944/CWE।17।3।4

Kumar, Ramesh। (2022)। A nation built on sand। Nepali Times (2022 September 3)। https://nepalitimes।com/here-now/a-nation-built-on-sand

Republica। (2018, July 15)। Accidents involving tippers unabated in capital। https://myrepublica।nagariknetwork।com/news/accidents-involving-tippers-unabated-in-capital

Tiwari, Ajit (2024)। Child Drownings assuming alarming proportions in Madhesh districts। The Kathmandu Post (September 10, 2024)।

https://kathmandupost।com/province-no-2/2024/09/10/child-drownings-assuming-alarming-proportions-in-madhesh-districts
The Himalayan Times (December 13, 2017)। CIB to launch crackdown on gangsters। The Himalayan Times। https://thehimalayantimes।com/kathmandu/central-investigation-bureau-launch-crackdown-gangsters।
6 Wresearch (2024)। Nepal Construction Materials Market (2024-2030) (Report first published in Oct। 2020 and updated in May 2024)। https://www।6wresearch।com/industry-report/nepal-construction-materials-market-2020-2026)।
हिमालय टाइम्स (२०८०) क्रसर व्यवसायीविरुद्धको मुद्दा लम्बियो ।हिमालय टाइम्स दैनिक (२०८० कात्तिक १५)।
भट्टराई, चिरन्जीवी ; कल्पना, खनाल; र प्रान्जल रिजाल। (n।d।) ।नदीजन्य पदार्थको दिगो र वातावरणमैत्री उत्खनन," अनुसन्धान प्रतिवेदन, नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं ।

परिच्छेद १७

ADB। (2017)। *Nepal Energy Sector Assessment, Strategy and Roadmap*।
https://www।adb।org/sites/default/files/publication/356466/nepal-energy-assessment-road-map।pdf
Gunatilake, H।, Wijayatunga, P।, Holst, D।R। (2020)। *Hydropower Development and Economic Growth in Nepal*। Asian Development Bank, 70। DOI: http://dx।doi।org/10।22617/WPS200161-2
Nepal Electricity Authority (NEA)। (2081)।*Nepal Electricity Authority: A Year in Review-Fiscal Year 2023/2024*। Government of Nepal
https://www।nea।org।np/admin/assets/uploads/annual_publications/NEA_Annual_Report_2081_New।pdf
Sharma, C।K।(1997)। *A treatise on water resources of Nepal*। Mass Printing Press।
Sharma, S।, K।C, C।, & Shrestha, D। (2024, January)। *Household Energy Consumption and Energy Transition in Nepal 2023। A Survey Report*। Inter Disciplinary Analysts (IDA), Kathmandu।
Water and Energy Commission Secretariat। (2013)। *National Energy Strategy of Nepal*। Government of Nepal। https://policy।asiapacificenergy।org/sites/default/files/National%20Energy%20Strategy%20of%20Nepal%202013%20%28EN%29।pdf
World Bank। (2019)। *Energy Infrastructure Sector Assessment*।
https://documents1।worldbank।org/curated/en/592481554093658883/pdf/Nepal-Energy-Infrastructure-Sector-Assessment।pdf
World Bank। (2023)। *World Development Indicators*। https://databank।worldbank।org/source/world-development-indicators
नेपाल सरकार जलस्रोत मंत्रालय।(२०६५)। *दशवर्षीय जलविद्युत विकास योजना तर्जुमा कार्यदल २०६५को प्रतिवेदन*। https://www । moewri । gov । np/storage/listies/May२०२०/taskforce-report-parti । pdf

परिच्छेद २०

Bosio, E।, S। Djankov, E। L। Glaeser, and A। Shleifer। 2022। Public Procurement in Law and Practice। American Economic Review 112:1091–117।
Fazio, Dimas and Zaldokas, Alminas, Kamikazes in Public Procurements: Bid-Rigging and Real Non-Market Outcomes (December 02, 2024) Available at
SSRN: https://ssrn।com/abstract=5040451 or http://dx।doi।org/10।2139/ssrn।5040451
OECD। 2009। *Guidelines for Fighting Bid Rigging in Public Procurement*, OECD Publishing, Paris, https://doi।org/10।1787/8cfeafbb-en।

Proag,V। 2021। *Infrastructure Planning and Management: An Integrated Approach*। Springer Nature Switzerland। https://doi।org/10।1007/978-3-030-48559-7।

Transparency International ।2024। Transparency, accountability, and integrity of public procurement system। https://knowledgehub।transparency।org/helpdesk/transparency-accountability-and-integrity-of-public-procurement-systems

United Nations। 2015। Addis Ababa Action Agenda of the Third International Conference on Financing for Development। https://www।un।org/esa/ffd/wp-content/uploads/ 2015/08/ AAAA Outcome।pdf

महालेखा परीक्षकको कार्यालय। २०८१। महालेखा परीक्षकको ६१ औ वार्षिक प्रतिवेदन।

सार्वजनिक खरिद अनुगमन कार्यालय, २०८०। सार्वजनिक खरिद अनुगमन कार्यालयको आर्थिक वर्ष २०७९-८० को वार्षिक प्रतिवेदन ।

राष्ट्रिय योजना आयोग।२०७६। पन्ध्रौ योजना, आर्थिक वर्ष २०७६/०७७—२०८०/०८१ ।

राष्ट्रिय योजना आयोग। २०८१। सोह्रौं योजना, आर्थिक वर्ष २०८१/८२-२०८५/८६ ।

परिच्छेद २१

नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

https://giwmscdnone । gov । np/media/app/public/३६/posts/१७०४१८२४१९_९७ । pdf

अर्थिक सर्वेक्षण २०८०/८१, नेपाल सरकार, अर्थ मन्त्रालय, जेठ, २०८१

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८०, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, २०८०। नेपाल भूकम्प प्रतिकार्य : जाजरकोट स्थिति रिपोर्ट ७, https://bipad । gov । np/np/८६७

सोह्रौं योजना (२०८१/८२—२०८५/८६), राष्ट्रिय योजना आयोग, २०८१

राष्ट्रिय शहरी नीति, २०८१, शहरी विकास मन्त्रालय, २०८१

शहरी गरिबीका विविध पक्षको अध्ययन, विश्वम्भर प्याकुर्याल तथा ओम् धरानन्द राजोपाध्याय, गरिबी निवारणकोष, २०७१

परिच्छेद २२

ADB। (2017)। Nepal Energy Sector Assessment, Strategy, and Road Map। Asian Development Bank।

Bangladesh targets 40 per cent power generation from clean energy by 2041। (2023)। ETEnergyworld। https://energy।economictimes।indiatimes।com/news/renewable/need-to-forge-pacts-to-attain-net-zero-targets-by-india-industry-leaders/97081641

Chang, Y।, & Putra, N। A। (2012)। The Non-Traditional Security Perspective on Energy Security Policies in Singapore। In M। Caballero-Anthony, Y। Chang, & N। A। Putra (Eds।), *Rethinking Energy Security in Asia: A Non-Traditional View of Human Security* (pp। 37–58)। Springer।

DoED। (2022)। http://www।doed।gov।np/।

IEA। (2023)। Oil Stocks of IEA Countries। International Energy Agency।

McKinsey। (2022)। Global Energy Perspective 2022 McKinsey ’ s Global Energy Perspective is a collaboration between Energy Insights and adjacent practices। *Executive Summary, April*।

https://www।mckinsey।com/~/media/McKinsey/Industries/Oil and Gas/Our Insights/Global Energy Perspective 2022/Global-Energy-Perspective-2022-Executive-Summary।pdf
MoEWRI। (2072 BS)। Rastriya Urja Sankat Nibaran tatha Bidhut Dasak Sambandhi Karyayojana। Ministry of Energy Water Resources and Irrigation।
MoEWRI। (2080 BS)। Urja Bikash Margachitra tatha Karyayojana-2080। Ministry of Energy Water Resource and Irrigation।
MoFE। (2020)। Nationally Determined Contribution II। Ministry of Forest and Environment, GoN।
MoFE। (2021)। Nepal's Long-term Strategy for Net-zero Emission, 2021। Ministry of Forest and Environment, GoN।
NEA। (2023)। A Year in Review 2023। Nepal Electricity Authority।

Neupane, e। a। (2021)। Solar and wind energy potential assessment at provincial level in Nepal: Geospatial and economic analysis। Renewable Energy।

NoC। (2080 BS)। Nepal Oil Corporation Report 2080। Nepal Oil Corporation, GoN।

Power Sector at a Glance ALL India। (2023)। Ministry of Power, Government of India।
https://powermin।gov।in/en/content/power-sector-glance-all-india

परिच्छेद २४

World Migration Report, 2024 International Organization for Migration World Employment and Social Outlook Trend, 2025, International Labor Organization ।

Labor Migration Report, 2022, Ministry of Labor, Employment and Social Security ।
Documents of Social Security Fund Nepal
National Census Report, 2078, NSO
Annual Report of Foreign Employment Promotion Board, 2080/81
Annual Report of Department of Foreign Employment, 2080/81
NRB Reports

परिच्छेद २५

राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०१९
अन्तर्राष्ट्रिय एकीकृत हिमाली विकास केन्द्र, काठमाडौं जैविक विज्ञान अनुसन्धान संस्था, राष्ट्रिय नवप्रवर्तन केन्द्र, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल नीति अनुसन्धान संस्थान, अक्सफोर्ड विश्वविद्यालय क्लिनिकल अनुसन्धान इकाई, त्रिभुवन विश्वविद्यालय अनुसन्धान (TU) बाट उपलब्ध प्रकाशीत सन्दर्भ जानकारी
श्रेष्ठ, एम. बी., & शर्मा, डी. (2020)। नेपालको अनुसन्धान तथा विकास पारिस्थितिकी प्रणालीका चुनौतीहरूः वित्तीय स्रोत र पूर्वाधार समस्याहरूको समाधान। **जर्नल अफ नेपालीज डेभलपमेन्ट स्टडिज, 15(2), 45-58**
गौचन, डी. (2008)। नेपालमा अनुसन्धान तथा विस्तार प्रणाली सुधारः प्रविधि विकास र स्थानान्तरणका उदाउँदा मोडेलहरू। **कृषि विकास जर्नल, 4(4), 34-44।**

परिच्छेद २६

Gyanwaly, R..P. (2023). *Determinants of economic growth in Nepal (1975-2021).* Working paper series 02, Central Department of Economics, TU.

Dhungana, S. (२०२३). Effects of fiscal variables on external sector deficit of nepal with reference to Indian factors.*The Economic Journal of Nepal* ४६ (१&२).

NRB(२०२४).*Quarterly economic bulletion*. Nepal Rastra Bank.

MOF (Various Issues). *Economic survey*. Ministry of Finance.

अर्थ मन्त्रालय (२०८०/८१) । *अर्थ बुलेटिन २०८०/८१* ।अर्थ मन्त्रालय ।

अनुसूचीहरू

दोस्रो चरणको सुधार

नेपाल उद्योग वाणिज्य महासंघद्धारा प्रस्तुत सुझाव

कोभिडपछिको तीव्र आर्थिक विस्तार रोक्न अवलम्बन गरिएका विभिन्न नीतिगत व्यवस्थाका कारण माग संकुचन भइ हालको समस्या देखा पर्न थालेको हो । अर्थतन्त्रमा जोखिम बढ्दै जाँदा सुधार गर्ने प्रयत्न नभइ नयाँ नीति थप्ने र माग नियन्त्रणका नीतिको सघन कार्यान्वयनले अर्थतन्त्रलाई जटिल मोडमा पुर्याई दिएको छ । अन्तरराष्ट्रिय व्यापारिक र सहायता सम्बन्धमा विशेषगरी अमेरिकी नयाँ नीतिका कारण अन्योल बढेको छ । यो आन्तरिक अर्थ व्यवस्थालाई मजबुत बनाउने अवसर पनि हो । विगतका नीतिको प्रभाव कम गरि बजार चलायमान बनाउन तत्काल सुधारका उपाय अवलम्बन गर्नुपर्छ । साथै मध्य र दीर्घकालीन सुधारका लागि आधार तयार पार्ने अवसर समेत रहेको हुँदा त्यसको मार्ग चित्र तयार पार्न सकिन्छ ।

सरकार आम व्यवसायी र सर्वसाधारण प्रति उत्तरदायी रहेको सन्देश दिन सुशासन पहिलो प्राथमिकता ।

सुशासनः राजनीति प्रतिको वितृष्णा, कर्मचारीतन्त्र प्रतिको आक्रोश, युवाहरूको पलायन र न्यून लगानीको मुख्य कारण सुशासनको अभाव हो । नयाँ चरणको सुधार अन्तर्गत सुशासन प्रत्याभूत गर्ने विशेष कार्यक्रम आवश्यक छन् ।

स्मार्ट सरकारी सेवा

- सरकारले स्मार्ट व्यवसायिक सेवा नामक अभियान शुरु गरि व्यवसाय सम्बद्ध सेवालाई डिजिटल बनाउनुपर्छ । नागरिक एपमा व्यवसाय भन्ने आइकन थपी व्यवसाय दर्ता नवीकरण राजस्व बुझाउने काम र खारेजी सम्मका सुविधा अनलाइन उपलब्ध गराउनुपर्छ।
- यो सुविधा कम्पनीलाई अनलाइन रजिस्ट्रेसन गर्ने मात्र नभइ सबै प्रकारका व्यवसायहरू उद्योग, घरेलु उद्योग बिजनेस फर्म सबैका लागि गरिनुपर्छ । यो एकीकृत सेवा हो । विभिन्न व्यवसायको दर्ताका लागि जिम्मेवार निकायहरू र प्रदेश एवं स्थानीय तहलाई एकीकृत सफ्टवेयरमा जडान गर्न सकिन्छ । नागरिक एप एक विशिष्टिकृत र बजेट भएको साधन भएको हुँदा यो सेवा सम्भव देखिन्छ ।
- अफ्रिकी मुलुक केन्यामा इसिटिजन नामक यस्तै एप सञ्चालनमा छ जुन निकै सफल छ । दक्षिण अफ्रिका, क्याम्बोडिया, रुवाण्डा जस्ता बिकासोन्मुख र अति कम विकसित मुलुकहरूले यसको प्रयोगबाट लाभ लिएका छन ।
- डिजिटल प्रविधिको प्रयोग भएमा हाल चार देखि सात ठाउँमा जानुपर्ने झन्झटबाट मुक्त भइनेछ । युवाहरू व्यवसाय प्रति रुचि राख्नेछन् । सुशासन कायम भै अवैध लेनदेन रोकिनेछ । डिजिटल सेवा लिन असमर्थ सर्वसाधारणका लागि उनीहरू बसोबास गरिरहेको वडा कार्यालय एक ठाउँमा सबै दर्ता गर्न सकिने व्यवस्था गर्नु पर्नेछ । पछिल्लो आर्थिक गणना अनुसार ४९ प्रतिशत व्यवसाय दर्ता भएका छैनन् । यसले व्यवसायीहरूलाई दर्ता हुन पनि अभिप्रेरित गर्नेछ । युवाहरूको मनोबल बढ्न गइ एक पटक व्यवसाय गर्ने अभिरुचि हुनेछ र युवा पलायन पनि रोक्न मदत पुग्नेछ । उपलब्ध तथ्याङ्क अनुसार करिब दुई लाख युवा स्थायी रूपमा मुलुक छोड्ने मनसायले विकसित देश गइरहेका छन् ।

राजस्व बुझाउने र व्यवसाय चल्न नसकेमा यसै माध्यमबाट वन्द गर्ने व्यवस्था गरिनुपर्छ । धेरै सर्वसाधारणको सानो व्यवसाय पनि विशेषगरी राजस्वका कारण वन्द गर्न नसकिएको अवस्थामा यसले सहज हुनेछ ।

- सर्वसाधारणलाई सुरक्षा र सेवा दिनु सरकारको मुख्य कर्तव्य हो । नागरिकता, पासपोर्ट सवारी चालक अनुमतिपत्र लगायतका अन्य सेवा लिन धेरै समय लाग्ने र सरकारी बाहेक अन्य दस्तुर अवैध रूपमा बुझाउनुपर्ने बाध्यता छ । नागरिकतालाई सहज रूपमा राष्टिय परिचयपत्रमा परिवर्तन गर्ने व्यवस्थाले सर्वसाधारणलाई सहज हुनेछ। पेन्सन र सामाजिक सुरक्षा भत्ता लिन परिचयपत्र अनिवार्य गरिएकाले वृद्धवृद्धा, अपांगता भएका व्यक्तिहरूलाई असहज भएको छ । वडा कार्यालयले यस्ता व्यक्तिहरूको घरमै गै बायोमेट्रिक लिने व्यवस्था मिलाउन सकिन्छ।
- भारतमा आधार-कार्ड दिँदा यस्तो सहज सेवा उपलब्ध गराइएको छ । केन्या, रुवाण्डा जस्ता मुलुकमा पनि अनलाइन सेवा उपलब्ध छ । स्मार्ट सरकारी सेवाले सर्वसाधारणको सरकार र प्रशासन प्रति विश्वास बढन जानेछ जसले राजनीतिक दलहरूलाई पनि लाभ हुनेछ । अन्य मुलुकसँग तुलना गर्दा राजस्वको भार नेपालमा कुल गार्हस्थ्य उत्पादनको झण्डै १७ प्रतिशत रहेको छ । भारतमा ८ प्रतिशतको हाराहारीमा छ । खर्च प्रणालीमा सुधार नभएको कारण उपलब्धि निराशाजनक छ । यो निराशालाई चिर्न पनि सहज सेवा र विकास निर्माणमा खर्च बढाउनु आवश्यक छ ।

आर्थिक रूपान्तरणका लगानी अभियान

- उच्च मूल्यवृद्धि र रोजगारी दिने स्वदेशी एवं विदेशी लगानीकर्ताहरुलाई सहज बनाउन आर्थिक रूपान्तरणका लागि लगानी अभियान सञ्चालन गर्नुपर्छ । लगानी बोर्ड र उद्योग विभागलाई एक अर्कामा गाभेर पुर्नसंरचना आवश्यक छ ।
- उक्त संरचनामा सरकारले पर्याप्त बजेट र कर्मचारी भर्ना गर्न सक्ने अधिकार दिइनुपर्छ । दातृ निकायको भरमा यस्ता संस्थाहरु चल्न नसक्ने उदाहरण हामी समक्ष छ । संचालक समितिमा निजी क्षेत्र, विज्ञको प्रतिनिधित्व गरिनुपर्छ । प्रमुख कार्यकारी अधिकृत मात्र नभई, संचालकहरुलाई समेत आफ्नो कार्यक्षेत्र र काम सहीतको प्रस्तुति गर्न लगाएर मात्रै नियुक्त गर्ने र उनीहरूको कार्यक्षेत्र पनि निर्धारण गरिनुपर्छ।
- उच्च मनोबल र क्षमता भएका कर्मचारीहरू भर्ना गरिनुपर्छ । भारतमा यस्तै खाले संरचनामा कर्मचारीहरूको औसत उमेर ३० वर्ष छ, ५२ प्रतिशत महिला छन र ३२ प्रतिशतले विदेशमा उच्च शिक्षा हासिल गरेका छन्।
- वन-स्टप सेन्टरको पूर्ण कार्यान्वयनका लागि लगानीकर्ताले एक ठाउँमा फाइल बुझाएपछि अन्यत्र जान नपर्ने गरि व्यवस्था गर्नुपर्नेछ। विदेशी र स्वदेशी लगानीकर्ता दुवैलाई उक्त एकद्वार सेवा प्रदान गर्नु पर्नेछ । रुवाण्डामा औसत ६ घण्टामा विदेशी लगानी सम्बन्धी निवदेनमा सरकारले निर्णय दिने गरेको छ । प्रशासनिक झमेला मुख्य वाधक रहेको सन्दर्भमा सबै काम अनलाइनबाट पुरा गर्ने र तत्काल निर्णय दिने प्रक्रिया शुरुवात हुनसके विदेशी लगानीकर्ता आकर्षित हुनेछन् ।
- यस्तै सेवा स्वदेशी लगानीकर्ताहरुलाई पनि उपलब्ध गराइनुपर्छ । परियोजना स्थल उपलब्ध गराउने, वन तथा वातावरणबाट स्वीकृति लिने र स्थानिय तह र सरकारसँग समन्वय गरि लगानीकर्तालाई काम गर्न उक्त संयन्त्रले उपलब्ध गराउनुपर्नेछ । व्यवसाय अनलाइनबाट दर्ता नविकरण र राजश्व बुझाउने

व्यवस्था हुने हुँदा लगानी हुने रकमको सिमाका आधारमा वर्गिकरण गरिनु हुँदैन । मन्त्रीपरिषदबाट पारित द्विपक्षीय लगानी सम्झौता कार्यान्वयन गर्नु पर्नेछ । लगानी सहजीकरणका लागि पारित अध्यादेश र कानून अनुसार नियमावली र कार्यविधि संसोधन एवं निर्माण गर्नुपर्नेछ ।

बजेट निर्माण प्रक्रियामा परिवर्तन

- नेपालको बजेट प्रक्रियामा करिब दुइ दशकदेखि पुँजीगत खर्च हुन नसक्नु सबैभन्दा ठूलो समस्याका रुपमा रहेको छ । बजेटको करिब १७ प्रतिशत हाराहारी मात्रै पूँजीगत खर्च छुट्याइने र त्यो पनि ६० प्रतिशत मात्रै खर्च हुने समस्याले निजी क्षेत्र पनि निरुत्साहित छ ।
- यसले एकातर्फ विकास निर्माण हुन सकेको छैन भने अर्को तर्फ उत्पादनको माग न्यून हुन गै निजी क्षेत्रको व्यवसाय पनि प्रभावित भएको छ । पुँजीगत खर्च बढाउन विश्व बैंकले युगाण्डा, पोल्याण्ड र माल्दोभामा अवलम्बन गरेको "बुष्ट" विधि अपनाउन सकिन्छ। यो खर्च सम्बन्धी डेटावेस हो जसले भइरहेको खर्च र माग बीचको असन्तुलन देखाउनेछ ।
- त्यसपछि परियोजनाहरूमा खर्चको प्रवृत्ति हेरि थपघट गर्न सकिनेछ । अबको कम्तीमा तीन वर्ष बजेटको आकार तय गर्दा वास्तविक खर्चमा बढिमा १५ प्रतिशत नबढने गरि तय गरिनुपर्छ । न्यून राजस्व र वैदेशिक सहायताको सावाँ व्याज भुक्तानीको चापले निजी क्षेत्रलाई विकास निर्माण परियोजनामा बढीभन्दा बढि उत्प्रेरित गर्नुपर्छ । काम गर्न पाउने सुनिश्चितता, जग्गा प्राप्ति वन र वातावरणसँग सम्बन्धित विषयको सहज अनुमति र स्थानीयहरूको माग सम्बोधन सरकारको नेतृत्वमा गरिनुपर्छ । निजी क्षेत्रले नाफा हुने परियोजनामात्रै सञ्चालन गर्ने हुँदा राजनीतिक तह र कर्मचारीतन्त्रमा नाफालाई अपराधको रूपमा हेर्न छोड्नुपर्छ । सरकारलाई राजस्व चाहिन्छ, राजस्व नाफामा तिरिन्छ, यदि नाफालाई अपराधको रूपमा हेरिन्छ भने विकास सम्भव छैन ।
- न्युन विडिगलाई मात्र निर्माण व्यवसायी छनौटको आधार नबनाइ सम्पूर्ण प्रक्रिया अनुमानयोग्य हुने गरि डिजिटल गरिनुपर्छ । सार्वजनिक खरिद ऐन र नियमावलीमा परिमार्जन गरि यस सम्बन्धी व्यवस्था गरिनुपर्छ । कर्मचारीहरू निर्णय गर्न हिच्किचाइरहेको अवस्थामा यसको समाधानको उपाय खोजिन पर्छ।

आर्थिक ऐन खारेज गरि एकीकृत राजस्व संहिता

- पछिल्लो समय आर्थिक ऐन उद्यम व्यवसायलाई नकारात्मक प्रभाव पार्ने नीतिका रूपमा विकसित हुँदै आएको छ । बारम्बार नीतिगत परिवर्तन गर्ने र भूतप्रभावी कानून लागू गर्ने संयन्त्रका रूपमा आर्थिक ऐनलाई प्रयोग गरिन थालेको हुँदा यसले निजी क्षेत्रको जोखिम बढाएको छ ।
- हरेक वर्ष आर्थिक ऐन ल्याएर राजस्व सम्बन्धी कानूनमा हठात् परिवर्तन हुने क्रम रोक्न आर्थिक ऐनको प्रावधान खारेज गर्नु उपयुक्त हुन्छ । यसको सट्टा एकीकृत कानून संहिता निर्माण गरि सदनबाट पारित गर्नु आवश्यक छ। करिब आठ वर्षदेखि एकीकृत कानुनी संहिताको बहस भएको र केही काम समेत शुरु भएको सन्दर्भमा यसलाई लागू गर्नु आवश्यक छ ।
- भारतमा प्रत्यक्ष कानून कोडको तयारी भइरहेको छ । सन २०२५ को बजेटबाट एकीकृत गर्ने सुरुवात भएको छ भने सन १९६१ को आयकर ऐनलाई समय सान्दर्भिक बनाउन थालनी भएको छ ।

- नेपालमा पनि एकीकृत राजश्व कानून संहिता बनेमा एक अर्कासँग बाझिएका कानून परिमार्जन गर्न सकिनेछ । सरल भाषामा बन्ने कानून सबैलाई बुझ्न र सोही अनुसार कार्यान्वयन गर्न सकिनेछ । यसले बजेटमा अपनाइने स्वेच्छाचारिता घटाइ नीतिगत स्थिरता कायम हुनेछ । विभिन्न कानूनहरूले दिएको सुविधाको ग्यारेन्टी हुने हुँदा लगानी प्रोत्साहित हुनेछ ।

तत्कालीन माग व्यवस्थापन

- छ महिनादेखि नेपालको बैंकिग प्रणालीमा छ खर्ब रुपैया भन्दा बढि लगानीयोग्य रकम थुप्रिएको छ । तीन महिनामा व्याजदर तीन प्रतिशत विन्दुले घटेको छ । तर पनि लगानीको माग भैरहेको छैन । बजारमा माग नभएका कारण थप व्यवसाय आएका छैनन् भने भएका उद्योगको विस्तार पनि हुन सकेको छैन ।
- यस्तो अवस्थामा बजारमा माग सिर्जना गरि लगानी बढाउनु तत्कालका लागि सबैभन्दा महत्वपुर्ण तर चुनौतिपूर्ण जिम्मेवार मुलुकका सामु छ । लगानीकर्ताहरु निरन्तर अपमानित हुनुका साथै प्रशासनिक झमेलाका कारण जोखिम लिने अवस्थामा उद्यमी व्यवसायी देखिदैनन् ।
- सबैभन्दा पहिलो काम लगानीकर्ताहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ । यसका लागि नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्रका प्रतिनिधिहरूको मर्यादा क्रमको विषय उठाउँदै आएको छ । जुन सुनुवाइ भएका छैन । सरकारलाई मौद्रिक व्ययभार नपरि लगानी कर्तालाई उत्प्रेरित गर्ने यो एक महत्वपूर्ण उपाय हो।
- केन्द्रीय बैंकले दुई वर्ष अघि ल्याएको चालू पूँजी कर्जा मार्गदर्शन कर्जा निरुत्साहित गर्ने पहिलो नीति हो । यो आवश्यक थियो र छ पनि । बजारमा निराशा रहेका बेला यसलाई परिमार्जन गरिनु आवश्यक छ । मार्गदर्शनलाई लाई कम्तीमा दुइ वर्ष स्थगित गर्ने वा यसको निर्णय बैंक र ऋणी आफैले गर्न सक्ने गरि सहज बनाउनुपर्छ ।
- सहकारी एवं लघु वित्तमा आएको समस्याका कारण साना मझौला उद्यमीसम्म सहज रकम प्रवाहका लागि पुर्नकर्जा लगायतका सुविधा उपलब्ध गराउनुपर्छ ।
- नेपाली अर्थतन्त्रको लाइफ लाइन रेमिट्यान्स हो । तर, त्यही रेमिट्यान्स ग्रामीण क्षेत्रसम्म पुग्न सकेको छैन। आन्तरिक रेमिट्यान्स सेवा बन्द हुँदा गाउँ गाउँसम्म पैसा नपुग्दा ग्रामीण अर्थतन्त्र शिथिल जस्तै भएको छ। यसले ग्रामीण क्षेत्रका साना तथा मझौला व्यवसायलाई समस्यामा पारेको छ । सानो रकम पठाउने, कर्मचारी, सैनिक प्रहरी, श्रमिक र वृद्धवृद्धालाई समस्या भएको छ । गाउँसम्म सहजै रकम पुग्ने संयन्त्रका रूपमा रहेको रेमिट्यान्स सेवा सुचारु गरिनुपर्छ ।
- नेपाली बजारमा घटेको माग पूर्तिका लागि पर्यटक र निर्यात बढाउनु पनि त्यत्तिकै जरुरी छ । निर्यातको हकमा तत्काल खाडी मुलुकमा नेपाली कृषिजन्य उत्पादन र पानी निर्यात गर्न सकिन्छ ।
- नेपालबाट दैनिक करिब १२ फ्लाइट मध्यपूर्व जाने गरेका छन् । यी जहाजमा नेपाली उत्पादन पठाउन एयर पोर्टमा कोल्डस्टोरेज, एक्स रे मेसिन र वेयर हाउस सुविधा उपलब्ध गराउनुपर्छ । प्रांगारिक खेतीका लागि मध्यपूर्वी देशहरू र चीन समेत प्राविधिक सहयोग उपलब्ध गराउन तयार रहेको सन्दर्भमा ती मुलुकहरूसँग सम्झौता गर्नुपर्छ ।

- व्यवसायी कर्जा सुरक्षण निगम, सरकार र विकास साझेदारहरू समेतले जोखिम बेहोर्ने गरि एक करोड रुपैयाँसम्मको कर्जा परियोजना धितोमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्छ । यसबारे नेपाल उद्योग वाणिज्य महासंघले अध्ययन गरेको छ ।

उत्पादनमूलक उद्योग प्रवर्द्धन

- उत्पादनमूलक उद्योगलाई सम्बन्धित कानूनले दिएको सुविधा आर्थिक ऐनले काट्ने व्यवस्था अन्त्य गरिनुपर्छ। उत्पादनमा आधारित सहुलियत कार्यक्रम पाँच वर्ष सञ्चालन गर्नु पर्नेछ । छुट्टै कार्यविधि बनाएर कार्यान्वयन गर्न सकिने यस कार्यक्रममा हाललाई उच्च मूल्य अभिवृद्धि भएका उत्पादनमूलक क्षेत्र समेटि, सूची बढाउँदै लैजानु पर्ने । भारतमा १४ वटा उत्पादनमूलक क्षेत्र समेटि कार्यान्वयनमा आएको यस्तै खाले कार्यक्रममा एक वर्षमै पाँच गुणा थप लगानी भएको छ ।
- आयात प्रतिस्थापन गर्ने उद्योगलाई पनि निर्यातमा दिइँदै आएको अनुदानको आधा हुन आउने रकम अनुदान प्रदान गर्नु पर्छ । उद्योग क्षेत्रमा सधैँभरि सुनिने तर कहिल्यै पनि समाधान नहुने एउटा विषय तयारी वस्तु आयातमा भन्दा कतिपय कच्चा पदार्थमा भन्सार महसुल बढी हुनु हो । यसमा निजी क्षेत्र र सरकारी क्षेत्रका आ—आफ्ना तर्कहरू रहेका छन् । सरकारले त्यस्तो वस्तुको बहुउद्देश्य प्रयोग हुने भनी तर्क गरि रहेको हुन्छ भने त्यस्तो वस्तु सम्बन्धित उद्योगको वास्तविक कच्चा पदार्थ नै हुने गर्दछ। अब यो मुद्दाको स्थायी समाधान खोजिन पर्दछ । नेपाल सरकारको घोषित नेपाल एकीकृत व्यापार नीतिमा तयारी वस्तु भन्दा कच्चा पदार्थको भन्सार महसुल दुई तह कम हुनु पर्ने भन्ने नीति भए पनि व्यवहारमा यसको कार्यान्वयन नभएकोले औद्योगिक कच्चा पदार्थको आयातमा लागि रहेको हालको भन्सार दरमा पुनरावलोकन गरि मुलुकको उत्पादन क्षेत्रलाई सुदृढ गरिनु पर्दछ ।
- औद्योगिक करिडोर विशेष कार्यक्रम अन्तर्गत भारतीय सीमादेखि चुरे फेदी सम्मका सडक किनारहरू र आसपासका क्षेत्र तथा अन्य सम्भावित करिडोरमा उद्योग लक्षित विशेष कार्यक्रम ल्याइ खुला विशेष आर्थिक क्षेत्रको अवधारणा शुरु गर्नु पर्छ ।
- नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा युरोप लगायत विकसित मुलुकमा निर्यात गरिरहेका उद्योग बढि प्रभावित हुने हुँदा लक्षित सक्षम उद्यमी कार्यक्रम अन्तर्गत तालिम, बजार एवं वस्तु विविधीकरण, लागत न्युनीकरण र दातृ निकायको एकीकृत सहायता परिचालन गर्नु पर्छ । निजी क्षेत्रको नेतृत्वमा रणनीति तयार पार्नुपर्छ ।
- नेपाली उत्पादनमूलक क्षेत्रको कच्चा पदार्थ बिजुली पनि भएकोले उत्पादनमूलक/आयात प्रतिस्थापन गर्ने उद्योगलाई विद्युत् महसुलमा पाँच वर्षसम्मको समय सीमा निर्धारण गरी ५० प्रतिशत छुट दिने । साथै निरन्तर विद्युत् आपूर्तिलाई विश्वसनीय बनाउनु पर्नेछ । ह्वीलिंग चार्ज तिरेर उद्योगले सिधै बिजुली खरिद गर्न पाउने व्यवस्था गर्ने ।
- एक सय भन्दा बढि रोजगारी दिने उत्पादनमूलक उद्योग, पर्यटन लगायतका सेवा उद्योग, सूचना प्रविधि उद्योगलाई रोजगार च्याम्पियनको सम्मान सहित आयकरमा न्यूनतम ४० प्रतिशत छुट दिनु पर्छ । स्वदेशी खाद्य सम्बद्ध उद्योगहरूले अनुमतिका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा निवेदन दिएको एक हप्ताभित्र निर्णय गरी सक्नु पर्छ र हुन नसक्ने भए सोको लिखित कारण सहित जानकारी गराउनु पर्ने व्यवस्था हुनु पर्ने ।

- लघु घरेलु, साना र महिला उद्यमीलाई पुर्नकर्जा सुविधा उपलब्ध गराई यस्तो सहुलियत कर्जाको दुरुपयोग रोक्न सम्बन्धित बैंकले नियमित अनुगमन गर्नु पर्ने व्यवस्था राख्नु पर्नेछ । वैदेशिक रोजगारीमा रहेका बखत नियमित रूपमा वैध माध्यमबाट रेमिटयान्स पठाउने व्यक्तिको आश्रित परिवारलाई विशेष उद्यमी कर्जा अन्तर्गत सहुलियत दरमा रकम उपलब्ध गराउने ।
- स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरी उत्पादन र बजारीकरणमा स्थानीय सरकार र उद्योग वाणिज्य संघहरूसँग सहकार्य गर्ने साथै निजी क्षेत्रसँगको सहकार्यमा स्वदेश एवं विदेश लक्षित सीप विकास केन्द्र स्थापना गर्ने व्यवस्था गर्ने ।
- मुलुकभरि व्यवसायिक वातावरण निर्माणका साथै व्यवसायीको मनोबल बढाउन छरिएर रहेको सानो पूँजी एकीकृत गरि ठूला परियोजना, उद्योग कल कारखाना, बन्द भएका सार्वजनिक संस्थान आदिमा लगानी गर्न निजी क्षेत्रद्वारा प्रवर्द्धन गरिने लगानी कम्पनीलाई प्रोत्साहन दिनु पर्नेछ । राजनीतिक र कर्मचारीतन्त्रमा स्थायित्वको लागि राजनीतिक नेतृत्व फेरिए पनि सचिव, सह—सचिव, महा-निर्देशक लगायतका नीति निर्माण तहमा रहने कर्मचारीहरू कम्तीमा दुई वर्ष एकै ठाउँमा बस्ने व्यवस्था गर्नुपर्ने। साना उद्यमीका उत्पादन अनलाइन मार्फत दर्ता नवीकरण र बजार खोज्न सहयोग पुग्ने गरि साना उद्यमी पोर्टल सञ्चालन गरि बिक्री वितरणका लागि इ—कमर्श प्लाटफर्मलाई प्रोत्साहित गर्नु पर्नेछ । निजी क्षेत्रद्वारा संचालित साना उद्यमी सहायता कक्षहरूलाई प्रोत्साहित गर्नु पर्छ ।

वन तथा वातावरण

- EIA को अध्ययन र स्वीकृति ६ महिना भित्र गर्ने व्यवस्था गरिनुपर्छ । वातावरणीय प्रभाव मुल्यांकन भित्र पर्ने आयोजनाको दायरा बढाइ तीन महिना भित्र स्वीकृति गर्ने गरी समयवद्ध व्यवस्था गर्ने व्यवस्था आवश्यक छ। विकास आयोजना सञ्चालन गर्न सकेसम्म वनक्षेत्र निःशुल्क उपलब्ध गराउने देखि न्यून राजस्व लिने गरी कानुनी सुधार गर्नेछ । वनक्षेत्रको सट्टा वन दिनुपर्ने व्यवस्था हटाउनु पर्छ ।
- वनक्षेत्रको जग्गा प्रयोग गर्ने प्रक्रिया र कार्यान्वयनको अवधि छ महिना भित्र हुने गरी व्यवस्था मिलाउनु आवश्यक छ ।
- राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्र भित्र सञ्चालन गरिने विकास आयोजनाको हकमा समेत माथि उल्लेख भएको प्रावधान राख्नु पर्नेछ । भारतमा वन तथा वातावरण सम्बन्धी यस्तै सहज व्यवस्था छ । दीर्घकालीन रूपमा टुक्रिएर रहेका विकासका कानूनलाई एकीकृत गरी समग्र विकास कानून (Comprehensive Act) तर्जुमा गर्नु आवश्यक छ ।

नदि तथा बनजन्य उत्पादनको उपयोग

- स्वदेशमै उपलब्ध हुने काठले आन्तरिक आवश्यक परिपूर्ति गरी उल्लेख्य मात्रामा निकासी समेत गर्न सक्ने सम्भावना भएकोमा नेपालमा वर्षेनी अर्बौंको काठ र काठजन्य उत्पादन आयात गरी रहेको अवस्था छ यस्तो विडम्बनापूर्ण अवस्थाको अन्त्य गर्न स्वदेशी काठको उपभोगलाई प्रोत्साहन गरी आयात प्रतिस्थापन गर्न प्रचलित बन सम्बन्धी ऐन कानून र प्रक्रियाहरू सरलीकरण गरी स्वदेशी काठको प्रयोगलाई उपयोग गर्नु पर्दछ ।

- प्रस्तुत अध्ययनमा कोशी प्रदेशका ४ जिल्लामा ५ करोड, मधेश प्रदेशका ८ जिल्लामा १६ करोड लगायत अन्य नदी खोलालाई समेत समावेश गर्दा वार्षिक ३० करोड घनमिटर नदीजन्य पदार्थ बगेर आउने हुँदा त्यसलाई उपयोग गर्नु पर्दछ ।
- ढुङ्गा गिट्टी रोडा उत्खनन, बिक्री वितरण र निर्यात सम्बन्धमा आवश्यक कार्यविधि बनाई वार्षिक दुई करोड घनमिटर परिमाणको आन्तरिक खपतलाई मध्यनजर गरी बढी हुने परिमाणलाई निर्यात गर्न पाउने व्यवस्था गरिनु पर्नेछ ।
- यसबाट संकलन हुने राजस्वको निश्चित प्रतिशत चुरे संरक्षण तथा सम्बन्धित खोलाहरूको तटबन्ध निर्माणमा प्रयोग हुनु पर्नेछ । मापदण्ड पुरा नगरेका उद्योगहरूलाई मापदण्ड पुरा गर्ने समय दिई वैधानिक ढङ्गबाट उद्योग सञ्चालन गर्ने व्यवस्था मिलाई अवैध उत्खनन रोक्न विशेष कारबाही सञ्चालन गर्नु पर्नेछ ।
- आवश्यक वातावरणीय अध्ययन गरी चुरे भन्दा पछाडिको चट्टानी पहाडबाट ढुङ्गा उत्खनन र निर्यातको सम्भावना देखिएमा उद्योग स्थापना गरि निर्यात सम्बन्धी व्यवस्था गरिनु पर्नेछ । अर्थतन्त्रको विकासमा नदीजन्य पदार्थको उत्पादन प्रशोधनको अनिवार्यतालाई प्राथमिकता दिई कानून बमोजिम दर्ता भएको उद्योगहरूको नियमानुसार नविकरणको व्यबस्था मिलाई उद्योग सञ्चालनको वातावरण बनाउनु पर्नेछ ।

स्टार्टअप नेपाल कार्यक्रम

- हाल स्टार्टअप उद्योगलाई पाँच वर्षसम्म दिएको कर छुट सुविधालाई थप अर्को पाँच वर्षसम्म ५० प्रतिशत छुट दिईने व्यवस्था गर्नु पर्छ । भारत लगायतका क्याम्बोडिया, रुवान्डा जस्ता देशमा शुरुमा यस्तो सुविधा दिने गरिएको छ । निजी क्षेत्रसँगको सहकार्यमा सबै प्रदेशमा Growth Centre स्थापना गर्नुपर्नेछ ।
- आगामी केही वर्ष एक आर्थिक वर्षभित्रमा कम्तीमा एक सय स्टार्टअपमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सय स्टार्टअप, सय लगानीकर्ता कार्यक्रम सञ्चालन गरि निजी क्षेत्रसँग सहकार्य गर्नु पर्नेछ । स्टार्टअप पोर्टल सञ्चालन गरि सोही मार्फत व्यवसाय दर्ता, नवीकरण र अन्य सहायता सम्बन्धी जानकारी लिन सकिने व्यवस्था गरिनु आवश्यक छ । स्टार्टअप परियोजनामा ठूला उद्यमी वा Private Venture Capital ले लगानी गरेमा त्यस्तो लगानी गरिएको रकममा खर्च कट्टी गर्ने सुविधा पाउनु पर्ने सम्बन्धित व्यवसायीहरूको माग छ ।

प्रविधिबाट समृद्धि कार्यक्रम

- प्रविधिबाट समृद्धि कार्यक्रम अन्तर्गत सूचना प्रविधिसँग सम्बन्धित निर्यातमूखी फर्म कम्पनीहरूलाई पाँच वर्षसम्म एक प्रतिशतमात्रै आयकर लाग्ने व्यवस्था गर्नु पर्नेछ । प्रविधिको प्रयोग गरि उद्यमशीलता बढाउने पालिकाहरूलाई पुरस्कृत गर्नु पर्नेछ । सामुदायिक विद्यालयहरूमा कक्षा ६ देखि व्यवसायिक सूचना प्रविधि सम्वद्ध शिक्षा अनिवार्य गर्नु उपयुक्त हुन्छ ।
- पहाडी क्षेत्रमा स्थापना हुने सूचना प्रविधि सम्बद्ध उद्योगलाई जग्गा, बिजुली र बाटोको सुविधा प्रदान गर्नु आवश्यक छ । भूटानले यस्तो सुविधा प्रदान गरि लगानी आकर्षित गरिरहेको छ । सबै प्रदेशमा

कम्तीमा एक अन्तर्राष्ट्रिय स्तरको सूचना प्रविधि सम्बद्ध शिक्षालय स्थापना गर्न विदेशी उच्च शिक्षा प्रदायक संस्थासँग समन्वय गर्नु पर्नेछ ।

पर्यटन

- भारतीय सिमा नजिकका हिलस्टेसनमा स्थापना हुने होटल रिसोर्ट, पोलिटेक्निकल इन्स्टिच्युट, अन्य शिक्षालय, शिक्षण अस्पताललाई पनि पहुँच मार्ग र बिजुलीको सुविधा उपलब्ध गराई पहिलो पाँच वर्ष सम्म आयकरमा पचास प्रतिशत छुटको व्यवस्था गर्न सकिएमा पर्यटन प्रवद्र्धनमा टेवा पुगनेछ । यस्तै नेपाललाई विवाह, सभा सम्मेलन पर्यटन गन्तव्यका रुपमा विकास गर्न सभाका लागि साझा नेपाल कार्यक्रम अन्तर्गत सभा सम्मेलनमा भाग लिन आउने प्रतिनिधि पर्यवेक्षकहरूलाई भिसा छुट लगायत अध्यागमनमा सहज सुविधा उपलव्ध गराउन सकिन्छ ।
- विवाहका लागि भारतीय पर्यटकहरु आकर्षित गर्न पूर्वाधार निर्माणका साथै गरगहना सरल रुपमा घोषणा नगरि ल्याउन पाउने व्यवस्था हुनु पर्दछ । भारतीय पर्यटकले नेपाल आउँदा भारु २५००० मात्रै ल्याउन पाउने व्यवस्था छ । यसमा कुनै पनि प्रकारको सिमा लागु नहुने अथवा अन्य सरह ५ हजार डलरसम्म नगदै ल्याउन पाउने र बेकिङ् माध्यमबाट जति पनि रकम ल्याउन सकिने व्यवस्था गरिनुपर्छ।
- नेपाल भित्रिने भारतीय लगायत अन्य मुलुकका गाडीहरूको एकै ठाउँमा मात्रै निश्चित शुल्क भुक्तानी गरि निर्बाध रूपमा नेपालभरि आउन पाउने व्यवस्था गर्नुपर्छ । यसले पर्यटन बढाउँछ । प्रहरी चेकिंग भन्सारमा मात्रै चेक जाँच गर्नुपर्ने र अन्यत्र कतै चेक जाँच गर्न नहुने व्यवस्था गर्नु पर्दछ ।
- नेपालमा छायाङ्कन गर्न आउने विदेशी सिनेमाहरूलाई सहज र सुलभ तरिकाले विना झन्झट काम गरी फर्कने वातावरण तयार पार्नका लागि सहुलियत सहितको एकद्वार प्रणाली लागू गरी त्यस्तो सिनेमाहरूको छायाङ्कन कार्यलाई सहजीकरण गर्नु उपयुक्त हुन्छ । माग सिर्जना गर्न पर्यटक आगमन बढाउनुपर्ने हुँदा, टिकटमा लागेको भ्याट र विलासीता कर खारेज गर्नुपर्छ ।

कृषि इकोसिष्टम सुधार

- प्रांगारिक पहाड कार्यक्रम अन्तर्गत वस्ती घट्दै गएको पहाडलाई प्रांगारिक नगदे बाली उत्पादनको लागि प्रवर्द्धन गर्न सकेमा कृषि इकोस्टिममा सुधार हुन सक्छ ।
- कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङसँगको सहकार्यमा निजी क्षेत्रलाई प्रांगारिक मल उत्पादन एवं वितरणको व्यस्था गर्नु पर्दछ ।
- स्थानीय तहको सिफारिसमा किसान परिचयपत्र जारी गरी किसानको उत्पादित माल वस्तु बिक्री केन्द्रसम्म पुर्याउनको लागि स्थानीय निकाय मार्फत ढुवानी सेवा निःशुल्क दिने व्यवस्था गरिनु पर्दछ।
- कृषिमा जाने अनुदानको दुरुपयोग रोक्न कृषिको उत्पादन भइसकेपछि मात्र अनुदान उपलब्ध गराउने, वितरणमा डिजिटल प्रविधिको प्रयोग गर्ने, दुरुपयोगबारे गोप्य रूपमा अनलाइन मार्फत सूचना दिन सकिने व्यवस्था गर्ने, बैंकहरूले नियमित अनुगमन गर्नुपर्ने, दुरुपयोग भएको पाइएमा दोब्बर आर्थिक जरिबाना गर्ने जस्ता उपायहरू अवलम्बन गर्नु पर्दछ ।
- निर्यातका लागि खाडी मुलुक लक्षित विशेष कार्यक्रम लागु गरि खेतदेखि खाडीसम्म कार्यक्रम अन्तर्गत नेपाली कृषि उपजलाई खाडीसम्म पुर्याउन विशेष सहयोग प्रदान गरिनु पर्दछ । यस अन्तर्गत अन्तर्राष्ट्रिय

एयरपोर्टमा कोल्डस्टोरको व्यवस्थाका साथै द्रुत मार्गबाट जाँच पास हुने व्यवस्था गरी वायुसेवा प्रदायकहरूलाई कृषि उपज ढुवानीका लागि आवश्यक प्रोत्साहन गरिनु पर्दछ ।

- हिमाली र पहाडी क्षेत्रको पानीलाई खाडी मुलुकहरूमा निर्यात गर्न प्रोत्साहन गर्नु पर्दछ । यसरी निर्यात गर्न स्थापना हुने विदेशी लगानीका कम्पनीलाई पहुँच मार्ग र बिजुलीमा सहुलियत दिइनुका साथै कच्चा पदार्थ आयातमा सहुलियत प्रदान गरिनु पर्दछ ।
- करार खेती गर्न आवश्यक कानुनी व्यवस्था गरिनु पर्ने साथै जग्गा भाडामा लिइ खेती गर्न प्रोत्साहित गरिनु पर्दछ । मुलुकको सबै भेगमा उत्पादन हुने मकै र आलु खेतीलाई प्राथमिकता प्राप्त खेतीका रूपमा प्रश्रय दिनु पर्दछ ।
- निजी क्षेत्रले वेयर हाउस बनाउन चाहेमा आवश्यक सहजीकरण गर्नु का साथै कृषि अनुसन्धान केन्द्रलाई परिष्कृत र विकेन्द्रित गरि प्रदेश तहमा समेत स्थापना गरिनु पर्दछ ।

निर्यात प्रवर्द्धन

- निर्यात बिन्दुबाट निर्यात भएको ३५ दिन भित्र स्वतः उद्योगीको बैक खातामा रकम जम्मा हुने व्यवस्था गरिनु उर्पयुक्त हुन्छ । बढ्दो आयात प्रतिस्थापन गरी स्वदेशी उद्योगहरुको संरक्षण गर्न आयात प्रतिस्थापन गर्ने बस्तुहरुको पहिचान गरी निर्यातको तुलनामा आधा नगद अनुदान दिने व्यवस्था गर्नु पर्दछ ।
- निकासीकर्ताहरूलाई duty drawback को व्यवस्था हुनु पर्दछ ।
- विशेष आर्थिक क्षेत्रको भाडा दरलाई रु। ४ प्रति वर्गमिटर कायम गरिनु पर्दछ ।
- निर्यात क्रेडिट बीमाको व्यवस्था तथा निर्यात पुर्नकर्जालाई सहजीकरण गरि व्याज अनुदान दिने व्यवस्था हुनु पर्दछ ।
- नेपालमा जाँचपास भएका उत्पादनलाई भारत लगायत सार्क मुलुक भित्र मान्यता पाउने गरि सम्वाद अगाडि बढाउनु पर्दछ । जुन व्यवस्था साफ्टामा रहेको छ ।
- प्रत्येक ICP मा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको प्रयोगशाला Accredited Lab स्थापना गरिनु पर्दछ । यस्तै कृषि तथा जडीबुटी उत्पादनहरूको अर्गानिक प्रमाणीकरणको व्यवस्था हुनु पर्दछ ।
- निर्यातजन्य उद्योगलाई चालू पुँजी कर्जा (Working Capital Loan) सम्बन्धित बैंक तथा वित्तीय संस्थाले निर्धारण गरे अनुसार लिन पाउने व्यवस्था गर्नु पर्दछ ।
- सबै मुख्य भन्सार विन्दुहरूमा एकीकृत जाँच चौकी हुनुपर्छ ।
- विशेषगरी वहुराष्ट्रिय कम्पनीका उत्पादनजस्तै देखिने काउन्टरफिट वस्तुहरू अनधिकृत रूपमा बजारमा आइरहेको हुँदा यसको नियन्त्रणका लागि आधिकारिक कम्पनीले आफ्नो ट्रेडमार्क दर्ता गर्न पाउने र त्यसलाई सुरक्षण दिन प्रभावकारी कानुनी आधार व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

ऊर्जा

- विद्युत ऐन २०४९ मा जलविद्युत आयोजना निर्माण गरी सञ्चालन गर्ने कम्पनीहरूलाई १० वर्षसम्म पूरै तथा १० देखि १५ वर्षसम्म ५० प्रतिशतका दरले आयकरमा छुट पाउने र भ्याट फिर्ता दिने सुविधा २०८२ असार मसान्त भित्र निर्माण पूरा गर्ने कम्पनीहरूले मात्र पाउने व्यवस्था भएकोमा नेपाल भारत बीच भएको सम्झौता अनुसार १० हजार मेगावाट विद्युत बिक्री सम्झौता भएको प्रावधानलाई सार्थक बनाउन पनि यो समय सीमालाई ५ वर्ष थप गरी २०८७ सम्म विस्तार गरिनु पर्दछ ।
- रन अफ द रिभर प्रकारका आयोजनाको मात्र निर्माण भइरहदा देशमा जलाशय युक्त जलविद्युत आयोजनाहरूको निर्माणलाई प्राथमिकता दिन आवश्यकता पर्ने जग्गा प्राप्ति, सडकको पहुँच, उच्च भोल्टेज क्षमताको प्रसारण लाइन निर्माणका पूर्वाधारहरू निजी क्षेत्रलाई प्रदान गर्ने व्यवस्था हुनु पर्दछ ।
- ऊर्जा दक्षता भएका उपकरण प्रयोग तथा आयातमा जोड दिनु पर्ने र यसमा लाग्ने भन्सार केही हद सम्म छुटको व्यवस्थाका साथै बैंक तथा वित्तीय संस्थाहरूले यसमा ऋण (कम व्याज दरमा) व्यवस्था हुनु पर्दछ ।
- प्रसारण लाइनहरूको शीघ्र निर्माण नभएको अवस्थामा निजी क्षेत्रबाट निर्माण हुने जलविद्युत आयोजनाहरूको पहुँच मार्ग एवं प्रशारण लाइन निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिनु पर्ने र निजी क्षेत्रलाई प्रसारण लाइनमा खुला गर्नुपर्छ ।

पूर्वाधार विकास

- स्वदेशी सिमेन्ट खपत बढाउन र बलियो संरचनाका लागि पहाडी क्षेत्र लगायत अन्य क्षेत्रमा क्रमशः ढलाने सडक निर्माण गर्दै जान उर्पयुक्त देखिन्छ । सूचना प्रविधि सम्वद्ध पुर्वाधार विस्तार गरि पहाडी क्षेत्रलाई प्रविधि हवका रुपमा विस्तार गर्ने सकिन्छ ।
- नयाँ अन्तराष्ट्रिय विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रसंग सहकार्य आवश्यक देखिन्छ । निजगढ काठमाडौं फाष्ट ट्रयाक निर्माण कार्य भई रहेको हुँदा निर्माण पश्चात् यसको उच्चतम प्रयोगको लागि समेत प्रस्तावित निजगढ अन्तरराष्ट्रिय विमानस्थलको निर्माण मोडालिटी तय गरी विमानस्थल निर्माण कार्यलाई उच्च प्राथमिकता दिनु पर्दछ ।
- सम्भावित परियोजनाहरूको लागत निर्माण मोडालिटी लगायत खुल्ने गरी परियोजनाको सूची तयार गर्नु पर्दछ ।

राजश्व प्रणाली सुधार

- उत्पादनमूलक उद्योगमा लाग्दै आएको करलाई क्रमशः घटाइ पाँच वर्षमा ५ प्रतिशत विन्दुले कम गर्नु पर्दछ ।
- मुनाफाको ४० प्रतिशत वा सो भन्दा बढि रकम सोही कम्पनीमा पुनर्लगानी गरेमा आयकर छुटको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रविधिको बढ्दो आवश्यकता र प्रयोगले राजस्वमा भएको योगदान बढ्दो क्रममा रहेको छ । त्यसैले यस क्षेत्रका व्यवसायीहरूलाई प्रोत्साहन गर्नका निम्ति पाँच वर्षसम्म संशोधन नगरिने गरि एक प्रतिशत मात्रै आयकर लाग्ने व्यवस्था गर्नुपर्छ ।

- आर्थिक कसुरमा फौजदारी कसुर सरह जेल सजाय नगरी आर्थिक जरिबाना गर्ने व्यवस्था गर्नु पर्दछ ।
- उधारो उठाउने सम्बन्धी कानून निर्माण गर्नु पर्दछ । साथै जारी भएको विजकलाई करार सम्झौताको मान्यता दिइनु पर्ने र आयकर/मू.अ. कर भुक्तानी गरेको रकम नउठेमा पछिल्लो वर्षमा खर्चको रूपमा देखाउन पाउने व्यवस्था गर्ने र सम्बन्धित पार्टीको आयमा समावेश गर्ने व्यवस्था हुनु पर्दछ ।
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २ र ३ बमोजिमको मोल निर्धारित भएकोमा बाहेक नेपाल सरकारले तोकेको कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले मालवस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई दण्ड सजाय हुने प्रावधान अव्यवहारिक रहेको हुँदा उक्त व्यवस्थालाई संशोधन गरी खुला बजार नीति अनुरूप प्रतिस्पर्धा सम्बन्धी ऐन जारी गर्नुपर्छ ।
- सीमित मात्रामा भएपनि तेश्रो मुलुकमा उत्पादित सामानहरू भारतबाट नेपाल आयात गर्न पाउने व्यवस्था हुनु पर्दछ ।
- घर बहाल कर व्यक्ति र कम्पनीले छट्टा छुट्टै निकायमा तिर्नु पर्ने व्यवस्था भएकोमा भुलबस कुनै फरक निकायमा तिर्न पाउने समायोजन गर्न पाउने व्यवस्था हुनु पर्दछ ।
- फर्म/कम्पनीको वाणिज्य दर्ता नवीकरणका लागि न्यूनतम शुल्क कायम गरी नवीकरण अवधि ५ वर्षको लागि र नवीकरण नभएका फर्म/कम्पनीहरूलाई पुनः नवीकरण वा दर्ता खारेजीको लागि कर छुट सहितको सहज व्यवस्था हुनु पर्दछ । साथै साना उद्योग व्यवसायले विभिन्न ठाउँमा दर्ता गर्नु परेको अवपस्थामा एकै ठाउँमा दर्ता गर्न पाउने व्यवस्था उपयुक्त हुने देखिन्छ ।
- माथि दुवै बुँदामा उल्लिखित बाहेकको बाँकी मुद्दाहरूमा स्पष्ट गणना गर्ने विधि उल्लेख गरि व्याज तथा जरिबाना बाहेकको कर रकमको दश प्रतिशत थप जम्मा गरि मुद्दा फिर्ता लिएमा मुद्दा राफसाफ गर्न प्रोत्साहन गर्नु पर्दछ ।
- पर्यटन व्यवसायलाई प्रत्यक्ष रूपमा प्रोत्साहन गर्नका निमित्त उचित सीमा तोकी सो सीमा भन्दा बढी विदेशी मुद्रा भित्र्याउने पर्यटन व्यवसायलाई (ट्राभल, टूर तथा ट्रेकिङ्ग) आयकर ऐन, २०५८ को दफा ११ को स्पष्टीकरणमा उल्लिखित विशेष उद्योगको परिभाषामा समावेश गर्नुपर्दछ ।
- एक करोडसम्मको कृषि उत्पादन तथा उपजको कारोबार गर्ने जुनसुकै प्रकारको कृषि व्यवसायलाई बिजक जारी गर्ने तथा कारोबारको स्वघोषणा गरेको आधारमा कम्तीमा दश वर्षसम्म कर छुट प्रदान गर्नुपर्छ । साथै यस्तो व्यवसायबाट गरिएको खरिदमा समेत अग्रिम कर कट्टी आवश्यक नहुने तथा ल्याण्ड पुलिङ्ग अन्तर्गत गरिएको कृषि व्यवसायको जग्गाको भाडा भुक्तानी समेतमा कुनैपनि तहको सरकारले भाडा बापत कर नलिने व्यवस्था गर्नुपर्छ ।
- प्राईभेट इक्विटी र भेन्चर क्यापिटलको व्यवसायलाई सामूहिक लगानी कोष सरहका कर तथा अन्य सुविधा प्रदान गर्नु पर्दछ ।
- धितोपत्र, जग्गा तथा घर जग्गाको व्यवसायिक कारोबारमा अग्रिम कर वापतको रकमलाई अन्तिम कर सरह मानी आयकर ऐनको दफा ९२ मा समावेश गर्नु पर्दछ ।

- विस्तृत लेखापरीक्षण दुई वर्ष भित्रमा सम्पन्न गर्नु पर्ने व्यवस्था गर्नु पर्दछ । पूर्वानुमानित कर विवरण (डे १) दाखिला गर्ने कारोबारको सिमा १ करोडसम्म विस्तार गरि हालको कर रकम पाँच वर्षका लागि आधा घटाइनुपर्छ ।
- मझौला, ठूला, उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँ भन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्ट्याउनु पर्नेछ । यसरी छुट्ट्याइएको रकम आयकरमा खर्च लेख्न पाउनुपर्ने व्यवस्था हुनु पर्दछ ।
- व्यक्तिगत तर्फ आर्थिक वर्ष २०७६ अघिको जस्तै आयकरको अधिकतम दर ३० प्रतिशत कायम हुनु पर्दछ । वार्षिक रु पाँच करोडसम्म कारोबारमा आधारित कर लगाउनुपर्दछ ।
- तटस्थ र विश्वसनीय निर्णयको लागि प्रशासकीय पुनरावेदन गर्न अर्थ मन्त्रालयमा छुटै प्रशासकीय पुनरावेदन इकाई गठन गर्नु पर्दछ । हालको आयकर छुटको सीमालाई २५ प्रतिशत वृद्धि गरी आगामी दिनदेखि मुद्रास्फीति अनुपात अनुसार परिवर्तन गर्नुपर्छ ।
- (६) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकम मध्ये विवाद रहित करको सम्पूर्ण रकम र विवादित करको एक चौथाई (१/४) रकम बुझाउनु पर्ने व्यवस्था रहेको पाइन्छ । उक्त व्यवस्थाले करदातालाई ठूलो रकम धरौटीको रूपमा आवश्यक पर्ने गरेको अवस्था छ । सो व्यवस्थामा सहजता ल्याउन विवादित करको एकचौथाई (१÷४) रकम नगद धरौटीको रूपमा बुझाउनु पर्ने व्यवस्थामा संशोधन गरी बैंक ग्यारेन्टी समेत मान्य हुने व्यवस्था गर्नु पर्दछ ।
- औद्योगिक व्यवसाय ऐन २०७६ ले दिएका कर सम्बन्धी सुविधाहरु आयकर ऐन र आर्थिक ऐनमा प्रष्टसंग व्यवस्था गर्नुपर्दछ ।
- घर, जग्गा, सुन, शेयर, धितोपत्र लगायत अन्य सम्पत्तिमा रहेको लगानी अभिलेखिकरण गरी पारदर्शिता कायम गर्न एक पटकको लागि सम्पत्तिको स्वघोषणा गराई अभिलेखिकरणको सुविधा दिनु पर्दछ । आर्थिक तथा व्यवसायिक क्षेत्रमा छरिएर रहेका कानुनी तथा संस्थागत संरचना, त्यस्ता कानूनमा रहेको प्रशासनिक, देवानी र फौजदारी विषयको आवश्यकता र प्रयोगको सीमा, एकै प्रकृतिका वा सम्बद्ध रहेका कसूरमा फरक फरक अनुसन्धानकारी निकायहरू भएका कारणले फरक फरक समयमा फौजदारी कानून र उपकरणको प्रयोगको औचित्य, न्यायसंगतता र यस्ता व्यवस्थाका कारण सरकारी तथा निजी क्षेत्रले भोगेको समस्याहरूको दीर्घकालीन निदान गर्न राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मान्यताको अध्ययन गरी आर्थिक तथा व्यवसायिक क्षेत्रमा हुने अपराधको यथासम्भव एकै निकायबाट वा एकै पटक अनुसन्धान हुने कानुनी व्यवस्थाको सुरुवात हुनु पर्ने ।
- राजस्व जोखिमलाई विश्लेषण गरी संकलनमा पर्ने प्रभाव र सो प्रभावलाई न्यूनिकरण गर्न दायरा विस्तारको सम्भावित क्षेत्र पहिचान गरी प्रचलित मूल्य अभिवृद्धि करको दर कम्तीमा पाँच वर्षसम्मको लागि १० प्रतिशतमा ल्याउनु पर्दछ ।
- मिसम्याच सम्बन्धी बढ्दो समस्याहरूलाई स्थायी समाधान गर्न उपयुक्त स्किम सहितको व्यवस्था आर्थिक ऐनमा गर्नु पर्दछ ।
- हवाईजहाजको टिकटमा मू.अ. कर खारेज गर्नुपर्छ ।

- वार्षिक दुई करोड रुपैयाँसम्मको कारोबार गर्ने करदातालाई चौमासिक विवरण बुझाउन सक्ने व्यवस्था गर्नु पर्दछ ।
- स्वदेशी उद्योगले आफ्नो उत्पादनमा प्रयोग गर्ने कुनै पनि कच्चा पदार्थ आयात गर्दा अन्तःशुल्क नलाग्ने व्यवस्था गर्नु पर्दछ ।
- आन्तरिक उत्पादनको हकमा मदिरा, चुरोट, सुर्तिजन्य र गाडी मोटर जस्ता सीमित बस्तुमा मात्र अन्तःशुल्क लगाउन पर्दछ ।
- भन्सार सम्बन्धी कार्यलाई व्यवस्थित गर्न प्रक्रियागत ऐन (Procedural Act) र ट्यारीफ ऐन (Tariff Act) को रूपमा फरक फरक ऐन बनाई लागू गर्नु पर्दछ ।
- उद्योगमा प्रयोग गरिने मेसिनरी स्पेयर पार्टस् तथा पैकेजिङ्गका वस्तुहरूमा लाग्ने उच्च भन्सार दरलाई क्रमशः न्यूनिकरण गर्दै शून्य दरमा लैजानु पर्दछ ।
- भन्सार कार्यालयमा भन्सार मूल्य निर्धारण गर्दा हुने न्यून विजकिकरण/अधिक विजकिकरण, सन्दर्भ मूल्य पुस्तिका सन्दर्भमा बारम्बार आई रहने समस्याहरूको समाधान भन्सार ऐनमा भएको WTO/GATT Valuation Article 7 मा उल्लिखित (Valuation Method (Transaction Value, Identical Value, Similar Value, Deductive Value, Computed Value and fall back) हरूको पूर्ण पालना गरी सो अनुरूप कारोबार मूल्य निर्धारण गरिनु पर्दछ ।
- भन्सार जाँचपास पछिको परीक्षण मालवस्तु जाँचपास भएको मितिले दुई वर्षसम्म गर्न सकिनेछ ।
- भन्सार कार्यालयमा जोखिममा आधारित छनौट प्रणाली (निलो, पहेलो र रातो) अन्तर्गत मालवस्तु जाँचपास हुने भएपनि रातो मार्गबाट हुने मालवस्तुको जांचपासको अनुपात कम गर्नु पर्दछ ।
- नेपाली कृषिजन्य उत्पादनलाई संरक्षण र प्राथमिकता दिनका लागि भारत लगायत अन्य मुलुकबाट आयात हुने वस्तुसँग नेपाली कृषि उपजले प्रतिस्पर्धा गर्न सक्ने अनुपातमा उपयुक्त कर शुल्कहरू लगाउनु पर्दछ ।
- नेपालमा उत्पादन भइरहेका र उत्पादन बढ्न सक्ने वस्तुहरूलाई संरक्षण गर्न साफ्टा अन्तर्गत सहुलियत दरमा आयात भइरहेका सोही प्रकारका वस्तुहरूसँग प्रतिस्पर्धी बनाउन हाल साफ्टामा व्यवस्था भएको सम्बेदनशील सूची संशोधनको लागि पहल गर्ने । अल्पकालका लागि तयारी वस्तु आयातमा अन्तःशुल्क वृद्धि गरी संरक्षण प्रदान गर्नु पर्दछ ।
- अनधिकृत व्यापार नियन्त्रणका लागि आन्तरिक र वाह्य अन्तर आवद्धतायुक्त विद्युतीय सूचना प्रणाली विकास गरिनु पर्ने । भारतीय र नेपाली सुरक्षा निकायबीच समझदारी-पत्रमा हस्ताक्षर गरि काम गर्नुपर्ने। सबल र भरपर्दो Intelligence प्रणाली कार्यान्वयन गरिनु पर्दछ ।
- अनधिकृत व्यापार नियन्त्रणका लागि उक्त कार्य गर्ने प्राथमिक उत्तरदायित्व भएको जिम्मेवार निकाय तोकी सीमा क्षेत्रमा आधुनिक उपकरण सहित बोर्डर आउटपोष्ट थप गरिनु पर्दछ ।
- नेपालमा एसेम्बल हुने अन्य गाडीहरूमा भन्सार शुल्कमा ५० प्रतिशत छुट तथा अन्तःशुल्कमा ५० प्रतिशत छुट हुनु पर्ने । यस्ता दिइएका छुटहरू कम्तीमा १५ वर्षको लागि स्थिर हुनु पर्दछ ।
- विद्यमान व्यवस्था अनुसार रु १० हजार भन्दा बढी मूल्यको मालवस्तु आयात गर्दा भ्याटमा दर्ता हुनु पर्ने व्यवस्थालाई संशोधन गरी (एक्जीमकोडको व्यवस्थालाई कायमै राखी) भ्याटमा दर्ता नभए पनि आयात गर्न पाउने कारोबार रकमको सीमा वृद्धि गर्नु पर्दछ ।

- सबै भन्सार कार्यालयहरूमा नयाँ आधुनिक X-ray scanner जडान गरि यथाशीघ्र सञ्चालनमा ल्याइनु पर्दछ ।
- तीव्र आर्थिक विकासका लागि लगानी प्रवर्द्धन, रोजगार सिर्जना एवं गरिबी निवारणका लागि लगानी र आर्थिक क्षेत्र सम्बद्ध कानून एकीकृत गरि सुशासन सुनिश्चित गर्न एकीकृत आर्थिक विकास कानून Integrated Economic Development Act) निर्माण गरि लागू गर्नु उपयुक्त हुन्छ । विगतको अनुभव निजी क्षेत्रको उत्थानशीलता, युवा जनशक्ति र स्रोतको अनुकूलताले नेपालले कम्तीमा आगामी पाँच वर्ष दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्न सक्ने सम्भावना छ । यसबाट सन् २०३० मा हाम्रो अर्थतन्त्र एक सय अर्ब डलर हाराहारी पुग्नेछ । यसको पूर्व शर्त निजी क्षेत्रले निर्बाध काम गर्न पाउने सुनिश्चितता हो ।

नेपाल उद्योग परिसंघका सुझाव

"उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग" का लागि सुझाव

<u>बजेट तथा करनीतिसंग सम्बन्धित विषयहरु</u>

- VAT को न्युनतम सीमालाई घटाइ बहुदर कायम गरिनु पर्छ । यसले चोरी पैठारी नियन्त्रण हुनुका साथै सरकारको राजस्व पनि बढ्नेछ ।

- स्वदेशी उद्योगहरूको संरक्षणका लागि SAFTA अन्तरगत आयात हुने सबै वस्तुमा एकमुष्ठ १० प्रतिशत अन्त:शुल्क लगाउन आवश्यक छ ।

- चोरी पैठारी नियन्त्रण तथा राजस्वको चुहावट रोक्न आयात हुने वस्तुमा लगाईने लेवल भन्सार अगावै लगाउन आवश्यक छ । सोको सुनिश्चितताका लागि बजार अनुगमन चुस्त बनाउन आवश्यक छ । साथै लेवलमा MRP उल्लेख गरी, भन्सार दर तथा वस्तुको मुल्य हेरी ४० देखि ६० प्रतिशतसम्म मुल्य कम गरी सो मुल्यमा भन्सार लगाउँदा सरकारलाई उचित राजस्व प्राप्त हुनेछ । यसैगरी Over र Under invoicing को समस्या समाधान हुने र भन्सारले प्रयोग गर्ने भन्सार सन्दर्भ पुस्तिकाको समेत आवश्यकता नरहेकोले यसलाई खारेज गर्नुपर्दछ ।

- वजार अनुगमनका क्रममा वस्तु नेपालमा उत्पादन भएको हो वा आयात गरीएको हो सो को समेत निरिक्षण गर्दा गुमेको राजस्व समेत उठ्ने र नेपालका उद्योगहरूले equal level playing field प्राप्त गर्न सक्दछन् ।

- विगतमा आय कर, मूल्य अभिबृद्धि कर र अन्तशुल्क सम्बन्धि विशिष्टिकृत व्यवस्था नभएको अवस्थामा २०५० सालमा राजश्व अनुसन्धान विभागकाे स्थापना भएको थियाे । हाल तीन वटै विशिष्टिकृत ऐन लागू भइरहेको अवस्थामा राजश्व अनुसन्धान विभागको औचित्य नरहेको हुनाले यसलाई खारेज गर्नु पर्दछ ।

- आर्थिक गतिविधिमा सुधार ल्याउनको लागि घर जग्गाको कारोवालाई चलायमान बनाउनु पर्छ । साथै विदेशीहरूलाई apartment खरीद गर्ने व्यवस्थाको प्रभावकरी रुपमा कार्यन्वयन गरी सो क्षेत्रमा लगानी आकर्षित गर्नु पर्दछ ।

- सरकारले उद्योगलाई उपलब्ध गराउने निर्यातको अनुदान समेत रकम वा वजेटको अभावका कारण उद्योगीहरूले प्राप्त गर्न नसकी जम्मा हुँदै गएको छ । यसलाई सरकारले licence जारी गर्दै भन्सारमा मिलान गर्न पाउने व्यवस्था कायम गर्न सक्छ । Licence प्राप्तकर्ताले सो वरावरको भन्सार भुक्तान गर्न नपर्ने अवस्थामा अन्य उद्योगहरूलाई विक्री गर्न सक्ने गरी सो भुक्तान गर्नु पर्ने रकम मिलान गर्न सक्ने व्यवस्था कायम गर्नुपर्छ । यसले वजारमा केही पुँजीको प्रवाह गराउन सहयोग पुग्दछ ।

- ड्यूटी ड्रव्याकमा भुक्तान गर्नु पर्ने रकम समेत यसै गरी मिलान गर्दा थप रकम बजारमा प्रवाह भइ उपभोक्ताको क्रय क्षमतामा वृद्धि हुने र वजार चलायमान भइ लगानी बढ्न सक्दछ ।

- हामीले स्वदेशी उद्योग तथा उत्पादनको संरक्षण गर्ने नीति लिन पर्दछ । त्यसैले तयारी वस्तु तथा सो वस्तुको कच्चा पदार्थको आयातमा लाग्ने भन्सारमा कम्तिमा २ तहको फरक हुन आवश्यक छ । कच्चा पदार्थ वा तयारी वस्तुको पहिचान हुन नसक्ने अवस्थामा उद्योग विभागको सिफारिसमा उद्योगले भुक्तान गरेको कच्चा पदार्थको भन्सार शुल्कमा ५० प्रतिशत रकम छुट हुने व्यवस्था कायम गर्नु पर्दछ।

- नेपालमा आयात हुने वस्तुहरू कम्तिमा नेपालमै उत्पादन हुने वस्तुको गुणस्तर सरहको हुनुपर्ने व्यवस्था कायम गरीनु पर्दछ । वस्तुको गुणस्तर निर्धारण नभएको अवस्थामा गुणस्तर निर्धारण गरी सो सरहको वस्तु मात्र आयात गर्न मिल्ने व्यवस्था कायम गरीनु पर्दछ ।

- सरकारले लिएका नीतिहरू अल्पकालमै परिवर्तन हुँदैनन् भन्ने विश्वास लगानीकर्तालाई दिलाउन आवश्यक छ । उनिहरूको लगानी जोखिममा पर्दैन भन्ने सुनिश्चित हुन आवश्यक छ । जस्तै आथिक वर्ष २०७९/८० मा IT को आयमा १% मात्र आय कर लाग्ने व्यवस्था भयो र धेरै यस क्षत्रेमा आकर्षित भए तर आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रमा १२।५% कर लाग्ने गरी Policy Rollback भयो।

- निश्चित क्षेत्रलाई व्यवस्थापन तथा नियमन गर्न बनेका क्षेत्रगत ऐनहरूले सो क्षेत्रलाई प्रदान गर्ने भनेका सुविधा तथा सहुलियतहरू आर्थिक वा कर सम्बन्धि कानूनहरूमा समेत समावेश गरिनु पर्दछ । आर्थिक ऐनमा समावेश नभए सम्म यस्ता सुविधाहरूको कार्यन्वयन गर्न चुनौती हुने गरेको छ ।

- जस्तै:- औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ को उपदफा ४ मा रहेको व्यवसायीक सामाजिक उत्तरदायित्व (CSR) को खर्च रकम कर योग्य आय बाट कट्टी गर्न पाउने व्यवस्था भए तापनि आयकर ऐन (आर्थिक ऐन) मा व्यवस्था नभएकोले यो सुविधा उपभोग गर्न भने पाईएको छैन।

कर सम्बन्धि अन्य प्रावधान

- व्यक्तिगत तथा संस्थागत आयकरको दर घटाउनु पर्छ । यसो गर्दा रकम बचत भई लगानी गर्ने सम्भावना बढ्छ । (छिमेकि मुलुक भारतमा हालै प्रस्तुत बजेटमा भएको प्रावधानलाई सन्दर्भको रुपमा लिन सकिन्छ)

- अर्थ मन्त्रालयले बजेट तयार गर्दा वा करको दर चलाउँदा राजस्व संकलनलाई भन्दा लगानीलाइ बढी प्राथमिकता दिनुपर्ने देखिन्छ ।

- जुनसुकै अर्थमन्त्री आएपनि करको लक्ष्य निर्धारण गर्छन । यसले गर्दा आन्तरिक राजस्व विभागका महानिर्देशक र महानिर्देशकबाट कर्मचारी तथा कर्मचारीबाट करदातामा अधिक दबाब दिने प्रचलन छ।

- महालेखाको क्षेत्राधिकार Accounting Principle मात्र पर्दछ तसर्थ Tax evasion यसको क्षेत्राधिकारमा पर्दैन ।

- कर अधिकृतले पुनर्मूल्यांकन (Re-assessment) गर्दा सेवाग्राहीको पहिचान थाहा पाउन नहुने व्यवस्था हुनुपर्छ, कागजातलाई कोडिङ गरेमा उपयुक्त हुनेछ, यस्तो मामलामा भारतमा भने सीमलेस, फेसलेस, पेनलेस जस्ता व्यवस्था छन् ।

- बीमाको कर योग्य आय बाट खर्च कटौती गर्न सकिने रकम ४० हजार बाट २ लाख गरिनु पर्दछ । यसले बीमा प्रति आकर्षित हुने र पुँजी निर्माण हुन्छ ।

- छिमेकी मुलुक भारतमा भने छुट्टै संसदीय समिति खडा गरि २-३ वर्ष अनुसन्धान गरेको आधारमा मात्र कर सम्बन्धि नीति तथा प्रावधान हरु बनाउछन । तसर्थ नेपालमा समेत यस प्रकृतिको अभ्यास प्रचलनमा ल्याउनु पर्दछ ।

सरकारको कर नीतिको प्रभावकारिता, विद्यमान कर प्रणालीमा अन्तर्राष्ट्रिय मान्यता अनुसार निम्न सुधारहरू गर्नु पर्दछ -

- करका दरहरूमा गरिने हठात परिवर्तनलाई रोकिनु पर्ने वा अग्रिम जनकारी गराइनु पर्दछ ।

- कर प्रणालीमा कर अधिकृतको तजविजी अधिकार लाइ सूचना प्रविधिबाट विस्थापित गर्दै जानुपर्छ ।

कर सम्बन्धि मुद्दा

- प्रशासकीय पुननरावलोकनमा कर अधिकृत र महानिर्देशकको functional Independence नहुने भएकोले र यो प्राकृतिक न्यायको सिद्धान्त विपरित पनि रहेकोले यसलाई पुनर्संरचना गर्नु आवश्यक छ। सेवानिवृत्त सरकारी कर्मचारी र निजि क्षेत्रका प्रतिनिधि सम्मिल्लित समिति बनाउनु पर्दछ जसले गर्दा पूर्वाग्रह न्यून हुन्छ।

- करदाता र कर अधिकारीहरूलाई औपचारिक अदालत प्रणालीभन्दा बाहिरका विवादहरू समाधान गर्ने अवसर प्रदान गर्न मध्यस्थता र मध्यस्थता जस्ता वैकल्पिक विवाद समाधान संयन्त्र खडा गर्नुपर्छ ।

- निश्चित रकमसम्मको मुद्दाको लागि छुटै Fast track को व्यवस्था हुनु पर्छ । जस्तै USA मा $२५००० सम्म को मुद्दा एकै दिनमा अनौपचारिक छलफलबाट नै फैसला गर्ने अभ्यास छ ।

- राजस्व न्यायाधिकरणको निष्पक्षता सुनिस्चित गर्न यसका सबै सदस्यहरू प्रसाशन बाहिरका विज्ञहरूबाट छनौट हुनु पर्छ ।

- अन्तराष्ट्रिय अभ्यास अनुसार आन्तरिक राजस्व बिभाग जस्तो सकारी निकायले राजस्व न्यायाधिकरण भन्दा माथिको अदालतमा मुद्दा हाल्न नपाउने व्यवस्था गर्नु पर्दछ, तर कर दाताले भने मुद्दा हाल्न पाउनु पर्छ ।

- विश्वका IT Giants जस्तै, Microsoft, Apple, Google, Facebook अन्य Multi National Company को नेपालमा लगानी आकर्षित गर्नका निम्ति विशेष कानून नै ल्याई कम्तिमा १० वर्षका लागि न्युनतम मात्रै कर लगाउनु पर्छ। जस्तै Ireland ले Apple लाई १२।५% मात्र कर लगाईरहेको अवस्था छ।

- आयकर ऐन, २०५८ को दफा ११३ (कर फिर्ता हिसाब मिलान) को उपदफा ६ मा करदाताले मुद्दा जितेको अवस्थामा सरकारले सामान्य दर बमोजिमको व्याज दिने व्यवस्था रहेको छ, यस व्यवस्थाको प्रभावकारी रुपमा कार्यन्वयन हुन जरुरी छ ।

मौद्रिक नीतिसंग सम्बन्धित विषय

- Working Capital Guidelines तथा Asset Classification Guidelines जस्ता नेपाल राष्ट्र बैंकले विगत ३ वर्ष यता लिएका लगानी तथा व्यवसाय प्रतिकुल नीति फिर्ता लिनु पर्दछ ।

- Working Capital मुख्यतया Wholesale and retail Market, Construction Industries र उत्पादन मुलक उद्योगहरूलाई आवश्यक पर्ने गरेकोमा Working Capital Guideline को व्यवस्था लागू भए पश्चात यी क्षेत्रहरूमा ठुलो नकारात्मक असर परेको अवस्था छ ।

- मौद्रिक नीति निर्माणका लागि राष्ट्र बैंक भित्र अलग्गै "मौद्रिक नीति निर्माण समिति" (Monetary Policy Committee) बनाउनु पर्छ । केन्द्रीय बैंकको भूमिका वित्तीय स्थायीत्व, कर्जा नीति तर्जुमा, बैंक तथा वित्तीय संस्थाहरुको नियमन लगायतमा केन्द्रित हुनुपर्दछ ।

- बेकिङ् क्षेत्रमा हालको आधार दरको व्यवस्था खारेज गरी अन्तराष्ट्रिय अभ्यास अनुसारको MCLR र EBLR अवलम्बन गर्नु पर्दछ ।

- छिमेकि मुलुक भारतमा कुल ऋण परिचालनमा MCLR : 38.6%, EBLR : 57.5%

- कुनै पनि क्षेत्रमा १००% भन्दा अधिक जोखिम भार (Risk Weightage) राख्न हुदैन, यसले लगानी योग्य रकमको अभावको श्रृजना गर्ने भएकोले बैंक तथा वित्तिय संस्थाहरूले यस्ता जोखिम भार अधिक भएका क्षेत्रमा लगानी गर्न चाहदैनन् ।

- IMF जस्ता अन्तराष्ट्रिय संस्थाहरूबाट ऋण लिदा हाम्रा नीतिहरूमा अनावश्यक रुपले परिमार्जन गर्नु परेको र त्यसको असर हाम्रो अर्थतन्त्रका लागि दिर्घकालिन रुपमा नकारात्मक असर परिरहेको हुँदा यस्ता ऋण नलिनु नै उपयुक्त रहेको छ ।

- कालोसूचीमा राखिने हालको १ वर्षको प्रावधान संशोधन गर्नु पर्दछ । (छिमेकि मुलुक भारतमा ३ वर्षको अवधि रहेको)

- Directed Lending खारेज गर्नु पर्दछ । हाल बैंक तथा वित्तीय संस्थामा ४५% Directed Lending हुँदा बैंकको आफ्नो लगानी स्वतन्त्र रुपमा गर्न सकेको छैन ।

उद्योग व्यवसायसंग सम्बन्धित विषय

- मुलुकको समग्र औद्योगिक विकासका लागि र सरकारका प्राथमिकतामा एकरुपता ल्याउन एकिकृत औधोगिक विकास रणनीति ल्याइनु पर्दछ । साथै क्षेत्रगत औद्योगिक विकास नीति पनि ल्याउनु पर्दछ।

- Non-Life Insurance मा, विश्व बजार Non-tariff तिर गईरहेको तर नेपाल भने Tariff तिर गएको छ । त्यसैले गैर जीवन बीमामा Tariff खारेज हुनुपर्छ, स्वस्थ प्रतिस्पर्धा गर्न दिइनुपर्छ । कुनै कम्पनीले कुनै पनि विदेशी बीमा कम्पनीसँग बीमा गर्न चाहे बीमा गर्न पाउने व्यवस्था खुला गरिनुपर्छ।

- खुला बजार अर्थनीतिको विपरित हाल नेपाल सरकारले केहि वस्तुहरूको आयातमा रोक लगाएको छ, यसले गर्दा खुला बजार अर्थनीतिको विश्व प्रतिवद्धतामा प्रश्न चिन्ह खडा हुन सक्छ । त्यसैले वस्तुहरूको आयातमा रोक लगाउनु हुदैन । जस्तै नेपाल सरकारले दुग्धजन्य पदार्थ तथा कच्चा महको आयातमा लगाएको रोक हटाउनु पर्दछ।

- नेपाल आत्मनिर्भर भएका र हुने सम्भावना भएका चिया, विशेष प्रकारका विद्युतीय तार तथा कन्डक्टरहरू, जुत्ता चप्पल, जस्ता पाता, पेन्ट (रंग), बिस्कुट, दालमोठ, भुजिया जस्ता वस्तुहरू पहिचान गरी आवश्यकता अनुसार क्षेत्रगत रुपमा Tarrifff & Non-Tarriff संरक्षण गर्नुपर्दछ।

- निजी क्षेत्रलाई सरकारी कर्मचारीहरूले हेर्ने दृष्टिकोण परिवर्तन गर्न अत्यावश्यक छ । यसका लागि सरकारी कर्मचारीकाे schooling नै परिवर्तन गरिनु पर्दछ । यसमा वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालयका कर्मचारीहरुलाई समेत समावेश गरी नयाँ नियुक्त भएर आएका निजामती कर्मचारीहरूलाई निजि क्षेत्रबाट पनि तालिम दिने अथवा निजि क्षेत्रका उद्योगमा छोटो अवधिको लागि Internship गर्ने व्यवस्था गर्नुपर्दछ ।

- जग्गा हदबन्दीको व्यवस्था हटाउनु पर्दछ । जसले मझौला तथा ठुला उद्योग स्थापना र विस्तारमा मद्दत पुर्याउने काम गर्छ ।

- वन सम्बन्धि व्यवस्थाहरूमा दिगो उपयोग नीति ल्याई, बनजन्य र काठजन्य वस्तुको आयात प्रतिस्थापन गरिनु पर्दछ

- निर्यात प्रवर्द्धनका लागि निर्यात गन्तव्य मुलुकका लागि निर्दिष्ठ देशगत रणनीति (Country Specific Strategy for Export Promotion) तय गरि लागू गर्नुपर्दछ ।

Double Tax Avoidance Agreement (DTAA)

- प्रमुख निर्यात गन्तब्य तथा सम्भावित गन्तब्य मुलुक संग DTAA गर्नु पर्छ । (Australia, Canada, France, Finland, Germany, Japan, Russian Federation, Switzerland, United Arab Emirates, United Kingdom, and United States of America)

कानूनसंग सम्बन्धित विषयहरू

- सामान्य आर्थिक कसूरमा पनि थुन्ने व्यवस्था हुँदा मुलुकको समग्र व्यवसायीक वातावरण बिग्रिने र उद्योगी व्यवसायी निरुत्सहिने हुन्छ । तसर्थ
- आर्थिक कसुरमा आर्थिक जरिवाना मात्रै लाग्ने व्यवस्था गरिनु पर्छ ।
- Anticipatory Bail र Decriminalization of Corporate Laws लाई अगाडी बढाईनु पर्दछ । साथै विभिन्न कानूनहरूमा रहेको Double Criminalization भएका प्रावधानहरू हटाइनु पर्छ ।
- ठुला परियोजना हरुको लागि sunset law ल्याई तत्काल अगाडी बढाईनु पर्छ ।
- उद्योगका लागि सहज कर नीतिको आवश्यकता रहेको छ । हाल विभिन्न स्थानहरूमा/ तहमा बहुरुपमा लगाईएका करहरू एकीकृत गर्दै एकै स्थानमा कर भुक्तान गर्न मिल्ने व्यवस्था कायम गर्न आवश्यक छ । केन्द्रले कर संकलन गरी सबै तहमा बाँडफाँड गर्ने व्यवस्था कायम गरीनु पर्दछ ।
- आयकर ऐन,२०५८ को दफा ५७ र दफा ९५ (क) दोहोरो कर भएकोले हटाउनु पर्छ ।
- उद्योगहरूले उधारोमा विक्री गर्नु पर्ने, सो उधारो नउठ्ने तर कर कार्यालयले सो उधारो उठ्ने र त्यसमा व्याज समेत प्राप्त हुने मानी व्याज आम्दानीमा समेत कर लगाउने गरेको छ । उद्योगहरू उधारो नउठी समस्यामा रहेको वेला थप कर लाग्दा उद्योग थप समस्यामा पर्ने गरेकोछ । यो लगायत यस्ता समस्याहरूको समाधानका लागि तत्काल Security of payment act/ Corporate Recovery Act वनाई लागू गरीनु पर्दछ ।
- कर सम्बन्धि ऐन कानून निर्माण/संशोधन गर्दा कानूनको अपब्याख्या र बहु-ब्याख्या हुन नदिनको लागि व्याख्यात्मक टिप्पणी समेत जारी गरिनु पर्दछ ।

उर्जा

- उद्योगमा लोडसेडिङ्ग गरेर विद्युत निर्यात गरिएकाे छ । आन्तरिक बजारमा विद्युत खपत गरी बढि भएको विद्युत मात्रै निर्यात गर्नुपर्दछ । उद्येगहरुमा सहज, नियमित र गुणस्तरिय विद्युत आपुर्ती हुनुपर्छ। आन्तरिक उत्पादनले नपुगेकाे समयमा आयात गरेर भएपनि उद्याेगहरुलाई विद्युत नियमित रुपमा उपलब्ध गराउन पर्छ ।
- परिसंघले हरेक त्रैमासमा गर्ने सर्वेक्षणको पछिल्लो नतिजामा विधुतको गुणस्तर औसत ६.७७/१० मात्र रहेको छ, साथै ५५.१७% उद्योगले जेनेरेटर प्रयोग गर्ने गरेको र यसले उत्पादन लागतमा ९.२५% वृद्धि भईरहेको स्थिति छ ।
- अनुकूल मौसम र अतिरिक्त ऊर्जालाई मध्य नजर गर्दै नेपालमा डाटा सेन्टर र क्रिप्टो माइनिङलाई आकर्षित गरिनु पर्दछ।

- आफ्नो उद्योगलाई आवश्यक पर्ने विद्युत आफै उत्पादन गर्ने र उत्पादित विद्युत कम्तिमा ५१ प्रतिशत आफै खपत गरि बाँकी विद्युत प्रसारक वा वितरकलाई विक्रि गर्ने गरि विद्युत उत्पादनका लागि लाइसेन्स नचाहिने व्यवस्था कायम गर्नु पर्दछ । (Captive Production, at least 51% self consumption) एउटामा समस्या आए अर्कोबाट आपूर्ति हुने गरी थप ट्रान्समिसन लाइन दिनु पर्दछ ।

- निजी क्षेत्रलाई विद्युत उत्पादनका साथै विद्युत प्रसारण, वितरण तथा विद्युत व्यापार गर्न अनुमति प्राप्त हुने गरि वर्तमान ऐन संशोधन गर्नु पर्दछ ।

- विद्युतको आन्तरिक खपत बढाउन घरेलु तथा औद्योगिक प्रयोजनका विद्युतीय उपकरण निर्माण र आयातमा कर सहुलियत दिनु पर्छ ।

- व्यावसायिक प्रयोजनको ग्यास (LPG) मा दिइएका सुविधा हटाउनु पर्दछ। होटेल लगायत यस्ता क्षेत्रमा ग्यासबाट सञ्चालन हुने उपकरण विद्युतीय साधनबाट प्रतिस्थापन गर्न चाहेमा सहुलियत दिइनु पर्दछ ।

पूर्वाधार विकास

- निर्माणकर्ता र अर्थतन्त्रको मनोबल बढाउन नयाँ तथा निर्माणका लागि तयारी अवस्थामा भएका (project readiness) परियोजनाहरू तत्काल खुलाउनु पर्दछ ।

- गुणस्तरीय पूर्वाधार र समयमै परियोजना सम्पन्न गर्नका लागि कम मूल्यको बोलपत्र छनोट प्रणाली (Low Bidding Qualification System) लाई शीघ्र निरुत्साहित गरिनुपर्दछ ।

- ठुला पूर्वाधार निर्माणमा निजि क्षेत्रलाई आकर्सित गर्न सार्वजनिक निजि साझेदारीका Hybrid annuity Model (HAM), Value Capture Model (VCM) लगायतका Model मा जानुपर्छ ।

- पूर्वाधार विकासको नीतिगत तथा कार्यगत सुधारको कार्य गर्ने गरी Infrastructure Development Authority स्थापना गर्नुपर्छ । यस प्राधिकरणले विभिन्न पक्षाहरुबीचको विवाद समाधानका साथै, यसको सञ्चालनमा निजी क्षेत्रको समेत सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

- बिरगंज देखि काठमाडौं सम्म रेल निर्माण गर्नु पर्दछ । यसले गर्दा दुवानी खर्च घट्नेछ र सर्वसाधारणको लागि सुपथ मूल्यमा सामान उपलब्ध हुनेछ ।

- यसबाट logistic cost घट्ने, पेट्रोलियम पदार्थको खपत घट्ने, वस्तु तथा सेवाको मूल्य घट्ने, Cost of Living घट्ने आदि प्रत्यक्ष लाभ हुनेछ।

- साथै आवश्यक पुँजी जम्मा गर्न कम्पनी मोडेलमा गई उर्जा क्षेत्रमा जस्तै IPO जारी गर्न दिने व्यवस्था गर्नु पर्दछ ।

- आर्थिक स्रोतको अभावमा मुलुकको पूर्वाधार तथा समग्र आर्थिक विकासमा बाधा पुगिरहेको अवस्था छ। यस्तो अवस्थामा आर्थिक स्रोतको सुनिश्चितता लागि Infra Bond जस्ता वित्तीय उपकरणहरू जारी गरी स्रोत जुटाउन सकिन्छ । साथै हाल निर्माण व्यवसायीहरुको भुक्तान गर्न नसकेको दायित्व पनि Infra Bond को माध्यमबाट भुक्तान गर्न सकिन्छ ।

सुशासन

- उद्योग व्यवसायलाई नियमन गर्ने Oversight Agency को संख्या घटाईनु पर्दछ।
- उर्जा क्षेत्रमा ३५ सरकारी निकाय, २६ विभाग र ७ मन्त्रालय धाउनु पर्ने अवस्था छ।
- सिमेन्ट उद्योगले २७ वटा निकायमा सम्पर्क र समन्वय गर्नुपर्ने अवस्था छ।
- Lean, thin and smart government को व्यस्था गर्नु पर्दछ।
- सार्वजनिक बिदा धेरै हुँदा उद्योग व्यवसायमा असर गरेकोले यसलाई कम गरिनु पर्छ।
- कर्मचारी प्रशासनमा हालको व्यवस्था अनुसार कर्माचारी ३ वर्ष सेवा अवधि पुगेपछि फाइल बढुवाको लागि योग्य हुन्छ । यसले कर्मचारीमा काम नगरे पनि आफु बढुवाको लागि योग्य हुने भनि काम नगर्ने गलत अभ्यास रही आएको छ । तसर्थ फाइल बढुवाको प्रावधान खारेज गरी यौग्यता र कार्य सम्पादन मुल्यांकनको आधारमा मात्र बढुवा हुने व्यवस्था गर्नु पर्दछ । साथै हरेक कर्मचारीको प्रत्येक वर्ष लक्ष्य निर्धारण गरी सो पुरा गरे नगरेको पनि मुल्यांकन गर्नुपर्दछ ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा व्यापार तथा आर्थिक मामिलामा जानकार कर्मचारी खटाई कम्तिमा पनि ५ वर्षसम्म अन्य विभाग वा मन्त्रालय अथवा कुनै पनि निकायमा सरुवा नगर्ने प्रावधान ल्याईनु पर्दछ ।
- सरकारी निकायबीच समन्वय नहुँदा धेरै समस्या आइपर्ने भएकाले, सरकारी निकायबिच समन्वय गर्ने वातावरणको सिर्जना गर्नुपर्छ । छिमेकि मुलुक भारतमा यस्तै किसिमका समस्या समाधानका "प्रधानमन्त्री गतिशक्ति मास्टर प्लान" लाई ल्याइएको थियो । जस अन्तर्गत प्रशासकीय तथा प्रक्रियागत झन्झट/ढिलाई, सकारी निकाय बीचको समन्यवको कमी, सुचनाको कमी, एकाग्रहमा काम गर्ने, काम गर्ने पुराना तरिका आदिले योजनाहरु समयमै सम्पन्न नहुने आदि कारण परियोजना लागत र अवधि बढ्ने आदि समस्या समाधान गरिएको थियो।
- सरकारी निकायहरूको आवश्यकता अध्ययन गरी आवश्यक नभएका निकायहरू खारेज गरिनु पर्दछ ।

सम्पत्ति शुद्धीकरण

- विगत केहि समय देखि सम्पत्ति शुद्धिकरणको व्यवस्थाहरूमा उद्योग व्यवसाय प्रतिकुल प्रावधानहरू आइरहेको छ । सम्पत्ति शुद्धिकरण अनुशन्धान विभागको कार्यक्षेत्र मानव तस्करी, हातहतीयार तथा

खर खजाना, लागु औषध, आतंकवादी कृयाकलाप, Extortion जस्ता Dirty Money मा मात्र सिमित गर्ने, बाँकी सबै विषय आन्तरिक राजस्व विभाग मातहत ल्याउनु पर्दछ ।

- AML मा भएको regulatory risk, compliance cost, uncertain environment आदिले FDI निरुत्साहित भई रहेको छ ।

अन्य

- संसद र संसदीय समिति आफ्नो मूल काम भन्दा विचलन भई आफ्नो क्षेत्राधिकार बाहिरका अनावश्यक व्यक्ति तथा संस्थालाई निर्देशन दिने अभ्यास बन्द गर्नुपर्दछ।
- राजनीतिक दलमा पनि स्वस्फुर्त रुपमा अर्थतन्त्र (economy) सम्बन्धि Policy Discourse/Discussion/Dialogues जस्ता अन्तरक्रिया र बहस कार्यक्रम सुरु गर्नु पर्दछ।
- कृषिको क्षेत्रको बिकासका लागि " सार्वजनिक गोदामको व्यवस्था गर्ने र कृषकले आफ्नो उत्पादन गोदाममा राखेर रसिद लिने व्यवस्था गर्नुपर्छ । किसानले आफ्नो आवश्यकता अनुसार र बढी मूल्य पाउने समयमा गोदाममा राखेका सामान बिक्रि गर्न सक्ने व्यवस्था मिलाउनु पर्दछ ।
- उपलव्ध जडिबुटी हरु कच्चा स्वरुपमा नै निर्यात भईरहेको हुनाले हामीले प्राप्त गर्ने आय नगन्य छ । यसकारण जडिबुटी तथा सुगन्धित तेलको गुणस्तर प्रमाणीकरण र प्रशोधन क्षमता बढाई High Value वस्तुको रुपमा निर्यात गर्नुपर्दछ ।
- Green Climate Fund जस्ता वैकल्पिक Finacing Source बाट लगानी जुटाउने कार्यको थालनी गर्नुपर्दछ। सरकारद्वारा प्रदान गरीएको छुट/अनुदानको impact analysis गर्न अत्यन्त महत्वपुर्ण छ। सो अध्यनको नतिजा अनुसार छुट/अनुदानलाई कम/बढी गर्ने वा बन्द गर्ने भनि निर्णय गर्नु आवश्यक छ ।
- आन्तररिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग र भन्सार विभागको System Integration शीघ्र गर्नु पर्दछ।
- सीपको माग र आपूर्तिबिचको Mismatch समाधान गर्न Skill Maping गर्न अत्यन्तै जरुरी छ । तालिम बजारको माग अनुसार दिनुपर्दछ यसले तालिमको प्रभावकारिता बढाउनुका साथै बेरोजगारी पनि कम हुने।
- आर्थिक कुटनीतिमा प्राथमिकता दिनुपर्छ: राजदूतहरुलाई लगानी र रोजगारी अभिबुद्धिको लक्ष्य दिनु पर्छ र त्यसको नियमित अनुगमन गर्नुपर्छ ।
- वैदेशिक व्यापारको मामलामा हाल सिमित मुलुक हरुमा मात्र निर्भर भईरहेको अवस्था बाट उक्लिन तेस्रो मुलुकहरुमा बजारको पहिचान गर्नु अत्यावश्यक छ । सो को लागि सम्भावित मुलुक हरुमा अवस्थित दुतावास हरुलाई थप परिचालन गर्न आवश्यक छ ।

- हुलाकलाई पुन: सञ्चालनमा ल्याई सरकारी कागजात जस्तै लाइसेन्स, पासपोर्ट जनताको घरघरमै पुर्याइदिने व्यवस्था गर्नु पर्दछ, इ-कमर्षको logistics हुलाकबाटै सम्पन्न गर्ने व्यवस्था कायम गर्नुपर्दछ।
- सरकारले केहि सहकारी संस्था हरुको Asset Takeover गरि बचतकर्ताको बचत फिर्ता गर्नु पर्दछ।
- अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलापलाइ औपचारिक क्षेत्रमा ल्याउन तल्लो तहका व्यवसायीबाट सुरु गर्न पर्छ, tax registration, tax rate घटाउन पर्ने, tax holding र exemption मा ध्यान दिनुपर्दछ ।
- करका लागि दर्ता प्रक्रिया सहज बनाइनुपर्दछ ।
- अनौपचारिक क्षेत्रलाई औपचारिकिकरण गर्दा करलाई एकैचोटी नबढाई कन चरणबद्ध रुपमा बढाउनु पर्दछ ।

नेपाल चेम्बर अफ कमर्सका सुझावहरु

पृष्ठभूमि

मुलुकको अर्थतन्त्र लामो समयदेखि विभिन्न कारणले शिथिलतावाट गुज्रिरहेको अवस्था छ । अर्थतन्त्रका वाह्य सुचकहरुमा सुधारका केही संकेतहरु देखा परेता पनि आन्तरिक तर्फ भने अर्थतन्त्र अझै चलायमान हुन सकेको छैन् । नागरिकको आयस्रोत खुम्चिदा बचत हुन नसके पछि वजारमा माग घट्दो क्रममा रहेको छ भने थप लगानीको वातावरण निर्माण हुन सकेको छैन् । वैंक वित्तिय संस्थाको व्याजदर एकल अंकमा झर्दा समेत कर्ता विस्तार हुन नसक्नु चुनौतीपूर्ण रहेको सकेको छ । सरकारले चालु आ.व. को वजेटमै ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको भएता पनि राष्ट्रिय तथ्याङ्क कार्यालयको पहिलो त्रैमासिक तथ्याङ्कलाई आधार भन्दा बजेटको लक्ष्य पुरा हुन कठीन देखिन्छ ।

कोभिड १९ पछि मुलुकको अर्थतन्त्र विविध कारणले शिथिल रहेको देखिन्छ। संसदका दुई ठुला दल नेपाली कांग्रेस र एमाले मिलेर बनेको संयुक्त सरकारले स्थिरता र आर्थिक समृद्धिका लागि जनाएको प्रतिबद्धता सह्रानिय छ । यसरी बनेको सरकारले मुलुकमा कम्तीमा १ एक दशकलागि लगानीको वातावरण उत्पादन वृद्धि, रोजगारी सृजना, निर्यात प्रवर्द्धन तथा आयात व्यवस्थापन जस्ता विषयलाई स्थिर आर्थिक नीतिको रूपमा प्राथमिकतामा राख्नु आवश्यक छ । मुलुकमा अर्थतन्त्रको झण्डै ८१ प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटी रहँदा स्थिर नीति र लगानीको वातावरण भयो भने संमृद्धि हासिल गर्न सकिने नेपाल चेम्बर अफ कमर्सको विश्वास छ । सरकारद्वारा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगलाई नेपाल चेम्बर अफ कमर्सको तर्फवाट निम्न बमोजिम सुझाव प्रस्तुत गरिएको छः

(१) तिन तहका प्रत्येक सरकारहरूले छुट्टा छुट्टै किसिमले कर लिने गर्दा एकातर्फ व्यवसायिहरु दोहोरो मारमा परेका छन भने अर्को तर्फ अर्थतन्त्रमा प्रतिकुल असर परिरहेकोले यसलाई उचित किसिमले सम्बोधन गरिनु पर्दछ।

(२) सङ्घीयताको व्यवहारिक कार्यान्नवको लागि राजनितिक बिकेन्द्रिकरण गरिए पनि दिर्घकालिन रुपमा दिगो अर्थतन्त्रका बिकासका लागि आर्थिक एकिकरण नै गरिनु पर्दछ। (political Decentralization but economic integrations)

(३) प्रगतिशिल कर प्रणालिको ठाँउमा प्रर्तिस्पर्धी एवं बैज्ञानिक कर प्रणाली लागू गरिनु पर्दछ। प्रतिस्पर्धी कर नीति एवम् करको दायरा विस्तारका साथै भन्सारमा दर घटाएर चोरी पैठारीलाई नियन्त्रण गरिनुपर्दछ।

(४) आर्थिक मुद्दा मामिलामा उद्यमी व्यवसायीहरूको अग्रिम जमानतको सुविधा कायम हुने व्यवस्था हुनु पर्दछ।

(५) हालै पारित आर्थिक ऐनमा स्रोत नखुलेको सम्पतीको आयकर निर्धारण सम्बन्धी व्यवस्थाले अनौपचारिक अर्थतन्त्रमा रहेको झण्डै ५० प्रतिशत पुँजीलाई बैंकिङ प्रणालीमा आउन निरुत्साहित गरेको छ । हाल सम्म नेपाली अर्थतन्त्रमा आयकर ऐन २०५८ र सम्पति सुद्धिकरण ऐन २०६४ लागु हुनु भन्दा अगाडी वैधानिक तवरले आर्जित सम्पति एंव पुँजिको अभिलेखिकरण नभएको एंव आर्जित सम्पति एंव पुँजिको स्रोत सम्बन्धि प्रमाणिकरणको आधार केही आय शिर्षकमा वाहेक हाल सम्म उपलब्ध हुने व्यवस्था नरहेकोले माथि उल्लेखित प्रावधानका कारण स्वदेशी लगानी निरुत्साहित हुने देखिएको छ। यसकालागि जतिसक्दो छिट्टो सवैको सम्पति एंव पुँजिको अभिलेखिकरण को व्यवस्था गरिनु पर्ने एंव हरेक प्रकारको वैधानिक आयको स्रोत खुल्ने प्रमाणित आधार उपलब्ध गराइने व्यवस्था गरिनुपर्दछ ।

(६) सम्पत्तिको अभिलेखिकरण वा वैकिङ् कारोवारबाट आएको नगद स्रोत अभिलेख जस्ता प्रश्न गरिने हुनु हुदैन

(७) बैक तथा वित्तिय संस्था र सहाकारी हरुमा रहेको सम्पत्ति हरु आर्थिक मन्दि कायम रहुन्जेल लिलाम बिक्रिमा रोक लगाइनु पर्दछ।

(८) आय कर ऐनको पुनर्लेखन गरिनु पर्दछ।

(९) सम्पत्ति शुद्दिकरण बिभाग र राजस्व अनुसन्धान बिभाग अर्थ मन्त्रालय अन्तरगत ल्याउनु पर्दछ। राजश्व प्रशासनमा सुधारको लागि राजस्व अनुसन्धान बिभाग खारेज गरिनु पर्दछ।

(१०) जग्गाको हदबन्दिको ब्यबस्थामा पुनराबलोकन गरिनु पर्दछ। working capital guideline – 2078 स्थगन गरिनु पर्दछ।

(११) नेपाल राष्ट्र बैक नियन्त्रकको रुपमा रहनु हुदैन। रेगुलेटरको रुपमा रहनु पर्दछ।

(१२) हाल ब्यबसायिक एबं ब्यक्तिगत PAN No. एकै ठाँउमा रहेकोमा अब देखि हरेक नागरिकलाई personal PAN No. उपलब्ध गराइनु पर्दछ।

(१३) जग्गाको मूल्यमा आउने उतारचढाउको कारणले बिकास निर्माणको काममा अबरोध निम्त्याइ रहेकाले जग्गाको मूल्य स्थिर रहने ब्यबस्था गरिनु पर्ने

(१४) खुला बजार नीति अवलम्वन गरिरहँदा सवै खाले आर्थिक समस्याको समाधान खुला बजार बाटै खोजिन पर्ने।

(१५) बितरणमुखि बजेटको प्रभावकारि रुपमा नियन्त्रण हुनु पर्ने

(१६) समाजबाद उन्मुख अर्थतत्रको बिकास र प्रबर्धनका लागि रोजगारि सृजना र आर्थिक नीति तथा योजना को बिकास गरिनु पर्ने।

(१७) आत्मनिर्भर अर्थतन्त्रको बिकास गरि समाजबाद उन्मुख अर्थतत्रको बिकास र प्रबर्धन गरिनु पर्ने

(१८) सरकारी भूक्तानिलाई बिना बिलम्व झन्झटरहित किसिमले भूक्तानि गरिनु पर्ने

(१९) Economic Diplomacy लाई प्रभावकारी रूपमा परिचालान गरिनु पर्दछ।

(२०) आयात प्रतिस्थापनका लागि स्वदेशी उत्पादनलाई तीव्रता दिई आन्तरिक व्यापार प्रवर्द्धन गर्नु पदर्छ ।

(२१) Indian currency को नेपालमा ल्याउन पाउने हालको २५ हजार को सिमालाई ५ हजार डलर बराबर पुऱ्याउँनु पर्दछ।

नीतिगत स्थिरताः

(१) आर्थिक तथा व्यवसायिक वातावरण एवं लगानी अभिवृद्धिका लागि सरकारले ल्याएको अध्यादेशको सकारात्मक र दुरगामी महत्वको रहेको छ । सार्वजनिक सेवा सुधार गर्दै व्यवसायिक वातावरण र लगानी अभिवृद्धिका लागि कानूनमा संशोधन गर्न सरकारले ल्याएको अध्यादेश सकारकात्मक देखिन्छ।

(२) सार्वजनिक सेवा सुधार गर्दै व्यवसायिक वातावरण र लगानी अभिवृद्धिका लागि कानूनमा संशोधन गर्न सरकारले ल्याएको अध्यादेश सकारकात्मक भएता पनि यसको कार्यन्वनको पक्ष बढि महत्वपुर्ण रहेकाले सो का तत्कालै नियमावली तयार गरि कार्य सरलिकरण गरिनु आवश्यक रहेको छ।

(३) आर्थिक समृद्धिको सरकारी लक्ष्य र निजी क्षेत्रको सकृयता थप बढाउन नेपाल सरकारका आर्थिक नीतिहरुलाई समयानुकूल थप परिमार्जन गरि न्यूनतम १० वर्ष रहने गरि वा टिक्ने गरी नीतिगत स्थिरताको प्रत्याभूति गरिनु पर्दछ ।

(४) संसदमा प्रस्तुत हुने जुन सुकै आर्थिक विधेयकहरुलाई सम्बन्धित संसदीय समितिहरुमा छलफल गर्दा अनिवार्य रुपमा निजि क्षेत्रका प्रतिनिधिहरुलाई समेत राखेर विधेयकहरुमा राय सुझावहरु लिने ब्यवस्था गरिनु पर्दछ ।

(५) कम्तीमा ६० प्रतिशत कर्जा उत्पादनसिल क्षेत्रमा प्रवाह हुने नीति लिने र सूचना प्रविधि, वैकल्पिक नवीकरण उर्जा विकास, बनस्रोतमा आधारित उद्योगका क्षेत्रमा वित्तीय क्षेत्रवाट कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने ।

(६) भूतप्रभावी कर नीतिहरु को खारेजी एंव आयकर ऐनको प्रावधान सरलिकरणको लागि पुन लेखनको व्यवस्था गरिनु पर्दछ । कर विवादका कारण भोग्नु परेका समस्याहरु र मर्काका सम्बन्धमा आएका र आउन सक्ने गुनासा हरुको उपयुक्त सुनुवाइको सन्दर्भमा यथाशिघ्र कर फस्यौंट आयोग (Tax settlement commission) गठन गरिनु गरिनु पर्दछ ।

(७) बैक तथा वित्तिय संस्थाको आपसी समझदारी बाट कर्जाको पुनर्तालिकिकरण working capital आबस्यकता आदि तय हुनु पर्दछ।

(८) उत्पादनशिल र उपभोग कर्जामा लगाइने व्याजदर कम्तीमा एक प्रतिशत विन्दुले कम गरिनु पर्दछ । उत्पादनशील लगानीका क्षेत्रहरु विविधीकरण गर्न प्रभावकारी बजार अनुसन्धान तथा सूचना प्रणालीको विकास र बिस्तार गरि कुनै एक क्षेत्रमा मात्र लगानी केन्द्रित हुन नदिन व्यवस्था गरिनु पर्दछ।

(९) २०५५ साल देखि कार्यान्वयनमा रहेको मूल्य अभिबृद्दी कर लाई थप प्रभावकारि बनाउन र मूल्य अभिबृद्दी करमा बहुदर प्रणाली लागू गर्न सम्वन्धित बिशेषज्ञ सहितको आयोग गठन गरि यसको समग्र पक्ष को अध्ययन विश्लेषण गरिनु पर्दछ।

(१०) लगानीका नयाँ अवसर सिर्जना गर्न आवश्यक आधारभूत व्यापारिक पूर्वाधार निर्माणमा सार्वजनिक लगानी र निर्माण क्षमता वढाउने ।

संस्थागत संरचनाको ब्यबस्था

(१) बजारलाई मार्ग निर्देशन गरि उत्पादनशिल क्षेत्रमा लगानी र कर्जा प्रवाह बढाउन र व्याजदरमा उचित सहुलियत प्रदान गर्ने विषयहरुमा आधारित भएर सुधारका प्रस्तावहरु अगाडि बढाइनु पर्दछ।

(२) नेपल सरकारका सम्बन्धित मन्त्रालयहरुले कृषि, पर्यटन, सूचना प्रविधि तथा उत्पादनशिल उद्योगका बारेमा सो सम्बन्धी बजारवाट सूचना संकलन गर्ने, संग्रह गर्ने, विश्लेषण गर्ने, अनुसन्धान गर्ने र नियमित सूचना सम्प्रेषण गर्ने क्षमता को विकास गरिनु पर्दछ।

(३) विश्वविद्यालय हरुका अनुसन्धानमा संलग्न संस्था हरुले बजार अनुसन्धान र विश्लेषणका लागि क्षमता अभिवृद्दी गर्ने र सो कार्यका लागि सरकारी वित्तीय अनुदान प्रदान गर्ने ।

(४) बजारवाट माग र आपुर्तिको तथ्याङ्क संकलन गरी सो को विश्लेषण पश्चात आपुर्ति क्षमता अत्याधिक भएका उद्योगहरुमा बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी निरुत्साहित गर्ने संस्थागत क्षमताको विकास गरिनु पर्दछ।

(५) उत्पादनशिल उद्योग र ठूला व्यावसायिक पूर्वाधार आयोजनालाई दिर्घकालीन ऋण उपकरण जारी गर्न सहज हुने कानूनी प्रबन्ध गर्ने र यस्ता ऋण पत्रको प्रत्याभूति (अन्डरराइटिगं) गर्ने संस्थाहरुको विकास गर्ने ।

कृषि विकासलाई प्राथमिकता

(१) कृषिजन्य वस्तुहरुको उत्पादन, बजारीकरण एंव व्यवसायीकरणका लागि लगानी आर्कषण एंव नीतिगत सुधारको पहल गरिनुपर्दछ ।

(२) कृषिमा आवश्यक उन्नत विऊ, विजन, मलखाद आदीको आपुर्तिका लागि सहजिकरण गरिनु पर्दछ ।

(३) कृषिको क्षेत्रमा विपदजन्य घट्नाको न्यूनिकरण तथा राहतका लागि कृषक सामाजिक सुरक्षा कार्यक्रमको पहल गरिनुपर्दछ ।

(४) कृषिको आधुनिकिकरण एंव यान्त्रीकरणका लागि पहल गरिनुपर्दछ ।

(५) वाँझो जमिन सदुपयोग नीति अन्तर्गत भूमि वैंकको अवधारणालाई अगाडी ल्याउनु पर्दछ ।

(६) कृषिमा अनुदान एंव सहुलियत कर्जाको सीमा र अवधिका लागि सहजिकरण गरिनु पर्दछ ।

(७) कृषिजन्य निर्माण सामाग्री आयात गर्दा भन्सार अन्तशुल्क छुटका लागि पहल गरिनु पर्दछ ।

राजश्व तर्फ

(१) हाल विद्यमान भन्सारका दरहरु ३० प्रतिशतलाई २० प्रतिशतमा, २० प्रतिशतलाई १५ प्रतिशतमा, १५ प्रतिशतलाई १० प्रतिशतमा, १० प्रतिशतलाई ५ प्रतिशतमा कायम गरिनु पर्दछ। ४० प्रतिशतको भन्सार दरलाई खारेज गरिनुपर्दछ ।

(२) भन्सारमा कारोवार मूल्यलाई मान्यता दिई सन्दर्भ मूल्यलाई खारेज गरिनुपर्दछ ।

(३) विलासिताका वस्तु र आवश्यकताको वस्तुमा एकै प्रकारको दर सामाजिक न्यायको दृष्टिकोणले पनि उचित नभएकाले फरक दर कायम गरिनुपर्दछ ।

(४) मूल्य अभिवृद्धि करमा वहुदर प्रणाली लागु गरि उपभोक्ता लाई सुलभ मूल्यमा सामान उपलब्ध हुने वातावरण वनाईनु पर्दछ ।

(५) बिल विजक खरिद कर्तालाई बिलको १० प्रतिशत तुरुन्त फिर्ता गर्ने व्यवस्था डिजिटल माध्याम मार्फत फिर्ता गरिनुपर्दछ । सो व्यवस्थाले खरिद कर्ताहरु बील विजक लिन उत्साहित हुने छन् ।

(६) उत्पादन मूलक उद्योगमा लाग्दै आएको करलाई क्रमश घटाउने निति अगिंकार गरिनु पर्दछ ।

(७) सूचना प्रविधिजन्य उद्योग एंव व्यवसायमा लाग्दै आएको करलाई १ प्रतिशतमा सिमित गरिनुपर्दछ ।

(८) आर्थिक कसुरमा फौजदारी कसुर सरह जेल साजय नगरी आर्थिक जरिवाना गरिनु पर्दछ । कर प्रणाली सुधार उच्चस्तरीय सुझाव समितिको सुझाव कार्यन्वयनको सम्यन्त्र निर्माण गर्ने ।

(९) कर प्रणाली सुधार उच्चस्तरीय सुझाव समितिको सुझाव कार्यन्वयनको सम्यन्त्र निर्माण गर्ने। राजश्व सचिवको संयोजकत्वमा मन्त्रालय र विभागको प्रतिनिधित्व रहने गरी ५ सदस्यीय "कर प्रणाली सुधार सुझाव कार्यन्वयन इकाइ" गठन गर्ने ।

(१०) संघिय राजश्व वोर्डको गठन सम्बन्धी कानून तर्जुमा गर्ने ।

- प्रस्ताव गरिएको संघिय राजश्व वोर्ड सम्बन्धी विधेयकको अवधारणापत्र नेपाल सरकार, मन्त्री परिषदले स्वीकृत गर्ने ।
- प्रस्ताव गरिएको संघिय राजस्व बोर्ड सम्बन्धी विधेयक परिमार्जन गरी नेपाल सरकार, मन्त्री परिषदले पेश गर्ने ।
- सङ्घीय राजश्व वोर्ड सम्बन्धी विधेयक नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गर्ने ।
- प्रस्तावित विधेयक सङ्घीय संस्दमा दर्ता गर्ने ।
- प्रस्तावित विधेयक सङ्घीय संसद वाट स्वीकृत गर्ने ।

(११) राजश्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन कानून तर्जुमा गर्ने ।

- राजश्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विधेयकको संलग्न अनू। सुची अनुसारको अवधारणा पत्र नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने ।
- राजश्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विधेयकको तयार गरी नेपाल सरकार मन्त्रीपरिषमा पेश गर्ने ।
- राजश्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन नेपाल सरकार मन्त्रीपरिषदले स्वीकृत गर्ने ।
- राजश्व प्रशासन व्यवस्थापन, सञ्चालन तथा सुशासन विधेयक सङ्घीय संसदमा दर्ता गर्ने ।

(१२) सङ्घीय राजश्व वोर्डको संगठन संरचना तयार गर्ने ।

- संलग्न अनूसुची अनुसारको सङ्घीय राजश्व वोर्ड र अन्तर्गतका अवधारणा अनुसारको संगठन संरचनाको विस्तृतरुपमा संगठन सर्वेक्षण गर्ने ।
- सङ्घीय राजश्व वोर्ड र अन्तर्गतका अवधारणा अनुसारको संगठन संरचनाको संगठनात्मक संरचना नेपाल सरकार मन्त्री परिषदवाट स्वीकृत गर्ने ।

- सङ्घीय राजश्व वोर्ड र अन्तर्गतका अवधारणा अनुसारको संगठन संरचनाको पुनसंरचना हुने ।

(१३) सङ्घीय राजश्व वोर्डको संगठन संरचनाको लागि जनशक्ति व्यवस्थापन गर्ने ।

- संगठनात्मक व्यवस्थापनको स्वीकृत संगठन संरचना अनुसारको जनशक्ति आंकलन गरी भर्नाको लागि लोकसेवा सँग माग गर्ने ।
- लोकसेवाले सङ्घीय राजश्व वोर्ड र अन्तर्गत निकायको लागि विशेष माग भएको जनशक्तिको अग्राधिकार दिई भर्ना गर्ने ।

(१४) राजश्व सेवा/समूहका सदस्यहरुको मनोवल उच्च राख्न, वृतिविकासका पर्याप्त अवसरहरु सृजना गर्ने ।

- कार्य सम्पादन प्रोत्साहन प्रणाली कार्यान्वयन गर्ने ।
- राजश्व बोर्डलाई राजश्व सेवा/समूहका कर्मचारीहरुको पारिश्रमिक र सुविधा निर्धारण गर्न सामान्य मापदण्ड अन्तर्गत रही स्वायत्तता प्रदान गर्ने ।
- नियुक्ति कार्यप्रारम्भ दीर्घकालीन सेवा प्रवेश तालीम, सेवाकालीन व्यवसायिक तालिम, वढुवा, सेवाको सुरक्षा, सुनिश्चतता र सम्मान, सेवा अवधि, सरुवा र पदस्थापनाको अनुमानयोग्य निश्चितता,, वजारवाट सोझै सेवामा प्रवेश गराउन सकिने छड्के सहितको नियुक्ति प्रक्रिया तथा करार (दीर्घकालीन वा अल्पकालीन) मा विज्ञहरुको सेवा लिन सहिने लगायतका कानूनी प्रबन्धहरु गर्ने ।

(१५) सङ्घीय संसदमा विचाराधिन रहेको भन्सार विद्येयकको स्वीकृतिको लागि पहल गर्ने ।

(१६) भन्सार महसुल सम्बन्धी कानूनको गर्जुमा गर्ने ।

- भन्सार महसुल सम्बन्धी विद्येयक तर्जुमा गरी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृतको लागि पेश गर्ने ।
- भन्सार महसुल सम्बन्धी विद्येयक नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने ।
- भन्सार महसुल सम्बन्धी विद्येयक सङ्घीय संसदमा दर्ता गर्ने ।
- भन्सार महसुल सम्बन्धी विद्येयक सङ्घीय संसदवाट स्वीकृत गर्ने ।

(१७) सङ्घीय राजश्व नीति तर्जुमा गर्ने ।

- प्रतिवेदनमा प्रस्तावित नेपालको दिर्घकालीन सोच सहितको अवधारणा पत्रको आधारमा सङ्घीय राजश्व नीतिको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रीपरिषदमा पेश गर्ने ।
- सङ्घीय राजश्व नीतिको मस्यौदा नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने ।

(१८) राष्ट्रिय राजश्व परिचालन १० वर्षे रणनीति तयार गर्ने ।

- राष्ट्रिय राजश्व परिचालन रणनीति मस्यौदा तयार गरी मन्त्रिपरिषदमा पेश गर्ने ।
- राष्ट्रिय राजश्व परिचालन रणनीति स्वीकृत गर्ने ।

(१९) मूल्य अभिवृद्धि कर कानूनलाई समय सापेक्ष वनाउने गरी संशोधित कानून तर्जुमा गर्ने ।

- मूल्य अभिवृद्धि कर कानूनलाई डिजिटल अर्थतन्त्र तथा हरित अर्थतन्त्रको कारणवबाट परेको करको आधारमा क्षयिकरण कम गर्न तथा कर छुटको अनुसुचि पुनरावलोकन गरी कर प्रणालीलाई सक्षम हुने गरी संशोधन गर्ने गरी कानून संशोधन प्रस्ताव तयार गर्ने ।
- मूल्य अभिवृद्धि कर कानूनको संशोधन प्रस्ताव तयार गरी स्वीकृतको लागि मन्त्रिपरिषदमा प्रस्ताव गर्ने ।
- मूल्य अभिवृद्धि कर कानूनको संशोधन प्रस्ताव मन्त्रिपरिषदवाट स्वीकृत गर्ने ।
- मूल्य अभिवृद्धि कर कानून संशोधन प्रस्ताव सङ्घीय संसदमा दर्ता गर्ने ।
- मूल्य अभिवृद्धि कर कानूनको विद्येयक सङ्घीय संसदवाट स्वीकृत गर्ने ।

(२०) केही नेपाल ऐन संशोधनका माध्यमवाट हाल सम्म सालवसाली आर्थिक ऐनवाट आयकर ऐन,२०५८अन्तशुल्क ऐन २०५८ भएका संशेधनको तत् तत् कानूनमा संशोधन गर्ने ।

- आर्थिक ऐनवाट आयकर ऐन २०५८ तथा अन्तशुल्क ऐन २०५८ भएका संशोधन भएका विषयको हकमा प्रचलित अभ्यास कराधारको संरक्षण तथा करको आधार फराकिलो वनाउने र सालवसालि कानूनवाट सारभूत परिवर्तन समेत गर्न नपाउने गरी एकिकृत कानून संशोधनको प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रीपरिषदमा पेश गर्ने ।
- आर्थिक ऐनवाट आयकर ऐन २०५८ तथा अन्तशुल्क ऐन २०५८ एकिकृत कानून संशोधनको विधेयक सङ्घीय संसदमा दर्ता गर्ने ।
- आर्थिक ऐनवाट आयकर ऐन २०५८ तथा अन्तशुल्क ऐन २०५८ एकिकृत कानून संशोधनको विधेयक सङ्घीय संसदवाट स्वीकृत गर्ने ।

(२१) गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी नीति र एकिकृत कानून तर्जुमा गर्ने ।

- गैरकरको क्षेत्रका लगानी नीतिमा रोयल्टी, व्याज र लाभांशका वारेमा स्पष्ट भएको छाता नीति तर्जुमा गर्ने ।
- गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी एकिकृत कानून तर्जुमा गर्नको लागि सैद्धान्तिक अवधारणा पत्र नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने ।
- गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद मा पेश गर्ने ।
- गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद वाट स्वीकृत गर्ने ।
- गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत गर्ने ।
- गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक सङ्घीय संसदमा दर्ता गर्ने ।
- गैरकर तथा सम्पती व्यवस्थापन सम्बन्धी एकिकृत कानूनको विधेयक सङ्घीय संसदवाट स्वीकृत गर्ने ।

(२२) वित्तीय सङ्घीयता कार्यान्वयनको समन्वय र सहकार्यको राष्ट्रिय रणनीति तयार गर्ने ।

- वित्तीय सङ्घीयता कार्यान्वयनको समन्वय र सहकार्यको राष्ट्रिय रणनीति को मस्यौदा तयार गर्ने ।
- वित्तीय सङ्घीयता कार्यान्वयनको समन्वय र सहकार्यको राष्ट्रिय रणनीति स्वीकृत गर्ने ।

(२३) अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरवलोकन गरी संशोधन गर्ने ।

- अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरवलोकन गरी संशोधन गर्ने विधेयकको मस्यौदा नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने ।
- अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरवलोकन गरी संशोधन गर्ने विधेयक नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गर्ने ।
- अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरवलोकन गरी संशोधन गर्ने विधेयक सङ्घीय संसदमा दर्ता गर्ने ।
- अन्तर सरकार वित्त व्यवस्थापन कानूनको पुनरवलोकन गरी संशोधन गर्ने विधेयक स्वीकृत गर्ने ।

(२४) प्रदेश र स्थानीय तहको लागि एकल कर प्रशासन सम्बन्धी नमूना कानूनको संहिता तयार गर्ने ।

(२५) कर प्रशासन तथा व्यवस्थापनको कुशलता र कर प्रणाली सहजिकरणको एकिकृत कर प्रणाली सहजीकरण निर्देशिका तयार गर्ने ।

- कर प्रशासन तथा व्यवस्थापनको कुशलता र कर प्रणाली सहजिकरणको एकिकृत कर प्रणाली सहजीकरण निर्देशिकाको मस्यौदा तयार गर्ने ।
- कर प्रशासन तथा व्यवस्थापनको कुशलता र कर प्रणाली सहजिकरणको एकिकृत कर प्रणाली सहजीकरण निर्देशिका स्वीकृत गर्ने ।

साविकका कर छुट दिने व्यवस्था पुनरावलोकन गर्ने ।

- प्रस्तावित सुझाव अनुसार आर्थिक ऐन र प्रचलित ऐन ले दिएका छुटहरुको प्रभाव अध्ययन गरी क्रमिक रुपमा कटौती गरी भन्सार महसुल को आधारमा विस्तार गर्ने ।
- आयकर ऐन,२०५८ दफा ११ अत्यावश्यक र जन कल्याणका विषय वाहेकका अन्य कर छुटका प्रवन्धहरुमा नीतिगत घोषणा भएकाछुटहरु सोही समय देखि र अन्यको हकमा कर छुट नहुने नीति लिई भविश्यदर्शी कानूनको संशोधन गर्ने ।
- मूल्य अभिवृद्धिकरको कर छुटको सूचिको पुनरावलोकन गरी क्रमशः कार्यान्वयन गर्ने ।
- आयोजना छुटलाई न्यून कर तथा भन्सारका दर कायम गरी कर खर्च प्रणाली वाट हुने गरी कानून संशोधन गर्ने ।
- प्राकृतिक विपत्ति, महामारी, कावु बाहिरको परिस्थिति सिर्जना तथा समष्टिगत आर्थिक संकटहरु देखिएको अवस्थामा मात्र सरकारले प्रयोगको मापदण्ड वनाएर आर्थिक ऐनबाट राजश्व छुट दिने व्यवस्था गर्ने ।
- साप्टाको प्रावधानहरु पुनरावलोकन गर्ने ।
- बैंक,वित्त तथा बीमाको ःभचनभच बलम ब्अत्रगष्कष्तष्यलक १८ दर्ष देखिको कर छुटको कानूनी व्यवस्था खारेज गर्ने ।
- मुख्य आर्थिक वृद्धिका सम्वाहक क्षेत्र ९ष्भथ न्चयधतज क्भअतयच० र हरित अर्थतन्त्रका विकासका क्षेत्रमा र व्यापक मात्रामा रोजगारी सिर्जना गर्ने व्यवसायमा सहुलियतपुर्ण करको दर, सीमा विहिन खर्चको नोक्सानी सार्न पाउने,ह्रास खर्चको लेखाङ्कन सोही वर्ष नै गर्न पाउने अनुसन्धान तथा प्रदुषण नियन्त्रणका सवै खर्च सवै साही वर्ष लेखाङ्कन गर्न दिने ।

१८। आयकर करका दरहरुको पुनसंरचना गरी घटाउदै जाने ।

- व्यक्तिगत आयकरको दरलाई १०,२० र २५ गर्ने र वार्षिक रु ४० लाख भन्दा वढी आय हुनेलाई अतिरिक्त २० प्रतिशतको सरचाज लगाउने ।
- प्राकृतिक व्यक्तिको रु।५० लाख भन्दा माथिको व्याज, लाभांश र दिर्घकालीन पुँजीगत लाभमा १० वर्ष सम्म १० प्रतिशत पुर्याउने ।
- धितोपत्र खरिद विक्रीमा भएको लाभको ३७५ दिन भन्दा बढीकोमा ७।५ प्रतिशत र ३६५ दिन वा सो भन्दा कम अवधिको हितको निर्सगमा १० प्रतिशतको आयकरको दर कायम गर्ने ।
- कर छुटको सिमा भन्दा वढी रोजगारी, व्यवसाय र लगानी आय हुने प्राकृतिक व्यक्तिलाई अनिवार्य रुपमा आय विवरण पेश गर्ने व्यवस्था कार्यान्वयन गर्ने ।
- रोजगारी व्यवसाय र लगानी आय हुने प्राकृतिक व्यक्तिलाई अनिवार्यरुपमा आय विवरण लिने र वार्षिक ४० लाख भन्दा वढी आय भएकालाई व्याज आय र लाभांशको आयलाई आय गणनामा आय रकम नै क्रेडिट दिने र अन्य आय हुनेलाई अन्तिम करको सवाल अनुसार कर गणना गर्ने प्रणाली लागु गर्ने ।

- घरजग्गा, शेयर र विभिन्न सम्पतिको खरिद विक्री गरिरहेकोले यस्तो सम्पतीको निसर्गबाट प्राप्त वार्षिक कारोबार अंक तथा कारोबारको पटक संख्याको सिमा तोकी त्यस्तो बिक्री, निसर्गबाट प्राप्त लाभलाई व्यवसायिक आय मान्ने व्यवस्था गर्ने ।
- संस्थागत आयकरको दर घटाउद जाने क्रममा करको दरलाई प्रत्येक वर्ष १ प्रतिशतले कम गरी हाल को २५ प्रतिशतबाट २० प्रतिशतमा ल्याउने ।
- संस्थागत करको यो दरलाई आगामी १० वर्षको लागि स्थिर राख्ने नीतिगत घोषणा गर्ने ।
- मदिरा तथा सुर्तिजन्य र वैंक वित्तिय संस्थाहरुलाई लागि रहेको ३०प्रतिशतको संस्थागत करको दरलाई यथावत राखिने ।
- निर्यात मूलक व्यापार तथा व्यवसायलाई आयकरको दर १० प्रतिशत गर्ने ।
- न्यूनतम वैकल्पीक कर कुल कारोवारको २ प्रतिशत कर लगाउने व्यवस्था गर्ने ।
- हाल लागेको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत आयको कर योग्य आयमा सुरुको १० वर्ष सम्म ३ प्रतिशतको दरवाट सामाजिक सुरक्षा योगदान कर लगाउने ।
- सामाजिक सुरक्षा योगदान करको दरलाई ५ प्रतिशत पुर्याउने ।

१९। आयकरको दायरा वृद्धि गर्ने ।
- न्यूनतम वैकल्पिक करको अवधारणा लागू गर्ने, छुट पाएका उद्योगको छुट अवधि सकिए पछी र वाँकी सवै करदातालाई कुल कारोबारको न्यूनतम २ प्रतिशतको कर लगाउने ।

२०। मूल्य अभिवृद्धिकरको दर तथा अन्यव्यवस्थामा सुधार ।
- मूल्य अभिवृद्धिकरको दर विश्व औसत मूल्य अभिवृद्धि करको दर भन्दा निकै कम भएता पनि आगामी ५ वर्ष सम्म स्थिर राख्ने ।
- मूल्य अभिवृद्धिकरको दरको सम्बन्धमा थप अध्ययन गर्ने ।
- कर छुटको अनूसुचीमा सुरुको वर्षको तुलनामा कर छुटको वस्तु र सेवा थप हुँदै गएकाले यो अनूसुचीमा पूनरावलोकन गर्ने ।

२१। भन्सार महसुल दरबन्दीलाई आन्तरिक उत्पादनको संरक्षण, अर्थतन्त्रको लागत कम गर्ने, राजश्व जोखिम कम हुने गरी अध्ययन तथा विश्लेषणका आधारमा पुनर्संचना गर्ने । विद्यमान ११ वटा भन्सार दरका तहहरुलाई बढीमा ६ तहमा सिमित गर्ने । यसरी सिमित गर्दा देहाय अनुसार दरबन्दी सुधार गर्ने ।
- उच्च दरको महसुलवाट हुने संरक्षणले घरेलु उद्योगको प्रतिस्पर्धी क्षमता घटाउने र उद्योगलाई निर्यात उन्मुख हुनवाट हतोत्साहित गर्ने भएकाले निश्चित तयारी वस्तुको उच्च भन्सार दर र कच्चा पदार्थको भन्सार दर बीचको अन्तरलाई साँघुरो वनाउदै लैजाने ।
- उद्योगले वस्तु उत्पादनको प्रयोग गर्ने कच्चा पदार्थ, माध्यमिक वस्तु तथा प्याकेजिङ्ग सामग्री तथा तयारी वस्तु पैठारी गर्दा उत्पादनको तह अनुसार महसुल दर तोक्ने ।
- विश्व व्यापार संगठनको सदस्यता लिँदा गरिएको प्रतिवद्धताको सिमा भित्र दरबन्दी कायम गर्ने ।

२२। भन्सारका दरहरु कम गरी पारदर्शि बनाउने ।

भन्सारका दरहरु क्रमशः देहायका चरणहरुमा समायोजन गर्दे जानेः

- पहिलो चरणमा वढीमा ४० प्रतिशतमा दरबन्दी कायमा गर्ने र १ प्रतिशतलाई शुन्यमा झार्ने ।
- दोस्रो चरणमा स्ल्याबहरु ०,५,२०,२०,३० कायमा गर्ने ।
- तेस्रो चरणको ०,१० र २० स्ल्याबको दरबन्दी कायम गर्ने ।

- निकासी तर्फ राजश्वमा कुनै योगदान नभएका र निकासीमा प्रतिबन्धित वस्तुको भन्सार दर हटाउनु घटाउनु पर्ने।
- नेपालले उच्च निकासी गरिरहेको निकासी जन्य वस्तुहरु जस्तै चियाको पैठारीमा नेपालले लगाएको पैठारी महसुल दर र सन्दर्भ मूल्य सुचीको प्रयोगले निकारी मूलुकहरुले आफ्ना मालवस्तुको निकासीलाई प्रवद्र्धन गर्न नेपालको पैठारी अवरुद्ध गर्ने सम्भावना भएकोले पुनरावलोकन गर्ने ।
- विद्युतीय सवारी साधनको पैठारीको प्रयोग वाट समग्र अर्थतन्त्रमा प्राप्त हुने लाभ, अन्तराष्ट्रिय अभ्यास,छिमेकी मुलुकहरुले अवलम्बन गरेको नीतिको अध्ययन विश्लेषण गरी विद्युतिय सवारी साधन र गैर विद्युतीय सावरी साधनको दरमा रहेको अत्याधिक फरकलाई समायोजन गर्दे जाने र सवै सवारी साधनमा आधारभूत भन्सारको दर एउटै राखी कार्बन उत्सर्जन गर्ने सवारी साधनमा "हरित कर" थप लगाउने जस्ता विकल्पहरुमा अध्ययन गरी निस्कर्षमा पुग्ने ।

२३। अन्तशुल्क दरको समायोजन तथा पुनर्संचना

- स्वास्थ्य तथा वातावरणलाई हानि गर्ने । प्रकृतिजन्य वस्तुमा अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुहरुमा लागेको अन्तःशुल्क हटाउने ।
- र्निि्दष्ट दर बाट शुल्क लगाउन को सट्टामा ब्मखबयिचझ च्बतभ बाट दरहरु क्रमश कायम गर्दे जाने ।
- पैठारीमा लगाएको अन्तशुल्क समान घरेलु उत्पादनमा पनि अन्तःशुल्क लगाउने ।
- हरित करले समेटने वस्तुमा सोही कर लगाई अन्तः शुल्क लागिरहेको वस्तुहरु हटाउने ।

२४। हरित करको अवधारणाको विकास गर्ने ।

- कार्बन उत्सजन गर्ने वस्तुहरुमा हरित करको अवधारणा विकास गर्ने र हाल लागेको अन्तशुल्क यस वर्गमा सार्ने । डिजिटल अर्थतन्त्रमा करारोपण गर्ने ।
- नेपालीले कम्पनी तथा फर्मलाई आगामी दश वर्ष सम्मलाई निकासी सरहको आयकरका दर स्थिर राख्ने अन्तराष्ट्रिय भुक्तानी गेट-वे प्रणालीलाई सहज वनाउने । मोवाईल वालेट तथा फोन पेको अधिकतम सिमा वढाउने ।
- विदेशमा नेपालीहरुले विकास गरेका सफ्टवेयर आदिको खरिदमा प्राथमिकता दिने ।
- विद्युतीय माध्यमवाट सिधै वस्तु तथा सेवाको आपुर्ति गर्ने गैर बासिन्दालाई दर्ताको प्रबन्ध गर्ने ।
- अत्राष्ट्रिय भुक्तानी गेट-वे प्रणालीलाई सहज वनाउने ।
- मोबाईल वालेट तथा फोन पेको अधिकतमा सिमा वढाउने ।
- सूचना प्रविधिकोकामको लागि यस क्षेत्रका व्यवसायिक कम्पनी तथा व्यक्तिले विदेशि मुद्रा आर्जन गरेको रकम यो व्यवसायको लागि विदेशी मुद्राविदेशमा भुक्तानी गर्नु पर्ने भएमा निश्चित प्रतिशत विन सिफारिस सम्म निजको खाताबाट विदेशमा भुक्तानी गर्न दिने प्रबन्ध मिलाउने ।

२५। गैरकरका नीतिबाट करको आधार विस्तारर करका दरहरुको पुनर्संचना गर्ने ।

- सार्वजनिक लगानीको प्रतिफल र सम्पति व्यवस्थापनको प्रतिफल बजार सिद्धान्तको आधारमा राज्यले लिनुपर्ने ।
- सार्वजनिक-निजी साझेदारीका वा नीजि क्षेत्र मार्फत सञ्चालन हुने जलविद्युत आयोजनाहरुको सम्झौता हुँदा आयोजना फिर्ता हुन थाले पछी प्राप्त हुने राजश्व र लाभको मूल्यांकन गरी नगद प्रवाहलाई संचित कोषमा दाखिला गर्ने गरी नितीगत प्रवन्ध मिलाउने ।
- निजी क्षेत्र मार्फत सेवा प्रवाह, सञ्चालन तथा व्यवस्थापन गरि।ने तर सार्वजनिक सम्पतिको बोलकवोलको सूचनाको माध्यवाट इजाजतपत्र जारी गर्ने निती लागू गर्ने ।
- गैर करका दरहरुको आधार तय गर्दा लगानीको आर्थिक दक्षताको आधारमा तय गर्ने ।

- संस्थाहरको गर्नु पर्ने वैधानिक कोषको प्रबन्ध वाहेक वाँकी सवै रकम लाभांशको रुपमा संचित कोषमा दाखिला गर्ने ।
- सरकारले लगानी गर्ने संस्थाको लाभांश रोयल्टी व्याज सम्बन्धको लगानी र प्रतिफल प्राप्त गर्ने नीति र प्रतिफल दरको निर्धारण गर्ने ।
- नियामक निकायको वजेट विनियोजन मार्फत दिने वा न्यूनतम रकम सञ्चालन खर्च छुट्याई वाँकी रकम राजश्व खातामा दाखिला गराउने ।
- सरकारी कोषहरु सञ्चालन गर्ने निकायलाई सरकारको दिर्घकाली वण्ड वा विशेष आयोजनाको लगानी गर्ने गरी नीति लिई कार्यान्वयन गर्ने ।
- सार्वजनिक निजी साझेदारीका आयोजनाको अनुमति समाप्ती पछी हस्तान्तरण हुने आयोजनाको सञ्चालन तथा व्यवस्थापनको अवधारणा र लाभको वाँडफाँडको नीति र प्रणाली वनाउने ।
- हस्तान्तरण भए पछीका सार्वजनिक निजी साझेदारीका आयोजना सञ्चालन गर्ने कम्पनीमा निश्चित प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्ने व्यवस्था गर्ने ।

२६। करका प्रक्रियामा सरलीकरण र स्वचालित प्रणाली कार्यान्वयन गर्ने ।

- करका सवै काममा एकिकृत सूचना प्रविधिको उच्चतम उपयोग गरी कर संकलन वृद्धि गर्न र कर सहभागिता लागत घटाउने गरी कर प्रणाली सुधार गर्ने ।
- अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन भुक्तानी कार्डहरु, विद्युतिय माध्यम र चेकवाट भुक्तानीलाई प्रोत्साहीत गर्ने ।
- बैंकिङ कारोबारलाई प्रबद्धन गर्ने र बैंक खातामा स्थाई लेखा नम्बरमा आवद्ध गर्ने ।
- नेपालको कराधाराको क्षयीकरण रोक्न आन्तरिक राजश्व विभाग मा जनशक्ति सहितको विशिष्टकृत संरचना वनाउने ।
- आशिकुडा प्रणाली वाट मूल्यांकनको यर्थाथ डाटावेस निर्माण गर्दा कम जोखिम युक्त वस्तुको त्वचषा क्उभअषष्अवतष्यल ऋयमभ निर्माण गरी आशिकुडा प्रणालीको क्भभिअतष्खष्तथ ःयमगभि लार्य भन्सार मूल्यांकनको दृष्टिबाट समेत न्चभभल, थ्भिियध, द्यगिभ, च्भम ीबलभ मा प्रज्ञापत्र छनौट हुने गरी प्रणाली विकास गर्नु ।
- भन्सार जाँचपासलाई कागजविहिन, भौतिक सम्पर्क विहिन र अदृश्य कार्य सम्पादन स्तरमा रुपान्तरण गर्ने ।
- अर्थमन्त्रालय अन्तर्गत संचालित विभिन्न प्रणालीहरु विच क्लतभचयउभचबदष्तिथ को विकास गर्ने ।
- अन्तराष्ट्रिय तथा राष्ट्रिय अनुभवि संस्थावाट सूचना प्रणालीको ँगलअतष्यलब ि्र त्भअजलष्अब ि्बगमष्त गरी तदनुरुप प्रणालीलाई परिमार्जन गर्ने ।

२७। स्वैच्छिक कर परिपालनलाई प्रोत्साहित गर्ने ।

- भन्सार र आन्तरिक राजश्व विभागको स्वैच्छिक कर अनुपालनको फ्रेवर्क वनाउने ।
- कर अनुपालन कर जोखिम व्यवस्थापन ः त्वहउबथभचक क्लायक्कबतष्यल ःबलबनझभलत क्थकतझ(त्क्ष्:क् विकास गर्ने ।
- एकिकृत कर जोखिम व्यवस्थापन गर्ने ब्चतषष्अष्ब ि्क्लतभि्ष्नभलअभ(ब्क्ष् को प्रयोग गर्ने ।
- आच्तरिक राजश्व विभागको केन्द्रीय वीजक अनुगमन प्रणाली र भन्सारको आशिकुडा वल्डविच ब्एक्ष् मार्फत स्वचालित रुपमा पैठारी विवरण तथा करदाताका खरिद एंव बिक्री खाताका विवरणहरु आदान प्रदान गर्ने प्रणालीको विकास गर्ने ।

- कर परिक्षण एंव अनुसन्धानको माध्यमवाट राजश्व परिचालनमा सुधार गर्ने ँबअभभिकक ब्गमष्त पद्धतिलाइ कार्यान्वयनमा ल्याउने ।
- एकिकृत व्यवसायको दर्ता,खारेजी वा व्यवसायको समापन गर्ने गरी प्रणालीको विकास गर्ने ।
- मूल्य अभिवृद्धिकरको वस्तु वर्गीकरण अनुसारको विलिङ्ग प्रणालीमा सुधार गर्ने ।
- संगठितरुपमा भएका व्यापारीछली तथा अवैध व्यापारको नियन्त्रण कर अनुसन्धान गर्ने ।
- सुर्तीजन्य, मदिरा तथा वियर जस्तामा दुर-नियन्त्रण गर्न प्रविधिको प्रयोग गर्न गराउने ।
- निकासी हुने मालवस्तु पनि यथार्थ उत्पादन मूल्य प्रतिविम्बित हुने गरी घोषणा गराउने ।
- नक्कली विल विजकलाई नियन्त्रण गर्न भन्सार जाँचपासमा मूल्यांकन छल नियन्त्रण गर्ने गरी अलग कार्यविधि वनाइ नक्कली विल विजकलाई जालसाँजी र व्यापारीक छल अनुसार कारवाही गर्ने परिपाटी विकास गर्ने ।
- भन्सार कार्यालयलाई भन्सार क्षेत्रभित्रको चोरी पैठारी वा चोरी निकासी नियन्त्रणमा जिम्मेवारी वनाउने, सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट थप गरी सिमा सुरक्षाको साथै भन्सार क्षेत्र वाहिरवाट सिमामा हुने चारी निकासी वा चोरी पैठारी नियन्त्रणको लागि जिम्मेवार वनाउने, आन्तरिक परिवहनको अनुगमनमा राजश्व अनुसन्धान विभाग र उपभोक्ता तहको विक्रीको अनुगमनमा आन्तरिक राजश्व विभागलाई कानून जिम्ेवार वनाउने ।
- भन्सार नाकाभित्र र वाहिरवाट असुल हुन सक्ने सम्भाव्य राजश्व क्षतिको आंकलन गरी नियन्त्रणको नीति निर्माण गर्न विस्तृत अध्ययन गर्न ।

२८। कर विवादको स्थायी तथा न्यायिक निरुपण ।

- करदाता र सरकार दुवै को हित संरक्षण गर्न सक्ने असल अनतराष्ट्रिय अभ्यास समेतका आधारमा नेपालमा सवै प्रकारका कर विवादको स्थायी समाधान गर्ने गरी सङ्घीय राजश्व बोर्ड अन्तर्गत स्थायी संरचना तय गर्ने ।
- करदाताले कर विवाद उठान भएकै वखत कर विवादको समाधान गर्न चाहेमा विवादित कर रकम परै र व्याज तथा न्यूनतम शुल्क लिई कर विवादको समाधानको मौका करदातालाई दिने गरी स्थायी कानुनी प्रवन्ध गर्ने ।
- सङ्घीय राजव बोर्ड गठन नभए सम्म अन्तर विभागमा रहेका कर विवादका न्यायिक निरुपणका विषयमा सुधार गर्न विभाग र मूल्यांकन पुनरावलोकन समितिको निर्णय गर्ने समय ९० दिन भित्र गर्न अनिवार्य गर्ने ।
- राजस्व न्यायधिकरणलाई कानूनी तथा संस्थागत क्षमता सहित पुनसंरचना गर्न अध्ययन गरी कानून तर्जुमा र संगठन पुनसंरचनाको प्रस्ताव तयार गर्ने ।
- राजस्व न्यायधिकरणलाई कानूनी तथा संस्थागत क्षमता सहित पुनसंरचना गर्न अध्ययन गरी कानून तर्जुमा र संगठन पुनसंरचनाको प्रस्ताव मन्त्रिपरिषदवाट स्वीकृत गर्ने ।
- राजश्व न्यायधिकरण सम्बन्धी कानून को विद्येयक सङ्घीय सांसदमा दर्ता गराउने ।
- सर्वोच्च अदालतमा राजश्व सम्बन्धी विशिष्टकृत ईजलासको व्यवस्थाको लागि अनुरोध गर्ने ।
- करदाताले माग गरेका कर तथा भन्सारका करका प्रक्रिया करका दर तथा वस्तु वर्गीरणका विषयका पूर्वदिशहरु एक महिनम भित्र जारी गर्नु पर्ने व्यवस्थाको कार्यान्वयन गर्ने ।

२९। वजेट प्रणालीमा सुधार गर्ने ।

९क) बजेट प्रणालीमा सुधार गर्न देहायका कार्यहरु गर्नेः

९ख) बजेटको विश्सनियता मा वृद्धि गर्ने ।

९ग) शून्यमा आधारित वजेट प्रणाली अबलम्बन गर्ने ।

९घ) वजेट क्यालेण्डरको पालना गर्ने ।

९ङ) आयोजना, कार्यक्रमको पुनः प्राथमिकीकरण गर्ने ।

९च) जग्गाको मुआब्जाको व्यवस्थामा पुनरावलोकन गर्ने ।

९छ) पूर्व तयारी पूरा भएका आयोजनामा मात्र विनियोजन गर्ने ।

९ज) सरकारी सम्पतीको लेखांकन, संरक्षण र उपयोग गर्ने ।

९झ) भैपरी शिर्षकमा विनीयोजन न्यून गर्ने ।

९ञ) वजेट सिमा हेरफेर हुँदा सम्बन्धित निकायलाई नै परिमार्जित गर्न दिने ।

९ट) बजेट प्रणालीमा पनि निरन्तर अध्ययन र सुधार

३०। सार्वजनिक खर्च प्रणालीमा सुधार गर्न चालु खर्चलाई नियन्त्रण गर्दै यसको सिमा कुल खर्चमा अधिकतम ६० प्रतिशतमा, पुँजीगत खर्च २५ प्रतिशतमा र वित्तिय व्यवस्था खर्च १५ प्रतिशतमा राख्ने ।

३१। अन्तर सरकारी वित्त व्यवस्थापनको समन्य र सहजीकरण तथा वित्तिय प्रभाकारीताको अभिवृद्धि गर्ने ।

- अन्तरतह समन्वयकारी संस्थाहरुलाई क्रियाशिल वनाई नीतिगत सामञ्जस्यता कायम गर्ने ।
- प्रदेश तथा स्थानीय तहहरुको खर्च आवश्यकता र राजश्वको सम्भावना पहिचान गर्ने ।
- स्थानीय तहहरुको प्रतिएकाई लागत समेत विश्लेषण गरी स्रोत परिचालन तथा विनियोजन गरिनु पर्ने ।
- प्रदेश निजामती सुेवा तथा प्रदेशगत स्थानीय (निजामती) सेवाको गठन गर्न सङ्घीय निजामती सेवा ऐनको तर्जुमा तत्कालै गर्ने ।
- रोयल्टीका दरहरुको निर्धारण गर्ने कानूनहरुमा पुनःलेखन तथा परिमार्जन गर्ने ।
- विशेष अनुदान र समपुरक अनुदान वितरणको कार्य हाल राष्ट्रिय योजना आयोगवाट सम्पादन हुँदै आएकोमा सो कार्य अर्थमन्त्रालयले गर्ने ।
- प्रदेश र स्थानीय तहका कार्यक्रम आयोजना हस्तान्तरण गर्ने ।
- नेपालको राजश्व र खर्चको एकीकृत प्रतिवेदन प्रणाली व्यवस्थित गर्न ।

३२। विद्युतिय अर्थतन्त्रलाई प्रोत्साहित गर्ने ।

- विद्युतिय अर्थतन्त्रलाई प्रोत्साहित गर्न भौतिक पूर्वाधार विकास, न्यून करोपण सूचना प्रविधिसँग सम्बन्धित सामग्रीहरुको पैठारीमा भन्सार महसुल सहुलियत, विद्युतिय रुपमा भुक्तानी गर्ने ग्राहक, करदातालाई छुट तथा सहुलियत दिने लगायत सुझाव खण्डमा दिइएका सुधारहरु कार्यान्वयन गर्ने ।

३३। हरित करको सम्भावना विश्लेषण गरी कार्यान्वयन गर्ने ।

- कार्वन उत्सर्जन गर्ने उत्पादनमा विद्यमान विभिन्न करहरुलाई समुहकृत गरी हरित कर लगाउने अभ्यास गर्ने ।
- कार्वन उत्सर्जन गर्ने उत्पादनमा विद्यमान विभिन्न करहरुलाई समुहकृत गरी हरित कर लगाउने ।

३४। सामाजिक सुरक्षा व्यवस्थालाई दिगो वनाउने ।

- सामाजिक सुरक्षा व्यवस्थालाई दिगो वनाउन सक्षम परिवारको लागि योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था र असक्षमको लागि नगद हस्तान्तरण जस्तो सामाजिक सहायता कार्यक्रम लागू गर्दै जाने ।

अनुसूची ४

विभिन्न निकाय तथा व्यक्तिबाट प्राप्त उल्लेख्य सुझावहरू

क्र सं	सुझावको विषय
	मूलभूत आर्थिक नीति
१	नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने ध्येय राखेकोमा त्यसलाई कार्यान्वयनमा लैजान र हालसम्म अपनाइएका आर्थिक नीतिहरुहरुबाट लाभसंगै सिर्जना भएका जटिलताहरुलाई समेत सम्वोधन गर्न अब गरिने आर्थिक सुधार अर्थात नयां चरणको आर्थिक सुधारले विद्यमान उत्पादन र वितरण प्रणालीलाई पुनरसंरचना गर्न आवश्यक रहेको
	प्रशासनिक सुधार
१	व्युरोक्रसीमा रहेका न्यून क्षमताका कम्तिमा ३० प्रतिशत कर्मचारीहरुको छटनी गरी नयां रक्तप्रविष्टी गराउने । यसका लागि दरवन्दीभन्दा बढी रहेका, फाजिलमा रहेका र प्रदेश तथा स्थानीय तहमा जान नमानेका कर्मचारीलाई अवकाश दिने र २० वर्ष सेवा पुगेका विज्ञता बिनाका कर्माचारीहरुलाई ५ वर्षको पेन्सन रकम एकमुष्ट अग्रिम पाउने (थप पेन्सन वा सुविधा रकम होइन) गरी स्वेच्छिक अवकाशमा जान पाउने व्यवस्था गर्ने
२	मेरिट सिस्टम र "राइट म्यान इन राइट जब" को अवधारणा कडाईकासाथ लागू गर्न नयां मोडालिटी निर्माण गर्ने । प्राविधिक सेवा र अन्य क्षेत्रका बढीभन्दा बढी पदहरु आकर्षक तलव-सुविधा सहित करारमा पूर्तिगर्ने व्यवस्था लागू गर्ने । स्थायी पद घटाउंदै लैजाने
३	सरकारी कर्मचारीहरुको हकहित हेर्न निर्वाचन नहुने, सदस्यता वितरण नगर्ने प्रकारको एक विशेष सयन्त्र तीनै तहमा निर्माण गर्ने र सबै प्रकारका कर्मचारी युनियनहरु खारेज गर्ने । ट्रेड युनियनको वास्तविक मर्म अनुसारका युनियनहरु औद्योगिक-व्यावशायिक प्रतिष्ठानहरुमा मात्र कायम रहन दिने
	आयकर/सम्पत्ति कर
१	तीन करोड रुपैयासम्म कारोबारमा आधारित कर (टर्नओभर ट्याक्स) लगाई एक करोड रुपैयाँ सम्मलाई अहिले जस्तै, एक देखि दुई करोडलाई कारोबारको ०।७ प्रतिशत र दुई देखि तीन करोड रुपैयाँलाई ०।६ प्रतिशत गर्ने
२	सार्वजनिक सवारी साधनले यातायात व्यवस्था कार्यालयमा सवारी साधन दर्ता तथा नवीकरणका वखत तिरेको आयकर निजले आय विवरण दाखिला गरेको समयमा दावी गर्न पाउने व्यवस्था गर्ने ।
३	सङ्घीय सरकारको अधिकारक्षेत्र भित्र पर्ने कर सम्बन्धी विषयमा व्यवसायको शुरु दर्ताका वखत करदातालाई सूचना दिन तथा सङ्घीय र स्थानीय तहबीच समन्वय स्थापित गरी करको दायरा विस्तार गर्न प्रत्येक स्थानीय तहमा सङ्घीय राजस्व प्रशासनको एक जना कर्मचारी रहने गरी Focal Desk स्थापना गरी सञ्चालन गर्ने
४	पुख्यौंली सम्पत्ति हस्तान्तरण हुँदा भौगोलिक क्षेत्र अनुसार ०-३० प्रतिशत सम्म कर लगाउने
	मूल्य अभिवृद्धि कर
१	मू।अ।कर ऐन, २०५२ को अनुसूची-१ मा उल्लेखित करछुट बस्तु तथा सेवाको सूचीलाई एकीकृत भन्सार महशुल दरवन्दीमा व्यवस्था भएजस्तै HS Code Wise विशिष्टिकृत बनाउने र सरल तथा बुझ्ने भाषाको प्रयोग गरी सबैले बुझ्ने बनाउने

२	मू।अ।कर लाग्ने तथा करछुट हुने वस्तु तथा सेवामा वर्षेनी हुने थपघटले करदातामा अस्थिरता पैदा गर्ने तथा त्यसको नियमन तथा सञ्चालन गर्न समेत चुनौती थपिने देखिएकोले यसमा नीतिगत स्थिरता कायम गर्नुपर्ने
३	मू।अ।करको विद्यमान दर (Rate) मा पुनरावलोकन गरी दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तुमा ५ प्रतिशत देखि सुरु गरी विलाशिताका वस्तुमा २० प्रतिशतसम्म हुने गरी बहुदरमा मू।अ।कर संकलन गर्ने व्यवस्था गर्ने
४	मू।अ।करमा अनिवार्य दर्ता हुनुपर्ने विद्यमान कारोवार रकममा पुनरावलोकन गरी बस्तुको हकमा कारोवार रकम रु। १ करोड, सेवा वा सेवा र वस्तु मिश्रित कारोवारको हकमा रु। ५० लाख भन्दा बढि कारोवार भएमा मात्र मू।अ।करमा दर्ता हुनुपर्ने व्यवस्था गर्ने र मू।अ।करमा दर्ता भएका सबै करदातालाई अनिवार्य रुपमा Online Billing System मा आवद्ध गराउने
५	आयकर, मू।अ।कर तथा अन्तशुल्क मध्ये कुनै पनि विवरणमा Non-filer देखिएको करदातालाई आयात/ निर्यात (ASYCUDA World) तथा Vehicle and consignment tracking system (VCTS) प्रणालीमा पहुँच नदिने गरि एकीकृत प्रणालीको विकास गर्ने
६	आन्तरिक राजस्व कार्यालयमा कार्यरत अधिकृतस्तरको कर्मचारीले करदाताले एकीकृत कर प्रणालीमा प्रविष्टि गरेको खरीद बिक्री खाता हेर्न तथा राजस्व अनुसन्धान विभागको VCTS Data हेर्न सक्ने गरी प्रणालीको विकास गर्ने
	अन्तःशुल्क
१	घरेलु मदिरालाई कानुनी मान्यता प्रदान गरी मदिरातर्फको अन्तःशुल्कको नियमन तथा संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई निक्षेपण गर्ने
२	स्वयम् निष्कासन प्रणाली अन्तर्गत अन्तःशुल्कमा दर्ता भएका उद्योगले आफूले मासिक रूपमा एकीकृत कर प्रणालीमा पेश गरेको अन्तःशुल्कको मासिक विवरण करदाता स्वयमले Verify गर्न सक्ने गरी प्रणालीको विकास गर्ने
	राजस्व प्रशासन
१	राजस्व प्रशासनको कार्यालय तहमा काम गर्ने कर्मचारीलाई Performance Based Incentive System को व्यवस्था गर्ने
	सुशासन
१	कर्मचारीतन्त्रको राजनीतिकरण, तदर्थवाद, संस्थागत क्षयीकरण नियन्त्रण नगरी र अर्थराजनीतिक परिवेश सुधार नगरी आर्थिक सुधार कार्यान्वयन हुन सक्दैन
२	सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीले सकेसम्म कार्यालय धाउनु नपर्ने गरी Faceless Bureaucracy र E-Governance मा प्रणालीको विकास गरी कार्यान्वयन गर्ने
३	जिल्ला समन्वय समितिलाई जिल्ला स्थित कार्यालयहरूले तय गर्ने कार्यक्रमको लक्ष तथा उपलब्धी सहितको प्रगति प्रतिवेदन अनिवार्य पेश गर्ने व्यवस्था गर्ने
४	जिल्ला समन्वय समिति खारेज गर्ने
५	समावेशीकरण पुनरावलोकन गर्ने
६	अहिले भई रहेका विभाग/ बोर्ड/ समितिलाई खारेज गरी विषयगत मन्त्रायमको शाखा महाशाखाको रुपमा राख्ने

७	राजनीतिज्ञ कर्मचारी व्यापारी लगायतको सम्पत्ति छानविन गर्न उच्च स्तरीय आयोग बनाई अवैध सम्पत्ति राज्यले नियन्त्रणमा लिने। व्यक्तिगत निजी सम्पत्तिको हद तोक्ने।
	वित्तीय सङ्घीयता
१	तीन तहका सरकारहरू बीच अस्पष्ट एवम दोहोरो कार्य क्षेत्राधिकार, अनावश्यक संस्था र संगठन हटाउनु पर्छ
२	संघ र स्थानीय सरकार राखेर प्रदेशलाई हटाउँदा वित्तीय सङ्घीयता प्रभावकारी हुन्छ
३	प्राकृतिक प्रकोप, आकस्मिक घटना बाहेक नियमित कामका लागि विशेष अनुदानको प्रयोग गरिनुहुँदैन
४	संघबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने रकम ट्रान्सफर गर्दा रकम खातामा निष्कृय नरहने गरी उपलव्ध गराउने व्यवस्था गर्ने । प्रदेश र स्थानीयतहको खातामा रहेको रकमबाट संघले सापटी लिन सक्ने व्यवस्था गर्ने
	सार्वजनिक खर्च
१	संविधानमा व्यवस्था गरिएको केही आयोगहरू निष्कृय रूपमा नाममा मात्र सीमित छन् । राजनीतिक व्यवस्थापन वाहेक कार्यगत उपलब्धि देखिँदैन । संविधानमा नै दश वर्षमा आयोगहरूको पुनरावलोकन गर्ने प्रावधान रहेकोले पुनरावलोकन गरी औचित्य पुष्टि नभएका आयोगहरू खारेज गरेमा राज्य कोषको व्ययभारमा केही कमी आउनेछ ।
२	सबै मन्त्रालय अन्तर्गत सञ्चालित परियोजनाको सूची तयार गरी असफल र कम प्रभावकारी परियोजनाहरू खारेज गर्ने
३	सरकारको चालू प्रकृतिको खर्च घटाउन जनशक्ति कम प्रयोग हुनेगरी AI लगायतका ICT को प्रयोग बढाउने सवारी साधन, इन्धन, सवारी चालक, कार्यालय सहयोगीको प्रयोगलाई व्यवस्थित र मितव्ययी बनाउने । स्टेशनरी, विद्युत्, पानी आदिको प्रयोगमा मितव्ययी हुने उपायहरूको अवलम्वन गर्ने
४	पुँजीगत खर्च क्षमता वृद्धिका लागि एकिकृत विकास कानून तर्जुमा गर्ने; जग्गाप्राप्ति, वन क्षेत्रको प्रयोग, निर्माण सामाग्रीको उपलव्धता र पर्याप्त बजेट व्यवस्थाको लागि समन्वय र सहजिकरण गर्ने, आयोजनाको अनुगमन र मूल्याङ्कन प्रणालीलाई नतिजामूलक बनाउने, आयोजना व्यवस्थापन प्रणालीमा उच्च प्रविधिको प्रयोग गर्ने, आयोजना प्रमुख छिटो-छिटो परिवर्तन अवस्थाको अन्त्य गर्ने, उपयुक्त दक्ष जनशक्तिको व्यवस्था गर्ने
५	वैदेशिक ऋणलाई पुर्वाधार विकास, उत्पादन र उद्योग क्षेत्रमा मात्र लगाउने
	सार्वजनिक संस्थान
१	स्टक एक्सचेजमा सूचीकृत सार्वजनिक संस्थानमा सर्वसाधारणको शेयर स्वामित्व क्रमशः बढाई सरकार उपस्थित हुनु आवश्यक छैन
	अधिक वैदेशिक मुद्रा सञ्चितिको उपयोग
१	वैदेशिक मुद्राको अधिक सञ्चितिको उपयोग बढी प्रतिफल दिने काममा लगाउने वा सार्वभौम ऋण तिर्ने काममा उपयोग गर्ने
	सामाजिक सुरक्षा
१	आवश्यकता भएका व्यक्तिलाई मात्र सामाजिक सुरक्षा भत्ता दिने
२	बीमा जस्ता वैकल्पिक उपायहरूको प्रयोग गरी सामाजिक सुरक्षा खर्चमा राजनीतिक अभिप्रायले खर्च बढाउन अंकुश लगाउनु पर्दछ

३	सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई एकीकृत गरी दोहोरो सुविधा लिने र आवश्यक नभएको वर्गले समेत पाउने व्यवस्था खारेज गर्ने; राज्यको ढुकुटीको क्षमता बढाएर सो अनुरुपमात्र हरेक दुई वर्षमा सामाजिक सुरक्षा सम्बन्धी सुविधामा वृद्धी हुने किटानी व्यवस्था गर्ने
	सहकारी
१	सहकारी संस्था र जिम्मेवार पदाधिकारी एवं व्यवस्थापकको सम्पत्ति बेच-बिखन गरेर बचतकर्ताको रकम फिर्ता गर्नु पर्छ। सन् २००८ मा विश्वव्यापी आर्थिक संकटको समयमा अमेरिकाले पछ्याएको नीतिलाई यदाकदा हवाला दिएर राज्य कोषबाट व्यहोर्ने प्रपञ्च हुनु हुँदैन
	कृषि
१	जलवायु परिवर्तनबाट कृषि उत्पादनमा पर्ने प्रभावलाई न्युनीकरण गर्न, प्रकोप रोकथाम तथा न्युनिकरण गर्न अनुसन्धान तथा विकास र कृषि पूर्वाधार विस्तारमा ध्यान दिनु पर्नेछ
२	कृषिमा उपलब्ध गराएको प्रत्यक्ष अनुदानको प्रतिफल अध्ययन गरी अनुदानलाई न्यूनतम तहमा झारेर अनुसन्धान, कृषि पूर्वाधार विकास, नव-प्रवर्तनका कार्यक्रममा स्रोत प्रवाहित गर्नुपर्छ । अनुदानजन्य विनियोजनको विकृतिले ग्रस्त वित्तीय प्रणालीलाई सुधार गरी परिणाममूलक कार्यक्रम तर्फ निर्दिष्ट गर्नुपर्छ
३	सामूहिक प्रणालीमा हिमाली क्षेत्रमा भेडाबाख्रा, च्याङ्ग्रा, चौंरी पालन तथा स्याउ, ओखर लगायतका फलफूल, जडीबुटी आदिका ठूला फार्म सञ्चालन गर्न सहयोग गर्ने । सरकार र स्थानीय घरपरिवारको सहकार्यमा मृग, कस्तूरी, बँदेल, स्थानीय जातका कालिज लगायतका वन्य पशुपंछीपालनका फार्महरू सञ्चालन गर्ने
४	हिमाली पाटनहरूमा यार्सागुम्वा लगायतका उच्च मूल्यका जडीबुटीको अनुसन्धान र व्यावसायिक खेतीको संभाव्यता अध्ययन र मोडालिटी तय गरी त्यस्ता जडीबुटीहरूको फार्म स्थापना गर्ने कार्य अघि बढाउने
५	औषधी प्रयोजनको लागि गाँजाको उत्पादन, प्रशोधन तथा प्रयोग सम्बन्धमा संभाव्यता अध्ययन गरी गाँजाको नियन्त्रित उत्पादन र प्रयोगलाई अनुमति दिने व्यवस्था गर्ने
६	प्रमुख कृषि वस्तुहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने क्यालेन्डर तयार गरी निर्धारित गरिएको मितिभित्र समर्थन मूल्य तोकिसक्ने व्यवस्था गर्ने । बजारमा कृषि उपजको मूल्य स्थिरीकरण गर्ने कार्यमा समेत सघाउ पुऱ्याउन कृषि उपजको खरिद, भण्डारण, गुणस्तर अनुगमन, ब्राण्डिङ तथा निर्यातको व्यवस्था गर्ने
७	मुलुकभित्र उत्पादित कृषि तथा वनजन्य कच्चा पदार्थ उपयोग गर्ने उद्योगहरूलाई पाँच वर्षसम्म कर छुट र पूर्वाधार निर्माणमा सहयोग गर्ने । सातै प्रदेशमा एग्रो-इण्डष्ट्रियल पार्क स्थापना गर्ने
८	कृषि वस्तुको खरिद तथा बजारीकरणमा एपको प्रयोग गरी कृषकहरुको फार्मबाटै कृषि उत्पादन संकलन तथा खरिद हुने व्यवस्था गर्ने
	बन स्रोतको उपयोग
१	वातावरण संरक्षणमा ध्यान दिँदै बन स्रोतको व्यावसायिक उपयोग गर्ने। प्राकृतिक स्रोतको प्रयोग बिना देश समृद्ध हुन नसक्ने भएकोले उपलब्ध जमिन, जंगल, पानी, नदिजन्य निर्माण सामाग्री तथा पहाडका ढुङ्गा-माटोको विवेकशील प्रयोग गर्ने
२	वन कानून सुधार गरी वन पैदावार प्रयोग तथा ओसारपसारमा सहजीकरण गर्ने/ विदेशी काठ आयत रोक्ने
३	निजी बनको व्यावसायिक उपयोग गर्ने प्रक्रिया सरलीकरण गर्ने। निजी बनलाई प्रोत्साहित गर्ने
	खानी तथा खनीज
१	नदिजन्य पदार्थ र ढुंगाको प्रयोगमा संकीर्ण सोच र राज्यलाई हानी हुने अभ्यास कायम रहेको
२	वातावरणलाई क्षति नहुने गरी नदिजन्य निर्माण सामाग्रीको उत्पादन, प्रशोधन, उपयोग र निर्यात गर्ने

३	प्रकृतिक स्रोत (वन ढुंगा गिट्टी प्रयोग उत्खनन) लाई सहजिकरण गर्ने/ अति वातावरण संवेदनशिल हुन भएन। स्रोतको सदुपयोग गर्ने।
	उर्जा विकास
१	ट्रान्समिसन लाइनले चर्चेको जमिनलाई छुट्टै कित्ता कायम गरी लाइनको दांया-वायां रहेको भूमि उत्पादन र बैंक धितोमा प्रयोग गर्न पाउने व्यवस्था गर्ने
२	ग्यास सिलिण्डर फिर्ता गर्ने घरपरिवारलाई विद्युतीय चुल्हो उपलव्ध गराउने कार्यक्रम सञ्चालन गर्ने
	उद्योग वाणिज्य
१	प्रतिस्पर्धी क्षमता नभएको, रुग्ण र बन्द भएको सरकारी उद्योग पुन सञ्चालन गर्ने पटक पटकको लोकरिझ्याईको नारा राज्यमाथि थप दायित्व पार्ने काम हो । यस्ता सरकारी उद्योगलाई जति सक्दो चाँडो चल सम्पत्ति वेचविखन गरेर दायित्व भुक्तान गर्ने र अचल सम्पत्ति सरकारको अधीन गर्नु पर्दछ
२	लघु तथा घरेलु उद्योग संञ्चालन गरी ६ महिना भीत्र स्थानीय तहमा जानकारी दिए पुग्ने व्यवस्था गरेमा तुलनात्मक लाभ प्राप्त यस क्षेत्रको प्रवध्दनमा सघाउ पुग्नेछ । स्थानीय तहले तथ्याङ्क प्रयोजनको लागि अभिलेख राखे पुग्दछ
३	अनुमति लिनु नपर्ने दर्तामात्र गरे पुग्ने वर्गका साना र मझौला ठूलो उद्योगको लागि उद्योगको विवरणको ढाँचा तयार गरि ढाँचा अनुसार विवरण लिएर नागरिकताको प्रमाणपत्रको आधारमा तीन दिन भित्र उद्योग दर्ता गर्ने र दर्ता गर्न नसकिने अवस्थामा कारण सहित निवेदकलाई जानकारी दिनुपर्ने व्यवस्था गर्नुपर्छ
४	निर्णय कार्यान्वयनको अधिकार सम्पन्न एकल विन्दु प्रणालीको व्यवस्था जरुरी छ
५	घर तथा आवास भवनलाई विदेशी लगानी आंशिक रूपमा पनि खुला गर्नुहुँदैन । घरजग्गा खरिद विक्री व्यवसाय नकारात्मक सूचीमा पहिले देखि रहँदै आएकोमा त्यसको बेवास्ता गरी पूर्वाधार उद्योग अन्तर्गत राखे पनि विदेशी लगानी खुला गर्नुहुँदैन
६	कृषि र वनजन्य कच्चा पदार्थको प्रशोधन र उपयोग गर्ने उद्योगहरूको विकास र विस्तारलाई प्रोत्साहन गर्ने। उद्योग खोल्न उपलब्ध भएसम्म सरकारले लिजमा जमिन उपलब्ध गराउने । तीनै तहको सरकार स्तरमा सार्वजनिक-निजी साझेदारीमा उद्योगहरूको स्थापना गर्ने, सञ्चालनको कार्य भने पूर्ण रूपमा निजी क्षेत्रले गर्ने व्यवस्था गर्ने
७	कृषिजन्य तथा वनजन्य प्रशोधित वस्तुहरूको निर्यात बढाउन विदेशमा रहेका नेपालीहरुको सहभागितामा सार्वजनिक-निजी साझेदारी मोडेल समेतमा निर्यात केन्द्र सञ्चालन गर्न प्रोत्साहन गर्ने
८	सार्वजनिक-निजी साझेदारीमा निर्यात केन्द्र स्थापना गर्ने । हाल कायम रहेको व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र खारेज गर्ने
९	व्यवसाय दर्ता प्रक्रिया सरलीकरण गर्ने
१०	विशेष आर्थिक क्षेत्रहरूमा लगानी तथा व्यापार सहजीकरणका लागि एकल विन्दु सेवा (One stop service) सञ्चालन गर्ने
११	नविन आर्थिक गतिविधि (जस्तै, राइडशेयरिंग, इ-कमर्स, आदि) लाई प्रोत्साहन गर्न नियमनका प्रबन्धहरू गर्ने
१२	व्यवसाय बन्द गर्ने र दामासाही टुंग्याउने प्रक्रिया सरलीकरण गर्ने
१३	बजार प्रवेशमा अवरोध सिर्जना गर्न वस्तुगत संगठनहरूले अनुमति दिने व्यवस्था अवैधानिक बनाउने।
१४	प्रतिस्पर्धा ऐनको पूर्ण कार्यान्वयन गर्ने
१५	स्टार्ट-अप व्यवसायलाई अनुकूल वातावरण निर्माण गर्न कम्पनी ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र बैंक तथा वित्तीय संस्था ऐन संशोधन गर्ने
१६	ग्रामीण क्षेत्रका स्टार्ट अपलाई वितीय कमी पुरा गर्न सरकारी-संलग्नतामा वीज-पुँजी कोष वा वित्तीय संयन्त्र खडा गर्ने

	तयारी पोसाक उद्योगको विकास
१	निर्यात प्रोत्साहन नगद अनुदान १० प्रतिशत बनाउने
२	प्रोत्साहन अनुदान भन्सार विन्दुबाट निकासी भएको प्रमाणको आधारमा ३५ दिनभित्र सिधा निर्यातकर्ताको बैंक खातामा नगद अनुदान जम्मा हुने व्यवस्था लागू गर्ने
३	कुल निर्यात रकमको ०।५ प्रतिशत रकम निर्यात प्रवर्द्धन, व्यापार मेला, तालिम, प्रविधि हस्तान्तरण, अनुसन्धान, इ-कमर्श आदिमा सरकारले लगानी गर्नु पर्ने
४	हुलाकको एक्सप्रेस मेल सर्विस सुधार गर्ने
५	ढुवानीमा लाग्ने गरेको २।५ प्रतिशत स्रोतमा आयकर कट्टी खारेज गर्नु पर्ने
६	निर्यात कर्जा बीमा (एक्सपोर्ट क्रेडिट इन्स्योरेन्स) लागू गर्ने
७	वनस्पति रेसामा आत्मनिर्भर हुने
८	निजामती, सेना, प्रहरी, विद्यालय, अस्पतालमा स्वदेशी पोशाक प्रवर्द्धन गर्नु पर्ने
९	निर्यात हुने वस्तु विमानस्थल वा सीमा नाकामा लैंजादा अवरोध गर्न नदिन "एक्सपोर्ट कार्गो एम्बुलेन्स" को व्यवस्था हुनुपर्ने
१०	तयारी पोसाकको अन्तर्राष्ट्रिय बजार सुनिश्चितता सहित वैदेशिक लगानी आकर्षण गर्ने
११	Pattern Mastering, Fashion Designing मा दक्ष विज्ञ तयार गर्न अलग्गै शिक्षालय स्थापना हुनु पर्ने
१२	अन्तर्राष्ट्रिय मान्यता प्राप्त गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्नु पर्ने
१३	TIFA/NTPP का ७७ वस्तुका अतिरिक्त तयारी पोसाकका थप वस्तु समावेश गर्ने
१४	तयारि पोसाक उद्योगको पृष्ठपोषण उद्योगहरू जस्तै धागो, कपडा, लेबल, ट्याग, टाँक, वासिंग, इम्बरोइडरी, प्याकेजिंग, कार्टून उद्योग प्रवर्द्धन हुने वातावरण बनाइदिने
१५	अल्लो, केरा, सिस्नु जस्ता वनस्पति रेसामा आधारित पोसाकको अन्तर्राष्ट्रिय ट्रेडमार्क दर्ता गरिदिनु पर्ने
१६	युरोपियन यूनियनको बजारमा सुविधायुक्त प्रवेशका लागी GSP+ को सुविधा लिने तयारी पुरा गर्ने
	पर्यटन क्षेत्र विकास
१	सांस्कृतिक पर्यटनको विकास गर्न पर्यटकीय गन्तव्यहरूमा नेपाली संस्कृति झल्कने घर निर्माण गरी रैथाने खाना सहित सेवा दिने
२	होटेलहरूले वस्तु तथा सेवा प्रदान गर्दै विदेशी मुद्रा आर्जन गर्ने भएकोले निर्यात उद्योगले पाए सरहको प्रोत्साहन पाउनु पर्ने
३	होटेल उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त उत्पादनमुलक उद्योगमा वर्गीकरण गरी सोही अनुरूप आयकरको दर कायम हुनुपर्ने
४	राष्ट्रिय निकुञ्ज तथा सम्भाव्य स्थलहरूमा होटेल सञ्चालनका लागि सरकारले जग्गा लिजमा उपलब्ध गराउने
	सूचना प्रविधि
१	सूचना प्रविधिको विकास र विस्तारका लागि Speed, capacity र smoothness मा अभिवृद्धी गर्न 5G र Broad Band अवलम्वन र विस्तार गर्ने । ठूला स्टोरेज क्षमता भएका प्लेटफर्महरु निर्माण र सञ्चालन गर्ने । साइबर सेक्युरिटी र डाटा सूरक्षाको सबल व्यवस्था गर्ने । सूचना-प्रविधि विषयका दक्ष जनशक्ती उत्पादन गर्ने अध्ययन, तालीम र व्यावहारिक ज्ञानको व्यवस्था गर्ने । सूचना-प्रविधी क्षेत्रमा काम गर्ने युवाहरुलाई विशेष सुविधा प्रदान गर्ने

स्वास्थ्य	
१	गुणस्तरिय स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गर्न बीमासँग आबद्ध गरी Universal Health Care System लागू गर्ने
२	विदेशी नागरिकहरूको लागि समेत उपयुक्त हुने गरी सुविधायुक्त र पूर्ण सुरक्षित Age care centre, Nursing home खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने
शिक्षा तथा मानव विकास	
१	शीप वृद्धि कार्यक्रम सञ्चालन गर्ने
वित्तीय क्षेत्र, पुँजी बजार	
१	शुरुमा एक वर्ष र त्यसपछि ६ महिनाको लकइन पिरियड रहने गरी गैरआवासीय नेपाली नागरिक र पेन्सन फण्ड लगायतका विदेशी संगठित संस्थाहरुलाई धितोपत्र बजारमा लगानी गर्न पाउने व्यवस्था गर्ने (कोरियाले शुरुमा अपनाएको मोडेल)। धितोपत्र बोर्डको स्तर वृद्धी गरी बोर्डमा राजस्वसचिव र डेपुटी गभर्नरले प्रतिनिधित्व गर्ने बनाउने । विज्ञ सदस्य थप्ने, निजि क्षेत्र र अन्य मन्त्रालय-निकायको प्रतिनिधित्व हटाउने।
२	कम्तीमा १० वटा Funds of Funds सिर्जना गरी २ वर्षमा निजी क्षेत्रको ४ खर्व पुँजी परिचालन गर्ने
३	नेपाल सरकारको पूर्ण/आंशिक स्वामित्वमा रहेको विशाल बजार कम्पनी, दूरसञ्चार कम्पनी, राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय वाणिज्य बैंक लगायतका अन्य विशिष्टीकृत कम्पनीहरुको पुँजी बजार मार्फत मौद्रिकीकरण गरी २ खर्ब रुपैयाँ जुटाउने । उक्त रकम शिक्षा, आइटी, पर्यटन जस्तो प्रतिफलको अधिक सम्भावना भएको क्षेत्रमा सरकारले लगानी गर्न उक्त रकम आरक्षित गर्ने
४	घर जग्गाको अमौद्रिकीकरणको श्रृङ्खला अरु १० वर्ष जारी रहने संभावना कायमै भएकोले बैंक तथा वित्तीय संस्थाहरूलाई धितोमा आधारित कर्जा प्रणालि भएको देशहरुमा उपयुक्त हुने नेपाल राष्ट्र बैंकको २० वर्ष अगाडिको वा भारतको केन्द्रीय बैंकको वर्तमानको कर्जा नोक्सानी सम्बन्धि व्यवस्था जस्तै तीन वर्ष भन्दा बढी अवधिले कर्जाले भाखा नाघेमा मात्र शतप्रतिशत कर्जा नोक्सानी व्यवस्थाको कार्यान्वयन गर्ने
५	पुँजी बजारको मर्म अनुसार सूचीकृत कम्पनीहरुले विभिन्न बन्ड, डिबेन्चर, कमर्सियल पेपर, सर्टिफिकेट अफ डिपोजिट जस्ता विविध प्रकृतीका अल्पकालीन तथा दीर्घकालिन वित्तीय उपकरणहरू जारी गर्ने व्यवस्थामा नीतिगत सहजीकरण गर्ने । सूचीकृत कम्पनीहरुले धितोपत्र बोर्डबाट नै स्वीकृति लिई वर्तमान विनियमावलीमा भएको प्राइभेट प्लेसमेन्टको प्रकृया बाटै परिवर्तनशील व्याजदरको वित्तीय उपकरणहरु समेत जारी गर्न सक्ने व्यवस्था लागू गर्ने र अन्य नियमनकारी निकायहरूबाट समेत स्वीकृति लिन पर्ने व्यवस्था हटाउने
६	वित्तीय पहुँच अन्तर्गत अझै कर्जामा पहुँच २० प्रतिशतमा सीमित रहेको अवस्था मध्येनजर गर्दै साना साना कर्जा लगानी गर्दाका शर्तहरुमा खुकुलो गर्ने र व्यक्तिगत लेनदेनमा अधिकतम कर्जाको सीमा ५ लाख तोक्ने र अनुचित लेनदेनको व्याजदरको अधिकतम सीमा १५ प्रतिशतसम्म गर्ने
वैदेशिक लगानी र विदेशमा लगानी	
१	शोधनान्तर बचत बढाउन र नेपालको सम्भावनाको क्षेत्रमा ढोका खोल्न वस्तु तथा सेवा निर्यात गरी पछिल्लो पाँच वर्ष देखि सञ्चालनमा रहेको र १ करोड डलर भन्दा बढी खुद वैदेशिक मुद्रा भित्र्याउने उद्योग वा व्यवसायलाई त्यसको २० प्रतिशत सम्म विदेशमा लगानी गर्न स्वीकृति दिने । नेपालको अत्याधिक संचित भएको शोधनान्तर बचतको आंशिक सदुपयोग गर्न उच्च नियमन हुने बैंक, वित्त, लघुबित्त र बीमा कम्पनीलाई विदेशमा शाखा वा सहायक कम्पनी खोल्न चुक्ता पुँजीको १० प्रतिशत सम्म विदेशी मुद्रामा लगानी गर्न स्वीकृति दिने व्यवस्था गर्ने
२	विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ खारेज गरेर नेपालीलाई विदेशमा लगानी गर्न खुला गर्ने

३	वैदेशिक लगानी निषेध गरिएका क्षेत्रहरू घटाउने, जस्तै दुग्ध प्रशोधनमा विदेशी लगानी खुला गर्ने
सार्वजनिक निजी साझेदारी	
१	पूर्वाधार निर्माणमा निजि क्षेत्रको सहभागिता तथा लगानी वृद्धि गर्न सार्वजनीक-निजि साझेदारीमा केहि पाइलट आयोजनाहरुको निर्माण कार्य अघि बढाउने । पूर्वाधार निर्माणमा निजि क्षेत्रलाई Viability Gap Fund सहज ढङ्गले उपलव्ध गराउने व्यवस्था गर्ने
विविध	
१	नेपाल-भारत तथा नेपाल-चीन सीमा क्षेत्रको आवत-जावतमा समान किसिमको व्यवस्था लागू गर्ने । सीमा क्षेत्र (Cross border) मा हुने हरेक मानिसको आवत-जावत र वस्तुको ओसार-पसारको अभिलेखिकरण हुनेगरी नियमनको व्यवस्था गर्ने । भिसा आवश्यक नपर्ने मानिसको सहज आवत-जावत हुने र अभिलेखीकरण पनि हुने व्यवस्थाको लागि कार्ड स्वाइपिङ (Card Swiping) गरी आवत-जावत गर्नसक्ने व्यवस्था गर्न कार्ड स्वाइपिङ टर्मिनलहरु जडान गर्ने
२	तथ्यमा आधारित नीति तथा योजना निर्माणलाई प्रभावकारी बनाउन एकिकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गर्ने । यस अन्तरगत हालको National Data Profile लाई परिमार्जन गर्नुका साथै बिभिन्न मन्त्रालय तथा निकायका तथ्याङ्क प्रणालीहरुलाई आवद्ध गरी एकद्वार प्रणाली लागू गर्ने
३	ढुँडेझारीमा औद्योगिक क्षेत्र स्थापना गरी सुदूरपश्चिम प्रदेशमा उत्पादन शुरु गर्ने